*तपाईंले बाइबल बुझ्न सक्नुहुन्छ !*

# प्यारो चेलाको जीवन वृतान्त र पत्रहरू : यूहन्नाको सुसमाचार, १, २ र ३ यूहन्ना


बब उट्ली

व्याख्यात्मक प्राध्यापक
बाइबलीय व्याख्या



जानकारीमूलक टिप्पणी श्रृङ्खलाहरू

नयाँ करार, भाग.४

अन्तर्राष्ट्रिय बाइबल पाठहरू, मार्शल, टेक्सास
२०११

# बिषय सूची


लेखकका केही शब्दहरू, कसरी यो टिप्पणीले तपाईंलाई मद्दत गर्छ ? ........ i
असल बाइबल अध्ययनको एउटा मार्गनिर्देशन, प्रमाणित गरिएको सत्यताको खोजी ........ iii
टिप्पणी,
यूहन्नाको परिचय ........ १
१ यूहन्ना ........ ७
२ यूहन्ना ........ ३३
३ यूहन्ना ........ ४४
४ यूहन्ना ........ ६१
५ यूहन्ना ........ ७७
६ यूहन्ना ........ ८८
७ यूहन्ना ........ ११०
८ यूहन्ना ........ १२१
९ यूहन्ना ........ १३४
१० यूहन्ना ........ १४२
११ यूहन्ना ........ १५०
१२ यूहन्ना ........ १६२
१३ यूहन्ना ........ १७५
१४ यूहन्ना ........ १८४
१५ यूहन्ना ........ २००
१६ यूहन्ना ........ २०८
१७ यूहन्ना ........ २१७
१८ यूहन्ना ........ २२७
१९ यूहन्ना ........ २३९
२० यूहन्ना ........ २५०
२१ यूहन्ना ........ २५९
१ यूहन्नाको परिचय ........ २६५
१ यूहन्ना १ ........ २६९
१ यूहन्ना २ ........ २७८
१ यूहन्ना ३ ........ २९२
१ यूहन्ना ४ ........ ३०९
१ यूहन्ना ५ ........ ३१७
२ यूहन्ना ........ ३३०
३ यूहन्ना ........ ३३७
परिशिष्ट १: ग्रीक व्याकरणीय संरचनाको छोटकरी परिभाषा ........ ३४४
परिशिष्ट २: पाठगत आलोचना ........ ३५१
परिशिष्ट ३: शब्दावली ........ ३५४
परिशिष्ट ४: सैद्धान्तिक भनाइ ........ ३६१

# यूहन्नाका लेखहरू
## विषय-सूचीका विशेष शिर्षकहरू


सुरुवात (Arch'!) , यूहन्ना १:१ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१०

परमप्रभुका दूत, यूहन्ना १:५ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .११

विश्वास, विश्वासी र भरोसा यूहन्ना १:७. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१२

येशूको साक्षी यूहन्ना १:८ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१३

जान्नु यूहन्ना १:१० . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१४

शरीर (sarx), यूहन्ना १:१४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१६

महिमा (doxa), यूहन्ना १:१४. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१६

प्रेमिलो दया (hesed), यूहन्ना १:१४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१७

विश्वासी, विश्वास, भरोसा र पुरानो करारको विश्वासयोग्यता यूहन्ना १:१४. . . . . . . . . . . . . . . . . . . . .१८

मोशाको व्यवस्थाको बारेमा पावलको विचार . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .२१

फरिसीहरू यूहन्ना १:२४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .२४

प्रेरितहरूको नाउँमा तयार गरिएको मानचित्र यूहन्ना १:४५ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .२९

नाजरी येशू, यूहन्ना १:४५ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .२९

आमेन, यूहन्ना १:५१ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३१

स्वर्गहरू, यूहन्ना १:५१ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३२

दाखमद्य र कडा पेय पदार्थ यूहन्ना २:३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३५

प्राचीन पूर्वको नजिक भएका तौल र परिणामहरू, यूहन्ना . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३७

निस्तार चाड, यूहन्ना २:१३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३९

यूहन्नाको "विश्वास" भन्ने शब्दको प्रयोग, यूहन्ना २:२३. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .४२

सभाघर, यूहन्ना ३:१ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .४५

परमेश्ववरको राज्य यूहन्ना ३:३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .४८

सास, हावा र आत्मा यूहन्ना ३:८ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .४९

परमेश्वरलाई वर्णन गर्न प्रयोग गरिने भाषा यूहन्ना ३:१६ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .५१

अगाडि नै तोकिदिने (काल्भिनवाद) को विरुद्धमा मानविय स्वतन्त्रता (अर्मेनियनवाद) यूहन्ना ३:१६ . . . .५३

छाप, यूहन्ना ३:३३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .५९

यूहन्ना, ४:४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .६३

पुरानो करारको अगमवाणी यूहन्ना ४:४९ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .६७

नयाँ करारको अगमवाणी, यूहन्ना ४:१९. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .६९

पिता, यूहन्ना ४:२३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .७१

यूहन्ना ४:२५ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .७२

परमेश्वरको चाहना, यूहन्ना ४:३४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .७३

चंगाइ, यूहन्ना ५:१४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८०

क्षमा गर्न नसकिने पाप, यूहन्ना ४:२१ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८२

पठाइनु (ApostellÇ), यूहन्ना ५:२४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८३

त्यो घडी, यूहन्ना ५:२५ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८३

सुरुको मण्डलीको घोषणा, यूहन्ना ५:३९ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .८६

येशूको समयमा प्रयोग गरिएको मुद्रा, यूहन्ना ६:७ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९१

संख्या १२, यूहन्ना ६:१३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९२

ईश्वरका नाउँहरू, यूहन्ना ६:२० . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९३

ख्रीष्टियन निश्चयता, यूहन्ना ६:३७ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .९८

सत्यता, यूहन्ना ६:५५ ............................................................................१०२
सधैंको निम्ति (‘olam), यूहन्ना ६:५८ ..........................................................१०३
स्वर्गारोहण, यूहन्ना ६:६२ ..........................................................................१०४
आत्मा -नयाँ करारको पवित्र आत्मा), यूहन्ना ६:६३ .............................................१०६
चेलाहरू, यूहन्ना ६:६४ ..............................................................................१०६
साहसीपन (Parrh‘*sia),* यूहन्ना ७:४ ..............................................................११२
शैतान, यूहन्ना ७:२० ..................................................................................११५
धैर्यताको खाँचो, यूहन्ना ८:३१ .......................................................................१२७
ज्ञानवाद, यूहन्ना ८:४० ...............................................................................१३०
मुक्तिको निम्ति ग्रीक क्रियापदको काल, यूहन्ना ९:७ ............................................१३६
पश्चात्ताप, यूहन्ना ९:२२-२३ ........................................................................१३८
विनाश (Apollumi), यूहन्ना १०:१० ..............................................................१४४
बाइबलको अभिषेक यूहन्ना ११:२ ...................................................................१५२
दु:खित हुने अवस्था, यूहन्ना ११:२० ................................................................१५४
बाइबलमा रहेकी स्त्री, यूहन्ना ११:२८ ..............................................................१५५
दफनको अभ्यास, यूहन्ना ११:४४ ...................................................................१५९
व्यक्तिगत दुष्टता, यूहन्ना १२:३१ ....................................................................१६९
स्वर्गको लडाइँ, यूहन्ना १२:३१ ......................................................................१७०
हृदय, यूहन्ना १२:४० ..................................................................................१७२
यूहन्नाको लेखमा आज्ञाकारीताको प्रयोग, यूहन्ना १२:५० .....................................१७४
पहिलो शताब्दीको यहूदीहरूको निस्तार चाडको क्रम, यूहन्ना १२:२ ...........................१७७
यहूदा इस्करियोत, यूहन्ना १३:२६ ..................................................................१८१
मरेकाहरू कहाँ छन् ? यूहन्ना १४:३ ...............................................................१८६
प्रभावशाली प्रार्थना, यूहन्ना १४:१३-१४ ..........................................................१९०
परमप्रभुको नाउँ, यूहन्ना १४:१३-१४ ..............................................................१९१
येशू र आत्मा, यूहन्ना १४:१६ ........................................................................१९२
संसार, यूहन्ना १४:१७ .................................................................................१९३
यूहन्ना १४:२० ...........................................................................................१९४
त्रिएक, यूहन्ना १४:२६ ................................................................................१९६
पवित्र आत्माको व्यक्तित्वपन, यूहन्ना १४:२६ ...................................................१९७
शान्ति, यूहन्ना १४:२७ .................................................................................१९७
आगो, यूहन्ना १५:६ ...................................................................................२०३
उज्यालो पार्नु, यूहन्ना १६:३३ ........................................................................२११
चुनाउ, यूहन्ना १७:२ ...................................................................................२१९
एउटामात्र ईश्वर मान्नुपर्ने यूहन्ना १७:३ ..........................................................२२०
यूहन्नाको लेखहरूमा ‘‘साँचो’’ भएको कुरा, यूहन्ना १७:३ ......................................२२०
पवित्रता, यूहन्ना १७:११ ...............................................................................२२३
चुनाउ वा अगाडि देखिने कुरा र ईश्वरशास्त्रीय संतुलनको खाँचो, यूहन्ना १८:२ ..............२३०
येशू नाजरी, यूहन्ना १८:५ ............................................................................२३१
कैयाफाको सुरक्षाकर्मी, यूहन्ना १८:२८ ............................................................२३५
पन्तियस पिलातस, यूहन्ना १८:२९ ..................................................................२३५
येशूलाई पछ्याउने स्त्री, यूहन्ना १९:२५ ............................................................२४५
दफनका मसलाहरू, यूहन्ना १९:३९ .................................................................२४८

येशूको पुनरुत्थानपछि देखा पर्नु भएको, यूहन्ना २०:१६. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५३
स्वरुप (Tupos), यूहन्ना २०:२५. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५६
यूहन्ना १ अध्यायलाई १ यूहन्ना १ सँग तुलना गरिएको, १ यूहन्ना १:१ . . . . . . . . . . . . . . . . . . . . . . २७१
संगति, १ यूहन्ना १:३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ..२७२
ख्रीष्टियन विश्वास सामूहिक भएको, १ यूहन्ना १:३. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २७३
यूहन्नाको लेखमा रहने कार्य, १ यूहन्ना २:१० . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २८२
जान्नु, १ यूहन्ना २:१३ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २८४
मानविय शासन, १ यूहन्ना २:१५ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .२८५
यो युग र आउने युग, १ यूहन्ना २:१७ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .......२८७
पवित्र चाहिँ, १ यूहन्ना २:२ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २८९
ख्रीष्टको फर्काइको निम्ति प्रयोग गरिएको परिवेश, १ यूहन्ना २:२८ . . . . . . . . . . . . . . . . . . . . . . . . . .२९४
धार्मिकता, १ यूहन्ना २:२९ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २९५
व्यक्तिको मुक्तिको निम्ति नयाँ करारको प्रमाण, १ यूहन्ना ३:१. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २९७
शुद्धिकरण, १ यूहन्ना ३:५ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३००
परमेश्वरको पुत्र, १ यूहन्ना ३:८. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३०१
प्रार्थना, असिमित, तरैपनि सिमित, १ यूहन्ना ३:२२ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३०६
के ख्रीष्टियनले एक-अर्कालाई न्याय गर्नुपर्छ ?, १ यूहन्ना ४:१ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३१०
"जाँच" गर्ने परिवेश, र तिनीहरूको भनाइ, १ यूहन्ना ४:१ ....... . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३११
बबको सुसमाचारीय पूर्वाग्रह, १ यूहन्ना ४:१५. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३१५
निश्चयता, १ यूहन्ना ५:१३. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३२१
अन्तरर्विन्तिको प्रार्थना . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ............३२३
मृत्युसम्म पुऱ्याउने पाप के हो? १ यूहन्ना ५:१६. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ३२६
एल्डर, २ यूहन्ना पद १. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३३२
मण्डली (एक्लेसिया), २ यूहन्ना पद ६. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .३४०

## लेखकका केही शब्दहरू
## कसरी यो टिप्पणीले तपाईंलाई मद्दत गर्न सक्छ ?

बाइबलीय व्याख्या सोच्न सक्ने र आत्मिक प्रक्रिया हो, जसले प्राचीन उत्प्रेरित लेखकलाई यस्तो प्रकारले बुझ्ने प्रयास गर्दछ, कि परमेश्वरको सन्देशलाई आजको दिनमा बुझ्न र लागु गर्न सकिएको होस् ।

आत्मिक प्रकृया अत्यावश्यक छ, तर यसलाई परिभाषित गर्न कठिन हुन्छ । त्यहाँ भोक लाग्ने कुरा हुनुपर्छ, १) उहाँको निम्ति २) उहाँलाई जान्नु, र ३) उहाँको सेवा गर्नु । यो प्रकृयामा प्रार्थना, पश्चात्ताप र जीवनको शैलीलाई परिवर्तन गर्ने चाहना हुनुपर्छ । आत्मा व्याख्यात्मक प्रकृयामा अत्यावश्यक हुन्छ, तर किन गंभिर, आत्मिक ख्रीष्टियनले बाइबललाई फरक तरिकाले यसको रहस्यमा बुझ्दछन् ?

अत्यावश्यक प्रकृयालाई वर्णन गर्न सहज हुन्छ । हामी त्यो पाठमा निरन्तर र स्पष्ट हुनुपर्छ, र त्यसमा हाम्रो व्यक्तिगत वा सम्प्रदायिक पक्षपातले प्रभाव पारेको हुनुहुँदैन । हामी सबैजना नै ऐतिहासिक रूपमा शर्तराख्ने व्यक्तिहरू हौं । यो टिप्पणीले हामीलाई हाम्रा पक्षपातपूर्ण व्यवहारमाथि तीनवटा व्याख्यात्मक सिद्धान्तको संरचनामा विजय पाएर अत्यावश्यक प्रकृयामा होसियारी अपनाउनुपर्ने कुरा गर्दछ ।

पहिलो सिद्धान्त

पहिलो सिद्धान्तमा ऐतिहासिक परिवेशलाई जान्नुपर्ने हुन्छ, जसमा बाइबलीय पुस्तक लेखिएको थियो, र यसको लेखकपनको निम्ति निश्चित ऐतिहासिक अवसर हुन्छ । स ुरुका लेखकसँग संचार गर्ने उद्देश्य र एउटा सन्देश थियो । यो पाठले हामीलाई केही चिज होइन भन्ने अर्थ दिन्छ, यसको आशय वास्तविक, प्राचीन र उत्प्रेरित भएका लेखक भन्ने कहिल्यै पनि हुँदैन । उहाँको चाहना ऐतिहासिक, भावनात्मक, साँस्कृतिक, व्यक्तिगत वा साम्प्रदायिक खाँचोमा मुख्य कुरा भन्ने होइन । लागु गर्ने कार्यमा व्याख्यालाई मुख्य सहयोगी भनिन्छ, तर उचित व्याख्याले सधैं लागु गर्ने कार्यमा डोऱ्याउँछ । हरेक बाइबलको पाठको एउटा र केवल एउटामात्र अर्थ हुन्छ भन्ने कुरालाई यसले दोहोऱ्यानुपर्ने हुन्छ । यसको अर्थ सुरुका लेखकले उनको समयमा आत्माको अगुवापनद्वारा संचार गर्न चाहना गरेको हुनुपर्छ यो एउटा अर्थको विविध संस्कार र अवस्थामा धेरै सम्भाव्य उपयोगीता हुन सक्छ । यी उपयोगीताहरू सुरुका लेखकको मुख्य सत्यतामा जोडिएको हुनुपर्छ । यसै कारणले गर्दा यो अध्ययनको निर्देशिकाको टिप्पणीले बाइबलका हरेक पुस्तकको परिचय दिनलाई योजना बनाएका हुन्छन् ।

दोस्रो सिद्धान्त

यो दोस्रो सिद्धान्तले साहित्यिक इकाईको चिनारी गर्दछ । हरेक बाइबलको पुस्तक एकिकृत गरिएको लिखित प्रमाण हो । अनुवादकर्ताहरूले अन्यलाई बाहेक गरेर एउटा पक्षको सत्यतालाई अलग गर्ने कुनै अधिकार छैन । त्यसैकारणले गर्दा, हामीले प्रत्येक साहित्यिक इकाईलाई व्याख्या गर्नुभन्दा अगाडि सम्पूर्ण बाइबलको पुस्तकको उद्देश्यलाई बुझ्ने कोसिस गर्नुपर्छ । कुनै भाग, खण्ड, अनुच्छेद वा पदहरूले सम्पूर्ण इकाइलाई अर्थ नदिने कुराले सानो इकाईको अर्थ दिन सक्दैन । त्यसैले व्याख्यालाई सम्पूर्ण विचारको घटाउने कामबाट भागहरूको विचारमा प्रवेश गराउनुपर्छ । त्यसैकारण, यो अध्ययनको निर्देशिकाको टिप्पणीले प्रत्येक साहित्यिक इकाईको अनुच्छेदमा संरचनालाई विष्लेषण गरेर योजना बनाएका हुन्छन् । अनुच्छेद र खण्डको विभाजन प्रेरणाबाट आएका हुँदैनन, तर तिनीहरूले हामीलाई विचारको इकाईलाई पहिचान गर्न मद्दत गर्दछन् ।

अनुच्छेद तहमा व्याख्या गर्दा वाक्य, उपवाक्य, वाक्यांश वा शब्दको तहमा हुने होइन, तर बाइबलका लेखकको चाहनाको अर्थलाई पछ्याउनु मुख्य हुन्छ । अनुच्छेदहरू एकतृत शिर्षकमा आधारित हुन्छन्, र कतिचोटी यसलाई विषय वा विषयगत वाक्य भनिन्छ । हरेक अनुच्छेदमा रहेका शब्द, वाक्य, उपवाक्य र वाक्यांशले जतिसक्दो यो एकतृत विषयलाई सम्बन्ध राख्ने गर्दछ । तिनीहरूले यसलाई सिमित गर्छन्, वृद्धि गर्छन्, व्याख्या गर्छन् र प्रश्न पनि गर्दछन् । उचित व्याख्याको वास्तविक कुरामा बाइबलका पुस्तकहरू बनाउने व्यक्तिगत साहित्यिक इकाइमा धेरै अनुच्छेद्वारा लेखकको स ुरुको विचारलाई पछ्याइन्छ । यो अध्ययन निर्देशिका टिप्पणीले आधुनिक अंग्रेजी अनुवादलाई तुलना गरेर विद्यार्थीहरूलाई त्यो कार्य गर्ने योजना गरिएको हुन्छ । यी तीनवटा अनुवादहरूलाई छानिएको छ, किनकि तिनीहरूले विविध अनुवादका सिद्धान्तहरूलाई लागु गर्दछन्:

१. संयुक्त बाइबल समाजको ग्रीकको पाठ परिमार्जित चौथो संस्करण हो ($UBS_4$)। यो पाठलाई आधुनिक पाठगत विद्वानहरूले अनुच्छेदमा ढालेका छन् ।
२. नयाँ याकूब राजाको संस्करण (NKJV) शब्द-शब्दको साहित्यिक अनुवाद हो, जसलाई टेक्सस रिसेप्टस भन्ने परम्परागत ग्रीक हस्तलेखनमा आधारित बनाइएको हुन्छ । यसको अनुच्छेदको विभाजन अन्य अनुवादको भन्दा लामा छन् । यी लामा इकाईहरूले विद्यार्थीलाई एकतृत शिर्षकको रूपमा हेर्नलाई मद्दत गर्दछन् ।
३. नयाँ स्तरिय संसोधित संस्करण (NRSV) संयुक्त बाइबल समाजद्वारा प्रकाशन गरिएको समानान्तर तहको विशिष्ट अनुवाद हो । यसले दुईवटा आधुनिक संस्करणहरूलाई पछ्याएर मध्य-विन्दु बनाएको हुन्छ । यसका अनुच्छेदका विभाजनहरू विषयलाई पत्ता लगाउन उपयोगी हुन्छन् ।
४. आजको अंग्रेजी संस्करण (TEV) संयुक्त बाइबल समाजको समानान्तर तहको विशिष्ट अनुवाद हो । यसले बाइबललाई यस्तो प्रकारले अनुवाद गर्ने प्रयास गर्दछ, कि आधुनिक अंग्रेजी पाठक वा वक्ताले ग्रीक पाठको अर्थलाई बुझ्न सक्दछन् । कतिचोटी सुसमाचारमा विशेषगरेर यसले वक्ताको विषयमा भन्दा पनि बरु अनुच्छेदलाई विभाजन गर्दछ, त्यसैप्रकारले नयाँ अन्तराष्ट्रिय संस्करणमा पनि हुँदछ । अनुवादकर्ताको उद्देश्यको निम्ति यो त्यती उपयोगी छैन । यो कुरा थाहापाउनु त्यति नै चाखलाग्दो हुन्छ, कि संयुक्त बाइबल समाज र आजको अंग्रेजी सस्करण दुवैलाई उही उही संकायले प्रकाशन गरेको छ, तरैपनि तिनीहरूका अनुच्छेदहरू फरक छन् ।
५. नयाँ यरुशलेमको बाइबल (NJB) फ्रान्सको क्याथोलिक अनुवादसँगको समानान्तरको अनुवादमा विशिष्ट छन् । यसलाई यूरोपको दृष्टिकोणबाट अनुच्छेदको तुलना गर्दा अति नै उपयोगी हुन्छ ।
६. सन् १९९५ मा आधुनिक बनाइएको अमेरिकन स्तरिय बाइबल (NASB), जुनचाहिँ शब्द-शब्दको अनुवाद हो । यो पद-पदको आलोचनाले यो अनुच्छेदलाई पछ्याउँछ ।

तेस्रो सिद्धान्त

तेस्रो सिद्धान्तमा विविध अनुवादका बाइबललाई पढ्नु हो, जसमा बाइबलको शब्द र वाक्यांशमा भएका अर्थहरूको संभाव्य तहलाई विस्तृत रूपमा लिन सकिन्छ। कतिचोटी ग्रीक शब्द वा वाक्यांशलाई विविध तरिकाले बुझ्न सकिन्छ। यी विविध अनुवादले यी विकल्पहरूलाई ल्याउँदछन्, र ग्रीकको हस्तलेखनको विविधतालाई पत्ता लगाएर बर्णन गर्न मद्दत गर्दछन्। यिनीहरूले सिद्धान्तलाई असर गर्दैनन्, तर प्राचीन लेखकले उत्प्रेरित भएर लेखेका यी सुरुका पाठहरूलाई पुन प्राप्त गर्न कोसिस गरेर हामीलाई मद्दत गर्दछन्।

यो टिप्पणीले उहाँको व्याख्यालाई जाँच गर्नको लागि विद्यार्थीलाई छिट्टो तरिका प्रदान गर्दछ। यो निश्चित हुने आशयमा हुँदैन, तर यो जानकारीमूलक र विचारलाई उत्तेजित पार्ने हुन्छ। कतिचोटी अन्य सम्भाव्य व्याख्याहरूले हामीलाई संकुचित, हठी र साम्प्रदायिकतामा ढाल्ने हुन्छ। अनुवादकर्ताले व्याख्याको विकल्पको वृहत तहमा यसलाई पहिचान गरेर कसरी प्राचीन पाठ महात्वाकाँक्षी भएको कुराको खाँचो पर्दछ। यो यति झस्काउने खालको छ, कि कसरी त्यहाँ ख्रीष्टियनहरूको बीचमा भएको सानो सहमतीले पनि बाइबललाई तिनीहरूको सत्यताको स्रोतको रूपमा दावी गर्न सक्छन्।

यी सिद्धान्तहरूले मलाई मेरो धेरैजसो ऐतिहासिक अवस्थामा पाठबाट विजय पाउनको लागि मद्दत गरेका छन्। मेरो यो आशा छ कि यसमा तपाईंलाई पनि आशिष् प्रदान गर्नेछ।

बब उट्ली
पूर्वी टेक्सास व्याप्टिष्ट विश्वविद्यालय
२७ जुन, १९९६

# असल बाइबल अध्ययनको एउटा निर्देशनः साँचो प्रमाणित गर्ने सत्यताको व्यक्तिगत खोजी

के हामीले सत्यतालाई जान्न सक्छौं ? के हामीले यसलाई तार्किक रूपमा प्रमाणित गर्न सक्छौं ? के त्यहाँ कुनै अन्तिम अधिकार छ ? के त्यहाँ जीवनको कुनै अर्थ छ ? के त्यहाँ कुनै यस्ता चिज छन्, जसले हाम्रो जीवन र हाम्रो संसारलाई निर्देशन दिन सक्छन् ? किन हामी यहाँ छौं ? हामी कता जादैंछौं ? यी सबै प्रश्नहरूले मानिसका तार्किक कुरालाई पूरा गर्दछन्, र समयको स ुरुवातदेखि नै मानिसको बुद्धीमानीमा बराबर रूपमा आइरहेका छन् ( उपदेशक १:१३-१८, ३:९-११) । मैले मेरो जीवनमा व्यक्तिको खोजलाई मिलाउने केन्द्रको रूपमा संझन सक्छु । म ख्रीष्टको विश्वासी सानै उमेरमा भएँ, र अरूहरूले मेरो जीवनमा सामान्यतया गवाहीको महत्वलाई आधार बनाए । जसै म पाको बन्दै गए, म आफै र यस संसारको बारेमा प्रश्न पनि बढ्दै गयो । सामान्य सांस्कृतिक र धार्मिक थोत्रोपनले मैले पढेको र सामना गरेको अनुभवमा कुनै अर्थ ल्याएन । यो अन्योलताको, खोजको, चाहनाको र म जीउने संसारको कडापनमा अचेतनशीलको अवस्थामा कतिचोटी आशारहितको भावना आउने गर्थ्यो ।

अन्तत धेरैले यी प्रश्नहरूको उत्तर दावी गरेका हुन्छन्, तर मैले गरेका अनुसन्धान र प्रकाशित चिजहरूले गर्दा तिनीहरूको उत्तर निम्न कुरामा आधारित हुन्छन्: १) व्यक्तिगत दर्शनहरू, २) प्राचीन कथाहरू, ३) व्यक्तिगत अनुभवहरू, वा ४) मानसिक अनुमान । मलाई केही तहको प्रमाणिकरण, केही प्रमाणहरू, केही कारणहरू, जसमा मेरो दृष्टिकोण आधारित हुन्छ, मेरो मिसावटको केन्द्र, र म जीउने कारण ।

मैले यी सबै चिजहरूलाई मेरो बाइबल अध्ययनको क्रममा पाएँ । मैले यसको विश्वासयोग्यपनामा प्रमाणको खोजीगर्न सुरु गरे, जसमा मैले यो कुरा पत्ता लगाएँ, कि १) बाइबललाई भूगर्भविद्ले निश्चित गरेअनुसारको ऐतिहासिक निर्भरता, २) पुराना करारको अगमवाणीहरूको निश्चियता, ३) बाइबलमा आएको १६ सय वर्षको सन्देशको एकता, ४) बाइबलको सम्पर्कमा आएर मानिसहरूको जीवन पूर्णरूपमा परिवर्तन भएका व्यक्तिहरूको गवाही । ख्रीष्टियन विश्वासको एकतृत व्यवस्थामा मानवीय जीवनका जटिल प्रश्नहरूमा सामना गर्ने क्षमता हुन्छ । यसले तार्किक ढाँचामात्र प्रदान गर्दैन, तर बाइबलीय विश्वासको अनुभवको पक्षलाई पनि ल्याउँदछ, जसले मलाई भावनात्मक आनन्द र स्थायीत्व प्रदान गर्दछ ।

मैले यो कुरालाई विचार गरें, कि मैले मेरो जीवनको निम्ति मिसाउने केन्द्र भएको कुरा पत्ता लगाए, जसमा येशू ख्रीष्टद्वारा बाइबलमा भएको कुरालाई बुझिन्छ । यो एउटा दिमागी अनुभव र भावनात्मक छुटकारा थियो । तरैपनि, मैले अझै त्यो दर्द र झट्कालाई अझै सम्झन सक्छु, जब यसले यस पुस्तकमा दिइएका भनाइहरू कति धेरै विविध तरिकाले व्याख्या गर्न सक्छ, र कहिलेकाहीं उही मण्डली र स्कुलहरूमा उही विचार आउन सक्छ । बाइबलको उत्प्रेरणा र भरोसायोग्यपनलाई निश्चित गर्नुमात्रै अन्तको कार्य थिएन, तर यो सुरुवातमात्रै थियो । कसरी मैले बाइबलका धेरै कठिन खण्डहरूमा विविध र द्वन्द्वका व्याख्याहरूलाई तिनीहरू जसले अधिकार र विश्वासयोग्यपनलाई दावी गरेका हुन्छन् ?

यो कार्य मेरो जीवनको विश्वासको लक्ष्य र मौका हुन्छ । मलाई मेरो ख्रीष्टमा भएको विश्वास थाहा थियो, कि १) त्यसले महान् आनन्द र शान्ति ल्यायो । मेरो विचारले मेरो संस्कार (आधुनिकभन्दा पछाडिको) लाई सापेक्षिताको बीचमा पूर्ण बनाउने चाहना राख्दछ । २) धार्मिक व्यवस्थाको वा संसारको धर्महरूको द्वन्द्वमा आउने सिद्धान्त र ३) साम्प्रदायिक अहंकार । मेरा प्राचीन साहित्यलाई व्याख्या गर्ने उचित विचारको खोजीमा मेरो आफ्नै ऐतिहासिक, सांस्कृतिक, साम्प्रदायिक, र अनुभवको पक्षपात हुन्छ । मैले धेरैचोटी बाइबललाई मेरो आफ्नै विचारहरू लागु गर्ने मनसायले पढेको थिए । मैले यसलाई सिद्धान्तको स्रोतको रुपमा अरूहरूलाई आक्रमण गर्न प्रयोग गरें, जबकि मेरा आफ्नै असुरक्षा र अपर्याप्तताहरूलाई निश्चित गर्नुपर्थ्यो । मलाई यस कुरामा अहसूस गर्न कति धेरै पीडादायक थियो होला !

युद्यपि म कहिल्यै पनि वस्तुगत बन्न सक्दिन, म बाइबलको असल पाठक बन्न सक्छु । मैले तिनीहरूलाई पहिचान गरेर पक्षपाती बन्न सक्छु, तिनीहरूको उपस्थितिमा आभार प्रकट गर्दछु । म अझैपनि तिनीहरूमा स्वतन्त्र छैन, तर मैले मेरा आफ्नै कमजोरीपनहरूलाई सामना गरेको छु । कतिचोटी असल बाइबल पढाइको सबभन्दा खराब शत्रु व्याख्याकार बन्न सक्छन् ।

मैले बाइबल अध्ययनमा ल्याउने केही अगाडिका मान्यताहरूलाई सूचिकृत गर्न दिनुहोस्, ताकि तपाईं पाठक भएर मसँगसँगै जाँच गर्नुपर्ने हुन्छ ।

अ. अगाडिका मान्यताहरू

क. म यो विश्वास गर्दछु, कि बाइबल एउटा साँचो परमेश्वरको आत्म उत्प्रेरित प्रकाश हो । त्यसकारण, यसलाई सुरुका अलौकिक लेखक वा आत्मा द्वारा विशेष ऐतिहासिक परिवेशमा बुझ्ने चाहना राखिनुपर्छ ।

ख. म यो विश्वास गर्दछु, कि बाइबल सामान्य मानिसहरूद्वारा सबै मानिसहरूको निम्ति लेखिएको थियो । परमेश्वर आफैले हामीमा स्पष्टरूपमा ऐतिहासिक र सांस्कृतिक रूपमा कुराकानी गर्नलाई राख्नुभएको छ । परमेश्वरले सत्यतालाई लुकाउनुहुन्न, र उहाँले हामीलाई त्यो कुरा बुझेको चाहना राख्नुहुन्छ । त्यसकारण, यसलाई हाम्रो होइन, तर यसको समयको प्रकाशमा व्याख्या गरिनुपर्छ । बाइबलको आशय हाम्रो लागि हुनुपर्ने होइन, तर यसलाई पहिला सुन्ने र पढ्नेले पनि कुनै अर्थ भएको कुरा बताउँदैनन् । यसलाई औषत मानवीय दिमागले बुझ्न सक्छ, र सामान्य मानवीय संचारको स्वरुपमा र तरिकाहरूका उपयोगी बन्दछ ।

ग. म यो विश्वास गर्दछु, कि बाइबलको एकतृत सन्देश र उद्देश्य हुन्छ । यसले आफैलाई विरोधाभासमा ल्याउँदैन, यद्यपि यसमा कठिन र विडम्बना पूर्वक खण्डहरू रहेका हुन्छन् । यसैले, बाइबलको उत्तम व्याख्याकार बाइबल आफै बन्दछ ।

घ. म यो विश्वास गर्दछु, कि प्रत्येक खण्डको सुरुमा प्रेरणा पाएका लेखकको चाहनालाई आधारित बनाएर एउटा र केवल एउटामात्र अर्थ दिने हुन्छ । यद्यपि हामी कहिल्यै पनि पूर्णरूपमा निश्चित हुन सक्दैनौं, र हामीले स ुरुका लेखकको भावनालाई बुझ्दछौं, धेरै सूचकहरूले यसको दिशालाई देखाएका हुन्छन्:

१. शैली वा साहित्यिक प्रकारलाई सन्देशलाई प्रकट गर्न छानिएको हुन्छ ।
२. ऐतिहासिक परिवेश वा विशेष अवसरमा त्यसको लेखलाई निकालिएको हुन्छ ।
३. सम्पूर्ण पुस्तकको साहित्यिक परिवेशको साथसाथै प्रत्येक साहित्यिक इकाई ।
४. साहित्यिक इकाईको पाठगत संरचना र तिनीहरूले सम्पूर्ण सन्देशलाई सम्बन्ध राख्ने ।
५. सन्देशलाई संचार गर्नको लागि विशेष व्याकरणीय विशेषताहरू ।

६. सन्देशलाई प्रस्तुत गर्न छानिएका वचनहरू
७. समानान्तर खण्डहरू

यी क्षेत्रहरूमा अध्ययन गर्दा हाम्रो खण्डको अध्ययनको वस्तु बन्दछ। मैले असल बाइबल अध्ययनको तरिकालाई वर्णन गर्नुभन्दा अगाडि, आज प्रयोग गरिएका केही अनुपयुक्त तरिकाहरूलाई वर्णन गरेर देखाउन मलाई अनुमती दिनुहोस्, जसले आज व्याख्यामा यति धेरै विविधताहरूको प्रयोग गरेका हुन्छन्, र त्यसको परिणामलाई इन्कार गरिनुपर्छ।

आ. अनुपयुक्त तरिकाहरू

क. बाइबलका पुस्तकहरूको साहित्यिक परिवेशलाई इन्कार गर्नु र हरेक वाक्य, उपवाक्य, वा व्यक्तिगत भनाइका वचनहरूलाई लेखकको भावनामा सम्बन्ध नराख्नु वा वृहत परिवेशमा प्रयोग गर्नुपर्ने हुन्छ। यसलाई कतिचोटी "पाठको-प्रमाण" भनेर भनिन्छ।

ख. पुस्तकको ऐतिहासिक परिवेशलाई इन्कार गरेर त्यसको पाठमा कुनै पनि सहयोग हुँदैन, वा ऐतिहासिक परिवेशलाई मानिलिएर राख्न सकिन्छ।

ग. पुस्तकको ऐतिहासिक परिवेशलाई इन्कार गर्दा र यसलाई आधुनिक खीष्टियन व्यक्तिले सामान्यतया आफ्नै सहरको बिहानको ताजा खवरको रूपमा लेखेर पढ्न सकिन्छ।

घ. पुस्तकको ऐतिहासिक परिवेशलाई इन्कार गरेर यसको पाठलाई दार्शनिक वा ईश्वरशास्त्रीय ढाँचामा ढाल्दा सुरुका श्रोताहरूसँग र सुरुको लेखकको चाहनामा पूर्ण रुपमा असान्दर्भिक हुन्छ।

ङ. सुरुको सन्देशलाई इन्कार गरेर कसैको आफ्नै ईश्वरशास्त्रीय व्यवस्था, सानो सिद्धान्त वा सुरुको लेखकको उद्देश्य वा सन्देशलाई समसामयिक विषयमा असान्दर्भिक बनाएर राख्न सकिन्छ। यस्तो घटना सुरुको बाइबल अध्ययनमा हुन्छ, र वक्ताको अधिकारको साधनको रूपमा स्थापित हुन्छ। यसलाई कतिचोटी "पाठकको प्रतिक्रिया" को रूपमा बताइन्छ ("यस पाठले मलाई के कुरा बताएको छ" - व्याख्या)।

सबै मानिसले लेखेका संचारमा कमसेकम तीनवटा सम्बन्धित तत्वहरू पाउन सकिन्छ:




विगतको समयमा, विविध पढ्ने तरिकाहरूमा यी तीनवटा तत्वहरूमध्ये एउटालाई जोड दिइएको छ। तर बाइबलको अनौठो उत्प्रेरणालाई साँचोरूपमा निश्चित गरेर परिमार्जित गरिएको तल दिइएको चित्र धेरै उपयुक्त हुन्छ:




सत्यताको व्याख्यात्मक प्रकृयामा तीनवटा तत्वहरूलाई समावेश गरिनुपर्ने हुन्छ। सत्यता प्रमाणित गर्ने उद्देश्यको निम्ति, मेरो व्याख्याले पहिलो दुईवटा तत्वहरूको निम्ति जोड दिन्छन्: स ुरुका लेखक र पाठ। सायद मैले मसँग भएको दुरुपयोगलाई अवलोकन गरेर पूरा गरिरहेको हुन्छु। रूपक-कथा वा पाठलाई आत्मिकिकरण गर्नु र २) पाठकको प्रतिक्रियाको व्याख्या (मलाई यसको अर्थ के हुन्छ)। हरेक तहमा दुरुपयोग हुन सक्छ। हामीले सधैं हाम्रो आचरण, पूर्वाग्रह, तरिका र लागु गर्ने कुराहरूलाई जाँच्नुपर्ने हुन्छ। तर तिनीहरूलाई कसरी जाँच गर्ने हो, यदि त्यहाँ व्याख्या गर्ने सिमानाहरू छैनन्, सिमितता छैन, र मापदण्ड पनि छैन भने ? यो त्यो स्थान हो, जहाँ अधिकारको चाहना र पाठगत संरचनामा केही सम्भाव्य ठोस व्याख्याको क्षेत्रलाई सिमित गरेर मापदण्डमा मलाई प्रदान गर्नुपर्ने हुन्छ।

यी अनुपयुक्त पढाइको तरिकाको प्रकाशमा, असल बाइबल पढाइ र व्याख्यामा कस्ता खालका केही सम्भाव्य विचारहरू छन्, जसले सत्यता प्रमाणित गर्ने तह र निरन्तरतालाई प्रदान गर्दछन् ?

३. असल बाइबल पढाइका सम्भाव्य विचारहरू

यो विन्दुमा आइपुग्दा, मैले व्याख्याको विशेष शैलीलाई अनौठो तरिकामा छलफल गरिरहेको छैन, तर सामान्य वचनको सिद्धान्तलाई बाइबलको पाठको सबै प्रकारमा मान्य हुन्छ। शैलीको विचारको विशेष एउटा असल पुस्तक "यसको असल मुल्यमा बाइबललाई कसरी पढ्ने" भन्ने छ, जसका लेखक गोर्डन फ्रि र डगुलास स्टुवार्ट हुन्, र यसको प्रकाशन जोन्डरभनले गरको थियो।

सुरुमा मेरो तरिकालाई पाठकहरूले जोड दिएर चारवटा व्यक्तिगत पढाइका चक्रहरूद्वारा पवित्र आत्मालाई उदृत गर्न दिनुपर्छ। यसले आत्मा, पाठ र पाठकलाई दोस्रो नभएर प्रारम्भिक बनाउदछ। यसले पाठकहरूलाई टिप्पणीकारको प्रभावबाट ज्यादै बचाउने कार्य गर्दछ। मैले यसो भनेको कुनेको छु,

"बाइबलले टिप्पणीहरूमा धेरै प्रकाश फ्याँकेको हुन्छ।" यो अध्ययन समाग्रीको बारेमा टिप्पणीलाई घटाउने अध्ययन समाग्रीको बारेमा हुँदैन, तर यो तिनीहरूको प्रयोगको निम्ति उपयुक्त वयान हुन्छ।

हामीले हाम्रो व्याख्यालाई यो पाठबाट नै सहयोग प्रदान गर्न सक्षम हुनुपर्छ। सिमित प्रमाणिकरणको लागि कमसेकम तीन क्षेत्रहरू प्रदान गर्नुपर्छः

१. सुरुका लेखक
   क. ऐतिहाकि परिवेश
   ख. साहित्यिक परिवेश
२. सुरुका लेखकको छनोट
   क. व्याकरणीय संरचना (सिनट्याक्स)
   ख. समकालिक वचनको प्रयोग
   ग. शैली
३. हाम्रो उपयुक्त समझदारी
   क. समानान्तर सान्दर्भिक खण्डहरू
   ख। सिद्धान्तहरूको बीचमा सम्बन्ध

हाम्रो व्याख्याको पछाडि तर्क र कारण प्रदान गर्नुपर्ने खाँचो हुन्छ। बाइबल हाम्रो विश्वासको स्रोत र अभ्यास मात्रै हो। यसले ख्रीष्टियनहरूलाई के सिकाउँछ भनेर दुःखित प्रकारले असहमती जनाउँदछन्। यो बाइबलको निम्ति आत्म-हारलाई दावी गर्ने प्रेरणा हो, र तब विश्वासीहरूले यसले के कुरा सिकाउँछ, र खाँचो पर्छ भनेर सहमत हुनलाई सक्षम हुँदैनन्।

यी तलका व्याख्यात्मक अन्तर्दृष्टिलाई पछ्याउन चारवटा पढाइका चक्रहरूलाई योजना गरिएको छः

क. पहिलो पढाइको चक्र
   १. पुस्तकलाई एकै बसाइमा बढ्नुहोस्। यसलाई फरक अनुवादमा फेरी पढ्नुहोस् र सायद यो फरक अनुवादको सिद्धान्त पनि हुन सक्छ।
      क. शब्दको निम्ति शब्द (NKJV, NASB, NRSV)
      ख. गतिशिल समानान्तर (TEV, JB)
      ग. अर्को शब्दमा व्याख्या गरिएको (Living Bible, Amplified Bible)
   २. सम्पूर्ण लेखको केन्द्रिय उद्देश्यलाई हेर्नुहोस्। यसको विषयलाई पत्ता लगाउनुहोस्।
   ३. यदि सम्भव भएमा साहित्यिक इकाई, एउटा खण्ड, एउटा अनुच्छेद वा एउटा वाक्यलाई अलग गर्नुहोस्, जसले यो केन्द्रिय उद्देश्य वा विषयलाई स्पष्टरुपमा प्रकट गर्दछ।
   ४. साहित्यिक शैलीको बाहुल्यतालाई पत्ता लगाउनु
      क. पुरानो करार
         १) हिब्रूको कथा
         २) हिब्रूको कविता (ज्ञानको साहित्य, भजनसंग्रह)
         ३) हिब्रूको अगमवाणी (गद्य, पद्य)
         ४) कानुनका नियमावलीहरू
      ख. नयाँ करार
         १) कथात्मक (सुसमाचारहरू, प्रेरितको पत्र)
         २) दृष्टान्तहरू (सुसमाचारहरू)
         ३) पत्रहरू
         ४) भविष्यको साहित्य
ख. दोस्रो अध्ययनको चक्र
   १. सम्पूर्ण पुस्तकलाई फेरी पढ्नुहोस्, र मुख्य विषय वा शिर्षकहरूलाई पत्ता लगाउने खोज गर्नुहोस्।
   २. मुख्य शिर्षकलाई रुपरेखामा ढाल्नुहोस् र तिनीहरूका विषयवस्तुलाई सामान्य भनाइमा छोटकरीमा बताउनुहोस्।
   ३. तपाईंको भनाइको उद्देश्यलाई जाँच गर्नुहोस्, र अध्ययनका समाग्रीहरू सहित वृहत रुपरेखा कोर्नुहोस्।
ग. तेस्रो अध्ययनको चक्र
   १. सम्पूर्ण पुस्तकलाई फेरी पढ्नुहोस्, ऐतिहासिक परिवेशलाई पत्ता लगाउने खोज गर्नुहोस्, र बाइबलको पुस्तकको आफ्नैबाट लेख्नको निम्ति विशेष परिवेश लिनुहोस्।
   २. बाइबलको पुस्तकमा बताइएको ऐतिहासिक तहलाई सूचिकृत गर्नुहोस्ः
      क. लेखक
      ख. मिति
      ग. प्राप्त कर्ताहरू
      घ. लेख्नको निम्ति विशेष कारण
      ङ. सास्कृतिक परिवेशको पक्ष, जसले लेखनको उद्देश्यसँग सम्बन्ध राख्छ
      च. ऐतिहासिक मानिस र घटनाहरूको सन्दर्भहरू
   ३. तपाईंले व्याख्या गरिरहनुभएको बाइबलको पुस्तकको त्यो भागको निम्ति तपाईको रुपरेखालाई विस्तार गर्नुहोस्। सधैँ साहियित्क इकाईलाई पत्ता लगाएर रुपरेखामा ढाल्नुहोस्। यो धेरै खण्डहरू र अनुच्छेदहरूमा हुन सक्छ। यसले तपाईंलाई सुरुको लेखकको तर्क र पाठगत योजनालाई पछ्याउन सक्षम बनाउँदछ।
   ४. अध्ययन समाग्रीहरूको प्रयोग गरेर तपाईंको ऐतिहासिक परिवेशलाई जाँच गर्नुहोस्।

घ. चौथो अध्ययन चक्र

१. विविध अनुवादका विशेष साहित्यिक इकाईलाई फेरी पढ्नुहोस् ।
   क. शब्दको निम्ति शब्द (NKJV, NASB, NRSV)
   ख. गतिशिल समानान्तर (TEV, JB)
   ग. अर्को शब्दमा व्याख्या (Living Bible, Amplified Bible)
२. साहित्यिक वा व्याकरणात्मक संरचनालाई हेर्नुहोस्
   क. दोहोरिएका वाक्यांशहरू, एफिसी १:६, १२, १४
   ख. दोहोरिएका व्याकरणीय संरचना, रोमी ८:३१
   ग. विरोधाभाषका विचारहरू
३. तलका वस्तुहरूलाई सूचिकृत गर्नु
   क. महत्वपूर्ण परिवेशहरू
   ख. असामान्य परिवेशहरू
   ग. महत्वपूर्ण व्याकरणीय संरचना
   घ. निश्चित कठिनाइका शब्दहरू, वाक्यहरू र उपवाक्यहरू
४. सान्दर्भिक समानान्तर खण्डहरूलाई हेर्नु
   क. तपाईंको विषयमा स्पष्ट सिकाइने विषयलाई तलका तिजहरू प्रयोग गरेर हेर्नु
      १) "क्रमवद्ध ईश्वरशास्त्रीय" पुस्तकहरू
      २) सान्दर्भिक बाइबलहरू
      ३) शब्दानुक्रमणिका
   ख. तपाईंको विषयसँग संभाव्य विडम्बनाका जोडीहरूलाई हेर्नुहोस् । धेरै बाइबलका सत्यताहरू भाषागत जोडिमा प्रस्तुत गरिएका छन्, र धेरै साम्प्रदायिकताका द्वन्द्वहरू आधी बाइबलको चिन्ताको पाठको प्रमाणबाट आएका छन् । सम्पूर्ण बाइबल नै उत्प्रेरित भएको छ, र हामीले यसको पूर्ण सन्देशलाई यसको व्याख्यामा बाइबललाई सन्तुलित गरेर प्रदान गर्नुपर्ने हुन्छ ।
   ग. उही पुस्तक, उही लेखक, र उही शैलीलाई समानान्तर रूपमा हेर्नुहोस्, र बाइबल यसको अति उत्तम व्याख्याकार हो, किनकि यसको एकजना लेखक, पवित्र आत्मा हुनुहुन्छ ।
५. ऐतिहासिक परिवेश र अवसरलाई तपाईंले अवलोकन गर्न अध्ययनका समाग्रीलाई प्रयोग गरेर जाँच्नुहोस् ।
   क. अध्ययनका बाइबलहरू
   ख. बाइबलको विश्वकोश, पुस्तिका र शब्दकोशहरू
   ग. बाइबलका परिचयहरू
   घ. बाइबलका टिप्पणीहरू (तपाईंको अध्ययनको यो बिन्दुमा विगत र वर्तमान्को विश्वास गर्ने समुदायलाई थप्नको लागि अनुमति दिनुहोस् र तपाईंको व्यक्तिगत अध्ययनलाई मिलाउनुहोस् ।

ई. बाइबलको व्याख्याको उपयोगीता

हामी यो विन्दुमा आइपुग्दा उपयोगीतातर्फ फर्कन्छौं । तपाईंले यो पाठलाई सुरुको परिवेशमा बुझ्ने समय लिनुभएको छ, र अब तपाईंले यसलाई आफ्नो जीवन र आफ्नो संस्कारमा लागु गर्नुपर्छ । मैले बाइबलको अधिकारलाई "हाम्रो समयमा र उहाँको समयमा त्यसको सत्यतालाई लागु गर्ने र सुरुका बाइबलका लेखकले भनेको कुरालाई बुझ्ने गरी" जस्तै परिभाषित गर्छु ।

सुरुका लेखकको चाहनाको समय र तर्क दुवैमा उपयोगीताले व्याख्यालाई पछ्याउनु पर्ने हुन्छ । हामीले बाइबलको खण्डलाई हाम्रो आफ्नै समयमा लागु गर्न सक्दैनौं, जबसम्म हामीलाई यसको समयमा यसले के भनिरहेको छ भनेर हामीले जान्दछौं । बाइबलको एउटा खण्डले यसको कहिल्यै अर्थ हुँदैन भन्ने कुरामा कुनै अर्थ हुनुहुँदैन ।

तपाईंको विस्तृत रूपरेखामा पढ्ने चक्रको खण्डको तहमा तपाईंले मार्गनिर्देशन गर्नुपर्ने हुन्छ । उपयोगीता वचनको तहमा होइन, तर खण्डको तहमा बनाइनुपर्ने हुन्छ । शब्दहरूको अर्थ परिवेशमा मात्र हुन्छ, ~~उपवाक्य~~को अर्थ पनि परिवेशमा मात्र हुन्छ, वाक्यको पनि अर्थ केवल परिवेशमा मात्र हुन्छ । उत्प्रेरित व्यक्ति व्याख्यामा संलग्न हुने प्रकृयामा सुरुका लेखक हुन्छन् । हामीले केवल उहाँको अगुवाइलाई पवित्र आत्माको प्रकाशमा पछ्याउनु पर्छ । तर प्रकाश भन्ने कुरा प्रेरणा होइन । "परमेश्वरले यसो भन्नुहुन्छ," भन्ने कुरा भन्दा हामी सुरुका लेखकको चाहनामा रहनुपर्छ । उपयोगीताले सम्पूर्ण लेखको विशेष सामान्य भावना, विशेष साहित्यिक इकाई, र विचारको विकासको अनुच्छेदको तहमा सम्बन्ध राख्नुपर्छ ।

बाइबललाई आजको दिनको विषयमा व्याख्या गरिनु हुँदैन, तर बाइबललाई आफै बोल्न दिनुपर्छ ! यसमा हामीले पाठबाट सिद्धान्तलाई खिच्ने खाँचो पर्न सक्छ । यो वैधानिक हुन सक्छ, यदि पाठले सिद्धान्तहरूलाई सहायता गर्छ भने । दूर्भाग्यवस, धेरै चोटी हाम्रा सिद्धान्तहरू केवल "हाम्रा" सिद्धान्तहरू" बन्दछन्, र पाठका सिद्धान्तहरू बन्ने होइनन् ।

बाइबलको पाठलाई लागु गर्दा, निश्चित बाइबलको पाठको वैधानिकतामा केवल एक वा एउटामात्र अर्थ हुन्छ भन्ने कुरालाई संझनु महत्वपूर्ण हुन्छ । त्यसको अर्थ सुरुका लेखकको भावनामा सम्बन्धित हुन्छ, जसै उनले अभावलाई वा त्यो दिनको खाँचोलाई बताउँदछन् । यो एउटा अर्थबाट धेरै सम्भाव्य उपयोगीताहरू आउन सक्छन् । उपयोगीता प्राप्त कर्ताको खाँचोमा आधारित हुन्छ, तर यसले सुरुको लेखकको अर्थलाई सम्बन्ध राख्नुपर्ने हुन्छ ।

ङ. व्याख्याको आत्मिक पक्ष

अहिलेसम्म मैले व्याख्या र उपयोगीताको संलग्नतामा तार्किक र पाठको प्रकृयालाई छलफल गरेको छु । अब मलाई व्याख्याको आत्मिक पक्षलाई छोटकरीमा छलफल गर्न दिनुहोस् । यी तलका जाँच्ने सूची मेरो लागि उपयोगी बन्न सक्छन्:

क. पवित्र आत्माको सहायताको लागि प्रार्थना गर्नुहोस् (१ कोरिन्थी १:२६-२:१६) ।
ख. व्यक्तिगत क्षमापना र पापबाट शुद्ध हुनको निम्ति प्रार्थना गर्नुहोस् (१ यूहन्ना १:९) ।
ग. परमेश्वरलाई जान्ने महान् चाहनाको निम्ति प्रार्थना गर्नुहोस् (भजनसंग्रह १९:७-१४,४२:१,११९:१)
घ. तपाईंको आफ्नै जीवनमा आएका कुनै नयाँ अन्तर्दृष्टिलाई लागु गर्नुहोस् ।
ङ.. नम्र र सिकाउनयोग्य भइ रहनुहोस् ।

पवित्र आत्माको तार्किक प्रतिक्रिया र आत्मिक नेतृत्वपनको बीचमा सन्तुलन राख्न धेरै कठिन पर्दछ । यी तलका भनाइहरूले यी दुईवटाको बीचमा सन्तुलन राख्न मलाई सहायता गर्दछन्:

क. धर्मशास्त्रलाई घुमाउने भन्ने पुस्तकको याकूब डब्लू. सायरबाट लिइएको, पानाहरू १७-१८:

"प्रकाश परमेश्वरका मानिसकहरूको विचारमा आउछ, तर केवल आत्मिकी विशिष्ट व्यक्तिहरूको लागि होइन । बाइबलको विश्वासमा गुरुको तह, प्रकाश पार्ने र मानिसहरू भन्ने हुँदैन, जसद्वारा सबै उचित व्याख्या आउनुपर्ने हुन्छ । यसरी, जब पवित्र आत्माले ज्ञानका, बुद्धिका र सबै आत्मिक कुराहरूका विशेष वरदानहरू दिन्छन्, तब उहाँले यी वरदानहरूमा ख्रीष्टियनहरूलाई उहाँको वचनको व्याख्यामा मात्र अधिकार दिने कार्य हुँदैन । यसमा उहाँका प्रत्येक मानिसहरूले सिक्ने, न्याय गर्ने, र बाइबलका सन्दर्भको विवेकी बन्नुपर्छ, जसलाई परमेश्वरले विशेष क्षमताहरू दिएर तिनीहरूको निम्ति अधिकारमा उभिनलाई भन्नुभएको छ । मेरो सम्पूर्ण पुस्तकमा मानिलिएको मान्यतालाई सारांशमा ल्याउने कार्य यस्तो हुन्छ, कि बाइबल सबै मानवीयताको लागि परमेश्वरको साँचो प्रकाश हो । यसले बताउने सबै कुराहरूको निम्ति चाहिने अन्तिम अधिकार हामीमा हुन्छ, र यो पूर्ण रहस्यमा हुँदैन, तर हरेक सस्कृतिमा भएका सामान्य मानिसहरूले यसलाई पर्याप्तरूपमा बुझ्न सक्छन् ।"

ख. प्रोटेष्टेनको बाइबलको व्याख्या भन्ने पुस्तकलाई किर्कगार्ड भन्ने व्यक्तिले बर्ननार्ड राम्म भन्ने स्थानमा पत्ता लगाइएको पाना ७५:

किर्कगार्डका अनुसार बाइबलको व्याकरणगत, शब्दगत र ऐतिहासिक अध्ययनमा आवश्यक थियो, तर बाइबलको साँचो अध्ययनमा प्रारम्भिक नै थियो । "जो कोहीले परमेश्वरको वचन बाइबल पढ्दाखेरि यसलाई उनको हृदयले मुखमा, माथिदेखि तलसम्म, ठूलो चाहना राखेर परमेश्वरसँग कुराकानी गर्ने प्रकारले पढ्नुपर्छ । बाइबललाई कुनै विचारबिना, लापरवाहीले, वा शैक्षिक तरिकाले वा व्यवसायिक रूपमा बढ्नु, परमेश्वरको वचनको रूपमा पढ्नु होइन । कसैले यसलाई प्रेम पत्रको रूपमा पढ्छन् भने, कसैले यसलाई परमेश्वरको वचनको रूपमा पढ्छन् ।"

ग. बाइबलको सान्दर्भिकता भन्ने पुस्तकबाट एच. एच. राउलेले लिएका, पाना १९:

"बौद्धिकताले मात्र बाइबललाई बुझ्ने होइन, तरैपनि यसले सबै पूर्ण किमतिपनमा प्राप्त गर्न सक्छ । यसले यस्ता समझदारीलाई नास गर्दैन, र यो पूर्ण समझदारीको निम्ति अति नै आवश्यक हुन्छ । तर यदि यसलाई पूरा गर्ने हो भने, यो पुस्तकको आत्मिक किमतिको रूपमा आत्मिकपन लाई बुझेर अगुवाइ गर्नुपर्ने हुन्छ । त्यो आत्मिक समझदारीको निम्ति बौद्धिकताको होसियारपनभन्दा केही बढी कुराको खाँचो पर्दछ । आत्मिकी चिजहरू आत्मिकपनमा विवेकी हुन्छन्, र बाइबलका विद्यार्थीहरूलाई आत्मिक आचरणको प्राप्तिको, परमेश्वरलाई प्राप्त गर्ने चाहनामा, उनले आफैलाई उहाँमा फल दिन सक्छन्, यदि यी सबै पुस्तकहरूमध्ये सबैभन्दा महान् पुस्तकको सम्पन्नताको प्राप्तीमा उनी बैज्ञानिक अध्ययनभन्दा धेरै टाढा पुग्न सक्छन् ।"

ऊ यो टिप्पणीको तरिका

यो अध्ययनको मार्गनिर्देशनको टिप्पणीलाई निम्न तरिकाले तपाईंको व्याख्याको प्रकृयामा सहायता गर्नको लागि योजना बनाइएको हुन्छ:

क. प्रत्येक पुस्तकको परिचयमा एउटा छोटो ऐतिहासिक रूपरेखा दिइन्छ । तपाईंले "अध्ययनको चक्र #३ गरिसकेपछि, यो जानकारीलाई जाँच गर्नुहोस्।

ख. प्रत्येक खण्डको सुरुवातमा प्रशंगको अन्तर्दृष्टि पाइन्छ । यसले तपाईंलाई साहित्यको इकाइलाई कसरी संरचना गरिएको छ भनेर हेर्नलाई मद्दत पुऱ्याउँदछ ।

ग. प्रत्येक खण्डको सुरुवातमा वा अनुच्छेदको विभाजनको साहित्यिक मुख्य इकाईमा तिनीहरूका वर्णनात्मक विकल्पहरूलाई धेरै आधुनिक अनुवादहरू बाट प्रदान गरेका छन्:

१. संयुक्त बाइबल समाजको ग्रीकको पाठ, शंशोधित चौथो प्रकाशन ($UBS_4$)
२. नयाँ अमेरिकन स्तरिय बाइबल, सन् १९९५ मा आत्याधुनिक बनाइएको (NASB)
३. नयाँ राजा जेम्सको संस्करण (NKJV)
४. नयाँ स्तरिय संसोधित संस्करण (NRSV)
५. आजको अंग्रेजी संस्करण (TEV)
६. यरुशलेमको बाइबल (JB)

अनुच्छेदको विभाजनहरू उत्प्रेरित भएका होइनन । तिनीहरू सन्दर्भबाट निश्चित हुनुपर्छ । हामीले आधुनिक अनुवादहरूलाई तुलना गर्दा तिनीहरूको फरक अनुवादको सिद्धान्तहरूलाई र ईश्वरशास्त्रीय दृष्टिकोणमा सुरुका लेखकले विचार गरेर मानिलिएको संरचनालाई विश्लेषण गर्न सक्षम हुन्छौं । प्रत्येक अनुच्छेदको एउटा मुख्य सत्यता हुन्छ । यसलाई "वाक्यको शिर्षक" वा "पाठको मुख्य विचार" भनेर भनिन्छ । यो एकतृत गरिएको विचार उचित ऐतिहासिक, र व्याकरणीय व्याख्याको मुख्य कुरा बन्दछ । जो कोहीले पनि व्याख्या गर्दा, प्रचार गर्दा वा सिकाउँदा एउटा अनुच्छेद भन्दा कम गर्नु हुँदैन । हरेक अनुच्छेद यसका वरिपरिका अनुच्छेदसँग सम्बन्ध राख्ने कुरालाई पनि संझनुहोस् । त्यसैकारणले गर्दा सम्पूर्ण पुस्तकको अनुच्छेदको तहको रुपरेखा अति नै महत्वपूर्ण हुन्छ । हामीले सुरुमा प्रेरणा पाएका लेखकले बताएका विषयको प्रवाहको तर्कलाई पछ्याउन सक्षम हुनुपर्छ ।

घ. बबको टिपोटको व्याख्याको विचारमा एक पददेखि अर्को पदलाई पछ्याउने हुन्छ । यसले हामीलाई सुरुका लेखकको विचारलाई पछ्याउनलाई बल बल प्रदान गर्दछ । यी टिपोटहरूले थुप्रै क्षेत्रहरूमा जानकारी प्रदान गर्दछ:

१. साहित्यिक परिवेश
२. ऐतिहासिक र सांस्कृतिक अन्तर्दृष्टि

३. व्याकरणीय जानकारी
४. वचनको अध्ययन
५. सान्दर्भिक समानान्तर खण्डहरू

ङ. टिप्पणीको केही निश्चित बिन्दुमा पुग्दा, नयाँ अमेरिकन स्तरिय संस्करणमा विविध आधुनिक संस्करणहरूको अनुवादलाई स्थापित गरिएको हुन्छ।
१. नयाँ याकूब राजाको संस्करण (NKJV) ले पाठगत हस्तलेखनलाई पछ्याउछ, जसलाई "टेक्सस् रिसेप्ट्स" भनिन्छ ।
२. नयाँ संसोधित स्तरिय संस्करण (NRSV), जुनचाहिँ संसोधित स्तरिय संस्करणको राष्ट्रिय मण्डलीहरूको परिष्‌दबाट आएको शब्द-शब्दको संसोधन हो।
३. आजको अंग्रेजी संस्करण (TEV), जुनचाहिँ अमेरिकन बाइबल समाजबाट आएको समानान्तर अनुवादको गतिशिलता हो ।
४. यरुशलेम बाइबल (JB), जुनचाहिँ क्याथोलिक गतिशिल समानान्तर अनुवादमा आधारित भएको अंग्रेजीको अनुवाद हो ।

च. ग्रीक भाषा नपढ्नेहरूको निम्ति पाठको समस्यालाई पहिचान गरेर अंग्रेजी अनुवादलाई तुलना गर्न सकिन्छ:
१. हस्तलेखनका विविधताहरू
२. शब्दको अर्थको विकल्पहरू
३. व्याकरणमा पाठ र संरचनाको कठिनाइ
४. अर्थ स्पष्ट नभएका पाठहरू

छ. यद्यपि अंग्रजी अनुवादले यी समस्याहरूको समाधान गर्न सक्दैनन, तर तिनीहरूले धेरै गहिरो र निरन्तर अध्ययन भएको स्थानलाई लक्षित गर्दछन् ।
हरेक खण्डको नजिकपनमा सान्दर्भिक छलफलका प्रश्नहरू प्रदान गरिन्छन्, जसले त्यो खण्डको व्याख्याको मुख्य व्याख्यात्मक विषयलाई लक्षित गर्ने प्रयास गर्दछन् ।

# यूहन्नाको परिचय

## सुरुको भनाइ

क. मत्ती र लूकाले येशूको जन्मसँगै, मर्कूसले उहाँको बप्तिस्मासँगै, र यूहन्नाले सृष्टिभन्दा अगाडि सुरु गर्छन्।

ख. यूहन्नाले पहिलो खण्डको पहिलो पदमा येशू नाजरीलाई पूर्ण ईश्वरत्वको रूपमा प्रस्तुत गर्दछन् र यो जोडलाई स ुसमाचारको पुस्तक भरि नै दोहोऱ्याउँछन्। यूहन्ना बाहेकका अन्य सुसमाचारका पुस्तकले पछिका तिनीहरूको प्रस्तुतिसम्म यो सत्यतालाई प्रकट गर्दछन् (“मसिहको गोप्यता”)।

ग. अन्तत, यूहन्नाले उनको सुसमाचारमा अन्य सुसमाचारका आधारभूत सिद्धान्तको प्रकाशमा विकास गरेका छन्। उनले येशूको शिक्षा र जीवन लाई सुरुको मण्डली (पहिलो शताब्दीको अन्त) को खाँचोमा व्याख्या गरेर राख्ने प्रयास गरेका छन्।

घ. यूहन्नाले उनको येशूको प्रस्तुतीको संरचनालाई मसिहको वरिपरि राखेको देखिन्छः
१. तिनीहरूको व्याख्याको सातवटा आश्चर्य कर्म वा चिन्हहरू
२. व्यक्तिहरूसँग गरिएको कुराकानी वा २७ वटा अन्तर्वार्ताहरू
३. केही निश्चित आराधना र चाडवाडका दिनहरू
  क. सबाथ वा विश्राम दिन
  ख. निस्तार चाड (५ र ६ अध्यायहरू)
  ग. भेट हुने पाल (७-१० अध्यायहरू)
  घ. हनुखा वा समर्पणको चाड (१०:२२-३९०
४. “म हुँ” भन्ने भनाइहरू
  क. अलौकिक नाउँसँग सम्बन्धित (यहोवा)
    १) म उही हुँ (४:२६, ८:२४, २८, १३:१९, १८:५-६)
    २) अब्राहाम हुनुभन्दा अगाडिदेखि नै म छु (८:५४-५९)
  ख. अगमवाणी गरिएका मनोनित भनाइहरूसँगै
    १) म जीवनको रोटी हुँ (६:३५, ४१, ४८, ५१)
    २) म संसारको ज्योति हुँ (८:१२)
    ३) म भेंडाको ढोका हुँ (१०:७-९)
    ४) म असल गोठालो हुँ (१०:११, १४)
    ५) म पुनरुत्थान र जीवन हुँ (११:२५)
    ६) म बाटो, सत्य र जीवन हुँ (१४:६)
    ७) म साँचो दाखको बोट हुँ (१५:१, ५)

ङ. यूहन्ना र अन्य सुसमाचारको बीचमा फरकपना
१. यद्यपि यो कुरा साँचो हो, कि यूहन्नाको प्रारम्भिक उद्देश्य ईश्वरशास्त्रीय हो, र उनको इतिहास र भूगोलको प्रयोग अति नै ठीक र सारांशमा दिइएको छ। यूहन्ना र अन्य सुसमाचारका बीचमा भएका भिन्नताको उस्तै कारण अनिश्चित छः
  क. स ुरुको यहूदीयाको सेवकाइ (सुरुमा मन्दिरलाई गरिएको शुद्धिकरण)
  ख. येशूको जीवनको अन्तिम हप्ताको तिथी र मिति
  ग. ईश्वरशास्त्रीय संरचनाको उद्देश्य
२. यूहन्ना र अन्य सुसमाचारमा भएको विविधतालाई केही समय लिएर छलफल गर्नु उपयोगी हुनेछ। मलाई जर्ज एल्डोन ल्याडको “नयाँ करारको ईश्वरशास्त्र भन्ने” पुस्तकमा दिइएको फरकपनालाई बताउन दिनुहोस्ः
  क. “चौथो सुसमाचार अन्य सुसमाचारभन्दा यति धेरै फरक छ, कि यसमा यस्ता प्रश्नहरूको इमानदारीपूर्वक सामना गर्नुपर्ने हुन्छ, कि चाहे यसले येशूले शिक्षालाई ठीक प्रकारले दिएको हुन्छ, वा चाहे ख्रीष्टियन विश्वासको परम्परालाई यति धेरै परिमार्जन गरिएको छ, कि ईश्वरशास्त्रीय व्याख्यामा इतिहासलाई निलिएको छ” (पाना २१५)।
  ख. “हातको नजिकैमा रहेको समाधान यस्तो हुन्छ, कि येशू ख्रीष्टका शिक्षाहरूलाई यूहन्नाको भनाइमा प्रकट गरिएका छन्। यदि यो सत्य समाधान हो भने, र यदि हामीले चौथो सुसमाचारलाई निष्कर्षमा ल्याउने हो भने, चौथो सुसमाचार यूहन्नाको भनाइमा आउँदछ, र यो महत्वपूर्ण प्रश्नले पछ्याउँदछः चौथो सुसमाचारको ईश्वरशास्त्रमा येशूभन्दा यूहन्ना कति धेरै परसम्म जान्छन्? येशूका शिक्षाहरू यति धेरै तहसम्म पुगेको कुरा यूहन्नाको विचारमा ल्याए, कि हामीमा भएको कुरा येशूको आफ्नै सिकाइको उचित प्रतिनिधिमाभन्दा यूहन्नाको व्याख्यामा ल्याए?” (पाना २१५)।
  ग. ल्याडले पनि डब्लू. एफ. अबलाइटको “प्यालेष्टाइनमा भएको वर्तमानको अनुसन्धान र यूहन्नाको सुसमाचार” भन्ने पुस्तकबाट र डब्लू डि. डेभिस र डि. डनुवेले सम्पादन गरेको “नयाँ करारको पृष्टभूमि र यसको भविष्य” भन्ने पुस्तकबाट लिएका छन्ः
    “त्यहाँ यूहन्ना र अन्य सुसमाचारका पुस्तकहरूको सिकाइमा कुनै आधारभूत फरकहरू पाइदैनन्, तर तिनीहरूका बीचमा पाइने विपरित कुरामा येशूका सिकाइका केही निश्चित पक्षहरूको साथसाथै परम्परामा ध्यान केन्द्रित रहँदछ, निश्चितगरेर तिनीहरू जसले सिकाइका आवश्यक कुराहरूलाई धेरै नजिकबाट समानता भएजस्तो देखिन्छ।”

त्यहाँ येशूका कुनै पनि शिक्षाहरूलाई बङ्ग्याइएका वा झुटा ठहरिएका देखाउने वा तिनीहरूमा कुनै नयाँ नभइनहुने तत्व मिसाइएको कुरा देखाउने कुनै पनि चिजहरू छैनन् । त्यो सुरुको मण्डलीको खाँचोलाई हामीले सजिलै सुसमाचारमा समावेश गर्ने सूचीलाई छानेर प्रभाव पार्दछौं, तर सुरुको मण्डलीमा पत्ता लगाइएको जिम्मेवारीमा त्यो माण्डलीको खाँचोमा मानिलिने वा ईश्वरशास्त्रीय महत्वको खोजमा कुनै कारण छैन ।

नयाँ करारका विद्वान र ईश्वरशास्त्रीहरूले आलोचना गरेर मानिलिएको सबभन्दा ठूलो एउटा कुरा यो हो, कि येशू खीष्टको विचार यति धेरै सिमित थियो, कि यूहन्ना र अन्य सुसमाचारको बीचमा भएको कुनै स्पष्ट विपरित कुरामा सुरुका खीष्टियन ईश्वरशास्त्रीहरूको बीचमा फरकपना आएको कारणले हुनुपर्छ । हरेक महान् विचार र व्यक्तित्वले फरक मित्रहरू र श्रोताहरूलाई व्याख्या गर्न गइरहेका छन्, जसलाई तिनीहरूले देखेका र सुनेका धेरै उपयोगी हुने कुरालाई छान्दछन्'' (पानाहरू १७०-१७१) ।

फेरी जर्ज ई. ल्याडका भनाइहरू:

घ. ''तिनीहरूको बीचमा भएको फरकपनामा यूहन्ना ईश्वरशास्त्री भएर मात्रै र अरूहरू पनि नभएर होइन, तर तिनीहरू सबैनै विविध तरिकाले ईश्वरशास्त्री हुन् । व्याख्या गरिएको इतिहासले केवल घटनाहरूको इतिहासभन्दा पनि साँचो अवस्थाको वास्तविकताको प्रतिनिधित्व गर्न सक्दछन् । यदि यूहन्ना ईश्वरशास्त्रीका व्याख्याकार हुन् भने, यो घटनाहरूको व्याख्या हो, कि यूहन्ना इतिहासमा भएका कुरामा निश्चित हुँदछन्। यूहन्ना बाहेकका अगाडिका सुसमाचार हरूको चाहना येशूलाई ठ्याक्कै त्यस्तै शब्दहरूको प्रतिवेदन दिनु होइन, नत उहाँको जीवनको घटनाको जीवनी नै दिनुपर्ने हुन्छ । तिनीहरूलाई येशू खीष्टमा देखाइन्छन्, र उहाँका शिक्षाहरूलाई छोट्ट्याइन्छन् । मत्ती र लूका आफैले मर्कूसमा वस्तुहरूलाई पुन व्यवस्थित गर्न स्वतन्त्र हुन्छन्, र येशूका शिक्षाहरूलाई विचारणीय प्रतिवेदन दिन्छन् । यदि यदि मत्ती र लूकाले भन्दा यूहन्नाले बढी स्वतन्त्रता दिने हो भने, यो उनले दिन चाहना गरेको कारणले गर्दा धेरै गहन हुन्छ, र अन्ततः येशूलाई धेरै साँचो प्रकारले देखाउन सकिन्छ (पानाहरू २२१-२२२) ।

## लेखक

क. सुसमाचार अज्ञानतामा छ, तर यसले यूहन्नाले लेखेका हुन् भनेर केही कुरा बताउँदछ ।
   १. लेखक आफैले देखेका (१९:३५)
   २. ''मेरो प्रिय चेला'' भन्ने वाक्यांश -पोलीकेट र आइरेनियस दुवैले यूहन्ना प्रेरित भनेर पत्ता लगाएका)
   ३. यूहन्ना जब्दीका छोरालाई कहिल्यै पनि नाउँबाट नबताइएको

ख. ऐतिहासिक परिवेश सुसमाचार आफैले पहिला नै बताएको, त्यसकारण, लेखकपनको विषय व्याख्यामा त्यति जटिल तत्व होइन !
   यूहन्नाको सूसमाचारमा लेखकपन र मितिले प्रेरणालाई कुनै असल गर्दैन, तर व्याख्यामा यसले गर्दछ । टिप्पणीकारहरूले ऐतिहासिक परिवेश र पुस्तक लेखिएको अवसरको कारणलाई खोज्दछन् । जो कोहीले यूहन्नाको द्विविधालाई तुलना गर्नुपर्ने हुन्छः
   १. यहूदी दुईवटा युगहरू
   २. धार्मिकताका कुमरान शिक्षकहरू
   ३. जोराष्ट्रियन धर्म
   ४. ज्ञानको विचार
   ५. येशूको अनौठो दृष्टिकोण

ग. सुरुको परम्परावादी विचार यो हो, कि जब्दीका छोरा प्रेरित यूहन्ना, आँखाले देखेका मानवीय स्रोत हुन् । यसलाई स्पष्ट बनाइनुपर्छ, कि सुसमाचारको निकासका अन्य जोडिएका कुराहरूले दोस्रो शताब्दीका बाह्य कुराहरूलाई देखाएको देखिन्छ ।
   १. सहकर्मी विश्वासी र एफिसीका एल्डरहरूले पाका चेलालाई यो कुरा लेख्नलाई उत्साहित गरे -इस ुवियसले अलेक्जेण्ड्रियका क्लेमेन्ट भनेर बताएका छन् ।
   २. सहकर्मी चेला अन्द्रियास (रोमबाट सन् १८०-२०० सम्ममा भेटिएको मुराटोरिएनको खण्ड भेटिएको)

घ. केही आधुनिक विद्वानहरूले यो सुसमाचारको शैली र विषयवस्तुको बारेमा धेरै मान्यताहरूलाई आधार बनाएर अरू लेखकले लेखेको कुरा बताएका छन् । यसमा धेरैले दोस्रो शताब्दीको मितिलाई मानिलिएका छन् (सन् ११५ भन्दा अगाडि):
   १. यूहन्नाको चेलाले लेखेका (यूहन्नाको वरिपरिका व्यक्तिको प्रभाव), जसले उनको शिक्षालाई संझे (जे. वीस, बि. लाइटफुट, सि. एच. डड, ओ. कलम्यान आर. ए. कलपिपर, सि. के. ब्यारेट) ।
   २. ''एल्डर यूहन्ना'' बाट लेखिएको (एसियामा रहेका सुरुका लेखकहरूको एउटा क्रम, जसले यूहन्ना प्रेरितको ईश्वरशास्त्र र परिवेशलाई प्रभाव पारे), जसलाई इस ुवियसले बताएका (सन् २८०-३३९) र पपियासको खण्डबाट लिइएको छ (सन् ७०-१४६)

ङ. सुसमाचारको साधनको निम्ति प्राथमिक स्रोतको प्रमाण यूहन्ना आफैबाट आएको
   १. भित्री प्रमाण
      क. लेखकलाई यहूदीको शिक्षा र संस्कार थाहा थियो, र उनले पुरानो करारको दृष्टिकोणलाई बताए

ख. लेखकलाई प्यालेष्टाइन र यरुशलेमको सन् ७० भन्दा अगाडिको तिनीहरूको अवस्थाको बारेमा थाहा थियो ।
ग. लेखकले आफ्नै आँखाले देखेको कुरालाई दावी गर्दछन्
१) १:१४
२) १९:३५
३) २१:२४
घ. लेखक प्रेरितिय समूहको सदस्य भएकोले त्यसैको निम्ति उनी परिचित हुन्छन्:
१) समय र स्थानको बारेमा संक्षिप्त कुरा (रातको समयमा पक्रिने)
२) संख्याको संक्षिप्त कुरा (पानीका घ्याम्पाहरू २:६ र माछा २१:११)
३) व्यक्तिहरूको संक्षिप्त कुरा
४) लेखकलाई घटनाहरूको सार कुरा थाहा थियो, र तिनीहरूप्रति प्रतिक्रिया देखाउन सक्थे
५) लेखकले "प्रिय चेलाको" रूपमा पहिचान दिएको देखिन्छ
क) १३:२३, २५
ख) १९:२६-२७
ग) २०:२-५, ८
६) लेखक पत्रुससँगै भित्री समूहका सदस्य भएको देखिन्थे
क) १३:२४
ख) २०:२
ग) २१:७
७) जब्दीका छोरा यूहन्ना गरिएका नाउँ, यो सुसमाचारमा कहिल्यै पनि देखा पर्दैन, जसलाई उच्च तहमा असान्दर्भिक देखिन्छ, किनिक उनी प्रेरितिय भित्री समूहका सदस्य थिए ।

२. बाह्य प्रमाण
क. सुसमाचार जानेका व्यक्ति
१) आइरेनियस (सन् १२०-२०२) जोचाहिँ पोलिकार्पसँग सम्बन्धित थिए, र उनले प्रेरित यूहन्नालाई चिन्दथे (इसुवियस, ऐतिहासिक उपदेशक ५:२०:६-७) - "यूहन्ना परमप्रभुका चेला जसले उनको छातीलाई आराममा राखे, र उनी आफैले एसियामा भएको एफिसीलाई सुसमाचार दिए" (होयर, ३:१:१, इसुवियसले बताएका, ऐतिहासिक उपदेशक ६:८:४) ।
२) अलेक्जान्ड्रियाका क्लेमेन्ट (सन् १५३-२१७) - यूहन्नालाई उनका मित्रहरूले अनुरोध गरेका थिए, र अलौकिकरूपमा पवित्र आत्मा द्वारा चलाएर आत्मिक सुसमाचारद्वारा बनाइएको थियो" (इसुवियस ऐतिहासिक उपदेशक ६:१४:७) ।
३) जस्टिन मार्टयरको ट्राइफोसँगको कुराकानी ८१:४ (सन् ११०-१६५)
४) टर्टुलियन (सन् १४५-२२०)
ख. धेरै अगाडिका साक्षीहरूले यूहन्नाको लेखपनलाई बताएका
१) पोलीकार्प (सन् ७०-१५६, आइरेनियसद्वारा अभिलेख राखिएको), जोचाहिँ स्मुर्नाका विषप थिए (सन् १५५)
२) पपियास (सन् ७०-१४६, रोम र इसुवियसबाट मार्कोनाइट विरोधी अभिलेख राखिएको उपसंहार), जो हिरापोलिस फ्रिगियाका विषप थिए र उनी प्रेरित यूहन्नाका चेला भएको कुरा बताए ।

च. परम्परावादी लेखकपनको शंकामा प्रयोग गरिएका कारणहरू
१. ज्ञानको विषयसँग सुसमाचारको सम्बन्ध
२. खण्ड २१ को अगाडिको परिशिष्ट
३. यूहन्ना बाहेकका सुसमाचारसँगको ऐतिहासिक भिन्नताहरू
४. यूहन्ना आफैले "प्रिय चेला" भनेर नबताएका
५. यूहन्नामा प्रयोग गरिएको येशूको् शब्दावली र शैलीमा अन्य सुसमाचारमा भन्दा फरक

छ. यदि हामीले उनी यूहन्ना प्रेरित थिए भनेर मानिलिने हो भने, तब हामीले मानिसको बारेमा के कुरालाई मानिलिन सक्छौं ?
१. उनले एफिसीबाट लेखे (आइरेनियस भन्दछन्, "उनले सुसमाचारलाई एफिसीबाट निकाले")
२. जब उनी बूढा भएको थिए, तब उनले लेखे -आइरेनियसले भन्दछन्, कि उनी ट्राजनको शासनकालसम्म जीवित रहे, सन् ९८-११७)

## मिति

क. यदि हामीले यूहन्नालाई प्रेरित भनेर मानिलिने हो भने,
१. सन् ७० भन्दा अगाडि, यरुशलेमलाई रोमी सिपाहीले वा पछि गएर रामी सम्राटले नाश गरेका थिए, तितस
क. यूहन्ना ५:२ मा, अब येरुशलेममा भेंडा ढोकाको नजिकै पाँचवटा दलान भएका एउटा जल-कुण्ड छ, जसलाई हिब्रूमा बेथस्दा भनिन्छ।"
ख. "चेलापन" भन्ने सुरुको शिर्षकलाई दोहोऱ्याएर प्रयोग गरियो, जसले प्रेरितिय समूहलाई देखाउँछ
ग. पछिबाट मानिलिएका ज्ञानका तत्वहरूलाई अब मृत सागरको लेखेर बटारेको कागजमा पत्ता लगाइन्छ, जसले पहिलो शताब्दीको ईश्वरशास्त्रीय विशेष शब्दलाई एक भागको रूपमा देखाएका छन्
घ. सन् ७० मा यरुशलेमको सहर र मन्दिरलाई नाश गरिएको बारेमा कुनै कुरा नबताइएको
ङ. प्रख्यात अमेरिकन भूगर्भविद् डब्लू. एफ. अलब्राइटले सुसमाचारको मितिलाई ७० को अन्ततिर वा ८० को सुरुमा भनेर बताएका

२. पहिलो शताब्दीको पछिल्तिर
   क. यूहन्नाले विकास गरेको ईश्वरशास्त्र
   ख. यरुशलेमको पतन भएको कुरा नबताइएको किनकि यो २० वर्षभन्दा अगाडि भएको
   ग. यूहन्नाको ज्ञानको प्रकारको विभाजन र जोडलाई प्रयोग गरिएको
   घ. मण्डलीको स ुरुको परम्परा
      १) आइरेनियस
      २) इसुवियस

ङ. यदि हामीले यूहन्नालाई ‘‘एल्डरको रूपमा’’ मानिलिने हो भने, तब यसको मिति दोस्रो शताब्दीको मध्यको सुरुतिर हुन्छ । यो सिद्धान्तलाई यूहन्ना प्रेरितको लेखकपनको डायनोसियसको इन्कारीमा साहित्यिक कारणको निम्ति हुन्छ । इसुवियस जसले यूहन्ना प्रेरितको लेखकपनलाई ईश्वरशास्त्रीय कारणको निम्ति प्रकाश पारे, र ठीक समयमा र ठीक ठाउँमा पपियसको भनाइमा अर्को ‘‘यूहन्ना’’ लाई पाएको कुरा महसूस गरे -ऐतिहासिक उपदेशक ३:३९:५:६), जसले दुईजना ‘‘यूहन्नाहरू’’ को बारेमा बताए १) एकजना प्रेरित र २) अर्को एल्डर (प्रेसवेटर) ।

## प्राप्त कर्ताहरू

क. सुरुमा यसलाई एसिया माइनरको रोमी साम्राज्यको एफिसीको मण्डलीहरूलाई लेखिएको थियो ।

ख. येशू खीष्ट नाजरिको व्यक्तिको जीवनमा यो गणनाको गहिराइ अति नै सामान्य भएको कारणले गर्दा यो सुसमाचार हेलेनवादी अन्यजाति विश्वासी र ज्ञानवादका समूहहरू दुवैलाई अति नै मनपर्ने भयो ।

## उद्देश्यहरू

क. सुसमाचार आफैले यसको सुसमाचारीय उद्देश्यलाई बताउँछ, २०:३०-३१ १.
   १. यहूदी पाठकहरूको निम्ति
   २. अन्यजाति पाठकहरूको निम्ति
   ३. ज्ञानवादका सुरुको अवस्थाका पाठकहरूको निम्ति

ख. यसमा बचाउने तृष्णा भएको जस्तो देखिन्छ
   १. बप्तिस्मा दिने यूहन्नालाई पछ्याउने कट्टर व्यक्तिहको विरुद्धमा
   २. सुरुका ज्ञानबादका झुटा शिक्षकहरूको विरुद्धमा -विशेषगरेर उपसंहारमा), यी ज्ञानवादका झुटा शिक्षाहरूले पनि अन्य नयाँ करारका पुस्तकहरूको पृष्टभूमि पनि निर्माण गर्दछन्:
      क. एफिसी
      ख. कलस्सी
      ग. पाष्टरीय पत्रहरू (१/२ तिमोथी, तितस)
      घ. १ यूहन्ना (१ यूहन्नाले सुसमाचाकारको निम्ति बाहिरी पत्रको रूपमा कार्य गरेको हुन सक्छ)

ग. त्यहाँ २०:३१ मा दिइएको उद्देश्यको भनाइमा सम्भाव्य सुसमाचारको साथसाथै धैर्यताको सिद्धान्तलाई उत्साह दिने कुरालाई बुझिन्छ, र मुक्ति लाई वर्णन गर्न निरन्तररूपमा वर्तमान कालको प्रयोग गरिन्छ । यो परिवेशमा याकूबले जस्तै यूहन्नाले पनि पावलको ईश्वरशास्त्रलाई एसिया माइनरको केही समूहहरूद्वारा धैरै जोड दिएर सन्तुलन गर्न सक्छन् (२ पत्रुस ३:१५-१६) । यो पनि अचम्मलाग्दो हुन्छ, कि सुरुको मण्डलीको परम्पराले यूहन्नालाई एफिसीसँग पहिचान गर्दछन्, तर पावलसँग होइन (जस्तैः एफ. एफ. ब्रुस, पत्रुस स्टिफन, याकूब, र यूहन्नाः पावलका विश्वासहरू भन्दा बाहिरकाको अध्ययन, पानाहरू १२०-१२१) ।

घ. उपसंहार (खण्ड २१) ले सुरुको मण्डलीको विशेष प्रश्नलाई उत्तर दिन खोजेको देखिन्छ
   १. यूहन्नाले यूहन्ना बाहेकका सुसमाचारको लेखाको प्रतिस्थापन गर्दछन् । तरैपनि, उनले यहूदीयाको सेवकाइलाई जोड दिन्छन्, निश्चित रूपमा यरूशलेममा ।
   २. खण्ड २१ को परिशिष्ट १ मा ३ वटा प्रश्नहहरू आएका छन्
      क. पत्रुसको स्थापना
      ख. यूहन्नाको दीर्घ आयु
      ग. येशूको ढिला गरिएको फर्काइ

ङ. कतिले यूहन्नालाई खीष्टियन विधिहरूलाई उद्देश्यपूर्ण रूपमा इन्कार गरिएको र अभिलेख राख्न जोड नदिइएको देख्छन्, वा अध्याय ३ (बप्तिस्मा को निम्ति) मा सिद्ध पाठगत मौका हुँदाहुँदै पनि तिनीहरू आफैले अभिशेक गर्ने कार्यलाई छलफल गर्छन्, र अध्याय ६ (प्रभु भोजको निम्ति) मा

## यूहन्नाको रुपरेखाको विशेषताहरू

क. एउटा दार्शनिक सुरुवात र (१:१-१८) र व्यवहारिक अन्त्य (अध्याय २१)

ख. येशूको सार्वजनिका सेवकाइको समयमा भएका सातवटा आश्‍चर्य कर्महरू (अध्यायहरू २-१२) र तिनीहरूको व्याख्या

१. कानाको विवाह उत्सवमा पानीलाई दाखमद्यमा परिवर्तन (२:१-११)
२. कफर्नहुमको महलमा उच्च अधिकारीको छोरो निको पारिएको (४:४६-५४)
३. यरुशलेमको बेथसेदाको जल-कुण्डमा पक्षघाती निको भएको (५:१-१८)
४. गालिलमा येशूले पाँच हजार जनालाई खुवाउनुभएको (६:१-१५)
५. गालिलको समुद्रमा हिँड्नुभएको (६:१६-२१)
६. यरुशलेममा जन्मैको अन्धालाई दृष्टिदान -९:१-४१)
७. बेथानीमा लाजरसलाई उठाइएको (११:१-५७)

ग. व्यक्तिहरूसँगको अन्तर्वार्ता र कुराकानी

१. बप्तिस्मा दिने यूहन्ना (१:१९-३४, ३:२२-३६)
२. चेलाहरू
   क. अन्द्रियास र पत्रुस (१:३५-४२)
   ख. फिलिप र नथानिएल (१:४३-५१)
३. निकोदेमस (३:१-२१)
४. सामरियाकी स्त्री (४:१-४५)
५. यरुशलेममा यहूदीहरू (५:१०-४७)
६. गालिलमा रहेको भिड (६:२२-६६)
७. पत्रुस र चेलाहरू (६:६७-७१)
८. येशूका भाइहरू (७:१-१३)
९. यरुशलेममा यहूदीहरू (७:१४-८:५९; १०:१-४२)
१०. माथिल्लो कोठामा रहेका चेलाहरू (१३:१-१७:२६)
११. यहूदीहरूको पक्राउ र जाँच (१८:१-२७)
१२. रोमीहरूको जाँच (१८:२६-१९:१६)
१३. पुनरुत्थान भए पछिको कुराकानी (२०:११-२९)
   क. मरियमसँग
   ख. १० जना चेलाहरूसँग
   ग. थोमासँग
१४. पत्रुससँग भएको स ुरुको कुराकानी (२१:१-२५)
१५. व्यभिचारी स्त्रीको कथामा यूहन्नाको सुसमाचारमा सुरुको भाग थिएन (७:५३-८:११)

घ. निश्‍चित आराधना वा चाडवाडका दिनहरू

१. शवाथ वा विश्राम दिनहरू (५:९; ७:२२; ९:१४; १९:३१
२. निस्तार चाडहरू (२:१३; ६:४; ११:५५; १८:२८)
३. छाप्रो बासको चाड (खण्डहरू ८ र ९)
४. हनुखा वा ज्योतिको चाड (१०:२२)

ङ. "म हुँ" भन्ने भनाइको प्रयोग

१. "म उही हुँ" (४:२६; ६:२०; ८:२४, २८ ५४-५९; १३:१९; १८:५-६, ८)
२. "म जीवनको रोटी हुँ (६:३५,४१,४८,५१)
३. "म संसारको ज्योति हुँ" (८:१२; ९:५)
४. "म भेंडाको ढोका हुँ" (१०:७, ९)
५. "म असल गोठालो हुँ" (१०:११, १४)
६. "म पुनरुत्थान र जीवन हुँ" (११:२५)
७. "म बाटो, सत्य र जीवन हुँ" (१४:६)
८. "म असल दाखको बोट हुँ" (१५:१, ५)

## पढाइको चक्र एक (पाना पाँचलाई हेर्नुहोस्)

यो अध्ययनको मार्गनिर्देशको टिप्पणी हो, जसको अर्थ बाइबललाई आफ्नै प्रकारले व्याख्या गर्ने जिम्मेवारी हुन्छ। हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारको रूपमा छोड्नु हुँदैन।

सम्पूर्ण बाइबलको पुस्तकलाई एकै बसाइमा पढ्नुहोस्। सम्पूर्ण पुस्तकको मुख्य विषयलाई आफ्नै शब्दहरूमा बताउनुहोस्।

१. सम्पूर्ण पुस्तकको विषय

२. साहित्य वा शैलीको प्रकार

## पढाइको चक्र दुई (५ पानालाई हेर्नुहोस्)

यो अध्ययनको मार्गनिर्देशको टिप्पणी हो, जसको अर्थ बाइबललाई आफ्नै प्रकारले व्याख्या गर्ने जिम्मेवारी हुन्छ। हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारको रूपमा छोड्नु हुँदैन।

सम्पूर्ण बाइबलको पुस्तकलाई एकै बसाइमा पढ्नुहोस्। सम्पूर्ण पुस्तकको मुख्य विषयलाई आफ्नै शब्दहरूमा बताउनुहोस्।

१. पहिलो साहित्यिक इकाईको विषय

२. दोस्रो साहित्यिक इकाईको विषय

३. तेस्रो साहित्यिक इकाईको विषय

४. चौथो साहित्यिक इकाईको विषय

५. इत्यादि

# यूहन्ना १ अध्याय

## आधुनिक अनुवादको अनुच्छेदको विभाजन*

| यू.वि.यस.४ | एन.के.जे.भि. | एन.आर.एस.भि. | टि.ई.भि. | एन.जे.बि. |
|---|---|---|---|---|
| वचन देहधारी भयो | अनन्त वचन | प्रस्तावना | जीवनको वचन | प्रस्तावना |
| १:१-५ | १:१-५ | १:१-५ | १:१-५ | १:१-१८ |
| | यूहन्नाको साक्षी: साँचो प्रकाश | | | |
| १:६-१३ | १:६-१३ | १:६-९ | १:६-९ | |
| | | १:१०-१३ | १:१०-१३ | |
| | वचन देहधारी भयो | | | |
| १:१४-१८ | १:१४-१८ | १:१४-१८ | १:१४ | |
| | | | १:१५ | |
| | | | १:१६-१८ | |
| बप्तिस्मा दिने यूहन्नाको गवाही | उजाड स्थानको आवाज | यूहन्नाको साक्षी | बप्तिस्मा दिने यूहन्नाको सन्देश | यूहन्नाको साक्षी |
| १:१९-२८ | १:१९-२८ | १:१९-२३ | १:१९ | १:१९-२८ |
| | | | १:२० | |
| | | | १:२१क | |
| | | | १:२१ख | |
| | | | १:२१ग | |
| | | | १:२२क | |
| | | | १:२२ख | |
| | | | १:२३ | |
| | | १:२४-२८ | १:२४-२५ | |
| | | | १:२६-२७ | |
| | | | १:२८ | |
| परमेश्वरको थुमा | परमेश्वरको थुमा | | परमेश्वरको थुमा | |
| १:२९-३४ | १:२९-३४ | १:२९-३४ | १:२९-३१ | १:२९-३४ |
| | | | १:३२-३४ | |
| पहिला चेलाहरू | पहिला चेलाहरू | येशूको गवाही<br>पहिला चेलाहरू | येशू ख्रीष्टका पहिला चेलाहरू | पहिला चेलाहरू |
| १:३५-४२ | १:३५-४२ | १:३५-४२ | १:३५-३६ | १:३५-३९ |
| | | | १:३७-३८क | |
| | | | १:३८ख | |
| | | | १:३९ | |
| | | | १:४०-४२क | १:४०-४२ |
| | | | १:४२ख | |

| | | | | |
|---|---|---|---|---|
| १:४३-५१फिलिपलाई बोलावट नथानेल | ाफिलिप र नथानेल | | येशूले फिलिप र नथानेललाई बोलाउनुभएको | |
| १:४३-५१ | १:४३-५१ | १:४३-५१ | १:४३-४५ | १:४३-५१ |
| | | | १:४६क | |
| | | | १:४६ख | |
| | | | १:४७ | |
| | | | १:४८क | |
| | | | १:४८ख | |
| | | | १:४९ | |
| | | | १:५०-५१ | |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको भावनालाई पछ्याउनु

यो अध्ययनको मार्गनिर्देशको टिप्पणी हो, जसको अर्थ बाइबललाई आफ्नै प्रकारले व्याख्या गर्ने जिम्मेवारी हुन्छ। हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारको रूपमा छोड्नु हुँदैन।

खण्डलाई एकै बसाइमा पढ्नुहोस्। विषयहरूको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचवटा विभाजनसँगै तुलना गर्नुहोस्। अनुच्छेदहरू प्रेरित भएका हुँदैनन्, तर सुरुको लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ हृदयको व्याख्या हो। हरेक अनुच्छेदको एउटा र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

### पदहरू १-१८ का सान्दर्भिक अन्तर्दृष्टिहरू

क. कविताको वा गीतको वा लेखिएको कुराको ईश्वरशास्त्रीय रुपरेखा
   १. अनन्त, अलौकिक, सृष्टिकर्ता, छुटकारा दिनेवाला येशू, पदहरू१-५(येशू वचनको रूपमा)
   २. ख्रीष्टको अगमवाणीको गवाही, पदहरू ६-९, १५ (येशू ज्योतिको रूपमा)
   ३. अवतारिक येशूले परमेश्वरलाई प्रकट गर्ने, पदहरू १०-१८ (येशू पुत्रको रूपमा)

ख. पदहरू ११८ को ईश्वरशास्त्रीय संरचना र आउने कुरा
   १. येशू पिता परमेश्वरसँग अगाडि नै अस्तित्वमा रहनुभएको (१क)
   २. येशू पिता परमेश्वरसँग नजिकको सम्बन्धमा रहनुभएको (१ख, २, १८ग)
   ३. येशूले पिता परमेश्वरको उही नै आवश्यकीय तत्वलाई बाड्नुहुने (१ग, १८ख)

* Although they are not inspired, paragraph divisions are the key to understanding and following the original author's intent. Each modern translation has divided and summarized the paragraphs. Every paragraph has one central topic, truth, or thought. Each version encapsulates that topic in its own distinct way. As you read the text, ask yourself which translation fits your understanding of the subject and verse divisions.

In every chapter we must read the Bible first and try to identify its subjects (paragraphs), then compare our understanding with the modern versions. Only when we understand the original author's intent by following his logic and presentation can we truly understand the Bible. Only the original author is inspired—readers have no right to change or modify the message. Bible readers do have the responsibility of applying the inspired truth to their day and their lives.

४. पिता परमेश्वरको अर्थ छुटकारा दिने र लिने (१२-१३)
५. अवतारित ईश्वरत्व मानिस बन्नुहुने -९, १४)
६. प्रकाश, ईश्वरत्वलाई पूर्ण प्रकट गरिएको र बुझिएको (१८ग)

ग. लोगोस वा वचनको हिब्रू वा ग्रीक पृष्टभूमि

१. हिब्रू पृष्टभूमि

क. बोलिएको वचनको शक्ति (यशैया ५५:११; भजनसंग्रह ३३:६; १०७:२०; १४७:१५,१८), सृष्टिको रूपमा -उत्पत्ति १:३,६,९,११,१४,२०,२४, २६,२९) र प्राचीन आशिष् (उत्पत्ति २७:१, ४९:१)

ख. हितोपदेश ८:१२-२३ मा "ज्ञान" लाई मानिसजस्तो बनाउँदा परमेश्वरको पहिलो सृष्टि र सबै सृष्टिको एजेन्सी हुन्छ (भजनसंग्रह ३३:६ र सोलोमनको ज्ञानको बाइबलमा नलिइएको पुस्तक, ९:९)

ग. टार्गम (अरमेइक अनुवाद र टिप्पणी) मा लोगोसको निम्ति स्थापित गरिएको वाक्यांश "परमेश्वरको वचन" हुन्छ, किनकि यो तिनीहरू को मानवीय परिवेशमा आराम हुँदैन ।

२. ग्रीक पृष्टभूमि

क. हिराक्लेट्स - यो विश्व निरन्तर परिवर्तनमा थियो, र यो सँगसँगै अवैयक्तिगत, अलौकिक र अपरिवर्तनमा आयो, र परिवर्तिन प्रकृया लाई निर्देशित गऱ्यो ।

ख. प्लेटो - अपरिवर्तनिय र अवैयक्तिगत लोगोसले ग्रहहरूलाई यसको मार्गमा राख्यो, र मौसमलाई निर्धारण गऱ्यो ।

ग. स्टोइक - लोगोस "संसारको कारण" वा व्यवस्थापक थियो, तर यो आधि-व्यक्तिगत थियो ।

घ. फाइलो - उनले लोगोसको विचारलाई मानिसजस्तो बनाएर "उच्च पूजाहारी जसले मानिसलाई परमेश्वरको अगाडि मिलाएर राखे" वा "परमेश्वर वा मानिसको बीचमा पुलको काम गरे" वा "यस संसारका मुख्य व्यक्तिले सबै चिजहरूमाथि त्यो वेलासम्म अधिन गर्दछन्" (संसारलाई सृष्टि गर्नेवाला)

घ. दोस्रो शताब्दीको ज्ञानको ईश्वरशास्त्रीय वा दार्शनिक व्यवस्थामा विकास भएको तत्व

१. आत्मा र तत्वको बीचमा भएको अनन्तताको विरोधीको द्विविधा ।

२. तत्वहरू दुष्ट र सजिलै हटाउन सकिने हुन्छन्, तर आत्मा असल हुन्छ ।

३. ज्ञानको व्यवस्थाले उच्च, असल ईश्वर र कमसल ईश्वरको बीचमा स्वर्गदूतको तहको क्रममा राख्दछन्, जसले तत्वलाई बनाउन सक्षम थिए । कतिले यो कुरा पनि भनेका छन्, कि यो कमसल ईश्वर मार्सिवन जस्तै पुरानो करारको यहोवा हुन् ।

४. मुक्ति यसरी भयो:

क. गोप्य ज्ञान वा लुकेका शब्दहरू, जसले परमेश्वरसँगको एकतामा रहन यी स्वर्गदूतको तहमा तिनीहरूकै तरिकाले लानको लागि व्यक्ति लाई अनुमति दिन्छन् ।

ख. सबै मानवमा अलौकिक झिल्का, जोहरू तिनीहरूले गोप्य ज्ञान नपाएसम्म जानकारीमा हुँदैनन् ।

ग. प्रकाशको विशेष व्यक्तिगत एजेन्ट जसले मानवजातिको गोप्य ज्ञानलाई प्रदान गर्दछ (येशू ख्रीष्टको आत्मा)

५. यो विचारको व्यवस्थाले येशूको ईश्वरत्वलाई प्रकट गर्दछ, तर उहाँको वास्तविक र स्थायी अवतारीत र केन्द्रिय उद्धारको स्थानमा इन्कार गर्दछ ।

ङ. ऐतिहासिक परिवेश

१. पदहरू १-१८ ले लोगोसको प्रयोगको परिवेशलाई ग्रीक र हिब्रू दुवै विचारमा सम्बन्ध राख्ने प्रयास गरिन्छ ।

२. यो यूहन्नाको सुसमाचारको परिचयको उच्च तहमा संरचना गरिएको ज्ञानवादको झुटो शिक्षालाई दार्शनिक तहको पृष्टभूमिमा राखिन्छ । १ यूहन्ना यो सुसमाचारको बाहिरी पत्र हुन सक्छ । विचारको ईश्वरशास्त्रीय व्यवस्थालाई "ज्ञानवाद" भनिन्छ, जुन लेख दोस्रो शताब्दी सम्म मा अज्ञानरुपमा नै थियो, तर ज्ञानवादका विषयहरू प्राप्त कर्तामा मृत सागरको पट्टयाइएको पत्र र फाइलो थिए ।

३. सुसमाचारीय पत्र विशेष गरेर मर्कूसले येशूको ईश्वरत्व (मसिहको गोप्यता) लाई कलभरी पछाडिसम्म प्रकट गर्दछ, तर यूहन्नालाई पछाडि मात्र लेखिएको थियो, र येशूको पूर्ण ईश्वर र पूर्ण मानिस भन्ने जटिल विषयको विकास खण्ड १ (मानिसको पुत्र, इजकिएल २:१ र दानिएल ७:१३) मा गरियो ।

च. विशेष विषयलाई हेर्नुहोसः यूहन्ना १ अध्यायलाई १ यूहन्नाको १ र १ यूहन्नाको १:१ सँग तुलना गरिएको

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बताइएको) पाठः १:१-५**

"आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो । सबैथोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँबिना बनिएन । उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरूको ज्योति थियो । त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजय भएको छैन ।".

१:१ सुरुमा भन्ने शब्दले अवतारको सन्दर्भको रूपमा उत्पत्ति १:१ र १ यूहन्ना १:१ मा प्रयोग गरिएको छ । यो पनि सम्भव छ कि, १ यूहन्ना सुसमाचारको बाहिरी पत्र बन्दछ । दुवैले ज्ञानवादको विषयमा बताएका छन् । पदहरू १-५ ले येशू ख्रीष्टलाई पक्का गर्ने बारेमा सृष्टि भन्दा अगाडिको अस्तित्वलाई देखाएका छन् (१:१५; ८:५६-५९; १६:२८; १७:५; २ कोरिन्थी ८:५; फिलिप्पी २:६-७; कलस्सी १:१७; हिब्रू १:३; १०:५-९) ।

नयाँ करारलाई यसरी वर्णन गरिएको छः
१. एउटा नयाँ सृष्टि, पतनबाट भएको होइन (उत्पत्ति ३:१५ मा मानवजातिबाट पूरा भएको)
२. एउटा नयाँ विजय (प्रतिज्ञा गरिएको देश)
३. एउटा नयाँ प्रस्थान (अगमवाणी पूरा भएको)
४. एउटा नयाँ मोशा (व्यवस्थादाता)
५. एउटा नयाँ यहोशू (हिब्रू ४:८)
६. एउटा नयाँ पानीको आश्चर्यकर्म (हिब्रू ३-४)
७. एउटा नयाँ मन्न (यूहन्ना ६ अध्याय)
र अन्य धेरै, विशेषगरेर हिब्रूमा

## विशेष शिर्षकः चाँपको आकारमा बनेको

ग्रीक परिवेशमा अधिन गरेको आर्क शब्दको अर्थ केही चिजको ''सुरु वा सुरुवात'' भन्ने हुन्छ ।
१. सृष्टि गरिएको क्रमको स ुरुवात (यूहन्ना १:१; १ यूहन्ना १:१; हिब्रू १:१०)
२. स ुसमाचारको सुरुवात (मर्कूस १:१; फिलिप्पी ४:१५; २ थेसलोनिकी २:१३; हिब्रू २:३)
३. पहिला आँखाले देख्नेहरू (लूका १:२)
४. आश्चर्य कर्महरूको सुरुवात (यूहन्ना २:११)
५. सिद्धान्तहरूको सुरुवात (हिब्रू ५:१२)
६. सुसमाचारको सत्यतालाई आधार बनाएर स ुरु गरिएको निश्चियता
७. सुरुवात (कलस्सी १:१८; प्रकाश ३:१४)
यसलाई ''शासन'' वा ''अधिकारको'' रूपमा प्रयोग गरियो
१. मानिसलाई शासन गर्ने अधिकारीहरू
 क. लूका १२:११
 ख. लूका २०:२०
 ग. रोमी १३:३; तितस ३:१
२. स्वर्गदूतका अधिकारहरू
 क. रोमी ८:३८
 ख. १ कोरिन्थी १५:२४
 ग. एफिसी १:२१, ३:१०, ६:१२
 घ. कलस्सी १:१६, २:१०, १५
 ङ. यहूदा पद ६

यी झुटा शिक्षकहरूको यस धर्तिमा र स्वर्गमा सबै अधिकार हुँदाहुँदै पनि, तिनीहरू नाउँ मात्रको मनोनयनका छुटकारा दिने विरोधी हुन् । तिनीहरू आफैले पहिला तिनीहरूको चाहनालाई परमेश्वरको, स्वर्गदूतको, शासकहरूको र मण्डलीका अगुवाहरूको अगाडि राखेका छन् ।

''भएको थियो'' भन्ने शब्दलाई तीनपटक प्रयोग गरियो । यो अपूर्ण कालमा छ । (पदहरू १,२,४,१०), जसले विगतको समयको निरन्तर अस्तित्वलाई जोड दिन्छ । यो काल लोगोसको अगाडिको अस्तित्व देखाउनलाई प्रयोग गरिएको छ (८:५७-५८; १७:५, २४; २ कोरिन्थी ८:९; कलस्सी १:१७; हिब्रू १०:५-७) यो पदहरू ३, ६ र १४ को पूर्ण कालको विपरिततामा छ ।

''वचन'' को ग्रीक परिवेश लोगोसले एउटा वचनलाई मात्र नबताएर सन्देशलाई बताउने गर्दछ । यो परिवेशमा यो शिर्षक बन्दछ, जसले ग्रीकहरूलाई ''संसारको कारण'' को वर्णन गर्न प्रयोग गरे, र हिब्रूहरूले ''ज्ञान'' को मिल्दोजुल्दो कुरा प्रयोग गरे । यूहन्नाले यो परिवेशलाई परमेश्वरको वचनको र व्यक्तिलाई देखाउनलाई छाने । परिवेशको अन्तर्दृष्टिको ग लाई हेर्नुहोस् ।

''परमेश्वरसँग'' भन्दा ''सँग'' ले ''आमने सामने'' लाई विभाजन गर्न सक्थ्यो । यसले नजिकको संगतिलाई वर्णन गर्दछ । यसले एउटा अलौकिक खाँचोको विचार र तीनवटा अनन्त व्यक्तिगत प्रदर्शनलाई देखाउँदछ (यूहन्ना १४:२६ मा भएको त्रियकत्वको विशेष शिर्षकलाई हेर्नुहोस्) । नयाँ करारले येशूमा भएको विडम्बनालाई पिताबाट अलग भएको कुरा बताउँछ, तर उहाँ पितासँग एक हुनुहुन्छ ।

पद १क मा भएको ''वचन परमेश्वरसँग हुनुहुन्थ्यो'' भन्ने क्रियापदले अपूर्ण काललाई देखाउँछ । त्यहाँ परमेश्वरसँग उपपद भन्ने छैन (जसले विषयको पहिचान गर्दछ, एफ. एफ. ब्रूसको प्रश्न उत्तर भन्नेको पाना ६६ हेर्नुहोस्), तर यसलाई पहिला ग्रीक वाक्यांशमा जोड दिनको निम्ति राखिएको हुन्छ । यो पद र पद १८ ले लोगोस वा वचनको अगाडि नै अस्तित्वमा रहेको पूर्ण ईश्वरत्वलाई बलियो रूपमा भनेका छन् (५:१८; ८:५८; १०:३०; १४:९; १७:११; २०:२८; रोमी ९:५; हिब्रू १:८; २ पत्रुस १:१) । येशू पूर्ण ईश्वर र पूर्ण मानव हुनुहुन्छ (१ यूहन्ना ४:१-३) । उहाँ परमेश्वर पिताजस्तै हुनुहुन्न, तर उहाँ पिताको अलौकिक उही स्वरुपमा हुनुहुन्छ ।

नयाँ करारले येशू खीष्ट नाजरीको पूर्ण ईश्वरत्वलाई प्रकट गर्दछ, तर पिताको फरक व्यक्तित्वपनलाई रक्षा गर्दछ । एउटा स्वर्गीय तत्व यूहन्ना १:१; ५:१८; १०:३०, ३४-३८; १४:९-१० र २०:२८ मा जोड दिइएको छ, जबकि तिनीहरूको फरकपनलाई यूहन्ना १:२,१४,१८; ५:१९-२३; ८:२८; १०:२५,२९; १४:११,१२,१३,१६ मा जोड दिइएको छ ।

१:२, यो पद १ सँग समानान्तर छ, र येशूमा भएको एकेश्वरवादलाई सत्यताको प्रकाशमा पुन घचघच्याएर जोड दिइन्छ, जो करिव ६ वा ५ ई.पू. मा जन्मनुभएको थियो, पितासँग सँधै रहनुभयो, त्यसकारण उहाँ ईश्वर हुनुहुन्छ ।

१:३, "सबै थोक उहाँद्वारा बनिए," लोगोस सृष्टिको दृश्य र अदृश्य दुवै चिजहरूमा पिताको एजेन्ट भए (यूहन्ना १:१०; १ कोरिन्थी ८:६; कलस्सी १:१६; हिब्रू १:२) । यो भजनसंग्रह १०४:२४ र हितोपदेश ३:१९; ८:१२-२३ सँग ज्ञानको भूमिका खेल्दा उस्तै देखिन्छ (हिब्रूको "ज्ञान" मा संज्ञाको स्त्री लिङ्ग भन्ने हुन्छ) ।

"र बनिएको कुनै थोक पनि उहाँबिना बनिएन," यो ज्ञानवादको झुटा शिक्षाको त्यो बनिएको कुरामा उच्च असल ईश्वर र कमसल आत्मिक प्राणीको बीचमा स्वर्गदूतिय युगको खण्डन हो, जुन अगाडि नै अस्तित्वमा आएको तत्व हुन्छ (परिवेशको अन्तर्दृष्टिको घ लाई हेर्नुहोस्) ।

१:४, "उहाँमा जीवन थियो," यो वाक्यांशले पनि यस्तो जोड दिँदछ, कि यो जीवन उहाँका पुत्रद्वारा वचनमा आउँदछ । यूहन्नाले *जो* भन्ने परिवेश प्रयोग गरेर पुनरुत्थानको जीवन, अनन्त जीवन र परमेश्वरको जीवनको बारेमा बताए (१:४; ३:१५,३६; ४:१४,३६; ५:२४,२६,२९,३९,४०; ६:२७,३३,३५,४०,४७,४८,५१,५३,५४,६३,६५ आदि) । "जीवन" को अर्को ग्रीक परिवेशमा बायोस वा जीव भनेर पृथ्वीको जीवात्मक जीवनको लागि प्रयोग गरियो (१ यूहन्ना २:१६) ।

"र त्यो जीवन मानिसहरूको ज्योति थियो," यूहन्नाले परमेश्वरको ज्ञान र सत्यतामा प्रकाशलाई सामान्य नमुनाको रूपमा प्रयोग गर्छन् (यूहन्ना ३:१९; ८:१२; ९:५; १२:४६) । जीवन सबै मानिसको लागि भएको कुरा याद गर्नुहोस् (सम्भाव्य संकेत, भजनसंग्रह ३६:५-९) ! मृत सागरमा पाइएको प्रमाणहरूमा प्रकाश र अध्यारोपन सामान्य विषयहरू थिए । यूहन्ना आफैले कतिचोटी द्विविधा वा विरोधाभाषपूर्ण परिवेश र श्रेणीमा प्रकट गर्दछन् ।

१:५, "त्यो ज्योति अन्धकारमा चम्कन्छ," यो वर्तमान कालमा छ, जसको अर्थ निरन्तर कार्य हो । येशू सधैं अस्तित्वमा रहनुहुन्छ, तर अब उहाँ स्पष्टरूपमा यस संसारमा देखिनुहुन्छ (८:१२; ९:५; १२:४६) । कतिचोटी पुरानो करारमा शारीरिक वा परमेश्वरको मानवीय प्रदर्शनलाई परमेश्वरको स्वर्गदूतसँग पहिचान गरिन्थ्यो -उत्पत्ति १६:७-१३; २२:११-१५; ३१:११,१३; ४८:१५-१६; प्रस्थान ३:२,४; १३:२१; १४:१९; न्यायकर्ता २:१; ६:२२-२३; १३:३-२२; जकरिया ३:१-२) । कतिले यो पनि बताएका छन्, कि यो अगाडि नै अस्तित्वमा रहेको लोगोस थियो ।

## विशेष शिर्षक: परमप्रभुका स्वर्गदूत

यो अगाडि नै आएको छ, कि शारीरिक मानवीय स्वरुप आफैमा ईश्वररत्व प्रकट भएको छ । यसमा त्रियकत्वको प्रश्न बन्दछ, जसमा व्यक्तिले त्रियकत्वको यो भूमिकालाई पूरा गर्दछ । पिता यहोवा परमेश्वर र उहाँको आत्मा निरन्तररूपमा एक अर्कामा नमिलेपछि, यो सुझावको सम्भावना देखिन्छ, कि यी मानवीय प्रदर्शनहरू अगाडि नै अस्तित्वमा रहेको परमेश्वर हुनुहुन्छ ।

जो कोहीले पनि सामना गरेको कठिनाइको प्रदर्शनलाई स्वर्गदूतको जम्काभेटबाट तलको सूचीहरूलाई नमुनाको रूपमा परमेश्वरीय पहिचान मा कोसिस गरिन्छ ।

१. परमप्रभुका दूत स्वर्गदूतका रूपमा
   - क. उत्पत्ति २४:७, ४०
   - ख. प्रस्थान २३:२०-२३; ३२:३४
   - ग. गन्ती २२:२२
   - घ. न्यायकर्ता ५:२३
   - ङ. २ शमूएल १४:१६
   - च. १ इतिहास २१:१५-३०
   - छ. जकरिया १:१२-१३

२. परमप्रभुका दूत परमेश्वरको रूपमा
   - क. उत्पत्ति १६:७-१३; १८:१-१९:१; २२:११-१५; ३१:११,१३; ४८:१५-१६
   - ख. प्रस्थान ३:२,४; १४:१९ (१३:२१)
   - ग. न्यायकर्ता २:१५; ६:२२-२४; १३:३-२३
   - घ. होशे १२:३-४
   - ङ. जकरिया ३:१-५

●

| | |
|---|---|
| ना.स.बि., एन.के.जे.बि. | "अध्यारोपन यसमाथि सम्मलिन हुन सकेन" |
| एन.के.जे.बि. | "अध्यारोपनले यसमाथि विजय पाउन सकेन" |
| एन.आर.एस.भि. | "अध्यारोपनले यसलाई कहिल्यैपनि बाहिर राख्न सकेन" |
| टि.ई.भि. एन.जे.बि. | "र अध्यारोपनले यसमाथि कहिल्यैपनि विजय पाउदैनथ्यो" |

यो परिवेश (काटालाम्बान्क) को आधारभूत अर्थ "कसेर पक्रिनु" हो । त्यसकारण यसको अर्थ कित १) धेरै शक्ति प्राप्त गर्नलाई पक्रनु (मत्ती १६:१८) वा २) सम्मिलत गरेर वा बुझेर पक्रनु भन्ने हुन्छ । यूहन्नाले यो अर्थको अस्पष्टता दुवैलाई सुझाव दिन प्रयोग गरेको हुन सक्छ । यूहन्नाको सुसमाचार दुईवटा कुराहरूले चित्रण गरिएको हुन्छ -उदाहरणको रूपमाः "फेरी जन्मनु वा माथिबाट जन्मनु," ३:३ मा "हावा" र "आत्मा" ३:८)

यो क्रियापद -काटालाम्बान्क) यूहन्नाको लेखहरूमा दुईपटकमात्र आएको छ (८:३-४ मा आएको कुरा साँचो होइन) । १:५ मा अध्यारोपनलाई बुझिएन वा यसमाथि विजय पाउन सकिएन, र १२:३५ मा आएको अध्यारोपनले प्रकाश (येशू/सुसमाचार) लाई इन्कार गरेर अत्यधिक रूपमा लियो । इन्कारीले अन्योलता ल्याउँदछ भने, स्वीकारले आराधना गर्ने बनाउँदछ !

म्यानफ्रेड टि. बरुक, अबुसिङ्ग बाइबल, पाना ३५, मानवीय अवस्थालाई चित्रण गरिएको ।

१. हराएको अवस्था, लूका १५
२. अध्यारोपन, यूहन्ना १:५
३. शत्रुत्रा, रोमी ५:१०
४. अलग्गिनु, एफिसी २:१५-१७
५. अइश्वरीयपन, रोमी १:१८
६. परमेश्वरको जीवनबाट अलग्गिनु, एफिसी ४:१७-१८
७. मानवीय पापको अति उत्तम सारांश रोमी १:१८-३:२३ मा पाइन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १:६-८

"परमेश्वरबाट पठाइएका एकजना मानिस थिए, जसको नाउँ यूहन्ना थियो । उनीद्वारा सबैले विश्वास गरुन् भनेर यहाँ त्यस ज्योतिको गवाही दिन उनी साक्षी भई आए । उनी आफै त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन आए ।"

१:६-८, यी पदहरू र पद १५ (एउटा बन्धनी लगाइएको पछाडिको झिल्का) ले बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा साक्षी दिएको अभिलेख छ । उनी पुरानो करारका अन्तिम अगमवक्ता थिए । यी पदहरूलाई कविताको स्वरुपमा राख्न कठिनाइ हुन्छ । त्यहाँ विद्वानहरूको बीचमा बादबिवाद छ, चाहे यो प्रस्तावनाको कविता वा पद्य होस् ।

बप्तिस्मा दिने यूहन्ना पुरानो करारका अन्तिम अगमवक्ता थिए (उहाँको सन्देशको भावनामा र दृष्टिकोणमा) । उनी मलाकी ३:१ र ४:५ मा अगमवाणी गरिएको कुरालाई चलाउने वाला थिए (यूहन्ना १:२०-२५) । यूहन्ना प्रेरितले पदहरू ६-८ लाई मिसाएको हुन सक्छ, किनकि यो अगाडि नै आएको असमझदारी थियो, जसले बप्तिस्मा दिने यूहन्नाको वरिपरि विकास गरे (लूका ३:१५; प्रेरित १८:२५; १९:३) । यूहन्नाले अन्य सुसमाचारका लेखकहरूले भन्दा पछि लेखे, र यो समस्याको विकासलाई देखे ।

यो कुरा चाखलाग्दो छ कि, ख्रीष्टले क्रियालाई अपूर्णकाल (अगाडि नै अस्तित्वमा रहेको) मा वर्णन गर्छन्, जबकि यूहन्ना (समयमा देखाइएको) ले पूर्ण कालको क्रिया (एउटा ऐतिहासिक घटनासँगै अन्तिम परिणाम) मा (पद ६) वर्णन गर्दछन् । येशू ख्रीष्ट सधैं नै अस्तित्वमा रहनुभएको छ ।

१:७ मा "उनीद्वारा सबैले विश्वास गरुन् भनेर" भन्ने संयोजकको उद्देश्य हुन्छ । अन्य सबै सुसमाचारहरू जस्तै यूहन्नाको सुसमाचार (एउटा अनौठो ख्रीष्टियन शैली) मा एउटा सुसमाचारीय क्षेत्र छ । यो सबैको निम्ति अचम्मको मुक्तिको दान हो, जसले येशू ख्रीष्टमा विश्वासलाई अभ्यास गर्छन्, जो यस संसारको ज्योति हुनुहुन्छ -पद १२; यूहन्ना ३:१६; ४:४२; २०:३१; १ तिमोथी २:४; तितस २:११; २ पत्रुस ३:९; १ यूहन्ना २:१; ४:१४) ।

१:७, १२ मा "विश्वास" गर भन्ने क्रियापद यूहन्नाको सुसमाचारमा ७८ पटक, र अन्य यूहन्नाका पत्रहरूमा २४ पटक प्रयोग गरिएको छ । यो चाखलाग्दो छ कि, यूहन्नाको सुसमाचारले कहिल्यै पनि संज्ञाको स्वरुपलाई प्रयोग नगरेर क्रियापदलाई मात्र प्रयोग गर्‍यो । सामान्यतया विश्वास बौद्धिकतामा वा भावनाको प्रतिक्रियामा हुँदैन, तर यो इच्छाशक्तिको प्रतिक्रियामा हुन्छ । यो ग्रीक परिवेश अंग्रजीको तीनवटा परिवेशमा अनुवाद गरिएको छः विश्वास, भरोसा र निष्ठा । यो उहाँलाई "स्वागत गर्ने" (पद ११) र "स्वीकार गर्ने" (पद १२) समानान्तर रूपमा हुन्छ । परमेश्वरको कृपामा मुक्ति सित्तैमा पाइन्छ, र येशूको सिद्धिएको कार्य हुन्छ, तर यसलाई प्राप्त गर्नुपर्ने हुन्छ । मुक्ति सम्बन्धको करारमा आउने मौकाहरू र जिम्मेवारीहरू हो ।

**विशेष शिर्षकः निष्ठा, विश्वास वा भरोसा** (पिस्टिसः संज्ञा, पिसटेउकः क्रिया, पिसटोसः विशेषण)

क. यो बाइबलमा भएको अति नै महत्वपूर्ण परिवेश हो -हिब्रू ११:१,६) । यो येशूको स_रुको प्रचारको विषय हो (मर्कूस १:१५) । त्यहाँ कमसेकम नयाँ करारमा दुईवटा कुराहरूको खाँचो पर्दछः पश्चात्ताप र विश्वास (मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१) । यो शब्दको इतिहास हो ।

ख. १. पुरानो करारमा विश्वास भन्ने परिवेश इमानदार, भक्तिभाव, वा भरोसायोग्यपना, र हाम्रो नभएर परमेश्वरको प्रकृतिको वर्णन थियो ।
२. यो हिब्रू परिवेश (इमुन वा इमुनाह) बाट आयो, जसको अर्थ "निश्चित हुनु वा स्थिर हुनु" भन्ने हुन्छ । विश्वासलाई वचाउनु (सत्यताको क्रम), र नैतिकतामा जीउनु (एउटा जीवनशैली) मानसिक सहमति हो, र सामान्यतया एउटा सम्बन्धित (व्यक्तिलाई स्वागत गर्नु), र त्यो व्यक्तिको आफ्नै इच्छाले (एउटा निर्णय) समर्पित हुन्छ ।

ग. यसको पुरानो करारको प्रयोग

यसमा यो कुरालाई जोड दिनुपर्छ कि, अब्राहामको विश्वास भविष्यको मसिहको बारेमा थिएन, तर परमेश्वरको प्रतिज्ञामा उनको निम्ति र आउने पुस्ताको निम्ति पुत्र जन्मिनेछ (उत्पत्ति १२:२; १५:२-५; १७:४-८; १८:१४) । यो प्रतिज्ञालाई अब्राहामले प्रतिक्रिया दिँदा परमेश्वरमा भरोसा गर्नुपर्छ । उनमा यो प्रतिज्ञाको बारेमा अझैपनि शंका र समस्याहरू आएका थिए, जसलाई पूरा गर्न १३ वर्ष लाग्यो । तरैपनि, उनको असिद्ध विश्वासलाई परमेश्वरले स्वीकार गर्नुभयो । परमेश्वरले मानविय जातिको दोषमा कार्य गर्न इच्छुक हुनुहुन्छ, जसले विश्वासमा उहाँलाई र उहाँको प्रतिज्ञालाई प्रतिक्रिया दिन्छन्, यद्यपि यो रायोको दानाको आकार जत्रो हुन्छ (मत्ती १७:२०) ।

घ. यसको नयाँ करारको प्रयोग

"विश्वास गर्नु" भन्ने परिवेश ग्रीक परिवेश (पिस्तेउक) बाट लिइएको हो, जसलाई "विश्वास, निष्ठा, वा भरोसा" मा अनुवाद गर्न सकिन्छ। उदाहरणको लागि, यूहन्नाको सुसमाचारमा संज्ञा आउदैन, तर धेरैचोटी क्रियालाई प्रयोग गरिन्छ। त्यहाँ यूहन्ना २:२३-२५ मा येशू नाजरीलाई मसिहको रूपमा भीडको समपर्णताको साँचोपनामा अनिश्चित हुन्छ। यो "विश्वास" गर्ने परिवेशको सतही प्रयोगमा आउने अन्य उदाहरण हरूमा यूहन्ना ८:३१-५९ र प्रेरित ८:१३, १८-२४ पनि छन्। साँचो बाइबलको विश्वास सुरुको प्रतिक्रिया भन्दा पनि बढी छ। यसलाई चेलापनको प्रक्रियाद्वारा पछ्याउनुपर्ने हुन्छ -मत्ती १३:२०-२२, ३१-३२)।

ङ. यसको नामयोगीसँगको प्रयोग

१. एइसको अर्थ "भित्र" भन्ने हुन्छ। यो अनौठो संरचनाले विश्वासीहरूको भरोसा येशू ख्रीष्टमा राख्नलाई जोड प्रदान गर्दछ।
   - क. उहाँको नाउँभित्र (यूहन्ना १:१२; २:२३; ३:१८; १ यूहन्ना ५:१३)।
   - ख. उहाँको भित्र (यूहन्ना २:११; ३:१५,१८; ४:३९; ६:४०; ७:५,३१,३९,४८; ८:३०; ९:३६; १०:४२; ११:४५,४८; १२:३७,४२; मत्ती १८:६; प्रेरित १०:४३; फिलिप्पी १:२९; १ पत्रुस १:८)।
   - ग. म भित्र (यूहन्ना ६:३५; ७:३८; ११:२५-२६; १२:४४,४६; १४:१,१२; १६:९; १७:२०)।
   - घ. पुत्र भित्र (यूहन्ना ३:३६; ९:३५; १ यूहन्ना ५:१०)।
   - ङ. येशू भित्र (यूहन्ना १२:११; प्रेरित ९:४; गलाती २:१६)।
   - च. ज्योति भित्र (यूहन्ना १२:३६)।
   - छ. परमेश्वर भित्र (यूहन्ना १४:१)।

२. यूहन्ना ३:१५; मर्कूस १:१५; प्रेरित ५:५४ मा जस्तै इनको अर्थ "भित्र" भन्ने हुन्छ।

३. एपीको अर्थ "भित्र" वा मा भन्ने हुन्छ, जसै यो मत्ती २७:४२; प्रेरित ९:४२; ११:१७; १६:३१; २२:१९; रोमी ४:५,२४; ९:३३; १०:११; १ तिमोथी १:१६; १ पत्रुस २:६ मा पनि पाइन्छ।

४. नामयोगी विनाको कारक जसै यो गलाती ३:६; प्रेरित १८:८; २७:२५; १ यूहन्ना ३:२३; ५:१० मा पनि पाइन्छ।

५. होटीको अर्थ "त्यसमा विश्वास गर्नु" भन्ने हुन्छ, जसले के कुरामा विश्वास गर्ने भनेर विषयसूचीलाई प्रदान गर्दछ।
   - क. येशू परमेश्वरको पवित्रतामा हुनुहुन्छ (यूहन्ना ६:६९)।
   - ख. येशू म हुँ भन्ने हुनुहुन्छ (यूहन्ना ८:२४)।
   - ग. येशू पितामा हुनुहुन्छ, र पिता उहाँमा हुनुहुन्छ (यूहन्ना १०:३८)।
   - घ. येशू मसिह हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)।
   - ङ. येशू परमेश्वरका पुत्र हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)।
   - च. येशू पिताबाट पठाइनुभएको थियो (यूहन्ना ११:४२; १७:८,२१)।
   - छ. येशू पितासँग रहनुहुन्छ (यूहन्ना १४:१०-११)।
   - ज. येशू पिताबाट आउनुभयो (यूहन्ना १६:२७,३०)।
   - झ. येशू आफै पिताको करारको "म हुँ" भन्ने नाउँसँग परिचित हुनुहुन्छ।
   - ञ. हामी उहाँसँगै जीउनेछौं (रोमी ६:८)।
   - ट. येशू मर्नुभयो र फेरी बौरी उठ्नुभयो (१ थेसलोनिकी ४:१४)।

१:८ मा यो कुरा सम्भव छ, कि यूहन्ना प्रेरितले अन्य सुसमाचारका लेखकहरूभन्दा धेरै पछाडि लेखे र विकसित भएको समस्यालाई बप्तिस्मा दिने यूहन्नाको बीचमा पहिचान गरे, जसले येशूलाई स ्नेनन् वा स्वीकार पनि गरेनन् (प्रेरित १८:२५-१९:७)।

## विशेष शिर्षक: येशूको गवाही

संज्ञा (मार्टुरिया) र यसको क्रिया (मार्टुक्क) को साक्षी यूहन्नामा आउने मुख्य परिवेश हुन्। त्यहाँ येशूको गवाहीहरू असंख्य छन्।

१. बप्तिस्मा दिने यूहन्ना (यूहन्ना १:७,८,१५; ३:२६,२८; ५:३३)
२. येशू आफै (यूहन्ना ३:११; ५:३१; ८:१३-१४)
३. सामरी स्त्री (यूहन्ना ४:३९)
४. पिता परमेश्वर (यूहन्ना ५:३२,३४,३७; ८:१८; १ यूहन्ना ५:९)
५. बाइबल (यूहन्ना ५:३९)
६. लाजरसलाई उठाउने बेलाका भीड (यूहन्ना १२:१७)
७. आत्मा (यूहन्ना १५:२६-२७; १ यूहन्ना ५:१०-११)
८. चेलाहरू (यूहन्ना १५:२७; १९:३५; १ यूहन्ना १:२; ४:१४)
९. लेखक आफै (यूहन्ना २१:२४)

## नासाब (अत्याधुनिक बनाइएको) पाठ १:९-१३

"हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो । उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन । उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन् । तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो । तिनीहरू रगतद्वारा, शारिरीक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन, तर परमेश्वरबाट जन्मिएका हुन्छन् ।"

१:९ "साँचो ज्योति" यो "सत्य" वास्तविक वा असली भन्ने भावनामा हुन्छ, असत्यपनको विपरिततामा हुने होइन । यो पहिलो शताब्दीको खीष्ट सम्बन्धी सबै झुटा कुराहरूमा सम्बन्धित हुन सक्छ । यो यूहन्नाको लेखहरूमा सामान्य विशेषण हो (४:२३,३७; ६:३२; ७:२८; १५:१; १७:३; १९:३५; १ यूहन्ना २:८; ५:२०; र प्रकाशको पुस्तकमा १० पटक) । विशेष शिर्षकलाई हेर्नुहोस्: सत्यता ६:५५ मा र विश्व १४:१७ । येशू यस संसारको ज्योति हुनुहुन्छ (३:१९; ८:१२; ९:५; १२:४६; १ यूहन्ना १:५,७; २:८,९,१०) । विश्वासीहरूले उहाँको ज्योतिलाई देखाउनुपर्दछ (फिलिप्पी २:१५) । यो वास्तविक अँध्यारोपनको अत्यधिक विपरितपनमा हुन्छ, जुनचाहिँ सृष्टि गरिएको क्रम हो, किनकि यो बिद्रोही भावनाले गर्दा:

१. मानिसहरूमा
२. स्वर्गदूतहरूमा हुन्छ ।

संसारमा आउँदैहुनुहुन्थ्यो" यूहन्नाले यो भनाइलाई प्रयोग गर्दा स्वर्गीय राज्यको आत्मिक राज्यलाई छोडेर सांसारिक राज्यको समय र स्थानलाई बताउँदछ ( ६:१४; ९:३९; ११:२७; १२:४६; १६:२८) । यो पदमा येशूको अवतारको कुरालाई बताइएको देखिन्छ । यो यूहन्नाको साहित्यमा भएको सामान्य भन्दा एउटा द्विविधाको कुरा हो -उदाहरणको लागि: माथिको विरुद्धमा तल) ।

| | |
|---|---|
| एन.ए.एस.बि. | "हरेक मानिसले ज्योति पाउने |
| एन.के.जे.भि. | "हरेक मानिसलाई ज्योति दिने" |
| एन.आर.एस.भि. | "प्रत्येकलाई ज्योति दिने" |
| टि.ई.भि. | "सबै मानिसहरूमा चम्कने" |
| एन.जे.बि. | "त्यसले हरेकको निम्ति ज्योति दिने" |

यो वाक्यांशलाई दुई तरिकाले बुझ्न सकिन्छ । पहिलो, ग्रीक संस्कृतिको परिवेशलाई मानिलिएर, यसले हरेक मानिसमा हुने अलौकिक झिल्काको प्रकाशित भित्री ज्योतिलाई बताउँदछ । यो पदलाई डराउने व्याख्याकारको तरिकाले गर्ने गरेका छन् । तरैपनि, यस्तो खालको विचार यूहन्नाको पुस्तकमा कहिल्यैपनि देखा परेको छैन । यूहन्नाको निम्ति "ज्योति" ले मानवजातिको दुष्टतालाई प्रकट गर्दछ (३:१९-२१) ।

दोस्रो, यसले प्राकृतिक प्रकाशलाई बताउन सक्दैन (त्यो परमेश्वरलाई प्रकृतिबाट जानकारी हुन्छ, भजनसंग्रह १९:१-५; रोमी १:१९-२०) वा एउटा भित्री नैतिकताको भावना (रोमी २:१४-१५), तर बरु परमेश्वरले प्रदान गर्ने ज्योति र येशू खीष्टद्वारा आउने मुक्ति, जुनचाहिँ साँचो ज्योति बन्दछ ।

१:१० "संसार" यूहन्नाले "कसमस वा संसार" भन्ने परिवेशलाई तीन भिन्न तरिकाले प्रयोग गर्दछन्:

१. शारीरिक संसार (१:१०,११; ११:९; १६:२१; १७:५,२४; २१:२५)
२. सबै मानव जाति (१:१०,२९; ३:१६-१७; ४:४२; ६:३३; १२:१९,४६-४७; १८:२०)
३. पतन भएको मानविय समाजमा परमेश्वर भन्दा बाहेकको कार्य र व्यवस्था (७:७; १५:१८-१९; १ यूहन्ना २:१५; ३:१,१३)

यो परिवेशमा, २ लागु गर्न योग्य छ । १४:१७ मा दिइएको विशेष शिर्षकलाई हेर्नुहोस् ।

}"तापनि संसारले उहाँलाई चिनेन" नत पतन भएका अन्यजाति राष्ट्रहरूले नत यहूदी राष्ट्रहरूले येशूको प्रतिज्ञालाई पहिचान गर्न सके । "जान्नु" भन्ने परिवेशले हिब्रू भनाइलाई बौद्धिकताको बास्तविकताको सहमती भन्दा बढी नजिकको सम्बन्धलाई बताउँदछ -उत्पत्ति ४:१, यर्मिया १:५) ।

## विशेष शिर्षक: जान्नु (व्यवस्थालाई नमुनाको रूपमा अत्यधिक प्रयोग गर्दा)

हिब्रू शब्द "जान्नुको क्वाल भन्ने परिवेशमा थुप्रै भावनाहरू हुन्छन् ।

१. असल र खराबलाई बुझ्नु - उत्पत्ति ३:२२; व्यवस्था १:१९; यशैया ७:१४-१५; योना ४:११
२. समझदारी गरेर जान्नु - व्यवस्था ९:२,३,६; १८:२१
३. अनुभवबाट जान्नु - व्यवस्था ३:१९; ४:३५; ८:२,३,५; ११:२; २०:२०; ३१:१३; यहोशू २३:१४
४. विचार गर्नु - व्यवस्था ४:३९; ११:२; २९:१६
५. व्यक्तिगत रूपमा जान्नु
    क. एउटा व्यक्ति - उत्पत्ति २९:५; प्रस्थान १:८; व्यवस्था २२:२; ३३:९
    ख. एउटा ईश्वर - व्यवस्था ११:२८; १३:२,६,१३; २८:६४; २९:२६; ३२:१७
    ग. यहोवा - व्यवस्था ४:३५,३९; ७:९; २९:६; यशैया १:३; ५६:१०-११
    घ. यौन सम्पर्क - उत्पत्ति ४:१,१७,२५; २४:१६; ३८:२६
६. एउटा सिकिएको दक्षता वा ज्ञान - यशैया २९:११-१२; आमोश ५:१६

७. ज्ञानी बन्नु - व्यवस्था २९:४; हितोपदेश १:२; ४:१; यशैया २९:२४
८. परमेश्वरको ज्ञान
क. मोशाको - व्यवस्था ३४:१०
ख. इस्राएलको - व्यवस्था ३१:२१,२७,२९

१:११, ‘‘उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन् ।’’ ‘‘उहाँ आफ्नै’’ भन्ने शब्द पद ११ मा दुईपटक प्रयोग गरिएको छ । पहिलो व्याकरणीय स्वरुप नपुंसक बहुवचनमा छ, र यसले १) सबै सृष्टि वा यहूदीया वा यरूशलेमको भौगोलिक अवस्थालार्य देखाउँछ। दोस्रो चाहिँले पुरुषको बहुवचनलाई र यहूदी मानिसहरूको निम्ति देखाउँछ ।

१:१२, ‘‘तर जतिले उहाँलाई ग्रहण गरे,’’ यसले मुक्तिमा मानवीयताको भागलाई देखाउँछ (पद १६) । मानिसहरूले येशू ख्रीष्टको कृपामा परमेश्वरले प्रदान गर्ने कुराको प्रतिक्रिया गर्नुपर्छ (३:१६; रोमी ३:२४; ४:४-५; ६:२३; १०:९-१३; एफिसी २:८-९) । निश्चय नै परमेश्वर सर्बोच्चमा हुनुहुन्छ, तरैपनि उहाँको सर्बोच्चतामा उहाँले पतन भएको मानवीयतासँगै शर्तसहितको करारको सम्बन्ध सुरु गर्नुभएको छ । पतन भएको मानवजातिले पश्चात्ताप गर्नु, विश्वास गर्नु, आज्ञाकारी बन्नु, र विश्वासमा धैर्य रहनुपर्ने हुन्छ ।

यो ‘‘प्राप्त गर्ने’’ विचार ‘‘पश्चात्ताप’’ को ईश्वरशास्त्रीय समानान्तरमा हुन्छ, जसले येशूको विश्वासमा ख्रीष्ट जस्तै हुनलाई सामूहिक पश्चात्ताप गरेको कुरा देखाउँछ -मत्ती १०:३२; लूका १२:८; यूहन्ना ९:२२; १२:४२; १ तिमोथी ६:१२; १ यूहन्ना २:२३; ४:१५) । मुक्ति वरदान हो, र यसलाई प्राप्त गरेर यसमा अभार प्रकट गर्नुपर्छ ।

तिनीहरू जसले येशूलाई ‘‘प्राप्त गर्छन्’’ (१:१२), उहाँले पठाउने पितालाई पनि प्राप्त गर्दछन् (१३:२०; मत्ती १०:४०) । मुक्ति भनेको व्यक्तिगत सम्बन्धमा त्रियक परमेश्वरसँग हुन्छ ।

- “उहाँले अधिकार दिनुभयो’’ यो ग्रीक परिवेश (एक्सुसिया) को अर्थ १) कानुनी अधिकार वा २) ठीक वा मौका भन्ने हुन्छ (५:२७; १७:२; १९:१०, ११) । येशूको पुत्रपन र अलौकिक मिसनद्वारा पतन भएको मानवताले परमेश्वरलाई जान्नसक्छ, र उहाँलाई परमेश्वर र पिताको रूपमा पहिचान गर्छ ।
- “उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो’’ नयाँ करारका लेखकले ख्रीष्टियन नीतिलाई वर्णन गर्न निरन्तर रूपकको परिचयलाई वर्णन गर्छन्: १) पिता; २) पुत्र; ३) सन्तान; ४) फेरी जन्मनु; र ५) अंगाल्नु । ख्रीष्टियन नीति उत्पादन होइन, तर यो एउटा परिवारमा मिल्दोजुल्दो हुन्छ (स्वर्गको लागि टिकट र जीवन बिमाको निति) । ख्रीष्टमा रहेका विश्वासीहरू ‘‘परमेश्वरका मानिस भएर’’ नयाँ भविष्य बन्दछन् । हामी सन्तानको रूपमा हामीले पिताको चरित्रलाई देखाउँछौं, र त्यसलाई ‘‘अनौठो’’ प्रकारले (पद १४, ३:१६) पुत्रमा (एफिसी ५:१; १ यूहन्ना २:२९; ३:३) देखाउँछौं । पापीहरूको निम्ति कस्तो झड्का लाग्ने शिर्षक (११:५२; रोमी ८:१४,१६,२१; ९:८; फिलिप्पी २:१५; १ यूहन्ना ३:१,२,१०; ५:२; होशे १:१०; रोमी ९:२६ र २ कोरिन्थी ६:१८ बाट लिइएको) ।

यो पनि चाखलाग्दो छ, कि सन्तानको निम्ति प्रयोग गरिएका दुईवटा ग्रीक परिवेशमा, एउटाचाहिँ सधैं येशू (हुइओस) को निम्ति प्रयोग गरिन्छ भने, अर्कोचाहिँ विश्वासीहरूको निम्ति (टेकनोन) प्रयोग गरिन्छ । ख्रीष्टियनहरू परमेश्वरका सन्तान हुन्, तर तिनीहरू परमेश्वका पुत्र येशूको उही समूहमा पर्दैनन् । उहाँको सम्बन्ध अनौठो छ, तर मिल्दोजुल्दो छ ।

‘‘मण्डली’’ वा एक्लेसिया भन्ने शब्द मत्ती, लूका र यूहन्नामा देखा पर्दैन । तिनीहरूले आत्माको व्यक्तिगत र सामूहित संगतिमा नयाँ रूपकको लागि परिवारलाई प्रयोग गर्दछन् ।

- ‘‘उहाँको नाउँमाथि विश्वास गरे,’’ यो सक्रिय वर्तमान् कृदन्तको लागि अर्थ दिँदछ, ‘‘तिनीहरू जसले विश्वासलाई निरन्तरता दिए ।’’ यो परिवेशको इतिहासको पृष्टभूमिलाई समकालिन अर्थको स्थापना गर्न मद्दत पुग्दछ । हिब्रूमा यसलाई स्थायी भाव भनेर बताइन्छ । यसलाई कसैको निम्ति आलंकारिक रूपमा प्रयोग गरिन्छ, जसमा भर पर्न सकिने, इमानदार वा भरोसायोग्य हुन्छ । अंग्रजीको परिवेश -विश्वास, विश्वासी र भरोसा) मा ग्रीक समानान्तरलाई परिभाषित गरिएको हुन्छ । बाइबलको विश्वास वा भरोसा हामीले गर्ने केही चिजको सामान्य कुरा होइन, तर कसैमाथि हामीले भरोसा राख्छौं । यो हाम्रो नभएर परमेश्वरको भरोसायोग्यपन हो, जुनचाहिँलाई जोड दिइएको हुन्छ । पतन भएको मानव जातिमा परमेश्वरको भरोसायोग्यपनलाई भरोसा गरिन्छ, र उहाँको विशवासयोग्यपनमा विश्वास गरिन्छ, र उहाँको संलग्नतामा भरोसा गरिन्छ । यसको जोड मानविय पर्याप्तता वा विश्वासको भावनामा हने होइन. तर त्यो विश्वासको वस्तमा हन्छ । विशेष शिर्षकको १:७ र २:२३
- ‘‘उहाँको नाउँमाथि’’ पुरानो करारमा व्यक्तिको नाउँ धेरै महत्वपूर्ण हुन्थ्यो । यो तिनीहरूको चरित्रको बारेमा वा तिनीहरूको चरित्रको वर्णनको बारेमा आशापूर्ण वा सम्भाव्य अगमवाणी थियो । उहाँको नाउँमा विश्वास गर्नु भनेको त्यो व्यक्तिलाई प्राप्त गर्नु हो (२:२३; ३:१८; २०:३१; १ यूहन्ना ५:१३) । विशेष शिर्षक १४:१३-१४ को परमप्रभुको नाउँ भन्नेलाई हेर्नुहोस् ।

१:१३,
नासाब, एनकेजेभि,
एनआरएसभि ‘‘तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, कुनै मान्छेको इच्छाद्वारा होइन, तर परमेश्वरबाट जन्मिएका हुन्छन्
टि.ई.भि. “तिनीहरू स्थानीय साधनद्वारा परमेश्वरका सन्तान बनेनन्, त्यो हो, तिनीहरू जन्मिएका छन्, र मानविय पिताका सन्तान भएका छन् ।’’ “
एन.जे.बि. ‘‘जो कोही मानविय चाहना वा शरीरले गरेको अनुरोध वा मानविय वंशबाट जन्मिएका हुँदैनन् ।’’

केही मण्डलीका पिताहरू (जस्तैः आइरेनियस, ओरेगन, टर्टुलिएन, एम्ब्रोस, जेरोमी, अगष्टिन) लाई यो वाक्यांशमा येशू (एकवचन) लाई बताएर हेर्न सकिन्छ, तर ग्रीक पाठको अत्यधिक प्रमाणलाई बहुवचनमा दिइन्छ (यो शब्दको बहुवचन केवल नयाँ करारको यहाँमात्र पाइन्छ; युवियस४ को ‘‘क’’ तहमा), जसको आशय यो पदले येशू ख्रीष्टमा भएका विश्वासीहरूलाई देखाउँछ (३:५; १ पत्रुस १:३), त्यसकारण, यसले नत जातिय मौका वा नत मानवीय

पुस्ताका (शाब्दिक शब्दमा रगतका नाता) यौन सम्पर्कलाई नै बताउँछ, तर उहाँका पुत्रमा भरोसा गर्नेहरूलाई परमेश्वरले छानेर नजिकमा ल्याउनुहुन्छ (६:४४,६५)। पदहरू १२ र १३ ले परमेश्वरको सर्बौच्चता र मानवीय प्रतिक्रियाको निम्ति खाँचो भएको कुराको बीचको संन्तुलित कुरालाई प्रदर्शन गर्नुहुन्छ।

ग्रीक क्रियापद (एरिष्ट प्यासिभ इन्डिकेटिभ) लाई जोड दिनको निम्ति ग्रीक वाक्यको अन्तमा राखिन्छ। यसले परमेश्वरको दोस्रो जन्ममा सुरुको र सर्बोच्च भूमिकालाई जोड दिएर देखाइन्छ (''तर परमेश्वर'' मा जुनचाहिँ अन्तिम तहको भाग बन्दछ, ६:४४,६५)।

**नासाब (अत्याधुनिक बनाइएको) पाठ १:१४-१८**

''अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा बास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिता बाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो। यूहन्नाले उहाँको विषयमा गवाही दिँदै उच्च स्वरले भने, 'उहाँ त्यही व्यक्ति हुनुहुन्छ, जसको विषयमा मैले भने, मपछि आउनुहुने मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।' उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौं। किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए। परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ।''

१:१४, ''वचन देहधारी हुनुभयो,'' यूहन्नाले झुटो शिक्षा ज्ञानवादलाई आक्रमण गरिरहेका थिए, जसले ग्रीक मूर्तिपूजाको विचारसँगै ख्रीष्टियन नीतिलाई मिसाउने प्रयास गरिरहेका थिए। येशूले साँचो मानिस र साँचो परमेश्वर (१ यूहन्ना ४:१-३) को रूपमा इम्मानुएलको प्रतिज्ञालाई पूरा गर्नुभएको छ (यशैया ७:१४)। परमेश्वरले पतन भएको मानिस जातिको बीचमा बास गर्नुहुन्छ (शाब्दिक अर्थमा ''उहाँको पाल टाँगियो'')। यूहन्नामा ''शरीर'' भन्ने परिवेश पावलको लेखहरूको रूपमा पावलको प्रकृतिलाई कहिल्यै पनि बताउँदैन।

**विशेष शिर्षक: शरीर (सारक्स)**

यसले मानविय ज्ञान वा सांसारिक मापदण्डलाई बताउँछ (१ कोरिन्थी १:२०; २:६-८; ३:१८)। पावलले उनको लेखमा ''शरीर'' वा सारक्स भन्ने शब्दलाई विविध तरिकाले प्रयोग गरेका छन्:

१. मानविय शरीर (रोमी २:२८; १ कोरिन्थी ५:५; ७:२८)
२. मानविय पुस्ता -जस्तैः बाबु र छोरा, रोमी १:३; ४:१; १ कोरिन्थी १०:१८)
३. सम्पूर्णताको मानवियता (१ कोरिन्थी १:२६,२९)
४. मानविय कमजोरीपना, उत्पत्ति ३ अध्यायमा भएको मानवजातिको पतन (रोमी ६:१९; ७:१८)

- ''हाम्रा बीचमा बास गर्नुभयो,'' को शाब्दिक अर्थ ''बास स्थान लिने'' भन्ने हुन्छ। यो उजाडस्थानमा भएको घुमन्ते अवस्था र परमेश्वरको बासस्थान बाटको यहूदी पृष्ठभूमि थियो (प्रकाश ७:१५; २१:३)। पछिबाट यहूदीहरूलाई यहोवे र इस्राएलको बीचमा ''नवविवाहितको अवस्था'' को मरुभूमिको अनुभव भनेर भनियो। परमेश्वर यो अवस्थाको समयमा कहिल्यै पनि नजिक हुनुभएन। विशेष अलौकिक बादलको यहूदी परिवेश ''शेकिना'' ले यो अवस्थाको समयमा निर्देशन गऱ्यो, जसलाई हिब्रू परिवेशमा ''यो सँगै बास गर्ने'' भन्ने हुन्छ।
- "हामीले उहाँको महिमालाई देख्यौं)'' पुरानो करारको काबोड वा महिमा अब व्यक्तिगत रूपमा अवतार भएको छ। यसले बताउने कुराः १) येशूको जीवनका केही चिज जस्तै रुप परिवर्तन हुने वा स्वर्गमा जाने -जस्तैः पेरितहरूको गवाही, २ पत्रुस १:१६-१७) हो, वा २) अदृश्य यहोवेको विचारलाई अब पूर्ण रुपमा देख्न र जान्न सकिन्छ। यो जोड १ यूहन्ना १:४ मा जस्तै हुन्छ, जसले आत्मा र वस्तुको बीचको शत्रुताको सम्बन्धलाई झुटो ज्ञानबादको जोडको विरुद्धमा येशूको मानववादलाई बल दिइन्छ।

पुरानो करारमा ''महिमा'' (काबोद) लाई जनाउने धेरै सामान्य हिब्रू शब्दलाई सुरुमा व्यापारिक शब्दमा प्रयोग गरियो, जसले मापदण्डको एक जोडिलाई बतायो, र शाब्दिक अर्थमा अति ''बोझिलो'' हुनु हो। त्यो जुनचाहिँ बोझिलो भएको वस्तु मुल्यवान वा भित्री रूपमा मुल्यको थियो। कतिचोटी यो चम्किलोपनको विचारको शब्दलाई परमेश्वरको महानतालाई प्रकट गर्न थपिएको थियो -जस्तैः पहिला सिनै पर्वतमा, परमेश्वरको महिमाको बादल, भविष्यको ज्योति, प्रस्था १३:२१-२२; २४:१७; यशैया ४:५; ६०:१-२)। उहाँमात्र योग्य र सम्मानित हुनुहुन्छ। उहाँमात्र अति नै दिमागिलो र पतन भएको मानवजातिलाई सम्हाल्ने हुनुहुन्छ -प्रस्थान ३३:१७-२३; यशैया ६:५)। परमेश्वरलाई येशू ख्रीष्टद्वारा साँचो रूपमा जान्न सकिन्छ (यूहन्ना १:१४,१८; कलस्सी १:१५; हिब्रू १:३)।

**विशेष शिर्षक: महिमा (डोक्सा)**

''महिमा'' को बाइबलीय परिवेशलाई परिभाषित गर्न कठिनाइ पर्छ। विश्वासीहरूको महिमा यस्तो हुन्छ, कि तिनीहरूले तिनीहरू आफै नभएर परमेश्वरको महिमा र सुसमाचारलाई बुझ्दछन् (१:२९-३१; यर्मिया ९:२३-२४

''पुरानो करारमा ''महिमा'' (केवेद) को धेरै सामान्य हिब्रू शब्दलाई सुरुमा एक जोडी मापदण्डमा सम्बन्धित गराएर व्यापारिक परिवेश बनाइयो (''धेरै बोझदार हुनु'')। त्यो जुनचाहिँ बोझीलो र मुल्यवान थियो, वा त्यसको आन्तरिक मुल्य थियो। कतिचोटी चम्किलोपनको विचारले परमेश्वरको सर्बोच्चतालाई प्रकट गर्न थपिएको थियो (प्रस्थान १९:१६-१८; २४:१७; यशैया ६०:१-२)। उहाँ मात्र योग्य र सम्मानित हुनुहुन्छ। उहाँ पतन भएको मानव जातिलाई उठाउन अति नै प्रतिभाशाली हुनुहुन्छ (प्रस्थान ३३:१७-२३; यशैया ६:५)। यहोवालाई येशू ख्रीष्टद्वारा मात्र जान्न सकिन्छ -यर्मिया १:१४; मत्ती १७:२; हिब्रू १:३; याकूब २:१)।

''महिमा'' भन्ने परिवेशको अर्थ स्पष्ट नहुने।

१. यो ''परमेश्वरको धार्मिकपन'' को समानान्तरमा हुन सक्ने
२. यसले परमेश्वरको ''पवित्रता'' वा ''सिद्धता''लाई बताउन सक्ने।

३. यसले परमेश्वरको मानव जाति सृष्टि गरिएको स्वरुपलाई बताउन सक्थ्यो (उत्पत्ति १:२६-२७; ५:१, ९:६), तर जसलाई पछिबाट विद्राही भावनाद्वारा नष्ट गरियो (उत्पत्ति ३:१-२२) । यसलाई पहिला यहोवाको उपस्थितिमा मरुभूमिको घुमन्तेको समयमा प्रस्थान १६:७,१०; लेवी ९:२३; गन्ती १४:१० मा उहाँका मानिसहरूको उपस्थितिमा भएको समयलाई प्रयोग गरियो ।

●

नासाब, एन.के.जे.भि. "महिमा पिताबाट आएको एकलौटे पुत्रको रूपमा"

एन.आर.एस.भि. "महिमा पिताको एकलौटे पुत्रको रूपमा"

ाट.ई.भि. "उनले प्राप्त गरेको त्यो महिमा पिताको एकलौटै पुत्रको रूपमा"

एन.जे.बि "त्यो महिमा पिताको एकलौटे पुत्रको रूपमा"

एकलौटे भन्ने परिवेशको अर्थ "अनौठो" वा "एक किसिमको" भन्ने हुन्छ (३:१६-१८; १ यूहन्ना ४:९) । यसलाई भल्गेटको अनुवादमा "एकलौटे पुत्र" र दूर्भाग्यवस पुरानो अंग्रेजी अनुवादले यसलाई पछ्याएको छ (लूका ७:१२; ८:४२; ९:३८; हिब्रू ११:१७) । यसको जोड एकलपन र अनौठोपनमा छ, नकि व्यभिचारी पुस्तामा छ ।

- "पिता" पुरानो करारले परमेश्वरलाई पिताको रूपमा नजिकको अलंकारलाई परिचय गराउँछ ।

१. कतिचोटी इस्राएलको राष्ट्रलाई यहोवाको "पुत्र"को रूपमा वर्णन गरिएको छ (होशे ११:१, मलाकी ३:१७) ।
२. अझै अगाडि नै व्यवस्थामा परमेश्वरलाई पिताको समानताको रूपमा प्रयोग गरिएको छ ।
३. व्यवस्था ३२ अध्यायमा इस्राएललाई "उहाँका छोराछोरी" र परमेश्वरलाई "तिम्रा पिता" भनेर भनियो ।
४. यो समानता भजनसंग्रह १०३:१३ मा सुरु भयो र भजनसंग्रह ६८:५ मा विकास भयो (अपाङ्गहरूका पिता) ।
५. यो कुरा अगमवक्ताहरूमा सामान्य थियो -यशैया १:२; ६३:८; इस्राएल पुत्रको रूपमा, र परमेश्वर पिताको रूपमा, ६३:१६;६४:८; यर्मिया ३:४,१९; ३१:९ यो समानतालाई येशूले लिनुहुन्छ, र यसलाई परिवारको पूर्ण संगतिको गहिराइमा लगाउँनुहुन्छ, विशेषगरेर यूहन्ना १:१४,१८;२:१६;३:३५;४:२१,२३;५:१७, १९,२०,२१,२२,२३,२६,३६,३७,४३,४५;६:२७,३२,३७,४४,४५,४६,५७;८:१६,१९,२७,२८,३८,४२,४९,५४;१०:१५,१७,१८,२५,२९,३०,३२,३६,३७,३८;११:४१;१२:२६,२७:२८,४९,५०;१३:१;१४:२,६,७,८,९,१०,११,१२,१३,१६,२०,२१,२३,२४,२६,२८,३१;१५:१,८,९,१०,१५,१६,२३,२४,२६;१६:३,१०,१५,१७,२३,२५,२६,२७,२८, ३२;;;१७:१,५,११,२१,२४,२५;१८:११;२०:१७,२१ !

- "पूर्ण कृपा र सत्यता" यी दुईवटा कुराले पुरानो करारको हेसेद -करारको प्रेम र निष्टा) र इमेथ (भरोसायोग्यपना), जसलाई प्रस्थान ३४:६; नहेम्याह ९:१७; भजनसंग्रह १०३:८, दिइएको छ, यी दुवै शब्दहरू सँगसँगै हितोपदेश १६:६ मा आउँदछन् । यसले येशूको चरित्र (पद १७) लाई पुरानो करारको संझौताको परिवेशमा वर्णन गरेको छ । सत्यताको विशेष शिर्षकलाई ६:५५ र १७:३ मा हेर्नुहोस् ।

## विशेष शिर्षक: दयापन (हेसेद)

यो परिवेशको वृहत शब्दको अर्थ हुन्छ । विडिविले यसलाई यस प्रकारले चित्रण गरेका छन् (३३८-३३९)

क. मानविय जातिको सम्बन्धमा प्रयोग गरिएको
  १. मानिसलाई पछ्याउने दयापन (१ शमूएल २०:१४; २ इतिहास २४:२२)
  २. गरिब रा खाँचोमा परेका मानिसहरूलाई दया -मीका ६:८)
  ३. दया देखाउनु - यर्मिया २:२; होशे ६:४)
  ४. देखिनु - यशैया ४०:६)

ख. परमेश्वरको सम्बन्धमा प्रयोग गरिएको
  १. निष्टा र प्रेमको करार
    क. "शत्रुहरू र कठिनाइहरूबाट पाइने छुटकारा (जस्तैः यर्मिया ३१:३; एज्रा ७:२८; ९:९)
    ख. "जीवनलाई मृत्युबाट संरक्षण गर्नु" (जस्तैः अयूब १०:१२; भजनसंग्रह ८६:१३)
    ग. "आत्मिक जीवनलाई छिटो बनाउनु" (जस्तैः भजनसंग्रह ११९:४१,४६,७६,८८,१२४,१४९,१५०)
    घ. "पापबाट छुटकारा पाउनु" (जस्तैः भजनसंग्रह २५:७; ५१:१)
    ङ. "कराररलाई पक्रिराख्नु" (जस्तैः २ इतिहास ६:१४; नहेम्याह १:५; ९:३२)
  २. अलौकिक गुणलाई वर्णन गर्नु (जस्तैः प्रस्थान ३४:६; मीका ७:२०)
  ३. परमेश्वरको दयापन
    क. "पर्याप्त" (जस्तैः नहेम्याह ९:१७; भजनसंग्रह १०३:८)
    ख. "वृहत विस्तार" (जस्तैः प्रस्थान २०:६; व्यवस्था ५:१०; ७:९)
    ग. "अनन्तसम्म रहने" (जस्तैः १ इतिहास १६:३४,४१; २ इतिहास ५:१३; ७:३,६; २०:२१; एज्रा ३:११)
  ४. दयापनका कार्यहरू (जस्तैः २ इतिहास ६:४२; भजनसंग्रह ८९:२; यशैया ५३:३; ६३:७; उपदेशक ३:२२)

विशेष शिर्षक: विश्वासयोग्य, भरोसा, विश्वास, र पुरानो करारको विश्वासयोग्यता

अ. सुरुवातको भनाइ

यो कुरा भन्नु आवश्यक हुन्छ, कि यो ईश्वरशास्त्रीय विचार नयाँ करारमा यति जटिल छ, कि जसलाई पुरानो करारमा स्पष्टरूपमा परिभाषित गरिएको छैन। निश्चय नै यो त्यहाँ छ, तर यसलाई मुख्य खण्ड र व्यक्तिहरूमा छनोट गरेर देखाइएको छ।

पुरानो करारका मिश्रणहरू

१. व्यक्तिगत र समुदाय

२. व्यक्तिगत सम्बन्ध र करारको आज्ञाकारिता

विश्वास व्यक्तिगत सम्बन्ध र दैनिक जीवनशैली हो। यसलाई शब्दकोशको स्वरुपमा भन्दा व्यक्तिमा वर्णन गर्न सजिलो हुन्छ (जस्तैः वचनको अध्ययन)। यो व्यक्तिगत पक्षलाई उत्तम तरिकाले उदृत गरिएको हुन्छः

१.अब्राहाम र उनको बीऊमा

२. दाऊद र इस्राएलमा

यी मानिसहरूले परमेश्वरलाई भेटे र तिनीहरूको जीवन सधैंको लागि परिवर्तन भयो (सिद्ध जीवन होइन, तर निरन्तर विश्वास हो)। जाँच ले कमजोरीपनलाई देखाउँछ, र परमेश्वरसँगको सम्बन्धमा तिनीहरूको विश्वासलाई बढाउँछ, तर यो समयद्वारा नजिकक्को भरोसाको सम्बन्धलाई निरन्तरता दिँदछ। यसलाई जाँच गरेर सुधारिन्छ, तर यो प्रमाणको रूपमा तिनीहरूको भक्ति र जीवनशैलीमा प्रमाणित हुन्छ।

आ. प्रयोग गरिएको मुख्य आधार

क. ०/! -विडिवि ५२)

१. क्रिया

क. काहालको हाँगा - सहायता गर्न, र पोषित गर्न (२ राजा १०:१,५; एस्तर २:७, अईश्वरशास्त्रीय प्रयोग)

ख. निफाएल हाँगा - निश्चित गर्नु वा पक्का गर्नु, स्थापित गर्नु, निश्चित गर्नु, विश्वासयोग्य वा भरोसायोग्य हुनु।

१) मानिसहरूको - यशैया ८:२; ५३:१; यर्मिया ४०:१४

२) राजाहरूको - यशैया २२:२३

३) परमेश्वरको - व्यवस्था ७:९, यशैया ४९:७; यर्मिया ४२:५

ग. हिफाएल हाँगा - पक्का भएर रहनु, विश्वास गर्नु, भरोसा गर्नु

१) अब्राहामले परमेश्वरमा विश्वास गरे, उत्पत्ति १५:६

२) इस्राएलीहरूले मिश्र देशमा रहँदा विश्वास गरे, प्रस्थान ४:३१; १४:३१ (व्यवस्था १:३२ लाई इन्कार गरिएको)

३) मोशाद्वारा यहोवा बोलेकोमा इस्राएलीहरूले विश्वास गरेका, प्रस्थान १९:९; भजनसँग्रह १०६ को १२, २४

४) आहाज राजाले परमेश्वरमा भरोसा नगरेका, यशैया ७:९

५) जोसुकैले उहाँमा वा यसमा विश्वास गरेका, यशैया २८,१६

६) परमेश्वरको सत्यताको बारेमा विश्वास गर्नु, यशैया ४३:१०-१२

२. संज्ञा (पुरुषवाचक) - विश्वासयोग्यपन -व्यवस्था ३२:२०; यशैया २५:१; २६:२)

३. क्रियापद - साँचो, साच्चिकै, सहमत हुनु, के यो यसो हुन्छ ? (व्यवस्था २७:१५-२६, १ राजा १:३६; १ इतिहास १६:३६; यशैया ६५:१६; यर्मिया ११:५; २८:६)। यो नयाँ करार र पुरानो करारमा "आमेन" भन्ने शब्दको लिखित प्रयोग हो।

ख. ;/! -विडिवि ५४) स्त्रीवाचक संज्ञा, ठोसपना, विश्वासयोग्यपना, सत्यता

१. मानिसको, यशैया १०:२०; ४२:३; ४८:१

२. परमेश्वरको, प्रस्थान ३४:६; भजनसंग्रह ११७:२; यशैया ३८:१८,१९; ६१:८

३. सत्यताको, व्यवस्था ३२:४; १ राजा २२:१६; भजनसंग्रह ३३:४; ९८:३; १००:५; ११९:३०; यर्मिया ९:५; जकरिया ८:१६

ग. %१ र/! (विडिवि ५३), ठोसपना, अटलपना, इमान्दारी

१. हातको, प्रस्थान १७:१२

२. समयको, यशैया ३३:६

३. मानिसहरूको, यर्मिया ५:३; ७:२८; ९:२

४. परमेश्वरको, भजनसंग्रह ४०:११; ८८:११; ८९:१,२,५,८; ११९:१३८

इ. यो पुरानो करारको विचारलाई पावलले प्रयोग गरेका

क. पावलले यहोवा र पुरानो करारको बारेमा उनको नयाँ बुझाइलाई आधार बनाए, र उनले दमस्कसको बाटोमा येशूलाई व्यक्तिगतरूपमा भेटे (प्रेरित ९, २२, २६ अध्यायहरू)

ख. उनले यी दुईवटा पुरानो करारका मुख्य खण्डहरूमा नयाँ बुझाइको पुरानो करारको सहायता पाए, जसले मुख्य ०/! लाई प्रयोग गरे।

१. उत्पत्ति १५:६ - अब्राहामको व्यक्तिगत भेटलाई परमेश्वरले सुरु गर्नुभयो -उत्पत्ति १२) र यसको परिणामले विश्वासको जीवनको आज्ञाकारीता ल्यायो (उत्पत्ति १२-२२)। पावलले यसलाई रोमी ४ र गलाती ३ अध्यायमा संकेत गरेका छन्।

१:४८, "येशूले तिनलाई जवाफ दिई भन्नुभयो, 'फिलिपले तिमीलाई बोलाउन अघि अञ्जिरको रूखमुनि मैले तिमीलाई देखेको थिएँ' ।" येशूले अगाडि नै नथानेललाई उहाँ मसिह हुनुहुन्थ्यो भनी त्यो चिन्ह दिनलाई उहाँको अलौकिक ज्ञानलाई प्रयोग गर्नुभयो (जस्तैः २:२४-२५; ४:१७-१९,२९; ६:६१,६४,७१; १३:१,११,२७,२८; १६:१९,३०; १८:४) ।

कसरी येशूको ईश्वरीय र मानवीयताले कार्य गर्दछ भनेर बुझ्नलाई यो अति कठिन छ । कतिवटा पाठहरूमा यो कुरा अनिश्चित छ, कि चाहे येशूले मानविय क्षमताहरू वा "अलौकिक" शक्तिहरूलाई प्रयोग गर्नुभएको थियो । यहाँ अनुमान गरिएको कुरा "अलौकिक" क्षमतामा छ ।

१:४९, "नथानेलले उहाँलाई भने, 'रब्बी, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ, तपाईं इस्राएलका राजा हुनुहुन्छ' ।" दुवै शिर्षकलाई याद गर्नुहोस् ! दुवैले राष्ट्रिय मसिहियपनलाई सूचित गर्दछन् (भजनसंग्रह २) । यी सुरुका चेलाहरूले येशूलाई यहूदीहरूको समूहमा बुझे । तिनीहरूले उहाँको व्यक्ति र कार्यलाई कष्ट पाएको दासलाई पुनरुत्थान पछि सम्म पनि पूर्ण रूपमा बुझेनन् (यशैया ५३ अध्याय) ।

१:५१

| | |
|---|---|
| नासाब | "साँचो, साँचो, म तिमीलाई भन्दछु," |
| एनकेजेभि | "साँच्चिकै म तिमीलाई भन्दछु" |
| एनआरएसभि | "मैले तिनीलाई यो सत्यता भनिरहेको छु" |
| टिइभि<br>एनजेबि | "सबै सत्यतामा" |

शाब्दिक अर्थमा यसलाई "आमेन! आमेन!" भनिन्छ। येशूको यो शंकाको परिवेश यूहन्नाको सुसमाचारमा मात्रै पाइन्छ, जहाँ यो २५ पटक देखा परेको छ। "आमेन" हिब्रू शब्दमा विश्वास (एमेथ) को निम्ति स्वरुप बन्दछ, जसको अर्थ "निश्चित हुनु" हो (विशेष शिर्षक १:१४ लाई हेर्नुहोस्)। यसलाई पुरानो करारको अलंकारको स्थायित्व र भरोसायोग्यपनामा प्रयोग गरिएको थियो। यसको अनुवाद "विश्वास" वा "विश्वासयोग्यपन" को रूपमा आयो। तरैपनि, यो त्यो समययमा नै पक्का गर्नको लागि आएर प्रयोग गरियो। यो वाक्यको सुरुको अवस्थामा नै येशूको महत्वतर्फ ध्यान तान्नु, यहोवाबाट आएको प्रकाश वा विश्वासयोग्य भनाइलाई सुन्नु अनौठो तरिका थियो (१:५१; २:३;,५,११; ५:१९,२४,२५; ६:२६,३२,४७,५३; ८:३४,५१,५८; १०:१,७; १२:२४; १३:१६,२० २१,३८; १४:१२; १६:२०,२३; २१:१०)।

सर्वनाम र क्रियाको बहुबचन भएको कुरालाई याद गर्नुहोस्। त्यहाँ उभिने सबै जनामा यो कुरालाई बताइएको हुनुपर्छ।

## विशेष शिर्षक: आमेन

अ. पुरानो करार

क. "आमेन" भन्ने परिवेश हिब्रू शब्दबाट आएको हो, जसले

१. "सत्यता" (एमेथ, विडिवि ४९)

२. सत्यतापन" (इमुन, इमुनाह, विडिवि ५३)

३. "विश्वास" वा "विश्वासयोग्यपन"

४. "भरोसा" (डेम्न, विडिवि ५२)

ख. यसको शब्दको इतिहासबाट व्यक्तिको शारीरिक स्थायित्वलाई भावमा ढाल्नुपर्छ। यसको उल्टो त्यो व्यक्ति हुनसक्छ, जोचाहिँ अस्थिर, तरल (भजनसंग्रह ४०:२; यर्मिया २३:१२) वा बाधा दिने (भजनसंग्रह ७३:२) हुन्छ। यो साहित्यिक प्रयोगबाट विश्वासयोग्य, भरोसायोग्य, इमानदार र भरपर्न सक्ने वृहत आलंकारिताको विकास भयो (उत्पत्ति १५:६; हिब्रू २:४)।

ग. विशेष प्रयोगहरू

१. एउटा खम्बा, २ राजा १८:१६ (१ तिमोथी ३:१५)

२. निश्चयता, प्रस्थान १७:१२

३. स्थिरता, प्रस्थान १७:१२

४. धैर्यता, यशैया ३३:६

५. साँचो, १ राजा १०:६; १७:२४; २२:१६; हितोपदेश १२:२२

६. पक्का, २ इतिहास २०:२०; यशैया ७:९

७. भर पर्ने (तोराह), भजनसंग्रह ११९:४३,१४२,१५१,१६०

घ. पुरानो करारमा सक्रिय विश्वासको निम्ति अन्य दुईवटा हिब्रू परिवेशहरू प्रयोग गरिएका छन्।

१. बाथाक (विडिवि १०५) भरोसा

२. यारा (विडिवि ४३१), डर सम्मान, आराधना (उत्पत्ति २२:१२)

ङ. भरोसाको भावनाबाट वा लिखित चिजहरूको प्रयोगमा भरोसापनबाट विकास भयो, जसलाई अरुहरूको विश्वासयोग्य र साँचो भनाइलाई निश्चित गर्न प्रयोग गरियो (व्यवस्था २७:१५-२६; नहेम्याह ८:६; भजनसंग्रह ४१:१३; ७२:१९; ८९:५२; १०६:४८)

च. यो परिवेशको ईश्वरशास्त्रीय साँचो मानव जातिको विश्वासयोग्यपनले हुने होइन, तर यहोवाले गर्दा हुने हो (प्रस्थान ३४:६; व्यवस्था ३२:४; भजनसंग्रह १०८:४; ११५:१; ११७:२; १३८:२) केवल पतन भएको मानिसजातिले गरेको आशा यो हो, कि यहोवाको कृपापूर्ण विश्वासयोग्य करारको र उहाँका प्रतिज्ञाहरूको इमानदारीता हुनुपर्छ। तिनीहरू जसलाई यहोवाले चिन्नुहुन्छ, तिनीहरू पनि उहाँजस्तै हुनुपर्छ (हबकूक २:४)। बाइबल इतिहासको पुस्तक हो, र यसमा मानवजातिमा परमेश्वरको स्वरुपलाई उहाँमा स्थापित गर्नको लागि लेखिएको छ (उत्पत्ति १:२६-२७)। मुक्तिमा मानव जातिको क्षमतामा परमेश्वरसँगको नजिकको संगतिमा स्थापित हुन्छ। त्यसै कारणले गर्दा हामीहरू सृष्टि भएका थियौं।

आ. नयाँ करार

क. "आमेन" भन्ने शब्दको प्रयोगमा लिखित भनाइलाई निश्चित गर्ने भनाइलाई भरोसायोग्यपनको भनाइको रूपमा नयाँ करारमा सामान्य भएको छ (१ कोरिन्थी १४:१६; २ कोरिन्थी १:२०; प्रकाश १:७; ५:१४; ७:१२)।

ख. परिवेशलाई धेरै नजिकबाट प्रार्थनाको रूपमा प्रयोग गर्दा नयाँ करारमा सामान्य हुन्छ (रोमी १:२५; ९:५; ११:३६; १६:२७; गलाती १:५; ६:१८; एफिसी ३:२१; फिलिप्पी ४:२०; २ थेसलोनिकी ३:१८; १ तिमोथी १:१७; ६:१६; २ तिमोथी ४:१८)।

ग. येशू त्यो मात्र व्यक्ति हुनुहुन्छ, जसले महत्वपूर्ण भनाइहरूलाई परिचय गराउन यो परिवेश (कतिचोटी यूहन्नामा दुईगुना बनाइएको परिवेशलाई प्रयोग गर्नुभयो (लूका ४:२४; १२:३७; १८:१७,२९; २१:३२; २३:४३)।

घ. यसलाई प्रकाश ३:१४ मा येशूको निम्ति शिर्षकको रूपमा प्रयोग गरियो (सायद यशैया ६५:१६ बाट यहोवाको शिर्षकलाई लिइएको)।

ङ. विश्वासयोग्यपन वा विश्वासको विचार, र भरोसायोग्यपन वा भरोसा ग्रीक परिवेशको पिस्टोस वा पिस्टिसमा प्रकट गरिएको छ, जसलाई अंग्रेजीमा भरोसा, विशवास र विश्वास गर्ने रूपमा अनवाद गरिएको छ।

- "तपाई, तपाई" यी दुवै बहुवचनमा छन्। येशूले ती सबैको लागि बताउँदैहुनुहुन्छ, जोहरू त्यहाँ उभिरहेका छन्, र एउटा भावनामा सबै मानवजाति भन्ने हुन्छ!
- "स्वर्गहरू खुल्ला भयो" यो वाक्यांशले पुरानो करारको ईश्वरले यसलाई बजाउने कार्य गर्दछ।

१. इजकिएल, इककिएल १:१

३. मत्ती ३:१६; मर्कूस १:१०; लूका ३:२१

३. टिफनस, प्रेरित ७:५६
४. कर्णेलियस, प्रेरित १०:११
५. दोस्रो आगमन, प्रकाश १९:११

यो काल सक्रिय सिद्ध कृदन्त हो, जसले तिनीहरू खुल्ला रूपमा रहिरहे भन्ने कुरा लागु गर्दछ । ''स्वर्ग'' भन्ने परिवेश बहुवचनमा छ किनकि यो हिब्रूमा पनि बहुवचनमा छ । यसले यस कुरालाई बताउँन सक्छः १) उत्पत्ति १ मा दिइएको धर्तीभन्दा माथिको बायुमण्डल वा २) परमेश्वरको आफ्नै उपस्थिति ।

## विशेष शिर्षकः स्वर्ग

सामान्यतया पुरानो करारमा ''स्वर्ग'' भन्ने परिवेश बहुबचनमा हुन्छ (जस्तैः शामायिम, विडिवि १०२९) । हिब्रू परिवेशमा यसको अर्थ ''उचाइ'' भन्ने हुन्छ । परमेश्वर उच्चमा विराजमान हुनुहुन्छ । यो विचारले परमेश्वरको पवित्रता र सर्बोच्तालाई देखाउँछ ।

उत्पत्ति १:१ मा ''स्वर्गहरू र पृथ्वी'' लाई वहुवचनमा दिएर परमेश्वरको सृष्टिलाई देखाइएको छः १) यो ग्रहभन्दा माथिको वातावरण वा २) सबै वास्तविकतालाई देखाउने एउटा तरिका -जस्तैः आत्मिक र शारीरिक) । यो आधारभूत बुझाइबाट स्वर्गको तहहरूलाई देखाउन अन्य पाठहरू लाई देखाइएको छः ''स्वर्गहरूको स्वर्ग'' (भजनसंग्रह ६८:३३) वा ''स्वर्ग र स्वर्गहरूको स्वर्ग'' -व्यवस्था १०:१४; १ राजा ८:२७; नहेम्याह ९:६; भजनसंग्रह १४८:४) । रब्बीहरूले त्यहाँ यस्तो हुन्छ भनेर अनुमान गरेका छन्:

१. दुईवटा स्वर्गहरू (जस्तैः आर. यहूदा, हागिगा १२ख)
२. तीनवटा स्वर्गहरू (जाँच, लेबी २-३; यशैया ६-७; मिडरास तहिलिम, भजनसंग्रह ११४:१)
३. पाँचवटा स्वर्गहरू (तेस्रो बरुक)
४. सातवटा स्वर्गहरू (आर. सिमोनब, लाकिस; दोस्रो इनोक ८; यशैया ९:७)
५. दशवटा स्वर्गहरू (दोस्रो इनोक २०:३ख; २२:१)

यी सबै कुराको आशय परमेश्वरको भौतिक सृष्टिबाट उहाँको सर्बोच्चता र परमेश्वरको अलगाइलाई देखाउनु हो । यहूदी रब्बीहरूको समयमा स्वर्गहरूको धेरै सामान्य संख्या सातवटा थियो । ए. कोहेनको सबैमानिसको तालमुदको पाना ३० ले यसो भन्दछ, कि यो अन्तरिक्षको भागमा जोडिएको थियो, तर मेरो विचारमा यसले सातवटा व्यक्तिको सिद्ध संख्यालाई बताउँछ (सृष्टिका सातवटा दिनहरूले उत्पत्ति १ अध्यायमा दिइएको परमेश्वरको आरामलाई प्रतिनिधित्व गर्दछ ।

पावलले २ कोरिन्थी १२:२ मा ''तेस्रो'' स्वर्ग (ग्रीकमा औरानोस) को बारेमा बताएका छन्, र यो परमेश्वरको व्यक्तिगत महिमित उपस्थितिलाई पहिचान गर्ने तरिका बन्दछ । पावलको परमेश्वरसँग व्यक्तिगत सम्बन्ध थियो !

- ''परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र औंर्लदैगरेका देख्नेछौं ।'' यो याकूबले बेथेलमा गरेको अनुभवको संकेत हो (उत्पत्ति २८:१०) । येशू ले यो कुरा बताउनुहुन्छ, कि जसै परमेश्वरले याकूबका सबै खाँचो पूरा गर्ने प्रतिज्ञा गर्नुभएको छ, त्यसै प्रकारले परमेश्वरले पनि उहाँका सबै खाँचो पूरा गर्नुहुन्छ ।
- "मानिसको पुत्र'' यो येशू आफैले छानेको नाउँ हो । यो हिब्रू वाक्यांशले मानव जातिलाई बताइरहेको थियो -भजनसंग्रह ८:४; इजकिएर २:१) । तर दानिएल ७:१३ मा यसको प्रयोग भएको कारणले गर्दा, यसले अलौकिक गुणहरू लियो । यस परिवेशको राष्ट्रवादी वा सैनिकवादीलाई संकेत गर्दैन, किनकि यसलाई रब्बीहरूद्वारा प्रयोग गरिएको थिएन । येशूले यसलाई छान्नुभयो, किनकि यी उहाँको प्रकृतिका दुई पक्ष थिए (मानवीय र स्वर्गीय, १ यूहन्ना ४:१-३)। यूहन्नाले यस परिवेशलाई येशूले प्रयोग गरेको कुरालाई १३ पटक बताएका छन् ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशनको टिप्पणी हो, जसको अर्थ यो हुन्छ, कि तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । व्याख्याको लागि तपाईं, बाइबल र पवित्र आत्मा जिम्मेवार हुनुहुन्छ । तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन ।

यी छलफलका प्रश्नहरू तपाईंलाई दिइएका छन्, ताकि यस पुस्तकको यो भागमा मुख्य विषयहरूमा तपाईंलाई सोच्नलाई मद्दत हुन्छन् । तिनीहरू विचारलाई उत्तेजित पार्ने हुन्छन्, र निश्चित हुँदैनन् । .

१. किन बप्तिस्मा दिने यूहन्नालाई पुरानो करारका तीनजना व्यक्तित्वमध्ये एकजना थिए, भनेर यरूशलेको समितिले सोध्यो ?
२. ख्रीष्टसम्बन्धी भनाइलाई पत्ता लगाउनुहोस्, जसलाई बप्तिस्मा दिने यूहन्नाले पदहरू १९-२० मा येशूको बारेमा बताएका छन् ।
३. किन चेलाहरूको बोलावटको बारेमा यूहन्ना र अन्य सुसमाचारका पुस्तकहरूमा धेरै भिन्नता पाइन्छन् ?
४. तीनजना मानिसहरूले येशूको बारेमा के कुरा बुझे ? तिनीहरूले उहाँलाई बोलाउने नाउँको बारेमा विचार गर्नुहोस् (पद ३८) ।
५. येशूले आफैलाई के भनेर बोलाएको रुँचाउनुहुन्थ्यो ? किन ?

# यूहन्ना २ अध्याय

## आधुनिक अनुवादको अनुच्छेदको विभाजनहरू

| युबियस₄ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| काना नगरको विवाह उत्सव | पानीलाई दाखमद्यमा परिणत | कानामा गरिएको विवाह | कानामा गरिएको विवाह | कानामा गरिएको विवाह |
| २:१-११ | २:१-१२ | २:१-११ | २:१-३ | २:१-१० |
| | | | २:४ | |
| | | | २:५ | |
| | | | २:६-१० | |
| | | | २:११ | २:११-१२ |
| २:१२ | | २:१२ | २:१२ | |
| मन्दिरलाई शुद्ध पारिएको | येशूले मन्दिरलाई शुद्ध पार्नुहुने | मन्दिरलाई शुद्ध पारिएको | | मन्दिरलाई शुद्ध पारिएको |
| २:१३-२२ | २:१३-२२ | २:१३-२२ | २:१३-१७ | २:१३-२२ |
| | | | २:१८ | |
| | | | २:१९ | |
| | | | २:२० | |
| | | | २:२१-२२ | |
| येशूले सबै मानिसलाई जान्नुहुन्छ | हृदयको शुद्धता | | मानवीय स्वभावको बारेमा येशूको ज्ञान | येशू यरूसलेममा |
| २:२३-२५ | २:२३-२५ | २:२३-२५ | २:२३-२५ | २:२३-२५ |

### अध्ययनको चक्र तीन (पाना पाँच हेर्नुहोस)

अनुच्देछको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशनको टिप्पणी हो, जसको अर्थ यो हुन्छ, कि तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाई आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। व्याख्याको लागि तपाईं, बाइबल र पवित्र आत्मा जिम्मेवार हुनुहुन्छ। तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन।

एकै बसाइमा त्यो खण्डलाई पढ्नुहोस्। विषयहरूलाई पत्ता लगाउनुहोस्। तपाईंको विषयहरूको विभाजनलाई आधुनिक पाँचवटा अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेदलाई खण्डमा विभाजन गर्नलाई भनिएको हुँदैन, तर सुरुको लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्यको मुटु हो। हरेक अनुच्छेदको एउटै मात्र विषय हुन्छ।

१. पहिलो अनुच्देछ

२. दोस्रो अनुच्देछ

३. तेस्रो अनुच्देछ

४. इत्यादि

## पाठगत अन्तर्दृष्टि २:१-११

क. येशू उहाँको समयको अन्य धार्मिक गुरुहरूभन्दा धेरै फरक हुनुहुन्थ्यो । उहाँले सामान्य मानिसहरूसँग खानुभयो र पिउनुभयो । जब बप्तिस्मा दिने यूहन्ना मरुभूमिबाट आएका व्यक्तिगत व्यक्ति थिए भने, येशू साधारण मानिसहरूको निम्ति सामूहिक व्यक्ति हुनुहुन्थ्यो ।

ख. उहाँको पहिलो चिन्ह धेरै स्वदेशी र परिचित थियो । येशूको चरित्रको सामान्य व्यक्तिको निम्ति वास्ता र हेरचाह गर्दा उहाँको चरित्रको अर्को पक्षमा उहाँको रीसले आत्म-धार्मिकपनतर्फ देखाउँदछ । मानिसहरूको प्राथमिकतामा परम्परा व ागर्नैपर्ने रितिथिति नभएर येशू ख्रीष्टको स्वतन्त्रतालाई प्रकट गरिन्छ, तरैपनि सांस्कृतिक आशाको सन्दर्भलाई प्रकट गरिन्छ ।

ग. यी पहिला सातवटा चिन्हहरू हुन्, जसलाई यूहन्नाले येशूको चरित्र र शक्तिलाई प्रकट गर्न प्रयोग गर्दछन् (२-११ अध्यायहरू)
१. पानीलाई दाखमद्य बनाइएको (२:१-११)
२. केटोलाई चंगाइ गरिएको (४:४६-५४)
३. लङ्गडो मानिसलाई चंगाइ गरिएको (५:१-१८)
४. हजारौं संख्यालाई खुवाइएको (६:१-१५)
५. अन्धो मानिसलाई चंगाई गरिएको (९:१-४१)
६. पानीमा हिँडिएको (६:१६-२१)
७. लाजरसलाई मृत्युबाट उठाइएको (११:१-५७)

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः २:१-११**

"तेस्रो दिन गालीलको काना नगरमा एउटा विवाह थियो । येशूकी आमा त्यहाँ थिइन् । येशू र उहाँका चेलाहरू पनि विवाहमा निम्त्याइएका थिए । दाखमद्य सिद्धिएपछि येशूकी आमाले उहाँलाई भनिन, तिमीहरूसित दाखमद्य छैन।'' येशूले तिनलाई भन्नुभयो, हे नारी मैले के गर्नुपर्छ मलाई नभन्नुहोस् । मेरो समय अझसम्म आएको छैन । उहाँकी आमाले चाकरहरूलाई भनिन, ''उहाँले भन्नुभएबमोजिम तिमीहरूले गर।'' अब यहूदीहरूको शुद्धि हुने प्रथाको निम्ति त्यहाँ प्राय एक सय लिटर अटाउने ढुंगाका छ वटा घचाम्पाहरू राखिएका थिए। येशूले तिनीहरूलाई भन्नुभयो, घचाम्पाहरू पानीले भर।'' तिनीहरूले घचाम्पाको मुखसम्मै पानी भरिदिए । उहाँले तिनीहरूलाई भन्नुभयो, ''अलिकता उघाएर भोजका मुखियाकहाँ लैजाओ ।'' तिनीहरूले सो लगे । भोजका मुखियाले सो पानी चाखे, जो अब दाखमद्यमा परिणत भएको थियो । त्यो कहाँबाट आएको हो, सो तिनीहरूलाई थाहा थिएन, तर पानी भर्ने चाकरहरूलाई भने थाहा थियो । तब भोजका मुखियाले दुलाहालाई बोलाएर भने, ''हरेक मानिसले पहिले असल दाखमद्य टक्रयाउँछ, अनि मानिसहरूले निकै खाइसकेपछि मात्र कमसल दाखमद्य राखिदिन्छ । तिमीले त असल दाखमद्य अहिलेसम्म राखिछोडेछौं ।'' उहाँका चिन्हहरूमध्ये यो पहिलो चिन्ह येशूले गालीलको कानामा गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे ।''

२:१, ''त्यहाँ एउटा विवाह थियो'' गाउँको विवाह भनेको मुख्य सामाजिक घटना हो । कतिचोटी तिनीहरू सम्पूर्ण समुदायनै संलग्न हुन्थे, र धेरै दिनसम्म यो क्रियाकलाप रहन्थ्यो ।

''काना'' भन्ने परिवेश यूहन्नाको सुसमाचारमा मात्र बताइएको छ (२:१,११; ४:४६; २१:२) । हामीलाई यसको बारेमा केही कुरा थाहा छ।
१. नथानेलको घरको बजार
२. येशूले पहिलो आश्चर्यकर्म गर्नुभएको स्थान
३. कमर्नहुमको नजिकै

त्यहाँ मानिलिने चारवटा स्थान छन् (कख, भोलुम १, पाना ८२७)
१. ऐन काना, नासरतको उत्तरतर्फको एक माइल
२. काफार काना, नासरतको उत्तरपूर्वको करिब तीन माइल
३. खीरवेत काना, नासरतको उत्तरतर्फको आठ र आधी माइल, डाँडाको टुप्पोमा
४. एसोकिसको समथल स्थानको काना, योसेफसले बताएका (जीवन, ८६, २०६) ।

समथलको स्थानले काना भन्ने नाउँलाई मिलाएको देखिन्छ, जुनचाहिँ हिब्रू भाषामा ''रिड'' (नर्कट) वा केन भनिन्छ ।

- "येशूकी आमा त्यहाँ थिइन्'' सम्भवत् मरियमले विवाहको व्यवस्थापनमा मद्दत गरिरहेकी थिइन । यसलाई यसरी हेर्न सकिन्छः १) उनले चाकरहरूलाई आज्ञा गरिन् (पद ५) र २) दाखमद्य सिद्धिएको कुरामा उनको वास्ता (पद ३) । यस्ता सम्भावनाहरू मिल्दाजुल्दा थिए, वा पारिवारिक मित्रहरूसँग मिल्दथे । .

२:३, ''तिमीहरूसित दाखमद्य छैन'' हिब्रू चालचलनमा पाहुनाहरूलाई दाखमद्य दिनु अति नै आवश्यक मानिन्थ्यो । सम्भवत यो दाखमद्य हेर्दाहेर्दै परिवर्तन भयो: १) भोजका मुखियाको टिप्पणी, पदहरू ९-१०; २) येशूको समयको यहूदी रितिरिवाज; वा ३) शुद्धिकरणको प्रकृयाको अभाव वा रसायनिक क्रियाकलापहरू ।

## विशेष शिर्षकः मादक पदार्थ र यस सम्बन्धी बाइबलीय धारणा

I. बाइबलिय परिवेश

क. पुरानो करार

१. यायिन - यो मादक पदार्थको निम्ति सामान्य परिवेश हो -विडिवि ४०६), जसलाई १४१ पटक प्रयोग गरिएको छ । शब्दको इतिहास अनिश्चित छ, किनकि यो हिब्रू जराबाट आएको होइन । यसले सधैं दिने अर्थ फलफुलको रसको परिवर्तन वा अंगुरको रसको परिवर्तन भन्ने हुन्छ । कतिवटा विषयगत खण्डहरू उत्पत्ति ९:२१; प्रस्थान २९:४०; गन्ती १५:५,१० छन् ।

२. टिरोस - यो "नयाँ दाखमद्य" हो -विडिवि ४४०) । पूर्व नजिकैको हावापानीको अवस्थाले गर्दा, रसलाई निकालिएपछिको ६ घण्टा नहुँदै परिवर्तन हुन सुरु हुन्छ । केही विषयगत खण्डहरूको लागि व्यवस्था १२:१७; १८:४; यशैया ६२:८-९; होशे ४:११ लाई हेर्नुहोस् ।

३. हाशिष् - यो सुरुमा मादक पदार्थको पेय थियो -"गुलीयो रक्सी", विडिवि ७७९, जस्तैः योएल १:५; यशैया ४९:२६) ।

४. शेकार - यसलाई "कडा पेय" भन्ने परिवेशमा बुझिन्छ (विडिवि १०१६) । हिब्रू जरामा यो परिवेशलाई "पिउनु वा मातिनु" भनेर प्रयोग गरिन्छ । यसमा अन्य केही बढी कुराहरू थपिएको हुन्छ, जसले यसलाई धेरै नशा लाग्ने बनाउँदछ । यो यायिनको समानान्तरमा छ (हितोपदेश २०:१; ३१:६; यशैया २८:७) ।

ख. नयाँ करार

१. ओइनोस - ग्रीकको यायिनको समानान्तर

२. नियोस ओइनोस (नयाँ रक्सी) - ग्रीकको टिरोसको समानान्तर (मर्कूस २:२२) ।

३. ग्लेकोस भिनोस (गुलीयो रक्सी, हासिस) - स ुरुको तहमा नै रक्सीलाई परिवर्तन गरिएको -प्रेरित २:१३) ।

आ. बाइबलीय प्रयोग

१. दाखमद्य परमेश्वरले दिनुभएको वरदान हो (उत्पत्ति २७:२८; भजनसंग्रह १०४:१४-१५; उपदेशक ९:७; होशे २:८-९; योएल २:१९,२४ आमोस ९:१३ जकरिया १०:७) ।

२. दाखमद्य बलिदान चढाउने साधनको एक भाग हो (प्रस्थान २९:४०; लेवी २३:१३; गन्ती १५:७,१०; २८:१४; व्यवस्था १४:२६; न्यायकर्ता ९:१३)

३. दाखमद्यलाई औषधीको रूपमा प्रयोग गरिन्छ (२ शमूएल १६:२; हितोपदेश ३१:६-७) ।

४. दाखमद्य साँचो समस्या बन्न सक्छ (नोआ-उत्पत्ति ९:२१; लोत-उत्पत्ति १९:३३,३५; शामशोन - न्यायकर्ता १६; नाबाल - १ शमूएल २५:३६; उरिया-२ शमूएल ११:१३; अमनोन-२ शमूएल १३:२८; इलाह-१ राजा १६:९; बेनहादाद-१ राजा २०:१२; शासकहरू-आमोश ६:६; र महिलाहरू-आमोश ४ अध्याय)

५. दाखमद्यको दुरुपयोग पनि हुन सक्छ -हितोपदेश २०:१; २३:२९-३५; ३१:४-५; यशैया ५:११,२२; १९:१४; २८:७-८; होशे ४:११) ।

६. दाखमद्य कुनै निश्चित समूहको लागि निशेध गरिएको थियो (पूजाहारीले काम गर्ने समयमा, लेवी १०:९; इजकिएल ४४:२१; नाजरीहरू, गन्ती ६ अध्याय; र शासकहरू, हितोपदेश ३१:४५; यशैया ५६:११-१२; होशे ७:५) ।

७. दाखमद्य भविष्यसम्बन्धी कार्यलाई मिलाउन प्रयोग गरिन्छ -आमोश ९:१३; योएल ३:१८; जकरिया ९:१७) ।

ख. अन्तर बाइबलीय

१. दाखमद्यलाई परिवर्तन गर्दा धेरै उपयोगी हुन्छ -उपदेशक ३१:२७-३०) ।

२. रब्बीहरूले यसो भन्दछन्, "दाखमद्य सबै ओषधीमध्ये अति उच्च तहमा छ, जहाँ दाखमद्यको अभाव हुन्छ, तब औषधीको खाँचो पर्दछ ।" (बिबि ५८ख) ।

ग. नयाँ करार

१. येशूले पानीको ठूलो परिणामलाई दाखमद्यमा परिणत गर्नुभयो (यूहन्ना २:१-११) ।

२. येशूले दाखमद्य पिउनुभयो (मत्ती ११:१८-१९; लूका ७:३३-३४; २२:१७-१८)

३. पत्रुसले पेन्तिकोसको दिनमा "नयाँ दाखमद्य" ले मातिनेपनलाई दोष ललगाए -प्रेरित २:१३) ।

४. दाखमद्यलाई औषधिको रूपमा प्रयोग गर्न सकिन्छ -मर्कूस १५:२३; लूका १०:३४; १ तिमोथी ५:२३) ।

५. अगुवाहरूलाई दोष लगाउने गर्नु हुँदैन । यसको आशय पूर्ण रूपमा बाधा दिने भन्ने होइन (१ तिमोथी ३:३,८; तितस १:७; २:३; १ पत्रुस ४:३)

६. दाखमद्य भविष्यसम्बन्धी कुरालाई मिलाउन प्रयोग गरिन्छ -मत्ती २२:१-२; प्रकाश १९:९) ।

७. मात्तिनेपना निन्दाजनक हुन्छ -मत्ती २४:४९; लूका १२:४५; २१:३४; १ कोरिन्थी ५:११-१३; ६:१०; गलाती ५:२१; १ पत्रुस ४:३; रोमी १३:१३-१४) ।

इ. ईश्वरशास्त्रीय अन्तर्दृष्टि

क. भाषागत चिन्ता

१. दाखमद्य परमेश्वरको वरदान हो ।

२. मात्तिनेपनमा मुख्य समस्या हुन्छ ।

३. कुनै संस्कारका विश्वासीहरूले सुसमाचारको खातिर तिनीहरूको स्वतन्त्रतालाई सिमित गर्नुपर्छ (मत्ती १५:१-२०; मर्कूस ७:१-२३; १ कोरिन्थी ८-१० अध्याय; रोमी १४ अध्याय)

ख. दिइएको सीमानालाई तोडेर त्योभन्दा अगाडि जाने चाहना

१. परमेश्वर सबै असल चिजहरूको स्रोत हुनुहुन्छ ।

२. पतनभएको मानिस जातिले परमेश्वरले दिनुभएको सीमानालाई तोडेर अगाडि बढ्दा परमेश्वरका सबै वरदानहरूलाई दुरुपयोग गरेका छन् ।

ग. दुरुपयोग चिजविजहरूमा होइन, तर हामीमा छ । भौतिक रचनमा कुनै पनि चिजहरू दुष्ट छैनन् (मर्कूस ७:१८-२३; रोमी १४:१४,२०; १ कोरिन्थी १०:२५-२६; १ तिमोथी ४:४; तितस १:१५) ।

ई. पहिलो शताब्दीको यहूदी संस्कार र परिवर्तन

क. परिवर्तन धेरै छिट्टो सुरु हुन्छ, अंगुरलाई पेलीसकेपछिको अन्दाजी ६ घण्टा

ख. यहूदी परम्पराले यसो भन्दछ, कि जब सतहमा हल्का फीँज देखा पदैछ (परिवतनको चिन्हको रूपमा), तब यो दाखमद्यको दशाँश दिन योग्य हुन्छ (मा एसेरोथ १:७) । यसलाई "नयाँ दाखमद्य" वा "गुलियो दाखमद्य" भनियो ।

ग. सामान्यतया परिवर्तन हुने संघर्षको अवधि एकहप्तापछि पूरा हुन्थ्यो ।

घ. दोस्रो परिवर्तन हुने समय करिब ४० दिनमा हुन्थ्यो । यो अवस्थामा यसलाई "पाको दाखमद्य" भनेर भनियो, र यसलाई वेदीमा चढाउन सकिन्थ्यो (इधुयुयोथ ६:१) ।

ङ. जब यसमा दाखमद्यको थेग्रो बस्दथ्यो (पुरानो दाखमद्य), तब यसलाई असल भनेर भनिन्थ्यो, तर यसलाई प्रयोग गर्नुभन्दा अगाडि राम्ररी छान्नुपर्ने हुन्थ्यो ।

च. दाखमद्य एक वर्षको परिवर्तनपछि राम्ररी पाको भएको भनेर भनिन्थ्यो। तीन वर्षको लामो समयसम्म दाखमद्यलाई स ुरक्षित राख्न सकिन्थ्यो । यसलाई "पुरानो दाखमद्य" भनियो र यसलाई पानीसँगै पातलो पार्नु पर्थ्यो ।

छ. विगतको १०० वर्षको समयपछि मात्र जीवाणुहीन वातावरण र रसायनिक मिसावटहरूले परिवर्तन हुने कुरालाई पछाडि धकेलिदिएको छ । प्राचीन विश्वले परिवर्तन हुने प्रकृयालाई रोक्न सकेनन् ।

उ. अन्तिम भनाइहरू

क. तपाईंको अनुभव, ईश्वरशास्त्र, र बाइबलीय व्याख्यामा निश्चित हुनुहोस्, र यसले येशू र पहिलो शताब्दीको यहूदी वा ख्रीष्टियन संस्कारलाई घटाउन सक्दैन । तिनीहरू अगाडि नै पूर्णतामा अलग रहने भएनन् ।

ख. मैले दाखमद्यलाई सामाजिक प्रयोगको रूपमा बताइरहेको छैन । तरैपनि, यो विषयमा धेरैले बाइबलको पदको बारेमा अत्यधिक कुरा बताएका छन्, र अब तिनीहरूले सांस्कृतिक वा साम्प्रदायिक पूर्वाग्रहलाई आधार बनाएर उच्चतम धार्मिकताको दावी गर्दछन् ।

ग. मेरो निम्ति, रोमी १४ र १ कोरिन्थी ८-१० ले विश्वासी सहकर्मीहरूको निम्ति प्रेम र सम्मानलाई आधार बनाएर अन्तर्दृष्टि र निर्देशन प्रदान गर्दछन्, र व्यक्तिगत स्वतन्त्रता वा न्यायको आलोचना नगरेर हाम्रो संस्कारहरूमा सुसमाचार फैलाउँछन् । यदि बाइबल विश्वास र अभ्यासको स्रोतमात्र हो भने, सायद हामीले यो विषयलाई पुनर्विचार गर्नुपर्ने हुन्छ ।

घ. यदि हामीले परमेश्वरको चाहनामा पूर्ण स्वतन्त्रतातर्फ धकेल्ने हो भने, हामीले येशूको बारेमा के कुरालाई सूचित गर्छौं र नियमित दाखमद्यको प्रयोग गर्ने आधुनिक संस्कारलाई के भन्छौं (जस्तैः युरोप, [illegible], अर्जेन्टिना) ?

२:४, "नारी" यसलाई अंग्रजीमा नराम्रो प्रकारले हेरिन्छ, तर यो हिब्रू भनाइमा थियो, र सम्मानित शिर्षकमा पदर्थ्यो (४:२१; ८:१०; १९:२६; २०:१५)।

- 

| | |
|---|---|
| नासाब | "त्यसले हामीसँग कस्तो कार्य गर्न सक्छ ?" |
| एनकेजेभि | "त्यसले तपाई र मसँग कस्तो वास्ता राख्दछ ?" |
| एनआरएसभि | "त्यसले तपाईं र मसँग कस्तो वास्ता राख्दछ ?" |
| ोटइभि | "तपाईंले मलाई के गर्ने भनेर भन्नु पर्दैन ?" |
| एनजेबि | "तपाईंले मबाट के कुराको चाहना राख्नुहुन्छ ?" |

शाब्दिकरूपमा यो हिब्रू भनाइको "मसँग के र तपाईसँग के भन्ने हुन्छ" -न्यायकर्ता ११:१२; २ शमूएल १६:१०; १९:२२; १ राजा १७:१८; २ राजा ३:१३; २ इतिहास ३५:२१; मत्ती ८:२९; मर्कूस १:२४; ५:७; लूका ४:३४; ८:२८; यूहन्ना २:४) । सम्भवत यो येशूको उहाँको परिवारमा नयाँ सम्बन्धको सुरुवात थियो (मत्ती १२:४६-४७; लूका ११:२७-२८) ।

- "मेरो समय अझसम्म आएको छैन" यसले येशूको आत्म बुझाइलाई उहाँको लक्षित उद्देश्यको बारेमा देखाउँछ -मर्कूस १०:४५) । यूहन्नाले यो "समय" भन्ने परिवेशलाई विविध तरिकाले प्रयोग गरेका छन्:

१. समयको निम्ति (१:३९; ४:६,५२,५३; ११:९; १६:२१; १९:१४,२७) ।

२. अन्त्यको समयको निम्ति (४:२१,२३; ५:२५,२८) ।

३. उहाँको अन्त्यको दिनहरूको निम्ति (पकडाउ, परीक्षा मृत्यु, (२:४; ७:३०; ८:२०; १२:२३,२७; १३:१; १६:३२; १७:१) ।

२:५, "उहाँले भन्नुभएबमोजिम तिमीहरूले गर" येशूको भनाइलाई मरियमले बुझ्न सकिनन् र उनको तर्फबाट गर्नुपर्ने कार्यलाई उनले त्यो अवसरमा पूर्णरूपमा रोकिन ।

२:६

| | |
|---|---|
| नासाब | "यहूदी शुद्धिकरणको रितिको निम्ति" |
| एनकेजेभि | "यहूदी शुद्धिकरणको तरिका अनुसार" |
| एनआरएसभि | "यहूदी शुद्धिकरणको विधिको निम्ति" |
| टिइभि | "परम्परागत धुलाईको बारेमा यहूदीसँग भएका नियमहरू" |
| एनजेबि | "यहूदीहरूमा भएको रीतिथितिअनुसारको स्नान गर्नु" |

यी भाँडाहरूमा राखिएको पानीले चाडवाडमा खुट्टा, हात र वर्तनहरू धुन प्रयोग गरिन्थ्यो । यूहन्नाले यो टिप्पणी अन्यजातिको बुझाइलाई मद्दत गर्ने परिवेशलाई गरेका छन् ।

२:६-७, "ढुगाका ६ वटा घचाम्पाहरू" कतिचोटी यूहन्नामा यस्तो भएजस्तै, यो दुईवटा उद्देश्यको निम्ति चिन्ह भएजस्तो देखिन्थ्यो ।

१. विवाहित जोडीलाई मद्दत गर्न

२. यहूदीवादलाई पूरा गर्दा अन्तत यो चिन्हले येशूतर्फ देखाइरहेको हुन्थ्यो । यो अन्तिम भनाइको कारण यस्तो हुन सक्छ:

क. मानवीय प्रयासको संकेत नम्बर "६" हुन्छ ।

ख. येशूले तिनीहरूलाई घचाम्पाहरू पूरै भर्न अनुरोध गरेर साङ्केतिक अर्थ दिएको जस्तो देखिन्छ, केवल धेरै दाखमद्य दिने कुरामात्र थिएन ।

ग. त्यो ठूलो परिणामको दाखमद्य काना नगरको विवाह उत्सवको लागि धेरै थियो ।

घ. दाखमद्य आउने नयाँ युगको लागि सांकेतिक रूप थियो (यर्मिया ३१:१२; होशे २:२२; १४:७; योएल ३:१८; आमोश ९:१२-१४) ।

- "प्रायः एक सय लिटर अटाउने" हिब्रू परिवेशमा नुहाउनु भन्ने मापदण्ड प्रयोग गरिन्थ्यो । त्यहाँ येशूको समयमा नुहाउनको लागि तीनवटा फरक तहहरूलाई प्रयोग गरिन्थ्यो, यसरी परिणाम पनि अनिश्चित हुन्थ्यो, तर यो आश्चर्यकर्ममा ठूलो परिणामको दाखमद्यको संलग्नता थियो ।

## विशेष शिर्षक: प्राचीन पूर्व नजिकका तौल र मापकहरू (मापदण्ड सम्बन्धी)

प्राचीन कृषिको अर्थतन्त्रको व्यापारमा प्रयोग गरिएको नाप र तौल अति नै जटिल थियो । बाइबलले यस्तो आग्रह गर्दछ, कि यहूदीहरू एक-अर्कासँगको व्यवहारमा स्पष्ट हुनुपर्थ्यो (लेवी १९:३५-३६; व्यवस्था २५:१३१६; हितोपदेश ११:१; १६:११; २०:१०) । यहाँ भएको वास्तविक समस्या इमानदार हुनुमात्र थिएन, तर प्यालेष्टाइनमा प्रयोग गरिएको व्यवस्थाको मापदण्डमा स्तरियता थिएन । यस्तो पनि देखिन्थ्यो, कि त्यहाँ दुई खालका तौलहरू थिए: एउटा "हल्का" र अर्को "गह्रौ" मिश्र देशको मापदण्डको दशमलबको व्यवस्थालाई मेसोपोटामियाको मापदण्डसँग मिलाइएको थियो ।

प्रयोग गरिएका धेरैजसो "आकार" र "परिणामहरू" मानवीय शरीरका अंगहरू, जनावरका भागहरू, र किसानले राख्ने वस्तुमा आधारित थिए, तिनीहरूमध्ये कुनै पनि स्तरिय थिएनन् । त्यसकारण, चित्रहरूमा मात्र अनुमान गरिन्थ्यो, र यिनीहरू बैकल्पिक हुन्थे । नाप र तौललाई सजिलो तरिकाले देखाउने सम्बन्धित चित्रहरू हुन्थे ।

अ. धेरैचोटी प्रयोग गरिएका इकाईका परिवेशहरू

क. सुख्खा मापकहरू

१. होमरको (विडिवि ३३०, सम्भवत् एउटा "गधाको भारी" विडिवि ३३१), जस्तै लेवी २७:१६; ३:२

२. लेतेख (लेथेक, विडिवि ५४७, सम्भवत् होशे ३:२ मा संकेत गरिएको

३. इफाह (विडिवि ३५), जस्तैः प्रस्थान १६:३६; लेवी १९:३६; एजकिएल ४५:१०,११,१३,२४) ।

४. सेआ (विडिवि ६८४), जस्तैः उत्पत्ति १८:६; १ शमूएल २५:१८; १ राजा १८:३२; २ राजा ७:१,१६,१८) ।

५. ओमेर (विडिवि ७७१ दोस्रो, सम्भवत् "एउटा मुठो" -खसेको दानाको एउटा मुठो, विडिवि ७७१ पहिलो), जस्तैः प्रस्थान १६:१६,२२,३६ लेवी २३:१०-१५) ।

६. इसारोन (विडिवि ७९८, "इपाहको दशौं भाग), जस्तैः प्रस्थान २९:४०; लेवी १४:२१; गन्ती १५:४; २८:५,१३ ।

७. क्वाभ -वा काभ, विडिवि ८६६), २ राजा ६:२५

ख. तरलको नाप

१. कोर (विडिवि ४९९), जस्तैः इजकिएल ४५:१४ (सुख्खा नाप हुन सक्छ, २ इतिहास २:१०; २७:५)

२. वाथ -विडिवि १४४ दोस्रो), जस्तैः पहिलो राजा ७:२६,३८; २ इतिहास २:१०; ४:५; यशैया ५:१०; इजकिएल ४५:१०-११,१४

३. हिन -विडिवि २२८) जस्तैः प्रस्थान २९:४०; लेवी १९:३६; इजकिएल ४५:२४

४. लग -विडिवि ५२८), लेवी १४:१०,१२,१५,२१,२४

ग. चित्र (रोलान्ड डि भउक्स बाट लिइएको, पुरानो इस्राएल, इकाई १, पाना २०१ र इनसाइक्लोपेडिया जुडैका, इकाई १६, पाना ३७९

होमर (सुख्खा) = कोर (तरल वा सुख्खा) १

इपाह (सुख्खा) = वाथ (तरल १०१)

सेयाह (सुख्खा) ३०३१

हिन (तरल) ६०६२१

ओमर/इसारोन (सुख्खा) १००१०-१

लग (तरल) ७२०७२२४१२-४१

आ. धेरैचोटी तौलका परिवेशहरूको प्रयोग गरिएको

क. तीनवटा धेरै सामान्य तौलहरू तोडा, शेकेल, र गेराहरू हुन् ।

१. पुरानो करारमा दिइएको सबभन्दा ठूलो तौल तोडा हो । प्रस्थान ३८:२५-२६ बाट हामीले यो कुरा सिक्दछौं, कि १ तोडा बराबर ३,००० सेकेल हुन्छ -जस्तैः "वरिपरि घुमेको तौल," विडिवि ५०३) ।

२. शेकेल भन्ने परिवेश (विडिवि १०५३, "तौल") धेरैचोटी प्रयोग गरिन्छ, ताकि यसलाई यसो मानिलिइन्छ, तर पाठमा बताइएको छैन । त्यहाँ पुरानो करारमा बताइएको शेकेलका धेरै मुल्यहरू छन् ।

क. “वाणिज्यको मापदण्ड” (उत्पत्ति २३:१६ को नासाब)

ख. “पवित्र स्थानको सेकेल” (प्रस्थान ३०:१३ मा भएको नासाब)

ग. “राजाको तौलद्वारा” (२ शमूएल १४:२६ को नासाब), र यसलाई हात्तीको लेखमा “शाही तौल” पनि भनियो । गेराह

३. (विडिवि १७६ दोस्रो) लाई २० प्रति शेकेलमा मुल्य राखियो -प्रस्थान ३०:१३; लवी २७:२५; गन्ती ३:४७; १८:१६; इजकिएल ४५:१२) । यिनीहरूको औषत मेसोपोटामियादेखि मिश्रसम्म फरक थियो । इस्राएलले कनानमा भएको धेरै सामान्य मुल्याङ्कनलाई पछ्यायो (उगारित) ।

४. मिना (विडिवि ५८४) को मुल्य ५० वा ६० शेकेल राखियो । धेरैजसो यो परिवेश पुरानो करारको पुस्तकहरूमा पाइन्छ -जस्तै: इजकिएल ४५:१२; एज्रा २:६९; नहेम्याह ७:७१-७२) । इजकिएलले ६० लाई १ को अनुपातमा प्रयोग गरे, जबकि कनानीहरूले

५. ५० लाई १ को अनुपातमा प्रयोग गरे । बेका (विडिवि १३२, “आधी शेकेल,” उत्पत्ति २४:२२) लाई पुरानो करारमा दुईपटकमात्र प्रयोग गरिन्छ (उत्पत्ति २४:२२; प्रस्थान३८:२६), र एक र आधी शेकेलको मुख्य राखियो । यसको नाउँको अर्थ “विभाजित गर्नु” हो ।

ख. चित्र

१. पञ्चपुस्तकमा आधारित

| | | | |
|---|---|---|---|
| तोडा १ | | | |
| मिना ६० | १ | | |
| शेकेल ३,००० | ५० | १ | |
| बेका ६,००० | १०० | २ | १ |
| गेराह ६०,००० | १,००० | २० | १० |

२. इजकिएलमा आधारित

| | | | | |
|---|---|---|---|---|
| तोडा १ | | | | |
| मिना ६० | | | | |
| शेकेल ३,६०० | १ | | | |
| बेका ७,२०० | ६० | १ | | |
| गेरा ७२,००० | १२० | २ | १ | |
| | १,२०० | २० | १० | १ |

२:८
नासाब “मुख्य गुरु”
एनकेजेभि “चाडका मालिक”
एनआएसभि “मुख्य भण्डारे”
टिइभि “चाडको मुखिया”
एनजेबि “चाडका अध्यक्ष”

यो व्यक्ति यस्तो हुन सक्थ्यो १) एउटा सम्मानित पाहुना जोचाहिँ चाडको मुखियो थियो वा २) एकजना दास जसले पाहुनाको सेवा गर्ने जिम्मेवारी पाएका हुन्छन् ।

२:११ “उहाँका चिन्हहरूमध्ये यो पहिलो चिन्ह” यूहन्नाको सुसमाचार सातवटा चिन्हहरूको वरिपरि र तिनीहरूको व्याख्यामा बनिएको छ । यो पहिलो हो । विशेष शिर्षक हेर्नुहोस्: १:१ मा आर्क ।

- “यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे” येशूको महिमालाई देखाउने कुरा (१:३१ को क्रियाको टिपोटलाई हेर्नुहोस्) को उद्देश्य आश्चर्यकर्महरू थियो (१:१४ को विशेष शिर्षकलाई हेर्नुहोस्) । यो आश्चर्यकर्मको साथसाथै सामान्यतया उहाँका चेलाहरूमा निर्देशित भएको देखिन्थ्यो । यसले तिनीहरूको सुरुको विश्वासको कार्यलाई बताएन, तर तिनीहरूले उहाँको व्यक्ति र कार्यमा भइरहेको समझदारीलाई हेरे । यी चिन्हहरूले मसिहको साँचो व्यक्तित्व र कार्यलाई प्रकट गर्दछन् । पाहुनालाई कहिल्यै केही कुरा भयो भनेर जान्नु यसमा अनिश्चित हुन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २:१२

“त्यसपछि उहाँ आफ्नी आमा, भाइहरू र चेलाहरूसँग कफर्नहुममा जानुभयो, र केही दिन त्यहाँ बस्नुभयो ।”

२:१२ “कफर्नहुम” नासरतको अविश्वापछि (लूका ४:१६-३०) गालीलमा रहेको यो स्थान येशूको निम्ति केन्द्रिय कार्यालय बन्यो -मत्ती ४:१३; मर्कूस १:२१; २:१; लूका ४:२३,३१; यूहन्ना २:१२; ४:४६-४७) ।

- येशूको सेवकाइमा यो अनौठो झलक उहाँको परिवारतर्फ काना नगरमा भएको यो आश्चर्यकर्मलाई मानिलिइन्छ ।

## २:१३-२५ मा दिइएको पाठगत अन्तदृष्टि

क. त्यहाँ नयाँ करारका विद्वानहरूमा येशूले कति धेरै पटक मन्दिरको शुद्धिकरण गर्नुभयो भन्ने कुरामा छलफल भएका छन् । यूहन्नाले येशूको सेवकाइको सुरु भन्दा अगाडि नै शुद्धिकरणको बारेमा वर्णन गरेका छन्, जबकि अन्य सुसमाचारकाहरूले (मत्ती २१:१२; मर्कूस ११:१५ र लूका १९:४५) मन्दिरको शुद्धिकरण येशूको जीवनको अन्तिम हप्ताको समयमा भनेर वर्णन गरेका छन् । यी दुईवटा विवरणको फरकपनालाई आधार बनाएर, त्यहाँ एउटा होइन, तर दुईवटा मन्दिरको शुद्धिकरण गरिएको हुन सक्छ ।

तरैपनि, यो निश्चितरूपमा सम्भव छ, कि यूहन्नाले येशूको कार्यहरूलाई ईश्वरशास्त्रीय उद्देश्यको निम्ति संरचना गरेका छन् (जस्तैः यूहन्नाले अध्याय १ बाट येशूको पूर्ण ईश्वरत्वलाई बताएका छन्) । हरेक सुसमाचारका लेखकहरूलाई छान्ने, अंगाल्ने, व्यवस्थि तगर्ने र येशूका कार्य र शिक्षाहरूलाई उत्प्रेरणामा छान्ने स्वतन्त्रता थियो । तिनीहरूले येशूको वचनलाई उहाँको मुखमा हाल्ने वा घटनाहरू बनाउने स्वतन्त्रता थियो भनेर मैले विश्वास गर्दिन । यो कुरालाई पनि याद गर्नुपर्छ, कि सुसमाचारहरू व्यक्तिका आधुनिक जीवनीहरू होइनन्, तर यी पाठकहरूलाई लक्षित गरेर छानिएका सुसमाचारिय बाटोहरू हुन् । सुसमाचारहरू ऐतिहासिक घटनाहरू पनि होइनन्, नत यिनीहरूले येशूका आफ्नै वचनहरू (बरु छोटकरीमा लेखिएका) लाई अभिलेख राखेका छन् । यसले तिनीहरू बेठीक छन् भनेर पनि सूचित गर्दैनन् । पूर्वीय साहित्य पश्चिमी साहित्यभन्दा विविध सांस्कृतिक आशाहरूमा आधारित थिए -बाइबललाई यसको सबै मुल्यमा कसरी अध्ययन गर्ने भनेर लेखिएको पानाहरू १२७-१४८ मा गोर्डेन फ्री र डगलास स्टुआर्टका पुस्तकलाई हेर्नुहोस्) ।

ख. मन्दिरको शुद्धिकरण्मा पहिला यहूदी राष्ट्रलाई सामना गर्ने सम्पूर्ण ईश्वरशास्त्रीय उद्देश्यलाई यूहन्नाले मिलाएका छन् । यसलाई यूहन्नाको ३ अध्याय (परम्परागत यहूदीबाद) मा निकोदेमशसँगको छलफलमा देख्न सकिन्छ । तरैपनि, ४ अध्यायमा येशूले वृहत समूहसँग सामना गर्नलाई सुरु गर्नुहुन्छ (यहूदीको झुटा शिक्षाको समूहमा), र यसको सुरुवात सामरी स्त्रीसँग हुन्छ ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठ २:१३-२२**

"यहूदीहरूको निस्तार चाड नजिकै थियो, र येशू यरूशलेममा जानुभयो । उहाँले मन्दिरमा गोरु, भेंडा र ढुकुर बेच्नेहरू र पैसा साट्नेहरूले किनबेच गरिरहेका भेट्टाउनुभयो । तब डोरीको एउटा कोर्रा बनाएर उहाँले मन्दिरबाट ती सबैलाई, तिनका भेंडाहरू र गोरुहरूलाई समेत मन्दिर बाट बाहिर लघार्नु भयो, र पैसा साट्नेहरूको रेचकी घोप्ट्याएर तिनीहरूका टेबिल पल्टाइदिनुभयो । ढुकुर बेच्नेहरूलाई उहाँले भन्नुभयो, "यहाँ बाट यी सब थोक लैजाओ । मेरा पिताको भवनलाई व्यापारको घर नतुल्याओ ।" उहाँका चेलाहरूलाई धर्मशास्त्रमा लेखिएको यो कुरा याद भयो, तपाईंका भवनको जोसले मलाई जलाउनेछ ।" यहूदीहरूले उहाँलाई भने, "तपाईं यी काम गर्नुहुन्छ, त यिनका निम्ति हामीलाई के चिन्ह देखाउनु हुन्छ ?" येशूले तिनीहरूलाई जवाफ दिनु भयो, "यस मन्दिरलाई भत्काइदेओ, र म यसलाई तीन दिनमा खडा गर्नेछु ।" तब यहूदीहरूले भने, "यस मन्दिरलाई निर्माण गर्न ४६ वर्ष लाग्यो, र के तपाईं यसलाई तीन दिनमा खडा गर्न सक्नुहुन्छ र ?" तर जुन मन्दिरको विषयमा उहाँ बोल्नु भएको थियो, त्यो उहाँको शरीर थियो । जब उहाँ मृतकबाट उठाइनुभयो, तब येशूले भन्नुभएको त्यो कुरा चेलाहरूलाई स्मरण भयो, र तिनीहरूले धर्मशास्त्रमाथि र येशूले बोल्नुभएको वचनमाथि विश्वास गरे ।"

"२:१३, निस्तार चाड" यो वार्षिक चाड प्रस्थान १२ अध्याय र व्यवस्था १६:१-६ मा वर्णन गरिएको छ । यो चाडले मात्रै हामीलाई येशूको सेवकाइको मिति को बारेमा बताएको छ । यूहन्ना बाहेकका सुसमाचारले यो कुराको सूचित गर्दछ, कि येशूको सेवकाइ एक वर्षको मात्र थियो -जस्तैः एउटा निस्तार चाड बताइएको) । तर यूहन्नाले तीनवटा निस्तार चाडलाई बताएका छन् १) २:१३,२३; २) ६:४ र ३) ११:५५; १२:१; १३:१; १८:२८,३९; १९:१४ । त्यहाँ ५:१ मा चौथो पनि भएको संभावना छ । येशूको सक्रिय सेवकाइ कति धेरै लामो थियो भनेर हामीलाई थाहा छैन, तर यूहन्नाको सुसमाचारले यो कुरालाई बताएको छ, कि यो सेवकाइ तीन वर्ष, सम्भवत् चार वर्ष, वा पाँच वर्ष पनि भएको हुन सक्छ ।

यूहन्नाले उनको स ुसमाचारको संरचना यहूदी चाडको वरिपरि भएको कुरा बताएका छन् (निस्तार, छाप्रो बास । हनुखा, रिचार्ड एन. लङनेकरको "चेलापनको समयमा बाइबलीय व्याख्या" को पानाहरू १३५-१३९ हेर्नुहोस्) ।

**विशेष शिर्षकः निस्तार चाड**

अ. सुरुको भनाइ

क. मिश्रीहरूको अलौकिक न्यायको कार्य र इस्राएलीहरूको उद्दारको कार्यको निम्ति यहोवाको प्रेम मुख्य कार्य बन्यो र इस्राएल देश राष्ट्रको रूपमा स्थापित भयो (जस्तैः विशेषगरेर अगमवक्ताहरूको निम्ति) ।

ख. प्रस्थान उत्पत्ति १५:१२-२१ मा यहोवाले अब्राहामलाई गरिएको प्रतिज्ञाको विशेष पूरा गर्ने कार्य हो । निस्तार चाड प्रस्थानमा आएको छ

ग. यो अन्तिम र धेरै व्यापक -जस्तैः भौगोलिकरूपमा मिश्र र घोसेन) । नासवान (पहिले जन्मिएको छोरा र गाइवस्तुहरू मारिएको) थियो, यहोवाले मोशाद्धारा मिश्रमा १० विपत्तिहरू पठाउनुभयो ।

यसको आफ्नै परिवेश -विडिवि ८२०, केवि ९४७)

आ. क. संज्ञाको अर्थ अनिश्चित हुन्छ ।

१. ''प्लेग''सँग जोडिएको, त्यसद्वारा ''एउटा झट्का हिर्काउनु'' -जस्तैः प्रस्थान ११:१); यहोवाको स्वर्गदूतले पहिले जन्मिएका मानिस र पशुलाई हिर्काएका ।

ख. क्रियाको अर्थ

१. ''शिथिल हुनु'' वा ''लङ्गडो हुनु'' (२ शमूएल ४:४), ''घरको बजारमा उफ्रिनु'' भन्ने भावनामा प्रयोग (प्रस्थान १२:१३,२३,२७, विडिवि ६१९, एउटा प्रचलित शब्दको इतिहास)

२. ''नाच्नु'' (२ राजा १८:२१)

३. अक्काडियन - ''शान्त पार्नु

४. मिश्री - ''हिर्काउनु'' (क. को १ हेर्नुहोस्)

५. यशैया ३१:५ को समानान्तर क्रिया, ''सुरक्षा दिँदाखेरी उभिनु'' (प्रस्थान १२:१३)

६. हिब्रू पासाह र ग्रीक पासाकको बीचमा स ुरुका खीष्टियनहरूले प्रचलित ध्वनीलाई निकाल्दछन् र ''दु:ख'' भोग्दछन् ।

ग. सम्भाव्य ऐतिहासिक कुरा आउनु

१. नयाँ वर्षको निम्ति गोठालाको बलिदान

२. पाललाई हटाउने समयमा हिउँदको खऱ्यानमा दुष्टतालाई निकाल्ने गरिन्छ ।

३. प्राचीन मानिसहरूबाट दुष्टतालाई निकाल्नको लागि बलिदान गर्नु

घ. यसको कारणमा यति धेरै कठिन हुन्छ, र यो शब्दको अर्थमा निश्चित हुने मात्र होइन, तर यसको सुरुवात यो हो, कि अन्य प्राचीन संस्कारमा धेरै विविध किसिमका विशेषताका निस्तार चाडहरू पाइन्छन् ।

१. गर्मि समयको तिथि

२. संज्ञाको अनिश्चिततामा शब्दको इतिहास

३. रातको सुरक्षामा जोडिएको

४. रगतको प्रयोग

५. स्वर्गदूत वा शैतानको कल्पना

६. विशेष भोजन

७. कृषिसम्बन्धी तत्वहरू (खमिर नहालिएको रोटी)

८. पूजाहारीहरू र वेदी नबनाइएको, तर स्थानीय कुरामा जोड

इ. घटना

क. यसको घटना आफैलाई प्रस्थान ११ र १२ अध्यायमा लेखिएको छ ।

ख. बार्षिक भोजलाई प्रस्थान १२ मा वर्णन गरिएको छ र आठ दिनको खमिर नहालिएको रोटीको चाडको भोजमा मिसाइएको छ ।

१. सुरुमा यो स्थानीय घटना थियो, प्रस्थान १२:२१-२३; व्यवस्था १६:५ (गन्ती ९ अध्याय)

क) पूजाहारी नभएको

ख) कुनै विशेष वेदी नभएको

ग) रगतको प्रयोग विशेष किसिमले गरिएको

२. यो केन्द्रिय पवित्र-स्थलको घटना बन्यो

३. यो स्थानीय बलिदानको मिसावट (जस्तैं: थुमाको रगत मृत्युका दूतको निम्ति दिनलाई आएको) र केन्द्रिय पवित्र-स्थलमा आएको बालीको चाडले अबिब वा निसानको १४ र १५-२१ को तिथिलाई नजिकको समीप्यमा पूरा गरिएको थियो ।

ग. पहिला जन्मिएका सबै मानिस र पशुहरूको सांङ्केतिक कुरा र तिनीहरूको छुट्कारालाई प्रस्थान १३ अध्यायमा वर्णन गरिएको छ ।

ई. यसको अवलोकनको कथासम्बन्धी गणना

क. मिश्रमा पहिलो निस्तार चाड मनाइएको, प्रस्थान १२ अध्याय

ख. होरेब वा सिनै पर्वतमा, गन्ती ९ अध्याय

ग. कनानको गिलगालमा पहिलो निस्तार चाड मनाइएको, यहोशू ५:१०-१२

घ. सोलोमनले मन्दिरको समर्पण गरेको समयमा, १ राजा ९:२५ र २ इतिहास ८:१२ (सायद, यो विशेषरूपमा स ुरु नगरिएको)

ङ. हिजकियाको शासन कालमा भएको चाहिँ, २ इतिहास ३० अध्याय

च. योसियाको स ुधारको समयमा भएको चाहिँ, २ राजा २३:२१-२३; २ इतिहास ३५:१-१८

छ. २ राजा २३:२२ र २ इतिहास ३५:१८ लाई याद गरेर यो बार्षिक चाडलाई मान्नुपर्नेमा इस्राएलले व्यवास्ता गरेको कुरालाई बताउनुहोस् ।

उ. यसको महत्व

क. यो वार्षिक चाडको समयमा चाहिने तीनवटामध्ये एउटा कुरा हो -प्रस्थान २३:१४-१७; ३४:२२-२४; व्यवस्था १६:१६) ।

१. निस्तार चाड/अखमिरी रोटी
२. साप्ताहिक भोजहरू
३. हाटबजारको भोजहरू
ख. मोशाले व्यवस्थामा केन्द्रिय पवित्र स्थल (अन्य दुईवटा भोजहरू भएजस्तै) को त्यो दिनको अवलोकनलाई छाँयामा पार्नेछन् ।
ग. येशूले बार्षिक निस्तार चाडको भोज (वा त्यो दिनभन्दा अगाडि) को अवसरलाई रोटी र दाखमद्यको संकेतको नयाँ करारलाई प्रकट गर्न प्रयोग गर्नुभयो, तर थुमाको प्रयोगचाहिँ गर्नुभएनः
१. सामुहिक भोजन
२. उद्धार गर्ने बलिदान
३. पछिको पुस्ताहरूको निम्ति हुने निरन्तर महत्व

- "र येशू यरूशलेममा जानुभयो" येशूले यरूशलेमलाई भौगोलिक वा भूगर्भिय भावनामा भन्दा पनि बढी ईश्वरशास्त्रीय भावनामा प्रयोग गर्नुभयो।

२:१४, "मन्दिरमा" हेरोद महान्‌को मन्दिर (एकजना इदोमीबासी जसले प्यालेष्टाइनमा ३७-४ ई.पू. मा शासन गरे) विभिन्न सातवटा चोकहरूमा विभाजित भएको थियो । बाहिरी चोक अन्यजातिहरूको चोक थियो, जहाँ बलिदान चढाउन चाहने र विशेष भेटी ल्याउने मानिसहरूलाई व्यापारीहरूले तिनीहरूको पसलको स्थापना गरेका थिए ।

- "गोरु, भेडा र ढुकुर" धेरै टाढाबाट यात्रा गर्ने मानिसहरूलाई स्वीकार गर्ने जनावरमा संतुष्ट भएर किन्नुपर्ने खाँचो थियो । तरैपनि, प्रधान पूजाहारीका परिवारले यी पसलहरूलाई नियन्त्रण गर्थे, र जनावरहरूको निम्ति चाहिनेभन्दा बढी पैसा असुल्थे । हामीले पनि यो कुरा जान्दछौं, कि यदि मानिसहरूले तिनीहरूको आफ्नै जनावर ल्याए भने, पूजाहारीहरूले केही शारीरिक खराबी भएको कुरा बताएर अयोग्य भयो भन्दथे । त्यसकारण तिनीहरूले आफ्ना जनावरलाई व्यापारीहरू मार्फत किन्ने गर्थे । .

- "पैसा साट्नेहरू" यी व्यक्तिहरूको निम्ति खाँचो भएको कुरामा त्यहाँ दुईखालका वर्णनहरू छन्: १) मन्दिरले स्वीकार गर्ने मात्र मुद्रा शेकेल थियो । यहूदीको शेकेल मुद्रा हुनको लागि लामो समयदेखि आएकोले मन्दिरले येशूको समयदेखि टाएरबाट शेकेललाई मात्र स्वीकार गरेको थियो, वा २) रोमी सम्राटको तस्विर नभएको मुद्रालाई अनुमति दिइएको थिएन । वास्तवमा, त्यहाँ शुल्क तिर्नुपर्ने थियो ।

"२:१५" तब डोरीको एउटा कोर्रा बनाएर उहाँले मन्दिरबाट ती सबैलाई, तिनका भेंडाहरू र गोरुहरूलाई मन्दिरबाट बाहिर लघार्नुभयो" येशू रिसाउनु भएको कुरा त्यहाँ स्पष्टरूपमा देख्न सकिन्छ । त्यो स्थान जहाँ यहोवालाई चिन्न सकिन्थ्यो, त्यो स्थान आराधना गर्ने र प्रकाश पाउने थिएन ! रिसाउनु आफै पाप होइन ! सम्भवत् पावलको एफिसी ४:२६ को भनाइको कार्य यो हो । हामीलाई रीस उठाउने केही चिजहरू हुन्छन् ।

२:१६ "यहाँबाट यी सब थोक लैजाओ" यो एओरिष्ट सक्रिय जोडदार आज्ञात्मक हो, "यहाँबाट यी चिजहरू लिएर जानु !

- "मेरा पिताको भवनलाई व्यापारको घर नतुल्यायो" यो वर्तमान् आज्ञात्मक नकारात्मक कृदन्त हो, जसको सामान्य आशय अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु हो । यो बिन्दुमा आएर अन्य सुसमाचारहरूले -जस्तै मत्ती २१:१३; मर्कूस ११:१७; लूका १९:४६) यशैया ५६:७ र यर्मिया ११:७ लाई बताउँछन् । तरैपनि, यूहन्नामा यी पुरानो करारका अगमवाणीहरूलाई बताइएको छैन । यो जकरिया १४:२१ मा दिइएको मसिहिय अगमवाणीको सम्भाव्य संकेत हुन सक्छ ।

२:१७ "उहाँका चेलाहरूलाई धर्मशास्त्रमा लेखिएको यो कुरा याद भयो" यो भनाइले यो कुरालाई सूचित गर्दछ, कि येशू ख्रीष्टको सेवकाइ र आत्माको सहायताको प्रकाशमा यी मानिसहरूले येशू ख्रीष्टको आत्मिक सत्यताको कार्यलाई पछिमात्र देखे (पद २२; १२:१६; १४:२६) ।

- "लेखिएको यो कुरा" यो सिद्ध निष्क्रिय घुमाउरो पाराको हुन्छ, जसको शाब्दिक अर्थमा "यस्तो लेखिएको छ" भन्ने हुन्छ । यो पुरानो करारको प्रेरणालाई निश्चित गर्ने तरिकाको चित्रण थियो (६:३१,४५; १०:३४; १२:१४; २०:३०) । यो सेप्टाजुआन्टमा भएको भजनसंग्रह ६९:९ बाट लिइएको हो । भजनसंग्रह २२ जस्तै येशूको क्रूसमा जाने कार्य मिल्दछ । येशूको परमेश्वरप्रतिको चाहना र उहाँको सत्य आराधनाले उहाँको मृत्युतर्फ डोर्‍याउछ, जुनचाहिँ परमेश्वरको चाहना थियो -यशैया ५३:४,१०; लूका २२:२२; प्रेरित २:२३; ३:१८; ४:२८) ।

२:१८

| | |
|---|---|
| नासाब | "यी चिजहरूलाई कार्य गर्नको निम्ति तपाईंको अधिकारको रूपमा तपाईंले कस्तो खालको चिन्ह देखाउन सक्नुहुन्छ" |
| एनकेजेभि | "तपाईंले यी चिजहरू गरेदेखि तपाईंले हामीलाई कस्तो चिन्ह देखाउनुहुन्छ" |
| एनआरएसभि | "यो कार्य गर्नको निम्ति तपाईंले हामीलाई कस्तो चिन्ह देखाउन सक्नुहुन्छ" |
| टिइभि | "तपाईंलाई यो कार्य गर्ने अधिकार छ भनेर हामीलाई देखाउनको निम्ति कस्तो खालको आश्चर्यकर्म तपाईंले गर्न सक्नुहुन्छ" |
| एनजेबि | "तपाईंले कस्तो कार्य गर्नुपर्छ भनेर तपाईंले कस्तो खालको चिन्ह देखाउन सक्नुहुन्छ" |

यहूदीहरूले येशूको बारेमा सोधिएका प्रश्नहरूको केन्द्रिय स्थान यो थियो । फरिसीहरूले यो कुराको दावी गरे कि उहाँको शक्ति शैतानबाट आयो (८: ४८-४९,५२; १०:२०) । तिनीहरूले निश्चित चिजहरू निश्चित तरिकाले गर्ने कुरामा मसिहलाई आशा गरेका थिए । जब उहाँले यी विशेष कार्यहरू गर्नु भएन, तिनीहरूले उहाँको बारेमा अचम्म मान्न सुरु गरे (मर्कूस ११:२८; लूका २०:२), जसै बप्तिस्मा दिने यूहन्नाले पनि यस्तो कार्य गरे ।

२:१९ “यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु” मन्दिरको निम्ति दिइएको ग्रीक शब्द (हिएरोन) ले पदहरू १४ र १५ मा मन्दिरको क्षेत्रको निम्ति दर्शाउछ, जबकि पदहरू १९-२१ मा नाओस भन्ने परिवेशले यसको भित्री पवित्र स्थललाई दर्शाउँछ । त्यहाँ यो भनाइको बारेमा धेरै छलफलहरू भएका छन् । अगाडि नै मत्ती २६:६०-६२; मर्कूस १४:५७-५९; प्रेरित ६:१४ येशू क्रूसमा जानुभएको र पुनरुत्थान हुनुभएको सन्दर्भ हो । तरैपनि, यो परिवेशमा तितसद्वारा ई.सं. ७० मा मन्दिरको विनाश आफैमा केही अर्थमा सम्बन्धित राख्नुपर्ने हुन्छ -मत्ती २४:१-२) । फेरी, यूहन्नाले यो शब्दलाई दुई वटा भावनाहरूमा प्रयोग गर्छन् !

२:२० “यस मन्दिरलाई निर्माण गर्न छयालिस वर्ष लाग्यो” हेरोद महान्ले दोस्रो मन्दिरलाई (यरुबाबेलको समयमा हाग्गैद्वारा लिइएको) उनी इदुमी भएर यहूदीहरूलाई शान्त पार्ने प्रयास गरे । योसेफसले हामीलाई यो कुरा बताउँछन्, कि यो कार्य २० वा १९ ई. पू. मा सुरु भएको थियो । यदि यो ठीक हो भने, यसको अर्थ यस्तो हुन्छ, कि यसको निश्चित घटना ई.सं. २७-२८ मा भयो । हामीलाई यो कुराको पनि याद छ, कि मन्दिरमा यो कार्य ६४ ई. सं. सम्म निरन्तर चल्यो । यो मन्दिरमा यहूदीहरूको ठूलो आशा थियो (यर्मिया ७ अध्याय) । यसलाई येशू आफैले नयाँ मन्दिरको रूपमा पुनःस्थापित गर्नुहुनेछ । उहाँले १:१४ मा बासस्थानलाई बताउनुभयो भने, अब मन्दिरको बारेमा बताइएको छ ! नासरतबाट आएका सिकर्मीको निम्ति कस्तो खालको मानसिक आघात लाग्ने अलंकार हुन्छ ! अब परमेश्वर र मानव जातिले येशूलाई भेट्न स संगति गर्न सक्छन् !

२:२१ “तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो” येशूले बोल्नुभएका यी वचनहरूलाई चेलाहरूले यसमा महसूस गरेनन् (पद १७) । यूहन्नाले यसलाई केही दशक पछाडि लेखेको कुरालाई याद गर्नुहोस् ।

येशू किन यस धर्तिमा आउनुभयो भनेर उहाँलाई थाहा थियो । त्यहाँ कमसेकम तीनवटा उद्देश्यहरू आएका देखिन्छन्:

१. परमेश्वरलाई प्रकट गर्न
२. साँचो मानवीयतालाई प्रकट गर्न
३. धेरैको उद्धारको निम्ति उहाँको जीवन दिन

यी पदहरूले बताउने यो अन्तिम उद्देश्य हो (मर्कूस १०:४५; यूहन्ना १२:२३,२७; १३:१-३; १७:१) ।

२:२२ “तब येशूले भन्नुभएको यो कुरा चेलाहरूलाई स्मरण भयो” कतिचोटी येशूका वचन र कार्यहरू उहाँले बताइरहनुभएकाहरूकालाई भन्दा पनि बढी उहाँका चेलाहरूका फाइदाका निम्ति थिए । सधैं तिनीहरूले त्यही समयमा त्यो कुरालाई बुझ्न सकेनन् ।

- “तिनीहरूले धर्मशास्त्रमाथि विश्वास गरे” यद्यपि पाठ आफैले बाइबलको कुन खण्ड भनेर बताउँदैन, सम्भवत् भजनसंग्रह १६:१० हुनुपर्छ, जुन येशूले बताउनुभएको पुनरुत्थानको पाठ हो -प्रेरित २:२५-३२; १३:३३-३५) । यो उही पाठ (वा ईश्वरशास्त्रीय विचारमा पुनरुत्थान) लाई यूहन्ना २०:९ मा पनि बताइएको छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २:२३-२५

“जब उहाँ निस्तार-चाडका भोजको बेला यरूशलेममा हुनुहुन्थ्यो, तब उहाँले गर्नुभएका चिन्हहरू देखेर धेरैले उहाँको नाउँमा विश्वास गरे । तर येशू आफैले तिनीहरूका भरमा छोड्नुभएन, किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो । उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, उहाँ आफै जान्नुहुन्थ्यो ।”

२:२३, “धेरैले उहाँको नाउँमा विश्वास गरे” “विश्वास” गर्नु भन्ने परिवेश ग्रीक परिवेश (पिस्टेक) बाट आएको हो, त्यसलाई “विश्वास,” “विश्वास गर्नु,” वा “भरोसा गर्नु” भनेर पनि अनुवाद गर्न सकिन्छ । यूहन्नाको सुसमाचारमा संज्ञा देखा पर्दैन, तर कतिचोटी क्रियालाई प्रयोग गरिएको छ । यो परिवेशमा येशू नाजरीलाई मसिहको रूपमा भीडको समपर्णताको सत्यतापनमा अनिश्चयता हुन्छ । “विश्वास” गर्नु भन्ने परिवेशको यो सतही प्रयोगमा अन्य उदाहरणहरू यूहन्ना ८:३१-५९ र प्रेरित ८:१३, १८:२४ मा पाइन्छन् । साँचो बाइबलीय विश्वास सुरुको प्रतिक्रिया भन्दा पनि बढी हुन्छ । यसलाई चेला बनाउने प्रक्रियाबाट पछ्याइनु पर्छ (मत्ती १३:२०-२२, ३१-३२) ।

अन्ततः यी सतही विश्वासीहरू येशूको आश्चर्यकर्मले गर्दा उहाँतर्फ तानिएका थिए (२:११; ७:३१) । तिनीहरूको उद्देश्य भनेको येशूको व्यक्तित्व र कार्यलाई निश्चित गर्नु थियो । तरैपनि, यो कुराको याद गर्नुपर्छ, कि विश्वास येशूको महान् कार्यमा कहिल्यैपनि पर्याप्त थिएन, र विश्वासलाई वचाइराख्ये ( ४:३८; २०:२९) । विश्वासको वस्तु येशू आफै हुनुपर्छ । आश्चर्यकर्महरू येशूको स्वचालित रूपमा भइहाल्ने चिन्हहरू होइनन् (मत्ती २४:२४; प्रकाश १३:१३; १६:१४; १९:२०) । येशूको कार्य भनेको उहाँको विश्वासमा मानिसहरूलाई डोऱ्याउनु हो (२:२३; ६:१४; ७:३१; १०:४२); कतिचोटी मानिसहरूले आश्चर्य कर्महरूलाई देखेका थिए, तर विश्वास गर्न ईन्कार गरे (६:२७; ११:४७; १२:३७) ।

## विशेष शिर्षकः विश्वास गर्नु भन्ने क्रियालाई यूहन्नामा प्रयोग (संज्ञालाई कहिलेकाहीँ मात्र प्रयोग गरिन्छ)

सामान्यतया यूहन्नाले “विश्वास गर्नु“ लाई नामयोगीसँग जोड्दछन् ।

१. एइस को अर्थ “मा” भन्ने हुन्छ । यो अनौठो संरचनाले विश्वासीहरूलाई तिनीहरूको विश्वास येशूमा राख्नलाई जोड दिँदछः

क. उहाँको नाउँमा (यूहन्ना १:१२; २:२३; ३:१८; १ यूहन्ना ५:१३)
ख. उहाँमा (यूहन्ना २:११; ३:१५,१८; ४:३९; ६:४०; ७:५,३१,३९,४८; ८:३०; ९:३६; १०:४२; ११:४५,४८; १२:३७,४२)
ग. ममा (यूहन्ना ६:३५; ७:३८; ११:२५,२६; १२:४४,४६; १४:१,१२; १६:९; १७:२०)
घ. उहाँले पठाउनुभएको व्यक्तिमा (यूहन्ना ६:२८-२९)
ङ. पुत्रमा (यूहन्ना ३:३६; ९:३५; १ यूहन्ना ५:१०) ।

च. येशूमा (यूहन्ना १२:११)
छ. ज्योतिमा (यूहन्ना १२:३६)
ज. परमेश्वरमा (यूहन्ना १२:४४; १४:१)

२. इभको अर्थ यूहन्ना ३:१५ मा जस्तै ‘‘मा’’ भन्ने हुन्छ (मर्कूस १:१५)

३. डेटिब कारकसँग नायोगी आउँदैन (यूहन्ना ४:५०; १ यूहन्ना ३:२३; ५:१०)

४. होटीको अर्थ ‘‘त्यो विश्वास’’ भन्ने हुन्छ, जसले के कुरामा विश्वास गर्ने भन्ने विषयवस्तु दिँदछ। केही उदाहरणहरू छन्:
क. येशू परमेश्वरको पवित्रचाहिँ हुनुहुन्छ (६:६९)
ख. येशू म हुँ भन्ने हुनुहुन्छ (८:२४)
ग. येशू पितामा हुनुहुन्छ, र पिता उहाँमा हुनुहुन्छ (१०:३८)
घ. येशू ख्रीष्ट हुनुहुन्छ (११:२७; २०:३१)
ङ. येशू परमेश्वरका पुत्र हुनुहुन्छ (११:२७; २०:३१)
च. येशूलाई पिताद्वारा पठाइएको थियो (११:४२; १७:८,२१)
छ. येशू पितासँगै रहनेचाहिँ हुनुहुन्छ (१४:१०-११)
ज. येशू पिताबाट आउनुभयो (१६:२७,३०)
झ. येशूले आफैलाई पिताको ‘‘म हुँ’’ भन्ने नाउँसँग पहिचान गराउनुहुन्छ (८:२४; १३:१९)

बाइबलीय विश्वास व्यक्ति र सन्देश दुवैमा हुन्छ ! यसलाई आज्ञाकारीता, प्रेम र धैर्यताद्वारा प्रमाणित गरिन्छ।

२:२४-२५ यो ग्रीकमा एउटै वाक्य छ। ‘‘सुम्पिनु’’ भन्ने परिवेशको महत्व (‘‘विश्वास गर्नु‘‘ भन्नेको शाब्दिक अर्थ अपूर्ण सक्रिय सूचकलाई अस्विकार गरिएको) लाई येशूको कार्य र आचरणको यो परिवेशमा प्रयोग गरिन्छ। यसको अर्थ सुरुको मंजूरी वा भावनात्मक प्रतिक्रिया भन्दा पनि बढी हुन्छ। यो वाक्यले पनि यस्तो बनाउँदछ, कि येशूको ज्ञानको अस्थिरपना र मानवीय हृदयको दुष्टता -परमेश्वरको ज्ञानलाई देखाउँदछ, जस्तैः उत्पत्ति ६:११-१३; भजनसंग्रह १४:१-३)। अध्याय ३ को यो अनुच्छेदलाई निकोदेमसले उदृत गरेका छन्। यद्यपि ‘‘धर्मी भन्ने व्यक्ति’’ उनको आफ्नै प्रयासले असक्षम हुँदा, ज्ञान, मापदण्ड वा क्रमलाई परमेश्वरद्वारा स्वीकार गरिनुपर्छ। धार्मिकता येशूमा विश्वास, भरोसा वा भर परेर आउँदछ (रोमी १:१६-१७; ४)।

## छलफलका प्रश्नहरू

यो अध्ययनको टिप्पणीको निर्देशिका हो, जसको अर्थ यो हुन्छ, कि तपाईं बाइबलको आफ्नै व्याख्यामा आफू नै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको लागि प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकर्ताको रूपमा त्याग्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले तपाईंलाई पुस्तकको यो खण्डको मुख्य विषयहरूमा सरसर्ती सोच्नलाई मद्दत प्रदान गर्दछन्। तिनीहरूको अर्थ विचारलाई रीस उठाउने हुन्छन्, र निश्चित हुँदैनन्।

१. किन येशूले पानीलाई दाखमद्यमा परिवर्तन गर्नुभयो ? यसले के कुराको संकेत गर्दछ ?
२. येशूको समयको वैवाहिक परम्परालाई वर्णन गर्नुहोस्।
३. के तपाईंले हेरोदको मन्दिरको तल्लो तलाको योजनालाई कोर्न सक्नुहुन्छ ? के तपाईंले बेच्ने र किन्नेहरूको सम्भावित स्थानलाई देखाउन सक्नुहुन्छ ?
४. किन यूहन्ना बाहेकका सुसमाचारले यो सुरुको मन्दिरको शुद्धिकरणलाई लेखेका छैनन् ?
५. के येशूले हेरोदको मन्दिरको नासको बारेमा अगमवाणी गर्नुभयो ?
६. ग्रीक शब्दलाई परिभाषित गरेर व्याख्या गर्नुहोस्, जसलाई ‘‘भरोसा, विश्वास र भर पर्नु‘‘ भनेर व्याख्या गरिएको छ।

# यूहन्ना ३ अध्याय

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युविएस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशू र निकोदेमस | नयाँ जन्म | येशू र अफिसगत यहूदीबाद | येशू र निकोदेमस | निकोदेमससँग गरिएको कुराकानी |
| ३:१-१५ | ३:१-२१ | ३:१-१० | ३:१-२ | ३:१-८ |
| | | | ३:३ | |
| | | | ३:४ | |
| | | | ३:५-८ | |
| | | | ३:९ | ३:९-२१ |
| | | | ३:१०-१३ | |
| | | ३:११-१५ | | |
| | | | ३:१४-१७ | |
| ३:१६-२१ | | ३:१६ | | |
| | | ३:१७-२१ | | |
| | | | ३:१८-२१ | |
| येशू र बप्तिस्मा दिने यूहन्ना | बप्तिस्मा दिने यूहन्नाले येशू ख्रीष्टलाई उचालेका | यूहन्नाको अझ बढी गवाही | येशू र यूहन्ना | यूहन्नाले पहिलो पटक गवाही लिएका |
| ३:२२-३० | ३:२२-३६ | ३:२२-२४ | ३:२२-२४ | ३:२२-२४ |
| | | ३:२५-३० | ३:२५-२६ | ३:२५-३६ |
| | | | ३:२७-३० | |
| तिनी जो स्वर्गबाट आउँछन् | | | तिनी जो स्वर्गबाट आउँछन् | |
| ३:३१-३६ | | ३:३१-३६ | ३:३१-३६ | |

### अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

सुरुका लेखकको चाहनालाई अनुच्छेद तहमा पछ्याउनु

यो अध्ययनको टिप्पणीको निर्देशिका हो, जसको अर्थ यो हुन्छ, कि तपाईं बाइबलको आफ्नै व्याख्यामा आफू नै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको लागि प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकर्ताको रूपमा त्याग्नु हुँदैन।

खण्डलाई एकै चोटी पढ्नुहोस्। विषयहरूलाई पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचवटा अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेदचाहिँ उत्प्रेरित भएका होइनन्, तर सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एउटा र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

**नासाब (अत्याधुनिक बनाइएको) पाठः ३:१-३**

"फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एकजना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए। यिनी राती येशूकहाँ आए र उहाँलाई भने, "गुरुज्यू हामी जान्दछौं, तपाईं परमेश्वरबाट आउनुभएका शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने, तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।" येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने, उसले परमेश्वरको राज्य देख्न सक्दैन।"

३:१ यो राजनैतिक धार्मिक समूहको जरा मकाबीहरूको अवधिको समयसम्म जान्छ। तिनीहरूको सम्भाव्य नाउँको अर्थ "अलग्याइएको चाहिँ" भन्ने हुन्छ। तिनीहरूले परमेश्वरको व्यवस्थालाई मौखिक परम्परा (तालमुद) मा परिभाषित र व्याख्या गरेअनुसार पालन गर्नलाई गंभिर र समर्पित थिए। आजजस्तै तिनीहरूमध्ये केही साँचो करारका मानिसहरू थिए (निकोदेमश, अरिमाथाका योसेफ), तर केही धर्मी, कानुनसम्मत, न्याय गर्ने, र करारका मानिसको "स्पष्ट" कुरा थिए (यशैया ६:९-१०; २९:१३)। यसमा हृदयचाहिँ मुख्य कुरा हुन्छ! "नयाँ करार" (यर्मिया ३१:३१-३४) ले आन्तरिक उत्प्रेरणा (जस्तैः नयाँ हृदय, नयाँ विचार, र हृदयमा लेखिएका नयाँ व्यवस्था) लाई जोड दिन्छ। मानविय कार्यलाई देखाइँदा यो अपर्याप्त हुन्छ, र यस्तै सधैं नै भएको थियो। व्यवस्था १०:१६; ३०:६ मा दिइएको हृदयको खतना व्यक्तिगत भरोसाको निम्ति अलंकार हो, जसले आज्ञाकारीता र कृतज्ञताको जीवनको विषयलाई दिँदछन्। धार्मिकताको रुढिवादी वा स्वतन्त्रता खराब चिज हुन सक्छ। ईश्वरशास्त्र प्रेम र विश्वासबाट निकालिनुपर्छ (फरिसीको १:२४ को विशेष शिर्षकलाई हेर्नुहोस्)।

- "निकोदेमस" यसमा प्यालेष्टाइनका यहूदीहरूलाई ग्रीक नाउँ हुनु अचम्मलाग्दो हुन्छ -जसै फिलिप र अन्द्रियासले गरे, १:४०,४३), जसको अर्थ "मानिसहरू को विजयकर्ता" भन्ने हुन्छ (७:५०; १९:३९)।
- 

नासाब, एनकेजेभि "यहूदीहरूका एकजना शासक"
एनआरएसभि, एनजेबि "यहूदहरूका एकजना अगुवा
टिइभि "एकजना यहूदीका अगुवा"

यो परिवेशमा, यो सभाघरका सदस्यहरूको निम्ति प्रविधिक वाक्यांश हो, (अर्को परिवेशमा यसको अर्थ स्थानीय सभाघरको अगुवा भन्ने हुन्छ), र यरूशलेममा भएका यहूदी मानिसहरूको उच्च सभामा ७० जना सदस्यहरू हुन्थे। यसको अधिकारलाई रोमी शासनकहरूले सिमित पारिदिएका थिए, तरैपनि अझै यसको यहूदी मानिसहरूमा ठूलो साङ्केतिक महत्व थियो। तलको विशेष शिर्षकलाई हेर्नुहोस्।

३:२१ "सत्यद्वारा जीउने मानिस" "ज्योति" येशूको अगाडिको सन्दर्भ भएकोले (पदहरू १९-२१), यसमा यो कुरा सम्भव छ, कि "सत्यता" लाई मुख्य बनाइनुपर्छ। रोवर्ट हन्नाले लेखेको "नयाँ करारको ग्रीकको एउटा व्याकरणीय सहयोगी" मा यो कुरा बताउँछन् र एन. टर्नरले उनको "नयाँ करारको व्याकरणीय अन्तदृष्टि" मा "त्यो मानिस जो सत्यताको चेला हो भनेर" अनुवाद गरेका छन् (पाना १४४)।

ईश्वरशास्त्रीय रूपमा यो पदले मत्ती ७ अध्यायमा दिइएको उही सत्यतालाई प्रकट गर्दछ। अनन्त जीवनमा अवलोकनयोग्य विशेषताहरू हुन्छन्। एक जना मानिसले साँचो रूपमा परमेश्वरमा रहेर येशू ख्रीष्टलाई भेट्न सक्दैन, पवित्र आत्माबाट भरिएको हुन्छ, र त्यही नै रुपमा रहन्छ। माटोको दृष्टान्तहरू ले उम्रने भन्दा पनि फल फलाउने कुरालाई जोड दिन्छ -मत्ती १३; मर्कूस ४; लूका ८ अध्यायहरू र यूहन्नाको १५:१-११ को छलफललाई पनि टिपोट गर्नुहोस्)। कार्यहरूले मुक्ति प्राप्त गर्ने होइन, तर तिनीहरू यसका प्रमाणहरू हुन् (एफिसी २:८-९,१०)।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देश~~नको~~ टिप्पणी यो हो, जसको अर्थ यस्तो हुन्छ, कि बाइबलको व्याख्यको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन।

यी छलफलका प्रश्नहरू यस पुस्तकको मुख्य विषयका खण्डहरूमा यसबाट तपाईंले विचार गर्नलाई प्रदान गरिएका छन्। यी छलफलका प्रश्नहरू विचारलाई विचारलाई बढावा दिने अर्थका हुन्छन्, र निश्चित प्रकारका हुँदैनन्।

१. "फेरी जन्मनु" भन्ने वाक्यांशको अर्थ के हो ?
२. पद ५ मा दिइएको "पानी" ले के कुरालाई बताउँछ, र किन ?
३. "विश्वास" वा बचाइने विश्वासमा के कुराको संलग्नता हुन्छ ?
४. के यूहन्ना ३:१६मा मानव जातिको वा पिताको निम्ति येशूको प्रेमको बारेमा बताइएकोछ?
५. कसरी काल्भिनवाद यूहन्ना ३:१६ सँग सम्बन्धित छ ?
६. के नास हुनुको अर्थ विनाश भन्ने हुन्छ ?
७. प्रकाशलाई परिभाषित गर्नुहोस्।

## पदहरू २२-३६ का अन्तर्दृष्टिहरू

क. यूहन्नाले येशू ख्रीष्टको पूर्ण ईश्वरत्वलाई जोड दिएका छन्, र यसलाई सुरुदेखि नै व्यक्तिगत सम्बन्धद्वारा र कुराकानीद्वारा संचार गरिएको छ। यो खण्डमा यही नै संरचनाले निरन्तरता पाएको छ।

ख. यो सुसमाचारलाई पहिलो शताब्दीको अन्ततिर यूहन्नाले लेखेर केही विकसित भएका प्रश्नहरूलाई अन्य सुसमाचारहरू लेखी दिए देखि नै सामना गर्दछ। तिनीहरूमध्ये एउटाले बप्तिस्मा दिने यूहन्नासँग सम्बन्धित सुरुका प्रत्यक्ष झुटा शिक्षा र वृहत कुराहरूलाई पछ्याउँदा कार्य गर्नुपर्ने हुन्छ -प्रेरित १८:२४-१९:७)। यो कुरा पनि महत्वपूर्ण छ कि, १:६-८, १९-३६ र ३:२२-३६ मा बप्तिस्मा दिने यूहन्नाले येशू नासरीको तल्लो सम्बन्धलाई निश्चित गरेका छन्, र येशूको मसिहिय भूमिकालाई बताउँछन्।

## शब्द र वाक्यांशको अध्ययन

### नासाब (अत्याधुनिक बनाइएको) पाठः ३:२२-२४

"यसपछि येशू र उहाका चेलाहरू यहूदिया देशमा जानुभयो, र त्यहाँ तिनीहरूसँग केही दिन बास गर्नुभयो, र बप्तिस्मा दिनुभयो। यूहन्नाले पनि सालीमको छेउ एनोनमा बप्तिस्मा दिन्थे, किनकि त्यहाँ प्रशस्त पानी थियो। त्यहाँ मानिसहरू आउँथे र बप्तिस्मा लिन्थे। त्यस बेलासम्म यूहन्ना झ्यालखानमा परेका थिएनन्।

३:२२ "यसपछि येशू र उहाका चेलाहरू यहूदिया देशमा जानुभयो" यो सुरुको यहूदा र गालील दुवै स्थानमा भएको सेवकाइलाई यूहन्ना बाहेकका सुसमाचारमा छलफल गरिएको छैन। सुसमाचारहरू येशू ख्रीष्टको कालक्रमिक जीवनीहरू होइनन्। गार्डन फि र डगलास स्टुवार्टको "बाइबललाई कसरी यसको सबै मुल्यमा पढ्ने" भन्ने पुस्तकको पानाहरू १२७-१४८ हेर्नुहोस्।

- "र त्यहाँ तिनीहरूसँग केही दिन बास गर्नुभयो" येशूले त्यो भिडलाई प्रचार गर्नुभयो र वृहतरूपमा उहाँका चेलाहरूसँग कुराकानी गर्नुभयो। उहाँले आफैलाई तिनीहरूमा खन्याउनुभयो। यो तरिकाको जोड रवर्ट ई.कोलेम्यानको दुईवटा अनौठा पुस्तकहरू, "सुसमाचारको गुरुयोजना र चेलापनको गुरु योजना" भन्नेमा हुन्छ, यी दुवैले सानो समूहसँग येशू ख्रीष्टको व्यक्तिगत संलग्नतामा जोड दिएका छन्!
- "र बप्तिस्मा दिनुभयो" ४:२ बाट हामीले यो कुरा सिक्न सक्छौं, कि येशू आफैले बप्तिस्मा दिनुभएन, तर उहाँका चेलाहरूले दिए। येशूको सुरुको सन्देश बप्तिस्मा दिने यूहन्नाले दिएको सन्देशजस्तै थियो। यो नयाँ करारको सन्देश पश्चात्ताप र तयारीको थियो। यहाँ बताइएको बप्तिस्मा ख्रीष्टियन बप्तिस्मा होइन, तर पश्चात्तापको संकेत र आत्मिक प्राप्तिको बप्तिस्मा थियो।

३:२३ “यूहन्नाले पनि सालीमको छेउ एनोनमा बप्तिस्मा दिन्थे” यो दृश्यको स्थान अनिश्चित थियो ।

१. कोहीले यस्तो विश्वास गरे, कि यो ट्रान्सजोर्डनको प्रेरिया क्षेत्र थियो
२. कोहीले यस्तो विश्वास गरे, कि यो सामरियाको उत्तरपूर्वी क्षेत्र थियो
३. कोहीले यस्तो विश्वास गरे, कि यो शेकेम सहरको पूर्वको तीन माइल टाढा थियो

किनकि एनोन भन्नेलाई उत्तम प्रकारले “खोला” #३ सँग मिलाउन सकिन्छ । ठ्याक्कै स्थान जे सुकै भए तापनि येशूले यहूदामा सेवकाइ गर्दै हुनुहुन्थ्यो, र यूहन्नाले उनी भन्दा उत्तरतर्फ केही टाढाको स्थानमा सेवकाइ गर्दै थिए ।

“त्यस बेलासम्म यूहन्ना झ्यालखानमा परेका थिएनन्” यो बिन्दुमा आइपुग्दा किन यो कालक्रमिक चिजलाई थपिएको छ भन्ने कुरा अनिश्चित हुन्छ । कोही ले यसो भन्दछन्, कि यो यूहन्नाको कालक्रमिक अन्य सुसमाचारहरूसँग एकै समयमा गराउने प्रयास गरिएको छ -मत्ती १४:१-१२; मर्कूस ६:१४-२९) । यसले येशू ख्रीष्टको जीवनको सम्बन्धको तिथिको साधनको रूपमा कार्य गर्दछ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ३:२५-३०

“त्यसै बेला यूहन्नाका चेलाहरूको एउटा यहूदीसँग शुद्धीकरणको विषयमा वाद-विवाद भयो । यूहन्नाकहाँ आएर तिनीहरूले उनलाई भने, ‘गुरुज्यू यर्दन पारी जो तपाईंसँग हुनुहुन्थ्यो, जसको बारेमा तपाईंले गवाही दिनुभयो, हेर्नुहोस् उहाँले बप्तिस्मा दिइरहनुभएको छ, र सबै उहाँकहाँ जाँदैछन् ।’ यूहन्नाले जवाफ दिए, ‘मानिसलाई स्वर्गबाट नदिइएसम्म त्यसले कुनै कुरा पाउन सक्दैन । म ख्रीष्ट होइन, तर म उहाँभन्दा अगाडि पठाइएको हुँ’ भन्ने मेरो गवाही तिमीहरू आफै दिन्छौं । जससँग दुलही छ, दुलाहा त्यही हो, दुलाहाको मित्र, जो उसको छेउमा खडा हुन्छ, उसको स्वर सुनेर अत्यन्त आनन्दित हुन्छ । यसकारण मेरो यो आनन्द पूर्ण भएको छ । उहाँ बढ्नु तर मचाहिँ घट्नु आवश्यक छ ।”

३:२५ “त्यहाँ यहून्नाको चेला यहूदीसँगको भागको रूपमा छलफलमा आएको छ” “छलफल” (नासाब, एनआएसभि, एनजेबि) “बादविवाद वा सामना”को निम्ति अति नै बलियो परिवेश हो । कतिवटा ग्रीक हस्तलेखनहरूमा “यहूदीहरू” भनेर बहुवचनमा पाइन्छ । प्राचीन ग्रीक हस्तलेखनहरू पनि त्यतिकै समानतामा विभाजित छन् । किनकि एकवचन धेरै अमिल्दा छन् (जस्तैः ) र सायद यो स ुरुको हुन्छ । युविएस४ ले यसलाई “ख” को समूहमा राख्दछ ( करिव अनिश्चित) । प्राचीन जातिका विचारहरूलाई मिलाउनु थियो, र यो पाठलाई विस्तारै अगाडि बढाइन्थ्यो । यो कुरा जान्नु पनि चाखलाग्दो हुन्छ, कि सायद यूहन्नाका चेलाहरूले यो विवादलाई उक्साएका हुनुपर्छ । .

•

नासाब, एनकेजेभि

एनआरएसभि, एनजेबि “शुद्धताको बारेमा”

टिइभि “परम्परागत रूपमा धुने कुरा”

यो वादविवादको जोडको बारेमा त्यहाँ विविध सिद्धान्तहरू भएका छन् (एनकेजेभि) ।

१. यो पनि सम्भव छ कि, यूहन्ना र येशूको बप्तिस्माको सम्बन्धको बीचमा पछ्याउनेहरूले छलफल गरिरहेका थिए, जसै तिनीहरू यहूदीहरूको धुने परम्परासँग सम्बन्धित थिए, र यही परिवेशनै २:६ मा प्रयोग गरिएको छ ।
२. यसलाई त्यति नै बेलाको परिवेशमा सम्बन्धित बनाउँदा कतिले यस्तो विश्वास गर्छन्, कि येशूले यो कुरा सिकाउँदै हुनुहुन्थ्यो, उहाँको जीवन र सेवकाइले यहूदीवादलाई पूर्णरुपमा पूर्णता दियोः
    क. २:१-१२, काना नगरको विवाह उत्सव
    ख. २:१३-२२, मन्दिरलाई शुद्धीकरण गरिएको
    ग. ३:१-२१, निकोदेमससँग गरिएको वादविवाद
    घ. ३:२२-३६, यहूदीहरूको धुने कार्य र बप्तिस्मा दिने यूहन्ना र येशूको बप्तिस्मा

यो वास्तविकता यस्तो छ, कि यो परिवेशको निश्चित छलफलमा वृद्धि नभएर यो कुरालाई जोड दिन्छ, कि यसले बप्तिस्मा दिने यूहन्नालाई येशू नासरीको सर्बोच्चताको बारेमा गवाही दिने अर्को मौका प्रदान गर्दछ ।

३:२६ “गुरुज्यू यर्दन पारी जो तपाईंसँग हुनुहुन्थ्यो, जसको बारेमा तपाईंले गवाही दिनुभयो, हेर्नुहोस् उहाँले बप्तिस्मा दिइरहनुभएको छ, र सबै उहाँकहाँ जाँदैछन्” चेलाहरूले यूहन्नाको अगाडिको परमेश्वरको थुमाको बारेमा दिइएको गवाहीलाई संझे (१:१९-३६) र तिनीहरू येशूको सफलता (अत्युक्ति) मा स्पष्टरुपले ईर्ष्यालु थिए, र येशू पनि कुनै आत्माको प्रतिष्पर्धामा चेतनशील हुनुहुन्थ्यो (४:१) ।

३:२७ “मानिसलाई स्वर्गबाट नदिइएसम्म त्यसले कुनै कुरा पाउन सक्दैन” यो सिधै अगाडि बढ्ने निश्चयता हो, कि त्यहाँ आत्मिक कुराहरूमा कुनै प्रतिष्पर्धा छैन । विश्वासीहरूमा हुने हरेक चिज परमेश्वरको कृपाद्वारा तिनीहरूलाई दिइएको छ । तरैपनि, त्यहाँ “यसको” र “उनको” भन्ने अर्थमा धेरै छलफल भएको हुनुपर्छ ।

१. कतिले यसो भन्छन्, कि “उनको” भन्नेले विश्वासीहरूलाई बताउँछ र “यसले” मुक्तिको निम्ति येशू ख्रीष्टको आगमनलाई बताउँछ -परमेश्वरले सुरु गर्नुहुन्छ, र यसमा मानिसले प्रतिक्रिया जनाउने मात्र हो, यूहन्ना ६:४४,६५) ।

२. अरुहरूले यस्तो विश्वास गर्छन्, कि “उनको” ले येशूलाई बताउँछ, र “यसले” विश्वासीहरूलाई बताउँछ (यूहन्ना ६:३९; १०:२९; १७:२,९,११,२४)। यी दुईवटा विचारहरूको बीचमा आएको फरकपनामा “दिइएको” भन्ने परिवेशले व्यक्तिगत विश्वासीहरूको मुक्तिको निम्ति बताउँछ वा ती सबै विश्वासी हरू आफै परमेश्वरबाट आएको वरदान हो भन्ने कुरा जनाउँछ (१७:२) ।

३:२८ “म ख्रीष्ट होइन” बप्तिस्मा दिने यूहन्नाले १:२० मा गरेजस्तै यो कुरालाई निश्चित गर्दछन्, कि उनीचाहिँ मसिह होइनन्, तर अगाडि आउने व्यक्ति हुन् । यो अगमवाणीको अगाडिको मलाकी ३:१; ४:५-६ को यशैया ४० अध्यायमा दिइएको संयुक्त कुराको संकेत हो (यूहन्ना १:२३) । १:२० मा दिइएको “मसिह”को बारेमा विशेष शिर्षक ४:२५ लाई हेर्नुहोस् ।

३:२९ "जससँग दुलही छ, दुलाहा त्यही हो, दुलाहाको मित्र" यसले यस्तो प्रभाव पार्दछ कि, त्यहाँ परमेश्वर र इस्राएल बीचको सम्बन्धमा वर्णन गर्ने यो विवाहको अलंकारलाई पुरानो कररमा धेरै प्रकारले संकेत गर्दछ -यशैया ५४:५; ६२:४-५; यर्मिया २:२, ३:२०; इजकिएल १६:८; २३:४; होशे २:२१)। पावलले पनि यसलाई एफिसी ५:२२-२५ मा प्रयोग गरेका छन्। ख्रीष्टियन विवाह करारको सम्बन्धको आधुनिक उत्तम नमुना हुन सक्छ।

- "यसकारण मेरो यो आनन्द पूर्ण भएको छ" "आनन्द" भन्ने संज्ञा र "आनन्द मनाउनु" भन्ने क्रिया यो पदमा तीनचोटी प्रयोग गरिएको छ। प्रतिष्पर्धी आत्मा हुनुको सट्टामा बप्तिस्मा दिने यूहन्नाले अगाडि नै उनको स्थानलाई पहिचान गरे र येशू ख्रीष्टमा आनन्द मनाए।

"उहाँ बढ्नु तर मचाहिँ घट्नु आवश्यक छ" "आवश्यक छ" (देई) भन्ने परिवेश यहाँ धेरै महत्वपूर्ण छ। यसलाई अगाडि नै ३:१४ र ४:४ मा प्रयोग गरिएको छ। यो यूहन्नाको बुझाइमा येशूको महान् र मुल्यवान सेवकाइलाई चलाउँदा सामान्य कुरा हुन्छ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ३:३१-३६

"माथिबाट आउनुहुनेचाहिँ सबैभन्दा उच्च हुनुहुन्छ, पृथ्वीबाट हुने पृथ्वीकै हो, र पृथ्वीकै कुरा बोल्छ। स्वर्गबाट आउनुहुने सबैभन्दा उच्च हुनु हुन्छ। उहाँले जे देख्नु र सुन्नुभएको छ, त्यसको गवाही उहाँ दिनुहुन्छ, तर उहाँको गवाही कसैले ग्रहण गर्दैन। जसले उहाँको गवाही ग्रहण गरेको छ, त्यसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ। किनभने, त्यसलाई परमेश्वरले पठाउनुभयो, त्यसले परमेश्वरका वाणी बोल्दछ, किनकि परमेश्वरले बिनानाप पवित्र आत्मा दिनुहुन्छ। पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबैथोक उहाँकै हातमा दिनुभएको छ। जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ।"

३:३१-३६ त्यहाँ टिप्पणीकारहरूको बीचमा धेरै छलफल भएका छन्, चाहे यी पदहरू माथिः

१. बप्तिस्मा दिने यूहन्नाको निरन्तर मौखिक निश्चयता
२. येशूको वचनहरू(३:११-१२)
३. यूहन्ना प्रेरितको

यी पदहरू १६-२१ को पदहरूको विषयमा फर्कन्छन्।

३:३१ "माथिबाट आउनुहुनेचाहिँ" यो महत्वपूर्ण छ कि मसिहलाई प्रयोग गरिएका दुईवटा शिर्षकहरूले उहाँको अगाडिको अस्तित्व र पूर्ण ईश्वरत्व (पद ३१ मा लागु गरिएको), उहाँको अवतार र परमेश्वरले दिनुभएको मिसनलाई जोड दिन्छन्। "माथिबाट" भन्ने परिवेशसँग पद ३ मा दिइएको "फेरी जन्मने" वा "माथिबाट जन्मने" भन्ने परिवेशमा प्रयोग गरिन्छ।

यो माथि र तलको दोहोरो कुरामा स्वर्गीय राज्य र मानिसजातिको पृथ्वीको राज्य बनाउनेमा यूहन्नाको विशेषता हुन्छ। यो मृत सागरको पट्टाइको दोहोरोपनको भविष्यको कुराभन्दा फरक छ। यो ज्ञानवादको दोहोरोपनको आत्मा र वस्तुभन्दा पनि फरक छ। यूहन्नामा यसको सृष्टिको र मानवीय शरीर को भित्र र तिनीहरू आफैमा दुष्ट र पापपूर्ण छैनन्।

- "सबैभन्दा उच्च हुनुहुन्छ" यो पदको पहिलो भागले येशूको ईश्वरत्व र स्वर्गबाट आएर आगाडि नै अस्तित्वमा रहेकोलाई संकेत गर्दछ (१:१-१८; ३:११-१२)। यो पदको दोस्रो खण्डले यो कुरालाई निश्चित गर्दछ, कि उहाँ परमेश्वरको सृष्टिभन्दा माथि हुनुहुन्छ। यो ग्रीक पाठबाट अनिश्चित छ, कि चाहे "सबै" भन्ने पुरुष वा नपुंसक लिङ्गमा हुन्छ, जसले मानवजातिलाई वा सबै चिजहरूलाई बताउँदछ। यो दोस्रो "माथिको सबै" भन्ने केही ग्रीक पाठहरूमा हराइरहेका छन्। युविएस४ ले यसको समावेशलाई निर्णय गर्न सक्दैनन्, तर यसको अगाडि नै मानिलिएको (परिशिष्ट २ लाई हेर्नुहोस्) पाठगत समालोचना लाई समावेश गर्नलाई रुँचाउँछन्।
- 

| | |
|---|---|
| नासाब | "उहाँ जो यस पृथ्वीमा हुनुहुन्छ, पृथ्वीबाट हुनुहुन्छ, र सत्य कुरा बोल्नुहन्छ" |
| एनआरएसभि | "यस पृथ्वीमा हुने चाहिँ यस पृथ्वीमा सम्बन्धित हुनुहुन्छ, र पृथ्वीको चिजहरूको बारेमा बोल्नुहुन्छ" |
| एनकेजेभि | "उहाँ जो यस पृथ्वीमा हुनुहुन्छ, उहाँ पृथ्वीको हुनुहुन्छ, र पृथ्वीका कुरा बोल्नुहुन्छ" |
| एनआरएसभि | "यस पृथ्वीमा हुने चाहिँ यस पृथ्वीमा सम्बन्धित हुनुहुन्छ, र पृथ्वीको चिजहरूको बारेमा बोल्नुहुन्छ" |
| ाटइभि | "उहाँ जो यस पृथ्वीबाटको हुनुहुन्छ, यस पृथ्वीमा सम्बन्धित हुनुहुन्छ, र पृथ्वीका चिजहरूको बारेमा बोल्नुहुन्छ" |
| एनजेबि | "उहाँ जो यस पृथ्वीको हुनुहुन्छ, उहाँ आफै पृथ्वीमा हुनुहुन्छ, र पृथ्वीको तरिकाले बोल्नुहुन्छ" |

यो यूहन्नाको बारेमा नकारात्मक भनाइ होइन। यहाँ पृथ्वी भन्ने परिवेश (१२:३२; १७:४; १ यूहन्ना ५:८, तर प्रकाशको पुस्तकमा ७६ पटक) संसार (कसमोस) भन्ने परिवेशजस्तै होइन, जसलाई कतिचोटी यूहन्नाले नकारात्मक रूपमा प्रयोग गरेका छन्। येशूलाई स्वर्गको बारेमा थाहा भएको कुरा बोल्दा यो सामान्य मात्र हुन्छ, जबकि सबै मानविय जातिहरूले तिनीहरूलाई थाहा भएको यस पृथ्वीको बारेमा बोल्दछन्। त्यसकारण, येशूको गवाही कुनै पृथ्वीका अगमवक्ता वा प्रचारकभन्दा धेरै ठुलो छ।

३:३२ "जसले उहाँको गवाही ग्रहण गरेको छ, त्यसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ" यो पदमा क्रियाको काल दिइएको छः १) "देखिनु भन्ने सिद्ध काल हो; २) सुन्नु भन्ने एओरिष्ट काल हो; र ३) "प्रमाण" भन्ने वर्तमान् काल हो। येशू परमेश्वरको अन्त्यको प्रकाश हुनुहुन्छ (१ कोरिन्थी ८:६; कलस्सी १:१३-२०; हिब्रू १:२-३)। उहाँ यसबाट बोल्नहन्छः १) उहाँको परमेश्वर पितासँगको व्यक्तिगत अनभव २) उहाँको आफ्नै ईश्वरत्व।

- "तर उहाँको गवाही कसैले ग्रहण गर्दैन" यो अत्यधिक बताइएको भनाइ हो, किनकि पदहरू २३-२६ ले यस कुरालाई देखाउँदछ, कि धेरै जना उहाँमा आइरहेका थिए। यो वाक्यांशले यहूदीवादको सम्पूर्णतालाई बताउँदछ (३:११), तुरुन्तै लागु हुने परिवेशलाई होइन।

३:३३ "जसले उहाँको" यसले सबै मानव जातिको निम्ति परमेश्वरको असिमित प्रेमलाई विश्वव्यापी रूपमा देखाउँछ। परमेश्वरको सुसमाचारको बारेमा कुनै पनि बाधाहरूलाई जोडिएको छैन, र कसैले विश्वास गरेर पश्चात्ताप गर्नुपर्छ (मर्कूस १:१५; प्रेरित २०:२१), तर प्रस्ताव सबैको लागि खुल्ला छ (१:१२; ३:१६-१८; ४:४२; १ तिमोथी २:४; तितस २:११; २ पत्रुस ३:९; १ यूहन्ना २:१; ४:१४)।

- "जसले उहाँको गवाही ग्रहण गरेको छ" पद ३३ एओरिस्ट कृदन्त हो, जबकि पद ३६ वर्तमान् कृदन्त हो । यसले यो कुरा देखाउँछ, कि मुक्तिको निम्ति परमेश्वरमा भरोसा गर्नु स ुरुको निर्णय मात्र होइन, तर यो चेलापनको जीवन पनि हो । यो स्वीकार गर्ने खाँचोको उही निश्चयता १:१२ र ३:१६-१८ मा अगाडि नै बताइएको छ । गवाहीलाई स्वीकार गर्ने (पद ३३) र यसमा निरन्तररूपमा हिँड्ने (पद ३६) बीचको दुई भागलाई याद गर्नुहोस् । "विश्वास गर्नु" भनेको परिवेशजस्तै "स्वीकार गर्नु" भन्ने परिवेशको नयाँ करारमा दुईवटा भनाइहरू छन्:

१. व्यक्तिगत रूपमा येशू खीष्टलाई प्राप्त गर्नु र उहाँमा हिँड्नु

२. सुसमाचारमा संलग्न भएको सिद्धान्त र सत्यतालाई स्वीकार गर्नु (यहूदा ३, २०)

-

| | |
|---|---|
| नासाब | "यसको निम्ति उनको छापलाई मिलाएका थिए, कि परमेश्वर सत्य हुनुहुन्छ" |
| एनकेजेभि, एनआएसभि | "परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुरा प्रमाणित गरेका" |
| टिइभि | "यसबाट निश्चित गरियो कि परमेश्वर सत्यपूर्ण हुनुहुन्छ" |
| एनजेबि | "परमेश्वर सत्य हुनुहुन्छ भन्ने स्पष्ट प्रमाण दिनु" |

जब विश्वासीहरूले तिनीहरूको व्यक्तिगत भरोसा येशू खीष्टमा राख्छन्, तिनीहरूले यो कुरालाई निश्चित गर्छन् कि, परमेश्वरको सन्देश आफ्नै लागि, यस विश्वको लागि, मानवजातिको लागि र उहाँको पुत्रको लागि सत्य बन्दछ (रोमी ३:४) । यो यूहन्नाको निरन्तर आउने विषय हो (३:३३; ७:२८; ८:२६; १७:३; १ यूहन्ना ५:२०) । येशू सत्य हुनुहुन्छ, किनकि उहाँले अन्त्यमा एक सत्य परमेश्वरलाई प्रकट गर्नुहुन्छ (३:७,१४; १९:११) ।

"छाप" लगाउनु भन्ने क्रियाको निम्ति (एओरिष्ट सक्रिय सूचक) को लागि निम्न विशेष शिर्षकलाई हेर्नुहोस् ।

## विशेष शिर्षक: छाप लगाउनु

छाप लगाउने कार्य प्राचीन तरिकाले देखाएको हुन सक्छ

१. सत्यता (यूहन्ना ३:३३)

२. स्वामित्व (यूहन्ना ६:२७; २ तिमोथी २:१९; प्रकाश ७:२-३)

३. सुरक्षा वा संरक्षण (उत्पत्ति ४:१५; मत्ती २७:६६; रोमी १५:२८; २ कोरिन्थी १:२२; एफिसी १:१३; ४:३०)

४. यो परमेश्वरको प्रतिज्ञाको वरदानको वास्तविकताको संकेत हुन सक्छ (रोमी ४:११ र १ कोरिन्थी ९:२)

यो छाप लगाउनुको उद्देश्य परमेश्वरका मानिसहरूको पहिचान गर्नु हो, ताकि परमेश्वरको क्रोधले तिनीहरूलाई असर पुऱ्याउने छैन । शैतान को छापले उसका मानिसहरूको पहिचान गर्दछ, जोहरू परमेश्वरका क्रोधका वस्तुहरू हुन् । प्रकाशमा सधैं "दु:ख-कष्ट" (जस्तै: थिलिप्सिस) ले अविश्वासीहरूले विश्वासीहरूलाई सतावट दिन्छन्, जबकि क्रोध वा रीस (जस्तै: ओर्ग वा थुमोस) ले सधैं अविश्वासीहरूलाई न्यायमा ल्याउँदछ, ताकि तिनीहरू पश्चात्ताप गरेर येशू खीष्टको विश्वासमा फर्कन सकून । यो न्यायको सकारात्मक उद्देश्यले व्यवस्था २७-२८ मा दिइएको करारको श्राप/आशिष् देख्न सकियोस् । "जीवित परमेश्वर" भन्ने वाक्यांश यहोवा भन्ने शिर्षकको वचनको चाल हो (प्रस्थान ३:१४; भजनससंग्रह ४२:२; ८४:२; मत्ती १६:१६) कतिचोटी यो उही वचनको चाल "जसै परमेश्वर जीउनुहुन्छ भन्ने" बाइबलको प्रतिज्ञाहरूमा पाइन्छ ।"

"किनभने, त्यसलाई परमेश्वरले पठाउनुभयो, त्यसले परमेश्वरका वाणी बोल्दछ" त्यहाँ पद ३४ मा दुईवटा समानान्तर भनाइहरू आएका छन्, जसले येशू को अधिकार परमेश्वरबाट आएको हो भनेर देखाउँदछ:

१. परमेश्वरले उहाँलाई पठाउनुभयो

२. उहाँमा आत्माको पूर्णता थियो

- "किनकि परमेश्वरले बिनानाप पवित्र आत्मा दिनुहुन्छ" शाब्दिक रूपले यो भनाइ नकारात्मक स्वरुपमा छ, तर अंग्रेजी पाठकहरूलाई सकारात्मक स्वरुपले यसको अर्थलाई अधिन गर्दछ । त्यहाँ यो आत्माको पूर्णतालाई बुझ्ने दुईवटा फरक तरिकाहरू छन्: कतिले यस्तो विश्वास गर्छन् कि,

१. येशूले विश्वासीहरूलाई आत्माको पूर्णता दिनुहुन्छ (४:१०-१४; ७:३७-३९)

२. आत्माको पूर्णताले मसिहको रूपमा परमेश्वरको वरदानलाई बताउँछ -पद ३५)

रब्बीहरूले प्रयोग गरेको "मापदण्ड" ले परमेश्वरको उत्प्रेरणाको अगमवक्ताहरूको बारेमा वर्णन गर्दछ । रब्बीहरूले पनि यो कुरालाई थपेका छन्, कि कुनै पनि अगमवक्ताले आत्मालाई पूर्णरूपमा नापेका हुँदैनन् । त्यसकारण येशू अगमवक्ताहरूभन्दा महान् हुनुहुन्छ -हिब्रू १:१-२) र त्यसकारण उहाँ परमेश्वरको पूर्ण प्रकाश हुनुहुन्छ ।

३:३५ "पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ" यस कुराको निश्चयता ५:२० र १७:२३-२६ मा दोहोरिएको छ । विश्वासीहरूको परमेश्वरको सम्बन्धलाई उहाँको प्रेम मसिहको निम्ति पत्ता लगाइएको हुन्छ (अनौठो पुत्र, हिब्रू १:२; ३:५-६; ५:८; ७:२८) । यो परिवेशमा किन मानिसहरूले येशूलाई मसिहको रूपमा भरोसा गर्नुपर्छ भनेर बताइएको कारणको संख्यालाई याद गर्नुहोस् ।

१. किनकि उहाँ माथिबाटको हुनुहुन्छ, र अरुहरूभन्दा धेरै माथि हुनुहुनछ (पद ३१)

२. किनकि उहाँ छुटकाराको मिसनको लागि परमेश्वरबाट पठाइनुभएको थियो (पद ३४)

३. किनकि परमेश्वरले उहाँलाई आत्माको पूर्णता निरन्तर रूपमा दिनुहुन्छ (पद ३४)

४. किनकि परमेश्वरले उहाँलाई प्रेम गर्नुहुन्छ .पद ३५)

५. किनकि परमेश्वरले सबैचिज उहाँको हातमा राखिदिनुभएको छ -पद ३५)

त्यहाँ "प्रेम" को लागि थुप्रै ग्रीक शब्दहरू छन्, जसले विविध मानवीय सम्बन्धलाई देखाउँछन् । अगापे र फिलियोमा शब्दको अर्थ खप्टिएको छ । दुवै पिताको प्रेम पुत्रको निम्ति वर्णन गर्न प्रयोग गरिएका छन् ।

१. ३:३५; १७:२३,२४,२६ - अगापे

२. ५:२० - फिलियो

येशूको पत्रुस २१:१५-१७ सँगको कुराकानीमा परिवेशको फरक भएको देखिन्छ । "परिवेशलाई संझनुहोस्, वृहत शब्दकोशलाई संझने होइन, जसले शब्दको अर्थलाई निर्धारण गर्दछन् !

● "सबैथोक उहाँकै हातमा दिनुभएको छ" यो सिद्ध सकृय सूचक हो । यो अर्काको शक्ति र अधिकारको निम्ति हिब्रू भनाइ हो (जस्तैः १०:२८; १३:३; प्रेरित ४:२८; १३:११) । यो एकदमै चाखलाग्दो वाक्याँश हो, र थुप्रै समानान्तरहरू छन् (यूहन्ना १७:२; मत्ती ११:२७; २८:१८; एफिसी १:२०-२२; कलस्सी २:१०; १ पत्रुस ३:२२) ।

३:३६ नासाब "जसले उहाँका पुत्रमा विश्वास गर्छ, उससँग अनन्त जीवन हुन्छ, तर त्यो व्यक्ति जसले पुत्रमा आज्ञाकारी हुँदैन, त्यसले जीवन देख्न सक्दैन"
एनकेजेभि "जो कोहीले पनि पुत्रमा विश्वास गर्दा अनन्त जीवन हुन्छ, जो कोहीले पुत्रमा अनाज्ञाकारी हुँदा, जीवन देख्न सक्दैन"
एनआरएसभि "जो सुकैले पुत्रमा विश्वास गरे तापनि अनन्त जीवन हुन्छ, जो सुकैले पुत्रमा अनाकारी हुँदा, जीवन देख्न सक्दैन"
टिइभि "जो सुकैले पुत्रमा विश्वास गरे तापनि अनन्त जीवन हुन्छ, जो सुकैले पुत्रमा अनाकारी हुँदा, जीवन देख्न सक्दैन"
एनजेबि "पुत्रमा विश्वास गर्ने जो कोहीसँग अनन्त जीवन हुन्छ, तर पुत्रमा विश्वास गर्न इन्कार गर्ने जो कोहीले जीवनलाई कहिल्यै पनि देख्न सक्दैन"

यी क्रियाहरू सबै वर्तमान् सक्रियमा छन्, जसले निरन्तर भइरहेको कार्यको बारेमा बताउँछन् । विश्वास एकचोटी गर्ने निर्णयभन्दा धेरै हुन्छ, यो जति गंभिर र भावनात्मक भए तापनि त्यसको केही वास्ता हुँदैन (मत्ती १३:२०) । यसले यस कुराको निश्चयता दिँदछ, कि येशूलाई नजानिकनै, जो कोहीले पिता लाई जान्न सक्दैन (यूहन्ना १२:४४-५० र १ यूहन्ना ५:१०) । मुक्ति केवल येशूसँग र पुत्र सँगको निरन्तर सम्बन्धद्वारा आउँछ, (१०:१-१८; १४:६) ।

वर्तमान् कालले निरन्तर भइरहने क्रियालाई मात्र बताउँदैन, तर वर्तमान् मुक्तिको वास्तविकतालाई बताउँछ । यो केही चिज विश्वासीहरूमा अहिले हुन्छ, तर यो पूर्णरूपमा उपभोग गरिएको हुँदैन । यो दुईवटा युगको "अगाडि नै" को विरुद्धमा "अझैपनि होइन" भन्ने दोहोरो कुरा हुन्छ -यो युग र आउने युगको बारेमा लेखिएको १ यूहन्ना २:१७ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । मुक्तिको लागि ९:७ मा प्रयोग गरिएको क्रियाको कालको लागि विशेष शिर्षकलाई हेर्नुहोस् ।

यो पदमा दिइएको "विश्वास गर्नु" र "आज्ञाकारी हुनु" भन्ने कुरा हेर्नु अति नै चाखलाग्दो हुनछ । यो सुसमाचारमा हामीले प्राप्त गर्ने कुरा र सत्यता मा रहने व्यक्तिको लागि मात्र हुने होइन, तर यो हामीले जीउने जीवनमा पनि हुन्छ (लूका ६:४६; एफिसी २:८१०) ।

● "तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ" यूहन्नाको लेखहरूमा यो मात्र यस्तो ठाउँ हो (प्रकाशको पुस्तकमा पाँचोटी बाहेक), जहाँ "क्रोध" ( ओर्ग) भन्ने परिवेश देखा पर्छ । यो विचार सामान्य हुन्छ र सामान्यतया "न्याय" भन्ने परिवेशसँग सम्बन्धित छ । यो वर्तमान् सक्रिय सूचक हो । "विश्वास आज्ञाकारीता र क्रोध" निरन्तर भइरहने वर्तमान् वास्तविकता हुन्, जसलाई भविष्यमा उपभोग गरिनेछ । यो परमेश्वरको राज्यमा "अगाडि नै" र "अझै पनि होइन" भन्ने बीचको अस्तित्वको उही चिन्तामा हुन्छ । परमेश्वरको क्रोधको बारेमा पूर्ण छलफल गर्न रोमी १:१८-३:२० सम्म पढ्नुहोस् ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको टिप्पणीको निर्देशिका हो, जसको अर्थ तपाईं बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । व्याख्यमा तपाईं, बाइबल र पवित्र आत्मामालाई प्राथमिकता दिनुपर्छ । तपाईंले यसलाई टिप्पणीकर्तासँग छोड्नु हुँदैन ।

यी छलफलका प्रश्नहरू यस पुस्तकको यो खण्डमा मुख्य विषयद्वारा तपाईंले सोच्नलाई मद्दत प्रदान गर्दछन् । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चित हुँदैनन् ।

१. कसरी येशूको सुरुको सन्देश बप्तिस्मा दिने यूहन्नाको सन्देशजस्तै भयो ?
२. के यो बप्तिस्मा ख्रीष्टियनले लिने बप्तिस्मा जस्तै छ ?
३. किन बप्तिस्मा दिने यूहन्नाले यूहन्नाका सुरुका अध्यायहरूमा यति धेरै जोड दिएका छन् ?
४. यूहन्नाले बप्तिस्मा दिने यूहन्ना र येशूको बीचको सम्बन्धलाई प्रयोग गर्ने संख्या र विपरितताको प्रकारलाई वर्णन गर्नुहोस् ।
५. कसरी पद ३३ मा दिइएको "स्वीकार गर्नु" भन्ने परिवेश पद ३६ को "विश्वास गर्नु" भन्ने परिवेशसँग सम्बन्धित छ ? कसरी पद ३६ मा दिइएको "अनाज्ञाकारी" भन्ने परिवेशले यो छलफलमा सम्बन्ध राख्दछ ?
६. किन मानिसहरूले येशू नाजरीलाई तिनीहरूको केवल मुक्तिको आशाको रूपमा भरोसा गर्ने बताइएको कारणहरूलाई संख्यागत हिसाबले सूची बनाउनुहोस् ? (पदहरू ३१:३६) ।
किन पद ३६ को क्रोध भन्ने परिवेश वर्तमान् कालको क्रियामा दिइएको छ ? वर्णन गर्नुहोस् ।

# यूहन्ना ४ अध्याय

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशू र सामरी स्त्री | एकजना सामरी स्त्रीले मसिहलाई भेटेकी | येशू र सामरी | येशू र सामरी | येशू सामरीहरूको बीचमा |
| ४:१-६ | ४:१-२६ | ४:१-६ | ४:१-४ | ४:१-१० |
| | | | ४:५-६ | |
| ४:७-१५ | | ४:७-१५ | ४:७-८ | |
| | | | ४:९ | |
| | | | ४:१० | |
| | | | ४:११-१२ | ४:११-१४ |
| | | | ४:१३-१४ | |
| | | | ४:१५ | ४:१५-२४ |
| ४:१६-२६ | | ४:१६-२६ | ४:१६ | |
| | | | ४:१७क | |
| | | | ४:१७ख-१८ | |
| | | | ४:१९-२० | |
| | | | ४:२१-२४ | |
| | | | ४:२५ | ४:२५-२६ |
| | सेतो बनाइएको कटनी | | ४:२६ | |
| ४:२७-३० | ४:२७-३८ | ४:२७-३० | ४:२७ | ४:२७-३० |
| | | | ४:२८-३० | |
| ४:३१-३८ | | ४:३१-३८ | ४:३१ | ४:३१-३८ |
| | | | ४:३२ | |
| | | | ४:३३ | |
| | संसारको मुक्तिदाता | | ४:३४-३८ | |
| ४:३९-४२ | ४:३९-४२ | ४:३९-४२ | ४:३९-४० | ४:३९-४२ |
| | | | ४:४१-४२ | |
| कप्तानको छोरालाई निको पारिएको | गालिलमा स्वागत | येशू अन्यजातिहरू | येशूले कप्तानको छोरालाई निको पार्नुभएको | येशू गालिलमा |
| ४:४३-४५ | ४:४३-४५ | ४:४३-४५ | ४:४३-४५ | ४:४३-४५ |
| | उच्च अधिकारीको छोरो निको पारिएको | | | उच्च अधिकारीको छोरो निको पारिएको |
| ४:४६-५४ | ४:४६-५४ | ४:४६-५४ | ४:४६-४८ | ४:४६-५३ |
| | | | ४:४९ | |
| | | | ४:४६-५४ | |
| | | | ४:५२-५३ | |
| | | | ४:५४ | ४:५४ |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

सुरुका लेखकको भावनालाई अनुच्देछको तहमा पछ्याउनु

यो अध्ययनको टिप्पणीको निर्देशिका हो, जसको अर्थ तपाईं बाइबलको व्याख्याको निम्ति आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । व्याख्यमा तपाईं, बाइबल र पवित्र आत्मामालाई प्राथमिकता दिनुपर्छ । तपाईंले यसलाई टिप्पणीकर्तासँग छोड्नु हुँदैन ।

एकै बसाइमा खण्डलाई पढ्नुहोस् । विषयलाई पहिचान गर्नुहोस् । तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचवटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेदको विभाजन उत्प्रेरित हुँदैन, तर स ुरुका लेखकको भावनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदमा एक वा एउटा मात्र विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादी

## पदहरू १-५४ को पाठगत अन्तर्दृष्टि

क. अध्यायहरू ३ र ४ मा उद्देश्यपूर्ण संरचना दिइएका छन्:
   १. श्रीमान् धार्मिकताको विरुद्ध (निकोदेम) मा सुश्री अछुत (त्यो इनारमा रहेकी स्त्री)
   २. यरूशलेममा आधारित यहूदीवाद (परम्परावादी) को विरुद्धमा सामरीको यहूदीवाद (झुटा शिक्षा)

ख. येशू ख्रीष्टको व्यक्ति र कार्यको सत्यताको बारेमा अझ यस्तो कुराको विकास गरियो:
   १. इनारमा रहेकी स्त्रीसँगको कुराकानी (पदहरू १-२६);
   २. उहाँका चेलाहरूसँगको कुराकानी (पदहरू २७-३८)
   ३. स्थानीय बासिन्दाहरूको गवाही (पदहरू ३९-४२);
   ४. गालिलिहरूद्वारा गरिएको स्वीकारोक्ति (पदहरू ४३-४५);
   ५. बिरामीमाथि येशूले गर्नुभएको अचम्मको चिन्ह (पदहरू ४६-५४) ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठ ४:१-६)**

"यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ, र बप्तिस्मा पनि दिँदै हुनुहुन्छ भन्ने फरिसीहरूले सुने (वास्तवमा येशू आफैले त होइन, तर उहाँका चेलाहरूले बप्तिस्मा दिन्थे) । जब येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदीया छोडेर गालीलमा फर्कनुभयो । उहाँलाई सामरिया भएर जानुपर्थ्यो, र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो । यो नगरचाहिँ याकूबले आफ्नो छोरा योसेफलाई दिएको नजिकै पर्थ्यो । त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेऊमा बसिरहनुभएको थियो । प्रायः मध्यान्ह भएको थियो ।"

४:१ "परमप्रभु" यूहन्नाले त्यो घटनालाई उनको दिमाग (आत्माद्वारा) मा धेरै वर्ष पछाडि सम्झिरहेका छन्, र एकै व्यक्तिलाई बताउन उही वाक्यमा "प्रभु" र "येशू" भनेर प्रयोग गरेका छन् ।

धेरै ग्रीक लेखहरूमा, पद १ मा ग्रीक भन्ने शब्द दुईचोटी आएको छ (जस्तैः !, डि, एनआरएसभि, एनजेबि, आईबि), तर "प्रभु" चाहिँ एमएसएस पि ६६, ७५, क, ख, ग, एल (नासाब, एनकेजेभि) मा हुन्छ । तरैपनि, "परमप्रभु" को निम्ति अति धेरै लेखहरूसँगै युवियस४ मा येशूलाई राखिन्छ, र यसलाई "ग" तह दिइन्छ (निर्णय गर्नलाई कठिनाइ हुने) ।

- "फरिसीहरू" १:२४ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ, र बप्तिस्मा पनि दिँदै हुनुहुन्छ भन्ने सुने" येशूले यो स्थानलाई छोड्नुभयो, उहाँलाई पछ्या उनेहरू र बप्तिस्मा दिने यूहन्नालाई पछ्याउनेहरूको बीचमा हुने सम्भाव्य चिन्ताको कारणले गर्दा यो कुरालाई फरिसीहरूले अगाडि बढाए । यूहन्ना बाहेकका सुसमाचारले यसो भन्छन्, कि उहाँले छोड्नुभयो, किनकि हेरोद एन्टिपासले बप्तिस्मा दिने यूहन्नालाई पक्राउ गरेका थिए (मत्ती ४:१२; मर्कूस १:१४; लूका ३:२०) ।

४:२ "येशू आफैले त बप्तिस्मा दिइरहनुभएको होइन," यो बप्तिस्माको बारेमा गरिएको टिप्पणीलाई निन्दा गरिएको होइन -मत्ती २८:१९; प्रेरित २:३८; ८: १२; १६:३३; २२:१६), तर यो मानवीय प्रकृतिको अहम्भाव केन्द्रित पहिचान हो (जस्तैः "म येशू ख्रीष्टद्वारा वा पावलद्वारा" बप्तिस्मा भएँ, १ कोरिन्थी १:१७)। अन्ततः येशूले उहाँको सेवकाइको सुरुवातमा बप्तिस्मा दिनुभयो (३:२२), तर पछि रोकियो । यूहन्नाले फरिसीहरूको झुटा भनाइलाई सच्याइरहेका छन् ।

4:3 "उहाँ यहूदीया छोडेर गालीलमा फर्कनुभयो" त्यहाँ दुईवटा एओरिष्ट सक्रिय सूचकहरू प्रयोग गरिएका छन्, जसले येशूको भौगोलिक चालहरूलाई जोड दिन्छन् ।

४:४ "उहाँलाई सामरिया भएर जानुपर्थ्यो" "पर्थ्यो" को ग्रीक क्रिया देइ हो, जसलाई यो परिवेशमा धेरैचोटी प्रयोग गरिएको छ (३:७,१४,३०) । सामान्यतया यसलाई "हुनैपर्ने" वा "खाँचोभएको" भनेर अनुवाद गरिएको छ । यो मार्गमा येशूको निम्ति अलौकिक उद्देश्य छ । यो सबैभन्दा छोटो मार्ग हो, योसेफसले हामीलाई यसो भन्दछन्, कि यहूदीहरूले गालिलबाट यो मार्गलाई बारम्बार प्रयोग गरे । तरैपनि, यहूदीका यहूदीहरूले सामरीहरूलाई घृणा गरे र तिनीहरूको जमिन भएर हिँडेनन्, किनकि तिनीहरूले उनीहरूलाई आधी-नश्ल भएका धार्मिक जन भनी विचार गर्थे ।

## विशेष शिर्षकः जातिवाद

अ. परिचयः

क. यो उनको समाजमा पतन भएको मानवीय जातिभित्र हुने विश्वव्यापी प्रकटीकरण हो । यो मानवजातिको अहम् हो, र यसले आफैलाई अरूहरूको पछाडिपट्टी सहायता पुऱ्याउँछ । जातिवाद धेरै तरिकाले आधुनिक घटना हो, र जबकि राष्ट्रियतावाद वा राष्ट्रियता धेरै प्राचीन प्रकट हो ।

ख. राष्ट्रियतावाद बाबेलमा सुरु भयो (उत्पत्ति ११ अध्याय) र सुरुमा नोआका तीनजना छोरासँग सम्बिन्धितबाट त्यसरी भनिएको तीनवटा जातिको विकास भयो (उत्पत्ति १० अध्याय) । तरैपनि, अगाडि नै बाइबलमा यो दिइएको मानवीयता एउटा स्रोतबाट आएको छ -उत्पत्ति १:३; प्रेरित १७:२४-२६) ।

ग. जातियता धेरै मध्ये एउटा पूर्वाग्रह हो । अन्यहरूमा १) शैक्षिक असमानताको व्यवहार; २) सामाजिक-आर्थिक अहंकार ३) आत्म-धर्मी हुने धार्मिकताको कानुन; र ४) सैदान्तिक राजनैतिक सम्बन्ध ।

आ. बाइबलीय भौतिकवाद

क. पुरानो करार

१. उत्पत्ति १:२७ - मानवजाति, महिला र पुरुषलाई परमेश्वरकै स्वरुप र प्रतिरुपमा बनाइएको थियो, जसले तिनीहरूलाई अनौठो बनाउँछ । यसले तिनीहरूको व्यक्तिगत मुल्य र प्रतिष्ठालाई पनि देखाउँछ (यूहन्ना ३:१६) ।

२. उत्पत्ति १:११-२५ - यहाँ "... आफ्नो-आफ्नो किसिमका..." भन्ने वाक्यांश १० चोटी आएको छ । यसको प्रयोग जातिय विभाजनको सहायताको लागि गरिएको छ । तरैपनि, यो परिवेश भन्दा अगाडि यस्तो कुरा आउँछ, कि यसले जनावर र बोटविरुवालाई बताउँछ, र मानव जातिलाई बताउँदैन ।

३. उत्पत्ति ९:१८-२७ - यसलाई जातिले अधिकार गर्न प्रयोग गरिएको छ । यो कुरालाई पनि संझनुपर्छ कि, परमेश्वरले कनानलाई श्राप दिनु भएन । नोआको हजुरबुबाले पिउने स्थानबाट सचेत गराएर उनलाई श्राप दिनुभयो । बाइबलले परमेश्वरले गरेको प्रतिज्ञा वा श्रापलाई कहिल्यै पनि निश्चित गरेको अभिलेख राखेको छैन । यद्यपि उहाँले यसलाई गरे तापनि यसले काला जातिलाई प्रभाव पार्न सक्दैन । कनान यिनीहरूका पिता थिए, जो प्यालेष्टाइन र मिश्रीहरूको कलालाई देखाएर जीएका तिनीहरू काला जाति थिएनन् ।

४. यहोशू ९:२३ - यसलाई एउटा जातिले अर्को जातिलाई प्रमाणित गर्न प्रयोग गरिएको छ । तरैपनि, गिबोनीहरू यहूदीहरूजस्तै उही जातिय परम्पराका व्यक्तिहरू हुन् ।

५. एज्रा ९-१० र नहेम्याह १३ अध्याय - यिनीहरू जातिय भावनामा प्रयोग गरिएको छ, तर यो परिवेशले यस्तो देखाउँछ, कि जातिको कारणले गर्दा नभएर विवाहहरूलाई दोष लगाइएको थियो (तिनीहरू उही छोरा नोआबाटका थिए, उत्पत्ति १० अध्याय), तर तिनीहरू धार्मिक कारणको निम्ति थिए ।

ख. नयाँ करार

१. सुसमाचारका पुस्तकहरू

क. येशूले यहूदीहरू र सामरीहरूलाई धेरै परिवेशहरूमा घृणा गरिएको कुरालाई बताउनुभयो, जसले यस्तो कुरा देखाउँदछ, कि जातिय घृणा त्यति उपयुक्त हुँदैन ।

१) असल सामरीको दृष्टान्त (लूका १०:२५-३७)

२) ईनारमा आएकी स्त्री (यूहन्ना ४ अध्याय)

३) धन्यवादी कोरी (लूका १७:११-१९)

ख. सुसमाचार सबै मानवियताको लागि हो

१) यूहन्ना ३:१६

२) लूका २४:४६-४७

३) हिब्रू २:९

४) प्रकाश १४:६

ग. परमेश्वरको राज्यले सबै मानवीयतालाई समावेश गर्नेछ

१) लूका १३:२९

२) प्रकाश ५ अध्याय

२. प्रेरित

क. प्रेरित १० अध्याय परमेश्वरको विश्वव्यापी प्रेमको निश्चित खण्ड हो, र सुसमाचार विश्वव्यापी सन्देश हो ।

ख. पत्रुसले प्रेरित ११ मा दिइएको उनको क्रियाकलापको निम्ति आक्रमण गरेका थिए, र यो समस्या प्रेरित १५ अध्यायमा दिइएको यरुशलेमको परिष्दसम्म समाधान गरिएन, र त्यसपछि यसको समाधान भयो । पहिलो शताब्दीको यहूदीहरू र अन्य जातिको बीचमा आएको चिन्ता धेरै गहन थियो ।

३. पावल

क. त्यहाँ येशू ख्रीष्टमा व्यवधानहरू छैनन्

१) गलाती ३:२६-२८

२) एफिसी २:११-२२

३) कलस्सी ३:११

ख. परमेश्वर व्यक्तिको लागि सम्मानित हुनुहुन्न

१) रोमी २:११

२) एफिसी ६:९

४. पत्रुस र याकूब

क. परमेश्वर व्यक्तिको लागि सम्मानित हुनुहुन्न, १ पत्रुस १:१७

ख. किनकि परमेश्वरले विभेदता देखाउनुहुन्न, नत उहाँका मानिसहरूले नै यसो गर्नुपर्छ, याकूब २:१

५. यूहन्ना

विश्वासीहरूको जिम्मेवारीमा सबभन्दा बलियो भनाइमध्ये एउटा १ यूहन्ना ४:२० मा पाइन्छ ।

इ. निष्कर्ष:

क. जातिवाद वा त्यस कुराको निम्ति, कुनै पनि खालको पूर्वाग्रह परमेश्वरका छोराछोरीको निम्ति पूर्णरूपमा उपयुक्त हुँदैन । यहाँ हेलेनी बर्नेटले भनेका केही भनाइहरू दिइएका छन्, जसले १९६४ को ख्रीष्टियन जीवनको अभियानको निम्ति नयाँ मेक्सिकोमा ग्लोरियटाको सभामा बोलेका थिए, "जातिवाद झुटा शिक्षा हो, किनकि यो अबाइबलीय र अख्रीष्टियनको हो, र अबैज्ञानिक भनेर पनि बताउँन सकिँदैन ।"

ख. यो समस्याले ख्रीष्टियनहरूलाई तिनीहरूको ख्रीष्टजस्तैको प्रेमलाई, क्षमापन र समझदारीलाई यो हराएको संसारलाई देखाउने मौका प्रदान गर्दछ । यो क्षेत्रमा ख्रीष्टियनहरूले गरेको इन्कारीलाई अपरिपक्वतामा देखाउन र विश्वासीहरूको विश्वास, निश्चयता र वृद्धिमा दुष्टले दिने बाधामा एउटा मौका हुन्छ । यो हराएका मानिसहरूको निम्ति ख्रीष्टमा आउने बाधाको कार्य हुन सक्छ ।

ग. मैले के कार्य गर्न सक्छु ? (यो खण्ड ख्रीष्टियन जीवनको कार्यबाट लिइएको "जातिको सम्बन्ध र व्यक्तिगत तहमा" भन्ने शिर्षकमा लिइएको हुन्छ ।

मैले तपाईंको आफ्नै जिम्मेवारीलाई जातिसँग सम्बन्धित सम्बन्धलाई समाधान गर्दा स्वीकार गर्दछु ।

मेरो विचारमा प्रार्थना, बाइबल अध्ययन, र अन्य जातिहरूको संगतिमा तपाईंको जातिय पूर्वाग्रहमा जीउँदा छुटकारा पाउनलाई बल प्रदान गर्दछु ।

मैले तपाईंको जातिको बारेमा निश्चयता प्रकट गर्दछु, निश्चितरूपमा जहाँ तिनीहरू जसले जातिलाई अगाडि बढाउँछन् र घृणा गर्ने कार्यमा कुनै परिवर्तन हुँदैन ।

"पारिवारिक जीवनमा"

मैले परिवारको प्रभावको महत्वलाई अन्य जातिहरूको विकासको धारणातर्फ पहिचान गर्दछु ।

मैले ख्रीष्टियन धारणाको विकासको कुनचिजलाई घर बाहिरको जातिको विषयको बारेमा बाबुआमा र छोराछोरीले सुनेको लिने कुरा माथि खोज्दछु । बाबुआमाले अन्य जातिका मानिसहरूसँग सम्बन्ध राख्दा ख्रीष्टियन नमुनालाई देखाउन होसियार हुनुपर्छ ।

मैले अन्य जातिहरूको बीचमा पारिवारिक मित्रलाई बढाउने मौका खोज्दछु ।

"तपाईंको मण्डलीमा"

अन्य जातिहरूसँग सम्बन्ध राखेर बाइबलीय सत्यताको प्रचार र सिकाइलाई त्यो मण्डली समुदाय बाँकी समुदायको निम्ति नमुना बन्न उत्प्रेरित हुनुपर्छ ।मण्डलीको आराधना, संगति र सेवा सबैलाई खुल्ला भएको कुरामा निश्चित हुनुहोस्, र नयाँ करारको मण्डलीले पनि जातिय व्यवधान नभएकोकुरालाई अवलोकन गऱ्यो -एफिसी २:११-१२; गलाती ३:२६-२९) ।

"दैनिक जीवनमा"

मैले यो विश्वको कार्यमा सबै जातिय भेदभावमाथि विजय पाउन सहायता गर्नेछु ।

मैले समुदायको संगठनमा सबै खालका समान् अधिकार र मौकाहरूलाई सुरक्षित गर्न कार्य गर्छु र यो जातिय समस्या हो भनेर संझन्छु, जसलाई आक्रमण गर्नुपर्छ, तर मानिसद्वारा होइन । यसको लक्ष्य समझदारीलाई बढावा दिनु हो, र तितोपना सृजना गर्नुचाहिँ होइन ।

यदि यो बुद्धिमानी र नागरिकको निम्ति सामान्य मानिसहरूलाई शिक्षित बनाउन र समुदायको संचारको रेखालाई खोल्ने उद्देश्यको निम्ति व्यवस्थित बनाउनुपर्छ र जातिय सम्बन्धलाई सुधार गर्ने विशेष कार्य हुनुपर्छ ।

अ. कार्यपालीकालाई सहायता गर्नु र यसले नियमकानुनलाई बनाएर जातिय न्यायलाई बढाउनु र राजनैतिक फाइदको निम्ति पूर्वाग्रहलाई शोषण गर्नेहरूको विरोध गर्नु ।
आ. नियमलाई लागु गर्ने व्यक्तिहरूलाई प्रशंसा गरेर कुनै पनि मतभेदबिना नियमलाई लागु गर्नुपर्छ ।
इ संघर्षबाट टाढा रहनु, र नियमको निम्ति सम्मानलाई बढाउनु, र ख्रीष्टियन नागरिक भएर सम्भव भएजति सबै कुरा गरेर यो कुरालाई निश्चित गर्नुपर्छ कि तिनीहरूको हातमा कानुनी संरचना साधन बन्दैन, जसले मतभेदलाई बढावा दिनेछन् ।
ई. सबै मानवीय सम्बन्धमा आत्मा र विचारलाई उदाहरणीय बनाउनुपर्छ ।

"उहाँलाई सामरिया भएर" त्यहाँ ८ औं शताब्दी ई.पू. सामरीया र यहूदीया बीच भएर जाँदा ठूलो घृणा पैदा गरिएको थियो । ७२२ ई.पू. मा उत्तरका १० वटा कुलहरूको राजधानी सामरिया थियो, जसलाई अश्शूरीहरूले बन्दी बनाएका थिए, र संचार माध्यमबाट हटाएका थिए (२ राजा १७:६) । अन्य अधिन गरिएका मानिसहरू उत्तरी प्यालेष्टाइनमा पुनः स्थापित भए (२ राजा १७:२४) यी मूर्तीपूजकहरूको वर्षहरूमा इस्राएलका मानिसहरूसँग जे कुरा छोडिएको थियो, त्यसमा तिनीहरूले अन्तरविवाह गरे । यहूदीहरूले सामरीहरूका धार्मिकताको आधि-नश्ल र झुटा शिक्षाहरूलाई विचार गरे (एज्रा ४:१-४) । यसले पद ९ को परिवेशलाई दिँदछ ।

४:५ उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो, यो नगरचाहिँ याकूबले आफ्नो छोरा योसेफलाई दिएको नजिकै पर्थ्यो (उत्पत्ति ३३:१८-१९; यहोशू २४:३२) । धेरैले सुखार सेकेममा भएको कुरा बताए, यद्यपि यसलाई नयाँ करारमा बताइएको छैन ।

४:६ "त्यहाँ याकूबको इनार थियो" साँच्चिकै यसलाई १०० मिटर गहिरो खाल्डो खनिएको थियो । यसमा बसन्तको पानी बगिरहेको थिएन, तर बर्षाको पानीलाई जम्मा गरिएको थियो । यसलाई पुरानो करारमा कहिल्यैपनि बताइएको थिएन, तर त्यो नाउँ प्राचीन परम्पराको स्थानसँग जोडिएको थियो ।

- "येशू यात्राले थाक्नुभएको हुनाले" यहाँ हामीले स्पष्टरूपमा मानवीय प्रकृतिलाई देख्छौं (लूका २:५२), तर उहाँ कहिल्यै पनि मानिसहरूलाई प्रेम गर्न त्यति थकित हुनुभएन !

-

नासाब, एनकेजेभि, जेबि "यो करिब छैटौं घडि भएको थियो"
एनआरएसभि, टिइभि, "यो करिब मध्यान्ह भएको थियो"
त्यहाँ यसको बारेमा धेरै छलफल भएको थियो, जुन तरिकामा यूहन्नाले उनको सुसमाचारमा गन्ती गरेका थिए । कतिवटा सन्दर्भहरू यहूदीको समयमा भएको देखिन्छ भने, कतिवटा रोमीहरूको समयमा भएको देखिन्छ । यहूदीहरूले दिनको सुरुवात बिहानको ६ बजे गर्छन् भने, रोमीहरूको लागि यो समय मध्यान्ह हुन्छ, त्यसकारण, येशू इनारमा दिनको मध्यान्हको समय वा धेरै गर्मीको समयमा आउनुभयो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ४:७-१४

एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई । येशूले त्यसलाई भन्नुभयो, "मलाई पानी पिउन देऊ ।" उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए । तब सामरी स्त्रीले उहाँलाई भनी, "तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ ?" (यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्) । येशूले त्यसलाई भन्नुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेको भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।" त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईंसँग उघाउने भाँडो छैन, र इनार पनि गहिरो छ । तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ ? के तपाईं हाम्रा पुर्खाभन्दा ठूला हुनुहुन्छ ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनको सन्तान र उनको गाई-वस्तुले यही इनारको पानी पिए ।" येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने पिउने प्रत्येक फेरी तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ, त्यो कहिल्यै तिर्खाउनेछैन । जुन पानी मैले त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ ।"

४:७ "एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई" ती स्त्री धेरै टाढाबाट एक्लै दिनको असामान्य समयमा आइन, किनकि त्यो गाउँमा भएको सामाजिक अवस्थाले गर्दा यस्तो भएको थियो ।

- "मलाई पानी पिउन देऊ ।" यो यरोरिष्ट सक्रिय आज्ञात्मक हो, जसले तत्काल हुने कुराको बारेमा बताउँछ ।

४:८ यो पदले यहूदीवादको झुटो समूहको अछुत महिलासँग भएको येशूको व्यक्तिगत कुराकानीको तहलाई मिलाएको छ । यो अर्को यूहन्नाले दिएको वास्ताको कुरा हो ।

४:९ "तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ ?" यहूदीहरूलाई सामरीहरूको उही बाल्टीबाट पानी पिउनको लागि अनुमति थिएन (यहूदी परम्परा लेवी १५ अध्यायमा आधारित थियो) । येशूले दुईवटा सांस्कृतिक बाधाहरूलाई इन्कार गर्दै हुनुहुन्थ्योः १) सामरीहरूसँग कुराकानी गर्नु र २) महिलाहरूसँग सार्वजनिक रूपमा बोल्नु ।

- "(यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्)" त्यो बन्धन (नासाब, एनआरएसभि), यूहन्नाबाट अतिरिक्त रूपमा व्याख्या गरिएको अर्को कुरा हो, जुनचाहिँ एमसस, ! र डि मा हराएका छन्, तर पि६३,६६,७५,७६, !१,क,ख,ग,एल मा आएका छन् । युवियस४ ले यसको "क" तह - निश्चित) को समावेश गरेको कुरा दिँदछ ।

४:१० यदि यो दोस्रो तहको शर्तात्मक वाक्य हो भने, यसलाई ‘‘वास्तविकताको विपरित’’ भनेर भनिन्छ । एउटा झुटो भनाइ भनियो, र त्यो निष्कर्षलाई जोड दिने कुरा पनि झुटो थियो ।

यूहन्नाको सुसमाचारमा ‘‘वरदान’’ भन्ने शब्दलाई मात्र प्रयोग गरिएको छ । यहाँ येशूलाई परमेश्वरको वरदानको रूपमा बताइएको छ (३:१६), जसले अनन्त जीवन दिँदछ । यूहन्ना ७:३८-३९ र प्रेरितमा पवित्र आत्माले दिने कुरालाई वर्णन गरिएको छ -प्रेरित २:३८; ८:२०; १०:४५; ११:१७) । जोडचाहिँ प्राप्त नगर्ने, र फाइदा नहुने परमेश्वरको कृपा हो, जुनचाहिँ ख्रीष्ट र आत्मामा प्रकट हुन्छ ।

- “जिउँदो पानी’’ यो परिवेशको पुरानो करारको पृष्टभूमि छ -भजनसंग्रह ३६:९; यशैया १२:३; ४४:३; यर्मिया २:१३; १७:१३; जकरिया १४:८) । येशूले ‘‘जिउँदो पानी’’ भनेर ‘‘आत्मिक जीवन’’ को समानान्तरमा प्रयोग गर्नुहुन्छ । तरैपनि, सामारी स्त्रीले उहाँले बगीरहेको पानीको विषयमा बताउनुभएको छ भनेर विचार गरिन, जुनचाहिँ वर्षाको पानीको ट्याङ्कीको विरुद्धमा थियो । यो यूहन्नाको सुसमाचारको विशेषता हो, कि येशू ( संसारको ज्योति) ले नियमित रूपमा यसलाई बुझ्नुभयो (जस्तैः निकोदेमस) । यस धर्तिको पतन भएको परिधिले स्वर्गीय परिधिलाई गाभेको हुँदैन (जस्तैः येशू ख्रीष्टको सन्देश) ।

४:११ ‘‘महासय’’ यो ग्रीक परिवेश कुरियोस हो, र जुनचाहिँ कुरीको भोकेटिभ स्वरुपमा छ । यसलाई धैरै नम्र (महासय) भएर बताउन प्रयोग गरिन्छ वा ईश्वरशास्त्रीय भनाइ (प्रभु) मा पद १ र रोमी १०:१३ मा येशूको पूर्ण ईश्वररत्वलाई बताएको छ । यहाँ एकदमै नम्र भनाइ दिइएको छ ।

४:१२ ‘‘के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ ?’’ यो व्याकरणले ‘‘होइन’’ भन्ने उत्तरको आशा राख्दछ । यो अति नै व्यंग्यपूर्ण भनाइ हो । सामरी स्त्रीले उनको आफ्नै पुर्खाको महान्तालाई दावी गरिन्, जसलाई सामरीहरूले इप्राहिम र मनश्शेद्वारा आएको कुरालाई बताए । यसमा अचम्म लाग्ने कुरा यो हो, कि येशूको सर्बोच्चता उहाँले दावी गर्ने कुराजस्तै थियो ।

यो कुराकानीले दुईवटा ईश्वरशास्त्रीय विषयहरूलाई बताएको छः

१. येशूले वा प्रभुले अछुत वा सामरी स्त्रीलाई प्रेम गर्नुभयो
२. यहूदीवाद र जातिय घमण्डमा येशूको सर्बोच्चता

४:१३-१४ ‘‘तर जस-जसले मैले दिने पानी पिउँछ, त्यो कहिल्यै तिर्खाउनेछैन’’ सायद यसको मसिहियपनमा लागु भएको थियो (यशैया १२:३; ४८:२१; ४९:१०) । यो वाक्यांशको बलियो दोहोरो नकारात्मक हुन्छ । त्यहाँ क्रियाको कालमा देखाउनुपर्ने हुन्छ । पद १३ मा दिइएको वर्तमान् सक्रिय कृदन्तले घरि-घरि पिउनेलाई लागु गर्दछ, जबकि पद १४ को येओरिस्ट सक्रिय विषयसूचकले एकचोटी मात्र पिउने कुरालाई लागु गर्दछ ।

४:१४ ‘‘त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मुल बन्नेछ ।’’ यो वर्तमान् कृदन्त हो, जसको अर्थ ‘‘निरन्तररूपमा उफ्रिनु’’ भन्ने हुन्छ -यशैया ५८:११ र यूहन्ना ७:३८) । मरुभूमिमा रहने मानिसहरूको लागि पानी जीवन र अलौकिक प्रावधानको संकेत हो ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः ४:१५-२६**

त्यस स्त्रीले उहाँलाई भनी, ‘‘हजूर मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन ।’’ येशूले त्यसलाई भन्नु भयो, ‘‘जाऊ, तिम्रा लोग्नेलाई बोलाएर ल्याऊ ।’’ त्यस स्त्रीले भनी मेरो लोग्ने छैन ।’’ येशूले त्यसलाई भन्नुभयो, ‘‘तिम्रो लोग्ने छैन भनी तिमीले ठीकै भन्यौं, किनभने तिम्रा पाँचजना लोग्ने भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो लोग्ने होइन । तिमीले यो साँचो भनेकी हौं ।’’ त्यस स्त्रीले उहाँलाई भनी, ‘‘हजूर तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु । हाम्रा पूर्खाहरूले यस डाँडामा आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने स्थान यरुशलेम हो ।’’ येशूले त्यसलाई भन्नुभयो, ‘‘ए नारी मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरू नता यस डाँडामा, न यरूशलेममा पिताको आराधना गर्नेछौं । तिमीहरू जे आराधना गर्दछौं, सो जान्दैनौं । हामी जे आराधना गर्दछौं, सो जान्दछौं, किनभने मुक्तिचाहिँ यहूदीहरूबाट आउँछ, तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्, किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ ।’’ त्यस स्त्रीले उहाँलाई भनी, ‘‘म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरो बताउनुहुनेछ ।’’ येशूले त्यस लाई भन्नुभयो, ‘‘तिमीसँग बोल्ने म उही हुँ ।’’

४:१५ निकोदेमसले जस्तै ती स्त्रीले पनि येशूलाई अझै धेरै शारीरिक तहबाट बुझेकी थिइन् । यो पनि चेलाहरूको निम्ति असामान्य नै थियो । कतिचोटी तिनीहरूले येशूलाई उहाँको आलंकरिक भाषामा हराएर गलत प्रकारले व्याख्या गरे (यूहन्ना ४:३१-३३; ११:११-१३) ।

४:१६ युविएस४ ले ‘‘येशू’’को सम्भाव्य थपिने नाउँलाई बताएको छैन (एनकेजेभि, एनआरएसभि, एनजेबि, आइबि) । नेट बाइबलले यसको समावेशको निम्ति हस्तलेखनको प्रमाण दिँदछ (पाना १९०३, जस्तैः एमएसएस, ! ग, क,ग२,घ,एल र डब्लू, तर यो एमएसएस, पि६६,७५,ख र ग बाट हराएको छ) । स्काइबहरूले पाठलाई स्पष्ट र सजिलो बनाएर पछ्याउने चाहना गरे ।

- ‘‘जाऊ, तिम्रा लोग्नेलाई बोलाएर ल्याऊ ।’’ यो वर्तमान् सक्रिय आज्ञात्मक हो, जसले यओरिष्ट सक्रिय आज्ञात्मकलाई पछ्याउँदछ ।

४:१७ ‘‘मेरो लोग्ने छैन ।’’ पापको सामना गर्नुपर्ने हुन्छ । येशूले नत क्षमा नै गर्नुभयो, नत उहाँले दोष नै लगाउनुभयो ।

४:१८ ‘‘तिम्रा पाँचजना लोग्ने भइसकेका छन्’’ येशूले ती स्त्रीलाई शारीरिक परिधिबाट आत्मिक परिधि (१:४८) मा हल्लाउने अलौकिक ज्ञानलाई लागु गर्नुहुन्छ ।

४:१९ "हजूर तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु" ती स्त्री अझैसम्म पनि मसिहिय बुझाइमा आएकी थिइनन् । उनले आफ्नो परमेश्वरसँगको सम्बन्धको मुख्य विषयहरूलाई पूरक प्रयोगका साथ देखाउने कोसिस गरिरहेकी थिइन (३:२ मा देखाइएको निकोदेमसले जस्तै) ।
अन्य टिप्पणीकारहरूले यसलाई व्यवस्था १८:१५-२२ मा दिइएको मसिहिय सन्दर्भको रूपमा लिएका छन् ।

## विशेष शिर्षक: पुरानो करारको अगमवाणी

अ. परिचय

क. सुरुको भनाइ

१. विश्वास गर्ने समुदायले अगमवाणीलाई कसरी व्याख्या गर्ने भनेर सहमती हुँदैनन् । अन्य सत्यताहरू शताब्दीभरि नै रुढिवादी स्थानको रुपमा स्थापित भएका छन्, तर योचाहिँ होइन ।

२. त्यहाँ थुप्रै पुरानो करारको अगमवाणीको तहलाई राम्ररी परिभाषित गरिएको छ

क. राजाहरू आउनुभन्दा अगाडिको समय

१) व्यक्तिगत रूपमा अगमवक्ताहरूलाई बोलाइएको

क) अब्राहाम - उत्पत्ति २०:७

ख) मोशा - गन्ती १२:६-८; व्यवस्था १८:१५; ३४:१०

ग) हारुन - प्रस्थान ७:१ -मोशाको निम्ति प्रवक्ता)

घ) मिरियम - प्रस्थान १५:२०

ङ) मेडाड र एलडाड - गन्ती ११:२४-३०

च) दबोरा - न्यायकर्ता ४:४

छ) नाम नदिइएको - न्यायकर्ता ६:७-१०

ज) शमूएल - १ शमूएल ३:२०

२) अगमवक्ताको समूहका सन्दर्भहरू - व्यवस्था १३:१-५; १८:२०-२२

३) अगमवाणी गर्ने समूह वा संघ - १ शमूएल १०:५-१३; १९:२०; १ राजा २०:३५,४१; २२:६,१०-१३; २ राजा २:३,७; ४:१,३८; ५:२२; ६:१ इत्यादि ।

४) मसिहले अगमवक्तालाई बोलाउनुभएको - व्यवस्था १८:१५-१८

ख. राजाको बारेमा नलेखिएका (तिनीहरूले राजाको बारेमा बताउने):

१) गाद - १ शमूएल २२:५; २ शमूएल २४:११; १ इतिहास २९:२९

२) नातान - २ शमूएल ७:२; १२:२५; १ राजा १:२२

३) अहियाह - १ राजा ११:२९

४) येहू - १ राजा १६:१,७,१२

५) नाउँ नदिइएको - १ राजा १८:४,१३; २०:१३,२२

६) एलिया - १ राजा १८ अध्याय, २ राजा २ अध्याय

७) मीकाया - १ राजा २२ अध्याय

८) एलिशा - २ राजा २:८,१३

ग. शास्त्रीय लेखका अगमवक्ताहरू (तिनीहरूले राष्ट्रको साथसाथै राजाको बारेमा पनि बताएका): यशैया-मलाकी (दानिएल बाहेक)

घ. बाइबलीय परिवेश

१. रोयख् = "देख्ने व्यक्ति" १ शमूएल ९:९ । यो सन्दर्भ आफैले नाभी भन्ने परिवेशको परिवर्तनलाई देखाउँछ । रोयख् "हेर्नु" भन्ने सामान्य परिवेशबाट आएको छ । यो व्यक्तिले परमेश्वरका योजनाहरू र तरिकाहरूलाई बुझ्यो र परमेश्वरको चाहनालाई प्राप्त गर्ने कुरामा सोधपुछ गर्‍यो ।

२. होजेख् = "देख्ने व्यक्ति" २ शमूएल २४:११ । यो सामान्यतया रोयख् जस्तै भन्ने हुन्छ । यो "हेर्नु" भन्ने अभावको परिवेशबाट आएको छ । धेरैचोटी अगमवक्ताहरूलाई बताउनको निम्ति कृदन्तको स्वरुपलाई प्रयोग गरिएको छ (जस्तैः हेर्ने व्यक्ति) ।

३. नावी = "अगमवक्ता," अकाडियनको क्रिया नाबुको संयोजन = "बोलाउनु" र अरबीमा नाबा'अ = "घोषणा गर्नु"" । यो पुरानो करारमा अगमवक्तालाई पहिचान गराउने धेरै सामान्य परिवेश हो । यो ३०० पटकभन्दा बढी प्रयोग गरिएको छ । यस शब्दको ठ्याक्कै इतिहासको बारेमा अनिश्चित छ, तर वर्तमान्मा "बोलाउनु" भन्ने कुराको उत्तम विकल्प भएको देखिन्छ । सम्भवत् उत्तम बुझाइमा मोशाको फारोसँगको सम्बन्धमा हारुनद्वारा यहोवाको वर्णन आउँदछ (प्रस्थान ४:१०-१६; ७:१; व्यवस्था ५:५ । एकजना अगमवक्ता त्यो व्यक्ति हो, जसले परमेश्वरको निम्ति उहाँका मानिसहरूको पक्षमा बोल्दछ (आमोस ३:८; यर्मिया १:७,१७; इजकिएल ३:४) ।

४. १ इतिहास २९:२९ मा यी सबै तीनवटा परिवेशहरूलाई अगमवक्ताको अफिसको लागि प्रयोग गरिएका छन्; शमूएल - रो'एख; नातान- नाबी' र गाद - होजेख् ।

५. 'इसहाअ-इलोहिम' भन्ने वाक्यांश र "परमेश्वरका मानिस" ले परमेश्वरको निम्ति वक्ता बन्ने सीमानालाई पनि पहिचान गर्दछन् । यसलाई पुरानो करारको "अगमवक्ता" भन्ने भावनामा ७६ पटक प्रयोग गरिएको छ ।

६. "अगमवक्ता" भन्ने परिवेशको सुरुवात ग्रीकमा हुन्छ । यो १) प्रो "अगाडि" वा "निम्ति" र २) फेमी "बोल्नु" भन्ने बाट आउँछ ।

आ. अगमवाणीको परिभाषा

क. "अगमवाणी" भन्ने परिवेशको अंग्रेजीमा भन्दा हिब्रूमा वृहत शब्दको अर्थको क्षेत्र थियो । राजाहरूद्वारा आएका यहोशूका ऐतिहासिक पुस्तकहरू (रूथबाहेक) "अगाडिका अगमवक्ताहरू" भनेर भनेका छन् । अब्राहाम (उत्पत्ति २०:७; भजनसंग्रह १०५:५), र मोशा (व्यवस्था १८:८) दुवैले मिरियमलाई पनि अगमवक्ता भनेर पहिचान गरेका छन् (प्रस्थान १५:२०) । त्यसकारण, मानिलिएको अंग्रेजी परिभाषामा होसियार हुनुहोस् !

ख. "अगमवाणीलाई कानुनसम्मत इतिहासलाई बुझेर यसो भनेर परिभाषित गर्न सकिन्छ, जसले अलौकिक वास्ता, अलौकिक उद्देश्य, र अलौकिक सहभागीताको परिवेशमा अर्थलाई मात्र स्वीकार्ने गर्छ" (बाइबलको व्याख्याको शब्दकोश, इकाई ३, पाना ८९६) ।

ग. "अगमवक्ता नत दार्शनिक हुन्, नत व्यवस्थापकिय ईश्वरशास्त्री नै हुन्, तर उनी करारको मध्यस्थकर्ता हुन्, जसले परमेश्वरको वचन लाई उहाँका मानिसहरूमा बताउने गर्दछन्, ताकि तिनीहरूको वर्तमान्‌लाई सुधार गरेर, तिनीहरूको भविष्यलाई आकार दिन सकियोस्" "अगमवक्ता र अगमवाणी," (जुडैकाको शब्दकोश, इकाई १३, पाना ११५२) ।

इ. अगमवाणीको उद्देश्य

क. अगमवाणी उहाँका मानिसहरूसँग बोल्ने तरिका हो, यसले तिनीहरूको वर्तमान् परिवेशलाई निर्देशन गर्दछ, र तिनीहरूको जीवनमा र विश्वको घटनाहरूमा उहाँले गर्ने नियन्त्रणको आशा हुन्छ । साधारणतया तिनीहरूको सन्देश सामूहिक हुन्थ्यो । यसको आशय हप्काउनु, उत्साह दिनु, विश्वास र पश्चात्तापलाई उत्पन्न गर्नु, र आफ्नै र उहाँको योजनाको बारेमा परमेश्वरका मानिसहरूलाई जानकारी गराउनु थियो । तिनीहरूले परमेश्वरका मानिसहरूलाई उहाँको करारमा इमानदारीता देखाएर समाए । यसलाई यसमा समावेश गरिनुपर्छ, कि यसलाई प्रवक्ताको निम्ति परमेश्वरको छनोटमा स्पष्टरूपमा प्रकट गर्न प्रयोग गरिनुपर्छ (व्यवस्था १३:१-३; १८:२०-२२) । अन्ततः यस लाई लिएर मसिहलाई बताउने गरिन्थ्यो ।

ख. कतिचोटी अगमवक्ताले उनको समयको ऐतिहासिक वा ईश्वरशास्त्रीय समस्यालाई लिए, र यसलाई भविष्यको परिवेशमा देखाइदिए । यो अन्तको समयको इतिहासको दृष्टि इस्राएलमा अनौठो थियो, र यसको अलौकिक चुनाउ र करारको प्रतिज्ञाले भावनालाई समायो ।

ग. अगमवक्ताको अफिसले सन्तुलन गर्न खोजेको देखिन्छ (यर्मिया १८:१८), महान् पूजाहारीको अफिसलाई परमेश्वरको इच्छा जान्ने तरिका मा बिना अधिकार लिइयो । उरिम र थुमिमले परमेश्वरको मौखिक सन्देशलाई परमेश्वरको प्रवक्ताबाट लिए । अगमवक्ताको अफिसलाई मलाकी पछि इस्राएलमा हटाइएको जस्तो देखिन्छ । यो ४०० वर्ष पछि बप्तिस्मा दिने यूहन्ना नआएसम्म पुन देखा परेन । कसरी नयाँ करारको "अगमवाणी"को वरदानलाई पुरानो करारसँग सम्बन्धित गरिन्छ भन्ने कुरा अनिश्चिचछ छ । नयाँ करारका अगमवक्ताहरू (प्रेरित ११:२७-२८; १३:१; १५:३२; १ कोरिन्थी १२:१०,२८-२९; १४:२९,३२,३७; एफिसी ४:११) ले नयाँ प्रकाश वा बाइबललाई प्रकट गर्दैनन्, तर करारको अवस्थाहरूमा परमेश्वरको चाहनालाई अगाडि भन्ने वा भविष्यको लागि भन्ने गर्दछन् ।

घ. अगमवाणीमा सम्भवत् एकमात्र अगमवाणीको स्वभाव हुने होइन । भविष्यको लागि भन्ने कुरा उनको अफिस र उनको सन्देशलाई निश्चित गर्ने एउटा उपाय हो, तर यसमा "पुरानो करारको मसिहिय अगमवाणी २ प्रतिशत भन्दा कम छ भनेर याद गर्नुपर्छ । विशेष रूपमा ५ प्रतिशत भन्दा कमले नयाँ करारको युगलाई वर्णन गर्दछ । १ प्रतिशत भन्दा कमले भविष्यमा हुने घटनाहरूलाई बताउँदछ" (फि र स्टुआर्ट, "यसको सबै मुल्यको निम्ति बाइबललाई कसरी पढ्ने," पाना १६६) ।

ङ. अगमवक्ताहरूले परमेश्वर मानिसहरूको निम्ति भनेर प्रतिनिधित्व गर्छन् भने, पूजाहारीहरूले परमेश्वरको निम्ति मानिसहरूको प्रतिनिधित्व गर्छन् । यो सामान्य भनाइ हो । हबकूकमा जस्तै त्यहाँ अपवादहरू छन्, जसले परमेश्वरलाई प्रश्न गरे ।

च. यसमा अगमवक्ताहरूलाई बुझ्नु पर्ने एउटा कठिनाइ भएको कारण यो छ कि, कसरी तिनीहरूको पुस्तकहरूलाई संरचना गरिएको थियो भनेर हामीले जान्न सक्दैनौं । तिनीहरूमा कालको क्रम थिएन । तिनीहरू विषयसम्बन्धी भएका देखिन्छन्, तर जो काहीले पनि आशा गरेजस्तो सधैं हुँदैन । कतिचोटी त्यहाँ अगाडिको ऐतिहासिक परिवेश हुँदैन, र समयको रूपरेखा वा भनाइहरूको बीचमा स्पष्ट विभाजन पनि हुँदैन । यी पुस्तकहरू १) एकै बसाइमा पढ्नको लागि कठिन छन्; २) शिर्षकको रूपरेखा बनाएर, र ३) हरेक भनाइमा लेखकको चाहना वा केन्द्रिय सत्यतालाई प्राप्त गर्नुपर्ने हुन्छ ।

ई. अगमवाणीका विशेषताहरू

क. त्यहाँ पुरानो करारमा "अगमवक्ता" र "अगमवाणी" भन्ने विचारको विकास भएजस्तो देखिन्छ । प्राचीन इस्राएलमा अगमवक्ताहरूको संगतिको विकास भयो, जोहरू पवित्र आत्माले भरिएका एलिया र एलिसाजस्ता बलिया अगुवाहरू थिए । कहिलेकाहीं यो समूहलाई बता उनको निम्ति "अगमवक्ताका छोराहरू" भन्ने वाक्यांश प्रयोग गरिएको थियो (२ राजा २ अध्याय) । अगमवक्ताहरूलाई ठूलो आनन्दको स्वरुपमा चित्रण गरिएको थियो (१ शमूएल १०:१०-१३; १९:१८-२४) ।

ख. तरैपनि, यो अवधि व्यक्तिगत अगमवक्ताहरूमा छिटोछिटो बित्यो । त्यहाँ यस्ता अगमवक्ताहरू पनि थिए (साँचो र झुटो दुवै), जोहरू राजा सँग परिचित थिए, र राजदरबारमा बस्ने गर्दथे (जस्तैः गाद, नातान) । त्यहाँ यस्ताहरू पनि थिए, जोहरू स्वतन्त्र थिए, र कहिलेकाहीँ इस्राएली समाजको विषयसँग पूर्णरूपमा जोडिएका थिएनन् (जस्तैः आमोस) । तिनीहरू स्त्री र पुरुष दुवै हुन्थे (२ राजा २२:१४) ।

ग. अगमववक्ताहरू कतिचोटी भविष्यलाई प्रकट गर्ने व्यक्तिहरू थिए, जसले मानिसले गर्ने छिटो प्रतिक्रियालाई शर्त राखेका थिए । कतिचोटी अगमवक्ताको कार्य उहाँको सृष्टिको निम्ति परमेश्वरको विश्वव्यापी योजनामा स्पष्ट थियो, जसलाई मानवीय प्रतिक्रियाद्वारा असर पारिए को हुँदैन । यो विश्वव्यापी भविष्यसम्बन्धी योजना प्राचीन पूर्व नजिकै अगमवक्ताहरूको बीचमा अनौठो थियो । अगमवक्ताको सन्देशमा अगमवाणी र करारमा इमान्दारीताको जुम्ल्याहा जिवाष्म् हुन्छ -फि र स्टुआर्ट, पाना १५०) । यसले यो कुराको लागु गर्दछ, कि सामान्य तया अगमवक्ताहरू सामूहिक जोडमा हुन्छन् । तिनीहरूले बारम्बार, तर कमरूपमा राष्ट्रहरूलाई बताउन सकेनन् ।

घ. धेरैजसो अगमवाणी गरिएका वस्तुहरू मौखिकरूपमा प्रस्तुत गरिएको थियो । यो पछि गएर विषयको साधनमा कालक्रमिक वा अन्य साधनद्वारा पूर्व नजिकको साहित्यमा जोडिएको थियो, जुनहरू हामीमा हराएका थिए । यो मौखिक भएको कारणले गर्दा यसको संरचना लाई लेखिएकोाँग लिइएको छैन् । यसले पुस्तकलाई सिधै पढ्नको लागि कठिनाइ बनाउँदछ, र विशेष ऐतिहासिक क्रमबिना बुझ्नलाई पनि कठिन बनाउँदछ ।

ङ. अगमवक्ताहरूले तिनीहरूको सन्देशलाई बताउन धेरै तरिकाहरूको प्रयोग गर्छन्:

१. दरवारीया दृष्य - परमेश्वरले उहाँका मानिसहरूलाई दरवारमा लिएर जानुहुन्छ, र कतिचोटी यो सम्बन्ध विच्छेदको विषय हुन्छ, जहाँ यहोवाले उहाँको श्रीमती (इस्राएल) लाई उनको अविश्वासयोग्यपनको निम्ति इन्कार गर्नुहुन्छ (होशे ४ र मीका ६ अध्याय) ।

२. दफनको शोक गीत - यस्तो प्रकारको सन्देशको निम्ति विशेष मापदण्ड र यसको विशेषताले विशेष स्वरुपमा अलग्याएर यसमा “शोक” गर्दछ (यशैया ५ र हबकूक २ अध्याय) ।

३. करारको आशिषको उच्चारण - शर्तसहितको करारको प्रकृतिले जोड दिन्छ, र यसको परिणाम सकारात्मक र नकारात्मक दवै हुन्छ, र भविष्यको निम्ति भनिन्छ (व्यवस्था २७-२८ अध्याय) ।

उ. व्याख्यात्मक अगमवाणीको निम्ति उपयोगी मार्गनिर्देशनहरू:

क. ऐतिहासिक परिवेशलाई हेरेर सुरुका अगमवक्ता (सम्पादक) को भावनालाई र हरेक प्रश्न उत्तरको साहित्यिक परिवेशलाई पत्ता लगाउनुहोस् । सामान्यतया यसमा इस्राएलले मोशाको करारलाई कुनै तरिकाले तोडेर संलग्नता रहेको हुनेछ ।

ख. प्रश्न उत्तरको केही भागमात्र नभएर सम्पूर्णलाई पढेर व्याख्या गर्नुहोस्, र यसको विषयवस्तु अनुसार रुपरेखामा ढाल्नुहोस् । सम्पूर्ण पुस्तकलाई रुपरेखामा ढाल्ने कोसिस गर्नुहोस् ।

ग. खण्डको साहित्यिक व्याख्यालाई पाठको केही चिज आफैले साङ्केतिक प्रयोगमा तपाईंलाई नदेखाएसम्म मानिलिनुहोस्, तब साङ्केतिक भाषालाई गद्यमा राख्नुहोस् ।

घ. ऐतिहासिक क्रम र समानान्तर खण्डहरूको प्रकाशमा साङ्केतिक कार्यलाई विश्लेषण गर्नुहोस् । प्राचीन पूर्व नजिकको साहित्यलाई संझन निश्चित हुनुहोस्, र यसमा पश्चिमी वा आधुनिक साहित्य हुनु हुँदैन ।

ङ. अगमवाणीलाई वास्तासहित व्यवहार गर्नुहोस् ।

१. के तिनीहरू सामान्यतया लेखकको समयको निम्ति मात्र हुन् ?

२. कहाँ तिनीहरू परिणामस्वरुप इस्राएलको इतिहासलाई पूरा गरे ?

३. के तिनीहरू अझैपनि भविष्यका घटनाहरू हुन् ?

४. के तिनीहरूमा समकालिन पूरा हुन्छ, र अझैपनि भविष्यको कार्य पूरा हुन्छ ?

५. तपाईंको उत्तरलाई निर्देशन गर्न आधुनिक लेखकहरू नभएर, बाइबल लेखकहरूलाई अनुमति दिनुहोस् ।

च. विशेष वास्ताहरू:

१. के अगमवाणी शर्तात्मक प्रतिक्रियाद्वारा योग्य बन्दछन् ?

२. कसको र किन अगमवाणी बताइएको हो भन्ने कुरामा के यो निश्चित छ ?

३. के त्यहाँ विविध पूर्णताको निम्ति ऐतिहासिक वा बाइबलीय दुवै सम्भावनाहरू छन् ?

४. नयाँ करारका लेखकहरूले उत्प्रेरणामा पुरानो करारका विविध स्थानहरूमा मसिहलाई हेर्न सक्षम हुन्छन्, जबकि तिनीहरू हामीमा अगाडिआएका हुँदैनन् । तिनीहरू चलाइने प्रकार वा शब्दको चालमा आएका देखिन्छन् । हामीहरू उत्प्रेरित नभएको कारणले गर्दा, हामीले यस विचारलाई तिनीहरूमा छोडिदिने कार्य उत्तम हुन्छ ।

ऊ. उपयोगी पुस्तकहरू:

क. कार्ल इ. अमेन्डिङ्ग र डब्लू वार्ड बास्क्वीको बाइबलको अगमवाणीको एउटा निर्देशिका

ख. गोर्डन फि र डगलास स्टुआर्टको यसको सबै मुल्यमा बाइबललाई कसरी पढ्ने भन्ने पुस्तक

ग. इडवार्ड जी. योङ्गको अगमवक्ताहरू मेरा सेवकहरू भन्ने पुस्तक

घ. डि. ब्रेन्ट स्यान्डीको जोत्ने र छिवल्ने काँटाः बाइबलीय अगमवाणी र भविष्लाई पुनः विचार गर्नु

ङ. पुरानो करारको ईश्वरशास्त्र र व्याख्याको नयाँ अन्तर्राष्ट्रिय शब्दकोशको इकाई ४, पानाहरू १०६७-१०७८

## विशेष शिर्षकः नयाँ करारको अगमवाणी

अ. यो पुरानो करारको अगमवाणी जस्तै होइन (विडिवि ६११), जसमा यहोवाबाटको उत्प्रेरित प्रकाशको संकेत हुन्छ -प्रेरित ३:१८,२१; रोमी १६:२६) । केवल अगमवक्ताहरूले मात्र बाइबललाई लेख्न सक्थे ।

क. मोशालाई अगमवक्ताको रूपमा बोलाइएको थियो -व्यवस्था १८:१५२१) ।

ख. ऐतिहासिक पुस्तकहरू (यहोश-राजाहरू, रूथबाहेक) लाई “अगाडिका अगमवक्ताहरू” भनेर भनियो (प्रेरित ३:२४) ।

ग. अमगवक्ताहरूले परमप्रभुबाट महान् पूजाहारीहरूलाई जानकारीको रूपमा अधिकारबिना लिन्छन् (यशैया-मलाकी) ।

घ. हिब्रू क्रमको दोस्रो विभाजन “अगमवक्ताहरू” हुन् (मत्ती ५:१७; २२:४०; लूका १६:१६; २४:२५,२७; रोमी ३:२१) ।

आ. नयाँ करारमा यो विचारलाई विविध फरक तरिकाले प्रयोग गरिएको छ ।

क. पुरानो करारका अभगवक्ताहरू तिनीहरूको उत्प्रेरित सन्देशलाई बताउनु -मत्ती २:२३; ५:१२; ११:१३; १३:१४; रोमी १:२) ।

ख. सामूहिक समूहलाई भन्दा पनि व्यक्तिगत सन्देशलाई बताउनु -जस्तैः सामान्यतया पुरानो करारका अगमवक्ताले इस्राएललाई बताए)
ग. परमेश्वरको राज्यको उद्घोषकको रूपमा बप्तिस्मा दिने यूहन्ना -मत्ती ११:९; १४:५; २१:२६; लूका १:७६) । येशूले पनि अगमवक्ताहरू भन्दा महान् भएको दावी गर्नुभयो -मत्ती ११:९; २४:४१; लूका ७:२६) ।
घ. नयाँ करारमा अन्य अगमवक्ताहरू
१. लूकाको सुसमाचारमा येशूको सुरुको जीवनलाई अभिलेख राखिएको -मरियमको संझनाहरू)
क. एलिशावेथ (लूका १:४१-४२)
ख. जकरिया (लूका १:६७-७९)
ग. साइमोन (लूका २:२५-३५)
घ. हन्ना (लूका २:३६)
२. बिडम्वनापूर्ण अगमवाणी (कैयाफा, यूहन्ना ११:५१)
ङ. सुसमाचारको घोषणा गर्ने व्यक्तिलाई बताउनु (१ कोरिन्थी १२:२८-२९ र एफिसी ४:११ मा दिइएका वरदानक सूचीहरूलाई घोषणा गर्नु)
च. मण्डलीमा निरन्तर भइरहने वरदानहरूलाई बताउनु -मत्ती २३:३४; प्रेरित १३:१; १५:३२; रोमी १२:६; १ कोरिन्थी १२:१०,२८-२९; १३:२; एफिसी ४:११) । कहिलेकाही यो महिलाहरूलाई बताइएको पनि हुन सक्छ (लूका २:३६; प्रेरित २:१७; २१:९; १ कोरिन्थी ११:४-५) ।
छ. प्रकाशको पुस्तकमा भविष्यको साहित्यलाई बताउनु -प्रकाश १:३; २२:७,१०,१८,१९) ।

इ. नयाँ करारका अगमवक्ताहरू

क. तिनीहरूले पुरानो करारका अगमवक्ताहरूले गरेजस्तै उही भावनामा उत्प्रेरित प्रकाशलाई दिँदैनन् । यो भनाइ सम्भव छ, किनकि "विश्वास" भन्ने वाक्यांश (जस्तै, पूरा गरिएको सुसमाचारको भावनामा) लाई प्रेरित ६:७; १३:८; १४:२२; गलाती १:२३; ३:२३; ६:१०; फिलिप्पी १:२७; यहूदा ३,२० ।

यो विचार यहूदा ३ मा प्रयोग गरिएको पूर्ण वाक्यांशबाट स्पष्ट भएको छ, "त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर ।" "सदाकालको निम्ति" भन्ने विश्वासले सत्यताहरूलाई, सिद्धान्तहरूलाई, विचारहरूलाई र ख्रीष्टियन नीतिमा सिकाउने दृष्टिकोणलाई बताउँछन् । यो एकचोटी दिइएको दोषले नयाँ करारका लेखहरूमा ईश्वरशास्त्रको निम्ति उत्प्रेरणालाई सिमित गरेर बाइबलीय आधार बनाइएको हुन्छ, र पछिका वा अन्य लेखहरूलाई प्रकाशित भएका छन् भनेर विचार गर्न अनुमति दिँइदैन । त्यहाँ नयाँ करारमा धेरै महत्वाकाँक्षी, अनिश्चित र खैरो रङ्गका चिजहरू छन्, तर विश्वासीहरूले विश्वासद्वारा यो कुरालाई निश्चित गर्दछन्, कि "खाँचो" भएको सबै कुरा विश्वासको निम्ति हुन्छ, र पर्याप्त स्पष्टतासँग नयाँ करारमा अभ्यासलाई पनि समावेश गरिएको हुन्छ । यो विचारलाई "प्रकाशित त्रिभुज" भन्ने भनाइमा वर्णन गरेर देखाइएको छ ।

१. परमेश्वरले आफैलाई इतिहासको समयको स्थान (**प्रकाश**) मा प्रकट गर्नुभएको छ ।
२. उहाँले निश्चित मानवीय लेखकहरूलाई उहाँको कार्यहरूलाई देखाउन र वर्णन गर्न छान्नुभएको छ (**उत्प्रेरणा**) ।
३. उहाँले मानवीय हृदय र विचारहरूलाई यी लेखहरूलाई बुझ्नको लागि उहाँको आत्मालाई खुल्ला गर्न दिनुभएको छ, मुक्तिको लागि निश्चित रूपमा होइन, तर पर्याप्तरूपमा, र प्रभावकारी ख्रीष्टियन जीवनको निम्ति (**उदृत गरिएको**) । यसमा आएको बुंदा यस्तो हुन्छ, कि बाइबलका लेखकहरूमा आएका उत्प्रेरणा सिमित छन् । त्यहाँ अझ बढी अधिकारसम्पन्न लेखहरू, दर्शनहरू, र प्रकाशहरू छैनन् । कालक्रम बन्द भएको छ । हामीले परमेश्वरलाई उपयुक्त तरिकाले प्रतिक्रिया जनाउने हामी सबैमा त्यो सत्यताको खाँचो हुन्छ । यो सत्यता बाइबलका लेखकहरूको सहमतीमा उत्तम प्रकारले भएको देखिन्छ, नकि गंभिर र परमेश्वरीय विश्वासीहरूमा सहमती हुँदैन । कुनै पनि आधुनिक लेखक वा प्रवक्तामा अलौकिक नेतृत्वको यस्तो तह हुन्छ, जसमा बाइबलका लेखकहरूले पहिला नै गरे ।

ख. केही अर्थमा नयाँ करारका अगमवक्ताहरू पुरानो करारका अगमवक्ताहरू जस्तै छन् ।
१. भविष्यका घटनाहरूको लागि अगमवाणी गर्ने (पावल, प्रेरित २७:२२; अगाबस, प्रेरित ११:२७-२८; २०:२३; २१:१०-११; अन्य नाउँ नदिइएका अगमवक्ताहरू, प्रेरित २०:२३ ।
२. न्यायलाई घोषणा गर्नु (पावल, प्रेरित १३:११; २८:२५-२८) ।
३. साङ्केतिक कार्यहरू, जसले घटनाहरूलाई विविध तरिकाले देखाउँछन् (अगाबस, प्रेरित २१:११) ।
ग. तिनीहरूले सुसमाचारको सत्यतालाई कहिलेकाहीँ अगमवाणी गर्ने तरिकाले घोषणा गर्दछन् (प्रेरित ११:२७-२८; २०:२३; २१:१०-११), तर यो प्रारम्भिक जोडचाहिँ होइन । सामान्यतया १ कोरिन्थीमा गरिएको अगमवाणी सुसमाचारलाई संचार गर्नको लागि हो (१४:२४,३१)
घ. तिनीहरू हरेक नयाँ अवस्थामा र रितिथिति वा समयको अवधिमा परमेश्वरको सत्यतालाई व्यवहारिक रूपले लागु गर्ने र समकालिन कुरालाई प्रकट गर्ने साधनमा आत्माका समकालिन बन्दछन् (१ कोरिन्थी १४:३) ।
ङ. तिनीहरू सुरुको पावलको मण्डलीमा सक्रिय थिए (१ कोरिन्थी ११:४-५; १२:२८-२९; १३:२,८,९; १४:१,३,४,५,६,२२,२४,२९,३१,३२, ३७,३९; एफिसी २:२०; ३:५; ४:११; १ थेसलोनिकी ५:२०), र सिकाइमा बताइएका छन् (पहिलो शताब्दीको अन्ततिर वा दोस्रो शताब्दी मा लेखिएको र तिथि अनिश्चित भएको), र दोस्रो र तेस्रो शताब्दीहरूमा उत्तरी अफ्रिकामा मोन्टनबादले स्थान लिएको थियो ।

ई. के नयाँ करारका वरदानहरूलाई बन्द गरियो ?

क. यस प्रश्नको उत्तर दिन कठिनाइ हुन्छ । यसले वरदानका उद्देश्यहरूलाई परिभाषित गरेर स्पष्ट पार्नलाई मद्दत गर्दछ । के तिनीहरूको आशय सुसमाचारलाई सुरुमा प्रचार गरेर निश्चित गर्नु हो, वा के तिनीहरू आफैले मण्डलीको निम्ति वा हराएको संसारको निम्ति सेवा गर्न वा निरन्तर रूपमा लागिरहेका हुन्छन् ।

ख. के कसैले मण्डलीको इतिहासको बारेमा प्रश्नको उत्तर दिन हेर्दछन्, वा नयाँ करार आफैले हेर्दछ ? त्यहाँ नयाँ करारमा कुनै पनि सूचक छैन, जसले आत्मिक वरदानहरू अस्थायी थिए, भनेर बताउँछन् । तिनीहरू जसले यस विषयलाई बताउन १ कोरिन्थी १३:८-१३ लाई प्रयोग गर्न कोसिस गरे, जसले यो कुरालाई बताउँछ, कि सबैचिज तर प्रेम पनि नाश भएर जानेछ ।

ग. मैले यो कुरा भन्नलाई परिक्षित छु, कि नयाँ करार भएदेखि मण्डली इतिहास होइन, र यो अधिकार हुन्छ, कि वरदानहरू निरन्तर हुन्छन् भनेर विश्वासीहरूले यो कुरालाई निश्चित गर्नुपर्छ । तरैपनि म यो कुरामा विश्वास गर्दछु, कि रितिथितिले व्याख्यालाई असर गर्दछ । केही त्यस्तै स्पष्ट पाठहरू लागु हुने जस्ता छैनन् (जस्तैः पवित्र चुम्बन, महिलाहरूले घुम्टो ओढ्ने, मण्डलीहरू घर-घरमा भेला हुने आदि) । यदि रितिथितिले पाठलाई असर गर्दछ भने, तब किन मण्डली इतिहासले असर गर्दैन त ?

घ. सामान्यतया, यो प्रश्न मात्र हो, जसले निश्चित रूपमा उत्तर दिन सक्दैन । केही विश्वासीहरूले "अन्त" भयो भनेर भन्दछन्, रअरूहरू ले "अन्त भएको" छैन भन्छन् । यो क्षेत्रमा भएका विविध व्याख्यात्मक विषयहरूजस्तै विश्वासीहरूको हृदयचाहिँ मुख्य हुन्छ । नयाँ करार अर्थ स्पष्ट नभएको र सांस्कृतिक छ । निर्णय गर्न सक्षम हुने कठिनाइमा जुनचाहिँ पाठहरू संस्कृति/इतिहासबाट प्रभावित छन् र तिनीहरू सबै समय र सबै संस्कृतिको लागि हुँदछन् (फि र स्टुवार्टको "यसको सबै मुल्यमा कसरी बाइबल पढ्ने" भन्ने पुस्तकको पानाहरू १४-१९ र ६९-७७) । स्वतन्त्रता र जिम्मेवारीको छलफलमा यहाँ कहाँ छ भन्ने, जुनचाहिँ रोमी १४:१-१५:१३ र १ कोरिन्थी ८-१० मा पाइन्छन्, र तिनीहरू एकदमै जटिल छन् । कसरी हामीले प्रश्नको उत्तर दिन्छौं भन्ने दुईवटा तरिकाले महत्वपूर्ण छन्:

१. हरेक विश्वासी तिनीहरूमा भएको प्रकाशको विश्वासमा हिँड्नुपर्ने हुन्छ । परमेश्वरले हाम्रो हृदय र विचारलाई हेर्नुहुन्छ ।

ङ. २. प्रत्येक विश्वासीहरूले अन्य विश्वासीहरूलाई तिनीहरूको विश्वासमा हिँड्ने बुझाइलाई अनुमति दिनुपर्छ । त्यहाँ बाइबलीय सीमा भित्र मिलाप हुनुपर्छ । परमेश्वरले उहाँले गरेजस्तै हामीले एक-अर्कालाई प्रेम गरेको चाहना राख्नुहुन्छ । यस विषयलाई छोट्याउन, खीष्टियन नीति जीवनको विश्वास र प्रेम हो, तर सिद्ध ईश्वरशास्त्र होइन । उहाँसँग गरिएको एउटा सम्बन्धले अरूहरूसँग गरिएको हाम्रो सम्बन्धलाई असर पार्दछ, र यो निश्चित जानकारीभन्दा बढी महत्वपूर्ण हुन्छ वा लिखित कुराको सिद्धतामा रहन्छ ।

४:२० "हाम्रा पुर्खाहरूले" यसले अब्राहाम र याकूबलाई बताउँछ (उत्पत्ति १२:७; ३३:२०) उनले आफ्नो भावनालाई करारमा समावेश गरेर बताएकी छिन् (८:३१-५९) ।

- "यस डाँडामा आराधना गरे," यसले ईश्वरशास्त्रीय वादविवादलाई परमेश्वर (यहोवा) लाई कहाँ आराधना गर्ने भन्ने कुरा बताउँछ । यहूदीहरूले मोरियाह डाँडालाई जोड दिए (यहूदी मन्दिरको क्षेत्र), जबकी सामरीहरूले गिरिजिम डाँडालाई जोड दिए (सामरीहरूको मन्दिरलाई यूहन्ना हुर्कानसले १२९ ई. पू. मा नाश गरे) ।

हाम्रो समयमा यो मानिसहरूले गरेको प्रयास हुनुपर्छ, जसको लागि हामीले तिनीहरूको सम्बन्धको ईश्वरशास्त्रीय रातो उनीपनलाई ल्याएको हुनुपर्छ । मानिसहरूले धर्म र दर्शनको अध्ययन गर्न रुँचाउँछन्, र जबसम्म यसले तिनीहरूलाई व्यक्तिगत रूपमा असर पारेको हुँदैन (३:१९-२१) ।

४:२१ "त्यो बेला आउँदैछ, जब तिमीहरू नता यस डाँडामा, न यरूशलेममा पिताको आराधना गर्नेछौ" यो उनको निम्ति र उनका चेलाहरूको निम्ति झट्का लाग्ने कुरा भएको हुनुपर्छ । बादविवाद नभएको ठाउँ कहाँ छ, र को छ !

४:२२, "किनभने मुक्तिचाहिँ यहूदीहरूबाट आउँछ" यो मसिहको सुरुवातको बारेमा निश्चित हुने कुरा हो -उत्पत्ति २:२-३; ४९:८-१२; यशैया २:३; रोमी ९:४-५) ।

४:२३ "तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो" यो मलाकी १:११ को विश्वव्यापी आराधनाको बारेमा दिइएको संकेत हुन सक्छ । यो कुरा स्पष्टरूपमा आएको हुनुपर्छ, कि येशूले अनन्त जीवनको वरदानलाई उहाँको जीवनको समयको साथसाथै उहाँको मृत्युपछि पनि अस्तित्वमा ल्याइयो । यो भनाइलाई चिन्ताले देखाउँदछ, कि जसमा येशूको दुईचोटी आगमनको बीचमा अस्तित्वमा रहन्छन् । अब अहिले दुईवटा यहूदी युगहरू (विशेष शिर्षकको निम्ति १ यूहन्ना २:१७ लाई हेर्नुहोस्) खप्टिएका छन् । अहिले आत्माको नयाँ युगको उपस्थिति छ, तरैपनि अझै हामी दुष्टता र पापको पुरानै युगमा जीइरहेका छौं । येशूले निश्चितरूपमा यो कुरालाई दावी गर्नुहुन्छ, कि नयाँ युग उहाँमा स ुरु भएको थियो । आत्माको युग वा मसिहिय युगको सुरुवात भएको थियो !

- "आत्मा र सत्यतामा" "आत्मा" भन्ने परिवेश -विशेष शिर्षकको निम्ति ३:८ हेर्नुहोस्) ले स्थानीय वा शारीरिक रूपमा आधारित आराधना नगर्ने कुराको बारेमा बताउँदछ, जबकि यहूदी परिवेश विश्वासयोग्यता वा भरोसायोग्यपना थियो । विशेष शिर्षकको निम्ति सत्यतामा दिइएको ६:५५ र १७:३ लाई हेर्नुहोस् ।

- "पिता" नयाँ करारमा उहाँको अचम्मको पुत्र येशूलाई सन्दर्भमा नमिलाइकन परमेश्वरलाई "पिता" भनेर बोलाउनु यो अति नै असान्दर्भिक हुन्छ।

## विशेष शिर्षकः पिता

पुरानो करारले परमेश्वरलाई पिताको रूपमा परिचित अलंकारको नजिकबाट परिचय दिँदछ ।

१. कतिचोटी इस्राएलको राष्ट्रलाई यहोवाको पुत्रको रूपमा वर्णन गरिएको छ -होशे ११:१; मलाकी ३:१७) ।

२. अझै व्यवस्थाको सुरुमा पनि परमेश्वरलाई पिताको रूपमा प्रयोग गरिएको छ (१:३१) ।

३. व्यवस्था ३२ मा इस्राएललाई उहाँको छोराछोरी" र परमप्रभुलाई "तिम्रा पिता" भनिएको छ ।
४. यो समानता भजनसंग्रह १०३:१३ मा बताइएको छ, र भजनसंग्रह ६५:५ मा विकास गरिएको छ (टुहुराका पिता) ।
५. यो अगमवक्ताहरूमा सामान्य थियो (यशैया १:२; ६३:८; इस्राएल पुत्रको रूपमा र परमेश्वर पिताको रूपमा, ६३:१६; ६४:८; यर्मिया ३:४,१९;३१:९) ।
येशूले आरमाइकमा बोल्नुभयो, जसको अर्थ यो हुन्छ, कि धेरै स्थानहरूमा "पिता" ग्रीकमा पाटर भनेर देखा पर्नुभयो, र आरमाइकमा अब्बा भनेर देखाउन सकिन्छ -मर्कूस १४:३६) । यो परिचित परिवेश "बुबा" वा "पापा" ले येशूको पितासँगको नजिकको सम्बन्धलाई देखाउँदछ । यो उहाँलाई पछ्याउनेहरूसँगको उहाँको प्रकटीकरणमा पितासँगको हाम्रो आफ्नै नजिपनाले उत्साह प्रदान गर्दछ । "पिता" भन्ने परिवेश पुरानो करारमा यहोवाको निम्ति मितव्यीतामा प्रयोग गरिएको थियो, तर येशूले यसलाई धेरैचोटी र व्यापकरूपमा प्रयोग गर्नुहुन्छ । यो येशू ख्रीष्टद्वारा परमेश्वरसँग हुने नयाँ सम्बन्धको विश्वासीहरूको मुख्य प्रकाश हो .मत्ती ६:९) ।

- "किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ" परमेश्वरले सक्रियरूपमा हराइरहेको मानव जातिलाई खोजीरहनुभएको छ (यशैया ५५, इजकिएल १८:२३,३२; लूका १९:१०; यूहन्ना १:१२; ३:१६) ।

४:२४ "परमेश्वर आत्मा हुनुहुन्छ" त्यहाँ यूहन्नाका लेखहरूमा धेरै छोटा उपवाक्यहरू छन्, जसले परमेश्वरको चरित्रलाई वर्णन गर्दछन्: १) परमेश्वर प्रेमी हुनुहुन्छ; २) परमेश्वर ज्योति हुनुहुन्छ; ३) परमेश्वर आत्मा हुनुहुन्छ । यसको आशय यस्तो हुन सक्छ: १) शारीरिक होइन; २) एउटा स्थानीय तहमा पनि सिमित छैन; ३) समयको क्रमसँग पनि सम्बन्धित छैन वा ४) स्वर्गीयको विरुद्धमा पृथ्वीको ।

४:२५ "मसीह आउनुहुन्छ" मसीह भन्ने परिवेश नयाँ करारमा केवल दुईचोटी मात्र आएको छ, र दुवै यूहन्नाका सुसमाचारमा मात्र छन् ( १:४१; ४:२५) ।

## विशेष शिर्षक: मसिह

यो मेरो दानिएल ९:६ को टिप्पणीबाट लिइएको छ । यो पदलाई व्याख्या गर्ने कठिनाइमा मसीह भन्ने परिवेशसँग सम्बन्धित अर्थ वा अभिशिक्त चाहिँलाई सम्बन्धित गराइएको हुन्छ । (बिडिवि ६०३) ।

१. यहूदी राजाहरूको प्रयोग गरिएको (जस्तैः १ शमूएल २:१०; २:३)
२. यहूदी पूजाहारीको प्रयोग गरिएको (जस्तैः लेवी ४:३,५)
३. साइरसको प्रयोग गरिएको -यशैया ४५:१)
४. #१ र #२ लाई भजनसंग्रह ११० र जकरिया ४ मा संयुक्त बनाइएको
५. परमेश्वरको विशेष आगमनलाई प्रयोग गरिएको, दाऊदीय राजाले धार्मिकताको नयाँ युगलाई ल्याउनु पर्ने
    क. यहूदाको हातबाट (उत्पत्ति ४९:१०)
    ख. यिशैको घरानाबाट
    ग. विश्वभरि शासन गर्ने (भजनसंग्रह २; यशैया ९:६; ११:१-५; मीका ५:१-५)

म व्यक्तिगत रूपमा "अभिशिक्त चाहिँ" को परिचयमा येशू नाजरीसँग आकर्षित भएको छु, किनकि:

१. दानिएल २ अध्यायमा दिइएको अनन्त राज्यको चौथो साम्राज्यको एउटा परिचय
२. दानिएल ७:१३ मा दिइएको "मानिसको पुत्र" लाई अनन्त राज्य दिँइदाको परिचय
३. दानिएल ९:२४ मा दिइएको छुट्कारासको उपवाक्य, जसले पतन भएको विश्व इतिहासलाई पराकाष्टा तर्फ देखाउने
४. नयाँ करारमा दानिएलको पुस्तकलाई येशूको प्रयोग (मत्ती २४:१४; मर्कूस १३:१४)

- "जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ" यसले यो कुरा देखाउँदछ, कि सामरीहरूले आउनेवाला मसीहको आशा गरिरहेका थिए । यसले यो कुरा पनि देखाउँछ, कि तिनीहरूले मसीहको आगमनमा परमेश्वरको पूर्णतालाई प्रकट गर्ने कुरालाई देखे ।

४:२६ "तिमीसँग बोल्ने म उही हुँ" यो यशैया ५२:६ को संकेत हुन सक्छ । यो उहाँको ईश्वरत्वको खुल्ला निश्चयपनमा सामान्य हुन्छ (यूहन्ना बाहेकका स समाचारभन्दा अति धेरै फरक) ! यो "म हुँ" भन्ने नाटक हो, जसले पुरानो करारको परमेश्वरको नाउँलाई देखाउँदछ, यहोवा -प्रस्थान ३:१२,१४) । येशूले यो पुरानो करारको नाउँलाई परमेश्वरको निम्ति यहोवाको आत्म-प्रकाशमा देखिने र येशूमा स्पष्ट हुने तरिकाले बताउनुभयो (यूहन्ना ८:२४,२८,५८; १३:१९; १८:५ को तुलना यशैया ४१:४; ४३:१०; ४६:४) । यो विशिष्टीकरण गरिएको "म हुँ" भन्नेको प्रयोगलाई यूहन्नाको "म हुँ" भन्ने भनाइको प्रचलित प्रयोगबाट फरक बनाइनुपर्छ, ६:३५, ५१; ८:१२; १०:७,९,११,१४; ११:२५; १४:६; १५:१,५, जुनहरू संज्ञाको योग्यतामा आएका छन् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ: ४:२७-३०)

त्यति नै बेला उहाँका चेलाहरू आए, र उहाँलाई एउटी स्त्रीसँग कुरा गरिरहनुभएको देखेर छक्क परे, तर "तपाईं के चाहनुहुन्छ ?" वा "तपाईं त्यस स्त्रीसँग किन बातचित गर्दैहुनुहुन्छ ?" भनेर कसैले सोधेनन् । तब ती स्त्री आफ्नो गाग्रो छोडर नगरतिर गई, र मानिसहरूलाई भनी, "आओ, एकजना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो ।" कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न ?" तब तिनीहरू नगरबाट निस्केर उहाँकहाँ गए ।

४:२७ "त्यति नै बेला उहाँका चेलाहरू आए, र उहाँलाई एउटी स्त्रीसँग कुरा गरिरहनुभएको देखेर छक्क परे" परम्परागत रूपमा यो कार्य रूढिवादी यहूदीद्वारा गरिएको थिएन ।

- “तपाईं के चाहनुहुन्छ ?” वा “तपाईं त्यस स्त्रीसँग किन बातचित गर्दैहुनुहुन्छ ?” यो यूहन्नाबाट आएको आँखाको साक्षीको टिप्पणी हो । उहाँले यो झट्का लाग्ने घटनालाई राम्ररी संझेको हुनुपर्छ ।

४:२८ “तब ती स्त्री आफ्नो गाग्रो छोडर नगरतिर गई” यो अति सुन्दर आँखाले देखेको साक्षी हो, र ऐतिहासिक रूपमा यसले यो कुराको टिपोट गरेर यो कुराको उत्तेजनालाई देखाउँदछ, कि यी स्त्री गाउँलेहरूलाई देखाउनको लागि भट्टै कुँदिन (पदहरू २९-३०) ।

४:२९ “कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न ?” यो व्याकरणीय संरचनाले “होइन” भन्ने उत्तरको आशा राख्दछ, तर यो परिवेशले यस्तो कुरा देखाउँदछ, कि उनले वास्तवमा उहाँ नै हुनुहुन्छ भन्ने कुरामा विश्वास गरिन् ! परिवेशले व्याकरणलाई जितेको छ !

**नासाब् (अत्याधुनिक बनाइएको) पाठः ४:३१-३८)**

यसै बीचमा चेलाहरूले उहाँलाई यसो भनेर बिन्ति गरे, “रब्बी भोजन गर्नुहोस्” तर उहाँले तिनीहरूलाई भन्नुभयो, “मसित खानलाई भोजन छ, जो तिमीहरूलाई थाहा छैन ।” यसकारण चेलाहरूले आपसमा भने, “के कसैले उहाँलाई भोजन ल्याइदियो, कि कसो ?” येशूले तिनीहरूलाई भन्नुभयो, मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो । के तिमीहरू भन्दैनौं, ‘अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ ?’ म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ । जसले बाली काट्छ, त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन् । किनकि ‘एक जनाले छर्छ, र अर्कोले कटनी गर्छ’ भन्ने वचन यसैमा सत्य हुन्छ । मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं । अरूहरूले परिश्रम गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौं ।”

४:३२ “यो स्वर्गको विरुद्धमा पृथ्वी, र आत्मिकको विरुद्धमा शारीरिक कुराको दोहोरो संकेत हो । येशू सुसमाचारीय प्रकाशित मिसनमा हुनुहुन्थ्यो । मानिसहरू प्राथमिकतामा थिए !

४:३४ “येशूले तिनीहरूलाई भन्नुभयो, मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो” पिताले उहाँलाई के गर्ने भनेर चाहना गरेको कुराको समझदारीमा येशूको भनाइलाई यूहन्ना १७ मा स्पष्ट पारिएको छ (मर्कूस १०:४५; लूका १९:१०; यूहन्ना ६:२९) ।

येशू माथिबाट पठाइएको हो भन्ने विपरितताको बीचमा, परमेश्वर पिताको आफ्नै उपस्थितिबाट उहाँको मिसन पितामा प्रकट गर्न र पिताको कार्य पूरा गर्नुपर्ने हुन्छ । यो समानान्तरको दोहोरोपनमा यूहन्नाले यस्तो विशेषतामा राखेका छन् (माथिको विरुद्धमा तल र आत्माको विरुद्धमा शरीर) ।

त्यहाँ येशूलाई पठाइएकोमा दुईवटा फरक परिवेशहरूको प्रयोग गरिएको छ ।

१. पेम्पेक् (४:३४; ५:२३,२४,३०,३७; ६:३८,३९,४०,४४; ७:१६,१८,२८,३३; ८:१६,१८,२६,२९; ९:४; १२:४४,४५,४९; १४:२४; १५:२१; १६:५)

२. एपोष्टोलिक् (३:१७,२४; ५:३६,३८; ६:२९,५७; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३,१८,२१,२३,२५; २०:२१)

यिनीहरू २०:२१ मा देखाइएजस्तै उस्तै छन् । यसले यो कुरा पनि देखाउँदछ, कि विश्वासीहरूलाई यो हराएको संसारमा पिताको प्रतिनिधिको रूपमा उद्धार गर्ने उद्देश्यका निम्ति पठाइएको छ (२ कोरिन्थी ५:१३-२१) ।

## विशेष शिर्षकः परमेश्वरको चाहना (थेल्मा)

### यूहन्नाको सुसमाचार

येशू पिताको चाहना पूरा गर्न आउनुभयो (४:३४; ५:३०; ६:३८)
अन्तिम दिनमा उठाउनको लागि, सबैजना जसको निम्ति पिताले पुत्रलाई दिनुभयो (६:३९)
ताकि सबैले पुत्रमा विश्वास गर्न सकून (६:२९,४०)
परमेश्वरको चाहनाको गराइसँग सम्बन्धित प्रार्थनाको उत्तर दिनु -९:३१ र १ यूहन्ना ५:१४)

### यूहन्ना बाहेकका सुसमाचारहरू

परमेश्वरको चाहना पूरा गर्नु अति नै कठिनाइ हुन्छ (मत्ती ७:२१)
परमेश्वरको चाहना पूरा गर्नाले कसैलाई येशूको भाइ र बहिनी बनाउँदछ (मत्ती १२:५०; मर्कूस ३:३५)
कोही पनि नाश होस् भन्ने परमेश्वरको चाहना हुँदैन -मत्ती १८:१४; १ तिमोथी २:४; २ पत्रुस ३:९)
कलवरी येशूको निम्ति पिताको चाहना थियो -मत्ती २६:४२; लूका २२:४२)

### पावलका पत्रहरू

सबै विश्वासीहरूको सेवा र परिपक्वता (रोमी १२:१२)
विश्वासीहरूलाई यो दुष्ट युगबाट छुटकारा दिइने (गलाती १:४)
परमेश्वरको चाहना उहाँको मुक्तिको योजना थियो (एफिसी १:५,९,११)
विश्वासीहरूले आत्माले भरिएको जीवन जिए र अनुभव गरे (एफिसी ५:१७-१८)
विश्वासीहरू परमेश्वरको ज्ञानले भरिएका थिए (कलस्सी १:९)
विश्वासीहरू सिद्ध र पूर्ण बनाइए (कलस्सी ४:१२)
विश्वासीहरू शुद्ध बनाइए (१ थेसलोनिकी ४:३)
विश्वासीहरूले सबै थोकमा धन्यवाद दिए (१ थेसलोनिकी ५:१८)

पत्रुसका पत्रहरू

विश्वासीहरूको उचित खालको गराइ (जस्तैः सरकारी अधिकारीहरूलाई समर्पित गर्नु) र मूर्ख मानिसहरूलाई चुपचाप लगाउनु, सुसमाचारको निम्ति मौका प्रदान गर्नु (१ पत्रुस २:१५)

विश्वासीहरूको दुःख-कष्ट (१ पत्रुस ३:१७; ४:१९)

विश्वासीहरूले आत्म-केन्द्रित जीवन नजिउनु (१ पत्रुस ४:२)

यूहन्नाका पत्रहरू

विश्वासीहरू सधैंको निम्ति रहनु (१ यूहन्ना २:१७)

विश्वासीहरूमा प्रार्थना गरेर पाएको उत्तर मुख्य हुनु (१ यूहन्ना ५:१४)

४:३५ "अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ ?" यो आलंकारिक वाक्यांश हो, जसले अब हुने आत्मिक प्रतिक्रियाको निम्ति मौकालाई देखाउँदछ। मानिसहरू येशूको जीवनको समयमा उहाँमा विश्वास गरेर बचाइएका थिए, र पुनरुत्थान भएपछि चाहिँ होइन ।

४:३६-३८ "एकजनाले छर्छ र अर्कोले कटनी गर्छ" र यी पदहरूले अगमवक्ताका सेवकाइहरूलाई बताइरहेका छन्, सम्भवत् बप्तिस्मा दिने यूहन्नाको कुरा हुनुपर्छ। यो १ कोरिन्थी ३:६-८ मा पावलको सेवकाइ र अपोलोसको सेवकाइको बीचको सम्बन्ध हुनुपर्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ४:३९-४२)

"मैले जे गरें उहाँले मलाई सबै भनिदिनुभयो" भन्ने त्यस स्त्रीको गवाहीले गर्दा त्यस नगरका सामरीहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे । यसकारण जब सामरीहरू उहाँकहाँ आए, तब तिनीहरूले उहाँलाई तिनीहरूसँग बस्न बिन्ति गरे, र उहाँ दुई दिन त्यहाँ बस्नुभयो, अनि उहाँका वचनको कारण अरू धेरैले उहाँमाथि विश्वास गरे। त्यस स्त्रीलाई तिनीहरूले भने, "अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं ।"

४३९ "त्यस नगरका सामरीहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे" यूहन्नाले अन्य थुप्रै परिवेशहरूलाई मिलाएर "विश्वास गर्नु" भन्ने क्रियाको प्रयोग गर्दछन्: विश्वासमा (इन), त्यसमा विश्वास (होटी), र धेरैचोटी, "विश्वास भित्र" (इस्) वा त्यसमा भरोसा राख्नु (२:११,२३; ३:१६,१८,३६; ६:२९,३५,४०; ७:५,३१,३८,४८; ८:३०; ९:३५,३६; १०:४२; ११:२५,२६,४५,४८; १२:११,३७,४२,४४,४६; १४:१,१२; १६:९; १७:२०) । सुरुमा सामरीहरूले त्यस स्त्रीले दिएको गवाहीको कारणले गर्दा विश्वास गरे -पद ३९), तर तिनीहरूले येशूलाई सुनिसकेपछि तिनीहरूले व्यक्तिगत रूपमा उहाँको गवाहीलाई प्राप्त गरे (पदहरू ४१-४२) । येशू इस्राएलका हराएका भेंडाको लागि आउनुभयो, तर उहाँको सुसमाचार सबै मानवजातिको लागि थियोः जस्तै, सामरीहरू, सिरियाका फोनिसी स्त्रीहरू, र रोमी सिपाहीहरू (रोमी १०:१२; १ कोरिन्थी १२:१३; गलाती ३:२८-२९; कलस्सी ३:११) । विशेष शिर्षकको निम्ति २:१३ हेर्नुहोस् ।

- "त्यस स्त्रीको गवाहीले गर्दा" यदि परमेश्वरले यी दुष्ट र अनैतिक स्त्रीको साक्षीलाई प्रयोग गर्नुभयो भने, उहाँले पनि मेरो र तपाईंकोलाई प्रयोग गर्न सक्नुहुन्छ ! यो पदले व्यक्तिगत गवाहीको महत्वलाई देखाउँछ। प्रेरित १:८ को येशूको गवाहीलाई विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् ।

४:४०

नसाब, एनआएसभि "सोध्नु"

एनकेजेभि "बिन्ति गर्नु""

ाटइभि, एन.जेबि "माग्नु"

यो बलियो ग्रीक परिवेश हो र यसलाई "बिन्ति गर्नु" वा माग्नु" भनेर अनुवाद गरिनु पर्छ। यो परिवेशको भावना पद ४७ को प्रयोगमा देखिनुपर्छ ( लूका ४:३८) ।

४:४२ "उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ" यो उही विश्वव्यापी शिर्षक १ यूहन्ना ४:१४ मा पनि प्रयोग गरिएको छ। यसलाई सबै माना जातिको निम्ति परमेश्वरको प्रेम विश्वव्यापी भावनाको रूपमा पनि प्रयोग गरिएको छ (१ तिमोथी २:६; हिब्रू २:९; १ यूहन्ना २:२) । उत्पत्ति ३:१५ मा दिइएको प्रतिज्ञा पूरा भएको छ ! कतिचोटी पहिलो शताब्दीमा यो वाक्यांशलाई कैसरलाई प्रयोग गरिएको थियो । रोमीको सतावट सुरु भयो, किनकि खीष्टियनहरूले यसलाई निशिचितरूपमा येशूको निम्ति प्रयोग गरियो । यो शिर्षकले यस्तो कुरा देखाउँछ, कि कसरी नयाँ करारका लेखकहरूले पुत्रको शिर्षकमा परमेश्वर पिताको गुणलाई देखाउँछ: तीतस १:३-४; २:१०; २:१३; ३:४; ३:६ ।

यहूदीहरूले येशूलाई इन्कार गरेका थिए (१:११), तर सामरीहरूले उहाँलाई सजिलै र झट्टै प्राप्त गरे (१:१२) !

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ४:४३-४५

दुई दिनपछि त्यहाँबाट निस्केर उहाँ गालीलमा जानुभयो। (येशू आफैले गवाही दिनुभयो, कि आफ्नो निज देशमा कुनै अगमवक्ताको आदर हुँदैन) । जब उहाँ गालीलमा आउनुभयो, तब यहाँले यरुशलेममा चाडको बेलामा जे गर्नुभएको थियो, ती सब काम देखेका हुनाले गालीलीहरूले उहाँलाई स्वागत गरे, किनकि तिनीहरू पनि चाडमा गएका थिए। .

४:४३ यो पदले यस्तो कुरा देखाउँदछ, कि येशू धेरै स्वतन्त्र प्रकारले हिँड्नुभयो, र धेरैचोटी यहूदीया र गालीलको बीचमा, तब जो कोहीले यूहन्ना बाहेकका स ुसमाचारबाट मानिलिन सक्छन् ।

४:४४ यो धेरै असामान्य पद हो, किनकि यो आउनेवाला परिवेशमा मिल्दैन । यसले गालीलको सेवकाइलाई बताउन सक्छ, जुनचाहिँ सुरु हुन लागेको थियो (४:३) । यो उपदेश मत्ती १३:५७; मर्कूस ६:४; लूका ४:२४ मा पनि पाइन्छ । यूहन्ना बाहेकका सुसमाचारमा यसले गालीललाई बताउँदछ, तर यहाँ यसले यहूदीयालाई बताउँछ ।

गालीलीहरूले पनि येशूलाई ‘‘प्राप्त गरे’’ भनेर भनिएको छ, तर तिनीहरूमध्ये धेरैले त्यो प्राप्त गरेको चिजलाई पछ्याएनन्, र पछि उहाँलाई त्यागे । ‘‘विश्वास’’ र ‘‘प्राप्त गर्नु‘‘ भन्नेमा सुरुको प्राप्ती भन्दा धेरै कुराको संलग्नता हुन्छ (मत्ती १३:१८-२३; मर्कूस ४:१२-२०; लूका ८:११-१५; र  मा दिइएको बीउ छर्नेको दृष्टान्त) । विशेष शिर्षकको निम्ति ८:३१ मा दिइएको धैर्य रहनलाई खाँचो भन्ने कुरालाई हेर्नुहोस् ।

४:४५ ‘‘गालीलीहरूले उहाँलाई स्वागत गरे’’ तिनीहरूले अगाडि नै येशूको शिक्षा र आश्चर्य कर्मलाई अगाडिको निस्तार चाडको यात्राको समयमा यरुशलेममा प्राप्त गरेका थिए । यसले यो कुरालाई लागु गर्दछ, कि तिनीहरू येशूलाई कमसेकम केही हदसम्म -पद ४८) परमेश्वरको मसीहको रूपमा ( १:१२) भरोसा गरे ।

- “किनकि तिनीहरू पनि चाडमा गएका थिए’’ नेट भन्ने बाइबलले लेखकको बारेमा अर्को बन्धनी लगाइएको टिप्पणीलाई देखाएका छन्, जसै तिनीहरू सबैले पद ४४ मा पनि गर्छन् )एनआएसभि, एनआइभि) ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः ४:४६-५४**

“ त्यसपछि उहाँ फेरी गालीलको काना नगरमा आउनुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य बनाउनुभएको थियो । कफर्नहुममा एकजना उच्च अधिकारी थिए, जसको छोरो बिरामी थियो । येशू यहूदीयाबाट गालीलमा आउनुभएको छ भन्ने स ुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई बिन्ति गरे, किनकि तिनको छोरो मर्नै आटेको थियो । येशूले तिनलाई भन्नुभयो, ‘तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ ।’ ती उच्च अधिकारीले उहाँलाई भने, ‘हजूर मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस् ।’ येशूले तिनलाई भन्नुभयो, ‘जाऊ, तिम्रो छोरो बाच्नेछ ।’ येशूले तिनलाई भन्नुभएको वचन ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे । अनि तिनी जाँदैगर्दा, बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरो बाच्यौं भनी तिनलाई बताए । कुन घडीदेखि त्यसलाई सञ्चो हुन लाग्यो भनी तिनले तिनीहरूलाई सोध्दा तिनीहरूले भने, ‘हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो।’ येशूले तिनलाई ‘तिम्रो छोरो बाँच्नेछ’ भन्नुभएको घडी देखिनै हो रहेछ भनी बाबुले थाहा पाए । अनि तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे । यहूदीयाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो ।’’

४:४६
नसाब, एनआरएसभि, एनजेबि ‘‘एउटा राजकीय अधिकृत’’
एनकेजेभि, ‘‘एउटा निश्चित उच्च अधिकारी’’
टइभि, एउटा सरकारी अधिकृत
यी हेरोदको परिवारको सेवामा सरकारी अधिकृत थिए ।

‘‘तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ’’ यो तेस्रो स्तरको शर्तात्मक वाक्य हो, जसमा बलियो दोहोरो नकारात्मक कुरा हुन्छ । येशूले यो मानिसलाई बहुबचनमा बताउनुभएको छ । यहूदीहरूले चिन्हहरूलाई खोजिरहेका थिए (२:१८; ६:२,३०; मत्ती १२:३८; १६:१) । तर यी हेरोदका चाकरले चिन्ह दिनुभन्दा अगाडि नै विश्वास गरे ।

४:४९ ‘‘बालक’’ यूहन्नाले यी तीनवटा पदहरूमा तीनवटा फरक परिवेशहरूको प्रयोग गर्दछन्:

१. पद ४९ - पाइडिओन -नासाब, ‘‘बालक’’)
२. पद ५० - हिसस् (नासाब, ‘‘छोरा’’)
३. पद ५१ - पाइस (नासाब, ‘‘छोरा’’)

यी परिवेशहरू समान रूपमा प्रयोग गरिएका देखिन्थे ।

४:५० यो पदले यूहन्नाको सुसमाचारको आवश्यक कुराहरू, येशूमा विश्वास गर्नु, उहाँको वचनमा विश्वास गर्नु, उहाँको कार्यहरूमा विश्वास गर्नु र उहाँको व्यक्तित्वमा विश्वास गर्नुलाई समाउँछ । यस मानिसको विश्वासमा उहाँको विश्वासबिनाका प्रतिज्ञाहरू हुन्छन् ।
४:५३ ‘‘अनि तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे’’ विविध घटनाहरू मध्ये यो पहिलो घटना हो, जहाँ एक व्यक्तिको विश्वासले पूरै परिवारलाई असर पार्‍यो ।

१. कर्णेलियस (प्रेरित १०:४४-४८)
२. लिडिया -प्रेरित १६:१५))
३. फिलिप्पीका कैदी -प्रेरित १६:३१-३४)
४. क्रिसपस (प्रेरित १८:८)
५. स्टिफनस (१ कोरिन्थी १:१६)

त्यहाँ यी घरानाको कुराकानीका बारेमा धेरै छलफल भएको हुनुपर्छ, तर यसमा यो कुरा पनि बताइनुपर्छ, कि हरेक व्यक्तिले तिनीहरू आफैको निम्ति व्यक्तिगत रूपमा येशूलाई प्राप्त गर्ने कुराको खाँचो पर्दछ । मध्य-पूर्वको संस्कृति आधुनिक भन्दा बढी जातिय र परिवार केन्द्रित हुन्छ । यो पनि साँचो छ, कि अरूमा भएको महत्वपूर्ण कुराले हाम्रो जीवनमा आउने हाम्रा छनोटहरूलाई असर पार्दछ ।
४:५४ पहिलो सार्वजनिक चिन्ह काना नगरमा भएको विवाह उत्सव थियो (२:१११)

## छलफलका प्रश्नहरू

यो टिप्पणी अध्ययनको निर्देशिका हो, जसको अर्थ तपाईं आफै बाइबललाई आफ्नै तरिकाले व्याख्या गर्नलाई जिम्मेवारी हुनुहुन्छ भन्ने हुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा यसको व्याख्याको प्राथमिकतामा हुनुहुन्छ। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो खण्डका मुख्य विषयहरूद्वारा सोच्नलाई मद्दत पुऱ्याउँदछन्। यिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चित खालका हुँदैनन्।

१. किन येशूले यहूदीयको क्षेत्रलाई छोड्नुभयो ?
२. के यूहन्नाले रोमीहरूको समय वा यहूदीहरूको समयलाई प्रयोग गर्छन् ?
३. किन येशूले सामरी स्त्रीसँग कुराकानी गर्नलाई त्यति महत्वपूर्ण हुन्छ ?
४. कसरी पद २० ले आजका सम्प्रदायका बीचको सम्बन्धमा असर पार्दछन् ?
५. येशूले पद २६ मा बताउनुभएको झस्किने खाले भनाइलाई व्याख्या गर्नुहोस्।
६. के गालीलीहरूले साँचो विश्वासलाई अभ्यास गरे ?

# यूहन्ना ५ अध्याय

## आधुनिक अनुवादकहरूले गरेका अनुच्छेदका विभाजनहरू

| UBS$_4$ | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| जल-कुण्डमा निको पारिएको | बेथस्दाको जल-कुण्डमा एकजना मानिसलाई निको पारिएको | लङ्गडो मानिसलाई विश्राम दिनमा निको पारिएको | जल-कुण्डमा निको पारिएका | बेथस्दाको जल-कुण्डमा बिरामी मानिसलाई उपचार गरिएको |
| ५:१-९क | ५:१-१५ | ५:१ | ५:१-६ | ५:१-९क |
| | | ५:२-९क | | |
| | | | ५:७ | |
| | | | ५:८-९क | |
| ५:९ख-१८ | | ५:९ख-१८ | ५:९ख-१० | ५:९ख-१८ |
| | | | ५:११ | |
| | | | ५:१२ | |
| | | | ५:१४ | |
| | | | ५:१६ | |
| | | | ५:१५-१७ | |
| | पिता र पुत्रलाई सम्मान गर्नु | | ५:१८ | |
| पुत्रको अधिकार | ५:१६-२३ | येशूको परमेश्वरसँगको सम्बन्ध | पुत्रको अधिकार | |
| ५:१९-२९ | | ५:१९-२४ | ५:१९-२३ | ५:१९-४७ |
| | पुत्रद्वारा जीवन र न्याय पाइने | | | |
| | ५:२४-३० | | ५:२४-२९ | |
| | | ५:२५-२९ | | |
| | | येशूको परमेश्वरसँगको प्रमाण | येशूको गवाही | |
| ५:३० | | ५:३० | ५:३० | |
| येशूको गवाही | चौतर्फी गवाही | | | |
| ५:३० | ५:३१-४७ | ५:३१-३८ | ५:३१-४० | |
| | | येशूले उहाँको आज्ञालाई इन्कार गर्नेहरूलाई हप्काउनुहुन्छ | | |
| | | ५:३९-४७ | | |
| ५:३१-४७ | | | ५:३१-४७ | |

### अध्ययन चक्र तीन (पाना पाँचलाई हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो टिप्पणी अध्ययनको निर्देशिका हो, जसको अर्थ तपाईं आफै बाइबललाई आफ्नै तरिकाले व्याख्या गर्नलाई जिम्मेवारी हुनुहुन्छ भन्ने हुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा यसको व्याख्याको प्राथमिकतामा हुनुहुन्छ। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।.

पाठलाई एकै बसाइमा पढ्नुहोस्। विषयहरूलाई पहिचान गर्नुहोस्। आधुनिक पाँचवटा अनुवादसँग तपाईंको विषयलाई विभाजन गर्नुहोस्। अनुच्छेदको विभाजन गर्नलाई उत्प्रेरित गरिदैन, तर यो सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको हृदय हो। प्रत्येक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

**शब्द र वाक्यांशको अध्ययन**

**नासाब अत्याधुनिक बनाइएको) पाठ ५: १-९क**

"त्यसपछि यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। यरूशलेममा भेंडा-ढोकाको नजिक पाँचओटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। त्यहाँ अनेक रोगीहरू अर्थात्- अन्धा, लङ्गडा, पक्षाघातीहरू पस्रिरहन्थे। (तिनीहरू पानी कति बेला छचल्किन्छ भनेर पर्खिरहन्थे। किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी हल्लाइदिन्थे, र पानी छचल्किएपछि जो पहिला पानीभित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भएपनि त्यो निको भइहाल्थ्यो।) त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको मानिस थियो। येशूले त्यस लाई त्यहाँ पस्रिरहेको देख्नुभयो, अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, 'के तिमी निको हुन चाहन्छौ? रोगीले उहाँलाई भन्यो, 'हजूर जुन बेला पानी छचल्काइन्छ, मलाई जल-कुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै म भन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।' येशूले त्यसलाई भन्नुभयो, 'खडा होऊ र आफ्नो ओछ्यान उठाऊ, र हिँड।' तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्याउन बोकी ऊ हिँडिहाल्यो।"

५:१ "यहूदीहरूको चाड" केही प्राचीन ग्रीक हस्तलेखनहरूको ! र ग मा चाड भनियो, तर धेरैजसो हस्तलेखनहरूमा चाडको बारेमा बताइएको छ -पाना ६६, पाना ७५, क, ख, र घ)। त्यहाँ बार्षिक तीनवटा चाडका दिनहरू थिए, जसमा यहूदी पुरुषहरूले संभव भएजति त्यसमा भाग लिनुपर्ने अनिवार्य थियो ( लेवी २३ अध्याय): १) निस्तार चाड; २) पेन्तीकोश; र ३) छाप्रो बासको चाड। यदि यसले निस्तार चाडलाई बताउने हो भने, तब येशूको सेवकाइ तीन वर्षको सट्टामा चार वर्ष हुन्थ्यो (२:१३,२३; ६:४; १२:१)। यो परम्पराले यस्तो देखाउँछ, कि बप्तिस्मा दिने यूहन्नापछि येशूको तीन वर्षको सार्वजनिक सेवकाइ थियो। यसलाई यूहन्नाको सुसमाचारमा बताइएको निस्तार चाडको संख्याबाट मात्रै निश्चित गर्न सकिन्छ।

- "येशू यरूशलेममा जानुभयो" यूहन्नामा येशू यरूशलेमको चाडमा गएको भन्ने कुरालाई धेरै पटक बताइएको छ (२:१३; ५:१; ७:१०; १२:१२)।

यरूशलेम सातवटा पहाडहरूले बनाइएको थियो, र वरिपरिको जमिनभन्दा पनि धेरै उच्च थियो। त्यसकारण "माथि गयो" भन्ने वाक्यांश शारीरिक रूपमा साँचो बन्न सक्थ्यो। तरैपनि, यो उत्कर्षको अलंकारको भनाइमा देखिएको हुनुपर्छ। यरूशलेम, मन्दिर भएको कारणले गर्दा, पृथ्वीकै उच्च स्थान र केन्द्रमा अवस्थित थियो।

५:२ "भेंडा-ढोकाको नजिक" यो "ढोकाको वथान" यरूशलेम पर्खालको उत्तरपूर्वी भागमा थियो। यो नहेम्याहको सहरका पर्खालहरूको पुनर्निर्माण र पुनसमर्पणको बारेमा बताइएको थियो -नहेम्याह ३:१,३२; १२:३९)।

- 

नसाब, एककेजेभि "एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ"
एनआरएसभि "हिब्रूमा बेथ-जाथा भनिन्छ"
ाटइभि "हिब्रूमा यसलाई बेथजाथा भनिन्छ"
एनजेबि "हिब्रूमा बेथेस्दा भनिन्छ"

त्यहाँ यो नाउँको बारेमा विविध वैकल्पिक हिज्जेहरू आएका छन्। योसेफले पनि यसलाई हिब्रू नाउँलाई "बेथजाथा" भनेर बोलाउँछन्, जुन नाउँचाहि यो खण्डको यरूशलेमको निम्ति हुन्छ। यसलाई ग्रीक हस्तलेखनमा पनि "बेथसैदा" भनिन्छ। कुमरानको तामाको लिपिहरूमा यसलाई "बेथेस्दा" भनिन्छ, जसको अर्थ "कृपाको घर" वा "दोहोरो तन्किने घर" भनिन्छ। आज यसलाई सन्त आनेको जल-कुण्ड भनेर जानिन्छ।

येशूको समयमा प्यालेष्टाइनका यहूदीहरूले हिब्रू नभएर आरमाइक भाषा बोले। यूहन्नामा "हिब्रू" को अर्थ आरमाइक भनेर जब यसो भनिन्छ (५:२; १९:१३,१७,२०; २०:१६; प्रकाश ९:११; १६:१६)। येशूका सबै भनाइहरू, जस्तै:

१. तालिथा कुम, मर्कूस ५:४१
२. इपापाथा, मर्कूस ७:३४
३. इलोइ, इलोइ, लामा सबाकथनी, मर्कूस १५:३४ भन्नेहरू आरमाइकमा नै छन्।

५:४, यो पद (३ख-४) ले पछिको यहूदी कानुनको गुरुले गरेको टिप्णीलाई देखाउँछ, जसले निम्नि कुराको व्याख्या गर्ने कोसिस गर्दछ:

१. सबै बिरामी मानिसहरूको जल-कुण्डमा भएको उपस्थिति
२. किन त्यो मानिस त्यहाँ लामो समयदेखि थियो
३. किन उसले कसैले पानीमा हालिदिएको चाहना राख्यो, पद ७

यो स्पष्टरूपमा आएको यहूदी लोक कथा हो। यो यूहन्नाको सुरुको सुसमाचारको कुनै भाग थिएन। यो पदको प्रमाणको रूपमा समावेश नगरिएको यस्तो हुन्छ:

१. यो पाना ६६, पाना ७५, !, ख, ग*, र घ मा छैन।

२. यसलाई पछिका लिखित ग्रीक हस्तलेखनहरूमा २० पटकभन्दा बढी चिन्हहरूले देखाइएका छन्, र यो पाठ वास्तविक होइन भनेर पनि विचार गरिएको थियो ।

३. त्यहाँ यो छोटो पदमा यूहन्नामा नपाइएका परिवेशहरूलाई पनि प्रयोग गरिएका छन् ।

यसलाई पहिलेको ग्रीकको हस्तलेखनमा पनि धेरैचोटी समावेश गरिएको छ, क, ग३, ञ र ट । यसलाई (करिब १८० ई.सं.) डायटसरानमा पनि समावेश गरिएको छ, र यो टर्टुलियन (२०० ई.सं.), एम्ब्रोस, क्रिसोस्टोम, र सिरिलको लेखहरूमा पनि छ । यसले यसको प्राचीनकाललाई पनि देखाउँछ, तर यसको सुरुको उत्प्रेरित सुसमाचारलाई समावेश गरिएको छैन । यसलाई केजेभि, नासाब (ब्राकेटसहित सन् १९९५ मा परिस्कृत गरिएको), तर नासाब (१९७०), एनआरएसभि, एनजेबि, आइबि, नेट बाइबल र एनआइभि मा हटाइएको छ ।

हस्तलेखनको विविधताको असल छलफलको निम्ति सुसमाचारका पाठगत आलोचकहरूलाई गोर्डन फि ले लेखेको व्याख्यामा के कुराको अन्त हुन्छ ? भन्न् पुस्तकको पानाहरू १७-२८ मा हेर्नुहोस् ।

५:५-६ मा किन येशूले हामीसँग परिचित नभएका यी निश्चित मानिसहरूलाई छान्नुभयो ? सायद उहाँ तिनीहरूसँग लामो समयसम्म भएको कारणले हुनु पर्छ । त्यहाँ मानिसको पक्षबाट थोरै विश्वासको खाँचो हुन्छ । अन्ततः येशूले यहूदी अगुवाहरूसँग नजिकको निश्चयता गर्ने कोसिस गर्नुभयो । यसले उहाँ लाई उहाँको मसिहिय दावीलाई बताउने मौका दियो । यशैया ३५:६ को भविष्यसम्बन्धीको खण्डले यो मसिहिय चंगाइलाई सम्बन्ध राखेको हुनुपर्छ ।

येशूका धेरै आश्चर्यकर्महरू सामान्यतया व्यक्तिको निम्ति गरिएका थिएनन्, तर ती हेर्नेहरूको निम्ति गरिएका थिए ।

१. चेलाहरू
२. यहूदी अधिकारीहरू
३. एउटा भीड

सुसमाचारहरूले येशू को हुनुहुन्थ्यो भनेर स्पष्टरूपमा प्रकट गर्न केही निश्चित आश्चर्यकर्महरूलाई छानेका छन् । यी घटनाहरू उहाँको दैनिक क्रियाकलाप हरूका प्रतिनिधिहरू थिए । तिनीहरू निम्न कुराहरू देखाउन छानिएका छन्:

१. उहाँको व्यक्तित्व
२. उहाँको दया
३. उहाँको शक्ति
४. उहाँको अधिकार
५. उहाँको पितासँगको स्पष्ट प्रकाश
६. उहाँको मसिहिय युगको स्पष्ट प्रकाश

५:८ "खडा होऊ र आफ्नो ओछ्यान उठाऊ, र हिँड" यो अति नै गंभिर खालको आज्ञा हो ।

१. वर्तमान् सक्रिय आज्ञात्मक
२. यओरिष्ट सक्रिय आज्ञात्मकलाई पछ्याइएको
३. तब अर्को वर्तमान् सक्रिय आज्ञात्मक

गुन्द्रीमा कपडाको नरम वस्तु थियो, जसलाई गरिबहरूले सुत्नको निम्ति प्रयोग गर्थे । यी बिरामी, लङ्गडा र पक्षघाती मानिसहरूको निम्ति यसले दिउँसो को बेला बस्ने चट्टाइको रूपमा सेवा दियो -मर्कूस २,९,४,११,१२; ६:५५; प्रेरित ९:३३) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ५:९ख-१८

त्यो दिन सवाथ-दिन थियो । यसकारण निको पारिएको त्यस मानिसलाई यहूदीहरूले भने, "यो त सवाथ-दिन हो, तिमीलाई ओछ्यान बोक्न उचित छैन ।" त्यसले तिनीहरूलाई जवाफ दियो, "जसले मलाई निको पार्नुभयो, उहाँले नै भन्नुभयो, 'आफ्नो ओछ्यान बोकेर हिँड' ।" तिनीहरूले त्यसलाई सोधे, "तिमीलाई ओछ्यान बोकेर हिँड भन्ने मानिस को हो ?" तर निको भएको त्यस मानिसले उहाँ को हुनुहुन्थ्यो भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो । त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर तिमी निको भएका छौ । फेरी पाप नगर, र तिमीमाथि अझ बढी खराबी आई नपरोस् ।" उसलाई निको पार्ने त येशू हुनुहुँदोरहेछ भनेर त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो । त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो । तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु ।" यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढी प्रयत्न गर्न लागे, किनकि उहाँले शबाथ-दिन भंग गर्ने काममात्र होइन, तर आफैलाई परमेश्वरको बराबरी तुल्याएर उहाँले परमेश्वरलाई आफ्नै पिता भन्नभएको थियो ।

५:९ख "त्यो दिन सवाथ-दिन थियो" यहूदी अगुवाहरूले त्यस मानिसले चंगाइ पाएकोमा आनन्द मनाएनन्, तर तिनीहरूले येशूलाई शबाथसँग सम्बन्धित मौखिक परम्परा (पछिबाट तालमुढमा संकेत गरिएको) तोडेकोमा दोष लगाए (पदहरू १६,१८; मत्ती ७:१-२३) ।

येशूले शबाथ-दिनमा गर्नुभएको चंगाइलाई दुई तरिकाले वर्णन गर्न सकिन्छः

१. उहाँले हरेक दिन चंगाइ गर्नुभयो, तर सबाथ-दिनमा गरेको चंगाइले बिरोधाभाषको सृजना गऱ्यो ।

२. उहाँले यस विषयलाई बिरोधाभाष निम्त्याउन छान्नुभयो, जसै धार्मिक अगुवाहरू ईश्वरशास्त्रीय बादविवादमा संलग्न रहने यो एउटा मौका थियो ।

येशूले प्रायशः शबाथ-दिनमा चंगाइ गर्नुभयो (मत्ती १२:९-१४; मर्कूस १:२९-३१; ३:१-६; लूका ६:६-११; १४:१-६; यूहन्ना ५:९-१८; ९:१४) । येशूले शबाथ-दिनमा भूतहरूलाई निकाल्नुभयो -मर्कूस १:२१-२८; लूका १३:१०-१७) । येशूले चेलाहरूलाई शबाथ-दिनमा खाएकोमा सुरक्षा प्रदान गर्नुभयो -मत्ती १२:१-८; मर्कूस २:२३-३८) । येशूले शबाथ-दिनमा सभाघरहरूमा बिरोधाभाषको विषयको सुरुवात गर्नुभयो (लूका ४:१६-३०; यूहन्ना ७:१४-२४) ।

५:१३ "येशू त्यहाँबाट गइसक्नुभएको थियो" शाब्दिकरूपमा यसको अर्थ "शीरलाई एकतर्फ निहुऱ्याउनु" भन्ने हुन्छ । येशू त्यो समयको सामान्य यहूदीजस्तै देखिनुहुन्थ्यो । उहाँ भीड भएकोले अगाडि नै हिँडिसक्नुभएको थियो ।

५:१४

नासाब, एनआरएसभि, एनजेबि "कुनै पनि पाप नगर"

एनकेजेभि "कुनै पाप नगर"

टिइभि "पाप गर्न बन्द गर"

यो वर्तमान् सक्रिय आज्ञार्थक हो, जसमा नकारात्मक कृदन्त हुन्छ, जसले अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्दछ, तर यो परिवेशमा यो नमिल्ने खालको देखिन्छ (नेट बाइबल, पाना १९०७ #८)। पहिलो शताब्दीका ईश्वरशास्त्रीहरूले बिरामीपनलाई पापसँग सम्बन्धित भएको कुरा देखे (याकूक ५:१४-१५)। यसले सबै खालका बिरामीपनलाई वर्णन गर्दैन, जसै येशूले अन्धा जन्मेको मानिसको सामना (यूहन्ना ९ अध्याय) र लूका १३:१-४ का वचनहरूले देखाएका कुरामा देख्न सकिन्छ।

येशूले अझै यस मानिसको आत्मिक जीवनसँग सामना गर्दै हुनुहुन्थ्यो। हाम्रा क्रियाकलापहरूले हाम्रो हृदय र विश्वासलाई देखाइरहेको हुन्छ। बाइबलीय विश्वास दुवै विषयगत र वस्तुगत हुन्छ, र यसमा विश्वास र कार्य दुवै हुन्छ।

आजका मण्डलीहरूमा शारीरिक चंगाइका लागि बढी जोड दिइरहेको हुन्छ। परमेश्वरले निश्चितरूपमा अझै चंगाइ गर्नुहुनछ। तर अलौकिक चंगाइले गर्दा जीवनशैली र प्राथमिकताहरूमा आत्मिक परिवर्तन ल्याउनुपर्ने हुन्छ। एउटा असल प्रश्न "किन तपाईं निको हुन चाहनुहुन्छ ?" भन्ने हुन सक्छ।

**विशेष शिर्षक: के चंगाइमा सबै उमेरका निम्ति परमेश्वरको योजना हुन्छ ?**

१. चंगाइ येशू र उहाँका चेलाहरूको सेवकाइमा धेरै महत्वपूर्ण पक्ष थियो।
२. सामान्यतया यसले परमेश्वर र उहाँको राज्यको बारेमा तिनीहरूको पूर्ण नयाँ सन्देशलाई निश्चित गर्ने चाहना राखेको थियो।
३. यसले चोट लागेका मानिसहरूलाई परमेश्वरको हृदय देखाउने कार्य गर्छ।
४. परमेश्वर परिवर्तन हुनुभएको छैन (मलाकी ३:६), र उहाँले अझै प्रेममा चंगाइ गर्ने कार्य गर्नुहुन्छ।
५. त्यहाँ यस्ता पनि उदाहरणहरू छन्, जहाँ चंगाइ हुने कार्य गरिँदैन।
   क. पावल, २ कोरिन्थी १२:७-१०
   ख. ट्रोफिमस, २ तिमोथी ४:२०
६. पाप र बिरामीपन गुरुहरू र याकूबसँग सम्बन्धित थिए (यूहन्ना ९:२; याकूब ५:१३-१८)।
७. नयाँ करारमा चंगाइलाई पक्का गरिएको छैन। यो यशैया ५३ र भजनसंग्रह १०३ मा वर्णन गरिएको प्रायश्चितको भाग पनि होइन।
८. त्यहाँ किन कसैले चंगाइ पाउँछन्, र कसैले चंगाइ पाउँदैनन् भनी साँचो रहस्यको कुरा छ।
९. यो कुरा पनि संभव छ, कि यद्यपि चंगाइ सबै उमेरका मानिसहरूलाई भए तापनि त्यहाँ येशूको समयमा यस कार्यको वृद्धि उल्लेख्य रूपमा थियो, र यो कार्य फेरी उहाँको दोस्रो आगमनभन्दा अगाडि बढेर जानेछ।

५:१५ "त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो" यहूदी अधिकारीहरूलाई यस विषयमा ठ्याक्कै जानकारी दिने उद्देश्य अनिश्चित छ।

१. यो विचारहिन र सानो कार्य भएको देखिन्छ, जसले यो कुरा देखाउँछ, कि चंगाइ गर्ने कार्य सधैं विश्वाससँगै सुरु हुन्छ, र विश्वाससँगै अन्त हुन्छ भन्ने कुरा होइन

२. येशूले तिनलाई यसो गर्नलाई भन्नुभयो -मत्ती ८:४; मर्कूस १ः४४; लूका ५:१४; १७:१४)।

५:१६ "किनभने उहाँले यो काम सवाथ-दिनमा गर्नुभएको थियो" यहाँ क्रिया असिद्ध सक्रिय शुद्ध छ, जसले विगतमा भएको निरन्तर कार्यलाई देखाउँछ। यो येशूको पहिलो वा अन्तिम सबाथको चंगाइ थिएन।

५:१७

नासाब "तर उहाँले तिनीहरूलाई जवाफ दिनुभयो"

एनकेजेभि, आरइभि, एनआएसभि, एनआइभि "तर येशूले तिनीहरूलाई जवाफ दिनुभयो"

एनजेबि "उहाँको उत्तर तिनीहरूलाई यस्तो थियो"

यहूदी धर्मगुरुहरू जसले सुरुको ग्रीक हस्तलेखनलाई यस्तो प्रकारले राखेका थिए कि,

१. व्याकरण मात्रै
२. विशेष सर्वनामको सन्दर्भलाई बनाउनु
३. स्तरीय वाक्यांशहरू

पद १७ को कुनचाहिँ स्वरुप सुरुको हो भनेर जान्नु अति नै कठिन पर्दछ।

१. "तर उहाँ..." - पाना ७५, !, ख, डब्लू
२. "तर येशू..." - पाना ६६, क, घ, ठ
३. "तर परमप्रभु..." वा "प्रभु येशू" - सिरियन अनुवादहरू

युवियस४ ले "ग" #२क तहको विकल्प दिन्छ (निर्णय गर्नलाई कठिनाइ हुने)

- "मेरा पिताले अहिलेसम्म काम गरिरहनु भएको छ, र म पनि काम गरिरहेछु" यी दुवै वर्तमान् बीचको सूचकहरू हुन्। येशूले यो कुरा बताउँदै हुनुहुन्थ्यो, कि पिताले शबाथ-दिनमा पनि असल कार्यहरू गर्न रोकिनुभएन, र नत पुत्रले पनि यसै गर्नुहुन्छ (यी पदहरू असल छलफलको लागि म्यानफ्रेड बरुकको बाइबलको दूरुपयोग भन्ने पुस्तकको पाना २१९ मा पाइन्छ)। यो वास्तविक भावनामा येशूको उहाँको पितासँगको अनौठो सम्बन्धको बुझाइलाई निश्चित गरिनु थियो (पानाहरू १९-२९)।

यहूदी एकेश्वरवादको विचार (व्यवस्था ६:४) लाई यो विश्वको घटनाको विचारमा ''एउटा कारक'' ले वर्णन गरेर व्यवहारिक रूपमा प्रकट गरिएको थियो -न्यायकर्ता ९:२३; अयूब २:१०; उपदेशक ७:१४; यशैया ४५:७; ५९:१६; विलाप ३:३३-३८; आमोश ३:६) । अन्नत ती सबै कार्यहरू एउटा साँचो परमेश्वरको कार्य थियो । जब येशूले यो विश्वमा परमेश्वरको कार्यमा दोहोरो संकायलाई बताउनुभयो, उहाँले अलौकिक कारणको दोहोरो कुरालाई पनि बताउनुभयो । यो त्रियकत्वको अति नै कठिन समस्या हो । एउटा परमेश्वर, तर तीनवटा व्यक्तिगत प्रकटीकरण (मत्ती ३:१६-१७; २८:१९; यूहन्ना १४:२६; प्रेरित २:३३-३४; रोमी ८:९-१०; १ कोरिन्थी १२:४-६; २ कोरिन्थी १:२१-२२; १३:१४; गलाती ४:४; एफिसी १:३-१४; २:१८; ४:४-६; तीतस ३:४-६; १ पत्रुस १:२) । त्रियकत्वको विशेष शिर्षकको निम्ति १४:२६ लाई हेर्नुहोस् ।

५:१८ ''यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढी प्रयत्न गर्न लागे'' यहूदीहरूले येशूलाई मार्न चाहने दुईवटा कारणहरू थिए:

१. उहाँले सबाथ-दिनको सम्बन्धमा मौखिक परम्परा (तालमुड) लाई सार्वजनिक रूपमा नै तोड्नुभयो (शाब्दिक अर्थमा ''फुकाइएको,'' सक्रिय आज्ञात्मक सूचक, मत्ती ५:१९) ।

२. उहाँको भनाइले यस्तो कुरापनि देखायो कि, तिनीहरूले उहाँलाई परमेश्वरसँगको समानतामा दावी गरे (८:५८५९; १०:३३; १९:७) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ५:१९-२३

येशूले तिनीहरूलाई भन्नुभयो, ''साँच्चै म तिमीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ, त्यही गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ । किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएको सबै काम पुत्रलाई देखाउन हुन्छ । यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्चर्यचकित हुनेछौ । किनभने जसरी पिताले मृतकहरूलाई उठाउनुहुन्छ, र तिनीहरूलाईजीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई जीवन दिँदछ । किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ, ताकि सबैले पुत्रको आदर गरून्, जसरी तिनीहरूले पिताको आदर गर्दछन्, पुत्रको आदर नगर्नेले उस लाई पठाउनुहने पिताको पनि आदर गर्दैन ।

५:१९,२४,२५ ''साँच्चै, साँच्चै'' यो शाब्दिक अर्थमा ''आमेन्, आमेन्'' भन्ने हुन्छ । ''आमेन्'' भन्ने परिवेश हिब्रूबाट अनुवाद गरिएको हो । यसको वास्तविक अर्थ भरोसायोग्यपना भन्ने हुन्छ । यो सत्यतालाई निश्चित गरेर प्रयोग गर्नको लागि आयो । यस भनाइको सुरुवातमा नै येशू यस शब्दलाई प्रयोग गर्ने जानकारको व्यक्ति हुनुहुन्छ । उहाँले यसको महत्वपूर्ण भनाइलाई बताउन प्रयोग गर्नुभयो । यूहन्नामात्र त्यस्ता व्यक्ति हुन, जसले यो सुरुको परिवेशलाई दोहोरो रूपमा अभिलेख राखेका थिए । १:५१ मा दिइएको आमेन भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

५:१९ ''पुत्र'' त्यहाँ अन्य केही पदहरूमा ''पुत्र'' भन्ने परिवेशलाई ईश्वरशास्त्रीय महत्वकासाथ दोहोऱ्याइएको छ । यो छोटो परिवेशमा यसलाई आठचोटी प्रयोग गरिएको छ । यसले येशूको पितासँगको अनौठो सम्बन्धको समझदारीलाई देखाउँछ, र ''मानिसको पुत्र'' र ''परमेश्वरको पुत्र'' भन्ने शिर्षकलाई पनि प्रकट गर्दछ ।

- ''पुत्र आफैले केही गर्न सक्दैन'' यो कतिचोटी साँचो हो कि नयाँ करारले येशूलाई बिडम्वनापूर्वक प्रकट गरेर प्रस्तुत गर्दछ, केही पाठहरूमा

१. उहाँचाहिँ पितासँग हुनुहुन्छ (१:१; ५:१८; १०:३०, ३४-३८; १४:९-१०; २०:२८)

२. उहाँ पिताबाट अलग हुनुहुन्छ (१:२,१४,१८; ५:१९-२३; ८:२८; १०:२५,२९; १४:१०,११,१२,१३,१६; १७:१-२)

३. उहाँ अझैपनि उहाँमा ज्यू-ज्यू गर्नुहुन्छ (५:२०,३०; ८:२८; १२:४९; १४:२८; १५:१०,१९२४; १७:८)

सायद यो येशू ख्रीष्ट पूर्ण अलौकिक हुनुहुन्छ भनेर देखाउनलाई हो, तर ईश्वरत्वको बेग्लै, फरक व्यक्तित्व र अनन्त प्रकटीकरण हुन्छ ।

रेयमण्ड इ. ब्राऊन सम्पादक रहेको टिप्पणीमा, जेरोमको बाइबलीय टिप्पणीले एउटा असल बुँदा यसरी गरेको छ:

यो सँगै आएको लागु गर्ने कुरालाई येशूका वचनहरू लिएर हटाउनु हुँदैन, र उहाँको मानवीय प्रकृतिमामात्र देखाउनुपर्छ । यसले यूहन्नाको ख्रीष्टसम्बन्धी असल बिन्दुलाई पनि गुमाउने छ । बरु, येशूले पिता र पुत्र बीचको क्रियाकलापको संयोजनलाई पूर्ण रूपमा जोड दिनुहुनेछ, जसले बास्तवमा प्रकृतिलाई परिचय गर्ने मागलाई पूरा गर्नुहुनेछ, र यही प्रकृया १६:१२-१३ मा पवित्र आत्मालाई पुत्रमा सम्बन्धित गराउन प्रयोग गरिन्छ । तर यो सुसमाचार भरिनै हामीले अर्मूत ईश्वरशास्त्रको विषयलाई त्रियकत्वमा व्यवहार गरेको कहिल्यै पनि पाउँदैनौं । यसलाई सधैं यसको सान्दर्भिक विषय वस्तुको दृष्टिकोणबाट व्यवहार गरको देखिन्छ (पाना ४३४) ।

- "तर पिताले जे गर्नुभएको देख्छ, त्यही मात्र गर्छ,'' मानवजातिले पितालाई कहिल्यै पनि देखेका छैनन् (पद ३७, १:१८), तर पुत्रले नजिकको व्यक्तिगत र उहाँमा रहेको ज्ञानलाई दावी गरिरहेका छन् (१:१-३) ।

- "किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ,'' येशूको सिकाइ र कार्यहरूमा मानव जातिले अदृश्य परमेश्वरलाई स्पष्टरूपमा देख्छन् (कलस्सी १:१५; हिब्रू १:३)

५:२० ''किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएको सबै काम पुत्रलाई देखाउनुहुन्छ'' यिनीहरू दुवै वर्तमान् सक्रिय सूचकहरू हुन्, जसले भइरहेको क्रियाकलापको बारेमा बताउँछन् । यो ग्रीक परिवेश फिलियो वा प्रेमको निम्ति आएको छ, र जो कोहीले ३:३५ मा दिइएको अगापेलाई आशा गर्न सक्छन् । प्रेमको निम्ति आएका यी दुईवटा शब्दहरू कोइने ग्रीकको वृहत शब्दको अर्थमा खप्टिएका थिए (डि. ए. कार्सनको व्याख्यात्मक भूल धारणाको दोस्रो संस्करणको पानाहरू ३२-३३ र एफ. एफ. ब्रूसको प्रश्नका उत्तरहरूको पाना ७३ पनि हेर्नुहोस्) ।

- "महान् काम'' यसले यो परिवेशमा मरेकाहरूलाई उठाउने (पदहरू २१, २५-२६) र न्यायलाई लागु गर्ने (पदहरू २२,२७) कुरालाई देखाउँछ ।

- "तिमीहरू आश्चर्यचकित हुनेछौ" यो उद्देश्यको वाक्यांशले स्पष्टरूपमा देखाउँदछ, कि आश्चर्यकर्मको उद्देश्य यस्तो हुन्छ, कि यहूदीहरूले अनौठो पुत्रमा विश्वास गरे (पद २३; प्रेरित १३:४१; हबकूक १:५) ।

किनभने जसरी पिताले मृतकहरूलाई उठाउनुहुन्छ, ... त्यसरी नै पुत्रले पनि" पुरानो करारमा यहोवामात्र त्यस्तो व्यक्ति हुनुहुन्छ, जसले जीवन दिन सक्नु हुन्छ (व्यवस्था ३२:३९) । येशूले मृतकहरूलाई उठाउन सक्ने वास्तविकता यो हो, कि यहोवाको समानताको भनाइमा समानान्तर हुन्छ (पद २६) ।

येशूले अहिले अनन्त जीवन दिनुहुन्छ (२ कोरिन्थी ५:१७; कलस्सी १:१३), जुनचाहिँ पद २६ मा दिइएको नयाँ युगको शारीरिक रूपमा देखाइएको जीवनमा जोडिएको हुन्छ (१ थेसलोनिकी ४:१३-१८) । यो पनि देखिन्छ, कि यूहन्नाको विस्तारित येशूसँगको सम्बन्धसँगै व्यक्तिगत आधारमा हुन्छ, जबकि त्यहाँ अझै भविष्यको लागि सामूहिक घटना बाँकी रहन्छ (दुवै न्याय र मुक्ति) ।

- त्यसरी नै पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई जीवन दिँदछ" कसको निम्ति पुत्रले जीवन दिनलाई छान्नुभएको छ ? यो परिवेशमा काल्भिनवादको पाठको प्रमाण यो होइन, तर एउटा निश्चयता हो, जसको विश्वासले येशू ख्रीष्टमा जीवन ल्याउँदछ (१:१२; ३:१६) । त्यो चिन्ता ६:४४ र ६५ देखि आउँदछ । के आत्माले "सबै" लाई वा "केही" लाई मात्र छान्नुहुन्छ ? मेरो विचारमा यो स्पष्ट छ, कि पतन भएको मानव जातिले यसको आत्मिक तहमा सुरुवात गर्दैन, तर म यो वास्तविकतामा बाइबलसम्मत समर्पित छु, कि तिनीहरूले आत्माको, विश्वासको, आज्ञाकारीताको र धैर्यताको कुरामा पश्चात्तापद्वारा प्रतिक्रिया दिनुपर्छ । साँचो वास्तविकता यो हो, कि किन कोही मानिसहरूले सुसमाचारलाई सुनेर पनि विश्वास गर्दैनन् ! मैले यसलाई "अविश्वासको रहस्य" भनेर भनेको छु । वास्तवमा यो दुवै "सुसमाचारको क्षमा नदिने पाप" र १ यूहन्नाको मृत्युसम्मको पाप भनिएको छ । १ यूहन्ना ५:१६ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

## विशेष शिर्षक: "क्षमा नदिइएको पाप" लाई अनुवाद गर्ने व्याख्यात्मक प्रकृयाहरू

क. सुसमाचारहरूले यहूदी परिवेशलाई देखाउँछ भन्ने कुराको याद गर्नुहोस्:
  १. दुई किसिमका पापहरू (लेवी ४:२,२२,२७; ५:१५,१७-१९; गन्ती १५:२७-३१; व्यवस्था १:४३; १७:१२-१३)
    क. जानी-जानी नगरिएको
    ख. जानी-जानी गरिएको
  २. पेन्टीकोष्टलभन्दा अगाडिको परिवेश -जस्तैः सुसमाचारको पूर्णता र आत्मालाई अझै पनि नदेखाइएको)

ख. मर्कूस ३:२२-३० को साहित्यिक परिवेशलाई याद गर्नुहोस् ।
  १. येशूको आफ्नै परिवारमा अविश्वास (३:३१-३२)
  २. फरिसीहरूको अविश्वास (२:२४; ३:१,६,२२)

ग. "मानिसको पुत्र" लाई "मानिसहरूको पुत्रहरू" मा परिवर्तन हुने समानान्तरलाई तुलना गर्नुहोस्:
  १. मत्ती १२:२२-३७ (जस्तैः १२:३२, "मानिसका पुत्रको विरुद्धमा आएको एउटा वचन")
  २. लूका ११:१४-२६; १२:८-१२ (जस्तैः १२:१०, """मानिसका पुत्रको विरुद्धमा आएको एउटा वचन")
  ३. मर्कूस ३:२८ (जस्तैः "मानिसका पुत्रको सबै पापहरू क्षमा गरिनेछन्")

५:२२ बलियो दोहोरो नकारात्मक र वर्तमान् कालको क्रियाले यो कुरालाई जोड दिँदछ, कि न्यायलाई पुत्रमा समर्पित गरिएको छ ५:२७; ९:३९, प्रेरित १०:४२; १७:३१; २ तिमोथी ४:१; १ पत्रुस ४:५) । यो पद र यूहन्ना १३:१७ को बीचमा आएको बिडम्बनाले येशूको वास्तविकतामा यो कुरालाई वर्णन गर्दछ, कि यी "अन्तिम दिन" हरूमा कोही पनि न्यायकर्ता हुने छैनन्, तर मानिसहरूले येशू ख्रीष्टमा गरेको तिनीहरूको प्रतिक्रियाले आफैलाई न्याय गर्नेछन् । येशूले अविश्वासीहरूलाई गर्ने भविष्यको न्यायलाई तिनीहरूले स्वीकार गर्ने कुरामा आधारित हुन्छ, वा उहाँलाई इन्कार गर्ने गरिन्छ ।

अनन्त जीवन दिनेहरूको विरुद्धमा न्यायको विषय ३:१७-२१, र ३६ का पदहरूमा थियो । येशू ख्रीष्टमा भएको परमेश्वरको प्रेमलाई इन्कार गरिदा परमेश्वरको क्रोध बन्दछ ! त्यहाँ दुईवटा विकल्पहरू मात्र छन् ! त्यहाँ अनन्त जीवन प्राप्त गर्ने एउटामात्र उपाय छ, त्यो हो येशू ख्रीष्टमा गरिने विश्वास ( १०:१-१८; १४:६; १ यूहन्ना ५:९-१२) !

५:२३ "ताकि सबैले पुत्रको आदर गरून्" "सबै" भन्ने परिवेशलाई समावेश गर्दा भविष्यसम्बन्धी न्यायको दृश्यलाई देखाउन सक्छ (फिलिप्पी २:९-११) ।

- जसरी तिनीहरूले पिताको आदर गर्दछन्, पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन" यो भनाइ ५:१२ जस्तै नै छ । जो कोहीले पनि परमेश्वरलाई जान्न सक्दैन, जसले उहाँको पुत्रलाई चिनेको हुँदैन, र यसको बिपरिततामा कसैले पनि पितालाई सम्मान् वा प्रशंसा दिन सक्दैन, जसले पुत्रलाई सम्मान् वा प्रशंसा गरेको हुँदैन !

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ५:२४-२९

"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो बचन सुन्छ, र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ । साँच्चै म तिमीहरूलाई भन्दछु, त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतक हरूले परमेश्वरका पुत्रको स्वर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन् । किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ । अनि उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो । यसमा अचम्म नमान, किनभने समय आइरहेछ, अब चिहानमा हुनेहरू सबैले उसको स्वर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति र कुकर्म गर्नेहरूचाहिँ दण्डज्ञाको पुनरुत्थानको निम्ति ।"

५:२४ ''साँच्चै-साँच्चै'' यूहन्नाको अनौठो दोहोरोपन (पद २५) मा येशूका वचनहरूले यो महत्वपूर्ण भनाइको विशेषता हुन्छ । आमेनमा १:५१ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "जसले मेरो बचन सुन्छ, र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ" यी तीनवटा वर्तमान् सक्रिय शाब्दिकहरू हुन् । यसको जोडलाई पिताको विश्वासमा दिइन्छ (२:२३ को विशेष शिर्षकलाई हेर्नुहोस्), कि त्यो विश्वासको अभ्यास पुत्रमा गरिन्छ (१ यूहन्ना ५:९-१२) । यूहन्ना बाहेकका सुसमाचारमा अनन्त जीवन विश्वासमा आशा गरिएको भविष्यको घटना हो, तर यूहन्नामा यो विशेषतापूर्वकको वर्तमान् वास्तविकता हो -जस्तैः ८:५१; ११:२५) । यहाँ ''श्रोता'' भन्ने परिवेशको सम्भावना छ, जसले हिब्रू परिवेशको ''शेमा'' लाई देखाउँछन्, जसको अर्थ ''सुन्नु र त्यमसा आज्ञाकारी हुनु'' भन्ने हुन्छ -व्यवस्था ६:४) । .
- ''जसले मलाई पठाउनुहुन्छ'' अपोष्टोलेक् भन्ने क्रिया (एओरिष्ट सक्रिय कृदन्त) ''अपोष्टोल'' वा चेला भन्ने शब्दको जराबाट आएको छ (पद ३६) । यसलाई रब्बीहरूले प्रयोग गरेका थिए, जसै ''जो कोहीलाई अफिस सम्मत् प्रतिनिधिको रूपमा अह्वाइएको कार्यमा पठाइएको हुन्छ ।'' कतिचोटी यो परिवेश यूहन्नामा प्रयोग गरिन्छ, जसै पिताले पुत्रलाई उहाँको प्रतिनिधिको रूपमा पठाउनुहुन्छ । ४:३४ को टिपोटलाई हेर्नुहोस् ।

## विशेष शिर्षकः पठाइएको (अपोष्टेलेक्)

यो सामान्य ग्रीक शब्द ''पठाइएको'' हो -जस्तैः अपोष्टेलेक्) । यो परिवेशको विविध ईश्वरशास्त्रीय प्रयोगहरू छन्ः

१. यसलाई रब्बीहरूले प्रयोग गर्छन्, जसै एकले अर्काको अफिसगत प्रतिनिधि भएर बोलाइन्छ, र पठाउने गरिन्छ, हाम्रो अंग्रेजीको ''राजदूत'' भएजस्तै यो बन्दछ (२ कोरिन्थी ५:२०) ।

२. कतिचोटी स ुसमाचारले यो परिवेशलाई पिताले येशूलाई पठाइएको भनेर प्रयोग गरिन्छ । यूहन्नामा यो परिवेशले मसिहिय संकेतलाई लिँदछ (मत्ती १०:४०; १५:२४; मर्कूस ९:३७; लूका ९:४८ र विशेषगरेर यूहन्ना ५:३६-३८; ६:२९,५७; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३,८, १८,२१,२३,२५; २०:२१) । यसमा येशूले विश्वासीहरूलाई पठाउन प्रयोग गर्नुहुन्छ (यूहन्ना १७:१८; दुवै एपोष्टोलेक् र यसको पद २१ मा दिइएको २०:२१ उही प्रयोग भन्ने हुन्छ) ।

३. नयाँ करारले यसको चेलाहरूको निम्ति प्रयोग गरको

क. सुरुका १२ जना भित्री घेराका चेलाहरू (जस्तैः मर्कूस ६:३०; लूका ६:१३; प्रेरित १:२,२६)

ख. एउटा विशेष समूहका चेलाहरूका सहयोगीहरू र सहकर्मीहरू

१) बर्णाबास (प्रेरित १४:४,१४)

२)एन्ड्रोनिकस र जुनियस (केजेभि, जुनिया, रोमी १६:७)

३) अपोलोस (१ कोरिन्थी ४:६-९)

४) येशूको भाइ याकूब (गलाती १:१९)

५) सिल्भानस र तिमोथी (१ थेसलोनिकी २:६)

६) सम्भवत् तितस (२ कोरिन्थी ८:२३)

७) सम्भवत् इपाफ्रोडिटस (फिलिप्पी २:२५)

ग. मण्डलीमा निरन्तर भइरहने वरदान (१ कोरिन्थी १२:२८-२९; एफिसी ४:११)

४. पावलले यो शिर्षकलाई धेरैजसो उनका पत्रहरूमा ख्रीष्टको प्रतिनिधिको रूपमा परमेश्वरले दिनुभएको अधिकारलाई प्रयोग गर्दछन् (रोमी १:१; १ कोरिन्थी १:१; २ कोरिन्थी १:१; गलाती १:१; एफिसी १:१; कलस्सी १:१; १ तिमोथी १:१; २ तिमोथी १:१; तितस १:१) ।

- "तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ" यो सिद्ध सक्रिय सूचक हो, जुनचाहिँ विगतको समयमा भएको थियो, र अब पनि हुने अवस्थामा छ । परमेश्वरको राज्य वर्तमान्मा हुन्छ, तरैपनि भविष्यको लागि पनि हो, यसरी नै अनन्त जीवन पनि हुन्छ (पदहरू २५-२६; १ यूहन्ना ३:१४) । पद २५ परमेश्वरको राज्यको अहिलेको उपस्थितिको दह्रिलो भनाइ हो !

५:२५ ''त्यो समय आइरहेछ, र त्यो समय अहिले हो'' यो यस्तो प्रकारको भाषा हो, जसले यूहन्नाको लेखहरूलाई चित्रित गर्दछ । कतिचोटी शब्द र वाक्यांशको दुईवटा अर्थहरू हुन्छन् । यो परिवेशमा समयको अर्थ हुन्छः

१. मुक्तिको समय
२. न्यायको समय

समयको परिधि वर्तमान् र भविष्य दुवै हुन्छ (पद २९; ६:३९,४४,५४) । अहिले जो कोहीले येशूसँग जे कुरा गर्छन्, त्यसले भविष्यको निम्ति के कुरा हुँदछ भनेर निर्धारण गर्दछन्, मुक्ति र न्याय दुवै वर्तमान्का वास्तविकता हुन्, र भविष्यको उपयोगीता पनि हुन् (पद २८) ।

## विशेष शिर्षकः समय

स ुसमाचारहरूमा समय भन्ने परिवेश धेरै फरक तरिकाले प्रयोग गरिएका छन्, जस्तैः

१. एउटा समयको सन्दर्भ (मत्ती ८:१३; लूका ७:२१; यूहन्ना ११:९)
२. जाँच र परीक्षाको निम्ति हुने एउटा अलंकारको समय (यूहन्ना २:४; ४:२३)
३. येशूले सुरु गर्नुभएको सेवकाइको एउटा अलंकार (यूहन्ना २:४; ४:२३)
४. न्यायको दिनको निम्ति हुने एउटा अलंकार (जस्तैः दोस्रो आगमन, मत्ती २४:३६,४४; २५:१३; मर्कूस १३:३२; यूहन्ना ५:२५,२८)
५. येशूको दुःखको निम्ति हुने एउटा अलंकार (मत्ती २६:४५; मर्कूस १४:३५,४१; यूहन्ना ७:३०; ८:२०; १२:२३,२७; १३:१; १६:३२; १७:१)

- "जब मृतकहरूले परमेश्वरका पुत्रको स्वर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन्" पद २५ ले आत्मिकरूपमा मरेकाहरूको बारेमा बताउँदछ भने, पद २९ ले शारीरिकरूपमा मरेका सबैको पुनरुत्थान हुने बारेमा बताउँदछ। बाइबलले तीन किसिमका मृत्युको बारेमा बताउँदछः

१. आत्मिक मृत्यु (उत्पत्ति ३ अध्याय)
२. शारीरिक मृत्यु (उत्पत्ति ५ अध्याय)
३. अनन्त मृत्यु (एफिसी २:२; प्रकाश २:११; २०:६,१४) वा आगोको तलाऊ, नरक (गेहेन्ना)।

"परमेश्वरका पुत्र" भन्ने वाक्यांशको प्रयोग बिरलै पाइन्छ। १ यूहन्ना ३:८ को विशेष शिर्षकलाई हेर्नुहोस्। धेरैचोटी यो वाक्यांशलाई प्रयोग नगर्ने एउटा कारणमा ग्रीक धर्ममा परमेश्वरको विचारलाई (ओलम्पस हिमाल) मानविय स्त्रीहरूलाई श्रीमती वा पत्नीको रूपमा लिइन्छ। परमेश्वरका पुत्रको रूपमा येशूको स्तरले व्यभिचारी पुस्ता वा समयमा घटनाहरूको क्रम भनेर देखाउँदैन, तर नजिकको सम्बन्धको बारेमा बताउँछ। यो यहूदीहरूको परिचित भएको अलंकार हो। येशूले पुरानो करारको विभाजनलाई प्रयोग गरेर उहाँको ईश्वरत्वलाई धेरै स्पष्ट र विशिष्ट तरिकाले यी यहूदी अगुवाहरूसँग निश्चित गर्नुभएको थियो (५:२१,२६)। .

५:२६ "किनभने जसरी पिता आफैमा जीवन छ" सामान्यतया यो प्रस्थान ३:१४ बाट आएको यहोवा भन्ने परिवेशको अर्थ हुन्छ। यो करारको नाउँको स्वरुपमा परमेश्वरको निम्ति हिब्रू क्रिया हुनु भन्नेबाट आउँछ। यसको आशय सधैं जीउने वा एकचोटीमात्र जीउने भन्ने हुन्छ। ६:२० मा दिइएको ईश्वरको नाउँहरूको निम्ति विशेषे शिर्षकलाई हेर्नुहोस्।

पुरानो करारमा यहोवामा मात्र जीवन थियो (१ तिमोथी १:१७; ६:१६) र केवल उहाँले मात्रै यसलाई अरुहरूलाई दिन सक्नुहुन्थ्यो -जस्तैः अयूब १०:१२; ३३:४) येशूले पनि यस कुरालाई दावी गर्नुहुन्छ, कि यहोवाले यो अनौठो शक्ति उहाँलाई प्रदान गर्नुहुन्छ !

- "उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ"। यो येशूको ईश्वरत्वको बारेमा दिइएको बलियो निश्चयता हो (१:४; १ यूहन्ना ५:११)।

५:२७ येशूले ठीक प्रकारले न्याय दिन सक्ने कारण (एक्सोसिया, अधिकार भएको, १०:१८, १७:२; १९:११) मा उहाँ पूर्ण रूपमा ईश्वर र पूर्ण रूपमा मानिस भएर हो। त्यहाँ "मानिसको पुत्र" भन्ने वाक्यांशमा निश्चित उपपद भन्ने छैन (इजकिएल २:१; भजनसंग्रह ८:४)। उहाँले हामीलाई पूर्णरूपमा जान्नुहुन्छ, (हिब्रू ४:१५), र उहाँले परमेश्वरलाई पूर्णरूपमा चिन्नुहुन्छ (१:१८; ५:३०)।

यो अचम्मलाग्दो छ, कि यो परिवेशमा येशूले आफैलाई "पुत्र" भनेर बोलाउनुहुन्छ (पद १९ मा दुईपटक, २०,२१,२२,२३ मा दुईपटक, २५,२६), त्यो पद २७ मा मानिसको पुत्र भन्ने शिर्षक (तर बारम्बार आउने निश्चित उपपद बाहेक नै) लाई प्रयोग गरिएको छ। तरैपनि, उही स्वीच नै (१) ३:१३,१४ को विरुद्धमा ३:१६,१७,१८,३५,३६; (२) ६:२७,५३ को विरुद्धमा ६:४० र (३) ८:२८ को विरुद्धमा ८:३५,३६ पर्दछन्। येशूले यी दुवै शिर्षकहरू आफ्नै लागि एक-अर्कामा प्रयोग गर्नुभयो।

५:२८ "यसमा अचम्म नमान" यो वर्तमान् सक्रिय आज्ञार्थक हो, र यसमा नकारात्मक कृदन्त हुन्छ, जसको सामान्यतया अर्थ कार्यलाई बन्द गर्नु भन्ने हुन्छ, जुनचाहिँ अगाडि नै प्रकृयामा थियो। यी यहूदी अगुवाहरूमा भएका येशूका अगाडिका वचनहरूले आश्चर्य उत्पन्न गराएजस्तै, उहाँको अर्को भनाइ हरूले तिनीहरूलाई पूर्ण रूपमा आश्चर्य चकित तुल्याउँदछ।

- "जब चिहानमा हुनेहरू सबैले उसको स्वर सुन्नेछन्" यसले मसिहको चिच्याहटलाई येशूको दोस्रो आगमनमा देखाएको जस्तो भान हुन्छ (१ थेसलोनिकी ४:१६)। लाजरस (११:४३) यो घटनाको पात्र हुन्। यसले २ कोरिन्थी ५:६,८ मा दिइएको सत्यतालाई नकारात्मक रूपमा लिँदैन। यसले विश्वव्यापी न्याय र पुत्रको अधिकारलाई बताउँदछ। यो परिवेशमाआत्मिक जीवनको वास्तविकतालाई यहाँ र अब धेरै सम्बन्धित बनाइन्छ -महसूस गरिएको भविष्यसम्बन्धी कुरा)। तर यो वाक्यांशले पनि अन्तको समयको भविष्यसम्बन्धी घटनालाई बताउँछ। परमेश्वरको राज्यको अगाडि नै र अझै पनि होइन भन्ने कुराको बीचको यो चिन्ताले विशेष गरेर यूहन्नामा र अन्य स ुसमाचारमा पनि येशूको सिकाइहरूलाई चित्रित गरेका हुन्छन्। .

५:२९ बाइबलले दुष्ट र धर्मी दुवैको पुनरुत्थान हुने बारेमा बताउँदछ -दानिएल १२:२; मत्ती २५:४६; प्रेरित २४:१५)। धेरैजसो खण्डहरूले धर्मीहरूको मात्रै पुनरुत्थान हुने बारेमा जोड दिएका छन् (अयूब १९:२३-२९; यशैया २६:१९; यूहन्ना ६:३९-४०,४४,५४; ११:२४-२५; १ कोरिन्थी १५:५०-५८)।

यसले कार्यमा आधारित न्यायलाई बताउँदैन, तर बरु विश्वासीहरूको जीवनशैलीमा आधारित न्यायलाई बताउँछ (मत्ती २५:३१-४६; गलाती ५:१६-२१)। त्यहाँ परमेश्वरको वचन र संसारमा सामान्य सिद्धान्त छ, जसमा मानिसहरूले जे रोप्छन्, त्यसैको कटनी गर्छन् (हितोपदेश ११:२४-२५; गलाती ६:६) वा यसलाई पुरानो करारको भनाइमा राखिन्छ, "परमेश्वरले मानिसहरूको कार्य अनुसारको प्रतिक्रिया दिनुहुनेछ" (भजनसंग्रह ६२:१२; २८:४; अयूब ३४:११; हितोपदेश २४:१२; मत्ती १६:२७; रोमी २:६-८; १ कोरिन्थी ३:८; २ कोरिन्थी ५:१०; एफिसी ६:८ र कलस्सी ३:२७)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ५:३०

मैले मेरो आफ्नै प्रयासले केही पनि गर्न सक्दिन। जसै मैले स ुन्छु, न्याय गर्छु, र मेरो न्याय ठीक छ भने, मैले आफ्नै इच्छाहरूको खोजी गर्दिन, तर मलाई पठाउनेको इच्छालाई मैले खोजी गर्नेछु। .

५:३० येशू परमेश्वरको अवतारित वचनमा पितामा आधारित हुने र समर्पित हुने हुन्छ। यो समपर्णताको बलियो जोड पनि पद १९ मा देखापर्छ ("पुत्रले कुनै पनि चिज गर्न सक्दैनन्")। यसले पुत्रलाई तल्लो स्तरको भन्ने कुरा लागु गर्दैन, तर त्यो त्रियकत्वले पिता, पुत्र र पवित्र आत्माको तीन फरक व्यक्तित्वलाई छुटकारा दिने कार्यमा बताएको हुन्छ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ५:३१-४७

"यदि मैले आफ्नो विषयमा गवाही दिएँ भने, मेरो गवाही सत्य हुँदैन। मेरो विषयमा गवाही दिने अर्कै हुनुहुन्छ, र म जान्दछु, कि मेरो विषयमा उहाँले जे गवाही दिनुहुन्छ, त्यो गवाही सत्य ठहर्छ। तिमीहरूले यूहन्नाकहाँ सोध्न पठायौ, अनि उनले सत्यको गवाही दिएका छन्। मैले ग्रहण गर्ने गवाही मानिसको होइन, तर तिमीहरूको उद्धार होस् भनेर म यी कुरा भन्दछु। यूहन्ना बल्दो र चम्किलो बत्ती थिए, र तिनीहरू उनको प्रकाशमा

थोरै समय आनन्द मनाउन राजी भयौं । तर मसँग जो गवाही छ, त्यो यूहन्नाको भन्दा ठूलो छ, किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनु भएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेका छन्, कि पिताले मलाई पठाउनुभएको हो । मलाई पठाउनुहुने पिता आफैले मेरो विषयमा गवाही दिनुभएको छ । उहाँको स्वर तिमीहरूले कहिल्यै सुनेका छैनौं, अनि उहाँको रूप कहिल्यै देखेका छैनौं । उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौं । तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौं, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौं । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौं । म मानिसहरूबाट महिमा ग्रहण गर्दिनँ, तर परमेश्वरको प्रेम तिमीहरूमा छैन भनी म जान्दछु । म आफ्ना पिताको नाउँमा आएको छु, तर तिमीहरू मलाई ग्रहण गर्दैनौं । अर्को कोही आफ्नै नाउँमा आयो भने, त्यसलाई ग्रहण गर्दछौं । तिमीहरू कसरी विश्वास गर्न सक्छौं, जब कि तिमीहरू आपसमा एउटा अर्काबाट सम्मान खोज्दछौं, अनि त्यो सम्मानको खोजी गर्दैनौं, जो एकमात्र परमेश्वरबाट आउँदछ । यो नसम्झ कि म पिताको सामु तिमीहरूलाई दोष लाउनेछु । तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौं । किनभने तिमी हरूले मोशालाई विश्वास गरेका भए, मलाई पनि विश्वास गर्ने थियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए । तर तिमीहरू उनले लेखेका कुरा हरूमा विश्वास गर्दैनौं भने, मेरा वाणी कसरी विश्वास गर्छौं ?''

५:३१ पुरानो करारमा एउटा कुरालाई निश्चित गर्नको लागि दुईवटा गवाहीहरूको खाँचो भएको हुन्थ्यो -गन्ती ३५:३०; व्यवस्था १९:१५) । यो परिवेशमा येशूले आफैलाई पाँचवटा गवाहीहरू दिनुहुन्छः

१. पिता (पदहरू ३२,३७)
२. बप्तिस्मा दिने यूहन्ना (पद ३३, १:१९-५१)
३. येशूका आफ्नै कार्यहरू (पद ३६)
४. बाइबल (पद ३९)
५. मोशा (पद ४६) जसले व्यवस्था १८:१५२२ लाई देखाउँदछ

१:८ मा विशेष शिर्षकलाई हेर्नहोस् ।

- ''यदि'' यो तेस्रो स्तरको शर्तात्मक वाक्य हो भने, यसले सम्भाव्य कार्यको बारेमा बताउँदछ ।
- "मेरो गवाही सत्य हुँदैन'' यो ८:१४ मा भएको विरोधाभाष कुरा देखिन्छ । परिवेशले यो कुरा देखाउँदछ, कि यी भनाइहरू विविध परिवेशमा बनाइएका छन् । यहाँ येशूले कसरी अन्य धेरै गवाहीहरू यहाँ छन् भनेर देखाउनुहुन्छ, तर उहाँले ८:१४ मा यस्तो कुरा बताउनुहुन्छ, कि केवल उहाँमा मात्रै आवश्यकीय छ !

सत्यताको निम्ति यूहन्नाको ६:५५ मा दिइएको विशेष शिर्षकलाई हेर्नुहोस् ।

५:३२ ''मेरो विषयमा गवाही दिने अर्कै हुनुहुन्छ'' यसले परमेश्वर पितालाई देखाउँदछ (१ यूहन्ना ५:९), र यसमा एल्लोस भन्ने परिवेशको प्रयोगले गर्दा भएको हो, जसको अर्थ हेटेरोस भन्नेको विरोधाभाषपनमा ''उहाँ किसिमको अर्को'' भन्ने हुन्छ । यद्यपि यसको फरकपनमा कोइने ग्रीकमा क्षीण भएको थियो । विशेष शिर्षकको निम्ति १:८ मा दिइएका विशेष गवाहीहरूलाई हेर्नुहोस् ।

५:३३ ''तिमीहरूले यूहन्नाकहाँ सोध्न पठायौ'' यसले बप्तिस्मा दिने यूहन्नालाई बताउँदछ (१:१९) ।

५:३४ ''तर तिमीहरूको उद्धार होस् भनेर म यी कुरा भन्दछु'' यो एओरिष्ट निष्क्रिय विषयगत हो । कर्म वाच्यले परमेश्वरको संकाय वा परमेश्वरको आत्मालाई लागु गर्दछ (६:४४,६५) । सुसमाचारका पत्रहरूले ऐतिहासिक जीवनीहरूलाई नभएर सुसमाचारलाई घोषणा गर्दछन् । त्यहाँ अभिलेख राखिएका सबैमा सुसमाचारिय उद्देश्यहरू छन् (२०:३०-३१) ।

५:३५ ''यूहन्ना बल्दो र चम्किलो बत्ती थिए'' यहाँ बत्तीको लागि अर्को जोड दिइएको छ, र यूहन्नाको तयारीको सन्देश पनि छ (१:६-८)।

५:३६ ''किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु'' येशूका कार्यहरूले मसीहको बारेमा पुरानो करारका अगमवाणीहरू पूरा गर्दथे । ती यहूदीहरूले उहाँको समयमा यी अचम्मका चिन्हहरूलाई पहिचान गरेको हुनुपर्छ, जस्तैः अन्धाहरूलाई चंगाइ गर्ने, गरीबहरू लाई खुवाउने, र अपाङ्गहरूलाई स्थापित गर्ने (यशैया २९:१८; ३२:३-४; ३५:५-६; ४२:७) । येशूको सिकाइको शक्ति, धार्मिकतापनको जीवनशैली, दया र शक्तिशाली आश्चर्य कर्महरू (२:२३; १०:२५,३८; १४:११; १५:२४) ले उहाँ को हुनुहुन्थ्यो, जहाँबाट उहाँ आउनुभयो, र जसले उहाँलाई पठायो भन्ने स्पष्ट गवाही दिन्छन् ।

५:३७ ''अनि तिनैले मेरो विषयमा गवाही दिइरहेका छन्'' यहाँ ''तिनै'' भन्नेले पितालाई बताएको छ । यो परिवेशमा यो वाक्यांशले पुरानो करारको बाइबललाई बताएको जस्तो देखिन्छ (हिब्रू १:१३) । यसमा पुरानो करारको सबै मसिहिय सन्दर्भहरूको संलग्नता हुन्थ्यो (पद ३९) ।

- "उहाँको स्वर तिमीहरूले कहिल्यै सुनेका छैनौं, अनि उहाँको रूप कहिल्यै देखेका छैनौं'' येशूले यो कार्यलाई निश्चित गर्दै हुनुहुन्यो, कि यद्यपि यहूदीहरूले परमेश्वरलाई बाइबलद्वारा चिनेका र व्यक्तिगत आराधनाको अनुभव पाएको भए तापनि तिनीहरूले वास्तविकरूपमा उहाँलाई चिनेका हुँदैनन (८:४३; यशैया १:१-१५; ६:९-१०; २९:१३; यर्मिया ५:२१) ।

पुरानो करारमा ईश्वरलाई देख्नु भनेको मृत्युलाई ल्याउने विचार गर्नु थियो । यहोवाको आमने-सामने बोल्ने एकमात्र व्यक्ति मोशा थिए, र तब त्यो भेट बादलको पर्दाद्वारा गरिएको थियो । धेरैले यस्तो विचार गर्दछन्, कि प्रस्थान ३३:२३ ले यूहन्ना १:१८ सँग विरोधाभाष ल्याउँदछन । तरैपनि, प्रस्थानमा आएको हिब्रू परिवेशको अर्थ शारीरिक रूप नभएर ''महिमापछि'' भन्ने हुन्छ ।

५:३८ ''उहाँको वचन तिमीहरूमा रहे भने'' यूहन्नाको लेखहरूमा यी दुईवटा शक्तिशाली अलंकारहरू हुन् । परमेश्वरको वचनलाई प्राप्त गर्नु पर्दैन, जब यसलाई प्राप्त गरिन्छ (१:१२), तब यो स्थिर रहनुपर्छ (रहने कुरा, यूहन्ना ८:३१; १५:४-७,१०; १ यूहन्ना २:६,१०,१४,१७,२४,२७,२८; ३:६,१४,५,२४) । येशू परमेश्वरको पूर्ण प्रकाश हुनुहुन्छ (यूहन्ना १:११८; फिलिप्पी २:६-११; कलस्सी १:१५-१७; हिब्रू १:१-३) । मुक्तिलाई निरन्तर सम्बन्धद्वारा निश्चित गरिन्छ,

(हिब्रू भावना जान्नु भन्नेमा, यूहन्ना ४:१; यर्मिया १:५) र परमेश्‍वरको स ुसमाचारको सत्यतालाई निश्‍चित गरिन्छ -ग्रीक भावना जान्नु भन्नेमा (२ यूहन्ना पद ९)।

"रहनु" भन्ने परिवेशलाई नजिकको र व्यक्तिगत धैर्यताको सम्बन्धमा प्रयोग गरिन्छ। रहनु भन्ने परिवेश साँचो मुक्तिको अवस्था हो (१५ अध्याय)। यसलाई यूहन्नामा विविध भावनामा प्रयोग गरिन्छः

१. पुत्र पितामा (१०:३८; १४:१०,११,२०,२१; १७:२१)
२. पिता पुत्रमा (१०:३८; १४:१०,११,२१; १७:२१,२३)
३. विश्‍वासीहरू पुत्रमा (१४:२०, १५:५; १७:२१)
४. विश्‍वासीहरू पुत्र र पितामा (१४:२३)
५. विश्‍वासीहरू वचनमा (५:३८; ८:३१; १५:७; १ यूहन्ना २:१४)।

१ यूहन्ना २:१० को विशेष शिर्षकलाई हेर्नुहोस्।

५:३९ "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौं" यो वर्तमान् सक्रिय सूचक वा वर्तमान् सक्रिय आज्ञार्थक हुन सक्छ। यो साक्षीहरूको सूचीमा भएकोले गर्दा सम्भवत् यहूदीहरूले सूचकको रूपमा इन्कार गरेका थिए।

यहाँ यहूदी अगुवाहरूको वियोगान्त कुरा छः उनीहरूसँग बाइबल थियो, त्यसलाई तिनीहरूले पढे, अध्ययन गरे, कण्ठष्थ गरे, र तरैपनि तिनीहरूले देखाएको व्यक्तिलाई गुमाए ! आत्माविनाको बाइबल पनि प्रभावकारी हुन सक्दैन ! साँचो जीवन केवल व्यक्तिगत र विश्‍वासको सम्बन्धको आज्ञाकारिताको सम्बन्धमा आउँदछ -व्यवस्था ४:१; ८:१३; ३०:१५-२०; ३२:४६-४७)।

- "मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्" यसले पुरानो करारको बाइबललाई बताउँदछ, जसले येशूको कुराहरू पूरा गर्दछ -जस्तैः १:४५, २:२२; ५:४६; १२:१६,४१; १९:२८; २०:९)। पत्रुस (प्रेरित ३:१८; १०:४३) र पावलका सुरुका धेरैजसो वचनहरू (प्रेरित १३:२७; १७:२-३; २६:२२-२३,२७) ले प्रेरितमा प्रयोग भएको अगमवाणीलाई येशूको मसिहको प्रमाणको रूपमा पूरा गर्दछन्। सबै तर एउटा सन्देश (१ पत्रुस ३:१५-१६) ले नयाँ करारमा पाइएको बाइबल को अधिकारलाई निश्‍चित गर्दछ (१ कोरिन्थी २:९-१३; १ थेसलोनिकी २:१३; २ तिमोथी ३:१६; १ पत्रुस १:२३-२५; २ पत्रुस १:२०-२१), र पुरानो करारलाई देखाउँदछ। येशूले स्पष्टरूपमा आफैलाई पूरा गर्ने र पुरानो करारको लक्ष्यको रूपमा देख्नुभयो (मत्ती ५:१७-४८ को उचित किसिमको व्याख्या)।

## विशेष शिर्षकः सुरुको मण्डलीको घोषणा

क. परमप्रभुले पुरानो करारमा गर्नुभएको प्रतिज्ञाहरू येशू मसीहको आगमनसँगै पूरा भएको छ -प्रेरित २:३०-३१; ३:१९,२४; १०:४३; २६:६-७,२२; रोमी १:२-४; १ तिमोथी ३:१६; हिब्रू १:१-२; १ पत्रुस १:१०-१२; २ पत्रुस १:१८-१९)।
ख. येशू परमेश्‍वरद्वारा उहाँको बप्तिस्मामा अभिषिक्त हुनुभयो -प्रेरित १०:३८)
ग. येशूले उहाँको बप्तिस्मा भएपछि सेवकाइको स ुरुवात गर्नुभयो -प्रेरित १०:३७)।
घ. उहाँको सेवकाइ असल काम गरेर र महान् काम गरेर परमेश्‍वरको शक्तिको साधनमा चित्रित भएको थियो -मर्कूस १०:४५; प्रेरित २:२२; १०:३८)
ङ. परमेश्‍वरको अनन्त उद्देश्य अनुसार मसीहलाई क्रूसमा चढाइयो -मर्कूस १०:४५; यूहन्ना ३:१६; प्रेरित २:२३; ३:१३-१५,१८; ४:११; १०:३९; २६:२३; रोमी ८:३४; १ कोरिन्थी १:१७-१८; १५:३; गलाती १:४; हिब्रू १:३; १ पत्रुस १:२,१९; ३:१८; १ यूहन्ना ४:१०)।
च. उहाँ मृत्युबाट बौरी उठ्नुभयो, र उहाँका चेलाहरूमा देखा पर्नुभयो (प्रेरित २:२४,३१-३२; ३:१५,२६; १०:४०-४१; १७:३१; २६:२३; रोमी ८:३४; १०:९; १ कोरिन्थी १५:४-७,१२-१४; १ थेसलोनिकी १:१०; १ तिमोथी ३:१६; १ पत्रुस १:२;३:१८,२१)।
छ. येशूलाई परमेश्‍वरले उचाल्नुभयो, र "परमप्रभु" भन्ने नाउँ दिनुभयो -प्रेरित २:२५-२९,३३-३६; ३:१३; १०:३६; रोमी ८:३४; १०:९; १ तिमोथी ३:१६; हिब्रू १:३; १ पत्रुस ३:२२)।
ज. उहाँले पवित्र आत्मालाई परमेश्‍वरको नयाँ समुदाय निर्माण गर्नलाई दिनुभयो -प्रेरित १:८; २:१४-१८,३८-३९; १०:४४-४७; १ पत्रुस १:१२)।
झ. उहाँ न्याय गर्न र सबै चिजहरूलाई पुन स्थापित गर्न आउनुहुनेछ -प्रेरित ३:२०-२१; १०:४२; १७:३१; १ कोरिन्थी १५:२०-२८; १थेसलोनिकी १:१०)
ञ. सुसमाचार सुन्ने सबैले पश्‍चात्ताप गरेर बप्तिस्मा लिनुपर्छ (प्रेरित २:२१,३८; ३:१९; १०:४३,४७-४८; १७:३०; २६:२०; रोमी १:१७; १०:९; १ पत्रुस ३:२१)।

यो सेमाले सुरुको मण्डलीको आवश्यकीय घोषणालाई सेवा गर्‍यो, जवकि नयाँ करारका विविध लेखहरूले त्यो भागलाई छोड्न सक्छन्, वा तिनीहरूको प्रचारमा अन्य व्यक्तिलाई जोड दिन्छन्। मर्कूसको सम्पूर्ण पुस्तकले पत्रुसको घोषणाको पक्षलाई नजिकबाट पछ्याउँछ। मर्कूसलाई परम्परागत तरिकाले पत्रुसको वचनलाई संरचना गरेको, रोममा प्रचार गरेको, स ुसमाचारमा लेखिएको व्यक्तिको रूपमा देखिन्छ। मत्ती र लूका दुवैले मर्कूसको आधारभूत संरचनालाई पछ्याएका छन्।

५:४१-४४ यी पदहरूले यो वास्तविकतालाई देखाएको देखिन्छ, कि यहूदी धार्मिक गुरुहरूले तिनीहरूको दृष्टिबाट बृहत ध्वनीमा आनन्द मनाए। तिनीहरूले विगतका गुरुहरूको भनाइलाई महिमा दिए, तर तिनीहरूले आत्मिक अन्धोपनको कारणले गर्दा ठूला गुरुहरूमध्येका महान्‌लाई गुमाए, जो तिनीहरूको बीचमा थिए। यो येशूको पहिलो शताब्दीको गुरुहरूको यहूदीवादमध्येको एउटा बलियो निन्दा थियो (मत्ती २१:३३-४६; मर्कूस १२:१-१२; लूका २०:९-१९)।

| | |
|---|---|
| ५:४१ | "मैले मानिसहरूबाट महिमा लिँदिन" |
| नासाब, एनआरएसभि | "मैले मानिसहरूबाट सम्मान प्राप्त गर्दिन" |
| एनकेजेभि | "मैले मानिसहरूको प्रशंसालाई हेरिरहेको छैन" |
| टिइभि | "मानविय महिमाको अर्थ मेरो लागि केही पनि होइन" |
| एनजेबि | |

“महिमा” वा डोक्सा भन्ने परिवेश निरन्तररूपमा अनुवाद गर्न कठिनाइ हुन्छ -विशेष शिर्षकको निम्ति १:१४ लाई हेर्नुहोस्) । यसले हिब्रूको “महिमा” वा काबोथलाई देखाउँदछ, जसले परमेश्वरको महान् र प्रफुल्लित उपस्थितिलाई प्रकट गर्दछ (प्रस्थान १६:१०; २४:१७; ४०:३४; प्रेरित ७:२), र परमेश्वरको चरित्र र कार्यलाई महिमा दिनुपर्छ । यी भनाइहरूलाई मिलाउने एउटा असल पद २ पत्रुस १:१७ हो ।

परमेश्वरको आफ्नै उपस्थिति र चरित्रको महान् पक्ष यस कुरासँग सम्बन्धित हुन्छः

१. स्वर्गदूतहरू (लूका २:९; २ पत्रुस २:१०)
२. येशूको सर्वोच्चता (यूहन्ना १:१४; ८:५४; १२:२८; १३:३१; १७:१-५,२२,२४; १ कोरिन्थी २:८; फिलिप्पी ४:२१)
३. विश्वासीहरूमा उत्पन्न हुनु (रोमी ८:१८,२१; १ कोरिन्थी २:७; १५:४३; २ कोरिन्थी ४:१७; कलस्सी ३:४; १ थसलोनिकी २:१२; २ थेसलोनिकी २:१४; हिब्रू २:१०; १ पत्रुस ५:१,४) ।

यो कुरा पनि याद गर्नु चाखलाग्दो हुन्छ, कि यूहन्नाले क्रूसमा चढाइएको येशूलाई महिमित पारिएको रूपमा बताउँदछन् (७:३९; १२:१६,२३; १३:३१) । तरैपनि, यसलाई “सम्मानित” वा “धन्यवाद दिने रूपमा” अनुवाद गर्न सकिन्छ (लूका १७:१८; प्रेरित १२:२३; रोमी ४:२०; १ कोरिन्थी १०:३१; २ कोरिन्थी ४:१५; फिलिप्पी १:११; २:११; प्रकाश ११:१३; १४:७; १६:९; १९:७) । यसलाई यो परिवेशमा यसरी प्रयोग गरिएको छ ।

५:४३ “तर तिमीहरू मलाई ग्रहण गर्दैनौ” यूहन्नाको सुसमाचारभरि नै येशूमा विश्वास गर्ने जोड बताइएको ईश्वरशास्त्रीय लेख होइन, तर उहाँसँग भएको व्यक्तिगत सम्बन्ध हो (पदहरू ३९-४०) । विश्वास उहाँलाई भरोसा गर्ने निर्णयसँगै सुरु हुन्छ । यो व्यक्तिगत सम्बन्धको चेलापनलाई वृद्धि गरेर सुरु हुन्छ, जसले सिद्धान्तको परिपक्वता र ख्रीष्टजस्तै जिउनुलाई पराकाष्ठामा पुऱ्याउँदछ ।.

- “यदि अर्को कोही आफ्नै नाउँमा आयो भने” यो तेस्रो तहको शर्तात्मक वाक्य हो ।

- “त्यसलाई ग्रहण गर्नेछौं” यो रब्बीहरूको अध्ययनको तरिका हो, जसले तालमुडबाट आएको विविध रब्बीहरूको विचारबाट आएका गुरुहरूलाई तुलना गरिन्छ ।

माइकल म्यागिलको नयाँ करारको ट्रान्सलाइन भन्नेमा असल कुरा बताएका छन्ः

“यहूदी अगुवाहरूले मानवीय शिक्षक वा रब्बीलाई प्राप्त गर्नेछन्, जसले परमेश्वरबाट पठाइएको हो भनेर दावी गर्दैनन् । तिनीहरूले मानवीय शिक्षकसँगै हेर्नेहरूको सम्बन्धमा प्राप्त गरेका छन्, र समानताको आधारमा महिमालाई साटासाट गर्छन् । तिनीहरूले परमेश्वरबाट पठाइएको अगमवक्तासँगैको रहने अवस्थामा सुन्ने र आज्ञाकारी हुने हुनुपर्छ । यो सधैँ किन परमेश्वरका अगमवक्ताहरूलाई इन्कार गरिएको थियो भन्ने जरामा भएको थियो -पाना ३१८) ।

५:४४ १७:३ को टिपोटलाई हेर्नुहोस् ।

५:४५-४७ येशूले मोशाका लेखहरू उहाँमा प्रकट भएको कुरा बताउनुभएको छ । सायद यो व्यवस्था १८:१५-२२ को सन्दर्भ हुनुपर्छ । पद ४५ मा दिइएको बाइबलको खण्ड दोष लगाउने व्यक्तित्वको रूपमा आएको छ । यसको आशय मार्गनिर्देशन गर्ने भन्नेमा थियो (लूका १६:३१) । यो इन्कार गरिएको मार्गनिर्देशन एउटा विपरित कुरा बन्दछ -गलाती ३:८-१४, २३-२९) ।

५:४६ “यदि... यदि” पद २६ को दोस्रो तहको शर्तात्मक वाक्यलाई “वास्तविकताको विपरित” भनिन्छ, जसले यो कुरा बताउँदछ, कि यहूदी अगुवाहरूले मोसाको लेखहरूलाई साँचो रूपमा विश्वास गरेनन्, र अन्तको दिनमा येशू तिनीहरूको अगुवा हुनुहुनेछ (मोशाको भविष्य सम्बन्धी कुरा, व्यवस्था १८:१५-१९ को अगमवक्ता) । पद ४७ को यदि भन्ने पहिलो तहको शर्तात्मक वाक्यले परिचय गराउँदछ, जसले साँचो हो भनेर मानिलिन्छ (एनआइभि मा त्यस समयदेखि भन्ने हुन्छ) ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको मार्गनिर्देशनको टिप्पणी हो, जसको अर्थ यो हुन्छ कि, तपाईं बाइबलको व्याख्या आफ्नै प्रकारले गर्न जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यस खण्डको मुख्य विषयहरूमा विचार गर्नलाई मद्दत प्रदान गर्दछ । तिनीहरू विचारलाई जगाउने खालका हुन्छन्, तर निश्चित हुँदैनन् ।

१. किन पद ४ लाई हाम्रा आधुनिक अनुवादहरूमा हटाइएको छ ?
२. किन येशूले यो निश्चित मानिसलाई चंगाइ गर्नुभयो ?
३. के यस मानिसको चंगाइ गर्ने भागमा विश्वासको संलग्नता थियो ? के शारीरिक चंगाइले आत्मिक चंगाइलाई लागु गर्दछ ?
४. के उसको बिरामीपन व्यक्तिगत पापसँग सम्बन्धित थियो ? के सबै बिरामीपन व्यक्तिगत पापमा सम्बन्धित छन् ?
५. किन यहूदीहरूले येशूलाई मार्न चाहेका थिए ?
६. पुरानो करारको परमेश्वरको कार्यहरूको सूची बनाउनुहोस्, जुन कुराहरू येशूमा लागु हुन्छन् ।
७. के अनन्त जीवन वर्तमान् वास्तविकता हो वा भविष्यको आशा हो ?
८. के अन्तिम न्याय कार्यहरू वा विश्वासमा आधारित छन् ? किन ?

# यूहन्ना ६ अध्याय
## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युविएस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेवि |
|---|---|---|---|---|
| पाँच हजार जनालाई खुवाउनु | पाँच हजार जनालाई खुवाउनु | पाँच हजार जनालाई खुवाउनु | येशूले पाँच हजार जनालाई खुवाउनु भएको | रोटीको आश्चर्य कर्म |
| ६:१-१५ | ६:१-१४ | ६:१-१५ | ६:१-६ | ६:१-४ |
| | | | | ६:५-१५ |
| | | | ६:७ | |
| | | | ६:८-९ | |
| | | | ६:१०-१३ | |
| | | | ६:१४-१५ | |
| पानीमा हिँड्नु | येशू समुद्रमा हिँड्नु भएको | येशू समुद्रमा हिँड्नु भएको | येशू पानीमा हिँड्नु भएको | येशू पानीमा हिँडेर उहाँका चेलाहरूकोमा आउनु भएको |
| ६:१६-२१ | ६:१५-२१ | ६:१६-२१ | ६:१६-२१ | ६:१६-२१ |
| येशू जीवनको रोटी | स्वर्गबाट आएको रोटी | येशू जीवनको रोटी | मानिसहरूले येशूलाई खोजेका | कपर्नहुमको सभाघरमा भनिएको भनाइ |
| ६:२२-३३ | ६:२२-४० | ६:२२-२४ | ६:२२-२४ | ६:२२-२७ |
| | | ६:२५-४० | येशू जीवनको रोटी | |
| | | | ६:२५ | |
| | | | ६:२६-२७ | |
| | | | ६:२८ | ६:२८-४० |
| | | | ६:२९ | |
| | | | ६:३०-३१ | |
| | | | ६:३२-३३ | |
| ६:३४-४० | | | ६:३४ | |
| | आफैले आनन्द मनाउनु | | ६:३५-४० | |
| ६:४१-५१ | ६:४१-५९ | ६:४१-५१ | ६:४१-४२ | ६:४१-५१ |
| | | | ६:४३-५१ | |
| ६:५२-५९ | | ६:५२-५९ | ६:५२ | ६:५२-५८ |
| | | | ६:५३-५८ | |
| | | | ६:५९ | ६:५९-६३ |
| अनन्त जीवनको वचन | धेरै चेलाहरू फर्केका | | अनन्त जीवनको वचन | |
| ६:६०-६५ | ६:६०-७१ | ६:६०-६५ | ६:६० | |
| | | | ६:६१-६५ | |
| | | | | ६:६४-६६ |
| | | | | पत्रुसको पश्चात्तापको विश्वास |

| | | | | |
|---|---|---|---|---|
| ६:६६-७१ | | ६:६६-७१ | ६:६६-६७ | |
| | | | | ६:६७-७१ |
| | | | ६:६८-६९ | |
| | | | ६:७०-७१ | |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)
सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु

यो अध्ययनको मार्गनिर्देशनको टिप्पणी हो, जसको अर्थ यो हुन्छ कि, तपाईं बाइबलको व्याख्या आफ्नै प्रकारले गर्न जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

एकै बसाइमा यो खण्डलाई पढ्नुहोस् । विषयहरूको पहिचान गर्नुहोस् । तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचओटा अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित हुँदैनन, तर यसमा सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदको एक वा एउटामात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## यूहन्ना ६:१-७१ को पाठगत अन्तर्दृष्टि

क. यो यूहन्नाको सुसमाचार आफैले प्रभु भोजको बारेमा कुनै पनि अभिलेख राखेको छैन, यद्यपि अध्यायहरू १३-१७ ले माथिल्लो कोठामा गरिएको प्रार्थना र कुराकानीको अभिलेख राख्दछ । यसलाई हटाउने कार्य भावनात्मक हुन सक्छ । दोस्रो शताब्दीको मण्डलीले तत्वको भावनाको अभिषेकमा हेर्नलाई सुरु गर्‍यो । तिनीहरूले उनीहरूलाई अनुग्रहको प्रकृयाको रूपमा देखे । यूहन्नाले तत्वको दृष्टिलाई येशूको बप्तिस्मा र प्रभुभोजको अभिलेख नराखेर प्रतिक्रिया जनाइरहेको हुन सक्छ ।

ख. यूहन्ना ६ अध्याय पाँच हजारलाई खुवाउने परिवेशमा छ । तरैपनि, धेरैले यसलाई प्रभु भोजको नजरमा तत्वसम्म पुग्नलाई प्रयोग गरेका छन् । यो रोमन क्याथोलिक मण्डलीको तत्व परिवर्तनको सिद्धान्त हो (पदहरू ५३-५६) ।
अध्याय ६ सँग सम्बन्ध राख्ने प्रश्नले कसरी प्रभु भोजमा सुसमाचारहरूका दोहोरो प्रकृतिलाई देखाउँछ । स्पष्टरूपमा सुसमाचारहरू येशूको वचन र जीवनसँग सम्बन्धित छन्, तरैपनि तिनीहरू शताब्दीऔं पछिमात्र लेखिएका थिए, र विश्वासीहरूको समुदायको व्यक्तिगत लेखहरूमा प्रकट गरिएका थिए । त्यसैले त्यहाँ लेखकको चाहनामा तीनवटा तहहरू छन्:
१. आत्मा
२. येशू र सुरुका श्रोताहरू
३. सुसमाचारका लेखकहरू र तिनीहरूका पाठकहरू
यसलाई कसैले कसरी व्याख्या गर्छन् ? केवल सत्य प्रमाणित गर्ने तरिका पाठगत, व्याकरणगत, शब्दगत विचार, र ऐतिहासिक परिवेशलाई जानकारी गराइन्छ, र यसको विपरितमा चाहिँ हुँदैन ।

ग.. हामीले यो कुरा संझनुपर्छ, कि दर्शक यहूदी थिए, र सांस्कृतिक पृष्ठभूमिमा मसीह उडन्ते मोशा भएर आउने कुरा रब्बीहरूले आशा गरे ( पदहरू ३०-३१), विशेषगरेर मरुभूमिको अनुभवमा ''मन्न'' जस्तै थियो । रब्बीहरूले भजनसंग्रह ७२:१६ लाई प्रमाणित पाठको रूपमा प्रयोग गर्दथे । येशूको असामान्य भनाइहरू (पदहरू ६०-६२) को आशय भीडको झुटो मसीहिय आशालाई प्रभावहीन पार्नु थियो (पदहरू १४-१५) ।

घ. सुरुका मण्डलीका पिताहरू यस कुरामा सहमत भएनन्, कि यो खण्डले प्रभु भोजको बारेमा बताउँछ भनेर । अलेक्जान्ड्रियाका क्लेमेन्ट, ओरेगन र युसिबियसले यो खण्डमा प्रभु भोजको बारेमा तिनीहरूको छलफलमा कहिल्यैपनि उल्लेख गरेनन् ।

ङ यो खण्डको अलंकारलाई यूहन्ना ४ अध्यायमा ''इनारमा आएकी स्त्री''सँगै येशूका उही वचनहरूमा प्रयोग गरियो । सुरुको पानी र रोटीलाई अनन्त जीवन र आत्मिक वास्तविकताको अलंकारको रूपमा प्रयोग गरियो ।

च. यो रोटीलाई वृद्धि गर्ने अनौठो कार्य केवल सबै चारवटा सुसमाचारहरूमा लेखिएका छन् (मत्ती १४:१३-२१; मर्कूस ६:३२-४४; लूका ९:१०-१७)।

छ. माइकल म्यागिलले कपर्नहुममा सम्बन्धित रहेका विविध समुदाय र तिनीहरूको येशूसँगको झट्का लाग्ने वचनको सम्बन्धमा चाखलाग्ने अवलोकन गरेका छन् ।

१. भीड, पद २४

२. यहूदीहरू, पदहरू ४१,५२

३. चेलाहरू, पदहरू ६०,६६

४. १२ जना, पद ६७

येशूले प्रभावकारी सेवकाइ गर्नुभएको

१. उहाँलाई राजा बनाउन कोसिस गर्ने कार्यबाट भीडले रोकेको, किनकि उहाँले तिनीहरूलाई खुवाउनु भयो (६:१५)

२. उहाँको पूर्ण व्यक्तिगत दावीलाई यहूदी अगुवाहरूले चुनौती दिएका

३. वरिपरिका धेरै जना पछ्याउनेहरूलाई छोड्ने तुल्याइएको

४. १२ जनाको भागको विश्वासको गहिराइलाई र निरन्तर भनाइलाई निकालिएको (६:६८-६९)

## शब्द र वाक्यांशको अध्ययन

### नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:१-१४

यी कुरापछि येशू गालील, अर्थात् तिबेरियास समुद्रको पारीपट्टी जानुभयो । अनि एउटा ठूलो भीड उहाँको पछि लाग्यो, किनभने उहाँले रोगीहरू माथि गर्नुभएका चिन्हहरू तिनीहरूले देखेका थिए । येशू डाँडामाथि जानुभयो, र आफ्ना चेलाहरूसँग त्यहाँ बस्नुभयो । यहूदीहरूको चाड, अर्थात् निस्तार चाड नजिक थियो । तब येशूले आफ्ना चारैतिर हेर्दा एउटा ठूलो भीड आफूकहाँ आइरहेको देखेर फिलिपलाई भन्नुभयो, "यिनीहरूलाई खुवाउनको लागि हामीले कहाँबाट रोटी किन्ने ?" उहाँले तिनको जाँच गर्नलाई यो भन्नुभएको थियो, किनभने उहाँले जे गर्न लाग्नुभएको थियो, सो उहाँलाई थाहा थियो । फिलिपले उहाँलाई जवाफ दिए, "प्रत्येकले अलि-अलि पाए तापनि दुई सय चाँदीका सिक्काको रोटीले तिनीहरूलाई पुग्ने छैन ।" उहाँले चेलाहरूमध्ये एकजना, सिमोन पत्रुसका भाइ अन्द्रियासले भने, "यहाँ एउटा ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुई माछा छन् । तर यति धेरैका निम्ति यतिले के पुग्ला र ?" येशूले भन्नुभयो, "मानिसहरूलाई बस्न लाओ ।" त्यहाँ धेरै घाँस भएको चउर थियो । तब प्रायः पाँच हजार पुरुषहरू त्यहाँ बसे । तब येशूले रोटी लिनुभयो, र परमेश्वरलाई धन्यवाद चढाउनुभएपछि बस्नेहरूलाई बाँडिदिनुभयो, र त्यसै गरी माछा पनि बाँडिदिनुभयो । तिनीहरूले चाहेजति खाए । अनि जब तिनीहरूले भरपेट खाए, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "उब्रेका टुक्राहरू बटुल र केही नष्ट नहोस् ।" खानेहरूले उबारेका जौका ती पाँच रोटीका टुक्राहरू तिनीहरूले बटुले र १२ डाला भरे । यसकारण उहाँले गर्नुभएको यो चिन्ह देखेर ती मानिसहरूले भने, "संसारमा आउने अगमवक्ता साँच्चै उहाँ नै हुनुहुँदोरहेछ ।"

६:१ येशू गालील, अर्थात् तिबेरियास समुद्र" त्यो पानीको भागलाई अन्य विविध नाउँहरूले चिनिन्थ्यो । पुरानो करारमा यसलाई किन्नरेत झील भनेर भनिन्थ्यो (गन्ती ३४:११) । यसलाई लूका ५:१ मा गनेसरेत झील भनेर चिनियो, र यसलाई रोमी नाउँमा तिबरियासको समुद्र भनियो । लेखकको अर्को सम्पादकीय टिप्पणीमा लघु कोष्ठक हुन्छ । यसले यो कुरा देखाउँदछ कि, यूहन्नाको सुसमाचार प्यालेष्टाइन भन्दा बाहिरका मानिसहरूको लागि थियो )६:४,६,६४,७१) ।

६:२ किन त्यो भीडले उहाँलाई पछ्यायो भन्ने कारणलाई याद गर्नुहोस्।

६:३ येशूले उहाँको आवाजलाई देखाउनको लागि पानी र डाँडालाई प्राकृतिक माइकको रूपमा प्रयोग गर्नुभयो । उहाँ "बस्नु भयो" भन्ने वास्तविकताले यस्तो कुरा देखाउँछ, कि यो उहाँका चेलाहरूको निम्ति सिकाउने औपचारिक समय थियो । कसैले यसमा अचम्म मान्नुपर्छ कि यदि पहाडहरूले मत्ती ५-७ अध्यायहरूमा दिइएको मोशाको परिवेशलाई याद दिलाउनुपर्ने भन्ने अर्थ हुन्थ्यो ।

यी ठूला सिकाउने समयहरूमा, कतिचोटी येशूले त्यो भीडको फरक समूहहरूलाई बताउने गर्नुहुन्थ्यो । उहाँको गोडा बरिपरि घेरा लगाउँदा, त्यहाँ उहाँका नजिकका चेलाहरू हुने गर्थे । तिनीहरूभन्दा पनि टाढाको उत्सुकतामा त्यस देशका धनी र सामान्य मानिसहरू र स-साना समूहहरूमा धार्मिक अगुवाहरू हुने गर्थे (फरिसीहरू, स्काइबहरू, सदुकीहरू, र सम्भवत् इस्सेन्सहरू पनि हुने गर्थे) ।

६:४ "यहूदीहरूको चाड, अर्थात् निस्तार-चाड नजिक थियो" येशूको सार्वजनिक सेवकाइलाई निर्धारण गर्ने एउटा मात्र तरिका यूहन्नाको सुसमाचारमा बताइएको निस्तार चाड हो -पहिलो २:१३; दोस्रो ६:४; तेस्रो ११:५५ र १३:१) । यदि यूहन्ना ५:१ ले निस्तार चाडको बारेमा बताउने भन्दा पनि हामीसँग कमसेकम साढे तीन वा चार वर्षको सार्वजनिक सेवकाइको कुरा छ । हामीलाई येशू खीष्टको जीवनको बारेमा थाहा नभएको धेरै कुराहरू छन् (२०:३०, २१:२५) ।.

६:६ "उहाँले तिनको जाँच गर्नलाई यो भन्नुभएको थियो" यहाँ "जाँच" गर्नु भन्ने हिब्रू परिवेश -पेइराजक) को निम्ति यसले सामान्यतया दुष्ट भनाइ ल्याउँदछ -विशेष शिर्षकको निम्ति १ यूहन्ना ४:१ र मत्ती ४:१ लाई हेर्नुहोस्) । यो एउटा असल नमुना देखाएर आधुनिक अनुवादकर्ताहरूले नयाँ करारका शब्दहरूलाई एउटै परिभाषामा राख्ने कोसिस गरेका छन् । कोइने ग्रीकले धेरै व्याकरणगत र भाषागत फरकपनामा शास्त्रीय ग्रीकलाई लिएका छन् (५:२० को टिपोटलाई हेर्नुहोस्) ।

येशूले फिलिपलाई जाँच गर्दैहुनुहुन्थ्यो, तर कसरी ?

१. उनको विश्वासमा येशू दिने व्यक्तिको रूपमा ?

२. पुरानो करारको उनको ज्ञानमा ?

३. भीडको निम्ति उनको हेरचाह र वास्ता ?

६:७

नासाब, एनकेजेभि, जेबि ‘‘दुईसय दिनारी मुल्य पर्ने’’

एनआरएसभि ‘‘६ महिनाको ज्याला’’

ाटइभि ‘‘दुईसय चाँदीका सिक्काहरू’’

एक दिनारी एकजना भरिया र सिपाहीको निम्ति एक दिनको ज्याला थियो (मत्ती २०:२) । यो कमाइ एक वर्षभरिको ज्यालाको दुई-तिहाइ भाग भएको हुनु पर्दथ्यो ।

## विशेष शिर्षक: प्यालेष्टाइनमा येशूको समयमा प्रयोग गरिएका सिक्काहरू

अ. तामाका सिक्काहरू

क. चेर्मा - थोरै मुल्यको (यूहन्ना २:१५)

ख. चाल्कोस - थोरै मुल्यको -मत्ती १०:९; मर्कूस १२:४१)

ग. एस्सरियन - एउटा रोमी तामाको सिक्का जसको मुल्य एक दिनारी बरावर १/१६ औं भाग (मत्ती १०:२९)

घ. कोद्रान्टेस - एउटा रोमी तामाको सिक्का जसको मुल्य एक दिनारी बरावर १/६४ औं भाग (मत्ती ५:२६)

ङ. लेप्टोन - एउटा यहूदी तामाको सिक्का जसको मुल्य एक दिनारी बरावर १/१२८ औं भाग -मर्कूस १२:४२; लूका २१:२)

च. क्वाड्रान्स/फार्थिङ - एउटा रोमी तामाको सिक्का जसको मुल्य एकदमै थोरै हुने

आ. चाँदीका सिक्काहरू

क. आरगुरोस (चाँदीको सिक्का) - तामा वा काँसको सिक्काभन्दा धेरै मुल्य हुने -मत्ती १०:९; २६:१५)

ख. दिनारी - एउटा रोमी चाँदीको सिक्का, जसको मुल्य एक दिनको ज्याला बराबर हुने -मत्ती १८:२८; मर्कूस ६:३७)

ग. ड्राकेम - एउटा ग्रीक चाँदीको सिक्का, जसको मुल्य एक दिनारी बराबर हुने (लूका १५:९)

घ. डि-ड्राकेमोन - एउटा दोहोरी ड्राकामस, जसको मुल्य यहूदी आधी सेकेल बराबर हुने (मत्ती १७:२४)

ङ. स्टाटर - एउटा चाँदीको सिक्का जसको मुल्य चार दिनारी बराबर हुने (मत्ती १७:२७)

इ. सुनका सिक्काहरू - कोरुसोस (‘‘सुनका सिक्काहरू’’) - धेरै मुल्यवान सिक्काहरू (मत्ती १०:९)

ई. धातुका तौलको निम्ति सामान्य परिवेशहरू

क. मना - ल्याटिन मिना, एउटा धातुको तौल, जसको मुल्य १०० दिनारी बराबर हुने (लूका १९:१३)

ख. टालान्टोन - तौलको एउटा ग्रीक इकाई (मत्ती १८:२४; २५:१५,१६,२०,२४,२५,२८)

१. चाँदीको मुल्य ६,००० दिनारी

२. सुनको मुल्य १८०,००० दिनारी

ग. शेकेल - पुरानो करारको चाँदीको यहूदी तौल -उत्पत्ति २३:१५; ३७:२८; प्रस्थान २१:३२)

१. पास्म - २/३ शेकेल

२. बेका - आधी शेकेल

३. गेरा - १/२० शेकेल

ठूला इकाईहरू

१.मानेह - ५० शेकेलहरू

२. किकार - ३,००० शेकेलहरू

६:८-९ ‘‘अन्द्रियास, सिमोन पत्रुसको भाइ’’ यो परिवेशमा येशूको व्यक्तित्व र भरोसा गर्ने दक्षतामा अन्द्रियासको सामान्य विश्वासको सुन्दर तस्विर जस्तै आउँदछ ।

६:९ ‘‘जौका रोटीहरू’’ यसलाई अत्यधिक सस्तो र कम चाहना गरिएको रोटीको रूपमा लिइन्थ्यो । यो गरीब मानिसहरूको खाना थियो । येशूले महंगो खाना प्रदान गर्नको निम्ति उहााको शक्तिलाई प्रयोग गर्नुभएन ।

६:१० ‘‘मानिसहरूलाई बस्न लाओ’’ सामान्यतया यो संस्कृतिका मानिसहरूले खाने बेलामा भूँइमा बस्थे वा “U” आकारको टेवलको वरिपरि बस्थे ।

- “त्यहाँ धेरै घाँस भएको चउर थियो’’ यो आफ्नै आँखाले देखेको प्रेरितिय (सम्पादकीय) टिप्पणी थियो ।
- ‘‘तब प्रायः पाँच हजार पुरुषहरू त्यहाँ बसे’’ यो साँचो रूपमा ‘‘पाँच हजार जनालाई खुवाउनु’’ भन्ने नमिल्दो नाउँ थियो, किनकि स्पष्टरूपमा त्यहाँ त्यो दिनमा धेरै मानिसहरू थिए । पाँच हजार जना भन्ने पूर्ण संख्या हो, र यसले उमेर पुगेका मानिसहरूलाई बताउँदछ (जस्तैः १३ वर्ष भन्दा माथिका), र यसमा महिला र बालबालीकाहरूलाई समावेश गरिएको छैन (मत्ती १४:२१) । तरैपनि, यो कुरा अनिश्चित छ, कि कति धेरै महिला र बालबालीका त्यस भोजनमा समावेश भएका थिए -मत्ती १४:२१) ।

६:११ ‘‘र परमेश्वरलाई धन्यवाद चढाउनुभएपछि बस्नेहरूलाई बाँडिदिनुभयो’’ यो बढाउने आश्चर्यकर्म येशूको आफ्नै हातले गरेको हुनुपर्छ । येशूको मसिहिय आशाको यो परिवेशमा, यो घटनामा आशा गरिएको चिन्ह यो थियो, कि मोशाले मन्न प्रदान गरेझैं येशूले खाना प्रदान गर्नुभयो ।

"धन्यवाद दिनु" भन्ने ग्रीक परिवेश (युखारिष्ट) लाई पछि गएर प्रभु भोज भन्ने नाउँ दिइयो (१ कोरिन्थी ११:२३-२४) । के यूहन्नाले यहाँ यसलाई भविष्यसँगको विचारको परिभाषामा प्रयोग गरे ? अन्य सुसमाचारहरू जहाँ प्रभु भोजको संकेत नदिइएकोमा फरक परिवेशमा प्रयोग गरिन्छ (इयुलोग, मत्ती १४:१९; मर्कूस ६:४१) । तिनीहरूले "युखारिष्ट" भन्ने परिवेशलाई प्रयोग गर्छन् (मत्ती १५:३६; मर्कूस ८:६; लूका १७:१६; १८:११), तर अन्तिम भोजको परिवेशको निरन्तररूपमा चाहिँ होइन । तिनीहरूले उही परिवेशलाई वर्णन गर्न येशूको माथिल्लो कोठामा भएको धन्यवाद दिने प्रार्थनालाई प्रयोग गर्छन् ( मत्ती २६:२७; मर्कूस १४:२३; लूका २२:१७-१९) । त्यसकारण, यसको प्रयोग एकरूपतामा नभएको कारणले गर्दा, यूहन्नाले उनको संकेतलाई धेरै विशिष्ट रूपले बनाउने खाँचोलाई देखेको हुनुपर्छ, यदि पछिका पाठकहरूले यसलाई प्रभु भोजको परिवेशको व्याख्यामा अर्थ दिएको हुनुपर्छ ।

६:१२ "हराएको" १०:१० मा दिइएको अपोलुमी भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

६:१३ "तिनीहरूले बटुले र बाह्र डाला भरे" यहाँ "डाला" भन्ने परिवेशले ठूलो किसिमको टोकरी भन्ने बताउँदछ । यो पनि महत्वपूर्ण छ, कि येशूले वृद्धि गर्नुभएको खानालाई नष्ट गर्ने चाहना राख्नुहुन्थ्यो । नत उहाँले रोटीको प्रकृति वा किसिमलाई नै परिवर्तन गर्ने चाहना राख्नुहुन्थ्यो ।

के यो "बाह्रजना" भन्ने परिवेशको कुनै साङ्केतिक महत्व छ ? यसमा निश्चित हुनु अति नै कठिनाइ हुन्छ । यसलाई इस्राएलको जाति (येशू पुरानो करारमा संतुष्ट हुनुहुने) को सन्दर्भको रूपमा व्याख्या गरिएको छ वा प्रत्येक चेलाको निम्ति एक डाला हुने कुरा गरिएको छ (येशूले उहाँका चेलाहरूको निम्ति प्रदान गर्ने र संतुष्ट हुने), तर यो सारांशमा भएको प्रत्यक्ष नजरको कुरा हुन सक्छ (पद १९ जस्तै) ।

## विशेष शिर्षक: बाह्र जनाको संख्या

बाह्र जनाको संख्या सधैं संगठनको साङ्केतिक संख्या भएको छ,

क. बाइबलभन्दा बाहिर
- १. जोडियाकको बाह्रवटा चिन्हहरू
- २. एक वर्षको बाह्र महिना

ख. पुरानो करारमा -विडिवि १०४० प्लस ७९७)
- १. याकूबका छोराहरू (यहूदी जातिहरू)
- २. देखाइएको
  - क. वेदीका बाह्रओटा खम्बाहरू, प्रस्थान २४:४
  - ख. महान् पूजाहारीका छातीको पाताका बाह्रओटा गरगहनाहरू (जुनचाहिँ बाह्रओटाको निम्ति उभिनु), प्रस्थान २८:२१
  - ग. परमेश्वरको बास हुने पवित्र स्थानको बाह्रओटा रोटीहरू, लेबी २४:५
  - घ. कनानमा पठाइएका बाह्रजना जासुसहरू, गन्ती १३ अध्याय (प्रत्येक जातिबाट एकजना)
  - ङ. कोरहको बिद्रोहका बाह्रओटा लौराहरू (जातिय मापदण्ड) गन्ती १७:२
  - च. यहोशूका बाह्रओटा ढुंगाहरू, यहोशू ४:३,९,२०
  - छ. सोलोमनको प्रशासनमा बाह्रवटा प्रशासकीय जिल्लाहरू, १ राजा ४:७
  - ज. यहोवाको एलियाको वेदीका बाह्रओटा ढंगाहरू, १ राजा१८:३१

ग. नयाँ करारमा
- १. बाह्रजना चेलाहरू छानिएका
- २. बाह्र डाला रोटीहरू (प्रत्येक चेलाको निम्ति एक डाला), मत्ती १४:२०
- ३. नयाँ करारका चेलाहरू बस्ने बाह्रओटा सिंहासनहरू (इस्राएलका बाह्र जातिहरूलाई देखाइएको), मत्ती १९:२८
- ४. येशूलाई उद्धार गर्ने बाह्र जनाको समूह, मत्ती २६:५३
- ५. प्रकाशको संकेत
  - क. ४:४ मा दिइएको २४ सिंहासनको २४ जना एल्डरहरू
  - ख. १४४,००० (१२x१२,०००), ७:४; १४:१,३
  - ग. महिलाको मुकुटको बाह्रओटा ताराहरू, १२:१
  - घ. बाह्रओटा ढोकाहरू, २१:१२ मा दिइएका बाह्र जातिहरूलाई देखाउने बाह्रजना स्वर्गदूतहरू
  - ङ. नयाँ यरुशलेमको बाह्रओटा ढुंगाहरूको जग, २१:१४
  - च. बाह्र हजार जनाको समूह, २१:१६ (नयाँ सहरको आकार, नयाँ यरुशलूम)
  - छ. पैंसट्ठी मिटरको पर्खाल, २१:१७
  - ज. मोतीका बाह्रओटा ढोकाहरू, २१:२१
  - झ. नयाँ यरुशलेमको रूखहरूमा १२ किसिमका फलहरू (हरेक महिनाको निम्ति एउटा फल), २२:२

६:१४ "अगमवक्ता" यो व्यवस्था १८:१५-२२ मा दिइएको मसीहिय सन्दर्भको संकेत हो -प्रेरित ३:२२; ७:३७) । त्यो भीडले येशूको शक्तिलाई पहिचान गर्‍यो, तर उहाँको मिसन र चिन्हहरूलाई गलत प्रकारले बुझ्यो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:१५

"तिनीहरू आएर उहाँलाई बलजफतीसँग लगी राजा बनाउन खोज्दैछन् भन्ने थाहा पाएर येशू, फेरी एक्लै डाँडामा जानुभयो ।"

६:१५ येशूको मसिहिय आश्चर्यकर्मद्वारा भोजन प्रदान गरिएकोमा भीड उत्तेजित थियो । यो पदले मत्ती ४:३ मा दिइएको दुष्ट चाहिँको परीक्षालाई सम्बन्ध राख्न सक्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:१६-२१

"साँझ परेपछि उहाँका चेलाहरू समुद्रतिर गए, र डुङ्गामा चढेर तिनीहरू समुद्र पारी कफर्नहुमतिर जाने लागे । त्यस बेला अँध्यारो भएको थियो, र येशू अझसम्म तिनीहरूकहाँ आउनुभएको थिएन । अनि ठूलो बतास चलेकोले, समुद्रको छाल उर्लन लाग्यो । पाँच-छ किलोमिटर डुङ्गा खियाएर गएपछि, तिनीहरूले येशूलाई समुद्रमाथि हिँडेर डुङ्गाको नजिक आइरहनुभएको देखे, अनि तिनीहरू डराए । तर उहाँले तिनीहरूलाई भन्नुभयो, 'म हुँ नडराओ ।' तिनीहरूले उहाँलाई खुशीसाथ डुङ्गामा राखे, र तिनीहरू गइरहेको ठाउँमा डुङ्गा तुरुन्तै आइपुग्यो ।"

६:१७ "कफर्नहुम" यो स्थान येशूको गालीलको सेवकाइमा केन्द्रिय कार्यालय थियो, उहाँको गृहनगर नासरतमा अविश्वासको कारणले यस्तो कार्य भयो ( लूका ४:२८-२९) ।

६:१९ "पाँच-छ किलोमिटर डुङ्गा खियाएर गएपछि" तिनीहरू झीलको करिब आधीबाटो पुगिसकेका थिए, जब येशू पानीमाथि हिँडेर तिनीहरूतर्फ आउनु भयो । मत्तीले यो भनाइलाई पत्रुस पनि पानीमा हिँडेर उहाँतर्फ आएको कुरालाई विस्तार गरेका छन् ।

} "अनि तिनीहरू डराए" यी चेलाहरूले अझै येशूलाई यस धर्तीको मापदण्डमा अनुमान गरिरहेका थिए । ती चेलाहरूको भयलाई मर्कूस ६:४९ मा प्रकट गरिएको छ । यी सबै "संकेतहरू"को सामूहिक तौलले तिनीहरूलाई उहाँ को हुनुहुन्थ्यो भन्ने कारणहरूमा बल प्रदान गर्दछ ।

६:२० "म हुँ नडराओ" यसको शाब्दिक अर्थ (एग इमी) "म हुँ" भन्ने हुन्छ (४:२६; ८:२४,२८,५४-४९; १३:१९; १८:५-६), जसले पुरानो करारको संझौताको नाउँलाई वा प्रस्थान ३:१२-१५ को यहोवालाई देखाउँदछ । येशू दृश्य "म हुँ" भन्ने हुनुहुन्छ, परमेश्वरको पूर्ण आत्म-प्रकाश, र परमेश्वरको सत्य र एकमात्र पुत्रको अवतारित लोगोस वा वचन हुनुहुन्छ । तलको विशेष शिर्षकको निम्ति घ लाई हेर्नुहोस् ।

## विशेष शिर्षकः परमेश्वरको निम्ति दिइएका नाउँहरू

क. एल (बिडिबि ४२, केबि ४८)

१. परमेश्वरको नाउँको निम्ति उत्पन्न भएको ईश्वरत्व भन्ने परिवेश अनिश्चित छ, यद्यपि धेरै विद्वानहरूले यसलाई अक्काडियन जराबाट आएको "बलियो हुनु" वा "शक्तिशाली हुनु" भन्ने कुरामा विश्वास गर्छन् (उत्पत्ति १७:१; गन्ती २३:१९; व्यवस्था ७:२१; भजनसंग्रह ५०:१)।

२. कनानीहरूको धेरै ईश्वरवादमा महान् ईश्वरलाई एल भनिएको छ (रास सामराको पाठ)

३. सामान्यतया बाइबलमा एललाई अन्य परिवेशहरूसँग मिसाइएको हुँदैन । यी मेलहरू परमेश्वरलाई चित्रित गर्ने उपाय बन्दछन् ।

क. एल-एलयोन (उच्चमा रहनुहुने परमेश्वर, बिडिबि ४२ र ७५१), उत्पत्ति १४:१८-२२; व्यवस्था ३२:८; यशैया १४:१४

ख. एल-रोय ("परमेश्वर जसले देख्नुहुन्छ" वा "परमेश्वर जसले आफैलाई प्रकट गर्नुहुन्छ," बिडिबि ४२ र ९०९), उत्पत्ति १६:१३

ग. एल-सद्दाइ ("सर्बोच्चको परमेश्वर" वा "सम्पूर्ण दयाको परमेश्वर" वा "उच्चमा रहने परमेश्वर," बिडिबि ४२ र ९९५), उत्पत्ति १७:१; ३५:११; ४३:४; ४९:२५; प्रस्थान ६:३

घ. एल-ओलाम (अनन्तको परमेश्वर, बिडिबि ४२ र ७६१), उत्पत्ति २१:३३ । यो परिवेश दाऊदलाई परमेश्वरले गरेको प्रतिज्ञामा ईश्वरशास्त्रीय रूपमा जोडिएको छ, २ शमूएल ७:१३,१६

ङ. एल बेरित -"करारको परमेश्वर," बिडिबि ४२ र १३६), न्यायकर्ता ९:४६

४. एललाई निम्न कुराहरूमा समानतामा राखिन्छः

क. यहोवा, भजनसंग्रह ८५:८; यशैया ४२:५

ख. एलोहिम, उत्पत्ति ४६:३; अयूब ५:८, "म एल हुँ, तपाईंको पिताको एलोहिम"

ग. सद्दाइ, उत्पत्ति ४९:२५

घ. "डाही" प्रस्थान ३४:१४; व्यवस्था ४:२४; ५:९; ६:१५

ङ. कृपा, व्यवस्था ४:३१; नहेम्याह ९:३१

च. "महान् र डरलाग्दो," व्यवस्था ७:२१; १०:१७; नहेम्याह १:५; ९:३२; दानिएल ९:४

छ. "ज्ञान," १ शमूएल २:३

ज. "मेरो बलियो शरणस्थान" २ शमूएल २२:३३

झ. "मेरो बदला लिने" २ शमूएल २२:४८

ञ. "पवित्र चाहिँ" यशैया ५:१६

ट. "शक्तिशाली" यशैया १०:२१
ठ. "मेरो मुक्तिदाता" यशैया १२:२
ड. "महान् र शक्तिशाली" यर्मिया ३२:१८
ढ. "दण्ड पाउनुपर्ने" यर्मिया ५१:५६
५. यहोशू २२:२२ मा पाइएको परमेश्वरको निम्ति पुरानो करारको सबै मुख्य नाउँहरूको मिसावट -एल, एलोहिम, यहोवा, दोहोरिएको)

ख. एलयोन (बिडिबि ७५१, केबि ८३२)
१. यसको आधारभूत अर्थ "उच्च," "उचालिएको" वा "माथि उठाइएको" भन्ने हुन्छ -उत्पत्ति ४०:१७; १ राजा ९:८; २ राजा १८:१७; नहेम्याह ३:२५; यर्मिया २०:२, ३६:१०; भजनसंग्रह १८:१३)।
२. यसलाई परमेश्वरको शिर्षकको निम्ति अन्य धेरै नाउँहरूको भावनामा समानान्तर रूपमा प्रयोग गरिन्छ।
क. एलोहिम - भजनसंग्रह ४७:१-२; ७३:११; १०७:११
ख. यहोवा - उत्पत्ति १४:२२; २ शमूएल २२:१४
ग. एल सद्दाइ - भजनसंग्रह ९१:१,९
घ. एल - गन्ती २४:१६
ङ. एलाह - दानिएल २-६ र एज्रा ४-७ मा कतिचोटी प्रयोग गरिएको र प्रदुषणसँग जोडिएको (आरमाइकको निम्ति "उच्च परमेश्वर") दानिएल ३:२६; ४:२; ५:१८,२१
३. यसलाई कतिचोटी गैह्र-इस्राएलीहरूले प्रयोग गर्छन्।
क. मल्किसेदेक, उत्पत्ति १४:१८-२२
ख. बालाम, गन्ती २४:१६
ग. मोशा, व्यवस्था ३२:८ मा दिइएको राष्ट्रहरूको लागि बताउनु
घ. नयाँ करारमा लूकाको सुसमाचार, अन्य जातिहरूलाई लेख्नु, ग्रीक समानान्तर हुप्सिस्टोसलाई पनि प्रयोग गर्नु (१:३२,३५,७६; ६:३५; ८:२८; प्रेरित ७:४८; १६:१७)

C. एलोहिम (बहुवचन), एलोहा -एकवचन), सामान्यतया कवितामा प्रयोग गरिएको (बिडिबि ४३, केबि ५२)
१. यस परिवेशलाई पुरानो करारभन्दा बाहिर प्राप्त गर्न सकिदैन।
२. यस वचनलाई इस्राएलको परमेश्वर वा राष्ट्रहरूको ईश्वरको रूपमा देखाउन सकिन्छ (प्रस्थान १२:१२; २०:३)। अब्राहामको परिवार ले पनि धेरै देवी-देवताहरूलाई मान्ने गर्दथे (यहोशू २४:२)।
३. यसले इस्राएली न्यायकर्ताहरूलाई बताउन सक्छ -प्रस्थान २१:६; भजनसंग्रह ८२:६)।
४. एलोहिम भन्ने परिवेशलाई व्यवस्था ३२:८; भजनसंग्रह ८:५; अयूब १:६; ३८:७ जस्तै अन्य आत्मिक व्यक्तिहरू (स्वर्गदूतहरू र शैतानहरू) सँग पनि प्रयोग गरिन्छ।
५. यसलाई बाइबलमा परमेश्वरको निम्ति (उत्पत्ति १:१) पहिलो शिर्षकको नाउँ दिइएको छ। यसलाई स्पष्टरूपमा उत्पत्ति २:४ सम्म प्रयोग गरिएको छ, जहाँ यसलाई यहोवासँग जोडिएको छ। सामान्यतया यसले ईश्वरशास्त्रीय रूपमा परमेश्वर सृष्टिकर्ता, पालन कर्ता, यस धर्तीमा भएका सबै जीवनलाई प्रदान कर्ता हुनुहुन्छ (भजनसंग्रह १०४)।
यो एल सँगैको उस्तै भनाइ हो (व्यवस्था ३२:१५-१९)। यो भजनसंग्रह १४ (एलोहिम) को, भजनसंग्रह ५३ (यहोवा) को जस्तै यहोवाको समानान्तरमा हुन सक्छ, र अलौकिक नाउँहरूलाई परिवर्तन गर्नुभन्दा बाहेकको हुन्छ।
६. यद्यपि अन्य ईश्वरहरूलाई बहुवचनमा प्रयोग गरिए तापनि यो परिवेशले इस्राएलका परमेश्वरलाई बताउँदछ, तर सामान्यता यसको एकवचनको क्रियामा एकल ईश्वरलाई देखाउन प्रयोग गरिन्छ।
७. यो परिवेशको नाउँको रूपमा ईश्वरको निम्ति गैह्र-इस्राएलीको मुखमा पाइएको छ।
क. मल्किसेदेक, उत्पत्ति १४:१८-२२
ख. बालाम, गन्ती २४:२
ग. मोशा, व्यवस्था ३२:८ मा दिइएको राष्ट्रहरूको लागि बताउनु, व्यवस्था ३२:८
८. यो कुरा अनौठोलाग्दो छ, कि इस्राएलका परमेश्वरको एकल साझा नाउँलाई बहुवचनमा भनिएको छ ! यद्यपि त्यहाँ कुनै निश्चयता नभए तापनि यहाँ केही सिद्धान्तहरू दिइएका छन्।
क. हिब्रूमा धेरै बहुवचन छन्, र यसलाई कतिचोटी जोड दिनको निम्ति प्रयोग गरिन्छ। यसलाई नजिकमा सम्बन्ध राख्दा पछिबाट आएको हिब्रू व्याकरणीय संरचनालाई "सर्बोच्चताको बहुवचन" भनेर भनिन्छ, जहाँ बहुवचनलाई विचारलाई देखाउनको लागि प्रयोग गरिन्छ।
ख. यसले स्वर्गदूतको परिषद्लाई देखाउन सक्छ, जसलाई परमेश्वरले स्वर्गमा भेट्न सक्नुहुन्छ, र जसले उहाँको मौकामा कार्य गर्दछन् (१ राजा २२:१९-२३; अयूब १:६; भजनसंग्रह ८२:१; ८९:५,७)।
ग. यो कुरा पनि संभव छ, कि यसले नयाँ करारको प्रकाशमा तीनवटा व्यक्तित्वको एउटा परमेश्वरलाई देखाउँदछ। उत्पत्ति १:१ मा परमेश्वरले सृष्टि गर्नुहुन्छ; उत्पत्ति १:२ मा आत्माले परिभ्रमण गर्नुहुन्छ, र नयाँ करारबाट येशू परमेश्वर पिताको कर्ता हुनुहुन्छ (यूहन्ना १:३,१०; रोमी ११:३६; १ कोरिन्थी ८:६; कलस्सी १:१५; हिब्रू १:२; २:१०)।

घ. यहोवा (बिडिबि २१७, केबि ३९४)

१. यो नाउँ हो, जसले ईश्वरलाई करार-बाँध्ने परमेश्वर, मुक्तिदाता परमेश्वर र छुटकारा दिने परमेश्वरको रूपमा देखाउँदछ। मानिसले करारलाई तोड्दछन्, तर परमेश्वर उहाँको वचनमा, प्रतिज्ञामा र करारमा इमानदार हुनुहुन्छ -भजनसंग्रह १०३)।

यो नाउँ पहिला उत्पत्ति २:४ मा एलोहिमसँगै मिलापमा बताइएको छ। त्यहाँ उत्पत्ति १ र २ अध्यायहरूमा दुईवटा सृष्टिको वर्णनलाई दिइएको छैन, तर दुईवटा जोड दिइएको छः १) परमेश्वर यस ब्रम्हाण्डको सृष्टिकर्ताको रूपमा (शारीरिक) र २) परमेश्वर मानव जातिको विशेष सृष्टिकर्ताको रूपमा। उत्पत्ति २:४-३:२४ ले मौकाको स्थान र मानव जातिको उद्देश्यको निम्ति विशेष प्रकाशको बारेमा सुरु गर्नुको साथसाथै पापको समस्या र अनौठो स्थानसँगैको बिद्रोही भावनालाई सम्बन्धित गर्दछ।

२. उत्पत्ति ४:२६ मा यसो भनिएको छ, "त्यस समयदेखि मानिसले परमप्रभुका नाउँको पुकारा गर्न सुरु गरे" (यहोवा)। तरैपनि, प्रस्थान ६:३ ले सुरुका करारका मानिसहरूलाई लागु गर्दछ (प्याट्रियार्क र तिनीहरूका परिवारहरू), र परमेश्वरलाई एल-सद्दाइको रूपमा जानकारी पाए। यहोवा भन्ने नाउँ प्रस्थान ३:१३-१६ वा विशेषगरेर पद १४ मा मात्र वर्णन गरेको पाइन्छ। तरैपनि, मोशाका लेखहरूमा कतिचोटी प्रचलिन शब्दहरूबाट वचनलाई व्याख्या गरेको पाइन्छ, तर शब्दको इतिहासमा भने होइन (उत्पत्ति १७:१; २७:३६; २९:१३-३५) त्यहाँ यो नाउँको अर्थमा धेरै सिद्धान्तहरू आएका छन् (आइबिडिबाट लिइएको, इकाई २, पानाहरू ४०९-११)

क. अरबी जराबाट, "निरन्तर प्रेम देखाउनु" भन्ने हुन्छ।

ख. अरबी जराबाट, "फुक्नु" भन्ने हुन्छ (यहोवा आँधिबेहरीको परमेश्वरको रुपमा)।

ग. कनानी उग्रटिक जराबाट "बोल्नु" भन्ने हुन्छ।

घ. फोनिसी हस्तलेखनबाट, एउटा कारक कृदन्तको अर्थ "त्यो व्यक्ति हो, जसले निर्वाह गर्छ" वा "त्यो व्यक्ति हो, जसले स्थापना गर्छ" भन्ने हुन्छ।

ङ. हिब्रूको काल स्वरुपबाट "त्यो चाहिँ जो हुन्छ" वा "त्योचाहिँ जो उपस्थित छ (भविष्यको भावनामा, "त्यो चाहिँ जो हुनेछ") भन्ने हुन्छ।

च. हिब्रूको हिफाएल स्वरुपबाट "त्यो व्यक्ति हो, जसले बनाउने काम गर्दछ" भन्ने हुन्छ।

छ. प्रस्थान ३:१३-१६ को परिवेशबाट अशिद्ध स्वरुपबाट सिद्ध भावनामा हुने कार्य, "म जस्तो हुनुपर्ने हो, त्यस्तै कार्यलाई निरन्तरता दिन्छु" वा "मैले त्यस्तै हुनको लागि निरन्तरता दिन्छु, जुन कुरामा म सधैं भएको हुन्छु" (जे वास वाट्स, पुरानो करारको संक्षेपी करणको एउटा सर्वेक्षण, पाना ६७)। यहोवा भन्ने पूर्ण नाउँलाई कतिचोटी छोटकरीमा वा सम्भाव्य सुरुको स्वरुपमा प्रकट गरिन्छ।

१) याह (जस्तैः हल्लेलू-याह, बिडिबि २१९, प्रस्थान १५:२; १७:१६; भजनसंग्रह ८९:८; १०४:३५)

२) याहू (नाउँको अन्तमा "इयाह" मा टुंगिने, जस्तैः यशैया)

३) यो (नाउँको सुरुमा "यो" आउने, जस्तैः यहोशू वा योएल)

३. पछिको यहूदीवादमा यो करारको नाउँ यति धेरै पवित्र भयो, कि यहूदीहरू यो नाउँलाई भन्न धेरै डराएका थिए, र तिनीहरूले प्रस्थान २०:७; व्यवस्था ५:११, ६:१३ को आज्ञालाई तोडे। यसरी तिनीहरूले "स्वामित्वको व्यक्ति," "मालिक" "अधिपति" "प्रभु" "मेरो प्रभु" (एदोन वा एदोनाई) भन्ने परिवेशलाई स्थापित गरे। जब तिनीहरू यहोवाकोमा पुरानो करारको पाठलाई पढ्ने स्थानमा आइपुगे, तिनीहरूले "परमप्रभु" भनेर उच्चरण गरे। त्यसैकारणले गर्दा यहोवालाई अंग्रजी अनुवादहरूमा प्रभु भनेर लेखिएको छ।

४. एलसँग जस्तै, कतिचोटी यहोवालाई इस्राएलको करारको परमेश्वरको निश्चित विशेषताहरूलाई जोड दिन मिलाइएको हुन्छ। जवकि त्यहाँ धेरै सम्भाव्य परिवेशहरू हुन्छन्, यहाँ केही दिइएका छन्:

क. यहोवा - यिरे (यहोवाले प्रदान गर्नुहुनेछ, बिडिबि २१७ र ९०६), उत्पत्ति २२:१४

ख. यहोवा - रिपिका (यहोवा तपाईंको सहयोगी हुनुहुन्छ, बिडिबि २१७ र ९५०, काल कृदन्त), व्यवस्था १५:२६

ग. यहोवा - निस्सि (यहोवा मेरो झण्डा हुनुहुन्छ, बिडिबि २१७ र ६५१), प्रस्थान १७:१५

घ. यहोवा - मेक्काडिस्केम (यहोवा त्यस्तो हुनुहुन्छ, जसले तपाईंलाई बलिदान गर्दछ, बिडिबि २१७ र ८७२, पाएल कृदन्त), प्रस्थान ३१:१३

ङ. यहोवा - शालोम (यहोवा शान्तिमा हुनुहुन्छ, बिडिबि २१७ र ८७८), १ शमूएल १:३,११; ४:४; १५:२; कतिचोटी अगमवक्ताहरूमा

च. यहोवा - रो'ल (यहोवा मेरो गोठालो हुनुहुन्छ, बिडिबि २१७ र ९४४, काल कृदन्त), भजनसंग्रह २३:१

छ. यहोवा - सिद्धक्यूनू (यहोवा हाम्रो धार्मिकपनमा हुनुहुन्छ, बिडिबि २१७ र ८४१), यर्मिया २३:६

ज. यहोवा - समाह (यहोवा त्यहाँ हुनुहुन्छ, बिडिबि २१७ र १०२७), इजकिएल ४८:३५

६:२१ "र तिनीहरू गइरहेको ठाउँमा डुङ्गा तुरुन्तै आइपुग्यो" यो स्पष्ट कार्य त्यहाँ भएको (२२-२५) अर्को आश्चर्यकर्म थियो, र मर्कूसको सुसमाचारले यो बताएको छ, कि तिनीहरूले त्यो तलाउमा आधीभन्दा बढी वरिपरि खियाएका थिए -मर्कूस ६:४७)। तरैपनि, यसलाई अन्य स ुसमाचारहरूमा बताइएको छैन (जस्तैः मत्ती १४:३२ वा मर्कूस ६:५१)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:२२-२५

''समुद्र पारी रहेको भीडले भोलीपल्ट त्यहाँ एउटामात्र डुङ्गा देखे । तिनीहरूलाई थाहा थियो, कि येशू आफ्ना चेलाहरूसँग डुङ्गामा चढ्नुभएको थिएन, तर उहाँका चेलाहरूमात्र गएका थिए । तब तिबेरियासबाट अरू डुङ्गाहरू त्यस ठाउँको नजिक आए, जहाँ प्रभुले धन्यवाद चढाएपछि तिनीहरूले रोटी खाएका थिए। येशू र उहाँका चेलाहरू त्यहाँ नहुनुभएको थाहा पाएर ती मानिसहरू येशूलाई खोज्दै डुङ्गाहरूमा चढेर कर्फनहुममा गए । तिनीहरूले उहाँलाई समुद्र पारी भेट्टाएर उहाँलाई सोधे, 'रब्बी, तपाईं यहाँ कहिले आउनुभयो' ?''

६:२३ ''तिबेरियास'' यो सहर हेरोद एन्टिपासले सन् २२ मा निर्माण गरेका थिए, र यो उनको राजधानी सहर बन्यो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:२६-३४

येशूले तिनीहरूलाई जवाफ दिई भन्नुभयो, ''साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरू चिन्हहरू देखेर होइन, तर अघाउञ्जेल रोटी खाएको कारणले मलाई खोज्दछौ । नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर, जो मानिसको पुत्रले तिमीहरूलाई दिनेछ । किनभने परमेश्वर पिताले उसमाथि आफ्नो छाप लगाउनुभएको छ ।'' तिनीहरूले उहाँलाई भने, ''परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ ?'' येशूले तिनीहरूलाई भन्नुभयो, ''परमेश्वरको काम यही होः जसलाई उहाँले पठाउनुभयो, उसमाथि विश्वास गर ।'' यसकारण तिनीहरूले उहाँलाई भने, ''तपाईं के चिन्ह देखाउनुहुन्छ, सो हामी हेरौं, र तपाईंलाई विश्वास गरौं ? तपाईं के गर्नुहुन्छ ? हाम्रा पिता-पुर्खाले उजाड स्थानमा मन्न खाए, जसरी लेखिएको छ, उहाँले तिनीहरूलाई खानलाई स्वर्गबाट रोटी दिनुभयो ।'' येशूले तिनीहरूलाई भन्नुभयो, ''साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूलाई स्वर्गबाट रोटी दिने मोशा होइनन्, तर स्वर्गबाट तिमीहरूलाई साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ, किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ ।

६:२६,३२,५३ ''साँचो, साँचो म तिमीहरूलाई भन्दछु,'' ''आमेन, आमेन'' यो हिब्रू वाक्यांशको तीनवटा फरक प्रयोगहरू छन्:

१. पुरानो करारमा ''भरोसा'' भन्ने शब्द प्रयोग गरिएको थियो । यसको साङ्केतिक कुराको अर्थ ''निश्चित हुनु'' र जो कोहीको विश्वासलाई यहोवामा राखेर वर्णन गर्न प्रयोग गरिएको थियो ।
२. येशूको प्रयोगले महत्वपूर्ण र मुल्यवान भनाइहरूलाई परिचय गराएर देखाइन्थ्यो । हाम्रा अन्य धेरै समकालिन प्रयोगहरूमा यो प्रकारले आउने ''आमेन'' भन्ने छैनन् ।
३. पुरानो करारमा जस्तै स ुरुको मण्डलीमा, यो परिवेशको निश्चित हुने कुरा वा मेलको कुरा हुँदछ ।

आमेनको विशेष शिर्षकको निम्ति १:५१ लाई हेर्नुहोस् ।

- "तर अघाउञ्जेल रोटी खाएको कारणले मलाई खोज्दछौं'' तिनीहरूको आचरण शारीरिक थियो, र तत्कालको आत्मिक र अनन्त थिएन ।
- "र तिनीहरू भरिएका थिए'' यो परिवेशको अर्थ ''अघाउञ्जेल खानु'' भन्ने हुन्छ, यसलाई गाईवस्तुमा विशेषगरेर गाईमा प्रयोग गरिन्छ ।

६:२७ ''परिश्रम नगर'' यो वर्तमान् बीचको नकारात्मक कृदन्तको आज्ञार्थक हो, जसको सामान्य अर्थमा अगाडि नै प्रगतिमा रहेको कार्यलाई रोक्नु हो । यस खण्डको पुरानो करारको पृष्टभूमि यशैया ५ अध्यायमा दिइएको छ । यो कुराकानी यूहन्ना ४ अध्यायमा दिइएकी इनारमा भेटीएकी स्त्रीसँगको समानतामा छ ।

- "नष्ट हुने'' अपोलुमी १०:१० मा विशेष शिर्षकको निम्ति हेर्नुहोस् ।
- "आफ्नो छाप लगाउनुभएको'' यो शाब्दिक अर्थमा ''छाप लगाउनु'' भन्ने हुन्छ । यो सत्यताको, स्वामित्वपनको, अधिकारको र सुरक्षाको लागि हुन्छ (एनईबि र मत्ती २८:१८; यूहन्ना १७:२) । टिइभि र एनआइभिले यसलाई ''प्रमाणित गर्ने'' भनेर अनुवाद गरेदेखि यसलाई येशूको सेवकाइमा पिता परमेश्वरको प्रमाणितलाई बताइन्छ । विशेष शिर्षकमा ३:३३ मा छाप भन्नेलाई हेर्नुहोस, जहाँ यसले पवित्र आत्मालाई बताउन सक्छ ।

६:२८ ''परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ ?'' यो पहिलो शताब्दीको यहूदीवादको धार्मिक प्रश्नको मुख्य कुरा थियो (लूका १८:१८) । धर्मी यहूदीहरूले परमेश्वरसँग ठीक हुने कुरालाई निम्न आधारमा मानिलिए: १) उनको रोलक्रम र २) मोशाको व्यवस्थामा उनको देखाउने कार्य जसै यस लाई मौखिक परम्परामा व्याख्या गरिएको हुन्थ्यो (तालमुड) ।

६:२९ ''जसलाई उहाँले पठाउनुभयो, उसमाथि विश्वास गर'' यो वर्तमान् सक्रिय विषयगत हो, जसको पछि यओरिष्ट सक्रिय सूचक लागेको हुन्छ । ''विश्वास गर्नु'' भन्ने शब्द नयाँ करारमा मुक्तिको बारेमा सिकाउने समझदारीमा जटिल हुन्छ । विशेष शिर्षकको निम्ति २:२३ लाई हेर्नुहोस् । वचनको प्रारम्भिक दिशा-बोधमा स्वऐच्छिक भरोसा हुन्छ । ग्रीक शब्द समूहको पिस्टिस भन्नेलाई ''विश्वास गर्नु, भरोसा गर्नु र विश्वासी हुनु'' भनेर अनुवाद गर्न सकिन्छ । मानविय विश्वासको जोड उहाँमा हुनुपर्छ (१:१२; ३:१६), नकि मानविय गंभिरतामा, समर्पणतामा वा उत्तेजनामा नै हुन्छ । यो खण्डको तत्कालको दिशा-बोधमा येशू ख्रीष्ट सँगको व्यक्तिगत सम्बन्ध हुन्छ, नत उहाँको बारेमा परम्परागत ईश्वरशास्त्र, नत आशा गरिएको धार्मिक रितिथिति, नत नैतिक जीयाइ नै हुन्छ । यी सबै चिजहरू उपयोगी छन्, तर प्रारम्भिक छैनन् । येशूले तिनीहरूको प्रश्नको एकवचनको ''कार्य''लाई बहुवचनको ''कार्यहरू'' मा परिवर्तन गर्नुभएको कुरालाई याद गर्नुहोस् ।

''पठाइएको'' निम्ति ५:२४ मा दिइएको पठाउनु -अपोष्टलेक्) को विशेष शिर्षकलाई हेर्नुहोस् ।

६:३०-३३ यसमा यो कुरा पनि संभ्कनुपर्छ, कि यो समूहले पाँच हजार जनालाई खुवाउने आश्चर्य कर्ममा सहभागी भएको थियो । तिनीहरूको अगाडि नै चिन्ह आएको थियो ! रब्बीको यहूदीवादले यो कुराको विचार गऱ्यो कि, मसीहले पुरानो करारको निश्चित दोहोरिएको कार्यहरू गर्नुहुनेछ, जस्तै मन्नलाई पठाउनु २ बरुक २:८) । रब्बीहरूले भजनसंग्रह ७२:१६ लाई ''महान् मोसाको'' मसीहको किसिमको नजरलाई पाठको प्रमाणको रूपमा प्रयोग गरे (१ कोरिन्थी १:२२) ।

त्यहाँ ''उहाँमा विश्वास गर्ने'' को पद २९ र ''तिमीमा विश्वास गर्ने'' को पद ३० को बीचमा एउटा महत्वपूर्ण व्याकरणीय विशेषता हुन्छ । यूहन्नाको सामान्य संरचनामा येशूमा गरिएको विश्वासले पहिला जोड दिँदछ । सुसमाचार व्यक्ति र सन्देश दुवै भएको कुरालाई संभ्कनुहोस् । २:२३ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

६:३१ ''जसरी लेखिएको छ'' यो बाहिरको सिद्ध निस्क्रिय कृदन्त हो । यो स्तरीय व्याकरणीय स्वरुपमा पुरानो करारमा भनिएका भनाइलाई परिचय गराइन्छ । यो एउटा भनाइले पुरानो करारको अधिकार र प्रेरणालाई निश्चित गर्दछ । यो भनाइले धेरै पाठहरूमध्ये एउटालाई वा मिसावटलाई बताउने गर्दछः भजन संग्रह ७८:२४; १०५:४०; प्रस्थान १६:४,१५, वा नहेम्याह ९:१५ ।

६:३२ येशूले यहूदीहरूको ईश्वरशास्त्रलाई बताउनुभएको छ । तिनीहरूले यो कुरालाई बताएका छन्, कि मोशाले जस्तै मसीहले पनि आश्चर्य कर्म गर्नुपर्छ, र यो व्यवस्था १८:१५,१८ को कारणले गर्दा भएको हो । येशूले तिनीहरूको मान्यतालाई विविध बुंदामा सच्याउनु हुन्छ ।

१. मोशाले होइन, तर परमेश्वरले मन्न दिनुभयो ।
२. मन्न स्वर्गबाट आएको थिएन, यद्यपि मानिसहरूले यो आएको थियो भनेर विचार गरे (भजनसंग्रह ७८:२३-२५) ।
३. स्वर्गको साँचो रोटी येशू ख्रीष्ट हुनुहुन्थ्यो, जो विगतको कार्य थिएन, तर वर्तमान् वास्तविकता थियो ।

६:३३ ''किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ'' यो यूहन्नामा पुन आएको विषय हो (३:१३) । यो यूहन्नाको क्षितिजको दोहोरोपन हो । यो परिवेशमा येशूको आगमनलाई साताचोटी बताइएको छ (६:३३,३८,४१,४२,५०,५१,५८) । यसले येशूको अगाडिको अस्तित्व र अलौकिक स ुरुवातलाई देखाउँदछ (पदहरू ३३,३८,४१,४२,५०,५१,५८, र ६२) । यो पनि ''मन्न'' को खेलौना जस्तो भएको छ, जुनचाहिँ स्वर्गबाट येशूको रोटीको रूपमा आयो, जो जीवनको रोटी भयो ।

यो शाब्दिक अर्थमा ''परमेश्वरको रोटी भन्ने हुन्छ, जुनचाहिँ स्वर्गबाट तल आएको छ ।'' यहाँ आएको वर्तमान् पुरुषवाचक सक्रिय कृदन्तले यस्तो कुरा बताउँदछः १) ''रोटी'' वा २) एकजना मानिस, येशू । यूहन्नामा कतिचोटी यी अर्थको अस्पष्टता उद्देश्यपूर्ण रूपमा आएका छन् (दोहोरो प्रवेश) ।

- "यस विश्वलाई जीवन दिनुहुन्छ'' यही उद्देश्यको निम्ति येशू आउनुभयो (३:१६; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) । लक्ष्य ''नयाँ जीवन'' ''अनन्त जीवन'' ''नयाँ युगको जीवन'' ''परमेश्वरको प्रकारको जीवन'' हराएको र विद्रोही संसारको लागि हुन्छ, र कुनै विशेष समूहको लागि होइन (यहूदी, अन्यजाति, चुनिएका वा नचुनिएका, परम्परावादी वा स्वतन्त्रवादी), तर सबैका लागि हो !

६:३४
नासाब, एनकेजेभि ''परमप्रभु''
एनआरएसभि, टिइभि, एनजेबि, नेट बाइबल,
एनआइभि, आरइबि ''महासय''

यी दुईवटा परिवेशहरूले क्यूरियसको विविध सिमान्टिक प्रयोगलाई देखाउँदछ । यो परिवेशमा दोस्रो विकल्प उत्तम देखिन्छ । त्यो भीडले येशू र उहाँको वचनलाई बुझ्न सकेन । तिनीहरूले उहाँलाई मसीहको रूपमा प्राप्त गरेनन् (४:११ र ५:७ को टिपोटलाई पनि हेर्नुहोस्) ।

} "यो रोटी हामीलाई सधैँ दिनुहोस्'' यो यूहन्ना ४:१५ मा भेटिएका स्त्री भनाइजस्तै थियो । यी यहूदीहरूले येशूको आत्मिक अलंकारलाई पनि बुझेनन् । यो यूहन्नामा पुन आएको विषय हो ।.

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:३५-४०

येशूले तिनीहरूलाई भन्नुभयो, ''जीवनको रोटी म हुँ । मकहाँ आउने भोकाउने छैन, र मामाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन । तर मैले मानिसहरूलाई भनेकै छु, तिमीहरूले मलाई देखेका छौं, र पनि विश्वास गर्दैनौं । पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ । आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट आर्लिआएको होइन, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ, र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ ।किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस् र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु ।''

६:३५ ''जीवनको रोटी म हुँ'' यो यूहन्नाको विशेषतामा आएको ''म हुँ'' भन्ने भनाइमध्ये एउटा हो (६:३५,४१,४८,५१; ८:१२; १०:७,९,११,१४; ११:२५; १४:६; १५:१,५) । यूहन्नाको सुसमाचारले येशूको व्यक्तित्वलाई जोड दिँदछ । यसले यहूदीहरूको मन्नको बारेमा मसिहिय आशालाई सम्बन्ध राख्दछ, र यसले नयाँ व्यवस्था दिँदछ, जसले पापबाटको नयाँ प्रस्थानलाई ल्याउनेछन् । ८:१२ को टिपोटलाई हेर्नुहोस् ।

- "मकहाँ आउने भोकाउने छैन, र मामाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन'' यिनीहरू ग्रीकमा बलिया दुईवटा दोहोरो नकारात्मक हुन् ''कुनै रीतिले त्याग्नेछैन'' (पद ३७) ।

त्यहाँ ''आउने'' र ''विश्वासीहरू'' को बीचमा समानान्तर सम्बन्ध छ (७:३७-३८, ''हेर्ने'' र ''सुन्ने'' जस्तै) । तिनीहरू दुवै वर्तमान् कृदन्तहरू हुन् । विश्वासीहरू आउने र विश्वास गर्ने एक समयको निर्णयमात्र होइन, तर संगतिको जीवनशैलीको, मित्रताको र संगतिको स ुरुवात हो ।

- “भोकाउने ... तिर्खाउने’’ भोकाउने र तिर्खाउनेहरूलाई कतिचोटी आत्मिक वास्तविकतामा वर्णन गर्न प्रयोग गरिएको थियो (भजनसंग्रह ४२:१; यशैया ५५:१; आमोश ८:११-१२; मत्ती ५:६) ।

६:३६ ‘‘तिमीहरूले मलाई देखेका छौ’’ केही प्राचीन गवाहीहरू (एमएसएस !, क, र धेरै पुराना ल्याटिन, भल्गेट र पुराना संस्करणहरू) ले ‘‘मलाई’’ हटाएका छन् र येशूका भनाइहरूलाई बनाउँदा उहाँका चिन्हहरूले बताउँदछन् (जस्तैः भीडहरूलाई खुवाउनु) । सर्वनामहरूलाई यति धेरै ग्रीक हस्तलेखन र संस्करणमा समावेश गरिएका छन्, कि युविस४ ले कुनचाहिँ सुरुको हो भनेर निर्णय गर्न सक्दैन ।

६:३७ ‘‘पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्’’ यो खण्डको प्रारम्भिक जोड सर्बोच्च परमेश्वरका हुन्छ । यो ईश्वरशास्त्रीय सत्यताको दुईवटा निश्चित खण्डहरू रोमी ९ अध्याय र एफिसी १:३-१४ छन् । यो पनि चाखलाग्दो छ, कि दुवै परिवेशमा मानवजातिको प्रतिक्रियाको खाँचो पर्दछ । रोमी १० अध्यायमा यी सबै सातवटा वाक्यांशहरू छन् । यो एफिसी २ अध्यायको पनि विषय हो, जहाँ पदहरू १-७ मा दिइएका परमेश्वरका अनुग्रहका छलफलका विषयले पदहरू ८-९ को विषयले विश्वासमा बोलाउँदछन् । फेरी देखिने सिद्धान्त छुटकाराको निम्ति आउँदछन्, र नबचाइएकाहरूको निम्ति बाधा बन्ने होइन । साँचोलाई खोल्ने सिद्धान्त परमेश्वरको प्रेम र अनुग्रह हो, र अनन्त कुरा होइन । परमेश्वरले येशूकोमा आउनलाई उहाँलाई दिने सबै कुराहरूलाई याद गर्नुहोस् । परमेश्वरले सधैँ सक्रियता लिनुहुन्छ (पदहरू ४४,६५), तर मानिसहरूले प्रतिउत्तर दिनुपर्छ (१:१२, ३:१६) । ३:१६ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

- ‘‘र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैन’’ यो अर्को बलियो दोहोरो नकारात्मक कुरा हो । यसले परमेश्वरले बोलाउनुहुने सत्यतालाई जोड दिन्छ, र येशू ख्रीष्ट आफैद्वारा सबैलाई स्वागत गर्दछ (इजकिएल १८:२१-२३; ३०-३२; १ तिमोथी २:४; २ पत्रुस ३:९) । परमेश्वरले सधैँ सक्रियता लिनुहुन्छ (पदहरू ४४,६५), तर मानिसहरूले प्रतिक्रिया दिनुपर्छ (मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०:२१) । स ुरक्षा सम्बन्धी कस्तो अचम्मको खण्ड (रोमी ८:३१-३९) ।

## विशेष शिर्षकः ख्रीष्टियन निश्चयता

निश्चयता १) बाइबलीय सत्यता, २) विश्वासीको विश्वासको अनुभव, र ३) जीवनशैलीमा हुन्छ ।

- क. निश्चयताको निम्ति बाइबलीय आधार हुन्छः
  - १. परमेश्वर पिताको चरित्र
    - क. उत्पत्ति ३:१५; १२:३
    - ख. भजनसंग्रह ४६:१०
    - ग. यूहन्ना ३:१६; १०:२८-२९
    - घ. रोमी ८:३८-३९
    - ङ. एफिसी १:३-१४; २:५, ८-९
    - च. फिलिप्पी १:६
    - छ. २ तिमोथी १:१२
    - ज. १ पत्रुस १:३-५
  - २. परमेश्वर पुत्रको कार्य
    - क. उहाँको पूजाहारीको प्रार्थना, यूहन्ना १७:९-२४, विशेषगरेर पद १२
    - ख. उहाँको पुनस्थापनाको बलिदान
      - १) रोमी ८:३१
      - २) २ कोरिन्थी ५:२१
      - ३) १ यूहन्ना ४:९-१०
    - ग. उहाँको निरन्तर अन्तरबिन्ति
      - १) रोमी ८:३१
      - २) हिब्रू ७:२५
      - ३) १ यूहन्ना २:१
  - ३. परमेश्वरको आत्माले सक्षम बनाउने
    - क. उहाँको बोलावट, यूहन्ना ६:४४,६५
    - ख. उहाँको छाप
      - १) २ कोरिन्थी १:२२; ५:५
      - २) एफिसी १:१३-१४; ४:३०
    - ग. उहाँको व्यक्तिगत निश्चयता
      - १) रोमी ८:१६-१७
      - २) १ यूहन्ना ५:७-१३

ख. विश्वासीको करारको आवश्यकीय प्रतिक्रिया यस्तो हुन्छः
१. सुरुको र निरन्तर प्रतिक्रिया र विश्वास
क. मर्कूस १:१५
ख. यूहन्ना १:१२
ग. प्रेरित ३:१६; २०:२१
घ. रोमी १०:९-१३
२. मुक्तिको लक्ष्यलाई संझदा ख्रीष्टजस्तैपन हुने
क. रोमी ८:२८-२९
ख. एफिसी १:४; २:१०; ४:१३
३. निश्चयतालाई जीवनशैलीमा संझदा निश्चित हुने
क. मर्कूस १३:१३
ख. १ कोरिन्थी १५:२
ग. हिब्रू ३:१४; ४:१४
घ. २ पत्रुस १:१०
ङ. यहूदा पदहरू २०-२१

६:३८ ''आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ'' यो सिद्ध काल हो, जसले अवतारलाई बताउने गर्दछ (यूहन्ना १:१-२; एफिसी ४:८-१०), र यसको परिणामहरू त्यसै रहन्छ ।

- "तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ'' नयाँ करारले त्रियकत्वको एकतालाई बताउँदछ (विशेष शिर्षकको निम्ति १४:२६ लाई हेर्नुहोस्), १४:८-९ को उदाहरण र तीनजना व्यक्तिहरूको व्यक्तित्व। यो पदले येशूको पितासँगको यो भागको समर्पणतापनलाई यूहन्नाले निरन्तर रूपमा जोड दिन्छन् । ५:१९ मा दिइएको पूर्ण टिपोटलाई हेर्नुहोस् । ५:२४ मा दिइएको पठाउनु (अपोष्टेलेक्) भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

६:३९ ''उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ'' त्यहाँ पद ३७ र पद ३९ मा दिइएको ''त्यो सबै'' भन्नेको नपुंसक लिङ्गको बीचमा स्पष्ट कुरा छ । यूहन्नाले यो असामान्य स्वरुपलाई धेरै चोटी प्रयोग गरेका छन् (१७:२,२४) । अन्ततः यसले सम्पूर्णतालाई जोड दिन्छ (पदहरू ४०,४५) ।

यो परमेश्वरले राख्ने शक्तिमा महान् प्रतिज्ञा हुन्छ, र ख्रीष्टियन निश्चयतामा एउटा स्रोत आउँछ (यूहन्ना १०:२८-२९; १७:२,२४, १ यूहन्ना ५:१३ को विशेष शिर्षकलाई हेर्नुहोस्) । पद ३७ को क्रियाको काल वर्तमान् काल भएको कुरालाई याद गर्नुहोस्, जबकि पद ३९ यसको सिद्ध काल हुन्छ । परमेश्वरको वरदानहरू रहन्छन् । पद ३९ का अन्तिम दुईवटा निश्चियताहरू दुवै एओरिष्ट सक्रियमा हुन्छ । येशूले तिनीहरूमध्ये कुनैलाई पनि गुमाउनु हुँदैन, जसलाई पिताले उहाँको निम्ति दिनुभएको छ (पदहरू ३७ र ३९), र उहाँले ती सबैलाई बिउँताउनुहुन्छ, जसलाई उहाँले अन्तिम दिनमा दिनुहुन्छ -पद ४४) । यहाँ अलौकिक प्रतिज्ञाका दुईवटा कुराहरू दिइएका छन्: १) चुनाऊ र २) धैर्यता

यस दिनको विचारको उपभोग (दुवै सकारात्मक र नकारात्मक) लाई विविध शिर्षकहरूले बोलाइनछः

१. अन्तिम दिनहरू, ६:३९,४०,४४,५४; १:२४; १२:४८; २ तिमोथी ३:१; १ पत्रुस १:५; २ पत्रुस ३:३
२. अन्तिम समय, १ यूहन्ना २:१८; यहूदा पद १८
३. त्यो दिन, मत्ती ७:२२; २ तिमोथी १:१२,१८; ४:८
४. एक दिन, प्रेरित १७:३१
५. त्यो महान् दिन, यहूदा पद ६
६. त्यो दिन, लूका १७:३०; १ कोरिन्थी ३:१३; १ थेसलोनिकी ५:४; हिब्रू १०:२५
७. उहाँको दिन, लूका १७:२४
८. परमप्रभुको त्यो दिन, १ थेसलोनिकी ५:२; २ थेसलोनिकी २:२
९. ख्रीष्टको त्यो दिन, फिलिप्पी १:१०; २:१६
१०. परमप्रभु येशू ख्रीष्टको त्यो दिन, १ कोरिन्थी १:८; ५:५
११. परमप्रभु येशूको त्यो दिन, २ कोरिन्थी १:१४
१२. येशू ख्रीष्टको त्यो दिन, फिलिप्पी १:६
१३. मानिसका पुत्रको त्यो दिन, लूका १७:२४ (#७ लाई पनि हेर्नुहोस्)
१४. न्यायको दिन, मत्ती १०:१५; ११:२२,२४; १२:३६; २ पत्रुस २:९; ३:७; १ यूहन्ना ४:१७
१५. क्रोधको दिन, प्रकाश ६:१७
१६. परमेश्वरको महान् दिन, प्रकाश १६:१४

- "तर तिनीहरूलाई अन्तको दिनमा जीवित पारूँ" यसले विश्वासीहरूको निम्ति पुनरुत्थानको दिनलाई बताउँदछ, तर अविश्वासीहरूको निम्ति न्यायको दिन हुन्छ (पदहरू ४०,४४,५४; ५:२५,२८; ११:२४ र १ कोरिन्थी १५)। फ्र्याङ्क स्ट्यागको उपयोगी भनाइले यो बिन्दुमा उनको नयाँ करारको ईश्वरशास्त्र लाई बताएको हुन्छ।

यूहन्नाको सुसमाचारले भविष्यको आगमनको बारेमा समानुभूति देखाउँदछ (१४:३,१८१९,२८; १६:१६,२२), र यसले स्पष्टरूपमा 'अन्तिम दिन' को पुनरुत्थान र अन्तिम न्यायको बारेमा बताउँदछ (५:२८-२९, ६:३९-४०,४४,५४; ११:२४; १२:४८); तरैपनि यो चौथो सुसमाचार भरि नै अनन्त जीवन, न्याय र पुनरुत्थानका वर्तमान् वास्तविकताहरू छन् (३:१८-१९; ४:२३; ५:२५; ६:५४; ११:२३२५; १२:२८-३१; १३:३१-३२; १४:१७; १७:२६)" पाना ३११।

६:४० "किनभने मेरा पिताको इच्छा यो हो" यो पद २८ को प्रश्नको येशूको उत्तर हो, "परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ ?" ४:३४ को परमेश्वरको इच्छाको विशेष शिर्षकलाई हेर्नुहोस्।

- "ताकि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने" "पुत्रलाई हेर्ने" र "विश्वास गर्ने" समानान्तर कुरामा वर्तमान् सकृय कृदन्त छन् (जस्तैः पद ३५ को "आउनु" र "विश्वास गर्नु," जस्तैः "हेर्नु" र "सुन्नु")। यी निरन्तर भइरहने कार्यहरू हुन्, तर एक पटकको घटना होइन। "हेर्नु" भन्ने परिवेशको अर्थ कुनै चिजलाई "उत्सुकताका साथ हेर्नु" भन्ने हुन्छ, ताकि यसलाई बुझ्न वा जान्न सकिन्छ।

निश्चितरूपमा "सबैजना" (पास) भन्ने परिवेशलाई याद गर्नु

१. उहाँद्वारा सबैले विश्वास गर्न सकून, १:७
२. हरेक मानिसले ज्योति पाऊन, १:९
३. उहाँमा जोसूकैले विश्वास गर्दा अनन्त जीवन पाउन सकून, ३:१५
४. ताकि जोस ुकैले पनि विश्वास गर्दा नास नहून, तर अनन्त जीवन पाऊन, ३:१६
५. ताकि सबैले पुत्रलाई सम्मान गर्न सकून, ५:२३
६-९, यूहन्ना ६:३७,३९,४०,४५
१०. ममा विश्वास गर्ने र प्रेम गर्ने प्रत्येक जनाले कहिल्यै पनि मर्ने छैनन, ११:२६
११. मैले, यदि मैले यस धर्तीबाट माथि उचाले भने, म आफैले सबै मानिसलाई तान्नेछु, १२:३२
१२. सबैजना जो कोहीले ममाथि विश्वास गर्छन् भने, अन्धकारमा रहनु पर्दैन, १२:४६

यो सर्वोच्चताको रहस्य हो (पदहरू ३८-३९; १७:२,२४ को विरुद्धमा स्वतन्त्र चाहना)। जे स ुकै भए तापनि दुवै नै सत्य छन्। मेरो निम्ति ईश्वरशास्त्रीय विचारले तिनीहरूलाई "करार" मा उत्तर तरिकाले एकत्रित गर्दछ।

- "उहाँमाथि विश्वास गर्नु" सामान्यतया मुक्ति भनेको एउटा व्यक्तिगत सम्बन्ध हो, र लेखिएको कुरा, ईश्वरशास्त्रलाई मिलाउनु वा नैतिक जीवन शैली होइन भन्ने कुरालाई संभनुहोस् (३:१६; ११:२५-२६)। कसैको विश्वासको वस्तुमा जोड दिइन्छ, तर भावनामा चाहिँ होइन। २:२३ को विशेष शिर्षकलाई हेर्नुहोस्।

पदहरू ३७क,३९,४४,६५ र पदहरू ३७ख र ४० मा दिइएका मानवजातिको विश्वासको प्रतिक्रियामा परमेश्वरको सर्वोच्चताको छनोटमा जोड दिने सन्तुलनलाई याद गर्नुहोस्। यहाँ बाइबलीय चिन्तालाई व्यवस्थित गरिनुपर्छ। परमेश्वरको सर्वोच्चता र मानवजातिको स्वतन्त्र इच्छाले बाइबलको करारको दोहोरो कुरालँई बताउँदछ।

- "अनन्त जीवन प्राप्त गर्दछन्" यो वर्तमान् सक्रिय विषयगत हो, र एउटा प्रतिक्रियाको खाँचो पर्दछ (१ यूहन्ना ५:११)। अझै यो कुरालाई पनि याद गर्नुहोस, कि पद ३९ समूहमा छ, जबकि पद ४० व्यक्तिगत हुन्छ। यो कुरा मुक्तिको विडम्बना हो।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:४१-५१

यहूदीहरू उहाँको विरुद्धमा गनगनाउन लागे, किनभने उहाँले भन्नुभयो, "स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ।" तिनीहरूले भने, "के यो योसेफको छोरो येशू होइन ?" यसका बाबु र आमालाई हामी चिन्दैनौं र ? अहिले यसले कसरी म स्वर्गबाट ओर्लिआएको हुँ भन्दछ ?" येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू आपसमा नगनगनाओ। मलाई पठाउनुहुने पिताले मलाई खिँच्नुभएन भने, कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु। "अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन् भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। प्रत्येक जसले पिताबाट सुन्छ, र सिक्छ, त्यो मकहाँ आउँछ। पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ, जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ। साँच्चै म तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। म जीवनको रोटी हुँ। तिमीहरूका पिता-पुर्खाहरूले उजाड स्थानमा मन्न खाए तापनि तिनीहरू मरेर गए। स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ, त्यो मर्नेछैन। स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने, त्यो सधैँभरि जिउनेछ, र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।"

६:४१ "यहूदीहरू उहाँको विरुद्धमा गनगनाउन लागे" यो असिद्ध काल हो, जसले तिनीहरू गनगनाउन स ुरु गरे वा फेरी-फेरी गनगनाइरहे भन्ने कुरा लागु गर्दछ। मरुभूमिको यात्राको समानान्तर (प्रस्थान र गन्ती) ले हानिरहेको हुन्छ। त्यो दिनका इस्राएलीहरूले पनि मोशालाई इन्कार गरे, जो परमेश्वरको प्रतिनिधि थिए, जसले तिनीहरूलाई खाना प्रदान गरे।

६:४२ यसले यो कुरा बताउँदछ, कि यहूदीहरूले येशूको आफ्नै बारेमा भनिएका बचनहरूलाई बुझे। उहाँले स्पष्टरूपमा उहाँको अगाडिको अस्तित्व र अलौकिक रूपलाई दावी गर्ने यहूदी भनाइलाई प्रयोग गर्नुभयो। येशूका वचनहरू गालीलका सिकर्मीबाट आएका अझै झड्का लाग्ने खालका थिए। येशूले आफ्नै बारेमा यी बलिया भनाइहरू दिनुभयो। त्यपछि तब हुनुहुन्छः

१. अवतारित परमेश्वरका पुत्र, जसले उहाँको कार्य र वचनद्वारा अनन्त जीवन ल्याउनुहुन्छ वा
२. ध्यान गर्नुभन्दा अगाडि नै झुट बोलेका वा
३. वा एकजना पागल (जोन म्याकडोनाल्डको निर्णयको खाँचोको प्रमाणबाट लिइएको)

येशूले दावी गरेको सत्यतालाई खीष्टियन नीतिको विषय बनाइन्छ।

६:४३ ''तिमीहरू आपसमा नगनगनाओ'' यो वर्तमान् आज्ञार्थकसँगको नकारात्मक कृदन्त हो, जसको समान्य अर्थ अगाडि नै प्रगतिमा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ ।

६:४४ ''मलाई पठाउनुहुने पिताले मलाई खिँच्नुभएन भने, कोही मकहाँ आउन सक्दैन'' परमेश्वरले सधैं नै सक्रियता लिनुहुन्छ (पद ६५ र १५:१६) सबै आत्मिक निर्णयहरू आत्माको फकाइका परिणामहरू हुन्, नकि मानवजातिको धार्मिकताले गर्दा हुन्छ । -यशैया ५३:६) । परमेश्वरको सर्वोच्चता र मानिसहरूले नगरिनहुने प्रतिक्रिया परमेश्वरको कृपा र चाहनामा सँगसँगै नछुट्टिने गरी जोडिएका हुन्छन् । यो पुरानो करारको संझौताको विचार हो ।
यसमा भएको ''परमेश्वरतर्फ खिँच्ने'' सन्तुलन १२:३२ मा पाइन्छ, जहाँ येशूले ''सबै मानिसलाई उहाँतर्फ खिँच्नुहुन्छ ।'' यो खिँच्ने उल्टो कुराले पुरानो करारका परमेश्वरका मानिसहरूको तरिकामा उहाँको अगमवाणीका वचनहरूले प्रतिक्रिया दिएका हुँदैनन (नमुनाहरू: यशैया ६:९-१३; २९:१३; यर्मिया) । अब परमेश्वर इस्राएलका अगमवक्ताद्वारा होइन, तर उहाँको पुत्रद्वारा सबै जातिमा बोल्नुहुन्छ (हिब्रू १:१३) । ५?२४ मा दिइएको पठाइएको (अपोष्टोलेक) भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

६:४५ ''अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ'' यो भनाइ यशैया ५४:१३ वा यर्मिया ३१:३४ मा लेखिएको छ, जसले ''नयाँ करार'' को भित्री पक्ष (नयाँ हृदय, नयाँ विचार) लाई वर्णन गर्दछ ।

- "प्रत्येक जसले पिताबाट सुन्छ, र सिक्छ, त्यो मकहाँ आउँछ'' परमेश्वरलाई चिन्नु र येशूलाई इन्कार गर्नुमा यो कुरा असम्भव छ (१ यूहन्ना ५:१-१२) ।

६:४६ ''पितालाई कुनै मानिसले देखेको छैन'' येशूको निश्चयता यो हो, कि उहाँद्वारा मात्र कुनै मानिसले साँच्चिकै परमेश्वरलाई जान्न र बुझ्न सक्छ ( यूहन्ना १:१८; १४:६,९) । अझै मोशाले पनि यहोवा परमेश्वरलाई साँचो रूपमा देख्न सकेनन् (५:३२ लाई हेर्नुहोस्) ।

६:४७ यो पदले छोटकरीमा बताउँदछ, कि येशूले सबै मानव जातिलाई सित्तैको मुक्ति प्रदान गर्नुहुन्छ -''विश्वास गर्ने चाहिँलाई,'' वर्तमान् सक्रिय कृदन्त; ''अनन्त जीवन'' पदहरू ५१,५८; ३:१५,१६,३६; ५:२४; ११:२६; २०:३१) । येशू मात्र साँचो परमेश्वरको प्रकाश हुनुहुन्छ, र साँचो परमेश्वरको ढोका हुनुहुन्छ ( सुसमाचार सहितका, १०:१-६, ७-९; १४:६), तर यी सबै आदमका छोराहरू र छोरीहरूले प्राप्त गर्दछन् (सुसमाचारले समेत पूरा गर्ने कुरा, १:४,७,१२; ३:१६; उत्पत्ति ३:१५; १२:३) ।

६:५० यो पदले, ३१-३५ पदले जस्तै, रोटीको अर्थको नाटक गर्दछ, शारीरिक रोटी (मन्न), र स्वर्गीय रोटी -येशू) । एकजनाले दिन्छन्, र शारीरिक जीवन जिउँछन्, तर यसलाई दोहोऱ्याउनु पर्छ, र अन्तत मृत्युलाई पनि रोक्न सकिदैन । अन्यहरूले दिन्छन्, र अनन्त जीवनमा रहन्छन्, तर स्वीकार गरिनुपर्छ, पालनपोषण गर्नुपर्छ, र आत्मिक मृत्युमा राखेर तुरुन्तै अन्त्य गर्दछ (परमेश्वरसँग टुटेको संगति; आफ्नै र पापसँगको नजिकको संगति) ।

६:५१ ''जिउँदो रोटी म नै हुँ'' यो यूहन्नाको सुसमाचारमा ''म हुँ'' भन्ने भनाइ प्रचलित मध्ये एउटा छ (६:३५,४८,५१) । यो येशूको साहित्यिक शैली हो, जसले उहाँको व्यक्तित्वलाई ध्यान प्रदान गर्दछ । अन्ततः प्रकाशजस्तै मुक्ति पनि व्यक्तित्व हुन्छ ।

- "जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो । यो अलंकारले येशू आफैलाई जोड दिन्छ, तकि केही खानाको आपूर्तिको लागि होइन, जुनचाहिँ हाम्रो मुख्य खाँचो हुन्छ । स्पष्टरूपमा यो वाक्यांशले १:१४ लाई पछाडि जोड्दछ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ६:५२-५९

तब यहूदीहरू आपसमा बहस गर्न लागे, ''यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ ?'' येशूले तिनीहरूलाई भन्नुभयो, '' साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौं, र उसको रगत पिएनौं भने, तिमीहरूमा जीवन हुँदैन । मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु । किनभने, मेरो देह साँच्चै खानेकुरा हो र मेरो रगत साँच्चै पिउने कुरा हो । मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु । जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिता को कारणले जिउँदछु, त्यसैगरी मलाई खाने पनि मेरो कारणले जिउनेछ । स्वर्गबाट आएको त्यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए । यो रोटी खानेचाहिँ सधैँभरि जिउनेछ ।'' उहाँले यो कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो ।

६:५२
नासाब ''बादविवाद''
एनकेजेभि ''झगडा गर्नु''
एनआरएसभि ''दुष्मनी''
ाटइभि ''एउटा रिसाउने तर्क''
एनजेबि ''बादविवाद गर्नु'''

अपूर्ण कालको अर्थ केही चिजको सुरुवात वा विगतको समयमा केही चिजलाई निरन्तरता दिएको भन्ने हुन्छ । यो बलियो ग्रीक परिवेशको निम्ति लड्नु भन्ने हुन्छ, (प्रेरित ७:२६; २ तिमोथी २:२३-२४; तितस ३:९), र २ कोरिन्थी ७:५ र यकूब ४:१-२ मा अलंकारिक रूपमा प्रयोग गरियो ।

- ''यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ ?'' यूहन्नामा येशूले अलंकारिक भाषाको प्रयोग गर्नुहुन्छ, जसलाई निरन्तर रूपमा शाब्दिक भावनामा गलत प्रकारले बुझिन्छ: १) निकोदेमस, ३:४; २) सामरी स्त्री, ४:११; ३) यहूदी भीड, ६:५२; र ४) चेलाहरू ११:११ ।

६:५३-५७ पदहरू ५३ र ५४ मा दिइएका क्रियापदहरू धेरै नै चाखलाग्दा छन् । पद ५३ मा "खानु" र "पिउनु" भन्ने यओरिष्ट सक्रिय विषयहरू हुन्, जसले अन्तरद्वन्द्वको संभाव्य सक्रियताको कार्यलाई बताउँदछन्, जसले निरन्तर भइरहेको कार्यलाई जोड दिँदछ (पदहरू ५६-५८) । यो यस्तो देखिन्छ, कि यसले यो वास्तविकतालाई निश्चित गर्छ, जुनचाहिँले सुरुमा नै येशूलाई प्रतिक्रिया दिनुपर्छ, र प्रतिक्रिया दिने कार्य निरन्तर हुँदछ (पद ४४) ।

यसमा यो कुरालाई संभन्नु पर्छ, कि यो खण्डलाई शाब्दिक रूपले लिँदा रगत पिउने यहूदीहरूको खतरनाक कार्यलाई गलत प्रकारले बुभिन्छ (१७:१०-१४) । येशूको स्पष्ट संकेतलाई मरुभूमिको मन्नमा लिँदा (पद ५८), र तिनीहरूलाई शाब्दिक वाक्यांशमा प्रभुभोजसँग जोड्दा ऐतिहासिक परिवेशलाई बढाइ -चढाइ गरिन्छ, र लिखित उद्देश्यहरूको निम्ति शाब्दिक परिवेशलाई लिइन्छ ।

६:५४ "शरीर...रगत" यो सम्पूर्ण व्यक्तिलाई बताउने, "हृदय" जस्तै यहूदीहरूको आलंकरिक तरिका हो ।

६:५५ "साँच्चै खानेकुरा... र साँच्चै पिउने कुरा" यो साँचो वा सत्य भन्ने परिवेशलाई प्रयोग गर्ने यूहन्नाके विशेषता हो -तलको विशेष शिर्षकलाई हेर्नुहोस्) । यूहन्नाले नयाँ करारका अन्य लेखकहरूले भन्दा पछि लेख्दा, विविध भुटा शिक्षाहरूको विकास भएको देखेका थिए -बप्तिस्मा दिने यूहन्नालाई बढी जोड दिनु, प्रभु भोज सम्बन्धी कार्यलाई बढी जोड दिनु, मानवीय ज्ञानलाई बढी जोड दिनु, जुनचाहिँ हो, ज्ञानवाद) ।

## विशेष शिर्षक: यूहन्नाको लेखहरूमा "सत्यता" को विचार

एउटा भावनामा यूहन्नाले हिब्रू पृष्टभूमि र ग्रीक पृष्टभूमिको उनले वचनको "सत्यता" (अल'थेइया) मा गरेजस्तै जोड्दछन् (१:११४) । हिब्रूमा एमेथ (विडिवि ५३) ले यो कुरा देखाउँदछ, कि जुनचाहिँ सत्य वा भरोसायोग्य हुन्छ (कतिचोटी सेप्टेजुवान्टको पिस्ट्यूसँग सम्बन्धित हुने) । ग्रीकमा यो प्लेटोको बास्तविकताको विरुद्धमा अवास्तविकता र स्वर्गको विरुद्धमा पृथ्वीसँग सम्बन्धित थियो । यो यूहन्नाको दोहोरोपनमा मिल्दछ । परमेश्वरले आफैलाई स्पष्टरूपमा उहाँको पुत्रमा प्रकट गर्नुभएको छ -अल'थेइयालाई शब्दको इतिहासमा प्रकट गरिएको, नलुकाइएको, स्पष्टरूपमा देखाइएको यसलाई विविध तरिकाले प्रकट गर्न सकिन्छ:

१. संज्ञा, अल'थेइया, सत्यता
- क. येशू पूर्ण कृपा र सत्यतामा हुनुहुन्छ (१:१४,१७ - पुरानो करारको संभौताको परिवेश)
- ख. येशूले बप्तिस्मा दिने यूहन्नालाई जोड दिनुहुन्छ (१:३२-३४; १८:३७ - पुरानो करारका अन्तिम अगमवक्ता)
- ग. येशूले सत्य कुरा बोल्नुहुन्छ (८:४०,४४,४५,४६ - प्रकाश नामयोगी र व्यक्तिगत हुन्छ)
- घ. येशू बाटो सत्य र जीवन हुनुहुन्छ (१४:६)
- ङ. येशूले तिनीहरूलाई सत्यतामा बलिदान गर्नुहुन्छ (१७:१७)
- च. येशू (वचन, १:१-३) सत्यतामा हुनुहुन्छ (१७:१७)

२. विशेषण, अल'थ'स, साँचो, भरोसायोग्य
- क. येशूको गवाही (५:३१-३२; ७:१८; ८:१३-१४))
- ख. येशूको न्याय (८:१६)

३. विशेषण, अल'थिनस, वास्तविक
- क. येशू साँचो ज्योति हुनुहुन्छ (१:९)
- ख. येशू साँचो रोटी हुनुहुन्छ (६:३२)
- ग. येशू साँचो दाख हुनुहुन्छ (५:१)
- घ. येशू साँचो गवाही हुनुहुन्छ (१९:३५)

४. क्रियाविशेषण, अल'थस, साँचो
- क. सामरीहरूले येशूलाई साँचो मुक्तिदाताको रूपमा गवाही दिए (४:४२)
- ख. येशू साँचो खाना र पानी हुनुहुन्छ, मोशाको समयमा मन्नको विरोध गरेका (६:५५)

सत्यता भन्ने परिवेश र यसको उत्पत्तिले पनि येशूको गवाहीलाई अरूहरूमा प्रकट गर्दछ, आल'थ'स
- क. बप्तिस्मा दिने यूहन्नाको गवाही साँचो छ (१०:४१)
- ख. यूहन्ना (सुसमाचारका लेखक) को गवाही साँचो छ (१९:३५; २१:२४)
- ग. येशूलाई साँचो अगमवक्ताको रूपमा देखिएको छ (६:१४; ७:४०)

पुरानो करार र नयाँ करारको सत्यतालाई छलफल गर्नको निम्ति, जर्ज इ. ल्याड्सको नयाँ करारको ईश्वरशास्त्रको पानाहरू २६३-२६९ लाई हेर्नुहोस् ।

"६:५६ त्यो ममा रहन्छ, र म त्यसमा रहन्छु" यो त्यही सत्यतालाई यूहन्ना १५:४-७; १ यूहन्ना २:६,२७,२८; ३:६,२४ मा बताइएको छ । १ यूहन्ना २:१० मा दिइएको रहनु भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् । निरन्तर आइरहेको प्रतिउत्तरमा साँचो प्रतिक्रिया सार्थक हुन्छ । यसले सन्तहरूको धैर्यतालाई जोड दिन्छ, र अमेरिकाको सुसमाचारीय समूहमा केही तत्वहरू हराइरहेको हुन्छ । जो कोहीले विश्वासलाई मात्र सुरु गर्ने होइन, तर विश्वासमा अन्त गर्नुपर्छ ( हिब्रू ११ अध्याय) । जोनाथन एडवार्डले यसो भने, "चुनाउको प्रमाणको निश्चयता यो हो, कि अन्तलाई कसैले समातेको हुन्छ ।" डब्लू टि. कनरले यसो भने, "मानिसको मुक्तिमा गरिएको छनौटले अनन्ततादेखि अनन्तताबाटको मुक्तिलाई विचार र परमेश्वरको उद्देश्यमा निश्चित गरिन्छ, तरैपनि यसलाई विश्वासमा सर्त राखिएको हुन्छ, र त्यो एउटा विश्वास धर्यतामा र विजयमा रहन्छ ।"

६:५७ "जिवित पिता" यो वाक्यांश अनौठो छ, तर कतिचोटी यो विचार बाइबलमा प्रयोग गरिएको छ। त्यहाँ परमेश्वरको निम्ति यो शिर्षकको सुरुवातमा विविध फरक तरिकाले व्याख्या गरिएको छ।

१. परमेश्वरको करारको आधारभूत नाउ (प्रस्थान ३:१२,१४-१६; ६:२-३, ६:२० को विशेष शिर्षकलाई हेर्नुहोस)
२. परमेश्वरको सपथ, "जसै म जीउँछु" वा परमेश्वरको नाउँमा, "जसै परमप्रभु जीउनुहुन्छ" -गन्ती १४:२१,२८; यशैया ४९:१८; यर्मिया ४:२)
३. परमेश्वरको वर्णनको रूपमा -भजनसंग्रह ४२:२; ८४:२; यहोशू ३:१०; यर्मिया १०:१०; दानिएल ६:२०,२६; होशे १:१०; मत्ती १६:१६; २६:६३; प्रेरित प्रेरित १४:१५; रोमी ९:२६; २ कोरिन्थी ३:३; ६:१६; १ थेसलोनिकी १:९; १ तिमोथी ३:१५; ४:१९; हिब्रू ३:१२; ९:१४; १०:२१; १२:२२; प्रकाश ७:२)
४. यूहन्ना ५:२६ को भनाइ यो हुन्छ, कि पिता आफैमा जीवन छ, र यो जीवन उहाँको पुत्रलाई दिनुभएको छ, र ५:२१ मा पुत्रले गरेझैं पिताले पनि मृत्युबाट उठाउनुभयो।

६:५८ यो मोशा र येशूको पुरानो करार र नयाँ करारको तुलना हो (हिब्रूको पुस्तकको ३ र ४ अध्यायहरूलाई हेर्नुहोस्)।

- "पिता-पुर्खाहरूले खाए तापनि मरेर गए" यसले पिता-पुर्खाबाट आएको मुक्तिलाई इन्कार गरेर ईश्वरशस्त्रीय कार्यमा सेवा गरेको हुनुपर्छ (८:३३-३९) वा मोशाको व्यवस्थाद्वारा (तोराह)।
- "सँधैभरिको निम्ति" तलको विशेष शिर्षकलाई हेर्नुहोस्।

## विशेष शिर्षकः सधैँभरिको निम्ति ('ओलाम)

हिब्रू परिवेश 'ओलाम शब्दको इतिहास (बिडिबि ७६१) अनिश्चित छ -निडोटे, इकाई ३, पाना ३४५)। यसलाई विविध भावनामा प्रयोग गरिएको छ (सामान्यतया सन्दर्भले निर्धारण गर्ने)। यी तल दिइएका मात्रै निश्चित उदाहरणहरू हुन्।

१. प्राचीन चिजहरू
   क. मानिसहरू, उत्पत्ति ६:४; १ शमूएल २७:८; यर्मिया ५:१५; २८:८
   ख. स्थानहरू, यशैया ५८:१२; ६१:४
   ग. परमेश्वर, भजनसंग्रह ९३:२; हितोपदेश ८:२३; यशैया ६३:१६
   घ. चिजविजहरू, उत्पत्ति ४९:२६; अयूब २२:१५; भजनसंग्रह २४:७,९; यशैया ४६:९
   ङ. समय, व्यवस्था ३२:७; यशैया ५१:९; ६३:९,११
२. भविष्यको समय
   क. कसैको जीवन, प्रस्थान २१:६; व्यवस्था १५:१७; १ शमूएल १:२२; २७:१२
   ख. राजाहरूको निम्ति बढाइ-चढाइ गरिएको
   ग. निरन्तर अस्तित्व
      १) पृथ्वी, भजनसंग्रह ७८:६९; १०४:५; उपदेशक १:४
      २) स्वर्ग, भजनसंग्रह १४८:६
३. परमपुभुको अस्तित्व
      १) उत्पत्ति २१:३३
      २) प्रस्थान १५:१८
      ३) व्यवस्था ३२:४०
      ४) भजनसंग्रह ९३:२
      ५) यशैया ४०:२८
      ६) यर्मिया १०:१०
      ७) दानिएल १२:७
   ङ. करार
      १) उत्पत्ति ९:१२,१६; १७:७,१३,१९
      २) प्रस्थान ३१:१६
      ३) लेबी २४:८
      ४) गन्ती १८:१९
      ५) २ शमूएल २३:५
      ६) भजनसंग्रह १०५:१०
      ७) यशैया २४:५; ५५:३; ६१:८
      ८) यर्मिया ३२:४०; ५०:५
   च. दाऊदसँग गरिएको विशेष करार
      १) २ शमूएल ७:१३,१६,२५,२९; २२:५१; २३:५
      २) १ राजा २:३३,४५; ९:५

३) २ इतिहास १३:५
४) भजनसंग्रह १८:५०; ८९:४,२८,३६,३७
५) यशैया ९:७; १६:५; ३७:३५; ५५:३

छ. परमप्रभुको मसीह
१) भजनसंग्रह ४५:२; ७२:१७; ८९:३५-३६; ११०:४
२) यशैया ९:६

ज. परमप्रभुको व्यवस्था
१) प्रस्थान २९:२८; ३०:२१
२) लेवी ६:१८,२२; ७:३४; १०:१५; २४:९
३) गन्ती १८:८,११,१९
४) भजनसंग्रह ११९:८९,१६०
५) यशैया ५९:२१

झ. परमप्रभुको प्रतिज्ञा
१) २ शमूएल ७:१३,१६,२५; २२:५१
२) १ राजा ९:५
३) भजनसंग्रह १८:५०
४) यशैया ४०:८

ञ. करारीय चाडवाडहरू
१) प्रस्थान १२:१४,१७,२४
२) लेबी २३:१४,२१,४१
३) गन्ती १०:८

ट. अन्तसम्म रहिरहने अनन्तता
१) १ राजा ८:१३
२) भजनसंग्रह ६१:७-८; ७७:८; ९०:२; १०३:१७; १४५:१३
३) यशैया २६:४; ४५:१७
४) दानिएल ९:२४

ठ. विश्वासीहरूले सधैंको निम्ति के गर्दछन् भनेर भजनसंग्रहले के कुरा बताउँदछ
१) धन्यवाद दिने, भजनसंग्रह ३०:१२; ७९:१३
२) उहाँको उपस्थितिमा रहिरहने, ६१:४,७
३) उहाँको कृपामा भरोसा गर्ने, भजनसंग्रह ५२:८
४) परमप्रभुको प्रशंसा गर्ने, भजनसंग्रह ५२:९
५) प्रशंसाहरूलाई गाउने, भजनसंग्रह ६१:८; ८९:१
६) उहाँको न्यायको घोषणा गर्ने, भजनसंग्रह ७५:९
७) उहाँको नाउँलाई महिमा दिने, भजनसंग्रह ८६:१२; १४५:२
८) उहाँको नाउँलाई आर्शिवाद दिने, भजनसंग्रह १४५:१

३. अगाडि र पछाडि दुवैको समयमा ("अनन्तदेखि अनन्तसम्म")
क. भजनसंग्रह ४१:१३ (परमप्रभुको स्तुति होस्)
ख. भजनसंग्रह ९०:२ (परमेश्वर आफैलाई)
ग. भजनसंग्रह १०३:१७ (परमप्रभुको प्रेमिलो दयापन)

सन्दर्भले परिवेशको अर्थलाई त्यो हदसम्म निर्धारण गर्ने कुरालाई संझनुहोस् । अनन्तको करार र प्रतिज्ञाहरू शर्तसहितका हुन्छन् (जस्तैः यर्मिया ७ अध्याय) । तपाईले आधुनिक विचारको समयलाई पढ्दाखेरि होसियार हुनुहोस् वा तपाईको नयाँ करारको व्यवस्थित ईश्वरशास्त्रलाई यो गतिशिल संसारमा पुरानो करारको हरेक प्रयोगमा लगाइन्छ । पुरानो करारको प्रतिज्ञाहरूलाई नयाँ करारमा विश्वव्यापीकरण गरिएको छ ।

६:६९ येशूले उहाँको समयमा यहूदीवादलाई अभ्यास गर्नुभयो । उहाँले सभाघरको स्कुलमा सिक्नुभयो । उहाँले सभाघरमा आराधना गर्नुभयो, र सभाघरमा नै सिकाउनुभयो । उहाँले व्यवस्थामा आशा गरिएका सबै कुराहरूलाई पूरा गर्नुभयो ।

सामान्यतया सभाघरहरू बेबिलोनको कैदमा रहँदा सुरु भयो (६०५-५३८ ई.पू.) । यहूदीहरूले आराधना गर्ने विशेष स्थानहरूरूको सुरु गरे, र जहाँ १० जना यहूदी पुरुषहरू हुन्थे । यी ठाउँहरू यहूदी रितिरिवाज र संस्कृतिको संरक्षण गर्ने स्थान बने । जब यहूदीहरू यहूदामा र मन्दिरको सेवामा फर्किए, तब तिनीहरूले यी स्थानीय केन्द्रहरूलाई आफूसँगै राखे ।

हामीलाई अध्याय ६ मा भनिएको छैन, कि जब येशू कपर्नहुमको सभाघरमा प्रवेश गर्नुभयो भनेर (पद २४) ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठ ६:६०-६५**

यो सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने, "यो वचन कठोर छ, कसले यो सुन्न सक्दछ, र ?" तर उहाँका चेलाहरू यस विषयमा गन-गनाउँदैछन् भनी जानेर येशूले तिनीहरूलाई भन्नुभयो, "के यी कुरा तिमीहरूका निम्ति ठोकरको कारण भइरहेछ ? तिमीहरूले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो, त्यहाँ उक्लँदैगरेको देख्यौं भने नि कसो ? जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन् । तर तिमीहरूमध्ये कति छन्, जसले विश्वास गर्दैनन् । किनभने विश्वास नगर्नेहरू को को हुन्, र उहाँलाई धोका दिने को हुनेछ भनी येशूलाई सुरुदेखि नै थाहा थियो । अनि उहाँले भन्नुभयो, "यसैकारण मैले तिमीहरूलाई भनेको हुँ, यदि पिताबाट दिइएको छैन भने, कोही मानिस मकहाँ आउन सक्दैन ।"

६:६० " यो सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने" यो "चेला" भन्ने परिवेशको प्रयोगको वृहत संकेत दिइएको छ । यूहन्नामा यो परिवेश र "विश्वास गर्नु" भन्ने दुवैलाई प्रयोग गरिएका छन्: १) साँचो पछ्याउनेहरू (पद ६८) र २) अस्थायी पछ्याउनेहरू (पद ६४, ८:३१-४७) ।

- "यो वचन कठोर छ, कसले यो सुन्न सक्दछ, र ?" "सुन्नु" भन्ने (अकाउ) वचनमा खेलिएको हुन्छ । तिनीहरूले येशूको वचनलाई सुने, तर तिनीहरूले त्यसलाई बुझ्न सकेनन्, र कार्य गर्न पनि सकेनन् । यो भावनामा यो ग्रीक परिवेशले हिब्रूको सेमा जस्तै कार्य गर्दछ -व्यवस्था ४:१; ५:१ ६:३-४; २७:९-१०) ।

६:६२ यो पहिलो दर्जाको शर्तात्मक वाक्य हो, जसमा निष्कर्ष भन्ने हुँदैन । यसमा लागु गर्ने कुरा यो हो कि, यसलाई तिनीहरूले देख्नेछन् (प्रेरित १ अध्याय) । येशूको मृत्यु, पुनरुत्थान, स्वर्गारोहण र आत्माको आगमनपछि, येशूको धेरैजसो शिक्षा र कार्यहरूले तिनीहरूलाई अर्थ दिने बताउँदछन् ।

- "जहाँ ऊ अघि थियो, त्यहाँ उक्लँदैगरेको देख्यौं भने नि कसो ?" यसले येशू "स्वर्गबाट तल ओर्ली आउनुभएको" निरन्तरतालाई जोड दिन्छ । यसले स्वर्गमा रहनुभएको पिताको अस्तित्वलाई बताउँदछ, र स्वर्गमा हुनुहुने पितासँग उहाँको नजिकको सम्बन्ध रहन्छ (१७:५,२४) ।

## विशेष शिर्षक: स्वर्गारोहण

त्यहाँ थुप्रै संख्याका फरक शब्दहरूलाई येशू फेरी स्वर्गमा जानुभएको घटनालाई वर्णन गर्न प्रयोग गरिन्छ ।

प्रेरित १:२,११,२२; को माथि लिएर जानु (एनालाम्बान्क्) भन्ने परिवेश (१ तिमोथी ३:१६) लाई एलियाको स्वर्गको अनुवाद र १ मकाबी २:५८ मा २ राजा २:९,११ को सेप्टुजूआन्टमा पनि प्रयोग गरिएको छ ।

१. प्रेरित १:९, इपाएर, माथि उठाउनु, माथि उचाल्नु, माथि राख्नु
२. लूका ९:५१, एनाल'प्सिस (#१ को स्वरुप)
३. लूका २४:५१, डिस्ट'मि, जानु
४. यूहन्ना ६:६२, एनाव्येन्क, माथि जानु

यो घटना मत्ती वा मर्कूसको सुसमाचारमा लेखिएको छैन । मर्कूसको सुसमाचारको अन्त १६:८ मा हुन्छ, तर पछिका तीनवटा जातिय समावेशले १६:१९ को घटनालाई वर्णन गर्दछ (जस्तैः अनालाम्बान्क) ।

६:६३ ६ अध्यायको वृहत परिवेशको कारणले गर्दा यो पदले पुरानो करारको विरुद्धमा नयाँ करारको बीचमा विपरिततालाई सम्बन्धित बनाएर मोशाको विरुद्धमा येशूलाई राख्न सकिन्छ (पद ५८; २ कोरिन्थी ३:६, हिब्रूको पुस्तकमा दुईवटा करारको तुलनालाई पनि हेर्नुहोस्) ।

- "जीवन दिनुहुने आत्मा" यो धेरै मध्ये एउटा वाक्यांश हो, जसलाई येशू र आत्मा दुवैमा प्रयोग गरिन्छ ।

१. आत्माको जीवन दिने पानी (७:३८-३९)
२. येशू जीवन दिने पानी (४:१०-१४)
३. पवित्र आत्मा चाहिँ सत्यताको आत्मा (१४:१७; १५:२६; १६:१३)
४. येशू सत्यतामा रहनुहुने (१४:६)
५. आत्मा पवित्र आत्मा हुने (१४:१६,२६; १५:२६; १६:७)
६. र येशू पनि पवित्र आत्मा हुने (१ यूहन्ना २:१)

१४:४६ लाई विशेष शिर्षकको निम्ति हेर्नुहोस् ।

यो पदमा आत्मा (न्यूमा) लाई दुईवटा विशेष भावनामा प्रयोग गरिएको कुरालाई याद गर्नुहोस् ।

१. पवित्र आत्मा (१:३२,३३; ३:३४; ७:३९; १४:१७; १५:२६; १६:१३)
२. आत्मिक (४:२४; ११:३३; १३:२१)

यूहन्नाको ३:५,६,८ मा यसको अर्थ के हो भनेर जान्नलाई कठिन पर्दछ । यूहन्नामा सम्भाव्य दुवै हुन सक्छ ।

## विशेष शिर्षकः नयाँ करारको आत्मा (न्यूमा)

नयाँ करारमा आत्माको निम्ति ग्रीक परिवेशलाई विविध तरिकाले प्रयोग गरिएको छ। यहाँ केही प्रतिनिधिको विभाजना र नमुनाहरू दिइएका छन्।

क. त्रियक परमेश्वरको
 १. पिताको (यूहन्ना ४:२४)
 २. पुत्रको (रोमी ८:९-१०; २ कोरिन्थी ३:१७; गलाती ४:६; १ पत्रुस १:११)
 ३. पवित्र आत्माको (मर्कूस १:११; मत्ती ३:१६; १०:२०; यूहन्ना ३:५,६,८; ७:३९; १४:१७; प्रेरित २:४; ५:९; ८:२९,३५; रोमी १:४; ८:११,१६; १ कोरिन्थी २:४,१०,११,१३,१४; १३:७)

ख. मानवीय जीवनको शक्तिको
 १. येशूको (मर्कूस ८:१२; यूहन्ना ११:३३,३८; १३:२१)
 २. मानव जातिको (मत्ती २२:४३; प्रेरित ७:५९; १७:१६; २०:२२; रोमी १:९; ८:१६; १ कोरिन्थी २:११; ५:३-५; ७:३४; १५:४५; १६:१८; २ कोरिन्थी २:१३; ७:१३; फिलिप्पी ४:२३; कलस्सी २:५)

ग. आत्मिक परिधिको
 १. आत्मिक जातिहरू
  क. असल (जस्तैः स्वर्गदूतहरू, प्रेरित २३:८-९; हिब्रू १:१४)
  ख. दुष्ट (जस्तैः शैतान, मत्ती ८:१६; १०:१; १२:४३; १२:४३,४५; प्रेरित ५:१६; ८:७; १६:१६; १९:१२-२१; एफिसी ६:१२)
  ग. भूतप्रेतहरू (लूका २४:३७)
 २. आत्मिक विवेक (मत्ती ५:३; २६:४१; यूहन्ना ३:६; ४:२३; प्रेरित १८:२५; १९:२१; रोमी २:२९; ७:६; ८:४,१०; १२:११; १ कोरिन्थी १४:३७)
 ३. आत्मिक चिजविजहरू (यूहन्ना ६:६३; रोमी २:२९; ८:२,५,९,१५; १५:२७; १ कोरिन्थी ९:११; १४:१२)
 ४. आन्मिक वरदानहरू (१ कोरिन्थी १२:१; १४:१)
 ५. आत्माको प्रेरणा (मत्ती २२:४३; लूका २:२७; एफिसी १:१७)
 ६. आत्मिक शरीर (१ कोरिन्थी १५:४४-४५)

घ. चरित्रवानहरूको
 १. यस संसारको आचरण (रोमी ८:१५; ११:८; १ कोरिन्थी २:१२)
 २. मानिसहरूको विचार गर्ने प्रकृया -प्रेरित ६:१०; रोमी ८:६; १ कोरिन्थी ४:२)

ङ. शारीरिक अवस्थाको
 १. हावा (मत्ती ७:२५,२७; यूहन्ना ३:८; प्रेरित २:२)
 २. सास (प्रेरित १७:२५; २ थेसलोनिकी २:८)

यसमा यो कुरा स्पष्ट छ, कि यो परिवेशलाई यसको तत्कालको सन्दर्भमा व्याख्या गरिनुपर्छ। त्यहाँ व्याख्याका विविध छाँयाहरू छन्, जसले यस्तो कुरा बताउन सक्छः १) शारीरिक संसार; २) लुकेको संसार; ३) यस शारीरिक संसारका व्यक्तिहरूको साथसाथै वा आत्मिक परिवेश।

पवित्र आत्मा त्रियक परमेश्वरको त्यो भागमा हुनुहुन्छ, जो इतिहासको यस अवस्थामा अत्यन्तै शक्रिय हुनुहुन्छ। आत्माको नयाँ युग आएको छ। सबै असल, पवित्र, ठीक, र सत्यले उहाँमा नै सम्बन्ध राख्दछन्। उहाँको उपस्थिति, वरदान र सेवकाइ सुसमाचारको अझ टाढामा र उहाँको राज्यको सफलतामा अति नै जटिल छन् (यूहन्ना १४ र १६)। उहाँले आफैतर्फ ध्यान तान्नुहुन्न, तर ख्रीष्टतर्फ तान्नुहुन्छ (यूहन्ना १६:१३-१४)। उहाले सबै विश्वासीहरूलाई दोषी ठहऱ्याउनु, विश्वास दिलाउनु, फकाउनु, बप्तिस्मा दिनु र परिपक्व बनाउनु हुन्छ (यूहन्ना १६:८-११)।

६:६४ यो समूहको स्पष्ट कुरा हुन्छ, तर यहूदा जस्ता झुटा कुरालाई पछ्याउनेहरूलाई कम गरिन्छ (पदहरू ७०-७१; १३:११। त्यहाँ विश्वासको तहमा निश्चिय नै रहस्यको संलग्नता हुन्छ।

## विशेष शिर्षकः चेलापन सम्बन्धी (अपहिष्टमी)

यो ग्रीक परिवेश अपहिष्टमीको वृहत अर्थको विज्ञानको क्षेत्र छ। तरैपनि, अंग्रेजी परिवेश "अपोष्टोपी" यो परिवेशबाट आएको छ, र यसको प्रयोगमा आधुनिक पाठकहरूलाई हानी पुऱ्याउँदछ। सन्दर्भ जहिले पनि मुख्य नै हुन्छ, तर अगाडि नै दिइएको परिभाषा चाहिँ होइन।

यो अपो भन्ने नायोगीबाट आएको संयुक्त परिवेश हो, जसको अर्थ "बाट" वा "बाटदेखि टाढा" भन्ने हुन्छ, र हिष्टमीको अर्थ, "बस्नु" उभिनु" वा "ठीक बनाउनु" भन्ने हुन्छ। अईश्वरशास्त्रीय तलका प्रयोगहरूलाई हेर्नुहोस्:

१. शारीरिक रूपमा हटाउनु
 क. मन्दिरबाट, लूका २:३७
 ख. घरबाट, मर्कूस १३:३४
 ग. व्यक्तिबाट, मर्कूस १२:१२; १४:५०; प्रेरित ५:३८
 घ. सबै चिजहरूबाट, मत्ती १९:२७,२९
२. राजनैतिक रूपमा हटाउनु, प्रेरित ५:३७

३. सम्बन्धलाई हटाउनु, प्रेरित ५:३८; १५:३८; १९:९; २२:२९
४. कानुनसम्मत सम्बन्धविच्छेदलाई हटाउनु, व्यवस्था २४:१,३ (सेप्टुजुवान्ट) र नयाँ करारमा मत्ती ५:३१; १९:७; मर्कूस १०:४; १ कोरिन्थी ७:१
५. ऋणलाई हटाउनु, मत्ती १८:२७
६. छोडेर वेवास्तालाई देखाउनु, मत्ती ४:२०; यूहन्ना ४:२८; १६:३२
७. नछोडेर वास्तालाई देखाउनु, यूहन्ना ८:२९; १४:१८
८. अनुमति दिनु, मत्ती १३:३०; १९:१४; मर्कूस १४:६; लूका १३:८

ईश्वरशास्त्रीय भावनामा पनि क्रियाको वृहत प्रयोग हुन्छः

१. पापको दोषलाई रद्द गर्नु, क्षमा दिनु, र घटाउनु, प्रस्थान ३२:३२ (सेप्टुजुआन्ट); गन्ती १४:१९; अयूब ४२:१० र नयाँ करारमा मत्ती ६:१२, १४-१५; मर्कूस ११:२५-२६
२. पापबाट स्थायी नगर्नु, २ तिमोथी २:१९
३. यसलाई टाढा हटाएर वेवास्ता गर्नुः
    क. व्यवस्था, मत्ती २३:२३; प्रेरित २१:२१
    ख. विश्वास, इजकिएल २०:८ (सेप्टुजुआन्ट); लूका ८:१३; २ थेसलोनिकी २:३; १ तिमोथी ४:१; हिब्रू ३:१२

आधुनिक विश्वासीहरूले धेरै ईश्वरशास्त्रीय प्रश्नहरू सोध्छन्, जुनकुरा नयाँ करारका लेखकहरूले कहिल्यै पनि सोँचेका हुँदैनथे । यिनीहरूमध्ये एउटा आधुनिक विचारमा अविश्वासयोग्यपनबाट विश्वासलाई छुट्टयाएर सम्बन्धित गरेका हुन्छन् ।

बाइबलमा भएका यी व्यक्तिहरू हुन्, जोहरू परमेश्वरका मानिस र कुनै चिज हुने कुरामा संलग्न रहेका हुन्छन् ।

अ. पुरानो करारमा,
  क. तिनीहरू जसले १२ जना जास ुसहरूको प्रतिवेदनलाई स ुने, गन्ती १४ (हिब्रू ३:१६-१९
  ख. कोरह, गन्ती १६ अध्याय
  ग. एलीको छोराहरू, १ शमूएल २, ४ अध्यायहरू
  घ. शाऊल, १ शमूएल ११-३१ अध्याय
  ङ. झुटा अगमवक्ताका नमुनाहरू
    १. व्यवस्था १३:१-५; १८:१९-२२ (झुटा अगमवाणी जान्ने उपायहरू)
    २. यर्मिया २८ अध्याय
    ३. इजकिएल १३:१-७
  च. झुटा अगमवादीनिहरू
    १. इजकिएल १३:१७
    २. नहेम्याह ६:१४
  छ. इस्राएलका दुष्ट अगुवाहरूको नमुनाहरू
    १. यर्मिया ५:३०-३१; ८:१-२; २३:१-४
    २. इजकिएल २२:२३-३१
    ३. मीका ३:५-१२

आ. नयाँ करार
  क. यो ग्रीक परिवेशलाई शाब्दिक अर्थमा अपोष्टासाइज भनिन्छ । दोस्रो आगमन हुनुभन्दा अगाडि असल र खराब सिकाइलाई पुरानो र नयाँ करार दुवैले निश्चित गर्ने चाहना राख्दछन् (मत्ती २४:२४; मर्कूस १३:२२; प्रेरित २०:२९,३०; २ थेसलोनिकी २:९-१२; २ तिमोथी ४:४) । यो ग्रीक परिवेशले मत्ती १३ अध्याय, मर्कूस ४ अध्याय, र लूका ८ अध्यायमा बीऊ छर्नेको दृष्टान्तलाई येशूको वचनमा देखाइएका छन् । यी झुटा शिक्षकहरू अगाडि ख्रीष्टियन थिएनन्, तर तिनीहरू त्यहाँ भित्रबाट आए -प्रेरित २०:२९-३०; १ यूहन्ना २:१९); तरैपनि, तिनीहरू अपरिपक्व विश्वासीहरूलाई प्रलोभन देखाएर अधिन गर्नलाई सक्षम हुन्छन् (हिब्रू ३:१२) ।

    ईश्वरशास्त्रीय प्रश्न यस्तो छ, कि के झुटा शिक्षकहरू कहिल्यै विश्वासीहरू थिए? यसको उत्तर दिनु कठिन छ, किनकि त्यहाँ स्थानीय मण्डलीहरूमा झुटा शिक्षकहरू थिए (१ यूहन्ना २:१८-१९) । कतिचोटी हाम्रो ईश्वरशास्त्रीय वा साम्प्रदायिक परम्पराले बाइबलको विशेष पाठको सन्दर्भबिना नै यस प्रश्नको उत्तर दिँदछ (पाठको प्रमाणको तरिकाबिना नै कसैको पूर्वाग्रहलाई प्रमाणित गर्ने परिवेशलाई मानि लिएर यो पदले बताएको हुन्छ) ।

  ख. स्पष्ट विश्वास
    १. यहूदा, यूहन्ना १७:१२
    २. सिमोन म्यागनस, प्रेरित ८ अध्याय
    ३. मत्ती ७:१३-२३ मा बोलेका व्यक्तिहरू
    ४. मत्ती १३, मर्कूस ४, र लूका ८ अध्यायमा बोलेका व्यक्तिहरू
    ५. यूहन्ना ८:३१-५९ का यहूदीहरू
    ६. अलेक्जेण्डर र हुमेनियस, १ तिमोथी १:१९-२०

७. १ तिमोथी ६:२१ को निम्ति
८. हुमेनियस र फिलेतस, २ तिमोथी २:१६-१८
९. डेमास्, २ तिमोथी ४:१०
१०. झुटा शिक्षकहरू, २ पत्रुस २:१९-२२; यहूदा, पदहरू १९-२२
११. ख्रीष्टविरोधी, १ यूहन्ना २:१८-१९

ग. फलरहितको विश्वास
१. १ कोरिन्थी ३:१०-१५
२. २ पत्रुस १:८-११

हामीले कममात्र यी पाठहरूको विचार गर्छौं, किनकि हाम्रो व्यवस्थित ईश्वरशास्त्र (काल्भिनवाद, अरमिनियनवाद आदि) ले नभइनहुने प्रतिक्रियालाई बताउँदछन् । मलाई अगाडि नै न्याय नगर्नुहोस्, किनकि मैले यो विषयलाई यहाँ ल्याउँदछु । मेरो वास्तामा निश्चित व्याख्यात्मक प्रकृया हुन्छ । हामीले बाइबललाई हामीमा बोल्न दिनुपर्छ, र आधुनिक ईश्वरशास्त्रमा ढाल्नलाई कोसिस गर्नु हुँदैन । यो धेरैचोटी दर्दनाक र झड्का लाग्ने हुन्छ, किनकि धेरैजसो हाम्रो ईश्वरशास्त्र, साम्प्रदायिक सांस्कृतिक वा सम्बन्धित हुन्छ (बाबुआमा, इष्टमित्र, पाष्टर), र बाइबलीय हुँदैन । कोही मानिसहरू परमेश्वरबाट तर्केका हुन्छन्, र परमेश्वरका मानिसहरू हुन सक्दैनन् (जस्तैः रोमी ९:६) ।

६:६५ यसले पद ४४ मा भएको उही सत्यतालाई प्रकट गर्दछ । पतन भएको मानव जातिले परमेश्वरलाई आफ्नै सक्रियतामा खाज्दैन (रोमी ३:९-१८ पुरानो करारका क्रमवद्ध भनाइहरू हुन्, जसले मानवजातिको पापपूर्णपना र विद्रोहलाई जोड दिँदछ) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ६:६६-७१

यसपछि उहाँको चेलाहरूमध्ये धेरै जना पछि हटे र उहाँसँग हिँड्न छोडे । येशूले बाह्रैलाई भन्नुभयो, “के तिमीहरू पनि मलाई त्यागेर जाने?” सिमोन पत्रुसले जवाफ दिए, “हे प्रभु, हामी कसकहाँ जाऔं ? तपाईंसित अनन्त जीवनका वचन छन्, र हामीले विश्वास गरेका छौं, र जानेका छौं तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ ।” येशूले तिनीहरूलाई जवाफ दिनुभयो, “के म आफैले तिमीहरू बाह्रै जनालाई छानेको होइन, र? र तिमीहरूमध्येको एकजना चाहिँ दियाबलस हो ।” यो उहाँले सिमोन इस्करियोतको छोरो यहूदाको विषयमा भन्नुभएको थियो, किनभने, १२ मध्ये एकजना भएर पनि त्यसले उहाँलाई धोका दिन आटेको थियो ।

६:६७ “बाह्र जना” यो यूहन्नामा भएको चेलाहरूको निम्ति प्रयोग गरिएको पहिलो सामूहिक परिवेश हो (६:७०-७१; २०:२४) । ६:१३ मा विशेष शिर्षकको निम्ति हेर्नुहोस् ।

६:६८ “सिमोन पत्रुसले जवाफ दिए” पत्रुस १२ जनाको निम्ति प्रवक्ता थिए (मत्ती १६:१६) । यो लागु गर्ने होइन, जसै तिनीहरूले उहाँलाई तिनीहरूको अगुवाको रूपमा देखे (मर्कूस ९:३४; लूका ९:४६; २२:२४) ।

- “तपाईंसित अनन्त जीवनका वचन छन्” १) ख्रीष्टियन निति दुवैमा, १) सन्देशमा सत्यता रहन्छ, “अनन्त जीवनका वचन” र २) सत्यता येशू ख्रीष्टको व्यक्तित्वमा प्रकट हुन्छ । तब त्यो सुसमाचार सन्देश र व्यक्ति दुवै हुन्छ । पिष्टिस भन्ने परिवेश दुवैमा सम्बन्धित बन्न सक्छः १) एउटा सन्देश (यहूदा ३:२०, र २) एकजना व्यक्ति (यूहन्ना १:१२; ३:१५-१६) । २:२३ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

६:६९ “हामीले विश्वास गरेका छौं, र जानेका छौं” यी दुवै सिद्ध सकृय सूचकहरू हुन् । यहाँ मुक्ति भनेको सिद्ध कालमा हुन्छ, जसको अर्थ विगत, र चरम विन्दुमा पुगेको कार्यमा जातिलाई मिलाउने अवस्था बन्दछ । साँचो मुक्तिमा ग्रीकका सबै क्रियाका कालहरूको संलग्नता हुन्छ ।
मुक्तिको निम्ति ९:७ मा प्रयोग गरिएको ग्रीकको क्रियाको कालहरूलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

- 

नासाब, एनआरएसभि, एनजेभि, “तपाईं परमेश्वरको जीवितचाहिँ हुनुहुन्छ”
एनकेजेभि, “तपाईं जीवित परमेश्वरका पुत्र येशू ख्रीष्ट हुनुहुन्छ”
ाटइभि, “तपाईं पवित्रचाहिँ हुनुहुन्छ, जो परमेश्वरबाट आएको छ”

त्यहाँ यो विन्दुमा आइपुग्दा हस्तलेखनको समस्या छ । सबभन्दा छोटो पाठ (नासाब, एनआरएसभि, एनजेबि) लाई प्राचीन ग्रीक हस्तलेखनहरूले सहायता पुऱ्याएका छन्, जस्तैः पि७५, !, ख, ग, घ, एल र डब्लू । स्पष्टरूपमा पछिका स्काइबहरूले मार्थाको पश्चात्तापबाट आएको अतिरिक्त वचनलाई ११:२७ मा र पत्रुसको पश्चात्ताप मत्ती १६:१६ मा राखेका छन् । युविएस४ ले सबभन्दा छोटो पाठमा निश्चित “क” स्तरलाई दिँदछन् ।

“परमेश्वरको पवित्रचाहिँ” भन्ने वाक्यांश पुरानो करारको मसिहिय शिर्षक हो । यसलाई लूका १:३५ र प्रेरित ३:१४ मा संकेत गरिएको छ । यो त्यस्तो शिर्षक हो, जसमा येशूले मर्कूस १:२४ र लूका ४:३४ मा शैतानलाई बताउनुभएको छ । १ यूहन्ना २:२० को विशेष शिर्षकलाई हेर्नुहोस् । यो बाह्रजनाद्वारा गरिएको अर्को विश्वासको पश्चात्ताप हो, जुनचाहिँ मत्ती १६ अध्यायजस्तै छ ।

“के म आफैले तिमीहरू बाह्रै जनालाई छानेको होइन, र ?” यो चेलाहरूको निम्ति अर्को जोड दिइएको अलौकिक चुनाउ हो (पदहरू ४४ र ६५) । पद ६७ मा दिइएको येशूको प्रश्नलाई याद गर्नुहोस् । अलौकिक चुनाउ र मानवीय इच्छाशक्ति बाइबलीय चिन्तामा रहनुपर्छ । तिनीहरू करारको सम्बन्धमा दुईवटा पक्षहरू हुन् ।

- "र तिमीहरूमध्येको एकजना चाहिँ दियाबलस हो।" कस्तो झस्किने खालको भनाइ ! यसले धेरैमध्ये एकजना पछाडि फर्कने छेउको चेलालाई बताउँदैन (पद ६६), तर १२ जना छानिएका प्रेरितहरूले उहाँमा रहेको विश्वासलाई दावी गरे। यिनीहरूमध्ये धेरै जना १३:२ वा २७ सँग जोडिएका छन्। यो पदलाई हाम्रो बुझाइमा सम्बन्धित गर्दा विविध प्रश्नहरू उब्जिने गर्दछन्: १) किन येशूले दुष्टलाई छान्नुभयो ? र २) यो सन्दर्भमा यो परिवेशको अर्थ के हुन्छ ?

पहिलो प्रश्नले अगाडि नै भनिएको अगमवाणीसँग सामना गर्नुपर्ने हुन्छ (१७:१२; भजनसंग्रह ४१:९)। यहूदाले के गर्दैछ भन्ने कुरा येशूलाई थाहा थियो। यहूदा पाप क्षमा नदिइने नमुनामा व्यक्ति हुन्। उनले येशूलाई सुनेर, हेरेर, र धेरै वर्षसम्म उहाँसँगै रहेर इन्कार गरे।

दोस्रो प्रश्नको सम्भाव्य दुईवटा अर्थहरू छन्:

१. कतिले यसलाई शैतान (शैतानको निम्ति प्रेरित १३:१० र प्रकाश २०:२ मा उपपद बिना नै प्रयोग गरेका) यहूदामा प्रवेश गरेको कुरालाई सम्बन्धित बनाउँदछन् (१३:२,२७)।

२. सम्भाव्यत् यो परिवेशलाई जातियतामा प्रयोग गरिएको हुन्छ (१ तिमोथी ३:११; २ तिमोथी ३:३; र तितस २:३ मा उपपद नभएको)

यहूदा शैतानलाई जस्तै पुरानो करारको भावनामा दोष लगाइएको व्यक्ति थियो (१२:३१ लाई विशेष शिर्षकमा हेर्नुहोस्)। ग्रीक परिवेशले झुटो निन्दा वा [illegible] शब्दलाई विविध ग्रकि हस्तलेखनहरूमा फरक प्रकारले उच्चारण गरिएको छ)। यसले निम्न कुराहरूलाई बताउन सक्छ:

१. केरिओथको मानिस, यहूदाको एउटा सहर
२. कार्टानको मानिस, गालीलको एउटा सहर
३. पैसा ल्याउनको लागि छालाको झोला प्रयोग गरिएको
४. "अनौठो" लाग्ने व्यक्तिको निम्ति हिब्रू शब्द
५. हत्याराको चक्कुको निम्ति ग्रीक शब्द

यदि #१ सत्य छ भने, उनी १२ जना मध्येका यहूदीयन थिए। यदि #५ सत्य छ भने, उनी सिमोन जस्तै डाही थिए।

हालसालै त्यहाँ एउटा पुस्तक लेखिएको छ, जसले यहूदालाई सकारात्मक प्रकाशमा व्याख्या गर्दछ। यस पुस्तकको शिर्षक यहूदा, "येशूको मित्र वा ठग हो" भन्नेमा विलियम क्लासेनद्वारा लेखिएको, फोर्ट्रेस प्रेसद्वाना प्रकाशन सन् १९९६ मा गरिएको हो। यो सँगको मेरो समस्या यो हो, कि यसले यूहन्नाको सुसमाचारलाई टिप्पणी गरेर गंभिरतापूर्वक लिएको हुँदैन।

- "धोका दिनु" यो ग्रीक परिवेशलाई वृहत रूपमा अनुवाद गरिन्छ, र धेरैजसो सन्दर्भमा सन्तुलनमा रहन्छ। तरैपनि, यहूदाले येशूलाई अधिकारीहरूमाथि संहाल्दा, यसलाई अशुभ जनाउने संकेतको रूपमा लिँदछन्। १८:२ को टिपोटलाई हेर्नुहोस्।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशनको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै व्याख्याको निम्ति आफै नै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाई, बाइबल, र पवित्र आत्मा व्याख्याका प्राथमिकताहरू हुन्। तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डमा मुख्य विषयहरूद्वारा तपाईंलाई विचार गरेर सहायता प्रदान गर्नेछ। तिनीहरू विचारलाई उत्तेजित पार्ने हुन्छन्, र निश्चित हुँदैनन्।

१. के यूहन्ना ६ अध्याय प्रभु भोजको निम्ति छलफल गर्न लाएक हुन्छ ? किन वा किन होइन ?
२. येशूको दावी के थियो, जब उहाँले यसो भन्नुभयो, "म जीवनको रोटी हुँ" ?
३. किन येशूले यो भीडलाई झस्किने खालको भनाइ भन्नुभयो ?

# यूहन्ना ७ अध्याय
## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशूका भाइहरूको अविश्‍वास | येशूका भाइहरूको अविश्‍वास | येशू, जीवनको पानी | येशू र उहाँका भाइहरू | चाडको निम्ति येशू माथि यरूशलेममा जानुभएको र त्यहाँ सिकाउनुभएको |
| ७:१-९ | ७:१-९ | ७:१-९ | ७:१-९ | ७:१ |
| येशू छाप्रो-बासको चाडमा | स्वर्गीय विद्वान |  | येशू छाप्रो-बासको चाडमा | 7:2-9 |
| ७:१०-१३ | ७:१०-२४ | ७:१०-१३ | ७:१०-११ | ७:११-१३ |
|  |  |  | ७:१२-१३ |  |
| ७:१४-२४ |  | ७:१४-१८ | ७:१४-१५ | ७:१४-२४ |
|  |  |  | ७:१६-१९ |  |
|  |  | ७:१९-२४ |  |  |
|  |  |  | ७:२० |  |
|  |  |  | ७:२१-२४ |  |
| के यो ख्रीष्ट हुनुहुन्छ ? | के यो ख्रीष्ट हुनसक्नुहुन्थ्यो ? |  | के उहाँ मसिह हुनुहुन्छ ? | मानिसहरूले मसिहको सुरुवातको बारेमा छलफल गरे |
| ७:२५-३१ | ७:२५-३१ | ७:२५-३१ | ७:२५-२७ | ७:२५-२७ |
|  |  |  | ७:२८-२९ | ७:२८-२९ |
|  |  |  | ७:३०-३१ | ७:३० |
| हाकीमहरूले येशूलाई पक्रन पठाएका | येशू र धार्मिक अगुवाहरू |  | येशूलाई पक्रन सिपाहीहरू पठाइएका | येशूले उहाँको जाने समय नजिक भएको अगमवाणी गर्नुभएको |
|  |  |  |  | ७:३१-३४ |
| ७:३२-३६ | ७:३२-३६ | ७:३२-३६ | ७:३२-३४ |  |
|  |  |  | ७:३५-३६ | ७:३५-३६ |
| जिउँदो पानीका नदीहरू | पवित्र आत्माको प्रतिज्ञा |  | जीवन दिने पानीका खोलाहरू Water | जिउँदो पानीको प्रतिज्ञा |
| ७:३७-३९ | ७:३७-३९ | ७:३७-३९ | ७:३७-३९ | ७:३७-३८ |
|  |  |  |  | ७:३९ |
| मानिसहरूको बीचमा विभाजन | उहाँ को हुनुहुन्छ ? |  | मानिसहरूको बीचमा विभाजन | मसिहको सुरुवातको बारेमा ताजा अनुसन्धानहरू |
| ७:४०-४४ | ७:४०-४४ | ७:४०-४४ | ७:४०-४४ | ७:४०-४४ |
| अधिकारमा रहनेहरूको अविश्‍वास | अधिकारीहरूले इन्कार गरेका |  | यहूदी अधिकारीहरूको अविश्‍वास |  |
| ७:४५-५२ | ७:४५-५२ | ७:४५-५२ | ७:४५-५२ | ७:४५-५२ |
|  |  |  | ७:४६ |  |
|  |  |  | ७:४७-४९ |  |
|  |  |  | ७:५०-५१ |  |
|  |  |  | ७:५२ |  |

## अध्ययन चक्र तीन (पाना पाँचलाई हेर्नुहोस्)

सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु

यो अध्ययनको निर्देशनको टिप्पणी हो, जसको अर्थ तपाईं आफ्नै व्याख्याको निम्ति आफै नै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाई, बाइबल, र पवित्र आत्मा व्याख्याका प्राथमिकताहरू हुन् । तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन ।

एकै बसाइमा खण्डलाई पढ्नुहोस् । विषयहरूको पहिचान गर्नुहोस् । तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचवटा अनुवादहरूमा तुलना गर्नुहोस् । अनुच्छेदलाई उत्प्रेरित गरिएको हुँदैन, तर सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि ।

## पदहरू १-५२ को पाठगत अन्तर्दृष्टि

क. ५ र ६ अध्यायहरूको परिवेश निस्तार चाड हुन्छ । ७:१ देखि १०:२१ सम्मको परिवेश छाप्रो-बासको चाड हुन्छ (७:२ देखि तल) ।

ख. सामान्यतया छाप्रो बासको चाड कटनीको समयको निम्ति धन्यवाद दिनु थियो (कटनीको चाड भनियो, प्रस्थान २३:१६; ३४:२२) । यो प्रस्थानको अनुभवलाई संझने समय पनि थियो (छाप्रो बासको चाड पनि भनियो, लेवी २३:२९-४४ र व्यवस्था १६:१३-१५) । यो तिसरीको १५ औं दिनमा पर्दथ्यो, जसले सेप्टेम्बरको अन्त्य वा अक्टोबरको सुरुमा पत्राचार गर्दथ्यो ।

ग. अध्यायहरू ७ र ८ ले येशूले सबाथलाई तोडेको विरुद्धमा यहूदीहरूको स्थापनालाई विरोधको रूपमा देखाइयो, र यहोवासँगको चाहिँ उहाँको दावी थियो । पाठले बताउन प्रयास गरेको तिनीहरूको समयको संख्यालाई याद गर्नुपर्ने हुन्छः
१. उहाँलाई पक्रिने, ७:३०,३२,४४; १०:३९
२. उहाँलाई मार्ने, ७:१,१९,२५; ८:३७,४०; ११:५३)

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः ७:१-९**
त्यसपछि येशू गालीलमा नै घुमफिर गर्नुभयो, तर उहाँ यहूदीयामा जान चाहनुभएन, किनभने यहूदीहरू उहाँलाई मार्ने दाउमा थिए । अब यहूदीहरूको छाप्रो-बासको चाड नजिकै थियो । यसकारण येशूका भाइहरूले उहाँलाई भने, “यो ठाउँ छाडेर यहूदीया जानुहोस् र तपाईंले गरिरहनु भएका कामहरू तपाईंका चेलाहरूले पनि देखून् । जुन मानिसले ख्याति प्राप्त गर्न चाहन्छ, त्यसले गुप्तमा काम गर्दैन । तपाईं यी कामहरू गर्नु हुन्छ भने, आफूलाई संसारमा प्रकट गराउनुहोस् ।” किनकि उहाँका भाइहरूले पनि उहाँमाथि विश्वास गर्दैनथिए । येशूले तिनीहरूलाई भन्नुभयो, “मेरो उपयुक्त समय अझै आएको छैन तर तिमीहरूका निम्ति त सबै समय उपयुक्त छ । संसारले तिमीहरूलाई घृणा गर्न सक्दैन, मलाई त घृणा गर्दछ, किनकि संसारको विषयमा त्यसका कामहरू दुष्ट छन् भनी म गवाही दिन्छु । तिमीहरू यस चाडमा जाओ । म यस चाडमा जान्न, किनभने मेरो समय अझ पूरा भएको छैन ।” तिनीहरूले यसो भनेर उहाँ गालीलमै रहनुभयो ।

७:१ “त्यसपछि येशू” यो गणनालाई चलाउने शाब्दिक तरिका हुन्छ, तर अस्थायी बनाउनेवाला होइन (५:१; ६:१; ७:१; २१:१) ।

- “यहूदीहरू उहाँलाई मार्ने दाउमा थिए” यूहन्नामा धेरैचोटी “यहूदीहरू” भन्नेले अशुभ जनाउने कुराको शंकेत गर्दथ्यो (१:१९; २:१८,२०; ५:१०,१५,१६; ६:४१,५२; ७:१,११,१३,३५; ८:२२,५२,५७; ९:१८,२२; १०:२४,३१,३३; १८:८; १९:७,१२; २०:१९) । तिनीहरूको घृणा र मार्ने चाहनालाई धेरैचोटी बताइएको छ (५:१६-१८; ७:१९,३०,४४; ८:३७,४०,५९; १०:३१,३३,३९; ११:८,५३) ।

7:2 “यहूदीहरूको छाप्रो-बासको चाड नजिकै थियो” यसलाई छाप्रो-बासको चाड पनि भनियो (लेवी २३:३४-४४; व्यवस्था १६:१३-१७), किनकि कटनी गर्ने समयमा गाउँलेहरू खेतको सानो घरमा बस्थे, जसले यहूदीहरूलाई तिनीहरूको यात्राको अनुभवको संझना गरायो । यो रितिरिवाज र लेखिएको कुराको चाडले ७:१-१०:२१ मा येशूको सिकाइको निम्ति पृष्टभूमि प्रदान गऱ्यो, जसै अध्यायहरू ५६ मा दिइएको निस्तार चाडको निम्ति गऱ्यो ।

७:३ "येशूका भाइहरू" यहाँ २:१२ देखि येशूको परिवारको बारेमा पहिलोचोटी बताइएको छ। यो कुरा पनि स्पष्ट छ, कि तिनीहरूले उहाँको आचरण, तरिका वा उद्देश्यलाई बुझ्नेनन्।

- "यो ठाउँ छाडेर यहूदीया जानुहोस्" यसले वार्षिक तिर्थ यात्राको बारेमा बताउँदछ (लूका २:४१-४४), जसले गालील छोडे र यरूशलेमको बाटो लागे। यूहन्नाको सुसमाचारले येशूको यरुशलेमको सेवकाइलाई जोड दिँदछ।

७:४ "ख्याति प्राप्त" तलको विशेष शिर्षकलाई हेर्नुहोस्।

## विशेष शिर्षक: साहसीपन (पारा-सिया)

ग्रीक परिवेश "सबै"को निम्ति संयुक्त र "बोली" (रे'सिस) भन्ने हुन्छ। यो स्वतन्त्रता वा साहसीपनको बोलीमा कतिचोटी विरोध वा इन्कारीको बीचमा साहसीपनको संकेत आएको थियो (यूहन्ना ७:१३; १ थेसलोनिकी २:२)।

कतिचोटी यूहन्नाको लेखहरूमा (१३ चोटी प्रयोग गरिएको) यसले सार्वजनिक घोषणाहरूलाई देखाउँदछ (यूहन्ना ७:४, पावलको लेखहरूमा पनि, कलस्सी २:१५)। तरैपनि, यसले कहिलेकाहीँ "साधारण" भन्ने अर्थ दिँदछ (यूहन्ना १०:२४; ११:१४; १६:२५,२९)।

चेलाहरूले प्रेरितको पुस्तकमा येशूले पिताको बारेमा उहाँको योजनाहरू र प्रतिज्ञाहरूलाई बताएजस्तै येशूको बारेमा उहाँको सन्देशलाई बताएका छन् (प्रेरित ९:२९; ४:१३,२९,३१; ९:२७-२८; १३:४६; १४:३; १८:२६; १९:८; २६:२६; २८:३१)। पावलले पनि प्रार्थना गर्नलाई भने, ताकि उनले सुसमाचारलाई साहससित प्रचार गर्न सकून -एफिसी ६:१९; १ थेसलोनिकी २:२) र स ुसमाचारमा जिउन सकून -फिलिप्पी १:२०)।

पावलको खीष्टमा गरिएको भविष्यको आशाले यस वर्तमान् दुष्ट युगमा सुसमाचार प्रचार गर्न उनलाई साहस र निश्चयता दिइएको होस् (२ कोरिन्थी ३:११-१२)। उनलाई यो पनि निश्चयता हुनुपर्छ, कि येशूलाई पछ्याउनेहरूले उचित प्रकारले कार्य गर्नेछन् (२ कोरिन्थी ७:४)।

त्यहाँ यो परिवेशमा एउटा बढी पक्ष हुन्छ। हिब्रूहरूले यसलाई अनौठो प्रकारले खीष्टमा रहेर साहसकासाथ परमेश्वरको नजिक आए र उहाँमा बोले -हिब्रू ३:६; ४:१६; १०:१९-३५)। विश्वासीहरू उहाँको नजिपनमा पिताद्वारा पुत्रमा स्वीकार गरिएर स्वागत गरिनुपर्छ!

यसलाई नयाँ करारमा विविध तरिकाले प्रयोग गरिएको छ।

१. निश्चयता, साहसीपन वा निश्चित हुने कुरा सम्बन्धित छन्:
   क. मानिसमा (प्रेरित २:२९; ४:१३,३१; २ कोरिन्थी ३:१२; एफिसी ६:१९)
   ख. परमेश्वरमा (१ यूहन्ना २:२८; ३:२१; ४:१२; ५:१४; हिब्रू ३:६; ४:१६; १०:१९)
२. खुल्ला रूपमा, साधारण भाषामा, वा अर्थ स्पष्ट नहुनेगरी बोल्नु -मर्कूस ८:३२; यूहन्ना ७:४,१३; १०:२४; ११:१४; १६:२५; प्रेरित २८:३१)
३. सार्वजनिक रूपमा बोल्नु (यूहन्ना ७:२६; ११:५४; १८:२०)
४. सम्बन्धित बनाइएको स्वरुप (पार्र'सियाजोमाइ) लाई कठिन परिस्थितिको बीचमा साहससित बोल्नलाई प्रयोग गरिन्छ -प्रेरित १८:२६; १९:८; एफिसी ६:२०; १ थेसलोनिकी २:२)।

यो परिवेशमा यसले भविष्यसम्बन्धी निश्चयतालाई बताउँदछ। विश्वासीहरू येशूको दोस्रो आगमनमा डर मान्नु पर्दैन, तिनीहरूले यसलाई निश्चित उत्साहकासाथ अंगाल्नुपर्छ किनकि तिनीहरू खीष्टमा रहन्छन्, र खीष्टको जस्तै जीवन जिउँछन्।

- "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोणबाट सत्य भएको मानिलिइएको छ।

- "आफूलाई संसारमा प्रकट गराउनुहोस्।" येशूले पद ४ मा दिइएको "संसार" भन्ने परिवेशको तिनीहरूको प्रयोगलाई लिनुभयो, र पद ७ मा टिप्पणी गर्नुभयो। यो संसारले उहाँलाई स्वीकार गरेन, र उहाँप्रति सहानुभूति पनि देखाएन, तर विरोधी बन्यो (१५:१८-१९; १७:१४; १ यूहन्ना ३:१३), किनकि उहाँले यसको विद्रोह र पापलाई प्रकट गर्नुभयो (३:१९-२०)।

येशूले आफै (जस्तैः आश्चर्यकर्महरू) लाई प्रकट गर्ने तरिकाभन्दा (क्रूस) उहाँका भाइहरूले प्रकट गर्ने तरिक धेरै फरक थियो। यो त्यो स्थान हो, जहाँ यशैया ५५:८-११ को अगमवाणी स्पष्टरूपमा जोड दिएर आउँदछ।

७:५ "किनकि उहाँका भाइहरूले पनि उहाँमाथि विश्वास गर्दैनथिए" यो लेखकले दिएको अर्को सम्पादकिय टिप्पणी हो। यसमा येशूलाई मसिहको रूपमा विश्वास गर्न धेरै कठिनाइ पर्दछ, जबकि तपाई उही घरमा बढ्नुभएको हुन्छ (मर्कूस ३:२०-२१)। येशूले उहाँका आधि भाइ र बहिनीहरूलाई वास्ता गर्नुभयो। उहाँको पुनरुत्थान भइसकेपछिको देखा पर्नुको उद्देश्य तिनीहरूमा आफैलाई प्रकट गर्नु थियो। तिनीहरू विश्वास गर्न आए -प्रेरित १:१४)। याकूब यरुशलेम मण्डलीको अगुवा बने। याकूब र यहूदा दुवैले लेखेको पुस्तकमा नयाँ करारको कालक्रमलाई समावेश गरे।

७:६ "मेरो उपयुक्त समय अझै आएको छैन" "समय" (काइरोस) भन्ने परिवेश यहाँमात्र दुईचोटी पाइन्छ, र पद ८ मा यूहन्नाको सुसमाचार र पत्रहरू छन्। बागाडले तीनवटा आधारभूत संकेतहरू दिन्छन्:

१. एउटा स्वागत गरिएको समय (जस्तैः २ कोरिन्थी ६:२)
   एउटा मौकाको समय (जस्तैः लूका ४:१३)
   एउटा नियुक्त गरिएको समय (जस्तैः मर्कूस १३:३३; प्रेरित ३:२०; १ पत्रुस १:११)
२. एउटा उचित वा उपयुक्त समय
   उचित समय (जस्तैः मत्ती २४:४५; लूका १:२०)
   निश्चित समय (जस्तैः यूहन्ना ७:८; २ तिमोथी ४:६)
३. भविष्यको समय (जस्तैः लूका २१:८; रोमी १३:११; १ थेसलोनिकी ५:१; २ थेसलोनिकी २:६)

गन्ती २ र ३ अध्यायमा सिमान्टिकलाई खप्ट्याइएको छ।

येशूले उहाँको मिसनलाई बुभ्नुभयो (१२:२३; १३:१; १७:१-५)। यी सुसमाचारका घटनाहरूलाई खोल्नको लागि त्यहाँ अलौकिक समयतालिका थियो ( लूका २२:२२, यूहन्ना ७:३०; ८:२०; प्रेरित २:२३; ३:१८; ४:२८)।

७:७ ''संसार'' १४:१७ को कोसमोसलाई विशेष शिर्षकमा हेर्नुहोस्।

७:८

नासाब ''तपाईं आफै चाडसम्म जानुपर्ने, म चाडसम्म जान सक्दिन''

एनकेजेभि ''तपाईं यो चाडसम्म जानुहोस्, म यो चाडसम्म अझै गइरहेको हुँदिन''

एनआरएसभि एनजेबि ''यो चाडमा तपाईं आफै जानुहोस्, म यो चाडमा गइरहेको छैन''

टिइभि ''तपाईं यो चाडमा जानुहोस्, म यो चाडमा गइरहेको छैन''

धेरै प्राचीन ग्रीक हस्तलेखनहरूमा (आई, डि, र के) ''अझैपनि'' भन्ने क्रियापद हुँदैन। यसको सुरुका जातिहरूमा पद ८ र १० को बीचमा भएको प्रत्यक्ष विरोधाभाषलाई हटाउने प्रयास भएको जस्तो देखिन्छ। यो क्रियापद एमएसएस पि६६, पि७५, बि, एल, टि, र डब्लू मा समावेश गरिएको छ - एककेजेभि, बिसौं शताब्दीको नयाँ करार, एनआइभि)।

यो छोटो भनाइ यसरी बुझ्न सकिन्थ्यो,

१. म तपाईंसँग गइरहेको छैन (नत तपाईंको उद्देश्यको निम्ति)

२. म आठौं दिनको चाडको मध्यमा गइरहेको हुन्छु (चाडद्वारा चिन्हहरूलाई प्रकट गर्न) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ७:१०-१३

तर उहाँका भाइहरू चाडमा गएपछि उहाँ पनि खुल्लमखुल्ला होइन, तर गुप्त रूपमा जानुभयो। चाडमा यहूदीहरूले उहाँलाई खोजीरहेका थिए, र ''उनी कहाँ छन्?'' भनी सोध्दैथिए। भीडहरूका बीचमा उहाँको विषयमा चर्चा हुन लाग्यो। कोही भन्थे, ''उनी असल छन्।'' अरूले भन्थे, ''होइन, यसले मानिसहरूलाई भ्रममा पारिरहेछ।'' तर यहूदीहरूको डरले उहाँको विषयमा कोही खुल्लमखुल्ला बोल्दैनथिए।

७:११ ''यहूदीहरू'' त्यहाँ यो खण्डमा चारवटा छुट्टै समूहहरू छन्, जसले येशूसँगै कुराकानी गर्दछन्।

१. उहाँका भाइहरू

२. ''यहूदीहरू'' जसले धार्मिक गुरुहरूलाई बताउँदछ।

३. ''त्यो भीड'' जसले तिनीहरूको छाप्रो बासको चाडको बाटोलाई तिर्थयात्रामा बताउने गर्दछ।

४. यरूशलेमका मानिसहरू, जो स्थानीय बासीहरू थिए, जसलाई सभाघर थाहा थियो, र येशूलाई मार्ने पनि तिनीहरूको योजना थियो।

७:१२ ''भीडहरूका बीचमा उहाँको विषयमा चर्चा हुन लाग्यो'' प्रत्येक भीडमा सुसमाचारले के गर्दछ भनेर यो फरक किसिमको हुन्छ। यसले फरक आत्मिक क्षमताहरू र मानव जाति भित्र हुने वर्तमान् समझदारीको तहलाई देखाउँदछ (७:४०-४४)।

- "यसले मानिसहरूलाई भ्रममा पारिरहेछ'' पालाक् भन्ने क्रियालाई प्रयोग गरिन्छः

१. झुटा गुरुहरूको निम्ति (जस्तैः मत्ती २४:११; २ तिमोथी ३:१३; १ यूहन्ना १:८; २:२६; ३:७)।

२. झुटा मसिहहरूको निम्ति (मत्ती २४:४-५,२४; यूहन्नामा येशू को हुनुहुन्थ्यो भनेर यहूदीहरूले कस्तो विचार गरे, यूहन्ना ७:१२,४७; मत्ती २७:६३)

३. मानिसहरूले आफैलाई ठगेका (१ कोरिन्थी ६:९; १५:३३; गलाती ६:७; याकूब १:१६)

यो शब्दलाई ग्रहहरूको तारामण्डलहरूको नियमित कक्षमा पछ्याउने गर्दैनन्। तिनीहरूलाई ''घुमन्तेहरू'' भनेर भनिन्थ्यो।

७:१३ ''यहूदीहरू'' यो पूरै भीड यहूदीहरूको थियो। यसले स्पष्टरूपमा यो कुरा देखाउँदछ, कि यूहन्नाको यस परिवेशको विशेष परिवेशमा यरूशलेमका धार्मिक अगुवाहरूलाई बताउँदछ। ७:१ को टिपोटलाई हेर्नुहोस्।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ७:१४-१८

चाडको बीचमा येशू मन्दिरभित्र पस्नुभयो, र शिक्षा दिनुभयो, यहूदीहरूले अचम्म मान्दै यसो भने, ''कुनै अध्ययन नगरी यिनले कसरी यति विद्या हासिल गरे?'' तब येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, ''मेरो शिक्षा मेरै होइन, तर उहाँको हो, जसले मलाई पठाउनुभयो, यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो, सो उसले जान्नेछ। जसले आफ्नै तर्फबाट बोल्दछ, उसले आफ्नै सम्मान खोज्दछ, तर जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ, त्यो सत्य हो, र त्यसमा छल हुँदैन।''

७:१४ ''चाडको बीचमा येशू मन्दिरभित्र पस्नुभयो, र शिक्षा दिनुभयो'' येशूले यो समयसम्म पर्खिने निश्चित कारण अनिश्चित छ, तर कसैले यो कुरा मानिलिन सक्छन्, कि यो अनुमति दिइएको समयको निम्ति र सहरका मानिसहरूले घुमफिर गर्दा उहाँलाई र उहाँको सेवकाइलाई छलफल गर्न सक्छन्। यो दिइएको समयले यहूदी अगुवाहरूलाई तिनीहरूको विरोधीपनलाई खुल्लारूपमा प्रकट गर्न अनुमति प्रदान गर्दछ (पद १३)।

- ''येशूले बोलेका घटनाहरूलाई निम्न प्रकारले चित्रित गरिन्छः

१. सिकाउनु, मत्ती ४:२३; ५:२,१९; ७:२९; यूहन्ना ६:५९; ७:१४,२८,३५; ८:२०,२८

२. प्रचार गर्नु, लूका ४:१८; ७:२२; ९:६; २०:१

यिनीहरूले येशूलाई समान प्रकारले प्रयोग गरेको देखिन्छ, जसले उहाँको मानवीय सृष्टिलाई परमेश्वरको सत्यता प्रदान गर्दछन् । प्रकाशको अर्थ सधैँ जानकारी दिनु र सुधार गर्नु भन्ने थियो । यसले परिवर्तन हुने जीवनको शैलीको प्राथमिकतामा सहभागी हुने निर्णयलाई माग गर्दछ । सत्यताले सबै थोकमा परिवर्तन ल्याउँदछ !

७:१५ "कुनै अध्ययन नगरी यिनले कसरी यति धेरै विद्या हासिल गरे ?" यसको सामान्य अर्थ यस्तो हुन्छ, कि उनले गुरूहरूको स्कुललाई औपचारिक रूपमा भाग लिने मौका कहिल्यै पनि पाएनन्, नत उनी कुनै पनि प्रख्यात गुरुहरूको चेला नै भएका थिए । "यो मानिस" भन्ने वाक्यांशको प्रयोगले सम्मान नगरिएको कुरालाई संकेत गर्दछ (१८:१७, २९) ।

कतिचोटी येशूको सिकाइले उहाँका श्रोताहरूलाई अचम्म पाऱ्यो (मर्कूस १:२१-२२; लूका ४:२२), किनकिः १) सन्दर्भ र २) स्वरुप । अन्य गुरुहरूले एक-अर्कालाई बताए; तर येशूको दावी परमेश्वरलाई बताउनु थियो !

७:१६ येशूले फेरी ध्यान खिँच्नुले, उहाँलाई पितामा समर्पित गर्नुमात्र थिएन (५:१९ को टिपोटलाई हेर्नुहोस्), तर उहाँको पिताको अनौठो ज्ञान पनि प्राप्त गर्नु थियो । तिनीहरूका संसारका गुरुहरू थिए, तर उहाँको स्वर्गीय गुरु हुनुहुन्थ्यो ।

७:१७ "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ आवश्यकीय वा संभाव्य कार्य भन्ने हुन्छ । यो सुसमाचारको विश्वव्यापी कार्यमा विडम्बना हुन्छ (१:१२; ३:१६), र परमेश्वरको सर्वोच्चता हुन्छ (६:४४, ६५) । त्यो आत्माले हृदयलाई खोल्नुपर्ने हुन्छ (१६:८-१३) ।

७:१८ "येशूले पतन भएको मानव जातिको विपरितमा उहाँको आफ्नै अनौठोपनलाई बताउनुहुन्छः १) उहाँले आफ्नै महिमा चाहनुभएन; २) उहाँले पिताको महिमा खोज्नुहुन्छ; ३) उहाँ साँचो हुनुहुन्छ; र ४) उहाँ पापरहित हुनुहुन्छ ।

- "जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ" १:१४ को टिपोटलाई हेर्नुहोस् ।

- "त्यो सत्य हो, र त्यसमा छल हुँदैन" येशू हाम्रो सट्टामा मर्न सक्नुहुन्थ्यो, किनकि उहाँलाई उहाँको आफ्नै पापको निम्ति कुनै खाँचो थिएन (२ कोरिन्थी ५:२१) । येशूको पापरहितपना कठिन ईश्वरशास्त्रीय विषय बन्दछ । कतिचोटी यो विषय फरक तरिकाले प्रकट गरिनछ ।

१. लूका २३:४१
२. यूहन्ना ६:६९; ७:१८; ८:४६; १४:३०
३. २ कोरिन्थी ५:२१
४. हिब्रू ४:१५; ७:२६; ९:१४
५. १ पत्रुस १:१९; २:२२ (यशैया ५३:९)
६. १ यूहन्ना २:२९, ३:५,७

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ७:१९-२४

"के मोशाले तिमीहरूलाई व्यवस्था दिएनन् ? तर तिमीहरू कसैले त्यो व्यवस्था पालन गर्दैनौ । तिमीहरू किन मलाई मार्न खोज्दछौं ? भीडले जवाफ दियो, तिमीलाई भूत लागेको छ । कसले तिमीलाई मार्न खोज्दैछ ? येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, एउटा काम मैले गरें, अनि तिमीहरू सबै यसमा आश्चर्य मान्दछौं । मोशाले तिमीहरूलाई खतनाको रीति दिएका छन् (हुन त, त्यो मोशाको तर्फबाट होइन, तर पिता-पुर्खाहरूबाट हो), र पनि शबाथ-दिनमा तिमीहरू मानिसलाई खतना गर्दछौं । मोशाको व्यवस्था भङ्ग नहोस भनेर यदि कुनै मानिसले सबाथ-दिनमा पूरै निको पारिदिएँ भनेर के तिमीहरू मसँग रीस गर्दछौं । मुख हेरेर होइन, तर ठीक किसिमले इन्साफ गर ।"

७:१९ यसको व्याकरणीय संरचनाले "हो" भन्ने उत्तरको आशा राख्दछ ।

- "तर तिमीहरू कसैले त्यो व्यवस्था पालन गर्दैनौ" यो भनाइ ती यहूदीहरूको निम्ति झट्का लाग्ने भएको हुनुपर्छ, जसले यरूशलेममा एउटा खाँचो भएको चाडमा उपस्थित भइरहेका थिए ।

मोशाको व्यवस्थाले स्पष्टरुपमा अगाडि नै हुने मृत्युलाई निशेष गऱ्यो, तरैपनि यो अगुवाहरूले योजना गरेअनुसार जस्तै हुन्छ । स्थानीय मानिसहरूले यसको बारेमा जान्दथे, तर हामीले तिनीहरूका योजना वा वा गनगनलाई रोक्ने चाहना राख्दछौं ।

- "तिमीहरू किन मलाई मार्न खोज्दछौं ?" पद २० को प्रश्न धार्मिक अगुवाहरूबाट आएका छैनन्, तर यात्रीहरूको भीडबाट आएका छन्, जसले उहाँलाई मार्ने योजनामा केही पनि चिज थाहा हुँदैन । पछिबाट आएर पद २५ मा यरुशलेमका मानिसहरूले येशूलाई मार्ने योजनाको बारेमा थाहा पाए । धार्मिक अगुवाहरूले पनि येशूलाई उहाँको शक्ति र अन्तर्दृष्टिलाई वर्णन गर्नको निम्ति भूत लागेको छ भन्ने दोष लगाए (मत्ती ९:३४; ११:१८; २२:२४; मर्कूस ३:२२-३०; यूहन्ना ८:४८-५२; १०:२०-२१) ।

७:२० "तिमीलाई भूत लागेको छ" यो कुरा प्रत्येकलाई स्पष्ट छ, कि येशूसँगको सम्पर्कमा रहनेलाई आत्मिक शक्ति प्राप्त हुन्थ्यो । प्रश्न यस्तो थियो, कि यो शक्ति कहाँबाट आयो ? यहूदी अगुवाहरूले येशूको "आश्चर्य कर्म" हरूलाई इन्कार गर्न सकेनन्, यसरी तिनीहरूले शैतान वा दुष्टको शक्तिलाई बताए (८:४८-४९,५२; १०:२०) ।

यस सन्दर्भमा त्यस भीडले छाप्रो बासको यात्रामा सहभागी हुन जाँदा उही वाक्यांशलाई प्रयोग गर्छन्, तर यो फरक भावनामा हुन्छ । तिनीहरूले यो कुरालाई पनि बताइरहेका छन्, कि येशूले कारणबिनाको मानसिक रोगले पिडित तरिकामा कार्य गर्नुहुन्छ ।

## विशेष शिर्षक: भूत सम्बन्धी (अशुद्ध आत्मा)

क. प्राचीन मानिसहरूले आत्मालाई पूजा गर्थे । तिनीहरूले मानवीय व्यक्तित्वले प्राकृतिक शक्तिहरूलाई, जनावरहरूलाई, र खनिज पदार्थ हरू छल्ने गर्थे । यी आत्मिक वस्तुहरूलाई मानव जातिसँग जीवनको अन्तरक्रियामा वर्णन गरिएको थियो । यो व्यक्तित्वको वर्णनले धेरै ईश्वरहरूको जन्म दियो । सामान्यतया भूतहरू (जेनिई) कम ईश्वर वा आधी-ईश्वरहरू (असल र खराब) थिए, जसले व्यक्तिगत

ख. मानवीय जीवनहरूमा प्रभाव पारे ।

१. मेसोपोटामिया, लथालिङ्ग र संघर्ष

२. मिश्र, क्रम र कार्य

३. कनान, डब्लू. एफ. अलब्राइटको "इस्राएलको भूगर्भशास्त्र र धर्म" भन्ने पुस्तकको पाँचौं प्रकाशनको पानाहरू ६७-९२ हेर्नुहोस् ।

C. पुरानो करारमा एकदमै एउटामात्र ईश्वर भन्ने भावनाले गर्दा कम ईश्वर, स्वर्गदूतहरू, वा भूत भन्ने विषयलाई विकास गर्दैन वा रहँदैन -प्रस्थान ८:१०; ९:१४; १५:११; व्यवस्था ४:३५,३९; ६:४; ३५:२६; भजनसंग्रह ३५:१०; ७१:१९; ८६:८; यशैया ४६:९; यर्मिया १०: ६-७; मीका ७:१८) । यसले मूर्तिपूजक राष्ट्रहरूको झुटा ईश्वरहरूलाई बताउँछ (सेदिम, व्यवस्था ३२:१७; भजनसंग्रह १०६:३७) र यहाँ तिनीहरूमध्ये केहीको नाउँ दिइएको छ:

१. से'इम (बनको देवता वा कपालैकपाल भएका भूतहरू, लेवी १७:७; २ इतिहास ११:१५)

२. लिलिथ (स्त्री वा बहकाउने भूत, यशैया ३४:१४)

३. माभेट (मृत्युको निम्ति हिब्रू परिवेशमा प्रयोग गरिएको जमिनमुनिको कनानीहरूको ईश्वर, मोट, यशैया २८:१५,१८; यर्मिया ९:२१ र सम्भवत् व्यवस्था २८:२२) ।

४. रेसहेपे -(लेग, व्यवस्था ३२:२४; भजनसंग्रह ७८:४८; हबकूक ३:५)

५. डेभेर (पेस्टिलेन्स, भजनसंग्रह ९१:५-६; हबकूक ३:५)

६. अज'आजेल -नाम अनिश्चित तर सम्भवत् मरुभूमिको भूत वा ठाउँको नाउँ (लेवी १६:८,१०,२६)

(यी उदाहरणहरू इनसाइक्लोपेडिया जुडैकाको इकाई ५ को पाना १५२३ बाट लिइएको हो)

तरैपनि, त्यहाँ पुरानो करारको यहोवाबाट स्वर्गदूतीय स्वतन्त्रता वा दोहोरोपन भन्ने हुँदैन । शैतान यहोवाको नोकर हो (अयूब १ र २, जकरिया ३ अध्याय), तर स्वतन्त्र वा आफै-निर्देशित शत्रु भने होइन (ए. बि. डिभड्सन, पुरानो करारको ईश्वरशास्त्र, पानाहरू ३००-३०६) ।

घ. बेबिलोनको कैदमा रहँदाखेरि यहूदीवादको विकास भयो (५८६-५३८ ई.पू.) । यसलाई ईश्वरशास्त्रीय रूपमा पर्सियनको व्यक्तिकरण गरिएको जोराष्ट्रियनवादको दोहोरोपनमा प्रभाव पारिएको थियो, र एउटा असल उच्च ईश्वरलाई माज्दा वा ओरमाजद् भनियो, र एउटा विरोधी दुष्टलाई अहरिमान् भनियो । यसले यहोवा र उहाँको स्वर्गदूतहरू र शैतानको र यहूदीवादको कैदपछिको समयको व्यक्तिगत दोहोरोपनको बीचमा र उहाँको स्वर्गदूतहरू वा भूतहरूको बीचमा अनुमति दियो ।

यहूदीहरूको व्यक्तिगत बनाइएको दुष्टताको ईश्वरशास्त्रलाई वर्णन गरिन्छ, र अल्फ्रेड एडरसेमको "येशू मसिहको जीवन र समय मा" भन्ने पुस्तकको ईकाइ २ र परिशिष्ट १३ (पानाहरू ७४९-८६३) र १६ (पानाहरू ७७०-७७६) । यहूदीवादले व्यक्तिगत दुष्टतालाई तीन प्रकारले दिएको छ:

१. शैतान वा सामएइल

२. मानव जातिभित्र भएको दुष्ट भावना (एत्जर हारा)

३. मृत्युको दूत

एण्डरसिमले यिनीहरूलाई यसरी चित्रित गरेः १) दोष लगाउने वाला; २) परीक्षामा पार्ने वाला, र ३) न्याय गर्ने वाला -इकाई २, पाना ७५६) । त्यहाँ कैदपछिको यहूदीवाद र नयाँ करारको प्रस्तुति र दुष्टतालाई वर्णन गर्दा ईश्वरशास्त्रीय फरकपनलाई देखाइएको छ ।

ङ. नयाँ करारमा विशेषगरेर सुसमाचारहरूमा, दुष्ट मानव जातिहरूको विरोधमा र अस्तित्वमा र यहोवालाई बताइएका छन् (यहूदीवादमा मानवजातिको शत्रु शैतान थियो, तर परमेश्वरचाहिँ होइन) । तिनीहरूले परमेश्वरको चाहना, शासन र राज्यलाई विरोध गरे ।

येशूले यी शैतानका आत्माहरूलाई सामना गर्नुभयो, र निकाल्नुभयो, र १) अशुद्ध आत्मा (लूका ४:३६, ६:१८) वा २) दुष्ट आत्मा (लूका ७:२१, ८:२) मानवीय जातिबाट भन्नुभयो । येशूले बिरामीपन -शारीरिक र मानसिक) र दुष्तात्मा बीचको फरकपनलाई स्पष्ट पार्नुभयो । उहाँले आफ्नो शक्तिलाई आत्मिक अन्तर्दृष्टिमा देखाउनुभयो, र यी दुष्ट आत्माहरूलाई पहिचान गरेर भूतहरूलाई धपाउनु भयो । कतिचोटी तिनीहरूले उहाँलाई पहिचान गरे र उहाँलाई बताउने प्रयास गरे, तर येशूले तिनीहरूको गवाहीलाई इन्कार गर्नुभयो र उनीहरूको चुपचापपनलाई माग गरेर तिनीहरूलाई निकाल्नुभयो । भूत निकाल्ने कार्य शैतानको राज्यको हारको चिन्ह हो ।

F. त्यहाँ यस विषयमा नयाँ करारका प्रेरितिय पत्रहरूमा अनौठो प्रकारले जानकारीको अभाव भएको देखिन्छ । भूत निकाल्ने कार्यलाई कहिल्यैपनि आत्मिक वरदानको रूपमा, नत कुनै तरिका वा प्रकृयाको रूपमा, यसमा दिइएको भविष्यको पुस्ताको सेवकहरूको वा विश्वासीहरूको पुस्तालाई सूचीकृत गरिएको हुँदैन । दुष्टता वास्तविक हुन्छ; दुष्टता व्यक्तिगत हुन्छ; र दुष्टता सबैतिर उपस्थित छ । नत यसको स ुरुवात, नत यसको उद्देश्य नै प्रकट भएको छ । बाइबलले यसको वास्तविकतालाई बताउँदछ, र यसको प्रभावमा विरोधीको उत्तेजना ल्याउँदछ । त्यहाँ अन्तत वास्तविकताको दोहोरोपन छैन । परमेश्वर नियन्त्रणमा हुनुहुन्छ, शैतान हारेको छ, र न्याय गर्नेले यसलाई सृष्टिबाट हटाउनु हुनेछ ।

G. परमेश्वरका मानिसहरूले दुष्टताको विरोध गर्नुपर्छ (याकूब ४:७) । तिनीहरू यसबाट नियन्त्रित हुन सक्दैनन (१ यूहन्ना ५:१८), तर तिनीहरू परीक्षामा पर्न सक्छन्, र तिनीहरूको गवाही र प्रभाव पनि नष्ट हुँदछ -एफिसी ६:१०-१८) । ख्रीष्टियन दृष्टिकोणमा प्रकट हुने भाग दुष्टता हो । आधुनिक ख्रीष्टियनहरूमा दुष्टतालाई पुनः परिभाषित गर्ने कुनै अधिकार छैन (रुडोल्फ बुल्टम्यानको पुराना कथा हरूलाई वर्णन नगरिएको; दुष्टतालाई व्यक्तिगत नबनाइएको; पावल तिलिकको सामाजिक संरचना), नत यसको पूर्ण मनोवैज्ञानिक परिवेशमा वर्णन गर्ने प्रयास नै गरिएको (सिगमण्ड फ्रेड) । यसको प्रभावचाहिँ व्यापक हुन्छ, तर हारिएको छ । विश्वासीहरूलाई येशू ख्रीष्टले दिने विजयमा हिँड्ने खाँचो पर्दछ !

७:२२
नासाब, एककेजेभि “(यो मोशाबाट दिइएको कारणले गर्दा होइन, तर पिताबाट आएको कारणले गर्दा हो)”
एनआरएसभि “(वास्तवमा यो मोशाबाट आएको होइन, तर पुर्खाहरूबाट आएको हो)”
टिइभि “(यद्यपि यो मोशाबाट आएको होइन, तर तपाईंका पूर्खाहरूले यसलाई सुरु गरे)”
एनजेबि “-त्यो उहाँसँग सुरु भएको कारणले होइन, तर यो पुर्खाहरूको पछाडि भएर जान्छ-”
खतनाको अधिकार मोशाको व्यवस्थासँग सुरु भएन (प्रस्थान १२:४८; लेबी १२:३), तर अब्राहामलाई यहोवासँगको विशेष करारको चिन्हको रूपमा दिइएको थियो (उत्पत्ति १७:९१४; २१:४; ३४:२२)।

- “र पनि शबाथ-दिनमा तिमीहरू मानिसलाई खतना गर्दछौ” येशूको तर्कको आवश्यकीय कुरा यो थियो, कि तिनीहरूले बिदाको नियमलाई अलग्गै राख्न चाहिरहेका थिए, ताकि एउटा बालकको खतना हुने गर्दथ्यो (साहाब १३२क; सावह १८:३; १९:१-६), तर तिनीहरूले तिनीहरूको बिदाको नियमहरूलाई मानिसलाई पूर्ण रूपमा बनाइएको होस् भन्नुको खातिर छुट्टै राख्न चाहिरहेका थिए। यो कुरालाई महसूस गर्नु अति नै महत्वपूर्ण हुन्छ, कि येशूले तर्क र विचारको स्वरुपलाई यो खण्डभरि नै गुरुहरूको यहूदीवादमा प्रयोग गरिरहेका थिए।

७:२३ “यदि” यो पहिलो तहको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो स्वरुपमा मानिलिएको हुन्छ।

- “मैले एकजना मानिसलाई सबाथ-दिनमा पूरै निको पारिदिएँ भनेर के तिमीहरू मसँग रीस गर्दछौं ?” यसले नकि ५:१-९ मा येशूको चंगाइको अभिलेखलाई बताउँदछ, वा चाडको समयको चंगाइलाई अभिलेख राखिएको छैन।

“रिसाउनु” (चोलास्) भन्ने ग्रीक शब्द यहाँ नयाँ करारमा कममात्र पाइने शब्द हो। यो मितव्ययी तरिकाले सबै ग्रीक साहित्यहरूमा पाइन्छ -बागाद, पाना ८८३ र एमएम, पाना ६८९)। यो “गाल” भन्ने शब्दसँग सम्बन्धित छ -कोल’ मत्ती २७:३४)। येशूले यो शब्दलाई प्रयोग गर्ने कारण (जस्तैः यसको संकेत) अनिश्चिच्छ छ। यसले “अलौकिक रीस” लाई त्यो भावमा देखाउन सक्छ, कि तिनीहरूले यस्तो विचार गर्दछन्, तिनीहरूले परमेश्वरको चाहना र उहाँको व्यवस्थालाई सुरक्षित गरेका थिए, जसलाई येशूले तोड्नुभयो।

७:२४ “मुख हेरेर होइन, तर ठीक किसिमले इन्साफ गर” यो नकारात्मक कृदन्तसहितको वर्तमान् आज्ञार्थक हो, जसको अर्थ यो कार्यको प्रकृयामा रोक्नु भन्ने हुन्छ। यसलाई एओरिष्ट आज्ञार्थकले पछ्याएको हुन्छ, जसले आपतकालिन कार्यलाई लागु गर्दछ। यो यशैया ११:३ को संकेत हुन सक्छ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ७:२५-३१

यरूशलेमका कोही-कोही मानिसहरूले भने, “के यिनी उही होइनन्, जसलाई तिनीहरूले मार्न खोज्दछन् ? हेर, यिनी त खुल्लमखुल्ला बोलिरहेछन्, तर तिनीहरू यिनलाई केही भन्दैनन्। के यिनी नै ख्रीष्ट हुन भन्ने धर्म गुरुहरूले साँच्चै थाहा पाए ? तर हामी जान्दछौं, यी मानिस कहाँबाट आएका हुन्। तर जब ख्रीष्ट देखापर्नु हुन्छ, उहाँ कहाँका हुनुहुन्छ, कसैले थाहा पाउनेछैन।” तब येशूले मन्दिरमा सिकाउनुहुँदा, उहाँले उच्च स्वरले भन्नुभयो, “तिमीहरू मलाई चिन्छौ, र म कहाँबाट आएको हुँ, त्यो पनि जान्दछौ। म आफ्नै इच्छाले आएको होइन, तर जसले मलाई पठाउनुभयो, उहाँ सत्य हुनुहुन्छ। तिमीहरू उहाँलाई चिन्दैनौ, तर म उहाँलाई चिन्दछु, किनभने म उहाँबाट आएको हुँ र उहाँले मलाई पठाउनुभएको हो।” यसकारण तिनीहरूले उहाँलाई पक्रन खोजे, तर कसैले उहाँमाथि हात हालेन, किनभने उहाँको समय अझ आइपुगेको थिएन। तर भीडका धेरै मानिसहरूले उहाँमाथि विश्वास गरे। तिनीहरूले भने, जब ख्रीष्ट आउनुहुन्छ, तब के यिनले गरेका चिन्हहरूभन्दा बढी चिन्ह उहाँले गर्नुहोला र ?”

७:२५ “के यिनी उही होइनन्, जसलाई तिनीहरूले मार्न खोज्दछन् ?” यो प्रश्नको व्याकरणीय स्वरुपले “हो” भन्ने उत्तरको आशा राख्दछ (५:४७; ७:१९)। पद ३६ बाट आएको क्रमवद्ध प्रश्नहरूमध्ये यो पहिलो हो।

७:२६
नासाब, आरइभि, एनइटि “उहाँ सार्वजनिक रूपमा बोलिरहनुभएको हो”
एनकेजेभि “उहाँ साहससित बोल्नुहुन्छ”
एनआरएसभि, एनजेबि “उनी खुल्ला रूपमा बोलिरहेका हुन्छन्”
विशेष शिर्षकको निम्ति ७:४ को साहसीपन (पारा’सिया) लाई हेर्नुहोस्।

}
नासाब “शासकहरूलाई साँच्चिकै यो नै ख्रीष्ट हो भन्ने कुरा थाहा थिएन, थाहा थियो त?”
एनकेजेभि “के वास्तवमा शासकहरूलाई थाहा थियो, कि यो नै मसिह हो”
एनआरएसभि “के यो त्यो हो, कि अधिकारीहरूलाई यो नै मसिह हो भन्ने कुरा जान्दथे”
टिइभि “के यो त्यो हुन सक्छ, कि तिनीहरूलाई साँच्चिकै उहाँ मसिह हुनुहुन्छ भनेर थाहा थियो”
एनजेबि “के यो सत्य हुन सक्छ, कि अधिकारीहरूले उहाँ ख्रीष्ट हुनुहुन्छ भनेर पहिचान गर्दथे”
यो व्याकरणीय संरचनाले “होइन” भन्ने उत्तरको आशा राख्दछ। तरैपनि, यसले संभावनालाई प्रकट गर्दैन (१:३१; ४:२९)।

७:२७ “तर हामी जान्दछौं, यी मानिस कहाँबाट आएका हुन् । तर जब ख्रीष्ट देखापर्नु हुन्छ, उहाँ कहाँका हुनुहुन्छ, कसैले थाहा पाउनेछैन” यसले गुरुहरूको मलाकी ३:१ मा आधारित मसिहिय परम्परालाई बताउँदछ, कि मसिह अचानक मन्दिरमा देखापर्नु हुनेछ । यो १ इनोक ४८:६ र ४ एज्रा १३:५१-५२ मा पाइन्छ ।

७:२८ यो पदमा येशूले दुईवटा भनाइहरू दिनुहुन्छः

१. उहाँलाई परमेश्वरले पठाउनुभएको हो (३:१७,३४; ५:३६,३८; ६:२९; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३,१८,२१,२३,२५; २०:२१)

२. तिनीहरूलाई परमेश्वरको बारेमा थाहा थिएन (५:३७,४२; ८:१९,२७,५४-५५; १६:३)

यूहन्नाले यो कुरा बताउँदछन्, कि “येशू रुनुभयो” (७:३७; १२:४४; मत्ती ८:२९) । येशूले आफ्नो स्वरलाई स ुनिने गरी उचाल्नुभयो । एक भावनामा, यो शाब्दिक अर्थको कार्यमा येशूको प्रयोग जस्तैको भावना वा सुरुको “आमेन, आमेन वा आमेन” भन्ने भावना थियो । उहाँले यी उत्तेजित भनाइहरूलाई अचम्मित हुनुपर्ने चाहना राख्नुहुन्थ्यो ! पद २९ ले समस्याको बारेमा बताएको छ ! तिनीहरूले यस्तो विचार गरे कि उहाँ गालीलबाट आउनुभएको हो (पद ४१), तर वास्तवमा उहाँ स्वर्गबाट आउनुभएको हो !

- “तर जसले मलाई पठाउनुभयो, उहाँ सत्य हुनुहुन्छ” पिता सत्य हुनुहुन्छ ३:३३; ८:२६; १ यूहन्ना ५:२०), र त्यस्तै पुत्र पनि हुनुहुन्छ (७:१८; ८:१६) । विशेष शिर्षकको निम्ति ६:५५ लाई हेर्नुहोस् ।

७:२९ “तर म उहाँलाई चिन्दछु, किनभने म उहाँबाट आएको हुँ र उहाँले मलाई पठाउनुभएको हो ।” यूहन्नामा क्षितिजिय दोहोरोपन आएको यो अर्को उदाहरण हो । यो भनाइलाई यहूदी अगुवाहरूले दोष लगाउने कुरामा विचार गरे, र येशू मारिनुभएको तिनीहरूको खाँचोमा निश्चित भए । विशेष शिर्षकको निम्ति ५:२४ को पठाइएको (अपोष्टेलेक) लाई हेर्नुहोस् ।

७:३० “तिनीहरूले उहाँलाई पक्रन खोजे” यो असिद्ध कालको क्रिया हो, जसले लागु गर्दछः १) तिनीहरूले उहाँलाई पक्रन खोजेर सुरु गरे वा २) तिनीहरूले फेरी-फेरी उहाँलाई पक्रन कोसिस गरे, तर तिनीहरूले यात्रीहरूको बीचमा संघर्ष ल्याउने चाहना गरेनन्, जसले उहाँलाई मसिह भनेर विश्वास गरे ।

- “किनभने उहाँको समय अझ आइपुगेको थिएन” यो पुनः आएको अगमवाणीको भनाइ हो, जसले अलौकिक समयतालिकालाई बताउँदछ (२:४; ७:६,३०; ८:२०; १२:२३,२७; १३:१; १७:१) ।

७:३१ “तर भीडका धेरै मानिसहरूले उहाँमाथि विश्वास गरे” यो येशूमा गरिएको साँचो विश्वास थियो यद्यपि यो उहाँको मसिहीय कार्यको बारेमा गलत विचारले भरिएको थियो । कसैसँग पनि “सिद्ध” विश्वास छैन -नोआ, अब्राहाम, मोशा, दाऊद र १२ जना चेलाहरू) । २:२३ को विशेष शिर्षकलाई हेर्नुहोस्।

यस्तो सधैं हुन्छ, जब सुसमाचारलाई प्रस्तुत गरिन्छ । कतिले विश्वास गरे, कतिले शंका गरे, र कतिजना रिसाए । यहाँ त्यो रहस्यको अन्तरक्रिया दिइएको छः

१. अलौकिक चुनाउ

२. मानवीय पापीपना

यहाँ पनि रहस्यको कुरा छ । म सधैं अविश्वासको झड्कामा हुन्छु, किनकि त्यहाँ धेरै ज्योतिको उपस्थित हुन्छ । सायद यो येशूको वचनको बारेमा परिवारका एक-अर्काका सदस्यको विरुद्धमा मिलाउनुपर्ने हुन्छ । यो स ुसमाचारले कतिको लागि शान्ति र अन्यहरूको लागि लडाइँ ल्याउँदछ ।

- “जब ख्रीष्ट आउनुहुन्छ, तब के यिनले गरेका चिन्हहरूभन्दा बढी चिन्ह उहाँले गर्नुहोला र ?” यहाँ ग्रीक व्याकरणीय स्वरुपले “होइन” भन्ने उत्तरको आशा राख्दछ ।

नयाँ करारको ईश्वरशास्त्रमा येशूमा भएको विश्वासलाई उत्साह दिन जर्ज ई. ल्याडले “चिन्ह” हरूलाई प्रयोग गरेर चाखलाग्दो टिप्पणी गरेका छन्:

“विश्वासको सम्बन्धमा आएका संकेतका प्रश्नहरू त्यति सजिला छैनन्, किनकि त्यो तथ्याङ्क दुईवटा फरक दिशाहरूमा हेरेको जस्तो देखिन्छ । कहिले काहीँ चिन्हहरूलाई येशूको विश्वासमा अगुवाइ गर्नलाई प्रयोग गरिन्छन् (२:२३; ६:१४; ७:३१; १०:४२) । अर्कोतर्फ, त्यहाँ त्यस्ता व्यक्तिहरू पनि छन्, जसले चिन्हहरूलाई समाउँछन्, र विश्वास गर्दैनन् (६:२७; ११:४७; २३:३७) । अझैबढी, एक अवसरमा येशूले यहूदीहरूलाई हप्काउनुहुन्छ, किनकि तिनीहरूले चिन्हहरूलाई नदेखेसम्म विश्वास गर्ने छैनन् (४:४८; ६:३०) । विश्वास र चिन्हहरूको बीचमा एक किसिमको चिन्ता भएको उत्तर पाउनुपर्ने हुन्छ ।

चिन्हहरूको साँचो अर्थलाई पहिचान गर्न विश्वासको खाँचो पर्दछ, र विश्वास नगर्ने मानिसहरूले तिनीहरूको गवाही येशूमा राख्दैनन्, र ती चिन्ह हरू पनि अर्थरहित चमत्कार बन्दछन् । तिनीहरू जो उत्तरदायी छन्, तिनीहरूको लागि चिन्हहरू विश्वासलाई निश्चित र बलियो बनाउने साधनहरू हुन् । यो कुरा पनि स्पष्ट छ, कि येशूका चिन्हहरू विश्वासलाई बाध्य बनाउन गरिएका होइनन् । अर्कोतर्फ, येशूका कार्यहरू तिनीहरूको लागि पर्याप्त गवाहीहरू हुन्, जसले उहाँको मिसनमा के भइरहेको छ भन्ने कुरा देख्न सक्षम हुन्छन् । येशूको कार्यहरूले दोष लगाउने साधन र अन्धा मानिसहरूको पापपूर्णतामा निश्चित गर्ने कुरा हो” (पाना २७४) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ७:३२-३६

भीडले उहाँको विषयमा चर्चा गरिरहेको फरिसीहरूले सुने । तब मुख्य पूजाहारीहरू र फरिसीहरूले उहाँलाई पक्रन मन्दिरका पहरेदारहरू पठाए । येशूले भन्नुभयो, “अझ केही समयसम्म म तिमीहरूसँग छु, त्यसपछि म मलाई पठाउनुहुनेकहाँ जानेछु । तिमीहरूले मलाई खोज्नेछौं, तर भेट्टाउनेछैनौं, र जहाँ म हुन्छु, तिमीहरू आउन सक्दैनौं ।” तब यहूदीहरूले आपसमा भने, “यिनी कहाँ जान आँटेका छन्, र हामी यिनलाई भेट्टाउने छैनौं ? के यिनी ग्रीकहरूका बीचमा छरपष्ट भई बसेका यहूदीहरूकहाँ गएर ग्रीकहरूलाई शिक्षा दिन चाहन्छन् । यिनले भनेको बचन के हो ? तिमीहरू मलाई खोज्नेछौं, तर भेट्टाउनेछैनौं, र जहाँ म हुन्छु, तिमीहरू आउन सक्दैनौं ।”

७:३२ "तब मुख्य पूजाहारीहरू र फरिसीहरूले" यसले सभाघरका सदस्यहरूलाई बताउँदछ (३:१ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । त्यहाँ एकजनामात्र महान् पूजाहारी थिए, तर रोमी व्यावसायीको समय भए देखि नै त्यो अफिस धेरै धनी यहूदी परिवारहरू र एक परिवारका सदस्य अर्को परिवारमा जाने राजनैतिक राम्रोपनको मोलतोल हुने स्थान भएको थियो ।

- "उहाँलाई पक्रन मन्दिरका पहरेदारहरू पठाए" यसले "मन्दिरमा रहने पहरादार" लाई बताउँछ, जोहरू लेवीहरू भएको हुनुपर्दथ्यो । तिनीहरूको मन्दिर भन्दा बाहिरको क्षेत्रमा सिमित अधिकार थियो (७:४५,४६; १८:३,१२,१८,२२) ।

७:३३ "अझ केही समयसम्म म तिमीहरूसँग छु," यो यूहन्नामा आएको सामान्य वाक्यांश हो (१२:३५; १३:३३; १४:१९; १६:१६-१९) । येशूलाई उहाँ को हुनुहुन्थ्यो, उहाँलाई के र कहिले हुनेवाला थियो भनेर थाहा थियो (१२:२३; १३:१; १७:१-५) ।

- "त्यसपछि म मलाई पठाउनुहुनेकहाँ जानेछु" यसले येशूको छुटकाराको मिसनको, क्रूसमा चढाइएको, पुनरुत्थान भएको, स्वर्गमा उचालिनुभएको र अगाडि नै अस्तित्वमा रहेको महिमालाई स्थापित गर्ने अन्तिम घटनालाई बताउँदछ (१७:१-५; प्रेरित १ अध्याय) ।

७:३४ यी वचनहरू येशूले माथिल्लो कोठामा उहाँका चेलाहरूसँग छलफल गर्नुभएको जस्तै नै छ (१३:३३; ७:३६ र ८:२१) । तरैपनि, यहाँ यसले अविश्वासीहरूलाई बताउँदछ -जस्तैः भीड, यरूशलेमबासीहरू र यहूदीका अगुवाहरू) ।

७:३५ "के यिनी ग्रीकहरूका बीचमा छरपष्ट भई बसेका यहूदीहरूकहाँ गएर ग्रीकहरूलाई शिक्षा दिन चाहन्छन्" यहाँ ग्रीकको व्याकरणीय संरचनाले "होइन" भन्ने उत्तरको आशा राख्दछ । यो अर्को बिडम्बनापूर्वकको प्रयोग हो । यो सधैं परमेश्वरको चाहनामा हुन्छ (उत्पत्ति ३:१५; १२:३; यशैया २:२-४) । छाप्रो बासको चाडको समयमा, ७० वटा गोरुहरू संसारका सबै राष्ट्रहरूको निम्ति प्रदान गरिन्थ्यो । यहूदीहरू प्रार्थन ागर्न र अन्य जातिहरूलाई प्रकाश ल्याउनको निम्ति बाध्य बन्दथे । यो भनाइले सांस्कृतिक परिवेशलाई झल्काउन सक्दछ । यहाँ "ग्रीक" भन्ने परिवेश "अन्य जाति"को भावनामा प्रयोग गरिएको थियो । डिस्परिया भन्ने परिवेशले यहूदी मानिसहरू अन्य जातिको देशमा बस्दछन् भन्ने कुरालाई दर्शाउँदछ (याकूब १:१, १ पत्रुस १:१) । यो त्यो भीडले येशूलाई नबुझेको अलंकारिक भाषाको अर्को नमुना हो ।

यो येशूको क्षितिजको दोहोरोपनको अर्को उदाहरण हो । त्यो भीडले उहाँलाई गलत प्रकारले बुझ्यो, किनकि तिनीहरूले उहाँको शिक्षाहरूलाई उहाँको भनाइमा व्याख्या गर्दा "माथि" र "तल" को समूहको सट्टामा शाब्दिक रूपमा लिए । उहाँ पिताबाटको हुनुहुन्थ्यो, र पितामा नै फर्कनुहुन्थ्यो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ७:३७-३९

अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यहि कोही तिर्खायो भने, त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन् ।" तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए । किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन ।

७:३७ "अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा" चाहे यो सात दिनको चाड (व्यवस्था १६:१३) वा आठ दिनको चाड -लेवी २३:३६; नहेम्याह ८:१७; २ मकाबी १०:६० र यहोशाफस) भएको होस् भनेर त्यहाँ केही प्रश्नहरू उब्जिन्छन् । येशूको समयमा यो आठ दिनको चाड भएको कुरा स्पष्ट हुन्छ, तरैपनि अन्तिम दिनमा सिलोआमको तलाउबाट पानी निकालिदैनथ्यो र वेदीको तलपट्टी पनि खन्याइदैनथ्यो, जसै यो अन्य सात दिनको लागि थियो । हामीले तालमुडको स ुखाको ट्राक्टेडबाट पाठ सिक्छौं, जुनकुरा यशैया १२:३ मा बताइएको छ । यो अन्नको लागि गरिएको देखिने प्रार्थना भएको हुनुपर्छ ।

- "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ
- "यहि कोही तिर्खायो भने" यो येशूको विश्वासमा आउने विश्वव्यापी निमन्त्रणा हो । ७:१७ को टिपोटलाई हेर्नुहोस् ।
- "त्यो मकहाँ आओस् र पिओस्" येशूले ४:१३-१५ मा प्रयोग गरिएको उही अलंकारलाई प्रयोग गर्नुहुन्छ । सायद यसले येशूलाई मसिहिय चट्टानको रूपमा बताउन सक्थ्यो, जसले पानी प्रदान गऱ्यो (१ कोरिन्थी १०:४) । यसले स्पष्टरूपमा पुरानो करारको यशैयाको ५५:१-३ को निमन्त्रणालाई सम्बन्धित गर्दछ, र चाडको समयमा साङ्केतिक रूपमा पानीलाई खन्याउने मौकाको संस्कार हुन्छ ।

केही प्राचीन ग्रीक हस्तलेखनहरूले "मलाई"" भन्ने शब्दलाई हटाएका छन् (एमएसएस पि६६, !, र डि) । यसलाई पि६६सि, पि७५, !, एल, टि, डब्लू र यसलाई यसको परिवेशमा लागु गरिएको छ । युविएस४ ले यसको समावेशी कुरा दिन्छ, र "ख" तहमा राख्दछ (करिब निश्चित) । यूहन्नामा मानिसहरू लाई उहाँमा भरोसा गर्नलाई भनिएको छ । यो सुसमाचारको व्यक्तिगत जोड हुन्छ ।

७:३८ "जसले ममाथि विश्वास गर्दछ" यो वर्तमान् काल भएको कुरालाई याद गर्नुहोस् । यसले यो कुरालाई जोड दिएको देखाउँदछ, कि व्यक्तिगत सम्बन्धको निरन्तरतामा हुने सम्लग्नतामा यूहन्ना १५ अध्यायको विश्वासजस्तै रहनुपर्छ । विशेष शिर्षकको निम्ति ९:७ मा मुक्तिको निम्ति प्रयोग गरिएको ग्रीक क्रियाको काललाई हेर्नुहोस् ।

- "धर्मशास्त्रले भनेअनुसार" यसमा यो भनाइको निम्ति बाइबलको विशेष खण्डलाई पहिचान गर्न कठिनाइ हुन्छ । यो यशैया १२:३; ४३:१९-२०; ४४:३; ५८:११; इजकिएल ४७:१; योएल ३:१८; जकरिया १३:१ वा १४:८ पर्दथ्यो, जसले भविष्यको पानीलाई अलंकारीक रूपमा बताउथ्यो, जसै यो अलौकिकको उपस्थितिको संकेत बन्दथ्यो । यो अवस्थामा प्रतिज्ञा गरिएको पानीले कृषिको लागि आशिष् हुने नयाँ युगलाई नयाँ करारको आन्तरिक प्रकृतिमा देखाइएको हुन्छ । पवित्र आत्मा हृदय र विचारमा सक्रिय हुनेछ -इजकिएल ३६:२७-३८) ।

- "त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्" त्यहाँ सर्बनामको विगत इतिहासको विविध सिद्धान्तहरू भएका हुन्छन्:

१. येशू आफै (सुरुका मण्डलीका पिताहरू)

२. येशूलाई भरोसा गरेका व्यक्तिगत विश्वासीहरू

३. यरूशलेम, आरमाइकमा "उसको" अर्थ "उनको" भन्ने हुन्छ, र यसले सहरलाई बताउन सक्छ, (यो गुरुहरूको स्थान हो, इजकिएल ४७:१-१२; र जकरिया १४:८)।

त्यहाँ एउटा असल सारांश, दुईवटा सिद्धान्तहरूको आधारमा सामान्य छलफल हुन्छ, जसै एउटालाई पदहरू ३७ख र ३८क मा निडोटेको इकाई १ को पाना ६८३ मा छोट्टयाइन्छ।

येशूले आफैलाई जिवित पानी भनेर बोलाउनुहुन्छ (४:१०)। अब यो परिवेशमा यो पवित्र आत्मा हुन्छ (पद ३९) जसले येशूलाई पछ्याउनेहरूलाई जीवनको पानी उत्पादन गरेर प्रदान गर्नुहुन्छ। यो आत्माको कार्यमा विश्वासीहरूलाई ख्रीष्टमा बनाउँदा समानान्तर हुन्छ (रोमी ८:२९; गलाती ४:१९; एफिसी ४:१३)।

७:३९ "किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन" अन्तत यसले यस भनाइको महत्वपूर्ण पछिको विचार (जस्तैः सम्पादकीय टिप्पणी) लाई यूहन्नाले देखाउँदछन् (१६:७)। यसले पेन्तिकोस र कलवरी दुवैलाई "महिमा" को दृष्टिकोणमा महत्वपूर्ण भएको कुरा देखाउँदछ (यूहन्ना ३:१४; १२:१६,२३; १७:१,५)। त्यहाँ धेरै जातिय विविधताहरू छन्, जसले यूहन्नामा यो छोटो भनाइको अर्थ के हुन्छ भनेर वर्णन गर्ने कोसिस गरेका छन्।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ७:४०-४४

यो कुरा सुन्ने कोही कोही मानिसले भने, "यिनी त साँच्चै अगमवक्ता रहेछन्।" अरूहरूले भने, "यिनी ख्रीष्ट हुन्।" तर कसै-कसैले भने, "के ख्रीष्ट गालीलबाट आउँछन् र ? के धर्मशास्त्रले भनेको छैन, कि ख्रीष्ट दाऊदको वंशबाट र दाऊदकै गाउँ बेथलेहेमबाट आउँछन् ?" यसैले मानिसहरूको बीचमा उहाँको कारण फाटो भयो, तिनीहरूमध्ये कतिले उहाँलाई पक्रन खोजे, तर उहाँमाथि कसैले पनि हात हालेन।

७:४० "यिनी त साँच्चै अगमवक्ता रहेछन्।" यो मोशाको मसिहीय प्रतिज्ञामा भएको संकेत हो, जुनचाहिँ व्यवस्था १८:१५,१८ मा पाइन्छ। धेरै मानिसहरूले येशूलाई अगमवक्ताको रूपमा पहिचान गरे (४:१९; ६:१४; ९:१७; मत्ती २१:११)। तिनीहरूले येशूको शक्तिलाई पहिचान गरे, तर उहाँको व्यक्ति र कार्यलाई गलत प्रकारले बुझे। मुसलमानहरूले पनि यो शिर्षकलाई प्रयोग गर्दछन्, तर उहाँको सन्देशलाई गलत प्रकारले बुझ्छन्।

७:४१ "तर कसै-कसैले भने, उहाँ नै ख्रीष्ट हुनुहुन्छ," यसले यो कुरा बताउँदछ, कि "ख्रीष्ट" भन्ने परिवेश हिब्रू परिवेश "मसिह" को समानतामा छ, जसको अर्थ "अभिषेक गरिएको चाहिँ" भन्ने हुन्छ। पुरानो करारमा राजाहरू, पूजाहारीहरू, र अगमवक्ताहरूले परमेश्वरको वोलावटलाई सुसज्जित पार्न अभिषेक गरिएका थिए। बाइबलको ११:२ मा अभिषेक भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस्।

- "के ख्रीष्ट गालीलबाट आउँछन् र ? के धर्मशास्त्रले भनेको छैन, कि ख्रीष्ट दाऊदको वंशबाट र दाऊदकै गाउँ बेथलेहेमबाट आउँछन् ?" यो प्रश्नको उत्तरमा ग्रीक व्याकरणीय संरचनाले "होइन" भन्दछ। तर यशैया ९:१ कुन विषयको बारेमा छ ?

७:४२ यस प्रश्नको व्याकरणीय संरचनाले "हो" भन्ने उत्तरको आशा गर्दछ।

- "दाऊदको वंश" (२ शमूएल ७; मत्ती २१:९; २२:४२)
- "दाऊदकै गाउँ बेथलेहेम" यो अर्को प्रयोगको बिडम्बना हो -मीका ५:२-३ र मत्ती २:५-६)।

७:४३ येशू र उहाँको सन्देशले सधैं विभाजनको कुरा ल्याउँदछ (७:४८-५२; ९:१६; १०:१९; मत्ती १०:३४-३९; लूका १२:५१-५३)। यो बीऊ छर्ने उखानको रहस्य हो -मत्ती १३ अध्याय)। कतिको आत्मिक कान छन् भने, कतिको छैनन् (मत्ती १०:२७; ११:१५; १३:९,१६ (दुईचोटी) १६:४३; मर्कूस ४:९,२३; ७:१६; ८:१८; लूका ८:८; १४:३५)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ७:४५-५२

तब मन्दिरका पहरेदारहरू र मुख्य पूजाहारीहरू फरिसीहरूकहाँ आए। तिनीहरूले यिनीहरूलाई भने, "तिमीहरूले त्यसलाई किन ल्याएनौ ?" पहरेदारहरूले जवाफ दिए, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन।" फरिसीहरूले यिनीहरूलाई भने, "तिमीहरू पनि बहकियौ, कि कसो ? के धर्म-गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि विश्वास गरेको छ ? तर यो भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ।" तिनीहरूमध्ये एकजना निकोदेमस, जो पहिले एकपल्ट येशूकहाँ आएका थिए, तिनले भने, "के हाम्रो व्यवस्थाले पहिले मानिसको सुनुवाई नभई, र त्यसले के गरेको छ, सो नजानिकन त्यसलाई दोषी ठहऱ्याउँछ, र ?" तिनीहरूले उनलाई जवाफ दिए, के तिमी पनि गालीलको हौ। धर्मशास्त्र खोजेर हेर, र तिमीले देख्नेछौ, कि गालीलबाट अगमवक्ता निस्कँदैन।" तब हरेक मानिस आ-आफ्नो घर गए।

७:४६ "पहरेदारहरूले जवाफ दिए, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन" यूहन्नाको फेरी विडम्बना ! यो अति नै झस्किने गवाही हो।

१. तिनीहरूले उनीहरू डराएको कुरालाई भीडमा देखाएनन्, जुनचाहिँ तिनीहरूको निम्ति असल क्षमा भएको हुनुपर्छ।

२. यी मन्दिरका पहरेदारहरूले येशूको बारेमा तिनीहरूको विचारलाई घृणा गरेका थिएनन्, जबकि यी मानिसहरूमा त्यो
३. भीड विभाजित थियो, र तिनीहरू आज्ञालाई मान्न पछ्याइरहेका थिए, र तिनीहरूको विचारलाई दिएनन् ।

७:४८ "के धर्म-गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि विश्वास गरेको छ ?" पदहरू ४७ र ४८ दुवैका व्याकरणीय संरचनाले "होइन" भन्ने उत्तरको आशा राख्दछ । "शासकहरू" भन्ने परिवेशले सभाघरलाई औंल्याउँछ । यहाँ हामीसँग सदुकी र फरिसीहरू छन् (सम्पूर्ण सभाघरमा), जो सामान्य रूपमा एक-अर्कामा अति नै विरोधी थिए, र येशूको विरुद्धमा तिनीहरूको शक्तिलाई एकतृत बनाएका थिए (११:४७,५७; १८:३) ।

७:४९ "तर यो भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ" यसले "त्यस राष्ट्रका मानिसहरू" लाई बताउँछ, जसलाई धार्मिक गुरुहरूले तल्लो स्तरको भनेर हेर्दथे, किनकि तिनीहरूले सबै मौखिक परम्परालाई देखाउने कार्य गरेनन -व्यवस्था २७:२६) । यूहन्नाको बिडम्बना पद ५१ मा निरन्तर रूपमा देखियो, जहाँ निकोदेमसले तिनीहरूलाई देखाउँदछन्, कि तिनीहरूले पनि येशूले गरेको व्यवहारद्वारा व्यवस्थालाई तोडेका छन् ।

ए, कस्तो धार्मिकताको दुखान्त । ती चाहिँ जसले सामान्य मानिसलाई श्राप दिँदछन् (इपाराटोस, नयाँ करारमा यहाँ मात्र पाइएको), तिनीहरू आफै श्रापित हुन्छन् ! यदि ज्योति अँध्यारो बन्दछ भने, अँध्यारो कति धेरै ठूलो हुन्छ होला ! आधुनिक, परम्परावादी, शिक्षित धर्मालम्बीदेखि होसियार हुनुहोस् ।

"के हाम्रो व्यवस्थाले पहिले मानिसको सुनुवाई नभई, र त्यसले के गरेको छ, सो नजानीकन त्यसलाई दोषी ठहऱ्याउँछ, र ?" ग्रीक व्याकरणीय संरचनाले "होइन" भन्ने उत्तरको अपेक्षा गर्दछ (प्रस्थान २३:१; व्यवस्था १:१६)

७:५२ "के तिमी पनि गालीलको हौ" यसले येशूको सभाघरको विरुद्धमा भावनात्मक विरोधपनलाई देखाउँछ ।

- "धर्मशास्त्र खोजेर हेर" खोजाइलाई यहूदीबाद भित्र धर्मशास्त्र अध्ययन गर्ने कुराको संकेत थियो (५:३९) । यसले फेरीपनि यूहन्नाको बिडम्बनाको प्रयोग लाई देखाउँदछ । एलिया (१ राजा १७:१), योना (२ राजा १४:२५), होशे र नहूमको बारेमा के हुन्छ त ? तिनीहरूको अर्थ व्यवस्था १८:१५, १९; उत्पत्ति ४९:१०; २ शमूएल १७ अध्यायमा आएको "त्यो" अगमवक्ता भन्ने हुन्छ ।

७:५३-८:११ अध्याय ८ को सुरुवातको टिपोटलाई हेर्नुहोस् ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशनको टिप्पणी हो, जसले आशय बाइबलको व्याख्याको लागि तपाई आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु पर्दैन ।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो भागको मुख्य विषयहरूद्वारा सोच्नलाई सहायता प्रदान गर्दछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चित हुँदैनन् ।

१. अध्याय ७ मा दिइएका येशूका वचनहरूको चाडको पृष्टभूमि के हुन्छ ?
२. "छाप्रो बासको चाड" को उद्देश्यलाई वर्णन गरेर व्याख्या गर्नुहोस् ।
३. किन धर्म-गुरुहरूले येशूको त्यति धेरै विरोध गरे ?
४. यो खण्डमा येशूको बारेमा फरक समूहहरूले गरेको टिप्पणीको सूची बनाउनुहोस् ।

# यूहन्ना ८ अध्याय

## आधुनिक अनुवादकहरूका अनुच्छेदका विभाजनाहरू

| युविएस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| व्यभिचारमा समातिएकी स्त्री | एकजना व्यभिचारीणीले संसारको ज्योतिको समामना गर्ने | व्यभिचारमा समातिएकी स्त्री | व्यभिचारमा समातिएकी स्त्री | व्यभिचारीणी स्त्री |
| ७:५३-८:११ | ७:५३-८:१२ | ७:५३-८:११ | ७:५३-८:११ | ७:५३-८:११ |
| येशू, संसारको ज्योति | उहाँको आफ्नो गवाहीलाई सुरक्षा गर्नुहुने | येशू, संसारको ज्योति | येशू, संसारको ज्योति | येशू, संसारको ज्योति |
| ८:१२-२० | | ८:१२-२० | ८:१२ | ८:१२ |
| | | | | येशूको आफ्नै गवाहीमा भएको एउटा छलफल |
| | ८:१३-२० | | ८:१३ | ८:१३-१८ |
| | | | ८:१४-१८ | |
| | | | ८:१९क | ८:१९क |
| | | | ८:१९ख | ८:१९ख |
| | | | ८:२० | ८:२० |
| जहाँ म जाँदैछु, तिमी आउन सक्दैनौ | येशूले आफ्नो प्रस्थानको बारेमा भविष्यबाणी गर्नुभएको | | तिमी त्यहाँ जान सक्दैनौ, जहाँ म जाँदैछु | |
| ८:२१-३० | ८:२१-२९ | ८:२१-३० | ८:२१ | ८:२२ |
| | | | ८:२२ | ८:२२-२४ |
| | | | ८:२३-२४ | |
| | | | ८:२५क | ८:२५क |
| | | | ८:२५क-२६ | ८:२५ख-२६ |
| | सत्यताले तिमीलाई स्वतन्त्र तुल्याउने छ | | ८:२७-२९ | ८:२७-२९ |
| | ८:३०-३६ | | ८:३० | ८:३० |
| सत्यताले तिमीलाई स्वतन्त्र तुल्याउने छ | | | सत्यताले तिमीलाई स्वतन्त्र तुल्याउने छ | येशू र अब्राहाम |
| ८:३१-३८ | | ८:३१-३३ | ८:३१-३२ | ८:३१-३२ |
| | | | ८:३३ | ८:३३-३८ |
| | अब्राहामको बीऊ र शैतान | ८:३४-३८ | ८:३४-३८ | |
| तिम्रो पिता दुष्ट | ८:३७-४७ | | | |
| ८:३९-४७ | | ८:३९-४७ | ८:३९क | ८:३९-४१क |
| | | | ८:३९क-४१ख | |
| | | | ८:४१ख | ८:३९-४७ |
| | | | ८:४२-४७ | |
| अब्राहाम हुनुभन्दा अगाडि देखि म छु | अब्राहाम हुनुभन्दा अगाडि देखि म छु | | येशू र अब्राहाम | |
| ८:४८-५९ | ८:४८-५९ | ८:४८-५९ | ८:४८ | ८:४८-५१ |

| | | | |
|---|---|---|---|
| | | ८:४८-५१ | |
| | | ८:५२-५३ | ८:५२-५६ |
| | | ८:५४-५६ | |
| | | ८:५७ | ८:५७-५८ |
| | | ८:५८ | |
| | | ८:५९ | ८:५९ |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको भावनालाई पछ्याउनु

यो अध्ययनको निर्देश~~नको~~ टिप्पणी हो, जसले आशय बाइबलको व्याख्याको लागि तपाई आफै जिम्मेवार हुनुहुन्छ भन्ने हो । हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु पर्दैन ।

एकै बसाइमा यो खण्डलाई पढ्नुहोस् । विषयहरूको पहिचान गर्नुहोस् । तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादहरूसँग तुलना गर्नुहोस् । अनुच्छेदहरू उत्प्रेरित भएका छैनन्, तर यो स ुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदको एक र एउटामात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## ७:५३-८:११ को पाठगत पृष्टभूमि

क. यूहन्ना ७:५३-८:११ यूहन्नाको सुसमाचारको सुरुको भाग थिएन ।

ख. यस खण्डको निम्ति प्रमाण (ग्रीकमा एक वाक्य) मा निम्न कुराहरूलाई स ुसमाचारबाट हटाइएका छन्:
- १. बाह्य प्रमाण
  - क. पुरानो ग्रीक हस्तलेखनमा नभएको
    - १) पेप्यारस - पि६५ (सुरुको तस्रो शताब्दी), पि७५ (तेस्रो शताब्दी)
    - २) अनसियल्स - (चौथो शताब्दी), वि -चौथो शताब्दी), ए र सी बाट अलग गरिएको । यिनीहरू यूहन्नाको यो बिन्दुमा आइपुग्दा नास हुन्छन्, तर जब हस्तलेखनका जीवित पातहरूलाई नाप्दा, त्यहाँ यो खण्डको निम्ति कुनै स्थान छैन ।
  - ख. पछिको धेरै ग्रीक हस्तलेखनहरूमा यो चिन्हलाई समावेश गरिएको छ, र यसलाई विशेष चिन्ह वा संकेतमा देखाइन्छ, थोप्लो चिन्हमा देखाएर यो स ुरुको होइन भन्ने कुरा चिनाइन्छ ।
  - ग. यो पछिका फरक हस्तलेखनहरूमा धेरै फरक स्थानहरूमा पाइन्छ ।
    - १) यूहन्ना पछिको ७:३६
    - २) यूहन्ना पछिको ७:४४
    - ३) यूहन्ना पछिको ७:२५
    - ४) लूकामा पछिको २१:३८
    - ५) लूकामा पछिको २४:५३
  - घ. प्राचीन अनुवादबाट अभाव हुने
    - १) पुरानो ल्याटिन
    - २) पुरानो सिरियाली
    - ३) पेसहिटाका स ुरुका नक्कलहरू (पछिका सिरियाली)
  - ङ. त्यहाँ कुनै पनि ग्रीक पिताबाट यो पाठको बारेमा कुनै आलोचना छैन (२ औं शताब्दीसम्म)
  - च. यो कोडेक्स डि (बेजेई) मा आएको छ, छैटौं शताब्दीको पश्चिमी हस्तलेखन; ल्याटिन भल्गेट र पछिका पेस्हिटाका प्रकाशनहरू
- २. भित्री प्रमाण
  - क. शैली र शब्दावली यूहन्नामा भन्दा पनि लूकाको धेरै नजिकमा छन् । यसलाई लूका २१:३८ र २४:५३ पछि केही ग्रीक हस्तलेखनहरूमा राखिएको थियो ।

ख. यसले पूर्णरूपमा येशूको छलफललाई छाप्रो बासको चाडपछि यहूदी अगुवाहरूसँगै तोड्दछ, ७:१-५२; ८:१२-५९

ग. त्यहाँ यूहन्ना बाहेकका सुसमाचारमा समानान्तर कुराहरू छैनन्

३. पूर्ण प्राविधिक छलफलको निम्ति ब्रूस एम. मेट्जगरको ''ग्रीक नयाँ करारको एउटा पाठगत टिप्पणी'' भन्ने पुस्तकको पानाहरू २१९-२२१ लाई हेर्नुहोस् ।

ग. यो विवरण येशूको जीवनबाट आएको मौखिक परम्परामा सत्य हुन सक्छ । तरैपनि, त्यहाँ येशूको जीवनको बारेमा दिइएका धेरै विवरणहरू छन्, जसलाई सुसमाचारका लेखकहरूले अभिलेख नराख्ने कुरालाई छाने (यूहन्ना २०:३०-३१) । यो सुसमाचारको लेखकहरूमा तिनीहरू आफै उत्प्रेरित भएका थिए । पछिका लेखकहरूलाई येशूको जीवनको विवरणको बारेमा कुनै अधिकार थिएन, यद्यपि यसलाई निश्चित गर्न सुरुका उत्प्रेरित लेखकहरूलाई समावेश गरिएको थिएन । पवित्र आत्माको निर्देशनमा छान्न, व्यवस्थित गर्न, र येशूको कार्यहरू र वचनहरूलाई अंगाल्न सुरुका लेखकलाई मात्र अन्तदृष्टि थियो । त्यसकारण यो खण्ड सुरुको होइन, उत्प्रेरित भएको पनि होइन, र यसलाई हाम्रो बाइबलमा पनि समावेश गर्नु पर्दैन ।

घ. मैले यो खण्डलाई टिप्पणी गर्नलाई छानेको होइन, किनकि मैले यसलाई यूहन्नाको कलमबाट आएको हो भन्ने कुरामा विश्वास गर्दिन, र त्यस कारण यद्यपि यो ऐतिहासिक पाठ भए तापनि उत्प्रेरित भएको भागचाहिँ होइन ।

## शब्द र वाक्यांशको अध्ययन

### नासाब (अत्याधुनिक बनाइएको) पाठः ८:१२-२०

येशूले फेरी तिनीहरूलाई भन्नुभयो, ''म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारका हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।'' तब फरिसीहरूले उहाँलाई भने, ''तिमी आफ्नै विषयमा गवाही दिइरहेछौं । तिम्रो गवाही सत्य ठहर्दैन ।'' येशूले जवाफ दिनुभयो, '' म आफ्नै विषयमा गवाही दिन्छु, तापनि मेरो गवाही सत्य छ । म जान्दछु, म कहाँबाट आएको हुँ, र म कहाँ गइरहेछु । तर तिमीहरू जान्दैनौं, म कहाँबाट आउँछु, वा कहाँ गइरहेछु । तिमीहरू मानव दृष्टिले न्याय गर्दछौं । म कसैको न्याय गर्दिनँ । मैले न्याय गरे भने पनि मेरो न्याय सत्य ठहरिन्छ । किनभने न्याय गर्ने म एक्लै छैनँ, तर म छु, र मलाई पठाउनुहुने पिता हुनुहुन्छ । तिमीहरूको व्यवस्थामा पनि दुई मानिसको गवाही सत्य ठहरिन्छ भनी लेखिएको छ । आफ्नो विषयमा म आफै गवाही दिन्छु, र मलाई पठाउनुहुने पिताले मेरो विषयमा गवाही दिनुहुन्छ ।'' तिनी हरूले उहाँलाई भने, ''तिम्रा पिता कहाँ छन् ?'' येशूले जवाफ दिनुभयो, ''तिमीहरू नता मलाई चिन्छौं, न मेरा पितालाई पनि चिन्नेथियौ ।'' यी कुरा उहाँले मन्दिरमा शिक्षा दिनुहुँदा भेटी चढाउने ढुकुटीको छेउमा भन्नुभएको हो । अनि कसैले उहाँलाई पक्रेन, किनभने उहाँको समय अझै आएको थिएन । .

८:१२ ''येशूले फेरी तिनीहरूलाई भन्नुभयो'' यो खण्डमा असंख्य भनेर बताइएको छैन । यसमा यो पनि हुन सक्छ, कि छाप्रो बासको चाड सिद्धिएको थियो, र येशू मन्दिरकै वरिपरि रहेर यहूदी अगुवाहरूलाई साक्षी दिन र कारण पत्ता लगाउन कोसिस गरिरहनुभएको थियो ।

तरैपनि, येशूले यो खण्डमा आफैलाई प्रकट गर्न पानीको चाडलाई प्रयोग गर्नुभयो । उहाँले आफैलाई प्रकट गर्न उज्यालोको चाडलाई प्रयोग गर्नुभयो । ८:१२-१०:२१ मा यो कुरा निश्चित थियो, कि छाप्रो बासको चाडको अन्तिम दिनमा अझै मिलाइएको थियो ।

- ''म ज्योति हुँ'' अध्यायहरू ६,७ र ८ ले इस्राएलको इतिहासमा मरुभूमिको यात्राको अवधिलाई सम्बन्ध गराएको जस्तो देखिन्छ । यस स्रोतको अलंकारको लागि येशूले आफैलाई प्रयोग गर्नुहुन्छ ।

१. अध्याय ६ ले ''मन्न'' र ''जीवनको रोटी'' लाई प्रयोग गर्दछ ।

२. अध्याय ७ ले ''पानी'' र ''जीवनको पानी'' लाई प्रयोग गर्दछ ।

३. अध्याय ८ ले ''ज्योति'' र ''शेकिनाको महिमा'' लाई प्रयोग गर्दछ ।

यो ज्योतिको अलंकार यूहन्नाको पुस्तकभरि नै दोहोरिएको छ (१:४-५, ८-९ ३:१९-२१; ९:५; १२:४६) ।

त्यहाँ केही बादबिवाद भएका छन्, जसै यसले उस्तै कुरालाई बताउँदछः

१. अँध्यारोपनको पुरानै डर

२. पुरानो करारमा परमेश्वरको निम्ति एउटा शिर्षक -भजनसंग्रह २७:१; यशैया ६०:२०; १ यूहन्ना १:५)

३. छाप्रो बासको चाडको पृष्टभूमि र स्त्रीहरू बस्ने महलमा मैनबत्तीलाई भाँडोमा राखेर बाल्ने

४. मरुभूमिको यात्राको अवधिमा सेकिनाह वा महिमाको बादलले संकेत दिँदा परमेश्वरको उपस्थितिको चिन्ह देखिन्थ्यो ।

५. पुरानो करारको मसिहीय शिर्षक -यशैया ४२:६; ४९:६; लूका २:३२)

गुरुहरूले पनि ''ज्योति''लाई मसिहको निम्ति शिर्षकको रूपमा प्रयोग गरे । छाप्रो बासको चाडको अवधिमा ठूला बत्तीहरू प्रज्वलन गर्दा येशूको भनाइको निम्ति स्पष्ट कुराहरू हुन्थ्यो । ज्योतिको मसिहीय प्रयोग र १:४,८ मा दिइएको विशेष सन्दर्भलाई एकै समयमा पार्दा येशूको निम्ति मन्दिरमा हुने उत्सवलाई निरन्तरता दिई उहाँको साँचो सुरुवातलाई प्रकट गरिन्छ ।

यो यूहन्नाको सुसमाचारमा ''म हुँ'' भन्ने भनाइको सातौं भाग हो (त्यसपछि अगमवाणीले पछ्याएको)

१. म जीवनको रोटी हुँ (६:३५,४१,४८,५१)

२. म संसारको ज्योति हुँ (८:१२; ९:५; १:४,९; १२:४६)

३. म भेंडाको ढोका हुँ (१०:७,९)

४. म असल गोठालो हुँ (१०:११,१४)

५. म पुनरुत्थान र जीवन हुँ (११:२५)

६. म बाटो, सत्य र जीवन हुँ (१४:६)
७. म साँचो दाखको बोट हुँ (१५:१,५)

यी अनौठा भनाइहरू यूहन्नामा मात्र पाइन्छ, र यसले येशूको व्यक्तित्व तर्फ देखाउँछ । यूहन्नाले मुक्तिका यी व्यक्तिगत पक्षहरूलाई जोड दिन्छन् । हामीले उहाँमा भरोसा गर्नुपर्छ !

- "संसारको" यो परिवेशले येशू ख्रीष्टको सुसमाचारको विश्वव्यापी क्षेत्रलाई देखाउँदछ (३:१६) ।

- "मलाई पछ्याउने" यो वर्तमान् सक्रिय कृदन्त हो । यो कुरा पनि संझनुपर्छ कि ख्रीष्टियन निति भनेको कुनै लिखित कुरा वा ईश्वरशास्त्र मात्रै होइन, बरु यो चेलाहरूको जीवनशैलीलाई पछ्याउने व्यक्तिगत सम्बन्ध हो -मत्ती २८:१८-२०; १ यूहन्ना १:७) ।

- "अन्धकारका हिँड्डुल गर्नेछैन" यो शैतानको ईश्वरशास्त्रीय "छुटकारा नपाएकाहरूकाको आँखालाई अन्धो बनाइदिने" विचारको संकेत हो (२ कोरिन्थी ४:४) । त्यहाँ अझै पुरानो करारको खण्डहरूमा संकेत दिइएको छ, जस्तैः "मेरो गोडाको निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो" (भजनसंग्रह ११९:१०५) ।

तिनीहरू जसले "ज्योति" लाई स्वीकार गर्छन्, तिनीहरूले फरक जीवन जीउनुपर्ने हुन्छ (१ यूहन्ना १:७) ।

- "जीवनको ज्योति पाउनेछ" येशूले परमेश्वरको जीवनलाई प्राप्त गर्नुहुन्छ, र यो उहाँलाई पछ्याउनेहरूलाई दिनुहुन्छ ।

८:१३ "फरिसीहरू" १:२४ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "तिम्रो गवाही सत्य ठहर्दैन" यहूदीहरूले प्रमाणको कानुनको प्राविधिकतालाई दावी गरिरहेका थिए (जस्तैः दुईवटा साक्षीहरूको खाँचो, गन्ती ३५:३०; व्यवस्था १७:६; १९:१५-२१) । येशूले यो उही विरोधलाई अगाडि नै बताइसक्नुभएको थियो (यूहन्ना ५:३१-३२) र विविध गवाहीहरूलाई दिनुभएको थियो । यो परिवेशमा उहाँको गवाही पिताको थियो ।

८:१४ "यदि...यदि" यी दुवै तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । यो अध्याय ८ का धेरैजसो अवस्थाहरू यस्तै किसिमका हुन्छन् ।

- "म जान्दछु, म कहाँबाट आएको हुँ, र म कहाँ गइरहेछु" यहाँ फेरी "माथि र तल" को दोहोरोपन हुन्छ । येशूको पितासँगको अगाडि नै रहने संझनाको चेतना, एउटा मिसनको समझदारी, र अगमवाणी गरिएको समयतालिकाको भावना थियो (यूहन्ना १:१-४, १४-१८; ७:२८-२९; १३:१; १७:५) ।

- "तर तिमीहरू जान्दैनौं, म कहाँबाट आउँछु, वा कहाँ गइरहेछु" यसले अध्याय ७ लाई सम्बन्ध राख्नुपर्ने हुन्छ । येशूको जन्म स्थानको बारेमा तिनीहरूलाई थाहा थिएन (पदहरू ४१-४२), नत उहाँ कहाँ जाँदैहुनुहुन्थ्यो भन्ने कुरा नै थाहा थियो (७:३४-३६; ८:२१) । प्रेरित १:८ को येशूको गवाहीको बारेमा विशेष शिर्षकलाई हेर्नुहोस् ।

८:१५ "तिमीहरू मानव दृष्टिले न्याय गर्दछौं" यो पनि अध्याय ७ को संकेत हो -पद २४) । १:१४ को शरीर (सारेक्स) भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "म कसैको न्याय गर्दिनँ" कतिले यहाँ यूहन्ना ३:१७ र ९:३९ मा केही विरोधाभाष भएको कुरा देख्दछन् । येशू न्याय गर्नलाई आउनुभएन, तर जीवन दिनलाई आउनुभयो । तर उहाँ आउनुको त्यो वास्तविकतामा उहाँलाई इन्कार गरिनेको न्याय गरिन्छ भन्ने हो (३:१८-२१) ।

८:१६-१८ मा फेरी अदालतको मुद्दालाई लिएर दुईवटा गवाहीहरूको खाँचो भएको कुरालाई विषय बनाइएको थियो (गन्ती ३५:३०; व्यवस्था १७:६; १९:१५) येशूले कुनै पनि अनिश्चित परिवेशमा उहाँको पितासँगको एकतालाई निश्चित गर्नुभएको छ (७:२९; १४:९) । प्रेरित १:८ को येशूको गवाहीको विशेष शिर्षकलाई हेर्नुहोस ।
८:१६
नासाब (१९७०)
एनजेबि, आरइबि "उहाँ जसले मलाई पठाउनुभयो"
नासाब (१९९५)
एनकेजेभि, एनआरएसभि, एनआइभि "पिता जसले मलाई पठाउनुभयो"

जसै त्यहाँ नासाबको दुईवटा प्रकाशनको बीचमा जस्तै त्यहाँ युविएस३,४ को बीचमा पनि असहमति हुन्छ ।
१. युविएस४ ले "पिता" लाई "सि" तहको स्तर दिन्छ (एमएस, पि३९,६६,७५, !२, बि, एल, टि, डब्लू)
२. युविएस४ ले "पिता" लाई "ए" स्तर दिँदछ -एमएसएस , डि, र केही पुराना र पछिका सिरियाली संस्करणहरूले यसलाई हटाएका छन्)
येशू कहिल्यै पनि एक्लै हुनुहुन्न ! पिता सधैं उहाँसँग रहनुहुन्छ (पदहरू १६,२९; १६:३२), सम्भवत् क्रूसमा भन्दा बाहेक -मर्कूस १५:३४) ।
आनन्द र संगतिको पूर्णता मुक्तिको लागि चाहिने आवश्यकीय कुरा हुन् । सृष्टिको उद्देश्य, कोही व्यक्ति संगति गर्न आएर परमेश्वरको निम्ति हुने थियो, यसरी उहाँ -जस्तैः ख्रीष्ट, यूहन्ना १:३; १ कोरिन्थी ८:६; कलस्सी १:१६; हिब्रू १:२) ले तिनीहरूलाई यहोवाको रूप र प्रतिरुपमा सृष्टि गर्नुभयो -उत्पत्ति १:२६-२७) । यो संगतिमा कमी हुनु भनेको पापको ज्याला पाउनु हो । यसको स्थापना नै येशूको मिसनको लक्ष्य हुन्छ ।

"तिम्रा पिता कहाँ छन् ?" अझै तिनीहरूले येशूलाई शारीरिक र शाब्दिक तहमा बुझिरहेका थिए । तिनीहरूको अगाडि नै आएको र घमण्डपूर्ण विचार सत्यताको धेरै नजिकमा थिए -पद २७) । यो गलत बुझाइलाई यूहन्नाको सुसमाचारमा शाब्दिक विशेषताको रूपमा लिइन्छ ।

- "तिमीहरू नता मलाई चिन्छौं, न मेरा पितालाई पनि चिन्नेथियौ" यो दोस्रो स्तरको शर्तात्मक वाक्य हो । कतिचोटी यसलाई "वास्तविकताको विपरित" भनेर भनिन्छ । "तिमीहरू नता मलाई चिन्छौं, न मेरा पितालाई पनि चिन्नेथियौ" यो विषय ५:३७ बाट दोहोरिएको छ, र ७:२८ को पूर्ण टिपोटलाई हेर्नुहोस् । यहाँ यूहन्नाको स ुसमाचारमा रुपरेखा बनाउन कठिनाइ हुन्छ, किनकि यो फेरी हुने नमुनालाई चित्रमा देखाएजस्तै हो, वा दोहोरिएको धुनको आवाज जस्तै हो ।

८:२० "भेटी चढाउने ढुकुटीको छेऊमा भन्नुभएको हो" यो पदले अर्को सम्पादकीय टिप्पणीलाई आँखाले देखेको साक्षीको दृश्य हो । त्यो ढुकुटी छुट्टै भवनमा थिएन । गुरुहरूको परम्पराले यसो भन्दछ, कि त्यहाँ तुरहीका आकारका १३ वटा भाँडाहरू राखिएका थिए, हरेकले विशेष उद्देश्यको निम्ति संकेत गर्दथ्यो, र स्त्रीहरूको महलमा राखिएको थियो -मर्कूस १२:४१), जहाँ छाप्रो बासको चाडको समयमा बडेमाको बत्ती बालिएको थियो ।

- "उहाँको समय अझै आएको थिएन" २:४ को टिपोटलाई हेर्नुहोस्।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ८:२१-३०

उहाँले फेरी तिनीहरूलाई भन्नुभयो, "म गइहाल्छु, र तिमीहरूले मलाई खोज्नेछौं, र तिमीहरू आफ्ना पापमा मर्नेछौं । जहाँ म जान्छु, तिमीहरू आउन सक्दैनौं ।" यहूदीहरूले भने, "यिनले त आत्महत्या गर्ने हुन् कि क्या हो ? किनभने यिनले जहाँ म जान्छु, तिमीहरू आउन सक्दैनन् भनी भन्छन् ।" अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू तलका हौं, म माथिको हुँ । तिमीहरू यस संसारका हौं । म यस संसारको होइनँ । मैले तिमीहरूलाई भने, तिमीहरू आफ्ना पापमा मर्नेछौं ।" तिनीहरूले उहाँलाई सोधे, "तिमी को हौं त ?" येशूले तिनीहरूलाई भन्नुभयो, "म उही हुँ, जो मैले तिमीहरूलाई सुरु देखि नै भन्दैछु । मैले तिमीहरूका विषयमा भन्नु र न्याय गर्नु धेरै नै छ, तर मलाई पठाउनुहुने सत्य हुनुहुन्छ, र उहाँबाट मैले जे सुने, ती नै कुरा म संसार लाई भन्दछु ।" पिताको विषयमा तिनीहरूले भन्नुभएको हो भनी तिनीहरूले बुझेनन् । यसकारण येशूले भन्नुभयो, "जब तिमीहरूले मानिसको पुत्रलाई माथि उचाल्नेछौं, म उही हुँ भनी तिमीहरूले थाहा पाउनेछौं, र म आफ्नै अधिकारमा केही गर्दिन, तर पिताले सिकाउनुभएका कुराहरू बोल्दछु, भनी जान्नेछौं । मलाई पठाउनुहुने मसँग हुनुहुन्छ । उहाँले मलाई एक्लै छोड्नुभएको छैन, किनभने म सधैं उहाँलाई प्रशन्न तुल्याउने काम गर्दछु ।" उहाँले यी कुरा बोल्नु हुँदा धेरैले उहाँमाथि विश्वास गरे ।

८:२१-२२ "म गइहाल्छु, र तिमीहरूले मलाई खोज्नेछौं, र तिमीहरू आफ्ना पापमा मर्नेछौं । जहाँ म जान्छु, तिमीहरू आउन सक्दैनौं... यिनले त आत्महत्या गर्ने हुन् कि क्या हो ?" पद २२ ले "होइन" भन्ने उत्तरको अपेक्षा गर्दछ । यो यस सन्दर्भबाट स्पष्ट छ, कि यद्यपि तिनीहरूले उहाँको भनाइलाई गलत प्रकारले बुझे (७:३४-३६), तिनीहरूले यसलाई उहाँको मृत्युमा सम्बन्धित बनाए । योसेफसबाट हामीले यो कुरा सिकेका छौं, कि आत्महत्यालाई नरकको सबभन्दा तल्लो भागबाट दोष लगाइन्छ । तिनीहरूको प्रश्नले यो कुरालाई संकेत गर्दछ, कि तिनीहरूले येशू पनि त्यही स्थानमा हुनुपर्छ भनेर विचार गरे ।
८:२१ "तिमीहरू आफ्ना पापमा मर्नेछौं" शाब्दिक अर्थमा "तिमीहरूको पापमा तिमीहरू मर्नेछौं" "पाप" भन्ने परिवेश पद २१ मा एकवचन र पद २४ मा बहुवचन हुन्छ । सामान्यता यसले येशूलाई खीष्टको रूपमा तिनीहरूको इन्कारीलाई बताउँदछ -पद २४) । यो साँच्चिकै यूहन्ना बाहेकका सुसमाचारमा क्षमा नदिइने पाप हो । तिनीहरूका अगुवाहरूले येशूलाई उहाँका वचन र चिन्हहरूको ठूलो ज्योतिबाट इन्कार गर्दैछन् ।
मेरो टिप्पणीबाट मर्कूसमा यी तलका टिपोटहरूलाई हेर्नुहोस् ।

मर्कूस ३:२९ "तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई" यसलाई पेन्तिकोस भन्दा अगाडिको ऐतिहासिक परिवेशमा बुझिनु पर्छ । यसलाई परमेश्वरको सत्यताको भावनामा इन्कार गरिनुपर्ने थियो । यो पदको सिकाइलाई सामान्य रूपमा "क्षमा नदिइएको पाप" भनेर भनिन्छ । यसलाई तलको परिधिको प्रकाशमा व्याख्या गरिनुपर्छः

१. "चाहना गरिएको र चाहना नगरिएको पाप" को बीचमा आउने फरकपना (गन्ती १५:२७-३१)
२. येशूको आफ्नै परिवारको अविश्वासको विरुद्धमा फरिसीहरूको त्यो परिवेशको अविश्वाससँग
३. पद २८ मा दिइएको क्षमापनको भनाइ
४. स ुसमाचारको समानान्तरको बीचमा फरकपना, निश्चितरुपमा "मानिसका पुत्र" को परिवर्तन (मत्ती १२:३२; लूका २:१०), "मानिसका पुत्रहरू"को रूपमा हुने (मत्ती १२:३१; मर्कूस ३:२८) ।

यो प्रकाशभन्दा माथि, यो पाप त्यस्ताहरूले गरेका हुन्छन्, जोहरू महान् ज्योति र समझदारीको उपस्थितिमा हुन्छन्, अझै येशूलाई परमेश्वरको प्रकाश र मुक्तिको साधनको रुपमा इन्कार गर्दछन् । तिनीहरूले सुसमाचारको ज्योतिलाई शैतानको अँध्यारोपनभित्र बाल्दछन् (मर्कूस ३:३०) । तिनीहरूले पवित्र आत्माको चित्र र निश्चयतालाई इन्कार गर्दछन् (यूहन्ना ६:४४,६५) । परमेश्वरले क्षमा नदिइएको पापलाई ईन्कार गर्नुहुन्न, किनकि यसमा एउटा वचन वा कार्यको कारणले गर्दा हुन्छ, तर येशू खीष्टमा परमेश्वरको निरन्तर भइरहने इन्कारीले स्वऐच्छिक अविश्वास ल्याउँदछ (जस्तै, स्काइबहरू र फरिसीहरू) ।

यस्ता खालका पाप तिनीहरूले मात्र गर्न सक्छन्, जसले स ुसमाचारको जानकारी पाएका हुन्छन् । तिनीहरू जसले येशू खीष्टको सन्देशलाई स्पष्टरूपमा सुनेका हुन्छन्, तिनीहरू नै यसको इन्कारीको लागि बढी जिम्मेवार हुन्छन् । विशेषगरेर यो आधुनिक संस्कारमा सत्य हुन्छ, कि त्यहाँ सुसमाचारमा निरन्तर पहुँच हुन्छ, तर येशूलाई इन्कार गरिन्छ (जस्तैः अमेरिका र पश्चिमी संस्कृति) ।

८:२३ "तिमीहरू तलका हौं, म माथिको हुँ" यो यूहन्नाको क्षितिजिय दोहोरोपनको अर्को उदाहरण हो -जस्तैः तलको विरुद्धमा माथि, ७:३५-३६; १८:३६) । येशू जो माथिबाटको हुनुहुन्छ, र यहूदीहरू जो तलबाटकाको बीचको विपरिततामा यूहन्नाले दोहोरोपनको स्वरुपलाई बनाएका छन्, कि ती कुरा सुसमाचारको बीचमा अनौठा छन् । मत्ती, मर्कूस, र लूकाका सुसमाचारले दुईवटा यहूदी युगको विपरिततालाई देखाएका छन्: अहिलेको वर्तमान् दुष्ट युग र भविष्यको धार्मिकताको युग ।

यो फरकपनलाई क्षितिजिय दोहोरोपनको विरुद्धमा समानान्तर दोहोरोपनको परिवेशमा वर्णन गरिएको छ । के येशूले यी दुवैलाई फरक परिवेशमा सिकाउनुहुन्छ ? सम्भवत यूहन्ना बाहेकका सुसमाचारले येशूको सार्वजनिक सेवकाइलाई बताएको हुनुपर्छ, जबकि यूहन्नामा येशूले उहाँका चेलाहरूलाई येशूको व्यक्तिगत सिकाइको बारेमा अभिलेख राखेको हुनुपर्छ ।

- "तिमीहरू यस संसारका हौं" यो संसार दुष्टको शक्तिमा अडेको छ (२ कोरिन्थी ४:४; एफिसी २:२; १ यूहन्ना ५:१९) । यस संसारको निम्ति विशेष शिर्षकमा १४:१७ लाई हेर्नुहोस् ।

८:२४ "अझसम्म" यो तेस्रो स्तरको शर्तात्मक वाक्य हो, जसको आशय सम्भाव्य कार्य भन्ने हुन्छ ।

-

नासाब, एनकेजेभि "तिमीले यो विश्वास गर्दछौं, कि म उही हुँ"

एनआरएसभि, जेबि "यो विश्वास गर कि म उही हुँ"

ोटइभि "विश्वास गर, कि म हुँ जो म हुँ"

एनजेबि "विश्वास गर कि म उही हुँ"

यो येशूको उहाँको आफ्नै अलौकिक प्रकृतिको आत्म समझदारीमा हुने सबभन्दा ठूलो भनाइ हो (वा यो पनि संभव छ, कि यो परिवेशमा "मसिह भन्ने" नै सान्दर्भिक हुनुहुन्छ) । उहाँले पुरानो करारको शिर्षक यहोवा भन्नेलाई प्रयोग गर्नुहुन्छ (प्रस्थान ३:१४ मा "म हुँ" भन्ने भनाइ) । यूहन्नाको म हुँ भन्ने प्रचलित भनाइभन्दा यो भनाइ फरक छ । यसले कुनै अगमवाणी गरेको छैन (४:२६; ६:२०; ८:२४,२५,२८; १३:१९; १५:५,६,८) । २:३ मा दिइएको "विश्वास" को प्रयोगलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

८:२५ "तिमी को हौं त ?" यहूदी अधिकारीहरूले दोष लगाउनको निम्ति कानुनी उपायहरू खोजिरहेका थिए -मत्ती २६:५७-५८; मर्कूस १४:५३-६५) ! तिनीहरूले उहाँलाई मारेको चाहन्थे । तिनीहरूले जानकारीलाई खोजीरहेका थिएनन्, तर दोष लगाउनलाई खोजीरहेका थिए ।

येशूले आफैलाई यूहन्नामा स्पष्टरूपले प्रकट गर्नुहुन्छ (यूहन्ना बाहेकका सुसमाचारमा जस्तै होइन) ! उहाँका वचन (जस्तैः पद २४ र उहाँका कार्यहरू (जस्तैः विश्राम दिनमा चंगाई गर्ने) ले उहाँको अधिकारलाई स्पष्टरूपमा देखाउँछन् ।

-

नासाब "सुरुदेखि नै मैले तिमीलाई के कुरा भनिरहेको छु"

एनकेजेभि "सुरुदेखि नै तिमीलाई मैले के मात्र कुरा भनिरहेको छु"

एनआरएसभि "किन म तिमीसँगमात्र बोलिरहन्छु"

ोटइभि "सुरुदेखि नै तिमीलाई मैले के कुरा भनेको छु"

एनजेबि "सुरुदेखि नै मैले तिमीलाई के कुरा भनेको छु"

सुरुदेखि नै ग्रीक हस्तलेखनमा शब्दहरूको बीचमा कुनै ठाउँ थिएन । त्यसकारण, ग्रीक शब्दहरूलाई परिवेशसँग मिलाउन र शब्दहरू बनाउन फरक स्थानहरूमा विभाजित गर्न सकिन्छ । अनुवादको विविधतामा हस्तलेखनको फरकपना सम्बन्धित छैनन्, तर शब्दको विभाजन फरक छन् ।
यहाँ केही विकल्पहरू दिइएका छन्:

१. होटे - मैले तिमीलाई सुरुवातदेखि नै भनेको छु (नासाब, एनकेजेभि, टिइभि, एनजेदि, एनआइभि)

२. हो टि मा आश्चर्यलाग्ने सेमेटिक भनाइ - त्यो मैले तपाईंसँग मात्र कुराकानी गर्नलाई हो - (एनआरएसभि, टिइभि)

सायद यो यूहन्नाको सुरुको परिवेशको शब्दको संरचना हुनुपर्छ, जसलाई उत्पत्ति १:१ (सृष्टि) को सेप्टुजुवान्ट अनुवाद यूहन्ना १:१ मा प्रयोग गरिएको छ (उहाँको सेवकाइ) । येशू "सुरुवात" देखि नै हुनुहुन्छ र यो सबैलाई वचन र कार्यहरूद्वारा भनी रहनुभएको छ ।
८:२६-२७ यी विषयहरू यूहन्नामा जोड दिनको निम्ति दोहोरिएका छन् ।

१. पिताले मलाई पठाउनुभयो (३:१७,३४; ४:३४; ५:३६,३८; ६:२९,४४,५७; ७:२८-२९; ८:१६,२६,४२; १०:३६; ११:४२; १२:४९; १४:२४; १५:२१; १७:३,१८,२१,२३,२५; २०:२१)

२. पिता सत्य हुनुहुन्छ (३:३३; ७:२८)

३. येशूका शिक्षाहरू पिताबाट आएका हुन् (३:११; ७:१६-१७; ८:२६,२८,४०; १२:४९; १४:२४; १५:१५)

४. येशूले पितालाई प्रकट गर्नुहुन्छ (१:१८; ८:२६-२९; १२:४९-५०; १४:७,९)

- "संसार" १:१० को टिपोटलाई हेर्नुहोस्

८:२७ यो लेखकको अर्को सम्पादकीय टिप्पणी हो । यदि तिनीहरूले उहाँको आलंकारिक र सांकेतिक भाषालाई स्पष्टरूपमा बुझ्ने हो भने, अन्य यहूदीहरू जस्तै तिनीहरूले पनि उहाँलाई मार्न कोसिस गरेको हुनुपर्थ्यो (५:१८; ८:५९; १०:३३) । उहाँले गरेको दावी त्यति धेरै लुकेका थिएनन ।

८:२८ "जब तिमीहरूले मानिसको पुत्रलाई माथि उचाल्नेछौं" यो पुरानो करारको गन्ती २१:४-९ को संकेत हो, जसलाई यूहन्ना ३:१४ मा छलफल गरिएको छ । यो परिवेश, यूहन्नामा दिइएका अन्य धेरै परिवेशजस्तैको दोहोरो अर्थ लाग्दथ्यो । यसको अर्थ क्रूससम्म उठाउनु भन्ने हुन सक्छ (३:१४; १२:३२,३४), तर यसलाई कतिचोटी उठाइनु भन्ने भावनामा प्रयोग गरिएको छ, जस्तैः प्रेरित २:३३,५:३१; फिलिप्पी २:९ । येशूलाई थाहा थियो कि उहाँ मर्नलाई आउनुभयो -मर्कूस १०:४५) ।

- "मानिसको पुत्र" यो येशूको आफैले छानेको शिर्षक हो किनकि यसको सैनिकको वा राष्ट्रिय भावनाको यहूदीवादको गुरुकुलमा कुनै कुरा लागु हुँदैन । येशूले यो शिर्षकलाई छान्नुभयो, किनकि यसले मानवीयता र ईश्वरत्वको दुवै विचारलाई जोड्दछ (इजकिएल २:१; भजनसंग्रह ८:४; दानिएल ७:१३) ।

- "म उही हुँ भनी तिमीहरूले थाहा पाउनेछौ" पेन्टिकोसपछि चेलाहरू र उहाँको परिवारले अझैपनि उहाँलाई पूर्णरुपमा बुझ्न सकेनन् । पवित्र आत्मा सबै जनामा आँखा खोल्ने शक्तिमा आउनुभयो, जसको आत्मिक आँखा र कानहरू थिए । अनौठो व्याकरणीय निश्चयताको निम्ति "म उही नै हुँ" भन्ने थियो । पद २४ को टिपोटलाई हेर्नुहोस् । तिनीहरूले यो कुरा जान्नेछन्:

१. उहाँ को हुनुहुन्छ (जस्तैः मसीह)
२. उहाँ जसले पितालाई प्रकट गर्नुहुन्छ (५:१९-२०)
३. उहाँ र पिता एउटै हुनुहुन्छ (पद २९)

८:२९ "उहाँले मलाई एक्लै छोड्नुभएको छैन" येशूको पितासँगको संगतिले उहाँमा रहने बनायो (८:१६; १६:३२) । त्यसै कारणले उहाँको क्रूसमा टुटेको संगतिले गर्दा उहाँलाई यति धेरै कठिन पारेको थियो (मर्कूस १५:३४) ।

८:३० "धेरैले उहाँमाथि विश्वास गरे" यो खण्डमा "विश्वास गर्नु भन्ने परिवेशको प्रयोग ठूलो अक्षांशमा पर्दछ । यसले कोही श्रोताहरूको भागको सतही विश्वासलाई बताउँदछ (मत्ती १३ र मर्कूस ४ अध्याय) तिनीहरू यो कुरा मान्नलाई इच्छुक थिए, कि त्यो कुराको अर्थमा तिनीहरूको समझदारीलाई आधार बनाउँदा उहाँ मसीह हुनुहुन्थ्यो । ८:३०-५८ को परिवेशले यो कुरालाई स्पष्ट देखाउँदछ, कि तिनीहरू साँचो विश्वासीहरू थिएनन् (२:२३-२५) । यूहन्नामा रहेका विविध तहका सबै विश्वासले मुक्ति तर्फ डोऱ्याउँदैनन् । २:२३ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

**नासाब (अत्याधुनिक बनाइएको पाठ: ८:३१-३३)**
येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रहचौं भने, तिमीहरू साँच्चै मेरो चेला हौं । तब तिमीहरूले सत्य के हो सो जान्नेछौं, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।" तिनीहरूले उहाँलाई जवाफ दिए, "हामी अब्राहामका सन्तान हौं, र अहिले सम्म कसैको दासत्वमा परेका छैनौं । तिमीहरू स्वतन्त्र हुनेछौं भनी कसरी भन्छौं ?

८:३१ "तिमीहरू मेरो वचनमा रहचौं भने" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । यसले निरन्तर विश्वासलाई जोड दिन्छ, र यसलाई यूहन्ना १५ अध्यायमा स्पष्टरूपमा प्रकट गरिएको छ । यो सुसमाचारीय प्रचारको घोषणामा हराएको तत्व हो । यो शब्द विश्वास गर्नु ( ५:२४), आज्ञाकारी हुनु र उहाँमा रहनु भन्ने हुन्छ । १ यूहन्ना २:१० को उहाँमा रहनु भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

## विशेष शिर्षक: धैर्यतामा रहने खाँचो

ख्रीष्टियन जीवनसँग सम्बन्धित बाइबलीय सिद्धान्तलाई व्याख्या गर्न कठिनाइ हुन्छ, किनकि तिनीहरू पूर्बीय जातिय जोडीको किसिमसँग प्रस्तुत गरिएका छन् । यी जोडीहरू विरोधाभाष भएको कुरा देखिन्छ, तरैपनि दुवै नै बाइबलीय छन् । पश्चिमी ख्रीष्टियनहरूले एउटा सत्यतालाई छान्ने र विरोधी सत्यतालाई वेवास्ता वा इन्कार गर्ने गर्दछन् । यहाँ केही कुरालाई उद्धृत गरौं?

क. के मुक्ति येशूमा भरोसा गर्ने सुरुको निर्णय हो वा जीवनभरिको चेलापनको समर्पणता हो ?
ख. के मुक्ति सर्बोच्च परमेश्वरबाटको कृपा पाउने साधनको चुनाउ हो वा मानवजातिको विश्वास र स्वर्गीय चिट्ठाको पश्चात्ताप गर्ने प्रतिक्रिया हो ?
ग. के मुक्ति प्राप्त गरेपछि गुमाउन असम्भव छ वा के त्यहाँ निरन्तर परिश्रमको खाँचो पर्दछ ?

धैर्यताको विषय मण्डली इतिहास भरिनै झगडा गर्ने खालको भएको हुनुपर्छ । समस्या नयाँ करारको खण्डमा स्पष्टरूपमा बिरोध गरेर सुरु हुन्छ:

क. निश्चित हुने पाठहरू
  १. येशूको भनाइहरू (यूहन्ना ६:३७; १०:२८-२९)
  २. पावलको भनाइहरू (रोमी ८:३५-३९; एफिसी १:१३; २:५,८-९; फिलिप्पी १:६; २:१३; २ थेसलोनिकी ३:३; २ तिमोथी १:१२; ४:१८)
  ३. पत्रुसको भनाइहरू (१ पत्रुस १:४-५)

ख धैर्यतामा रहने खाँचोका पाठहरू
  १. येशूको भनाइहरू (मत्ती १०:२२; १३:१-९,२४-३०; २४:१३; मर्कूस १३:१३; यूहन्ना ८:३१; १५:४-१०; प्रकाश २:७,१७,२६; ३:५,१२,२१)
  २. पावलको भनाइहरू (रोमी ११:२२; १ कोरिन्थी १५:२; २ कोरिन्थी १३:५; गलाती १:६; ३:४; ५:४; ६:९; फिलिप्पी २:१२; ३:१८-२० कलस्सी १:२३)
  ३. हिब्रूका लेखकको भनाइहरू (२:१; ३:६,१४; ४:१४; ६:११)
  ४. यूहन्नाको भनाइहरू (१ यूहन्ना २:६; २ यूहन्ना ९ अध्याय)
  ५. पिताको भनाइ -प्रकाश २१:७)

बाइबलीय मुक्ति सर्बोच्च त्रियक परमेश्वरको प्रेम, कृपा र अनुग्रहबाट आउँछ । आत्माको सक्रियताबिना कुनै पनि मानविय जातिलाई बचाउन सकिदैन (यूहन्ना ६:४४,६५) । पहिला ईश्वररत्व आउनुहुन्छ, र विषयलाई मिलाउनुहुन्छ, तर यस कुराको माग गर्दछ, कि मानिसहरूले सुरुको र निरन्तरता दुवैमा विश्वास र पश्चात्तापमा प्रतिक्रिया जनाउनुपर्छ । परमेश्वरले मानवजातिसँग करारको सम्बन्धमा कार्य गर्नुहुन्छ । त्यहाँ मौकाहरू र जिम्मेवारीहरू पनि छन् !

मुक्ति सबै मानिसहरूलाई प्रदान गरिन्छ । येशूको मृत्युले पापको समस्यामा पतन भएको सृष्टिसँग सामना गर्दछ । परमेश्वरले उपाय प्रदान गर्नुभएको छ, र उहाँको स्वरुपमा बनाइएका ती सबै जनालाई उहाँको प्रेम र व्यवस्थामा येशूमा प्रतिक्रिया दिएको चाहना राख्नुहुन्छ ।

यदि तपाईंले यस विषयमा काल्भिनबादी भन्दा फरक दृष्टिकोणलाई अध्ययन गर्न चाहने हो भने, तलकालाई हेर्नुहोस्:

१. डाले मुडी, वचनको सत्यता, इर्डमान्स, १९८१ (पानाहरू ३४८-३६५)

२. होवार्ड मार्शल, परमेश्वरको शक्तिद्वारा राखिएको, बेथानी संगति, १९६९

३. रोवर्ट स्याङ्ग, पुत्रमा जीवन, वेष्टकोट, १९६१

बाइबलले यो क्षेत्रमा दुईवटा फरक समस्याहरूलाई बताइरहेको हुन्छ: १) जीवनमा फल नफलाउने र स्वार्थी जीवन जीउने निश्चयताको अनुमति पत्र लिनु र २) सेवकाइ र व्यक्तिगत पापसँगको संघर्षमा रहनेहरूलाई उत्साह प्रदान गर्नु । यसमा हुने समस्या यो हो, कि गलत समूहहरू ले गलत सन्देशलाई लिइरहेका हुन्छन्, र सिमित बाइबलीय खण्डहरूमा ईश्वरशास्त्रीय व्यवस्थालाई बनाउनुपर्ने हुन्छ । केही खीष्टियनहरूलाई अत्यन्तै निश्चयताको सन्देशको खाँचो पर्दछ, जबकि अरूहरूलाई वृहत चेतावनीको खाँचो पर्दछ । तपाईं कुन समूहमा हुनुहुन्छ ?

- "तिमीहरू मेरो वचनमा रहचौं भने, तिमीहरू साँच्चै मेरो चेला हौं" येशूले जीवनशैलीको आज्ञाकारीतालाई जोड दिनुभयो (उहाँको आज्ञाकारीतामा, पदहरू ५१,५२,५५; १४:१५,२१,२३,२४; १५:१०,२०; १७:६; लूका ६:४६; २ यूहन्ना ९ अध्याय) । एक अर्थमा यो पदले सेमा भन्नेलाई बताउँछ, एउटा हिब्रू शब्द जसको अर्थ "जे सुन्यो त्यही अनुसार गऱ्यो" भन्ने हुन्छ (जस्तैः व्यवस्था ६:४-६) ।

८:३२ "तिमीहरूले सत्य के हो सो जान्नेछौ" यसलाई पुरानो करारको "जान्नु" भन्ने भावनामा प्रयोग गरिएको छ, जसको अर्थ "व्यक्तिगत सम्बन्ध" भन्ने हुन्छ, र समान सत्यता भन्ने भावनामा होइन (उत्पत्ति ४:१; यर्मिया १:५) । सत्यता व्यक्ति हो ! धेरैचोटी यो पद चाहिँ सिकाउने संकायहरूमा पाइन्छ, र मानिसहरूले जम्मा गरेको ज्ञानलाई बताउने होइन । यसले मानिसहरूलाई विभाजित र बाँध्ने कुरालाई प्रमाणित गर्दछ, र स्वतन्त्र तुल्याउने होइन । यहाँ बताइएको "सत्यता" सुसमाचार हो, र यो येशू खीष्टको व्यक्तित्वमा हुन्छ । उहाँबिना सत्यता, शान्ति वा आशा हुँदैन !

८:३२,४०,४४,४५,४६ "सत्यता" यो परिवेशको मुख्य विचार हो । यो परिवेशको दुईवटा भनाइहरू छन्:

१. विश्वासयोग्यपना

२. सत्यताको विरुद्धमा झुटोपना

यी दुवै भनाइहरू येशू खीष्टिको जीवन र सेवकाइमा सत्य छन् । उहाँ सुसमाचारको विषय र लक्ष्य दुवैमा हुनुहुन्छ । सामान्यतया सत्यता व्यक्तित्व हो । येशू व्यक्तिगत पितामा प्रकट हुनुहुन्छ । कतिचोटी यो पदलाई परिवेशबाट बाहिर निकालिन्छ, र सिकाइको मिलाउने कुरामा प्रयोग गरिन्छ । वास्तविकताहरू, अझ सत्य वास्तविकताहरू, अझ धेरै साँचो वास्तविकताहरूले जो कोहीलाई पनि स्वतन्त्र तुल्याउँदैछ -उपदेशक १:१८) । ६:५५ र १७:३ मा दिइएको सत्यताको विशेष शिर्षकलाई हेर्नुहोस् ।

८:३२ "तिमीहरू स्वतन्त्र हुनेछौ" विश्वासीहरू व्यवस्थाबाट, रितिरिवाजबाट, देखाउने खालको मानवीय धार्मिकताबाट स्वतन्त्र बन्नेछन् । तरैपनि स्वतन्त्र विश्वासीहरू सुसमाचारको निम्ति तिनीहरू आफै बाँधिएका हुन्छन् (रोमी १४:१-१५:६; १ कोरिन्थी ८-१०) ।

८:३३ "हामी अब्राहामका सन्तान हौं, र अहिलेसम्म कसैको दासत्वमा परेका छैनौं" जातिय घमण्ड कतिसम्मको अन्धो हुनसक्छ भनेर यो कुरा अचम्म लाग्दो छ । मिश्र, सिरिया, बेबिलोन, पर्सिया, ग्रीस, सिरिया र रोमको बारेमा के कुरा छ छ ?

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ८:३४-३८

येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारो हो । कमारो सधैँभरि घरमा रहँदैन, तर पुत्रचाहिँ सधैँभरि घरमा रहन्छ । यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने, तिमीहरू निश्चय स्वतन्त्र हुनेछौं । म जान्दछु, तिमीहरू अब्राहामका सन्तान हौं, तर तिमीहरू मलाई मार्न खोज्दछौं, किनभने मेरो वचनले तिमीहरूमा स्थान पाउँदैन । जे-जे मेरा पिताको उपस्थितिमा देखेको छु, त्यही म भन्दछु, । तिमीहरूले पनि जे तिमीहरूका पिताबाट सुनेका छौं, त्यही गर्दछौं ।"

८:३४ "पाप गर्ने प्रत्येक पापको कमारो हो" येशूले तिनीहरूलाई आत्मिक वास्तविकताको पछाडि पद ३२ मा दिइएको "तिमीलाई स्वतन्त्र तुल्याउनेछ" भन्ने वाक्यांशले तिनीहरूलाई अगुवाइ गर्न कोसिस गर्दैहुनुहुन्थ्यो, जुनचाहिँ पद ३३ मा दिइएको भनाइमा तिनीहरूले गलत प्रकारले बुझे । यो भनाइ पदहरू २१ र २४ मा दिइएका येशूको बलियो दोष लगाउने कार्यमा सम्बन्धित छ । यी वरिपरिका पछ्याउनेहरूलाई उहाँको दोष लगाइले पदहरू ४४-४७ मा उपभोग गरिएको हुन्छ ।

जसै फ्रयाङ्क स्ट्यागले नयाँ करारको ईश्वरशास्त्रमा बताउँदछन् कि, "मानिसको दुर्दशाको बन्धनको कठिनाइ यस्तो हुन्छ कि त्यसले ल्याउने परिणाममा स्वतन्त्र हुने प्रयास हुन्छ" (पाना ३२) । यहाँ दिइएको "गर्नु" भन्ने क्रिया वर्तमान् सकृय कृदन्त हो, जसले भइरहेको पापलाई देखाउँदछ । निरन्तर हुने पाप एउटा प्रमाण हो, जसलाई येशूको सत्यताको जानकारी हुँदैन । यो उही सत्यतालाई १ यूहन्ना ३:६,९ मा "पाप गर्नु" भन्ने वर्तमान् कालको क्रियामा प्रयोग गरेर प्रकट गरिएको छ ।

प्रश्न यस्तो छ कि, "के विश्वासीहरूले अझै पाप गर्छन् ?" यसको उत्तर "हो" भन्ने हुनुपर्छ (रोमी ७ अध्याय; १ यूहन्ना) । खीष्टियनहरूले पापसँग संघर्ष गर्छन्, तर तिनीहरूले यसलाई प्रकट गर्दैनन्, र यसलाई पहिचान पनि गर्दैनन् !

नेट बाइबल (पाना १९२१ #२१) ले असल टिप्पणी यस्तो गर्दछ, कि यूहन्नामा दिइएको सन्दर्भको पाप अविश्वास हो (क्षमा नदिइएको पाप) । यो नैतिक परिवेशमा होइन, तर "मुक्तिको परिवेशको विश्वासमा हुन्छ" । १ यूहन्नामा दिइएको पाप पनि अविश्वास हो -मृत्युमा पुऱ्याउने पाप) !

८:३४ यो पदले सिधै पद ३४ सँग सम्बन्ध राख्दैन, तर पद ३६ सँग राख्दछ । येशू, गुरुहरूको यहूदीवादको मोशा होइन, साँचो पुत्र हुनुहुन्छ (हिब्रू १:२; ३:६; ५:८; ७:२८) । उहाँमा गरिएको विश्वासले मात्रै, अनन्तसम्मका नियमहरू र रितिरिवाज गर्नाले होइन, जो कोहीलाई स्वतन्त्र तुल्याउन सक्छ (पद ३२) ।

- "सधैँको निम्ति" ६:५८ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

८:३६ “यदि” यो तेस्रो स्तरको शर्तात्मक वाक्य हो, जसले सम्भाव्य कार्यको बारेमा बताउँदछ ।

८:३७ “तर तिमीहरू मलाई मार्न खोज्दछौं” ५:१८; ७:१,१९; ८:३७,४०; ११:५३) ।

- “किनभने मेरो वचनले तिमीहरूमा स्थान पाउँदैन” यो वाक्यांशलाई विविध भावहरूमा बुझ्न सकिन्छ । एउटा उपायोगी अध्ययन समाग्री “बाइबल २६ वटा अनुवादहरूमा” भन्ने हो ।

१. “किनकि मेरो वचनहरू तिमीमा स्वतन्त्र रूपमा आएका हुँदैनन” - अमेरिकन स्तरिय संस्करण
२. “तिमीमा कुनै पनि स्थान प्राप्त गर्दैनन्” - हेन्री अलफोर्डद्वारा लिखित नयाँ करार
३. “तिमीहरूको बीचमा कुनै पनि मुख्य बाटो बनाउँदैनन्” - नयाँ करारः जेम्स मोफ्याटको नयाँ करार
४. “तिमीमा कुनै पनि स्थान पत्ता लगाउँदैनन्” - नयाँ करारलाई जोड दिइएकोः जे. बि. रोथरहामको एउटा नयाँ अनुवाद
५. किनकि मेरा वचनहरूले तिम्रो हृदयमा कुनै स्थान पाउँदैनन्” - ई. भि. रिऊको ४ वटा स ुसमाचारहरू

फेरी समस्याले सुसमाचारलाई प्राप्त गरिरहेको वा नगरिरहेको हुन्छ । यो एउटा मुक्तिको विषय हो, तर नैतिक प्रगतिचाहिँ होइन !

८:३८ “जे-जे मेरा पिताको उपस्थितिमा देखेको छु” यो सिद्ध सूचक सक्रिय हो, जुनचाहिँ येशूको अगाडिको अस्तित्वमा सम्बन्ध राख्दछ, र पितासँग अहिलेको संगति हुन्छ (पदहरू ४०-४२) । .

- “तिमीहरूले पनि जे तिमीहरूका पिताबाट सुनेका छौं, त्यही गर्दछौं” पहिलोचोटी बताइएको “पिता” लाई यहूदी परम्पराको सन्दर्भ हुन्थ्यो ( यशैया २९:१३) । तरैपनि, पदहरू ४१-४४ को विषय शैतान वा दुष्टसँग योग्य बनेको हुन्छ । तिनीहरूको कार्यहरू, विचारहरू र बोलीहरूले “मोशा” लाई सहमती जनाइ रहेका हुन्छन्, र स्पष्टरूपमा तिनीहरूको आत्मिक स्थितिलाई निर्धारण गरिरहेका हुन्छन् । मानिसहरूले आत्मिक परिधिलाई सक्रियतामा देखाउन सक्दैनन् । त्यहाँ प्रभाव पार्ने दुईवटा स्रोतहरू छन् (दोहोरोपन होइन) - परमेश्वर/ख्रीष्ट/आत्मा वा शैतान/र उहाँ ! कसरी जो कोहीले आत्मिक स्थितिको निर्धारण गरेर सुसमाचारले प्रकट गर्ने कुरा (१:१२; ३:१६; १०:१-१८; १४:६) मा प्रतिक्रिया जनाउन सक्छन् !

त्यहाँ यो वाक्यांशको सम्बन्धमा केही पाठगत बिकल्पहरू छन् ।

१. “पिता” को दुवै सन्दर्भले यहोवालाई बताउन सक्थ्यो (तिम्रो भन्ने सर्वनाम होइन)
२. क्रिया सूचाङ्क हुन्छ, र देखाउनेचाहिँ हुँदैन । (ब्रूस एम. मेट्जगरको ग्रीक नयाँ करारको पाठगत टिप्पणी भन्नेको पाना २२५ लाई हेर्नुहोस्) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ८:३९-४७

तिनीहरूले उहाँलाई भने, “हाम्रा पिता त अब्राहाम हुन् ।” येशूले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू अब्राहामका सन्तान हुँदा हौं, त, अब्राहामले जे काम गरे, त्यही गर्नेथियौं । मैले परमेश्वरबाट सुनेको सत्य तिमीहरूलाई भनेको छु, तर अहिले तिमीहरू मलाई मार्न खोज्दछौं । अब्राहामले यस्तो काम गरेनन् । तिमीहरूका पिताले जे गरे, तिमीहरू त्यही काम गर्दछौं ।” तिनीहरूले उहाँलाई भने, “हामी व्यभिचारमा जन्मिएका होइनौं । हाम्रा पिता एउटै हुनुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ ।” येशूले तिनीहरूलाई भन्नुभयो, “परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो त तिमीहरूले मलाई प्रेम गर्नेथियौं, किनभने म परमेश्वरबाट निस्किआएँ । म आफ्नै इच्छाले आएको होइन, तर उहाँले मलाई पठाउनुभयो । मैले भनेको तिमीहरू किन बुझ्दैनौ ? किनभने तिमीहरूले मेरो वचन सुन्न सक्दैनौ । तिमीहरू आफ्नो पिता दियाबलसका हौं, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको संकल्प छ । त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन । जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो, र झूटको पिता हो । म सत्य बोल्दछु, तर तिमीहरू मलाई विश्वास गर्दैनौ । तिमीहरूमध्ये कसले मलाई पापको दोष लाउन सक्छ ? यदि म सत्य बोल्दछु भने, किन तिमीहरू ममाथि विश्वास गर्दैनौ ? जो परमेश्वरको हो, त्यसले परमेश्वरका वाणी सुन्दछ । तिमीहरू परमेश्वरका होइनौं, यसैकारण तिमीहरू सुन्दैनौ ।”

८:३९ “हाम्रा पिता त अब्राहाम हुन्” येशूले अब्राहामका पूर्खाबाट आएको कुरालाई निश्चित गर्नुहुन्छ, तर यो कुरालाई देखाउँछन्, कि तिनीहरूको परिवारको विशेषता शैतानको थियो (पदहरू ३८,४४) । एउटा व्यक्तिगत विश्वासको सम्बन्ध, तर जातिय पहिचान होइन, यहूदीहरूलाई परमेश्वरसँग ठीक बनाइयो (व्यवस्था ६:५,१३; रोमी २:२८-२९; ९:६) ।

- “यदि” यो पहिलो स्तरको शर्तात्मक वाक्यको स्वरुप हो -प्रोटासिसमा, वर्तमान् सकृय सूचकसँग एई), तर यसले दोस्रो स्तरको शर्तात्मक वाक्यको रूपमा कार्य गरिरहेको हुन्थ्यो (पदहरू १९ र ४२) । ग्रीकको हस्तलेखनको विविधतामा यो मिश्रित अवस्थामा पहिलो सिद्ध नभएको क्रियालाई हटाउने प्रयास गरे । यदि यसो हो भने, यसले यसो भन्छ, “यदि तिमीहरू अब्राहामका सन्तान थियौं भने, जो तिमीहरू होइनौं, तब तिमीले अब्राहामले गरेजस्तै गर्दथ्यौं, तर तिमीहरू होइनौं ।” युवियस४ ले “ख” दर्जाको शर्तात्मक स्वरुपलाई मिसाएर दिँदछ (करिब निश्चित) ।

८:४० “एकजना मानिस” येशूले आफैलाई यहोवाको प्रतिनिधिको रूपमा मात्र बुझ्नुभएन, तर यहोवासँगको अलौकिक आवश्यकीय समानतामा बुझ्नुभयो, तर उहाँ साँचो मानविय जाति हुनुहुन्थ्यो । यो भनाइले झुटा शिक्षाका गुरुहरूको भनाइसँग आत्मा र शारीरिक चिजहरूको बीचमा दोहोरो अनन्त कुरालाई ईन्कार गर्‍यो (१ यूहन्ना १:१-४; ४:१-४) ।

## विशेष शिर्षक: ज्ञानवाद

क. यस झुटा शिक्षाको धेरैजसो हाम्रा ज्ञानहरू दोस्रो शताब्दीको ज्ञानको लेखबाट आउँदछ । तरैपनि, यसका विचारहरू पहिलो शताब्दीमा नै आएका थिए (मृत सागरका पत्रहरू), र प्रेरित यूहन्नाका लेखहरू ।

ख. एफिसस (१ तिमोथी), क्रेटे (तितस), र कलस्से (कलस्सी) का समस्याहरूमा ज्ञानवादलाई र यहूदीवादको व्यवस्थालाई प्राप्तकर्ताहरूले उच्च वर्णमा राखेका थिए ।

ग. भ्यालेन्टिनियन र सिरिन्थियनका केही सिद्धान्तहरू:

१. तत्व र आत्मा सँगसँगै अनन्ततामा थिए (एउटा अन्टोलोजिकल दोहोरोपन) । तत्व दुष्ट हुन्छ, र आत्मा असल हुन्छ । परमेश्वर, जो आत्मा हुनुहुन्छ, दुष्ट तत्वलाई पल्टाएर सिधै संलग्न गराउन सकिँदैन ।

२. त्यहाँ परमेश्वर र तत्वको बीचमा प्रकट भएका छन् (इओन्स वा स्वर्गीय तहहरू) । सबभन्दा अन्तिम वा तल्लोचाहिँ पुरानो करारको यहोवा हुनुहुन्थ्यो, जसले यस संसार (कसमोस) लाई बनाउनुभयो ।

३. येशू पनि यहोवाजस्तै प्रकट हुनुभएको थियो, तर स्तरमा उच्च र साँचो परमेश्वरको नजिकमा हुनुहुन्थ्यो । कसैले उहाँलाई उच्चमा राखे, तर अझै परमेश्वरभन्दा कम हुनुहुन्थ्यो, र अवतरित भएको ईश्वर पनि हुनुहुन्थ्यो (यूहन्ना १:१४) । तत्व दुष्ट भएको कारणले गर्दा, येशूमा मानवीय शरीर हुँदैनथ्यो, र उहाँ अझै अलौकिक नै हुनुहुन्थ्यो । उहाँ मानव हुनको लागि देखापर्नुभयो, तर वास्तवमा आत्मा मात्रै हुनुहुन्थ्यो (१ यूहन्ना १:१-३; ४:१-६) ।

४. मुक्तिचाहिँ येशू ख्रीष्टमा विश्वास गरेर र विशेष ज्ञानद्वारा प्राप्त गर्न सकिन्थ्यो, जुनचाहिँ विशेष व्यक्तिद्वारा जानकारी प्राप्त गरिन्थ्यो स्वर्गीय तहलाई पार गर्नको लागि ज्ञान वा संकेत शब्दको खाँचो थियो । परमेशवरसम्म पुग्नको लागि यहूदी व्यवस्थाको खाँचो थियो।

घ. ज्ञानवादका झुटा शिक्षकहरूले दुईवटा विपरित नैतिक व्यवस्थालाई बताए:

१. कतिको निम्ति जीवनशैली मुक्तिको सम्पूर्णरूपमा असम्बन्धित थियो । तिनीहरूको निम्ति मुक्ति र आत्मियता स्वर्गीय ज्ञानको स्तर (इओन्स) बाट गोप्य ज्ञान (शंकेत शब्दहरू) मा सम्मिलित गराइएको थियो ।

२. अन्यहरूको निम्ति, मुक्तिको लागि जीवनशैली अति नै खाँचो थियो । यस पुस्तकमा, झुटा शिक्षकहरूले साँचो मुक्तिको प्रमाणको रूपमा साधुको जीवनशैलीलाई जोड दिए (२:१६-२३) ।

ङ. एउटा असल सन्दर्भको पुस्तक जेम्स एम. रोबिन्सन र रिचार्ड स्मीथद्वारा लिखित नाग हमादी पुस्तकालय भन्ने हो ।

८:४१

नासाब, एनकेजेभि ‘‘हामी व्यभिचारबाट जन्मिएका सन्तान होइनौं’’

एनआरएसभि ‘‘हामी अवैधानिक छोराछोरी होइनौं’’

टिइभि ‘‘हामी साँचो छोराछोरी हौं’’

एनजेवि ‘‘हामी अवैधानिक रूपमा जन्मिएका हौइनौं’’

यो पद ४८ को दोष लगाउनेसँग सम्बन्धित भएको हुन सक्छ (‘‘तिमीहरू सामरीहरू हौं) । यो पनि भएको देखिन्थ्यो, कि यहूदीहरू यो कुरालाई बताउँदै थिए, कि येूशू अवैधानिक पुत्र हुनुहुन्थ्यो, र पूर्ण रगतको यहूदीचाहिँ होइन । पछिबाट गुरुहरूको स्रोतले यो कुरा भन्दथ्यो, कि येशू रोमी सिपाहीद्वारा पिता हुनुभएको थियो ।

- ‘‘हाम्रा पिता एउटै हुनुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ ।’’ यो भनाइले पुरानो करारको एकेश्वरवाद (व्यवस्था ४:३५,३९; ६:४-५) लाई गतिलो प्रकारले देखाउँदछ (व्यवस्था ३२:६; यशैया १:२; ६३:१६; ६४:८) । यहाँ ढिलो भएको थियो: यी यहूदी अगुवाहरूले परमेश्वरको एकलपनालाई निश्चित गरे (व्यवस्था ६:४-५), र मोशाको व्यवस्थाको त्यो आज्ञाकारीताले परमेश्वरसँगको ठीक सम्बन्धमा ल्यायो -व्यवस्था ६:१-३,१७,२४-२५) । येशू परमेश्वरसँग एक भएको कुराको दावी गर्दै आउनुभयो । तिनीहरूको अन्योलता र अनिच्छालाई बुझ्न सक्ने हुन्छ, तर यहाँ यो अन्तर्दृष्टि छ, जहाँबाट आत्मा र येशूको शक्तिशाली कार्यले विश्वास ल्याउँदछ !

८:४२ ‘‘यदि’’ यो दोस्रो स्तरको शर्तात्मक वाक्य हो, जसलाई ‘‘वास्तविकताको विपरित’’ भनेर भनिन्छ । ‘‘यदि परमेश्वर तिम्रा पिता हुनुभएको भए, जुनकुरा उहाँमा हुँदैन, तिमीले मलाई प्रेम गर्नेथियौं, जुनकुरा तिमीमा हुँदैन’’ (पद ४७) ।

८:४३ ‘‘किनभने तिमीहरूले मेरो वचन सुन्न सक्दैनौं’’ यसले आत्मिक प्राप्ति र समझदारीलाई बताउँदछ । तिनीहरूको आत्मिक कानहरू थिएनन -यशैया ६:९१०; मत्ती ११:१५; १३:९,१५,१६,४३; मर्कूस ४:९,२३; ७:१६; ८:१८; लूका ८:८; १४:३५; प्रेरित ७:५१; २८:२६-२७) ।

८:४४ ‘‘तिमीहरू आफ्नो पिता दियाबलसका हौं’’ त्यो समयका धार्मिक अगुवाहरूको लागि झस्किने भनाइ (पद ४७) हो । यो विचारको परिवारमा बाँडचुँड गरिएको विशेषता हिब्रू भनाइको ‘‘पुत्रको...’’ भन्नेमा प्रकट गरिएको छ -मत्ती १३:३८; प्रेरित १३:१०; १ यूहन्ना ३:८,१०) ।

‘‘दुष्ट’’को निम्ति १२:३१ मा दिइएको विशेष शिर्षकलाई हेर्नुहोस् ।

- “त्यो त सुरुदेखि नै हत्यारा थियो’’ यसको आशय दुष्टताको अनन्ततालाई लागु गर्ने भन्ने होइन (जस्तै: जोराष्ट्रियनवादको दोहोरोपना), तर यसले आदम र हव्वाको आत्मिक परीक्षाको विचारलाई सर्पको बासस्थानमा आत्माले बास गर्ने संकायद्वारा प्रदर्शन गर्दछ (उत्पत्ति ३ अध्याय) । सत्य परमेश्वर र दुष्टताको बीचमा भएको विरोधी उद्देश्यपूर्णतालाई याद गर्नुहोस् ।

८:४६ "तिमीहरूमध्ये कसले मलाई पापको दोष लगाउन सक्छ ?" यो परिवेशमा यसले झुटो गवाहीलाई बताउँदछ । शैतानले झुटो बोल्दछ, तर येशूले साँचो बोल्नुहुन्छ । येशूले यी यहूदी अगुवाहरूलाई उहाँको भनाइ वा सिकाइलाई इन्कार गरेर झुटो हो भनी प्रमाणित गर्नको लागि आमन्त्रण गर्नुहुन्छ । यो परिवेशमा यो भनाइले ईश्वरशास्त्रीय सिद्धान्तको रूपमा येशूको पाप नभएको अवस्थामा सम्बन्धित बनाउन खोजेजस्तो देखिदैन ।

यूहन्नामा "पाप" यो पतित भएको संसारमा परमेश्वरको विरुद्धमा विद्रोह गर्नुभन्दा पनि पापको विशेष कार्यमा दुष्टताको सिद्धान्तले बढी कार्य गर्दछ । पाप सम्पूर्ण चिज हो, तर येशूचाहिँ होइन ! अन्तको "पाप" अविश्वास हो (१६:९) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ८:४८-५९

यहूदीहरूले उहाँलाई जवाफ दिए, "के हाम्रो यो भनाइ ठीक होइन, कि तिमी सामरी हौं, र तिमीलाई भूत लागेको छ ?" येशूले जवाफ दिनुभयो, "मलाई भूत लागेको छैन, तर म आफ्नो पिताको आदर गर्दछु, र तिमीहरू मेरो अनादर गर्दछौं । तर म आफ्नै महिमा खोज्दिनँ, एकजना हुनुहुन्छ, जसले महिमा खोज्नुहुन्छ, र फैसला गर्नुहुन्छ । साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले मेरो वचन पालन गऱ्यो भने, त्यसले कहिल्यै मृत्यु देख्नेछैन ।" यहूदीहरूले उहाँलाई भने, "अब हामीलाई पक्का थाहा भयो, तिमीलाई भूत लागेकै हो । अब्राहामको मृत्यु भयो, अगमवक्ताहरू पनि मरे, तर तिमी भन्दछौं, 'कसैले मेरो वचन पालन गऱ्यो भने, त्यसले कहिल्यै मृत्यु चाख्नेछैन ।' के हाम्रा पुर्खा अब्राहामभन्दा तिमी महान् हौं ? उनको मृत्यु भयो, अनि अगमवक्ताहरू पनि मरे । तिमीचाहिँ आफैलाई को हुँ भनी दावी गर्छौं ?" येशूले जवाफ दिनुभयो, "यदि मैले आफ्नो महिमा गरें भने, मेरो महिमा व्यर्थ हुन्छ । मलाई महिमा दिने मेरा पिता हुनुहुन्छ, जसलाई तिमीहरू 'हाम्रा परमेश्वर' भन्दछौं । तिमीहरूले उहाँलाई चिनेका छैनौं, तर म उहाँलाई चिन्छु । म उहाँलाई चिन्दिन भन्छु भने, म तिमीहरू सरह झूटा ठहरिनेछु । तर म उहाँलाई चिन्दछु, र उहाँको वचन पालन गर्दछु । तिमीहरूका पूर्खा अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए ।" यसकारण यहूदीहरूले उहाँलाई भने, तिमी अझै पचास वर्ष पुगेका छैनौं, त के तिमीले अब्राहामलाई देखेका छौं ?" येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु । तब तिनीहरूले उहाँलाई हान्न भनी ढुंगा टिपे, तर येशू लूकेर मन्दिरबाट बाहिर निस्किजानुभयो ।

८:४८ "तिमी सामरी हौं, र तिमीलाई भूत लागेको छ" त्यहाँ यो सम्भावना छ, कि ग्रीक परिवेशको "सामरी" भन्ने परिवेशलाई आरमाइक शब्दमा अनुवाद गरेर देखाइएको छ, जसको अर्थ "शैतानहरूको मुख्य" भन्ने हुन्छ । येशूले आरमाइक भाषा बोल्नुभयो । यदि यो सत्य हो भने, यसलाई निरन्तर शुल्कमा धार्मिक अगुवाहरूसँग मिलाइन्छ, कि येशूको शक्ति दुष्ट अलौकिक स्रोतबाट आयो । यो कुराको पनि संभावना छ, कि कसैलाई शैतान भन्दा लाग्ने अर्थमा तिनीहरूले झुट कुरा बोलिरहेका थिए -पद ५२) । येशू भन्नुचाहिँ सामरीहरूको कुरा थियो (४:९), वा शैतान लागेको थियो (७:२०; ८:४८,४९,५२; १०:२०,२१, विशेष शिर्षकको निम्ति १२:२१ लाई हेर्नुहोस्) र यसो भन्नुपर्ने तरिका पनि थियो, कि जो कोहीले उहाँलाई सुन्नु पर्दैनथ्यो वा उहाँको सन्देशलाई प्रतिक्रिया गर्नु पर्दैनथ्यो ।

८:४९ जो कोहीले पनि पिता र उहाँको पुत्रलाई विश्वास गर्न सक्दैनन् (१ यूहन्ना ५:९-१२), जो कोहीले नत पितालाई नत पुत्रलाई सम्मान गर्न सक्छन् ( ५:२३) । यद्यपि दुईवटा फरक बाह्य व्यक्तित्वहरू, तिनीहरू एक भएका हुन्छन् (१०:३०; १७:२१-२३) ।

८:५० "मेरो महिमा" १:१४ को विशेष टिपोटलाई हेर्नुहोस् ।

८:५१,५२ "यदि...यदि" यी दुवै तेस्रो स्तरका शर्तात्मक वाक्यहरू हुन, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । आज्ञाकारिता विश्वाससँग जोडिएको कुरालाई याद गर्नुहोस् (पद ४८ को पाठको सूचीलाई हेर्नुहोस्) ।

- "त्यसले कहिल्यै मृत्यु देख्नेछैन" यो बलियो दोहोरो नकारात्मक हो । यसले स्पष्टरूपमा आत्मिक मृत्युलाई बताउँछ (पदहरू २१:२४), र शारीरिक मृत्यु होइन (५:२४; ६:४०,४७; ११:२५-२६) । यसले मृत्युको डरलाई बताउन सक्थ्यो (१ कोरिन्थी १५:५४-५७) ।

बाइबलमा "मृत्यु" (थानाटोस) को सोचाइलाई तीन तहहरूमा प्रकट गर्न सकिन्छः

१. आत्मिक मृत्यु, उत्पत्ति २:१७; ३:१-२४; यशैया ५९:२; रोमी ७:१०-११; याकूब १:१५ (परमेश्वरसँगको सम्बन्ध टुटेको)

२. शारीरिक मृत्यु, उत्पत्ति ३:४-५; ५ (यस धर्तिसँगको सम्बन्ध टुटेको)

३. अनन्त मृत्यु, "दोस्रो मृत्यु," प्रकाश २:११; २०:६,१४; २१:८ (परमेश्वरसँगको टुटेको सम्बन्धलाई स्थायी बनाइएको

मृत्यु परमेश्वरको महान् सृष्टिको निम्ति उहाँको चाहनाको उल्टो कुरा हो (उत्पत्ति १:२६-२७) ।

८:५२ यसले यो कुरा देखाउँदछ, कि तिनीहरूले येशूको भनाइलाई गलत प्रकारले बुझे (पद ५१) । तिनीहरूले यसलाई अब्राहामको र अगमवक्ताहरूको शारीरिक जीवनलाई सम्बन्धित बनाएर लिए ।

८:५३ यो प्रश्नले होइन भन्ने उत्तरको अपेक्षा राख्दछ । कस्तो अचम्म पार्ने भनाइ ! तर यो येशूले दावी गरे जस्तै नै थियो ।

१. उहाँ अब्राहामभन्दा महान् हुनुहुन्थ्यो, पद ५३

२. उहाँ याकूबभन्दा महान् हुनुहुन्थ्यो, ४:१२

३. उहाँ योनाभन्दा महान् हुनुहुन्थ्यो, मत्ती १२:४१; लूका ११:३२

४. उहाँ बप्तिस्मा दिने यूहन्नाभन्दा महान् हुनुहुन्थ्यो, ५:३६; लूका ७:२८

५. उहाँ सोलोमनभन्दा महान् हुनुहुन्थ्यो, मत्ती १२:४२; लूका ११:३१

हिब्रूको सम्पूर्ण पुस्तकले मोशाभन्दा पनि येशूको सर्वोच्चतालाई देखाउँछ, र यो पुरानो करार माथिको नयाँ करार हो ( www.freebiblecommentary.org मा हिब्रूको फ्रि अनलाइनमा मेरो टिप्पणीलाई हेर्नुहोस् ।

- "तिमी आफैलाई को हुँ भनी दावी गर्छौं ? यो देखाउने कार्य त्यस्तै नै थियो ! येशूले पदहरू ५४ र ५८ मा यस कुराको निष्कर्षलाई स्पष्ट पार्नुभएको छ, कि तिनीहरूले उहाँलाई दोष लगाएर ढुंगाले हान्न खोजे -पद ५९) ।

८:५४ ‘‘यदि’’ यो अर्को तेस्रो स्तरको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।

- ‘‘महिमित पार्नु’’ यसलाई यहाँ आदरको भावनामा प्रयोग गरिएको छ (रोमी १:२१; १ कोरिन्थी १२:२६) ।

८:५५ ‘‘चिन्नु...चिन्नु’’ यो पदमा अंग्रजी परिवेशले दुईवटा ग्रीक परिवेशलाई अनुवाद गर्दछ, जिन्सस्क् र ओइडा, जुनचाहिँ यो परिवेशमा उस्तै रूपमा देखा पर्दछ (७:२८-२९) । येशूले पितालाई चिन्नुहुन्छ, र उहाँलाई पछ्याउनेहरूमा उहाँ प्रकट हुनुहुन्छ । यो संसार (यहूदीहरूले पनि) ले पितालाई चिन्दैनन् ( १:१०; ८:१९,५५; १५:२१; १६:३; १७:२५) ।

८:५६ ‘‘तिम्रा पिता अब्राहाम’’ यो अनौठो लाग्ने भनाइ हो । येशूले आफैलाई ‘‘यहूदीहरू’’ ‘‘व्यवस्था’’ (८:१७), ‘‘मन्दिर’’ र अब्राहामका पुस्ताबाट अलग्गै राख्नुहुन्छ । त्यहाँ पुरानो करारबाटको स्पष्ट टुटाइ हुँदछ ।

- ‘‘तिमीहरूका पिता अब्राहाम मेरा दिन देख्नलाई प्रफुल्लित भएका थिए’’ यो यओरिष्ट बीचको सूचक हो । मसीहको बारेमा कति धेरै कुरा अब्राहामले बुझेका थिए ? धेरै अनुवादकहरूले भविष्यको भावनामा यसलाई अनुवाद गरेका छन् । यी बिकल्पहरूलाई ‘‘बाइबलका २६ जना अनुवादक’’ हरूबाट लिएका छन् ।

१. ‘‘उचालिनु ताकि उनले देख्नुपर्थ्यो‘‘ - जोड दिइएको नयाँ करारः जे. बि. रोथरहामको एउटा नयाँ अनुवाद
२. ‘‘आनन्द मनाउनु ताकि उनले मेरो दिनलाई देख्नुथियो’’ - परिमार्जित स्तरिय संस्करण
३. ‘‘भविष्यको हेर्ने आशामा अतिनै खुशी भएको’’ - गेरित भरकुइलद्वारा लिखित नयाँ करारको बेरक्ले संस्करण
४. ‘‘मेरो आगमनलाई देख्नु’’ - एडगर जे गुडस्पिडद्वारा लिखित नयाँ करारः एउटा अमेरिकन अनुवाद
५. ‘‘मेरो समयको लागि चिन्न खुशी भएको’’ - विलियम एफ. बेकद्वारा लिखित नयाँ करार आजको भाषामा हारोल्ड के मोउल्टोनद्वारा सम्पादित विश्लेषणात्मक ग्रीक शब्दकोशको संसोधनमा क्रियाको अर्थको रूपमा ‘‘उत्साही बन्ने चाहना’’ मा सेप्टुजुआन्टको प्रयोगबाट सूचीकृत गरिन्छ (पाना २)।

- ‘‘मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए’’ यसले दुईवटामध्ये एउटा कुरालाई बताउँछ,

१. अब्राहामले उनको समयभरिमा नै येशूको दर्शनलाई देखेका थिए २ एसड्रास ३:१४)
२. अब्राहाम स्वर्गमा जिवित रहँदाखेरि यस धर्तीमा मसीहको कार्यमा चेतनशील बने -हिब्रू ११:१३)

येशूको भनाइको सम्पूर्ण विन्दुमा यो कुरा हुन्छ, कि यहूदी राष्ट्रका पिताले हर्सोल्लासकासाथ मसिहिय युगलाई अगाडि हेरे, तर वर्तमान् ‘‘बीउ’’ वा पुस्ताले विश्वास गर्न र आनन्द मनाउन इन्कार गरे । अब्राहाम विश्वासीहरू (रोमी २:२८-२९) का पिता थिए, तर अविश्वासीहरूका होइनन् !

८:५७ फेरी येशूका श्रोताहरूले उहाँको वचनलाई गलत प्रकारले बुझे किनकि यो तिनीहरूको स्वतन्त्रताले गर्दा भएको हो ! यो अन्योलता उद्देश्यपूर्ण रूपमा भएको हुन सक्छ ! तिनीहरूले देख्न सकेनन् किनकि तिनीहरूले देख्ने चाहना गरेनन् वा सम्भवत् देख्न सक्दैनथे !

८:५८ ‘‘अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु’’ यो यहूदीहरूलाई दोष लगाइएको थियो, र तिनीहरूले येशूलाई ढुंगाले हान्न खोजे (प्रस्थान ३:१२,१४) । उहाँले भन्नुभएको कुरालाई तिनीहरूले पूर्णरूपमा बुझे, जुनचाहिँ त्यो थियो, कि उहाँ अगाडि अस्तित्वमा रहेको ईश्वर हुनुहुन्थ्यो (४:२६; ६:२०; ८:२४,२८,५४-५९; १३:१९; १८,५,६,८) ।

८:५९ ‘‘तब तिनीहरूले उहाँलाई हान्न भनी ढुंगा टिपे’’ येशूका वचनहरू अति नै सामान्य थिए । उहाँ मसीह हुनुहुन्थ्यो, र उहाँ पितासँग रहनेचाहिँ हुनुहुन्थ्यो । पद ३१ मा भएका यी यहूदीहरूले ‘‘उहाँमा विश्वास गरेका’’ छन्, र उहाँलाई दोष लगाएर ढुंगाले हान्नलाई तयार भएका छन् (लेवी २४:१६) । येशूको परिवर्तन गर्ने नयाँ सन्देशलाई यी यहूदीहरूले स्वीकार गर्न अति नै कठिनाइ भएको थियो ।

१. उहाँले तिनीहरूले आशा गरेको मसीहले गर्ने कार्यको तरिकाले काम गर्नुभएन ।
२. उहाँले तिनीहरूको पवित्र मौखिक परम्पराहरूलाई चुनौती दिनुभयो ।
३. उहाँले तिनीहरूको एकदमै एकल ईश्वरवादलाई अन्योलतामा पार्नुभयो ।
४. उहाँले यो कुरालाई निश्चित गर्नुभयो, कि तिनीहरूको ‘‘पिता’’ यहोवा होइन, तर शैतान थिए ।

जो कोहीले उहाँलाई ढुंगाले हान्ने हो वा स्वीकार गर्ने हो ! त्यहाँ मध्यम मार्ग भन्ने थिएन !

- ‘‘तर येशू लुकेर मन्दिरबाट बाहिर निस्किजानुभयो’’ यो तिनीहरूमध्ये एउटा पद हो, जसले व्याख्याकारलाई मानिलिने कारक बनाएको छ (र ग्रीक पाठमा वाक्यांशहरूलाई जोडिन्छ), र यसमा जे स ुकै भए तापनि,

१. यो उहाँको आश्चर्यकर्म थियो (लूका ४:३० र यहाँ दिइएको पाठगत जोड)
२. येशू भीडमा पस्नुभयो, किनकि उहाँ पनि त्यहाँ उपस्थित भएका अन्य यहूदीहरू जस्तै देखिनुहुन्थ्यो ।

त्यहाँ अलौकिक समयतालिका थियो । येशूलाई यो कुरा थाहा थियो, कि उहाँ मर्नलाई आउनुभयो, र उहाँलाई कसरी, कहिले र कहाँ भन्ने कुरा थाहा थियो । उहाँको ‘‘समय अझैपनि आएको थिएन’’ !

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशनको टिप्पणी हो, जसको अर्थ तपाईं आफै बाइबलको व्याख्याको लागि जिम्मेवार हुनुहुन्छ भन्ने हुन्छ। हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले यस पुस्तकको यस खण्डको मुख्य विषयहरूद्वारा तपाईंले विचार गर्नलाई सहायता पुऱ्याउँदछन्। तिनीहरूको आशय विचारलाई उत्तेजित पार्ने हुन्छन्, र निश्चित हुँदैनन्।

१. के यूहन्ना ७:५३-८:११ यूहन्नाको सुसमाचारको सुरुको भाग हो ?
किन वा किन होइन ?
"म संसारको ज्योति हुँ" भन्ने येशूको भनाइमा कस्तो खालको पृष्टभूमि छ ?
२. किन फरिसीहरू येशूप्रति त्यति धेरै विरोधी थिए ?
३. पद ३० को विशवास गर्नु भन्ने परिवेशको प्रयोगलाई त्यसपछि आउने सन्दर्भको प्रकाशमा व्याख्या
४. गर्नुहोस्।

# यूहन्ना ९ अध्याय

## आधुनिक अनुवादकहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआएसभि | टिइभि | एनजेवि |
|---|---|---|---|---|
| अन्धा जन्मिएको मानिसलाई चंगाइ गरिएको | अन्धा जन्मिएका मानिसले दृष्टि पाएका | येशूले आफैलाई जीवतको ज्योतिको रूपमा प्रकट गर्नुभएको | येशूले अन्धा जन्मिएको मानिसलाई चंगाइ गर्नुभएको | अन्धा जन्मिएको मानिसलाई उपचार गरिएको |
| ९:१-१२ | ९:१-१२ | ९:१-१२ | ९:१-२ | ९:१-५ |
| | | | ९:३-५ | |
| | | | ९:६-७ | ९:६-७ |
| | | | ९:८ | ९:८-१२ |
| | | | ०.९क | |
| | | | ९:९ख | |
| | | | ९:१० | |
| | | | ९:११ | |
| | | | ९:१२क | |
| | | | ९:१२ख | |
| फरिसीहरूले चंगाइलाई खोजतलास गरेका | फरिसीहरूले चंगाइ गरिएको मानिसलाई निकालेका | | फरिसीहरूले चंगाइलाई खोजतलास गरेका | |
| ९:१३-१७ | ९:१३-३४ | ९:१३-१७ | ९:१३-१५ | ९:१३-१७ |
| | | | ९:१६क | |
| | | | ९:१६ख | |
| | | | ९:१७क | |
| | | | ९:१७ख | |
| ९:१८-२३ | | ९:१८-२३ | ९:१८-१९ | ९:१८-२३ |
| | | | ९:२०-२३ | |
| ९:२४-३४ | | ९:२४-३४ | ९:२४ | ९:२४-३४ |
| | | | ९:२५ | |
| | | | ९:२६ | |
| | | | ९:२७ | |
| | | | ९:२८-२९ | |
| | | | ९:३०-३३ | |
| | | | ९:३४ | |
| आत्मिक अन्धोपन | साँचो दृष्टि र साँचो अन्धोपन | | आत्मिक अन्धोपन | |
| ९:३५-३९ | ९:३५-४१ | ९:३५-४१ | ९:३५ | ९:३५-३९ |
| | | | ९:३६ | |
| | | | ९:३७ | |
| | | | ९:३७ | |

| | | |
|---|---|---|
| | ९:३९ | |
| ९:४०-४१ | ९:४० | ९:४०-४१ |
| | ९:४१ | |

## अध्ययन चक्र तीन (पाना ५ हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका भावनालाई पछ्याउनु

यो अध्ययनको निर्देशनको टिप्पणी हो, जसको अर्थ तपाईं आफै बाइबलको व्याख्याको लागि जिम्मेवार हुनुहुन्छ भन्ने हुन्छ । हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन ।

एकै बसाइमा यो खण्डलाई पढ्नुहोस् । विषयहरूको पहिचान गर्नुहोस् । तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादहरूसँग तुलना गर्नुहोस् । अनुच्छेदचाहिँ उत्प्रेरित भएको हुँदैन, तर यसमा सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । प्रत्येक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## पदहरू १-४१ को पाठगत अन्तर्दृष्टि

क. येशूको सेवकाइको निरन्तर हुने अनौठो कार्य अन्धालाई चंगाई गर्नु थियो, र यसलाई धेरै विविध तरिकाले पूरा गर्दाखेरी अचम्म लाग्थ्यो ।

ख. अन्धो मानिसलाई चंगाइ गर्नु मसिहिय चिन्ह थियो -यशैया २९:१८; ३५:५; ४२:७; मत्ती ११:५) । यी चंगाइमा देखिएका महत्वपूर्ण कुरा येशूको भनाइको त्यतिबेलाको ''उहाँ संसारको ज्योति हुनुहुन्छ'' भन्ने परिवेशमा लागु हुन्छ (८:१२; ९:५) । यहूदीहरूले चिन्हहरूको चाहना राख्थे, र तिनीहरूसँग प्रशस्तै थिए ! केवल यहोवाले मात्रै आँखा खोल्न सक्नु हुन्थ्यो !

ग. यो खण्डले मानिसको शारीरिक अन्धोपनको दृष्टान्तमा कार्य गरेको हुन्छ, र फरिसीहरूको आत्मिक अन्धोपनलाई औंल्याउँछ (पदहरू ३९-४१; मत्ती ६:२३) ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः ९:१-१२**

त्यहाँबाट जाँदैगर्दा येशूले एकजना जन्मैको अन्धालाई देख्नुभयो । उहाँका चेलाहरूले उहाँलाई सोधे, ''रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बाबुले, र यो अन्धो जन्म्यो ?'' येशूले जवाफ दिनुभयो, ''नता यसले पाप गऱ्यो नता यसका आमा-बाबुले, तर यो त यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस् । मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ, जब कसैले काम गर्न सक्दैन । म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ ।'' यी कुरा भनेर उहाँले भूँइमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो । अनि उहाँले त्यसलाई भन्नुभयो, ''जाऊ, सिलोआमको (जसको अर्थ हो पठाइएको) तलाउमा गएर पखाल ।'' त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो । त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, ''बसेर भीख माग्ने मान्छे के यही होइन ?'' कसै-कसैले भने, ''यो त्यही हो ?'' अरूले भने, ''होइन, यो त्यही जस्तो देखिन्छ ।'' त्यसले भन्यो, ''म त्यही हुँ ।'' तब तिनीहरूले त्यसलाई सोधे,''तेरा आँखा कसरी खोलिए त ?'' त्यसले जवाफ दियो, ''येशू भन्ने एउटा मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, 'सिलोआममा जाऊ र पखाल ।' तब मैले गएर पखाले र म देख्ने भएँ ।'' तिनीहरूले त्यसलाई भने, ''तिनी कहाँ छन् त ?'' त्यसले भन्यो, ''म जान्दिन ।''

९:१ ''जन्मैको अन्धालाई'' यस किसिमको उपचारको उदाहरण यहाँमात्रै दिइएको छ । त्यहाँ छलछाम गर्ने कुनै पनि सम्भावना थिएन।

९:२ ''उहाँका चेलाहरू'' यो अध्याय ६ देखि उहाँका चेलाहरू भनेर पहिलोचोटी बताइएको छ । यसले निम्न कुरालाई बताउन सक्थ्योः १) अध्याय ७:३ मा बताइएको यहूदीयाका चेलाहरू वा २) १२ जना

- ‘‘रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बाबुले, र यो अन्धो जन्म्यो ?’’ यो प्रश्नले धेरै ईश्वरशास्त्रीय छलफललाई उत्पन्न गरेको छ । हामीले यसलाई प्राचीन यहूदीवादको परिवेशमा व्याख्या गर्नुपर्छ । त्यहाँ थुप्रै सम्भावनाहरू छन्:

१. यसले जन्मनुभन्दा अगाडिको पापलाई बताउँछ, जसलाई गुरुहरूले उत्पत्ति २५:२२ बाट सिद्धान्तगत बनाए
२. यसले बाबुआमाको वा पुर्खाहरूको त्यसबेलाको पापलाई बताउँछ, जसले नजन्मेको बालकलाई असर पुऱ्यायो (प्रस्थान २०:५; व्यवस्था ५:९)
३. यसले पाप र बिरामीपन बीचको सम्बन्धलाई बताउँछ, र यो गुरुहरूको ईश्वरशास्त्रमा अति सामान्य हुन्छ (याकूब ५:१५-१६; यूहन्ना ५:१४)

यसले पुनर्जन्मको पूर्वीय ईश्वरशास्त्रको चक्रलाई वा कर्मको चक्रलाई केही पनि गर्न सक्दैन । यो यहूदी परिवेशमा हुन्छ ।
यस विषयको असल छलफलको निम्ति जेम्स डब्लू सायरले लेखेको बाइबललाई बङ्गयाउनु भन्ने पुस्तकको पानाहरू १२७-१४४ लाई हेर्नुहोस् ।

९:३ यो पदले येशूका चेलाहरूलाई पद २ मा सोधिएको प्रश्नहरूको उत्तर दिँदछ । यसमा धेरै सत्यताहरू लागु गरिन्छ: १) पाप र बिरामीपन त्यत्तिकै जोडिएका छैनन् र २) परमेश्वरको आशिष्‌को निम्ति कतिचोटी मौकाहरूले समस्याको सृजना गर्दछन् ।

९:४ ‘‘हामी...मलाई‘‘ यी सर्बनामहरू स्पष्टरुपमा सहमत भएका छैनन् । धेरै ग्रीकका हस्तलेखनहरू व्याकरणीय सहमतीमा ल्याउनको लागि एक-अर्कामा परिवर्तन भएका छैनन् । तिनीहरूले ईश्वरशास्त्रीय स्थानलाई देखाउन खोजको जस्तो देखिन्छ, जसै कि येशू यस संसारको ज्योति हुनुहुन्थ्यो । हामीले पनि त्यो ज्योतिलाई हाम्रो आफ्नै समयमा देखाउनुपर्छ (मत्ती ५:१४) ।

- “रात आउँछदैछ’’ पद पाँचसँग गरिएको एउटा तुलनाले यस्तो कुरा देखाउँदछ, कि यो स्पष्टरूपम अलंकारिक हुन्छ । रातले यस्तो कुराको प्रतिनिधित्व गर्न सक्छ:

१. आउनेवाला न्याय
२. मौका बन्द भएको अवस्था
३. येशूको पुनःरुत्थान र क्रूसमा जाने बेला

९:५ ‘‘म संसारमा रहुञ्जेल’’ यसले अवतार हुने समयलाई बताएकोजस्तो देखिन्छ, बेतलेहेमदेखि कलवरीको समय वा जैतुन पहाडको स्थानसम्म । येशू यहाँ केही निश्चित समयको लागि हुनुहुन्थी । उहाँका श्रोताहरूले अहिले नै उहाँको सन्देशलाई प्रतिउत्तर दिनुपर्थ्यो । यो वाक्यांश ईश्वरशास्त्रीय रूपमा पद ४ सँग समानान्तर छ ।
यसमा जो कोही पनि अचम्ममा पर्न सक्छ, कि यो परिवेशको ‘‘म हुँ’’ भन्ने भनाइ कति धेरै चोटी प्रयोग गरिएको छ !

- “म संसारको ज्योति हुँ’’ कतिचोटी यूहन्नाले ‘‘ज्योति’’ र ‘‘अँध्यारोपन’’ लाई आत्मिक वास्तविकतामा प्रयोग गरेका छन् । येशू यस संसारको ज्योति भएकोले गर्दा (१:४-५, ८-९; ३:१७-२१; ८:१२; ९:५; १२:४६) पुरानो करारको मसिहीय लागुपनलाई दर्शाउन सक्दछ (यशैया ४२:६; ४९:६; ५१:४; ६०:१,३) । टिपोटको लागि ८:१२ लाई हेर्नुहोस् ।

९:६ ‘‘थूकले माटो मुछेर’’ ऱ्याल यहूदीको घरको औषधीको उपाय थियो । यसलाई शबाथमा प्रयोग गर्नको लागि अनुमति थिएन (पद १४) । सुसमाचारहरूले येशूले ऱ्यालको प्रयोग गर्नुभएको तीनवटा नमुनाहरू लेखिएका छन् (मर्कूस ७:३३; ८:२३ र यहाँ) । यसलाई प्रयोग गरेर यहाँ स्वीकार गरिएको र आशा गरिएको चंगाइको तरिका छ, येशू शारीरिक रूपमा यस मानिसको विश्वास देखेर उत्साहित हुनुभयो, तर निरन्तर रूपमा फरिसीहरूको परमपरा र नियमहरूमा चुनौती पाउनुभयो ।

९:७ ‘‘सिलोआमको तलाउमा’’ सिलोआमको अर्थ ‘‘त्यो व्यक्ति हो, जसलाई पठाइएको हुन्छ’’ यस तलाउलाई छाप्रो बासको चाडको रितिमा प्रयोग गरिएको थियो ।

- ‘‘(जसलाई पठाइएको भनेर अनुवाद गरियो)’’ पठाइएको भन्ने परिवेश यो वास्तविकतासँग सम्बन्धित थियो, कि त्यसको पानी गिहोनको झरनाबाट नालामा ल्याइएको थियो, जुनचाहिँ यरूशलेमको पर्खालको बाहिरपट्टी थियो । रब्बीहरू मसिहिय लागुपनको ‘‘पठाइएको’’ भन्ने शब्दसँग सम्बन्धित थिए । यो लेखकले गरको अर्को सम्पादकीय टिप्पणी हो ।

- ‘‘पखालिएको’’ यो उनको विश्वासको कार्य थियो । उनले येशूले भनेको कुरामा कार्य गरे । तरैपनि यो अझै ‘‘बचाउने विश्वास’’ थिएन (पदहरू ११,१७,३६,३८) । यो प्रक्रियाको विश्वास थियो । यी सबै सुसमाचारहरूमा यूहन्नाले विश्वासको ‘‘तहहरू’’ लाई प्रकट गर्दछन् । अध्याय ८ ले ‘‘विश्वास गरिएका’’ समूहलाई देखाउँदछ, तर मुक्तिसम्म चाहिँ होइन -मत्ती १३; मर्कूस ४ अध्याय र बीउ छर्नेको दृष्टान्त)

## विशेष शिर्षक: मुक्तिको निम्ति प्रयोग गरिएको ग्रीकको क्रियाको कालहरू

मुक्ति भनेको उत्पादन होइन, तर यो सम्बन्ध हो । जब कोहीले येशू खीष्टमा भरोसा गर्दछन् भने यो सिद्धिदैन, तर यसको सुरुवात मात्र भएको हुन्छ । यसलाई आगोको नितिमा बिमा गरिएको हुँदैन, नत यो स्वर्ग जाने टिकट नै हो, तर यो एउटा जीवन खीष्टको स्वरुपमा बढ्दछ । हामीलाई अमेरिकामा उपदेशीय एउटा यस्तो भनाइ छ, जसले यसो भन्दछ, ‘‘जति धेरै समय एकजोडी सँगसँगै बस्दछन्, तिनीहरू त्यति नै धेरै प्रकारले उस्तै देखिन सुरु गर्दछन् ।’’ यो नै मुक्तिको लक्ष्य हो ।

मुक्ति जटिल कार्यको रूपमा (एओरिष्ट)
प्रेरित १५:११
रोमी ८:२४
२ तिमोथी १:९

तितस ३:५
रोमी १३:११ (भविष्यको कुराकानीसँग एओरिष्टलाई मिलाउने कार्य)
मुक्ति हुने अवस्थाको रूपमा (पूर्ण)
एफिसी २:५,८
मुक्ति निरन्तर प्रक्रियाको रूपमा (वर्तमान्)
१ कोरिन्थी १:१८; १५:२
२ कोरिन्थी २:१५
१ पत्रुस ३:२१
मुक्ति भविष्यको उपभोगको रूपमा (भविष्यको क्रियाको काल वा परिवेश)
रोमी ५:९,१०; १०:९,१३
१ कोरिन्थी ३:१५; ५:५
फिलिप्पी १:२८
थेसलोनिकी ५:८,९
हिब्रू १:१४; ९:२८
१ पत्रुस १:५,९

त्यसकारण, मुक्ति स ुरुको विश्वासको निर्णयमा स ुरु हुन्छ (यूहन्ना १:१२; ३:१६; रोमी १०:९-१३), तर यसलाई जीवनशैलीको विश्वासको प्रक्रियामा निकालिनुपर्छ (रोमी ८:२९; गलाती २:१९-२०; एफिसी १:४; २:१०), जुनचाहिँ एकदिन यसको दृश्यमा उपभोग गरिनुपर्छ (१ यूहन्ना ३:२)। यो अन्तिम अवस्थालाई महिमित अवस्था भनेर भनिन्छ। यसलाई निम्न प्रकारले उदृत गर्न सकिन्छ,

१. सुरुको मुक्ति - धर्मीकरण (पापको सजायबाट बचाइने)
२. प्रगतिशिल मुक्ति - शुद्धिकरण (पापको शक्तिबाट बचाइने)
३. अन्तिम मुक्ति - महिमितकरण (पापको उपस्थितिबाट बचाइने)

९:८ "त्यसका छिमेकीहरू" त्यहाँ यो खण्डमा तीनवटा समूहहरू बताइएको छ, जसले यो आश्चर्यकर्मको गवाहीलाई अंगाल्दछन्: १) ती छिमेकीहरू (पद ८); २) ती मानिस आफै -पद ११); र ३) उसका आमा-बाबु (पद १८)। तिनीहरूको छिमेकीको बीचमा असमति थियो, जसै त्यहाँ फरिसीहरूको बीचमा चंगाईको कार्य गरिएको थियो।

- "बसेर भीख भाग्ने मान्छे यही होइन ?" यो ग्रीक प्रश्नले "हो" भन्ने उत्तरको आशा राख्दछ।

९:९ "यो त्यही हो" यो उही ग्रीक भनाइ हो, जसलाई येशूले ४:२६; ६:२०; ८:२४,२८,५८; १३:१९; ८:५,६,८ मा प्रयोग गर्नुभएको छ। यो सन्दर्भले यस्तो कुरा देखाउँदछ, कि यो स्वरुपको स्वतः अलौकिक संकेत भएन। यो खण्डका पदहरू ३६ (मालिक) र ३८ (प्रभु) मा प्रयोग गरिएको कुरियोसमा उही नै धेरै अर्थको अस्पष्टता हुन्छ।

९:१११२ यो कुराकानीले यस्तो कुरा देखाउँदछ, कि यस व्यक्तिको चंगाइले तुरुन्तै आत्मिक मुक्तिको संलग्नता भएन। यस व्यक्तिको विश्वास मा येशूसँगको उसको भेटद्वारा विकास भएको छ -पद ३५)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ९:१३-१७

अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसिहरूकहाँ ल्याए। जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो, त्यो शबाथ दिन थियो। फरिसीहरूले त्यसलाई सोधे, "तँ कसरी देख्ने भइस् ?" त्यसले तिनीहरूलाई भन्यो, उहाँले मेरो आँखामा माटाको लेप लगाइदिनुभयो, अनि मैले पखाले, र देख्ने भए।" फरिसीहरूमध्ये कुनै-कुनैले भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले शबाथ-दिन पालन गर्दैन।" तर अरूहरूले भने, "कसरी पापी मानिसले यस्ता चिन्हहरू गर्न सक्दछ ?" र तिनीहरूको बीचमा फाटो हुन गयो। तिनीहरूले त्यस अन्धालाई फेरी सोधे, "उसले तेरो आँखा खोलिदिएछ, अब उसको विषयमा तँ के भन्छस् ?" त्यसले जवाफ दियो, "उहाँ अगमवक्ता हुनुहुन्छ।"

९:१३ "तिनीहरू" यसले उनका छिमेकीहरूलाई बताएको हुनुपर्छ।

- "फरिसीहरू" यहूदी अगुवाहरू यूहन्नामा दुईवटा फरक परिवेशहरूमा जान्छन्। सामान्यतया तिनीहरूले "ती यहूदीहरू" भनेर उल्लेख गर्छन् (पदहरू १८, २२)। तरैपनि यो खण्डको पदहरू १३, १५, १६, र ४० मा तिनीहरूलाई फरिसीहरू भनेर बोलाइएको छ। विशेष शिर्षकको निम्ति १:२४ लाई हेर्नुहोस्।

९:१४ "जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो, त्यो शबाथ दिन थियो" यहूदी अगुवाहरूको परम्परागत नियमहरूले (त्यो मौखिक परम्परा जुनचाहि तालमुडमा दिइएको) यस व्यक्तिको खाँचोमा पूर्व-उदाहरण दिइयो (५:९; ९:१६; मत्ती २३:२४)। यो अति नै भएको थियो, यदि येशूले शबाथ-दिनमा कार्य गर्दा यी अगुवाहरूसँग यो उद्देश्यमा प्रवेश गरेर ईश्वरशास्त्रीय कुराकानी गर्ने चाहना राख्नुहुन्थ्यो। ५:९ को टिपोटलाई हेर्नुहोस्।

९:१६ फरिसीहरूले व्यवस्था १३:१-५ को येशूले गर्ने तिनीहरूको न्यायलाई आधार बनाएको हुनुपर्दथ्यो ।

- "र तिनीहरूको बीचमा फाटो हुन गयो" येशूले सँधै यस्तो कारण बनाउनुहुन्छ (६:५२; ७:४३; १०:१९; मत्ती १०:३४-३९)।

९:१७ "उहाँ अगमवक्ता हुनुहुन्छ ।" यस खण्डले यस मानिसको विश्वासको प्रकृतिको बारेमा देखाउँदछ (पदहरू ३६, ३८) । "अगमवक्ताको निम्ति" ४:१९ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ९:१८-२३

दृष्टि पाउने मानिसका आमा-बाबुलाई बोलाएर नसोधुन्जेल यहूदीहरूले त्यो अन्धो थियो र देख्ने भयो भनेर विश्वास गरेनन्, तब तिनीहरूले उनीहरूलाई सोधे, "के यो तिमीहरूको छोरो हो, जो अन्धो जन्मेको थियो भनी तिमीहरू भन्छौ ? त अब कसरी त्यो देख्न सक्ने भयो ?" त्यसका आमा-बाबुले तिनीहरूलाई भने, "हामी जान्दछौं, यो हाम्रो छोरो हो, र अन्धो जन्मेको थियो । तर अब यो कसरी देख्ने भयो, हामी जान्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं । यसको उमेर पुगेको छ यसैलाई सोध्नुहोस् । आफ्नो विषयमा त्यो आफै बोल्नेछ ।" त्यसका आमा-बाबुले त्यो कुरा भने, किनकि उनीहरू यहूदीदेखि डराउँथे । किनभने कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने, त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी यहूदीहरू अघि नै सहमत भएका थिए । त्यसैकारण त्यसका आमा-बाबुले भने, "यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस् ।

९:२२ "किनभने कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसले अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । आमा-बाबु यी यहूदी अगुवासँग डराउँथे । त्यहाँ थुप्रै गवाहीहरू थिए, जसले यो चंगाइलाई मान्यता दिएका थिए: १) छर-छिमेकीहरू (पदहरू ८-१०) २) त्यो मानिस आफै (पदहरू ११-१७,२४-३३); र ३) उसका आमा-बाबु (पदहरू १८-२३) ।

## विशेष शिर्षकः स्वीकार

क. त्यहाँ स्वीकारको निम्ति उही ग्रीक स्रोतमा दुईवटा रुपहरू प्रयोग गरिएका छन्, होमोलेग र एक्सोमोलोग । याकूबले प्रयोग गरेको यो संयुक्त परिवेश होमो वा उस्तैबाट; लेगको अर्थ बोल्नु वा निकाल्नु भन्ने हुन्छ । यसको आधारभूत अर्थ उही चिज वा त्योसँगै सहमत हुनु भन्ने हुन्छ । यहाँ एक्स भन्ने विचारले सार्वजनिक घोषणाको कुरालाई थपेको छ ।

ख. यो शब्द समूहको अंग्रजी अनुवादहरू यस्ता छन्:
१. प्रशंसा गर्नु
२. सहमत हुनु
३. घोषणा गर्नु
४. स्वीकार्नु
५. पश्चात्ताप गर्नु

C. यो शब्द समूहको उस्तै दुईवटा विपरित प्रयोगहरू छन्:
१. परमेश्वरलाई प्रशंसा गर्नु
२. पापलाई स्वीकार गर्नु
यिनीहरू परमेश्वरको पवित्रताको भावनामा र यसको आफ्नै पापपूर्णतामा मानव जातिबाट विकास भएका हुन सक्छन् । एउटा सत्यता मा कृतज्ञ हुनु दुवैमा कृतज्ञ हुनु हो ।

D. यो शब्द समूहका नयाँ करारका प्रयोग यस्ता छन्:
१. प्रतिज्ञा गर्नु (मत्ती १४:७; प्रेरित ७:१७)
२. केही चिजमा सहमत हुनु वा राजी हुनु (यूहन्ना १:२०; लूका २२:६; प्रेरित २४:१४; हिब्रू ११:१३)
३. प्रशंसा गर्नु (मत्ती ११:२५; लूका १०:२१; रोमी १४:११; १५:९)
४. यसमा सहमत हुनु:
   क. एकजना व्यक्ति (मत्ती १०:३२; लूका १२:८; यूहन्ना ९:२२; १२:४२; रोमी १०:९; फिलिप्पी २:११; १ यूहन्ना २:२३; प्रकाश ३:५)
   ख. एउटा सत्यता (प्रेरित २३:८; १ यूहन्ना ४:२)
५. यी तलकाको सामूहिक घोषणा गर्नु (धार्मिक निश्चयतामा कानुनी भावनाको विकास, प्रेरित २४:१४; १ तिमोथी ६:१३
   क. दोषलाई स्वीकार नगरिकनै (१ तिमोथी ६:१२; हिब्रू १०:२३)
   ख. दोषलाई स्वीकार गरेर (मत्ती ३:६; प्रेरित १९:१८; हिब्रू ४:१४; याकूब ५:१६; १ यूहन्ना १:९)

९:२२ "त्यसलाई सभाघरबाट निकाल्नुपर्छ" आमा-बाबु सम्पर्क विहिन भएकोमा डराएका थिए (१२:४२; १६:२) । यो प्रकृया यज्ञामा फर्किन सक्छ (१०:८) । हामीले गुरुहरूको साहित्यबाट यो कुरा जान्दछौं, कि त्यहाँ तीन किसिमका बहिष्कारहरू छन्: १) एक हप्ताको निम्ति; २) एक महिनाको निम्ति; ३) जीवनको निम्ति ।

यूहन्नाले पहिलो शताब्दीको अन्ततिर लेखेका कुराहरूलाई सभाघरबाट भएको सम्बन्ध विच्छेदलाई राम्ररी थाहा थियो, र यो कार्य येशू ख्रीष्टमा पश्चात्ताप गरेको कारणले गर्दा भयो । यी ऐतिहासिक ‘‘श्रापका सुत्रहरू’’ ई.सं. ७० पछाडि फरिसीहरूद्वारा यहूदीको जामनियाबाट पुनरुत्थान हुँदै विकास भएका थिए ।

‘‘त्यसलाई सभाघरबाट निकाल्नुपर्छ‘‘ यो संगति नहुने गंभिर कार्य थियो (१२:४२; १६:२) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ९:२४-३४

तब तिनीहरूले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर भने, ‘‘परमेश्वरलाई महिमा दे । हामी जान्दछौं, यो मान्छे पापी हो ।’’ त्यसले जवाफ दियो, ‘‘उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिनँ । एउटै कुरामात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब म देख्दछु । तब तिनीहरूले त्यसलाई भने, ‘‘उसले तँलाई के गऱ्यो ? उसले तेरो आँखा कसरी खोलिदियो ?’’ त्यसले तिनीहरूलाई जवाफ दियो, मैले तपाईंहरूलाई अघि नै भनिसके, तर तपाईंहरूले सुन्नुभएन । अब फेरी किन सुन्न चाहनुहुन्छ । तपाईंहरू पनि उहाँका चेलाहरू हुन चाहनुहुन्छ, कि कसो ?’’ तिनीहरूले त्यसलाई गाली गर्दै भने, ‘‘तँ उसको चेला होस्, तर हामी त मोशाका चेला हौं । हामीलाई थाहा छ मोशासँग परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन, यो मानिसचाहिँ कहाँको हो ।’’ त्यस मानिसले जवाफ दिई तिनीहरूलाई भन्यो, ‘‘कस्तो विचित्र कुरो । उहाँ कहाँबाट आउनु भएको हो, तपाईंहरू जान्नुहुन्न । तर मेरा आँखा उहाँले खोलिदिनुभयो । हामी जान्दछौं, कि परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नुहुन्छ । संसार सुरु भएदेखि यसो जन्मैको अन्धाको आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन । यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए, उहाँले केही गर्न सक्नुहुनेथिएन ।’’ तिनीहरूले त्यसलाई जवाफ दिई भने, तँ त विल्कुलै पापमा जन्मेको थिइस्, र के तँ अब हामीलाई सिकाउन चाहन्छस् ।’’ अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए ।

९:२४ ‘‘परमेश्वरलाई महिमा दे’’ यो सपथ लिएको परमेश्वरको सत्यतापनको सूत्र थियो (यहोशू ७:१९) ।

९:२५ यो उत्तरले पद १६ लाई बताएको हुनुपर्छ । यो मानिसले ईश्वरशास्त्रमा बादविवाद गर्न चाहेन, तर उसले येशूलाई भेटेको परिणामको बारेमा बतायो।

९:२७ ‘‘तपाईंहरू पनि उहाँका चेलाहरू हुन चाहनुहुन्छ, कि कसो ?’’ यहाँ ग्रीक व्याकरणीय स्वरुपले होइन भन्ने उत्तरको आशा राख्दछ, तर त्यो नै प्रश्न सोध्नुमा ठूलो कठिनाइ थियो, र यो अन्धा भिखारीको बुद्धिलाई देखाउँछ ।

९:२८क ‘‘तँ उसको चेला होस्,’’ यस खण्डको यो बिन्दुमा त्यहाँ त्यस विश्वासी मानिसको लागि एउटा साँचो प्रश्न छ; केवल येशूले पछिमात्रै उहाँको मसिहिय दावीको सामना गर्नुभएको थियो (पदहरू ३६-३८) । यो घटनाले यस्तो कुरा देखाउँछ, कि शारीरिक चंगाइले आवश्यकीय रूपमा मुक्ति ल्याउँछ भन्ने कुरा होइन ।

९:२८ख-२९ ‘‘यसले धार्मिक अगुवाहरूले सामना गरेको कठिनाइलाई देखाउँदछ । तिनीहरूले मौखिक परम्परा (तालमुड) लाई मोशाको उत्प्रेरित भएको प्रकाशसँग सारांशमा विशेष व्याख्याको समानतामा ल्याउनलाई कोसिस गरे । तिनीहरूको ईश्वरशास्त्रीय पूर्वाग्रहले तिनीहरूको आँखालाई अन्धो बनाइदियो । (मत्ती ६:३३) । तिनीहरू मानवीय परम्पराका चेलाहरू थिए (यशैया २९:१३) ।

९:२९ ‘‘हामीलाई थाहा छैन, यो मानिसचाहिँ कहाँको हो’’ यो यूहन्नाको अर्को बिडम्बना हो (७:२७-२८; ८:१४) । येशू ख्रीष्ट पिताबाट आउनुभएको थियो ( ८:४२; १३:३; १६:२८), तर तिनीहरूको अन्धोपनामा चेलाहरूलाई यो कुरा थाहा थिएन, किः

१. उहाँको सुरुवात
२. उहाँको जन्म स्थान

९:३० ‘‘कस्तो विचित्र कुरो । उहाँ कहाँबाट आउनु भएको हो, तपाईंहरू जान्नुहुन्न । तर मेरा आँखा उहाँले खोलिदिनुभयो’’ यो तिखो बुद्धिको अर्को नमुना हो, र यो अन्धो भिखारीको अर्को बिडम्बना हो, जसै उनले फरिसीहरूको तर्कलाई ईन्कार गर्छन् ।

९:३१-३३ यो अशिक्षित अन्धो मानिसको धार्मिक अगुवाहरूको भन्दा धेरै ईश्वरशास्त्रीय निरन्तरता र असल विचार थियो ।

९:३३ ‘‘यदि’’ यो दोस्रो स्तरको शर्तात्मक वाक्य थियो, जसलाई ‘‘वास्तविकताको विपरित’’ भनेर भनियो । यसलाई यस्तो प्रकारले बुझ्नुपर्छ, ‘‘यदि यो व्यक्ति परमेश्वरबाट आएको थिएन भने, जुनचाहिँ उसले गऱ्यो, तब उसले यस्तो कुनैपनि चिज नगरेको हुन्थ्यो, तर उसले यस्तो गऱ्यो ।’’

९:३४ ‘‘त विल्कुलै पापमा जन्मेको थिइस्’’ यो पनि याद गर्नु चाखलाग्दो छ, कि गुरुहरूको यहूदीवादमा ‘‘सुरुको पाप’’ को बारेमा कुनैपनि विचार छैन ( अयूब १४:१,४; भजनसंग्रह ५१:५) । उत्पत्ति ३ अध्यायको पतनले गुरुहरूको यहूदीवादलाई जोड दिएको थिएन । यहूदीहरूले यस्तो कुरा बताए, कि त्यहाँ हरेक मानिसमा असल र खराब भावना हुन्छ । यी फरिसीहरूले यो कुरा बताउँदै थिए, कि यो चंगाइ पाएको मानिसको तर्क अमान्य थियो, किनकि ऊ स्पष्टरूपमा जन्मैको अन्धा पापी थियो ।

- “अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए’’ यो शाब्दिक अर्थमा ‘‘तिनीहरूले त्यसलाई बाहिर निकालिदिए ।’’ यो सन्दर्भले यस्तो कुरा बताउँदछ, किः १) स्थानीय सभाघरको सदस्यता र हाजिरी वा २) भेटघाट हुने कार्यलाई छरपष्ट पारिएको । २ को परिवेशमा उत्तम देखिने ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ९:३५-४१

तिनीहरूले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएर भन्नुभयो, ‘‘के तिमी मानिसको पुत्रमाथि विश्वास गर्दछौं ?’’ त्यसले जवाफ दिई भन्यो, ‘‘प्रभु उहाँ को हुनुहुन्छ ? म उसमाथि विश्वास गर्नेछु ?’’ येशूले त्यसलाई भन्नुभयो, ‘‘तिमीले उसलाई देखेका छौं, अनि तिमीसँग बोल्ने उही नै हो ।’’ तब त्यसले भन्यो, ‘‘प्रभु म विश्वास गर्दछु,’’ र त्यसले उहाँलाई दण्डवत् गऱ्यो । अनि येशूले भन्नुभयो, ‘‘म न्याय को लागि यस संसारमा आएँ, कि नदेख्नेहरूले देखून्, र देख्नेहरूचाहिँ अन्धा होऊन् ।’’ यी कुरा सुनेर उहाँका नजिकै हुने फरिसीहरूमध्ये कुनै-कुनै ले उहाँलाई भने, ‘‘के हामी पनि अन्धा हौं त ?’’ येशूले तिनीहरूलाई भन्नुभयो, ‘‘तिमीहरू अन्धा भए ता पापको दोषी हुने थिएनौं, तर तिमीहरू हामी देख्छौं भन्दछौं, यसकारण तिमीहरूका पाप रहिरहन्छ ।

९:३५

नासाब, एनआरएसभि, टिइभि, एनजेबि ‘‘के तिमीले मानिसका पुत्रमा विश्वास गर्छौ ?’’

एनकेजेभि ‘‘के तिमीले परमेश्वरका पुत्रमा विश्वास गर्छौ ?’’

पुरानो ग्रीक करारको हस्तलेखन ए र एल मा ‘‘परमेश्वरका पुत्र,’’ भन्ने छ, तर पि६६, पि७५, !, बि, डि, र डब्लू मा ‘‘मानिसका पुत्र’’ भनिएको छ । यूहन्नाको प्रयोगबाट र हस्तलेखनको प्रमाणबाट ‘‘मानिसका पुत्र’’ भन्ने परिवेश अति धेरै नै उपयुक्त हुन्छ, र सायद सुरुको पनि हुन्छ । युविएस४ ले ‘‘मानिस’’ लाई निश्चित ‘‘क’’ श्रेणीको दर्जा प्रदान गर्दछ । व्याकरणगत प्रश्नले ‘‘हो’’ भन्ने उत्तरको आशा राख्दछ ।

९:३६

नासाब, एनकेजेभि ‘‘परमप्रभु’’

एनआरएसभि, टिइभि, एनजेबि ‘‘महासय’’

यो खण्डमा हामीले यस व्यक्तिको विश्वासको ईश्वरशास्त्रीय विकासलाई देख्न सक्छौं, जसै मानिसले येशूलाई बोलाएर अगाडि बढ्छः

१. एकजना मानिस (पद ११)
२. एकजना अगमवक्तातर्फ (पद १७)
३. ‘‘महाशय’’ भन्ने एकदमै सम्मानित शिर्षक (पद ३६)
४. यो परिवेशको ‘‘परमप्रभु’’ भन्ने पूर्ण ईश्वरशास्त्रीय प्रयोग

३६ र ३८ दुवै पदहरूमा ग्रीक शब्द उही नै छ । केवल परिवेशले मात्र शंकेतलाई निर्धारण गर्न सक्दछ । ६:२० को ईश्वरको नाउँहरूलाई विशेष शिर्षकमा हेर्नुहोस् । ग्रीक कुरीओसले हिब्रू एडोनलाई देखाउन सक्छ, जुनचाहिँ यहोवाको निम्ति मौखिक बदला बन्न सक्यो ।

९:३८ यो गणनाको उच्च स्थान हो, जसै यो चंगाइ गरिएको मानिसको मुक्तिको सम्बन्धमा हुन्छ । यो पनि अनौठोलाग्दो छ, कि यो पद केही प्राचीन हस्तलेखनबाट हराएको छ (पि७५, !, डब्लू), र डायटेसारियन (सुरुको चारवटा सुसमाचारलाई मिलाइएको) हुन्छ । यसमा दुईवटा कमै पाइने परिवेशहरू रहन्छन्: १) ‘‘उहाँले भन्नुभयो’’ भन्ने वाक्यांश यहाँ र १:२३ मा मात्रै आएको छ, र २) ‘‘उहाँले आराधना’’ गर्नुभयो भन्ने परिवेश यहाँ यूहन्नामा मात्रै आएको छ । यसलाई धेरै आधुनिक अनुवादहरूमा समावेश गरिएको छ ।

९:३९ ‘‘म न्यायको लागि यस संसारमा आएँ’’ यो ५:२२ र २७ आएकोजस्तो देखिन्छ, जसले अन्तको समय (भविष्य सम्बन्धी) को न्यायको बारेमा बताउँदछ । तरैपनि, यो ३:१७-२१ र १२:४७, ४८ मा विरोधाभाष भएको देखिन्छ । यसलाई यो वास्तविकताको मिलापमा ल्याउन सकिन्छ, कि येशू छुटकाराको उद्देश्यको निम्ति आउनुभयो, तर जसले उहाँले दिने कुरालाई इन्कार गर्छन् भने, स्वतः तिनीहरू आफैले न्याय गरेका हुनेछन् ।

- “म न्यायको लागि यस संसारमा आएँ, कि नदेख्नेहरूले देखून्, र देख्नेहरूचाहिँ अन्धा होऊन्” यो यशैयाबाट आएको अगमवाणीको दोहोरो पूर्णता हो ।

१. ती घमण्डी इस्राएलीहरूले परमेश्वरको सन्देशलाई बुझ्नेछैनन् (यशैया ६:१०, ४२:१८-१९; ४३:८; यर्मिया ५:२१; इजकिएल १२:२)
२. गरीब, तल्लो जात र शारीरिक रूपमा सताइएकाहरूले बुझ्नेछन् (यशैया २९:१८; ३२:३-४; ३५:५; ४७:७, १६)

येशू यस संसारको ज्योति हुनुहुन्छ, तिनीहरू सबै जसले हेर्नलाई छानेका हुन्छन् (१:४-५, ८-९)

९:४० ‘‘तिमीहरू अन्धा भए ता पापको दोषी हुने थिएनौं, तर तिमीहरू हामी देख्छौं भन्दछौं’’ ग्रीक वाक्य-रचनाले होइन भन्ने उत्तरको आशा राख्दछ -मत्ती १५:१४, २३-२४) । यी अन्तिम केही पदहरूले यस्तो कुरा देखाउँदछ, कि यो खण्डले आत्मिक अन्धोपनाको दृष्टान्तमा कार्य गरेको थियो, जसलाई चंगाइ गर्न सकिदैनथ्यो (अविश्वासको क्षमा नदिइने पाप, विशेष शिर्षकको लागि ५:२१ लाई हेर्नुहोस्), र शारीरिक अन्धोपना, जुनचाहिँ हुन सक्छ !

९:४१ यो पदले सामान्य सत्यतालाई प्रकट गर्दछ (१५:२२,२४; रोमी ३:२०; ४:१५; ५:१३; ७:७,९) । मानिसहरू तिनीहरूमा भएको प्रकाशमा जिम्मेवार छन् वा त्यसमा परिचित छन् !

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफै बाइबलको व्याख्याको लागि जिम्मेवार हुनुहुन्छ भन्ने हुन्छ। हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डमा तपाईंले मुख्य विषयहरू भएर विचार गर्नलाई मद्दत प्रदान गर्दछ। तिनीहरू विचारलाई बढावा दिने अर्थमा हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन्।

१. के यो खण्डले सामान्यतया शारीरिक चंगाइ वा आत्मिक चंगाइको बारेमा सामना गर्दछन् ? शारीरिक अन्धोपना वा आत्मिक अन्धोपना ?
२. कसरी यस मानिसले जन्मनुभन्दा अगाडि नै पाप गरेको थियो ?
३. यो खण्डको कुनचाहिँ विन्दुमा आएर त्यस मानिसले मुक्ति प्राप्त गर्न सक्छ ?
४. के येशू यस संसारलाई न्याय गर्न वा यस संसारलाई वचाउनलाई आउनुभयो ?
५. "मानिसको पुत्र" भन्ने परिवेशको पृष्ठभूमिलाई व्याख्या गर्नुहोस्।
६. यहूदी अगुवाहरूलाई त्यो अन्धो मानिसको प्रतिक्रियाको बिडम्बनाका बुंदाहरूलाई सूचीकृत गर्नुहोस्।

# यूहन्ना १० अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | जेबि |
|---|---|---|---|---|
| भेंडाको गोठको दृष्टान्त | येशू साँचो गोठालो | येशू गोठालो हुनुहुन्छ, जसले उहाँको जीवन दिनुहुन्छ | गोठालोको दृष्टान्त | असल गोठलो |
| १०:१-६ | १०:१-६ | १०:१-६ | १०:१-५ | १०:१-५ |
| | | | १०:६ | १०:६ |
| येशू असल गोठलो | येशू असल गोठला | | येशू असल गोठला | |
| १०:७-१८ | १०:७-२१ | १०:७-१० | १०:७-१० | १०:७-१८ |
| | | १०:११-१८ | १०:११-१६ | |
| | | | १०:१७-१८ | |
| १०:१९-२१ | | १०:१९-२१ | १०:१९-२० | १०:१९-२१ |
| | | | १०:२१ | |
| येशू यहूदीहरूद्वारा इन्कार गरिनुभएको | गोठालोले उहाँको भेंडाहरू चिन्नुहुन्छ | | येशू इन्कार गरिनुभएको | येशूले मानिसको पुत्र हुनको लागि दावी गर्नुहुन्छ |
| १०:२२-३० | १०:२२-३० | १०:२२-३० | १०:२२-२४ | १०:२२-३० |
| | येशूलाई ढुंगाले हान्न पुन प्रयास गरिएको | | 10:25-30 | |
| १०:३१-३९ | १०:३१-३९ | १०:३१-३९ | १०:३१-३२ | १०:३१-३८ |
| | | | १०:३३ | |
| | | | १०:३४-३८ | |
| | | | १०:३९ | १०:३९ |
| | विश्वासीहरू यर्दन भन्दा पनि टाढा गएका | | | येशूले यर्दनको अर्कोपट्टी तान्नुहुन्छ |
| १०:४०-४२ | १०:४०-४२ | १०:४०-४२ | १०:४०-४२ | १०:४०-४२ |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफै बाइबलको व्याख्याको लागि जिम्मेवार हुनुहुन्छ भन्ने हुन्छ। हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन।

यो खण्डलाई एकै बसाइमा पढ्नुहोस्। विषयको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचवटा अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेदको विभाजन उत्प्रेरित हुँदैन, तर यो स ुरुका लेखकको भावनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एउटामामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १०:१-६**

"साँच्चै म तिमीहरूलाई भन्दछु, जो भेडा-गोठको ढोकाबाट भित्र पस्दैन, तर अर्कोपट्टीबाट चढेर पस्छ, त्योचाहिँ चोर र डाँकू हो, ढोकाबाट भित्र पस्नेचाहिँ भेडाको गोठालो हो । ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र भेडाहरूले उसको स्वर सुन्छन्, र उसले आफ्ना भेडाहरूलाई नाउँ काढी-काढी बोलाउँछ, अनि तिनीहरूलाई बाहिर लैजान्छ । जब उसले आफ्ना सबै भेडाहरूलाई बाहिर निकालिदिन्छ, ऊ तिनीहरूका अघिअघि हिँड्छ र भेडाहरूले उसलाई पछ्याउँछन्, किनभने तिनीहरूले उसको स्वर चिन्छन्, तर अपरिचित व्यक्तिलाई तिनीहरू पछ्याउँदैनन्, तर त्यसदेखि भाग्छन् । किनभने अपरिचित व्यक्तिको स्वर तिनीहरूले चिन्दैनन् ।" येशूले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो, तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन् ।

साँच्चै म तिमीहरूलाई भन्दछु" १:५१ को टिपोटलाई हेर्नुहोस् ।

- "तर अर्कोपट्टीबाट चढेर पस्छ, त्योचाहिँ चोर र डाँकू हो" त्यहाँ भेडाको ढोकामा भएका त्यो कुरालाई पनि याद गर्नुहोस्, कि तिनीहरू जो असल गोठालामा सम्बन्धित छैनन् (मत्ती ७:२१-२३, र बीऊ छर्नेको दृष्टान्त, मत्ती १३:२४-३०) । यहाँ आएको समस्या यो हो, कि जे कुरा परमेश्‍वरले येशू ख्रीष्टद्वारा सित्तैमा प्रदान गर्नुहुन्छ, कि त्यसलाई कतिले व्यक्तिगत प्रयासद्वारा प्राप्त गर्ने कोसिस गरिरहेका छन् (रोमी ३:१९-३१; ९:३०-३३; १०:२-४; गलाती २:१६, ५:४) । यसको असल उदाहरण अध्याय ९ का फरिसीहरू हुन् ।

१०:२ "ढोकाबाट भित्र पस्नेचाहिँ भेडाको गोठालो हो" यो खण्डमा अगाडि नै स्पष्टरूपमा अति नै मिसिएको अलंकार छ । येशू पद ७ मा दिइएको भेडाको गोठको ढोकाको रूपमा हुनुहुन्छ, र उहाँ भेडाहरूको गोठालो पनि हुनुहुन्छ (पदहरू ११ र १४) । तैपनि, यो मिसिएको अलंकार भने यूहन्ना र नयाँ करारमा असामान्य छैन ।

१. येशू रोटी हुनुहुन्छ, र रोटी दिनेवाला हुनुहुन्छ (पद ६:३५,५१)
२. येशू सत्य हुनुहुन्छ, र सत्यको वक्ता हुनुहुन्छ (पदहरू ८:४५-४६; १४:६)
३. येशू बाटो हुनुहुन्छ, र उहाँले बाटो देखाउनुहुन्छ (१४:६)
४. येशू बलिको थुमा हुनुहुन्छ, र उहाँले बलि चढाउने पनि गर्नुहुन्छ -हिब्रूको पुस्तकमा)

गोठालो भन्ने शिर्षक पुरानो करारको मसिह र परमेश्‍वर भन्ने शिर्षक दुवैको निम्ति सामान्य नै थियो (भजनसंग्रह २३; ८०:१; यशैया ४०:१०-११; १ पत्रुस ५:१-४) । यहूदी अगुवाहरूलाई यर्मिया २३; इजकिएल ३४ अध्याय र यशैया ५६:९-१२ मा "झुटा अगमवक्ताहरू भनेर भनेका छन् । "गोठालो" भन्ने परिवेश "पाष्टर" भन्ने परिवेशसँग सम्बन्धित छ (एफिसी ४:११; तितस १:५,७) ।

१०:३ "भेडाहरूले उसको स्वर सुन्छन्" पहिचान र आज्ञाकारिता सम्बन्धमा आधारित छन् । यूहन्नामा "सुन्नु" (४:४२; ५:२४,२५,२८-२९; ८:४७; १०:१६,२७; १८:३७), र "देख्नु" (३:३; १२:४०; २०:८) भन्ने दुवै परिवेशलाई येशूलाई ख्रीष्टको रूपमा भरोसा गरेर विश्‍वास गर्नलाई प्रयोग गरिएका छन् ।

- "उसले आफ्ना भेडाहरूलाई नाउँ काढी-काढी बोलाउँछ" येशूले उहाँलाई व्यक्तिगत रूपमा जान्नुहुन्छ (यहोवाले गरेजस्तै, १०:२९-३१) । ठूलो बथानको बीचमा पनि गोठालाहरूले तिनीहरूको जनावरलाई उपनामले बोलाउने गर्छन् ।

यो ईश्‍वरशास्त्रीय रूपमा झड्का लाग्ने हुन्छ, कि येशूले यहूदाको राष्ट्रबाट झुटा भेडाहरूको बीचमा सत्य भेडाहरूलाई बोलाउनुहुन्छ । करारका मानिसहरू परमेश्‍वरका सत्य मानिसहरू थिएनन् । यो नयाँ करारको पूर्ण कलंक हो । जो कोहीको विश्‍वास रेखामा आएको हुँदैन, र यसले कसैको भविष्यलाई निर्धारण गर्दछ । विश्‍वास व्यक्तिगत हुन्छ, र राष्ट्रिय हुँदैन ।

यहूदी अगुवाहरू जसले येशूको विरोध गरे, तिनीहरू परमेश्‍वरका मानिसको भागमा पर्दैनथे (पद २६) !

- "भेडाहरूले उसलाई पछ्याउँछन्" यसले मुक्तिको लागि मात्र बताउने होइन, तर दैनिक मार्गनिर्देशनलाई पनि बताउँदछ (पदहरू ४,९) ।

१०:४ यो त्यो परम्पराको सन्दर्भ हुन सक्छ, र रातको समयमा धेरै फरक बथानलाई एउटै स्थानमा राखिन्छ । बिहानको समयमा गोठालाले आफ्ना भेंडाहरूलाई बोलाउँछ, र उसका भेडाहरू उसकोमा आउनेछन् ।

मण्डलीले सधैं झुटा भेडाहरूको सामना गर्नुपर्ने थियो (१ तिमोथी ४:१-३; २ तिमोथी ४:३-४; १ यूहन्ना ४:५-६ २ पत्रुस २ अध्याय) ।

१०:६ "येशूले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो" यसलाई सामान्य परिवेशमा "दृष्टान्त" (प्याराबोल) भनेर अनुवाद गरिदैन, तर यो उही स्तर ( प्यारोइमियन) बाट आएको हुन्छ । यो स्वरुप यहाँमात्र पाइन्छ, र १६:२५,२९ र २ पत्रुस २:२२ मा पनि पाइन्छ । यद्यपि यो फरक स्वरुप भए तापनि "दृष्टान्त" भन्ने अति सामान्य परिवेशमा यो उही रूपमा आएको देखिन्छ (यूहन्ना बाहेकका सुसमाचारमा प्रयोग गरिएको) । सामान्यतया "दृष्टान्त" भन्ने परिवेशले आत्मिक सत्यता बाहेक सामान्य संस्कारमा आउने स्थानको अर्थलाई बताउँदछ, ताकि यसको समझदारीमा सहायता पुग्दछ । तैपनि, यसले आत्मिक अन्धो आँखाबाट आउने सत्यतालाई लुकाउन सक्छ (१६:२९; मर्कूस ४:११-१२) ।

- तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा बुझेनन्" यदि अध्याय १० अध्याय ९ को समयसँग सम्बन्धित हुन्छ भने, यहाँ "तिनीहरू" भनेर फरिसीलाई बताउथ्यो । तिनीहरूले हेर्ने दावी गरे (९:४१), तर तिनीहरूले देख्न सकेनन् (१०:२०) । धर्म वाधा बन्न सक्छ, तर पुल बन्नेचाहिँ होइन ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १०:७-१०**

यसकारण फेरि येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, भेडाहरूको ढोका मै हुँ । मभन्दा अघि आउने सबै चोर र डाँकूहरू हुन्, तर भेडाहरूले तिनीहरूको कुरा सुनेनन् । ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने, त्यो बचाइनेछ, र भित्र-बाहिर आउने जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ । "चोर त चोर्न, मार्न र नाश पार्नमात्र आउँछ । म त तिनीहरूले जीवन पाऊन, र त्यो प्रशस्त्र मात्रा मा पाउन भन्ने हेतुले आएँ ।"

भेडाहरूको ढोका मै हु" यो यूहन्नाको "म हुँ" भन्ने प्रचलित भनाइको सातवटामध्ये एउटा हो । यो अलंकारले त्यो सत्यतालाई चम्काउँदछ, कि येशूमात्र एउटा सत्य बाटो हुनुहुन्छ (८,१०; १४:६) । कतिचोटी यसलाई सुसमाचारको अतिरिक्त कलंक भनेर भनिन्छ । यदि बाइबल परमेश्वरको आत्म-प्रकाश हो भने, तब त्यहाँ परमेश्वरसँग ठीक हुने एउटा मात्र उपाय छ, त्यो हो, येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ (प्रेरित ४:१२; १ तिमोथी २:५) । ८:१२ को टिपोटलाई पनि हेर्नुहोस् ।

१०:८ "मभन्दा अघि आउने सबै चोर र डाँकूहरू हुन्" अध्यायहरू ९ र १० को सन्दर्भको कारणले गर्दा हनुखा वा समर्पणताको चाडलाई मान्नुपर्छ (१०:२२), यसमा यो पनि सम्भव छ, कि यसले मकाबीहरू र तिनीहरूको पुर्खाको अन्तर करारको अवधिको समयमा मसिहिय धाकलाई बताउँछन् । तरैपनि, सम्भवत यसले झुटा गोठालाहरूको बारेमा पुराना करारका खण्डहरूलाई सम्बन्धित गर्छ (यशैया ५६:९-१२; यर्मिया २३; इजकिएल ३४; र जकरिया ११ अध्याय) । यो अति उच्चमा रहेको साङ्केतिक भाषा र अर्थको अष्पष्टतामा पहिलेको इतिहासले सुरुका जातिहरूको पाठलाई बढाउन वा परिस्कृत गर्न यसको अर्थलाई व्याख्या गर्ने प्रयास गरिएको छ । एउटा हस्तलेखनले "सबै" भन्ने परिवेशलाई हटाएको हुन्छ, र सुरुका धेरै हस्तलेखनले "मभन्दा अगाडि" भन्ने वाक्यांशलाई हटाउँछन् (पि४५, पि७५, !*) ।

१०:९ "यदि कोही मानिस मबाट भित्र पस्यो भने, त्यो बचाइनेछ" यो तेस्रो तहको भविष्यको निस्क्रिय क्रियासँगैको शर्तात्मक वाक्य हो । येशू मात्रै परमेश्वरमा जाने बाटो हुनुहुन्छ (१४:६) । यो परिवेशमा "बचाइनु" भन्ने क्रिया सायद पुरानो करारको शारीरिक छुटकाराको संङ्केतसँग सम्बन्धित छ । तरैपनि, कतिचोटी यूहन्नाले यो दुईवटा खप्टिएको अर्थलाई यो परिवेशमा छानेका छन् । त्यो आत्मिक मुक्तिको विचार यो परिवेशबाट अभावमा रहेको छैन (पद ४२) ।

१०:१० "चोर" यसले झुटा गोठालाहरूको अन्तिम विचारलाई देखाउँदछ । यसले दुष्टचाहिँको उद्देश्यलाई पनि प्रदर्शन गर्दछ ! यो आचरणमा भाडामा लिएका कारिन्दाहरूको लापरवाहीपनलाई पदहरू १२-१३ मा देख्न सकिन्छ ।

- "नाश पार्नु" यो तलको विशेष शिर्षकलाई हेर्नुहोस्

## विशेष शिर्षकः विनाश (अपोलुमी)

यो परिवेशको वृहत शब्दको अर्थको क्षेत्र हुन्छ, जसले ईश्वरशास्त्रीय विचारको अनन्त न्यायको विरुद्धमा विनाशको सम्बन्धमा ठूलो अन्योलता सृजना गरेको छ । यसको एपो र ओलुमीबाट आएको सामान्य शाब्दिक अर्थ विनाश वा नाश भन्ने हुन्छ ।

यस परिवेशमा आउने समस्याको प्रयोग साङ्केतिकतामा हुन्छ । यसलाई नयाँ करारको लअउ र निडाले लेखेको नयाँ करारको ग्रीक-अंग्रेजी शब्द-कोषमा, शब्दको अर्थमा आधारित भएर होच्याएको, इकाई २ को पाना ३० मा स्पष्टरूपमा देख्न सकिन्छ । यो परिवेशमा धेरै अर्थहरू सूचीकृत गरिएको छः

१. विनाश (जस्तैः मत्ती १०:२८; लूका ५:३७; यूहन्ना १०:१०; १७:१२; प्रेरित ५:३७; रोमी ९:२२, इकाई १ पाना २३२ बाट लिइएको)
२. प्राप्त गर्न असफल हुनु (जस्तैः मत्ती १०:४२, इकाई १, पाना ५६६)
३. गुमाउनु (जस्तैः लूका १५:८, इकाई १, पाना ५६६)
४. स्थानको बारेमा अपरिचित हुनु (जस्तैः लूका १५:४, इकाई १, पाना ३३०)
५. मर्नु (जस्तैः मत्ती १०:३९, इकाई १, पाना २६६)

जेरहार्ड किट्टेलको नयाँ करारको ईश्वरशास्त्रीय शब्दकोश, इकाई १, पाना ३९४ हो, जसले चारवटा फरक अर्थहरूको प्रयोग गरेर देखाउन खोजि रहेका छन्:

१. नास गर्नु वा मार्नु (जस्तैः मत्ती २:१३; २७:२०; मर्कूस ३:६; ९:२२; लूका ६:९; १ कोरिन्थी १:१९)
२. गुमाउनु वा कमी भएकोमा चिन्तित हुनु -जस्तैः मर्कूस ९:४१; लूका १५:४,८)
३. नास पार्नु (जस्तैः मत्ती २६:५२; मर्कूस ४:३८; लूका ११:५१; १३:३,५,३३; १५:१७; यूहन्ना ६:१२,२७; १ कोरिन्थी १०:९-१०)
४. गुमाएको हुनु -जस्तैः मत्ती ५:२९-३०; मर्कूस २:२२; लूका १५:४,६,२४,३२; २१:१८; प्ररित २७:३४)

तब किट्टेलले यसो भन्छन्, "सामान्यतया हामीले यसो भन्छौं, कि #२ र #४ को भनाइ मुनी यूहन्ना बाहेकका सुसमाचारमा यस संसारलाई सम्बन्धित बनाउँदा #१ र #३ को मुनी ती पावल र यूहन्नामा जस्तै अर्को दुनियामा सम्बन्धित हुन्छन् (पाना ३९४) ।

यहाँ अन्योलता रहन्छन् । यो परिवेशको वृहत शब्दको अर्थको प्रयोग भएको छ, कि यसलाई नयाँ करारका लेखकहरूले विविध तरिकाले फरक प्रकारले प्रयोग गरेका छन् । मैले रवर्ट बि. गर्डस्टोनको पुरानो करारको समानता भन्ने पुस्तकका पानाहरू २२५-२२७ लाई रुँचाउँछु । उनले ती मानिसका परिवेशहरूलाई सम्बन्धित गराउँछन्, जसले नैतिक रूपमा नास गर्दछन्, र परमेश्वरबाट अनन्तताको अलग्याईलाई पर्खिरहेका हुन्छन् ,

जसको विरुद्धमा ती मानिसहरूरू हुन्छन्, जसले खीष्टलाई चिन्दछन्, र उहाँमा अनन्त जीवन प्राप्त गर्दछन् । ती पछिका समूह ‘‘बचाइएका’’ छन्, जबकि अगाडिका समूहहरू नास भएका हुन्छन् ।

मैले व्यक्तिगत रूपमा यो विचार गर्दिन, कि यो परिवेशले सर्वनाश ल्याउँछ भनेर (ए. फ्यूको आगोले उपभोग गर्ने भन्ने पुस्तक) । ‘‘अनन्त’’ भन्ने परिवेश मत्री २५:२६ मा दिइएको अनन्त जीवन र अनन्त न्याय दुवैका लागि प्रयोग गरिन्छ । कसैलाई तुच्छ ठान्दाखेरि दुवैलाई तुच्छ ठान्नुपर्छ ।

- “म त तिनीहरूले जीवन पाऊन, र त्यो प्रशस्त्र मात्रामा पाउन भन्ने हेतुले आएँ’’ यो वाक्यांशलाई धेरैचोटि भौतिक प्रतिज्ञाको रूपमा बताइएको छ, तर यसको बिपरिततामा यसले येशूलाई व्यक्तिगत रूपमा सम्बन्धित बनाउँदछ, र उहाँले ल्याउने भौतिक उन्नती नभएर आत्मिक आशिष् पाउने चाहना राख्दछ (यो ४:१४ र ७:३८ सँग समानान्तर छ) । यसले यो जीवनमा त्यति धेरै पाउने इच्छा राख्दैन, तर सत्य जीवन चिन्ने र प्राप्त गर्ने चाहना राख्दछ ।

यूहन्ना बाहेकका सुसमाचारमा अभिलेख राखिएअनुसार परमेश्वरको राज्यमा जोड दिइन्छ, र यूहन्नाले अनन्त जीवनलाई येशूको अभिलेखमा जोड दिन्छन् । जो कोहीले पनि यसलाई अहिले नै पाउन सक्छन् ! परमेश्वरको राज्यको सुरुवात गरिएको छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १०:११-१८

“म असल गोठालो हुँ । असल गोठालाले आफ्ना भेडाहरूको निम्ति आफ्नो प्राण अर्पन गर्छ । भाडाको मान्छेचाहिँ भेडाहरूको आफ्नै गोठालो जस्तो होइन, त्यसले त ब्वाँसालाई आएको देखेर भेडाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसाले भेडाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ । त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेडाको केही वास्ता गर्दैन । म असल गोठालो हुँ, र म आफ्ना भेडाहरूलाई चिन्छु, मेरा भेडा हरूले मलाई चिन्छन् । जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेडाहरूको लागि आफ्नो प्राण अर्पण दिन्छु । मेरा अरू भेडा छन्, जो यस गोठका होइनन् । तिनीहरूलाई पनि मैले ल्याउनुपरको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ । पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरी फिर्ता लिने हेतुले अर्पण गर्छु । कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नो इच्छाले आफ्नो प्राण अर्पण गर्दछु । आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरी लिने अधिकार पनि मसित छ । यो आज्ञा मैले मेरा पिताबाट पाएको छु ।’’"

१०:११,१४ “म असल गोठालो हुँ’’ यो मसिह (इजकिएल ३४:२३; जकरिया ११; १ पत्रुस ५:४) र यहोवाको निम्ति (भजनसंग्रह २३:१; २८:९; ७७:२०; ७८:५२; ८०:१; ९५:७; १००:३; यशैया ४०:११; यर्मिया २३:१; ३१:१०; इजकिएल ३४:११-१६) पुरानो करारको शिर्षक थियो ।

त्यहाँ भएका दुईवटा ग्रीक परिवेशलाई ‘‘असल’’ भनेर अनुवाद गर्न सकिन्छः १) अगाथोस, जसलाई सामान्यतया यूहन्नाले चिजविजको रूपमा प्रयोग गर्छन्, र २) कालोस, जसलाई सेप्टुजिन्टमा खराबको विरुद्धमा असल भनेर बताइन्छ । नयाँ करारमा यसको अर्थ ‘‘सुन्दर,’’ ‘‘भद्र,’’ ‘‘नैतिक,’’ र योग्य भन्ने हुन्छ । यी दुईवटा परिवेशहरू लूका ८:१५ मा सँगसँगै प्रयोग गरिएका छन् । ८:१२ को टिपोटलाई हेर्नुहोस् ।

१०:११ ‘‘असल गोठालाले आफ्ना भेडाहरूको निम्ति आफ्नो प्राण अर्पण गर्छ’’ यसले येशू खीष्टको निम्ति भोगेको पापको प्रायश्चितको सट्टालाई बताउँदछ ( पदहरू ११,१५,१७,१८) । उहाँले पापी मानवजातिको निम्ति आफ्नो जीवनलाई स्वइच्छिक रूपमा अर्पण गर्नुभयो (यशैया ५२:१३-५३:१२; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) । केवल सत्य जीवन र प्रशस्त जीवन उहाँको मृत्युद्वारा मात्र आउँदछ ।

ब्रूस एम. मेट्जगरको ‘‘ग्रीक नयाँ करारको पाठगत समालोचना’’ भन्ने पुस्तकको यो पदमा चाखलाग्दो बुँदा आएको छः

‘‘जो कोहीको जीवनलाई दिनु’’ भन्ने प्रकटीकरणको सट्टा, जुनचाहिँ विषेशतापूर्ण रूपले यूहन्नाको हो (१०:१५,१७; १३:३७,३८; १५:१३; १ यूहन्ना ३:१६) । ‘कसैको जीवन दिनु’ भन्ने प्रकटीकरण (पि४५, !*, डि) मा विविध साक्षीहरूको सट्टामा, जुनचाहिँ यूहन्ना बाहेकका स ुसमाचारमा देखा पर्छन् (मत्ती २०:२८; मर्कूस १०:४५) ।

१०:१४ ‘‘म आफ्ना भेडाहरूलाई चिन्छु, मेरा भेडाहरूले मलाई चिन्छन्’’ यो ‘‘जान्नु’’ भन्ने शब्दको हिब्रू भावनामा हुन्छ (१:१० को विशेष शिर्षकलाई हेर्नुहोस्) । जसै पुत्रले पितालाई जान्नुहुन्छ, र पिताले पुत्रलाई जान्नुहुन्छ, त्यसै प्रकारले येशूले पनि तिनीहरूलाई जान्नुहुन्छ, जसले उहाँलाई भरोसा गर्छन्, र तिनीहरूले उहाँलाई चिन्दछन् । तिनीहरूले ‘‘देखेका’’ ‘‘सुनेका’’ (पद ४) र प्रतिक्रिया जनाएका छन् (१:१२; ३:१६) । खीष्टियन विश्वास भनेको व्यक्तिगत सम्बन्ध हो (१७:२०-२६) । .

जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु’’ यो यूहन्नामा पुन आएको विषय हो । येशूले पितासँगको घनिष्ट सम्बन्धपनमा कार्य गरेर बताउनुहुन्छ।

पदहरू १४-१५ मा आएको अनौठोलाग्दो समानताले पिता र पुत्रको घनिष्टतामा ल्याउँदछ, र पुत्रले उनलाई पछ्याउनेहरूको बीचको घनिष्टतालाई तुलना गर्छन् । यूहन्नाले ‘‘जान्नु’’ भन्ने हिब्रू भनाइलाई जोड दिन्छन्, जसै यो घनिष्ट सम्बन्धमा हुन्छ, र ज्ञानको वास्तविकतामा हुने होइन । येशूले पितालाई जान्नुहुन्छ, तिनीहरू जसले येशूलाई जानेको हुन्छ, परमेश्वरलाई जान्दछ !

१०:१६ ‘‘मेरा अरू भेडा छन्, जो यस गोठका होइनन्’’ यो यशैया ५६:६-८ मा दिइएको एउटा संकेत हो । यो परिवेशले यस्तो कुराको माग गरको देखिन्छ, कि यसले यिनीहरूलाई बताउँदछः १) सामरीहरू (४:१-४) वा २) अन्यजाति मण्डली (४:४३-५४) । यसले यी सबै जनाको एकतालाई बताउँदछ, जसले येशू खीष्टमा रहेको विश्वासलाई अभ्यास गर्छन् । नयाँ करारले यहूदीहरू र अन्यजातिहरूलाई एकतामा ल्याउँछ (एफिसी २:११-३:१३; १ कोरिन्थी १२:१३; गलाती ३:२८; कलस्सी ३:११) ! उत्पत्ति ३:१५ र ३:१६ लाई मिलाइएका छन् !

- “तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ’’ यस्तो लक्ष्य सधैँ परमेश्वरको भएको हुन्छ (उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६) । यो एकताको ईश्वरशास्त्रीय पक्षलाई एफिसी २:११-३:१३ र ४:१-६ मा छलफल गरिएको छ ।

१०:१७ ‘‘पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ’’ जसै पुत्रलाई उनको जीवन अर्पण गर्न जोड दिइएको थिएन, पितालाई पनि उहाँको पुत्र प्रदान गर्नको लागि जोड दिइएको थिएन । यसलाई यसरी व्याख्या गरिनु हुँदैन, कि परमेश्वरले येशू भन्ने मानिसलाई उहाँको आज्ञाकारीताको लागि इनाम दिनुभयो (कति चोटी यो झुटा शिक्षालाई अंगाल्नेवाद भनेर भनिन्छ ) ।

- "आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरी लिने अधिकार पनि मसित छ" यसले पुनरुत्थानलाई लागु गर्दछ । सामान्यतया यो नया करारमा पिता हुनुहुन्छ, जसले उहाँको बलिदानमा उहाँको पुत्रको स्वीकारलाई देखाउन -पद १८ख) पुत्रलाई उठाउनुहुन्छ । तर यहाँ येशू ख्रीष्ट आफैले पुनरुत्थानको शक्तिलाई बताउनुहुन्छ ।

यो वाक्यांशमा यस्तो कुरा देखाउनको लागि उत्तम मौका हुन्छ, जसलाई नयाँ करारले कतिचोटी परमेश्वरको तीनवटा व्यक्तित्वको छुटकारामा कार्य गरेर देखाइन्छ ।

१. पिता परमेश्वरले येशूलाई उठाउनुभयो (प्रेरित २:२४; ३:१५; ४:१०; ५:३०; १०:४०; १३:३०,३३,३४,३७; १७:३१; रोमी ६:४,९; १०:९; १ कोरिन्थी ६:१४; २ कोरिन्थी ४:१४; गलाती १:१; एफिसी १:२०; कलस्सी २:१२; १ थेसलोनिकी १:१०) ।
२. परमेश्वर पुत्रले आफैलाई उठाउनुभयो (यूहन्ना २:१९-२२; १०:१७-१८) ।
३. परमेश्वरको आत्माले येशूलाई उठाउनुभयो (रोमी ८:११) ।

१०:१८ "मसँग अधिकार छ" यो उही परिवेश १:१२ मा प्रयोग गरिएको छ । यसलाई "अधिकार," "कानुनी अधिकार," वा "शक्ति" भनेर अनुवाद गर्न सकिन्छ । यो पदले येशूको शक्ति र अधिकारलाई देखाउँदछ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १०:१९-२१)

यी वचनका कारणले फेरी यहूदीहरूमा मतभेद भयो । तिनीहरूमध्ये धेरैले भन्दथिए, "यसलाई भूत लागेको छ, र यो बौलाएको छ । तिमी हरू यसको कुरा किन सुन्छौं ?" अरूहरूले भन्दथिए, "भूत लागेको मानिसको कुरा यस्तो हुँदैन, "के भूतले अन्धाका आँखा खोल्न सक्दछ, र ?"

१०:१९ जसै त्यहाँ येशूको बारेमा ६:५२; ७:१२,२५,४३; ९:१६; १०:१९-२१; ११:३६-३७ मा विभाजित विचारहरू थिए, र यो विषयले यूहन्नाद्वारा निरन्तरता पायो । कोहीले सुसमाचारको रहस्यलाई प्राप्त गर्ने र अन्यहरूले इन्कार गर्दा भविष्यमा देखा पर्ने र मानवीय स्वतन्त्र चाहनाको बीचमा चिन्ता आयो ।

१०:२० "यसलाई भूत लागेको छ, र यो बौलाएको छ" यो येशूलाई दुईवटा फरक दृष्टिकोणको विरुद्धमा लगाइएको सामान्य दोष थियो ।

१. ७:२० मा जस्तै यो पदमा पनि यसलाई यसो भन्नको लागि प्रयोग गरिएको थियो, कि येशूको मानसिक बिरामीपन थियो
२. यो उही दोष फरिसीहरूले येशूको शक्तिको स्रोतलाई वर्णन गर्न लगाए (८:४८, ५२)

१०:२१ त्यहाँ पद २१ मा दुईवटा प्रश्नहरू छन्:

१. पद २१क मा ओउक छ, जसले "हो" भन्ने उत्तरको आशा राख्दछ
२. पद २१ख मा एम छ, जसले "होइन" भन्ने उत्तरको आशा राख्दछ

जेम्स हेवोटको ग्रीक नयाँ करारको पाना १७१ लाई हेर्नुहोस् । तरैपनि यो पदले कोइने ग्रीकका कति धेरै कठिन र छिटो नियमहरूलाई देखाउँछ भनेर जान्नुपर्छ । यो परिवेश व्याकरणीय स्वरुपमा हुँदैन, र अन्तिम निर्धारणमा हुन्छ ।

अन्धाहरूलाई चंगाइ गर्ने मसिहिय संकेत थियो (प्रस्थान ४:११; भजनसंग्रह १४६:८; यशैया २९:१८; ३५:५; ४२:७) । त्यहाँ एउटा भावना छ, जसले इस्राएलको अन्धोपन (यशैया ४२:१९) लाई यो अध्याय ९ मा देखाएको थियो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १०:२२-३०

यरूशलेममा मन्दिर समर्पणको चाड थियो । त्यो हिउँदको समय थियो । येशू मन्दिरभित्र सोलोमनको दलानमा टहलिरहनुभएको थियो । यहूदी हरूले उहाँको चारैपट्टी भेला भएर सोधे, "कहिलेसम्म तपाईं हामीलाई दोधारमा राख्नुहुन्छ, ? तपाईं ख्रीष्ट हुनुहुन्छ भने, हामीलाई स्पष्ट भनिदिनु होस् । येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मैले तिमीहरूलाई भनिसकेको छु, तर तिमीहरू विश्वास गर्दैनौं, मेरा पिताको नाउँमा जे काम म गर्दछु तिनैले मेरो गवाही दिन्छन्, तर तिमीहरू विश्वास गर्दैनौं, किनभने तिमीहरू मेरा भेडाहरूमध्येका होइनौ । "मेरा भेडाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन् । तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन । मेरा पिताले ती मलाई दिनुभएको छ, उहाँ सबैभन्दा महान् हुनुहुन्छ । पिताको हातबाट कसैले तिनीहरू लाई खोसी लानेछैनन् । पिता र म एक हौं ।"

१०:२२ "यरूशलेममा मन्दिर समर्पणको चाड थियो" यसलाई अहिलेको समयमा हनुखा भनेर चिनिन्छ । यो आठ दिनको चाड थियो, जुनचाहिँ डिसेम्बरको मध्यको वरिपरि पर्दथ्यो । यो चाडलाई मन्दिरको पुनः समर्पणको रूपमा यहूदा मकाबीले १६४ ई. पू. मा शैनिक विजय प्राप्त गरेपछि मनाइन्थ्यो । इपाफनिका एन्टिओकस चौथो सेलुसिडका अगुवा भएपछि यहूदीहरूलाई हेलेनवादी अभ्यासमा लान कोसिस गरे -दानिएल ८:९-१४) । उनले यरुशलेमको मन्दिरलाई मूर्तिपूजकको तिर्थस्थलमा परिवर्तन गरे, र त्यो पवित्र स्थानमा जियसको वेदीको स्थापना गरे । यहूदा मकाबी मोदिनका पूजाहारीका धेरैजना छोराहरूमध्ये एकजनाले यी सिरियाली महाप्रभुलाई हराए, र मन्दिरको पुनसमर्पण गरे १ मकाबी ४:३६-५९; २ मकाबी १:१८) ।

यूहन्नाले यहूदीहरूको चाडलाई येशूको निम्ति अवसरको रूपमा तिनीहरूको संकेतलाई यहूदी अगुवाहरू सामु आफैलाई प्रकट गर्न प्रयोग गरे, र तिनीहरू यरूशलेमका नागरिक थिए, र तिर्थयात्रामा जान लागेका भिड थिए (७-११ अध्यायहरू) ।

- "सोलोमनको दलान" यो महिलाहरूको दलानको पूर्वी क्षेत्र तर्फको छोपिएको स्थान थियो, जहाँ येशूले सिकाउनुभयो । यो ५८६ ई. पू. को बेबिलानीहरूको आक्रमणमा जिवित रहेको थियो भनेर योसेफसले भनेका थिए ।

१०:२३ "त्यो हिउँदको समय थियो" यो आँखाले प्रत्यक्ष देखेको साक्षीको सारांश हो ।

१०:२४ "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जुनचाहिँलाई लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक दृष्टिकोणबाट साँचो मानिलिइन्छ । त्यहाँ यो परिवेशमा थुप्रै पहिलो स्तरका शर्तात्मक वाक्यहरू छन् (पदहरू २४,३५,३७,३८) ।

पद २४ मा दिइएको यसको प्रयोगलाई कसरी यो संरचनामा साहित्यिक भावनमा प्रयोग गर्न सकिन्छ । ती फरिसीहरूले येशू मसिह हुनुहुन्थ्यो, भनेर विश्वास गर्न सकेनन्, र तिनीहरूले उहाँलाई पासो थापिरहेका थिए ।

- "हामीलाई स्पष्ट भनिदिनुहोस्" त्यहाँ यो पदमा छलफल गर्नुपर्ने थुप्रै चिजहरू छन् । पहिलो, येशूले दृष्टान्तहरूमा, साङ्केतिक भाषाहरूमा, र महत्वाकांक्षी दोहोरो भाषाहरूमा सिकाउनुभयो । यो मन्दिरमा रहेको भीडले उहाँलाई स्पष्टरूपमा प्रकट गर्न चाहेको थियो । ७:४ को फरासिया भन्नेलाई स्पष्टरूपमा हेर्नुहोस् ।

दोस्रो, येशूको समयका यहूदीहरूले मसिहलाई अवतरित ईश्वरत्वको रूपमा आशा गरेनन्, र येशूले विविध अवसरहरूमा उहाँको एकलपनलाई साङ्केतिक रूपमा प्रस्तुत गरको देखिन्थ्यो (८:५६-५९), तर यो परिवेशमा तिनीहरूले मसिहको बारेमा विशेषत सोधिरहेका थिए (व्यवस्था १८:१५, १९) । येशूले ६ अध्यायमा दिइएको जस्तै गर्नुभएको थियो । उहाँका कार्यहरूले पुरानो करारको अगमवाणीहरूलाई पूरा गर्छन्, विशेषगरेर अन्धाहरूलाई चंगाइ गर्ने कार्य थियो (अध्याय ९) । तिनीहरूसँग आवश्यक परेका सबै प्रमाणहरू थिए । समस्या यस्तो थियो, कि येशूले तिनीहरूको परम्परावादी सैनिक, राष्ट्रवादी र मसिहिय आशालाई मिलाउनु भएन ।

१०:२५ "मेरा पिताको नाउँमा जे काम म गर्दछु तिनैले मेरो गवाही दिन्छन्" येशूले यो कुरालाई बताउनुहुन्छ, कि उहाँको कार्यहरूले उहाँको दावीहरूलाई निश्चित गर्छन् (२:२३; ५:३६; १०:२५,३८; १४:११; १५:२४) ।

१०:२६ कस्तो झड्का लाग्ने भनाइ !

१०:२८ "तिनीहरूलाई म अनन्त जीवन दिन्छु" अनन्त जीवन गुण र संख्या दुवैमा चित्रित गरिएको हुन्छ । यो नयाँ युगको जीवन हो । यो अहिले येशू ख्रीष्टको विश्वासद्वारा प्राप्त गरिन्छ (३:३६; ११:२४-२६) ।

- "तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन" यो एओरिष्ट बीचको वस्तुगत दोहोरो नकारात्मकमा हुन्छ । यो कुनै पनि स्थानमा भएका नयाँ करारका विश्वासीहरूको स ुरक्षाका बलिया खण्डहरूचाहिँ हुन् (६:३९) । यो अति नै स्पष्ट छ, कि ती व्यक्तिचाहिँ जसले परमेश्वरको प्रेमबाट अलग गर्न सक्छन्, हामी आफै हौं (रोमी ८:३८-३९; गलाती ५:२-४) । निश्चयता (१ यूहन्ना ५:१३ को विशेष शिर्षकलाई हेर्नुहोस) लाई धैर्यतासँग सन्तुलित गरिनुपर्छ (८:३१ को विशेष शिर्षकलाई हेर्नुहोस्) । निश्चयता चरित्र र त्रिएक परमेश्वरको कार्यमा आधारित हुनुपर्छ ।

यूहन्नाको सुसमाचारले तिनीहरूलाई यस्ता कुराको निश्चयता दिँदछ, जसले तिनीहरूको विश्वासलाई निरन्तर रूपमा येशूमा राख्छन् । यसले सुरुको विश्वास र पश्चात्तापको निश्चयतालाई सुरु गर्छन्, र विश्वासको जीवनशैलीको विषयलाई उठाउँछन् । ईश्वरशास्त्रीय समस्या यो हो, कि जब यो व्यक्ति गत सम्बन्धलाई हामीमा भएको उत्पादनमा दुरुपयोग गरिन्छ ("एकचोटी बचाइएको, सधैंको लागि बचाइएको") । निरन्तर विश्वास साँचो मुक्तिको प्रमाण हो (हिब्रू, याकूब र यूहन्ना) ।

१०:२९

नासाब, एनकेजेभि "मेरो पिता, जसले तिनीहरूले मलाई दिएका छन्, जो तिनीहरू सबैभन्दा महान् हुनुहुन्छ"

एनआरएसभि "जे कुरा मेरा पिताले मलाई दिनुभएको छ, त्यो सबैभन्दा महान् हुन्छ"

टिइभि "जे कुरा मेरा पिताले मलाई दिनुभएको छ, ती सबै चिजभन्दा महान् छ"

एनजेबि "त्यो पिताले जे कुरा मेरो लागि दिनुभएको छ, जोकोहीभन्दा महान् हुनुहुन्छ"

प्रश्नचाहिँ यो छ, कि त्यो वाक्यांशको वस्तु के हुन्छ भने, "त्यो भन्दा महान्" हुन्छ: १) परमेश्वरका मानिसहरूले येशूलाई दिएका छन् (एनआरएसभि, टिइभि, वा २) परमेश्वर आफै -नासाब, एनकेजेभि, एनजेबि) । यो पदको दोस्रो भाग कोही व्यक्तिमा लागु हुन सक्छ, जसले येशूलाई पछ्याउनेहरूलाई खोस्न कोसिस गर्छन् । ईश्वरशास्त्रीय रूपमा दोस्रो विकल्प उत्तम भएको देखिन्छ । ६:३७ को निश्चयतालाई विशेष शिर्षकमा हेर्नुहोस् ।

यो विश्वासीहरूको निश्चयतामा अनौठो लाग्ने खण्ड हो, र पिताको शक्तिमा आधारित छन् ! सबै बाइबलीय सत्यताजस्तै, विश्वासीहरूको सुरक्षा करारीय नमुनामा चिन्ताले भरिएका हुन्छन् । मुक्तिमा विश्वासीहरूको आशा र निश्चयता त्रियक परमेश्वरको चरित्र, उहाँको कृपा र अनुग्रहमा हुन्छ । तरैपनि, विश्वासीहरू विश्वासमा निरन्तर रहनुपर्छ । मुक्ति स ुरुको पश्चात्ताप र विश्वासको आत्माले अगुवाइ गरेको निर्णयमा सुरु हुन्छ । यसको विषयलाई निरन्तर हुने पश्चात्ताप, विश्वास, आज्ञाकारिता र धैर्यतामा गर्नुपर्छ । मुक्तिचाहिँ उत्पादन होइन (जस्तैः जीवनबिमा, स्वर्गजाने टिकट), तर येशू ख्रीष्टद्वारा व्यक्तिगत सम्बन्धमा निरन्तर बढ्नुपर्छ ।

परमेश्वरसँग हुने ठीक सम्बन्धको प्रमाणको निष्कर्षमा, विश्वास र सेवामा परिवर्तित भइरहने जीवनमा परिवर्तन हुन्छ (मत्ती ७ अध्याय) । त्यहाँ शारीरिक ख्रीष्टियनको निम्ति थोरैमात्र बाइबलीय प्रमाण छ (१ कोरिन्थी २-३ अध्याय) । अहिलेको मान्यता ख्रीष्टजस्तैपनमा हुन्छ, हामी मरेपछि स्वर्ग जाने कुरामा हुने होइन । तिनहरू जो बढीरहेका, सेवा दिइरहेका र पापसँग संघर्ष गरिरहेका छन्, तिनीहरूलाई बाइबलीय निश्चयता र सुरक्षाको अभाव हुन्छ । तर त्यहाँ स्रोतबिनाको फल हुँदैन । मुक्तिचाहिँ अनुग्रहद्वारा मात्रै, विश्वासद्वारामात्रै पाइन्छ, तर साँचो मुक्तिमा "असल कार्य" हरूको विषय बन्नेछ (एफिसी २:१०; याकूब २:१४-२६) ।

१०:३०-३३ "पिता र म एक हौं" यहूदीहरूले फेरी उहाँलाई ढुंगाले हान्नको लागि ढुंगाहरू टिपे । यो येशूको मसिहियपन र ईश्वरत्वको बलियो भनाइमध्ये एउटा हो (१:१-१४; ८:५८; १४:८-१०, विशेषगरेर १७:२१-२६, जसले "एक" भन्ने शब्दलाई प्रयोग गर्छन्) । यहूदीहरूले पूर्णरूपमा उहाँले भन्नुभएको कुरालाई बुझे, र यसलाई झुटो निन्दाको रूपमा गणना गरे (पद ३३; ८:५९) । तिनीहरूले लेवी १४:१६ लाई आधारित बनाएर उहाँलाई ढुंगाले हान्न गइरहेका थिए ।

येशू ख्रीष्टको व्यक्तित्वमाथि आएको सुरुको विवादास्पद कुरा (जस्तैः एरियस, त्यो पहिलो बम र अथानासियस, पूर्ण ईश्वर) हरू पद ३० र १४:९ लाई कहिलेकाहीं अथानासियसले प्रयोग गरेका थिए (बाइबलको क्याम्ब्रीजको इतिहासको इकाई १, पाना ४४४ लाई हेर्नुहोस्) । एरियनबादको निम्ति शब्दावली लाई हेर्नुहोस् ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १०:३१-३९**
यहूदीहरूले उहाँलाई हानौं भनी फेरी ढुङ्गा उठाए । येशूले तिनीहरूलाई भन्नुभयो, "मैले तिमीहरूलाई मेरा पिताबाट धेरै असल काम देखाएँ, तीमध्ये कुन कामको निम्ति तिमीहरू मलाई ढुङ्गाले हान्न चाहन्छौ ।" यहूदीहरूले उहाँलाई जवाफ दिए, "असल कामको लागि हामी तिमीलाई ढुङ्गाले हान्दैनौं, तर ईश्वर-निन्दा गरेको कारणले, किनकि तिमी मानिस भएर आफैलाई परमेश्वर तुल्याउँछौ ।" येशूले तिनीहरूलाई जवाफ दिनु भयो, "के तिमीहरूको व्यवस्थामा यसो लेखिएको छैन, मैले भने, तिमीहरू देवहरू हौ ? यदि जसकहाँ परमेश्वरको वचन आयो, तिनीहरू देवहरू कहलाइन्छन् भने (धर्मशास्त्र भङ्ग हुन सक्दैन), पिताले पवित्र तुल्याएर संसारमा पठाउनुभएको व्यक्तिले 'म परमेश्वरका पुत्र हुँ' भन्दा कसरी ईश्वर-निन्दा हुन्छ । यदि मैले मेरा पिताका काम गरेको छैन भने, ममाथि विश्वास नगर । तर यदि म पिताका काम गर्दछु, र पनि तिमीहरू ममाथि विश्वास गर्दैनौ भने, यी कामहरूमाथि विश्वास गर, र तिमीहरूले थाहा पाउन सक्नेछौ, र बुझ्नेछौ, कि पिता ममा हुनुहुन्छ, र म पितामा छु ।" तिनीहरूले फेरी उहाँलाई पक्रन खोजे, तर उहाँ तिनीहरूका हातबाट उम्कनुभयो ।

१०:३१ यो पदले पद ३० को येशूको भनाइलाई सम्बन्ध राख्दछ । येशूले यो रब्बीहरूको बादविवादलाई अति नै अमिल्दो तिनीहरूमा दोष लगाएर जवाफ दिनुहुन्छ । सामान्यतया यो इलोहिमको शब्दको लागु हुन्छ, जुनचाहिँ परमेश्वर भन्ने पुरानो करारको परिवेशमा हुन्छ -उत्पत्ति १ अध्याय), तर यसको स्वरुपमा वहुवचन हुन्छ, र कतिचोटी दुवैलाई स्वर्गदूत र मानवीय अगुवाहरू (न्ययाकर्ताहरू) मा प्रयोग गरिन्छ । ६:२० को ईश्वरका नाउँहरूमा विशेष शिर्षकलाई हेर्नुहोस् ।

१०:३२ असल गोठाला (कालोस) ले पिताबाट आएका असल कार्य (कालोस) हरू गर्दछन् ।

१०:३३ "तर ईश्वर-निन्दा गरेको कारणले" येशूलाई यो कुरा थाहा थियो, कि तिनीहरूले पितासँग हुने एकलपनालाई उहाँको दावीमा ठीक प्रकारले बुझे ।

१०:३४ "के तिमीहरूको व्यवस्थामा यसो लेखिएको छैन" येशूले भजनसंग्रहबाट बताउनुभएको छ, तर यसलाई "व्यवस्था" भनेर भन्नुहुन्छ (जस्तैः तोराह को अर्थ शिक्षा हो, १२:३४; १५:२५; रोमी ३:९-१९) । सामान्यतया व्यवस्था भन्ने परिवेशले उत्पत्ति देखि व्यवस्थासम्मका मोशा (तोराह) का लेखहरूलाई बताउँदछ । यसले सम्पूर्ण पुरानो करारको परिवेशलाई छोप्न वृहत प्रयोगमा देखाउँदछ ।

- "तिमीहरू देवहरू हौ" येशूले भजनसंग्रह ८२:६ को भनाइलाई प्रयोग गर्नुभयो । यसले मानवीय न्यायकर्ताहरूलाई बताउन एलोहिमको प्रयोग गऱ्यो (एलोहिमको विशेष शिर्षकलाई ६:२० मा हेर्नुहोस्) । यी न्यायकर्ता (कमजोर भए तापनि) हरू "अति उच्चमा रहनेका पुत्रहरू" भनेर भनियो । यी यहूदीहरू ले येशूलाई आक्रमण गरे, यद्यपि उहाँ मानिस हुनुहुन्थ्यो, तर उहाँले यस्तो भएको दावी गर्नुभयोः १) परमेश्वरका पुत्र, र २) परमेश्वरमा रहनेचाहिँ । तरैपनि अन्य मानिसहरूले "देवताहरू" भनेर बोलाए -प्रस्थान ४:१६; ७:१; २२:८-९; भजनसंग्रह ८२:६; १३८:१) ।

येशूको रब्बीहरूको वादविवादले यो रेखालाई पछ्याउन खोजेको देखिन्छः त्यसकारण, मानिसहरूलाई एलोहिम भनेर भनियो, किन तिमीहरूले मलाई ईश्वर निन्दा गर्ने भनेर भन्छौ, र मलाई परमेश्वरका पुत्र हौ भनेर पनि बताउँछौ ? हिब्रूमा एलोहिम भन्ने परिवेश बहुवचनमा छ, तर एकवचनमा अनुवाद गरिएको छ, र पुरानो करारको ईश्वरलाई बताउँदा एकवचनको क्रिया प्रयोग गरिन्छ । ईश्वरको नाउँको निम्ति ६:२० को विशेष शिर्षकलाई हेर्नुहोस् । यो यूहन्नाको शब्दको संचालनमा एक प्रकारको हुन सक्छः १) एउटा परिवेश जसको दुईवटा संकेतहरू छन्, र २) एउटा ग्रीक प्रश्न जसले "हो" भन्ने उत्तरको आशा राख्दछ ।

१०:३५ "(धर्मशास्त्र भङ्ग हुन सक्दैन)" कतिचोटी यूहन्नाले येशूको भनाइलाई टिप्पणी गर्छन् । यो कुरा पनि अनिश्चित छ, कि चाहे यो येशूको वा यूहन्नाको भनाइ होस् । तरैपनि, दुवै समान रूपमा उत्प्रेरित भएकाले, यसले कुनै मुल्य राख्दैन । भनाइको प्यासमा बाइबलको विश्वासयोग्यपन हुन्छ । येशू र उहाँका चेलाहरूले पुरानो करारलाई हेरे, र यसलाई परमेश्वरकै वचनको रूपमा तिनीहरूले व्याख्या गरे -मत्ती ५:१७-१९; १ कोरिन्थी २:९-१३; १ थेसलोनिकी २:१३; २ तिमोथी ३:१६; १ पत्रुस २:२३-२५; २ पत्रुस १:२०-२१; ३:१५-१६) ।

विशप एच. सि. जि. मौलले विशप मौलको जीवनमा यसो भन्दछन्,

"उहाँ (ख्रीष्ट) ले बाइबलमा पूर्ण रूपमा भरोसा गर्नुभयो, र यद्यपि त्यहाँ यी चिजहरू छन् भने तापनि यिनीहरू व्याख्या गर्न नसकिने, र जटिल छन्, जसले यति धेरै अचम्मित पारेका छन्, कि म अन्धोपनको भावनामा गइरहेको छैन, तर उहाँको कारणले गर्दा त्यो पुस्तकमा भरोसा गर्ने आदर हुन्छ।"

१०:३६ यो पदमा येशूले यो कुराको दावी गर्नुहुन्छ, कि पिताले उहाँलाई छान्नुभयो (वा "पवित्र वा शुद्ध बनाइएको"), र उहाँ (मसिहको रूपमा) पठाउनुभयो। तब उहाँलाई पक्का गरेर "परमेश्वरका पुत्र" भन्ने अधिकार हुन्छ । जसै इस्राएलका न्यायकर्ताहरू परमेश्वरको प्रतिनिधि बने -भजनसंग्रह ८२:६), उहाँले कार्य र वचनमा पिताको प्रतिनिधि गर्नुहुन्छ । ५:२४ को पठाइएको -अपोस्टेलेक) भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

१०:३७ यो पदहरू १९-२१ ले भनिरहेका कुराहरू जस्तै नै हुन् । येशूको आश्चर्यकर्मले परमेश्वरको क्रियाकलापलाई देखाउँदछ ।

१०:३७-३८ "यदि... यदि" यिनीहरू पहिलो तहका शर्तात्मक वाक्यहरू हुन् । येशूले पिताको कार्यहरू गर्नुभयो । यदि यसो हो भने, तब तिनीहरूले उहाँमा विश्वास गर्नुपर्छ, र उहाँ र पिता एक हुनुहुन्छ भन्ने कुरामा पक्का बन्नुपर्छ (पदहरू ३०,३८) । १ यूहन्ना २:१० मा दिइएको रहनु भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

१०:३९ यो धेरैमध्ये एउटा समयमा हुन्छ, कि येशूले उहाँलाई चोट पुऱ्याउन खोज्नेहरूलाई छल गर्नुभयो (लूका ४:२९-३०; यूहन्ना ८:५९) । यी भाग्ने कार्यहरू यसरी भएको हो भन्ने कारणमा अनिश्चित छन्ः १) एउटा आश्चर्यकर्मको घटना वा २) येशूको सबैजनासँग हुने शारीरिक उस्तैपना, जसले उहाँलाई भीडमा पस्नको लागि अनुमति दियो ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १०:४०-४२**
अनि उहाँ फेरी यर्दन पारी त्यस ठाउँमा जानुभयो, जहाँ यूहन्नाले पहिले बप्तिस्मा दिने गर्थे, र उहाँ त्यहाँ बस्नुभयो । धेरै मानिसहरू उहाँकहाँ आउन लागे र तिनीहरूले भने, "यूहन्नाले कुनै चिन्हहरू गरेनन्, तर यूहन्नाले यिनको विषयमा जे-जति भनेका थिए, त्यो सत्य रहेछ । अनि त्यहाँ धेरैले उहाँमाथि विश्वास गरे ।

१०:४० यसले यरीहो भन्दा पारिपट्टीको यर्दनको इलाकालाई बताउँदछ, र यो बेथानीको नजिकैको सहरमा पर्दछ ।

१०:४१ फेरी यूहन्नाले येशूको बारेमा बप्तिस्मा दिने यूहन्नाको कुरालाई निश्चित गर्दछन् (१:६-८,१९-४२; ३:२२-३०; ५:३३) ! यसलाई प्रभावहिन पारेको हुन सक्छ, र केही झुटा शिक्षाहरू बप्तिस्मा दिने यूहन्नाको वरिपरि विकास भएका थिए ।

१०:४२ जसै यहूदी अगुवाहरूले येशूलाई इन्कार गरे, त्यसै प्रकारले धेरैजना सामान्य मानिसहरू (त्यस राष्ट्रका मानिसहरू) ले उहाँको विश्वासमा प्रतिक्रिया जनाए (२:२३; ७:३१; ८:३०) । २:२३ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफै बाइबलको व्याख्याको लागि जिम्मेवार हुनुहुन्छ भन्ने हुन्छ । हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन ।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो खण्डको मुख्य विषयलाई सोच्नलाई सहायता पुऱ्याउँदछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चित हुँदैनन् ।

१. किन यूहन्नाले उनको अलंकारलाई यति धेरै चोटि मिसाएका छन् (उदाहरण: "येशू भेडा गोठ र असल गोठाला दुवैको ढोका हुनुहुन्छ")
२. यूहन्ना १० अध्यायको पुरानो करारको पृष्टभूमि के हुन्छ ?
३. "येशूले उहाँको जीवनलाई छोडिदिनु" भन्नेमा के महत्वपूर्ण कुरा हुन्छ ?
४. किन यहूदीहरूले येशूलाई भूत लागेको छ भनेर निरन्तर रूपमा दोष लगाइरहे ?
५. किन येशूका कार्यहरू त्यति धेरै मुल्यका थिए ?
६. कसरी हामीले "विश्वासीहरूको सुरक्षा" लाई "सन्तहरूको धैर्यता" सँग सम्बन्धित बनाउँदछौं ?

# यूहन्ना ११ अध्याय
## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| लाजरसको मृत्यु | लाजरसको मृत्यु | लाजरसलाई उठाइएको | लाजरसको मृत्यु | लाजरसको पुनरुत्थान |
| ११:१-१६ | ११:१-१६ | ११:१-६ | ११:१-४ | ११:१-४ |
| | | | ११:५-७ | ११:५-१० |
| | | ११:७-१६ | | |
| | | | ११:८ | |
| | | | ११:९-११ | |
| | | | | ११:११-१६ |
| | | | ११:१२ | |
| | | | ११:१३-१५ | |
| | | | ११:१६ | |
| येशू पुनरुत्थान र जीवन | म जीवन र पुनरुत्थान हुँ | | येशू पुनरुत्थान र जीवन | |
| ११:१७-२७ | ११:१७-२७ | ११:१७-२७ | ११:१७-१९ | ११:१७-२७ |
| | | | ११:२०-२२ | |
| | | | ११:१२३ | |
| | | | ११:२४ | |
| | | | ११:२५-२६ | |
| | | | ११:२७ | |
| येशू रूनुभएको | येशू र मृत्यु, अन्तिम शत्रु | | येशू रूनुभएको | |
| ११:२८-३७ | ११:२८-३७ | ११:२८-३७ | ११:२८-३१ | ११:२८-३१ |
| | | | ११:३२ | ११:३२-४२ |
| | | | ११:३३-३४क | |
| | | | ११:३४ख | |
| | | | ११:३५-३६ | |
| | | | ११:३७ | |
| लाजरसलाई जीवनमा ल्याइएको | लाजरस मृत्युबाट बौरी उठाइएका | | लाजरसलाई जीवनमा ल्याइएको | |
| ११:३८-४४ | ११:३८-४४ | ११:३८-४४ | ११:३८-३९क | |
| | | | ११:३९ख | |
| | | | ११:४०-४४ | |
| | | | | ११:४३-४४ |

| | | | | |
|---|---|---|---|---|
| येशूलाई मार्ने योजना | येशूलाई मार्ने योजना | | येशूको विरुद्धमा योजना | यहूदी अगुवाहरूले येशूको मृत्युको बारेमा निर्णय गरेका |
| ११:४५-५३ | ११:४५-५७ | ११:४५-५३ | ११:४५-४८ | ११:४५-५४ |
| | | | ११:४९-५२ | |
| | | | ११:५३-५४ | |
| 11:54 | | ११:५४ | | निस्तार चाड नजिक आइपुगेको |
| ११:५५-५७ | | ११:५५-५७ | ११:५५-५७ | ११:५५-५७ |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको भावनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईं आफै बाइबलको व्याख्याको लागि जिम्मेवार हुनुहुन्छ भन्ने हुन्छ। हामी प्रत्येक जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकारसँग छोड्नु हुँदैन।

एकै बसाइमा पाठलाई पढ्नुहोस्। विषयहरूको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचवटा अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेदहरू उत्प्रेरित भएका हुँदैनन, तर यसमा सुरुका लेखकको भावनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एउटा र एउटामात्रै विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## ईश्वरशास्त्रीय सारांश

अध्याय ११ को ईश्वरशास्त्रीय महत्व यस्तो हुन्छः
१. येशूको शक्ति र अधिकारको प्रदर्शनलाई निरन्तरता दिने
२. येशूको मृत्यु परमेश्वरको योजनामा हुन्छ, र येशू महिमित हुनको निम्ति एउटा मौका प्रदान गरिन्छ -९:३)
३. येशूसँग भएको मार्थाको कुराकानीले उनलाई ठूलो पश्चात्ताप गर्ने मौका प्रदान गर्दछ, र येशू आफैको पछिको प्रकाश हुन्छ (जस्तैः उहाँ पुनरुत्थान र जीवन हुनुभएको, पद २५)।
४. येशूले अहिले नै अनन्त जीवन दिनुहुन्छ (महसुस गरिएको भविष्य सम्बन्धी)। यसले लाजरसलाई उठाउने बारेमा संकेत गर्दछ। येशूको मृत्युमा पनि नियन्त्रण थियो !
५. यो शक्तिशाली आश्चर्यकर्मको सामना गर्नु परे तापनि, अविश्वासले निरन्तरता पायो -जस्तैः क्षमा नगरिएको पाप, ५:२१ को विशेष शिर्षकलाई हेर्नुहोस्।

## शब्द र वाक्यांशको अध्ययन

### नासाब (अत्याधुनिक बनाइएको) पाठ ११:१-१६

लाजरस नामको एकजना मानिस बिरामी भएका थिए। तिनी मरियम र उनकी दिदी मार्थाको गाउँ बेथानियाका थिए। प्रभुलाई अत्तर लाइ दिएर उहाँका पाउ आफ्नो कपालले पुछिदिने मरियम यी नै थिइन। यिनकै भाई लाजरस बिरामी थिए। यी दुई दिदीहरूले येशूकहाँ यसो भनी समाचार पठाए, "प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी छन्।" तर यो सुनेर येशूले भन्नुभयो, यस बिरामीले मृत्युमा पुर्‍याउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस्।" येशूले मार्था, तिनकी बहिनी, र लाजरसलाई माया गर्नुभयो, तापनि लाजरस बिरामी छन् भन्ने सुनेर उहाँ जहाँ हुनुहुन्थ्यो, अझै दुई दिन त्यही बस्नुभयो। त्यसपछि उहाँले चेलाहरूलाई भन्नुभयो, "लौं अब हामी फेरी यहूदिया फर्केर जाऔं।" चेलाहरूले उहाँलाई भने, "रब्बी भर्खरै मात्र यहूदीहरूले तपाईंलाई ढुङ्गाले हान्न खोजेथे, र के फेरी तपाईं त्यहीँ जानुहुन्छ ?" येशूले जवाफ दिनुभयो, के दिनमा १२ घण्टा हुँदैनन् र ? दिनमा हिँड्डुल गर्नेलाई ठेस लाग्दैन, किनभने तिनले यस संसारको ज्योति देख्दछन्, तर राती हिँड्डुल गर्नेलाई ठेस लाग्छ किनभने त्यस मान्छेमा उज्यालो हुँदैन।" त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।" चेलाहरूले उहाँलाई भने, "प्रभु तिनी निद्रामा परेका छन् भने

निको हुनेछन् ।'' येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर तिनीहरूले चाहिँ स्वभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने । येशूले तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, लाजरस मरेका छन्, तिमीहरूले विश्वास गर भनेर तिमीहरूका खातिर म त्यहाँ नभएकोमा खुशी छु । जे भए तापनि हामी तिनीकहाँ जाऔं ।'' तब दिदुमस भनिने थोमाले आफ्ना सङ्गी चेलाहरूलाई भने, ''लौं हामी पनि जाऔं, र उहाँसँगै मरौं ।''

११:१ ''लाजरस नामको एकजना मानिस बिरामी भएका थिए'' यो असिद्ध काल हो । यसले यो कुरालाई लागु गर्दछ, कि उनी धेरै लामो समयदेखि बिरामी भएका थिए । तरैपनि, असिद्ध कालमा ''बिरामी पर्न लागे'' भनेर व्याख्या गर्न सकिन्छ ।

- ''लाजरस'' यो हिब्रू नाउँ ''एलिआजर'' हो, जसको अर्थ ''परमेश्वरले सहायता गर्नुहुन्छ'' वा ''परमेश्वर सहयोगी हुनुहुन्छ'' भन्ने हो । यूहन्नाले यो कुरा मानिलिन्छन्, कि पाठकलाई थाहा भएको येशूको मित्रता मरियम, मार्था, र लाजरससँग थियो (लूका १०:३८-४२, जुनचाहिँ तिनीहरूलाई भनेर यूहन्ना बाहेकका अन्य सुसमाचारमा बताइएको छ) ।

- ''बेथानी'' यो १:२८ र १०:४० मा बताइएको बेथानी भन्दा भिन्नै स्थानमा रहेको छ, जुनचाहिँ यर्दन नदीको यरिहोको नजिकै छ । यो बेथानी यरूशलेम को दक्षिण-पूर्वको जैतुन पहाडको त्यही स्थानमा करिब २ माइल टाढा छ । यो येशूको यरूशलेममा रहँदाखेरि मनपर्ने बासस्थान थियो।

- ''मरियम'' यो हिब्रू नाउँको ''मिरियम'' हो ।

- ''मार्था'' यो ''मालिक्नी'' को निम्ति आरमाइक परिवेश हो । यो अति असामान्य छ, कि मार्था जेठीचाहिँ, पहिला उल्लेख गरिएको छैन, जसले लूका १०:३८-४२ लाई सम्बन्धित गर्न सकिन्छ ।

११:२ ''प्रभुलाई अत्तर लाइदिएर उहाँका पाउ आफ्नो कपालले पुछिदिने मरियम यी नै थिइन'' पद २ यूहन्नाले थपेको अर्को सम्पादकीय कुरा हो -जस्तैः टिइभि, एनइटि) । यो मरियमको ध्यानको गणना मत्ती (२६:६-१३) र मर्कूस (१४:३-९) दुवैमा समानान्तर छन् । लूका ७:३६-४० मा बताइएकी ती स्त्रीको उस्तै अभिषेकमा ती फरक स्त्री हुन् ।

यो पदले एउटा घटनालाई वर्णन गर्दछ, कि जुनचाहिँ अझैपनि यो सुसमाचारमा बताइएको छैन । यसलाई १२ अध्यायमा लेखिएको छ । धेरैले यो मान्यतालाई लागु गर्ने कुरालाई यस्तो बताउँदछन्, कि यूहन्नाले यो परिवारको बारेमा अन्य स्रोतबाट पाठकले जान्ने आशा राखेका थिए ।

## विशेष शिर्षकः बाइबलमा अभिषेक गरिएको (बिडिबि ६०३)

क. सुन्दरताको निम्ति प्रयोग गरिएको (व्यवस्था २८:४०; रूथ ३:३; २ शमूएल १२:२०; १४:२; २ कोरिन्थी २८:१५; दानिएल १०:३; आमोस ६:६; मीका ६:१५)
ख. पाहुनाहरूको निम्ति प्रयोग गरिएको (भजनसंग्रह २३:५; लूका ७:३८,४६; यूहन्ना ११:२
ग. चंगाइको निम्ति प्रयोग गरिएको (यशैया ६१:१; यर्मिया ५१:८; मर्कूस ६:१३; लूका १०:३४; याकूब ५:१४) (इजकिएल १६:९ मा स्वस्थ प्रयोग)
घ. गाड्नको निम्ति तयारीको लागि प्रयोग गरिएको (उत्पत्ति ५०:२; २ कोरिन्थी १६:१४; मर्कूस १६:१; १२:३,७; १९:३९-४०)
ङ. धार्मिक भावनामा प्रयोग गरिएको -वस्तुको निम्ति, उत्पत्ति २८:१८; ३१:१३ (एउटा खम्बा); प्रस्थान २९:३६ (वेदी); प्रस्थान ३०:२६; ४०:९-१६; लेवी ८:१०-१३; गन्ती ७:१ (छाप्रो बास)
च. अगुवाहरूको नियुक्तिको लागि प्रयोग गरिएको
  १. पूजाहारीहरू
    क. हारुन (प्रस्थान २८:४१; २९:७; ३०:३०)
    ख. हारुनका छोराहरू (प्रस्थान ४०:१५; लेवी ७:३६)
    ग. स्तरीय वाक्यांश वा शिर्षक -गन्ती ३:३; लेवी १६:३२)
  २. राजाहरू
    क. परमेश्वरद्वारा (१ शमूएल २:१०; २ शमूएल २:७; २ राजा ९:३,६,१२; भजनसंग्रह ४५:७; ८९:२०
    ख. अगमवक्ताहरूद्वारा (१ शमूएल ९:१६; १०:१; १५:१,१७; १६:३, १२-१३; १ राजा १:४५; १९:१५-१६)
    ग. पूजाहारीहरूद्वारा (१ राजा १:३४,३९; २ राजा ११:१२)
    घ. एल्डरहरूद्वारा (न्यायकर्ता ९:८,१५; २ शमूएल २:७; ५:३; २ राजा २३:३०)
    ङ. येशू मसिहिय राजाको रूपमा (भजनसंग्रह २:२; लूका ४:१८ (यशैया ६१:१); प्रेरित ४:२७; १०:३८; हिब्रू १:९ (भजनसंग्रह ४५:७)
    च. येशूलाई पछ्याउनेहरू (२ कोरिन्थी १:२१; १ यूहन्ना २:२०,२७ (करिस्मा)
  ३. सम्भवत् अगमवक्ताहरू (यशैया ६१:१)
  ४. अलौकिक प्राप्तिको अविश्वासयोग्य साधनहरू
    क. साइरस (यशैया ४५:१)
    ख. टायरका राजाहरू (इजकिएल २८:१४, जहाँ उनले यडोमको अलंकारलाई प्रयोग गर्छन)
  ५. परिवेश वा शिर्षक ''मसिह'' को अर्थ ''एकजना अभिषेक गरिएको'' (बिडिबि ६०३)

११:३ “यी दुई दिदीहरूले येशूकहाँ यसो भनी समाचार पठाए” तिनीहरूले येशूलाई सन्देश पठाए, जो जोर्डनको पारिपट्टी प्रेरियामा हुनुहुन्थ्यो।

- “प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी छन्” यसले येशूको यो परिवारमा अनौठो सम्बन्ध भएको कुरालाई देखाउँदछ । यो ग्रीक परिवेश फिलियो हो, तरैपनि, कोइने ग्रीकमा यो फिलियो र अगापे भन्ने परिवेश एक-अर्कामा परिवर्तनशील छन् (पद ५; ३:३५; ५:२०) ।

११:४ “यस बिरामीले मृत्युमा पुर्‍याउँदैन, तर यो परमेश्‍वरको महिमाको निम्ति हो” यसले यो कुरालाई लागु गर्दछ, कि येशूलाई लाजरस बिरामी भएको कुरा थाहा थियो । उहाँले उनलाई मर्ने अनुमति दिनुभयो, ताकि पिताले उहाँद्वारा मृत्युबाट उठाएर शक्ति देखाउनुहुन्थ्यो । कहिलेकाही बिरामीपन र पीडा परमेश्‍वरको चाहनामा भर पर्छन् (९:३; अयूबको पुस्तक; २ कोरिन्थी २:७-१०) ।

- “यो परमेश्‍वरको महिमाको निम्ति हो” येशूका कार्यहरूले “परमेश्‍वरको महिमा” लाई प्रकट गर्छन् । १:१४ को टिपोटलाई हेर्नुहोस् ।

- “ताकि यसद्वारा परमेश्‍वरका पुत्रको महिमा होस्” “परमेश्‍वर” भन्ने वाक्यांश प्राचिन ग्रीकको पप्यारी हस्तलेखन पि४५ वा पि ६६ मा छैन । त्यो बिरामी पनले पिता र पुत्र दुवैलाई महिमा ल्याउनेछ । यस्तो मिलापमा येशूको महिमा जो कोहीले आशा गरेको भन्दा धेरै नै फरक हुन्छ । यूहन्नाको सुसमाचारभरि नै यो परिवेशले येशूको क्रूसको मृत्यु र उहाँको महिमालाई बताउँदछ । लाजरसको होसमा ल्याउने कामले यहूदी अगुवापनमा येशूको मृत्युलाई बोलाउने कारक बन्नेछ ।

११:५ यूहन्नाद्वारा दिइएको अर्को सम्पादकीय टिप्पणी (पद ३६) ।

११:६ “उहाँ जहाँ हुनुहुन्थ्यो, अझै दुई दिन त्यही बस्नुभयो” येशूले लाजरस नमरेसम्म ढिलाइ गर्नुभयो । येशू मनपर्ने कुरामा खेल्नुभएन । त्यहाँ यो बिरामी पनमा अलौकिक उद्देश्य थियो (पदहरू १५; ९:३) ।

११:७ “त्यसपछि उहाँले चेलाहरूलाई भन्नुभयो, “लौं अब हामी फेरी यहूदिया फर्केर जाऔं ।” त्यसपछि आउने छलफलले यस्तो कुरा देखाउँदछ, कि यहूदी हरूले येशूलाई ढुङ्गा हान्न चाहेको कुरामा चेलाहरूले राम्ररी बुझेका थिए -पद ८; ८:५४; १०:३१,३९) । चेलाहरूले विश्‍वास र डर दुवै मिसिएको अनौठोपन देखाए (पद १६) । कतिचोटी थोमालाई शंकापूर्ण चेलाको रूपमा विचार गरियो, तर यहाँ उनी येशू ख्रीष्टसँगै मर्न इच्छुक थिए (पद १६) ।

नयाँ करारको ट्रान्सलाइन भन्ने (पाना ३४५ #४३) मा एउटा असल अवलोकन यस्तो गरिन्छ, कि पद ७ को “हामी जाऔं” भन्नेलाई पद ११ को “तर म जान्छु” सँग परिस्कृत गरिएको छ । चेलाहरूले डराएर शंका गरेका थिए, तर येशू निश्‍चित हुनुहुन्थ्यो । यहाँ थोमा येशूसँगै आएर पद १६ (हामी जाऔं) मा बसेका छन् !

११:९-१० यो पछाडिको अध्याय ८:१२ र ९:४५ (१२:३५) लाई जोड्ने उपाय हुन सक्छ । पद ९क ले “हो” भन्ने उत्तरको आशा राख्दछ ।

त्यहाँ परमेश्‍वरको चाहना (जस्तैः येशूको) लाई पछ्याउने र नपछ्याउनेहरू (पद १०, यहूदीहरू) को बीचमा स्पष्ट विपरितता हुन्छ । येशूले जहाँ उहाँ लाई परमेश्‍वरले डोर्‍याउनुहुन्छ, त्यहाँ जानलाई गल्ती गर्नुहुन्न, किनकि उहाँ संसारको ज्योति हुनुहुन्छ !

यो ज्योति र अन्धकार बीचको बिपरित कुराले यहूदी ज्ञानको साहित्य र कुमरानका लेखहरूमा विशेषता रहन्छ -जस्तै, “ज्योतिका छोराहरूको विरुद्धमा अन्धकारका छोराहरूको मुद्दा” वा “ज्योतिका छोराहरूको विरुद्धमा अन्धकारका छोराहरूको लडाइँ”)

- “यदि...यदि” यी दुवै तेस्रो तहका शर्तात्मक वाक्यहरू हुन्, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।

११:११ “हाम्रा मित्र लाजरस निद्रामा परेका छन्” यो क्रिया सिद्ध सक्रिय सूचक हो । ती चेलाहरूले येशूलाई कतिचोटी गलत तरिकाले बुझे, किनकि तिनीहरूले उहाँलाई अति शाब्दिक अर्थमा लिए (पद १३) । येशूले यो रुपकलाई यसको पुरानो करारको प्रयोगको मृत्युलाई देखाउनको निम्ति प्रयोग गर्नु हुन्छ (व्यवस्था ३१:१६; २ शमूएल ७:१२; १ राजा १:२१; २:१०; ११:२१,४३; १४:२० इत्यादि) । “चिहान” भन्ने अंग्रजी परिवेश ग्रीक परिवेशको उही स्रोत “सुत्नु” भन्नेबाट आउँछ ।

११:१२ “यदि” यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको आफ्नो साहित्यिक उद्देश्यहरूबाट सत्य भएको कुरा मानिलिइएको थियो ।

- “प्रभु तिनी निद्रामा परेका छन् भने निको हुनेछन्” यो पुरानो करारको “शारीरिक छुटकारा” को प्रयोगको “बचाइनु” भन्ने साहित्यिक परिवेशमा हुन्छ (याकूब ५:१५) । फेरी चेलाहरूले येशूलाई गलत प्रकारले बुझे, किनकि तिनीहरूले शाब्दिक अर्थको अलंकारिक भाषा “सुत्नु” भन्नेलाई लिए । येशूका श्रोता हरूको गलत बुझाइ नै यूहन्नाको सुसमाचारको विशेषता हो (जस्तैः पदहरू २३-२४) । उहाँ माथिबाटको हुनुहुन्छ, र तिनीहरू तलबाटका हुन् । आतमाको मद्दतबिना (जस्तै, पेन्तिकोस), तिनीहरूले बुझ्न सक्दैनन् !

११:१३ यो यूहन्नाको अर्को सम्पादकीय टिप्पणी हो ।

११:१४ “येशूले तिनीहरूलाई स्पष्ट भनिदिनुभयो” ७:४ को फरि’सियालाई विशेष शिर्षकमा हेर्नुहोस् ।

११:१५ “विश्‍वास गर भनेर तिमीहरूका खातिर म त्यहाँ नभएकोमा खुशी छु” येशूले यो कुरा बताउनुहुन्छ, कि लाजरसलाई उठाउने कार्य लाजरससँग उहाँ को मित्रताको कारणले गर्दा भएको होइन, वा मरियम र मार्था दुःखित भएको कारणले गर्दा पनि भएको होइन, तर १) दुवै जना चेलाहरूको विश्‍वासलाई वृद्धि गर्नु (पद १४) र २) यहूदी भीडको विश्‍वासलाई उत्साह प्रदान गर्नु (पद ४२) लाई हो । यूहन्नामा विश्‍वास बढीरहेको हुन्छ । कहिलेकाहीं यसले विकास गर्छ (जस्तैः चेलाहरू, २:११) र कहिलेकाहीं गर्दैन (जस्तैः दर्शकहरू, ८:३१-५९) ।

११:१६ यो पदले थोमाको विश्वासलाई स्पष्ट रूपमा बताउँदछ । उनी येशूसँगै मर्नलाई इच्छुक थिए । चेलाहरूलाई येशूको मृत्युमाथिको शक्तिलाई र मानव जातिको ठूलो भयलाई देखाउनु खाँचो थियो ।

थोमा भन्ने नाउँले "जुम्ल्याह" भन्ने आरमाइक शब्दलाई देखाउँदछ (अर्को सम्पादकीय टिप्पणी), जसै दिदुमसले ग्रीक परिवेशमा गर्छन् । उनलाई यूहन्ना बाहेकका सुसमाचारले चेलाको सूचीमा राख्छन् (मत्ती १०:३; मर्कूस ३:१८; लूका ६:१५); यूहन्नाको स ुसमाचारको पनि उनको बारेमा कहिलेकाहीँ बताएको छ (११:१६; १४:५; २०:२४-२९; २१:२) । १:४५ मा दिइएको चेलाहरूको नाउँको सूचीलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ११:१७-२७

जब येशू आइपुग्नुभयो, तब लाजरसलाई चिहानमा राखेको चार दिन भइसकेको थाहा पाउनुभयो । बेथानिया यरूशलेमको नजिकै प्रायः तीन किलोमिटरको दूरीमा थियो । धेरै यहूदीहरू मार्था र मरियमकहाँ तिनका भाइका विषयमा तिनीहरूलाई सान्त्वना दिन आएका थिए । येशू आइरहनु भएको छ भन्ने सुनेर मार्था गइन, र उहाँलाई भेटिन, तर मरियम घरैमा बसिरहिन् । तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन । तर अब पनि म जान्दछु, तपाईंले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ ।" येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरी जीवित हुनेछ ।" मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरी जीवित भई उठ्नेछ ।" येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ । अनि जीउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन । के तिमी यो विश्वास गर्छौ ?" तिनले उहाँलाई भनिन, "हो प्रभु म विश्वास गर्दछु, "तपाईं संसारमा आउनुहुने ख्रीष्ट परमेश्वर का पुत्र हुनुहुन्छ ।"

११:१७ "लाजरसलाई चिहानमा राखेको चार दिन भइसकेको थाहा पाउनुभयो" रब्बीहरूले यसो भने, कि मानवीय आत्मा शारीरिक शरीरको नजिकमा तीन दिनसम्म रहनुभयो । येशूले चारदिन पछाडि यो कुराको निश्चित गर्नलाई आउन ढिला गर्नुभयो, कि लाजरस साँच्चिकै मरेका थिए, र सबै रब्बीहरूको आशा बाहिर पुगे ।

११:१८ "तीन किलोमिटरको दूरी" पद १८ यूहन्नाले गरेको अर्को सम्पादकीय टिप्पणी थियो । शाब्दिकरूपले यो "१५ मिटर"टाढा थियो।

११:१९ "धेरै यहूदीहरू मार्था र मरियमकहाँ तिनका भाइका विषयमा तिनीहरूलाई सान्त्वना दिन आएका थिए" यो विशेषतामा नरहेको "यहूदी" भन्ने परिवेशको तटस्थ प्रयोग हो, जसले सामान्यतया यूहन्नामा येशूका शत्रुहरू भनेर बताएका छन् । तरैपनि, यो परिवेशमा यसले यरूशलेमका सामान्य बासीहरू भनेर बताउछ, जसलाई यो परिवारको बारेमा थाहा थियो (पदहरू ३१,३३,४५) ।

११:२० "तर मरियम घरैमा बसिरहिन्" घरको भूँइमा बसेर शोक प्रकट गर्ने यहूदीहरूको असामान्य अवस्था थियो ।

## विशेष शिर्षकः शोक प्रकट गर्ने संस्कार

इस्राएलीहरूले प्रिय जनको मृत्युमा र व्यक्तिगत पश्चात्तापको साथसाथै समूहिक अपराधहरूमा विविध तरिकाले शोक प्रकट गर्दछन्:

१. बाहिरी लुगा च्यात्नु, उत्पत्ति ३७:२९,३४; ४४:१३; न्यायकर्ता ११:३५; २ शमूएल १:११; ३:३१; १ राजा २१:२७; अयूब १:२०
२. भाङग्रा लगाउनु, उत्पत्ति ३७:३४; २ शमूएल ३:३१; १ राजा २१:२७; यर्मिया ४८:३७
३. जुत्ता फुकाल्नु, २ शमूएल १५:३०; यशैया २०:३
४. हातहरू शिरमाथि राख्नु, २ शमूएल १३:१९; यर्मिया २:३७
५. धुलो शिरमाथि राख्नु, यहोशू ७:६; १ शमूएल ४:१२; नहेम्याह ९:१
६. भूँइमा बस्नु, लामेन्टेसन २:१०; इजकिएल २६:१६ (भूँइमा पल्टिनु, २ शमूएल १२:१६); यशैया ४७:१
७. जन्तुलाई पराजित गर्नु, १ शमूएल २५:१; २ शमूएल ११:२६; नहेम्याह २:७
८. शरीरको भागलाई काट्नु, व्यवस्था १४:१; यर्मिया १६:६; ४८:३७
९. उपवास बस्नु, २ शमूएल १२:१६,२२; १ राजा २१:२७
१०. शोक गीत गाउनु, २ शमूएल १:१७; ३:३१; २ इतिहास ३५:२५
११. कपालसम्बन्धी -कपाललाई छोटो बनाउनु वा खौरनु), यर्मिया ४८:३७
१२. दाह्री छोटो गरी काट्नु, यर्मिया ४८:३७
१३. अनुहार वा शिरलाई छोप्नु, २ शमूएल १५:३०; १९:४

११:२१,३२ "तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन" यो दोस्रो स्तरको शार्तात्मक वाक्य हो, जसलाई "वास्तविक ताको विपरित" भनेर भनिन्छ । त्यसलाई यसरी बुझ्न सकिन्थ्यो, "यदि तपाईं हामीसँगै रहनुभएको थियो भने, जुनकुरा तपाईंमा थिएन, मेरो भाइ मर्नेथिएन, जुनचाहिँ कुरा उसको जीवनमा भयो ।" येशूलाई मार्था र मरियमको भनाइ पनि पद ३२ जस्तै नै थियो । तिनीहरूले यो विषयलाई चार दिन सम्म शोक गर्दा छलफल गरेको हुनुपर्छ । यी दुईजना स्त्रीहरूले येशूलाई प्रकट गरेको कुरामा आरामको अहसुस गर्न सके र तिनीहरूले उहाँ अगाडि नै नआउनुभएको लागि हतोत्साही बने ।

११:२२ “तर अब पनि म जान्दछु, तपाईंले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ ।” मार्थाले के गर्ने भनेर मागेको कुरामा अनिश्चित ता छ, किनकि पद ३९ ले लाजरसको बौरी उठाइमा अचम्म मानिन् भनेर बताएको छ ।

११:२३-२४ “पुनरुत्थानमा फेरी जीवित भई उठ्नेछ” फरिसीहरूको जस्तै मार्थाको दृष्टिकोण पनि जीवपछिको ईश्वरशास्त्रीय हुने कुरामा थियो, जसले अन्तको दिनमा शरीररको पुनरुत्थानको बारेमा विश्वास गरे । त्यहाँ यो धारणाको निम्ति पुरानो करारको बाइबलको प्रमाणमा सिमितता छन् (दानिएल १२:२; अयूब १४:१४; १९:२५-२७) । येशूले यो यहूदी बुझाइलाई उहाँको शक्ति र अधिकारको निश्चयतामा परिवर्तन गर्नुभयो (पद २५; १४:६) ।

११:२४ “अन्त्यका दिनमा” यद्यपि यो कुरा साँचो हो, कि यूहन्नाले मुक्तिमा हुने तत्कालको कुरालाई जोड दिएका छन् (महसुस गरिएको भविष्य सम्बन्धि), उनले अझै अन्तको समयको उपभोगलाई आशा गरेका छन् । यसलाई विविध प्रकारले प्रकट गर्न सकिन्छ:

१. एउटा न्याय वा पुनरुत्थानको दिन (५:२८-२९; ६:३९-४०,४४,५४; ११:२४; १२:४८)

२. “घडि” (४:२३; ५:२५,२८; १६:३२)

३. येशू खीष्टको दोस्रो आगमन (१४:३; १४:१८-१९,२८ र १६:१६,२२ मा यो कुरा हुनलाई पनि सम्भव छ, कि येशूको पछिको पुनरुत्थान हुनेछ र भविष्यमा आउने कुराचाहि होइन) ।

येशूले तिनलाई भन्नुभयो, “पुनरुत्थान र जीवन म नै हुँ” यो येशूको “म हुँ” भन्ने सातवटा मध्येको अर्को भनाइ हो । लाजरसको मृत्युको क्षणमा आएर मार्थाले उनी जिउनेछन् भन्ने कुराको विश्वास गर्न उत्साहित थिइन । यो आशा येशू र पिताको व्यक्तित्व र शक्तिमा जरा गाडिएको छ (५:२१) । ८:१२ को टिपोटलाई हेर्नुहोस् ।

अचम्म लाग्ने प्रकारले स ुरुका पप्यारस हस्तलेखन -जस्तै, पि४५), र केही पुराना ल्याटिन र सिरियन संस्करणहरू, र डायटेसरनले वचन र जीवनलाई हटाएका छन् । युवियस३ ले तिनीहरूको अन्तमा “ख” श्रेणीलाई दिन्छन्, तर युवियस४ ले तिनहरूको अन्तमा निश्चित रूपमा “क” श्रेणीलाई दिन्छन् ।

११:२६ “मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ” त्यहाँ यो पाठको विशेषतामा थुप्रै वाक्य-रचनाका महत्वपूर्ण कुराहरू छन्:

१. “सबै” भन्ने विश्वव्यापी सर्वनाम

२. वर्तमान् कृदन्त, जसले निरन्तर भइरहने विश्वासको खाँचोलाई देखाउँदछ (पदहरू २५-२६) ।

३. मृत्युसँग जोडिएको दोहोरो नकारात्मक बलियो पक्ष, “कहिल्यैपनि हुँदैन, कहिल्यैपनि मर्दैनन,” जसले स्पष्टरूपमा आत्मिक मृत्युको बारेमा बताउँदछ। यूहन्नामा अनन्त जीवन विश्वासीहरूको निम्ति वर्तमान् वास्तविकता हो, र केवल भविष्यको घटनामात्र होइन । लाजरसको अर्थ येशूका वचनहरू प्रदान गर्ने हो ! यूहन्नाको निम्ति अनन्त जीवन वर्तमान् वास्तविकता हो ।

११:२७ “हो प्रभु म विश्वास गर्दछु, “तपाईं संसारमा आउनुहुने खीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ ।” यसलाई वर्तमान् कालमा बताइएको छ । यो उनको येशूमा भएको व्यक्तिगत विश्वासको प्रतिज्ञा गरिएको मसिहको शक्तिशाली पश्चात्ताप हो । यो पत्रुसले कैसरियामा गरेको पश्चात्तापको ईश्वरशास्त्रीय समानान्तरको रूपमा छ (मत्ती १६ अध्याय) ।

उनले आफ्नो विश्वासलाई प्रकट गर्न विविध फरक शिर्षकहरू प्रयोग गर्छिन्:

१. खीष्ट (जुनचाहिँ ग्रीक अनुवादको मसिह वा अभिषिक्तचाहिँ भन्ने थियो)

२. परमेश्वरका पुत्र (मसिहको पुरानो करारको शिर्षक)

३. उहाँ जो आउनेवाला हुनुहुन्छ (पुरानो करारको परमेश्वरको प्रतिज्ञा गरिएको अर्को शिर्षक, जसले धार्मिकताको नयाँ युग ल्याउनेछ, ६:१४)

यूहन्नाले साहित्यिक तरिकामा सत्यतालाई बताउन वादविवादलाई प्रयोग गर्छन् । त्यहाँ यूहन्नाको सुसमाचारमा येशूमा गरिने विश्वासमा थुप्रै पश्चात्ताप हरू छन् १:२९,३४,४१,४९; ४:४२; ६:१४,६९; ९:३५-३८; ११:२७) । २:२३ मा यूहन्नाको विश्वासको प्रयोगलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

## नासाब (अत्याधुनिक) पाठः ११:२८-२९

यति भनेर तिनी गइहालिन, र आफ्नी बहिनी मरियमलाई बोलाएर सुटुक्क भनिन, “गुरुज्यू आइपुग्नुभयो, र तिमीलाई बोलाउँदैहुनुहुन्छ ।” यो सुनेर मरियम झट्टै उठेर उहाँकहाँ गइन,

११:२८ “गुरुज्यू” नासाब अध्ययन बाइबलको पाना १५४० मा ठूलो टिप्पणी दिइएको छ, “स्त्रीले दिएको एउटा महत्वपूर्ण वर्णन । गुरुहरूले महिलालाई सिकाउने गर्दैनथे (४:२७), तर येशूले तिनीहरूलाई बारम्बार सिकाउनुभयो ।”

## विशेष शिर्षक: बाइबलमा रहेकी स्त्री

अ. पुरानो करार

क. सांस्कृतिक तवरले स्त्रीहरूलाई सम्पत्तिको रूपमा विचार गरिन्थ्यो

१. अगमवाणीको सूचीमा समावेश गरिएको (प्रस्थान २०:१७)

२. दासी स्त्रीलाई गरिने व्यवहार (प्रस्थान २१:७-११)

३. स्त्रीले वार्षिक रूपमा गरिने प्रतिज्ञाहरू र सामाजिक रूपमा जिम्मेवार पुरुषहरू

४. स्त्रीहरू लडाइँमा दूरूपयोग गरिने साधनको रूपमा -व्यवस्था २१:१०-१४)

ख. व्यवहारिक रूपमा त्यहाँ एक-अर्कामा समानता रहेको

१. स्त्री र पुरुष परमेश्वरको स्वरुपमा बनाइएका -उत्पत्ति १:२६-२७)

२. बाबु-आमालाई सम्मान गर्नु (प्रस्थान २०:१२, व्यवस्था ५:१६
३. बाबु-आमालाई सम्मान गर्नु (लेवी १९:३; २०:९)
४. महिला र पुरुष नाजरी कहलाइन सक्थे (गन्ती ६:१-२)
५. सम्पत्तीमा छोरीहरूको अधिकार भएको (गन्ती २७:१-११)
६. करारको भागको रूपमा मानिसहरू (व्यवस्था २९:१०-१२)
७. बाबु-आमाको शिक्षालाई अवलोकन गर्नु (हितोपदेश १:८; ६:२०)
८. मन्दिरको संगीत अगुवाइ गर्ने हेमान (लेवी परिवार) का छोराहरू र छोरीहरू
९. नयाँ युगमा अगमवाणी गर्ने छोराहरू र छोरीहरू (योएल २:२८-२९)

ग. स्त्रीहरू अगुपापनको भूमिकामा थिए,
१. मोशाको दिदी मिरियमलाई अगमवादिनी भनियो (प्रस्थान १५:२०-२१; मीका ६:४)
२. वरदान पाएका स्त्रीहरूले पालको निम्ति चिजहरू बुन्ने गरेका -प्रस्थान ३५:२५-२६)
३. दबोरा, एकजना महिना पनि अगमवादिनी थिइन -न्यायकर्ता ४:४), सबै जातिहरूलाई अगुवाइ गरिएको -न्यायकर्ता ४:४-५; ५:७)
४. हुलदाह पनि अगमवादिनी थिइन, जसलाई राजा जोसियाहले त्यतिबेला प्राप्त गरेको "व्यवस्थाको पुस्तक" लाई व्याख्या गर्न र पढ्न लगाए (२ राजा २२:१४; २ इतिहास ३४:२२-२७)
५. रानी एस्तर, एकजना परमेश्वरीय स्त्री, पर्सियामा यहूदीहरूलाई बचाएकी

आ. क. सांस्कृतिक रूपले स्त्रीहरू यहूदीवाद र ग्रीक-रोमन संसार दुवैका र थोरै अधिकार वा मौकाहरू पाएका दोस्रो दर्जाका नागरिकहरू थिए (म्याकेडोनियाको अपवादमा थिए) ।

ख. स्त्रीहरू अगुवापनको भूमिकाहरूमा
१. एलीलिबा र मरियम, परमेश्वरीय स्त्रीहरू परमेश्वरको निम्ति उपलब्ध भएका (लूका १-२ अध्याय)
२. हन्ना, परमेश्वरीय स्त्रीले मन्दिरमा सेवा गरेकी (लूका २:३६)
३. लिडिया, घरेलु मण्डलीकी विश्वासी र अगुवा (प्रेरित १६:१४,४०)
४. फिलिपको चारजना अविवाहित छोरीहरू अगमवादिनीहरू थिए (प्रेरित २१:८-९)
५. फिबी, किंकीयामा भएको मण्डलीकी धर्म-सेविका (रोमी १६:१)
६. प्रिस्का (प्रिसिल्ला), पावलको सहकर्मी र अपोल्लोसको शिक्षक -प्रेरित १८:२६; रोमी १६:३)
७. मरियम, त्रुफेना, त्रोफोसा, पर्सिस, युलिया, नेरियसकी बहिनी, र अन्य थुप्रै पावलका सहकर्मी स्त्रीहरू (रोमी १६:६-६)
८. इयोदिया र सुन्तुखे, पावलका सहकर्मीहरू (फिलिप्पी ४:२--३)

इ. कसरी आधुनिक विश्वासीहरूले बाइबलका विविध उदाहरणहरूलाई सन्तुलन गर्दछन् ?
क. कसरी एकजनाले ऐतिहासिक वा सांस्कृतिक सत्यतालाई निर्धारण गर्दछन्, जसलाई स ुरुको परिवेशमा मात्र लागु गरिन्छ, अनन्तताबाट आएको सत्यता सबै मण्डलीहरूलाई र सबै उमेरका सबै विश्वासीहरूलाई मान्य हुने ?
१. हामीले सुरुको उत्प्रेरित भएको लेखकलाई अति गंभिर प्रकारले लिने चाहना राख्नुपर्छ । बाइबल परमेश्वरको वचन हो, र र यो अभ्यास र विश्वासको एउटा मात्रै स्रोत हो ।
२. हामीले स्पष्ट रूपमा ऐतिहासिक तरिकाले शर्तसहितको उत्प्रेरित भएको पाठलाई सामना गर्नुपर्छ:
क. त्यो इस्राएलको कल्टस (जस्तैः संस्कार र लिखित कुरा) प्रेरित १५; गलाती ३ अध्याय
ख. पहिलो शताब्दीको यहूदीवाद
ग. पावलको स्पष्ट तरिकाको शर्तसहितको १ कोरिन्थीको भनाइहरू
१) मूर्तिपूजक रोमको कानुनी व्यवस्था (१ कोरिन्थी ६ अध्याय)
२) बाँकीरहेको दास-दासी (१ कोरिन्थी ७:२०-२४)
३) अविवाहित रहने (१ कोरिन्थी ७:१-३५)
४) कन्याहरू (१ कोरिन्थी ७:३६-३८)
५) मूर्तिलाई चढाइएको खाना (१ कोरिन्थी ८; १०:२३-३३)
६) प्रभु भोजको अयोग्य क्रियाकलापहरू (१ कोरिन्थी ११ अध्याय)
३. परमेश्वर आफै एउटा निश्चित संस्कार र एउटा निश्चित दिनमा पूर्ण र स्पष्टरूपमा प्रकट हुनुभयो । हामीले प्रकाशलाई गंभिरताका साथ लिनुपर्छ, तर यसको हरेक पक्षको ऐतिहासिक स्थानमा चाहिँ होइन । परमेश्वरको वचन मानवीय शब्दहरूमा लेखिएको थियो, र यसले निश्चित संस्कार र निश्चित समयमा बताएको थियो ।

ख. बाइबलीय व्याख्याले स ुरुका लेखकको चाहनालाई खोज्नुपर्छ । उहाँले आफ्नो समयमा के कुरा भनिरहनुभएको थियो ? यो उचित व्याख्या को निम्ति जटिल र आधारभूत हुन्छ । तब हामीले यसलाई हाम्रो आफ्नो समयमा लागु गर्नुपर्छ । अब, यहाँ समस्या भनेको महिला नेतृत्व पनको हो (त्यो साँचो व्याख्यात्मक समस्यामा परिभाषित परिवेश हुन सक्छ । के त्यहाँ पाष्टको भन्दा धेरै सेवकाइ छन्, जसलाई अगुवापनको रूपमा देख्न सकिन्थ्यो ? के धर्म सेविका र अगमवादिनीहरूलाई अगुवाको रूपमा देख्न सकिन्थ्यो ?) यो कुरा अति नै स्पष्ट छ, कि पावलले १ कोरिन्थी १४:३४-३५ र १ तिमोथी २:९-१५ मा यो कुरालाई बताइरहेका छन्, कि महिलाहरूले सामूहिक आराधनामा अगुवाइ गर्नु पर्दैन । तर आज मैले त्यसलाई कसरी लागु गर्न सक्छु ? म पावलको संस्कार वा मेरो संस्कारमा परमेश्वरको वचन र चाहनामा चुपचाप बसेको चाहना गर्दिन । सम्भवत् पावलको समय अति नै सिमित थियो, तर मेरो समय अति नै खुल्ला हुन सक्छ । मैले यो कुरा भन्नलाई

अति नै असजिलो महसुस गर्दछु, कि पावलका वचन र सिकाइहरू पहिलो शताब्दीमा, स्थानीय अवस्थाको सत्यतामाशर्त सहितका छन् । मेरो विचारलाई अगुवाइ गर्ने म को हुँ र वा मेरो संस्कारले एउटा उत्प्रेरित लेखकलाई नकार्न सक्छ ?

तरैपनि, म के गर्न सक्छु, जब त्यहाँ महिला अगुवापनको बारेमा बाइबलीय उदाहरणहरू छन् (पावलका लेखहरूमा, रोमी १६ अध्याय) ? यसको एउटा असल नमुना पावलको छलफलमा १ कोरिन्थी ११-१४ को सामूहिक आराधना हो । ११:५ मा उनले महिला हरूलाई प्रचार गर्न र सामूहिक आराधनामा प्रार्थन ागर्न र तिनीहरूको शिर छोप्नलाई अनुमति दिएजस्तो देखिन्छ, तरैपनि उनले १४ ३४-३५ मा उनीहरू चुपचाप बस्नलाई भनेका छन् ! त्यहाँ धर्म-सेविका (रोमी १६:१), र अगमवादिनीहरू (प्ररित २१:९) थिए । यो यस्तो विविधता हो, कि जसले पावलको टिप्पणीको पहिचान गर्ने अनुमति दिन्छन् (महिलाहरूको कडाइलाई सम्बन्धित गरेजस्तै) जसै यो पहिलो शताब्दीको कोरिन्थी र एफिससमा सिमित थियो । त्यहाँ यी दुवै मण्डलीहरूका महिलाहरूमा नयाँ पाइएको स्वतन्त्रतालाई अभ्यास गर्ने समस्याहरू थिए -ब्रूस विन्टर, पावलले कोरिन्थी छोडेपछि), जुनचाहिँले मण्डलीको निम्ति ख्रीष्टमा तिनीहरूको समाजको पहुँचको निम्ति कठिनाइको सृजना गरिन्थ्यो । तिनीहरूको स्वतन्त्रतालाई सिमित गरिन्थ्यो, ताकि त्यो सुसमाचार बढी प्रभावशाली बन्नु पर्दथ्यो ।

मेरो समय पावलको भन्दा ठीक उल्टो हुन्छ । मेरो समयमा यदि यसलाई परिचालन गर्ने हो भने, सुसमाचार सिमित बन्न सक्थ्यो यो समयमा तालिम प्राप्त महिलाहरूलाई स ुसमाचार प्रचार गर्न अनुमति थिएन, नत अगुवाइ गर्ननै अनुमति दिइन्थ्यो । सामूहिक आराधनाको अन्तिम लक्ष्य के हो ? के यो सुसमाचार र चेलापन होइन ? के परमेश्वर महिला अगुवाहरूदेखि सम्मानित र हर्षित हुनु हुन्थ्यो ? सम्पूर्ण बाइबलले ‘‘हो’’ भनेको जस्तो देखिन्छ !

मैले पावलमा लगानी गर्न चाहन्छु, कि सामान्यतया मेरो ईश्वरशास्त्र पावलसम्बन्धी भएको होस् । मैले धेरै प्रभाव पारेको वा आधुनिक महिलाबादीवाबाट बढाइ-चढाइ गरेको कुरा चाँहदिन । तरैपनि, म यस्तो कुराको महस ुस गर्दछु, कि मण्डली बाइबलीय सत्यतालाई स्पष्टरूपमा प्रतिक्रिया जनाउन सुस्त छ, जस्तैः जातित्व, दासत्व, द्विविधा र लिङ्गवादमा अनुपयुक्त तरिकाले व्यवहार गर्नु वर्तमान् विश्वमा महिला दूरुपयोगको विषयलाई उपयुक्त तरिकाले प्रतिक्रिया जनाउन पनि त्यति नै स ुस्त भएको देखिन्छ । परमेश्व येशू ख्रीष्टमा दास र महिलाहरूलाई स्वतन्त्र गराउन चाहनुहुन्छ । म संस्कारले बाँधिएको पाठमा बाधा दिनको लागि साहस गर्दिन ।

एउटा अर्को बुँदाः व्याख्याकारको रूपमा मलाई यो कुराको जानकारी छ कि कोरिन्थी अति नै बाधा पुऱ्याइएको मण्डली थियो । पवित्र आत्माका वरदानहरू पुरस्कृत र देखाइएका थिए । महिलाहरू यसमा समातिएका हुन सक्छन् । मैले पनि यसमा विश्वास गर्दछु ाक एफिसी झुटा क्षिकहरूबाट प्रभावित थियो, जसले फाइदा उठाएर एफिसीको घरेलु मण्डलीहरूमा तिनीहरूलाई स्थानीय प्रवक्ताको रूपमा प्रयोग गरेका थिए ।

अतिरिक्त अध्ययनका लागि सुझावहरू

ग. गोर्डेन फि र डोङ्ग स्टुवार्टले लेखेको ‘‘यसको सबै मुल्यको निम्ति बाइबललाई कसरी पढ्ने’’ भन्ने पुस्तकको पानाहरू ६१-७७

गोर्डन फिद्वारा लिखित, ‘‘सुसमाचार र नयाँ करारको व्याख्या’’ भन्ने पुस्तक

वाल्टर सि. कैसर, पिटर एच. डेभिड्स, एफ. एफ. ब्रूस, र मानफ्रेड टि. ब्रान्चद्वारा लिखिन बाइबलका कठिन भनाइहरू’’ भन्ने पुस्तकको पानाहरू ६१३-६१६; ६६५-६६७

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ११:३०-३७

त्यस बेलासम्म येशू गाउँमा आइपुग्नुभएको थिएन । तर उहाँ त्यही ठाउँमा हुनुहुन्थ्यो, जहाँ मार्थाले उहाँलाई भेटेकी थिइन । घरमा तिनलाई सान्त्वना दिन आएका यहूदीहरूले मरियम झट्टै उठेर बाहिर गएको देखेर, तिनी त्यो चिहानमा रुन गएकी हुन् भन्ठानेर, तिनको पछि लागे । जब मरियम येशू हुनुभएको ठाउँमा आइन, र उहाँलाई देखिन, तब यसो भन्दै तिनी उहाँको पाउमा परिन्, ‘‘हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्ने थिएन ।’’ तब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै ब्याकूल हुनुभयो, अनि अति दुःखित हुनुभयो । उहाँले तिनीहरूलाई सोध्नुभयो, ‘‘तिमीहरूले तिनलाई कहाँ राखेका छौ ?’’ तिनीहरूले उहाँलाई भने, ‘‘प्रभु आएर हेर्नु होस् ।’’ येशू रुनुभयो । यसकारण यहूदीहरूले भने, ‘‘हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो ।’’ तर कुनै कुनैले भने, ‘‘के अन्धाका आँखा खोलि दिने यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र ?’’

११:३० यो प्रेरितिय लेखकको अर्को आँखाको साक्षीको सारांश हो ।

११:३३

नासाब ‘‘उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो, र अति दुःखित हुनुभयो’’

एनकेजेभि ‘‘उहाँ आत्मामा व्याकुल हुनुभयो, र अति दुःखित हुनुभयो’’

एनआरएसभि, उहाँ आत्मामा अति नै खलबल हुनुभयो, र ज्यादै व्याकुल हुनुभयो’’

ाटइभि ‘‘उहाँको हृदय छोइएको थियो, र उहाँ ज्यादै व्याकुल हुनुभयो’’

एनजेबि ‘‘येशू अति नै वेदनामा पर्नुभयो, र गंभिरतामा रहनुभयो’’

यो शाब्दिक अर्थमा ‘‘आत्मामा नाके आवाजमा बोल्नु’’ भन्ने हुन्छ । सामान्यतया यो भनाइलाई रीसको निम्ति प्रयोग गरिएको थियो -दानिएल ११:३०; मर्कूस १:४३; १४:५) । तर यो परिवेशमा अनुवादले देखाउने कुरामा गहिरो भावनालाई मान्यता दिइएको हुन्छ -पद ३८) । यद्यपि यसलाई केही समालोचक हरूले बलियो भावनाको रूपमा, सम्भाव्य रीसको रूपमा, मृत्युलाई निर्दिष्ट गरेको रूपमा देख्दछन् ।

येशूमा साँचो रूपमा मानवीय भावनाहरू थियो (पदहरू ३३,३५,३६,३८), र तिनीहरूलाई यहाँ उनका मित्रहरूलाई देखाइन्छ ।

११:३५ “येशू रुनुभयो” यो बाइबलभरिकै सबभन्दा छोटो पद हो । मृत्यु यस धर्तिको निम्ति परमेश्वरको चाहनामा थिएन । यो मानविय बिद्रोहको परिणाम को रूपमा आयो । येशूले प्रिय जनलाई गुमाउनु पर्दाको पीडालाई महसूस गर्नुहुन्छ । उहाँले उहाँलाई पछ्याउने सबैजनाको जीवनको अनुभवलाई महस ुस गर्नुहुन्छ । येशूको रुने कार्य शान्तमा, व्यक्तिगत किसिमले र पद ३३ मा बताइएजस्तै सामूहिक विलाप गर्नेजस्तो थिएन ।

११:३७ यो प्रश्नले “हो” भन्ने उत्तरको आशा राख्दछ । यो पद २१ को मार्थाको विचार र पद ३२ को मेरीको विचारमा थियो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ११:३८-४४

तब येशू फेरी ज्यादै ब्याकूल भएर चिहानमा जानुभयो । यो चिहान एउटा ओढारमा थियो । त्यसको मुख एउटा ढुङ्गाले ढाकेको थियो । येशूले भन्नुभयो, “ढुङ्गो हटाओ ।” मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, “हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो ।” येशूले तिनलाई भन्नुभयो, “के मैले तिमीलाई भनेको होइनँ, तिमीले विश्वास गर्‍यौं भने, परमेश्वरको महिमा देख्नेछौं ?” तिनीहरूले ढुङ्गो हटाए । अनि येशूले मास्तिक नजर उठाएर भन्नुभयो, “हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ति सुन्नुभयो । म जान्दथिए, कि तपाईंले मेरो बिन्ति सधैं सुन्नुहुन्छ, तर यहाँ उभिएका भीडको खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून् ।” अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च स्वरले कराउनुभयो, “लाजरस, बाहिर निस्की आऊ ।” त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्किी आयो । येशूले तिनीहरूलाई भन्नुभयो, “त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ ।”

११:३८ “एउटा ओढार” त्यो समयमा प्यालेष्टाइनको चिहानमा यी कुराहरू हुन्थे,

१. प्राकृतिक गुफाहरू (बाबा बाथरा ६:८)
२. चट्टानमा खनिएका गुफाहरू र गोला ढुङ्गाहरू गुडाएर ती भित्री भागसम्म बन्द गरिएका हुन्थे
३. भूँइ मुनीसम्म खाल्डोहरू खनिएका र ठूला ढुङ्गाहरूले छोपिएका हुन्थे

भूगर्भशास्त्रीहरूको अध्ययनबाट यरूशलेम क्षेत्रको विकल्पमा #१ नं. उत्तम तरिकाले मिल्थ्यो ।

११:३९ “ढुङ्गो हटाओ” एउटा ठूलो ढुङ्गो भित्री खोपासम्मै चिप्लन्थ्यो, र डाँकूहरू र जनावरहरूबाट चिहानको छाप लगाउने तरिकामा प्रयोग गरिन्थ्यो ।

- “त्यो मरेको चार दिन भइसक्यो” यो ग्रीक भनाइ हो, र शाब्दिक अर्थमा “चार दिनको मानिस” भन्ने हुन्छ ।

११:४० “यदि” यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ कार्य सम्भव छ भन्ने हुन्छ । यो पदको प्रश्नले हो भन्ने उत्तरको चाहना राख्दछ ।

- “परमेश्वरको महिमा देख्नेछौं” परमेश्वरको महिमा येशूका कार्यहरूमा प्रकट भएका थिए -पद ४) । १:१४ को पूर्ण टिपोटलाई हेर्नुहोस् ।

११:४१ “अनि येशूले मास्तिक नजर उठाएर भन्नुभयो” यहूदी प्रार्थनाको सामान्य अवस्था हातहरू र आँखाहरूलाई खुल्ला गरेर स्वर्गतिर उठाउनु हो । यो नै प्रार्थनाको निम्ति आएको भनाइ हो (१७:१) ।

- “तपाईंले मेरो बिन्ति सुन्नुभयो” येशूले पितालाई “सुन्नु” हुन्छ, (८:२६,४०; १५:१५), र पिताले पनि उहाँलाई “सुन्नु” हुन्छ । तिनीहरू जसले येशूलाई “सुन्छन्” उनीहरूसँग अनन्त जीवन हुन्छ । यो निरन्तर हुने शब्दको प्रक्रियामा “हेर्नु“ र “सुन्नु” को समानान्तर जस्तै “प्राप्त गर्नु” ( १:१२) र “विश्वास गर्नु” भन्ने हुन्छ (३:१६) । लाजरसले येशूको आवाजलाई सुने र जीवनमा फर्किए ।

११:४२ यसले येशूको प्रार्थना र आश्चर्यकर्मलाई बताउँदछ । धेरैचोटी येशूले चेलाहरूको विश्वासलाई उत्साह प्रदान गर्न आश्चर्य कर्म गर्नुभयो, र यो विषयमा यरूशलेमबाट यहूदीहरूको विश्वासलाई सुरु गरिएको थियो ।

ईश्वरशास्त्रीय रूपमा येशूले फेरी पिताको अधिकार र उहाँको कार्यहरूको प्राथमिकतालाई वृद्धि गर्नुहुन्छ (५:१९,३०; ८:२८; १२:४९; १४:१०) । यो आश्चर्य कर्मले पितासँगको सम्बन्धमा सुरुको सम्बन्धलाई प्रकट गर्नुहुन्छ । ५:२४ को पठाइएको (अपोष्टोले) भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

११:४३ “उहाँ उच्च स्वरले कराउनुभयो, “लाजरस, बाहिर निस्की आऊ” यसो पनि भनिएको छ, कि यदि येशूले निर्दिष्ट रूपमा लाजरसको नाउँलाई नबोलाएको भए, त्यो सम्पूर्ण चिहानघारी नै आएको हुन्थ्यो ।

११:४४ “गाड्नको लागि शरीरको भागहरू पानीले धोएर तयार पारिएको थियो, तब सफा मखमली कपडाले पुछेर अत्तर छर्केर त्यसलाई गन्धहिन पारिएको थियो । त्यो लासलाई २४ घण्टामा गाडिनु पर्दथ्यो, किनकि यहूदीहरूले तिनीहरूको मृत शरीरलाई सड्नबाट बचाउने गर्दैनथे ।

**विशेष शिर्षकः गाड्ने अभ्यासहरू**

अ. मेसोपोटामिया

क. जीवनपछिको खुशी प्राप्त गर्नु राम्ररी गाड्नु अति नै आवश्यक थियो ।

ख. मेसोपोटाबासीहरूको श्रापको नमुना यस्तो थियो कि, "यस धर्तिले तिम्रो लासलाई प्राप्त नगरेको होस् ।"

आ. पुरानो करार

क. राम्ररी गाड्नु अति नै महत्वपूर्ण थियो -उपदेशक ६:३) ।

ख. यस्तो कार्य अति नै छिटो गर्नुपर्थ्यो (उत्पत्ति २३ अध्यायमा साराईलाई र उत्पत्ति ३५:१९ मा राहेललाई गाडिएको सूचना व्यवस्था २१:२३ मा हेर्नुहोस् ।

ग. अनुचित प्रकारले गाड्नु इन्कारी र पापको संकेत थियो ।

१) व्यवस्था २८:२६

२) यशैया १४:२०

३) यर्मिया ८:२; २२:१९

घ. सम्भव भएजति घरको नजिकै पारिवारिक जग्गामा गाड्ने गरिन्थ्यो ।

ङ. मिश्रमा जस्तै लासलाई सड्नबाट बचाउनु पर्दैन्थ्यो । मानव जाति धुलोबाट आयो र धुलोमै फर्केर जानुपर्छ (जस्तै, उत्पत्ति ३:१९; भजनसंग्रह १०३:१४; १०४:२९) ।

च. रब्बीहरूको यहूदीवादमा उचित सम्मानलाई सन्तुलनमा राख्नु कठिन थियो, र शरीरलाई सम्हालेर मृत शरीरहरूलाई सम्बन्धित बनाउँदा उत्सवलाई दुषित पारेको विचार आउँथ्यो ।

इ. नयाँ करार

क. सामान्यतया मृत्यु भएपछि तुरुन्तै २४ घण्टाभित्र गाड्ने गरिन्थ्यो । कतिचोटी यहूदीहरूले त्यो चिहानलाई तीन दिनसम्म हेरचाह गरेर बस्थे र यस्तो कुराको विश्वास गर्दथे, कि त्यो समयको अवधिभित्रमा आत्मा त्यो शरीरमा फर्कन्छ, भनेर (यूहन्ना ११:३९) ।

ख. शरीरलाई सफा गरेर सुगन्धित अत्तरहरू छर्केर गाड्ने गरिन्थ्यो (यूहन्ना ११:४४; १९:३९-४०) ।

ग. त्यहाँ पहिलो शताब्दीको प्यालेष्टाइनमा यहूदी वा खीष्टियनहरूलाई गाड्ने बेलामा चिहानमाथि राखिने चिजहरू र प्रकयामा कुनै अन्तर थिएन ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ११:४५-४६

"मरियमकहाँ आएका धेरै यहूदीहरूले येशूले गर्नुभएको काम देखेर उहाँमाथि विश्वास गरे । तर तिनीहरूमध्ये कोही चाहिँ फरिसीहरूकहाँ गए, र येशूले गर्नुभएका कामहरू बताइदिए ।"

११:४५ "धेरै यहूदीहरूले येशूले गर्नुभएको काम देखेर उहाँमाथि विश्वास गरे" यो सुसमाचारमा बताइएको विषय हो (२०:३०-३१) । यो वाक्यांश नमुना बन्दछ (२:२३; ७:३१; ८:३०; १०:४२; ११:४५; १२:११,४२) । तरैपनि, यसलाई पुन बताइनु पर्दछ, कि यूहन्नाको सुसमाचारमा भएको विश्वासमा धेरै तहहरू छन्, र यो सधैं बचाउने विश्वास हुँदैन (२:२३-२५; ८:३०-३५) । २:२३ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

११:४६ "तर तिनीहरूमध्ये कोही चाहिँ फरिसीहरूकहाँ गए, र येशूले गर्नुभएका कामहरू बताइदिए ।" त्यो खालको महान् शिक्षा र शक्तिशाली आश्चर्यकर्मको सामना गर्दा त्यो आत्मिक अन्धोपनाको स्तर अचम्म लाग्ने थियो । तरैपनि, येशूले ती सबै समूहमा बाँड्नुहुन्छ, जोहरू उहाँमा भरोसा गर्न आउँछन्, र उहाँको बारेमा आएको सत्यतालाई ईन्कार गर्छन् (लूका १६:३०-३१) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ११:४७-५३)

तब मुख्य पूजाहारीहरू र फरिसीहरूले महासभाका सदस्यहरूलाई बोलाए, र तिनलाई भने, "अब हामी के गरौं ? किनभने यस मानिसले त धेरै चिन्हहरू गरिरहेछ । यसलाई यसै छोडिदियौं भने, सबैले यसमाथि विश्वास गर्नेछन्, र रोमीहरूले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन्, तर तिनीहरूमध्ये एकजना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौं । समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु, जनताको निम्ति एकजना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौं ।" यो तिनले आफ्नो तर्फबाट भनेका होइनन, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन् । राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो । यसैले त्यस दिन देखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे ।

११:४७, "तब मुख्य पूजाहारीहरू र फरिसीहरूले महासभाका सदस्यहरूलाई बोलाए" यसले यरूशलेममा भएको यहूदीहरूको महासभाको ठूलो सभाघरलाई बताउँदछ । यसमा ७० जना स्थानीय सदस्यहरू हुन्थे । यसका महान् पूजाहारी सदुकीहरूले जानेका राजनैतिक र धार्मिक आस्था भएका महान् व्यक्ति हुन्थे, जसले मोशाका लेखहरूलाई मात्र स्वीकार्थे, र पुनरुत्थानलाई इन्कार गर्थे । फरिसीहरू धेरै प्रख्यात, व्यवस्था जानेका धार्मिक समूह थिए, जसले त्यो कुरालाई निश्चित गरेः १) सम्पूर्ण पुरानो करार; २) स्वर्गदूतहरूको सेवकाइ; ३) र त्यसपछिको जीवन । यो अचम्मलाग्दो छ, कि यी दुईवटा विरोधी समूहहरू कुनै पनि उद्देश्यको निम्ति एकत्रित हुन्थे । १:२४ को फरिसी भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् । ३:१ को सभाघर भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "किनभने यस मानिसले त धेरै चिन्हहरू गरिरहेछ" "यस मानिस" भन्ने येशूको सन्दर्भमा उहाँको नाउँलाई नबताउने अपमानजनक उपाय हो । यो कुरा पनि अचम्मलाग्दो छ, कि लाजरसलाई मृत्युबाट जीवन दिने जस्ता महान् आश्चर्यकर्म भइरहँदा, तिनीहरूको अगाडि नै आएको पक्षपातले तिनीहरूको आँखालाई पूर्ण रूपमा अन्धो बनाइदिएको थियो (२ कोरिन्थी ४:४)

११:४८ "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।

- "सबैले यसमाथि विश्वास गर्नेछन्" तिनीहरूलाई येशूमा बाधा ल्याउने र डर ल्याउने डाहको साथसाथै ईश्वरशास्त्रीय असहमति यसको स्रोत थियो । यहाँ यी "सबै" भन्नेले सामरीहरू र अन्यजातिहरूलाई बताएको हुन सक्छ (१०:१६) । त्यहाँ तिनीहरूको डरमा राजनैतिक पक्ष पनि थियो (जस्तै, रोमी नियन्त्रण) ।

- "रोमीहरूले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन्" यो यूहन्नाको सुसमाचारको तिनीहरूमध्ये एउटा विडम्बनापूर्ण अगमवाणी हो । यो रोमी सम्राट तितसको पालामा सन् ७० मा शाब्दिक रूपले पूरा भएको थियो ।

रोमी अधिनको राजनैतिक वास्तविकता यहूदीहरूका अन्तको समय वा भविष्यको आशामा समग्र भाग बन्दछ । तिनीहरूले यस्तो विश्वास गर्दथे, कि परमेश्वरले पुरानो करारमा न्यायकर्ता जस्तै धार्मिक वा शैनिक व्यक्तित्व पठाउनुहुनेछ, र उहाँले रोमबाट शारीरिक रूपमा छुटकारा गर्नेवाला पठाउनुहुनेछ । धेरै मसिहिय वाहनाकर्ताले प्यालेष्टाइनमा यो उही आशालाई पूरा गर्न विद्रोहलाई सुरु गरे ।

येशूले यो कुरालाई दावी गर्नुभयो, कि उहाँको राज्य अस्थायी राजनैतिक शासन थिएन (१८:३६), तर आत्मिक शासन थियो, जसलाई भविष्यको प्रकाशमा विश्वव्यापी रूपमा उपभोग गरिन्थ्यो । उहाँले पुरानो करारको अगमवाणी पूरा हुने दावी गर्नुभयो, तर यो शाब्दिक अर्थमा नभएर राष्ट्रवादी भावनामा थियो । यसको निम्ति उहाँले आफ्नो समयका धेरैजसो यहूदीहरूलाई इन्कार गर्नुभयो ।

११:४९ "कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए" यहाँ प्रधान पूजाहारीको आशय आफ्नै छोराछोरीलाई त्यो पद जीवनभरिनै प्रदान गर्नुथियो - प्रस्थान २८ अध्याय) तर रोमीहरू विजयकर्ता बनेपछि, यो पद उच्च आदेशवालालाई बेचियो, किनकि जैतुन पहाडमा र मन्दिरको क्षेत्रमाआकर्षण पद प्राप्त हुन्थ्यो । कैयाफा सन् १८-३६ सम्म प्रधान पूजाहारी बने (सन् ६-१५ का महान् पूजाहारी अन्नसका ज्वाई) ।

११:५०-५२ यो यूहन्नाको विडम्बनाको अर्को नमुना हो । कैयाफाले सुसमाचार प्रचार गरे ।

११:५० "जनताको निम्ति एकजना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ" यसको निम्ति पुरानो करारको पृष्टभूमिमा यहूदी विचार "सामूहिकता" भन्ने हुन्छ । एकजना व्यक्ति (असल वा खराब) ले सम्पूर्णलाई असर पार्न सक्थ्यो (जस्तैः आदम/हव्वा, आकान) । यो विचार बलिदानको व्यवस्थाको मुनीपट्टीबाट आयो, विशेषगरेर प्रायश्चितको दिनमा (लेवी १६ अध्याय), जहाँ एउटा निर्दोष प्राणीले राष्ट्रको पापलाई बोक्यो । यो यशैया ५३ को पछाडि मसिहिय विचार बन्यो । नयाँ करारमा आएर रोमी ५:१२-२१ मा आदम वा खीष्टको प्रकारलाई यो विचारले प्रदर्शन गर्दछ ।

११:५१
नासाब, आइभि, नेट "त्यो येशू मर्न गइरहनुभएको थियो"
एनकेजेभि, एनआइभि, आइबि "त्यो येशू मर्नुहुन्थ्यो"
एनआरएसभि "त्यो येशू मर्नै लाग्नुभएको थियो"
एनजेवि "त्यो येशू मर्नुहुन्थ्यो"

त्यो निडोटेको इकाई ९, पाना ३२६ मा मेला ("हुनुपर्छ," "गर्नुपर्छ," "निश्चित हुनुपर्छ") भन्ने क्रियापदको ईश्वरशास्त्रीय प्रयोगको बारेमा एउटा असल टिप्पणी दिइएको छ, जब परमेश्वरको चाहनाको निम्ति येशू खीष्टको छुटकाराको कार्यमा प्रयोग गरियो ।

१. मर्कूस १०:३२
२. मत्ती १७:२२
३. लूका ९:३१,४४; २४:२१; प्रेरित २६:२३
४. यूहन्ना ७:३९; ११:५१; २३:३३; १४:२२; १८:३२

यो यहूदाको ठगाइमा आवश्यक रूपमा पनि प्रयोग गरिएको हुन्छ

१. लूका २२:२३
२. यूहन्ना ६:७१; १२:४

प्रेरितमा लूकाले यसलाई अगमवाणीको पूरा गर्ने कार्यको निम्ति प्रयोग गर्दछन् (प्रेरित ११:२८; २४:१५; २६:२२) । यी सबै छुटकारा गर्ने घटनाहरू परमेश्वरको हातमा थिए (प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९)

११:५२ "तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो" यसमा यूहन्नाले सम्पादकीय टिप्पणी गरेको हुनुपर्छ, जुन चाहिँ १०:१६ को समानान्तरमा हुनुपर्दथ्यो । यसले यस्तो बताउन सक्थ्यो कि,

१. प्यालेष्टाइनभन्दा बाहिर बसेका यहूदीहरू
२. सामरीहरूजस्तै आधी यहूदीहरू
३. अन्यजातिहरू

विकल्प #३ उत्तम भएको देखिन्छ । यो जे सुकै भए तापनि येशूको मृत्युले "विश्वासी" हरूको मानवियताको एकता ल्याउनेछ (१:२९; ३:१६; ४:४२; १०:१६)

११:५३ ‘‘यसैले त्यस दिन देखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे’’ यो यूहन्नामा भएको भएको पुनरुत्थानको विषय हो (५:१८; ७:१९; ८:५९; १०:३९; ११:८) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ११:५४

“यसैकारण येशू फेरी यहूदीहरूका बीचमा खुल्लमखुल्ला हिँडडुल गर्नुभएन, तर त्यहाँबाट उजाड स्थानको नजिकमा रहेको एफ्राइम भन्ने सहरमा जानुभयो, र त्यहाँ चेलाहरूसँग बस्नुभयो ।’’

११:५४ ‘‘यसैकारण येशू फेरी यहूदीहरूका बीचमा खुल्लमखुल्ला हिँडडुल गर्नुभएन’’ यूहन्ना १२ अध्यायमा येशूले धार्मिक अगुवाहरूसँग सामना गरेको अन्तिम प्रयास थियो । यूहन्नामा ‘‘सामूहिक’’ भन्ने परिवेशको अनुवादको अर्थ ‘‘साहसपूर्ण‘‘ भन्ने हुन्छ (७:२६; ११:५४; १८:२०) । ७:४ को विशेष शिर्षक लाई हेर्नुहोस् ।

- “एफ्राइम भन्ने सहर’’ यो सहर सामरियाको बेथेलको नजिकै अवस्थित थियो (२ इतिहास १३:१९) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ११:५५-५७

यहूँदीहरूको निस्तार चाड नजिकै थियो, र गाउँ-गाउँबाट धेरै जना आफू आफूलाई शुद्ध पार्न भनी निस्तार चाडको आरम्भ हुन अघि यरूसलेममा गए । तब तिनीहरूले येशूलाई खोजे, अनि तिनीहरू मन्दिरमा खडा हुँदा आपसमा भन्न लागे, ‘‘तिमीहरूलाई कस्तो लाग्छ, के उनी चाडमा आउलान् ?’’ मुख्य पूजाहारी र फरिसीहरूले चाहिँ येशूलाई पक्रन उहाँ कहाँ हुनुहुन्छ भनी कसैले थाहा पाए खबर गर्नु भन्ने आज्ञा दिएका थिए । ‘‘

११:५५-५७ यी पदहरूले अध्यायहरू ११ र १२ लाई सँगसँगै जोड्दछन् ।

११:५५ ‘‘आफू आफूलाई शुद्ध पार्न भनी’’ यसले धार्मिक संस्कार निस्तार चाडको शुद्धीकरणको तयारीलाई बताउँदछ । त्यहाँ अझैपनि येशूले कति धेरै सिकाउनुभयो, प्रचार गर्नुभयो, र प्यालेष्टाइनमा सेवकाइ गर्नुभयो भन्ने कुरामा विवाद छ । यूहन्ना बाहेको स ुसमाचारको संरचना यस्तो प्रकारले गरिएको छ, कि यसमा एक वा दुई वर्ष सम्भव हुन्छ । तरैपनि, यूहन्नामा विविध निस्तार चाडहरू छन् (एउटा वार्षिक चाड) । त्यहाँ निश्चित रूपमा तीनवट (२:१३; ६:४; र ११:५५), र चौथोलाई कमसेकम ५:१ मा ‘‘चाड’’ मा लागु गरिन्छ ।

११:५७ यो यूहन्नाले गरेको अर्को सम्पादकीय टिप्पणी हो ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको मार्गनिर्देशिकाको टिप्पणी हो, जसको आशय बाइबलको आफ्नै अनुवादको निम्ति आफू नै जिम्मेवार हुनुपर्छ भन्ने हो । हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणकारको रूपमा त्याग्नु पर्दैन ।

यी छलफलका प्रश्नहरू यस पुस्तकको यो खण्डको मुख्य विषयहरूद्वारा सोच्नलाई तपाईंलाई प्रदान गर्दछन् । तिनीहरू विचारलाई बढावा दिने हुन्छन्, र निश्चित हुँदैनन् ।

१. किन येशूले लाजरसलाई मर्ने अनुमति दिनुभयो ?
२. को तर्फ आश्चर्यकर्म निर्देशित थियो ?
३. पुनरुत्थान र होशमा ल्याउने कामको बीचमा के अन्तर छ ?
४. किन यहूदी अगुवाहरूले लाजरसलाई मृत्युबाट उठाउने बारेमा यति धेरै भयभित पारे?

# यूहन्ना १२ अध्याय
## आधुनिक अनुवादकहरूका अनुच्छेदका विभाजनहरू

| युबियस४ | ४एनकेजेभि | एनआएसभि | ाटइभि | एनजेबि |
|---|---|---|---|---|
| वेथानीमा अभिषेक गरिएको | वेथानीमा अभिषेक गरिएको | वेथानीमा अभिषेक गरिएको | येशूले वेथानीमा अभिषेक गर्नुभएको | वेथानीमा अभिषेक गरिएको |
| १२:१-८ | १२:१-८ | १२:१-८ | १२:१-८ | १२:१-८ |
| | | | १२:७-८ | |
| लाजरसको विरुद्धको योजना | लाजरसलाई मार्ने योजना | | लाजरसको विरुद्धको योजना | |
| १२:९-११ | १२:९-११ | १२:९-११ | १२:९-११ | १२:९-११ |
| यरूशलेममा भएको विजय प्रवेश | विजय प्रवेश | खजुरको आइतबार | यरूशलेममा भएको विजय प्रवेश | मसिह यरूशलेममा प्रवेश गर्नुभएको |
| १२:१२-१९ | १२:१२-१९ | १२:१२-१९ | १२:१२-१३ | १२:१२-१९ |
| | | | १२:१४ | |
| | | | १२:१५ | |
| | | | १२:१६ | |
| | | | १२:१७ | |
| | | | १२:१८-१९ | |
| केही ग्रीकहरूले येशूलई खोजेका | उत्पादनशील गहुँको दाना | येशूको सार्वजनिक सेवकाइ | केही ग्रीकहरूले येशूलई खोजेका | येशूले उहाँको मृत्यु र पछि हुने महिमालाई अगवाणी गर्नुहुन्छ |
| १२:२०-२६ | १२:२०-२६ | १२:२०-२६ | १२:२०-२१ | १२:२०-२८ख |
| | | | १२:२२-२६ | |
| मानिसको पुत्र उचालिनु पर्छ | येशूले उहाँको क्रूसमा हुने मृत्युको बारेमा अगमवाणी गर्नुहुन्छ | | येशूले उहाँको मृत्युको बारेमा बताउनुहुन्छ | |
| १२:२७-३६क | १२:२७-३६ | १२:२७-३६क | १२:२७-२८क | |
| | | | १२:२८क | १२:२८ख |
| | | | १२:२९ | १२:२९-३२ |
| | | | १२:३०-३३ | |
| | | | | १२:३३-३६क |
| | | | १२:३४ | |
| | | | १२:३५-३६क | |
| यहूदीहरूको अविश्वास | हाम्रो प्रतिवेदनलाई कसले विश्वास गरेको छ ? | | मानिसहरूको अविश्वास | |
| १२:३६ख-४३ | | १२:३६ख-४३ | १२:३६ख-३८ | १२:३६ख |
| | | | | निष्कर्ष: यहूदीहरूको अविश्वास |
| | १२:३७-४१ | | | १२:३७-३८ |
| | | | १२:३९-४० | १२:३९-४० |
| | | | १२:४१ | १२:४१ |
| | ज्योतिमा हिँड्नु | | १२:४२-४३ | १२:४२-५० |
| येशूको वचनद्वारा आउने न्याय | १२:४२-५० | | येशूको वचनद्वारा आउने न्याय | |
| १२:४४-५० | | १२:४४-५० | १२:४४-५० | |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको भावनालाई पछ्याउनु

यो अध्ययनको मार्गनिर्देशिकाको टिप्पणी हो, जसको आशय बाइबलको आफ्नै अनुवादको निम्ति आफू नै जिम्मेवार हुनुपर्छ भन्ने हो। हामी सबै जना नै हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याको प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणकारको रूपमा त्याग्नु पर्दैन।

एकै बसाइमा पाठलाई पढ्नुहोस्। विषयलाई पत्ता लगाउनुहोस्। तपाईंको विषयको विभाजनलाई आधुनिक पाँचवटा अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेद उत्प्रेरित भएको छैन, तर स ुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## पदहरू १-५० को पाठगत अन्तर्दृष्टि

क. यी चारवटै सुसमाचारहरूले महिलाद्वारा गरिएको अभिषेकको प्रतिवेदन दिएका छन्। त्यसकारण, यो घटना सुसमचारका लेखकहरूलाई महत्वपूर्ण रूपमा लेखिएको हुनुपर्छ। तरैपनि, मर्कूस १४:३-९, मत्ती २६:६-१३, र यूहन्ना १२:२-८ ले उनलाई लाजरसको दिदी बेथानीकी मरियमको रूपमा पहिचान गराउँदछ, र जबकि लूका ७:३६-५० ले उनलाई गालीलकी पापपूर्ण स्त्रीको रूपमा पहिचान गराउँदछ।

ख. १२ अध्यायले येशूको सार्वजनिक सेवकाइको बारेमा बन्द गर्दछ (पद २९)। उहाँले घरी-घरी यहूदी अगुवाहरूलाई विश्वासमा ल्याउनुहुन्छ,। अध्याय ११ ले सहरका मानिसहरूलाई उहाँको विश्वासमा ल्याउने उहाँको प्रयास थियो।

ग. त्यहाँ यो खण्डमा मानिसहरूका पाँचवटा समूहलाई वताइएको छ:
१. त्यो भीडले लाजरसलाई मृत्युबाट उठाइएको गवाही दियो, पद १७
२. यरूशलेमको एउटा भीड
३. निस्तार चाडको यात्रामा आएको त्यो भीड, पदहरू १२,१८,२९,३४
५. सम्भवत् यहूदी अगुवाहरूको एउटा भीड, जसले उहाँमा विश्वास गरे, पद ४२
४. सम्भवत् अन्यजातिको एउटा भीड, पद २०

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १२:१-८**

निस्तार-चाडको छ दिनअघि येशू बेथानियामा आउनुभयो। त्यहाँ लाजरस बस्थे, जसलाई येशूले मृतकबाट जीवित पार्नुभएको थियो। तिनीहरूले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे। मार्थाले सेवा टहल गर्थिन्, अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरूमध्ये एकजना थिए, तब मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूको पाउँमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो। तर उहाँका चेलाहरूमध्ये एकजना, अर्थात् उहाँलाई पक्राउन खोज्ने यहूदा इस्करियोतले भन्यो, यो अत्तर तीनसय चाँदिका सिक्कामा बेचेर त्यो रकम गरीबहरूलाई दिए हुँदैनथ्यो ?" तर त्यसले गरीबहरूलाई ख्याल राखेर यो भनेको थिएन, किनकि त्यो चोर थियो, र पैसाको थैलो त्यसले राख्थ्यो, अनि त्यहाँबाट चोर्ने गर्थ्यो। येशूले भन्नुभयो, यिनलाई केही नभन, मेरो दफन-दिनको लागि यिनलाई त्यो राखिछोड्न देऊ, किनभने गरीबहरू सधैँ तिमीहरूसँग हुन्छन्, तर म त सधैँ तिमीहरूसँग हुन्न।"

१२:१ "निस्तार-चाडको छ दिनअघि" यो मत्ती २६:२ बाट आएको फरक तिथिगत परिणाम हो। यसलाई यसो भनेर संझनुपर्छ, कि सुसमाचारको प्रारम्भिक जोड तिथी होइन, तर येशूका कार्यका प्रतिनिधि हुन्, जसले उहाँको व्यक्ति र कार्यको बारेमा प्रदर्शन गर्दछन्। सुसमाचारहरू जीवनीहरू होइनन्, तर लक्षित समूहको निम्ति सुसमाचारीय बाटाहरू हुन्।

१२:२ "तिनीहरू" यसले बेथानी सहरका मानिसहरूलाई बताएको जस्तो देखिन्छ, जसले येशूलाई बेलुकीको खाना दिए, र उहाँले लाजरसलाई उठाएकोमा चेलाहरूले सम्मान पनि दिए। तरैपनि, मत्ती २६:६ मा यो घटना सिमोन कोरीको घरमा भएको थियो।

१२:३ "पाउण्ड" यो ल्याटिन परिवेश हो, जसले रोमी पाउण्डलाई बताउँछ, जसको बरारबर १२ ओज हुन्छ। यो महङ्गो अत्तर मरियमको विवाहको दाइजो हुन सक्थ्यो। धेरै अविवाहित महिलाहरूले यस किसिमको अत्तरलाई तिनीहरूको घाँटी वरिपरि लगाउने गर्थे।

- नासाब "एउटा पाउण्डको शुद्ध पदार्थको अत्तर जसको मुल्य धेरै पर्दथ्यो"
- एनकेजेभि "मेरुदण्डको निम्ति एउटा पाउण्डको धेरै किमति तेल"
- एनआरएसभि "एक पाउण्डको धेरै मुल्य पर्ने शुद्ध पदार्थको अत्तर"
- टिइभि "शुद्ध तरल पदार्थबाट बनेको आधी लिटरको धेरी किमति अत्तर"
- एनजेबि "एक पाउण्डको शुद्ध तरल पदार्थबाट बनेको अति नै किमति मलम"

त्यहाँ विशेषणको अर्थको माथि धेरै नै संयोजक आएका छन्: १) शुद्ध; २) तरल; वा ३) एक स्थानको नाउँ । त्यो अत्तर आफै जटामसिको हिमालतिरको जडिबुटीबाट बनाइएको थियो, जुनचाहिँ अति नै महङ्गो हुन्थ्यो । याकूब एम फ्रिम्यानको "बाइबलका तरिका र चालचलन" भन्ने पुस्तकको पानाहरू ३७९-३८० लाई हेर्नुहोस् ।

- "येशूको पाउँमा मलिन" उही घटनाको अर्को सुसमाचारको गणना (सायद लाजरसलाई उठाएकोमा मरियमको धन्यवादको कार्य थियो, पद २) ले शरमा पनि अत्तर छर्केको कुरा बताउँदछ । अन्ततः मरियमले उहाँको सम्पूर्ण शरीरमा अत्तर खन्याइन, शीरदेखि पैतलासम्मै । येशूको पाउँहरूसम्मै यस्तो कार्य गर्नु को पछाडिको कारणमा उहाँको बाँया कुहिनाले तलको टेवलसम्मै छोएको थियो ।

यो यूहन्नाको दोहोरो कार्य थियो । यस अत्तरलाई उहाँको शरीरलाई गाड्ने तयारीको रूपमा प्रयोग गरिएको थियो (१९:४०) । मरियमले चेलाहरूले गरेको भन्दा पनि उहाँको तत्काल हुने मृत्युको बारेमा येशूको सन्देशलाई बढी मात्रामा बुझेको हुनुपर्छ (पद ७) । ११:२ को अत्तर लगाउने बारेमा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "अत्तरको बास्नाले घर भरियो" कस्तो स्पष्ट आँखाको गवाहीको सारांश ! यूहन्नाले स्पष्टरूपमा त्यो क्षणलाई संझन्छन् !

१२:४ "यहूदा इस्करियोत" "इस्करियोत" भन्ने शब्दको परिवेशको सम्भवत् दुईवटा इतिहास छन्: यहूदाको एउटा सहर (केरियोथ, यहोशू १५:२५ वा २) सबै सुसमाचारका लेखकहरूले "चक्कुले हत्या गर्नु" भन्ने परिवेशलाई चलाएका छन्, यूहन्नाले यहूदाको बारेमा सबैभन्दा खराब भनाइ दिएका छन् (पद ६) । ६:७०-७१ को पूर्ण टिपोटलाई हेर्नुहोस् ।

- "छल गर्नु" यो अर्को सम्पादकीय टिप्पणी हो । सामान्यतया यो परिवेशमा यस्तो संकेत दिइएको छैन । यसको शाब्दिक अर्थ न्यायिक भावमा "प्रदान गर्नु" वा पुऱ्याइ दिनु भन्ने हुन्छ, वा अर्कोलाई केही चिजमा भरोसा गर्नु भन्ने हुन्छ । १८:२ लाई टिपोटमा हेर्नुहोस् ।

१२:५ "तीनसय चाँदिका सिक्का" एक जना सिपाही र श्रमिकको निम्ति एक दिनको ज्याला १ दिनारी थियो, त्यसकारण, यो एक वर्षको ज्यालाजति थियो ।

१२:६ यो पद अर्को सम्पादकीय टिप्पणी हो । यूहन्नाले अन्य कुनै सुसमाचारमा भन्दा यहूदालाई धेरै दोष लगाएका छन् ।

- नासाब, एनकेजेभि "पैसाको बाकस"
- एनआरएसभि "सामान्य पैसाको थैली"
- टिइभि "पैसाको झोला"
- एनजेबि "सामान्य कोष"

यस शब्दको अर्थ "एउटा सानो बाकस" भन्ने हुन्छ । यसलाई सुरुमा संगीतकारहरूले तिनीहरूका मुखका राख्नलाई प्रयोग गरेका थिए ।

- "र पैसाको थैलो त्यसले राख्थ्यो, अनि त्यहाँबाट चोर्ने गर्थ्यो" यसको ग्रीक परिवेश "ल्याउन" भन्ने हुन्छ । यसलाई दुईवटा विविध भावनाहरूमा प्रयोग गरिएको छ: १) उनले बाकसलाई ल्याए, तर २) उनले बाकसमा भएको वस्तुहरूलाई पनि ल्याए । यो भनाइलाई यस्तो कुरा देखाउनलाई समावेश गरिएको छ, कि पद पाँच मा दिइएको गरीबहरूलाई गरिने यहूदाको वास्तामा उनले आफैलाई चोर्ने क्षमा थियो ।

१२:७ यो अनौठो पद हो । यसले स्पष्टरूपमा यो दिने कार्यलाई जोड्दछ, र कसैलाई गाड्ने प्रकृया गर्दा गरिने भक्ति पनि उस्तै हुन्छ (१९:४०) । यो यूहन्नाको अभगमाणीको भनाइको अर्को पक्ष हो ।

"किनभने गरीबहरू सधैँ तिमीहरूसँग हुन्छन्" यो व्यवस्था १५:४ र ११ सँग सम्बन्धित छ । यो गरीबहरूको सम्बन्धमा निन्दा गरिएको भनाइ थियो, तर यो येशूमा मसीहको उपस्थितिको एउटा जोड थियो (पद ३५; ७:३३; ९:४) । प्राचीन पूर्व नजिकैको साहित्यको बीचमा अधिकार र गरीबहरूलाई हेरचाह गर्ने विषय पुरानो करारमा अचम्म लाग्ने हुन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १२:९-११

"यहूदीहरूको एउटा ठूलो भीडले उहाँ त्यहाँ हुनुहुन्छ भन्ने थाहा पायो, र येशूको खातिरमा मात्र होइन, तर उहाँले मृतकबाट जीवित पार्नुभएको लाजरसलाई पनि हेर्न भनी तिनीहरू आएका थिए । यसैले मुख्य पूजाहारीहरूले लाजरसलाई पनि मार्ने मतो गरे । किनभने तिनैले गर्दा यहूदीहरू मध्ये धेरैजना छुटिएर गइ येशूमाथि विश्वास गर्न लागेका थिए ।"

१२:९ "यहूदीहरूको एउटा ठूलो भीडले उहाँ त्यहाँ हुनुहुन्छ भन्ने थाहा पायो" यो यूहन्नामा प्रयोग गरिएको "यहूदी" भन्ने परिवेश असामान्य थियो । सामान्यतया यसले येशूको विरोधी धार्मिक अगुवाहरूलाई बताउँदछ । तरैपनि ११:१९,४५; १२:१७ मा यसले यरूशलेम सहरका मानिसहरूलाई बताउँदछ, जोहरू लाजरसका मित्र थिए, र उनको दाह संस्कारमा आएका थिए ।

१२:१० "यसैले मुख्य पूजाहारीहरूले लाजरसलाई पनि मार्ने मत्तो गरे" तिनीहरूले प्रमाणलाई हटाउने चाहना गरे ! तिनीहरूको विचार डर (११:४८) र डाह (११:४८; २:११) ले भरिएको थियो ।

तिनीहरूले यस कुराको विचार गरेको हुनुपर्छ, कि येशूको होसमा ल्याउने कार्य एकदमै अलग्गै र बिरलै पाइने घटना थियो । यी यहूदी अगुवाहरूको अन्धोपन र पूर्वाग्रहले गर्दा पतन भएको मानव जातिको अँध्यारोपनलाई देखाउँदछ ।

१२:११ यसले ११:४५ को पछाडिपट्टी सम्बन्धित राख्दछ । यूहन्ना २:२३ को "विश्वास" भन्ने क्रियाको प्रयोगलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १२:१२-१९

भोलिपल्ट चाडमा आउने ठूलो भीडले येशू यरूशलेममा आउँदैहुनुहुन्छ भन्ने सुन्यो र मानिसहरू खजूरका हाँगाहरू लिएर उहाँलाई स्वागत गर्न कराउँदै निस्के । "होसन्ना ! धन्य परमप्रभुका नाउँमा आउने इस्राएलका राजा ।" अनि गधाको एउटो बछेडो भेट्टाएर येशू त्यसमाथि चढ्नु भयो, जस्तो लेखिएको छ, "सियोनकी छोरी, नडराऊ । हेर, तिम्रा राजा गधाको बछेडामाथि सवार भएर आउँदैहुनुहुन्छ ।" यी कुराहरू उहाँका चेलाहरूले कहिल्यै बुझेनन्, तर येशूको महिमा भएपछि यी कुरा उहाँको विषयमा लेखिएका थिए, र यो काम उहाँको निम्ति तिनीहरूले गरेका हुन भन्ने तिनीहरूले सम्झे । उहाँले लाजरसलाई चिहानबाट बोलाएर मृतकबाट जीवित पार्नुहुँदा उहाँको साथमा हुने भीडका मानिसहरूले उहाँको गवाही दिइ नै रहे । उहाँले यो चिन्ह गर्नुभएको थियो भनी सुनेका हुनाले पनि भीड उहाँलाई भेट्न गएको थियो । फरिसीहरूले तब एक-अर्का लाई भन्न लागे, "हेर, तिमीहरूबाट केही हुने होइन । देख्दछौं, संसारै त्यसको पछि लागिसक्यो ।"

१२:१२-१९ यो यूहन्नाको संस्करणको यरूशलेमभित्र प्रवेश गरेको विजय उत्सव थियो (मत्ती २१:१-११; मर्कूस ११:१-११; लूका १९:२९-३८) ।

१२:१२ "भोलिपल्ट चाडमा आउने ठूलो भीडले" त्यहाँ यहूदी पुरुषहरूको लागि तीनवटा चाडका दिनहरू थिए (प्रस्थान २३:१४-१७; लेवी २३ अध्याय; व्यवस्था १६:१६) । प्यालेष्टाइनभन्दा बाहिर बस्ने यहूदीहरूको जीवनभरिको चाहना यरूशलेमको चाडमा सहभागी हुने थियो । यी निश्चित चाडहरूको समयमा यरूशलेमको जनसंख्या सामान्य जनसंख्याभन्दा चार/पाँच गुना बढी हुन्थ्यो । यो वाक्यांशले यो वृहत तिर्थयात्रीको उत्सुकताको संख्यालाई बताउँदछ, जसले येशूलाई सुने र उहाँलाई हेर्ने चाहना राखे (११:५६) ।

१२:१३ "मानिसहरू खजूरका हाँगाहरू लिएर" यो खजूरका हाँगाहरू भन्ने ग्रीक वाक्यांश असामान्य छ । कतिले यस्तो विश्वास गर्दछन्, कि कुनै समयमा खजूरहरू जैतुन पहाडको भिरालोमा बढेका थिए (जस्तैः योसेफस), जबकि अरूहरूले विश्वास गरेकि तिनीहरू यरिहोबाट आयात गरिएका थिए । तिनीहरू विजय वा सफलताको निम्ति संकेत भएको हुनुपर्छ (प्रकाश ७:९) । तिनीहरू हरेक वर्ष छाप्रो बासको चाड (लेवी २३:४०) र निस्तार चाड (मकाबीहरूको अवधिको परम्परा) लाई संकेतको रूपमा प्रयोग गरिएको थियो ।

- उहाँलाई स्वागत गर्न कराउँदै निस्के" यो असिद्ध काल हो, जसले यस्तो देखाउँदछः १) विगत समयमा दोहोरिएको कार्य, वा २) विगत समयमा सुरु भएको कार्य ।
ती अन्तिम दुईवटा माथिको विरुद्धमा तलको दोहोरो भागको रूपमा यूहन्नामा अति नै सामान्य छन्।

यूहन्नामा तह #२ अनौठो वाक्यांश हो (जस्तैः ८:४२; १३:३; १६:२८,३०; १७:८)। यसको सुरुवात र स्थान दुवैमा निष्कर्ष हुन्छ (जस्तैः स्वर्गबाट आएको ईश्वर)।

१३:४ "अनि उहाँ भोजनबाट उठ्नुभयो" तिनीहरू तिनीहरूको खुट्टासँगै बाँया कुहिनाको अढेस लिएर तिनीहरूको पछाडि झुण्डिरहेका थिए, र कुर्सीमा बसिरहेका थिएनन्।

- "बाहिरी बस्त्र एकातिर राखी" यहाँ बहुवचनले येशूको बाहिरी बस्त्र भन्ने कुरा बताउँछ (जस्तैः १९:२३)। यो पनि चाखलाग्दो छ, कि यो उही क्रिया १०:११,१५,१७,१८ मा येशूले उहाँको जीवन दिनको निम्ति प्रयोग गरिएको छ (जस्तैः पद ३७)। यो यूहन्नाको अर्को दोहोरो संझौता हुन सक्छ। यो यस्तो पनि देखिन्छ, कि गोडा धुनु नम्रताको एउटा वस्तुको पाठभन्दा पनि बढी हुन्छ (जस्तैः पदहरू ६-१०)

१३:५ "चेलाहरूका गोडा धुन लाग्नुभयो" यो ग्रीक शब्दलाई "शरीरको कुनै भाग धुनेमात्र" को प्रयोग गरिएको थियो। पद १० मा दिइएको त्यो शब्दलाई सम्पूर्ण शरीर नुहाउने कार्यमा प्रयोग गरियो। गोडा धुने कार्य दासको जिम्मेवारी थियो। अझै गुरुहरूले तिनीहरूको चेलाहरूलाई यो कार्य गरेको आशा राखेनन्। येशूले उहाँको आफ्नै ईश्वरत्वलाई थाहा पाएर, यी डाही र महत्वाकांक्षी चेलाहरू र यहूदा समेतको गोडा धुने चाहना राख्नुभयो !

१३:६ "पत्रुसको प्रश्नमा येशूको भावनालाई इन्कार गर्ने तरिकाले प्रश्न गरेका थिए। पत्रुसले कतिचोटी विचार गरेकोमा येशूले के कुरा गर्न हुने र नहुने भन्ने थाहा थियो।

१३:७ ती चेलाहरू जो येशूसँगै बस्दथे, तिनीहरूले सधैं उहाँका कार्यहरू र सिकाइहरूलाई बुझ्न सकेनन् (२:२२; १०:६; १२:१६; १४:२६; १६:१८)। यो असमझदारी समानान्तर दोहोरोपनलाई प्रकट गर्ने उपाय हो।

"प्रभु, के तपाईंले मेरो गोडा धुने ?" यो बलियो दोहोरो नकारात्मक हो, जसको अर्थ "कहिल्यै पनि कुनै पनि परिवेशमा होइन भन्ने हो।"

- "यदि मैले तिम्रो गोडा धोइदिइन भने, तिमीसँग मेरो कुनै भाग हुँदैन" यो तेस्रो तहको शर्तात्मक वाक्य हो। यो पदले यो कुराको लागु गर्दछ, कि यहाँ व्यवहारिक वस्तुको पाठभन्दा पनि धेरै कुरा भएको थियो। पदहरू ६-१० ले क्रूसमा भएको येशूको कार्यलाई पापलाई क्षमा दिने कुरासँग सम्बन्धित बनाएको जस्तो देखिन्छ।

दोस्रो वाक्यांशले पुरानो करारलाई प्राप्त गर्ने भनाइसँग सम्बन्धित भएजस्तो देखिन्छ (जस्तैः व्यवस्था १२:१२; २ शमूएल २०:१; १ राजा १२:१६)। यो अन्तमा हुने धेरै बलियो भनाइ हो।

१३:९ त्यो ग्रीक नकारात्मक कृदन्त "होइन" (M□) भन्नेले "धुनु" भन्ने आज्ञार्थकलाई लागु गर्दछ।

"नुहाइसकेको मानिसलाई" यहाँ येशूले आलंकारिक रूपमा छुटकारालाई बताइरहनुभएको छ । पत्रुसलाई धोइएको छ (बचाइएको, जस्तैः १५:३; तीतस ३:५), तर नजिकको सम्बन्ध कायम राख्नको लागि निरन्तर पश्चात्ताप गर्नुपर्ने खाँचो हुन्छ (जस्तैः १ यूहन्ना १:९) ।

अर्को पाठगत सम्भाव्य कुरा यो छ, कि यहाँ येशूले यहूदाले पक्राइदिने कुरालाई बताइरहनुभएको छ (जस्तैः पदहरू ११,१८) । यसरी नुहाउनु भन्ने अलंकारले यस्तो कुरा बताउँदछ, कित १) पत्रुसको शरीर वा २) त्यो प्रेरितिय समूह ।

- "अनि तिमीहरू शुद्ध छौं, तर सबै त होइन" यहाँ तिमीहरू भन्ने बहुवचनमा छ, जसले यहूदा बाहेकका चेलाहरूको भित्री समूहलाई बताउँदछ ( जस्तैः पदहरू ११,१८; ६:७०) ।

"शुद्धता" ले तिनीहरूले अंगालेको येशूको सन्देशलाई बताउँदछ (जस्तैः १५:३) । तिनीहरू "शुद्ध" छन्, किनकि तिनीहरूले शुद्ध हुने चाहिँ वा येशू ख्रीष्ट को सन्देशलाई प्राप्त गरेका/विश्वास गरेका/भरोसा गरेका छन् ।

"तर सबै त होइन" भन्ने वाक्यांशको निम्ति यूहन्ना ६:६४ को चेलापनि भन्ने कुरालाई विशेष शिर्षकमा हेर्नुहोस् ।

१३:११ टिइभि र एनइटि बाइबलले यो पदलाई छोटकरीमा व्याख्या गर्दा लेखकको सम्पादकीय टिप्पणीमा धेरै मध्ये एउटा हुन सक्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ १३:१२-२०

तिनीहरूका गोडा धोइसकेपछि, आफ्नो बाहिरी बस्त्र लाएर उहाँ फेरी बस्नुभयो । तब उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू जान्दछौं, मैले तिमीहरूको निम्ति के गरें ? तिमीहरूले मलाई प्रभु र गुरु भन्दछौं, त्यो तिमीहरू ठीकै भन्दैछौं, किनभने म उही हुँ । यदि तिमीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु, भने, तिमीहरूले पनि एक अर्काका गेडा धुनुपर्छ, किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसै मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर । साँच्चै म तिमीहरूलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन । यदि तिमीहरूले यी कुरा जान्यौ, र ती गर्‍यौं भने, तिमीहरू धन्य हुनेछौं । मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइन, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु । तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि मेरो रोटी खानेले ममाथि आफ्नो हात उठायो । यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि अब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस्। साँच्चै म तिमीहरूलाई भन्दछु, जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, अनि मलाई ग्रहण गर्नेले मलाई पडाउनुहुनेलाई ग्रहण गर्दछ ।"

१३:१२-२० पदहरू ६-१० को विपरिततामा, यहाँ येशूले उहाँको कार्यलाई नम्रताको उदाहरणको रूपमा वर्णन गर्नुभएको छ । चेलाहरू को ठूलो हुने भन्ने बारेमा बादबिवाद गरिरहेका थिए (जस्तैः लूका २२:२४) । यो परिवेशमा येशूले दासको कार्य गर्नुहुन्छ, तब यसको अर्थ के हो भनेर बताउनुहुन्छ, र यो ३:१४ मा कसरी लागु गर्न सकिन्छ ।

१३:१४ यो पहिलो तहको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट वा उनको उद्देश्यहरूको निम्ति साँचो भएको मानिलिइन्छ ।

- "प्रभु र गुरु" पदहरू १३ र १४ मा प्रयोग गरिएको निश्चित उपपदलाई हेर्नुहोस् । शिर्षकहरूलाई पनि फरक बनाइएको कुरा याद गर्नुहोस् । उहाँ नै त्यो चाहिँ हुनुहुन्छ, जसले अधिकारकासाथ बोल्नुहुन्छ । उहाँले पितालाई प्रकट गर्नुहुन्छ, र आज्ञाकारिता र भक्ति प्रकट गर्नुहुन्छ । तिनीहरूले के कुरालाई नक्कल गर्नुपर्ने छ त ? (पद १५) ।

१३:१४-१५ "तिमीहरूले पनि एक अर्काका गेडा धुनुपर्छ" के यो भनाइको अर्थ यो हो, कि यस नम्रताको कार्यलाई तेस्रो मण्डलीको अभिषेक गर्नु भन्ने हुन्छ? धेरै ख्रीष्टियन समूहहरूले होइन भनेका छन्, किनकिः

१. त्यहाँ प्ररितका कुनै पनि मण्डलीले यसलाई गरे भनेर अभिलेख राखिएको छैन
२. यसलाई नयाँ करारका पत्रहरूमा कहिल्यै पनि बताइएको छैन
३. यसलाई कहिल्यै पनि विशेष रूपमा यो बप्तिस्मा (जस्तैः मत्ती २८:१९) र प्रभुभोज (जस्तैः १ कोरिन्थी ११:१७-३४) जस्तै निरन्तर भइरहने प्रकृया हो भनेर भनिएको छैन ।

यसमा यो कुरालाई लागु गर्ने भन्ने अर्थ आउँदैन, कि यो आराधना गर्ने घटनाको महत्वपूर्ण कुरा हुनु पर्दैन ।

यसको एउटा "नमुना" मा येशूले तिनीहरूलाई दिएको कुरा नम्रतामात्र थिएन, तर बलिदानको सेवा पनि थियो (जस्तैः १५:१२-१३) । यसलाई १ यूहन्ना ३:१६ ले राम्ररी बताउँदछ । येशूले अन्तसम्मै प्रेम गर्नुहुन्छ (पद १), तिनीहरूले पनि अन्तसम्मै प्रेम गर्नुपर्ने हुन्छ (जस्तैः आत्म-बलिदानको एउटा जीवन र पतन हुने उल्टो कुरा) ।

१३:१६ "साँच्चै म तिमीहरूलाई भन्दछु," यसलाई शाब्दिक अर्थमा "आमेन, आमेन" भनेको हो (पद २० मा जस्तै) । यो पुरानो करारको "विश्वास" को निम्ति आएको स्वरुप हो (जस्तैः हबकूक २:४) । येशू मात्र एउटा हुनुहुन्छ (कुनै पनि ग्रीक साहित्यमा), र उहाँले जहिले पनि यो सुरुको स्थानलाई प्रयोग गर्नुहुन्छ । सामान्यता यसलाई अन्तमा यसो भनिएको थियो, १) सँगै सहमत हुनु वा २) भनाइ वा कार्यलाई निश्चित गर्नु । जब यसलाई वाक्यको सुरुमा प्रयोग गरिन्छ वा दोहोरो बनाइन्छ, तब यो अधिकार प्राप्त वा ध्यान केन्द्रित गर्ने साधन बन्दछ । १:५१ को आमेनलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

- "नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन" यो सत्यतालाई संचार गर्ने परिचयात्मक वाक्यांश हो ।

१. यूहन्ना १३:१६, "नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन"
२. यूहन्ना १५:२०
   क. यदि तिनीहरूले मलाई सतावट दिए भने, तिनीहरूले तिमीहरूलाई पनि सतावट दिनेछन्
   ख. यदि तिनीहरूले मेरा वचन पालन गरे भने, तिनीहरूले तपाईंहरूकालाई पनि पालन गर्नेछन्
३. लूका ६:४० (जस्तै), तर हरेक जनालाई उहाँले पूर्ण रूपमा तालिम दिएपछि, उनीहरूका गुरु जस्तै नै हुनेछन् (मत्ती १०:२४)
४. लूका २२:२७ (जस्तै), तर म तिमीहरू चाहिँलाई जस्तै सेवा गर्नेको बीचमा हुन्छु

१२:१७ “यदि तिमीहरूले यी कुरा जान्यौ, र ती गर्‍यौं भने, तिमीहरू धन्य हुनेछौ” त्यो पहिलो “यदि” भन्ने पहिलो तहको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोणबाट साँचो भएको मानिलिइन्छ । यो पदमा दोस्रो “यदि” चाहिँ तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । यदि हामीले जान्यौं भने, हामीले गर्नुपर्छ (जस्तैः मत्ती ७:२४-२७; लूका ६:४६-४९; रोमी २:१३; याकूब १:२२-२५; ४:११) । ज्ञान लक्ष्य होइन, तर ख्रीष्टजस्तै जीउने हो । यसले हिब्रू क्रियापद सेमा, “जस्तो सुनिन्छ, त्यस्तै गर्नु” लाई देखाउँदछ (जस्तैः व्यवस्था ६:४) ।

१३:१८ “तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो” यसले यहूदालाई बताउँदछ । यो भविष्यको र मानिसको स्वतन्त्र चाहनाको आपसमा काटिने रहस्य हो । येशू र उहाँका चेलाहरूले बाइबलको विविधतामा विश्वास गरे ! जब यसमा बोलिन्थ्यो, तब यसमा भरोसा गर्नुपर्ने पनि थियो (मत्ती ५:१७-१९) । धेरै चोटी यूहन्नाले टिप्पणी गरेका छन्, “ताकि बाइबलमा भनिएको कुरा पूरा भएको होस्” (जस्तैः १२:१४; १३:१८; १५:२५; १७:१२; १९:२४,३६) । कतिचोटी पुरानो कराको पाठलाई येशू ख्रीष्टको घटनाक्रममा नआएसम्म पूर्ण रूपमा बुझिदैन (जस्तैः प्रकार, जस्तैः होशे ११:१), वा नयाँ करारको घटनाले दोहोरो पूरा गर्ने कार्य गर्दछ (जस्तैः यशैया ७:१४ वा दानिएल ९:२७; ११:३१; १२:११) ।

- “ममाथि आफ्नो हात उठायो” यो भनाइ भजनसंग्रह ४१:९ बाट लिइएको हो । सँगसँगै खाने सुरुको परम्परालाई मित्रताको संकेतको रूपमा लिइन्थ्यो, र यहूदाको दोषीपनमा करारलाई उच्च पारिन्थ्यो । पूर्व नजिकै स्थानमा एकजनाको तलको गोडालाई अर्कोलाई देखाउने प्रयासको घृणाको रूपमा लिइन्थ्यो ।

३:१९ यो पदले येशूको आश्चर्यकर्म र भविष्यवाणीको उद्देश्यलाई देखाउँदछ (जस्तैः ३०:३१) । यूहन्नामा, विश्वास भनेको बढ्ने र निरन्तर हुने कुरा हो । येशूले चेलाहरूको विश्वास र भरोसालाई निरन्तररूपमा विकास गर्नुभएको छ । ९:७ को विशेष शिर्षकलाई हेर्नुहोस् । येशूले तिनीहरूको विश्वासलाई यसरी वृद्धि गर्नुहुन्छः

१. उहाँको वचनद्वारा
२. उहाँको कार्यद्वारा
३. उहाँको ज्ञानद्वारा

येशूले परमेश्वरसँग ठीक हुने “नयाँ” उपायमा पूर्ण परिवर्तन ल्याउनुभयो । यसले यहूदी मानिसहरूको परम्परा र विश्वासलाई तोड्दछ ।

१. मोसालाई नभएर उहाँलाई जोड दिइएको थियो
२. प्रस्तुतिलाई नभएर कृपालाई जोड दिइएको थियो

“म उही नै हुँ” यसलाई परमेश्वरको नाउँ यहोवाको सन्दर्भमा लिइएको छ, जुनचाहिँ हिब्रू क्रियाको “हुनु” भन्नेबाट आएको छ (जस्तैः “म हुँ” प्रस्थान ३:१४) । येशूलाई अलौकिक भनाइमा प्रतिज्ञा गरिएको मसिह भनेर यहाँ स्पष्ट रूपमा दावी गरिएको छ (जस्तैः ४:२६; ८:२४,२८,५८; १३: १९ र १८:५,६,८; मत्ती २४:५; मर्कूस १३:६ र लूका २१:८ लाई पनि याद गर्नुहोस्) ।

६:२० को ईश्वरका नाउँहरूलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

१३:२० सामान्यतया यूहन्नाले “विश्वास” (पिसटिऊक) गर्नु, “विश्वासमा” (पिसठेऊक एइस्), वा “त्यो विश्वास” (पिसटेऊक होटी) भन्ने परिवेशमा विश्वासीहरूलाई वर्णन गर्दछन् (२:२३ मा “विश्वास” भन्नेलाई यूहन्नाले प्रयोग गर्दा विशेष शिर्षकमा हेर्नुहोस्), तर उनले अन्य यस्ता परिवेशहरू पनि प्रयोग गर्छन्, जस्तैः “प्राप्त गर्नु” वा स्वागत गर्नु” (जस्तैः १:१२; ५:४३; १३:२०) । सुसमाचारलाई व्यक्तिले स्वागत गर्नु, र त्यस व्यक्तिको बारेमा बाइबलीय सत्यता दुवैलाई स्वीकार गर्नुको साथसाथै त्यस व्यक्तिले जीवन जिउँदा होडबाजी गर्ने पनि हुन्छ ।

- “जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ” येशूका चेलाहरूलाई प्रदान गरेको अधिकारमा कस्तो खालको शक्तिशाली भनाइ । यसले धेरै विविध तहहरूमा कार्य गर्न सक्छ,

१. १२ जना (मत्ती १०:४०), र ७० जना (लूका १०:१६) को मिसन यात्रा
२. मण्डलीको गवाही (जस्तैः १७:२०) ।

येशू ख्रीष्टको सन्देशको बारेमा यसलाई घोषणा गर्नेसँग जीवन परिवर्तन गर्ने शक्ति हुन्छ । त्यो अधिकार उहाँको सन्देश वा सुसमाचारमा हुन्छ, नकि यस धर्तिको सन्देशमा हुने होइन ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ १३:२१-३०

यी कुरा भनेपछि येशू आत्मामा व्याकुल हुनुभयो, र उहाँले गवाही दिई भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये एक जनाले मलाई पक्राइदिनेछ ।” उहाँले कसको विषयमा भन्नुभएको हो भनी अनिश्चित भएर चेलाहरूले एक अर्कालाई हेराहेर गरे । उहाँका चेलाहरूमध्ये येशूले प्रेम गर्नुहुने चेलाचाहिँ येशूको छातिमा अडेस लागिरहेका थिए । तब सिमोन पत्रुसले तिनलाई इशारा गरेर सोधे, “उहाँले यी कसको विषयमा भन्नुभएको हो ?” येशूको छातिमा त्यसरी अडेस लागेर नै तिनले उहाँलाई सोधे, “प्रभु त्यो को हो ?” येशूले जवाफ दिनुभयो, “जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु, त्यो त्यही हो ।” तब उहाँले रोटीको टुक्रा चोप्नुभयो, र निकालेर त्यो सिमोनको छोरो यहूदा इस्करियोतलाई दिनुभयो। रोटीको टुक्रा लिएपछि शैतान त्यसभित्र पस्यो । तब येशूले त्यसलाई भन्नुभयो, “तिमीलाई जे गर्नुछ, सो चाँडै गरिहाल ।” तर उहाँले किन त्यसलाई यसो भन्नुभयो भनी भोजन गर्न बसेकाहरू कसैले पनि बुझेनन् । किनभने कसै-कसैले यो सोंचे, कि यहूदासँग पैसाको थैलो छ, यसैले येशूले त्यसलाई चाडको निम्ति चाहिएको समाग्री किनोस्, वा त्यसले गरिबहरूलाई केही दिओस् भन्नुभएको हो । तब रोटीको टुक्रा लिएपछि यहूदा इस्करियोत तुरुन्तै बाहिर निस्किहाल्यो । त्यस बेला रात परेको थियो ।

१३:२१ “येशू आत्मामा व्याकुल हुनुभयो” येशूलाई यहूदाले पक्राइदिने कार्यले उहाँलाई व्याकुल बनायो (यो उही शब्द येशूलाई १२:२७ मा प्रयोग गरियो) । आत्मिक सम्भाव्यताको कारणले गर्दा येशूले यहूदालाई छान्नुभयो, तर यो कहिल्यै पनि सफलतामा आएन (जस्तैः पद १८) ।

- ‘‘साँच्चै म तिमीहरूलाई भन्दछु’’ १:५१ को टिपोटलाई हेर्नुहोस्’’

१३:२२ यो अनौठो लाग्ने पद हो । भित्री तहका चेलाहरू यो कुरामा डराएका थिए, कि अगाडि नै निर्धारण गरिएको योजनाले तिनीहरूलाई पक्राइदिने बनाउनेछ (जस्तैः मर्कूस १४:१९) । यसको निर्धारण गर्ने कुरासँग समस्या हुन्छ । परमेश्वरको कार्यले मानिसको स्वतन्त्र चाहनालाई अपमान गर्न चाहदैन, तर यसको परिणामहरूलाई जोड दिएर अन्त गर्दछ ।

१३:२३ ‘‘येशूले प्रेम गर्नुहुने चेलाचाहिँ’’ यसले यूहन्ना आफैलाई बताएजस्तो देखिन्छ (जस्तैः १३:२३,२५; १९:२६-२७, ३४-३५; २०:२-५,८; २१:७,२०-२४) । अध्याय १९ को पद २६ ले यसलाई निश्चित गर्दछ । यो सुसमाचारमा यूहन्नाको नाउँ कहिल्यै पनि देखा परेको छैन । के येशूको मनपर्ने कुरा थियो ? हो, उहाँको पनि आफ्ना नजिकका मानिसहरू थिए (पत्रुस, याकूब र यूहन्ना), र एउटा विशेष परिवार पनि थियो (लाजरस, मरियम, मार्था) ।

१३:२५ यो परिवेशले पहिलो शताब्दीको प्यालेष्टाइनमा भोजको व्यवस्थालाई दर्शाउँछ । चेलाहरू घोडाको टापको आकारको होचो टेवलमा पल्टिरहेका हुन्थे, र तिनीहरूले आफ्नो गोडालाई पछाडिपट्टी राखेर तिनीहरूको बाँया कुहिनोले भुण्डिरहेका हुन्थे, तब तिनीहरूका दाहिने हातले खाइरहेका हुन्थे । यूहन्ना येशूको दायातर्फ र यहूदा उहाँको बाँयातर्फ थिए (त्यो सम्मानको स्थान) । बाइबलमा बस्ने क्रमको कारणलाई दिइएको छैन । यूहन्ना पछाडि भुण्डिए, र येशूलाई एउटा प्रश्न सोधे ।

१३:२६ ‘‘जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु’’ यो सम्मान गर्ने एउटा संकेत थियो (जस्तैः रुथ २:१४) । यहूदा येशूको बाँयातर्फ भुण्डिरहेका थिए, जुन चाहिँ सम्मानित स्थान थियो । येशूले अझैपनि यहूदाकोमा पुग्नलाई कोसिस गरिरहनुभएको थियो ।

त्यो रोटी चाप्ने स्थान तीतो चडिबुटी र चट्नीको भाडा थियो (१३:२ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । त्यो चिन्हको समानान्तर (१४:२०) ले ‘‘म सँगै’’ भन्ने कुरा बताउँदछ । यो आँखाले देखेको साक्षीलाई अन्योलतामा पार्दछ ।

- ‘‘इस्करियोत’’ तल दिइएको विशेष शिर्षकलाई हेर्नुहोस्, र ६:७१ र १८:२ को टिपोटहरूलाई पनि हेर्नुहोस् ।

## विशेष शिर्षकः इस्करियोत

यहूदाले प्रभु येशू ख्रीष्टसँग धेरै वर्षसम्म नजिकको दूरिमा संगति गरेका, अवलोकन गरेका, र सुनेका थिए, तरैपनि विश्वासमा उहाँसँग व्यक्तिगत सम्बन्ध अझैपनि थिएन (मत्ती ७:२१-२३) । पत्रुसले पनि यहूदाले जस्तै परीक्षाको भावना भएर गएका थिए, तर यसमा पूर्णतया फरक परिणाम आयो । यहूदाको रुपियाँ-पैसाको बारेमा धेरै छलफल भएका छन्:

१. सामान्यतया यो पैसा सम्बन्धि थियो (जस्तैः यूहन्ना १२:६)
२. सामान्यतया यो राजनैतिक पनि थियो (जस्तैः विलियम क्लासेन, यहूदाको छली वा येशूको मित्र ?)
३. यो आत्मिक थियो (जस्तैः यूहन्ना १३:२७)

शैतानको प्रभाव वा दुष्ट आत्मा लागेको भन्ने विषयमा त्यहाँ थुप्रै असल स्रोतहरू छन् (मैले भरोसा गर्ने क्रममा सूचीकृत गरिएको)

१. मेरिल एफ. अङ्गर, बाइबलमा दुष्टको अध्ययन, आजको विश्वमा दुष्टहरू
२. क्लीन्टन ई. एमोल्ड, आत्मिक लडाइँको बारेमा तीनवटा जटिल प्रश्नहरू
३. कुर्थ कोक, ख्रीष्टियन परामर्श र झुटो शिक्षा, विगत र वर्तमान्‌को दुष्टता
४. सि. फ्रेड डिकासन, भूत लागेको र ख्रीष्टियन
५. जोन पि. न्यूपोर्ट, शैतानहरू, शैतानहरू, शैतानहरू
६. जोन वाररिक मोन्टगोमरी, सिद्धान्तहरू र शक्तिहरू

संस्कारका पुराना कथाहरू र अन्धविश्वासमा होरियार हुनुहोस् । मत्ती १६:२३ मा शैतानले पत्रुसलाई असर पारेजस्तै येशूलाई पनि परीक्षामा पार्‍यो र उहाँको सट्टाको मृत्युमा पुर्‍यायो । शैतान स्थिर छ । उसले येशूको छुटकाराको कार्यलाई रोक्नलाई हाम्रो पक्षमा सम्भाव्य उपाय लगाएर कोसिस गरिरहेको छ ।

१. येशूको परीक्षा, लूका ४ अध्याय
२. पत्रुसको प्रयोग
३. यहूदा र सभाघरको प्रयोग

यहूदालाई येशूले दुष्ट भनेर यूहन्ना ६:७० मा बताउनुभएको छ । बाइबलले विश्वासीहरूसँग सम्बन्ध राख्दा भूत लागेको र यसको प्रभाव भएको विषयलाई छलफल गरेको छैन ।

यस शब्दको इतिहासलाई हेर्दा केही अर्थमा अमिल्दो छ, तरैपनि, त्यहाँ धेरै सम्भावनाहरू छन्:

१. केरियोथ, यहूदाको एउटा सहर (जस्तैः यहोशू १५:२५)
२. कार्टान, गालीलको एउटा सहर (जस्तैः यहोशू २१:३२)
३. कार्किडेस, यरुसलेम वा यरीहोमा भएको खजुरको रुखको हाँगा
४. स्कोटिया, एउटा लवेदा वा छालाको झोला (जस्तैः यूहन्ना १३:२९)
५. एस्कारा, मत्ती २७:५ बाट चाँदीका सिक्काहरू
६. एउटा मार्ने चक्कु (ग्रीक), जसको अर्थ उनी सिमोन जिलेट जस्तै थिए (जस्तैः लूका ६:१६) ।

१३:२७ ‘‘शैतान त्यसभित्र पस्यो’’ यूहन्नाको सुसमाचारमा यो ‘‘शैतान’’ भन्ने परिवेश यहाँमात्र प्रयोग गरिएको छ । यसको अर्थ हिब्रूमा ‘‘बिरोधी’’ भन्ने हुन्छ (जस्तैः लूका २२:३ र यूहन्ना १३:२) । विशेष शिर्षकको निम्ति १२:३१ लाई हेर्नुहोस् । के यहूदा जिम्मेवारी छैनन्, किनकि उनमा शैतान प्रवेश गर्‍यो ? त्यहाँ बाइबलमा आत्मिक परिधिको कार्य (परमेश्वरले फारोको हृदयलाई कठोर बनाउनुभएको), र शारीरिक परिधिको मानवीय जिम्मेवारीपनको बीचमा

चिन्ता छ। मानव जातिहरू तिनीहरूले विचार गरेको तिनीहरूको छनोटमा त्यति स्वतन्त्र छैनन्। हामी सबै जना नै ऐतिहासिक रूपमा, भावनात्मक रूपमा र वंशजीय रूपमा सर्तपूर्ण छौं। यी शारीरिक मापदण्डहरूलाई थप्दाखेरि आत्मिक परिधि हुन्छ (परमेश्वर, आत्मा, स्वर्गदूत, शैतान र दुष्टहरू)। यो नै रहस्य हो ! तरैपनि, मानव जातिहरू मानविय यन्त्रहरू होइनन्, हामी हाम्रो कार्यको लागि, छनोटको लागि, र तिनीहरूको परिणामको लागि जिम्मेवार छौं। यहूदाले कार्य गरे। उनले एक्लै कार्य गरेनन। तरैपनि, उनी उनको कार्यहरूमा नैतिक रूपमा जिम्मेवार छन्। यहूदाले पक्राइदिने कुराको अगमवाणी गरिएको थियो (पद १८)। शैतान उक्साउने व्यक्ति थियो (१२:३१ को व्यक्तिगत दुष्टताको निम्ति विशेष शिर्षकमा हेर्नुहोस्। यो दुःखलाग्ने कुरा छ, कि यहूदाले कहिल्यै पनि पूर्ण रूपमा येशूलाई चिनेनन् वा भरोसा गरेनन्।

१३:२९ "यहूदासँग पैसाको थैलो छ" यहूदा त्यो समूहको पैसाको जिम्मामा थिए (जस्तैः १२:६)। १८:२ को पूर्ण टिपोटलाई हेर्नुहोस्।

त्यस बेला रात परेको थियो" के यो समयको तत्व हो, वा आत्मिक मुल्याङ्कन हो ? यूहन्नाले यस्ता खालका महत्वाकांक्षी वाक्यांशहरूलाई धेरैचोटी प्रयोग गरे, जसलाई विविध उपायले बुझ्न सकिन्थ्यो (जस्तैः निकोदेमश, ३:२, १९:३९)।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १३:३१-३५)**

जब त्यो बाहिर गयो, तब येशूले भन्नुभयो, "अब मानिसको पुत्र महिमित भएको छ, र परमेश्वर उसमा महिमित हुनुभएको छ। यदि परमेश्वर उसमा महिमित हुनुभएको छ भने, परमेश्वरले आफैमा उसलाई महिमित पार्नुहुनेछ। "साना बालक हो, केही बेरसम्म म तिमीहरूसँग छु। तिमीहरूले मलाई खोज्नेछौं, र जसो मैले यहूदीहरूलाई भने, अब तिमीहरूलाई पनि म भन्दछु, जहाँ म गइरहेछु, तिमीहरू आउँन सक्दैनौं।" एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु, तिमीहरू एक-अर्कालाई प्रेम गर। यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यो भने, यसैबाट सबैले जान्ने छन्, कि तिमीहरू मेरा चेलाहरू हौं।"

१३:३१-३८ यी पदहरूले रातको प्रभु भोजको समयमा माथिल्लो कोठामा चेलाहरूसँग कुराकानी गर्दा (जस्तैः १३:३६; १४:५,८,२२; १६:१७-१९) ठूलो परिवेशमा क्रमवद्ध प्रश्नहरूको स्वरुप बनाउँदछन्। यसमा अगाडि नै यस्तो आएको छ, कि येशूको भनाइमा टाढा जाने बारेमा तिनीहरूको बुझाइमा येशूका वचनहरूमा आधारित धेरै प्रश्नहरू भएको हुनुपर्छ।

१. पत्रुस (१३:३६)
२. थोमा (१४:५)
३. फिलिप (१४:८)
४. यहूदा (इस्करियोत चाहिँ होइन) (१४:२२)
५. उहाँका केही चेलाहरू (१६:१७-१९)

१३:३१ "मानिसको पुत्र" यो येशूको आफैले छानेको आत्म-पहिचान थियो। यसको पृष्ठभूमि इजकिएल २:१ र दानिएल ७:१३ हो। यसले मानवीय र अलौकिक विशेषताहरूलाई लागु गर्दछ। येशूले यसलाई प्रयोग गर्नुभयो, किनकि यो परिवेशलाई गुरुहरूको यहूदीवादमा प्रयोग गरिएको थिएन। त्यसकारण यसको राष्ट्रियतावादी वा सैनिकबादी कुरा लागु हुन्छ, र यसले उहाँको दुईवटा स्वभावहरूलाई मिलाउँदछ (जस्तैः १ यूहन्ना ४:१-३)।

१३:३२ यो पदमा ग्रीक हस्तलेखनको फरकपना छ। लामो पाठ नासाब, एनकेजेभि, एनआरएसभि, टिइभि र एनजेबिमा पाइन्छ। यसलाई यस्ता हस्तलेखन हरूले सहायता पुऱ्याएका छन्, जस्तैः !सि, क, सि२, के र पाठगत कुराहरू। यसलाई ("यदि परमेश्वर उहाँमा महिमित हुनुभएको छ भने") एमएसएस, पि६६, !*, बि, सि*, डि, एल, डब्लू, एक्समा मा छोडिएको छ। यिनीहरू हस्तलेखनका असल क्रम भएजस्तो देखिन्छन्। तर यसमा यो सम्भावना छ, कि स्क्राइबहरू यस समानान्तरको अन्योलतामा थिए, र पहिलो वाक्यांशलाई हटाएका थिए।

"महिमित" यो परिवेशलाई पदहरू ३१ र ३२ मा चार वा पाँचचोटी, र एओरिस्ट कालमा दुई वा तीनपटक, र भविष्यत् कालमा दुईचोटी प्रयोग गरिएको छ। यसले परमेश्वरको छुटकाराको योजनामा येशूको मृत्यु र पुनरुत्थानलाई बताउँदछ (जस्तैः ७:३९; १२:१६,२३; १७:१,५)। यहाँ यसले येशूको जीवनमा आउने घटनाहरूलाई वर्णन गर्दछ। तिनीहरू यस कुरामा आउन निश्चित हुन्छन्, कि तिनीहरूलाई विगत घटनाको रूपमा प्रकट गरिएका छन् ( एओरिष्टहरू)। १:१४ को टिपोटलाई हेर्नुहोस्।

१३:३३ "साना बालक हो" यूहन्नाले एउटा सहर वा एफिससको क्षेत्रबाट यो कुरा एकजना बूढो मानिसलाई लेखेर यो उही शिर्षक उनका श्रोताहरू वा पाठकहरूलाई बताउन प्रयोग गरेका छन् (१ यूहन्ना २:१,१२,२८; ३:७,१८; ४:४; ५:२१)। यहाँ येशूको अलंकारले पितासँग हुने कुराको पहिचानमा अर्को उपाय हुँदछ। उहाँ नै बुबा, भाइ, मुक्तिदान, मित्र र परमप्रभु हुनुहुन्छ। वा यसलाई अर्को तरिकाले राख्दाखेरि, उहाँ दुवै सर्बोच्च ईश्वर र अलौकिक दयालु हुनुहुन्छ। .

"केही बेरसम्म म तिमीहरूसँग छु... र जसो मैले यहूदीहरूलाई भने" येशूले यो कुरा धेरै महिला अगाडि नै यहूदी अगुवाहरूलाई भन्नुभएको थियो (जस्तैः ७:३३); अब उहाँले यसलाई उहाँका चेलाहरूलाई भन्नुहुन्छ (जस्तैः १२:३५; १४:१९; १६:१६-१९)। त्यसकारण, यो कुरा स्पष्ट छ, कि समयको तत्वमा केही अर्थमा महत्वाकांक्षी हुन्छ।

- "जहाँ म गइरहेछु, तिमीहरू आउँन सक्दैनौं" यहूदी अगुवाहरू कुनै पनि हालतमा आउन सक्दैनथे (जस्तैः ७:३४,३६; ८:२१)। तिनीहरूको मृत्यु नभएसम्म चेलाहरू उहाँसँग हुँदैनथे, वा उहाँलाई पछ्याउनेहरूले उहाँसँग उठाइ नलगिदा, एकतामा ल्याउनेछ (२ कोरिन्थी ५:८; १ थेसलोनिकी ४:१३-१८)।

१३:३४ "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु, तिमीहरू एक-अर्कालाई प्रेम गर" "एकले अर्कालाई प्रेम गर्ने कुरा नयाँ आज्ञा थिएन (जस्तैः लेवी १९:१८; आज्ञाकारीताको निम्ति १२:५० को विशेष शिर्षकलाई हेर्नुहोस्)। यसमा के कुरा नयाँ थियो, कि येशूले प्रेम गरेजस्तै विश्वासीहरूले पनि एक-अर्का लाई प्रेम गर्नुपर्थ्यो (जस्तैः १५:१२-१७; १ यूहन्ना २:७-८; ३:११,१६,२३; ४:७-८, १०-१२, १९-२०; २ यूहन्ना ५ पद)। सुसमाचारमा स्वागत गर्ने एकजना व्यक्ति हुन्छ, विश्वास गर्ने एउटा सत्यताको समुदाय, र एउटा जिउने जीवन हुन्छ (जस्तैः १४:१५,२१,२३; १५:१०,१२; १ यूहन्ना ५:३; २ यूहन्ना पदहरू ५-६; लूका ६:४६)। सुसमाचारलाई प्राप्त गरियो विश्वास गरियो, र यसमा जीवन जिइयो ! यो प्रेममा जीवन जिइएका पनि हुन सक्थ्यो, वा यसको जीवनमा नजिइएको पनि हुन सक्थ्यो !

मैले रुचाएको ब्रूस कर्लिको लेखको भनाइमा ''नयाँ करारको बाइबलीय ईश्वरशास्त्र'' बाइबलीय व्याख्याको जग भन्ने व्याख्यात्मक पुस्तकमा: खीष्टका मानिसहरू प्रेमको नैतिकतामा चरित्रवान छन्, जहाँ कृपाको 'हुने कुरा' मा प्रेमको 'हुने कुरा'द्वारा जोडिएका छन्, र त्यहाँ आत्माको कार्य पनि हुँदछ (जस्तैः गलाती ५:६,२५; ६:२; याकूब ३:१७-१८; यूहन्ना १३:३४-३५; १ यूहन्ना ४:७) (पाना ५६२) ।

१३:३५ ''यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ'' प्रेम त्यस्तो विशेषता हो, जसलाई शैतानले बनावटी रूपमा लिन सक्दैन । विश्वासीहरू प्रेमद्वारा चित्रित हुनुपर्छ (जस्तैः १ यूहन्ना ३:१४; ४:७-२१) ।

- ''यदि'' यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । हाम्रा कार्यहरू अन्य खीष्टियनतर्फ येशू खीष्टसँगको हाम्रो सम्बन्धमा निश्चित हुन्छन् (जस्तै १ यूहन्ना २:९-११; ४:२०-२१) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १३:३६-३८

सिमोन पत्रुसले उहाँलाई भने, ''हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ ?'' येशूले जवाफ दिनुभयो, ''म जहाँ गइरहेछु, तिमी अहिले मलाई पछ्याउन सक्दैनौ, तर पछि त तिमीले मलाई पछयाउनेछौ ।'' पत्रुसले उहाँलाई भने, प्रभु म किन अहिले नै तपाईंलाई पछ्याउन सक्दिनँ ? तपाईंको निम्ति म आफ्नो प्राण दिनेछु ।'' येशूले जवाफ दिनुभयो, ''के तिमी आफ्नो प्राण मेरो निम्ति दिनेछौ ? साँच्चै म तिमीलाई भन्छु, तिमीले मलाई तीनपल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन ।

१३:३६ ''सिमोन पत्रुसले उहाँलाई भने'' यो पदहरू ३१-३५ येशूको भनाइहरूको बारेमा चेलाहरूले सोधेका क्रमिक प्रश्नहरू मध्येको पहिलो हो (जस्तैः १३:३६; १४:५,८,२२; १६:१७-१९) । म यति धेरै खुशी छु, कि यी चेलाहरूले यी प्रश्नहरू सोधेका छन्, र तिनीहरूलाई यूहन्नाले संभ्केका छन्, र तिनीहरूको अभिलेख पनि राखेका छन् ।

१३:३७ ''तपाईंको निम्ति म आफ्नो प्राण दिनेछु'' पत्रुसले यसको अर्थ लगाए ! तर यसले पतन भएको मानवजाति कति धेरै कमजोर छ भनेर देखाउँदैन, र हाम्रो प्रभु कति धेरै समर्पित हुनुहुन्छ भनेर, र यसले उस्तै नै गर्नुभयो भनेर पनि देखाउँदैन ।

१३:३८ ''साँच्चै म तिमी~~लाई भन्छु~~'' १:५१ को टिपोटलाई हेर्नुहोस् ।

- "साँच्चै म तिमीलाई भन्छु, तिमीले मलाई तीनपल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन'' यो चाहिँ रोमी भाले भएको हुनुपर्छ । येशूले सहरका जनावरहरू लाई अनुमति दिनुभएन, किनकि यो पवित्र भूमि थियो । त्यसै कारणले गर्दा धेरै मानिसहरूको सहरको पर्खालभन्दा बाहिर जैतुनको पहाडहरूमा बगैंचा थियो (जसलाई मलजल दिनुपर्ने खाँचो पर्दथ्यो) । गेत्समनीको बगैंचा पनि यस्तै खालको बगैंचा थियो ।

येशूले उहाँको आफ्नै विश्वासलाई उत्साह प्रदान गर्न अगमवाणीको प्रयोग गर्नुभयो । केही चिज नकारात्मक भएजस्तै यसले उहाँको ज्ञान र भविष्यका घटनाहरूको नियन्त्रणलाई प्रकट गर्दछ (जस्तैः १८:१७-१८, २५-२७; मत्ती २६:३१-३५; मर्कूस १४:२७-३१; लुका २२:३१-३४) ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डका मुख्य विषयहरूमा प्रदान गरेर सोच्नलाई मद्दत पुग्दछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन् ।

१. किन यूहन्नाले प्रभु भोजको वास्तविक संस्कारको अभिलेख राखेनन् ?
२. किन येशूले चेलाहरूको गोडा धुनुभयो ? के हामीले पनि एक-अर्काको गोडा धुनुपर्छ ?
३. किन येशूले यहूदालाई आफ्नो चेला हुनको निम्ति छान्नुभयो ?
४. कसैले ऊ साँचो खीष्टियन हो भनेर कसरी थाहा पाउने ?

# यूहन्ना १४ अध्याय

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशू, जीवनको बाटो | बाटो, सत्य र जीवन | महिमित हुने ख्रीष्टको विश्वासी हरूसँग सम्बन्ध | येशू, पिताकोमा जाने बाटो | विदाइका दृष्टान्तहरू (१३:३१-१४:३१) |
| १४:१-१४ | १४:१-६ | १४:१-७ | १४:१-४ | १४:१-४ |
| | | | १४:५ | १४:५-७ |
| | पिता प्रकट हुनुभएको | | १४:६-७ | |
| | १४:-११ | | | |
| | | १४:८-१४ | १४:८ | १४:८-२१ |
| | प्रार्थनाको उत्तर | | १४:९-१४ | |
| | १४:१२-१४ | | | |
| पवित्र आत्माको प्रतिज्ञा | अर्को सहयोगीको प्रतिज्ञा | | पवित्र आत्माको प्रतिज्ञा | |
| १४:१५-२४ | १४:१५-१८ | १४:१५-१७ | १४:१५-१७ | |
| | पिता र पुत्रको बासस्थान | १४:१८-२४ | १४:१८-२० | |
| | १४:१९-२४ | | | |
| | | | १४:२१ | |
| | | | १४:२२ | १४:२२-३१ |
| | उहाँको शान्तिको वरदान | | १४:२३-२४ | |
| १४:२५-३१ | १४:२५-३१ | १४:२५-३१ | १४:२५-२६ | |
| | | | १४:२७-३१क | |
| | | | १४:३१ख | |

### अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको भावनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाई, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस्। विषयहरूलाई पत्ता लगाउनुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## १४:१-३१ मा यूहन्नाको पृष्ठभूमि

क. त्यहाँ यूहन्ना १३ देखि १८ का अध्यायहरूमा खण्डको विभाजन हुनु हुँदैन, किनकि यो एउटा साहित्यिक इकाई हो, र त्यो रात प्रभु भोजको समयमा माथिल्लो कोठामा कुराकानी भएको थियो । यो कुरा स्पष्ट छ, कि यी माथिका येशूका भनाइहरू टाढा जाँदाखेरि चेलाहरूको मनमा धेरै प्रश्नहरू उब्जेका छन् । येशूका वचनहरूमा चेलाहरूको गलत बुझाइमा यी प्रश्नका क्रमहरूलाई आधार बनाएर यो परिवेश बनाइएको हुन्छ ।
१. पत्रुस (१३:३६)
२. थोमा (१४:५)
३. फिलिप (१४:८)
४. यहूदा (इस्करियोत होइन, १४:२२)
५. उहाँका केही चेलाहरू (१६:१७-१९
यूहन्नाले सत्यतालाई संचार गर्न कुराकानीको प्रयोग गरेको कुरालाई संझनुहोस् ।

ख. यी प्रश्नहरूले अझैपनि विश्वासीहरूलाई सहायता पुग्नेछः
१. तिनीहरूले यो कुरा देखाए कि, शरीरिक रूपमा येशूसँग हुने चेलाहरूले उहाँलाई सधैं बुझ्न सकेनन् ।
२. येशूका केही किमति र मुल्यवान वचनहरू यी सिधा प्रश्नहरूको गलत बुझाइमा प्रतिक्रिया दिने भनिएका छन् ।

ग. अध्याय १४ येशूले प्रदान गर्ने "सहयोगी"को छलफलको बारेमा सुरु हुन्छ ।
१. यो माथिल्लो कोठाको छलफलमा पवित्र आत्मालाई येशूको सन्दर्भमा ल्याउँदा येशूले छोड्ने सम्बन्ध (१३:३३,३६) मा चेलाहरूमा सिधै डर र चिन्ता आउँदछ ।
माइकल म्यागिल, नयाँ करारको ट्रान्सलाइन (पाना ३५५) ले यी भयहरूका पाठगत उत्तरहरूमा येशूका रूपरेखालाई दर्शाएका छन्,
क. "जहाँ म जाँदैछु, त्यहाँ तिमीहरू पनि एकदिन मसँग हुनेछौं" पदहरू १-११
ख. "म जानुमा नै तिमीहरूको लागि भलाई हुन्छ" पदहरू १२-१७
ग. "जहाँ तिमीहरू छौं, त्यहाँ म आउँनेछु, र तिमीहरूमा म आफै प्रकट हुनेछु" पदहरू १८:२६
घ. "अब मैले तिमीहरूलाई मेरो शान्ति छोडेको छु" पदहरू २७-३१
२. यो पवित्र आत्माको सेवकाइको छलफल सिमित क्षेत्रमा हुँदछ । त्यहाँ उहाँको सेवकाइमा धेरै जटिल पक्षहरू छन्, र ती सबैलाई यो परिवेशमा छलफल गरिएको छैन ।
३. आत्माले यस्तो रूपमा लिँदछ,
क. सत्यतालाई प्रकट गर्ने, र
ख. व्यक्तिगत आरामदायीतालाई जोड दिने

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठ १४:१-७**

"तिमीहरूको हृदय ब्याकुल नहोस् । तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौं, ममाथि पनि विश्वास गर । मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन् । त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न गइरहेछु ? अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि फेरी म आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुँनेछौं । जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौं ।" थोमाले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जानुहुन्छ, हामी जान्दैनौं, तब हामीले बाटो कसरी चिन्ने ?" येशूले तिन लाई भन्नुभयो, "बाटो, सत्य र जीवन म हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन । तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौं । अबदेखि उसो उहाँलाई चिन्दछौं, र उहाँलाई देखेका छौं ।

१४:१ "ब्याकुल नहोस्" यो नकारात्मक कृदन्त सहितको वर्तमान् निस्क्रिय आज्ञार्थक हो, जसको सामान्य अर्थ अगाडि नै प्रकृयामा रहेको कार्यलाई रोक्नु पर्ने हुन्छ । "तिमीहरूको हृदय ब्याकुल नहोस्" येशूले ठूलो चिन्तालाई छोड्ने कारणमा टिप्पणी गर्नुभएको थियो ।

- "तिमीहरूको हृदय" येशूले सबै एघार जनालाई भनेर प्रयोग गरेको बहुवचनलाई याद गर्नुहोस् । "हृदय" मा भन्ने हिब्रू प्रयोगले सम्पूर्ण व्यक्तित्वलाई लागु गर्दछः विचार, चाहना र भावनाहरू (जस्तैः व्यवस्था ६:५; मत्ती २२:३७) । १२:४० मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "ममाथि पनि विश्वास गर" यी दुईवटा कित वर्तमान् सक्रिय आज्ञार्थक हुन् (नासाब, आरईबि), वा दुईवटा वर्तमान् सक्रिय सूचक हुन् वा दुवैको संयोजन हो (एनकेजेभि, एनजेबि र एनइटि बाइबलले भन्दछ, कि पहिलो सूचक हो, र दोस्रो आज्ञार्थक हो) । विश्वासमा निरन्तर र बानीगत हुँदछ । यो पदको व्याकरणगत सन्तुलनले यो कुरा देखाउँदछ, कि येशूले परमेश्वरसँगको समानतालाई दावी गर्नुहुन्छ । यो कुरालाई पनि याद गर्नुहोस्, कि यी यहूदी हरू जो एकेश्वरवादमा समर्पित थिए (व्यवस्था ६:४-६), र येशूको भनाइको पहिचानलाई लागु गर्दथे (१४:२६ मा त्रियकत्वको विशेष शिर्षकलाई हेर्नुहोस्) । यसमा महान् परमेश्वरलाई विश्वास गर्नु एउटा चिज हुन्छ, र खीष्टियन हुनु भन्ने अर्को कुरा हुन्छ । यो वाक्यांशले शैद्धान्तिक लेखिएका कुराहरूलाई जोड दिँदैन, तर येशू खीष्टको व्यक्तित्वलाई जोड दिन्छ ।

१४:२ “मेरा पिताको घरमा” पुरानो करारमा “घर” भनेर परमेश्वरको बासस्थान वा मन्दिरलाई भनियो (जस्तैः २ शमूएल ७ अध्याय)। तरैपनि, यो परिवेशमा स्पष्टरूपमा स्वर्गमा हुने परमेश्वरको परिवारको घरलाई लागु गर्दछ वा उहाँको मन्दिरमा उहाँसँगै बास गर्नुहुन्छ (भजनसँग्रह २३:६; २७:४-६)।

नासाब, एनआरएसभि “बास स्थानहरू”

एनकेजेभि “महल”

टिइभि “कोठाहरू”

एनजेबि “धेरै स्थानहरू”

केजेभि को अनुवादमा “महल” लाई छल गर्ने रूपमा लिन्छ। ग्रीक परिवेशमा यसको अर्थ उदारपनको विचार बिना नै “स्थायी रूपमा बस्ने स्थानहरू” भन्ने हुन्छ (जस्तैः १४:२३)। यसको कल्पना यस्तो हुन्छ, कि पिताको घरमा विश्वासीहरूको तिनीहरू सबैको आफ्नै कोठाहरू हुन्छन् (जस्तै:टिइभि, एनजेबि) एउटा बस्ने स्थानजस्तै जहाँ सबैजना सँगसँगै मिलेर खान्छन्।

यो उही ग्रीक परिवेश “रहनु” भन्ने कुरा चाखलाग्दो छ, जुनचाहिँ यूहन्ना (१५ अध्याय) मा यस्तै मुख्य विचार हो, हामी पितासँग रहनाले पुत्रसँग रहने पूर्णता हुँदछ।

- “यदि” यो दोस्रो तहको केही भागको शर्तात्मक वाक्य हो, जसलाई वास्तविकताको विपरित भनेर भनिन्छ। त्यहाँ थुप्रै स्थानहरू पर्याप्त छन्। यो वाक्यांशलाई अनुवाद गर्न कठिन पर्दछ।

नासाब, आरईबि, एनआईभि “यदि यसो नभएको भए, मैले तिमीलाई भनेको हुनुपर्थ्यो”

एनकेजेभि “यदि यसो नभएको भए, मैले तिमीलाई भनेको हुनुपर्थ्यो“

टिइभि “मैले तिमीलाई यो भन्ने गर्दिनथे, यदि यो त्यसो नभएको भए”

एनजेबि, एनइटि “नत्रभने, मैले तिमीलाई भनेको हुनुपर्दथ्यो”

नयाँ शाब्दिक अनुवाद “ र यदि होइन भने, मैले तिमीलाई भनेको हुनुपर्दथ्यो”

नयाँ बारक्लेको संस्करण “यदि यसलाई त्यसो नगरिएको भए, मैले तिमीलाई भनेको हुनुपर्थ्यो“

विलियम्स्को अनुवाद “यदि त्यहाँ थिएनन् भने, मैले तिमीलाई भनेको हुनुपर्थ्यौ”

- तिमीहरूका निम्ति ठाउँ तयार पार्न गइरहेछु ?” यसको शारीरिक भावनामा त्यस स्वर्गलाई लागु गर्दछ भन्ने अर्थ होइन, यो भन्दा अगाडि पनि तयारी गरिएको थिएन, तर येशूको जीवन, सिकाइ, र मृत्युले पापी मानिसजातिलाई पवित्र परमेश्वरसँगै रहने विचारलाई अनुमति दिन्छ। जसै तिनीहरूले निर्देशन गर्छन्, र चलाउँछन्, तब येशू विश्वासीभन्दा अगाडि जानुहुन्छ (हिब्रू ६:२०)।

१४:३ “यदि” यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ। येशूले तिनीहरूलाई भन्नुभयो, अब उहाँ पिताकोमा झट्टै फर्कदै हुनुहुन्छ (जस्तैः ७:३३, १६:५,१०,१७,२८), र उहाँले तिनीहरूको निम्ति स्थान तयार पार्नुहुनेछ।

संयुक्त बाइबल समाजको अनुवादको मद्दतले जोन न्यूम्यान र बाइडरले यसो भन्दछन्, कि यो संयोजकलाई “म गएपछि” वा “जब म जान्छु” वा “म गएदेखि भन्ने अस्थायी भावनमा बुझ्नुपर्छ (पाना ४५६)।

- फेरी म आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु” यसले दोस्रो आगमन वा मृत्युलाई बताउँदछ (जस्तैः २ कोरिन्थी ५:८; १ थेसलोनिकी ४:१३-१८)

यो येशू ख्रीष्टसँग हुने आमने-सामनेको संगतिले येशू र पितासँगको संगतिलाई झल्काउँछ (जस्तैः १:१,२)। ख्रीष्टियनहरू येशू र पिताको बीचको नजिकपन मा सहभागी हुन्छन् (१४:२३; १७:१-२)।

यहाँ प्रयोग गरिएको क्रियाले “व्यक्तिलाई स्वागत गर्ने” लागु गर्ने, र प्राप्त गर्ने (नामलामबाङ्ग) गर्दछ। स्वर्ग पनि परमेश्वरको व्यक्तिगत सम्बन्धमा हुन्छ। यो १:१२ भन्दा फरक छ (लाम्बानाङ्ग)। यी दुईवटा परिवेशहरूको ठीक शब्दको अर्थलाई खप्ट्याउँदा निश्चित गर्न गाह्रो पर्दछ। कतिचोटी तिनीहरू समान रूपमा आउँदछन्।

- “जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुँनेछौ” येशू जहाँ हुनुहुन्छ, त्यहाँ स्वर्ग छ (जस्तैः १७:२४) ! साँच्चिकै स्वर्गमा आमने-सामने त्रियक परमेश्वरसँगको संगति हुन्छ। कहिले पूर्ण संगति हुन्छ भनेर नयाँ करार अष्पष्ट छ।

१. मृत्युमा, २ कोरिन्थी ५:८

३. दोस्रो आगमनमा, १ थेसलोनिकी ४:१३-१८

अचम्मलाग्दो तरिकाले बाइबल मृत्युपछिको जीवनको बारेमा चुपचाप छ। विलियम हेन्ड्रिक्सनको एउटा असल पुस्तक, “जीवनपछिको अवस्थामा बाइबल” भन्ने हो।

## विशेष शिर्षक: मरेकाहरू कहाँ छन् त ?

अ. पुरानो करार

क. सबै मानव जाति नै नरकको कुण्डमा जान्छन् (शब्दको इतिहास अनिश्चित भएको, बिडिबि १०६६), जुनचाहिँ मृत्युलाई बताउने बाटो बन्दछ, वा चिहान बन्दछ, विशेष गरेर ज्ञानको साहित्य र यशैयामा। पुरानो करारमा यो छाँयामा र चेतनशीलतामा थियो, तर आनन्द रहितको अस्तित्व थियो (जस्तैः अयूब १०:२१-२२; ३८:१७)

ख. नरक कुण्डका विशेषताहरू

१. परमेश्वरको न्याय र आगोसँग सम्बन्धित भएको, व्यवस्था ३२:२२

२. न्यायको दिनभन्दा अगाडि सजायँसँग सम्बन्धित भएको, भजनसंग्रह १८:४-५

३. नाससँग सम्बन्धित भएको, जसमा परमेश्वर पनि उपस्थित हुनुहुन्छ, अयूब २६:६; भजनसंग्रह १३९:८; आमोश ९:२

४. खाल्डोसँग सम्बन्धित (चिहान), भजनसंग्रह १६:१०; यशैया १४:१५; इजकिएल ३१:१५-१७
५. कमजोर भएर ओर्लेको व्यक्ति नरकमा जीवित रहने, गन्ती १६:३०,३३; भजनसंग्रह ५५:१५
६. कतिचोटी ठूलो मुख भएको जनावरजस्तै व्यक्तिगत हुने, गन्ती १६:३०; यशैया ५:१४; हिब्रू २:५
७. त्यहाँका मानिसहरूलाई रेफाइम भनेर बोलाइएको, यशैया १४:९-११)

आ. नयाँ करार

क. हिब्रूमा सिओल भनेर अनुवाद गरिदा ग्रीकमा हाडेस भन्ने हुन्छ (नदेखिएको दुनिया)

ख. हाडेसको विशेषताहरू
१. मृत्युलाई बताउने, मत्ती १६:१८
२. मृत्युसँग जोडिने, प्रकाश १:१८; ६:८; २०:१३-१४
३. कतिचोटी स्थायी सजायको स्थान मिल्दोजुल्दो हुने (गेहेन्ना), मत्ती ११:२३ (पुरानो करारको भनाइ); लूका १०:१५; १६:२३-२४
४. कतिचोटी चिहानको मिल्दोजुल्दो हुने, लूका १६:२३

ग. सम्भवत गुरुहरूले विभाजन गरेका
१. धार्मिकताको भागलाई स्वर्ग भनिएको (साँच्चिकै स्वर्गको अर्को नाउँ, जस्तैः २ कोरिन्थी १२:४; प्रकाश २:७), लूका २३:४३
२. कमजोर भागलाई टार्रटारस भनिएको, २ पत्रुस २:४, जहाँ यो स्थानमा दुष्ट स्वर्गदूतहरूको निम्ति पकड्ने स्थान हुने (उत्पत्ति ६ अध्याय १ इनोक)

घ. गेहेन्ना
१. पुरानो करारले "हिन्मोनको पुत्रहरूको समथर भूभाग" (यरूशलेमको दक्षिणपट्टी) भनेर) देखाउँदछ । यो यस्तो स्थान थियो, जहाँ बाल-बालीकाहरूलाई बलिदान गरिने समयमा फोनिकेहरूको आगोको देवता मोलेक (बिडिबि ५७४) लाई पूज ागर्ने गरिन्थ्यो (जस्तैः २ राजा १६:३; २१:६; २ इतिहास २८:३; ३३:६), जुनचाहिँ लेवी १८:२१; २०:२-५ मा त्यागिएको थियो ।
२. यर्मियाले यो मूर्ति पूजा गर्ने स्थललाई यहोवाको न्यायको स्थल बनाए (यर्मिया ७:३२; १९:६-७) । यो इनोक ९०:२६-२७ र सिबोन १:१०३ मा डरलाग्दो अनन्तको न्याय बन्यो ।
३. येशूको समयका यहूदीहरूले तिनीहरूका पुर्खालाई बाल-बालिकाको बलिदानद्वारा मूर्ति पूजामा सहभागी बन्न अनुरोध गरे, ताकि तिनी-हरूले यो क्षेत्रलाई यरूशलेमको फोहोर फाल्ने ठाउँमा परिवर्तन गरे । येशूका धैरै अनन्त न्यायका अलंकारहरू यो स्थलबाट आए (आगो धुँवा, किराहरू, दुर्गन्ध, जस्तैः मर्कूस ९:४४-४६)
४. येशूको गेहन्नाको प्रयोग
क. अग्नी, मत्ती ५:२२; १८:९; मर्कूस ९:४३
ख. स्थायी, मर्कूस ९:४८ (मत्ती २५:४६)
ग. विनाशको स्थान (आत्मा र शरीर दुवै), मत्ती १०:२८
घ. नरकको समानान्तर, मत्ती ५:२९-३०; १८:९
ङ. दुष्टहरूलाई "नरकको पुत्र"को रूपमा चित्रित गरिएको, मत्ती २३:१५
च. न्यायको सजायँको परिणाम, मत्ती २३:३३; लूका १२:५
छ. गेहन्ना भन्ने सोचाइ दोस्रो मृत्युको समानान्तरमा हुने (जस्तैः प्रकाश २:११; २०:६,१४) वा आगोको कुण्ड (जस्तैः मत्री १३:४२,५०; प्रकाश १९:२०; २०:१०, १४-१५; २१:८) । यो पनि संभावना छ, कि मानव जातिको स्थायी बासस्थान आगोको कुण्ड (नरकबाट) र दुष्ट स्वर्गदूतहरू (टार्रटारसबाट, २ पत्रुस २:४; यहूदा पद ६ वा एविस, लूका ८:३१; प्रकाश ९:१-११; २०:१,३) ।
ज. योचाहिँ मानव जातिको निम्ति योजना गरिएको थिएन, तर शैतान र उसको दूतहरूको लागि गरिएको थियो, मत्ती २५:४१
५. यहाँ शिओल, हेड्स, र गेहन्नालाई खप्ट्याएको कारणले पनि सम्भव छ,
१. सुरुमा सबै मानिसहरू नै सिओल वा हेड्समा गए
२. त्यहाँ तिनीहरूको अनुभव (असल वा खराब) न्यायको दिनपछि अझ खराब बनाइएको छ, तर दुष्टहरूको स्थान उही नै रहन्छ (त्यसै कारणले गर्दा राजा याकूबको हेड्स (चिहान) वा गेहन्ना (नरक) भनेको छ ।
३. नयाँ करारमा बताइएको यो मात्र कुराले न्याय भन्दा अगाडि सताउने कुरा लूका १६:१९-३१ को दृष्टान्त जस्तै हुन्छ (लाजरस र धनी मानिस) । अहिले सिओललाई सजायँ गर्ने स्थानको रूपमा बताइएको छ (जस्तैः व्यवस्था ३२:२२; भजनसंग्रह १८:१-५) । तरैपनि, जो कोहीले दृष्टान्तको सिद्धान्तलाई स्थापित गर्न सक्दैन ।

इ. मृत्यु र पुनरुत्थानको बीचको अवस्था

क. नयाँ करारले "आत्मा अमर रहने" बारेमा केही कुरा पनि सिकाउँदैन, जुनचाहिँ जीवन पछिको विविध विचारधारा मध्ये एउटा हो ।
१. मानवीय आत्मा तिनीहरूको जीवनभन्दा अगाडि नै अस्तित्वमा रहन्छ
२. शारीरिक मृत्युको अगाडि र पछाडि मानवीय आत्माहरू अनन्ततामा रहन्छन्
३. कतिचोटी शरीरलाई कैद र मृत्युको अगाडि नै अस्तित्वमा रहेको अवस्थाबाट छुट्कारा दिने रूपमा देखिन्छ

ख. नयाँ करारले मृत्यु र पुनरुत्थानको बीचको सम्मिलिन नगरिएको अवस्थालाई बताउने गर्दछ

१. येशूले शरिर र आत्मा बीचको बिभाजनलाई बताउँनुहुन्छ, मत्ती १०:२८

२. अब अब्राहामको शरीर हुन सक्छ, मर्कूस १२:२६-२७; लूका १६:२३

३. मोसा र एलियाको परिवर्तन हुने समयमा शारीरिक शरिर थियो, मत्ती १७ अध्याय

४. पावलले यो कुरा बताउँदछन्, कि ख्रीष्टसँगै दोस्रो चोटी आत्मा आउदाखेरि पहिला तिनीहरूले नयाँ शरीरलाई प्राप्त गर्नेछन्, १ थेसलोनिकी ४:१३-१८

५. पावलले यो कुरा बताउँदछन्, कि पुनरुत्थानको दिनमा विश्वासीहरूले तिनीहरूको नयाँ आत्मिक शरीर प्राप्त गर्नेछन्, १कोरिन्थी १५:२३-५२

६. पावलले यो कुरा बताउँदछन्, कि विश्वासीहरू नरकमा जानु पर्दैन, तर मृत्यु येशूसँगै रहन्छन्, २ कोरिन्थी ५:६,८; फिलिप्पी १:२३ येशूले मृत्युमाथि विजय प्राप्त गर्नुभयो, र उहाँसँगै धार्मिकता स्वर्गमा लिएर जानुभयो, १ पत्रुस ३:१८-२२ ।

ई. स्वर्ग

क. बाइबलमा यो परिवेशलाई तीनवटा भावनाहरूमा प्रयोग गरिएको छ

१. यस धर्तिभन्दा माथिको वातावरण, उत्पत्ति १:१,८; यशैया ४२:५; ४५:१८

२. ताराले ढाकिएको स्वर्ग, उत्पत्ति १:१४; व्यवस्था १०:१४; १ राजा ८:२७; भजनसंग्रह १४८:४; एफिसी ४:१०; हिब्रू ९:२४ (तेस्रो स्वर्ग) २ कोरिन्थी १२:२

ख. बाइबलले मृत्यु पछिको जीवनको बारेमा त्यति धेरै प्रकट गरेको छैन, सायद पतन भएको मानिसको कुनै उपाय छैन, वा बुझ्ने सामर्थ प्पनि छैन (जस्तैः १ कोरिन्थी २:९) ।

ग. स्वर्ग भनेको स्थान (जस्तैः यूहन्ना १४:२-३) र व्यक्ति (जस्तैः २ कोरिन्थी ५:६,८) दुवै हो । स्वर्ग भनेको अदनको बगैंचालाई स्थापित गर्ने ठाउँ हुन सक्छ (उत्पत्ति १-२; प्रकाश २१-२२ अध्याय) । यस धर्तिलाई सफा पारेर स्थापित गरिन्छ (जस्तैः प्रेरित ३:२१; रोमी ८:२१; २ पत्रुस ३:१०) । परमेश्वरको स्वरुपलाई (उत्पत्ति १:२६-२७) येशू ख्रीष्टमा स्थापित गरिन्छ । अब फेरी अदनको बचैंचाको नजिकको संगति संभव भएको छ ।

तरैपनि, यो आलंकारिक (प्रकाश २१:९-२७ मा दिइएको सहरजस्तै स्वर्ग उच्चमा हुने) र शाब्दिक नहुने । १ कोरिन्थी १५ अध्याय ले आत्मिक शरीर र शारीरिक शरीरको बीचमा परिपक्व भएको विरुवाको बीऊजस्तै फरक भएको कुरालाई वर्णन गर्दछ । फेरी १ कोरिन्थी २:९ (यशैया ६४:४ र ६५:१७ बाट लिइएको कुरा) प्रतिज्ञा र आशाको महान् विषय हो ! मलाई यो कुरा थाहा छ, कि जब हामी ले उहाँलाई देख्छौं, तब हामी पनि उहाँजस्तै हुनेछौं (१ यूहन्ना ३:२) ।

उ. उपयोगी स्रोतहरू

क. विलियम हेन्ड्रिक्सन, बाइबलमा यसपछिको जीवन

ख. मौरिस रावलिङ्ग, मत्यको ढोकाभन्दा टाढा

१४:४ "जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौं" येशूको भनाइले थोमालाई बाटो चिन्ने बारेमा शंका उत्पन्न गरायो । येशूको उत्तर कति चोटी पुरानो करारमा प्रयोग गरिएको तीनवटा परिवेशहरूले प्रकट गर्दछन् ।

१४:६ "म बाटो हुँ" पुरानो करारमा बाइबलीय विश्वासलाई जीवनशैलिको मार्गमा बताइएको थियो (व्यवस्था ५:३२-३३; ३१:२९; भजनसंग्रह २७:११; यशैया ३५:८) । प्राचीन मण्डलीको शिर्षक बाटो थियो (जस्तैः प्रेरित ९:२; १९:९,२३; २४:१४,२२) । येशूले यस कुरालाई जोड दिनुभयो, कि उहाँमात्र बाटो हुनु हुन्थ्यो, र हुनुहुन्छ । यो यूहन्नाको सुसमाचारमा ईश्वरशस्त्रिय आवश्यक कुरा हो । जीवनशैलीमा असल कार्यहरू व्यक्तिगत विश्वासका प्रमाणहरू हुन् (एफिसी २:८-१०), र धार्मिकतापनका साधनहरू चाहिँ होइनन् । ८:१२ को टिपोटलाई हेर्नुहोस् ।

- "सत्य" ग्रीक दर्शनमा "सत्यता" भन्ने परिवेशको भनाइ "सत्यता" को विरुद्धमा "असत्यपन" वा "वास्तविकता" को विरुद्धमा "भ्रामक" भन्ने हुन्छ । तरैपनि, यिनीहरू आरमाइक बोल्ने चेलाहरू हुन, जसले पुरानो करारको सत्यताको भावनामा बोल्दा येशूलाई बुझेको हुनुपर्छ, जुनचाहिँ "विश्वासयोग्यपन" वा "इमानदारीपन" भन्ने हुन्छ (जस्तैः भजनसंग्रह २६:३; ८६:११; ११९:३०) । "सत्य" र "जीवन" दुवैले "त्यो बाटो" को विशेषतालाई जनाउँदछन् । धेरै चोटी "सत्यता" भन्ने परिवेश अलौकिक क्रियाकलापलाई वर्णन गर्न प्रयोग गरिएको छ (जस्तैः १:१४; ४:२३-२४; ८:३२; १४:१७; १५:२६; १६:१३; १७:१७, १९) । सत्यता भन्ने विशेष शिर्षकलाई ६:५५ र १७:३ मा हेर्नुहोस् ।
- "जीवन" त्यो "जीवन" लाई यूहन्नाले नयाँ युगको जीवनलाई वर्णन गर्न प्रयोग गरे । पुरानो करारमा, एकजना विश्वासीको जीवनशैलीको विश्वासलाई जीवनभित्रको मार्गको रूपमा बताइएको छ (जस्तैः भजनसंग्रह १६:११; हितोपदेश ६:२३; १०:१७) । यी तीनवटै परिवेशहरू जीवनशैलीको विश्वाससँग सम्बन्धित छन्, जुनचाहिँ येशू ख्रीष्टको सम्बन्धमा मात्रै पाइन्छ ।
- "मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" कस्तो झड्का लाग्ने दावी ! यो अत्यन्तै बाधाजनक छ, तर अति नै स्पष्ट छ, कि येशूले यस्तो कुरामा विश्वास गर्नुभयो, कि उहाँसँगको व्यक्तिगत सम्बन्धद्वारा मात्र जो कोहीले परमेश्वरलाई जान्न सक्छ (जस्तैः १ यूहन्ना ५:१०-१२) यसलाई कतिचोटी ख्रीष्टियन नीतिको अपमानजनक बाहृय कुरा भनिएको छ । त्यहाँ मध्य भूमि भन्ने छैन । यो भनाइ साँचो हो वा ख्रीष्टियन नीति झुटो हो । धेरै अर्थमा यो यूहन्ना १० अध्यायको समानतामा छ ।

१४:७ "यदि" त्यहाँ सर्तात्मक वाक्यको किसिमलाई जोड्दा हस्तलेखनमा विविधता छन् । संयुक्त बाइबल समाजको पहिलो स्तरको शर्तात्मक वाक्यले ग्रीक पाठलाई सहायता पुर्‍याउँदछ, जसै यसले प्राचीन ग्रीकको हस्तलेखनको पि६६, !, र डि मा पनि सोही प्रकारले गर्दछ । त्यसपछि यसलाई यस्तो प्रकारले अनुवाद गरिन्थ्यो, "यदि तिमीले मलाई चिनेको भए, तिमीले गर्नेथियौं, तब तिमीले मेरो पितालाई चिन्नेथियौं, जुनचाहिँ कुरा तिमीले गर्थ्यौ ।"

यो दोस्रो तहको शर्तात्मक वाक्य हुन सक्छ, जसलाई कतिचोटी "वास्तविकताको विपरित" भनेर भनिन्छ। तब यसको अनुवाद यस्तो हुनु पर्थ्यो, "यदि तिमीले मलाई चिनेको भए, जुनचाहिँ तिमीले गरेका थिएनौं, तब तिमीले मेरा पितालाई जानेको हुनुपर्थ्यो, जुनचाहिँ तिमीले जानेका छैनौं।" त्यो चाहिँ हस्तलेखनहरू ए, बि, सि, डि, के, एल र एक्स ले सहायता पुऱ्याउँछन्। यो कठिन भएको भनाइ हो, किनकि हामीले यो कुरालाई मानिलिन्छौं, कि प्रेरितहरू ले अगाडि नै येशू ख्रीष्टलाई यहोवाले मसिहको रूपमा पठाएर मुक्तिको लागि विश्वास गरिएको थियो। यो नयाँ र अन्तको एकमात्र सत्यतालाई तिनीहरूले लिनको लागि अति नै कठिनाइ भएको हुनुपर्थ्यो। यूहन्नाको सुसमाचारले विश्वासको तहलाई बताएको जस्तो देखिन्छ। यो परिवेशले दोस्रो तहको अवस्था लाई सहायता गरेजस्तो देखिन्छ। पदहरू २ र २८ को उही अवस्थालाई पनि याद गर्नुहोस्।

- "तिमीहरूले मलाई चिनेका भए" येशूले फेरी सम्पूर्ण प्रेरितिय समूहहरूलाई बताइरहनुभएको छ (जस्तैः पद ९)। यो "जान्नु" भन्ने परिवेशलाई पुरानो करारको भावनामा प्रयोग गरिन्छ, जसले नजिकको व्यक्तिगत सम्बन्धलाई बताउँदछ, ज्ञान प्राप्त गर्ने कुरामात्र होइन (जस्तैः उत्पत्ति ४:१; यर्मिया १:५)।
- "मेरा पितालाई पनि चिन्नेथियौं" येशूलाई हेर्नु भनेको परमेश्वरलाई हेर्नु हो (जस्तैः यूहन्ना १:१४-१८; ५:२४; १३:४४-४५; २ कोरिन्थी ४:४; कलस्सी १:१५; हिब्रू १:३)। येशू अदृश्य परमेश्वरको पूर्ण प्रकाश हुनुहुन्छ। जो कोहीले पनि येशूलाई इन्कार गर्दा परमेश्वरलाई चिन्नको लागि दावी गर्न सक्छन् (१ यूहन्ना ५:९-१२)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १४:८-१४

फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौं ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौं, हामीलाई पिता देखाइदिनुहोस् ? म पितामा छु, र ममा पिता हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौं ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइन, तर ममा बास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। मलाई विश्वास गर कि, म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर। "साँच्चै म तिमीलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु। तिमीहरूले मेरो नाउँमा जे सुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। तिमी हरूले मेरो नाउँमा कुनै थोक माग्यौं भने, म गरिदिनेछु।"

१४:८ "फिलिपले उहाँलाई भने" अन्ततः फिलिपले १) मोसा, यशैया र इजकिएलले जस्तै परमेश्वरलाई हेर्न चाहन्थे वा २) उनले पूर्ण रूपमा येशूको भनाइ लाई बुझ्न सकेनन्। येशूले यस कुरालाई निश्चित गरेर उत्तर दिनुहुन्छ, कि जब फिलिपले उनलाई देखे र चिने, उनले परमेश्वरलाई देखेर चिनेका थिए ( जस्तैः कलस्सी १:१५; हिब्रू १:३)।

- 

नासाब "यो हाम्रो निम्ति पर्याप्त छ"

एनकेजेभि "यो हाम्रो निम्ति चाहिदो जति छ"

एनआरएसभि "हामी संतुष्ट हुनेछौं"

टिइभि "त्यो सबै नै हामीलाई खाँचो पर्दछ"

एनजेबि "तब हामी सन्तुष्ट हुनेछौं"

यी चेलाहरूले फरिसीहरूले जस्तै केही किसिमको निश्चयताको चाहना गरे। तरैपनि, विश्वासीहरू विश्वासमा हिँड्नुपर्छ, र आत्मिक कुराहरूमा दृश्यमा भर पर्नु हुँदैन (२ कोरिन्थी ४:१८; ५:७)। भरोसा नै विषय हो।

१४:९"फिलिप यतिको समयसम्म म तिमीहरूसँग छु" यो बहुवचन हो भन्ने कुरा याद गर्नुहोस्। फिलिपले यो प्रश्न गरे कि ती सबै जनाले सोचिरहेका थिए।

- जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ" यो सिद्ध सकृय कृदन्त हो, र सिद्ध सकृय क्रिया हो, जसको अर्थ "देखेको छ वा निरन्तर रूपमा देख्नेछ भन्ने हुन्छ।" येशूले पूर्ण रूपमा ईश्वरलाई प्रकट गर्दछन् (जस्तैः कलस्सी १:१५; हिब्रू १:३)।

१४:१० येशूले ग्रीकमा गरेको प्रश्नले "हो" भन्ने उत्तरको आशा गर्दछ। १ यूहन्ना २:१० मा "रहनु" भन्नेलाई यूहन्नाको लेखमा विशेष शिर्षकमा हेर्नुहोस्।

- "तिमी ... तिमी" पहिलो तिमी चाहिँ एकवचनमा छ, र फिलिपलाई बताउँदछ। दोस्रो तिमीचाहिँ बहुवचनमा छ, र प्रेरितिय समूहलाई बताउँदछ (जस्तै पदहरू ७-१०)।
- जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइन" येशूले सबै थोकहरूमा पिताको पक्षमा कार्य गरिरहनुभएको थियो (जस्तैः पद २४; ५:१९,३०; ७:१६-१८; ८:२८; १०-३८; १२:४९)। येशूका शिक्षाहरू पिताका आफ्नै वचनहरू हुन् (जस्तैः पद २४)।
- "तर ममा बास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ" यो पिता र पुत्र बीचको संगति हो (जस्तैः ७:१४; ८:२८; १०३८),

जुनचाहिँलाई येशूको उच्च पूजाहारीपनको प्रार्थनाको १७ अध्यायमा जोड दिइएको छ, जुनचाहिँ १५ अध्यायमा दिइएको विश्वासीहरू ख्रीष्टमा रहनको निम्ति आधार बन्दछ। यूहन्नाको सुसमाचारले मुक्तिलाई १) सिद्धान्त; २) संगति; ३) आज्ञाकारीता; र ४) धैर्यताको रूपमा प्रकट गर्दछ।

१४:११ "मलाई विश्वास गर" यो वर्तमान् सक्रिय आज्ञार्थक वा वर्तमान् सकृय सूचक हो (जस्तैः १४:१)।

त्यहाँ हस्तलेखनमा यो पदको सुरुको वाक्यांशमा केही महत्वपूर्ण कुरामा विविधता छ। केही सुरुका ग्रीक पाठहरू (पि६६, पि७५, डि, एल, डब्लू) मा होटी वा "त्यो" भन्नेलाई पछ्याएर केवल "विश्वास गर्नु" भन्ने क्रिया आएको छ, जसले यो कुरालाई लागु गर्दछ, कि तिनीहरूले येशू र पिताको एकताको बारेमा आएको सत्यतालाई स्वीकार गरेका थिए।

अन्य प्राचीन पाठहरू (एमएसएस ए र बि) ले ''ममा'' भन्ने कुरालाई जोडेका छन्, र विश्वासको व्यक्तिगत वस्तुलाई पनि देखाएका छन् । संयुक्त बाइबल समाजका ग्रीक बिद्धानहरूले पहिलो विकल्प वास्तविक थियो भनेर विश्वास गर्दछन् (जस्तैः ब्रूस एम मेट्जर, नयाँ करारको एउटा पाठगत टिप्पणी, जसले निश्चित रूपमा ''ख'' तहको विकल्पलाई दिँदछ । धेरै आधुनिक अनुवादहरूले ''ममा'' भन्ने अनुवादलाई राखेका छन्, र ''त्यो'' भनेर थपेका छन् ( जसले विश्वास गर्नु भन्ने विषयवस्तुलाई देखाउँदछ) ।

- ''नत्रभने यी कामहरूकै खातिर विश्वास गर'' येशूले तिनीहरूलाई उहाँको कार्यमा विश्वास गर भनेर भन्नुभयो (जस्तैः यूहन्ना ५३६; १०२५-३८) । उहाँको कार्यहरूले पुरानो करारको अगमवाणीलाई पूरा गर्दछ । उहाँको कार्यहरूले उहाँ को हुनुहुन्छ भनेर प्रकट गर्दछ । हामी जस्तै सबै चेलाहरू पनि विश्वासमा बढ्नुपर्ने थियो ।

१४:१२ ''साँचो, साँचो'' १:५१ को टिपोटलाई हेर्नुहोस् ।

- "जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ'' विश्वास गर्नु भनेको मानसिक क्रियाकलाप मात्रै होइन, तर कार्यमा केन्द्रित वचनपनि हो । ''उनले महान् कार्यहरू गर्न सक्छन्'' भन्ने वाक्यांश भविष्यको सक्रिय सूचक हो, जसलाई ''उनले महान् कार्यहरू'' गर्नेछन् भनेर अनुवाद गरिएको हुनुपर्छ । यसले सम्भाव्य रूपमा यी कुराहरूलाई बताउँदछः

१. भौगोलिक क्षेत्र (जस्तैः मत्ती २८:१८-२०)
२. अन्य जातिको मिसन
३. हरेक विश्वासीहरूसँग हुने आत्मा
४. येशूको अन्तर्विन्तिको प्रार्थना (जस्तैः हिब्रू ७:२५; ९:२४)

प्रार्थना असिमित, तर अझै सीमित भनेर १ यूहन्ना ३:२२, ख. २. लाई विशेष शिर्षकमा हेर्नुहोस् ।

''उहाँले गर्नुहुनेछ'' भन्ने अन्तिम वाक्यांश बाइबलको खीष्टियन नीतिमा नभइनहुने हुन्छ । जसै पिताले पुत्रलाई पठाउनुहुन्छ, पुत्रले पनि उहाँका चेला हरूलाई पठाउनुहुन्छ ! ''खीष्टमा हुनु'' भनेको ''अनन्त जीवन'' हुनु हो, जसको अर्थ एउटा सक्रिय ''महान् आज्ञा'' को हृदय र विचार हुनु हो । खीष्टियन विश्वास केही लेखिएको कुरा वा पानी परेको दिनमा केही चिज प्राप्त गर्ने मात्र होइन । यो नयाँ जीवनको जानकारी हो, र एउटा नयाँ दृष्टिकोण हो ! यसले हरेक चिजलाई परिवर्तन गर्दछ । यो भावनात्मक, दैनिक, राज्यमा केन्द्रित, र बलिदानको जीवनशैलीमा हुनुपर्छ ।

त्यो मण्डली पुन अधिनमा रहनुपर्छः

१. प्रत्येक विश्वासीको सेवाकाइ
२. महान् आज्ञाको प्राथमिकता
३. दैनिक भावनामा आउने स्वार्थरहितको सेवा
४. अहिले खीष्टजस्तै बन्नु !

१४१३-१४ ''तिमीहरूले मेरो नाउँमा जे सुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु'' येशूले दावी गरेको यो कुरालाई याद गर्नुहोस्, कि उहाँले उहाँको चरित्रमा हाम्रा प्रार्थनाहरूलाई आधार बनाएर उत्तर दिनुहुनेछ । प्रेरित ७:५९ मा स्टिफनसले येशूमा प्रार्थना गरेका छन् । २ कोरिन्थी १२: ८ मा पावलले येशूमा प्रार्थना गरेका छन् । १५:१६ र १६:२३ मा विश्वासीहरूले पितालाई बताएका छन् । प्रार्थनाको अन्तमा यसो भनियो कि, येशूको नाउँमा प्रार्थना गर्दा कुनै जादुगरीको स ्त्रको संलग्नता हुँदैन, तर येशूको चरित्र र चाहनामा प्रार्थना गरिन्छ ।

यी समानान्तर खण्डहरूमा बाइबलका विषयका भनाइहरूलाई सिद्धान्तमा बनाउनुभन्दा अगाडि सरसल्लाह लिने खाँचोमा असल नमुना बन्दछ । हामीले जे सुकै सोधे तापनि'' निम्न कुराहरूसँग सन्तुलन गर्नुपर्छः

१. ''मेरो नाउँमा'' (यूहन्ना १४:१३-१४; १५:७,१६; १६:२३)
२. ''मागिरहनु'' (मत्ती ७:७-८; लूका ११:५-१३; १८:१-८)
३. ''दुईजना सहमत हुनु'' (मत्ती १८:१९)
४. ''विश्वास गर्नु'''' (मत्ती २१:२२)
५. ''शंका नगरिकनै'' (मर्कूस ११:२२-२४; याकूब १:६-७)
६. ''स्वार्थी नभएर'' (याकूब ४:२-३)
७. ''उहाँका आज्ञाहरूलाई पालन गर्नु'''' (१ यूहन्ना ३:२२)
८. ''परमेश्वरको चाहनाअनुसार'' (मत्ती ६:१०; १ यूहन्ना ५:१४-१५)

येशूको नाउँले उहाँको चरित्रलाई प्रतिनिधित्व गर्छ । यो येशूको हृदय र विचारलाई बताउने अर्को उपाय हो । यो वाक्यांश यूहन्नामा धेरैचोटी देखा पर्दछ (जस्तैः १४:१३-१४,२६; १५:१६; १६:२३-२६) । जति बढी खीष्टजस्तै हुँदाखेरि, त्यति धेरै प्रार्थनाको सकारात्मक उत्तर पाइन्छ । परमेश्वरले आत्मिकतामा गर्न सक्ने सबभन्दा खराब चिजमा तिनीहरूको स्वार्थी र देखावटी प्रार्थनाहरू पर्दछन् । १ यूहन्ना ३:२२ को टिपोटलाई हेर्नुहोस् । .

## विशेष शिर्षकः प्रभावकारी प्रार्थना

क. त्रियक परमेश्वरको कसैको व्यक्तिगत सम्बन्धमा रहने
  १. पिताको चाहनामा सम्बन्धित हुने
    क. मत्ती ६:१०
    ख. १ यूहन्ना ३:२२
    ग. १ यूहन्ना ५:१४-१५
  २. येशूमा रहने
    यूहन्ना १५:७

३. येशूको नाउँमा प्रार्थना गर्नु
क. यूहन्ना १४:१३-१४
ख. यूहन्ना १५:१६
ग. यूहन्ना १६:२३-२४
४. आत्मामा प्रार्थना गर्नु
क. एफिसी ६:१८
ख. यहूदा पद २०

ख. कसैको व्यक्तिगत आचरणमा भर पर्नु
१. नडग्मगाउनु
क. मत्ती २१:२२
ख. याकूब १:६-७
२. गलत कुरालाई सोध्नु
याकूब ४:३
३. स्वार्थी प्रकारले सोध्नु
याकूब ४:२-३

ग. कसैको व्यक्तिगत छनोटमा सम्बन्धित हुनु
१. धैर्यता
क. लूका १८:१-८
ख. कलस्सी ४:२
ग. याकूब ५:१६
२. घरमा झगडा हुनु
१ पत्रुस ३:७
३. पाप
क. भजनसंग्रह ६६:१८
ख. यशैया ५९:१-२
ग. यशैया ६४:७

सबै प्रार्थनाको उत्तर आउँछन्, तर सबै प्रार्थनाचाहिँ प्रभावकारी हुँदैनन् । प्रार्थना भनेको दुई तर्फी सम्बन्धपनको कुरा हो । परमेश्वरले गर्न सक्ने सबभन्दा खराब कुरामा विश्वासीहरूले स्वीकार गरेको अनुपयुक्त अनुरोधहरू हुन् । कलस्सी ४:३ मा अन्तर्विन्तिको प्रार्थनाको विशेष शिर्षक लाई हेर्नुहोस् । १ यूहन्ना ५:१४ को अन्तर्विन्तिको प्रार्थनाको विशेष शिर्षकलाई हेर्नुहोस् । Outline at www.freebiblecommentary.org.

## विशेष शिर्षक: परमप्रभुको नाम

यो व्यक्तिगत उपस्थितिको निम्ति र मण्डलीमा त्रिएक परमेश्वरको सक्रिय शक्तिको लागि नयाँ करारको सामान्य वाक्यांश थियो । यो जादुगरीको सुत्र थिएन, तर यो परमेश्वरको चरित्रको निम्ति एउटा निवेदन थियो ।

१. कसैको विश्वासमा येशूको बप्तिस्मालाई व्यवसायिक बनाउनु (जस्तैः रोमी १०:९-१३; प्रेरित २:३८; ८:१२,१६; १०:४८; १९:५; २२:१६; १ कोरिन्थी १:१३,१५; याकूब २:७
२. भूत धपाउने कार्यमा (जस्तैः मत्ती ७:२२; मर्कूस ९:३८; लूका ९:४९; १०:१७; प्रेरित १९:१३)
३. चंगाइमा (जस्तैः प्रेरित ३:६,१६; ४:१०; ९:३४; याकूब ५:१४)
४. सेवकाइको कार्यमा (जस्तैः मत्ती १०:४२; १८:५; लूका ९:४८)
५. मण्डलीको अनुशासनको समयमा (जस्तैः मत्ती १८:१५-२०)
६. अन्य जातिहरूलाई प्रचार गर्ने समयमा (जस्तैः लूका २४:४७; प्रेरित ९:१५; १५:१७; रोमी १:५)
७. प्रार्थनामा (जस्तैः यूहन्ना १४:१३-१४; १५:२,१६; १६:२३; १ कोरिन्थी १:२)
८. ख्रीष्टियन विश्वासलाई बताउने एउटा तरिका (जस्तैः प्रेरित २६:९; १ कोरिन्थी १:१०; २ तिमोथी २:१९; याकूब २:७; १ पत्रुस ४:१४)

हामी घोषणाकर्ताहरू, सेवकहरू, सहयोगीहरू, चंगाइकर्ताहरू, र भूत निकाल्ने व्यक्तिहरूले जे सुकै गरे तापनि, हामीले उहाँको चरित्रमा, उहाँको शक्तिमा, उहाँको व्यवस्थामा र उहाँको नाउँमा गर्नुपर्छ ।

- "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।

"तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौं भने, म गरिदिनेछु" सामान्यता विश्वासीहरूलाई उहाँको पुत्रद्वारा पितामा र आत्मामा प्रार्थना गर्नलाई उत्साहित पारिन्छ । यो पद यूहन्नाको सुसमाचारमा भएको यस्तो मात्र पद हो, जहाँ येशूले उहाँ आफैलाई प्रार्थनामा निर्देशित गर्नुहुन्छ ।

पुरानो ग्रीक हस्तलेखनले "मलाई" भन्ने हटाएको कारण नै यो हुन सक्छ (जस्तैः एमएसएस, ए, डि, एल, र केही पुरानो ल्याटिन, भल्गेट, कोप्टिक, इथयोपियन, र साल्भिक संस्करणहरू) । युवियस४ ले यसको निश्चित रूपमा "ख" समूहमा राखेको छ । यसलाई एमएसएस पि६६, पि७५, बि, डब्लू, र केही पुराना ल्याटिन, भल्गेट र सिरियन संस्करणमा समावेश गरेका छन् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १४:१५-१७

"तिमीहरूले मलाई प्रेम गर्छौ भने, मेरा आज्ञाहरू पालन गर्नेछौं । र म पितासँग बिन्ति गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनु हुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ । यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नत देख्छ, न चिन्छ । तिमीहरू उहाँलाई चिन्छौं, किनभने उहाँ तिमीहरूसँग बास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ ।"

१४:१५ "तिमीहरूले मलाई प्रेम गर्छौं भने, मेरा आज्ञाहरू पालन गर्नेछौं" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसले सम्भाव्य कार्यको बारेमा बताउँदछ । ख्रीष्टमा परमप्रभुलाई गरिएको प्रेमले आज्ञाकारीतालाई प्रकट गर्दछ । "राख्नु" भन्ने शब्द भविष्यको सक्रिय सूचक हो, र यसलाई वर्तमान् आज्ञार्थकको रूपमा प्रयोग गरिन्छ (फ्रिवर्ग, ग्रीक नयाँ करारको विश्लेषणात्मक अध्ययन, पाना ३३७) । आज्ञाकारीता अति नै मुल्यवान हुन्छ (जस्तैः ८:५१; १४:२१,२३-२४; १५:१०; १ यूहन्ना २:३-५; २:२२,२४; ५:३; २ यूहन्ना पद ६; लूका ६:४६) । यो उही सत्यतामा पदहरू २१, २३ र २४ लाई पनि जोड दिइएको छ । आज्ञाकारीता साँचो परिवर्तनको प्रमाण हो (जस्तैः याकूब र १ यूहन्ना) ।

एनकेजेभिले "मेरा आज्ञाहरू पालन गर्नु" लाई आज्ञार्थक भनेको छ, जसलाई एमएसएस, ए, डि, डब्लू, भल्गेट र धेरै मण्डलीका पिताहरूले सहायता पुऱ्याएका छन् । त्यो युवियस४ ले भविष्यको सक्रिय सूचकमा "ग" स्तर दिँदछ (निर्णय गर्नलाई कठिनाइ हुने), जसलाई एमएसएस, बि, एल, र कोप्टिक संस्करणको साथसाथै अन्य धेरै मण्डलीका पिताहरूले सहायता पुऱ्याएका छन् ।

१४:१६ "उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनु हुनेछ" १४:२६ को टिपोटलाई हेर्नुहोस् ।

●

नासाब, एनकेजेभि, टिइभि "अर्को सल्लाहकार"
एनआरएसभि "अर्को वकिल"
एनजेबि "अर्को पवित्र आत्मा"

"अर्को" भन्ने परिवेश ग्रीक परिवेश (अलोस्) मा अनुवाद गरिएको छ, जसको अर्थ "उही प्रकारको अर्को" भन्ने हुन्छ । पवित्र आत्मालाई "अर्को येशू" भनेर पनि भनिएको छ (जि. क्याम्पबेल मोर्गन, तलको विशेष शिर्षकलाई हेर्नुहोस्) ।

ग्रीक परिवेशको दोस्रो परिवेश "पाराकेल'टोस" हो, जसलाई येशूले अन्तरविन्तिकर्ताको रूपमा १ यूहन्ना २:१ मा प्रयोग गर्नुहुन्छ, र पवित्र आत्मालाई यूहन्ना १४:२६ र १६:७-१४ मा प्रयोग गरिन्छ । यसको शब्दको इतिहासलाई कानुनी अर्थमा "एकजना सहायता गर्नको निम्ति बोलाइएको" भन्ने हुन्छ । त्यसकारण "बकिल" भन्ने परिवेशलाई यो शब्दमा ठीक प्रकारले अनुवाद गरिन्छ । यो उही ग्रीक "सल्लाहकार" (पाराकालो) भन्ने शब्दको एउटा स्वरुपमा पिताको भन्नेलाई २ कोरिन्थी १:३-११ मा प्रयोग गरिएको छ ।

"बकिल" (पाराकेल'टोस) भन्ने संज्ञालाई अनुवाद गर्दा रोमी कानुनी व्यवस्थाबाट आएको हुन्छ । "सल्लाहकार" भन्ने अनुवादलाई पहिला बाइक्लीफले प्रयोग गरेका थिए, र यसलाई क्रियाको स्वरुप (पाराकालेक) मा सेप्टुजुआन्टमा देखाइयो (जस्तैः २ शमूएल १०:४; १ इतिहास १९:३; अयूब १६:२; भजन संग्रह ६९:२०; उपदेशक ४:१; यशैया ३५:४) । यो शैतान वा दोष लगाउनेको विपरित कुरा हुन सक्छ ।

फाइलो र योसेफस दुवैले "अन्तरविन्ति गर्ने" वा "सल्लाह दिने" भावनामा यो शब्दलाई प्रयोग गरेका छन् ।

## विशेष शिर्षकः येशू र पवित्र आत्मा

त्यहाँ पुत्र र पवित्र आत्माको कार्यको बीचमा तरलता छ । आत्माको लागि जी. क्याम्पबेल मोर्गानले बताएको उत्तम नाउँ "अर्को येशू" भन्ने हो (तरैपनि, तिनीहरू फरक अनन्त व्यक्तित्वहरू हुन्) । यी तलकाहरूलाई पुत्र र पवित्र आत्माको कार्य र शिर्षकको रूपरेखामा तुलना गरिएको छ

१. आत्माले "येशूको आत्मा" वा उस्तै खालको प्रकटीकरण भनेर भन्दछ (जस्तैः रोमी ८:९; २ कोरिन्थी ३:१७; गलाती ४:६; १ पत्रुस १:११) ।
२. दुवै नै उही परिवेशबाट भनिएको
   क. "सत्यता"
      १) येशू (यूहन्ना १४:६)
      २) पवित्र आत्मा (यूहन्ना १४:१७; १६:१३)
   ख "वकिल"
      १) येशू (१ यूहन्ना २:१)
      २) पवित्र आत्मा (यूहन्ना १४:१६,२६; १५:२६; १६:७
   ग. "पवित्र"
      १) येशू (मर्कूस १:२४; लूका १:३५; प्रेरित ३:१४; ४:२७,३०)
      २) पवित्र आत्मा (लूका १:३५; ४:३४)

३. दुवै विश्वासीहरूमा बास गर्ने
   क. येशू (मत्ती २८:२०; यूहन्ना १४:२०,२३; १५:४-५; रोमी ८:१०; २ कोरिन्थी १३:५; गलाती २:२०; एफिसी ३:१७; कलस्सी १:२७)
   ख. पवित्र आत्मा (यूहन्ना १४:१६-१७; रोमी ८:९,११; १ कोरिन्थी ३:१६; ६:१९; २ तिमोथी १:१४)
   ग. पिता (यूहन्ना १४:२३; २ कोरिन्थी ६:१६)

- "उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ" पवित्र आत्माको सन्दर्भमा तीनवटा फरक नामयोगीहरूलाई प्रयोग गरिएका छन्:

१. "मेटा" (पद १६), "सँगै"
२. "पारा" (पद १७), "पक्षद्वारा"
३. "इन" (पद १७), "मा"

पवित्र आत्मा हामीसँग, हामीद्वारा, र हामीभित्र बास गर्नुहुन्छ भन्ने कुरालाई याद गर्नुहोस् । येशूको जीवन विश्वासीहरूमा प्रकट हुनुहुन्छ भन्ने कार्य उहाँको हो । उहाँ युगको अन्तसम्ममा तिनीहरूसँग रहनुहुनेछ (जस्तैः पद १८; मत्ती २८:२०) ।

आत्मालाई "उहाँ" भनेर बोलाइने कुस्लाई याद गर्नुहोस् । यसले आत्मा व्यक्तिगत हुनुहुन्छ भनेर लागु गर्दछ । कतिचोटी केजेभि मा आत्मालाई "यो" भनेर सम्बोधन गरिएको हुन्छ, तर यो "आत्मा" भन्ने परिवेशलाई ग्रीकमा नपुंसक भनिएको छ (जस्तैः १४:१७,२६; १५:२६) । उहाँ त्रियकत्वको तेस्रो व्यक्ति हुनुहुन्छ (१४:२६ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । त्रियकत्व भन्ने परिवेश बाइबलको परिवेश होइन, तर यदि येशू अलौकिक र आत्मा व्यक्ति हुनुहुन्छ भने, तब केही किसिमको त्रि-एकताको संलग्नता हुन्छ । परमेश्वर एक अलौकिक तत्व हुनुहुन्छ, तर तीनवटा स्थायी व्यक्तित्वलाई प्रदर्शन गर्नुहुन्छ (विशेष शिर्षकमा १४:२६, मत्ती ३:१६-१७; २८:१९; प्रेरित २:३३-३४; रोमी ८:९-१०; १ कोरिन्थी १२:४-६; २ कोरिन्थी १:२१-२२; १३:१४; एफिसी १:३-१४; २:१८; ४:४-६; तितस ३:४-६; १ पत्रुस १:२) । "सधैंको निम्ति" भन्नेलाई ६:५८ को विशेष शिर्षकमा हेर्नुहोस् ।

१४:१७ "यिनी सत्यका आत्मा हुनुहुन्छ" यहाँ आएको सत्यताको पद ६ को जस्तै उही भनाइ हुन्छ (जस्तैः १५:२६; १६:१३; १ यूहन्ना ४:६) । सत्यताको विशेष शिर्षकलाई ६:५५ र १७:३ मा हेर्नुहोस् । उहाँ झुटको पिता, शैतानभन्दा विपरित हुनुहुन्छ (जस्तैः ८:४४) ।

- "जसलाई" यो आत्मा (न्यूमा) भन्ने परिवेशसँग नपुंसक हुन्छ । तरैपनि, ग्रीकमा सबैतिर पुलिङ्ग भन्ने सर्बनामलाई प्रयोग गरिन्छ (जस्तैः पदहरू २६; १५:२६; १६:७-८, १३-१४) । वास्तवमा पवित्र आत्मा पुरुष वा महिला पनि होइन; उहाँ आत्मा हुनुहुन्छ । यो कुरालाई संझनु आवश्यक हुन्छ, कि उहाँमा पनि फरक व्यक्तित्व छ (१४:२६ को विशेष शिर्षकलाई हेर्नुहोस्) ।

- "जसलाई संसारले ग्रहण गर्न सक्दैन" पवित्र आत्मालाई ती व्यक्तिले मात्र प्रशंसा गर्न सक्छन्, जसको विश्वास येशू ख्रीष्टमा हुन्छ (जस्तैः १:१०-१२) । उहाँले विश्वासीलाई खाँचो पर्ने सबैचिज प्रदान गर्नुहुन्छ (जस्तैः रोमी ८:१-११) । यो अविश्वासी संसारले (कसमसको लागि तलको विशेष शिर्षकलाई हेर्नुहोस्) आत्मिक चिजविजहरूलाई बुझ्न र प्रशंसा गर्न सक्दैन (जस्तैः १ कोरिन्थी २:१४; २ कोरिन्थी ४:४) ।

## विशेष शिर्षकः पावलको कसमस (संसार) को प्रयोग

पावलले कसमस भन्ने परिवेशलाई विविध तरिकाले प्रयोग गर्दछन्:

१. सबै सृष्टि गरिएको क्रमलाई (जस्तैः रोमी १:२०; एफिसी १:४; १ कोरिन्थी ३:२२; ८:४,५)
२. यो ब्रम्हाण्डमा (जस्तैः २ कोरिन्थी १:१२; एफिसी १:१०; कलस्सी १:२०; १ तिमोथी १:१५; ३:१६; ६:७)
३. मानवियताको लागि (जस्तैः १ कोरिन्थी १:२७-२८; ४:९,१३; रोमी ३:६,१९; ११:१५; २ कोरिन्थी ५:१९; कलस्सी १:६)
४. परमेश्वरबाहेक मानव जातिले व्यवस्थित गरेर कार्य गर्ने (जस्तैः १ कोरिन्थी १:२०-२१; २:१२; ३:१९; ११:३२; गलाती ४:३; एफिसी २:२, १२; फिलिप्पी २:१५; कलस्सी २:८,२०-२४) । यो यूहन्नाले प्रयोग गर्ने जस्तै नै छ (जस्तैः १ यूहन्ना २:१५-१७)
५. वर्तमान् विश्वको संरचना (जस्तैः १ कोरिन्थी ७:२९-३१; गलाती ६:१४ जस्तै फिलिप्पी ३:४-९, जहाँ पावलले यहूदी संरचनालाई वर्णन गर्छन्) ।

यिनीहरू केही तरिकामा खप्टिन्छन्, र हरेक प्रयोगलाई समूहगत रूपमा राख्न कठिनाइ पर्दछ । पावलका धेरै विचारजस्तै यो परिवेशलाई तत्कालको परिवेशमा परिभाषित गरिनुपर्छ, र अगाडि नै मिलाइएको परिभाषामा चाहिँ होइन । पावलको सन्दर्भको कुरा तरलतामा थियो (जस्तैः जेम्स स्टीवार्डको ख्रीष्टमा एकजना मानिस भन्नेमा) । उहाँले व्यवस्थित ईश्वरशास्त्रलाई मिलाउने प्रयास गरिरहनुभएको थिएन, तर येशूको घोषणा गर्नुभयो ! उहाँले सबैचिजलाई परिवर्तन गर्नुहुन्छ !

- "चिन्नु...चिन्नु" सायद यो यूहन्नाको अर्को दोहोरो संझौता हुन सक्छ । यसको हिब्रू भनाइमा नजिकको व्यक्तिगत सम्बन्ध हुन्थ्यो होला (जस्तैः उत्पत्ति ४:१; यर्मिया १:५) । यहाँ ग्रीक भनाइ ज्ञान हुन्थ्यो होला । त्यो सुसमाचारमा व्यक्तिगत र ज्ञान दुवै हुन्छ ।

"उहाँ तिमीहरूसँग बास गर्नुहुन्छ" रहनु भन्ने कुरा यूहन्नाको लेखहरूमा मुख्य विचार हो (जस्तैः १५ अध्याय, १ यूहन्ना २:१० लाई विशेष शिर्षकमा हेर्नुहोस् । पिता छोरामा रहन्छन्, आत्मा विश्वासीहरूमा रहन्छन्, विश्वासीहरू पुत्रमा रहन्छन् । यो रहनु भन्ने बर्तमान् कालमा छ, र अलग्याइएको निर्णय वा भावनात्मक प्रतिक्रिया होइन ।

"उहाँ तिमीहरूमा रहनुहुनेछ" यसलाई "तपाईंको बीचमा" (वहुवचन, एनआरएसभिको अन्तमा दिइएको टिपोट) वा तपाईंमा भनेर बुझ्न सकिन्छ (नासाब, एनकेजेभि, एनआरएसभि, टिइभि र एनजेबि)। परमेश्वरद्वारा विश्वासीहरूमा बास गर्ने कुरा अनौठो प्रतिज्ञा हो। नयाँ करारले यो कुरा बताउँदछ, कि त्रियकत्वको सबै तीनजना व्यक्तिहरू विश्वासीहरूमा बास गर्छन्:

१. येशू (मत्ती २८:२०; यूहन्ना १४:२०,२३; १५:४-५; रोमी ८:१०; २ कोरिन्थी १३:५; गलाती २:२०; एफिसी ३:१७; कलस्सी १:२७)
२. पवित्र आत्मा (यूहन्ना १४:१६-१७; रोमी ८:११; १ कोरिन्थी ३:१६; ६:१९; २ तिमोथी १:१४)
३. पिता (यूहन्ना १४:२३; २ कोरिन्थी ६:१६)

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १४:१८-२४

"म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ। म तिमीहरूकहाँ आउनेछु। अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौं। म जीवित भएको हुनाले तिमीहरू पनि जीवित रहनेछौं। त्यस दिन तिमीहरूले जान्नेछौं, कि म मेरा पितामा छु, र तिमीहरू ममा र म तिमीहरूमा छु। मलाई प्रेम गर्ने त्यही हो, जससँग मेरा आज्ञा छन्, र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेहरूलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु।" यहूदाले (इस्करियोत चाहिँ होइन) उहाँलाई भने, "प्रभु तपाईंले के भन्नु भएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन।" येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो जीवन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग बास गर्नेछौं। मलाई प्रेम गर्नेले मेरा वचन पालन गर्दैन, जुन वचन तिमीहरू सुन्छौं, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।

१४:१८ "म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ, म तिमीहरूकहाँ आउनेछु" येशूले उहाँका चेलाहरूसँग माथिल्लो कोठामा तिनीहरूसँग गर्नुभएको उहाँको पहिलो पुनरुत्थान पछिको र निस्तार चाड पछिको आइतबारको बेलुका बनाउनु भएको थियो (जस्तैः २०:१९-३१)। तरैपनि, केही टिप्पणीकर्ताहरूले पेन्तिकोसको दिनमा (प्रेरित २ अध्याय) आउने पवित्र आत्मालाई वा दोस्रो आगमन (जस्तैः पद ३) को परिवेशलाई बताएको देख्न सकिन्छ।

१४:१९ "अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौं" पद २० ले यस्तो कुरा देखाउँदछ, कि यसले येशू ख्रीष्टको पुनरुत्थान भईसकेपछिको समयलाई बताउँदछ। यो भनाइलाई यहूदाले पद २२ मा उठाएका छन्, र येशूलाई अर्को प्रश्न सोध्छन्। ती चेलाहरूले अझै यस धर्तिमा मसिहिय राज्यलाई स्थापित गर्ने आशा गरिरहेका थिए (जस्तैः मत्ती २०:२०-२८; मर्कूस १०:३५-४५), र उहाँले यसो भन्नुभएको कुराले ठूलो अन्योलता ल्यायो, "संसारले मलाई कहिल्यै देख्नेछैन। येशूले यहूदाले (इस्करियोत चाहिँ होइन) पदहरू २३ र २४ मा सोधेका प्रश्नको उत्तर यसरी दिनुभयो, कि व्यक्तिगत ख्रीष्टियनहरूको जीवनमा उहाँ आफै देखा पर्नुहुनेछ, र त्यसपछि यस संसारले उहाँलाई तिनीहरूद्वारा देख्नेछ।

"म मेरा पितामा छु, र तिमीहरू ममा र म तिमीहरूमा छु" येशूको पुनरुत्थानमा उहाँको चाहनालाई देखाउँदा उहाँको शक्तिमा जीवन दिने चाहना हुन्छ ( रोमी ८:९-११; १ कोरिन्थी १५:२०-२३, ५०-५८)।

१४:२० "त्यो दिनमा" सामान्यतया यो वाक्यांश भविष्यसम्बन्धीको भावनामा प्रयोग गरिएको हुन्छ (विशेष शिर्षकमा तल हेर्नुहोस्), तर यहाँ यसले येशूको पुनरुत्थान भइसकेपछिको दृश्यलाई देखाउँदछ, वा पेन्तिकोसको दिनमा आउने आत्माको पूर्णतालाई देखाउँदछ।

## विशेष शिर्षकः त्यो दिन

"त्यो दिनमा" भन्ने यो वाक्यांशले परमेश्वरको उपस्थितिमा न्याय र स्थापित दुवै हुने आठौं शताब्दीका अगमवक्ताहरूले एउटा उपायको बारेमा बताउँदछन्।

| होसे | आमोश | मीका |
| --- | --- | --- |
| सकारात्मक/नकारात्मक | सकारात्मक/नकारात्मक | सकारात्मक/नकारात्मक |
| १:१११:५१:१४(२)२:४ | | |
| २:३२:१६३:६ | | |
| २:१५३:१४४:६ | | |
| २:१६५:१८(२)५:१० | | |
| २:२१५:२०७:४ | | |
| ५:९६:३७:११(२) | | |
| ७:५८:३७:१२ | | |
| ९:५८:९(२) | | |
| १०:१४८:१० | | |
| ९:११८:१३ | | |

यो नमुना अगमवक्ताहरूको प्रकार बन्दछ। परमेश्वरले उहाँको समयमा पापको विरुद्धमा कार्य गर्न गइरहनुभएको छ, तर उहाँले पश्चात्ताप र क्षमापनको दिन पनि त्यस्ताहरूको लागि प्रदान गर्नुहुन्छ, जसले तिनीहरूको हृदय र कार्यहरूलाई परिवर्तन गर्छन्! परमेश्वरको छुटकाराको र स्थापित गर्ने कार्यलाई पूरा गरिनेछ! उहाँका मानिसहरू हुनेछन्, जसले उहाँको चरित्रलाई देखाउनेछन्। सृष्टिको उद्देश्य (परमेश्वर र मानव जतिको बीचको संगति) पनि पूरा गरिनेछ।

“तिमीहरूले जान्नेछौं, कि म मेरा पितामा छु, र तिमीहरू ममा र म तिमीहरूमा छु” कतिचोटी “जान्नु” भन्नेमा व्यक्तिगत संगति र नजिकको सम्बन्धमा हिब्रू भनाइ हुन्छ, तर यहाँ यो “त्यो” (होटी) भन्नेले पछ्याउँछ, जसले समान परिवेशलाई स्पष्ट पार्दछ । यो शब्द “विश्वास गर्नु” जस्तैको दोहोरो अर्थ हुन्छ । यूहन्नाले यस्ता किसिमका शब्दहरूलाई सुसमाचारमा प्रकट गर्न छनौट गर्दछन् । विश्वासीहरूले उहाँलाई जान्नुपर्छ (उहाँमा विश्वास गर्नुपर्छ), तर उहाँको सत्यताको बारेमा पनि जान्नुपर्छ वा त्यसमा विश्वास गर्नुपर्छ । विशेष शिर्षकको निम्ति २:२३ लाई हेर्नुहोस् ।

- “म मेरा पितामा छु, र तिमीहरू ममा र म तिमीहरूमा छु” कतिचोटी यूहन्नाले येशू र पिताको एकतालाई जोड दिएका छन् (जस्तैः १०:३८; १४:१०-११; १७:२१-२३) । उनले यो सत्यतालाई थप्दछन्, कि जसै पिता र येशू एक-अर्कामा नजिकपनमा जोडिएका हुन्छन्, त्यसरी नै येशू र उहाँलाई पछ्याउनेहरू हुन्छन् (जस्तैः यूहन्ना १७ अध्याय) ।

१४:२१ “जससँग मेरा आज्ञा छन्, र ती पालन गर्दछ” यी दुईवटा वर्तमान् कृदन्तहरू हुन् । यहाँ आज्ञाकारीता अति नै जटिल हुन्छ (१५ पदको टिपोटलाई हेर्नुहोस्) । यो साँचो परिवर्तनको प्रमाण हो (जस्तैः पद २३) ।

प्रेरितहरू यहूदीहरू थिए, र कतिचोटी तिनीहरूले सेमिटिकहरूको भनाइलाई प्रयोग गरे । त्यो व्यवस्था ६:४-५ मा आएको हरेक आराधनाको समयमा यहूदी प्रार्थना सुरु हुन्छ, र जसलाई सेमा भनिन्छ, जसको अर्थ “सुनेअनुसार नै गर्नु” भन्ने हुन्छ । यो यूहन्नाले टिप्पणी गर्ने बिन्दु हो (याकूब २:१४-२६) ।

- “र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु” यसले यस्तो बताएको हुन सक्छ, कित १) पुनरुत्थान भइसकेपछिको दृश्य (जस्तैः प्रेरित २०:४०-४१) वा २) प्रकट गर्नलाई पवित्र आत्मा पठाउनु, र विश्वासीहरूमा खीष्टको स्वरुप बनाउनु -जस्तैः पद २६; रोमी ८:२९; गलाती ४:१९) ।

येशूले विश्वास गरेर यो कुराको निश्चयता गराउनुभयो, कि उहाँले १) पश्चात्ताप गर्नुभयो; २) बोल्नुभयो र ३) पितालाई प्रकट गर्नुभयो । येशू खीष्टद्वारा बोलिएका यी अधिकारका वचनहरूलाई प्रेरितिय लेखकहरूले अभिलेख राखेर परमेश्वरका उद्देश्यहरू र उहाँको स्पष्ट जानकारीको बारेमा स्रोतमात्रै बनाएका छन् । विश्वासीहरूले यो कुरालाई निश्चित गर्दछन्, कि राम्ररी व्याख्या गरिएको येशू र बाइबलको अधिकारमा अन्ततः अधिकार, कारण, अनुभव, र परम्परा उपयोगी हुन्छन्, तर अन्तिमचाहिँ हुँदैनन् ।

त्यहाँ आत्मा र पुत्रको कार्यको बीचमा तरलता हुन्छ । जी. क्याम्पबेल मोर्गानले आत्माको लागि भनिएको उत्तम नाउँ “त्यो अर्को येशू” भन्ने हुन्छ । १४:१६ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

१४:२२ पद १९ को टिपोटलाई हेर्नुहोस् ।

- “यहूदा (इस्करियोतचाहिँ होइन)” यो थाडीयसको निम्ति दिइएको अर्को नाउँ थियो (जस्तैः मत्ती १०:३; मर्कूस ३:१८) । १:४५ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

१४:२३ यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसले सम्भाव्य कार्यको बारेमा बताउँदछ । ती चेलाहरूले येशूको निम्ति प्रेम गर्दा तिनीहरूको प्रेम एक-अर्कामा देखिनेछ (जस्तैः पदहरू १५, २१) ।

१४:२४ “तिमी” यहाँ आएको व्याख्यात्मक प्रश्न यो हो, कि “यो ‘तिमी’ भन्नेले कसको लागि बताउने गर्दछ ?” व्याकरणगत रूपमा यो “सुन्नु भन्ने सर्वनाम क्रियामा हुन्छ -वर्तमान् सकृय सूचक, दोस्रो व्यक्तिको वहुवचन) । यसले बताउन सक्थ्यो कि,

१. यस संसारका मानिसहरू जसले येशूको सन्देशलाई इन्कार गर्छन्
२. ती चेलाहरू जसले येशूका आफ्नै वचनको रूपमा पितालाई स्वीकार गर्छन् (जस्तैः पदहरू १०-११)

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १४:२५-३१

“यी कुरा तिमीहरूसँग रहँदै मैले तिमीहरूलाई भनेको हुँ । तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ । शान्ति म तिमीहरूसँग छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ । तिमीहरूको हृदय व्याकुल नहोस्, र भयभित नहोस् । मैले तिमीहरूलाई म गइरहेछु, र तिमीहरूकहाँ आउँछु भनेको तिमीहरूले सुन्यौं । तिमीहरूले मलाई प्रेम गरेका भए, म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौं, किनकि पिता मभन्दा महान् हुनुहुन्छ । अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ, तिमीहरूले विश्वास गर्न सक । म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ । त्यसको ममाथि केही शक्ति छैन। तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ, सोहीबमोजिम गर्दछु भनी संसारले जानोस्। उठ, हामी यहाँबाट जाऔं”

१४:२५ “यी कुरा” यसले माथिल्लो कोठामा सिकाएको कुरालाई बताएको हुनुपर्छ (खण्डहरू १३-१७, तर विशेषगरेर पदहरू १५:११; १६:१,४,६,२५,३३ मा बर्गीकृत गरिएको छ) ।

१४:२६ “पवित्र आत्मा” त्रियकत्वको तेस्रो व्यक्तिको यो शिर्षक १:३३ र २०:२२ मा मात्र आएको छ, र यहाँ यूहन्नामा पनि छ (१ यूहन्ना २:२० मा पवित्रचाहिँ भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् । तरैपनि, उहाँलाई यूहन्नाको स ुसमाचारमा अन्य थुप्रै नाउँहरूले बोलाइन्छन् (पवित्र आत्मा, सत्यताको आत्मा, त्यो आत्मा आदि) ।

त्यहाँ नयाँ करारमा थुप्रै खण्डहरू छन्, जसले आत्मालाई व्यक्तिगत परिवेशहरूमा बताउँदछन् (जस्तैः मर्कूस ३:२९; लूका १२:१२; यूहन्ना १४:२६; १५:२६; १६:७-१५, तलको विशेष शिर्षकलाई हेर्नुहोस्) । त्यहाँ अन्य पाठहरू पनि छन्, जहाँ आत्मालाई नपुंसक सर्वनाम प्रयोग गरिन्छ, किनकि आत्मा (न्यूमा) को ग्रीक शब्दमा नपुंसक हुन्छ (जस्तैः १४:१७; रोमी ८:२६) ।

यो बिन्दुमा आइपुग्दा त्यो शब्दको विचारको बारेमा त्रियकत्व हुन्छ । “त्रियकत्व” भन्ने परिवेश बाइबलको शब्द होइन, तर धेरै पाठहरूमा तीनवटा व्यक्तिको प्रदर्शनलाई एक साँचो परमेश्वरमा सँगसँगै देखिएका छन् (तलको विशेष शिर्षकलाई हेर्नुहोस्) । यदि येशू अलौकिक र आत्मा व्यक्तिगत हुनुहुन्छ

भने, तब ईश्वरशस्त्रीय एकल ईश्वरको रूपमा (जस्तैः व्यवस्था ६:४-६), हामीले त्रि-एकत्वलाई जोड दिएका हुन्छौं, र प्रगतिशिल प्रदर्शनचाहिँ हुँदैन, तर अनन्त व्यक्तित्वमा हुन्छ !

## विशेष शिर्षकः त्रियकत्व

सबै तीनवटा व्यक्तित्वहरूलाई त्रियकत्वको एकत्रित परिवेशमा ल्याउँदा हुने क्रियाकलापलाई याद गर्नुहोस्। "त्रियकत्व" भन्ने परिवेश पहिला टर्टुलियन भन्ने व्यक्तिले सुरुवात गरेका थिए, जुनचाहिँ बाइबलको शब्द होइन, तर विचारलाई संभ्काउन र बुभ्काउन सकिन्छ।

क. सुसमाचारहरू
- १. मत्ती ३:१६-१७; २८:१९ (र समानान्तरहरू)
- २. यूहन्ना १४:२६

ख. प्रेरित - प्रेरित २:३२-३३, ३८-३९

ग. पावल
- १. रोमी १:४-५; ५:१,५; ८:१-४,८-१०
- २. १ कोरिन्थी २:८-१०; १२:४-६
- ३. २ कोरिन्थी १:२१-२२; १३:१४
- ४. गलाती ४:४-६
- ५. एफिसी १:३-१४,१७; २:१८; ३:१४-१७; ४:४-६
- ६. १ थेसलोनिकी १:२-५
- ७. २ थेसलोनिकी २:१३
- ८. तितस ३:४-६

घ. पत्रुस - १ पत्रुस १:२

ङ. यहूदा - पदहरू २०-२१

परमेश्वरमा भएको बहुवचन पुरानो करारमा संकेत गरिएको हुन्छ।

क. परमेश्वरको नाउँलाई बहुवचनमा प्रयोग गर्दा
- १. एलोहिम भन्ने नाउँ बहुवचनमा छ, तर जब यो परमेश्वरको निम्ति प्रयोग गरिन्छ, तब यो सधैं एकवचनको क्रिया हुन्छ।
- २. उत्पत्ति १:२६-२७; ३:२२; ११:७ मा आएको "हामी" भन्ने

ख. परमेश्वरका दूतलाई देखाउँदा ईश्वरको प्रतिनिधि हुने
- १. उत्पत्ति १६:७-१३; २२:११-१५; ३१:११-१३; ४८:१५-१६
- २. प्रस्थान ३:२,४; १३:२१; १४:१९
- ३. न्यायकर्ता २:१; ६:२२-२३; १३:३-२२
- ४. जकरिया ३:१-२

ग. परमेश्वर र उहाँको आत्मालाई अलग्याइएको छ, उत्पत्ति १:१-२; भजनसंग्रह १०४:३०; यशैया ६३:९-११; इजकिएल ३७:१३-१४

घ. परमेश्वर (यहोवा) र मसिह (एदोन) लाई अलग गरिएको, भजनसंग्रह ४५:६-७; ११०:१; जकरिया २:८-११; १०:९-१२

ङ. मसिह र आत्मालाई अलग गरिएको, जकरिया १२:१०

च. यी सबै तीनवटालाई यशैया ४८:१६; ६१:१ मा बताइएको

येशूको ईश्वरत्व र आत्माको व्यक्तित्वले सुरुका विश्वासीहरूलाई कठोर एकल ईश्वरवादमा समस्या खडा गऱ्यो।

१. टर्टुलियन - पुत्र पितामा अधिन रहने

२. ओरेगन - पुत्र र आत्माको अलौकिक शक्तिमा अधिन रहने

३. एरियस - पुत्र र पवित्र आत्माको ईश्वरत्वमा इन्कार गर्ने

४. मोनार्कियनवाद - पिता, पुत्र र पवित्र आत्माको रूपमा एकजना परमेश्वरले सफलतापूर्वक देखाइएको कुरामा विश्वास गर्ने

त्रियकत्व ऐतिहासिक रूपमा विकास गरिएको कार्य हो, र बाइबलीय वस्तुद्वारा जानकारी गराइन्छ,

१. येशूको पूर्ण ईश्वरत्व पितामा समान रहँदा, र सन् ३२५ मा नाइसियाको परिष्दले निश्चित गरेको थियो,

२. पिता र पुत्रको समानतामा रहने पवित्र आत्माको पूर्ण ईश्वरत्वलाई कन्टान्टिनोपलको परिषद (सन् ३८१) मा निश्चित गरियो,

३. त्रियकत्वको सिद्धान्तलाई अगष्टिनको कार्य "डि ट्रिनिटेट" भन्नेमा पूर्ण रूपमा प्रकट गरियो,

त्यो अब यहाँ साँच्चिकै रहस्यमा छ। तर नयाँ करारले एउटा अलौकिक शक्तिलाई निश्चित गर्न तीनवटा अनन्त व्यक्तित्वलाई प्रकट गरेको छ।

"जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ," त्यहाँ सुरुको मण्डलीमा (चौथो शताब्दी) मा असंख्य लडाइँ थियो, चाहे त्यो आत्मा पिताबाट आएको होस् (जस्तैः यूहन्ना ३:३४; १४:१६; १६:२६) वा पुत्रबाट आएको होस् (जस्तैः यूहन्ना १५:२६; १६:७; लूका २४:४९; प्रेरित २:३३)। यरियस र अथानासियसको विवादको ईश्वरशास्त्रीय विषयमा पूर्ण र अनन्त ईश्वर हुनुहुन्थ्यो, र परमेश्वर पिता र येशू पुत्रसँग समानतामा रहनुहुन्थ्यो।

- "उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ" यो योग्य भएको हुनुपर्छ। आत्माले विश्वासीहरूलाई ज्ञानको सबै क्षेत्रहरूमा सिकाएको हुँदैन, तर आत्मिक सत्यताको बारेमा, र विशेष गरेर येशूको व्यक्तित्व र कार्यमा सुसमाचारले कार्य गर्दछ (जस्तैः १६:१३-१४; १ यहन्ना २:२०,२७)।

## विशेष शिर्षकः आत्माको व्यक्तित्वपन

पुरानो करारमा "परमेश्वरको आत्मा" (जस्तैः रुवाख) एउटा शक्ति हो, जसले यहोवाको उद्देश्यलाई पूरा गऱ्यो, तर त्यहाँ यो व्यक्तिगत थियो (जस्तैः पुरानो करारमा एकल ईश्वरवाद) भनेर कुनै पनि संकेत दिइएको छैन। तरैपनि, नयाँ करारमा पूर्ण व्यक्तित्व र आत्माको व्यक्तित्वपनलाई प्रमाण दिइएको छ।

१. उहाँलाई दोष लगाउन सकिन्छ (जस्तैः मत्ती १२:३१; मर्कूस ३:२९)
२. उहाँले सिकाउनुहुन्छ (जस्तैः लूका १२:१२; यूहन्ना १४:२६)
३. उहाँले गवाही लिनुहुन्छ (जस्तैः यूहन्ना १५:२६)
४. उहाँले निश्चित गर्नुहुन्छ, र निर्देशन दिनुहुन्छ (जस्तैः यूहन्ना १६:७-१५)
५. उहाँलाई "को" भनेर बोलाइयो (जस्तैः होस, एफिसी १:१४)
६. उहाँ दुःखित हुन सक्नुहुन्छ (जस्तैः एफिसी ४:३०)
७. उहाँ खुम्चन सक्नुहुन्छ -जस्तैः १ थेसलोनिकी ५:१९)

त्रियकत्वको पाठले पनि तीनवटा व्यक्तिहरूको बारेमा बताउँदछः

१. मत्ती २८:१९
२. २ कोरिन्थी १३:१४
३. १ पत्रुस १:२

आत्मा मानवीय क्रियाकलापमा जोडिएको हुन्छः

१. प्रेरित १५:२८
२. रोमी ८:२६
३. १ कोरिन्थी १२:११
४. एफिसी ४:३०

प्रेरितको पुस्तकको सुरुवातमा नै आत्माको भूमिकालाई जोड दिइएको छ। पवित्र आत्माको कार्यको स ुरुवात पेन्तिकासमात्र थिएन, तर एउटा नयाँ अध्याय थियो। येशूमा सधैं नै पवित्र आत्मा हुनुहुन्थ्यो। उहाँको बप्तिस्मा पवित्र आत्माको कार्यको सुरुवात मात्रै थिएन, तर एउटा नयाँ अध्याय थियो। लूकाले प्रभावकारी सेवकाइको निम्ति मण्डलीमा एउटा नयाँ अध्याय तयार पार्दछन्। येशू ख्रीष्ट अझैपनि जोडमा हुनुहुन्छ, आत्मा अझैपनि प्रभावकारी साधन हुनुहुन्छ, र पिताको प्रेम, क्षमापन, र सबै मानिसहरूले उहाँको स्वरुपको लक्ष्य बनाएका हुन्छन्।

- "मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ" आत्माका उद्देश्यहरू निम्नानुसार छन्:

१. मानवीय पापको दोषी ठहऱ्याउनु
२. तिनीहरूलाई येशू ख्रीष्टमा ल्याउनु
३. तिनीहरूलाई ख्रीष्टमा बप्तिस्मा दिनु
४. तिनीहरूमा ख्रीष्टको स्वरुप बनाउनु (जस्तैः १६:७-१५)
५. येशूले तिनीहरूलाई भन्नुभएका सबै चिज चेलाहरूलाई संझनलाई सहायता गर्नु र तिनीहरूको अर्थलाई स्पष्ट पार्नु ताकि तिनीहरूले बाइबलमा लेख्न सकेका होऊन् (जस्तैः २:२२; १५:२६; १५:१३)

येशू आफैले चेलाहरूलाई पुनरुत्थान भएपछि निर्देशन दिनुभयो, विशेषगरेर कसरी पुरानो करारले उहाँलाई देखाउँछ, र उहाँमा कसरी पूरा हुन्छ (जस्तैः लूका २४:१३-१५)।

१४:२७ "शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु" विश्वासीहरूको शान्ति परिस्थितिहरूसँग सम्बन्धित छैनन्, तर शान्ति येशूको प्रतिज्ञा र उपस्थितिमा आधारित छन् (जस्तैः १६:३३; फिलिप्पी ४:७; कलस्सी ३:१५)।

"शान्ति" लाई वस्तुगत भावनामा र परमेश्वरसँगको स्थापना गर्ने दुवै कुरामा प्रयोग गरिन्छ, र एउटा विषयगत भावनामा, एउटा सुरक्षाको अनुभव र स्थायित्वमा वा कठिनाइको बीचमा पनि प्रयोग गरिन्छ। यसले यहूदी अभिवादन सालोम वा शान्तिलाई प्रकट गर्दछ, जसको अर्थ समस्याहरू नहुने अवस्था र सन्तुष्ट हुने दुवै अवस्था हुन्छ -जस्तैः २०:१९,२१,२६; ३ यूहन्ना पद १४; एफिसी २:१४; गन्ती ६:२६; भजनसंग्रह २९:११; यशैया ९:६)। यसले नयाँ युगको चित्रित गर्दछ !

## विशेष शिर्षकः ख्रीष्टियन र शान्ति

यसको ग्रीक परिवेशमा स ुरुको अर्थ "टुटिएको चाहिँलाई सँगसँगै बाँध्नु" भन्ने हुन्छ। त्यहाँ नयाँ करारले शान्तिलाई बताउने तीनवटा उपायहरू छन्:

१. हाम्रो शान्तिको वस्तुगत पक्षमा परमेश्वरसँग र येशू ख्रीष्टद्वारा -जस्तैः कलस्सी १:२०)
२. हाम्रो व्यक्तित्वको विषयगत पक्षमा परमेश्वरसँग (जस्तैः यूहन्ना १४:२७; १६:३३; फिलिप्पी ४:७)
३. त्यसलाई परमेश्वरले एउटा नयाँ शरीरमा, विश्वास गर्ने यहूदी र अन्यजाति दुवैलाई येशू ख्रीष्टद्वारा एकत्रित बनाउनुभएको छ (जस्तैः एफिसी २:१४-१७; कलस्सी ३:१५)।

न्यूम्यान र नीडा, रोमीहरूलाई पावलको पत्रको अनुवादकको हाते पुस्तकको पाना ९२ ले “शान्तिको बारेमा एउटा असल टिप्पणी गरेको छ,

“पुरानो करार र नयाँ करार दुवैमा शान्ति भन्ने परिवेशको वृहत तहको अर्थ हुन्छ । सामान्यतया यसले व्यक्तिको जीवनको सम्पूर्ण भलाइ पनलाई वर्णन गर्दछ । यसलाई अझै यहूदीहरूको बीचमा अभिवादन गर्ने स_त्रको रूपमा अंगालेको थियो । यो परिवेशको यति धेरै ठूलो अर्थ छ, कि यसलाई मसिहिय मुक्तिको वर्णनको रूपमा यहूदीद्वारा प्रयोग गर्न सकिन्थ्यो । यो वास्तविकताको कारणले गर्दा, त्यहाँ यस्ता समयहरू पनि हुन्छन्, जब यसलाई दिनु भन्ने परिवेशमा ‘परमेश्वरसँग ठीक सम्बन्धमा रहनु’ भन्नेलाई उस्तै प्रकारले बढी मात्रामा प्रयोग गरिन्छ । यहाँ यो देखा परेको परिवेशलाई मानिस र परमेश्वरसँग सामान्जस्यको सम्बन्ध स्थापित गरेर परमेश्वरले मानिसलाई उहाँका आफ्नै दाँया तर्फ राख्नुभएको छ” (पाना ९२) ।

- “त्याग्नु” ग्रान्ट अब्सबर्ने, त्यो व्याख्यात्मक परिधि (पाना २१) ले शब्दको अर्थलाई निर्धारित गर्दा परिवेशको प्राथमिकताको बारेमा अति उत्तम टिप्पणी गरेका छन्:

  “त्यो तार्किक परिवेशमा,

धेरै वास्तविक भावनामा, त्यो तार्किक परिवेश व्याख्याको धेरै आधारभूत तत्व बन्दछ । मैले मेरो कक्षाहरूमा यस्तो कुरा बताएको छु, कि यदि जो कोही अर्ध निन्द्रामा छ, र मैले सोधेको कुनै पनि प्रश्नलाई सुन्दैन भने, त्यहाँ ठीक हुनको लागि ५० प्रतिशत ठीक हुन सक्छ, यदि उनको उत्तर परिवेशमा हुन्छ भने । यो परिवेश आफैले पाठमा भएको प्रभावको वृहत क्रमलाई मिलाएर छोप्दछ । यिनीहरूलाई ध्यान दिने गंभिर चक्रको उत्तम रेखामा रेखाङ्कित गरिन्छ, र यो खण्ड आफैबाट बाहिरतर्फ लगिन्छ ।

जसै हामी केन्दतर्फ नजिक पुग्छौं, त्यो खण्डको अर्थको प्रभाव बढ्दछ । उदाहरणको निम्ति, शैलिले त्यस किसिमको साहित्यलाई परिचय गराएर मद्दत गर्दछ, र व्याख्याकारले त्यो समानान्तरलाई परिचय गराउँदछ, तर त्यस खण्डमा भएका बाँकी बाइबलका कुराहरूले प्रभाव पार्न सक्दैनन् । उदाहरणको लागि हामीले प्रकाशको पुस्तकलाई भविष्यको साहित्यको रूपमा परिचय गराउन सक्छौं, तरैपनि अन्तरकरार र हेलेनवादीको भविष्यको साहित्यले मुल्यवान समानान्तर कुरा प्रदान गर्दछ । यसका धेरैजसो संकेतहरू पुरानो करारबाट लिइएका छन् । यो मापदण्डको अन्तको अर्को पक्षले यो परिवेशको अर्थको सम्बन्धमा सबै निर्णयहरूको निम्ति अन्तिम कुरा निर्णायक हुन्छ । त्यहाँ कुनै पनि पक्का कुरा हुँदैन, कि पावलले यो परिवेशलाई फिलिप्पी २ अध्यायमा प्रयोग गरेजस्तै फिलिप्पी १ अध्यायमा पनि उही प्रयोग गर्दछन् । सामान्यरूपमा भाषाले त्यो प्रकारले कार्य गर्दैन, तर हरेक शब्दको धेरै अर्थ हुन्छ, र लेखक को प्रयोगमा अगाडिको परिवेशमा उनी आफैले प्रयोग गर्नेभन्दा वर्तमान् परिवेशमा बढी भरपर्नु पर्ने हुन्छ । यसको एउटा असल नमुना १४:२७ मा भएको एफिसमीको प्रयोग, “मैले तिमीहरूलाई शान्ति छोड्दछु,” र १६:२८ मा, “मैले यो संसारलाई फेरी पनि छोड्दछु” भन्ने हुन्थ्यो । हामीले तिनीहरूको प्रयोग मा ठ्याक्कै उल्टो गर्दा एकले अर्कालाई व्याख्या गर्न कठिनाइ पर्दथ्यो । सबभन्दा पहिला येशूले चेलाहरूलाई केही चिज दिनुहुन्छ, र दोस्रोमा तिनीहरूबाट उहाँ आफैले केही चिज लिएर जानुहुन्छ । अझै हामीले यो परिवेशको सामान्य प्रयोग (१ यूहन्ना १:९ मा जस्तै) मा “क्षमापन” को निम्ति कम पढ्दछौं । “ती अन्य खण्डहरूले हामीलाई सिमान्टिक तहको (यस संसारको अर्थमा फरक हुने) कुरालाई निर्धारण गर्न सहायता गर्दछ, तर तत्कालको परिवेशले मात्र वास्तविक अर्थको सम्भावनालाई साँधुरो पार्न सक्दथ्यो” (पाना २१) ।

- “तिमीहरूको हृदय व्याकुल नहोस्” यो नकारात्मक कृदन्तसँग वर्तमान् निष्क्रिय आज्ञार्थक हो, जसको सामान्य अर्थ “अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ, जुनचाहिँ पद १ मा दोहोऱ्याइएको हुन्छ ।

४:२८ “तिमीहरूले मलाई प्रेम गरेका भए” यो पद ७ जस्तै दोस्रो स्तरको शर्तात्मक वाक्य हो, जसलाई “वास्तविकताको विपरित” भनेर भनिन्छ । येशू पिताकोमा गएर पवित्र आत्मा पठाउनु असल हुन्छ, तर वास्तवमा तिनीहरूले यो समयमा यसलाई महसुस गर्दैनन् ।

- “किनकि पिता मभन्दा महान् हुनुहुन्छ” यो भनाइले पुत्रको असमानतापनलाई जोड दिएको हुँदैन, तर त्यसले मानव जातिको मुक्तिसँग सम्बन्धित त्रियकत्वतामा कार्य गरेको हुन्छ (जस्तैः १०:२९-३१) । यो पुत्र अधिन रहने कुरा केही समयको निम्ति मात्र थियो, र उहाँ यस धर्तिमा रहने समयमा त्रियक परमेश्वरको छुटकारा र प्रकाशको योजनालाई पूरा गर्नुहुन्छ जस्तैः १७:४-५; फिलिप्पी २:६-११)) । तरैपनि, त्यहाँ पिताले पठाउने भावनामा, पठाउने व्यक्तिको प्राथमिकतामा पर्दछ (जस्तैः १३:१६; १ कोरिन्थी १५:२७-२८) ।

१४:२९ “अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु” यो यस्तो भयो ताकि तिनीहरूको विश्वासमा बल प्रदान गरियोस्(जस्तैः१३:१९; १६:४

१४:३०

नासाब “यस संसारको शासक”

एनकेजेभि, एनआरएसभि,

टिइभि “यस संसारको शासक”

एनजेबि “यस संसारको राजकुमार”

यसले शैतानलाई बताउँदछ, जसको क्रियाकलापको परिधि अब यस धर्तिमा छ -जस्तैः १२:३१; १६:११; २ कोरिन्थी ४:४, “यस संसारको ईश्वर” एफिसी २:२, “हावाको शक्तिको राजकुमार”) । सायद येशूले शैतानको आगमनमा यहूदालाई त्यागेको देख्नुभयो (जस्तैः १३:२७) । १२:३१ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- 

नसाब, एनकेजेभि “उनको ममा केही चिजपनि थिएन”

एनआरएसभि, थिइभि,

एनजेवि “उनको ममाथि कुनै पनि अधिकार भएन”

यसको अर्थ यो हो कि शैतानले दोष लगाउने कुनै पनि आधार छैन, कुनै पनि शक्ति छैन, वा येशूमा कुनै पनि सामान्य कुरा छैन -जस्तैः हिब्रू ४:१५) ।

१. जेम्स मोफ्याटले यसलाई “उनको मेरोमा कुनै पनि पकठ छैन” भनेर अनुवाद गरेका छन् ।

२. विलियम फेक बेकले ‘‘उनको मेरोमा कुनै पनि दावी छैन’’ भनेर भनेका
३. नयाँ अंग्रजी बाइबलले ‘‘मेरोमा कुनै पनि अधिकार छैन’’ भनेर भनेको
४. बिसौं शताब्दीको नयाँ करारले ‘‘कुनै पनि चिज ममा सामान्य छैन’’ भनेर भनेको

१४:३१ ‘‘संसारले जानोस्’’ शैतान पनि परमेश्वरको चाहनामा हुन्छ, र मानव जातिको छुटकारामा परमेश्वरको अन्तिम उद्देश्यको निम्ति बढाउने कार्य गरिन्छ । ए. बि. डेविडसनको पुरानो करारको ईश्वरशास्त्र भन्ने पुस्तकको पानाहरू ३००-३०६ हेर्नुहोस् ।

जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ, सोहीबमोजिम गर्दछु’’ पिताको चाहना अनुसार नै येशू ख्रीष्ट मर्नुभयो -यशैया ५३:१०क,ख; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) । यूहन्नाको १२:५० को लेखमा ‘‘आज्ञा’’ लाई प्रयोग गर्ने बारेमा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- “उठ् हामी यहाँबाट जाऔं’’ यो वर्तमान् मध्येको आज्ञार्थक हो । यो अति नै कठिन वाक्यांश छ, किनकि जसै गेत्सेमनिको बगैंचामा येशूको नजिकमा ती मानिसहरूको समूह मत्ती र मर्कूसमा देखा परे । किन यसलाई उस्तै रूपमा माथिल्लो कोठा (अध्यायहरू १३-१७) को परिवेशमा प्रयोग गरियो भन्ने कुरा अनिश्ति छ । सायद येशूले माथिल्लो कोठा छोड्नुभएको थियो, र गेत्सेमनि जाने बाटोतर्फ सिकाउँदै हुनुहुन्थ्यो (जस्तैः १८:१) ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डका मुख्य विषयहरूमा प्रदान गरेर सोच्नलाई मद्दत पुग्दछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन् ।

१. ख्रीष्टियनहरूले पद १ लाई आधार बनाएर डेइज्म् र थेइज्म् बीचको फरकपनलाई व्याख्या गर्नुहोस् ।
२. पद ६ मा पाइएको तीनवटा संज्ञाहरूलाई पुरानो करारको पृष्टभूमिमा व्याख्या गर्नुहोस् ।
३. के जो कोहीले पनि पद १३ को प्रार्थनाको ईश्वरशास्त्रलाई बनाउन सक्छन् ?
४. पवित्र आत्माका मुख्य उद्देश्यहरू के-के हुन् ? (हराएका र बचाइएका दुवैको निम्ति)
५. के शैतान परमेश्वरको चाहनामा छ ?

# यूहन्ना १५ अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशू साँचो दाख हुनुहुन्छ | त्यो साँचो दाख | ख्रीष्टियन विश्वासीहरूको जीवनको नमुना | येशू वास्तविक दाख | त्यो साँचो दाख |
| १५:१-१० | १५:१-८ | १५:१-११ | १५:१-४ | १५:१-१७ |
| | प्रेम र आनन्दलाई सिद्ध बनाइएको | | १५:५-१० | |
| | १५:९-१७ | | | |
| १५:११-१७ | | | १५:११-१७ | |
| | | १५:१२-१७ | | |
| यस संसारले घृणा गरेको | यस संसारले घृणा गरेको | | यस संसारले घृणा गरेको | ती चेलाहरू र यो संसार |
| | | | | १५:१८-१६:४क |
| १५:१८-२५ | १५:१८-२५ | १५:१८-२५ | १५:१८-२५ | |
| | आएकोमा ईन्कारी | | | |
| १५:२६-१६:४क | १५:२६-१६:४ | १५:२६-२७ | १५:२६-१६:४क | |

### अध्ययन चक्र तीन (पाना ५ हेर्नुहोस्)

सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस्। विषयहरूलाई पत्ता लगाउनुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## यूहन्ना १५:१-२७ को पाठगत अन्तर्दृष्टि

क. यो अचम्मको र समस्या ल्याउने खण्ड हो। यसले विश्वासीहरूलाई परमेश्वरको प्रेमको र प्रतिज्ञाको प्रभावकारीताको बारेमा ठूलो उत्साह प्रदान गर्दछ, तर यसले भयानक चेतावनी पनि दिँदछ! यो क्षेत्रमा ईश्वरशास्त्रीय परम्परालाई छलफल गर्न धेरै कठिन पर्दछ, र मलाई एक जना मलाई मनपर्ने समालोचकको बारेमा भन्न दिनुहोस्: प्रश्न र उत्तर भन्ने एफ. एफ. ब्रूसको पुस्तकमा।

यूहन्ना १५:४,६ - "तिमी ममा नरहेसम्म" वा "यदि मानिस ममा नरहेमा" भन्ने भावनाको अर्थ के हुन्छ? के यो कुरामा येशू ख्रीष्ट मा नरहनु सम्भव छ?

यस्ता खण्डहरू तिनीहरू आफैमा सम्भव छैनन्; तिनीहरूलाई हाम्रो ईश्वरशास्त्रको आधारमा प्रयोग गर्नुभन्दा बरु, जब हामीले हाम्रो ईश्वरशस्त्रमा अन्य बाइबलका कुराहरूलाई बनाउने कोसिस गर्छौं, तब समस्या आइपर्छ। जब हाम्रा परमप्रभुले त्यहाँ बोलिरहेको उही समयमा उनले एउटा स्पष्ट नमुना दिन्छन्, तिनी उहाँमा रहनलाई असफल भए, उनी यहूदा इश्करियोत हुन्, जो तिनीहरूबाट भर्खर गएका थिए। यहूदालाई पनि उहाँका ११ जना मित्रहरूको रूपमा छानिएको थियो (लूका ६:१३; यूहन्ना ६:७०);

तिनीहरूको परमप्रभुसँग भएको सम्बन्धले तिनीहरूलाई मौकामा ल्याएन, र जुनचाहिँ उनको निम्ति खुल्ला पनि थिएन । बाइबलको सामान्य खण्ड जुनचाहिँले सन्तहरूको अन्तिम धैर्यताको बारेमा सिकाउँदछ, जसलाई सामान्य खण्डको समानतामा चलाउने कार्यलाई नरम बनाएर क्षमा दिने कार्यलाई गलत प्रकारले प्रयोग गर्नु हुँदैन ।

ख. यो परिवेशमा कति धेरै एओरिष्ट कालको प्रयोग गरिएको छ भनेर यहाँ अनौठो मान्नुपर्ने कुरा छ, जहाँ कसैले वर्तमान काललाई ईश्वर शास्त्रिय रूपमा आशा राखेका हुन्छन् । यहाँ एओरिष्टको प्रयोग जो कसैको जीवनलाई पूर्ण रूपमा सारांशमा ल्याउने भावनामा र यसलाई सम्पूर्ण रूपमा दृष्टिगोचर गर्ने कार्यमा प्रयोग गरिन्छ ।

ग. अध्याय १५ को अनुच्छेदको विभाजन अनिश्चि छ । १ यूहन्ना जस्तै यूहन्ना पनि विविध रङ्गहरूमा बनाइएको चित्र हो । ती नमुनाहरू घरि-घरि देखा पर्दछन् ।

घ. नयाँ करारमा "रहनु" (मेनक्) भन्ने परिवेश करिब ११२ पटक प्रयोग गरिएको छ । यी शब्दहरू यूहन्नाको सुसमाचारमा ४० पटक र उनका पत्रहरूमा २६ पटक आएको छ । यो यूहन्नाको निम्ति मुख्य ईश्वरशस्त्रिय परिवेश हो । यद्यपि अध्याय १५ येशूले दिएको आदेशको शास्त्रीय प्रकटीकरण हो, जसमा हामी उहाँमा रहन सक्छौं, यो परिवेशलाई यूहन्नाले बृहत रूपमा जोड दिएका छन् ।
१. उहाँको व्यवस्था सधैँभरि रहिरहे जस्तै (मत्ती ५:१७-१८), येशू ख्रीष्ट पनि रहनुहुन्छ (१२:३४) ।
२. हिब्रूको पुस्तकले प्रकाशको नयाँ अर्थ तर्फ देखाउँदछ, र सेवकद्वारा होइन, तर उहाँको पुत्रमा रहेर हुन्छ (हिब्रू १:१-३, यूहन्ना ८:३५) ।
३. येशू त्यसमा रहेर खानेकुरा प्रदान गर्नुहुन्छ (६:२७) र त्यसमा रहेर फल पनि दिनुहुन्छ (१५:१६) । यी दुवै अलंकारहरूले उही सत्यतालाई प्रकट गर्दछन्, येशू ख्रीष्टलाई हाम्रो दुवै कुराको खाँचो पर्दछः १) सुरुको र २) निरन्तर (जस्तैः ६:५३) ।
४. बप्तिस्मा दिने यूहन्नाले येशू ख्रीष्टको बप्तिस्माको समयमा आत्मा ओर्लेर आएको र उहाँमा बास गरेको देखे (१:३२)

ङ रहनु भन्ने विशेष शिर्षकको निम्ति १ यूहन्ना २:१० लाई हेर्नुहोस् ।

च. पदहरू ११-१६ मा चेलाहरूलाई येशूले आनन्द दिने कुराको प्रतिज्ञा गर्नुभयो, जबकि पदहरू १७:२७ मा येशूले चेलाहरूलाई सतावट सतावट आउने कुराको प्रतिज्ञा गर्नुभयो । सतावटको परिवेश १६:४क देखि आएको छ । तरैपनि, यसद्वारा सबै विश्वासीहरूले, उहाँले तिनीहरूलाई प्रेम गरेजस्तै, एकले अर्कालाई प्रेम गर्नुपर्ने हुन्छ ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १५:१-११**

"साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ । ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन, उहाँले त्यसलाई छाट्नुहुन्छ, र फल फलाउने हरेक हाँगालाई झन बढी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ । मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ । ममा रहो, र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने, त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौं भने, तिमीहरूले पनि सक्दैनौं । दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौं । यदि कोही ममा रहचो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौं । कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ, र ती बलिहाल्छन् । तिमीहरू ममा रहचौं भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ । तिमीहरूले धरै फल फलाएर मेरा चेला हौं भन्ने प्रमाणित गऱ्यौं भने, यसैमा मेरा पिताको महिमा हुनेछ । पिताले जसरी मलाई प्रेम गर्नु भएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु । तिमीहरू मेरो प्रेममा रहो । यदि मेरा आज्ञाहरू पालन गऱ्यौं भने, तिमीहरू मेरो प्रेममा रहनेछौं, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु । मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस, र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।

१५:१ "साँचो दाखको बोट म हुँ" यो येशूको यूहन्नाको सुसमाचारमा आएको "म हुँ" भन्ने प्रचलित भनाइमध्येको एउटा हो (जस्तैः ४:२६; ६:३५; ८:१२; १०:७,९,१०,११,१४; ११:२५; १४:६) । पुरानो करारमा दाखको बोट इस्राएलको संकेत थियो -भजनसंग्रह ८०:८-१६; यशैया ५:१-७; यर्मिया २:२१; एजकिएल १५; १९:१०; होशे १०:१; मत्ती २१:३३-३५; मर्कूस १२:१-१२; रोमी ११:१७-२०) । पुरानो करारमा यी उदाहरणहरूको सधैं नकारात्मक भनाइ हुन्छ । येशूले यो कुरालाई निश्चित गर्नुहुन्छ, कि उहाँ आदर्श इस्राएली हुनुभयो -जस्तैः यशैया ५३ अध्याय) । जसै पावलले येशूको शरीर र येशूको दुलहीलाई प्रयोग गरे, र मण्डलीको अलंकारको निम्ति परमेश्वरको भवन, र यूहन्नाले दाखको रूपमा प्रयोग गरे । यसले यो कुरालाई लागु गर्दछ, कि मण्डली साँचो इस्राएल हो, किनकि यसको सम्बन्ध येशू ख्रीष्टसँग हुन्छ, र जोचाहिँ साँचो दाख हुनुहुन्छ -जस्तैः गलाती ६:१६; १ पत्रुस २:५,९; प्रकाश १:६) । विशेष शिर्षकको निम्ति ६:५५, र १७:३ लाई हेर्नुहोस् । ८:१२ को टिपोटलाई हेर्नुहोस् ।

कति व्याख्याकारहरूले यो कुरोलाई बताएका छन्, कि माथिल्लो कोठाको दृष्टान्त १४:३१ सँगै अन्त हुन्छ, "अब हामी यहाँबाट जाऔं" । यदि त्यसो हो भने, १५-१७ अध्यायहरूलाई गेत्सेमनिको बाटोमा सिकाइएका थिए । फेरी यदि त्यसो हो भने, तब सम्भवत् "दाख" को परिकल्पना येशूको मन्दिरको भवन को रूपमा सुनौलो दाखबाट देखिने संकेत लिइएको थियो, र त्यो रातमा यस दर्वारबाट ११ जना चेलाहरू हिँडेका थिए ।

- "र मेरा पिता किसान हुनुहुन्छ" फेरी येशूले उहाँको पितासँगको नजिकको सम्बन्धलाई निश्चित गर्नुभयो र उही समयमा नै उहाँको निर्भरतालाई पिताको चाहनामा सुम्पनुभयो ।

१५:२ "ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन, उहाँले त्यसलाई छाट्नुहुन्छ...र फल फलाउने हरेक हाँगालाई" यो पदमा वर्तमान् निष्क्रिय कृदन्त दुईचोटी देखा पर्छ । फल फलाउने तर अंकुरण नहुने कार्यचाहिँ मुक्तिको निम्ति प्रमाण हो (जस्तैः मत्ती ७:१६,२०; १३:१८-२०; २१:१८-२२; लूका ६:४३-४५)

यो परिवेशले यस कुरालाई लागु गर्दछ, कि येशूले बोलिरहनुभएको १) यहूदाले पक्राइदिने कुरा (पदहरू ६; १३:१०; १७:१२) वा २) झुटा चेलाहरू (जस्तैः २:२३-२५; ८:३०-४७; १ यूहन्ना २:१९; २ पत्रुस २ अध्याय) थियो । त्यहाँ यूहन्नामा विश्वासका तहहरू छन् ।

- "उहाँले छिँवल्नुहुन्छ" शाब्दिक अर्थमा यो "सफा गर्ने" भन्ने हुन्छ । यो शब्दलाई फाइलोले दाखबारीलाई छिवल्नको निम्ति प्रयोग गरे (बिडिबिडि ३८६) । यो नयाँ करारमा यहाँमात्र पाइन्छ । यो अर्को शब्दलाई यूहन्नाले छान्ने काम यसको दोहोरो भनाइको निम्ति भयो (जस्तैः छिँवल्नु र सफा गर्नु, पद ३; १३:१०) । यो वर्तमान् सकृय सूचक हो । विश्वासीहरूको जीवनमा पीडा पाउनुको पनि अर्थ हुन्छ (जस्तैः पदहरू १७:२२) । यसले फल फलाउने कार्य, झुटा आरोपहरू, र तिनीहरूलाई परमेश्वरमा भर पर्ने कार्य गर्न लगाउँदछ (जस्तैः मत्ती १३:२०-२३; रोमी ८:१७; पत्रुस ४:१२-१६) । यो कठिन विषयको निम्ति दुईवटा व्यवहारिक पुस्तकलाई हेर्नुहोस्: १) माइल स्टानफोर्डद्वारा लिखित, "आत्मिक वृद्धिका सिद्धान्तहरू, र २) हन्ना ह्वाइटहल स्मीथद्वारा लिखित, "खीष्टियन आनन्दित जीवनका रहस्यहरू" ।

यो पनि संभव छ कि, अध्यायहरू १३-१७ को एकतृत गरिएको पाठलाई अध्याय १३ को गोडा धुने कार्यको शुद्धयाइसँग यसलाई सम्बन्धित गराइन्छ । तिनीहरू अगाडि नै नुहाइसकेका वा बचाइएका थिए, तर तिनीहरूको गोडा धुनुपर्ने आवश्यकता थियो (निरन्तररूपमा दिइएको क्षमापन) । यो वर्तमान् कालको क्रियाले १ यूहन्ना १:९ मा बताइएका चेलाहरूलाई निश्चित गर्न खोजेजस्तो देखिन्छ । यो "रहन" को निम्ति खाँचो पर्ने आज्ञाकारीतामात्र होइन, तर यो निरन्तर भइरहने पश्चात्ताप पनि हुनुपर्छ !

विश्वासीहरूको जीवनमा दुःख पर्नुको उद्देश्यमा धेरै पक्षहरू भएको हुन सक्छ:

१. खीष्टजस्तैपनको विकास गर्नु (हिब्रू ५:८)
२. पापको निम्ति दिइने अस्थायी सजाय
३. पतित संसारमा भएको सामान्य जीवन

यसमा परमेश्वरको उद्देश्यलाई पत्ता लगाउनु सधैँ कठिनाइ पर्दछ, तर #१ चाहिँ सधैँ नै सम्भाव्य परिणाममा हुँदछ ।

१५:३ "तिमीहरू अघि नै शुद्ध भइसकेका छौ" पद २ मा दिइएको "छिवल्नु" (काथारैक) भन्ने परिवेश ग्रीकमा दिइएको "शुद्ध" (काथारोस) भनेजस्तै हो । यो सम्पूर्ण परिवेशमा साँचो चेलापनको प्रमाण रहन्छ । "अघि नै" भन्ने परिवेशले ग्रीक पाठमा जोड दिएको हुन्छ, जसले येशू खीष्टमा रहेको तिनीहरूको सुरक्षित स्थानमा बाँकी रहेका ११ जना चेलाहरूको निश्चयतालाई दियो (यहूदा इस्करियोतले १३:१० मा प्रयोग गरेका उही कुरालाई तुलना गर्नुहोस् ।

- "मैले तिमीहरूलाई भनेको वचनले" (जस्तैः १७:१७; एफिसी ५:२६; १ पत्रुस १:२३) ।

१५:४

नासाव, एनकेजेभि, "ममा रहनु र म तिमीमा रहनु"
एनआरएसभि, "ममा रहेजस्तै, म पनि तिमीमा रहनु"
टिइभि, "ममा रहनुले एकतामा ल्याउँदछ, र म पनि तिमीमा एक भएर रहिरहनेछु"
एनजेबि, "ममा रहनु, जसै म पनि तिमीमा रहन्छु"

यो एओरिष्ट सक्रिय आज्ञार्थक बहुवचन हो (जस्तैः यूहन्ना ६:५६; १ यूहन्ना २:६) । यो व्याकरणीय प्रश्न हो, चाहे दोस्रो वाक्यांशले वर्णन वा तुलना गरेको होस् । धेरै पटक यो खण्डमा असल सन्त भएर धैर्य हुनुपर्ने कुरालाई ईश्वरशास्त्रीय सिद्धान्तको आधारमा जोड दिइएको छ (जस्तैः पदहरू ४-७, ९-१०, १४; मर्कूस १३:१३; १ कोरिन्थी १५:२; गलाती ६:९; प्रकाश २:७,११,१७,२६; ३:५,१२,२१; २१:७, विशेष शिर्षकको निम्ति ८:३१ लाई हेर्नुहोस्) । साँचो मुक्ति सुरुको र निरन्तर गरिने प्रतिक्रिया दुवै हो । यो ईश्वरशास्त्रीय सत्यतालाई व्यक्तिगत मुक्तिको निश्चयताको निम्ति हाम्रो ठूलो चाहनामा कतिचोटी इन्कार गरिन्छ । बाइबलीय निश्चयता निम्न कुराहरूसँग जोडिएको हुन्छ:

१. विश्वासमा धैर्यता
२. पश्चात्ताप गर्ने जीवनशैली
३. निरन्तर भइरहने आज्ञाकारीता (जस्तैः याकूब र १ यूहन्ना)
४. फल फलाउनु (मत्ती १३:२३)

१ यूहन्ना २:१० मा "रहनु" भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "त्यो हाँगाले फल फलाउन सक्दैन" यसले अलौकिक कार्यको प्राथमिकतालाई देखाउँदछ । "फल" को निम्ति पद ५ को टिपोटलाई हेर्नुहोस् ।
- "यसमा यो नरहेसम्म... तिमी त्यसमा नरहेसम्म" यी दुवै नै तेस्रो तहका शर्तात्मक वाक्यहरू हुन, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । "यसमा नरहेसम्म...तपाईंमा नरहेसम्म" यी दुवै तेस्रो तहका शर्तात्मक वाक्यहरू हुन्, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । हाम्रो आत्मिक प्रभावकारिता हाम्रो येशू खीष्टसँगको निरन्तर हुने सम्बन्धपनमा जोडिएको हुन्छ ।

१५:५ "यदि कोही ममा रहचो भने, र म त्यसमा रहैं भने, त्यसले धेरै फल फलाउँछ" यो वर्तमान् सकृय कुदन्त हो, जसको पछि वर्तमान् सकृय सूचक हुन्छ । त्यो निरन्तर संगति (जस्तैः व्यक्तिगत विश्वासको सम्बन्धपन) चाहिँ निरन्तर पाइने फलको स्रोत हो । फलले विश्वासीहरूको आचरणको साथसाथै कार्यलाई पनि बताउने गर्दछ (जस्तैः मत्ती ७:१५-२३; गलाती ५:२२-२३; १ कोरिन्थी १३ अध्याय) । यदि विश्वासीहरू उहाँमा रहे भने, तिनीहरूलाई प्रभाव-कारी र रहिरहने फल फलाउनलाई प्रतिज्ञा गरिएको छ ।

- "किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौं" यो बलियो दोहोरो नकारात्मक वाक्य हो । यो पद ५ र फिलिप्पी ४:१३ मा दिइएको सकारात्मक सत्यताको नकारात्मक भनाइ हो ।

१५:६ "यदि कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ" यो तेस्रो तहको शर्तात्मक वाक्य हो । दाखको काठ आगो बाल्न बाहेक घरेलु प्रयोगको निम्ति कामलाग्ने हुँदैन, किनकि यो अति छिटो बोल्छ र धेरै ताप पनि दिन्छ (जस्तैः इजकिएल १५ अध्याय) । यसले यहूदा र सम्भवत इस्राएललाई बताएको जस्तो देखिन्छ । यदि होइन भने, यसले झुटो विश्वासलाई बताएको हुनुपर्छ (जस्तैः मत्ती १३:४१-४२,५०; र १ यूहन्ना २:१९) ।

यो निश्चय नै भविष्यसम्बन्धि कल्पना हो ! त्यहाँ “बटुल्ने दिन” र “जलाउने दिन” हुन्छ । कसरी हामीले हाम्रो जीवनको स्रोतलाई प्रकट गर्दछौं (जस्तैः शैतान वा परमेश्वर) । यसको फलद्वारा नै तपाईंले तिनीहरूलाई जान्नुहुन्छ (जस्तैः मत्ती ७ अध्याय; गलाती ६:७) ।

- “आगो” तलको विशेष शिर्षकलाई हेर्नुहोस् ।

## विशेष शिर्षकः आगो

बाइबलमा आगोको सकारात्मक र नकारात्मक दुवै भनाइ छः

क. सकारात्मक
   १. तातो दिन्छ (जस्तैः यशैया ४४:१५; यूहन्ना १८:१८)
   २. प्रकाश दिन्छ (जस्तैः यशैया ५०:११; मत्ती २५:१-१३)
   ३. पकाउँदछ (जस्तैः प्रस्थान १२:८; यशैया ४४:१५-१६; यूहन्ना २१:९)
   ४. शुद्ध पार्दछ (गन्ती ३१:२२-२३; हितोपदेश १७:३; यशैया १:२५; ६:६-८; यर्मिया ६:२९; मलाकी ३:२-३)
   ५. पवित्रता (उत्पत्ति १५:१७; प्रस्थान ३:२; १९:१८; इजकिएल १:२७; हिब्रू १२:२९)
   ६. परमेश्वरको अगुवापन (जस्तैः प्रूथान १३:२१; गन्ती १४:१४; १ राजा १८:२४)
   ७. परमेश्वरको शसक्तिकरण (जस्तैः प्रेरित २:३)
   ८. सुरक्षा (जस्तैः जकरिया २:५)

ख. नकारात्मक
   १. पोल्दछ (जस्तैः यहोशू ६:२४; ८:८; ११:११; मत्ती २२:७)
   २. नास गर्दछ (जस्तैः उत्पत्ति १९:२४; लेवी १०:१-२)
   ३. रिसाउँदछ (जस्तैः गन्ती २१:२८; यशैया १०:१६; जकरिया १२:६)
   ४. दण्ड दिन्छ (जस्तैः उत्पत्ति ३८:२४; लेवी २०:१४; २१:९; यहोशू ७:१५)
   ५. झुटा भविष्यसम्बन्धि चिन्ह (जस्तैः प्रकाश १३:१३)

ग. पापको विरुद्धमा परमेश्वरको रीस आगोको अलंकारको रूपमा प्रकट गरिन्छ
   १. उहाँको रीसले पोल्दछ (जस्तैः होशे ८:५; जकरिया ३:८)
   २. उहाँले आगो खन्याउँनुहुन्छ (नहेम्याह १:६)
   ३. अनन्तताको आगो (जस्तैः यर्मिया १५:१४; १७:४)
   ४. भविष्यको न्याय (जस्तैः मत्ती ३:१०; १३:४०; यूहन्ना १५:६; २ थेसलोनिकी १:७; २ पत्रुस ३:७-१०; प्रकाश ८:७; १६:८)

घ. बाइबलमा अन्य धेरै अलंकारहरूको प्रयोग गरिएको (जस्तैः खमिर, सिंह), आगोको परिवेशअनुसार आशिष वा श्राप पनि हुन सक्छ ।

१५:७ “तिमीहरू ममा रहचौं भने, र मेरा कुरा तिमीहरूमा रहे भने” यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । प्रार्थनामा त्यति कै उत्तर दिइदैन ! येशूले उहाँका चेलाहरूलाई वचनमा रहनको लागि आफै बचनमा रहने अलंकारलाई परिवर्तन गर्नुहुन्छ । येशूले पितालाई प्रकट गर्नुहुन्छ, र उहाँको सिकाइमा पनि यस्तै कार्य गर्नुहुन्छ । तिनीहरू प्रकाशको स्रोतमा एक अर्कामा परिवर्तनशील छन् । सुसमाचार व्यक्ति र सन्देश दुवै हो ।

- “तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ” यो एओरिष्ट बीचको आज्ञार्थक हो (पद १६) । यो वाक्यांश खराब तरिकाले पाठमा प्रमाणित गरिएको छ । सबै बाइबलको सिकाइहरूलाई खोज्दा होसियार हुनुहोस्, र छुट्टयाइएको पाठलाई जोड नदिनुहोस् (जस्तैः १४:१३) । विशेष शिर्षकको निम्ति १ यूहन्ना ३:२२ को “प्रार्थना असिमित, तरैपनि सिमित” भन्नेलाई हेर्नुहोस् ।

१५:८ “यसैमा मेरा पिताको महिमा हुनेछ” विश्वासीहरू ख्रीष्टजस्तै जिउनाले परमेश्वरलाई महिमा पुग्दछ, र यो कुराको प्रमाणित हुन्छ, कि तिनीहरू सत्य चेलाहरू हुन् । यूहन्ना १३:३१-३२; १४:१३; १७:४ र मत्ती ९:८; १५:३१ मा पिता पुत्रको कार्यमा महिमित हुनुभयो, र अब उहाँ विश्वासीहरूको कार्यमा रहनु हुन्छ (जस्तैः मत्ती ५:१६) । टिपोटको निम्ति १:१४ लाई हेर्नुहोस् ।

-

नासाब, “यसरी प्रमाणित हुन्छ, कि यिनीहरू मेरा चेलाहरू हुन्”
एनकेजेभि, “यसरी तिमीहरू मेरा चेलाहरू हुनेछौं”
एनआरएसभि, टिइभि “मेरा चेलाहरू हुनेछौं”
एनजेबि, “मेरा चेलाहरू होऊ”
आरइबि, “यसरी मेरा चेलाहरू होऊ”
एनआइभि, “असलकार्यलाई देखाएर आफै मेरा चेला हुने”
नेट बाइबल, “तिमी मेरा चेला हौं भन्ने कुरा देखाऊ”
जेबि, “तब तिमी मेरा चेला हुनेछौं”
यहाँ कालको क्रियामा हुने विविधताले गर्दा यी कुराहरूमा फरकपना आएका छन् ।
१. एओरिष्ट विषयगत, एमएसएस पि६६, बि, डि, एल

२. भविष्यको संकेतार्थ, एमएसएस !, ए
विश्वासीहरूको जीवन वा फलले उनीहरू को हुन भन्ने कुरालाई प्रकट गर्दछ ! कालको क्रिया त्यति महत्वपूर्ण छैन, जसै यो विश्वासीहरूको प्रभावकारी र परिवर्तित जीवनमा प्रेम, आज्ञाकारीता र सेवाको वास्तविकता ल्याउँदछ । यिनीहरू नै साँचो विश्वासीका चिन्हहरू हुन् ! हामीहरू हाम्रो आफ्नै प्रेम, आज्ञा कारिता र सेवाले बचाइएका छैनौं (एफिसी २:८-९), तर हामी विश्वासी हौं भन्ने प्रमाण तिनीहरू नै हुन् (जस्तै एफिसी २:१०) ।

"चेला" भन्ने परिवेश यूहन्नाको सुसमाचारमा प्रयोग गरिएको छ, जसले यी साँचा विश्वासीहरूलाई र परमेश्वरको चाहना पूरा गर्न पछ्याउनेहरूलाई र उहाँको चरित्रलाई प्रकट गर्ने कार्यलाई देखाउँदछ । यूहन्नाले एकचोटी पनि "मण्डली" (एक्लेसिया) भन्ने परिवेशलाई प्रयोग गरेका छैनन्, त्यसकारण, उनले यसलाई चेलापन भन्ने तरिकालाई खीष्टयन संगति र जमघटमा देखाउँदछन् । चेलापन भनेको पुरानो जिइएको जीवनलाई त्यागेर नयाँ युगको दैनिक जीवनमा जिउनु हो । यो मुख्य गरेर प्रेम, प्रकाश, आज्ञाकारिता र सेवाले चित्रित गरिएको छ । यसै कुराले गर्दा अरूहरूले तिनीहरूलाई येशूका चेला हुन् भन्ने कुरा जान्दछन् ।

१५:९ "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु" यो प्रेमिलो सम्बन्धपनले परमेश्वरको परिवारको विशेषतालाई दावी गर्दछ, जसै पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, पुत्रले पनि उहाँलाई पछ्याउनेहरूलाई प्रेम गर्नुहुन्छ, त्यसरी नै उहाँलाई पछ्याउनेहरू एक-अर्कामा प्रेम गर्छन् । .

- "तिमीहरू मेरो प्रेममा रहो" यो एओरिष्ट सक्रिय आज्ञार्थक हो । विश्वासीहरूलाई उहाँमा रहनलाई आज्ञा गरिएको छ:
  १. प्रार्थना (पद ७; १४:१४)
  २. आज्ञाकारीता (पद १०, १४, १७, २०; १४:१५, २१, २३, २४)
  ३. आनन्द (पद ११)
  ४. प्रेम (पद १२, १४:२१, २३, २४)

यी सबै नै परमेश्वरसँगको व्यक्तिगत सम्बन्धका प्रमाणहरू हुन् । विशेष शिर्षकको निम्ति १ यूहन्ना २:१० मा उहाँसँग रहनु भन्ने शिर्षकलाई हेर्नुहोस् ।

१५:१० "यदि मेरा आज्ञाहरू पालन गऱ्यौं भने" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । साँचो चेलापनको प्रमाण आज्ञा कारिता हो (जस्तैः ८:३१; १४:१५-२१, २३-२४; लूका ६:४६) । येशूले यसलाई एउटा नमुनाको रूपमा पितासँगको उहाँको आज्ञाकारीतामा प्रयोग गर्नुहुन्छ ।

- "उहाँको प्रेममा रहन्छु" यो प्रेम (अगापे) भन्ने ग्रीक परिवेशलाई शास्त्रीय वा कोइने ग्रीकमा वृहत रूपमा प्रयोग गरिएको थिएन, जबसम्म यस लाई मण्डलीले विशेष भावनामा प्रयोग गर्न सुरु गऱ्यो । यसलाई स्वार्थरहित बलिदानपूर्ण, बफादारी र सक्रिय प्रेममा प्रयोग गर्नलाई सुरु गरियो। प्रेम भनेको कार्य हो, तर भावनाचाहिँ होइन (३:१६) । नयाँ करारमा आएको परिवेश अगापे, पुरानो करारको हेसेद भन्ने परिवेशको ईश्वरशास्त्रीय रूपमा मिल्दोजुल्दो हुन्छ , जसको अर्थ करारीय प्रेम वा बफादारी भन्ने हुन्छ ।

- "जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु" यो सिद्ध सकृय सूचक हो । जसै येशूको पितासँगको सम्बन्ध हुन्छ, त्यसरी नै विश्वासीहरू ले उहाँमा सम्बन्ध राख्नुपर्छ । त्यहाँ पिता र पुत्रको बीचमा एकता छ, जसको अर्थ विश्वासीहरूको बीचमा उत्पादन गर्नु भन्ने हुन्छ (१४:२३) ।

१५:११ "तिमीहरूको आनन्द भरिपूर्ण होस्" विश्वासीहरूमा येशू खीष्टको आनन्द हुनुपर्छ (जस्तै १७:१३) । साँचो चेलापनको अर्को प्रमाण आनन्द हो (जस्तैः १५:११ (दुईचोटी); १६:२०,२१,२२,२४; १७:१३) । यो दुनियामा पीडा र समस्याहरू छन्, तर खीष्टमा आनन्द, पूर्ण आनन्द र उहाँको आनन्द छ । निडोटे भन्ने पुस्तकको इकाई १ को पाना ७४१ मा कसरी "आनन्द" र "पूर्ण" हुन्छ भन्ने बारेमा यूहन्नाको लेखमा सँगसँगै प्रयोग गरिएको छ ।

"त्यहाँ यूहन्नामा र यूहन्नाका पत्रहरूमा आनन्दलाई विषय र क्रियापदको बीचमा निरन्तररूपमा प्रयोग गरिएको छ, र जसको अर्थ भरिनु र अरूलाई दिनु भन्ने हुन्छ । यो आनन्द येशू खीष्टको आनन्द हो (यूहन्ना १५:११, १७:१३), जसमा उहाँको आगमनमा ल्याउने कुरा (३:२९), उहाँको वचनमा हुने कुरा (१५:११; १७:१३), र उहाँको फर्काइ (१६:२२) उहाँका चेलाहरूसँग हुँदछ (१५:११, १७:१३) । यसले तिनीहरूको हृदयलाई भरेर दुःखको स्थान लिंदछ (१६:१६,२० यसैले खीष्टको आनन्द तिनीहरूको आनन्द बन्दछ (१५:११; १६:२४; १ यूहन्ना १:४) यो आनन्दमा तिनीहरूका चेलाको जीवनमा, येशू खीष्टसँगको हिँडाइमा, यो पूर्ण बन्दछ (यूहन्ना ३:३९; १५:११; १६:२४; १७:१३; १ यूहन्ना १:४; २ यूहन्ना १२) । त्यो कुराले यो वास्तविकतालाई औंल्याउँछ, कि यो त्यो परमेश्वर हुनुहुन्छ, जसले यो आनन्दलाई पूरा गर्दछ ।"

## नासाब (अत्याधुनिक बनाइएको), पाठः १५:१२-१७

"मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर । आफ्ना मित्रहरूको लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरु कसैको हुँदैन । म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गऱ्यौं भने, तिमीहरू मेरा मित्र हौं । अब देखि तिमीहरूलाई म नोकर भन्दिन, किनकि त्यसमा मालिकले के गर्दछ, नोकरले जान्दैन । तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु । मलाई तिमीहरूले चुनेनौं, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें कि, तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस् । यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौंला, उहाँले तिमीहरूलाई सो दिनुहनेछ । म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर ।"

५:१२ "मेरो आज्ञा यही हो" येशूले यो विषयलाई धेरै चोटी दोहोऱ्याउनु भएको छ (जस्तैः १३:३४; १५:१७; १ यूहन्ना ३:११, २३; ४:७-८, ११-१२, १९-२१; २ यूहन्ना ५ पद) ।

- "तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर" यो वर्तमान् सकृय आज्ञार्थक हो, र एउटा निरन्तर भएको आज्ञा हो । प्रेम आत्माको फल हो ( जस्तैः गलाती ५:२२) । प्रेम अनुभव होइन, तर कार्य हो । यसलाई व्यवहारिक परिवेशमा परिभाषित गरिएको छ (जस्तैः गलाती ५:२२-२३; १ कोरिन्थी १३ अध्याय)।

- "मैले तिमीहरूलाई जसरी प्रेम गरें" यो एओरिष्ट सक्रिय सूचक हो । सम्भवत् यो कूसको सान्दर्भिक संकेत हो (जस्तैः पद १३) । फेरी यो येशूको विशेष किसिमको आफैलाई दिने प्रेम हो ताकि त्यसलाई विश्वासीहरूले देखाउनु पर्छ (जस्तैः २ कोरिन्थी ५:१४-१५; गलाती २:२०; १ यूहन्ना ३:१६) ।

१५:१३ "आफ्ना मित्रहरूको लागि आफ्नो प्राण अर्पण गरिदिनु" यसले येशूको अरुको निम्ति र कसैको सट्टामा गर्नुभएको बलिदानलाई बताउँदछ (जस्तै १०:११,१५,१७,१८; मर्कूस १०:४५; रोमी ५:७-८; २ कोरिन्थी ५:२१; यशैया ५३ अध्याय)। यस्तो प्रेम कार्यमा हुन्छ ! यस्तो कार्य गर्नको निम्ति चेलाहरूलाई बोलाइएको छ (जस्तैः १ यूहन्ना ३:१६)।

१५:१४ "तिमीहरू मेरा मित्र हौ" यो ग्रीक संज्ञा फाइलोस् भन्ने हो, जुनचाहिँ कतिचोटी प्रेमको मित्रतासँग सम्बन्धित हुन्छ। कोइने ग्रीकमा कतिचोटी "अगापे" र "फाइले" अलौकिक प्रेमको निम्ति समान रूपमा आएका क्रियापदहरू हुन् (११:३ र ५ वा अगापे वा फाइलोससँग तुलना गर्नुहोस्), र यसलाई परमेश्वरको प्रेममा ५:२० मा पनि प्रयोग गरिएको छ।

- म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौं भने" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ संभाव्य कार्य भन्ने हुन्छ। यसले मित्रतापन को अवस्थालाई दिन्छ, जुनचाहिँ आज्ञाकारिता हो (जस्तैः १४:१५, २३-२४; १५:१०; लूका ६:४६)। जसरी येशू पितामा रहेर उहाँको प्रेममा रहिरहनुभयो, त्यसरी नै उहाँका चेलाहरूले पनि गर्नुपर्छ।

१५:१५ येशूले ती चेलाहरूलाई यस्तो कुराको जानकारी गराउनुभयोः १) परमेश्वरको सत्यताको बारेमा, र २) भविष्यको घटनाहरूको बारेमा। उहाँले आफ्नो शक्तिलाई देखाउनुभयो, ताकि चेलाहरू विश्वास र भरोसामा बढ्न सकून। येशू आफूले उहाँका पिताबाट सिकेको कुरालाई उहाँका चेलाहरूलाई बताउनुभयो (जस्तैः ३:३२; ८:२६,४०; १२:४९; १५:१५); तिनीहरूले यो कुरालाई अरूहरूलाई पनि दिनुपर्ने थियो (मत्ती २८:२०)।

१५:१६ "मलाई तिमीहरूले चुनेनौं, तर मैले तिमीहरूलाई चुने" त्यहाँ धेरै व्याकरणीय तहहहरू छन्:
१. दुवै क्रियाहरू एओरिष्ट मध्येका सूचकहरू हुन् - येशू आफैले एकचोटी र सधैँको निम्ति तिनीहरूलाई छान्नुभयो (जस्तैः ६:७०; १३:१८; १५:१६,१९)
२. त्यो बलियो "अल्ला" तर क्रियाविशेषक
३. "अहम" तालाई जोड र "म" भन्ने भनाइ
यहाँ मानवीय प्रतिक्रिया र चुनाउको बीचमा संतुलन छ। यी दुवै नै बाइबलीय सिकाइहरू हुन्। परमेश्वरले सधैं नै सुरु गर्नुहुन्छ (जस्तैः ६:४४,६५; १५:१६, १९), तर मानिसहरूले प्रतिउत्तर दिनुपर्छ (जस्तैः १:१२; ३:१६; १५:४,७,९)। परमेश्वरले मानवजातिसँग गरेको सम्बन्ध सधैं नै करारको सम्बन्धमा हुन्छ ("यदि...तब")। ३:१६ को विशेष शिर्षकलाई हेर्नुहोस्।

यो परिवेशमा "छान्नु" भन्ने क्रियाले १२ जनालाई जनाउँदछ। "छान्नु" भन्ने परिवेशको भनाइमा "१२ जनालाई सेवाको निम्ति छान्नु" भन्ने पुरानो करारमा हुन्छ, र "मुक्तिको लागि छान्नु" भन्ने परिवेशलाई नयाँ करारमा आएको शब्दको अर्थलाई पनि थपिएको छ। नयाँ करारको विश्वासीहरूलाई ख्रीष्ट जस्तै बनाउनको लागि छानिएका छन्, जुनचाहिँ सेवा, निस्वार्थीपना, र परमेश्वरको राज्यको निम्ति, येशू ख्रीष्टको शरीरको निम्ति र सामूहिक भलाईको निम्ति बलिदान हुनुपर्ने हो। यो देखाइएको कुरा स्पष्ट छ, कि पतन भएको आत्म केन्द्रितपनालाई तोडिएको छ।

यूहन्नामा आएको विशेषता यो हो, कि येशूले १२ जनाको सम्बन्धमा भन्नुभएको कुरा सबै विश्वासीहरूमा उपायोगी र लागु हुन्छ। तिनीहरूले चेलापन को पहिलो फलको रूपमा प्रतिनिधित्व गर्छन्, तर तिनीहरूको सम्बन्धचाहिँः

१. आफ्नै आँखाले देखेको गवाहीमा अनौठो छ (जस्तैः उत्प्रेरणा) २. सबै विश्वासीहरूमा लागु हुन्छ, जसमा तिनीहरूको निम्ति येशूको चाहनालाई सबै विश्वास गर्ने र पछ्याउनेहरूको निम्ति उहाँको इच्छा पूरा हुन्छ।

- "तिमीहरूलाई नियुक्त गरें कि, तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्" यी तीनवटा वर्तमान् सक्रिय विषयवस्तुहरू हुन्: १) जानु; २) फल फलाउनु; र ३) फल रहिरहनु। विश्वासीहरू मिसनको कार्यमा छन् (जस्तैः मत्ती २८:१९-२०; लूका २४:४६-४७; प्रेरित १:८)। "नियुक्त गर्नु" भन्ने परिवेशको ईश्वरशास्त्रीय पक्षलाई प्रेरित २०:२८; १ कोरिन्थी १२:२८; २ तिमोथी १:११ मा पनि देख्न सकिन्छ। यसलाई पनि विश्वासीहरूको पक्षमा ख्रीष्टको मृत्युलाई प्रयोग गरियो (जस्तैः १०:११,१५,१७-१८; १५:१३)।
- "मेरो नाउँमा" विश्वासीहरूले येशूको चरित्रलाई उतार्नुपर्ने हुन्छ। यो वाक्यांश १ यूहन्ना ५:१४ मा आएको "परमेश्वरको चाहना" भन्नेसँग उस्तै छ। यहाँ १४:१३-१५ मा प्रेम र प्रार्थनाको उत्तरलाई जोडिएको छ। यूहन्ना १४:१३-१५ मा भएको परमपप्रभुको नाउँ भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस्।

"म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर" १२ पदमा दिइएको टिपोटलाई हेर्नुहोस्। प्रार्थनाको उत्तर प्रेम र मिसनसँग जोडिएको छ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १५:१८-२५

"यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान, कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो। यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफ्ना ठानी माया गर्ने थियो। तर तिमीहरू यस संसारका होइनौं। तिमीहरूलाई संसारबाट मैले चुने, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ। मैले तिमीहरूलाई भनेको वचन याद राख, 'नोकर घरको मालिकभन्दा ठूलो हुँदैन।' तिनीहरूले मलाई सताए भने, तिमीहरूलाई पनि सताउनेछन्। तिनीहरूले मेरो वचन पालन गरे भने, तिमीहरूको वचन पनि पालन गर्नेछन्। तर तिनीहरूले यी सब कुरा मेरो नाउँको खातिर तिमीहरूलाई गर्नेछन्, किनभने तिनीहरूले मलाई पठाउनुहुनेलाई चिन्दैनन्। म नआएको भए, र तिनीहरूलाई नबताएको भए, तिनीहरू पापको दोषी हुनेथिएनन्, तर अब म आफ्ना पापको निम्ति तिनीहरूसँग केही बहाना छैन। जसले मलाई घृणा गर्दछ, त्यसले मेरा पितालाई पनि घृणा गर्दछ। यदि अरू कसैले नगरेको काम मैले तिमीहरूका बीचमा नगरेको भए, तिनीहरू पापको दोषी हुनेथिएनन्, तर अब तिमीहरूले मलाई र मेरो पिता दुवैलाई देखेका छन्, र घृणा गरेका छन्। तर, व्यवस्थामा, लेखिएको यो वचन पूरा हुनलाई यो भएको थियो, तिनीहरूले मलाई बिनाकारण घृणा गरे।"

१५:१८ "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसले लेखकको दृष्टिकोणलाई साँचो स्वरुप हो भनेर मानिलिएका छन्, वा उनको साहित्यिक उद्देश्यको निम्ति यो हुन्छ। यो संसार र पतित भएको मानवीय व्यवस्थाले येशूलाई पछ्याउनेहरूलाई घृणा गर्छन्।

"संसारले" यूहन्नाले यो परिवेशलाई विविध तरिकाले प्रयोग गर्दछन्: १) यो ग्रहमा सबै मानव जातिको निम्ति अलंकारको रूपमा (जस्तैः ३:१६), र २) मानवीय समाजले व्यवस्था गरेको र परमेश्वरभन्दा बाहेकको कार्य गरेको (जस्तैः १०:८; १ यूहन्ना २:१५-१७)। १४:१७ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

- "तिमीहरूलाई घृणा गर्दछ" यो वर्तमान् सकृय सूचक हो; यो संसारले निरन्तररूपमा घृणा गर्दछ (पद २०)।

- "तिमीहरू जान" यो वर्तमान् सक्रिय आज्ञार्थक हो। नयाँ करारको सत्यतामा भएको विश्वासीहरूको ज्ञानले यस पतित संसारको सतावटलाई सामना गर्न मद्दत गर्नेछ।

- "तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो" यो सिद्ध सकृय सूचक हो। यहाँ "मलाई" भन्ने सर्वनाम निश्चित रूपमा आएको छ (जस्तैः ७:७)।

यसले संसारको, उहाँको मसिहको, र उहाँका मानिसहरूले परमेश्वरको विरुद्धमा हुने कुरालाई प्रकट गर्दछ (१७:१४; १ यूहन्ना ३:१३)।
कोही विश्वासीहरू ख्रीष्टको प्रेममा छन् भने, कोही ख्रीष्टको सतावटमा छन् (जस्तैः रोमी ८:१७; २ कोरिन्थी १:५,७; फिलिप्पी ३:१०; १ पत्रुस ४:१३)। ख्रीष्टसँगको परिचयले शान्ति, आनन्द, सतावट, र अझ मृत्युसम्म पनि ल्याउँछ !

५:१९ "यदि" यो दोस्रो तहको सर्तात्मक वाक्य हो, जसलाई "वास्तविकताको विपरितता" मा हुने भनिएको छ। यसलाई यसरी अनुवाद गरिनुपर्छ, "यदि तिमी यस संसारका हुँदा हौं त, यस संसारले तिमीलाई प्रेम गर्नेथियो, तर तिमी यस संसारका होइनौं, र यस संसारले प्रेम पनि गर्दैन।"

१५:२० "याद राख" यो पद १८ दिएको जस्तै वर्तमान् सकृय आज्ञार्थक हो वा वर्तमान् सकृय सूचक हो, सम्भवत एउटा प्रश्न जस्तै (एलबि)।

- "नोकर घरको मालिकभन्दा ठूलो हुँदैन" जब कसैले यो पदलाई १३:१६ सँग तुलना गर्छन्, तब यो स्पष्ट हुँदछ, कि येशूले उपदेशात्मक भनाइहरू विविध प्रकारले प्रयोग गर्नुभयो।

- "मलाई सताए भने, ... यदि तिनीहरूले मेरो वचन पालन गरे भने" यी दुईवटा पहिलो तहका शर्तात्मक वाक्यहरू हुन्, जसलाई लेखकको दृष्टि कोणबाट साँचो भनेर मानिनिलएको छ। "सतावट" भन्ने परिवेशको अर्थ जंगली जनावरलाई सतावट दिएजस्तै गर्नु हो, र यो पतन भएको संसारमा येशू ख्रीष्टलाई पछ्याउनेहरूको निम्ति परिणाम पनि हो (मत्ती ५:१०-१२; यूहन्ना १६:१-३; १७:१४; प्रेरित १४:२२; रोमी ५:३-४; ८:१७; २ कोरिन्थी ४:१६-१८; ६:३-१०; ११:२३-३०; फिलिप्पी १:२९; १ थेसलोनिकी ३:३; २ तिमोथी ३:१२; याकूब १:२-४; १ पत्रुस ४:१२-१६)।

तरैपनि यो कुलाई याद गर्नुहोस्, कि कतिले प्रेरितहरूको वचनलाई ईन्कार गर्छन्, र अझै तिनीहरूलाई सताउँछन्, त्यहाँ यस्ता पनि हुन्छन्, जसले सुन्छन्, र प्रतिक्रिया जनाउँछन्। तिनीहरू आफै नै यो वास्तविकताको प्रमाण भएका छन्।

१५:२१ "तिनीहरूले मलाई पठाउनुहुनेलाई चिन्दैनन्" यसले स्पष्टरूपमा पितालाई जनाउँदछ। यसले यो कुरालाई लागु गर्दछ, कि यहूदीका साथै अन्य जातिले पनि परमेश्वरलाई जान्न सकेनन्। "चिन्नु" भन्ने परिवेशलाई पुरानो करारको व्यक्तिगत सम्बन्धपनको भागमा प्रयोग गरिएको छ (जस्तैः उत्पत्ति ४:१; यर्मिया १:५)। यो हराएको संसारले विश्वासीहरूलाई सतावट दिए, किनकि तिनीहरूले परमेश्वरलाई चिन्दैनथे।

१५:२२ "यदि म नआएको भए" यो अर्को दोस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ "वास्तविकताको विपरित" भन्ने हुन्छ। यसलाई यसरी पनि अनुवाद गरिनुपर्छ, "यदि म फर्केर नआएको भए, र तिनीहरूसँग नबोलेको भए, जुनचाहिँ मैले गरें, तब तिनीहरूले पाप गरेका हुन्नथे, जुनचाहिँ तिनीहरूले गरे।" जम्मेवारी ज्ञानसँग सम्बन्धित हुन्छ (५:२१ को क्षमा नदिइएको पापलाई विशेष शिर्षकमा हेर्नुहोस्)। यो परिवेशमा फल नफलाउने हाँगाहरू (जस्तैः यहूदा र यहूदीहरू) सँग ज्ञानको निम्ति ठूलो मौका थियो, त्यो भन्दा पनि बढी तिनीहरूसँग केवल प्राकृतिक प्रकाश मात्र थियो (जस्तैः अन्यजातिहरू, भजनसंग्रह १९:१-६; रोमी १:१८-२० वा २:१४-१५)।

१५:२३ येशूलाई गरिएको निरन्तर विरोध, परमेश्वरलाई गरिएको निरन्तर विरोध हुन्छ (जस्तैः पद २४)।

१५:२४ "यदि" यो अर्को दास्रो दर्जाको शर्तात्मक वाक्य हो, जसको अर्थ "वास्तविकताको विपरित" भन्ने हुन्छ। यसलाई यसरी अनुवाद गरिनु पर्थ्यो, "यदि मैले तिनीहरूको बीचमा काम नगरेको भए देखि, जुनचाहिँ कसैले पनि गरेका हुँदैनथे, तर जुनचाहिँलाई मैले गरें, तब तिनीहरूले पाप गरेका हुँदैनथे, जुन चाहिँ तिनीहरूले गरे।" प्रकाशले जिम्मेवारी ल्याउँदछ (जस्तैः १:५; ८:१२; १२:३५,४६; १ यूहन्ना १:५; २:८,९,११; मत्ती ६:२३)।

- "अब तिमीहरूले मलाई र मेरो पिता दुवैलाई देखेका छन्, र घुणा गरेका छन्" यी दुवै नै सिद्ध सकृय सूचकहरू हुन्, जसले स्थापित गरिएको आचरणलाई देखाउँदछ। येशूलाई ईन्कार गर्नु भनेको पितालाई पनि ईन्कार गर्नु हो (जस्तैः १ यूहन्ना ५:९-१३)।

५:२५ "व्यवस्था वा तोराह" भन्ने परिवेश अनौठो खालको हुन्छ, र यसलाई भजनसंग्रह ३५:१९; ६९:४ बाट लिइएको भनाइलाई वर्णन गर्न प्रयोग गरिन्छ। सामान्यतया यो परिवेशलाई मोसाका लेखहरू उत्पत्ति देखि व्यवस्थासम्म प्रयोग गरिन्छ।
यहूदीहरूले येशूलाई इन्कार गर्ने यो अगाडिको प्रकाशको रहस्यको कुरामा इच्छा गरिएको अविश्वासको आचरण थियो (यशैया ६:९-१३; यर्मियम ५:२१; रोमी ३:९-१८)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १५:२६-२७

"जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु अर्थात् सत्यका आत्मा, जो पिताबाट आउँनुहुन्छ, उहाले नै मेरो विषयमा गवाही दिनुहुनेछ। तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले तिमीहरू पनि मेरा साक्षी हौं।"

१५:२६ "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु" पिता र पुत्र दुवैले आत्मालाई पठाउँछन् (जस्तैः १४:१६,२६; १५:२६; १६:७)। छुटकाराको कार्यमा त्रियकत्वका यी तीनैजना व्यक्तित्वहरू संलग्न हुन्छन्।

- “सत्यका आत्मा” यसलाई पवित्र आत्माले प्रकट गर्ने पिताको भावनाको रूपमा प्रयोग गरिन्छ (जस्तैः १४:१७,२६; १५:२६; १६:१३) । ६:५५ र १७:३ मा सत्यता भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

- “उहाले नै मेरो विषयमा गवाही दिनुहुनेछ” आत्माको कार्य येशू र उहाँका शिक्षाहरूलाई गवाही दिनु हो (जस्तैः १४:२६; १६:१३-१५; १ यूहन्ना ५:७) ।

“तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले तिमीहरू पनि मेरा साक्षी हौं” यहाँ “तिमीहरू... पनि” निश्चित हुन्छ । यो वर्तमान् सकृय सूचक हो । यसले नयाँ करारका लेखकहरूलाई पनि देखाएर उत्प्रेरणा प्रदान गर्नुपर्छ (जस्तैः प्रेरितहरू र तिनका मित्रहरू), जो येशूसँगै उहाँको पृथ्वीको जीवनमा थिए (लूका २४:४८) । विशेष शिर्षकमा गवाहीको निम्ति १:८ र आत्माको पूजाहारीपनको निम्ति १४:२६ लाई हेर्नुहोस् ।

## छलफलक प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाई आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डका मुख्य विषयहरूमा प्रदान गरेर सोच्नलाई मद्दत पुग्दछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन् ।

१. “रहनु”मा के कुराको संलग्नता हुन्छ ?
२. यदि विश्वासीहरू रहनलाई प्रयास गरे भने के हुन्छ ? यदि विश्वासीहरूले फल फलाएनन् भने के हुन्छ?
३. साँचो चेलापनका प्रमाणहरूलाई सूचीकृत गर्नुहोस् ।
४. यदि दुःख पाउनु ख्रीष्टियनहरूको मुल्य हो भने, आज हामीलाई त्यसले के कुरा भन्दछ ?
५.. पद १६ लाई तपाईंको आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस् ।

# यूहन्ना १६ अध्याय

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिईभि | एनजेबि |
|---|---|---|---|---|
| संसारले गर्ने घृणा | आउनेवाला इन्कारी | | | चेलाहरू र संसार |
| (१५:१८-१६:४क) | (१५:२६-१६:४क) | खीष्टियनहरूको यस संसार सँगको सम्बन्ध | (१५:१८-१६:४क) | (१५:१८-१६:४क) |
| पवित्र आत्माको कार्य | | १६:१-४क | पवित्र आत्माको कार्य | पवित्र आत्माको आगमन |
| १६:४ख-११ | पवित्र आत्माको कार्य | १६:४ख-११ | १६:४ख-११ | १६:४ख-१५ |
| | १६:५-१५ | | | |
| १६:१२-१५ | | १६:१२-१५ | १६:१२-१५ | |
| पीडा आनन्दमा परिवर्तन हुने | पीडा आनन्दमा परिवर्तन हुने | | दु:खिपना र खुशीपना | येशू धेरै छिट्टै नै फर्कनु हुन्छ |
| १६:१६-२४ | १६:१६-२४ | १६:१६-२४ | १६:१७-१८ | १६:१६ |
| | | | १६:१७-१८ | १६:१७-२८ |
| | | | १६:१९-२२ | |
| | | | १६:२३-२४ | |
| मैले विजय प्राप्त गरेको छु | येशू खीष्टले यस संसारमा विजय प्राप्त गर्नुभएको | | संसारमाथिको विजय | |
| १६:२५-३३ | १६:२५-३३ | १६:२५-२८ | १६:२५-२८ | |
| | | १६:२९-३३ | १६:२९-३३ | १६:२९-३३ |
| | | | १६:३१-३३ | |

### अध्ययन चक्र तीन (पाना पाँचलाई हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस्। विषयहरूलाई पत्ता लगाउनुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## यूहन्ना १६:१-३३ को पाठगत अन्तर्दृष्टि

क. साहित्यिक परिवेश १५:१८-१६:४क बाट परिचालन हुँदछ। खण्डका विभाजनहरू उत्प्रेरित भएका होइनन्, तर पछिबाट थपिएका अनुच्छेदको विभाजन, ठूला अक्षरहरू, बिराम चिन्ह लगाउनु, र क्रियाको विभाजन हुनु जस्तै हुन्।

ख. आत्मिक रूपमा हराएकाहरूको निम्ति पवित्र आत्माको कार्य १६:८-११ मा परिभाषित गरिएको छ, र उहाँको कार्यलाई १६:१२-१५ मा बचाइएको छ। सामुयल जे. मिल्कोलास्कीको नयाँ करारको उनको लेखमा, बाइबल टिप्पणीको व्याख्याको इकाई १ मा "नयाँ करारको ईश्वर शास्त्र भन्ने" लेखमा, आत्माको क्रियाकलापमा एउटा चाखलाग्दो सारांश दिएका छन्:

> "नयाँ करारको शुद्धिकरणको सिद्धान्त, जबकि यो धर्मिकरणसँगै मिसिएको छ, तरैपनि यो यसबाट फरक नै छ। पुरानो करारमा जस्तै शुद्धिकरणले परमेश्वरको पवित्र श्रेष्ठतालाई पहिला अलग्गैपनमा निर्देशित गर्छ, र दोस्रोमा नैतिक गुण र सम्बन्धपनमा परेश्वरजस्तै हुन्छ। शुद्धिकरण पवित्र आत्माको कार्य हो, जसले ख्रीष्टको व्यक्तित्वलाई एकतामा ल्याउँछ, र उनको जीवनलाई आत्मिक रूपमा नयाँ बनाउँदछ। नयाँ करारको भाषाले पवित्र आत्माको बप्तिस्मा हुने (१ कोरिन्थी १२:१३), आत्माको छाप लगाउने (एफिसी १:१३,१४; ४:३०), आत्माले बास गर्ने (यूहन्ना १४:१७; रोमी ५:५; ८:९-११; १ कोरिन्थी ३:१६; ६:१९; २ तिमोथी १:१४), आत्माद्वारा निर्देशित हुने (यूहन्ना १४:२६; १६:१२-१५), आत्माले भरिने (एफिसी ५:१८), र आत्माका फलहरू हुने खाँचो पर्दछ ( गलाती ५:२२-२३)। शुद्धिकरण न्यायीकरणसँग सम्बन्धित छ, जुनचाहिँ परमेश्वरको अगाडि खडा हुन्छ (हिब्रू १०:१०), र नयाँ आदर्शताको विकासमा खडा हुन सक्छ" (पाना ४७४)।

ग. पद १७ जस्तै, पदहरू १३:३६; १४:५,८, र २२ पनि प्रेरितहरूले दिएका अन्य प्रश्नहरू हुन्।

घ. धेरैले यस्तो विश्वास गरे, कि "हामी यहाँबाट जाऔं" भन्ने १४:३१ को संयोजनसँग १८:१ ले यस्तो कुरा देखाउँदछ, कि येशूले खण्डहरू १५-१७ मा गेत्सेमनीको मन्दिरद्वारा बाटोहरू भएर जाँदा यरुशलेमको गल्लीहरूमा त्यस्तो प्रकारले जानुभयो, र माथिल्लो कोठामा गएजस्तो गरी चाहिँ होइन। .

## शब्द र वाक्यांशको अध्ययन

### नासाब (अत्याधुनिक बनाइएको) पाठः १६:१-४

"र्तिमीहरूले ठोकर नखाको भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ। तिनीहरूले तिमीहरूलाई सभाघरबाट निकालिदिनेछन्। यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ। तिनीहरूले यी काम गर्दैछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन्, तर यी कुरा तिमीहरूलाई बताएको छु, कि जब त्यो समय आउँछ, तब तिमीहरूलाई के भनेथें, सो तिमीहरूलाई स्मरण हुनेछ। पहिले नै मैले तिमीहरूलाई यी कुरा भनिन, किनकि म तिमीहरूसँग थिएँ।"

१६:१
नासाब, ''ताकि तिमीहरूले बाधा दिनबाट राखिरहन सक्छौं''
एनकेजेभि, "ताकि तिमीहरूले बाधा दिने बनाउनु पर्दैनं"
एनआरएसभि, ''तिमीलाई बाधा दिनेबाट राखिरहनुं''
टिइभि, ''ताकि तिमीले आफ्नो विश्वासलाई त्याग्नेछैनौं"
एनजेबि, "ताकि तिमी पतन हुने छैनौं"

यो ग्रीक परिवेश (स्क्यान्डलाइज्ड, बागाड ७५२ को एओरिष्ट निष्क्रिय विषयगत) लाई सुरुमा जनावरहरू समात्नको लागि बाजी थापेर प्रयोग गरिन्थ्यो। यसलाई कतिचोटी "पतन भएर जाने" भन्ने अर्थमा अनुवाद गरियो (जस्तैः मत्ती १३:२१; २४:१०; मर्कूस ४:१७; १४:२७,२९)। यसलाई आलंकारीक रूपमा विश्वासीहरूकै परिवेशमा आफ्नै यहूदी मित्रहरूको घृणापूर्ण कार्यबाट, अझै धार्मिक अगुवाहरूबाट पनि समातिएका हुँदैनन्।

१६:२ "तिनीहरूले तिमीहरूलाई सभाघरबाट निकालिदिनेछन्" यसले यहूदीवादबाट संचारलाई विच्छेद गरेको कुरालाई बताउँदछ (जस्तैः ९:२३, ३४; १२:४२) त्यहाँ यहूदीहरूले गलत प्रकारले संगति गर्ने प्रकृयामा थाहा नपाएका कुराहरू धेरै छन्। त्यहाँ अस्थायी र स्थायी दुवै सभाघरका सेवाहरूबाट अलग गर्ने कुराहरू छन्। तर पछि ई. सं. ७० मा यरुशलेमको पतन भएपछि प्यालेष्टाइनको जामनिया भन्ने स्थानमा यहूदी गुरुहरूले ख्रीष्टसँग सम्बन्धित "पापको प्रतिज्ञा" को विकास गरे, जसद्वारा तिनीहरूले ख्रीष्टियनहरूलाई सभाघरको सेवाबाट बहिष्कार गर्ने चाहना गरे। यसै कारणले गर्दा अन्तमा ख्रीष्टलाई पछ्याउनेहरू र स्थानीय यहूदी सभाघरहरूमा फुट आयो।

- "जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ" यो त्यही कुरा हो जुनचाहिँ यहूदी अगुवाहरूले विचार गरेका थिए (यशैया ६६:५; मत्ती ५:१०-१२; १०:३२)। टार्ससका शाऊल वा पावल यो धार्मिक चाहनालाई गलत प्रकारले निर्देशित गर्ने व्यक्तिका असल उदाहरण हुन् (जस्तैः प्रेरित २६:९-११; गलाती १:१३-१४)।

१६:३ "तिनीहरूले यी काम गर्दैछन्" उच्च तहको व्यक्तित्व भएर गंभिरता र समर्पणतामात्रै पर्याप्त छैनन्। कतिचोटी परमेश्वरको नाउँमा गल्ती र कट्टरपन पनि हुने गर्दछन्।

- "किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन्" "चिन्नु" भन्ने परिवेशले पुरानो करारको व्यक्तिगत, र नजिकको सम्बन्ध को भनाइलाई बताउँदछन् (जस्तैः उत्पत्ति ४:१; यर्मिया १:५)। येशूलाई ईन्कार गर्नु भनेको परमेश्वरलाई ईन्कार गर्नु हो भन्ने भनाइको यो बलियो पक्ष हो (जस्तैः ८:१९; १५:२१; १ यूहन्ना ५:९-१२)।

यूहन्नाले कतिचोटी आत्मिक अन्धोपन र संसारको अज्ञानताको बारेमा बताएका छन् (जस्तैः १:१०; ८:१९,५५; १५:२१; १६:३; १७:२५)। तरैपनि पुत्रको आगमनको उद्देश्य संसारलाई बचाउनु, र पितालाई प्रकट गर्नु थियो (३:१६), ताकि यस संसारले येशू ख्रीष्टद्वारा उहाँलाई चिन्न सकोस् (१७:२३)।

१६:४ येशूले गरेको भविष्यवाणीले सतावट र ईन्कारको मध्यस्थतामा चेलाहरूको विश्वास र भरोसालाई उत्साह प्रदान गर्ने साधनको रूपमा दिनु थियो (१३:१९; १४:२९)।

"सूरुबाट नै" भन्नेले येशूको सार्वजनिक सेवकाइको सुरुवातलाई १२ जनालाई विशेष रूपमा बोलाइएको कुरालाई बताउँदछ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १६:५-११

"अब म मलाई पठाउनेकहाँ गइरहेछु, तर तपाईं कहाँ जादैहुनुहुन्छ, भनी तिमीहरू कसैले मलाई सोध्दैनौं। तापनि मैले तिमीहरूलाई यी कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ। तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइन भने, सल्लाहकार तिमीहरूमा आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई पठाइदिनेछु। अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरी देख्नेछैनौं, र न्यायको विषयमा किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ।"

१६:५ " तर तपाईं कहाँ जादैहुनुहुन्छ, भनी तिमीहरू कसैले मलाई सोध्दैनौं" पत्रुसले यो उहाँ प्रश्नलाई १३:३६ मा सोधेजस्तो देखिन्छ, तर तुरुन्तै येशूले छोड्नुभएकोमा त्यो पीडाले गर्दा उनको मन विचलित भएको थियो, र तब उनीहरूलाई के हुने हो भनेर प्रश्न पनि उठेको थियो (जस्तैः पद ६)। यूहन्ना १४:१-३ ले येशू स्वर्गमा जानुभएको बारेमा बताएको छ (जस्तैः प्रेरित १:९-११)।

हामी आफैलाई संभना गराउने यो असल ठाउँ हो, ताकि त्यो सुसमाचार जस्ताको तस्तै, शब्द-शब्दको निम्ति येशूको कुराकानीको प्रमाण-पत्र हुन सक्छ। यी सारांशहरू ईश्वरशास्त्रीय उद्देश्यको निम्ति धेरै वर्ष पछाडि गरिएका थिए। सुसमाचारका लेखकहरूले उत्प्रेरणा पाएर येशूका वचनहरूलाई छान्ने मिलाउने, र अंगाल्ने विकल्पलाई प्रयोग गरे (गोर्डन फि र डगलास स्टुवार्टको, बाइबल यसको सबै मुल्यमा कसरी पढ्ने हो भन्ने पुस्तकलाई हेर्नुहोस्)। ती वचनहरूलाई येशूको मुखमा राखिदिने अधिकार तिनीहरूमा थियो भनेर म विश्वास गर्दिन। यो ईश्वरशास्त्रीय संरचनामा येशूका वचनहरूलाई, सिकाइहरू लाई र कार्यहरूलाई कुनै निर्दिष्ट समुदायलाई सुसमाचार दिने कुरा हुन्छ, सायद सुसमाचारको विवरणको बीचमा धेरै फरक कुराहरूलाई पनि व्याख्या गरिन्छ।

१६:६ "तिमीहरूको हृदय शोकले भरिएको छ" यो सिद्ध सकृय सूचक हो। माथिल्लो कोठामा गरिएको अनुभवचाहिँ शोकमध्ये एउटा थियो (जस्तैः १४:१; १६:६,२२)। यहाँ "हृदय" भन्ने शब्दलाई सम्पूर्ण व्यक्तिको विचार, भावना र चाहनालाई हिब्रू अर्थमा प्रयोग गरिएको छ। १२:४० को हृदयलाई विशेष शिर्षकमा हेर्नुहोस्।

१६:७ "म जानमा नै तिमीहरूको हित छ" येशूको शरीर एक समयमा एक स्थानमा मात्र हुने गर्दथ्यो, जसले उहाँको सबै चेलाहरूलाई सिकाउने र सेवा गर्ने गर्दथ्यो। अझै उहाँको यस पृथ्वीको जीवनमा सामान्यतया उहाँले इस्राएललाई मात्र जोड दिनुभयो (जस्तैः मत्ती १०:६; १५:२४)। पवित्र आत्माको आगमनले नयाँ अध्यायलाई खोल्नेछ, ताकि त्यो एउटा फैलिएको विषयको सेवकाइ बन्नेछ (एफिसी २:११-३:१३)।

"फाइदा" भन्ने परिवेशको अर्थ "लाभप्रद" भन्ने हुन्छ, र यसलाई ११:५० र १८:१४ मा येशूको मृत्युसँग जोडिएर प्रयोग गरिएको छ। त्यो वाक्यांश "जानमा नै" भन्नेले येशूको जीवनको अन्तिम हप्तामा भएका सबै घटनाहरूलाई समावेश गर्दछन्।

- "किनभने म गइन भने, सल्लाहकार तिमीहरूमा आउनुहुनेछैन" त्यहाँ यो पदमा दुई तिहाई शर्तात्मक वाक्यहरू छन्, जसले सम्भाव्य कार्यलाई लागु गर्दछ। येशूले आत्मालाई पूर्णतामा आउनेको लागि छोड्नुपर्ने थियो ! प्याराक्लेट्स् भन्ने परिवेशलाई "समर्थक" "सल्लाहकार" र "सहयोगी" भनेर अनुवाद गर्न सकिन्छ (जस्तैः १४:१६,२६; १५:२६)। यो शब्द यूहन्नाको लेखहरूमा मात्र देखा परेको छ। यसलाई ग्रीक साहित्यमा एकजना सुरक्षा गर्ने बकिलको साथसाथै सहायता गर्ने व्यक्ति भनेर प्रयोग गरिएको थियो। पदहरू ८-११ मा आत्माले संसारको वकिलले मुद्दा चलाउने जस्तै कार्य गर्नुभयो, तरैपनि, पदहरू १२-१५ मा विश्वासीहरूको पक्षमा समर्थन गर्ने आत्मा देखिएको छ।

  यो प्याराक्लेट्स् भन्ने उही परिवेश १ यूहन्ना २:१ मा पनि पुत्रको निम्ति प्रयोग गरिएको छ। ग्रीकको मुख्य शब्दबाट "सल्लाहकार" भनेर अनुवाद गर्न सकिन्छ। यो परिवेशमा यसलाई २ कोरिन्थी १:३-११ मा भएको पिता भन्ने शब्दलाई पनि प्रयोग गरिएको छ।

- "तर गएँ भने म उहाँलाई पठाइदिनेछु" त्यो आत्मा पिता र पुत्र दुवैबाट आएको छ (जस्तैः १४:२६)।

१६:८ "र न्यायको विषयमा किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ" आत्माले साक्षी दिने यी तीनवटै क्षेत्रहरू (पाप, धार्मिकता, र न्याय) ले मानवजातिको खाँचोलाई सम्बन्धित गराउँदछन्, र येशू ख्रीष्टको छुटकाराको कार्यमा सहभागी हुन्छन्। "दोषी ठहऱ्याउनु" भन्ने परिवेश कानुनी परिवेश हो, र जसलाई "एक-अर्कालाई जाँच गर्न"" प्रयोग गरिन्छ।

जि. बि. कायर्डको बाइबलको भाषा र परिकल्पना भन्ने पुस्तकको पाना १५९ मा यी तीनवटा क्षेत्रहरूको चाखलाग्दो बुझाइ छन्। तिनीहरूले संसार लाई यस कुराको निश्चयता गराउँदछन्, किः

१. यसमा येशूलाई जाँच र क्रूसमा ल्याउने कार्य गल्ती भएको छ।
२. यसमा पापको अर्थको बारेमा पनि गल्ती भएको छ।

३. यसमा धार्मिकतापनको अर्थको बारेमा पनि गल्ती भएको छ ।
४. यसमा न्यायको अर्थको बारेमा पनि गल्ती भएको छ ।

यदि यसो हो भने, तब त्यो आत्माले येशू ख्रीष्टको व्यक्तिद्वारा पूर्ण रूपमा प्रकट गर्नुभएको छ । तिनीहरूको धार्मिकतापनले तिनीहरूलाई बचाउन सक्दैन । येशूलाई ईन्कार गर्ने सबैको निम्ति न्यायले पर्खिरहेको हुन्छ ! यो पाप “अविश्वास” हो ! येशूमात्र परमेश्वरकहाँ पुग्ने बाटो हुनुहुन्छ । यहाँ “संसार” भन्ने परिवेशले मानवीय, पतन भएको समाज, र परमेश्वरबिना नै व्यवस्थित र कार्य गरेको भन्ने हुन्छ । १४:१७ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

१६:९ “पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्” मानवजातिको पापपूर्णपनलाई पहिचान गरेर यो सुसमाचार सुरु हुन्छ, र परमेश्वरको धार्मिकतापनको पनि खाँचो पर्दछ (रोमी ३:९-१८,२३; ६:२३; एफिसी २:१-३) । पाप कलभरीको मुक्तिको यो पक्षमा मुख्य बाधा दिने साधन बन्दैन, तर संसारमा हुने मानवजातिको अविश्वास र येशू ख्रीष्टको व्यक्तित्वमा हुन्छ (जस्तैः यूहन्ना ३:६-२१; ८:२४,२६) । “विश्वास गर्नु” भन्ने परिवेशमा समान र भावनात्मक तत्वहरू हुन्छन्, तर यो सामान्यतया इच्छाशक्तिमा भर पर्दछ (२:२३ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । यसले विश्वासीहरूको मुल्य वा देखाउने कार्यलाई मात्र जोड दिँदैन, तर तिनीहरूको विश्वासको पश्चात्तापमा भएको येशू ख्रीष्टमा भएको परमेश्वरको प्रतिज्ञामा हुन्छ (रोमी ३:२१-३०) ।

१६:१० “धार्मिकताको विषयमा” यसले निम्न कुराहरूलाई बताउन सक्छः
१. ख्रीष्टले कलबरीमा गर्नुभएको छुटकाराको आउनेवाला कार्य र पुनरुत्थानलाई एक इकाईको रूपमा देखिने (जस्तैः पद १०)
२. तिनीहरू जसले ख्रीष्टबिना परमेश्वरमा ठीक छन्, भनेर सोच्छन्, जब यो वास्तवमा येशू ख्रीष्टमात्रै हुनुहुन्छ, जो परमेश्वरसँग ठीक हुनुहुन्छ, जसलाई स्वर्गमा गएको देखिन्छ ।

१६:११ “न्यायको विषयमा किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ” त्यहाँ यस्तो दिन आउँदैछ, जब पतन भएको स्वर्गदूत र पापी मानिस धर्मी परमेश्वरको अगाडि खडा हुनुपर्नेछ (जस्तै, फिलिप्पी २:९-११) । यद्यपि शैतानको यस संसारमा अझै ठूलो शक्ति भए तापनि (जस्तैः १२:३१, १४:३०; २ कोरिन्थी ४:४; एफिसी २:२; १ यूहन्ना ५:१९), ऊ अगाडि नै हारेको शत्रु हो (सिद्ध निस्क्रिय सूचक) । उहाँका छोराछोरीहरूले (मत्ती ८:४४, १३:३८; १ यूहन्ना ३:८-१०) परमेश्वरको क्रोधलाई बटुल्नेछन् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १६:१२-१५

“मैले तिमीहरूलाई भन्ने कुरा अझै धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ । जब उहाँ अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन, उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र जुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ । उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ । जे जति पितासँग छन्, ती मेरा हुन् । यसैकारण मैले भने, जे मेरो हो, मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ ।”

१६:१२ “तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ” “सहनु” भन्ने परिवेशलाई जनावरहरूले भारी बोक्नको लागि प्रयोग गरिएको छ । तिनीहरूले बुझ्न नसकेका केही कुराहरू थिएः
१. ख्रीष्टले पाएको दुःख
२. ख्रीष्टको पुनरुत्थान
३. मण्डलीको विश्वव्यापी मिसन

आधुनिक पाठकहरूले यो कुरालाई संझनुपर्छ, कि धेरै तरिकामा ख्रीष्टको जीवनले प्ररिवर्तन हुने अवधिको प्रतिनिधित्व गर्दछ । ती चेलाहरूले पुनरुत्थान भइसकेपछिको दृश्यको धेरै चिजहरूलाई बुझ्न सकेनन् र पेन्तिकोषको दिनमा आत्माको पूर्ण आगमन भयो ।

तरैपनि, हामीले पनि यस कुरालाई याद गर्नुपर्छ, कि सुसमाचार धेरै वर्ष पछाडि केही निश्चित लक्षीत दर्शकहरूलाई सुसमाचार पुऱ्याउने उद्देश्यले लेखिएको थियो । त्यसकारण, तिनीहरूले पछिबाट परिपक्व ईश्वरशास्त्रलाई प्रदर्शन गरे ।

१६:१३ “सत्यका आत्मा” सत्यता (अलथेइया) लाई पुरानो करारको विश्वासयोग्यपनको भनाइसँग प्रयोग गरिएको छ, र सत्यतापनको भावनामा दोस्रो तहमा मात्र हुन्छ । येशूले यूहन्ना १४:६ मा उहाँ सत्य भएको कुरा बताउनुभयो । यो पवित्र आत्माको शिर्षकले येशूलाई प्रकट गर्ने उहाँको भूमिकामा जोड दिन्छ । (जस्तैः १४:१७,२६; १५:२६; १६:१३-१४; १ यूहन्ना ४:६; ५:७) । यूहन्ना ६:५५ मा टिपोटलाई हेर्नुहोस् ।

- “उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ” यसले हरेक पक्षको पूर्ण सत्यतालाई बताउँदैन, तर यसले केवल आत्मिक सत्यताको क्षेत्र र येशू ख्रीष्टको सिकाइहरूलाई बताउने गर्दछ । सामान्यतया यसले नयाँ करारका पुस्तकहरूका लेखकहरूलाई उत्प्रेरित गर्दछ । त्यो आत्माले तिनीहरूलाई अनौठो र अधिकारपूर्ण तरिकाले निर्देशित गरेको हुन्छ । यसले दोस्रो भावनामा आत्माको कार्यलाई प्रकट गरेर पछिका पाठकहरूलाई सुसमाचारको सत्यतालाई देखाउँदछ । ६:५५ मा सत्यता र १४:२६ मा आत्माको पूजाहारीपन भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

## विशेष शिर्षकः प्रकाश

“परमेश्वरले विगतमा कार्य गरेर आफैलाई मानवजातिमा प्रकट गर्नुहुन्छ । ईश्वरशास्त्रमा यसलाई प्रकाश भनेर भनिन्छ । उहाँले अभिलेख राख्नको लागि केही निश्चित मानिसलाई छान्नुभयो, र यो आत्म-प्रकाशलाई वर्णन गर्नुभयो । ईश्वरशास्त्रमा यसलाई प्रेरणा भनिन्छ । उहाँले आफ्नो आत्मा पठाएका पाठकहरूलाई उहाँको वचन बुझ्न सहायता गर्नुहुन्छ । ईश्वरशास्त्रमा यसलाई प्रकाश भनेर भनिन्छ । यहाँ समस्या यस्तो आउँदछ, जब हामीले परमेश्वरको वचन बुझ्नको लागि आत्माको संलग्नता छ भन्ने कुरालाई बताउँछौं, तब किन त्यहाँ यसमा भएका त्यति धेरै व्याख्याहरू हुन्छन् ?

पाठकको अगाडिको बुझाइ वा व्यक्तिगत अनुभवहरूमा समस्याका केही भागहरू रहन्छन् । कतिचोटी बाइबलको पाठको प्रमाणलाई प्रयोग गरेर वा स्वचालित तरिकाले व्यक्तिगत विषयलाई बताइन्छ । कतिचोटी बाइबलमा ईश्वरशास्त्रीय ढाँचालाई लागु गरेर कहीं निश्चित क्षेत्रमा र छानिएको तरिकाले यसलाई बोल्ने अनुमति दिइन्छ,यद्यपि प्रकाशलाई प्रेरणासँग समाना रूपमा राख्न नसकेतापनि, हरेकमा पवित्र आत्माको संलग्नता हुन्छ ।

यसमा हुने उत्तम तरिका अनुच्छेदको उत्तम तरिकालाई बताउन प्रयास गर्नु हो, नकि पाठको हरेक सारांशलाई व्याख्या गरिन्छ । यो नै यस्तो किसिमको विचार हो, जसले सुरुका लेखकको मुख्य सत्यतालाई बताउने गर्दछ । पुस्तकको रूपरेखा वा साहित्यिक इकाईले सुरुको प्रेरणा पाएका लेखकको चाहनालाई जो कोहीले पछ्याउनलाई मद्दत पुग्दछ । कुनै पनि व्याख्याकारलाई प्रेरणा दिइएको हुँदैन, तर हामीले बाइबलका लेखकको व्याख्याको तरिकालाई पुनः त्यस्तै बनाउन सक्दैनौं । हामीले तिनीहरूको समयमा भनिएको कुरालाई बुझेर व्याख्या गर्ने प्रयास गर्नुपर्छ, र त्यो सत्यतालाई हाम्रो आफ्नै समयमा संचार पनि गरिनुपर्छ । त्यहाँ बाइबलमा यस्ता भागहरू पनि छन्, जुनचाहिँ अर्थ स्पष्ट नभएका वा लुकेका पनि छन् (केही निश्चित समय वा अवधिसम्म) । त्यहाँ सधैं नै केही पाठ र विषयमा असहमती हुने कुरा हुन्छन्, तर हामीले स्पष्टरूपमा मुख्य सत्यतालाई बताउनुपर्छ, र सुरुका लेखकको चाहनाको सीमानाभित्र व्यक्तिगत रूपमा व्याख्या गर्नुपर्ने स्वतन्त्रतालाई अनुमति दिनुपर्छ । व्याख्याकारहरू तिनीहरूमा भएको प्रकाशमा हिँड्नुपर्छ, र सधैं नै बाइबल र पविध आत्माबाट धेरै प्रकाश पाउनको लागि खुल्ला हुनुपर्छ । हाम्रो बुझाइको तहलाई आधार बनाएर परमेश्वरले हाम्रो न्याय गर्नुहुन्छ, र हामी त्यो बुझाइबाट कसरी जिउँछौं भन्ने कुरा औंल्याउनुहुन्छ ।

"उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन, उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र जुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ" आउने चिजहरू भनेर तुरुन्त हुने हुने छुटकाराको घटनालाई बताउँदछः कलबरी, पुनरुत्थान, स्वार्गारोहरण र पेन्टिकास । यसले भविष्यको निम्ति बताउने अगमवाणीको सेवकाइलाई बताएको छैन (जस्तैः अगाबस, प्रेरित २१:१०, ४:१९ मा विशेष शिर्षकको निम्ति अगमवाणी भन्नेलाई हेर्नुहोस्) ।

आत्माले येशू ख्रीष्टले गरेजस्तै पिताबाट सत्यतालाई प्राप्त गर्नेछ, र यसलाई येशू ख्रीष्टले गरेजस्तै विश्वासीहरूलाई दिइनेछ । यो पिताबाट आएको आत्माको सन्देशको विषयमात्र होइन, तर यो तरिका (जस्तैः व्यक्तिगत, विशेष शिर्षकको निम्ति १४:२६ लाई हेर्नुहोस्) पनि हो । पिता कार्यगत रूपमा उच्चमा हुनुहुन्छ (जस्तैः १ कोन्थिी १५:२७-२८) ।

१६:१४-१६ "उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनु हुनेछ" पवित्र आत्माको सामान्य कार्य उचाल्ने हो, र येशूलाई मसिहको रूपमा व्याख्या गर्ने पनि हो (जस्तैः पद १५) । आत्माले कहिल्यैपनि आफैले उज्यालो पारेर चम्कँदैन, तर यो कार्य सधैं येशूमा हुन्छ (१४:२६) ।

- "जे जति पितासँग छन्, ती मेरा हुन्" कस्तो अचम्म पार्ने दावी (जस्तैः ३:३५; ५:२०; १३:३; १७:१०; मत्ती ११:२७) । यसले मत्ती २८:१८; एफिसी १:२०-२२; कलस्सी २:१०; १ पत्रुस ३:२२) ।
  त्यहाँ त्रियकतामा समान् नहुने कार्यगत क्रमहरू छन् । जसै येशूले पितालाई देखाउने र आत्माले पनि येशूलाई देखाउने गर्नुहुन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १६:१६-२४

"अलि बेरपछि तिमीहरूले फेरी मलाई देख्नेछैनौं, अनि अलि बेरपछि फेरी मलाई देख्नेछौं । तब उहाँका कुनै कुनै चेलाहरूले एक-अर्कालाई भने, उहाँले तिमीहरूलाई यो भन्नुभएको के हो ? अलि बेरपछि तिमीहरूले मलाई देख्नेछैनौं, र किनकि म पिताकहाँ गइरहेछु । तिनीहरूले भने, उहाँले अलि बेर भन्नुभएको के हो ? हामी जान्दैनौं, उहाँ के भन्दैहुनुहुन्छ । तिनीहरूले उहाँलाई सोध्ने इच्छा गर्दैछन् भन्ने येशूलाई थाहा भयो, र उहाँले भन्नुभयो, अलि बेरपछि तिमीहरू मलाई देख्नेछैनौं, अनि अलि बेरपछि मलाई देख्नेछौं भन्ने कुराको अर्थ के हो भन्ने विषयमा के तिमीहरू आपसमा बहस गरिरहेछौं ? साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरू रुनेछौं, र विलाप गर्नेछौं, तर संसार रमाउनेछ । तिमीहरू शोकित हुनेछौं, तर तिमीहरूको शोक आनन्दमा परिणात हुनेछ । बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ, किनभने तिनको बेला आएको हुन्छ, तर जब तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस बेदनाको सम्झना हुँदैन, किनकि संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन् । यसरी नै अहिले तिमीहरूलाई शोक हुन्छ, तर म फेरी तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछन् । अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन् । त्यो दिन तिमीहरूले मलाई केही सोध्नेछैनौं । साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले मेरो नाउँमा पितासँग जे माग्छौं, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ । अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौं । माग अनि तिमीहरूले पाउनेछौं । यसरी तिमीहरूको आनन्द पूर्ण होओस् ।"

१६:१६ "अनि अलि बेरपछि" कतिचोटी यो वाक्यांश यूहन्नामा आएको छ (जस्तैः ७:३३; १२:३५; १३:३३; १४:१९) । यो वाक्यांशको भनाइको अर्थ के हो भनेर त्यहाँ थुप्रै सिद्धान्तहरू आएका छन्:

१. पुनरुत्थानपछिको दृश्य
२. दोस्रो आगमन
३. पवित्र आत्मामा र द्वारा येशूको आगमन

परिवेश को प्रकाशमा नं. १ को मात्रै सम्भाव्यता हुन्छ (जस्तैः पद २२) । चेलाहरू यस भनाइद्वारा अन्योलमा परेका थिए (जस्तैः पदहरू १७-१८) ।

१६:१७ "तब उहाँका कुनै कुनै चेलाहरूले एक-अर्कालाई भने" १३:३६; १४:५,८,२२ जस्तै यो अर्को प्रश्न हो । येशूले यी प्रश्नहरू तिनीहरूलाई निश्चित बनाउन र आफैलाई प्रकट गर्न प्रयोग गर्नुहुन्छ । यो यूहन्नाको विशेषता हो, जसले सत्यतालाई प्रकट गर्न कुराकानीको प्रयोग गर्दछन् । त्यहाँ यूहन्नामा येशूसँग र उहाँको बारेमा २७ वटा कुराकानीहरू छन् । यो पनि यूहन्नाको विशेषता हो, कि उहाँले भनेको कुरामा उहाँका श्रोताहरूले बुझ्न सकेनन् (जस्तैः पद १८) । उहाँ माथिबाटको हुनुहुन्थ्यो, तर तिनीहरू तलबाटका हुन् ।

- "किनकि म पिताकहाँ गइरहेछु" येशूले यस भनाइलाई १६:५ मा गरेजस्तै "अलि बेरपछि" भन्ने १६:१६ को वाक्यांशमा पनि उही गर्नुभयो । यो एक भावनामा धेरै विशिष्ट मसिहिय सन्दर्भ थियो (जस्तैः १३:१,३; १६:२८; १७:२४) ।

- तिमीहरू मलाई देख्नेछैनौ, अनि अलि बेरपछि मलाई देख्नेछौ" त्यहाँ पदहरू १६ र १७ मा दुईवटा फरक शब्दहरू छन् । तिनीहरू समान अर्थ भएजस्ता देखिन्छन् । यदि यसो हो भने, त्यहाँ बताउने एउटामात्र समयको अवधि छ, र सायद त्यहाँ येशूको क्रूसमा भएको मृत्यु र पुनरुत्थानको विहानीको बीचमा समय थियो ।

अरूहरूले मानिलिएको दुईवटा क्रिया र वाक्यांशले "शारीरिक" दृश्य र आत्मिक दृश्यलाई बताउँदछन्, त्यसकारण यसले बताउन सक्ने कुरामाः १) कलबरी र शनिबारको बिहानको बीचको समय वा २) स्वर्गारोहण र दोस्रो आगमनको बीचको समय ।

यो वास्तविकता हो, कि पहिलो क्रिया (थेसरेक) पदहरू १६ र १७ दुवैमा वर्तमान् कालमा छन्, र दोस्रो (होराक) पदहरू १६ र १७ दुवैको भविष्यत कालमा हुनेले समानान्तर सिद्धान्तलाई सहायता गरेजस्तो देखिन्छ ।

- "यसरी तिनीहरूले भन्दैथिए" यो असिद्ध काल हो, जसको अर्थ यस्तो हुन सक्छः १) तिनीहरूले घरिघरि भनिरहेका थिए वा २) तिनीहरूले भन्नलाई सुरु गरे ।
- "हामी जान्दैनौं, उहाँ के भन्दैहुनुहुन्छ" तिनीहरू जो उहाँसँगै थिए, तिनीहरू जसले उहाँको कुरालाई सुने, र उहाँका आश्चर्य कर्महरूलाई देखे, सधैं नै त्यो कुरालाई बुझ्न सकेनन् (जस्तैः ८:२७,४३; १०:६; १२:१६; १८:४) । आत्माको सेवकाइ यो नै हो, जसले अलि हल्का बनाउछ ।

१६:१९ "तिनीहरूले उहाँलाई सोध्ने इच्छा गर्दैछन् भन्ने येशूलाई थाहा भयो" येशूलाई कतिचोटी मानिसहरूको विचार थाहा थियो (जस्तैः २:२५; ६:६१,६४; १३:११) । यदि यस्तो थियो भने, यो कुरालाई निश्चित रूपमा जान्नलाई कठिनाइ थियोः १) उहाँको अलौकिक स्वभाव; २) मानिस र अवस्थामा अन्तर्दृष्टि; वा दुवै ।

१६:२० "साँच्चै म तिमीहरूलाई भन्दछु" यो शाब्दिक अर्थमा "आमेन, आमेन" भन्ने हुन्छ (१:५१ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । "विश्वास" को निम्ति "आमेन" भन्ने पुरानो करारको परिवेश थियो (आमन, इमेथ, इमुनाक, हबकूक २:४) । यसको प्रारम्भीक इतिहास "स्थिरतामा रहनु" वा "निश्चित हुनु" भन्ने थियो । यो साङ्केतिक रूपमा परमेश्वरको भरोसायोग्यपनको निम्ति प्रयोगमा हुन आयो, जुनचाहिँ बाइबलीय विश्वासको विचारमा वा विश्वासयोग्य पनमा पृष्टभूमि बन्न पुग्यो । येशूमात्र त्यस्तो व्यक्ति हुनुहुन्छ, जसले यो परिवेशसँगै वाक्यको सुरुवाता गर्नुभयो । यसमा यस्तो भनाइ पनि आएको देखिन्छ, कि "यो एउटा महत्वपूर्ण र भरोसायोग्य भनाइ हो, नजिकबाट सुन्नुहोस् ।"

- "तिमीहरू रुनेछौं, र विलाप गर्नेछौ" यसको अर्थ ठूलो र प्रकट गर्ने दुःख हुन्छ, जुनचाहिँ यहूदीहरूको दुःखको अभ्यास गर्ने विशेषता थियो (जस्तैः ११:३१, ३३; २०:११) । येशूले "तिमी" भन्नेलाई तीनचोटी जोड दिएर बहुबचनमा प्रयोग गर्नुभयो, जबकि उहाँले चेलाहरूको दुःखलाई बताइरहनु भएको थियो (पदहरू २०, र २२) । अगुवापनको अर्थः

१. सेवकपन
२. संसारबाट इन्कार गरिएको
३. मालिकको जस्तै सतावट

- "तिमीहरू शोकित हुनेछौं, तर तिमीहरूको शोक आनन्दमा परिणात हुनेछ" चेलाहरू अन्योलतामा रहेका र समझदारीको कमी भएको बेलामा कस्तो खालको महान् प्रतिज्ञा गरिएको हो । येशूले यी मुख्य समूहका चेलाहरूलाई सबै थोकमा प्रतिज्ञा गरेपछि पहिलो पुनरुत्थान पछिको पहिलो आइतबार रातीको समयमा माथिल्लो कोठामा भएको पुनरुत्थानमा पूरा भएको थियो ।

१. उहाँले तिनीहरूलाई छोड्नुहुन्थेन (जस्तैः १४:१८; १६:१६,१९; २०:१९)
२. उहाँ तिनीहरूसँग आउनुहुन्थ्यो (जस्तैः १४:१८; १६:१६,१९; २०:१९)
३. उहाँले तिनीहरूलाई शान्ति प्रदान गर्नुहुन्थ्यो (जस्तैः १६:२२; २०:१९)
४. उहाँले तिनीहरूलाई पवित्र आत्मा दिनुहुन्थ्यो (जस्तैः १५:२६; २०:२२)

१६:२१ "बालक जन्माउने बेलामा" स्त्रीले बच्चा जन्माउने अलंकार पुरानो करार र नयाँ करार दुवैमा सामान्यरूपमा देखिन्छ । कतिचोटी यसलाई अचानक वा असामान्य जन्मको रूपमा पनि जोड दिनलाई प्रयोग गरिन्छ, तर यहाँ दिइने जोडचाहिँ अगाडि वा पछाडि हुने आमाको आचरणमा भर पर्छ । कतिचोटी यो अलंकारले नयाँ युगको "जन्मको पीडा" सँग जोडेको छ (यशैया २६:१७-१८; ६६:७-१४; मर्कूस १३:८) । यो येशूले बताउनु भएजस्तै कुरा थियो, र जो हरू क्रूसको, पुनरुत्थानको र स्वर्गारोहरणको अर्कोपट्टी थिए, र येशूले बोल्नुभएको बचनलाई बुझ्न सक्दैनथे !

१६:२३ "त्यो दिन" यो हिब्रूको अर्को भनाइको वाक्यांश हो (पद २१ मा दिइएको बच्चा जन्माउने जस्तै), जुनचाहिँ सामान्यतया नयाँ युगको आगमनसँग जोडिएको छ (जस्तैः १४:२०; १६:२५-२६) ।

- "तिमीहरूले मलाई केही सोध्नेछैनौं" त्यहाँ यो पदमा "प्रश्न" र "सोध्नु" भन्ने दुईवटा फरक शब्दहरू छन् (जस्तैः पद २६) ।

पहिलोले "प्रश्नहरू सोध्ने" कुरालाई लागु गर्दछ (१६:५,१९,३०) । यदि यो उचित खालको अनुवाद हो भने, येशूले तिनीहरूका सबै प्रश्नहरूलाई अध्यायहरू १३-१७ को परिवेशमा प्रकट गरिएको छ (जस्तैः १३:३६; १४:५,८,२२; १६:१७-१८) । दोस्रो परिवेशले पवित्र आत्माको आगमनलाई बताउने गर्दथ्यो (जस्तैः १४:१६-३१; १५:२६-२७; १६:१-१५), जसले तिनीहरूका सबै प्रश्नहरूको उत्तर दिने गर्दथ्यो ।

केही उपायले यो वाक्यांशले मलाई यर्मिया ३१:३१-३४ को "नयाँ करार" को प्रतिज्ञालाई संझाउने गर्दछ, जहाँ नयाँ युगको आगमनले सबै विश्वासीहरू मा पूर्ण ज्ञान ल्याउनेछ ।

- 

नासाब "यदि तिमीले पितालाई मेरो नाउँमा जेसुकै मागे तापनि"
एनकेजेभि "मेरो नाउँमा पितासँग जेसुकै मागे तापनि"
एनआरएसभि "यदि तिमीले पितासँग मेरो नाउँमा जेसुकै मागे तापनि"

टिइभि  "मेरो नाउँमा तिमीले जेसुकै मागे तापनि पिताले तिमीलाई दिनुहुनेछ"
एनजेबि  "तिमीले पिताबाट कुनै चिज मागे तापनि, उहाँले मेरो नाउँमा दिनुहुनेछ"

यसले अनिश्चित रूपमा जोड्ने गर्दछ, र यो शर्तात्मक वाक्य होइन । यसलाई येशूको नाउँमा मागेर बुझ्नुपर्ने हुन्छ, र यसलाई हाम्रो प्रार्थनामा परम्पराको सुत्र लगाएर मात्र बन्द गर्ने होइन, तर येशू ख्रीष्टको चाहना, चरित्र र विचारमा प्रार्थना गरिनुपर्छ (जस्तैः १ यूहन्ना ५:१३) । १५:१६ मा टिपोट लाई हेर्नुहोस् । प्रार्थनाको विशेष शिर्षकलाई हेर्नुहोस्, र यो १ यूहन्ना ३:२२ मा असिमित हुँदापनि अझै सिमित छ ।

त्यहाँ "मेरो नाउँमा" भन्ने वाक्यांशमा हस्तलेखनमा विविधता छ । के यो "माग्नु" वा "दिनु" दुवैसँग जानुपर्छ ? यसको विषयवस्तु प्रार्थना हो, त्यस कारण, सायद यो वास्तवमा "माग्नु" सँग जानुपर्छ, पिताबाट आउने सबै चिज येशूद्वारा आउँछन् ("मेरो नाउँमा" जस्तैः १४:१३,१४; १६:१५,२४,२६) । यूहन्ना १४:१३-१४ मा परमप्रभुको नाउँ भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

१६:२४ "माग अनि तिमीहरूले पाउनेछौं" "माग्नु" भन्ने वर्तमान् सक्रिय आज्ञार्थक हो । विश्वासीहरूको प्रार्थनामा नियमित र निरन्तर हुने कुरालाई जोड दिनुपर्छ । एउटा भावमा विश्वासीहरूले विश्वासमा रहेर माग्नुपर्ने खाचो हुन्छ, तर अर्को भावमा, प्रार्थना गर्नु भनेको परमेश्वरमा निरन्तर भइरहने संगति र भरोसा हो, र यसमा मागिरहनुपर्ने हुन्छ (मत्ती ७:७-८; लूका ११:५-१३; १८:१-८) ।

- "यसरी तिमीहरूको आनन्द पूर्ण होओस्" यो परिधिको सिद्ध निस्क्रिय कुदन्त हो (जस्तैः १ यूहन्ना १:४) । हाम्रो आनन्दको कारण प्रार्थनाको उत्तर पाइएकोले हो ! येशूलाई पछ्याउनेहरूको विशेषता आनन्द हो (जस्तैः १५:११; १६:२०,२१,२४; १७:१३) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १६:२५-२८

"यी कुरा मैले तिमीहरूलाई दृष्टान्तमा भनेको छु । तर समय आइरहेछ, जब म फेरी दृष्टान्तमा बोल्नेछैन, तर पिताको विषयमा तिमीहरू लाई स्पष्ट बताउनेछु । त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौं । म तिमीहरूका निम्ति पितासँग बिन्ति गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौं । म पिताबाट आएँ, अनि संसारमा आएको छु, र फेरी म संसारलाई छोडेर पिताकहाँ जाँदैछु ।"

१६:२५ "साङ्केतिक भाषा" येशूको सिकाइमा दुईतर्फी असर थियो:१) यसले बुझाइलाई खुल्ला गर्‍यो, र २) यसले बुझाइलाई बाधा पुर्‍यायो (जस्तैः मर्कूस ४: १०-११; यशैया ६:९-१०; यर्मिया ५:२१) । श्रोताहरूको हृदयको मुख्य कुरा प्रभावकारी बुझाइ हो, तरैपनि, त्यहाँ बचाउन सक्ने सत्यताहरू थिए, जसलाई पीडाको हप्ताको घटना पछिसम्म पनि ती कुराहरूलाई लिन सकिँदैनथ्यो (क्रसमा लगिने, पुनरुत्थान हुने, पुनरुत्थानपछिको दृश्य र स्वर्गारोहण)र पेन्तिकोस।

पुनरुत्थान भएपछिको इम्माउसको बाटोमो दुईजनासँग देखा पर्नु (जस्तैः लूका २४:१३-३५) ले कसरी येशूले चेलाहरूलाई सिकाउनुहुन्छ भन्ने सुत्र दिन्छ (पदहरू २५-२७,२९) । उहाँ आफै उहाँको पुनरुत्थान भइसकेपछिको देखा पराइले पुरानो करारलाई कसरी लागु गरिन्छ भनेर देखाइन्छ, र उहाँको सेवकाइ छाँयामा परेको छ । यसले पत्रुसको प्रेरितमा गरिएको प्रचारको नमुनालाई मिलाउने गर्दछ (केरिग्मा, ५:३९ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "तिमीहरूलाई स्पष्ट बताउनेछु" ७:४ मा साहसीपन भन्नेलाई स्पष्टरूपमा बताउनुहोस् ।

१६:२६ "त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौं । म तिमीहरूका निम्ति पितासँग बिन्ति गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ" यो पदले एउटा मुल्यवान सत्यतालाई प्रकट गर्दछ । आजको धेरै ख्रीष्टियनहरूले यो कुरालाई महसूस गर्छन्, कि परमेश्वरकहाँ सिधै पुग्न सकिँदैन भनेर । तरैपनि बाइबलले हामीलाई यो कुरा सिकाउँदछः

१. आत्माले विश्वासीहरूको निम्ति प्रार्थना गरिदिनुहुन्छ (जस्तैः रोमी ८:२६-२७)
२. १ यूहन्ना २:१ मा पुत्रले विश्वासीहरूलाई अन्तर्विन्ति गर्नुहुन्छ
३. विश्वासीहरू येशू ख्रीष्टमा भएकोले प्रार्थनाद्वारा सिधै परमेश्वरकहाँ पुग्न सक्छन् ।

१६:२७ "किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ" यो "प्रेम" भन्ने परिवेश फिलियो हो, जुनचाहिँ ५:२० मा येशूको निम्ति पिताको प्रेमलाई प्रयोग गरिएको छ । कस्तो अनौठो भनाइ, जसले यूहन्ना ३:१६ लाई बलियो बनाउँदछ (जहाँ अगापे प्रयोग गरिछ) यसलाई परमेश्वरको निम्ति इच्छा नगर्ने होइन, जसलाई येशूले शान्त पार्नुभएको छ, तर प्रेमिलो पितासँग येशूले कार्य गरेर तिनीहरूको छुटकाराको उद्देश्यलाई पूरा गरिन्छ !

- 

नासाब "पिताबाट"
एनकेजेभि, एनआरएसभि, टिइभि, एनजेबि "परमेश्वरबाट"
त्यहाँ दुईवटा ग्रीक हस्तलेखनका विविधताहरू छन्: १) "परमेश्वर" वा "पिता" र २) वस्तुको उपस्थिति वा अनुपस्थिति । "परमेश्वर" एमएसएस पि५, !२, ए र एन मा देखापर्नुहुन्छ, जबकि "त्यो परमेश्वर" एमएसएस सि३ र डब्लूमा देखा पर्नुहुन्छ । यसमा अझ बढी कठिन र असामान्य शब्दहरू देखा पर्दछ । यो पाठगत आलोचनामध्येको एउटा बहाली हो (परिशिष्ट हेर्नुहोस्), जसमा सायद धेरै कठिन र असामान्य पाठ सुरुमा नै स्काइबहरूले राख्न चाहेको हुन सक्छ । ग्रीक नयाँ करारलाई संयुक्त बाइबल समाजले यसलाई "सि" स्तर दिएको छ (निर्णय गर्नलाई कठिनाइ) ।

तरैपनि, पिता !१ र बि, सि, डि, र एल मा देखापर्नु हुन्छ । यसले परिवेशलाई उत्तम तरिकाले मिलाएको छ ।

- “किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ” यी दुईवटा सिद्ध सकृय सूचकहरू हुन् । येशूमा भएको प्रेम र विश्वासले पितासँगको संगतिको तहलाई मिलाउँदछ । क मा दिइएको भनाइलाई न्यूम्यान बार्क्ले र निडा यूगेनले यूहन्ना को सुसमाचारको अनुवादकर्ताको पुस्तक भन्नेमा अति चाखलाग्दो प्रकारले दिएका छन् ।

“यी भनाइहरूले यस्तो कुरा देखाउँदछन्, कि यूहन्नाको निम्ति प्रेम, आज्ञाकारीता, विश्वास भन्ने विचारलाई कसैको पुत्रसँगको सम्बन्धलाई प्रकट गर्दा सामान्यरूपमा फरक तरिकाहरू हुन्छन् (पाना ५१८) । “विश्वास गरिएको” निम्ति २:२३ मा २:२३ मा यूहन्नाको “विश्वास” को प्रयोगलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

१६:२८ “म परमेश्वरको तर्फबाट आएँ... र संसारमा आएको छु” यो एओरिष्ट कालमा बर्तमान् कालले पछ्याएको छ । येशू बेतलेहेममा जन्मनुभयो (अवतार), र उहाँको आगमनको परिणाम त्यहाँ रहचो (जस्तैः “म तिमीहचरूको साथमा सधैं छदैछु,” मत्ती २८२०) ।

“येशू पिताबाट आउनुको वास्तविकता (जस्तैः पदहरू २७,३०; ८:४२; १३:३; १७:८) ले यो कुरा बताउँदछ, किः

१. उहाँको अगाडि नै भएको अस्तित्व
२. उहाँको अलौकिकपन
३. उहाँको पितासँगको पूर्ण प्रकाश

- “अनि संसारमा आएको छु, र फेरी म संसारलाई छोडेर पिताकहाँ जाँदैछु” यसले हुनेवाला स्वर्गारोहणलाई बताउँदछ, र “सहयोगी” को सेवकाइ को सुरुवात हुन्छ र येशू खीष्टको अन्तर्विन्तिको प्रार्थना पनि हुन्छ (जस्तैः हिब्रू ७:२५; ९:२४; १ यूहन्ना २:१) । जसरी यूहन्ना १:१ मा अगाडि नै अस्तित्वमा रहेको कुरालाई बताइयो, यसरी येशूको महिमा र शक्तिको स्थापना पनि यो पदमा बताइएको छ (जस्तैः १७:५,२४) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १६:२९-३३

उहाँका चेलाहरूले भने, “अब तपाईं स्पष्ट बोल्दैहुनुहुन्छ, दृष्टान्तमा होइन । अब हामीहरूले बुझ्यौं, तपाईं सबै कुरा जान्नुहुन्छ, अनि तपाईं लाई कसैले सोध्ने आवश्यकता छैन । यसैले हामी विश्वास गर्छौं, कि तपाईं परमेश्वरबाट आउनुभएको हो । येशूले तिनीहरूलाई जवाफ दिनुभयो, के तिमीहरू अब विश्वास गर्दछौं ? हेर समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरू छरपष्ट भई आफ्नो ठाउँमा जानेछौं, र मलाई एकलै छोड्नेछौं । तापनि म एक्लो छैन, किनभने पिता मसँग हुनुहुन्छ । मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस् । संसारमा तिमीहरूलाई संकष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।”

१६:२९ “उहाँका चेलाहरूले भने” ७:४ मा साहसीपन भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

१६:३० यो वाक्यलाई पद १९ को ‘चेलाहरूलाई जान्नु’ भन्ने प्रश्नमा येशूको प्रकाशमा बुझ्निनुपर्छ । यो भनाइले तिनीहरूको वृद्धिलाई तिनीहरूद्वारा प्रकाश पार्दछ, तर अझै विश्वासमा अपूर्ण नै छ । तिनीहरूले यति धेरै सुने र देखे, कि के यसले अझै (पद १९) वास्तवमा नै तिनीहरूको समझदारीमा मुख्य फर्किने बिन्दु भएर कार्य गर्दछ । यो मलाई पत्रुसले राम्ररी चाहना गरेजस्तै हुन्थ्यो, तर यो बढाइएको भनाइ हो (जेरोम बाइबल टिप्पणीको पाना ४५६ लाई हेर्नुहोस्) ।

१६:३१ “के तिमीहरू अब विश्वास गर्दछौं” यो प्रश्न हो वा भनाइ हो । धेरै आधुनिक अंग्रेजी अनुवादहरूले यसलाई प्रश्नको रूपमा बुझेका छन् । यो एकदमै जटिल अवस्थामा पनि प्रेरितहरूको विश्वास पूर्ण भएको थिएन । आधुनिक सुरुका विश्वासीहरू तर कमजोर भएकाहरूले विश्वासलाई परमेश्वरबाट नै स्वीकार गरेका छन्, जब तिनहरूले तिनीहरूमा भएको प्रकाशलाई आधार बनाएर येशूलाई प्रतिक्रिया दिए । चेलाहरूमा भएको अविश्वासको कारणले गर्दा उहाँको परीक्षा र क्रूसमा लगिने समयमा भएको तिनीहरूको खालीपनको प्रमाण थियो ।

१६:३२ “जब तिमीहरू छरपष्ट भई आफ्नो ठाउँमा जानेछौं, र मलाई एकलै छोड्नेछौं” अन्ततः यूहन्ना मात्रै जाँच र क्रूसमा लगिने बेलामा उपस्थित थिए (जस्तैः मत्ती २६:३१, जकरीया १३:७) । यूहन्ना २१:१-३ ले यो कुरालाई बताउँदछ, कि चेलाहरूमध्ये धेरै जना लामो बिदालाई अन्त गर्न फर्केर गएका थिए ।

येशू मानवीय मित्रतापनबाट बञ्चित हुनुभएको थियो (जस्तैः मत्ती २६:३८,४०-४१,४३,४५), तर उहाँ क्रूसमा नगएसम्म कहिल्यैपनि अलौकिक मित्रता पनमा आउनुभएन, जबकि उहाँले यस संसारको पापलाई लिनुभयो (मत्ती २७:४५-४६) ।

-

नासाब “उहाँको आफ्नै घरमा”
एनकेजेभि “उहाँको आफ्नैमा”
एनजेबि “उहाँको आफ्नै तरिकामा”
टिइभि “तपाईंको आफ्नै घरमा”
आइबि, एनइटि, एनआइभि “उहाँको आफ्नै घरमा”

एनकेजेभिको धेरै साहित्कि छ । धेरै अंग्रजी अनुवादहरूले यस कुरालाई मानिलिन्छन्, कि जो कोहीको घरमा । बुल्टम्यानले यो कुरामा “सम्पत्ति” वा “आर्जन गरेको” कुरा भनेर बताउँदछन् (निडोटे इकाई २, पाना ८३९), जसले येशूलाई सृष्टिकर्ताको रूपमा बताउँदछन् (जस्तैः १:३; १ कोरिन्थी ८:६; कलस्सी १:१६; हिब्रू १:२) ।

१६:३३ “ममा तिमीहरूलाई शान्ति होस्” यो वर्तमान् सकृय विषयगत हो (जस्तैः १४:२७) । विषयगत र वस्तुगत दुवै शान्ति येशू खीष्टमा पाइन्छ, र कायम गरिन्छ । १४:२७ मा शान्ति भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

- "संसार" यूहन्नाले संसारलाई यो परिवेशमा व्यवस्थित मानवीय समाज र परमेश्वरबिनाको कार्य भनेर प्रयोग गरे । १४:१७ को कसमस भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "तिमीहरूलाई संकष्ट हुनेछ" येशूले सामना गरको सतावट तिनीहरूले पनि गर्नेछन् (जस्तैः १५:१८-२५; मत्ती ५:१०-१२; प्रेरित १४:२२; १ थेसलोनिकी ३:३) । सतावट (जस्तै थिलिप्सिस) येशूलाई साँचो रुपमा पछ्याउनेलाई प्रकट गर्ने तरिका हो ।

प्रकाशमा त्यहाँ "क्रोध र सतावट" को बीचमा ईश्वरशास्त्रीय फरकपना छ । विश्वासीहरूमा परमेश्वरको क्रोध कहिल्यै पनि पर्दैन, तर अविश्वासीहरूमा विश्वासीहरूको रीस पर्दछ । यो संसारले आफैलाई शैतानका छोराछोरीको रूपमा "संसारको प्रकाशमा तिनीहरूलाई आक्रमण गर्दछ (जस्तैः १:१-१८; ३:१७-२१) ।

- "तर साहस गर" यो वर्तमान् सक्रिय आज्ञार्थक हो (जस्तैः मत्ती ९:२,२२; १४:२७; मर्कूस ६:५०; १०:४९; प्रेरित २३:११) । यो यहोवाले यहोशूलाई दिएको वचनजस्तै देखिन्छ (जस्तैः यहोशू १:६,९,१८; १०:२५) ।

- "मैले संसारलाई जितेको छु" यो सिद्ध सकृय सूचक हो । गेत्सेमनी अगाडि, कलबरी अगाडि, खाली चिहान अगाडि विजयलाई निश्चित गरिएको छ (जस्तैः रोमी ८३७; १ कोरिन्थी १५:५७; २ कोरिन्थी २:१४; ४:७-१५) ! त्यहाँ अन्तिम दोहोरपन छैन । परमेश्वर नियन्त्रणमा हुनुहुन्छ ।

जसै येशूले पिताको आज्ञाकारीता र प्रेममा विजय प्राप्त गर्नुभयो, त्यसरी नै विश्वासीहरूले पनि उहाँद्वारा विजय प्राप्त गर्नुपर्छ (१ यूहन्ना २:१३-१४; ४:४; ५:४-५;; प्रकाश ३:२१; १२:११) ।

## छलफलक प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डका मुख्य विषयहरूमा प्रदान गरेर सोच्नलाई मद्दत पुग्दछ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन् ।

१. अध्याय १५ र १६ को बीचमा कस्तो खालको सम्बन्ध छ ?
२. पद ५ को सम्बन्धमा कसरी हामीले १३:३६ लाई बुझ्न सक्छौं ?
३. यो हराएको संसारको लागि पवित्र आत्माको सेवकाइ के हुन्छ ?
४. विश्वासीहरूमा पवित्र आत्माको सेवकाइ के हुन्छ ?
५. आधुनिक विचारधाराको प्रकाशको सन्दर्भमा पदहरू २६-२७ मा दिइएका महत्वपूर्ण सत्यताको खाँचो किन पर्दछ ?

# यूहन्ना १७ अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| यूबियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशू ख्रीष्टको प्रार्थना | येशूको आफ्नै प्रार्थना | येशूको महान् पूजाहारीको प्रार्थना | येशूको उहाँका चेलाहरूलाई प्रार्थना गर्नुभएको | येशूको प्रार्थना |
| १७:१-५ | १७:१-५ | १७:१-५ | १७:१-५ | १७:१-२३ |
| | येशूको उहाँका चेलाहरूको निम्ति प्रार्थना गर्नुभएको | | | |
| १७:६-१९ | १७:६-१९ | १७:६-१९ | १७:६-८ | |
| | येशूले सबै विश्वासीहरूलाई प्रार्थना गर्नुभएको | | १७:९-१९ | |
| १७:२०-२६ | १७:२०-२६ | १७:२०-२४ | १७:२०-२३ | |
| | | | १७:२४-२६ | १७:२४-२६ |
| | | १७:२५-२६ | | |

## अध्ययन चक्र तीन (पाना पाँचलाई हेर्नुहोस्)

सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाई, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस् । विषयहरूलाई पत्ता लगाउनुहोस् । तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

**पदहरू १-२६ को पाठगत अन्तर्दृष्टि**

क. ऐतिहासिक परिवेश
  १. यो खण्ड येशूको निम्न महान् पूजाहारीको प्रार्थना हो:
    क) आफ्नै निम्ति (पदहरू १-५)
    ख) उहाँका चेलाहरूको निम्ति (पदहरू ६-१९)
    ग) भविष्यमा पछ्याउनेहरूको निम्ति (पदहरू २०-२६)
  २. यो येशूको सबभन्दा लामो प्रार्थनाको सूची हो ।
  ३. यो खण्डलाई विषयहरूमा विभाजित गर्नलाई कठिन छ, किनकि यहाँ उही विषय घरिघरि दोहोरिएको कुरा बताइएको छ, जुनचाहिँ यूहन्नाको लेखहरूको विशेषता हो । यो आइरहेको नमुनाको चित्र हो । यहाँ आएका मुख्य शब्दहरू: “महिमा” “दिनु” “चिन्नु” “पठाउनु” “नाउँ” “संसार” र “एक” हुन् ।
  ४. यो खण्डमा पवित्र आत्माको बारेमा बताइएको छैन । यो असामान्य हुन्छ, किनकि अध्यायहरू १४-१६ का उहाँका उच्च स्थानहरू हुन् ।

ख. पदहरू ६-१९ का चेलापनका विशेषताहरू
   १. तिनीहरू चुनिएका छन्
   २. तिनीहरू आज्ञाकारी छन्
   ३. तिनीहरूले परमेश्वर र ख्रीष्टलाई चिन्दछन्
   ४. तिनीहरूले सत्यतालाई स्वीकार गर्छन्
   ५. तिनीहरूले येशू ख्रीष्टद्वारा प्रार्थना गर्छन्
   ६. तिनीहरू यस संसारमा रहन्छन्
   ७. तिनीहरू उहाँको शक्तिद्वारा अधिनमा छन्
   ८. तिनीहरू एक छन्, जसरी पिता र येशू ख्रीष्ट एक हुनुहुन्छ
   ९. तिनीहरूमा उहाँको आनन्द छ
   १०. तिनीहरू यस संसारको लागि होइनन्
   ११. तिनीहरू सत्यताद्वारा शुद्ध बनाइएका छन्
   १२. तिनीहरू पठाइएका छन्, जसै उहाँलाई पनि पठाइएको थियो
   १३. तिनीहरूलाई प्रेम गरिएको छ, जसै पिताले पनि येशूलाई प्रेम गर्नुभयो

ग. यूहन्नामा "महिमा" भन्ने परिवेश
   १. त्यहाँ डोक्सा भन्ने ग्रीक परिवेश सेप्टाजुआन्ट वा ७० मा २५ चोटी भन्दा बढी हिब्रू शब्दलाई अनुवाद गरिएको छ। पुरानो करारको मुख्य परिवेश काबोद हो, जसको अर्थ "फरक" "भारी" "गाह्रौपना" "मुल्यपना" "प्रतिष्ठा" "सम्मान" वा "चम्किलोपन/वैभव" भन्ने हुन्छ।
   २. डोक्सा भन्ने ग्रीक परिवेश "विचार गर्नु" भन्ने क्रियाबाट आएको छ, जसको अर्थ प्रतिष्ठा भन्ने हुन्छ।
   ३. त्यहाँ यूहन्नामा यस शब्दको बारेमा धेरै विविध भनाइहरू छन्:
      क. अलौकिक महिमा (जस्तैः पदहरू ५,२४; १:१४; २:४१; १२:१६)
      ख. येशूको चिन्हहरू, शिक्षाहरू, पीडाको हप्ताको कार्यहरूद्वारा पिताले प्रकाश दिनुहुने (पदहरू ४,१०,२२; १:१४; २:११; ७:१८; ११:४,४०)
      ग. विशेष रूपमा त्यो क्रूस (जस्तैः पदहरू १,४; ७:३९; १२:२३; १३:३१-३२)

   त्यहाँ यी प्रयोगहरूको बीचमा स्पष्टरूपमा केही तरलताहरू छन्। यसको केन्द्रिय सत्यता यो हो, कि अदृश्य परमेश्वर मानवजातिमा उहाँको वचन र कार्यद्वारा प्रकट हुनुहुन्छ (जस्तैः येशू ख्रीष्ट)।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठ १७:१-५**
"यो कुरा भनिसकेपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, हे पिता समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, पुत्रले तपाईंको महिमा प्रकट गरोस्। किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन दिओस्। अब अनन्त जीवन यही हो, कि तिमीहरूले तपाईं एकमात्र सत्य परमेश्वरलाई चिनून, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून। जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। अब हे पिता, संसारको सृष्टि हुनअघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्।"

१७:१ "येशूले यो कुरा भनिसकेपछि" यसले माथिल्लो कोठाको प्रवचनमा अध्यायहरू १३-१६ लाई देखाउनुपर्छ।

"स्वर्गतिर आँखा उचाली" यो यहूदीहरूले गर्ने प्रार्थनाको सामान्य हाउभाउ थियोः हातहरू, टाउँको र आँखा खुल्ला गरेर स्वर्गतर्फ टाउँको उचाल्ने जसै यो परमेश्वरसँग कुराकानी गरिएको हुन्थ्यो (११:४१; मर्कूस ७:३४; लूका १८:१३; भजनसंग्रह १२३:१)। येशूले धेरैचोटी प्रार्थना गर्नुभयो। यो स्पस्ष्टरूपमा लूकाको सुसमाचार ३:२१; ५:१६; ६:१२; ९:१८,२८; ११:१; २२:४१-४५; २३:३४ बाट दिइएका छन्।

- "पिता" येशूले सामान्य रूपमा आफ्नै परिवेशमा ईश्वरको नाउँलाई बताउनुभयो (११:४१; १२:२७,२८; मत्ती ११:२५-२७; लूका २२:४२; २३:३४)। येशूले आरमाइक भाषा बोल्नुभयो। येशूको आरमाइक भाषा अब्बा थियो, जुनचाहिँ एकजना बालकले घरमा प्रयोग गर्ने शब्द हो, "बुबा" (जस्तैः मर्कूस १४:३६)। यसले येशूका चेलाहरू नभएकालाई आश्चर्यचकित बनाएर बाधा पुऱ्यायो !

- "हे पिता समय आइपुगेको छ" यसले यो कुरा देखाउँदछ, कि येशूलाई उहाँको सेवकाइको समय र उद्देश्य थाहा थियो (जस्तैः २:४; ७:६,८,३०; ८:२०; १२:२३; १३:१)। उहाँलाई अपरिचित परिस्थितिबाट बढी मात्रामा लिइएको थिएन।

- "तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्" यो एओरिष्ट सक्रिय सूचक हो। येशूले सधैं नै उहाँको मृत्युलाई यूहन्नाको जस्तै परिवेशमा बताउनु भएको छ (जस्तैः पद ४; ७:३९; १२:२३; १३:३१-३२)। यो परिवेशले पनि येशूको अगाडि नै अस्तित्वमा रहेको परिवेशलाई बताउँदछ (जस्तैः १:१४, ५,२४)। येशूको कार्यहरूले पितालाई महिमित पार्नेछ। त्यहाँ पारस्परिक कुराहरू थियो। १:१४ र पाठगत अन्तदृष्टिको ग को टिपोटलाई हेर्नुहोस्

"पुत्र"को निम्ति १ यूहन्ना ३:८ को विशेष शिर्षकलाई हेर्नुहोस्।
त्यहाँ "पुत्र"को सम्बन्धमा हस्तलेखनका विविधताहरू छन्।
१. पुत्रसँगको भन्ने लेख एमएसएस पि६०, !, बि, सि, डब्लू मा देखा पर्दछन्।

२. पुत्रसँगको सम्बन्धको सर्वनाम एमएसएस ए, डि, सि२ मा देखापर्दछ ।
युविएस४ ले #१क "बि" तह दिँदछ (प्राय निश्चित)

१७:२ "उसलाई सबै मानिसमाथि अधिकार" खेतिकिसानी गर्ने सिकर्मीले दिएको यो भनाइ अति नै अचम्मलाग्दो छ (जस्तैः यूहन्ना ५:२७; मत्ती ११:२७; २८: १८; लूका १०:२२) । "अधिकार" भन्ने परिवेशलाई १:१२; ५:२७,१९:१०,११ मा पनि उही परिवेशमा प्रयोग गरिएको छ । यसलाई "कानुनी अधिकार" "अधिकार" वा "शक्ति"को रूपमा पनि अनुवाद गर्न सकिन्छ ।

"सबै शरीर" भन्ने वाक्यांश एक वचन हो (एउटा हिब्रू भनाइ जसले मानवजातिलाई देखाउँछ, जस्तैः उत्पत्ति ६:१२; भजनसंग्रह ६५:२; १४५:२१; यशैया ४०:५; ६६:२३; योएल २:२८) ।

- "उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन दिओस्" "सबैलाई" भन्ने परिवेश नपुँशक र एकवचन हो (जस्तैः ७,२४), जसले चेलाहरूलाई जोड दिन्छ, त्यो येशू ख्रीष्टको शरीर हो, र व्यक्तिगतचाहिँ होइन ! यो क्रिया सिद्ध सकृय सूचक हो, जसले रहने बरदानलाई बनाउँदछ ! यो वाक्यांशले ज्ञान र चुनाउलाई निश्चित गर्दछ (पदहरू ६,९,१२; ६:३७,३९; रोमी ८:२९-३०; एफिसी १:३-१४) । पुरानो करारमा सेवाको निम्ति चुनाव गरिन्थ्यो, जबकि नयाँ करारमा यो आत्मिक, सुरक्षा र अनन्त मुक्तिको लागि प्रयोग गरिन्छ । विश्वासीहरूलाई पनि सेवाको लागि बोलाइएको छ । चुनाउ अलौकिक कार्यमात्र होइन, तर यो मानवजातिसँग जोडिएको करारीय हुनुपर्छ । यसले मृत्युलाई जोड दिँदैन, तर जीवन सँग जोडिएको छ ! विश्वासीहरूलाई पवित्रतासँग छानिएको छ (जस्तैः एफिसी १:४), र मौका पाएको कुरामा खडा हुने चाहिँ होइन । यो वाक्यांशलाई पिताले कोही मानिसहरूमा येशूलाई दिने र अरूलाई होइन भन्ने अर्थमा बुझ्नि हुँदैन ।

## विशेष शिर्षकः चुनाउ

चुनाउ भनेको अचम्मको सिद्धान्त हो । तरैपनि, यसलाई पक्षपात गर्ने भनिदैन, तर यसलाई एउटा माध्यम, एउटा साधन, वा अरूलाई छुटकारा दिने माध्यम बन्दछ ! सामान्यतया पुरानो करारमा यो परिवेशलाई सेवाको निम्ति प्रयोग गरिन्थ्यो; र सामान्यतया नयाँ करारमा यसलाई मुक्तिको निम्ति प्रयोग गरिन्छ, जुनचाहिँ सेवामा रहन्छ । बाइबल कहिल्यैपनि परमेश्वरको सर्बौच्चता र मानवजातिको स्वतन्त्र चाहनाको बीचमा विरोधाभाष भएजस्तो देखिदैन, तर तिनीहरू दुवैलाई निश्चित गर्दछ । बाइबलीय चिन्ताको बारेमा यसको एउटा असल नमुनामा रोमी ९ अध्यायले परमेश्वरको सर्बोच्च छनोट र रोमी १० अध्यायले मानवजातिको आवश्यकीय प्रतिक्रियालाई दिएको छ (जस्तैः १०:११,१३) ।

यो मुख्य ईश्वरशास्त्रीय चिन्तालाई एफिसी १:४ मा प्राप्त गर्न सकिन्छ । येशू परमेश्वरको चुनिएको मानिस हुनुहुन्छ, र सबैजना उहाँमा संभाव्य रूपमा चुनिएका छन् (कार्ल वार्थ) । येशू पतन भएको मानवजातिको खाँचोको निम्ति परमेश्वरको "हो" भन्ने हुनुहुन्छ । एफिसी १:४ को विषयलाई सहायता गरेर यो कुरालाई स्पष्ट पार्दछ, कि भविष्यमा देखिने कुराको लक्ष्य स्वर्ग होइन, तर पवित्रता (ख्रीष्टपनाजस्तै) हो । हामी कतिचोटी सुसमाचारको फाइदाको निम्ति आकर्षित भएका छौं, र जिम्मेवारीहरूलाई ईन्कार गरेका छौं ! परमेश्वरको बोलावट (चुनाउ) समयको साथसार्थ अनन्तताको लागि पनि हो !

सिद्धान्तहरू अन्य सत्यताको सम्बन्धमा आउँछन्, र एउटा असम्बन्धित सत्यतामा हुने होइन । एउटा असल समानता तारामण्डलको विरुद्धमा एउटा तारा हुन सक्थ्यो । परमेश्वरले उहाँको सत्यतालाई पश्चिमी होइन, तर पूर्वीय शैलीमा प्रस्तुत गर्नुहुन्छ । हामीले सिद्धान्तको सत्यतामा भाषागत जोडी (बिडम्बना) ले बनाएको चिन्तालाई हटाउनु पर्दैन (सर्बोच्च परमेश्वरको विरुद्धमा सहजै प्राप्त हुने परमेश्वर, जस्तैः सुरक्षाको विरुद्धमा धैर्यता, येशू पितासँगको समानताको विरुद्धमा येशू पितासँगको सेवक हुने, ख्रीष्टियन स्वतन्त्रताको विरुद्धमा ख्रीष्टियनको करारको सहकर्मीको जिम्मेवारी आदि) ।

"करार" को ईश्वरशास्त्रीय विचारले परमेश्वरको सर्बोच्चतालाई एकतृत गर्दछ (जसले सधैँ नै सकृयता लिन्छन्, र छलफलको विषयलाई मिलाउँछन्), र यसमा सुरुको आवश्कीय कुरासँगै निरन्तर हुने पश्चात्ताप र मानवजातिबाट विश्वासको प्रतिक्रिया हुँदछ (जस्तैः मर्कूस १:१५; प्रेरित ३:१६,१९; २०-२१) । बिडम्बनाको एक पक्षमा हुने पाठको जाँचमा होसियार हुनुहोस्, र अरूहरूलाई निरुत्साहित गर्नुहोस् । तपाईंको मनपर्ने सिद्धान्त वा ईश्वरशास्त्रको व्यवस्थालाई मिलाउँदा होसियार हुनुहोस् ।

- "उसले अनन्त जीवन दिओस्" अनन्त जीवन येशू ख्रीष्टद्वारा दिइने बरदान हो (जस्तैः ५:२१,२६; ६:४०,४७; १०:२८; १ यूहन्ना २:२५; ५:११) । यसको अर्थ "परमेश्वरको जीवन" "नयाँ युगको जीवन" वा "पुनरुत्थान" भन्ने जीवन हो । यो सामान्यतया परिणाम होइन, तर गुण हो (जस्तैः १०:१०) ।

१७:३ "अब अनन्त जीवन यही हो" यो यूहन्नाले बताएको "अनन्त जीवन" को परिभाषा हो । यो पदले ख्रीष्टियन विश्वासको दुईवटा मुख्य सत्यतालाई देखाउँदछः १) एकलईश्वरवाद (व्यवस्था ६:४-६), र २) येशू दाऊदीय मसिहको रूपमा (२ शमूएल ७ अध्याय) आउनुभएको छ । यो "अनन्त जीवन" भविष्यको निम्ति सुरक्षित राखिएको केही चिज होइन, तर यो अहिले येशू ख्रीष्टमा पाइन्छ ।

- "तिमीहरूले तपाईंलाई चिनून्" यो वर्तमान् सकृय विषयगत हो । यसले परमेश्वरको बारेमा समान स्रोत भएको ज्ञानमात्र दिँदैन, यद्यपि त्यहाँ निश्चित गर्नुपर्ने सत्यता पनि छ, तर यसलाई व्यक्तिगत सम्बन्धपनको सेमिटिक भावमा पनि प्रयोग गरिन्छ । तरैपनि, सत्यता यो हो, कि येशू ख्रीष्ट मसिह हुनुहुन्छ, र उहाँ एउटा साँचो परमेश्वरको पूर्ण र पूरा प्रकाश हुनुहुन्छ (जस्तैः १:१२,१४; कलस्सी १:१५; हिब्रू १:३), र त्यो व्यक्तिले विश्वास गर्नु, प्राप्त गर्नु, पश्चात्ताप गर्नु, आज्ञाकारी हुनु, र उहाँमा सुरक्षित हुनुपर्छ ।

- "एकमात्र सत्य परमेश्वर" पुरानो करार एक र एकमात्र परमेश्वर अस्तित्वमा रहनुभएको भन्ने भनाइमा अचम्मको थियो (जस्तैः प्रस्थान ८:१०; ९:१४; व्यवस्था ४:३५,३९; ६:४; ३३:२६; १ शमूएल २:२; २ शमूएल ७:२२; १ राजा ८:२३; यशैया ३७:२०; ४४:६,८; ४५:६-७,१४,१८,२१-२२; ४६:९; यूहन्ना ५:४४; १ कोरिन्थी ८:४,६; १ तिमोथी १:१७; २:५; यहूदा पद २५) । स्पष्टरूपमा यसलाई यसो भनिनु पर्छ, कि पुरानो करारमा परमेश्वरको प्रस्तुति अनौठोपन र एकलपनमा हुन्छ, र प्राचीन पूर्व नजिकको दृष्टिकोणमा धेरै आत्मिक व्यक्तिहरूमा पछि खसाल्ने भन्ने हुन्छ । त्यहाँ एकमात्र परमेश्वर हुनुहुन्छ, तर अन्य आत्मिक प्राणीहरू पनि छन् (जस्तैः प्रस्थान १५:११; व्यवस्था ३:२४; भजनसंग्रह ८६:८; ८९:६)

## विशेष शिर्षक: एकलईश्वरवाद

"एकलईश्वरवाद" भन्ने विचार (एक र एकमात्र परमेश्वर), बहुईश्वरवादको "महान् ईश्वर" भन्ने होइन, वा इरानको असल ईश्वरको बहु-ईश्वरवाद (जोरोराष्ट्रियनवाद) भन्ने इस्राएलको निम्ति अनौठो हुन्छ (अब्राहाम २००० ई.पू.)। एउटा कमैमात्र हुने छोटो अपवाद मिश्रमा हुन्छ (अमेनहोटेप चौथो, जसलाई अखेनाटोन पनि भनियो, १३६७-१३५० वा १३८६-१३६१ ई.पू.)।

यस विचारलाई पुरानो करारको धेरै वाक्यांशहरूमा प्रकट गरिएको छ:

१. "याहोवे वा इलोहिमजस्तै कोहीपनि छैन" प्रस्थान ८:१०; ९:१४; व्यवस्था ३३:२६; १ राजा ८:२३
२. "उहाँबाहेक अरू कोहीपनि छैन" व्यवस्था ४:३५,३९; ३२:३९; १ शमूएल २:२; २ शमूएल २२:३२; यशैया ४५:६,२१; ४४:६-८
३. "यहोवा" एक हुनुहुन्छ," व्यवस्था ६:४; रोमी ३:३०; १ कोरिन्थी ८:४,६; १ तिमोथी २:५; याकूब २:१९
४. "तपाईंजस्तो कोहीपनि छैन," २ शमूएल ७:२२; यर्मिया १०:६
५. "तपाईं एकमात्र परमेश्वर हुनुहुन्छ," भजनसंग्रह ८६:१०; यशैया ३७:१६
६. "मभन्दा अगाडि त्यहाँ कुनै पनि परमेश्वर बनाइएका थिएनन्, र त्यहाँ मभन्दा पछि पनि कोही हुने छैनन्,"यशैया ४३:१०
७. "मबाहेक त्यहाँ अरु कोही छैन...त्यहाँ अरू कोहीपनि छैन," यशैया ४५:५-६,२२
८. "त्यहाँ कोहीपनि छैन, अन्य कुनै परमेश्वर छैनन्," यशैया ४५:१४,१८
९. "त्यहाँ मबाहेक अरु कोही छैन," यशैया ४५:२१
१०. "त्यहाँ अरू कोही छैन, ... त्यहाँ मजस्तो अरू कोहीपनि छैन," यशैया ४६:९

यहाँ यो कुरालाई स्वीकार गर्नुपर्छ, कि यो जटिल सिद्धान्तमा प्रगतिशिल तरिकाले प्रकट भएको छ। सुरुको भनाइ "एकलईश्वरवाद" वा व्यवहारिक एकलईश्वरवादमा छ भनेर बुझ्न सकिन्थ्यो (त्यहाँ अन्य ईश्वरहरू पनि छन्, तर हाम्रो निम्ति एउटामात्र ईश्वर हुनुहुन्छ, जस्तै: प्रस्थान १५:११; २०:२-५; व्यवस्था ३:२८; ५:७; ६:४,१४; १०:१७; ३२:१२; १ राजा ८:२३; भजनसंग्रह ८३:१८; ८६:८; १३६:१-२)।

त्यो पहिलो पाठ एकवचनलाई बताउनको लागि अगाडि नै (दार्शनिक एकलईश्वरवाद) सुरु हुन्छ (प्रस्थान ८:१०, ९:१४; व्यवस्था ४:३५,३९; ३३:२६)। पूर्ण र प्रतिष्पर्धी दावी यशैया ४३-४६ अध्यायमा पाइन्छ (जस्तै: ४३:११; ४४:६-८; ४५:७,१४,१८,२२; ४६:५,९)

नयाँ करारले रोमी ३:३० मा व्यवस्था ६:४; १ कोरिन्थी ८:४,६; एफिसी ४:६; १ तिमोथी २:५; र याकूब २:१९ लाई संकेत गर्दछ। येशूले मत्ती २२:३६-३७; मर्कूस १२:२९-३०; लूका १०:२७ मा यसलाई पहिलो आज्ञाको रुपमा बताउनुहुन्छ। पुरानो करारको साथसाथै नयाँ करारले अन्य आत्मिक प्राणीहरूको वास्तविकतालाई बताउँदछ (शैतान, र स्वर्गदूतहरू), तर त्यहाँ एकमात्र सृष्टिकर्ता/छुटकारा गर्नेवाला परमेश्वर हुनुहुन्छ (यहोवा, उत्पत्ति १:१)।

बाइबलीय एकलईश्वरवादलाई निम्ति कुराहरूको विशेषतामा राखिएको हुन्छ:

१. परमेश्वर एक र अनौठो खालको हुनुहुन्छ (एकलईश्वरलाई मानिएको तर विशिष्ट नबनाइएको)
२. परमेश्वर व्यक्तिगत हुनुहुन्छ (जस्तै: उत्पत्ति १:२६-२७; ३:८)
३. परमेश्वर नैतिकवान हुनुहुन्छ (जस्तै: व्यवस्था ३४:६; नहेम्याह ९:१७; भजनसंग्रह १०३:८-१०)
४. परमेश्वरले मानिस जातिलाई उहाँकै स्वरुपमा संगति गर्नको निम्ति सृष्टि गर्नुभयो (उत्पत्ति १:२६-२७)। उहाँ डाही परमेश्वर हुनुहुन्छ (व्यवस्था २०:२-३)

नयाँ करारबाट

१. परमेश्वरको तीनवटा अनन्त, व्यक्तिगत प्रदर्शनी छ (८:११ को त्रिएकत्व भन्नेको विशेष शिर्षकलाई हेर्नुहोस्)
२. परमेश्वर पूर्ण र सिद्ध रूपमा येशूमा प्रकट हुनुभएको छ (जस्तै: यूहन्ना १:१-१४; कलस्सी १:१५-१९; हिब्रू १:२-३)
३. पतन भएको मानवजातिको मुक्तिको कार्यमा परमेश्वरको अनन्त योजनामा उहाँको एकलौटे पुत्रलाई बलिदानको रूपमा प्रदान गर्नु हो (जस्तै: यशैया ५३ अध्याय; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१; फिलिप्पी २:६-११; हिब्रूको पुस्तक)।

पुरानो करारका कतिवटा खण्डहरूमा धेरै ईश्वरहरूको बारेमा बताइएको छ, तर इस्राएलका परमेश्वर एउटामात्रै हुनुहुन्छ। मोसाले अन्य आत्मिक वस्तुहरूको उपस्थितिलाई महसूस गरे। यसमा यो कुरा भन्ने आवश्यकता छैन कि राष्ट्रहरूका मूर्तिको कुनै वास्तविकता थियो, तर त्यी शैतानिक कुराहरू शारीरिक मूर्तिहरूको पछाडि थिए (१ कोरिन्थी १०:१९-२०)।

ती अन्य विशेषणहरू पनि "सत्य" (अलथिनोस) छन्। यो परिवेश र यससँग सम्बन्धित परिवेशहरू (अलथोस) लाई यूहन्नाको लेखहरूमा कतिचोटी प्रयोग गरिएको छ। तरैपनि, यसमा तिनीहरूको अर्थलाई बन्द गर्न कठिनाइ पर्दछ। तिनीहरूको वृहत भनाइ छन् (सेमान्टिक क्षेत्रमा)। पुरानो करारको अलंकारिक पृष्टभूमि यो हुन सक्थ्यो, कि त्यहाँ भरोसायोग्य, विश्वासयोग्य, निष्ठावान हुनुपर्थ्यो (इमेथबाट)। ग्रीक पृष्टभूमि यो हुन्थ्यो, कि जुनचाहिँलाई नछोपिएको र स्पष्टरूपमा देखाउनुपर्दथ्यो। केही भावनामा सत्यता झुटोको उल्टो हो (जस्तै: तीतस १:२)। ग्रीक परिवेशको अन्त्यको इनोस (अलथिनोस) ले यो कुरा देखाउँदछ, कि जसबाट केही चिज बनाइएको हुन्छ। सम्भवत् यी तलका प्रयोगहरूले परिवेशको निम्ति सामान्य अनुभवहरू दिनेछन्।

## विशेष शिर्षक: "सत्य" यूहन्नाको लेखहरूमा प्रयोग गरिएको परिवेश

१. परमेश्वर पिता
   - क. परमेश्वर सत्य वा भरोसायोग्य हुनुहुन्छ (जस्तै: यूहन्ना ३:३३; ७:१८,२८; ८:२६; ८:२६; १७:३; रोमी ३:४; १ थेसलोनिकी १:९; १ यूहन्ना ५:२०; प्रकाश ६:१०)
   - ख. परमेश्वरका तरिकाहरू सत्य छन् (जस्तै: प्रकाश १५:३)
   - ग. परमेश्वरका न्यायहरू सत्य छन् (जस्तै: प्रकाश १६:७; १९:२)
   - घ. परमेश्वरका भनाइहरू सत्य छन् (जस्तै: प्रकाश १५:३)

२. परमेश्वर पत्र

क. पुत्र सत्य वा सत्यतामा हुनुहुन्छ
१) साँचो ज्योति (जस्तैः यूहन्ना १:९; १ यूहन्ना २:८)
२) साँचो दाखको बोट (यूहन्ना १५:१)
३) पूर्ण कृपा र सत्यता (यूहन्ना १:१४,१७)
४) उहाँ सत्य हुनुहुन्छ (यूहन्ना १४:६; ८:३२)
५) उहाँ सत्य हुनुहुन्छ (प्रकाश ३:७,१४)
ख. पुत्रको गवाही वा साक्षी सत्य छ (जस्तैः यूहन्ना १८:३७)

3. यो तुलनात्मक भावनामा हुन सक्छ।
क. मोसाको व्यवस्थाको विरुद्धमा येशू ख्रीष्टको कृपा र सत्यता
ख. उजाड स्थानमा भएको बास हुने पालको विरुद्धमा स्वर्गीय बासस्थान (हिब्रू ८:२; ९:१)

4. कतिचोटी यूहन्नामा भएजस्तै यस शब्दका विविध भनाइहरू छन् (हिब्रू र ग्रीक)। यूहन्नाले तिनीहरू सबैलाई पिता र पुत्रको रूपमा, व्यक्ति र वक्ताको रूपमा तिनीहरूको सन्देशलाई वर्णन गरेर प्रयोग गर्दछन्, जुनचाहिँ तिनीहरूलाई पछ्याउनेहरूलाई दिइएको हुन्छ (जस्तैः यूहन्ना ४:२३; १९:३५; हिब्रू १०:२२; प्रकाश २२:६)

5. यूहन्नाको निम्ति यी दुईवटा विशेषणहरूले पितालाई एक र एकमात्रै भरोसायोग्य ईश्वरको रूपमा वर्णन गर्दछन् (जस्तैः ५:४४; १ यूहन्ना ५:२०) र येशू छुटकारा गर्ने उद्देश्यको निम्ति उहाँको साँचो र पूर्ण प्रकाश हुनुहुन्छ, र समान वास्तविकतामाचाहिँ होइन !

- "जुन काम तपाईंले मलाई दिनुभयो" यो यूहन्नाले गरेको सम्पादकीय टिप्पणी हुन सक्छ। यहाँ पिताबाट येशूलाई पठाइएको रूपमा जोड दिँदा यूहन्नामा आएको दोहोरो समानान्तर कुरा हुन्छ (जस्तैः ३:१७,३४; ५:३६,३८; ६:२९,३८,५७; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३,८,१८,२१,२३,२५; २०:२१)। गुरूहरूले एकजना औपचारिक रूपमा पठाइएको व्यक्तिलाई बताउनको निम्ति अपोष्टेलेक भन्ने परिवेशको प्रयोग गरे। ५:२४ मा पठाइएको (अपोष्टेलेक) भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस्।

७:४ "तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु" (१३:३२ को टिपोटलाई हेर्नुहोस्)। "महिमा" भन्ने परिवेशलाई यो भावमा प्रयोग गर्न सकिन्छः १) "त्यो महिमा दिनु" वा २) "त्यो महिमालाई प्रकट गर्नु" भन्ने हुन्छ। पद ६ ले #२ को कुरालाई लागु गर्छ। येशूको मुख्य कार्यहरूमध्ये एउटा पितालाई प्रकट गर्नु थियो (जस्तैः १:१४,१८)।

- "त्यो कार्य पूरा गरी" ग्रीक मुख्य शब्द टेलोसले "पूर्ण रूपमा पूरा गर्ने" भन्ने कार्यलाई लागु गर्दछ (जस्तैः ४:३४; ५:३६; १९:३०)। यो कार्य ३ पक्षीय थियोः

१. पिताको प्रकाश (जस्तैः १:१४,१८)
२. पतन भएको मानवजातिको छुटकारा (जस्तैः मर्कूस १०:४५; २ कोरिन्थी ५:२१)
३. साँचो मानवजातिको एउटा नमुना (जस्तैः १३:३१; १ पत्रुस २:२१)
४. येशूको अन्तर्विन्तिको कार्यलाई निरन्तरता दिइने (जस्तैः १ यूहन्ना २:१; हिब्रू ७:२५; ९:२४)।

१७:५ "महिमित...महिमित" यो पदले येशू ख्रीष्टको अगाडि नै अस्तित्वमा रहेको कुरालाई जोड दिँदछ (जस्तैः १:१,१५; ६:६२; ८:५८; १६:२८; १७:११,१३,२४; २ कोरिन्थी ८:९; फिलिप्पी २:६-११; कलस्सी १:१७; हिब्रू १:३; १०:५-८)। येशूले उहाँको "महिमा"लाई उहाँको चिन्ह र आश्‍चर्यकर्महरूमा चेलाहरूमा प्रकट गर्नुभयो (जस्तैः १:१४; २:११; ११:४,४०; १२:२८)। अबको अन्तिम "महिमा" उहाँको मृत्यु, पुनरुत्थान र स्वर्गारोहण भएर स्वर्गको महिमामा हुनेछ (जस्तैः पद २४; फिलिप्पी २:५-६)। यहाँ आएको क्रिया एओरिष्ट सकृय सूचकलाई पितालाई अनुरोध गर्न प्रयोग गरिन्छ। १:१४ को "महिमा" को पूर्ण टिपोटलाई हेर्नुहोस्।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ १७:६-१९

"संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्। तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो, किनभने जुन बाणी तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती ग्रहण गरेका छन्। म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्‍वास गरेका छन्। म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको निम्ति प्रार्थना गर्दिन, तर तिनीहरूका निम्ति जसलाई तपाईंले मलाई दिनुभएको छ। किनभने तिनीहरू तपाईंकै हुन्। मेरा सबै जे छन्, तपाईंका हुन्, र तपाईंका जे छन्, मेरा हुन्। मेरो महिमा तिनीहरूमा प्रकट भएको छ। म फेरी संसारमा रहँदिन, तर यिनीहरू त संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामीजस्तै तिनीहरू पनि एक होऊन। जबसम्म म तिमीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्। जबसम्म म तिनीहरूसँग थिए, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखेँ। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएनन्, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो। तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यो कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्, मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गर्‍यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। तपाईले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिन, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकी तिनीहरू पनि सत्यतामा पवित्र होऊन।"

१७:६ “तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु” हिब्रू नाउँहरूको अर्थ चरित्रलाई प्रकट गर्नु हो (जस्तैः पदहरू ११-१२, २५-२६; भजनसंग्रह ९:१०)। यो वाक्यांशले ईश्वरशास्त्रीय रूपमा यो कुरा बताउँदछ, कि येशूलाई हेर्नु भनेको परमेश्वरलाई हेर्नु हो (जस्तैः यूहन्ना १:१८; १२:४५; १४:८-११; कलस्सी १:१५; हिब्रू १:३)।

यो “नाउँ” ले माथिल्लो कोठाको कुराकानीमा महत्वपूर्ण भूमिका खेल्दछ (जस्तैः १४:१३,१४,२६; १५:१६,२१; १६:२३,२४,२६; १७:६,११,१२,२६)। यसको १७ अध्यायमा परमेश्वरको निम्ति दुईवटा अनौठा निर्षकहरू प्रयोग गरिएका छन्:

१. पवित्र पिता, पद ११
२. धर्मी पिता, पद २५

- “जुन मानिसहरू तपाईंले मलाई दिनुभयो” ईश्वरशास्त्रीय रूपमा यसले चुनाउको बारेमा बताउँदछ (पदहरू २,९,२४; ६:३७,३९)। जो कोही पनि आउन सक्दैनन्, जबसम्मः

१. परमेश्वरले दिनुहुन्छ
२. आत्माले तान्नुहुन्छ (६:४४,६५)
३. तिनीहरूले प्राप्त गर्छन (१:१२), र विश्वास गर्छन् (३:१६)

- “तिनीहरूले तपाईंको वचन पालन गरेका छन्” आज्ञाकारीता ठूलो महत्वको हुन्छ (जस्तैः ८:५१,५५; १४:२३; १५:१०,२०)। यसलाई पुरानो करार को “दोषरहित” भन्ने उस्तै भावनमा प्रयोग गरिएको छ (जस्तैः नोआ, उत्पत्ति ६:९; अब्राहाम, उत्पत्ति १७:१; इस्राएल, व्यवस्था १८:१३; अयूब, अयूब १:१)। यसले सिद्ध आज्ञाकारीता वा पापरहितपनलाई लागु गर्दैन, तर सुन्ने एउटा चाहना र त्यो सबै प्रकट भएकोलाई प्राप्त गर्दछ। यसले अझसम्म चेलाहरूको येशू ख्रीष्टमा भएको येशूमा रहने विश्वासलाई प्रकट गर्दछ, र येशूले तिनीहरूलाई प्रेम गरेजस्तै एक-अर्कालाई पनि प्रेम गर्नुपर्छ। .

१७:७ “तिनीहरूले साँच्चै जानेका छन्” यसलाई “त्यस” (होटी) ले पछ्याएको छ, जुनचाहिँ जसले सन्देशको विषयलाई बताउने गर्दछ। यूहन्नाको निम्ति “होटी” को प्रयोगलाई विशेष शिर्षक अर्नात २:२३, #४ मा हेर्नुहोस्।

- “कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो” उहाँमा पिताद्वारा प्रकट भएको कुरा येशूले बताउनुभयो (जस्तैः पद ८, ७:१६; १२:४८-४९)।

१७:८ “तिनीहरूले ती ग्रहण गरेका छन्” तिनीहरूले येशूको सन्देशलाई परमेश्वरको बारेमा प्राप्त गरे। त्यहाँ सिधै वस्तुलाई बताइएको छैन। यहाँ १:१२मा सिधै प्राप्त गरिएको वस्तुलाई स्वीकार गर्दा येशू आफैलाई बताउने गरिन्छ, र यो यहाँ येशूले ल्याएको परमेश्वरको बारेमा सन्देश हो (जस्तैः पद ४)। यसले सुसमाचारको दुईवटा पक्षलाई देखाउने गर्दछः १) एउटा व्यक्तिगत र २) एउटा सन्देश .

“तिनीहरूले प्राप्त गरे...तिनीहरूले प्राप्त गरे” यिनीहरू एओरिष्ट सकृय सूचकहरू हुन्। यी सत्यताहरूले येशूको अलौकिक सुरुवात र सन्देशलाई बताउँदछ (जस्तैः ५:१९; ६:६८-६९-६९; १२:४८-४९; १६:३०; १७:१८,२१,२३,२५)। .

१७:९ “तिनीहरूका निम्ति प्रार्थना गर्दछु” येशू हाम्रो मध्यस्थकर्ता (जस्तैः १ तिमोथी २:५; हिब्रू ८:६; ९:१५; २२:२४) र वकिल हुनुहुन्छ (जस्तै १ यूहन्ना २:१)। यी कार्यहरूमा पिताको पनि संलग्नता हुन्छ (जस्तैः १६:२६-२७), जसै यो आत्मामा पनि हुने गर्छ (जस्तैः रोमी ८:२६-२७)। त्रियकत्वको सबै तीनजना व्यक्तिहरू छुटकाराको सबै पक्षहरूमा संलग्न भएका हुन्छन्।

“संसार” यो खण्डमा कसमस वा संसार भनेर १८ चोटी प्रयोग गरिएको छ। येशूले निम्न कुराको निम्ति वास्ता गर्नुहुन्छः १) यस धर्तीको निम्ति (जस्तैः१७:५,२५) र २) विश्वासीहरूको सम्बन्धमा हुने यसको पतनपना (जस्तैः १:१०; १७:६,९,११,१३-१८,२१,२३)। यूहन्नाको लेखमा यो परिवेशको अनौठो अर्थ व्यवस्थित मानवीय समाज र परमेश्वरबाट बाहेकको कार्य हुन्छ।” कहिलेकाहीँ यसले यस्तो कुरालाई लागु गर्दछः १) यस धर्ती; २) यस धर्तिमा भएको सम्पूर्ण जीवन; ३) परमेश्वर बिनाको जीवन। विशेष शिर्षकको निम्ति १४:१७ लाई हेर्नुहोस्।

१७:१० “मेरा सबै जे छन्, तपाईंका हुन्, र तपाईंका जे छन्, मेरा हुन्” यसले त्रियकत्वको एकतालाई प्रकट गर्दछ (पदहरू ११, २१-२३; १६:१५)। त्रियकत्वको निम्ति १४:२६ को विशेष शिर्षकलाई हेर्नुहोस्।

- “मेरो महिमा तिनीहरूमा प्रकट भएको छ” यो सिद्ध निष्क्रिय सूचक हो। चेलाको जीवन भनेको येशूलाई सम्मान दिनु हो, जसै उहाँले पनि पिता लाई सम्मान दिनुभयो। कस्तो भयंकर जिम्मेवारी !

१७:११ “म फेरी संसारमा रहँदिन” यसले यस्तो बताउँदछः १) त्यतिबेलाको भविष्य (स्वर्गारोहण), जब येशू पिताकोमा फर्कनुहुनेछ (जस्तैः प्रेरित १:९-१०) वा २) येशूको सार्वजनिक सेवकाइ

- “पवित्र पिता” यो “पवित्र” भन्ने परिवेश यहाँ नयाँ करारमा मात्र प्रयोग गरिएको छ (“पवित्रचाहिँ” भन्ने शिर्षकमा पनि प्रयोग गरिएको छ (१ पत्रुस १:१५), जसै यो पुरानो करारमा पनि थियो। यो विशेषण (हागियोस) ले कतिचोटी आत्माको गुणलाई देखाउँछ (जस्तैः १:३३; १४:२६; २०:२२)। यो पद १७ को चेलापन भन्नेमा उही शब्द प्रयोग गरिएको छ (हेगिआमोस), र पद १९ मा येशू (हागिआज) भन्ने शब्द प्रयोग गरिएको छ।

शब्दको इतिहासको मुख्य आधारभूत कुरा “परमेश्वरको सेवाको निम्ति अलग्याउनु” हो (जस्तैः पदहरू १७,१९)। यसलाई परमेश्वरको प्रयोगको निम्ति व्यक्ति, स्थान, र चिजहरूमा पक्का दिइएको छ। यसले परमेश्वरको अलौकिक चरित्रलाई वर्णन गर्छ (इस्राएलको पवित्र चाहिँ) र शारीरिक यस धर्तिमा पतन भएको चिजहरूमा फरकपना देखिन्छ। येशू पवित्र हुनुहुन्छ, र उहाँलाई पछ्याउनेहरू पनि उहाँजस्तै बन्नुपर्छ, जसै तिनीहरूले उहाँको “पवित्रता”लाई दर्शाउँछन्। “सन्त” भन्ने मुख्य परिवेशको शब्द, ग्रीक परिवेशमा “पवित्र” भन्ने हुन्छ। विश्वासीहरू पवित्र छन्, किनकि तिनीहरू ख्रीष्टमा छन्, तर तिनी हरू उहाँको निम्ति जिउँदाखेरि पवित्र बन्नुपर्छ, उहाँजस्तै हुनुपर्छ, र उहाँको निम्ति रहनुपर्छ।

## विशेष शिर्षकः पवित्र

अ. पुरानो करार

क. कादेश (विडिवि ८७२) भन्ने शब्दको परिवेशको इतिहास अनिश्चित छ, सम्भवत् यो कनानीहरूमा हुन्छ। यो पनि संभावना छ, कि मुख्य भाग (कद) को अर्थ "विभाजित गर्नु" भन्ने हुन्छ। यो प्रचलित परिभाषा "परमेश्वरको प्रयोगको निम्ति अलग्याइएको" (कनानी संस्कारबाट आएको, जस्तैः व्यवस्था ७:६; १४:२,२१; २६:१९) भन्नेको स्रोत हो।

ख. यसले परमेश्वरको उपस्थितिमा हुने चिजहरू, ठाउँहरू, समयहरू, र व्यक्तिहरूलाई सम्बन्धित गर्दछ। यसलाई उत्पत्तिमा प्रयोग गरिएको छैन, तर प्रस्थान, लेबी र गन्तीमा सामान्य बनेको छ।

ग. अगमवाणीको साहित्यमा पनि (विशेषगरेर यशैया र होशे) अगाडि नै व्यक्तिगत तत्वको उपस्थित हुन्छ, तर अगाडि नै जोड दिने कुरा आउँदैन। यो परमेश्वरको आवश्यक कुराको नाउँ हुने तरिका बन्दछ (जस्तैः यशैया ६:३)। परमेश्वर पवित्र हुनुहुन्छ। उहाँको नाउँ प्रतिनिधित्व गर्ने उहाँको चरित्र पनि पवित्र हुन्छ। उहाँका मानिसहरू जसले उहाँको चरित्रलाई प्रकट गर्ने यस संसारका आवश्यक कुराहरू पनि पवित्र छन् (यदि तिनीहरू करारको विश्वासमा आज्ञाकारी भए भने)।

घ. परमेश्वरको कृपा र प्रेम करारको, न्यायको, र आवश्यकीय चरित्रबाट अलग गर्न सकिँदैन। त्यसैकारण, यहाँ परमेश्वरले अपवित्र, पतित र विद्रोही मानवजातिको चिजहरूतर्फ चिन्ता गर्नुहुन्छ। त्यहाँ "अनुग्रही" परमेश्वर र "पवित्र" परमेश्वरको बीचको सम्बन्धमा एउटा अति नै चाखलाग्ने लेख छ, जुनचाहिँ रवर्ट बि. गिर्डस्टोनको, पुरानो करारको समान भन्ने पुस्तकको पाना ११२-११३ मा पाइन्छ।

आ. नयाँ करार

क. लूका बाहेकका नयाँ करारका लेखकहरू हिब्रू विचारधाराका छन्, तर तिनीहरू कोइने ग्रीकबाट प्रभावित छन् (जस्तैः सेप्टुजुआन्ट)। यो पुरानो करारको ग्रीक अनुवाद हो, र शास्त्रीय ग्रीकको साहित्य, विचार वा धर्म होइन, जसले तिनीहरूको शब्दावलीलाई नियन्त्रण गर्दछ।

ख. येशू पवित्र हुनुहुन्छ, किनकि उहाँ परमेश्वर र परमेश्वरजस्तै हुनुहुन्छ (जस्तैः लूका १:३५; ४:३४; प्रेरित ३:१४; ४:२७,३०)। उहाँ पवित्र र धर्मीचाहिँ हुनुहुन्छ (प्रेरित ३:१४; २२:१४)। येशू पवित्र हुनुहुन्छ, किनकि उहाँ पापरहित हुनुहुन्छ (जस्तैः यूहन्ना ८:४६; २ कोरिन्थी ५:२१; हिब्रू ४:१५; ७:२६; १ पत्रुस १:१९; २:२२; १ यूहन्ना ३:५)।

ग. किनकि परमेश्वर पवित्र हुनुहुन्छ, र उहाँका छोराछोरी पनि पवित्र छन् (जस्तैः लेबी ११:४४-४५; १९:२; २०:७,२६; मत्ती ५:४८; १ पत्रुस १:१६)। किनकि येशू पवित्र हुनुहुन्छ, र उहाँलाई पछ्याउनेहरू पनि पवित्र हुनुपर्छ (जस्तैः रोमी ८:२८-२९; २ कोरिन्थी ३:१८; गलाती ४:१९; एफिसी १:४; १ थेसलोनिकी ३:१३; ४:३; १ पत्रुस १:१५)। ख्रीष्टियनहरूलाई ख्रीष्टकोपनजस्तै पवित्रतामा सेवा गर्नलाई बचाइएको छ।

- "तपाईंको नाउँमा तिनीहरूलाई राख्नुहोस्" येशूले शक्तिलाई सुरक्षा गर्न र व्यक्तिगत उपस्थितिको लागि प्रार्थना गरिरहनुहुन्छ (एओरिष्ट सक्रिय सूचक) ताकि उहाँका चेलाहरूको निम्ति प्रदान गर्न (जस्तैः पद १२) यहोवाले उहाँलाई दिनुभएको छ (सिद्ध सकृय सूचक)। यसले तिनीहरूलाई यो पतन भएको संसारमा सेवकाइ पुऱ्याउन सक्षम हुनुहनेछ, जसै उहाँले यस पतन भएको संसारमा सेवकाइ गर्नुभयो (पद १८)। यो एकताको फाइदाहरूमध्ये एउटाको बीचमा छ (जस्तैः पद २१)।

१. पिता
२. पुत्र
३. चेलाहरू

- "हामीजस्तै तिनीहरू पनि एक होऊन" यो सिद्ध विषयगत हो। यसले त्रियक परमेश्वरको एकताको सम्बन्धलाई बताउँदछ (जस्तैः पदहरू २१-२३; १०:३०; १४:१०)। यो पनि ख्रीष्टियनहरूको निम्ति जिम्मेवारी र भयङ्कर अनुरोध हो ! यो एकताको बोलावट हाम्रो समयमा अभाव भएको छ (एफिसी ४:१-६)। एकत्व होइन, तर एकता परमेश्वरको कार्यलाई मण्डलीमा अड्याएर पुनएकत्रित गर्नुपर्छ।

१७:१२ "तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखेँ" पहिलो क्रियाचाहिँ असिद्ध कालमा छ, र दोस्रोचाहिँ एओरिष्ट कालमा छ। यी क्रियाहरू समान् रूपमा छन्। यस खण्डको तृष्णा येशूको निरन्तर सुरक्षामा हुन्छ (१ पत्रुस १:३-९)।

नयाँ करारमा उहाँको वचनको अध्ययनमा, इकाई १ मा एम. आरं भिनसेन्ट भन्ने व्यक्तिले यी दुईवटा परिवेशको बीचमा फरकपन देखाएका छन्। उनले पहिलो (टेरेई) को अर्थ सुरक्षा गर्नु र दोस्रो (फुलासे) को अर्थ रक्षा गर्नु भन्ने हुन्छ (पाना ४९६)।

- "तिनीहरूमध्ये कोही पनि नास भएनन्" यसले येशूको सुरक्षाको शक्तिलाई देखाउँदछ (जस्तैः ६:३७,३९; १०:२८-२९)।

अपोलुमी भन्ने परिवेशलाई अनुवाद गर्न कठिनाइ छ, किनकि यसलाई दुई भिन्न परिवेशमा प्रयोग गरिएको छ। यो पुस्तकमा नयाँ करारको ईश्वर शास्त्रीय शब्दकोश, इकाई १ मा जेरहार्ड किट्टेलले यस्तो कुरा बताउँदछन्, "सामान्य रूपमा हामीले यस्तो कुरा भन्दछौं, कि २ र ४ मा यूहन्ना बाहेकको सुसमाचारमा बताइएका कुरालाई यस संसारमा सम्बिधित गराइन्छ, जहाँ ती अर्को संसारमा सम्बन्धित भएका कुराहरूलाई बताइन्छ, जसै पावल र यूहन्नाको पाना ३९४ मा पर्दछन्। उनले दिएका परिभाषाहरू यस्ता छन्:

१. "नास गर्नु वा मार्नु"
२. "गुमाउनु वा गुमेको कुराबाट दुःख भोग्नु"
३. "नष्ट हुनु"
४. "हराउनु"

कतिचोटी यो परिवेशलाई विनाशको सिद्धान्तको रूपमा बताउन प्रयोग गरिएको छ, जुनचाहिँ नवचाइएका मानिसहरूले न्यायपछिको अस्तित्वलाई खोज्ने प्रयास गर्दछन्। यो दानिएल १२:२ लाई तोड्न खोजेजस्तो देखिन्छ। यसले पनि यूहन्ना र पावलको विरुद्धमा अन्य सुसमाचारका पत्रहरूको भनाईलाई प्रयोग गर्दा बीचका कुराहरू गुमाएको जस्तो देखिन्छ, जसले यसलाई आत्मिक हराएकोपनमा अलंकारको प्रयोग गरेका छन्, नकि शारीरिक विनाश होइन। विशेष शिर्षकमा १०:१० लाई हेर्नुहोस्।

- "विनाशको छोराबाहेक" यसले निश्चित रूपमा यहूदा इस्करियोतबाट बताउँदछ। यो "पापको मानिस" भन्ने वाक्यांशलाई २ थेसलोनिकी २:३मा प्रयोग गरिएको छ (अन्तिम समयका खीष्ट बिरोधी)। यो हिब्रू भनाइको अर्थ "त्यो एकजना जो हराउनको लागि भाग्य निर्धारित" गरिएको भन्ने हुन्छ। यो शब्दलाई "हराइएको" भन्ने अर्थमा अगाडि नै प्रयोग गरिएको छ, "कोही पनि हराएको छैन, जसलाई हराउनको निम्ति भाग्य निर्धारण गरिन्छ।" यूहन्ना ६:६४ मा विश्वास गर्ने भन्ने विशेष शिर्षकलाई हेर्नुहोस्।

- "किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो" यसले भजनसंग्रह ४१:९ लाई बताउँदछ, जुनचाहिँ यूहन्ना १३:१८; ६:
७०-७१ बाट लिइएको हो।

१३:१७ "तर अब म तपाईंकहाँ आइरहेछु" यसले निम्न कुराहरूलाई
बताउन सक्थ्यो:

१. येशूको प्रार्थना (यूहन्ना १७ अध्याय)
२. येशूको स्वर्गारोहण (पद ११, प्रेरित १ अध्याय)

- "संसारमा हुँदा यो कुरा म बोल्दछु" यो वाक्यांश निम्न कुराहरूमा जोडिन सक्छ:

१:११:४२, येशूले ठूलो स्वरले बोल्नुभयो, ताकि अरूहरूले सुन्न सकून
२:१५:११, येशूका "आनन्द" का वचनहरू सिधैं चेलाहरूसँग सम्बन्धित छन्

- "तिनीहरूमा मेरो आनन्द पूरा होस्" यो वर्तमान् सकृय विषयगत र सिद्ध निष्क्रिय कृदन्त हो। यूहन्नाले यो वाक्यांशको प्रतिज्ञालाई फेरी एकदमै अचम्म प्रकार (जस्तैः १५:११; १६:२४) ले प्रयोग गरेका छन् (जस्तैः १ यूहन्ना १:४; २ यूहन्ना १२ अध्याय)।

- "मैले तिनीहरूलाई तपाईंको वचन दिएँ" यहाँ वचन भन्ने परिवेश लोगोस हो। ग्रीक रामा भन्ने समान शब्दलाई पद ८ मा प्रयोग गरिएको छ। येशूको व्यक्तित्व, सिकाइ र नमुनाद्वारा भएको अलौकिक प्रकाशलाई यसले निश्चित गर्दछ। येशूले वचन दिनुहुन्छ, र यो उहाँकै वचन हो। यो वचन व्यक्तिगत र उही स्रोतमा हुन्छ। हामीले सुसमाचारको व्यक्तिलाई स्वागत गर्दछौं, र सुसमाचारको सन्देशलाई विश्वास गर्दछौं !

- "संसारले तिनीहरूलाई घृणा गऱ्यो" संसारबाट इन्कार गरिनु भनेको खीष्टद्वारा स्वीकार गर्ने संकेत हो (जस्तैः यूहन्ना १५:१८-२०; १ यूहन्ना ३:१३)।

- "तिनीहरू संसारका होइनन्" विश्वासीहरू यस संसारमा छन्, तर यस संसारका होइनन् (जस्तैः पद १६; १ यूहन्ना २:१५-१७)।

- "म पनि संसारको होइनँ" "संसार" ले पतन भएको मानवीय युगलाई बताउँदछ, र स्वर्गदूतहरू विद्रोही हुन्छन् (जस्तैः ८:२३)। यो यूहन्नाको ठाडोतर्फको दुईवटा नमुना हो।

१७:१५ "तपाईले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिन" खीष्टियनहरूको मिसन यस संसारमा छ (जस्तैः पद १८; मत्ती २८:१९-२०; लूका २४:४७; प्रेरित १:८)। यो तिनीहरूको निम्ति घर जाने समय होइन !

नासाब, एनकेजेभि "त्यो दुष्टचाहिँ"
एनआरएसभि "त्यो दुष्टचाहिँ"
टिइभि, एनजेबि "त्यो दुष्टचाहिँ"

यो परिवेश कित नपंशुक कित पुलिङ्ग हुन्छ। कतिचोटी यो साहित्यिक इकाईलाई व्यक्तिगत दुष्ट शक्ति भनेर बताइन्छ (जस्तैः १२:३१; १३:२७; १४:३०; १६:११), त्यसकारण, मत्ती ५:३७; ६:१३; १३:१९,३८ ले जस्तै यो पद पनि "त्यो दुष्टचाहिँ" हुनुपर्छ (जस्तैः २ थेसलोनिकी ३:३; १ यूहन्ना २:१३-१४; ३:१२; ५:१८-१९)। १२:३१ लाई विशेष शिर्षकमा हेर्नुहोस्

१७:१७ "पवित्र" यो "पवित्र" (हागियोस) भन्ने मुख्य शब्दबाट आएको एओरिष्ट सक्रिय सूचक हो। यसको अर्थ हुन सक्छ:

१. विश्वासीहरू खीष्टपनाजस्तै तरिकाले बोलाइएका छन् (जस्तैः पद १९; रोमी ८:२८-२९; २ कोरिन्थी ३:१८; ७:१; गलाती ४:१९; एफिसी १:४; ४:१३; १ थेसलोनिकी ३:१३; ४:३,७; ५:२३; १ पत्रुस १:१५)। यो केवल सत्यताको ज्ञानद्वारा मात्रै हुन सक्छ, जुनचाहिँ जिवित वचन (येशू, १:१-१४), र लिखित वचन (बाइबल, १५:३) दुवै हो।
२. "शुद्ध गर्नु" सामान्यता यसलाई पुरानो करारको भावमा "परमेश्वरको सेवाको निम्ति अलग गर्नु" भन्ने हुन्छ। पद १८ ले "शुद्ध बनाएको" भन्ने तिनीहरूको उद्देश्यको निम्ति स्पष्ट पार्दछ।

यसको #१ वा #२ मा साँचो भन्ने प्रश्न होइन। तिनीहरू दुवै नै सत्य हुन्। येशूको जीवनले ती दुवैको आवश्यकीय कुरालाई देखाएको छ (जस्तैः पद १९)

यसमा यो कुराको सम्भावना पनि छ, कि यूहन्नाका चेलाहरूलाई "शुद्ध बनाएर" परमेश्वरको सेवाको निम्ति पुरानो करारमा समानताको रूपमा पूजाहारीहरूलाई परमेश्वरको सेवाको निम्ति अलग गरिएको थियो। तिनीहरूले पुरानो करारको बलिदानको रूपमा सेवा गरे, तर चेलाहरूले नयाँ करारको सिद्ध र सधैंको लागि एकचोटी गरिएको बलिदानमा सेवा गरे, जो खीष्ट हुनुहुन्छ (हिब्रूको पुस्तकलाई हेर्नुहोस्, जसले पुरानो करार र नयाँ करारलाई तुलना गरेको छ।

- "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो" सत्यताले परमेश्वरको सन्देशको बारेमा येशूलाई बताउँदछ (जस्तैः ८:३१-३२)। येशूले सन्देश (लोगोस, जस्तैः १:१,१४) र परमेश्वरको सत्यता (जस्तैः १४:६) दुवैलाई बोलाउनुभएको छ। कतिचोटी आत्माले सत्यताको आत्मालाई बताएको देखिन्छ (१४:१७; १५:२६; १६:१३)।

विश्वासीहरूले पनि सत्यताद्वारा (पद १९, सिद्ध निष्क्रिय कृदन्त), र आत्माद्वारा (१ पत्रुस १:२) शुद्ध भएको कुरालाई याद गर्नुपर्छ। ग्रीक शब्द "सत्य वा सत्यता" मा पूर्ण छलफलको लागि ६:५५ र १७:१३ मा सत्यता भन्ने विशेष शिर्षकलाई हेर्नुहोस्। यसमा यो कुरा पनि संभव छ, कि "तपाईको वचन सत्य हो" भन्ने संकेत हुन सक्छ, वा सेप्टाजुवान्टबाट आएको भजनसंग्रह ११९:१४२ बाट लिइएको हुन सक्छ, "तपाईंको धार्मिकता चिरस्थायी छ, अनि तपाईंको व्यवस्था सत्य छ।" यो कुरा निश्चित छ, कि येशूलाई यस्तो रूपमा देखिएको थियो:

१.	ती नयाँ मोसा (व्यवस्था १८:१५
२.	एउटा साँचो परमेश्वरको रूपमा उहाँको जीवन साँचो प्रकाश जस्तै
३	त्रियक परमेश्वरको एकता र चेलाहरू चेलाहरू सृष्टिको उद्देश्यलाई पूरा गर्ने रूपमा (जस्तैः उत्पत्ति १:२६-२७)
४.	येशू ३:१५ लाई पूरा गर्ने रूपमा

१७:१८ "मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु" येशूको जीवनको आज्ञाकारिता र सेवा अझ भन्ने हो भने मृत्युको विन्दुमा पुगेको (२ कोरिन्थी ५:१४-१५; गलाती २:२०; १ यूहन्ना ३:१६), जसले उहाँलाई पछ्याउनेहरूलाई नमुना दिँदछ (जस्तैः पद १९) । उहाँले तिनीहरूलाई यो हराएको संसारमा मिसनको लागि पठाउनुहुनेछ, जसै उहाँले २०:२१ मा पनि पठाउनुभयो । तिनीहरू संसारमा संलग्न हुनुपर्छ, तर यहाँबाट त्यति एकान्तको ठाउँमा होइन । विशेष शिर्षकको निम्ति ५:२४ पठाइएको (अपोष्टेले) भन्नेलाई हेर्नुहोस् ।

१७:१९ "म आफैलाई पवित्र पार्दछु" यसले कलबरीको परिवेशलाई बताउने गर्दछ ! येशूले आफैलाई पिताको चाहना पूरा गर्ने इच्छा राख्नुभयो (जस्तैः मर्कूस १०:४५) ।

- "ताकी तिनीहरू पनि सत्यतामा पवित्र होऊन" यो हिना संयोजक वा उद्देश्यको संयोजक हो, जसमा परिधिको सिद्ध कृदन्त हुन्छ, जसले यो कुरा लाई लागु गर्दछ, कि परिणाम अगाडि नै आएको छ, र लागु गर्दलाई निरन्तरता दिँदछ । तरैपनि, त्यहाँ निम्नि कुरामा आधारित सम्भावनाका तत्वहरू छन्:

१. खीष्टको कूसमा हुने, पुनरुत्थान र स्वर्गारोहणको आउनेवाला कार्य
२. तिनीहरूको निरन्तर हुने विश्वासको पश्चात्ताप र येशूको प्रतिउत्तर र उहाँका शिक्षाहरू
सत्यता भन्ने विशेष शिर्षकको निम्ति ६:५५ र १७:३ हेर्नुहोस् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ १७:२०-२४

"म यिनीहरूको निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूको निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एक होऊन् । हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा त्यसरी तिनीहरू पनि हामीमा होऊन र तपाईंले मलाई पठाउनुभयो भनी संसार ले विश्वास गरोस् । जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन । म तिनीहरूमा अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस् । पिता म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु, मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो ।"

१७:२० "तर ममाथि विश्वास गर्नेहरूको निम्ति" यो वर्तमान् काल हो, जसले भविष्यत् काल यसले सबैलाई बताउने गर्दछ पछिका विश्वासीहरूको निम्ति कार्य गरेको हुन्छ, र १०:१६ मा अझ अन्य जातिहरूको लागि पनि गरेको हुन्छ । विशेष शिर्षकको निम्ति २:२३ मा हेर्नुहोस् ।

- "यिनीहरूका सन्देशद्वारा" यो परिवेश पनि लोगोस नै भन्ने हो, किनकि यसको प्रयोग पद १४ र यसको रामा भन्ने समानता पद ८ मा पाइन्छ । यसले येशूको सन्देशको प्रकाशलाई चेलाहरूले बताउनुपर्ने हुन्छ ।
- "कि तिनीहरू सबै एक होऊन्" त्रियकत्वको एकताभन्दा यो एकता केही पनि होइन (जस्तैः पद ११, २२-२३; एफिसी ४:१-६) । यो येशूको सिकाइको एउटा पक्ष हो, जसलाई उहाँलाई पछ्याउनेहरूले पछ्याएका छैनन् ।
- "तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्" यो वर्तमान् सक्रिय विषयगत हो । एकताको उद्देश्य भनेको सुसमाचार हो । पद २३ चाहिँ झण्डै उस्तै संरचना र जोडमा आएको छ !

येशूको प्रार्थनामा चिन्ता छ । उहाँले संसारको लागि प्रार्थना गर्नुहुन्न (जस्तैः पद ९), तरैपनि, उहाँले आफूलाई पछ्याउनेहरूलाई उहाँको सन्देशसँगै यस संसारमा पठाउनुहुन्छ, जसले गर्दा तिनीहरूलाई सतावट आउँदछ, किनकि परमेश्वरले संसारलाई प्रेम गर्नुहुन्छ (जस्तैः पदहरू २१,२३; ३:१६) । परमेश्वरले यस सारा संसारले विश्वास गरेको चाहना राख्नुहुन्छ (जस्तैः १ तिमोथी २:४; तीतस २:११; २ पत्रुस ३:९) । परमेश्वरले ती सबैलाई प्रेम गर्नुहुन्छ, जसलाई उहाँकै स्वरुप र प्रतिरुपमा बनाइएको थियो । येशू सम्पूर्ण संसारको पापको लागि मर्नुभयो । ५:२४ को पठाइएको (एपोस्टेले) भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् । .

१७:२२ "जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु" यी दुवै नै सिद्ध सकृय सूचकहरू हुन् । महिमाले प्रकाशित सन्देशलाई बताउनुपर्छ । तिनीहरूले यस संसारलाई उहाँको वचन दिनेछन्, जसै येशूले पिताको वचनलाई निकाल्नुभयो । यसले तिनीहरूमा उहाँको निन्दा गर्ने धारणा को परिणाम ल्यायो । ए. टि. रवर्टसनको नयाँ करारमा वचनका तस्बिरहरू भन्ने पुस्तकको इकाई ५ मा यसो भन्दछ, "यो अवतारिक भएको वचनको महिमा हो (जस्तैः १:१४; २:११), नकि १७:२४ मा बताइएको महिमित अनन्त वचन नै हो" (पाना २८०)। "महिमा" भन्ने पूर्ण टिपोटलाई १:१४ मा हेर्नुहोस्।

१७:२३ "ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन" यो पद १९ मा दिइएकोजस्तै हिना संयोजकसँग परिधिको सिद्ध निष्टिय हो । त्यहाँ पद १९ मा दिइएको तत्वको सम्भावना निम्न कुरामा आधारित हुन्छ:
१) खीष्टको आउनेवाला कार्य वा २) तिनीहरूको निरन्तर भएको विश्वास । यसमा लागु गर्नुपर्ने कुरा यो हो, कि तिनीहरू येशू खीष्टको संकायद्वारा अगाडि नै एकतृत भएका छन्, र त्यस्तो कार्य निरन्तर रहनेछ । त्यो एकताको उद्देश्यचाहिँ सुसमाचार हो ।

- "अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो" (यो प्रतिज्ञा हो (जस्तैः १६:२७; १४:२१,२३), तर यसको शर्त छ । परमेश्वरले करारका साधनहरूद्वारा मानिसहरूसँग सामना गर्नुहुन्छ ("यदि...तब"), ।

प्रेम (अगापे) भन्ने शब्द यूहन्ना १-१२ मा ८ चोटी आएको छ, तर यूहन्ना १३-१७ मा ३१ चोटी आएको छ। माथिल्लो कोठामा गरिएको कुराकानीले पुत्रको वचन र कार्यमा पिताद्वारा परमेश्वरको चरित्रमा प्रकट भएको कुरालाई जोड दिइन्छ, र त्यसपछिको पुनरुत्थान र विशेषगरेर पेन्तिकोसमा चेलाहरू द्वारा गरिन्छ। परमेश्वर प्रेम हुनुहुन्छ (जस्तैः १ यूहन्ना ४:७-२१)।

- "म जहाँ छु, मसँग रहून" येशू उहाँको महिमामा फर्कदैहुनुहुन्छ, र उहाँलाई पछ्याउनेहरूलाई ठाउँ तयार गर्दैहुनुहुन्छ (जस्तैः १४:१-३)। यो संसार हाम्रो घर होइन, जसै यो उहाँको पनि भएको थिएन ! यो उहाँको सृष्टि हो (उत्पत्ति १-२ अध्याय), र यसलाई स्थापित गरिनेछ (प्रकाश २१ -२२ अध्याय)।
- मेरो महिमा देखून्, जुन ... तपाईंले मलाई दिनुभएको थियो" स्पष्टरुपमा यो पदमा आएको "महिमा" भन्ने परिवेशले पद २२ मा दिएजस्तै अर्थ दिन सक्दैन। यहाँ येशूको सर्बोच्चतालाई अगाडि नै अस्तित्वमा रहेको ईश्वरको रूपमा समावेश गरेजस्तो देखिन्छ।
- "संसारको सृष्टि हुन अघि देखि नै" त्रियक परमेश्वर सृष्टि भन्दा अगाडि देखि नै छुटकाराको कार्यमा सकृय हुनुभयो। यो वाक्यांशलाई नयाँ करारमा धेरैचोटी प्रयोग गरिएको छ (मत्ती २५:३४; लूका ११:५०; एफिसी १:४; हिब्रू ४:३; ९:२६; १ पत्रुस १:२०; प्रकाश १३:८; १७:८)।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १७:२५-२६**

"धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर तपाईंलाई म चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन्, मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहेछु, ताकि जुन प्रेमले तपाईंले मलाई प्रेम गर्नुभयो, त्यो तिनी हरूमा रहोस्, र म तिमीहरूमा रहूँ।"

१७:२५ "धार्मिक पिता" यो शिर्षक नयाँ करारमा यहाँमात्र आएको छ। यो पद ११ मा दिइएको पवित्र पिताको समान रूपमा छ, र यो हिब्रू शब्द "नाप्ने छडी" बाट आएको छ। परमेश्वर न्याय गर्नमा स्तरिय हुनुहुन्छ। १ यूहन्ना २:२९ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

- "संसारले तपाईंलाई चिन्दैन" यो संसारले व्यवस्थित मानवीय समाज, र परमेश्वरबिना नै कार्य गरिरहेको छ (यूहन्नाको अनौठो प्रयोग), र परमेश वरलाई चिन्दैन (जस्तैः १७:२५), नत उहाँको पुत्रलाई नै चिन्दछ (जस्तैः १:१०)। यो दुष्ट र पापी छ (जस्तैः ३:१९-२०; ७:७)।
- "तर तपाईंलाई म चिन्दछु" येशू परमेश्वरको बारेमा जानकारीको उच्च र शुद्ध स्रोत हुनुहुन्छ (जस्तैः १:१८; ३:११)।

१७:२६ "मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरे" यसले पिताको चरित्रलाई येशूको प्रकाशमा बताइरहेको हुन्छ, र मानवजातिको छुटकाराको लागि योजना बनाउँदछ (जस्तैः पदहरू ६,११,१२; प्ररित २:२३; ३:१८; ४:२८)। पदहरू २५-२६ मा चिन्नु भन्ने शब्द पाँचचोटी आएको छ।

- "अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहेछु" यसले कित १) आत्माद्वारा येशूको तिरन्तर हुने प्रकाशलाई बताउँछ, जसले उहाँको शिक्षाहरू लाई स्पष्ट पार्दछ, वा २) मुक्ति (पीडाको हप्ता) को घटनाहरूको बारेका हुने बनाउँदछ। पाठको परिवेशले #१ लाई लागु गर्दछ। मुक्तिमा व्यक्ति र सन्देश, निर्णय र जीवनशैली, सुरुको विश्वास र निरन्तर विश्वासको संलग्नता रहन्छ। यसमा "जान्नु" भन्ने ग्रीक भनाइ र "जान्नु" भन्ने नै हिब्रू भनाइको संलग्नता रहन्छ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

तपाईंलाई यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डका मुख्य विषयहरूमा प्रदान गरेर सोच्नलाई मद्दत पुग्दछ। तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन्।

१. किन यो प्रार्थना ईश्वरशास्त्रीय रूपमा अति नै मुल्यवान छ ?
२. के यहूदा विश्वासी थिए, जो कृपाबाट पतन भए ?
३. हाम्रो एकताको उद्देश्य के हो ?
४. किन येशूको अगाडि नै रहेको अस्तित्व यति धेरै मुल्यवान छ ?
५. यो परिवेशमा यी मुख्य शब्दहरूलाई परिभाषित गर्नुहोस्:
   क. "महिमित"
   ख. "दिनु"
   ग. "जान्नु"
   घ. "पठाउनु"
   ङ. "नाउँ"
   च. "संसार"

# यूहन्ना १८ अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदको विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशूलाई धोका दिइएको र पक्राउ गरिएको | येशूलाई गेत्सेमनीमा धोका दिइएको र पक्राउ गरिएको | येशूको गिरफ्तारी, जाँच, क्रूसमा लगिएको र गाडिएको (18:1-19:42) | येशूको गिरफ्तारी | येशूको गिरफ्तारी |
| १८:१-११ | १८:१-११ | १८:१-११ | १८:१-४ | १८:१-९ |
| | | | १८:५क | |
| | | | १८:५ख | |
| | | | १८:५ग-७क | |
| | | | १८:७ख | |
| | | | १८:८-९ | |
| | | | १८:१०-११ | १८:१०-११ |
| येशू महान् पूजाहारीको अगाडि | महान् पूजाहारीको अगाडि | | येशू हन्नासको अगाडि | येशू हन्नासको अगाडि, र कैयाफा, पत्रुसले उहाँलाई होच्याएका |
| १८:१२-१४ | | १८:१२-१४ | १८:१२-१४ | १८:१२-१४ |
| पत्रुसले येशूलाई इन्कार गरेका | पत्रुसले येशूलाई इन्कार गरेका | | पत्रुसले येशूलाई इन्कार गरेका | |
| १८:१५-१८ | १८:१५-१८ | १८:१५-१८ | १८:१५-१७क | १८:१५-१८ |
| | | | १८:१७क | |
| | | | १८:१८ | |
| प्रधान पूजाहारीले येशूलाई प्रश्न गरेका | येशूलाई प्रधान पूजाहारीले प्रश्न गरेका | | प्रधान पूजाहारीले येशूलाई प्रश्न गरेका | |
| १८:१९-२४ | १८:१९-२४ | १८:१९-२४ | १८:१९-२१ | १८:१९-२४ |
| | | | १८:२२ | |
| | | | १८:२३ | |
| | | | १८:२४ | |
| पत्रुसले फेरी येशूलाई इन्कार गरेका | पत्रुसले येशूलाई दुईचोटी इन्कार गरेका | | पत्रुसले येशूलाई फेरी इन्कार गरेका | |
| १८:२५-२७ | १८:२५-२७ | १८:२५-२७ | १८:२५क | १८:२५-२७ |
| | | | १८:२५ख | |
| | | | १८:२६ | |
| | | | १८:२७ | |
| पिलातसले येशूलाई इन्कार गरेका | पत्रुसले पिलातसको दरबारमा | | येशू पिलातसको अगाडि | येशू पिलातसको अगाडि |
| १८:२८-३८क | १८:२८-३८ | १८:२८-३२ | १८:२८-२९ | १८:२८-३२ |
| | | | १८:३० | |
| | | | १८:३१क | |
| | | | १८:३१ख-३२ | |

| | | | | |
|---|---|---|---|---|
| | | १८:३३-३८क | १८:३३ | १८:३३-१९:३ |
| | | | १८:३४ | |
| | | | १८:३५ | |
| | | | १८:३६ | |
| | | | १८:३७क | |
| | | | १८:३७ख | |
| | | | १८:३८क | |
| येशूलाई मार्न लगिएको | बराबासको स्थानलाई लिएका | | येशूलाई मार्न लगिएको | |
| (१८:३८ख-१९:१६ग) | | | (१८:३८ख-१९:१६क) | |
| १८:३८ख-१९:७ | | १८:३८ख-१९:७ | १८:३८ख-३९ | |
| | १८:३९-४० | | | |
| | | | १८:४०-१९:३ | |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनाालई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाई, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस् । विषयहरूलाई पत्ता लगाउनुहोस् । तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## १८:१-४० को पाठगत अन्तर्दृष्टि

क. यूहन्नाले गेत्समनीमा भएको येशूको पीडालाई हटाएका छन् (यद्यपि १७ अध्याय समानान्तर हुन सक्छ) । यो कुरा प्रत्यक्ष छ, किनकि उनले येशूको गतिशिल चरित्रलाई जोड दिइरहेका छन्, जुनचाहिँ सबै परिस्थितिहरूको नियन्त्रणमा थियो । उहाँ आफैले आफ्नो जीवनलाई दिनुभयो ( जस्तैः १०:११,१५,१७,१८) ।

ख. यस खण्डका घटनाहरूको क्रम यूहन्ना बाहेकका सुसामाचारमा भन्दा केही अर्थमा फरक छन् । यो अन्तरले निम्नि गुणलाई देखाउन खोजे जस्तो छः
१. आँखाले प्रत्यक्ष देखेको गणनाको स्वभाव
२. लेखकको ईश्वरशास्त्रीय उद्देश्यहरू

ग. यूहन्नाको पुस्तक अन्य सुसमाचारभन्दा धेरै फरक छ । किन र कसरी भन्ने प्रश्नका उत्तर विद्धानवर्गले दिन सक्दैनन् । यस विषयमा मैले देखेको उत्तम छलफलमा गोर्डेन फि, र डग्लास स्टुवार्टको यसको सबै मुल्यमा बाइबललाई कसरी पढ्ने भन्ने हो, जहाँ यसले थुप्रै सिद्धान्तहरू दिएको छ । अन्ततः सुसमाचारका लेखकहरूले प्रेरणा पाएर निम्न कुराहरूको स्वतन्त्रता पाए:
१. त्यहाँबाट छानिएको
२. लिइएको

३. पुन मिलाइएको
येशूका कार्य र वचनहरू: तिनीहरूले वचन र कार्यहरू बनाउन सक्छन् भनेर मैले विश्वास गर्दिन, तर तिनीहरूको सुसमाचारिय उद्देश्यको निम्ति अंगालेर येशूलाई प्रकट गर्न विभिन्न मानिसहरूका समूहलाई मद्दत गर्न सकिन्थ्यो र यो कुरालाई संझनुहोस्, कि सुसमाचारहरू पश्चिमी इतिहासहरू होइनन् (जस्तैः कारण, असर र कालक्रम), तर पूर्वीय इतिहासहरू हुन् । तिनीहरू व्यक्तिको जीवनीहरू होइनन्, तर सुसमाचारीय पर्चाहरू हुन् । .

घ. यस खण्डको एउटा असल सान्दर्भिक पुस्तक, येशूको जाँचको कानुनसम्बन्धि कुराहरू (जस्तैः सभाघर ४:१) मा ए. एन. सर्विन ह्वाइटको रोमी समाज र नयाँ करारको रोमी कानुन भन्ने पुस्तकमा पाइन्छ ।

## शब्द र वाक्यांशको अध्ययन

### नासाब (अत्याधुनिक बनाइएको) पाठ १८:१-११

"यी कुरा भनिसकेर येशू आफ्ना चेलाहरूसँग खोल्सापारी जानुभयो । त्यहाँ एउटा बगैंचा थियो । येशू आफ्ना चेलाहरूसँग त्यहाँ प्रवेश गर्नुभयो उहाँलाई पक्राइदिने यहूदाले पनि त्यो ठाउँ चिनेको थियो, किनभने, येशू आफ्ना चेलाहरूसँग त्यहाँ धेरैजसो भेला हुनुहुन्थ्यो । तब बत्ती, राँको र हतियारहरू लिएका सिपाहीहरूको एक दल र मुख्य पूजाहारी र फरिसीहरूले पठाएका पहरेदारहरू लिएर यहूदा त्यहाँ आयो । तब आफूकहाँ आइ पर्ने सबै कुरा थाहा पाएर येशू अघि जानुभयो, र तिनीहरूलाई भन्नुभयो, तिमीहरू कसलाई खोज्दैछौं ? तिनीहरूले उहाँलाई भने, नाशरतका येशू लाई । येशूले तिनीहरूलाई भन्नुभयो, म उही हुँ । तब उहाँलाई पक्राइदिने यहूदा पनि तिनीहरूसँगै उभिरहेको थियो । जब उहाँले तिनीहरूलाई म उही हुँ भन्नुभयो, तब तिनीहरू पछि हटे, अनि भूँइमा लोटे । फेरी उहाँले तिनीहरूलाई सोध्नुभयो, तिमीहरू कसलाई खोज्दैछौं ? तिनीहरूले भने, नाशरतका येशूलाई । येशूले जवाफ दिनुभयो, मैले तिमीहरूलाई भनिहालें, म उही हुँ । यसकारण यदि तिमीहरू मलाई खोज्दैछौं भने, यी मानिस हरूलाई चाहिँ जान देओ । तपाईंले मलाई दिनुभएकाहरूमध्ये एउटालाई पनि मैले गुमाइन भनी उहाँले भन्नुभएको वचन पूरा होस् भनेर यो भयो। सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको कमारालाई प्रहार गरे, र त्यसको दाहिने कान च्वाट्टै काटिदिए । त्यस कमाराको नाउँ माल्कस थियो । येशूले पत्रुसलाई भन्नुभयो, तरवार म्यानमा हाल । के पिताले मलाई दिनुभएको कचौरा म नपिऊँ ?"

१८:१ "किद्रोनको खोल्सापारी" "खोल्सापारी" भन्ने परिवेशको अर्थ "हिँउदे खोला" वा "थलथले जमिन" भन्ने हुन्छ । "किद्रोन" को अर्थ (विडिवि ८७१) १) देवदार वा २) कालो रुख भन्ने हुन्छ । यो यस्तो खालको खोला थियो, जुनचाहिँ गर्मिको समयमा पूर्ण रूपमा सुख्खा हुन्थ्यो, तर जाडो बेलामा पानी बग्थ्यो। यो स्थान थियो, जहाँबाट मोरीया पर्वतबाट बलि चढाएको रगत बग्ने गर्दथ्यो । यसको स्रोतको वर्णन "कालो" भनेर गरिएको हुन सक्छ । यो मन्दिरको पर्वत वा जैतुनको पर्वतको बीचमा थियो (जस्तैः सेप्टुजुआन्ट, २ शमूएल १५:२३; २ राजा २३:४,६,१२; २ इतिहास १५:१६; २९:१६; ३०:१४; यर्मिया ३१:४०) ।
यो बिन्दुमा आएर ग्रीक हस्तलेखनमा विविधता छन्:
१. "देवदारहरूको" (केडरन) एमएसएस !,, बि, सि, एल र अन्य धेरै हस्तलेखनहरू
२. "देवदारको" (केडरु) एमएसएस !*, डि र डब्लू मा
३. "किद्रोनको" (केडरन) एमएसएस को ए र एस मा
संयुक्त बाइबल समाजको चौथो संस्करणको प्रयोग #३

- "एउटा बगैंचा" यो खण्डले येशूको गेत्समनीमा भएको दर्दलाई पूर्ण रूपमा हटाउँदछ, तर यसले त्यो बगैंचामा हुने गिरफ्तारीको घटनालाई राख्दछ । यो यशूको मनपर्ने विश्रा मगर्ने स्थान थियो (जस्तैः पद २; लूका २२:३९) । अन्ततः येशू उहाँको जीवनको अन्तिम हप्ताको समयमा यहाँ सुत्नुभयो (लूका २१:३७) ।

यरुशलेममा बगैंचाहरूलाई अनुमति दिएको थिएन, किनकि यसलाई खाँचो पर्ने खाद बनाउँदा यसले फोहोर पार्थथ्यो । त्यसकारण धेरै धनी मानिस हरूले जैतुनको पर्वतमा दाखबारी र फलफूल खेत ागर्ने गर्थे ।

१८:२ यो यूहन्नाको अर्को सम्पादकीय टिप्पणी हो ।

- "यहूदा" यहाँ यहूदा र उसको विचारको बारेमा धेरै अनुमान गरिएको छ । उनलाई यहाँ बताइएको छ, र यूहन्नाको सुसमाचारमा कतिचोटी भ भुटो निन्दा पनि गरिएको छ (जस्तैः ६:७०-७१; १२:४; १३:२,२६,२७; १८:२,३,५) । आधुनिक नाटकमा येशूलाई विश्वासयोग्यतामा महान् नायकको रूपमा राख्दथ्यो, तर भ्रामक पारिदैनथ्यो । उहाँलाई पछ्याउनेहरू, जसले पुरानो करारको यहूदी मसिहको भूमिकालाई पूरा गर्न येशूलाई बल प्रदान गरेर कोसिस गरिरहेका थिए, रोमीहरूलाई फ्याँक्ने, पापीहरूलाई सजायँ दिने, संसारको राजधानीको रूपमा यरुशलेमलाई बनाउने कार्य तिनीहरूको थियो । तरैपनि, यूहन्नाले उनको आचरणलाई लोभी र शुद्ध रूपमा प्रेरित भएको कुरालाई राखे ।

त्यहाँ भएको मुख्य समस्या परमेवरको सर्वोच्चता र मानिसको स्वतन्त्र चाहनामा ईश्वरशास्त्रीय थियो । के येशू वा परमेश्वरले यहूदालाई बढाइ-चढाइ गर्नुभयो ? के यहूदा शैतानले उनलाई नियन्त्रण गर्दाखेरि उनको कार्यको निम्ति जिम्मेवार थिए, वा परमेश्वर अगाडि नै देखा पर्नुभयो, र येशूलाई छल गर्ने कारण बनाउनुभयो ? बाइबलले यी सिधा प्रश्नहरूलाई बताउन खोजिरहेको छैन । परमेश्वर इतिहासको नियन्त्रणमा हुनुहुन्छ, र उहाँलाई भविष्य का घटनाहरू थाहा छ, तर मानवजाति छनोट र कार्यहरूको निम्ति जिम्मेवार छन् । परमेश्वर स्पष्ट हुनुहुन्छ, र उहाँले बढाइ-चढाइ गर्नुहुन्न । त्यहाँ यहूदालाई प्रतिरक्ष ागर्ने अर्को पुस्तक छ - यहूदालाई ठग्ने वा येशूको मित्र ? विलियम क्लासेनले लेखेको र सन् १९९६ मा फोरट्रेस प्रेसले प्रकाशन गरेको । यस पुस्तकसँग म सहमत हुँदिन, किनकि यसले यहूदाको बारेमा यूहन्नाको गवाहीलाई निरुत्साहित पार्दछ, तर यो अति नै चाख लाग्दो छ, र विचारलाई पनि पढावा दिँदछ ।

## विशेष शिर्षक: चुनाउ/भाग्य र ईश्वरशास्त्रीय सन्तुतलको खाँचो

चुनाउ अचम्म लाग्ने सिद्धान्त हो, तरैपनि, यसलाई पक्षमा बोलाइएको हुँदैन, तर यो सम्बन्धको बोलावट र अरूहरूको छुटकाराको लागि साधन वा समाग्री बन्दछ। सामान्यतया पुरानो करारमा यो परिवेशलाई सेवाको निम्ति प्रयोग गरियो भने, सामान्यतया नयाँ करारमा यसलाई मुक्तिको निम्ति प्रयोग गरियो, जसले सेवा दिने कार्य गर्दछ। बाइबलले कहिल्यै पनि परमेश्वरको सर्बोच्चता र मानिसको स्वतन्त्र चाहनाको बीचमा विरोधाभाष ल्याएर मिलाप गर्दैन, तर तिनीहरू दुवैलाई निश्चित गर्दछ। बाइबलीय चिन्तामा भएको एउटा असल नमुना परमेश्वरको सर्बोच्च छनोटमा रोमी ९ अध्याय र मानवजातिको आवश्यकीय प्रतिक्रियामा रोमी १० अध्याय पर्दछ (जस्तैः १०:११,१३)।

यो ईश्वरशस्त्रीय चिन्ताको मुख्य विषय एफिसी १:४ मा पाउन सकिन्छ। येशू परमेश्वरको चुनाउ हुनुहुन्छ, र उहाँमा सबै नै सम्भाव्यरूपमा छानिएका छन् (कार्ल वार्थ)। येशू पतन भएको मानवजातिको निम्ति परमेश्वको "हो" हुनुहुन्छ (कार्ल वार्थ)। एफिसी १:४ ले त्यो विषयलाई स्पष्ट पार्न मद्दत गर्दछ, कि अगाडि नै देखापरेको लक्ष्यलाई बनाउनु स्वर्ग होइन, तर पवित्रपन वा ख्रीष्टपनजस्तै हो। हामी कतिचोटी सुसमाचारको फाइदाको निम्ति आकर्षित भएका छौं, र जिम्मेवारीहरूलाई इन्कार गर्दछौं। परमेश्वरको बोलावट वा चुनाउ भनेको समयको साथसाथै अनन्तताको लागि पनि हो।

सिद्धान्तहरू एउटा असम्बन्धित सत्यतासँग होइन, तर अन्य सत्यताको सम्बन्धमा आउँदछ। एउटा असल अनुमान एउटा ताराको विरुद्धमा तारामण्डल हुने गर्दथे। परमेश्वरले सत्यतालाई पश्चिमी शैलीमा नभएर पूर्वीय शैलीमा प्रस्तुत गर्नुहुन्छ। हामीले भाषागत (विडम्बनापूर्ण) जोडीले सैद्धान्तिक सत्यतालाई बनाएको चिन्तालाई हटाउनु पर्दैन।

१. भाग्यको विरुद्धमा मानवीय स्वतन्त्र चाहना
२. विश्वासीहरूको सुरक्षाको विरुद्धमा धैर्यताको निम्ति खाँचो
३. सुरुको पापको विरुद्धमा स्वइच्छाको पाप
४. पापरहितपना (सिद्धतापन) को विरुद्धमा पाप क मगर्ने
५. सुरुको तत्कालिन न्याय र शुद्धिकरणको विरुद्धमा प्रगतिशिल शद्धिकरण
६. ख्रीष्टियन स्वतन्त्रताको विरुद्धमा ख्रीष्टियन जिम्मेवारी
७. परमेश्वरको अलौकिकपनको विरुद्धमा परमेश्वरको उपस्थिति
८. परमेश्वरको अन्तिम अपरिचितपनको विरुद्धमा परमेश्वर बाइबलमा परिचित हुनुहुने
९. परमेश्वरको राज्य वर्तमान् रूपमाको विरुद्धमा भविष्यको उपभोग
१०। पश्चात्ताप परमेश्वरको वरदानको विरुद्धमा पश्चात्ताप मानवजातिको करारको प्रतिक्रियाको आवश्यकीय रूपमा
११. येशू अलौकिकको विरुद्धमा येशू मानवीय रूपमा
१२. येशू पिताको समान्ताको विरुद्धमा येशू पिताको सेवा पुर्‍याउने व्यक्तिको रूपमा

"करार"को ईश्वरशास्त्रीय विचारले सुरुको र निरन्तर नभइहुने पश्चात्तापमा मानिसबाट आएको विश्वासको प्रतिक्रियामा परमेश्वरको सर्बोच्चतालाई एकतृत गर्दछ, (जसले सधैं नै सकृयता लिन्छन्, र विषयलाई मिलाउँदछन्)। सुरुको र निरन्तर नभइनहुने पश्चात्तापमा मानिसहरूबाट विश्वासको प्रतिक्रिया आउँछ। पाठको प्रमाणको रूपमा विडम्बनाको एक पक्षमा र अर्कोलाई निरुत्साहित पार्दा होसियार हनहोस। तपाईंलाई मनपर्ने सिद्धान्त वा ईश्वरशास्त्रको व्यवस्थालाई बताउने कुरामा हेसियार हनुहोस्।

१८:३
नासाब "रोमी दल"
एनकेजेभि "आर्मीहरूलाई अगल गर्ने"
एनआरएसभि "सिपाहीहरूको अलग"
टिइभि "रोमी सिपाहीहरूको एउटा समूह"
एनजेबि "रोमी दल"

यसले रोमी सिपाहीको समूहलाई बताउँदछ, जसमा समूहको दशौं भाग हुन्छ, र त्यो एन्टोनिओ भन्ने किल्लामा मन्दिरको पल्लोपट्टी ६०० जनासम्मका मानिसहरू राखिएको हुन्छ (जस्तैः प्रेरित २१:३१-३३)। त्यो ठूलो समूहलाई बोलाउने सम्भावना अति कम थियो। यी रोमीहरूले यरुशलेममा चाडवाडको समयको अवधिमा हुलदङ्गा मच्चाउन तयारी गरिरहेका हुन्थे। ती सिपाहीहरूलाई कैसरीयाको समुद्री भागतर्फ पठाएर आवश्यक सावधानी अपनाउने गरिन्थ्यो। रोमीहरू येशूको जाँचमा संलग्न भएका थिए, किनकि यहूदीहरूले येशूलाई क्रूसमा चढाएको चाहना राख्थे। यस्तो कार्यमा रोमी सरकारको सहायता र अनुमति प्राप्त गर्नको लागि धेरै दिनहरू लाग्ने गर्दथ्यो। .

- "सिपाहीहरूको एक दल र मुख्य पूजाहारी" लेवीहरूको मन्दिरको पहरेदारको लागि रोमी फौज तैनाथ हुन्थे। तिनीहरूले येशूलाई पक्रनको लागि अगाडि नै एकचोटी असफल भएका थिए (जस्तैः ७:३२,४५)।

- "हतियारहरू" रोमी सिपाहीहरूले भाला लिएका हुन्थे, र मन्दिरका पहरेदारहरूले लाठो लिएका हुन्थे (मत्ती २६:४३; मर्कूस १४:१३; लूका २२:५२)।

१८:४ "सबै कुरा थाहा पाएर येशू" येशूको आफ्नै ज्ञान, नियन्त्रण, पक्रिने, जाँच र क्रूसमा चढाइने कुरामा यसले बलियो जोड दिएको छ (जस्तैः १०:११,१५,१७,१८)। येशूलाई क्रूसमा लगिने ~~क्रुस~~ अचानक भएको थिएन (जस्तैः मर्कूस १०:४५; प्रेरित २:२३; ३:१८; ४:२८)। यो विषय यूहन्नाको सुसमाचारको विशेषता हो, र किन उनले येशूको गेत्सेमनीमा भएको संघर्षको बारेमा कुनै पनि कुराको अभिलेख राखेनन्।

१८:५
नासाब, एनजेबि "येशू नाजरी"
एनकेजेभि, एनआरएसभि, टिइभि "येशू नाजरी"

नाजरी भन्ने शब्दको परिवेशको इतिहासको बारेमा त्यहाँ केही छलफल भएका छन् । यसको सम्भाव्य अर्थ यो पनि हुन सक्छ, किः १) नाजरी; २) नाजराइट (जस्तैः गन्ती ६ अध्याय); वा ३) नाशरतबाट । नयाँ करारको प्रयोग (मत्ती २:२३) ले #३ लाई निश्चित गर्दछ । कतिले हिब्रूको व्यञ्जनवर्ण नजर लाई मसिहिय शिर्षकको "शाखाको रूपमा" लिएका छन् (नजर, जस्तैः यशैया ११:१; १४:१९; ६०:२१) ।

## विशेष शिर्षकः येशू नाजरी

त्यहाँ नयाँ करारमा येशूको बारेमा बताउने थुप्रै विविध खालका ग्रीक परिवेशहरू छन् ।

क. नयाँ करारका परिवेशहरू

१. नासरत - गालीलको एउटा सहर (जस्तैः लूका १:२६; २:४,३९,५१; ४:१६; प्रेरित १०:३८) । यो सहरलाई समकालिन स्रोतहरूमा बताइएको छैन, तर पछिका लेखहरूमा पाइएको छ ।

येशूको निम्ति उहाँ नासरतबाट आएको भन्ने कुराको पूर्णता थिएन (जस्तैः यूहन्ना १:४६) । येशूको क्रूसमाथि भएको संकेतले यो स्थानको नाउँमा यहूदी परिवेशको संकेतलाई गरियो ।

२. नाजरिनोस - यसले भौगोलिक स्थानलाई देखाएकोजस्तो देखिन्छ (लूका ४:३४, २४:१९) ।

३. नाजरेइओस - यसले सहरलाई बताउन सक्छ, तर यो हिब्रू मसिहिय परिवेशको "शाखा"को नाटक पनि हुने गर्दथ्यो (नेटजर, जस्तैः यशैया ४:२; ११:१; ५३:२; यर्मिया २३:५; ३३:१५; जकरिया ३:८; ६:१२; नयाँ करारमा प्रकाश २२:१६) । लूकाले यसलाई येशूको निम्ति १८:३७ र प्रेरितमा २:२२; ३:६; ४:१०; ६:१४; २२:८; २४:५; २६:९ मा प्रयोग गर्दछन् ।

४. ३ को नजिरसँग सम्बन्धित भएको जसको अर्थ "प्रतिज्ञा गरिएको साधनद्वारा कसैलाई शुद्ध गरिएको" भन्ने हुन्छ ।

ख. नयाँ करारभन्दा बाहिरको ऐतिहासिक प्रयोग

१. यसले यहूदी (ख्रीष्टियन हुनुभन्दा पहिलेको) झुटा शिक्षाको समूहलाई देखायो (आरमाइक नासराई)

२. यसलाई यहूदी समुदायमा भएका येशूका विश्वासीहरूलाई वर्णन गर्न प्रयोग गरिएको थियो (जस्तैः प्रेरित २४:५,१४; २८:२२, नासरी)

३. यो सिरियाका (आरमाइका) मण्डलीका विश्वासीहरूलाई देखाउने नियमित परिवेश बन्यो । ग्रीक मण्डलीमा विश्वासीहरूलाई देखाउन "ख्रीष्टियन" भन्ने शब्द प्रयोग गरिएको थियो ।

४. यरुशलेमको पतन भएको केही समयपछि, फरिसीहरूले जामनियालाई पहिचान गरे, र मण्डली र सभाघरको बीचमा उक्साएर औपचारिक रूपमा छुट्टयाउने कार्य भयो । यस्तो किसिमको ख्रीष्टियनहरूको विरुद्धमा गरिएको श्रापको सुत्रको प्रकारको उदाहरण बेराकोथ २८ख-२९क को "१८ औं घोषणापत्र" मा पाइन्छ, जसलाई विश्वासीहरूको "नाजरिन" भनेर भनिन्छ ।

"केही क्षणको लागि नाजरिन र झुटा शिक्षा लोप हुन सक्छ; त्यसलाई जीवनको पुस्तकबाट हटाउनेछ, र विश्वासयोग्यकासाथ लेखिने छैन" ।

५. यसलाई जष्टिन मार्टेरले प्रयोग गरेका थिए, डाएल. १२६:१, जसले यशैयाको येशूको नेटजर भन्नेलाई प्रयोग गरे

ग. लेखकको विचार

यो परिवेशमा यति धेरै हिज्जे आउँदा म अचम्ममा परेको छु, यद्यपि मलाई यो कुरा थाहा छ, कि पुरानो करारमा नसुनिएको कुरा "यहोशू" मा भएजस्तै हिब्रूमा पनि विविध खालका थुप्रै हिज्जेहरू छन् । यी तलका सूचीहरूले यसको निश्चित अर्थ दिन मलाई अनिश्चित रहिरहने कारण बनायोः

१. "शाखा" (नेटजर) भन्ने मसिहिय परिवेशसँग नजिकको सम्बन्ध हुने वा नजिर भन्ने उस्तै परिवेश (प्रतिज्ञा गरिएको साधनद्वारा कसैलाई शुद्ध पारिएको)

२. गालिलको नकारात्मक भनाइ

३. गालीलको नासरत सहरको स्पष्ट वा थोरै प्रमाण नदिनु

४. यो भविष्यसम्बन्धिको भावनामा शैतानको मुखबाट आउनु (जस्तैः "के तपाईं हामीलाई नाश गर्न आउनुभएको हो ?")

यो शब्द समूहको जीवनीमा पूर्ण अध्ययनको लागि कोलिन ब्राउनको नयाँ करारको ईश्वरशास्त्रको नयाँ अन्तर्राष्ट्रिय शब्दकोषको इकाई २ को पाना ३४६ वा रेमण्ड ई. ब्राउनको जन्म भन्ने पुस्तकको पानाहरू २०९-२१३ र २२३-२२५ हेर्नुहोस् ।

- "म उही हुँ" यो शाब्दिक अर्थमा "म हुँ" भन्ने हुन्छ, हिब्रू क्रियापद "हुनु" हो (६:२० मा विशेष शिर्षकलाई हेर्नुहोस्), जसलाई यहूदीहरूले यहोवाको रूपमा सम्बन्धित बनाउँदछन्, जुनचाहिँ परमेश्वरको करारको नाउँ हो (जस्तैः प्रस्थान ३:१४ र यशैया ४१:४) । येशूले यो महान् ईश्वरको भनाईलाई यो उही व्याकरणीय तरिकाले (अहम वा इमी) ४:२६; ८:२४,२८,५८, र १३:१९ मा नाङ्गोपन बनाउँदछन् (जस्तैः प्रस्थान ३:१४; यशैया ४१:४) । यसमा यो परिवेशमा जोड दिनको लागि तीनचोटी दोहोऱ्याइएको छ (पदहरू ६,८) । यो व्याकरणीय संरचना येशूको "म हुँ" भन्ने भनाइभन्दा फरक छ । .

- "तब उहाँलाई पक्राइदिने यहूदा पनि तिनीहरूसँगै उभिरहेको थियो" यो यूहन्नाका सुसमाचारका लेखकले आफ्नै आँखाले देखेको अर्को सम्पादकीय टिप्पणी हो ।

१८:६ "तब तिनीहरू पछि हटे, अनि भूँइमा लोटे" यूहन्नाले यसलाई येशूको गतिशिल चरित्र र उपस्थितिलाई जोड दिनको लागि लेखे । यसले उल्टो कुरा लागु गर्दैन (कसैको अगाडि निहुरिने), तर डर आउँदछ ।

१८:७ "फेरी उहाँले तिनीहरूलाई सोध्नुभयो" येशूले आफैलाई ध्यान केन्द्रित गर्दैहुनुहुन्थ्यो, र चेलाहरूबाट टाढा रहनुभयो । त्यसमा पद ८ को त्यतिबेलाको परिवेशलाई मिलाएको जस्तो देखिन्छ ।

१८:१८ "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, यसको भनाइ तिनीहरूले खोजिरहेका थिए भन्ने हुन्छ ।

- "यी मानिसहरूलाई चाहिँ जान देओ" यो एओरिष्ट सकृय सूचक हो । यसमा जकरीय १३:७ बाट आएको अगमवाणीलाई पूरा गरिएको छ (जस्तैः मत्ती २६:३१; यूहन्ना १६:३२) ।

१८:९ "उहाँले भन्नुभएको वचन पूरा होस्" यो १६:३२ मा आएको सन्दर्भ जस्तो देखिन्छ, तर १७:१२ मा यसलाई भनिएको छ ।

१८:१० "सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको कमारालाई प्रहार गरे, र त्यसको दाहिने कान च्वाट्टै काटिदिए" पत्रुसले उनको कानलाई प्राप्त गर्ने लक्ष्य राखेका थिएनन्, तर उनको टाउको थियो ! यसले यो कुरा देखाउँदछ, कि येशूको लागि पत्रुसले मर्ने चाहना गरेका थिए । पत्रुस को कार्य लूका २२:३६-३८ मा आएको गलत भनाइ हुन सक्छ । लूका २२:५१ ले हामीलाई यो कुराको जनाकारी गराउँदछ, कि येशूले मानिसको कानलाई छोएर निको पार्नुभयो ।

- "त्यस कमाराको नाउँ माल्कस थियो" केवल यूहन्नाले मात्रै यस सम्पादकीय टिप्पणीमा उनको नाउँलाई बताएका छन् । यसले आफ्नै आँखाले देखेको कुरालाई बताउँदछ । यूहन्नाका लेखक बगैंचामा थिए !

१८:११ "कचौरा" पुरानो करारमा यो अलंकारलाई व्यक्तिको गन्तव्यको संकेतको बारेमा प्रयोग गरियो, र यो सामान्यतया नकारात्मक भावनामा थियो ( जस्तैः भजनसंग्रह ११:६; ६०:३; ७५:८; यशैया ४१:१७,२२; यर्मिया २५:१५,१६,२७-२८) ।

येशूको प्रश्नमा आएको व्याकरणीय स्वरुपले "हो" भन्ने उत्तरको आशा राख्दछ । पत्रुसले फेरी कोही व्यक्तिको रूपमा कार्य गरिरहेका छन्, जसले यो गर्न उत्तम थियो भनेर जान्दछन् .मत्ती १६:२२; यूहन्ना १३:८) ।

यहाँ प्रयोग गरिएको "कचौरा" भन्दा अन्य सुसमाचारमा प्रयोग गरिएको येशूको गेत्सेमनीको पीडाको गणना धेरै फरक छ । यूहन्नाको निम्ति येशू पूर्ण नियन्त्रणको घटनामा हुनुहुन्छ ! यूहन्नाले येशूलाई निश्चित रूपमा प्रस्तुत गर्दछन्, डरपूर्ण रूपमा चाहिँ होइन (जस्तैः पद ४; १३:१,११) !

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १८:१२-१४

"त्यसपछि सिपाहीहरूका दल, तिनीहरूका कप्तान र यहूदीहरूका पहरेदारहरूले येशूलाई पक्रे र उहाँलाई बाँधे । पहिले तिनीहरूले उहाँलाई हन्नासकहाँ लगे, र जो त्यस सालका प्रधान पूजाहारी कैयाफाका ससुरा थिए । यी तिनै कैयाफा थिए, जसले जनताको निम्ति एकजना मानिस मर्नु मा नै कल्याण छ भनी यहूदीहरूलाई सल्लाह दिएका थिए । .

१८:१२
नासाब "रोमी दल र कमाण्डर"
एनकेजेभ "सिपाहीहरूको सम्बन्ध विच्छेद र कमाण्डर"
एनआरएसभि "सिपाहीहरू र तिनीहरूका हाकीम"
टिइभि "रोमी सिपाहीहरू र तिनीहरूलाई आज्ञा गर्ने हाकीम"
एनजेबि "त्यो दल र त्यसका लोकप्रिय नेता"

रोमी सिपाहीका इकाईका नाउँहरूलाई पूर्ण सहयोगी सिपाहीहरूको संलग्नताको संख्यामा लिइएको थियोः

१. दल - यसले ६०० जना मानिसहरूको समूहसम्मलाई बताउँदछ (जस्तैः पद ३)

२. कमाण्डर - यसमा १,००० जनासम्मको संख्या हुन्छ (चिलिआर्क, जस्तैः प्रेरित २१:३१;; २२:२४; २३:१०; २४:७) ।

यो शिर्षकले येशूलाई पक्रने सिपाहीहरूको समूह ठूलो वा सानो थियो भन्ने बारेमा केही पनि बताएको छैन । प्यालेष्टाइनको २ मा सामान्य अर्थमा सिपाही हरूको सानो समूहको अगुवा भन्ने हुन्थ्यो ।

- "उहाँलाई बाँधे" यसले तिनीहरू विशेषगरेर येशूसँग डराइरहेका थिए भन्ने कुरा लागु गर्दैन, तर यो सामान्य प्रकृयामा भएजस्तो देखिन्छ (जस्तैः पद २४)

१८:१३ "पहिले तिनीहरूले उहाँलाई हन्नासकहाँ लगे" त्यहाँ हन्नास र कैयाफाको अगाडि भएका भेटहरूका जाँचहरूमा धेरै छलफल भएको हुनुपर्छ । यूहन्ना बाहेकका सुसमाचारले कहिल्यै पनि हन्नाससँग भेटेको कुरालाई बताएका छैनन् । यूहन्नाको टिप्पणी पद २४ भएजस्तो देखिन्छ, तर यो येशूको जाँच को बारेमा यूहन्ना बाहेकका सुसमाचारका गणनाहरूमा नभइनहुने भाग बनेको छ (जस्तैः मत्ती २६:५७; मर्कूस १४:५३

पुरानो करारमा महान् पूजाहारी जीवनको निम्ति हुन्थे, र हरेक व्यक्ति हारुनको वंशको हुनुपदर्थ्यौ । तरैपनि, रोमीहरूले यो अफिसलाई राजनैतिक अवस्थामा परिवर्तन गरेका थिए, र लेवीको परिवारबाट किनिएका थिए । प्रधान पूजाहारीले महिलाहरूको न्यायालयमा व्यापार गर्ने स्थानलाई सुरु गरेर नियन्त्रण गरे । येशूको मन्दिरलाई शुद्धिकरण गर्ने कार्यले यो परिवारलाई रीस उठ्ने बनायो ।

फ्लेभियस जोसेफसका अनुसार, हन्ना ६-१४ ई.सं. देखि प्रधान पूजाहारी बने । उनलाई सिरियाका बडा हाकिम क्युरिनियसले नियुक्ति गरेका थिए, र भ्यालेरियस ग्राससले हटाएका थिए । पछि गएर उनका मित्रहरू (पाँचजना छोराहरू र एकजना नाती) ले उनको स्थान लिए । कैयाफास (१८-३६ ई.सं.) उनको ज्याई (जस्तैः यूहन्ना १८:१३) ले तत्कालै जिम्मेवारी सम्हालेका थिए । अफिस भन्दा बाहिर पनि वास्तविक शक्ति हन्नासकै थियो । यूहन्नाले उनलाई येशूले लिएर जानुभएको व्यक्तिको रूपमा वर्णन गर्दछन् (जस्तैः १८:१३; १९-२२) ।

१८:१४ यो यूहन्नाले बताएको अर्को सम्पादकीय टिप्पणी हो, जस्तै पदहरू १५, र १८ छन् । .

- “कैयाफा” यूहन्नाको कैयाफासँग भएको मुख्य वास्ता यो थियो, कि उनले येशूको मृत्युको बारेमा थाहा नपाईकनै अगमवाणी गरेका थिए (जस्तैः ११:५०)। उनी हन्नासका ज्याई थिए, र १८-३६ ई.सं. बाट प्रधान पूजाहारी बनेका थिए। ११:४९ को टिपोटलाई हेर्नुहोस्।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ १८:१५-१८

“ सिमोन पत्रुस र येशूका अर्का एकजना चेला येशूका पछि लागे। ती अर्काचाहिँ चेला प्रधान पूजाहारीका चिनारु थिए, र येशूसँगै प्रधान को आगनमा पसे। तर पत्रुस बाहिर ढोकामा उभिरहेका थिए। ती अर्काचाहिँ चेलाले, जो प्रधान पूजाहारीका चिनारु थिए, बाहिर निस्केर ढोकामा बस्ने ठिटीलाई भनेर पत्रुसलाई भित्र ल्याए। तब ढोकामा बस्ने त्यस ठिटीले पत्रुसलाई भनी, के तिमी पनि यस मानिसका चेलाहरूमध्ये एकजना हौं ? तिनले भने, म होइनँ। त्यहाँ कमारा र पहरेदारहरू आगोको भुङ्ग्रो ताप्दै उभिरहेका थिए; किनभने जाडो थियो। अनि पत्रुस पनि तिनीहरू सँग उभिएर आगो ताप्न लागे।

१८:१५ “सिमोन पत्रुस र येशूका अर्का एकजना चेला येशूका पछि लागे” यी अर्का एकजना चेलाको पहिचानको बारेमा धेरै छलफल भएको छ।

१. परम्परागत सिद्धान्तमा यो कुरा भएको छ, कि यी यूहन्ना प्रेरित नै हुन किनकि यस्तै खालको वाक्यांश २०:२,३,४ र ८ मा प्रयोग गरिएको छ। यूहन्ना १९:२५ मा अर्को पनि सम्भाव्य जोड्ने कुरा दिइएको छ, जसको नाउँ यूहन्नाको आमा हो, जोचाहिँ सम्भवत् मरियमको दिदी हुनुपर्छ, जसको उनी लेवी भएको हुनुपर्छ, र त्यसकारण पूजाहारीको परिवारको हुनुपर्छ (जस्तैः पोलीकार्पको गवाही)।
२. यसमा स्थानीय नाउँ दिइएका पछ्याउनेहरू जस्तैः निकोदेमश वा अरिमाथियाका योसेफ हुनसक्छ, किनकि तिनीहरूको सम्बन्ध प्रधान पूजाहारी र उनको परिवारसँग भएको थियो (पदहरू १५-१६)।

“ती अर्काचाहिँ चेला प्रधान पूजाहारीका चिनारु थिए” यो “परिचय” भन्ने परिवेशलाई ठूलो जोड दिइएको छ, र जसको अर्थ “घनिष्ट मित्र” भन्ने हुन्छ ( जस्तैः लूका २:४४; २३:४९)। यदि यूहन्नाले यसलाई माछा मार्ने व्यवसायसँग सम्बन्ध राख्ने हो भने, जुनचाहिँ कार्य यरुशलेममा माछा ल्याउनको लागि उनको परिवार नियमति रूपमा संलग्न भएको हुनुपर्दथ्यो।

१८:१७ “तब ढोकामा बस्ने त्यस ठिटीले पत्रुसलाई भनी, के तिमी पनि यस मानिसका चेलाहरूमध्ये एकजना हौं ?” पद २५ जस्तै यो व्याकरणीय स्वरुपले “होइन” भन्ने स्वरुपको आशा राख्दछ। यसले इन्कार गर्ने कुरालाई देखाउँदछ, जसले येशूको नाउँ प्रयोग नगर्ने संलग्नतामा समावेश भएका हुन्छन्। उनले यसलाई निम्न कारणले गर्दा सोधेको हुनुपर्छः १) पत्रुसको यूहन्नासँगको सम्बन्ध वा २) पत्रुको गालीलमा दिइएको जोड।

- “तिनले भने, म होइनँ” पत्रुसले येशूको निम्ति मर्नलाई तयार भइरहेको हुनुपर्छ, तर उनी साँचोरूपमा ती ठिटीको प्रश्नको उत्तर दिनलाई तयार थिएनन्। सुसमाचारका पत्रहरूमा यी तीनवटै इन्कारीलाई सँगसँगै राखिएका छन्, तर यूहन्नामा तिनीहरूलाई हन्नासले येशूको निम्ति प्रश्न गर्दा अलग्गै राखिएका छन् (जस्तैः पद २४)। पत्रुसको “म हुँ” भन्ने भनाइ येशूको “म हुँ” भन्ने भनाइभन्दा ठयाक्कै उल्टो छ (जस्तैः पद ५)।

१८१८ यो कथा यस्तो विविध आफ्नै आँखाले देखेका कुराहरूसँग भनिएको थियो। यी दुवै १८ र २५ को पदहरूले परिधिको असिद्धपनलाई देखाएका छन्।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १८:१९-२४)

“अब प्रधान पूजाहारीले येशूलाई उहाँका चेलाहरू र उहाँका शिक्षाका विषयमा सोधे। येशूले तिनालाई जवाफ दिनुभयो। मैले संसारलाई भनेको छु। मैले सधैं सभाघरमा र मन्दिरमा शिक्षा दिएको छु, जहाँ सबै यहूदीहरू भेला हुन्छन्। मैले गुप्तमा केही भनेको छैन। मलाई किन सोध्नुहुन्छ ? मैले तिनीहरूलाई के भने, सो सुन्नेहरूलाई नै सोध्नुहोस्। मैले भनेका कुराहरू तिनीहरूलाई थाहा छ। येशूले यी कुरा भन्नुहुँदा नजिकमा उभिएका पहरेदारमध्ये एकजनाले यसो भन्दै येशूलाई थप्पड लायो, के प्रधान पूजाहारीलाई यसरी जवाफ दिन्छस् ? येशूले त्यसलाई भन्नुभयो, मैले बेठीक भनेको भए, त्यसको गवाही देऊ। तर यदि मैले ठीकै भनेको हो भने, मलाई किन हिर्काउछौं ? तब हन्नासले उहाँलाई बाँधिएकै अवस्थामा प्रधान पूजाहारी कैयाफाकहाँ पठाए।”

“अब प्रधान पूजाहारीले येशूलाई उहाँका चेलाहरू र उहाँका शिक्षाका विषयमा सोधे” यसले हन्नासलाई बताउने गर्दछ, र कैयाफालाई चाहिँ होइन। हन्ना सचाहिँ सिंहासनको पछाडिको शक्ति थियो। उनले ६-१५ ई. सं. शासन गरे। उनलाई तत्कालै उनको ज्वाईले र त्यसपछि उनका पाँचजना छोराहरू र नातीले पछ्याए। हन्नास, जसले मन्दिरको क्षेत्रमा व्यापारको अधिकारलाई प्राप्त गरे, र सायद उनी मन्दिरलाई सफ ागर्ने व्यक्तिको बारेमा सोध्न उत्सुक थिए। यो पनि चाखलाग्दो कुरा छ, कि हन्नास येशूका चेलाहरूका साथसाथै उहाँका शिक्षाहरूमा सम्बन्धित थिए।

१८:२० “यो कुरापनि निश्चित छ कि, येशूले सामूहिक रूपमा नै सिकाउनुभयो। तरैपनि, यसमा यो कुरा साँचो छ, कि उहाँको धेरैजसो शिक्षाहरू सामूहिक रूपमा छोपिएका थिए (मर्कूस ४:१०-१२)। त्यो वास्तविक विषय उहाँको स्रोताहरूको आत्मिक अन्धोपनको भागको रूपमा थियो।

येशूका वचन र सिकाइने तरिकाहरू यूहन्ना र अन्य सुसमाचारका पत्रहरूमा फरक प्रकारले लेखिएका छन्। मत्ती, मर्कूस र लूकामा “म हुँ...” भन्ने भनाइहरू छैनन्। येशूले दृष्टान्तहरूमा सिकाउनुहुन्छ भने, यूहन्नाले कुनै पनि दृष्टान्तको बारेमा लेखेका छैनन्। ममा यस्तो कुरा देखिन्छ, कि येशू र यूहन्नाका व्यक्तिगत अवधिका सामूहिक सिकाइहरूलाई यूहन्ना बाहेकका सुसमाचारहरूमा फरक प्रकारले बताएको हुन सक्छ। explained by the Synoptics

१८:२१ “मलाई किन सोध्नुहुन्छ ?” पद २० मा येशूले उहाँले सिकाउने सेवकाइको प्रकृतिको बारेमा सार्वजनिक अभिव्यक्ति दिनुहुन्छ। येशूले हन्नासलाई यो कुरा बताउँदै थिए, कि यहूदी नियम अनुसार र उनमा भएको सामूहिक ज्ञानअनुसार उनका प्रश्नहरू कानुनसम्मत थिएननु।

“नजिकमा उभिएका पहरेदारमध्ये एकजनाले यसो भन्दै येशूलाई थप्पड लायो” यो परिवेशको भनाइको सुरुको अर्थ “थप्पड लगाउनु” वा “छडिले कुट्नु” भन्ने हुन्छ। यो यशैया ५०:६ मा दिइएको सन्दर्भ हो। येशूले यो कुरा बताउनुहुन्छ, कि यदि उहाँले केही चिज गल्ती गर्नुभएको थियो भने, उहाँलाई दोष लगाइदेओ, नत्रभने, किन उसलाई हिर्काउनु पर्दथ्यो त ?

१८:२३ “यदि” यिनीहरू दुईवटा पहिलो तहका शर्तात्मक वाक्यहरू हुन्, जुनचाहिँ लेखकको दृष्टिकोणबाट सत्य भएको मानिलिन्छन् वा यो उनको साहित्यिक उद्देश्यको निम्ति हुन्छ। यहाँ पहिलोचाहिँ झुटो बास्तविकतालाई आघात पुग्ने तरिकाको हुन्छ। येशूले हन्नासलाई उनको प्रमाण ल्याउनको लागि चुनौती दिँदैहनुहुन्छ।

१८:२४ यी जाँचका क्रमहरू यूहन्ना बाहेकका सुसमाचारमा उल्टाइएको छ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १८:२५-२७

“सिमोन पत्रुस उभिएर आगो ताप्दैथिए। तिनीहरूले तिनलाई भने, के उनका चेलाहरूमध्ये एकजना तिमी पनि होइनौं ? तिनले इन्कार गरेर भने, म होइनँ। प्रधान पूजाहारीका कमाराहरूमध्ये एक जना जसका नातेदारको कान पत्रुसले काटेका थिए, त्यसले सोध्यो, के मैले तिमीलाई तिनी सँग बगैंचामा देखिन र ? तब फेरी पत्रुसले इन्कार गरे। अनि तुरुन्तै भाले बास्यो।”

१८:२६ “प्रधान पूजाहारीका कमाराहरूमध्ये एक जना जसका नातेदारको कान पत्रुसले काटेका थिए, त्यसले सोध्यो” त्यहाँ चारवटा सुसमाचारका पत्रहरूमा पत्रुसलाई कसले प्रश्न गऱ्यो भन्ने बारेमा मतभिन्नताहरू छन्।

१. मर्कूसमा, त्यहाँ एकजना चाकर्नी थिई, जसले पहिला प्रश्न सोधी (जस्तैः मर्कूस १४:६९)
२. मत्तीमा, त्यहाँ एकजना अर्की चाकर्नी केटी थिई (जस्तैः मत्ती २६:७१)
३. लूका २२:५८ मा एकजना मानिस थिए,
४. यूहन्नामा प्रधान पूजाहारीका दास वा नोकर थिए।

यो कुरा ऐतिहासिक परिवेशमा स्पष्ट हुन्छ, कि एकजना मानिसले आगोको वरिपरि प्रश्न सोधे, र अर्को यसमा सहभागी भए (जस्तैः पद १८)।

१८:२६ “के मैले तिमीलाई तिनीसँग बगैंचामा देखिन र ?” पदहरू १७ र २५ मा आएका दुईवटा प्रश्नहरू नभएर यो व्याकरणीय संरचनाले “हो” भन्ने उत्तरको आशा राख्दछ।

१८:२७ “तब फेरी पत्रुसले इन्कार गरे” हामीले मर्कूस १४:७१ र मत्ती २६:७४ बाट यो कुरा बुझ्दछौं, कि पत्रुसले यसलाई श्राप दिएर र कसम खाएर इन्कार गरे।
swearing.

- “अनि तुरुन्तै भाले बास्यो” चारवटै सुसमाचारमा दिइएको कालक्रमिक घटनाहरूले यो कुराको विवरण दिँदछन्, कि यो समय १२ देखि ३ बजेको बिहानीको समयमा भएको थियो। यहूदीहरूले यरूसलेमको सहरको केही सीमाना भित्र कुखुराहरूलाई ल्याउने अनुमति दिँदैनथे, किनकि यो रोमी भाले भएको हुनुपर्छ।

लूका २२:६१ ले यो बिन्दुमा आएर यो कुरालाई बताउँदछन्, कि येशूले पत्रुसलाई हेर्नुभयो। यो कुरालाई यस्तो मानिलिइन्छ, कि हन्नास र कैयाफा एउटै घरमा बसेका थिए, र पहरेदारहरूले येशूलाई सभाघरमा हन्नास् र कैयाफालाई भेट्नबाट अगाडि हिँडाइरहेका थिए। यो त्यही नै क्षण थियो, जब येशूले पत्रुसलाई हेर्नुभयो। यी सबै कुराहरूले जोड्ने गर्छन्, किनकि यो रातको जाँचमा ती क्रमिक घटनाहरूको बारेमा पर्याप्त ऐतिहासिक सैद्धान्तिक जानकारी हामीसँग छैन।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १८:२८-३२

“तब तिनीहरूले येशूलाई कैयाफाको घरबाट महलतिर लगे। त्यति बेला बिहानपख थियो। बिटुलिएर निस्तार चाडको भोज खान पाउँदैनौं भन्ने डरले तिनीहरू महलभित्र पसेनन्। यसकारण तिनीहरूकहाँ बाहिर निस्केर पिलातसले भने, यस मानिसको विरुद्धमा तिमीहरू के अभियोग लाउँछौं ? तिनीहरूले उहाँलाई भने, यदि यो मानिस अपराधी नभए हामी यसलाई तपाईंकहाँ सुम्पने थिएनौं। पिलातसले तिनीहरूलाई भने, तिमीहरू यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ गर। यहूदीहरूले उहाँलाई भने, कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन। उहाँको मृत्यु कुन रीतिले हुनेछ, त्यसको संकेत दिएर उहाँले भन्नुभएको वचन पूर्ण होस् भनेर यसो भएको थियो।

१८:२८
नासाब, एनकेजेभि, जेबि “महलतर्फ”
एनआरएसभि “पिलातसको केन्द्रिय कार्यालय तर्फ”
टिइभि “सरकारी शासकको महलतर्फ”

यो ल्याटिन परिवेश हो, जसले रोमी शासकको बासस्थानको कार्यालयतर्फ बताउँदछ, जबकि तिनीहरू यरूसलेममा नै थिए। यो एन्टोनियोको किल्ला भएको हुनुपर्छ, जुनचाहिँ हेरोद महान्‌को दरबार वा मन्दिरको अर्कोपट्टी थियो।

## विशेष शिर्षक: महलका पहरेदार

सुरुमा महल भन्ने परिवेशलाई रोमी शासकको पाल भनेर बुझिन्थ्यो, तर रोमीहरूले विजय प्राप्त गरेपछि यसलाई प्रशासकीय भावनामा केद्रिय कार्यालय वा राजनैतिक वा सैनिकको प्रशासकीय वासस्थानको रूपमा प्रयोग गरियो (जस्तैः मत्ती २७:२७; यूहन्ना १८:२८,३३; १९:९; प्रेरित २३:३५)

तरैपनि, पहिलो शताब्दीको रोमी विश्वले यसलाई हाकिमहरूको निम्ति प्रयोग गरे, जसलाई विशेष रक्षाको पहरेदारको रूपमा बनाए। सिपाहीहरू को यो समूहलाई अगष्टसले सुरु गरेका थिए, तर अन्तमा आएर रोममा टिबरियसले केन्द्रित गरे। तिनीहरू:

१. सबै नै उही तहका सिपाहीहरू थिए,
२. दोब्बर पैसा प्राप्त गर्थे,
३. विशेष खालका मौकाहरू थिए,
४. यति धेरै शक्तिशाली बने, कि तिनीहरूको सम्राटको छनोटलाई सधैं सम्मान गरयो।

यो कन्टानटाइन राजाको समयसम्म पनि यी उच्च वर्गका मानिसहरू, राजनैतिक रूपमा शक्तिशाली समूह भएर अन्तमा त्यागिएका थिए।

- "त्यति बेला बिहानपख थियो" हामीले रोमी लेखहरूबाट यो कुरा जान्दछौं, कि प्यालेष्टाइनमा रहेका रोमी हाकिमहरू दिउँसोको खाली समयमा राजमहलमा भेला भए। अन्ततः यो बिहानको समयमा जब सभाघरमा केही संकेतको प्रशय दिनलाई भेटे, र रातको समयमा हुने अवैधानिक जाँचलाई वैधानिकता प्रदान गरे। तिनीहरूले तुरुन्तै येशूलाई पिलातसकोमा लगे।

- बिटुलिएर निस्तार चाडको भोज खान पाउँदैनौं भन्ने डरले तिनीहरू महलभित्र पसेनन्" अन्य जातिहरूको बासस्थानतर्फ प्रवेश गर्दा, तिनीहरू निस्तार चाडको खानाको निम्ति डर भएको थियो। यो पनि विडम्बनापूर्ण छ, कि तिनीहरू चाडबाडको सूचीको बारेमा धेरै चिन्तित थिए, तर मानिसहरूलाई मृत्युमा लैजाने सम्मको गैह्रकानुनी कार्यमा कुनै धुकचुक थिएन।

यो पद यूहन्ना बाहेकका सुसमाचारहरूको बीचमा ऐतिहासिक भिन्नताको देखिने कुराको वादविवादको केन्द्रमा छ, जसले यो कुरा बताउँदछ, कि येशूले उहाँका चेलाहरूसँग निस्तार चाडको भोज खानुभयो (मत्ती २६:१७; मर्कूस १४:१२; लूका २२:१), र यूहन्ना जसले यो कुरा बताउँदछन्, कि यो कार्य त्यो दिन भन्दा अगाडि बिहिबार भएको थियो, जुनचाहिँ परम्परागत निस्तार चाडको तयारीको दिनमा भयो। यूहन्नाका प्रख्यात रोमन क्याथोलिक विद्वान रेमोण्ड ब्राउनले जेरोमको बाइबलको टिप्पणीमा यो आलोचना गरेका छन्:

"यदि घटनाहरूको क्रम सियन परम्परामा दिइने हो भने, यसले परिवर्तन नहुने यस कुरालाई प्रशय दिँदछ, कि यूहन्नामा ऐतिहासिकताको बिन्दुबाट यी तलका खण्डहरूले गवाहीको प्रतिवेदन दिन्छन्, जसलाई निश्चित रूपमा सियन परम्परा थाहा छ, र केही समाधान नहुने कठिनाइहरूलाई प्रस्तुत गर्छन्। यदि, यस्तो अर्को पक्षमा हुने हो भने, हामीले यस कुराको पहिचान गर्दछौं, कि जहाँबाट आँखाले देखेको गवाही आउँछ, कि यूहन्नाले वास्तविक घटना हरूको नजिकमा बनाएका छन्, जहाँ सिमान्टिकको सियन रुपरेखालाई औंल्याउँदा त्यो खण्ड अझ बुझ्नेखालको बन्दछ" (पाना ४५८)।

यहाँ पनि दुईवटा फरक मितिहरूमा केही सम्भाव्य कुराहरूलाई निस्तार चाडको सन्दर्भमा बिहिबार र शुक्रबार अवलोकन गर्नुपर्ने हुन्छ। त्यहाँ पनि "निस्तार" चाडको परिवेशमा थपिएको समस्या यस्तो हुन्छ, कि १ दिनको चाड र ८ दिनको चाडको रूपमा प्रयोग गर्न सकिन्छ (निस्तार चाडलाई खमीर नहालिएको रोटीसँग मिसाइएको, जस्तैः प्रस्थान १२ अध्याय)।

- "निस्तार चाडको भोज खान" त्यहाँ अझैपनि निस्तार चाडको ठ्याक्कै मितिको बारेमा समस्या छँदैछ। यूहन्ना बाहेकका सुसमाचारले निस्तार चाडको भोजको बारेमा केही कुरा लागु गरेजस्तो देखिन्छ, तर यूहन्नाले बताएको कुरामा यो वास्तविक निस्तार चाडको दिनभन्दा अगाडि थियो (जस्तैः यूहन्ना १९:१४, र यो पद)। यसको उत्तर यस्तो हुन सक्छ:

१. वास्तविकता यो हो, कि "निस्तार चाड" ले त्यो हप्ता, त्यो भोज, वा विशेष विश्राम दिनको भोज भनेर बताउँदछ।
२. यसमा हुने वास्तविकता यो हो, कि केही यहूदी अलग्गिएका समूह (जस्तैः इस्सेन्स) ले अन्तरकरारको पचाऔं पुस्तकबाट चन्द्रमाको पात्रोलाई पछ्याएका छन्।
३. यसमा आएको वास्तविकता यो हो, कि यूहन्नामा आएको "दोहोरो अर्थ" ले येशूलाई निस्तार चाडको थुमाको रूपमा प्रस्तुत गरिन्छ (१:२९), जुनचाहिँ निस्तार चाडभन्दा अगाडिको मार्ने दिन थियो।

१८:२९ परमेश्वरले पिलातसको व्यक्तित्वलाई प्रस्थानमा फारोलाई प्रयोग गरे जस्तैगरी प्रयोग गर्नुभयो। उनलाई सम्राट टिबरियसले २६ ई.सं. मा शासक को पदमा नियुक्त गरे। उनको स्थानमा भेलेरियस ग्रासससलाई स्थापित गरे (जसले हन्नास्‌लाई प्रधान पूजाहारीको रूपमा हटाए)। पन्तियस पिलातस रोमको पाँचौं शासक थिए। उनले आर्किलऊसको राज्यमा शासन गरे (हेरोद महान्‌को पुत्र), जसमा सामरिया, यहूदीया, गाजा र मृत सागरलाई समावेश गरिएको थियो। पिलातसको बारेमा धेरैजसो जानकारी फ्लेभियस योसेफस्‌को लेखबाट आएको छ।

## विशेष शिर्षक: पन्तियास पिलातस

अ. मानिस

क. जन्मेको समय र स्थानको बारेमा अपरिचित
ख. इकाइसट्रियन क्रमको (रोमी समाजको माथिल्लो मध्यम स्तर)
ग. विवाहित, तर छोराछोरीको बारेमा जानकारी नभएको
घ. सुरुको प्रशासकीय नियुक्ति थाहा नभएको (जसमध्ये त्यहाँ धेरैजना भएको हुनुपर्ने)

आ. उहाँको व्यक्तित्व

दुईवटा फरक धारणहरू

१. फाइलो (लिगासियो र गयुम, २९९-३०५) र योसेफस (एन्टिक १८:३:१ र यहूदी लडाइँहरू २:९:२-४), निर्दयी र माया नभएको प्रशासक को रूपमा चिनिएको

२. नयाँ करार (सुसमाचार र प्रेरित) ले कमजोर, र सजिलै बढाइचढाइ गर्ने रोमी शासकको रूपमा प्रस्तुत

ख. पावल बर्नेट, येशू, र सुरुको ख्रीष्टियनको सुरुवात, पानाहरू १४३-१४८, ले यी दुई धारणाहरूको विश्वास लाग्ने वर्णन दिएका छन्:

१. पिलातस टिबरियसको शासनकालमा २६ ई. सं. मा शासक नियुक्त भएका थिएनन्, जो सेजानसको सल्लाहद्वारा यहूदी विरोधी भएका थिए (जस्तैः फाइलो, लेगासियो र गयुम, १६०-१६१), टिवरियस यहूदी विरोधी मुख्य सल्लाहकार थिए ।

२. टिबरियसले लो एलियस सेजामसको राजनैनिक शक्तिमा कमी भएर दुःख पाए, र उनको सिद्ध कुराहरूमा सिंहासनभन्दा पछाडि साँचो शक्ति प्राप्त गरे, र जसले यहूदीहरूलाई घृणा गरे (फाइलो, लिगासियो ल्याण्ड गयूम, १५९-१६०)

३. पिलातस सेजानसलाई सहायता गर्ने व्यक्ति थिए, र उनलाई निम्न कुराहरूले प्रभाव पार्न कोसिस गरे:

क. रोमी मापदण्डलाई यरुशलेममा ल्याए (सन् २६), जुनचाहिँ अन्य शासकहरूले गरेका थिएनन् । रोमी देवताहरूका यी संकेतहरूले यहूदीहरूलाई प्रज्वलित पारे (जस्तैः योसेफस एन्टिक १८.३.१; यहूदी लडाइँहरू २.९.२-३) ।

ख. पैसाको टक्सार (२९-३१ ई.सं.) जसमा कुँदिएका रोमी आराधनाका स्वरुपहरू थिए । योसेफसले यसो भन्दछन्, कि उनले उद्देश्यपूर्ण तरिकाले यहूदी नियमहरू र रितिरिवाजलाई फर्काउन कोसिस गरिरहेका थिए (जस्तैः योसेफस एन्टिक १८.४.१-२)

ग. मन्दिरको कोषबाट पैसा लिएर यरुशलेममा कृतिम जलप्रणाली बनाएका (जस्तैः योसेफस एन्टिक १८.३.२; यहूदी लडाइँहरू २.९.३)

घ. यरुशलेममा निस्तार चाडमा बलि चढाउने समयमा थुप्रै गालिलका मानिसहरूलाई मारिएको ।

ङ. ई.सं. ३१ मा यरूशलेममा रोमी ढालहरू ल्याइएको । हेरोद महान्का पुत्रले तिनीहरूलाई हटाउनको लागि अनुरोध गरेका, तर उनले यसो गर्न सकेनन् त्यसरी तिनीहरूले तिवरियसलाई लेखे, जसले तिनीहरूलाई समुद्रद्वारा कैसरीयामा फर्काइदिने माग गरे (फाइलो लियासियो र गयूम, २९९-३०५) ।

च. धेरै सामरीहरू गिरिजिम डाँडामा मारिएका (३६/३७ ई.सं., जसै तिनीहरूले तिनीहरूको धर्मको पवित्र वस्तुको खोजी गरे, जहाँ तिनीहरूले हराएका थिए, यसले गर्दा पिलातसलाई उनको स्थानीय अफिसबाट हटाउन सहायता पुग्यो (भाइटेलियस, सिरियाका सिद्धता) र उनलाई रोममा पठाइयो (योसेफस एन्टिक १८.४.१-२) ।

४. ३१ ई.सं. मा सेजानसलाई मारियो, र पूर्ण राजनैतिक शक्तिको लागि स्थापित गरियो; त्यसकारण, सम्भवत् क, ख, ग, र घ लाई सेजनानस को भरोसा लिनको लागि पितातसले गरको हुन सक्छ, र #ङ र च चाहिँ तिबरियसको भरोसा लिनको लागि प्रयास गरिएको हुन सक्थ्यो, तर तिनीहरू सबै नै असफल भए ।

५. यो कुरा पनि स्पष्ट छ, कि यहूदी भन्दा अगाडिका सम्राटलाई स्थापित गरियो, र यहूदी प्रति दयालु बन्नको लागि तिबरियस शासकबाट औपचारिक पत्र पनि लिइयो (जस्तैः फाइलो, लिगासियो, र गयूम, १६०-१६१), ताकि यरूशलेममा भएको यहूदी नेतृत्वपनले तिबरियास सँग भएको राजनैतिक अन्योलतालाई पिलातसले फाइदा लिए, र येशूलाई क्रूसमा चढाउनको लागि बढाइ-चढाइ गरे । बर्नेटको यो सिद्धान्तले सँगसँगै विश्वास लाग्ने तरिकामा दुईवटा धारणाहरू ल्याएका छन्:

इ. उनको भाग्य

क. तिबरियासको मृत्यु भएपछि उनलाई उनलाई बोलाइयो र उनी त्यहाँ तुरुन्तै पुगे (३७ ई.सं.)

ख. उनलाई पुनः नियुक्ति गरिएन

ग. यसपछिको उनको जीवन अज्ञानतामा नै छ । त्यहाँ धेरै पछिका सिद्धान्तहरू छन्, तर वास्तविक सुरक्षामा छैनन् ।

१८:३० "यदि यो मानिस अपराधी नभए हामी यसलाई तपाईंकहाँ सुम्पने थिएनौं" यो दोस्रो तहको शर्तात्मक वाक्य हो, जसलाई कतिचोटी "वास्तविकताको विपरित" भनेर भनिन्छ । येशू अपराधी हुनुहुन्थेन । यो पिलातसको व्यङ्गयात्मक भनाइ थियो, जसलाई यहूदीहरूले लगाएको धार्मिक अभियोगको दोष निकाल्ने साधनको रूपमा मानिलिइएको छ ।

"पुऱ्याउनु" भन्ने क्रियालाई सामान्यतया उही अनुवादमा "ठग्नु" भन्ने हुन्छ, जब यसलाई यहूदासँग प्रयोग गरियो (जस्तैः ६:६४,७१; १२:४; १३:२,११,२१; १८:२,५) । यो परिवेशको शाब्दिक अर्थ "ती अधिकारीवालाई सुम्पनु" वा "परम्परामा दिनु" भन्ने हुन्छ । यहूदाको सम्बन्धमा आउँदा, यो परिवेशको अंग्रेजी अनुवादको बीचमा पहिचान गरिएको हुन्छ ।

१८:३१ "कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन" ती यहूदी नेतृत्ववर्गले येशूलाई दोष लगाएर अभियोग लगाएका थिए, तर तिनीहरूले उहाँ लाई रोमीहरूले क्रूसमा चढाउनको लागि अभियोग लगाउने गरे । यहूदी अगुवाहरूले जान्नु यो अति मुल्यवान कुरा थियो, कि व्यवस्था २१:२३ अनुसार येशू लाई क्रूसमा चढाउनु पर्दथ्यो (जस्तैः पहिलो शताब्दीका यहूदी गुरुहरूले क्रूसमा चढाउनु भनेको परमेश्वरले श्राप दिनु भन्ने कुरा बुझे) । येशूले यस कुरा लाई पद ३२; ३:१४; ८:२८; १२:३२,३३ र गलाती ३:१३ मा अगमवाणी गर्नुभएको थियो ।

१८:३२ "उहाँको मृत्यु कुन रीतिले हुनेछ, त्यसको संकेत दिएर" कि यहूदी अगुवाहरूले येशूलाई क्रूसमा चढाउने चाहना गरे ? यो प्रेरित ७ अध्यायबाट स्पष्ट भएको छ, कि तिनीहरूले ढुंगाले हानेर मानिसहरूलाई अभियोग लगाउन लगाएर ढुंगाले हाने । सम्भवत् यसले व्यवस्था २१:२२-२३ को पुरानो करार को व्यवस्थाको अलौकिक श्रापलाई सम्बन्धित बनाउँदछ । सुरुवातमै यसले मृत्युपछिको सार्वजनिक पूरा गर्ने कार्यलाई बताउँदछ, तर यो पदलाई समकालिन यहूदी गुरुहरूले रोमीहरूले क्रूसमा चढाउने सन्दर्भमा व्याख्या गरेका थिए । तिनीहरूले येशूलाई यो मसिहिय पनलाई बहाना गर्दा परमेश्वरद्वारा श्रापित भएको चाहना गर्थे । यो पतन भएको मानवजातिको निम्ति र येशू परमेश्वरको थुमा भएर (जस्तैः १:२९) आफैलाई कसैको सट्टामा बलि चढाउनुभयो (यशै

या ५३ अध्याय; २ कोरिन्थी ५:२१) । येशू हाम्रो निम्ति "श्रापित" बन्नुभयो (जस्तैः गलाती ३:१३) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १८:३३-३८क

"पलातस फेरी महलभित्र पसे, र उनले येशूलाई बोलाएर भने, के तिमी यहूदीहरूका राजा हौं ? येशूले जवाफ दिनुभयो, तपाईं आफै यसो भन्नुहुन्छ वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने ? पिलातसले जवाफ दिए, के म यहूदी हुँ र ? तिम्रै जाति र मुख्य पूजाहारीले तिमीलाई मेरो हातमा सुम्पिदिए । तिमीले के गऱ्यौं ? येशूले जपाफ दिनुभयो, मेरो राज्य यस संसारको होइन र मेरो राज्य यस संसारको हुँदो हो, त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूको हातमा पर्ने थिइनँ । तर मेरो राज्य यस संसारको होइन । पिलातसले उहाँलाई सोधे, के तिमी राजा नै हौं त ? येशूले जवाफ दिनुभयो, म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ । यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ । प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ । पिलातसले उहाँलाई भने, सत्य के हो ?"

१८:३३ "महल" १८:२८ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "के तिमी यहूदीहरूका राजा हौं ?" येशूलाई राजद्रोहको दोष लगाइएको थियो (मत्ती २७:११; मर्कूस १५:२; लूका २३:२, र यूहन्ना १९:३,१५,१९-२२) ।

- "येशूले जवाफ दिनुभयो, तपाईं आफै यसो भन्नुहुन्छ वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने ?" यदि पिलातसले राजनैतिक राजापनको बारेमा प्रश्न गरेको हो भने, येशूले यसलाई ईन्कार गर्नुपर्ने थिया । यदि यहूदीहरूले यसलाई सुझाव दिएका भए, तब यसले उहाँको मसिहियपनलाई बताएको हुन्थ्यो, र येशूले यसलाई निश्चित गर्नुपर्थ्यो । स्पष्टरूपमा पिलातस यहूदी धर्मको विचारको जटिलतामा छलफल गर्न तयार भएनन् (जस्तैः पद ३५) ।

१८:३५ पहिलो प्रश्नले "होइन" भन्ने उत्तरको अपेक्षा गर्दछ । पिलातसले यहूदी धर्मलाई तिरस्कार गर्ने प्रकारले प्रकट गरे ।

१८:३६ "मेरो राज्य यस संसारको हुँदो हो, तर मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए" यो दोस्रो तहको शर्तात्मक वाक्य हो, जसलाई "वास्तविकताको विपरित" भनेर भनिन्छ । यसलाई यसरी अनुवाद गर्नुपर्छ, "यदि मेरो राज्य यस संसारको भएको भए, र यो होइन, तब मेरा सेवकहरूले लडाइँ लड्नेथिए, जुनचाहिँ तिनीहरू यस संसारका होइनन् ।" "मेरा सेवकहरू" भन्ने वाक्यांशले यस्तो कुरा बताउथ्यो: १) ती चेलाहरू वा २) ती स्वर्गदूतहरू (जस्तैः मत्ती २६:५३) ।

१८:३७ "पिलातसले उहाँलाई सोधे, के तिमी राजा नै हौ त ?" यो रोमी संसारको शक्तिको ओठमा अति नै व्यङ्ग्यात्मक हुन्छ, र येशू र उहाँको आत्मिक राज्यलाई सामना गरिन्छ । यो प्रश्नले "हो" भन्ने उत्तरको आशा राख्दछ ।

- "म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ । यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ" यो पहिलो वाक्यांश अनुवाद गर्न कठिन छ, किनकि यसको अर्थ अष्पस्ट छ । यसमा योग्यतासँगको कुरा निश्चित हुन्छ (जस्तैः मत्ती २७:११; मर्कूस १५:२; लूका २३:३) । येशूलाई उहाँ को हुनुहुन्छ भन्ने कुरा थाहा थियो (दुईवटा सिद्ध कालका क्रियाहरू), र किन आउनुभयो (जस्तैः यूहन्ना १३:१,३; मर्कूस १०:४५; लूका २:४९; मत्ती १६:२२-२५) । पिलातसले यो कुरालाई बुझेनन् !

- "यसैको निम्ति म जन्मेको हु" येशूले उहाँको कार्य पितालाई प्रकट गर्ने भनेर बताइरहनुभएको छ (जस्तैः "सत्यतालाई प्रमाणित गर्नु") । सामान्य तया येशू किन आउनुभयो भनेर तीनवटा कारणहरू दिइएका छन्:

१. परमेश्वरको उद्देश्य र चरित्रलाई पूर्ण पूरा रूपमा प्रकट गर्नु (जस्तैः १:१८; ३:३२)
२. संसारको पापलाई लिएर जानको निम्ति निर्दोष पाठोको रूपमा मर्नु (जस्तैः १:१९)
३. कसरी जिउने र परमेश्वरलाई खुशी तुल्याउने भनेर विश्वासीहरूलाई एउटा नमुना दिनु ।

- "प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ" म सधैं "सबैजना" "कुनै व्यक्ति" "जो सुकै भए तापनि" "सके जति धेरै" जनाबाट प्रभावित भएको छु ! ओहो ! यहोवाले उत्पत्ति ३:१५ मा खीष्टमा भएका कुराहरूलाई पूरा गर्दैहनुहुन्छ । येशूले पतनबाट खत्तम भएको परमेश्वरको स्वरुपलाई स्थापित गर्नुहुन्छ । फेरी व्यक्तिगत र नजिकको संगतिको पनि संभावना हुन्छ । संगति अहिले स्थापित गर्न सकिन्छ (महसुस गरिएको भविष्यको कुरा)

तिनीहरू जसको आत्मिक आँखा र कानहरू छन् (जस्तैः १०:३,१६,२७; १८:३७), तिनीहरूले परमेश्वरको सत्यतालाई बुझ्न सक्छन् (मत्ती ११:१५; १३:९, १६,४३; मर्कूस ४:९,२३; लूका ८:८; १०:२३,२४; १४:३५; प्रकाश २:७,११,१७,२९; ३:६,१३,२२) । येशू सत्य हुनुहुन्छ (१४:६) ! जब उहाँ बोल्नुहुन्छ, तब उहाँलाई पछ्याउनेहरूले सुन्छन् (जस्तैः १०:१-५) । यूहन्नामा सुन्नु र हेर्नु भन्ने सत्यता अनन्त जीवन प्राप्त गर्नु जत्तिकै ईश्वरशास्त्रीय समानता हुन्छ ।

१८:३८ "पिलातसले उहाँलाई सोधे, सत्य के हो ?" पिलातसले यो प्रश्नलाई घरिघरि सोधे, तर उनले यसको उत्तर प्राप्त गर्न अगाडि नै छोडिने गरिन्थ्यो । पिलातसले आफैलाई यस कुराको निश्चयता गर्ने चाहना गरे, कि येशू रोमी सरकारको निम्ति कुनै चेतावनी दिने हुनुहुन्थेन । उहाँले यसो गर्नुभयो । तब उनले त्यो समयको यहूदी परम्पराअनुसार येशूलाई छोडीदिने प्रयास गर्नुभयो (जस्तैः पद ३९; मत्ती २७:१५) । लूकाले गरेजस्तै यूहन्नाले यो कुरा लेखे, कि खीष्टियन विश्वासले रोमी सामाज्यको निम्ति कुनै पनि चेतावनी भएको देखाएन (जस्तैः १८:३८ख; १९:४; लूका २३:४,१४,२२) ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १८:३८ख-४०**
"यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, म यिनमा केही दोष भेट्टाउँदिनँ । निस्तार-चाडमा एक जनालाई मैले तिमीहरूका निम्ति छाडिदिने प्रथा छ । त के तिमीहरू चाहन्छौं, कि यहूदीहरूका राजालाई छोडिदिऊँ ? तर तिनीहरू फेरी यसो भन्दै कराए, यस लाई होइन, तर बरब्बालाई । बरब्बाचाहिँ डाँकू थियो ।"

१८:३९ "छाडिदिने प्रथा छ" यसलाई मत्ती २७:१५ र लूका २३:१७ मा वर्णन गरिएको छ (तर नयाँ करार भन्दा बाहिरका ऐतिहासिक वस्तुहरूबाट जानकारी नपाइएको)

१८:४० "तर तिनीहरू फेरी यसो भन्दै कराए, यसलाई होइन, तर बरब्बालाई" यो कुरा पनि दुःखदायी छ, कि बरब्बा अन्तत विद्रोही समूहको सदस्य थिए, त्यसकारण, त्यो दोषको अभियोगको निम्ति येशूलाई दोष लगाइयो (जस्तैः मर्कूस १५:७; लूका २३:१९,२५) । अन्ततः यो भीडले तिनीहरूको स्थानीय हिरोलाई सहायता पुऱ्याउनको निम्ति पर्खिरहेको थियो । यहूदी अधिकारीहरूले केवल यो मौकालाई लिएर येशूलाई दोष लगाउने निश्चयता गरे (मर्कूस १५:११) ।
यो कुरा पनि दुःखदायी छ, कि "बरब्बा"को अर्थ "पिताको पुत्र" भन्ने हुन्छ । यूहन्नाले यी कुराहरूलाई सुसमाचारभरि नै प्रयोग गरे । त्यो भीडले "बुबाको छोरा" लाई छोडीदिनुभन्दा "बुबाको छोरा" लाई छोडिदिन चाहन्थे । त्यहाँ अँध्यारोपन पूर्ण रूपमा आएको छ ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो खण्डको मुख्य विषयहरूलाई सोच्न मद्दत पुऱ्याउँदछ, । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित हुँदैनन् ।

१. किन येशू त्यो स्थानमा गए, जहाँ उहाँलाई यहूदाले पत्ता लगाउने कुरा थाहा थियो ?
२. किन यूहन्नाले येशूको पीडालाई गेत्सेमनीबाट हटाए ?
३. किन बडा हाकिले येशूलाई पिलातसकोमा लगे ?
४. किन यूहन्ना र अन्य सुसमाचारहरूमा घटनाका क्रमहरू यति धेरै अन्योलतमा छन् ?
५. किन यूहन्नाले येशूलाई पिलातसले छोडिदिन गरेको प्रयासलाई बताउँदछन् ?

# यूहन्ना १९ अध्याय

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशूलाई मार्नको लागि लगिएको | सिपाहीहरूले येशूको गिल्ला गरेका | | येशूलाई मार्नको लागि लगिएको | येशू पिलातसको अगाडि |
| (१८:३८ख-१९:१६क) | | (१८:३८ख-१९:१६) | (१८:३८ख-१९:१६) | (१८:२८-१९:१६) |
| १८:३८ख-१९:७ | | १८:३८ख-१९:७ | | १८:३३-१९:३१ |
| | | | १८:४०-१९:३ | |
| | १९:१-४ | | | |
| | पिलातसको निर्णय | | १९:४-५ | १९:४-७ |
| | १९:५-१६ | | | |
| | | | १९:६क | |
| | | | १९:६ख | |
| | | | १९:७ | |
| १९:८-१२ | | १९:८-१२ | १९:८-९क | १९:८-११ |
| | | | १९:९ख-१० | |
| | | | १९:११ | |
| | | | १९:१२ | येशूलाई मृत्युको अभियोग लगाइएको |
| | | | | १९:१२-१६क |
| १९:१३-१६क | | १९:१३-१६क | १९:१३-१४ | |
| | | | १९:१५क | |
| | | | १९:१५ख | |
| | | | १९:१ग | |
| | | | १९:१६क | |
| येशूको क्रूसमा मृत्यु | क्रूसमा राजा | | येशूलाई क्रूसमा चढाइएको | येशूलाई क्रूसमा चढाइएको |
| १९:१६ख-२२ | | १९:१६ख-२५क | १९:१६ख-२१ | १९:१६ख-२२ |
| | १९:१७-२४ | | | |
| | | | १९:२२ | येशूका पोषकहरू च्यातिएको |
| १९:२३-२७ | | | १९:२३-२४ | १९:२३-२४ |
| | हेर तपाईंकी आमा | | | येशू र उहाँको आमा |
| | १९:२५-२७ | १९:२५ख-२७ | १९:२५-२६ | १९:२५-२७ |
| | | | १९:२७ | |
| येशूको मृत्यु | अब यो सिद्धियो | | येशूको मृत्यु | येशूको मृत्यु |
| १९:२८-३० | १९:२८-३० | १९:२८-३० | १९:२८ | १९:२८ |
| | | | १९:२९-३०क | १९:२९-३० |
| | | | १९:३०ख | |

| | | | | |
|---|---|---|---|---|
| येशूको एक छेऊमा भालाले घोचिएको | येशूको एक छेऊमा भालाले घोचिएको | | येशूको एक छेऊमा भालाले घोचिएको | घोचिएको छेऊ |
| १९:३१-३७ | १९:३१-३७ | १९:३१-३७ | १९:३१-३७ | १९:३१-३७ |
| येशूको दफन कार्य | येशूलाई योसेफको चिहानमा दफन गरिएको | | येशूको दफन कार्य | दफन गरिएको |
| १९:३८-४२ | १९:३८-४२ | १९:३८-४२ | १९:३८-४२ | १९:३८-४२ |

## अध्ययन चक्र तीन (पाना ५ हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस्। विषयहरूलाई पत्ता लगाउनुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:१-७**

"तब पिलातसले लगेर येशूलाई कोर्रा लाउन लाए। अनि सिपाहीहरूले काँडाको मुकुट गाँथेर उहाँको शीरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको बस्त्र पहिराइदिए, र उहाँको नजिक आएर भने, प्रणाम, यहूदीहरूका राजा! अनि उहाँले तिनीहरूलाई थप्पड लाए। फेरी बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, हेर म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिन अब काँडाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, हेर यो मानिस। जब मुख्य पूजाहारी र पहरेदारहरूले उहाँलाई देखे। तिनीहरू यसो भन्दै चिच्याउन लागे, त्यसलाई क्रूसमा टाग्नुहोस्, त्यसलाई क्रूसमा टाग्नुहोस्। पिलातसले तिनीहरू लाई भने, तिनीहरूले नै यिनलाई लगेर क्रूसमा टाँग, किनभने यिनमा केही दोष पाउँदिनँ। यहूदीहरूले उनलाई जवाफ दिए, हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।"

१९:१ "तब पिलातसले लगेर येशूलाई कोर्रा लाउन लाए" त्यो समयको अबधि र कोर्रा लगाएको संख्या अनिश्चित छ। सबै कैदीहरू जसलाई क्रूसमा चढाउने दोष लगाइएको हुन्थ्यो, तिनीहरूलाई कोर्रा लगाइन्थ्यो। यो यति धेरै दुःखदायी अनुभव हो, कि यसबाट धेरै मानिसहरू मरे। तरैपनि, यो परिवेशमा पिलातसले उहाँलाई छोडिदिने उद्देश्यकासाथ मानिसहरूबाट सहानुभूति प्राप्त गर्न कोर्रा लगाएको हुनुपर्छ (लूका २३:१६,२२; यूहन्ना १९:१२)। यो यशैया ५३:५ बाट आएको अगमवाणीको पूरा हुने कार्य हुन सक्छ।

रोमीहरूले उनीहरू बाहेकका व्यक्तिहरूलाई लगाउने कोर्रा अत्यन्तै दर्दनाक, र पीडादायी सजाय थियो। एउटा छालाको पातामा हड्डीका टुक्राहरू राखिन्थे वा अन्तसम्म बाँधिएको धातुलाई प्रयोग गरेर उनीहरूको घुमेको हातले व्यक्तिलाई तल्लो स्तरमा बाँधेर हिर्काउने गरिन्थ्यो। त्यो हिर्काइको संख्यालाई गणना गरिदैनथ्यो। यस्तो कार्य कार्य क्रूसमा चढाउनुभन्दा अगाडि नियमति रूपमा गरिन्थ्यो (जस्तैः लिभि १३:३६)।

सुसमाचारहरूले रोमीहरूले हातले पिट्ने कुरालाई फरक शब्द प्रयोग गरेर वर्णन गर्दछन्:

१. मत्ती २७:२६; मर्कूस १५:१५ - फारागेलो, कोर्रा लाउनु वा हिर्काउनु

२. लूका २३:१६,२२ - पेडेऊ, वास्तविकतामा बालकहरूलाई अनुशासन गर्नु (जस्तैः हिब्रू १२:६-७,१०), तर यहाँ २ कोरिन्थी ६:९ मा पिट्नु भन्ने हुन्छ।

३. यूहन्ना १९:१ - माष्टिगो, वास्तविक रूपमा कोर्राको नाउँ, मत्ती १०:१७; २०:१९; २३:३४; प्रेरित २२:२४-२५; हिब्रू ११:३६

यी सबै नै उस्तै हुन सक्छन् वा तिनीहरूले दुईवटा पिटाइलाई बताउन सक्छन्:

क. पिलातसले थोरै रुपमा कुटेका

ख. क्रूसमा चढाउनुभन्दा अगाडि लगाइएको कोर्रा

१९:२ “अनि सिपाहीहरूले काँडाको मुकुट गाँथेर उहाँको शीरमा लगाइदिए” यो पीडा दिने अवस्था थियो, जहाँ येशूको शीरमा काँडाको मुकुट गुथिएको थियो । तरैपनि, यो कुरा पनि संभावना छ, कि काँडाको मुकुट खजुरको रुखबाट बनाइएको प्रतिनिधि हो, जुनचाहिँ येशूलाई राजाको रुपमा गिल्ला गर्ने अर्को उपाय थियो (जस्तैः मत्ती २७:२७-३१; मर्कूस १५:१५-२०) ।

“मुकुट” (स्टेफानस) भन्ने ग्रीक परिवेश खेलकूँदको माला पहिराइमा प्रयोग गरिन्थ्यो वा सम्राटद्वारा पहिरेको एक किसिमको रुखको पात हुन्थ्यो ।

- “उहाँलाई बैजनी रङ्गको बस्त्र पहिराइदिए” बैजनी (पोरफिरोस) भन्ने रङ्ग राजकीय चिन्ह थियो, यसको छाप धेरै महङ्गो हुन्थ्यो, जसै यसलाई एक खालको किराको बाहिरी भागबाट बनाउने गरिन्थ्यो । रोमी सिपाहीको कपडको रङ्ग बैजनी हुन्थ्यो (मर्कूस १५:१७,२०) । बैजनी रङ्गको छाप कटुस को रूखमा पाइने किराको बाहिरी भागबाट बनाइएको हुन्थ्यो । यो बस्त्र राजको पोशाकको शाही बैजनी रङ्गको नमुना हो, तर यो सायद रोमी हाकिमको कठालोको फिक्का बैजनी रङ्ग हुन सक्थ्यो (जस्तैः मत्ती २७:२८) ।

१९:३
नासाब “र तिनीहरू उहाँकोमा आउन सुरु गरे र भने”
एनकेजेभि “तब तिनीहरूले भने”
एनआरएसभि “तिनीहरू उहाँकोमा आएर यसो भने”
टिइभि “र उहाँकोमा आए र भने”
एनजेबि “तिनीहरू उहाँकोमा आइरहे र यसो भने”

यी असिद्ध कालहरू हुन् । अन्ततः यसलाई सिपाहीहरूले एकपछि अर्को गर्दै गरे । यो गिल्ला गर्ने कार्य निश्चित रूपमा यशूको भन्दा पनि यहूदीहरूको निम्ति धेरै तिरस्कार गर्ने कार्य थियो । सायद पिलातसले येशूको निम्ति सहानुभूति देखाउन चाहन्थे, तर यसले कार्य गरेन ।

फेरी यूहन्नाको लेखहरूमा अगमवाणीका भनाइहरूलाई कतिचोटी बिरोधीको मुखमा हालिदिएको हुन्छ । यी सिपाहीहरू महसुस गर्नुभन्दा पनि बढी कुरा बताए ।

- “अनि उहाँले तिनीहरूलाई थप्पड लाए” यस शब्दको बास्तविक अर्थ “रडले पिट्नु” भन्ने हुन्छ, तर यसको प्रयोग गरिएको अर्थमा “खुल्ला हातले थप्पड लगाउनु भन्ने हुन्छ । यो अनुहारमा दर्दनाक प्रकारले पिट्नुभन्दा पनि राजकीय अवस्थाको सम्मान गर्ने कार्यलाई गिल्ला गरिएको हुनसक्छ।

१९:४
नासाब “मैले उहाँमा कुनै पनि दोष भेट्टाइन”
एनकेजभि “मैले उनमा कुनै पनि त्रुटि भेट्टाइन”
एनआरएसभि “मैले उहाँको विरुद्धमा कुनै पनि मुद्दा भेट्टाइन”
टिइभि “मैले उहाँलाई दोष लगाउने कुनै पनि कारण पाउन सकिन”
एनजेबि “मैले उहाँको विरुद्धमा कुनै पनि मुद्दा भेट्टाइन”

यूहन्नाको उद्देश्यमध्ये एउटाले यस्तो कुरा देखाउँदछ, कि रोमी सरकार वा यसका कर्मचारीहरूलाई खीष्टियन विश्वासको कुनै पनि चेतावनी थिएन । पिलातसले येशूलाई धेरैचोटी छुटाउने प्रयास गरेको कुराको अभिलेख राखेका छन् (जस्तैः १८:३८; १९:६; लूका २३:४,१४,२२) ।

१९:५
नासाब, एनकेजेभि “हेर, यी मानिस!”
टिइभि, एनइटि “हेर, यहाँ यी मानिस छन्”
एनआरएसभि, एनजेबि, आरइबि “यहाँ यी मानिस छन्”

यो वाक्यांशलाई बुझ्नको लागि त्यहाँ विविध खालका उपायहरू भएका छन्

१. येशूले गिल्ला गर्ने राजाको जस्तै पोषाक पहिरनुभयो
२. येशूलाई सहानुभूतिको अपिल गर्न कुटियो
३. जकरीय ६:१२ को एउटा भनाइ (“शाखा” को मसिहिय सन्दर्भ)
४. येशूको मानवीयताको पछिको निश्चयता (जस्तै, यूहन्नाको कालमा ज्ञानवादको सामना)
५. “मानिसको पुत्र” भन्ने आरमाइकसँग सम्बन्धित, बारनास (मसिहिय सन्दर्भको अर्को पर्दा)

- “तिनीहरू यसो भन्दै चिच्याउन लागे, त्यसलाई क्रूसमा टाग्नुहोस्, त्यसलाई क्रूसमा टाग्नुहोस्” यहूदी गुरुहरूले येशूलाई क्रूसमा चढाउन चाहेको कारणचाहिँ व्यवस्था २१:२३ अनुसारको पाप प्रभावकारी हुनुपर्ने थियो । यो सायद एउटा कारण हो, कि किन पावलले परमेश्वरको मसिह भएर येशू खीष्ट नाजरीको बारेमा यति धेरै शंका गरेका थिए । तरैपनि हामीले गलाती ३:१३ बाट यस्ता कुराहरू सिक्छौं, कि येशूले हाम्रा सबै पापहरू लाई क्रूसमा लिनुभयो (कलस्सी २:१४) । .

किनभने यिनमा केही दोष पाउँदिनँ” पिलातसले यसलाई तीनचोटी भन्दछन् (जस्तैः १८:३८; १९:४

१९:७ “यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ” येशूले उहाँको आफ्नै पुत्रलाई परमेश्वरसँगको साथमा रहने दावी गर्नुभयो । यहूदीहरू, जसले उहाँको भनाइलाई सुने र तिनीहरूको भावनालाई बुझे, र उहाँ अलौकिक हुनुभएको दावीमा कुनै शंका पनि थिएन (जस्तैः ५:१८; ८:५३-५९; १०:३३) । यहूदीहरूले येशूको विरुद्धमा गरेको वास्तविक ईश्वर निन्दाको दोष लगाउनु थियो (जस्तैः ९:३; २६:६५; मर्कूस २:७; १४:६४; लूका ५:२१; यूहन्ना १०:३३,३६) । ईश्वर निन्दाको दोषको सजाय ढुंगाले हान्नु थियो (जस्तैः लेवी २४:१६) । यदि येशू अगाडि नै अस्तित्वमा रहेको अवतारित परमेश्वर हुनुहुन्न भने, उहाँलाई ढुंगाले हान्नुपर्ने हुन्थ्यो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:८-१२

"यो कुरा सुनेर पिलातस झन डराए । उनी फेरी महलभित्र पसे र येशूलाई सोधे, तिमी कहाँका हौं ? तर येशूले उनलाई केही जवाफ दिनु भएन । यसकारण पिलातसले उहाँलाई भने, के तिमी मसँग बोल्दैनौं ? तिमीलाई छोडिदिने अधिकार मसँग छ र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन ? येशूले जवाफ दिनुभयो, तपाईंलाई माथिबाट नदिइएको भए, ममाथि तपाईंको केही अधिकार हुने थिएन यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढी पापको दोषी छ । त्यसपछि पिलातसले उहाँलाई बढी छोडिदिन बढी प्रयत्न गरे । तर यहूदी हरू यसो भन्दै कराए, यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने, तपाई कैसरका मित्र हुनुहुन्न । आफैलाई राजा हूँ भनी दावी गर्ने प्रत्येक कैसरको विरुद्धमा खडा हुन्छ ।"

१९:१८ "यो कुरा सुनेर पिलातस झन डराए" पिलातसकी पत्नीले उनलाई येशूको बारेमा अगाडि नै चेतावनी दिइसकेकी थिइन (जस्तैः २७:१९), र अहिले यहूदी गुरुहरूले यो कुरालाई दावी गर्दै थिए, कि उहाँले यो कुरालाई भन्नुभयो, कि उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो । पिलातस अन्धविश्वासी व्यक्ति भएकोले डराउन थाले । यो ग्रीकको ईश्वरको निम्ति र रोमी बहुईश्वरवादको निम्ति मानवीय स्वरुपमा मानिसहरूलाई भेट्नुपर्ने हुन्छ ।

१९:९

नासाब, एनकेजेभि, एनआरएसभि "तिमी कहाँबाट आएका हौं"

टिइभि, एनजेबि, एनआइभि "तिमी कहाँबाट आएका हौं"

पिलातसले येशूको घरको बारेमा सोधिरहेका छैनन्, तर उहाँ आएको स्थानको बारेमा सोधिरहेका छन् । पिलातसले उनीभन्दा अगाडिको व्यक्तिको महत्व को भावनालाई सुरु गरिरहेका छन् । येशूलाई १८:३८ को टिप्पणीबाट यो कुरा थाहा थियो, कि पिलातस सत्यतामा इच्छुक थिएनन्, तर राजनैतिक स्वार्थमा थिए, यसरी उनले प्रतिक्रिया जनाएनन् ।

पिलातस येशूले चमत्कार गर्ने मानिसहरूको समूहका संलग्न भए, तर उहाँ कहाँबाट आएको भनेर बुझेनन् (जस्तैः ४:१२; ६:४२; ७:२७-२८; ४१-४२; ८:१४; ९:२९-३०) । यो यूहन्नाको क्षितिजिय विविधताको भाग हो । येशू माथिबाटको हुनुहुन्छ, र तल हुने कसैले पनि पिताको छुवाइबिनाको कार्यलाई जान्न, बुझ्न, हेर्न र सुन्न सक्दैन (जस्तैः ६:४४,६५; १०:२९) ।

- "तर येशूले उनलाई केही जवाफ दिनु भएन" पिलातसले येशूको उत्तरलाई संझेको हुनुपर्छ (जस्तैः १८:३७) ! कतिले यसलाई यशैया ५३ को ७ को पूरा भएको कुरा संझे । .

१९:१० "तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ" पिलातसले यो कुरा बताउँदछन्, कि उनीसँग जीवन र मृत्युको राजनैतिक अधिकार छ, तरैपनि त्यो उत्तेजित भीडको चाहनाको निम्ति उनले शासन गर्ने अधिकारको विरुद्धमा जानुपदर्थ्यो । पिलातसको व्याकरणीय प्रश्नले "हो" भन्ने उत्तरको आशा राख्दछ ।

१९:११ "तपाईंलाई माथिबाट नदिइएको भए, ममाथि तपाईंको केही अधिकार हुने थिएन" यो दोस्रो स्तरको शर्तात्मक वाक्य हो, जसलाई "वास्तविकताको विपरित" भनेर भनिन्छ । येशू पिलातसको धम्कीमा हुनुहुन्थेन । उहाँलाई उहाँ को हुनुहुन्थ्यो र किन आउनुभएको हो भन्ने कुरा थाहा थियो । बाइबलले यो कुरा बताउँदछ, कि परमेश्वर सबै अधिकारको पछाडि हुनुहुन्छ (रोमी १३:१-७) ।

- "यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढी पापको दोषी छ" सबभन्दा पहिला यसलाई पढ्नाले यहूदा इस्करियोतलाई बताएजस्तो देखिन्छ (जस्तैः ६:६४,७१; १३:११), तर धेरै टिप्पणीहरूले यसले कैयाफालाई बताउँदछ, भनेर विश्वास गरे, जसले औपचारिक रूपमा येशूलाई रोमीहरूको हातमा सुम्पिदिए । यो वाक्यांशले सामूहिक रूपमा निम्न कुरालाई बताएको बुझिन सकिन्छः १) ती गैह्र यहूदी अगुवाहरू वा २) पूरा रूपमा यहूदी मानिसहरू (जस्तैः मत्ती २१:३३-४६; मर्कूस १२:१-१२; लूका २०:९-१९; रोमी ९-११ अध्याय) ।

१९:१२ "त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढी प्रयत्न गरे" यो एओरिष्ट सिद्ध काल हो, जसको अर्थ विगत समयमा भएको दोहोरिएको कार्य भन्ने हुन्छ । उहाँले धेरै चोटी कोसिस गर्नुभएको थियो ।

- "यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने, तपाई कैसरका मित्र हुनुहुन्न" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । ती यहूदी अगुवाहरूले रोमको उनको सर्बोच्चतालाई पिलातसलाई बताउनको निम्ति चेतावनी दिइरहेका थिए, यदि उनले तिनीहरू को चाहनालाई पछ्याएनन् भने, र येशूलाई मृत्युको दोष लगाएनन् भने । "कैसरको मित्र" भन्ने वाक्यांश एउटा भनाइ थियो, जसले रोमी सम्राट ले दिएको भयानक शिर्षकलाई प्रकट गर्दथ्यो (कित अगष्टस वा भेस्पासियसँगै सुरु भएको) । रोमी सम्राटको शिर्षक कैसर थियो । यो जुलियस कैसरबाट आयो, र यसलाई अगष्टसले अंगालेका थिए ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:१३-१६)

पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी ढुंगाका पाटी भनिने ठाउँमा (जसलाई हिब्रूमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे। त्यस समय निस्तार चाडको तयारीको समय थियो । दिउँसाको करिब १२ बजेको थियो । पिलातसले यहूदीहरूलाई भने, हेर तिमीहरूका राजा । तर तिनीहरू यसो भन्दै चिच्याए, लैजानुहोस्, लैजानुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस् । पिलातसले तिनीहरूलाई सोधे, के म तिमीहरूका राजालाई क्रूसमा टाँगूँ ? मुख्य पूजाहारीहरूले जवाफ दिए, कैसरबाहेका हाम्रो अरु राजा छैन । तब उनले उहाँलाई क्रूसमा टाँग्न तिनीहरूका हातमा सुम्पि दिए, यसकारण सिपाहीहरूले येशूलाई जिम्मा लिए ।

१९:१३ “पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी ढुंगाका पाटी भनिने ठाउँमा (जसलाई हिब्रूमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे” यो पाठ महत्वाकांक्षी छ, जो न्याय आसनमा बस्दछ भनेर यसले बताउँदछ। विलियम र असल गतिको अनुवाद दुवैले यो कुरा बताउँदछन्, कि यो व्यक्ति येशू आफै हुनुहुन्थ्यो, र उहाँलाई यहूदीहरूको राजाको रूपमा गिल्ला गर्ने प्रकारले राखिएको थियो। तरैपनि, यो परिवेशले पिलातसलाई लागु गर्दछ, जसले न्याय दिन खोजिरहेका थिए।

-

नासाब, एनकेजेभि, एनजेबि “मार्गको लागि बोलाइएको तर हिब्रूमा गब्बथा भनिने
एनआरएसभि “चट्टानको मार्ग भनिएको, वा हिब्रूमा गब्बथा भनिने
टिइभि चट्टानको मार्ग भनिएको (हिब्रूमा गब्बथा नाउँ दिइएको)

तिनीहरूको परिभाषामा हिब्रू आरमाइक शब्दको प्रयोगले यो कुरा देखाउँदछ, कि यूहन्नाको सुसमाचारको निम्ति उनको लक्षीत दर्शकहरू अन्यजाति थिए (जस्तैः पद १७)। यो चट्टानको मार्ग रोमी कानुनी घोषणाको क्षेत्र थियो। गब्बथाको आरमाइक परिवेशको अर्थ “उचालिएका चट्टानहरू” वा “उच्च पारिएको ठाउँ” भन्ने हुन्छ।

१९:१४ “त्यस समय निस्तार चाडको तयारीको समय थियो” त्यहाँ यूहन्नाको सुसमाचार र अन्य सुसमाचारको मितिको बीचमा स्पष्ट भिन्नता छ। यूहन्ना बाहेकका सुसमाचारमा येशूले उहाँलाई पक्रनुभन्दा अगाडि उहाँका चेलाहरूसँग निस्तार चाडको भोजको आयोजना गर्नुभयो (जस्तैः मर्कूस १५:४२), तर यूहन्नामा तर भोजको समय चाडको दिनभन्दा अगाडि भएको थियो। १८:२८ को पूर्ण टिपोटलाई हेर्नुहोस्।

- “दिउँसाको करिब १२ बजेको थियो” यो येशूलाई कूसमा चढाइने समय र पिलातसको अगाडि लगिएको समय निम्नअनुसार थियो:

| | ~~मत्ती~~ | ~~मर्कूस~~ | ~~लूका~~ | ~~यूहन्ना~~ |
|---|---|---|---|---|
| पिलातसको उजुरी | | | | 6th Hour 19:14 |
| कूसमा लगिएको | | 3rd Hour 15:25 | | |
| अँध्यारो भयो | ६-९ औं पहरा २७:४५ | ६-९ औं पहरा १५:३३ | ६-९ औं पहरा २३:४४ | |
| येशू चिच्याउनुभएको | ९ औं पहरा २७:४६ | ९ औं पहरा १५:३४ | | |

जब यी पहिचानका कुराहरूलाई समयमा तुलना गरिन्छ, दुईवटा व्याख्यात्मक विकल्पहरू आउँछन्:

१. तिनीहरू उही नै हुन। यूहन्नाले रोमी समयलाई मध्यान्ह १२ बजेबाट गणना गरेर सुरु गरे (जस्तैः ग्लेसन एल. आर्कर, बाइबलको कठिनाइहरूको इनसाइक्लोपेडिया, पाना ३६४), र यूहन्ना बाहेकका सुसमाचारले प्रयोग गरेको सयम विहान ६ बजेबाट सुरु हुने)।

२. यूहन्नाले येशूलाई कूसमा चढाइएको समयलाई बताएका छन्, जुनचाहिँ यूहन्ना र अन्य सुसमाचारको बीचको फरकको अर्को नमुना हो। यूहन्ना १:३९ र ४:६ बाट यो कुरा भएजस्तो देखिन्छ, कि उनले यहूदी समय र रोमी बाहेकको समयलाई प्रयोग गरे (जस्तैः एम. आर. भिनसेन्ट, वचनका अध्ययनहरू, इकाई १ पाना ४०३)।

सबै सुसमाचारहरूमा पहिचान गरिएको समय साङ्केतिक हुन सक्छ, र तिनीहरू निम्नि कुराहरूमा सम्बन्धित छन्:

१. मन्दिरमा हरेक दिन गरिने बलिदानको समय (बिहानको ९ देखि अपरान्हको ३ बजे; प्रेरित २:१५; ३:१

२. निस्तार चाडको थुमा मार्ने परम्पराको समय मध्यानहमा हुन्थ्यो, र यो निसानको १४ पछि गरिन्थ्यो।

बाइबल प्राचीन पूर्विय पुस्तक भएकोले गर्दा, यसले आधुनिक पश्चिमी ऐतिहासिक गणनाले जस्तै कालक्रमलाई त्यति धेरै जोड दिँदैन।

- “हेर तिमीहरूका राजा” जसै पद ५ ६:१२ को लागि संकेत भएजस्तै, यो वाक्यांश पनि जकरिया ९:९ को लागि संकेत हुन सक्छ। (एफ. एफ. ब्रूसको प्रश्न उत्तर भन्नेको पाना ७२ लाई हेर्नुहोस्।

१९:१४ यो पहिलो वाक्य अर्को सम्पादकीय टिप्पणी हो।

१९:१५ “लैजानुहोस्, लैजानुहोस्, त्यसलाई कूसमा टाँग्नुहोस्” यो वाक्यांशको तीनवटा एओरिष्ट सकृय सूचकहरू छन्। “कूसमा टाँग्नुहोस्” भन्ने मुख्य शब्दको अर्थ “उठाउनु” वा “उच्च पार्नु” भन्ने हुन्छ, र यो यूहन्नाको दोहोरो प्रवेश हो (जस्तैः ३:१४; ८:२८; १२:३२)।

- “मुख्य पूजाहारीहरूले जवाफ दिए, कैसरबाहेका हाम्रो अरु राजा छैन” यहाँ यो अवस्थाले बेहोश पारको हुन्छ। यी यहूदी अगुवाहरू अभियोग लगाउने दोषी थिए, र यो उही अभियोग थियो, जसले तिनीहरूले येशूलाई दोष लगाए। पुरानो करारमा मात्रै पनि परमेश्वर उहाँका मानिसहरूको राजा हुनुभयो (जस्तैः १ शमूएल ८ अध्याय)।

१९:१६ “तिनीहरू” मत्ती २७:२६-२७ र मर्कूस १५:१५-१६ मा यो सबैनाउँले रोमी सिपाहीहरूलाई बताउने गर्दछ। यूहन्नामा यो सन्दर्भले यस्तो कुरा बताएको छ, कि पिलातसले येशूलाई यहूदी अगुवाहरू र सिपाहीहरूको हातमा दिए।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:१७-२२

“उहाँ आफ्नो कूस आफै बोकेर खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रमा गलगथा भनिन्छ। त्यहाँ तिनीहरूले उहाँलाई कूसमा टाँगे, र उहाँसँग अरू दुई जनालाई टाँगें, एक जनालाई एकापट्टी, र अर्कोलाई अर्कोपट्टी, अनि माझमा येशूलाई। “पिलातसले एउटा दोषपत्र पनि लेखे, अनि

क्रूसमाथि टाँसिदिए । त्यसमा यही लेखिएको थियो, 'नासरतका येशू यहूदीहरूका राजा' ! अब धेरै यहूदीहरूले यो दोषपत्र पढे, किनभने येशू ख्रीष्ट क्रूसमा टाँगिनुभएको ठाउँ सहरको नजिकै थियो । यो हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो । यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, यहूदीहरूका राजा भन्ने होइन, तर यसले म यहूदीहरूका राजा हुँ भन्यो भनी लेख्नुहोस् । पिलातसले जवाफ दिए, मैले जे लेखें, लेखें ।

१९:१७ "उहाँ आफ्नो क्रूस आफै बोकेर" पहिलो शताब्दीमा प्यालेष्टाइनमा रहेको क्रूसको आकार अनिश्चित थियो । यो ठूलो टि वा सानो टि वा एक्स आकारको हुनुपर्दथ्यो । कतिचोटी एउटै स्थानमा धेरै कैदीहरूलाई झुण्ड्याउने गरिन्थ्यो । त्यो दोष लगाइएको कैदीको आकार जेसुकै भए तापनि, जसलाई भरखरै खोजिएको हुन्थ्यो, र त्यो काठको क्रूसलाई क्रूसमा चढाउने ठाउँतिर लिएर जानुपर्थ्यो (जस्तैः मत्ती २७:३२; मर्कूस १५:२१; लूका १४:२७; २३:२६) ।

- "खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ" यो वाक्यांशको ठ्याक्कै अर्थ अनिश्चित छ । हिब्रू आरमाइक परिवेशले खप्परले भरिएको पहाडजस्तो देखिने कुरालाई बताउँदैन, तर तल्लो तहको डाँडा जुनचाहिँ यरूसलेमको मुख्य स्थानमा अवस्थित हुन्छ । रोमीहरूले विद्रोहलाई निवारण गर्ने रूपमा क्रूसमा चढाउने गर्थे । आधुनिक भूगर्भविद्हरू प्राचीन सहरको पर्खालको त्यही स्थानको बारेमा अनिश्चित छन् । येशूलाई सहरको पर्खालभन्दा बाहिर राम्ररी चिनिएको सार्वजनिक स्थानमा फाँसी दिइएको थियो !

- "त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे" कुनै पनि सुसमाचारमा रोमीहरूले क्रूसमा चढाएको शरीरको संक्षिप्त कुरा दिइएको छैन । रोमीहरूले यसलाई कार्थाजिनियन्सबाट सिके, जसले यो कुरा पर्सियनबाट सिकेका थिए । अझै क्रूसको ठ्याक्कै आकार पनि अनिश्चित थियो । तरैपनि, हामीले यो कुरा जान्दछौं, कि यो लामो समयसम्म रहने भयानय मृत्यु थियो ! यसमा व्यक्तिलाई जिवित राख्न र धेरै दिनसम्म पीडा दिने कार्यको विकास गरिएको थियो । सामान्यतया मृत्यु निस्सासिने पाराले गर्ने गरिन्थ्यो । यो रोमको विरुद्धमा गरिएको विद्रोहको निवारणको अर्थ हुने गर्दथ्यो।

- "उहाँसँग अरू दुई जनालाई टाँगें" यो यशैया ५३:९ को अगमवाणी र मत्ती २७:३८; मर्कूस १५:२७; र लूका २३:३३ मा लेखिएको कुराको पूर्णता थियो ।

१९:१९ "पिलातसले एउटा दोषपत्र पनि लेख" सायद पिलातसले यो शिर्षक (टिटलोन) लाई हातैले लेखेको हुनुपर्छ, जसमा कसैले काठको टुक्रामा लेखेको हुनुपर्छ । मत्तीले यसलाई "त्यो अभियोग" भनेर बताएका छन् (एइटिएन, मत्ती २७:३७), जबकि मर्कूस र लूकाले यसलाई शिलालेख भनेका छन् (इपिग्राफ, जस्तैः मर्कूस १५:२६; लूका २३:३८) ।

१९:२० "यो हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो" "हिब्रू" ले आरमाइकलाई बताउने गर्दछ (जस्तैः ५:२; १९:१३,१७; २०:१६; योसेफस एन्टिक. २. १३.१) । यसमा येशूलाई क्रूसमा चढाउँदाखेरि लगाइएको अभियोगको उही अर्थको रूपमा सुसमाचारमा भएका विविधतालाई जान्नु चाखलाग्दो कुरा हो ।

१. मत्ती २७:३७ - "यो उही येशू हुन्, जो यहूदीहरूका राजा थिए"
२. मर्कूस १५:२६ - "यहूदीहरूका राजा"
३. लूका २३:३८ - "यिनी यहूदीहरूका राजा हुन्"
४. यूहन्ना १९:१९ - "येशू नाजरी यहूदीहरूका राजा"

प्रत्येक नै फरक छन्, तर सामान्यतया उस्तै छन् । यो सुसमाचारका बीचमा भएको विविधताको धेरैजसो ऐतिहासिक सारांश सत्य हो । हरेक लेखकले अलि फरक तरिकाले उनीहरूको संझनालाई राखेका छन्, तर तिनीहरू आँखाले देखेको प्रमाणमा उस्तै नै छन् ।

पिलातसको अर्थ यहूदी अगुवाहरूलाई तिनीहरूले येशूलाई क्रूसमा राखेको डरसँग उही नै शिर्षक राखेका हुन्थे (जस्तैः पद २१-२२) ।

१९:२२ "पिलातसले जवाफ दिए, मैले जे लेखें, लेखें" यी दुवै सिद्ध सकृय क्रियाका कालहरू हुन्, जसले लेखिएको कुराको अन्तिमपना र पूर्णतालाई जोड दिएका छन् । .

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:२३-२५क

"जब सिपाहीहरूले येशूलाई क्रूसमा टाँगे, तब तिनीहरूले उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे । उहाँको बाहिरी वस्त्र पनि लिए, तर यो वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलैसम्म बुनेको सग्लो थियो । यसकारण तिनीहरूले आपसमा भने, योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं । धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियोः 'तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँडे, र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले' । यसकारण, सिपाहीहरूले यो काम गरे ।"

१९:२३ "प्रत्येक सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे" सिपाहीहरूले येशूको वस्त्रको निम्ति चिट्ठा हाले । यसले उहाँको बाहिरी वस्त्रलाई मात्र बताउँदछ । कसरी येशूका वस्त्रहरू चार भागमा विभाजित भए भन्ने कुरा अनिश्चित छ । यसले उहाँको जुत्ता, प्रार्थनाको रूमाल (टालिथ), नारीको बिल्ला र बाहिरी वस्त्रलाई देखाएको हुनुपर्छ । येशूले फेटा लगाउनु भयो कि भएन भनेर अनिश्चित छ । यहूदीहरूमा पूर्ण नाङ्गोपना देखियो भने, अपराधीजस्तो हुन्छ । यो पद २४ मा दिइएको अगमवाणीको अर्को पूरा गर्ने कार्य हो (जस्तैः भजनसंग्रह २२:१८) ।

- "बाहिरी वस्त्र" येशूको बाहिरी वस्त्रले हिमासिया भन्ने परिवेशको बहुवचनको बाहिरी कुरालाई बताउँदछ । उहाँको लामो पोशाक छालाभन्दा बाहिरपट्टीको बाहिरी वस्त्र थियो (चितन) । यसको फरकपना मत्ती ५:४० र लूका ६:२९ मा देख्न सकिन्छ । डोरकासले यी दुवै वस्त्रलाई बनाएकी थिइन (जस्तैः प्रेरित ९:३९) । अन्ततः पहिलो शताब्दीका येहूदीहरूले भित्र लगाउने टुक्रालाई लंगीको वस्त्र भन्दथे । येशूले पूर्णरूपमा वस्त्र पहिरनु भएको थिएन । यो पद २३ को अर्को सम्पादकीय टिप्पणीबाट यो अन्तिम वाक्यांशलाई येशू ख्रीष्टसँगै बस्ने व्यक्तिले लिएका थिए ।

- “तर यो वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलैसम्म बुनेको सग्लो थियो” यसको ईश्वरशास्त्रीय महत्व भएको हुनुपर्छ। यस्तो खालको वस्त्र धेरै असामान्य र अहंगो खालको पनि भएको हुनुपर्छ। यो येशूको चरित्रभन्दा बाहिरको र असामान्य वस्त्रको महंगो टुक्रा भएजस्तो देखिन्छ। योसेफस (एन्टिक.३,७,४) बाट हामीले यो कुरा जान्दछौं, कि प्रधान पूजाहारीले यस्तै खालको वस्त्र पहिरन्थे, र गुरुहरूको परम्पराले पनि मोसाले गरे भन्ने कुरा देखाउँदथ्यो। के यो येशूको निम्ति पनि सन्दर्भ बन्थ्यो, जसैः

१. ती प्रधान पूजाहारी (जस्तैः हिब्रूहरूका)
२. नयाँ व्यवस्था दिने व्यक्ति

यूहन्नाको सुसमाचारमा सधैं दोहोरो अर्थ दिने कुरा सम्भव थियो, तर व्याख्याकारले ती सबै सारांशलाई रूपक कथाको रूपमा नगरिकनै बुद्धिमान्पूर्वक गर्नुपर्ने हुन्छ।

१९:२४ “धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियो” भजनसंग्रह २२ ले पुरानो करारको क्रूसमा चढाइएको पुरानो करारको पृष्टभूमि बनायोः

१. भजनसंग्रह २२:१-२–मत्ती २७:४६; मर्कूस १५:३४
२. भजनसंग्रह २२:७-८–मत्ती २७:३९,४३; मर्कूस १५:२९; लूका २३:३५
३. भजनसंग्रह २२:१५–मत्ती २७:४८; मर्कूस १५:३६; लूका २३:३६; यूहन्ना १९:२८,२९
४. भजनसंग्रह २२:१६–मत्ती २७:३५;; मर्कूस १५:२४; यूहन्ना २०:२५
५. भजनसंग्रह २२:१८–मत्ती २७:३५; मर्कूस १५:२४; लूका २३:३४; यूहन्ना १९:२४
६. १. भजनसंग्रह २२:२७-२८–मत्ती २७:५४; मर्कूस १५:३०; लूका २३:४७; (यूहन्ना २०:३१; मत्ती २८:१८-२०; लूका २४:४६-४७; प्रेरित १:८)

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:२५ख-२७

“अनि येशूले क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए। जब येशूले आफ्नी आमालाई र उहाँले प्रेम गर्नुभएका चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, ‘नारी हेर्नुहोस्, तपाईंको छोरो।’ तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, ‘हेर तिम्री आमा।’ त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे।”

१९:२५ “अनि येशूले क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए” यसमा यो कुराको सम्भावना छ, कि त्यहाँ चारवटा नाउँहरू थिए, किनकि त्यहाँ दुईजनाको नाउँ मरियम हुँदैनथ्यो। मरियमको बहिनी सालोमिको नाउँ मर्कूस १५:४० र १६:१ मा दिइएको छ। यदि यो कुरा सत्य हो भने, तब यसको आशय याकूब, यूहन्ना र येशू भतिजाहरू पर्दथे। दोस्रो शताब्दीको परम्परा (हेगेसिपस) ले यसो भन्दछ, कि क्लोफास योसेफका भाइ थिए। मरियम मग्दलिनी त्यस्ति थिइन, जसलाई येशूले सातवटा भूतहरूबाट निकाल्नुभएको थियो, र उहाँले छान्नुभएको त्यो पहिलोचाहिँ उहाँको पुनरुत्थानपछि देखा परेको थियो (जस्तैः २०:१-२, ११-१८; मर्कूस १६:१; लूका २४:१-१०)।

## विशेष शिर्षकः येशूलाई पछ्याउने ती महिला

क. येशूलाई पछ्याउने महिलाको बारेमा पहिलोचोटी बताइएको, जसले उहाँलाई र प्रेरितिय समूहलाई लूका ८:१-३ मा सहायता गरेका
   १. मरियम जसलाई मग्दलिनी पनि भनियो (पद २)
      क. मत्ती २७:५६,६१; २८:१
      ख. मर्कूस १५:४०,४७; १६:१,९
      ग. लूका ८:२; २४:१०
      घ. यूहन्ना १९:२५; २०:१,११,१६,१८
   २. योअन्ना, खुजासकी पत्नी (हेरोदको नोकर, पद ३), जसलाई लूका २४:१० मा सूचीकृत गरिएको
   ३. सुसन्ना (पद ३)
   ४. “यिनीहरू र अरूहरूले आफ्ना धनले उहाँको सेवा गर्दथे” (पद ३)।
   क्रूसमा चढाइने समयमा स्त्रीहरूको एउटा समूहको बारेमा बताइएको छ
ख. १. मत्तीको सूचीअनुसार
      क. मरियम मग्दलिनी (२७:५६)
      ख. याकूब र योसेफसको आमा मरियम (२७:५६)
      ग. जब्दीका छोराहरूको आमा (२७:५६)
   २. मर्कूसको सूचीअनुसार
      क. मरियम मग्दलिनी (१५:४०)
      ख. सानोचाहिँ याकूब र योसेफको आमा मरियम (१५:४०)
      ग. सालोमी (१५:४०)
   ३. लूकाले यसो मात्र भन्दछन्, “तर उहाँका चिनाजानीहरू र गालीलबाट उहाँको पछिपछि आउने स्त्रीहरू टाढा उभिएर यी घटनाहरू हेरिरहे (२३:४९)

4. यूहन्नाको सूचीअनुसार
क. येशूकी आमा मरियम (१९:२५)
ख. उहाँकी आमाकी दिदी (१९:२५)
ग. क्लोपासकी मेरी (केजे क्लेइओपास, यसको अर्थ क्लोपासकी पत्नी वा क्लोपासकी छोरी भन्ने हुन्थ्यो (१९:२५)

ग. येशूलाई गाडिएको स्थानमा स्त्रीहरूको एउटा समूहले अवलोकन गरिएको कुरा बताइएको छः
१. मत्ती सूचीअनुसार
क. मरियम मग्दलिनी (२७:६१)
ख. अर्की मरियम (२७:६१)
२. मर्कूसको सूचीअनुसार
क. मरियम मग्दलिनी (१५:४७)
ख. योआसकी आमा मरियम (१५:४७)
३. लूकाले यसो मात्र भन्दछन्, "गालीलबाट उहाँको साथमा आउने स्त्रीहरू पछिपछि गए (२३:५५)
४. स्त्रीहरूले चिहानलाई हेर्ने बारेमा यूहन्नाले कुनै पनि कुरा बताएका छैनन्

घ. आइतबार बिहान सबेरै स्त्रीहरूको एउटा समूह चिहानमा आयो
१. मत्तीको सूचीअनुसार
क. मरियम मग्दलिनी (२८:१)
ख. अर्की मरियम २८:१
२. मर्कूसको सूचीअनुसार
क. मरियम मग्दलिनी (१६:१)
ख. याकूबकी आमा मरियम (१६:१)
ग. सालोमी (१६:१)
३. लूकाको सूचीअनुसार
क. "तिनीहरू चिहानमा आए" (२४:१-५,२४)
१) मरियम मग्दलिनी (२४:१०)
२) योअन्ना (२४:१०)
३) याकूबकी आमा मरियम (२४:१०)
४. यूहन्नाले मरियम मग्दलिनीको नाउँमात्र दिएका छन् (२०:१, ११)

ङ. माथिल्लो कोठामा पनि स्त्रीहरूको उपस्थिति भएको कुरा बताइएको छ (प्रेरित १:१४)
१. "ती स्त्री" (१:१४)
२. येशूकी आमा मरियम १:१४)

च. यी विविध सूचीहरूको बीचमा यी फरक महिलाहरूको सम्बन्ध कस्तो थियो भन्ने कुरा अनिश्चित छ। निश्चय नै मरियम मग्दलिनीले उच्चतम भूमिक निभाएकी छन्। येशूको जीवन र सेवकाइको बारेमा पाइने एउटा असल लेख आइभिपिले प्रकाशन गरेको येशू र सुसमाचारको शब्दकोशको पानाहरू ८८०-८८६ मा पाइन्छ।

१९:२६ "उहाँले प्रेम गर्नुभएका चेला नजिकमा उभिरहेका देख्नुभयो" यूहन्नाले उनको पुस्तकमा नाउँबाट उल्लेख नगरेदेखि, धेरैले मानिलिएको कुरामा आफैलाई पहिचान गर्ने तरिका थियो (जस्तैः १३:२३; १९:२६; २१:७,२०)। उनले यी सबै स्थानमा अगापे भन्ने परिवेशको प्रयोग गर्दछन्, तर २०:२ मा उनले फाइले भन्ने उही वाक्यांशलाई प्रयोग गर्दछन्। यी समान् कुराहरू यूहन्ना ३:३५ मा अगापे र ५:२० मा फाइलेलाई तुलना गर्दाका परिवेशहरू उस्तै छन्, जहाँ यी दुवैले पिताको प्रेम पुत्रमा भएको कुरालाई बताउँदछन्।

१९:२७ "त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे" यसको आवश्यकीय रूपमा यो अर्थ हुँदैन, कि यूहन्नाले मरियमलाई तुरुन्तै उनको घरमा लगे भन्ने, यद्यपि यसमा यो वास्तविक कुरालाई लागु गर्न सकिन्छ, कि उनलाई मत्ती २७:५६ र मर्कूस १५:४० मा अन्य स्त्रीहरूको सूचीमा राखिएको छैन। परम्पराले यो कुरा बताउँदछ, कि यूहन्नाले मरियमलाई उनको मृत्यु नभएरसम्म हेरचाह गरे, र तब उनी एसिया माइनरतर्फ लागे (विशेषगरेर एफिससमा) जहाँ उनको लामो समयसम्मको सफल सेवकाइ भयो। यूहन्ना एकजना बूढो मानिस भएर एफिसीका एल्डरहरूलाई यो कुराको अनुरोध गरेर येशूको जीवनको बारेमा उनलाई संझना भएका कुराहरू लेखे (जस्तैः यूहन्नाको सुसमाचार)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:२८-३०)

"यसपछि येशूले सबैकुरा अब सिद्धियो भनेर जानेर धर्मशास्त्र पूरा होस् भनी भन्नुभयो, मलाई तिर्खा लाग्यो। त्यहाँ सिर्काले भरिएको एउटा भाँडो राखिएको थियो, यसैकारण, सिर्काले भरिएको स्पष्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याएदिए। जब येशूले सिर्का

लिनुभयो, र तब उहाँले भन्नुभयो, 'अब सिद्धियो' र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो ।"

२९:२८ "यसपछि येशूले सबैकुरा अब सिद्धियो भनेर जानेर धर्मशास्त्र पूरा होस् भनी भन्नुभयो, मलाई तिर्खा लाग्यो" यो अर्थ स्पष्ट नभएको वाक्य रचना हो, चाहे बाइबलमा बताएको वाक्यांश "मलाई तिर्खा लाग्यो" वा "सबै चिज अगाडि नै पूरा भएको छ"" भन्नेमा बताएको होस् । यदि यसलाई परम्परागत रूपले बताउने हो भने, तब "मलाई तिर्खा लाग्यो" भन्ने वाक्यांशको सन्दर्भ भजनसंग्रह ६९:२१ मा हुन्छ ।

१९:१९ "त्यहाँ सिर्काले भरिएको एउटा भाँडो राखिएको थियो" यो सस्तो खालको रक्सी थियो । यो सिपाहीहरू र क्रूसमा चढाइने व्यक्तिको निम्ति दिने गरिन्थ्यो । तिनीहरूले थोरै मात्रामा त्यो पेय पदार्थलाई दिने गरिन्थ्यो, ताकि त्यो क्रूसमा चढाउने कार्य लामो समयसम्मको लागि होस् ।

"अमिलो रक्सी" यसको शाब्दिक अर्थमा "अमिलो पेय पदार्थ" भन्ने हुन्छ । यो गरिब मानिसहरूको पिउने वस्तु थियो । यरूशलेमकी एकजना महिलाले उहाँलाई दिइएको मात्तिने रक्सी येशूले लिनु नभएको कुरालाई पनि याद गर्नुहोस् (मर्कूस १५:२३; मत्ती २७:३४) । सायद उहाँले यो रक्सीलाई स्वीकार गरेको कारणचाहिँ भजनसंग्रह २२:१५ पूरा हुनुपर्ने थियो । उहाँ बोल्नको लागि तत्पर हुनुहुन्थ्यो, र भन्नेपर्ने एकचिज अझ बाँकी थियो ।

- "एउटा हिसपको हाँगामा" कतिले यसलाई विशेष विरुवाको रूपमा प्रयोग गर्ने संकेत देख्दछन्, जसलाई निस्तार चाडको सेवामा प्रयोग गरिन्थ्यो (जस्तैः प्रस्थान १२:२२) । अरूले यस्तो विश्वास गरे कि, त्यहाँ त्यहाँ प्राचीन जातिमा परिवेशको भ्रष्टाचार भएको थियो, र त्यसको वास्तविक अर्थ "भाला" "ज्यावल" वा "लट्ठी" भन्ने हुन्थ्यो (जस्तैः एनइबि ले यसो भन्यो, तर आइरबिले हिसपलाई प्रकट गर्दछ) । मत्ती २७:४८ र मर्कूस १५:३६ मा "नर्कट" भन्ने कुरा आएको छ (प्रस्थान १२:२२) ।

यहाँ जातिय परिवर्तनको कारणमा धेरैले यो कुरा देखेका छन्, किनकि हिसपको बिरुवाको डाँठ त्यति लामो हुँदैनथ्यो (२ देखि ४ फिट मात्रै), तर यो कुरालाई पनि याद गर्नुपर्ने हुन्छ, कि क्रूसहरू पनि भूँइभन्दा त्यति धेरै माथि उठाइएका हुँदैनथे । माथि उठाइएको क्रूसमा हाम्रो परम्पराको तस्बिरमा ३:१४ को गलत बुझाइ हुनसक्छ । येशूको गोडापनि भूँइमा नै वा भूँइदेखिको दुई तहमा हुनुपर्छ ।

१९:३० "अब सिद्धियो" यो सिद्ध निष्क्रिय सूचक हो । सुसमाचारका पुस्तकहरूबाट हामीले यो कुरा सिकेका छौं, कि उहाँ उच्च स्वरले चिच्याउनुभयो ( मर्कूस १५:३७; लूका २३:४६; मत्ती २७:५०) । यसले छुटकाराको सकिएको कार्यलाई बताउँदछ । यो परिवेशको स्वरुप (टेलोस) ले मिश्रीको पेप्यारी (मल्टन र मिलिगन) मा "पूर्ण रूपमा तिरियो" भन्नुको व्यवसायिक भनाइ हो ।

"उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो" "उहाँको शिर निहुराउनु" भन्ने वाक्यांशमा भन्ने भनाइको प्रकारले "सुत्न जानु" भन्ने हुन्छ । येशूको मृत्यु उहाँको निम्ति दावी गर्ने क्षण थियो । यसको निष्कर्ष यस्तो हुन्छ, कि मृत्युमा व्यक्तिको आत्मिक पक्ष शारीरिकबाट अलग्गीएको हुन्छ । यसले विश्वासी हरूको मृत्यु र पुनरुत्थानको दिनको बीचमा व्यक्त नगर्ने कुराको माग गरेजस्तो देखिन्छ (जस्तैः २ कोरिन्थी ५:१; थेसलोनिकी ४:१३-१८, विलियम हेन्रिस्कन को बाइबलमा मृत्यु पछिको जीवन भन्ने पुस्तकलाई हेर्नुहोस् ।

मर्कूस १५:३७ र लूका २३:४६ ले "उहाँले अन्तिमचोटी सास फेर्नुभयो भन्ने कुरालाई सुसमाचारमा समान रूपमा लिइएको छ । "आत्माको लागि" भन्ने हिब्रू शब्द र "सास फेर्नु" भन्ने शब्द उही हुन् । उहाँको अन्तिम सास फेराइलाई उहाँको शरीरले आत्मालाई छोड्ने कुरामा जस्तै देखाइएकोछ(उत्पत्ति २:७)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:३१-३७

"त्यो दिन तयारीको दिन थियो, यसकारण यहूदीहरूको शवाथमा (विशेषगरी यस सवाथमा, जुनचाहिँ महत्वपूर्ण थियो) मृत शरीरहरू क्रूसमा नरहुन भनी पिलातसलाई बिन्ति गरे, र तिनीहरूका खुट्टा भाँचेर तिनीहरूका शरीर लगिऊन भनी माग गरे । तब सिपाहीहरू आएर उहाँसँग क्रूस मा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एक जनाका, त्यसपछि अर्काका । जब तिनीहरू येशूकहाँ आए, तिनीहरूले देखे कि, उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन् । तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो । तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो, र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ । उहाँको कुनै पनि हड्डी भाँचिने छैन भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए । अनि फेरी अर्को ठाउँमा धर्मशास्त्र भन्छ, जसलाई तिनीहरूले घोंचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन् ।"

१९:३१ "यसकारण यहूदीहरूको शवाथमा मृत शरीरहरू क्रूसमा नरहुन" यहूदीहरूले मृत शरीरको निम्ति धेरै नै वास्ता गर्थे, र त्यसले जमिनलाई पनि प्रदुषित पार्दथ्यो (जस्तैः व्यवस्था २१:२३) विशेषगरेर निस्तार चाडको अति उच्च पवित्रतामा यसो हुन्थ्यो ।

- (विशेषगरी यस सवाथमा, जुनचाहिँ महत्वपूर्ण थियो) यसलाई दुई तरिकाले व्याख्या गरिएको छः

१. निस्तार चाडको भोज र सबाथ दिन संयोगवन त्यो निश्चित वर्षमा पर्दथ्यो (यहूदीहरूले चन्द्रमाको पात्रोलाई प्रयोग गरे)
२. अखमिरी रोटीको चाड त्यो विश्राम दिनको त्यो वर्षमा संयोगवश पर्दथ्यो

निस्तार चाड र अखमिरी रोटीको चाड (जस्तैः प्रस्थान १२ अध्याय) त्यो चाडको आठौ दिनमा पर्दथ्यो ।

- "तिनीहरूका खुट्टा भाँचेर तिनीहरूका शरीर लगिऊन भनी माग गरे" अन्तत यो अवस्था अगाडि नै भएको थियो । क्रूसमा चढाइएको मानिसको खुट्टालाई भाँच्न एउटा ठूलो मुङग्रोको प्रयोग गरिन्थ्यो । सामान्यतया क्रूसमा चढाइने कार्यले निस्सासिएर गरिने मृत्यु थियो । तुरुनतै खुट्टा भाँचि दिने कार्यले त्यस मानिसले खुट्टा तन्काएर सास फेर्न सक्दैनथ्यो ।

१९:३३ "भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्" यो प्रस्थान १२:४६; गन्ती ९:१२ र भजनसंग्रह ३४:२० को पछाडिको अगमवाणी पूरा भएको हुन सक्छ ।

१९:३४ “तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो” यो प्रत्यक्ष आँखाले देखेको उपचारको सारांशले यो कुरा देखाउँदछ, कि उहाँ साँचोरूपमा मर्नुभयो, र त्यसपछि येशू मसिह साँचो मानवतामा हुनुहुन्छ भन्ने कुरा प्रकट गरियो । यूहन्नाको सुसमाचारको साथसाथै १ यूहन्नाले ज्ञानवादको कुराहरू बढीरहेको समयमा लेखेका थिए, जसले येशूको ईश्वरत्वलाई निश्चित गऱ्यो, तर उहाँको मानवीयतालाई ईन्कार गऱ्यो ।

१९:३५ यो पद यूहन्नाको टिप्पणी हो, जो सबै घटनाहरूलाई प्रत्यक्ष आँखाले देख्ने एकमात्र व्यक्ति थिए: १) त्यो रातको जाँच; २) रोमीहरूले गरेको जाँच, र ३) क्रूसमा चढाइने कार्य । येशूको मृत्युको यो टिप्पणी २०:३०-३१ को समानान्तरमा छ, जसले सुसमाचारको सुसमाचारीय उद्देश्यलाई देखाउँदछ (जस्तैः २१:२४) १:८ को येशूको गवाही भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

त्यहाँ क्रियाको अन्तिम संयोजकको ग्रीक हस्तलेखनको विविधता छ । कति पाठको वर्तमान् काल छ, र एओरिष्ट काल छ । यदि यो साँचोरूपमा एओरिष्ट थियो भने, यसले २०:३०-३१ मा बताएजस्तै अविश्वासीहरूलाई जोड दिइरहेको हुन्छ । तरैपनि, यदि यसको उपस्थिति हुने हो भने, यसले विश्वासको वृद्धि र निरन्तरतालाई जोड दिइरहन्छ । यूहन्नाको सुसमाचारले दुवै समूहलाई निर्देशित गरेजस्तो देखिन्छ ।

- “साँचो... साँचो” ६:५५ र १७:३ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

१९:३६ यो प्रस्थान १२:४६; गन्ती ९:१२ वा भजनसंग्रह ३४:२० बाट आएको निस्तार चाडको थुमाको संकेत हुन सक्छ । यसले जुन वाक्यांशलाई बताउँदछ, त्यसमा भर पर्छः १) घोच्नु वा २) तोड्नु । येशू उहाँको पुनरुत्थान भएपछि यस पृथ्वीमा ४० दिन बसेको कुरा यी खण्डहरूमा सुरुको मण्डलीमा येशू आफैले देखाउनु भएको छ (जस्तैः लूका २४:२७; प्रेरित १:२-३) । सुरुको मण्डली वा प्रेरितको पुस्तकमा गरिएको प्रचारले पुरानो करारको अगमवाणी पूरा भएको कुरा यिनीहरूले देखाउँदछन्, जसलाई येशूले तिनीहरूलाई देखाउनुभयो ।

१९:३७ यो जकरीया १२:१० को भनाइ हो, जुनचाहिँ प्रतिज्ञामध्येको सबभन्दा ठूलो हो, किः

१. इस्राएल एकदिन येशू मसिहको विश्वासमा फर्कनेछ (जस्तैः प्रकाश १:७)
२. अगाडि नै विश्वास गरेका धेरै यहूदीहरू येशूको मृत्युमा शोक मनाइरहेका थिए
३. यसले रोमी सिपाहीहरूलाई बताउँदछ (मत्ती २७:५४), र अन्यजाति राष्ट्रहरूको प्रतिनिधित्व गर्दछ (१२:३२)

यो चाखलाग्दो कुरा छ, कि यो हिब्रू पाठको मासुरिकबाट स्पष्टरूपमा बताइएको छ, र सेप्टाजुआन्टबाट होइन, सामान्यतया जसलाई सुसमाचारका लेखकहरूले बताएका छन् । सेप्टाजुआन्टमा “गिल्ला गरिएको” कुरा छ, तर मासुरिकको पाठमा “घोचियो” भनिएको छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः १९:३८:४२

“त्यसपछि अरिमाथियाको योसेफ, जो यहूदीहरूको डरले गर्दा गुप्तमा मात्र येशूका चेला थिए, तिनले पिलातसलाई येशूको मृत शरीर लैजान पाऊँ भनी बिन्ति गरे । पिलातसले अनुमति दिए । तब तिनी आएर उनको मृत शरीर लगे । अनि अघि उहाँकहाँ राती आउने निकोदेमस पनि प्राय ३३ किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए । यसरी तिनीहरूले येशूको शरीर यहूदीहरूको दफनको रीतिअनुसार सुगन्धित द्रव्यसँग सूती कपडामा बाँधे । उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा एउटा बगैंचा थियो । त्यस बगैंचामा कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो । किनकि यहूदीहरूका तयारीको दिन थियो, अनि त्यो चिहान पनि नजिकै थियो, र तिनीहरूले येशूलाई त्यही चिहानमा राखे ।

१९:३८-३९ “त्यसपछि अरिमाथियाको योसेफ...राती आउने निकोदेमस” यी दुईजना सम्पन्न र प्रभावशाली सभाघरका सदस्यहरू येशूका गोप्य चेलाहरू थिए, जसले यो खतराको र जटिल परिस्थितिमा सार्वजनिक रूपमा गए

१९:३९ “३३ किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए” यो पहिलो शताब्दीका यहूदी मानिसहरूले गर्ने सुगन्धित मसाला लगाएर परम्परागतरूपले गरिने दफन कार्य थियो । त्यसको परिणाम एकदमै अत्यधिक थियो, र यसलाई धेरैले येशूलाई राजाको रूपमा दफन गरेको कार्यको संकेतको रूपमा हेरे (२ कोरिन्थी १६:१४) । ११:२ मा अभिशेक गर्ने भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

“मिश्रित” (मिग्मा) को ग्रीक शब्दलाई एमएसएस पि६६, !*ए, डि, एल, र धेरैजसो पिताहरूका संस्करणमा पाइन्छ, जुन एमएसएस, !* बि, डब्लू र अन्य कोप्टिक संस्करणहरूमा अनौठो प्रकारले “पोका” (इलिग्मा) मा परिवर्तन गरिएको हुन्छ । युवियस४ ले निश्चित रूपमा “मिश्रित”लाई “ख” स्तर दिन्छ ।

## विशेष शिर्षकः दफन कार्यको सुगन्धित पदार्थ

क. मुर्र, अरेबियाको रूखबाट आएको एउटा बास्नादार पदाथ
  १ यो पदार्थलाई पुरानो करारमा १२ चोटी बताइएको छ, विशेषगरेर ज्ञानको साहित्यमा अत्तरको रुपमा
  २. यो ज्योतिषिहरूले बालक येशूको लागि ल्याएको एउटा उपहार थियो (जस्तैः मत्ती २:११)
  ३. यसको संकेत प्रभाव पार्ने खालको हुन्छ
    क. “पवित्र अभिषेकको तेल”मा प्रयोग गरिएको (प्रस्थान ३०:२३-२५)
    ख. राजालाई दिइने उपहारको रूपमा प्रयोग गरिएको (मत्ती २:११)
    ग. येशूको दफन कार्यको अभिषेकमा प्रयोग गरिएको (यूहन्ना १९:३९, र सांकेतिक रूपमा यूहन्ना ११:२) । यसलाई यहूदी परम्परा अनुसार तालमुदमा वर्णन गरिएको (जस्तैः बेराखोथ ५३क)

ख. एलवा, बास्नादार किसिमको काठ

१. सुगन्धित अत्तरसँग सम्बन्धित भएको (जस्तैः गन्ती २४:६; भजनसंग्रह ४५; हितोपदेश ७:१७; श्रेष्ठगीत ४:१४)

२. यसलाई मिश्रीहरूले लासलाई सड्न रोक्ने प्रकृयामा मुर्रसँग मिसाएर प्रयोग गरिएको

३. यसलाई निकोदेमसले येशूको दफनको कार्यमा ठूलो परिणाममा ल्याएका र यसले उहाँलाई अभिषेक गरेका (जस्तैः यूहन्ना १९:३९ यो तालमुदमा वर्णन गरिएको यहूदी परम्पराअनुसार भएको थियो (जस्तैः बेत्सा ६क)।

१९:४० "यसरी तिनीहरूले येशूको शरीर यहूदीहरूको दफनको रीतिअनुसार सुगन्धित द्रव्यसँग सूती कपडामा बाँधे" ती द्रव्यहरू दुईवटा उद्देश्यको निम्ति हुन्थेः १) गन्धलाई हटाउन र २) दफनको कपडाले बेर्ने स्थानमा समाउन।

१९:४१ "उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा एउटा बगैंचा थियो" हामीले बुझेको यो कुरा अति जटिल छ, कि योसेफ र निकोदेमसले अति नै हतारमा कार्य गरेको हुनुपर्छ। येशू अपरान्हको ३ बजे मर्नुभयो, र उहाँ ६ बजे सम्ममा चिहानमा गइसक्नुपर्ने थियो, जुनचाहिँ यहूदी निस्तार विश्रामको सुरुवात थियो।

- "त्यस बगैंचामा कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो" यो एउटा परिधिय सिद्ध निष्क्रिय कृदन्त हो। हामीले मत्ती २७:६० बाट यो कुरा सिक्छौं, कि यो योसेफको आफ्नै चिहान थियो। यो मत्ती २७:५७ बाट लिइएको यशैया ५३:९ को पूरा हुने कुरा थियो।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यस पुस्तकको यो खण्डको मुख्य विषयहरूलाई सोच्न मद्दत पुऱ्याउँदछ, । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित हुँदैनन्।

१. किन सिपाहीहरूले येशूलाई कोर्रा लगाएर गिल्ला गरे ?
२. पिलातसले येशूलाई छाडिदिन गरेको बारम्बारको प्रयासले के कुराको मुल्य राख्दछ ?
३. किन यहूदी पूजाहारीले पद १५ मा दिएको भनाइ आश्चर्यलाग्दो छ ?
४. किन येशूलाई क्रूसमा चढाइएको विवरण एक सुसमाचारदेखि अर्कोमा फरक छ ?
५. कसरी व्यवस्था २१:२३ येशूलाई क्रूसमा चढाउने कार्यसँग सम्बन्धित छ ?

# यूहन्ना २० अध्याय

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| येशूको पुनरुत्थान | रित्तो चिहान | पुनरुत्थान | रित्तो चिहान | रित्तो चिहान |
| २०:१-१० | २०:१-१० | २०:१-१० | २०:१-१० | २०:१-<br>द्द<br>२०:३-१० |
| येशूलाई मरियम मग्दलिनीले देखेकी | येशूलाई मरियम मग्दलिनीले पुनरुत्थानिक प्रभुको रूपमा देखेकी | | येशू मरियम मग्दलिनी कहाँ देखा पर्नुभएको | येशूलाई मरियम मग्दलिनीले देखेकी |
| २०:११-१८ | २०:११-१८ | २०:११-१८ | २०:११-१३क | २०:११-१८ |
| | | | २०:१३ख | |
| | | | २०:१४-१५क | |
| | | | २०:१५ख | |
| | | | २०:१६क | |
| | | | २०:१६ख | |
| | | | २०:१७ | |
| | | | २०:१८ | |
| येशू चेलाहरूको माझमा देखा पर्नुभएको | प्रेरितहरूलाई पठाइएको | | येशू उहाँका चेलाहरूकोमा देखा पर्नुभएको | येशू चेलाहरूको माझमा देखा पर्नुभएको |
| २०:१९-२३ | २०:१९-२३ | २०:१९-२३ | २०:१९-२३ | २०:१९-२३ |
| येशू र थोमा | हेर्नु र विश्वास गर्नु | | येशू र थोमा | |
| २०:२४-२९ | २०:२४-२९ | २०:२४-२९ | २०:२४-२५क | २०:२४-२९ |
| | | | २०:२५ख | |
| | | | २०:२६-२७ | |
| | | | २०:२८ | |
| | | | २०:२९ | |
| यस पुस्तकको उद्देश्य ०-३१ | ताकि तिमीले विश्वास गर्न सक् | | यस पुस्तकको उद्देश्य | पहिलो निष्कर्ष |
| २०:३०-३१ | २०:३०-३१ | २०:३०-३१ | २०:३०-३१ | २०:३०-३१ |

### अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस्। विषयहरूलाई पत्ता लगाउनुहोस्। कतपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस्। अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## पदहरू १-२९ को पाठगत अन्तर्दृष्टि

क. येशूले उहाँका चेलाहरूसँग गर्नुभएको हरेक प्रतिज्ञा अध्यायहरू १४-१७ मा पहिलो पुनरुत्थानको आइतबारको बेलुकी पूरा भएको थियो। १६:२० को टिपोटलाई हेर्नुहोस्।

ख. पुनरुत्थानको बरिपरि भएको सारांशमा सुसमाचारका गणनाहरू फरक फरक छन्, किनकिः
१. तिनीहरू प्रत्यक्ष आँखाले देखेका गणनाहरू हुन्।
२. धेरै वर्ष वितेको थियो।
३. हरेकले छनोट गरिएका लक्षित समूहलाई लेखे र विविध चिजहरूमा जोड दिए (मत्ती २८; मर्कूस १६; लूका २४ अध्याय)

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः २०:१-१०**

"हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै मरियम मग्दलिनी चिहानमा आइन्, र तिनले ढुङ्गा चिहानबाट हटाएको देखिन्। तिनी सिमोन पत्रुस र येशूले माया गर्नुहुने अर्को चेलाकहाँ दगुरेर गइन्, र तिनीहरूलाई भनिन्, तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, सो हामी जान्दैनौं। तब पत्रुस र अर्को चेला बाहिर निस्केर चिहानतिर गए। ती दुवै सँगसँगै दगुरे तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो। चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सुती कपडाहरू मात्र पडिरहेका देखे, तर तिनी भित्र पसेनन्। सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपडाहरू मात्र त्यसै पडिरहेका देखे। उहाँको शिरमा बाँधिएको रुमालचाहिँ मलमलका कपडाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो। त चिहानमा आइपुग्ने अर्को चेलापनि भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे। किनभने तिनीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन्। त्यसपछि ती चेलाहरू आफ्ना घर फर्के।"

२०:१ "हप्ताको पहिलो दिन" यो उच्च सवाथको निस्तार हप्ता पछिको हप्ताको पहिलो दिनको आइतबार थियो, जब त्यस मन्दिरमा पहिलो फल चढाइएको थियो। येशू ख्रीष्ट मृतकहरूको पहिलो फल हुनुहुन्थ्यो (जस्तैः १ कोरिन्थी १५:२३)। येशू तिनवटा आइतबारको रातमा विश्वासीहरूले गरको आराधनामा देखा पर्नुभयो (पदहरू १९,२६; लूका २४:३६-३७; प्रेरित २०:७; १ कोरिन्थी १६:२)।

- "मरियम मग्दलिनी" उनी धेरैजना स्त्रीहरूमध्ये एकजना थिइन, जो येशू र उहाँका चेलाहरूसँग सहभागी भइन। गालिलमा येशूले उनीबाट धेरै भूतहरू निकाल्नुभएको थियो (जस्तैः मर्कूस १६:९; लूका ८:२)। उनी क्रूसमा चढाइने बेलामा आएकी थिइन। १९:२५ को टिपोटलाई हेर्नुहोस्।

यद्यपि यूहन्नाको सुसमाचारले मरियमले भेट्न आएको उद्देश्यलाई बताएको छैन, र मर्कूस १६:१ र लूका २३:५६ ले धेरै स्त्रीहरू येशूको शरीर (पद २) मा सुगन्धित अत्तर छर्कनको लागि अगाडि नै आएका थिए। अन्तत तिनीहरूले योसेफ र निकोदेमशको अभिषेकलाई थाहा पाएनन् वा यसद्वारा सहायता पुऱ्याउनुपर्ने खाँचो थियो।

- "बिहान अँध्यारो छँदै" अन्तत उनी र घरमा भएका अन्य व्यक्तिहरूले बिहान अँध्यारो छँदा नै त्यो स्थानलाई छोडेका थिए, तर तिनीहरू त्यहाँ आइपुग्ने बेलासम्म मिरमिरे उज्यालो भइसकेको थियो (मत्ती २८:१; मर्कूस १६:२)।

- "तिनले ढुङ्गा चिहानबाट हटाएको देखिन्" शाब्दिक अर्थमा यसलाई चिहानबाट "हटाइएको" (सिद्ध निष्क्रिय कृदन्त) भन्ने हुन्छ। चिहानमा प्रत्यक्ष आँखाको गवाही बन्नको लागि ढुंगालाई हटाइएको कुरालाई याद गर्नुहोस्, नकि येश बाहिर निकाल्नलाई थिएन। उहाँको नयाँ पुनरुत्थानित शरीर उहाँको यस पृथ्वीको शारीरिक शरिर जत्तिकैको सिमितता थिएन् (जस्तैः २०:१९,२६)।

"दगुरेर गइन्" अन्तत उनले खाली चिहानलाई अगाडि नै छाडिन्, र येशू त्यहाँ नभएको कुरा चेलाहरूलाई बताउन आतुर थिइन् (जस्तैः मत्ती २८:५)।

- "येशूले माया गर्नुहुने अर्को चेला" यो माया भन्ने ग्रीक शब्दमा फिलियो हुन्छ, जसको भनाइ "भातृत्वको प्रेम" सँग जोडिएको छ। तरैपनि कोइने ग्रीक (३०० ई.पू.- ३०० ई.सं.) मा यसलाई अगापे सँगको समानान्तरमा प्रयोग गरिएको थियो। यहाँ बताइएको चेला यस सुसमाचारका लेखक यूहन्ना भएको जस्तो देखिन्छ (पदहरू ४-८ र १३:२३)। यहाँ उनले पत्रुससँग जोडेका छन्।

- "तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्" यो एओरिष्ट सकृय सूचक हो (जस्तैः पूर्ण कार्य)। येशू जानु भइसकेको थियो। मरियमको विचारमा "तिनीहरू" ले यहूदी अगुवाहरूलाई बताएको हुनुपर्छ। अन्तत माथिल्लो कोठामा भेला भएका चेलाहरू र प्रेरितहरू त्यो पुनरुत्थानलाई देखेर आश्चर्यमा परका थिए !

- "हामी" यसमा मरियम मग्दलिनी, याकूबकी आमा मरियम, सालोमी, योआना, र अन्य स्त्रीहरू पनि समावेश थिए (मत्ती २८:१; मर्कूस १६:१; लूका २४:१०)।

२०:४ "अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो" सायद यूहन्ना चेलाहरूमध्ये कान्छा थिए (जस्तैः परम्परामा)।

२०:५ "निहुरेर" त्यो बेलाको चिहानको प्रवेशद्वारको उचाइ ३ देखि ४ फिट हुने गर्दथ्यो । जो कोही पनि त्यो चिहानभित्र पस्दा निहुरिनु पर्दथ्यो (पद ११)।

- "चिहानभित्र हेर्दा" यसलाई शाब्दिक रूपमा हेर्नको लागि छड्के प्रकारले जानुपर्दथ्यो । यो बिहानको प्रकाश र अँध्यारो चिहानले गर्दा भएको थियो।
- "तिनले अघि बेह्रेका सुती कपडाहरू मात्र पडिरहेका देखे" ग्रीक पाठमा कहाँ र कसरी ती सुति कपडाहरू पडिरहेका थिए, भनेर निश्चित कुरा गरिएको छैन । यदि शरीर चोरिएको थियो भने, ती सुती कपडाहरू पनि लगिएका हुन्थे, किनकि ती अत्तरहरूले गमको काम गर्थे ।

"सिमोन पत्रुस" येशूले उनलाई हिब्रू आरमाइक नाउँ केफास दिनुभयो भने, पत्रुस वा पेट्रोस भनेर ग्रीक नाउँ दिनुभयो । ग्रीकमा यसको अर्थ "एउटा अलग्गिएको ढुंगा वा ठूलो ढुंगा" भनियो (मत्ती १६:१८)। आरमाइक भाषामा पेट्रोस र पेट्रा बीचमा कुनै पनि भिन्नता छैन् ।

२०:७ "शिरमा बाँधिएको रुमाल" उहाँको मुहारलाई अलग्गै कपडाले बाँधिएको थियो (जस्तैः ११:४४)। यस कुराको सम्भावना छ, कि यो रूपमा निम्न कार्यको लागि प्रयोग गरिएको थियोः १) मुहारलाई छोप्न; २) मुहारलाई बाँध्न (एनजेबि); वा ३) त्यस स्थानमा भएको बङ्गारालाई विस्तारै बाँध्न (टिइभि)।

- "अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो" यो अर्को सिद्ध निष्क्रिय कृदन्त हो, जसले यो कुरालाई लागु गर्दछ, कि कसैले यसलाई पट्याउन को लागि विशेष वास्ता गरेका थिए । अन्तत यसले यूहन्नाको ध्यानलाई तान्न सक्यो, र विश्वासलाई बढावा दियो (पद ८)।

२०:८ "त्यो देखेर तिनले विश्वास गरे" यूहन्नाले शारीरिक प्रमाणलाई देखे र येशू जिवित हुनुहुन्थ्यो भन्ने कुरामा विश्वास गरे । पुनरुत्थानमा विश्वास गर्ने कार्य ईश्वरशास्त्रीय विषयको जटिलतामा पर्दथ्यो ।

१. रोमी १०:९-१३
२. १ कोरिन्थी १५ अध्याय

१ कोरिन्थी १५:१२-१९ यदि येशू जिवित भई उठ्नुभएको छैन भन्ने परिणामको एउटा असल सारांश हो ! यो पुनरुत्थान प्रेरितमा केरिग्मा भनेर भन्दा सुरु को प्रेरितिय वचनको केन्द्रिय सत्यता बन्दछ । ५:३९ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

२०:९ "धर्मशास्त्रको वचन अहिलेसम्म बुझ्केका थिएनन्" यो लेखकले गरेको अर्को सम्पादकीय टिप्पणी हो । यसले भजनसंग्रह १६:१० लाई बताउन सक्छ, जसलाई पत्रुसले प्रेरित २:२७ मा पेन्तिकोसको दिनमा बताएका छन् । तरैपनि, यसले यशैया ५३:१०-१२ र होशे ६:२ लाई पनि बताउन सक्दथ्यो । सभाघर ले येशूको पुनरुत्थानको बारेमा अगमवाणी गरिएको कुरालाई बुझ्न सक्यो (मत्ती २७:६२-६६), र जबकि चेलाहरूले यो कुरालाई बुझ्न सकेनन् । कस्तो खालको विडम्बना ! यो पदले ईश्वरशास्त्रीय रूपमा सत्यतालाई लागु गर्न यस्तो कार्य गरको हुनुपर्छ, किआत्मा अझैपनि चेलाहरूमा पूर्ण रूपमा आएको थिएन । एकचोटी दिइएको आत्माले विश्वासीहरूलाई येशूको वचनहरू र कार्यहरूलाई बुझ्न सहायता पुऱ्यायो (जस्तैः २:२२; १४:२६)।

धर्मशास्त्रको वचन अहिलेसम्म बुझ्केका थिएनन् (२०:१० यसको अर्थ १) तिनीहरू पुन गालिलमा भए (मत्ती २६:३२; २८:७,१०,१६; यूहन्ना २१ मा तिनीरूले गालिल तालमा माछा मारिरहेको कुरा पत्ता लगाउँदछन्) वा २) तिनीहरू यरूशलेमका तिनीहरूका घरमा गएका थिए । किनकि सम्भवत #२ पुनरुत्थानपछि को अनुभव माथिल्लो कोठामा भएको थियो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः २०११-१८

"तर मरियम चिहानबाहिर रुँदै उभिरहेकी थिइन । तिनले रुँदै चिहानतिर निहुरेर हेरिन, र जहाँ येशूको मृत शरीर राखिएको थियो, त्यहाँ सेता बस्त्र लाएका दुई स्वर्गदूतहरूलाई एउटा शिरतिर र अर्को पाउतिर बसिरहेका तिनले देखिन् । उनीहरूले तिनलाई भने, 'नारी किन रुँन्छ्यौ ?' तिन ले उनीहरूलाई भनिन्, 'तिनीहरूले मेरा प्रभुलाई लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, म जान्दिनँ ।' यो कुरा भनेर तिनी पछिल्तिर फर्किन्, र तिनले येशूलाई उभिइरहनुभएको देखिन, तर येशू नै हुनुहुन्छ भनी चिनिनन् । येशूले तिनलाई भन्नुभयो, 'नारी किन रुँदैछ्यौ, कसलाई खोज्छ्यौ ?' तिनले उहाँलाई माली भन्ठानेर भनिन्, 'हजूर तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको भए, कहाँ राख्नुभएको छ, मलाई भन्नुहोस् र म उहाँलाई लैजानेछु ।' येशूले तिनलाई भन्नुभयो, 'मरियम !' तिनले फर्केर उहाँलाई भनिन्, 'रब्बोनी, अर्थात् हे गुरुज्यू ।' येशूले तिनलाई भन्नुभयो, 'मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ भएको छैनँ, तर मेरा भाइहरूकहाँ गएर तिनलाई भनिदेऊ, मेरा पिता र तिमीहरूका पिता, मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु ।' मरियम मग्दलिनी गइन, र चेलाहरूलाई सुनाइन, 'मैले परमप्रभुलाई देखें ।' अनि उहाँले भन्नुभएका कुरा तिनीहरूलाई तिनले भनिदिइन् ।

२०:११ "रुँदै" यो शाब्दिक अर्थमा विलाप गर्नु भन्ने हुन्छ (जस्तैः ११:३१)। यो असिद्ध काल हो, जसले विगत समयमा भएको निरन्तर कार्यलाई बताउँदछ । पूर्वीय दाससंस्कारको अभ्यास धेरै भावनात्मक हुने गर्दछ ।

२०:१२ "दुई स्वर्गदूतहरू" यूहन्ना र लूका (२४:२३) यो कुरामा सहमत हुन्छन्, कि त्यहाँ दुईजना स्वर्गदूतहरू थिए । वास्तवमा मत्तीसँग दुईजनामा भएका सबैचिज थिए (जस्तैः ८:२८; ९:२७; २०:३०), र त्यो चिज एकजना स्वर्गदूतसँग मात्रै थियो ! यो मात्रै सुसमाचारका पुस्तकहरू बीचमा पाइएको वर्णन गर्न नसकिने फरकपना हो ।

यी सुसमाचारहरू प्रत्यक्ष आँखाले देखेका गणनाहरू हुन्, जसलाई छान्ने, लिने, वचनहरूलाई एकत्रित बनाउने र येशूका वचन र कार्यहरूमा तिनीहरू को आफ्नै लागि ईश्वरशास्त्रीय उद्देश्यहरू र लक्षित समूहको लागि उत्प्रेरित गरिन्छ। कतिचोटी आधुनिक पाठकहरूले यस्तो प्रश्न सोध्ने गर्छन्, जस्तैः १) कुनचाहिँ सुसमाचार ऐतिहासिक रूपमा ठ्याक्कै मिल्ने खालको छ, वा २) एउटा घटनाको बारेमा वा सिकाउने बारेमा व्यक्तिगत रूपमा उत्प्रेरित भएका सु समाचारका लेखकहरूले लेखेको भन्दा बढी कुरालाई बढी ऐतिहासिकताको सारांशमा खोज्नुहोस्। व्याख्याकारहरूले सबभन्दा पहिला सुरुका लेखकको चाहनालाई व्यक्तिगत सुसमाचारका लेखकहरूले व्यक्त गरेको कुरालाई खोज्नुपर्छ। हामीले सुसमाचारलाई बुझ्नको लागि धेरै ऐतिहासिक सारांशहरूलाई खोज्ने खाँचो पर्दैन।

- "सेता" आत्मिक परिवेश वा आत्मिक व्यक्तित्वहरूलाई सेता वस्त्र लगाएको कुरा बर्णन गरिएको छ।

१. येशूको पुनरुत्थान भएको बस्त्र - मत्ती १७:२; मर्कूक ९:३; लूका ९:२९
२. चिहानमा रहेका स्वर्गदूतहरू - मत्ती २८:३; मर्कूस १६:५; लूका २४:४; यूहन्ना २०:१२
३. माथि गइरहेका स्वर्गदूतहरू - प्रेरित १:१०
४. महिमित येशू ख्रीष्टसँगै रहेका सन्तहरू - प्रकाश ३:४-५, १८
५. परमेश्वरको सिंहासनको वरिपरि रहेका स्वर्गदूतहरू वा एल्डरहरू - प्रकाश ४:४
६. परमेश्वरको सिंहासनमुनी रहेका शहिदहरू - प्रकाश ६:११
७. छुटकारा पाएका जति सबैजना - प्रकाश ७:९, १३-१४ (जस्तैः दानिएल १२:१०
८. स्वर्गमा रहेका स्वर्गदूतका सिपाहीहरू - प्रकाश १९:१४
९. क्षमापनको निम्ति पुरानो करारको कल्पना - भजनसंग्रह ५१:७; यशैया १:१८ (परमेश्वरको शुद्धतालाई संकेत गर्नु, दानिएल ७:९)

२०:१४ "तर येशू नै हुनुहुन्छ भनी चिनिनन्" मरियम मग्दलिनीले येशूलाई चिन्न सकिनन्। यसको सम्भाव्य कारणहरू यस्ता हुन सक्छनः

१. उनको आँखामा आँसु बगिरहेका थिए,
२. उनी अँध्यारोबाट उज्यालोतर्फ हेरिरहेकी थिइन,
३. जे सुकै भए तापनि येशूको हेराइ केही अर्थमा फरक थियो (जस्तैः मत्ती २८:१७; लूका २४:१६,३७)।

२०:१५ "गुरुज्यू" यसलाई ग्रीक शब्दमा कुरियोस भनिन्छ। यसलाई यहाँ अईश्वरशास्त्रीय भावमा प्रयोग गरिएको छ (जस्तैः १२:२१)। यसको अर्थ "मालिक, महासय, गुरुज्यू, श्रीमान्, लगानीकर्ता वा प्रभु" भन्ने हुन्छ। मरियमले यी व्यक्तिसँग कुराकानी गरिरहेको विचार गरिन्: १) एउटा माली वा २) त्यस बगैंचाको मालिक। तर यसको ईश्वरशास्त्रिय प्रयोग २०:२८ मा दिइएको कुरालाई याद गर्नुहोस्!

"यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जुनचाहिँ बोल्ने व्यक्तिको दृष्टिकोणबाट साँचो भएको कुरा मानिलिइन्छ। उनले कसैले शरीर चोरिदिएको कुरामा विश्वास गरिन।

२०:१६ "तिनले भनिन्, 'रब्बोनी" मेरीको शाब्दिक अर्थ मरियम भन्ने हुन्छ। यी दुवै परिवेशहरू आरमाइक हुन् ("हिब्रू" को अर्थ आरमाइक, जस्तैः ५:२; १९: १३,१७,२० हो)। अन्तत येशूले उनको नाउँलाई चारित्रिक तरिकाले भन्नुभयो। जब उहाँले इम्माउसको बाटोमा दुईजनासँग प्रार्थना गरे जस्तै गरी उही खालको चिज गरेको हुनुपर्दथ्यो (जस्तैः लूका २४:३०-३१)। "रब्बोनी" को अन्तमा आएको म भन्ने कुराले "मेरो गुरु" "मेरा मालिक" र "मेरा शिक्षक" भन्ने कुरा देखाउँछ।

## विशेष शिर्षकः येशू पुनरुत्थान भइसकेपछि देखा पर्नुभएका

येशूले आफ्नो पुनरुत्थानलाई निश्चित गर्न विविध मानिसहरूसँग आफैलाई प्रकट गर्नुभएकोः

१. चिहानमा हुने ती स्त्रीमा, मत्ती २८:९
२. ती ११ जना चेलाहरू, मत्ती २८:१६
३. सिमोन, लूका २४:३४
४. दुईजना मानिसहरू, लूका २४:१५
५. चेलाहरू, लूका २४:३६
६. मरियम मग्दलिनी, यूहन्ना २०:१५
७. १० जना चेलाहरू, यूहन्ना २०:२०
८. ११ जना चेलाहरू, यूहन्ना २०:२६
९. ७ जना चेलाहरू, यूहन्ना २१:१
१०. केफास (पत्रुस), १ कोरिन्थी १५:५
११. ती १२ जना प्रेरितहरू, १ कोरिन्थी १५:१५
१२. ५०० जना दाजुभाईहरू, १ कोरिन्थी १५:६ लाई मत्ती २८:१६-१७ सँगै मिलाइएको
१३. याकूब र उनको यस संसारको परिवार, १ कोरिन्थी १५:७
१४. सबै जना चेलाहरू, १ कोरिन्थी १५:७
१५. पावल, १ कोरिन्थी १५:८ (प्रेरित ९ अध्याय)

अन्ततः यिनीहरूमध्ये कतिले उही देखा परको कुरालाई बताउँछन्। येशूले तिनीहरूलाई उहाँ पक्का रूपमा जिवित भएको कुरा जान्ने चाहना राख्नुहुन्थ्यो!

२०:७
नासाब “मसँग भुण्डिने कार्यलाई बन्द गर”
एनकेजेभि “ममा भुण्डिने कार्य नगर”
एनआरएसभि, “मलाई नसमाऊ”
टिइभि, “मलाई नसमाऊ”
एनजेबि “मसँग नभुण्डिऊ”

केजेभिले “मलाई नछोऊ” भनेको छ । यो वर्तमान् बीचको सूचकसँगै नकारात्मक कृदन्त हुन्छ, जसले सामान्यतया अगाडि नै प्रकृयामा भएको कार्य लाई रोक्ने अर्थ दिँदछ । मरियमले यसलाई पकडेर समाइरहेकी थिइन् । यसमा येशू स्वर्गमा जानुभन्दा अगाडि येशूको शरीरलाई छुने बारेमा कुनै पनि ईश्वरशास्त्रीय उपयोगिता छैन । यूहन्ना २०:२७ मा येशूले थोमालाई उहाँलाई छुने अनुमति दिनुहुन्छ, र मत्ती २८:९ मा उहाँले ती स्त्रीलाई उहाँको पाउ छुने अनुमित दिनुहुन्छ । .

- “म अहिलेसम्म पिताकहाँ भएको छैनँ” यो सिद्ध सकृय सूचक हो । येशू उहाँको पुनरुत्थान भएको ४० दिनसम्म पनि स्वर्गमा जानुभएको छैन ( प्रेरित १:९) ।
- “मेरा भाइहरूकहाँ गएर” ती पुनरुत्थानित र महिमित हुनुभएको प्रभुले त्यो भीडलाई “भाइहरू” भनेर बोलाउनुभयो जस्तैः मत्ती १२:५०) ।
- “म मेरा पिताकहाँ गइरहेछु” यो सिद्ध काल हो । वास्तवमा यो कार्य उहाँ तिनीहरूसँग उपस्थित भएर ४० दिनसम्म भएको थियो (जस्तैः लूका २४:५०-५२); प्रेरित १:२-३) । यूहन्नाले निरन्तररूपमा “माथि र तल” को क्षितिजिय दोहोरोपनलाई प्रयोग गर्दछन् । येशू पिताकहाँबाट आउनु भयो (अगाडि नै अस्तित्वमा रहेको) र उहाँ पिताकहाँ नै फर्कनुहुन्छ (महिमित हुने) ।

“मेरा पिता र तिमीहरूका पिता” कस्तो अचम्म लाग्दो भनाइ ! तरैपनि यसमा यो कुरालाई पनि भनिनुपर्छ, कि यसले यो कुरालाई लागु गर्दैन, कि विश्वा-सीहरूको पुत्रत्वपन येशूको पुत्रत्वपनसँग समान हुन्छ भन्ने । उहाँ पिताको एकलौटे पुत्र हुनुहुन्छ (३:१६), पूर्ण परमेश्वर र पूर्ण मानिस पनि हुनुहुन्छ । विश्वा सीहरू केवल उहाँद्वारा मात्रै परिवारका सदस्य भएका छन् । उहाँ परमप्रभु र मुक्तिदाता दुवै हुनुहुन्छ ।

२०:१८ मरियम पनि गवाही बनिन्

## नासाब (अत्याधुनिक बनाइएको ) पाठः २०:१९-२३

“त्यही दिन वा हप्ताको पहिलो दिनको साँझ जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र पसेका थिए । येशू आएर तिनीहरू का माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, ‘तिमीहरूलाई शान्ति !’ यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो। प्रभुलाई देखेर चेलाहरू अति खुशी भए । तब येशूलाई फेरी तिनीहरूलाई भन्नुभयो, ‘तिमीहरूलाई शान्ति ! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु ।’ अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, पवित्र आत्मा लेओ । जसका पापहरू तिमी हरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौं, क्षमा हुनेछैन ।”

२०:१९ “हप्ताको पहिलो दिनको साँझ” यहूदीहरूको समय झिसमिसेमा सुरु हुन्छ, र अन्त पनि हुन्छ (जस्तैः उत्पत्ति १:५), जुनचाहिँ यहाँ करिव आइतबार को बेलुकिको ६ बजेको थियो ।

- “हप्ताको पहिलो दिन” हाम्रो सोमबार जस्तै तिनीहरूको आइतबार काम गर्ने पहिलो दिन थियो । यो येशूको पुनरुत्थानको आउने दिनमा मण्डली को संगति गर्ने दिन भयो । उहाँ आफै रोलक्रममा माथिल्लो कोठामा लगातार आइतबारको तीन रातसम्म देखा परेर तालिकालाई मिलाउनु भयो (जस्तैः पदहरू १९,२६; लूका २४:३६-३७; प्रेरित २०:७; १ कोरिन्थी १६:२) ।

पहिलो पुस्ताका विश्वासीहरू निरन्तर रूपमा स्थानीय सभाघरहरूमा र मन्दिरमा चाड मनाउने दिनमा भेटे । तरैपनि, रब्बीहरू “श्रापको सपथ” को कार्यक्रमलाई अगाडि बढाए, जसमा सभाघरका सदस्यहरूले येशूलाई मसिहको रूपमा इन्कार गर्नु पर्दथ्यो (७० ई. सं.पछि) । यो बिन्दुमा आएर तिनीहरूले विश्राम दिनको सेवालाई त्यागिदिए, तर आइतबारको दिनमा अन्य विश्वासीहरूसँग निरन्तर रुपमा संगति गरे, त्यो पुनरुत्थानको दिनमा, येशूको पुनरुत्थान को सेवा गरिएको थियो ।

- “ढोकाहरू बन्द गरेर” यो सिद्ध निष्क्रिय कृदन्त हो । यहाँ दिइएको बहुवचनले यो कुरा बताउँदछ, कि माथिपट्टीका र तलपट्टीका दुवै ढोकाहरू बन्द गरिएका थिए । यसले यो कुरा बतायो, किः १) येशू देखा पर्नुभएको कुरालाई स्वीकार गर्नु वा २) तिनीहरू पक्राउ पर्ने डरलाई प्रकट गर्नु ।
- “चेलाहरू” थोमाको उपस्थिति त्यहाँ थिएन । अन्य ११ जना सबै चेलाहरूको उपस्थिति त्यहाँ थियो (जस्तैः लूका २४:३३) ।
- “तिमीहरूलाई शान्ति” यसले तिनीहरूको आश्चर्यपन र सम्भाव्य डरलाई देखाउँदछ । येशूले तिनीहरूलाई शान्ति दिने प्रतिज्ञा गर्नुभएको थियो ( जस्तैः १४:२७; १६:३३) । यसले सायद हिब्रूको अभिवादन सालोम वा शान्तिलाई प्रकट गर्दछ । येशूले यसलाई तीनचोटी दोहोऱ्याउनुभएको छ ( पदहरू १९,२१, २६) ।

२०:२०, “उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो” अन्तत यूहन्नाले अन्य सुसमाचारले भन्दा बढी येशूको कोखामा घोचेको कुरालाई बताएका छन् (जस्तैः १९:३७; २०:२५) । उहाँका गोडाहरू लूका २४:३९ र भजनसंग्रह २२:१६ मा बाहेक अन्यत्र बताइएको छैन । येशूको महिमित शरीरले उहाँको पुनरुत्थानको संकेतलाई संगै राखेको हुनुपर्छ (जस्तैः १ कोरिन्थी १:२३; गलाती ३:१) ।

"परमप्रभु" यहाँ प्रयोग गरिएको शिर्षक यसको पूर्ण ईश्वरशास्त्रीय भावमा छ, जसले पुरानो करारको याहोवेसँग सम्बन्ध राख्दछ (जस्तैः प्रस्थान ३:१४)। परमेश्वरको निम्ति पुरानो करारको शिर्षकलाई लागु गर्दा नयाँ करारका लेखकहरूले येशूको पूर्ण ईश्वरत्वलाई निश्चित गर्ने एउटा उपाय थियो। ६:२० को विशेष शिर्षकलाई हेर्नुहोस्।

२०:२१ "जसरी पिताले मलाई पठाउनुभयो" यो सिद्ध सकृय सूचक हो (जस्तैः १७:१८)। मण्डलीमा अलौकिक अधिकार हुन्छ (मत्ती २८:१८-२०; लूका २४:४७; प्रेरित १:८)। विश्वासीहरूलाई बलिदानको कार्यमा पठाइएको हुन्छ (२ कोरिन्थी ५:१४-१५;; १ यूहन्ना ३:१६)।

येशूले "पठाइनु" भन्ने दुईवटा फरक परिवेशहरूलाई प्रयोग गर्नुहुन्छ। यूहन्नामा यी समान् छन्। यसलाई अध्याय ८ मा स्पष्टरूपमा देखिएको छ, जहाँ येशूलाई पिताद्वारा पठाइनुभएकोमा पेम्प भन्ने प्रयोग गरिएको छ (८:१६,१८,२६,२९), तरैपनि ८:४२ मा अपोष्टोले भनेर प्रयोग गरिएको छ। यो उही कुरा अध्यायहरू ५ र ६ मा पनि प्रयोग गरिएका छन्। ५:२४ मा पठाइएको वा अपोष्टेले भनेर विशेष शिर्षकमा हेर्नुहोस्।

२०:२२ "उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो" यो सास फुक्नु भन्ने परिवेशको मुख्य शब्द हो। यहाँ हिब्रू शब्द रुवाख र ग्रीक शब्द न्यूमाको अर्थ "सास फेर्नु, हावा वा आत्मा" भन्ने हुन्छ। यसको उही क्रिया सेप्टाजुआन्टमा पुरानो करारमा परमेश्वरको सृष्टिको क्रियाकलापका २:७ मा प्रयोग गरिएको र इजकिएल ३७:५,९ मा इस्राएललाई पुन मुल्यवान बनाइएको थियो। "तिनीहरू" भन्ने सर्वनामले प्रेरितहरूलाई भन्दा पनि बृहत समूहलाई बताउने गर्दछ (लूका २४:३३)।

- "पवित्र आत्मा लेओ" यो एओरिष्ट सकृय आज्ञार्थक हो। यसले पेन्तिकोसको दिनमा कसरी पवित्र आत्मा आउनुभयो भनेर अनिश्चित कुरा गर्दछ। येशूले यी सबै कुरा पूरा गर्नुभयो, कि उहाँले यो पहिलो दृश्यमा नै चेलाहरूलाई प्रतिज्ञा गर्नुभयो। यो येशूले तिनीहरूको निम्ति नयाँ सेवकाइको कार्यमा सुसज्जित गर्नुसँग सम्बन्धित थियो, जसै आत्माले उहाँलाई उहाँको बप्तिस्मामा सुसज्जित गरेको थियो।

यो पद पिता र पुत्रबाट आएको आत्मामा भएको प्रश्नसँग संघर्ष गर्नलाई सुरुको मण्डलीमा प्रयोग गरिएको थियो। वास्तवमा त्रियकत्वको यी तीनवटै व्यक्तित्व छुटकाराको कार्यमा संलग्न भएका छन्। नयाँ करारको ईश्वरशास्त्रमा जर्ज ल्याडले यो खण्डको सम्भावित व्याख्यालाई छोटकरीमा बनाएका छन्:

"यो खण्डले पेन्तिकोसको दिनमा आगमन भएको आत्माको सन्दर्भमा जटिल प्रश्नलाई उठाएको छ, जसलाई एक वा तीन तरिकाले समाधान गर्न सकिन्छ। कित यूहन्नालाई पेन्तिकोसको बारेमा थाहा थिएन, र यो कथालाई स्थापित गरे, ताकि यो यूहन्नाको पेन्तिकोसमा प्रभावकारी बन्यो वा त्यहाँ वास्तवमा आत्माको बरदानमा दुईवटा कुराहरू थिए, वा येशूले चेलाहरूलाई दिएको पवित्र आत्माले दृष्टान्तको प्रतिज्ञाको रूपमा कार्य गरेको थियो र पेन्तिकोसको दिनमा वास्तविक आत्माको आगमनलाई अनुमान लगाइयो" (पाना २८९)।

#२४ को पानाको अन्तमा दिइएको टिपोटमा नेट बाइबलले यो कुरा बताउँदछ, कि यसले उत्पत्ति २:७ लाई पुन भन्दछ (सेप्टाजुआन्ट)। जसै शारीरिक जीवन उत्पत्तिमा दिइएको थियो भने, अनन्त जीवन नयाँ करारमा दिइएको छ। यसले परमेश्वरको सास फुकाइलाई जोड दिन्छ, र इजकिएल ३७ अध्यायसँग समानान्तर छ, जहाँ यहोवाले उहाँका मानिसहरूलाई आत्माको सास फुकिदिएर नयाँ जीवनमा ल्याउनुहुन्छ।

२०:२३ "जसका पापहरू तिमी क्षमा गर्छौ" यी दुईवटा तेस्रो तहका शर्तात्मक वाक्यहरूलाई सामान्यतया दोस्रो तहका शर्तात्मक वाक्यहरूसँग प्रयोग गरिन्छ। यो मिश्रित अवस्थाले सम्भावनालाई उचाइमा पुऱ्याउँछ, र जसले सुसमाचार प्रचार गर्छन्, तिनीहरू दुवैसँग यो कुरा सम्बन्धित हुन्छ, र तिनीहरू जसले विश्वासद्वारा प्रतिक्रिया जनाउँछन्। कोही व्यक्तिसँग सुसमाचारको ज्ञान हुन्छ, यसलाई बताउनको लागि छान्दछन्, र कसैले यसलाई सुनेर यसलाई प्राप्त गर्ने कुरालाई छान्दछन्। दुवै पक्षहरूको खाँचो पर्दछन्। यो पदले सुसमाचार प्रचार गर्ने व्यक्तिलाई स्वइच्छाको अधिकार दिँदैन, तर विश्वास गर्ने गवाहीहरूमा अचम्मको जीवन दिने शक्ति प्राप्त हुन्छ। यो अधिकार येशूको जीवनको समयमा ७० जनाको मिसनको यात्रामा दिइएको थियो।

- "तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौं, क्षमा हुनेछैन।" यो व्याकरणीय संरचना सिद्ध निष्क्रिय सूचक हो। यो निस्क्रिय वाच्यले परमेश्वरको क्षमापनलाई लागु गर्दछ, र सुसमाचारको घोषणाद्वारा पूर्णरूपमा प्राप्त गरिन्छ। विश्वासीहरूमा राज्यको कुरा मुख्य छन्,( मत्ती १६:१९, यदि तिनीहरूले त्यसलाई प्रयोग गरे भने। यो प्रतिज्ञा मण्डलीको लागि हो, र व्यक्तिको लागि होइन। यो ईश्वरशास्त्रीय रूपमा मत्ती १८:१८ मा "बाँधिएको र खुल्ला गरिएको" रूपमा समान् हुन्छ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः २०:२४-२५

"येशू आउनुहुँदा १२ जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ तिनीहरूसँग थिएनन्। यसकारण, अरु चेलाहरूले तिनलाई भने, 'हामीले प्रभुलाई देख्यौं'। तर तिनले उनीहरूलाई भने, 'जबसम्म म उहाँका हातमा किल्लाहरूका डोब देख्दिन, र किल्लाहरूका डोबमा औंला राख्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैन।"

२०:२४ "येशू आउनुहुँदा १२ जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ तिनीहरूसँग थिएनन्" ग्रीक भाषामा दिदुमसको अर्थ "जुम्ल्याहा" भन्ने हुन्छ (११:१६)। कतिचोटी मानिसहरूले यो खण्डलाई शंका गर्ने थोमाको रूपमा प्रयोग गरेका छन्, तर ११:१६ लाई याद गर्नुहोस्। थोमाचाहिँ अन्य सुसमाचारमा भन्दा यूहन्नाको सुसमाचारमा धेरै पटक देखा परेका छन् (जस्तैः ११:१६; १४:५; २०:२४,२६,२७-२९; २१:२)।

२०:२५ "तबसम्म म विश्वास गर्नेछैन" "तबसम्म" भन्ने शब्द तेस्रो तहको शर्तात्मक वाक्य हो, जसमा बलियो दोहोरो नकारात्मक हुन्छ, "म कहिल्यै पनि, यसमा म कहिल्यै पनि" नेदेखिकन वा नछोएर विश्वास गर्दिन। येशूले यो अनुरोधलाई सम्मान गर्नुभयो। येशूले विश्वासीहरूको विश्वासद्वारा कार्य गर्नुभयोः १) उहाँका आश्चर्यकर्महरू र २) उहाँको अगमवाणी। येशूको सन्देश पूर्ण रूपमा नयाँ थियो, कि उहाँले तिनीहरूलाई बुझ्ने समय दिनुभयो, र सुसमाचारको निश्चयता र लागुलाई सम्मिलित गर्नुभयो।

- "डोब" तलको विशेष शिर्षकलाई हेर्नुहोस्।

**विशेष शिर्षकः स्वरुप (टुपोस)**

यहाँ टुपोस भन्ने शब्दको समस्या छ, जसको विविध प्रयोग गरिएका छन्:

१. स्वरुप फेरिनु र बदलिनु, ग्रीक नयाँ करारको शब्दकोष, पाना ६४५

क. नमुना

ख. योजना

ग. स्वरुप वा लेख्ने तरिका

घ. तह वा स्तर

ङ वाक्य वा निर्णय

च. चंगाइ गर्ने परमेश्वरको भाकल गरेको बलिदानको रूपमा मानविय शरीरको नमुना

छ. नियमको विचारलाई लागु गर्ने भावनामा क्रियालाई प्रयोग गरिएको

२. लाऊ र निदा, ग्रीक अंग्रजी शब्दकोष, इकाई २, पाना २४९

क. खत (जस्तैः यूहन्ना २०:२५)

ख. स्वरुप (जस्तैः प्रेरित ७:४३)

ग. नमुना (जस्तैः हिब्रू ८:५)

घ. उदाहरण (जस्तैः १ कोरिन्थी १०:६; फिलिप्पी ३:१७)

ङ. आदिरुप (जस्तैः रोमी ५:१४)

च. किसिम (जस्तैः प्रेरित २३:२५)

छ. विषयसूची (जस्तैः प्रेरित २३:२५)

३. ह्यारोल्ड के. मोल्टन, परिस्कृत गरिएको व्याख्यात्मक ग्रीक शब्दकोष, पाना ४११

क. एउटा झड्का, एउटा प्रभाव, एउटा चिन्ह (जस्तैः यूहन्ना २०:२५)

ख. एउटा वर्णन गरिएको

ग. एउटा स्वरुप (जस्तैः प्रेरित ७:४३)

घ. एउटा सुत्र वा योजना (जस्तैः रोमी ६:१७

ङ. स्वरुप वा अर्थ

च. एउटा चित्र वा प्रतिरुप (जस्तैः १ कोरिन्थी १०:६)

छ. एउटा प्रत्याशा गरिएको आकृति वा किसिम (रोमी ५:१४; १ कोरिन्थी १०:११)

ज. एउटा नमुनको तरिका (जस्तैः प्रेरित ७:४४; हिब्रू ८:५)

झ. एउटा नैतिक नमुना (फिलिप्पी ३:१७; १ थेसलोनिकी १:७; २ थेसलोनिकी ३:९; १ तिमोथी ४:१२; १ पत्रुस ५:३)

यो परिवेशमा माथिको १ नम्बर उत्तम भएको देखिन्छ। यो सुसमाचारको सिद्धान्त र जीवनको शैलीको उपयोगिता दुवै छ। येशू ख्रीष्टमा भएको मुक्तिको सित्तैको दानले पनि येशू ख्रीष्टको जस्तै जीवनको माग गर्दछ !

**नासाब (अत्याधुनिक बनाइएको) पाठः २०:२६-२९**

"आठ दिनपछि उहाँका चेलाहरू फेरी घरभित्रै थिए। थोमा पनि तिनीहरूरूसँग थिए, ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो र माझमा उभिएर भन्नुभयो, 'तिमीहरूलाई शन्ति'। तब उहाँले थोमालाई भन्नुभयो, 'तिम्रो औंला यहाँ राख र मेरा हातहरू हेर, तिम्रा हातहरू बढाएर मेरो कोखामा हाल। शंका नगर, तर विश्वासी होऊ।' थोमाले उहाँलाई भने, 'मेरा प्रभु, मेरा परमेश्वर।' येशूले तिनलाई भन्नुभयो, 'तिमीले मलाई देखेका कारणले ममाथि विश्वास गरेका हौं ? धन्य हुन तिनीहरू जसले मलाई देखेका छैनन् र पनि विश्वास गर्छन्।"

२०:२६ "आठ दिनपछि" यो एक साताको निम्ति हुने हिब्रू भनाइ हो। यो अर्को आइतबारको बेलुकी थियो। येशू चेलाहरूको माझमा माथिल्लो कोठामा ( सम्भवत् यूहन्ना मर्कूसको घरमा) रोलक्रममा आइबारको तीनरातसम्म देखापर्नुभयो, र त्यसपछि ख्रीष्टियन आराधनाको निम्ति घटेका घटनाहरूको उदाहरण बन्नुभयो। पद १९ को टिपोटलाई हेर्नुहोस्।

२०:२७ "शंका नगर, तर विश्वासी होऊ" यो वर्तमान् बीचको आज्ञार्थक नकारात्मक कृदन्त हो, जसको सामान्य अर्थ प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ। सबै विश्वासीहरू शंका र विश्वासको मिसावटमा अनौठो प्रकारले रहन्छन् !

२०:२८ थोमाको पश्चात्तापमा पद १७ ईश्वरशास्त्रीय रूपमा सम्बन्धित हुन सक्छ। थोमाको पश्चात्तापलाई पुरानो करारबाट आएको कुरामा यस्तो हुन सक्थ्यो, जबकि यहोवा इलोहिक भन्ने शिर्षक (जस्तैः उत्पत्ति २:४) सँगसँगै देखा पर्दछ, र यो नाउँलाई "परमप्रभु परमेश्वर" भनेर अनुवाद गरिएको छ, र येशूले उहाँको पूर्ण ईश्वरत्वको निश्चयतालाई शंका गरेर स्वीकार गर्नुहुन्छ। यूहन्नाको सुसमाचारमा अध्याय १ पद १ ले येशू ख्रीष्ट नाजरीको ईश्वरत्वलाई बताएको छ।

येशूले यहन्नामा धेरैचोटी ईश्वरत्वलाई दावी गर्नुभयो (जस्तैः ८:५८; १०:३०; १४:९; २०:२८), र लेखकले उहाँको ईश्वरत्वलाई १:१,१४-१८; ५:१८ मा बताएका छन्। अन्य बाइबलका लेखकहरूले पनि यो कुरालाई स्पष्ट बताएका छन्, कि येशू अलौकिक हुनुहुन्छ (जस्तैः प्रेरित २०:२८; रोमी ९:५; फिलिप्पी २:६-७; कलस्सी १:१५-१७; २ थेसलोनिकी १:१२; तीतस २:१३; हिब्रू १:८; २ पत्रुस १:१,११; १ यूहन्ना ५:२०)।

२०:२९ यो सुरुको वाक्यांश भनाइ वा प्रश्न हुन सक्छ, जसले "हो" भन्ने उत्तरको आशा राख्दछ। यसको व्याकरणीय संरचनाको अर्थ स्पष्ट छैन। यो १७: २० को आशिष्‌जस्तै नै छ (जस्तैः १ पत्रुस १:८)।

**नासाब (अत्याधुनिक बनाइएको) पाठ २०:३०-३१)**

"येशूले अरु धेरै चिन्हहरू चेलाहरूको सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।

२०:३० पदहरू ३० र ३१ स्पष्टरूपमा सुसमाचारका उद्देश्य र विषयहरू हुन्। यो एउटा सुसमाचारीय बाटो हो ! सुसमाचारका लेखकले उत्प्रेरणा प्राप्त गरेर येशूका कार्य र वचनहरूलाई संक्षेपमा अंगाल्ने, व्यवस्थि तगर्ने, र छान्ने परमेश्वरले दिनुभएको क्षमतामा, छानिएका दर्शकहरू यहूदी, रोमी र अन्यलाई स्पष्टरूपमा संचार गरेर येशूको सत्यताको बारेमा बताइन्छ। नयाँ करार ख्रीष्टियनहरूको तालमुद होइन।

कार्ल एफ. एच. हेनरीको, "व्याख्यात्मक बाइबलीय टिप्पणीमा, बाइबलको उत्प्रेरणा पाउने भन्ने शिर्षकको इकाई १ ले यसो भन्दछः

"बाइबलले घटनाहरूको कालक्रमिक पूर्ण उपस्थित हुने लक्ष्य राख्दैन, चाहे यसले सृष्टिको वर्णनसँग वा मुक्तिको इतिहाससँग पनि, अवतारित इतिहासलाई समावेश गरिन्छ। तर बाइबलीय लेखहरूमा बताइएको उद्देश्यलाई खाँचो भएको व्यक्तिलाई पर्याप्त रूपमा सबै दिनु हो, र उन लाई बनाउनेवालाको आज्ञाकारी सेवामा उहाँको छुटकाराको उद्धार हुनुपर्छ। यद्यपि बाइबलका लेखकहरूले परमेश्वरको बचाउने कार्यलाई विविध कोण बाट र विविध उद्देश्यको निम्ति हेर्ने गर्दछन्। तिनीहरूले हामीलाई भन्ने कुरा भरपर्दा र पर्याप्त छन्। मत्तीले येशूका सेवकाइका यस्ता कालक्रममा भर परेर निर्देशनको निम्ति सेवामुखि शिर्षकलाई व्यवस्थित गर्दछन्। लूकाले मर्कूसमा भएका धेरैजसो कुराहरूलाई हटाएका छन्, र जुनचाहिँ अझैपनि क्रम बद्ध गणनामा छन्, र जसले रक्षा गर्नको निम्ति प्रश्न उत्तर सम्बन्धी शिक्षा दिन्छन् (जस्तैः १:४)। यूहन्नाले त्यसलाई खुल्लारूपमा पूर्णतामा छनोट गरेर टिप्पणी गर्दछन्, कि जुनचाहिँ चौथो सुसमाचारको मुनी रहन्छ" (२०:३०-३१), पानाहरू २७:२८।

- "येशूले अरु धेरै चिन्हहरू चेलाहरूको सामुन्ने गर्नुभयो" यी "चिन्हहरू" लाई विविध प्रकारले बुझ्न सकिन्छः

१. उहाँ साँचो रूपमा जिवित हुनुहुन्छ भन्ने चिन्ह
   क. उहाँको घाउमा तिनीहरूको छुवाइ
   ख. उहाँले तिनीहरूसँगै बसेर खानुभएको (जस्तैः लूका २४:४३)।
२. तिनीहरूको उपस्थितिमा माथिल्लो कोठामा अभिलेख नराखिएका विशेष चिन्हहरू
३. उहाँको जीवनको कार्यको एउटा सन्दर्भ (विगतलाई जोड दिनु) मा सुसमाचारको अभिलेख राख्न तिनीहरूलाई तयार गर्नु(जस्तैः लूका २४:४६-४८)

२०:३१
नासाब, एनकेजेभि, टिइभि, एनजेबि "ताकि तिमीले विश्वास गर्न सक"
एनआरएसभि "ताकि तिमी विश्वासमा आउन सक"

सुरुका केही हस्तलेखनहरू, पि६६, !॰ बि, र सुरुमा प्रयोग गरिएका ग्रीक पाठहरूमा वर्तमान् विषयगत छ, जसले यो कुरालाई लागु गर्दछ, कि यूहन्नाले विश्वासीहरूले तिनीहरूको विश्वासलाई निरन्तरता दिनको लागि उत्साह दिन लेखेका थिए।

अन्य ग्रीक हस्तलेखनहरूमा (जस्तैः !॰ए, सि, डि, एल, एन, डब्लू) को एओरिष्ट विषयगत छ, जसले यो कुरालाई लागु गर्दछ, कि यूहन्नाले अविश्वासीहरू लाई लेखिरहेका थिए। युवियस ४ ले यओरिष्टलाई पाठमा राख्ने गर्दछ, तर यसले "सि" तह दिँदछ (निर्णय गर्नलाई कठिनाइ हुने)। यो पद लाई सुसमाचारको उद्देश्यमा भनिएको हुन्छ। अन्य सुसमाचारले जस्तै यूहन्नाले पनि सुसमाचारिय बाटोलाई खोलेका छन्।

- "ख्रीष्ट" यो हिब्रू परिवेश मसिह भन्नेको ग्रीक अनुवाद हो, जुनचाहिँ शाब्दिक अर्थमा "अभिशिक्त गरिएको चाहिँ" भन्ने हुन्छ। यो पुरानो करारको दाऊदको पुर्खा थियो, जसलाई धार्मिकताको नयाँ युगमा ल्याउनलाई अगमवाणी गरिएको थियो। येशू ख्रीष्ट नाजरी (१:४५) पनि यहूदी मसिह हुनुहुन्छ (११:२७)।

यो येशूको निम्ति दिइएको पहिचान सुसमाचारको सुरुवातमा नै पाइएको छ (जस्तैः १:४१)। तरैपनि, "मसिह" भन्ने होइन, "परमप्रभु" भन्ने शिर्षक अन्यजातिको परिवेशमा येशूको निम्ति यो शिर्षकलाई सामान्य रूपमा प्रयोग गरिएको थियो (जस्तैः रोमी १०:९-१३; फिलिप्पी २:९-११)।

"मसिह" भन्ने विचारलाई भविष्यसम्बन्धी कुरामा लागु गरिएको थियो १) यसमा फरिसीहरूको निम्ति राजनैतिक र राष्ट्रिय आशा थियो, र २) यसको भविष्यको यहूदी साहित्यमा संसारको र विश्वव्यापी आशा थियो।

- "परमेश्वरका पुत्र" यो शिर्षकलाई यूहन्ना बाहेकका सुसमाचारमा मितव्ययी तरिकाले प्रयोग गरिएको छ (सायद अन्यजातिहरूले ठीक प्रकारले नबुझेको कारणले गर्दा), तर यसलाई यूहन्नामा सुरुमा नै प्रयोग गरियो (जस्तैः १:१४,३४,४९)। यो यूहन्नाले येशू र पिताको बीचको सम्बन्ध पनलाई अनौठो प्रकारले बताउने तरिका थियो (हुयियोसको प्रयोग)। यूहन्नाले यो परिचित अलंकारलाई विविध तरिकाले प्रयोग गर्दछन्:

१. एउटा शिर्षक
२. "एकमात्र पुत्र" भन्ने सम्बन्धमा(मोनोगेन, जस्तैः १:१८; ३:१६; १ यूहन्ना ४:९)।
३. पिता भन्ने शिर्षकको प्रयोगको मिलापमा (जस्तैः २०:१७)।

१ यूहन्ना ३:८ मा परमेश्वरका पुत्र भन्ने विशेष शिर्षकलाई हेर्नुहोस्।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ। तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन्। तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन।

यी छलफलका प्रश्नहरू यस पुस्तकको यसका मुख्य भागहरूद्वारा विचार गर्नको लागि सहायता प्रदान गरिएका छन्। तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन् र निश्चितचाहिँ हुँदैनन्।

१. चिहानमा को आयो ? कहिले ? किन ?
२. किन चेलाहरूले पुनरुत्थानलाई आशा गरेका थिएनन् ? के कोहीले यसलाई आशा गरेका थिए ?
३. किने मरियमले यशूलाई पहिचान गरिनन् ?
४. किन येशूले मरियमलाई उहाँमा मात्र भर नपर्नलाई भन्नुभयो ?
५. पदहरू २२-२३ लाई तपाईंको आफ्नै शब्दमा वर्णन गर्नुहोस्।
६. के थोमालाई शंकालु भनेर बोलाउन राम्रो हुन्छ ?
७. "विश्वास गर्नु" भन्ने शब्दलाई परिभाषित गर्नुहोस्, जसै यसलाई येशूको समयमा बुझियो र हाम्रो समयमा चाहिँ होइन।

# यूहन्ना २१ अध्याय

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एकजेबि |
|---|---|---|---|---|
| येशू ७ जना चेलाहरूसँग देखा पर्नुभएको | समुद्रको छेऊमा नास्ता गर्नुभएको | उपसंहार | येशू ७ जना चेलाहरूसँग देखा पर्नुभएको | तिबेरियास समुद्रको छेऊमा देखा पर्नुभएको |
| २१:१-१४ | २१:१-१४ | २१:१-३ | २१:१-३क | २१:१-३ |
| | | | २१:३ख-५क | |
| | | २१:४-८ | | २१:४-८ |
| | | | २१:५ख | |
| | | | २१:६ | |
| | | | २१:७-१० | |
| | | २१:१९-१४ | | २१:१९-१४ |
| | | | २१:११-१४ | |
| येशू र पत्रुस | येशूले पत्रुसलाई स्थापितगर्नुभएको | | येशू र पत्रुस | |
| २१:१५-१९ | २१:१५-१९ | २१:१५-१९ | २१:१५क | २१:१५-१९ |
| | | | २१:१५ख | |
| | | | २१:१५ग-१६ग | |
| | | | २१:१६ख | |
| | | | २१:१६ग-१७क | |
| | | | २१:१७ग | |
| | | | २१:१७ग-१९ | |
| येशू र प्रिय चेलाहरू | प्रिय चेलाहरू र उहाँको पुस्तक | | येशू र अन्य चेलाहरू | |
| २१:२०-२३ | २१:२०-२५ | २१:२०-२३ | २१:२०-२१ | २१:२०-२३ |
| | | | २१:२२ | |
| | | | २१:२३ | दोस्रो निष्कर्ष |
| २१:२४ | | २१:२४-२५ | २१:२४ | २१:२४ |
| | | | निष्कर्ष | |
| २१:२५ | | | २१:२५ | २१:२५ |

### अध्ययन चक्र तीन (पाठ ५ हेर्नुहोस्)

सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाईं, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

एकै बसाइमा यस खण्डलाई पढ्नुहोस् । विषयहरूलाई पत्ता लगाउनुहोस् । तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादसँग तुलना गर्नुहोस् । अनुच्छेद उत्प्रेरित भएका छैनन्, तर सुरूका लेखकको चाहनालाई पछ्याउनु मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदको एक र एउटामात्र विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## पदहरू १-२५ को पाठगत अन्तर्दृष्टि

क. त्यहाँ अध्याय २१ को थपिएको कुराको बारेमा धेरै छलफल भएको हुनुपर्छ, किनकि सुसमाचारको अन्त २०:३१ मा भएजस्तो देखिन्छ । तरैपनि त्यहाँ अध्याय २१ लाई मेटाउने ग्रीक हस्तलेखन छैन ।

ख. कतिचोटी पद २५ लाई पछिबाट थपिएको भनेर विचार गरिन्छ, किनकि कतिवटा हस्तलेखनहरूमा यूहन्ना ७:५३ देखि-८:११ पद २४ पछि राखिएको छ । प्राचिन हस्तलेखनको सिनाइटिकसमा पनि पद २५ को स्काइब भन्ने कुरा सुरुमा मेटिएको थियो, र पछाडिपट्टी जानुपर्दथ्यो, र यसलाई थप्नको निम्ति आभूषणको रूपमा राखियो ।

ग. यूहन्नाको सुसमाचारको मुख्य भागको रूपमा नभए तापनि, अध्याय २१ निश्चित रूपमा प्रेरितहरूको बाहुलीबाट नै आएको थियो । यसले सुरु को मण्डलीमा दुईवटा प्रश्नको उत्तरको रूपमा दिँदछः
१. के पत्रुसलाई पुनः बताइएको थियो ?
२. यूहन्नाको दीर्घ आयुको वास्ताको बारेमा के कुरा छ ?

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठ २१:१-३**
"त्यसपछि चेलाहरूकहाँ तिबेरियास समुद्रको छेउमा येशूले फेरि प्रकट गर्नुभयो । उहाँले आफूलाई यसरी प्रकट गर्नुभयो । सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका नथानेल जब्दियाका दुई छोराहरू, र उहाँका चेलाहरूमध्ये अरु दुईजना एकसाथ थिए । सिमोन पत्रुसले तिनीहरूलाई भने, 'म माछा मार्न जादैछु ।' तिनीहरूले उहाँलाई भने, 'हामी पनि तिमीसँग आउँछौं ।' तिनीहरू गएर डुंगामा चढे, तर त्यो रात तिनीहरूले केही पक्रेनन्" ।

२१:१ "तिबेरियास समुद्र" तिबेरियास रोमी शासकको गालीलको प्रशासकिय राजधानी थियो । यो पानीको भागलाई "गालीलको समुद्र" भनेर पनि चिनिएको छ (६:१), वा गनेसरेतको ताल" (जस्तैः मत्ती १४:३४; मर्कूस ६:५३; लूका ५:१), र पुरानो करारमा यसलाई "चिनेरथको ताल" पनि भनियो (गन्ती ३४:११; व्यवस्था ३:१७; यहोशू ११:२; १२:३; १३:२७; १९:३५; १ राजा १५:२०) ।

- "उहाँले आफूलाई यसरी प्रकट गर्नुभयो" यो क्रियापदको "पूर्णरूपमा वा स्पष्टरूपमा देखाउनु" भन्ने भनाइ हुन्छ (जस्तैः १:३१; २:११; ७:४; ९:३; १ यूहन्ना १:२; २:२८; ३:२; ४:९) । मत्तीले त्यहाँ गालिलमा भेटघाट भएको र जुनचाहिँ डाँडातर्फ भएको कुरा देखाउँदछ (जस्तैः २६:३२; २८:७,१०,१६), र त्यहाँ महान् आज्ञाको कार्यलाई मिलाउने हुन्छ । यूहन्नामा येशू आफै तिबेरियास समुद्रमा प्रकट हुनुभयो । यो भेटघाटमा येशूले सुरुको मण्डलीले इच्छुक भएको कुरालाई सामना गर्नुहुन्छः

१. के पत्रुसलाई अगुवाको रूपमा पहिलेको पदमा पुन बहाली गरिएको थियो,
२. येशू फर्कनुभन्दा अगाडि यूहन्ना मर्दैनन् भन्ने के कस्तो खालको कथा थियो ।

२१:२ "दिदुमस भन्ने थोमा" विशेष शिर्षकमा १:४५ को प्रेरितहरूको नाउँको बारेमा हेर्नुहोस् ।
अन्तत ११ जनामध्ये ७ जना माछा मार्न गए ।

- "जब्दियाका दुई छोराहरू" यसले याकूब र यूहन्नालाई बताउँदछ (मत्ती ४:२१) । यूहन्नाको सुसमाचारमा नत यूहन्ना, नत याकूबको नाउँ नै बताइएको छ ।

२१:२३ "सिमोन पत्रुसले तिनीहरूलाई भने, "म माछा मार्न जादैछु" यो वर्तमान् काल हो । यो माछा मार्ने कार्यको सम्बन्धमा त्यहाँ थुप्रै सिद्धान्तहरू आएका छन्:

१. यो येशूले नियुक्त गर्नुभएको भेटघाट गर्ने समयसम्म गरिने आरामदायी यात्रा थियो (जस्तैः मत्ती २६:३२; २८:७-१०)
२. यो कार्य पैसा कमाउने उद्देश्यको निम्ति गरिएको थियो
३. यो पत्रुसको माछा मार्ने व्यवसायमा पुनः उक्साइएको थियो

यो अध्याय लूका ५ अध्यायजस्तै नै छ ।

"तर त्यो रात तिनीहरूले केही पक्रेनन्" बिरामीहरूलाई चंगाइ गर्न र भूतहरू धपाउन सक्षम भएका ती मानिसहरूले सबै अबसरमा सबै उद्देश्यको निम्ति अचम्मको शक्ति नभएको कुरालाई याद गर्नुहोस् । यहाँ प्रयोग गरिएको क्रियालाई नयाँ करारमा माछा समात्ने भन्नेलाई कही पनि प्रयोग गरिएको छैन । सामान्यतया यसलाई कसैलाई समाउनु भन्ने कार्यमा प्रयोग गरिन्छ ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः २१:४-८**

"बिहान हुन लागेको थियो, येशू किनारमा खडा हुनुभयो, तर चेलाहरूले उहाँ नै येशू हुनुहुन्छ, भनी चिनेनन् । येशूले तिनीहरूलाई भन्नुभयो, 'बालक हो, तिमीहरूसँग केही माछा छ ?' तिनीहरूले उहाँलाई उत्तर दिए, 'छैन ।' उहाँले तिनीहरूलाई भन्नुभयो, 'जाल डुङ्गाको दाहिनेपट्टी हान्, अनि भेट्टाउदेछौं ।' तब तिनीहरूले जाल हाने र माछाको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन् । येशूले प्रेम गर्नुहुने चेलाले पत्रुसलाई भने, 'उहाँ प्रभु पो हुनुहुँदोरहेछ' भन्ने सुनेर सिमोन पत्रुसले आफ्नो बाहिरी बस्त्र कम्मरमा लपेटे, किनभने तिनले बस्त्र खोलेका थिए, र समुद्रमा हाम-फाले । अरू चेलाहरू डुङ्गामै बसी जाल तान्दै आए । तिनीहरू किनारदेखि टाढा होइन, तर प्राय सय मिटर जतिमा थिए ।"

२१:४ "तर चेलाहरूले उहाँ नै येशू हुनुहुन्छ, भनी चिनेनन्" त्यहाँ येशूलाई चिन्न नसक्ने असक्षमतामा धेरै सिद्धान्तहरू आएका छन्:

१. यो अति नै अँध्यारो थियो
२. उहाँ धेरै टाढामा हुनुहुन्थ्यो
३. तिनीहरू अति नै थकित थिए
४. येशू केही फरक प्रकारको देखिनुभयो (जस्तैः यूहन्ना २१:१२; मत्ती २८:१६-१७; लूका २४:१३-१५)
५. तिनीहरूले उहाँलाई पहिचान गरेर अलौकिक रूपमा प्रस्तुत गरेका थिए (जस्तैः लूका २४:१६)

२१:५ "बालक हो" यसलाई आलंकारिक रूपमा प्रस्तुत गरिएको छ । त्यहाँ नयाँ करारमा "साना बालकहरू" भनेर दुईवटा परिवेशमा सामान्य रूपमा प्रयोग गरिएको छ । योचाहिँ (पैडियोन) कम रूपमा प्रयोग गरिएको छ, र सामान्य रूपमा (टेक्नियोग) यूहन्ना र १ यूहन्नामा प्रयोग गरिएको भन्दा फरक छ । यो परिवेश सुसमाचारको ४:१९; १६:२१ र यहाँ आएको छ । यो परिवेश १ यूहन्नामा समान प्रकारले प्रयोग गरेजस्तो देखिन्छ, २:१३,१८ को पाइडियोन, तर २:१ १२, २८ मा टेकनियोनको प्रयोग गरिन्छ ।

- "तिमीहरूसँग केही माछा छ ?" यो "माछा" (प्रोफागियोन) भन्ने परिवेशले साँच्चिकै रूपमा कुनै किसिमको खानालाई देखाउँदछ, कि त्यसलाई रोटीसँग खाइन्छ, तर यो "माछा" भन्ने परिवेशलाई माग गरिएको हुन्छ । यो प्रश्नले होइन भन्ने उत्तरको आशा गर्दछ ।

२१:६ उहाँले गरे जस्तै तरिकाले येशूले पनि कार्य गरिरहनुभएको थियो, जब उहाँले तिनीहरूलाई पहिलोचोटी बोलाउनुभयो, लूका ५:१-११ । यो खण्डको विशेषताको रूपमा (पद १५ को टिपोटलाई हेर्नुहोस्), डुंगाको निम्ति दुईवटा फरक परिवेशहरू प्रयोग गरिएका छन्, पदहरू ३ र ६ मा पायोनियन र पद ८ मा प्लोइआरोन (सानो डूंगा) भनेर प्रयोग गरिएको छ । यूहन्नाले यो कुरा देखाउँछन्, कि उहाँको साहित्यिक विविधता यो खण्डमा धेरैचोटी प्रयोग गरिएको छ ।

२१:७ "येशूले प्रेम गर्नुहुने चेलाले पत्रुसलाई भने" यसले सुसमाचारका लेखक प्रेरित यूहन्नालाई बताउँदछ (जस्तैः १३:२३; २०:२,३,८; २१:२०) । यूहन्नालाई सुमाचारमा कहिल्यै पनि नाउँ दिइएको छैन ।

-

नासाब "उहाँले बाहिरी बस्त्रलाई लगाउनुभयो (उहाँ कामको निम्ति लुगालाई हटाउनुभएको)"
एनआरएसभि "उहाँले केही बस्तहरू लगाउनुभयो, किनकि उहाँ नाङ्गै हुनुहुन्थ्यो"
टिइभि "उहाँले उहाँको बाहिरी वस्त्रलाई उहाँको वरिपरि बेह्रर्नुभयो (किनकि उहाँमा कुनै वस्त्र थिएन)"

पहिलो शताब्दीका प्यालेष्टाइनका मानिसहरूले बाहिरी बस्त्र पहिरिन्थे, र लामो मिलेको भित्री पोशाक लगाउँदथे । पत्रुसले उनको बाहिरी पोसाक वा बस्त्रलाई हटाए र उनको भित्री पोसाकलाई कम्मरमा बेह्रे ।

- "उहाँ प्रभु पो हुनुहुँदोरहेछ" कुरियोस भन्ने परिवेशलाई ग्रीक परिवेशमा "श्रीमान्, महासय, मालिक, साहु वा प्रभु" भन्ने हुन्छ । कतिवटा परिवेश मा यसलाई नम्रताले भनिन्छ, तर अन्य परिवेशमा यसलाई येशूको ईश्वरको ईश्वरशास्त्रिय निश्चयता गरिन्छ । अन्य परिवशमा यी माछा मार्ने व्यक्तिहरूले यो मानिसलाई समुद्री किनारमा महिमित र पुनरुत्थान हुनुभएको प्रभुको रूपमा पहिचान गरे ।

अनुवादको सुरुवात पुरानो करारको प्रयोगबाट आउँदछ, जहाँ यहोवालाई परमप्रभुको रूपमा अनुवाद गरिएको छ । यो यसो भयो, किनकि यहूदीहरू यो ईश्वर भन्ने करारको नाउँलाई घोषणा गर्न डराएका थिए, यसरी तिनीहरूले यदोनाइ भन्ने हिब्रू परिवेशलाई स्थापित गरे, जसले कुरियोस भन्नेसँग पत्राचार गर्दथ्यो । ६:२० मा विशेष शिर्षकको लागि हेर्नुहोस् ।

परमप्रभु भन्ने शिर्षक हुन्छ, जुनचाहिँ फिलिप्पी २:९-११ को हरेक नाउँभन्दा उच्चमा हुन्छ । यो सुरुको मण्डलीको बप्तिस्माको पश्चात्तापको "येशू परमप्रभु हुनुहुन्छ" भन्ने एक भाग थियो (रोमी १०:९-११)

२१:८ "अरू चेलाहरू" अन्तत सबै भित्री समूहमा रहेकाहरू माछा मार्ने कार्यको लागि पत्रुस र यूहन्नासँग गएका थिए, र त्यो केही पैसा खर्च गर्ने माध्यम बन्दथ्यो (येशू ख्रीष्टसँगै यात्रा गर्ने महिलामा तिनीहरू कुनै पनि हालतमा भर पर्न सक्दैनथे) ।

- "माछाको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन्" येशूले अझै यो पछि
ल्लो तिथिमा पनि कार्य गर्दैहुनुहुन्थ्यो:

१. तिनीहरूको विश्वासलाई बढाउने
२. तिनीहरूको खाँचोहरू प्रदान गर्ने
३. उहाँको प्रकृतिमा भएको अधिकार र पुनरुत्थानलाई निश्चित गर्ने

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २१:९-१४

"जब तिनीहरू किनारमा उत्रे, तब तिनीहरूले कोइलाको भुंग्रोमा माछा राखिएका र रोटी देखे । येशूले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूले भर्खरै पक्रेका माछाबाट केही ल्याओ' । तब सिमोन पत्रुसले डुंगामा चढेर १५३ वटा ठूला-ठूला माछाले भरिएको जाल पाखामा तानी ल्याए, तर यति धेरै भए तापनि जाल फाटेन । येशूले तिनीहरूलाई भन्नुभयो, 'आएर खाओ' । चेलाहरूमध्ये कसैले पनि, 'तपाई को हुनुहुन्छ' भनी सोध्ने आँट गरेनन्, किनकि तिनीहरूले उहाँ प्रभु हुनुहुन्छ भनी जान्दथिए । येशू आउनुभयो, र रोटी लिएर तिनीहरूलाई दिनुभयो, र त्यसै गरी माछा पनि दिनुभयो । मृतकबाट जीवित भइउठ्नुभएपछि येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो ।"

२१:९ "तब तिनीहरूले कोइलाको भुंग्रोमा माछा राखिएका र रोटी देखे" यो बिहान सबेरै खाजा खानुको उद्देश्य संगति र ईश्वरशास्त्रीय प्रकटीकरणको लागि थियो । ईश्वरशास्त्रीय उपयोगीताहरू निम्नानुसार छन्:

१. यो खण्डले पत्रुसको इन्कारीलाई अर्को कोइलाको आगोले मिलाएको कुरालाई सामना गर्दछ (जस्तैः १८:१८) । यो परिवेश यहाँ र त्यहाँ पाइएको छ ।
२. यूहन्नाको सुसमाचार र १ यूहन्ना ज्ञानवाद भन्ने झुटा शिक्षाको विरुद्धमा जानलाई लेखिएको थियो, जसले येशू ख्रीष्टको साँचो ईश्वररत्व मसिहलाई ईन्कार गऱ्यो । येशूले तिनीहरूसँगै खाना खानुभयो ।

२:१० त्यसको यो अनुच्छेदमा माछा भन्नेको निम्ति दुईवटा फरक परिवेशहरू छन्: १) पदहरू ९,१०, र १३ मा ओप्सारियोन भन्ने परिवेश छ, जसको अर्थ सानो माछा भन्ने हुन्छ, र २) र पदहरू ६,८ र ११ को इकाटुस भन्ने परिवेशको अर्थ ठूलो माछा भन्ने हुन्छ । तिनीहरू यो परिवेशमा एक अर्काको बदलामा भनेर प्रयोग गरेजस्तो देखिन्छ ।

२१:११ "एक सय त्रिपन्न" त्यहाँ यो परिवेशमा यो संख्याको कुनै सांकेतिक महत्व भएजस्तो देखिदैन, तर यो सामान्यतया आँखाले देखेको संक्षिप्त कुरामात्र हुन्छ । तरैपनि, सुरुको मण्डलीमा यस संख्यालाई बढाइचढाइ गर्ने अनुपयुक्त विचारकासाथ यस पदको निम्न अर्थ भएको कुरालाई जोड दिइन्छ:

१. सिरिलले यस्तो बताएका छन्, कि सय भनेको अन्यजाति, पचास भनेको यहूदीहरू र तीन भनेको त्रियकत्व भन्ने हुन्छ ।
२. अगष्टिनले यो कुरा बताए कि, यो संख्याले दश आज्ञालाई बताउँदछ, र आत्माका सातवटा वरदानहरू पनि पर्दछन्, जुन सत्र भन्ने संख्याको समानान्तर हुन्छ । यदि तपाईंले १ देखि १७ को हरेक संख्यालाई जोड्ने हो भने, यसको जम्मा संख्या १५३ हुन्छ । अगष्टिनले यो कुरा बताए, कि यो व्यवस्र अनुग्रहबाट ख्रीष्टमा आउने व्यक्तिहरूको जम्मा संख्या थियो ।
३. यरोमीले त्यहाँ १५३ वटा विविध किसिमका माछाहरू छन् भनेर भने, त्यसकारण, यो सबै जातिहरूबाट आएका मानिसहरूको सांकेतिक रूप हो । यो व्याख्याको बढाइ-चढाइ गर्ने तरिकाले यस्तो कुरा बताउँदछ, कि व्याख्याको चलाखीपन र उत्प्रेरित लेखकको सुरुको भावनाचाहिँ हुनु हुँदैन !

- "तर यति धेरै भए तापनि जाल फाटेन" यो कित असामान्य प्रत्यक्ष आँखाको देखाइ थियो, कित एउटा लागु गरिएको आश्चर्यकर्म थियो ।

२१:१४ "येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो" यसले २० अध्यायमा थपिएको चाहिँको दुईवटा गणनालाई बताएको हुनुपर्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २१:१५-१९

"जब तिनीहरूले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, 'अ, के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्दछौ?'तिनले उहाँलाई भने, 'ज्यू प्रभु तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु ।' उहाँले तिनीहरूलाई भन्नुभयो, 'मेरा पाठाहरूलाई खुवाऊ ।' उहाँले दोस्रो पल्ट तिनलाई भन्नुभयो, 'यूहन्नाका छोरा सिमोन के तिमी मलाई प्रेम गर्दछौं ?' तिनले उहाँलाई भने, 'ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु ।' उहाँले तिनलाई भन्नुभयो, 'मेरा भेंडाहरूको हेरचाह गर ।' उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, 'यूहन्नाका छोरा सिमोन, के तिमी मलाई माया गर्छौं ?' पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई 'के तिमी मलाई माया गर्छौं' भन्नुभयो । तिनले उहाँलाई भने, 'प्रभु तपाईं सबकुरा जान्नुहुन्छ । म तपाईंलाई माया गर्दछु भनी तपाईंलाई थाहा छ ।' येशूले तिनलाई भन्नुभयो, 'मेरा भेंडाहरूलाई खुवाऊ । साच्चै म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ, तिमी आफैले आफ्नो पटुका कस्थ्यो, र जहाँ इच्छा हुन्थ्यो जान्थ्यौं, तर जब तिमी बूढा हुनेछौं, तब तिमीले आफ्ना हात पसार्नेछौं, र अरुले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौं, त्यहाँ लगिनेछ ।' कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्, त्यसको सङ्केत गर्दै उहाँले भन्नुभएको थियो । यति भनेर उहाँले तिनलाई भन्नुभयो, मेरो पछि लाग ।"

२१:१५ "यूहन्नाका छोरा सिमोन" यहाँ "सिमोन पत्रुस" भनेर नबोलाएको कुरालाई याद गर्नुहोस्, यो व्यक्ति कुनैचिज थिएन, तर चट्टान थियो ! त्यहाँ सिमानको बुबाको नाउँसँग सम्बन्धित हस्तलेखनमा विविधता थिएः

१. यूहन्ना - !1, बि, सि, डि, एल डब्लू
२. योना - ए, सि२
३. हटाइएको - !*

त्यो युवियस४ को १:४२ लाई पछ्याउँदा निश्चित रूपमा #१ को विकल्पमा "बि" तह दिँदछ (पि६६, पि१२, !, बि, एल, डब्लू)

"प्रेम... प्रेम... प्रेम" यहाँ स्पष्टरूपमा तीनचोटी दोहोऱ्याइएका छन्, जसमा पत्रुसले राजाको दरबारमा मुख्य पूजाहारीको अगाडि तीनचोटी इन्कार गरेको कुरालाई सम्बन्धित बनाएजस्तो देखिन्छ (जस्तैः १८:१७,२५,२७) । त्यहाँ यो खण्डभरि नै विविध समानान्तर र फरकपनाहरू छन्:

१. प्रेम (फिलियो) को विरुद्धमा प्रेम (अगापे)
२. भेंडाको विरुद्धमा भेंडा

३. जान्नु (गिनोस्क) को विरुद्धमा जान्नु (ओइडा)

त्यहाँ चाहे यसले साहित्यिक विविधतालाई बताउँदछ वा यदि त्यहाँ यी दुईवटा परिवेशको बीचमा चाहना गरिएको विपरित कुरा छन् भनेर धेरै छलफल गरिएको हुनुपर्छ । कतिचोटी यूहन्नाले विविधताको प्रयोग गर्दछन्, विशेषगरेर यो खण्डमा ("बालकको, डूंगाको र माछाको" निम्ति दुईवटा परिवेशहरू) ।

यहाँ ग्रीक शब्दहरू अगापे र फिलियोको बीचमा यो परिवेशमा केही विविधताहरू भएजस्तो देखिन्छ, तर यसलाई अगाडि धकेल्न सकिदैन, किनकि कोइने ग्रीकमा तिनीहरू समान् छन् (जस्तैः ३:३५; ५:२०; ११:३,५) ।

- "के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्दछौ ?" यस प्रश्नको वाक्यको रचनाको अर्थ त्यति स्पष्ट छैन । कतिले निम्न कुरालाई बताउँदछन्:

१. माछा मार्ने कार्य व्यवसायको रूपमा गरिएको
२. पत्रुसको अगाडिको भनाइमा येशूले अन्य चेलाहरूलाई भन्दा बढी प्रेम गर्ने (जस्तैः मत्ती २६:३३; मर्कूस १४:२९; यूहन्ना १३:३७)
३. त्यो पहिला सबैको सेवक बन्नुपर्ने (लूका ९:४६-४८; २२:२४-२७) ।

- "मेरा पाठाहरूलाई खुवाऊ" यो वर्तमान् सकृय आज्ञार्थक हो । यी तीनवटै भनाइहरू उही व्याकरणीय स्वरुपमा छन् (जस्तैः पदहरू १६-१७), तर शब्दहरू हल्का रूपमा फरक छन् (मेरो भेंडाको गोठाला र मेरो भेंडालाई खुवाउनु) ।

२१:१७ " प्रभु तपाईं सबकुरा जान्नुहुन्छ" पत्रुसले त्यति धेरै छिटो नबोल्नका लागि सिकिरहेका थिए । उनले असल ईश्वरशास्त्रलाई प्रकट गर्दछन् (जस्तैः २:२५; ६:६१,६४; १३:११; १६:३०) ।

- "प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु" त्यहाँ जान्नु भन्ने ग्रीक शब्दको पद १६ (ओइडा) र पद १७ (ओइडा र गिनोस्को) बीचमा परिवर्तन आएको छ । यसको ठ्याक्कै कारण अनिश्चित छ, र केवल सामान्य रूपमा विविधता मात्र संलग्न हुन्छ ।

२१:१८ "तब तिमीले आफ्ना हात पसार्नेछौं" यो प्राविधिक भनाइ प्रयोग गरिएको हुन सक्छ १) सुरुको मण्डलीमा र २) "क्रूसमा चढाइनका लागि" ग्रीक साहित्यमा ।

२१:१९ "कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्" परम्पराले यो कुरा बताउँदछ, कि पत्रुसलाई उधोमुन्टो लगाएको अवस्थामा क्रूसमा चढाएर मारिएको थियो । मण्डलीको इतिहासको इकाई ३:१ मा इसुवियसले भन्दछन्, पत्रुसले पोन्तस, गलातीया, बिथियानिया, क्यापाडोसिया, र एसियाको यहूदीहरूको अन्य देशमा प्रचार गरिएको कुरामा विश्वास गरिएको थियो । उनी रोममा गएर, उनलाई उनको आफ्नै अनुरोधमा टाउँको तल खुट्टा माथि पारेर क्रूसमा झुण्ड्याइएको थियो । १:१४ को टिपोटलाई हेर्नुहोस् ।

- "मेरो पछि लाग" यो पद २२ मा दिइएको जस्तै सिद्ध सकृय आज्ञार्थक हो । यो पत्रुसलाई अगुवापनमा बोलाउँदाखेरिको नयाँ बनाउने र पुनः निश्चित गर्ने कुरासँग सम्बन्धित छ (जस्तैः मत्ती १९:२०) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २१:२०-२३

"पत्रुसले पछि फर्केर हेर्दा, येशूले प्रेम गर्नुहुने चेलालाई पछिपछि आइरहेको देखे । यिनले नै बेलुकीको भोजनको बेलामा उहाँको छातिमा ढल्केर 'प्रभु तपाईंलाई पक्राइदिने को हो ?' भनी सोधेका थिए । तिनलाई देखेर पत्रुसले येशूलाई भने, 'प्रभु यिनको चाहिँ के हुने ?' येशूले पत्रुसलाई भन्नु भयो, 'म नआएसम्म तिनी पर्खिरहून भन्ने मेरो इच्छा भएपनि तिमीलाई के ? तिमी मेरो पछि लाग ।' यसैकारण ती चेला मर्दैनन् भन्ने कुरा भाइ हरूका बीचमा फैलियो । येशूले तिनी मर्दैनन् भन्नुभएको थिएन, तर 'म नआउञ्जेल तिनी पर्खिरहून भन्ने मेरो इच्छा भए पनि तिमीलाई के ?' भन्नुभएको थियो ।"

२१:२० "येशूले प्रेम गर्नुहुने चेला" यसले १३:२५ मा पाइएको गणनालाई बताउँदछ । किन उनलाई यस प्रकारको रहस्यमय प्रकारले पहिचान गरिएको भन्ने कुरा अनिश्चित छ (जस्तैः १३:२३; १९:२६; २०:२; २१:७,२०)) । सम्भाव्य सिद्धान्तहरू निम्नबमोजिम छन्:

१. पहिलो शताब्दीको परम्परावादी यहूदी लेखहरूले लेखकको नाउँलाई उल्लेख गरिएको थिएन
२. यूहन्ना यति धेरै साना थिए, कि जब उनी येशूलाई पछ्याउने व्यक्ति बने
३. येशूको परीक्षा र क्रूसमा लगिने बेलामा उहाँसँगै रहने चेला यूहन्ना मात्रै थिए

२१:२२ "म नआएसम्म तिनी पर्खिरहून भन्ने मेरो इच्छा भएपनि तिमीलाई के ?" यो तेस्रो तहको शर्तात्मक वाक्य हो । हामीले यो कुरालाई याद गर्नुपर्छ, कि हामीले हाम्रा आफ्नै वरदान र सेवकाइहरूलाई सामना गर्नुपर्ने हुन्छ, र परमेश्वरले अरूहरूको निम्ति योजना गर्नुभएको कुरामा वास्ता गर्नु हुँदैन ! अध्याय २१ लाई थप्नुको सम्भाव्य कारणमा यो त्यही विषयलाई गलत प्रकारले बुझ्दा उत्तर दिनुपर्ने हुन्थ्यो । अन्ततः त्यहाँ पहिलेको हल्ला फिजाउने व्यक्ति थिए (सम्भवत् ज्ञान वादले), जसमा यूहन्ना दोस्रो आगमनसम्म जिउनुपर्ने थियो (यूहन्नाले दोस्रो आगमनको बारेमा बताएका छन् (१ यूहन्ना ३:२) ।

- "तिमी मेरो पछि लाग" यसले यूहन्नाको सुसमाचारको व्यक्तिगत निमन्त्रणालाई झण्डै छोटकरी रुप बनाएको छ (जस्तैः १:४३; १०:२७; १२:२६; २१:१९,२२) । यसले सुसमाचारको व्यक्तिगत पक्षलाई जोड दिँदछ, जबकि "त्यसलाई विश्वास गर्नु" भन्नेले सुसमाचारको विषयको पक्षलाई जोड दिन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २१:२४

यी ती नै चेला हुन, जसले यी कुराका विषयमा गवाही दिँदछन्, र यी कुरा लेखेका छन्, अनि हामी जान्दछौं कि तिनको गवाही साँचो छ।

"यी कुरा लेखेका छन्" के यसले यी कुरालाई बताउँदछः १) पदहरू २०-२३, २) अध्याय २१ वा ३) सम्पूर्ण सुसमाचार ? यसको उत्तर अनिश्चित छ ।

- "हामी जान्दछौं कि तिनको गवाही साँचो छ" यहाँ "हामी" भन्ने सर्वनामद्वारा विशेष समूहलाई बताइएको कुरा अनिश्चित छ । यहाँ यो कुरा पनि स्पष्ट छ, कि अरूहरूलाई यूहन्नाको सुसमाचारको सत्यताको निश्चयतामा ल्याइएको हुन्छ । यसले सम्भवत् एफिसीका एल्डरहरूलाई बताएको हुनुपर्छ । यो त्यही क्षेत्र हो, जहाँ यूहन्नाले जिएँ, सेवकाइ गरे, र मरे । सुरुको परम्पराले यो कुरा बताउँदछ, कि एफिसीका अगुवाहरूले पाका यूहन्नालाई उनको आफ्नै सुसमाचार लेख्नलाई अनुरोध गरे, किनकि अन्य प्रेरितहरूको मृत्यु भइसकेको थियो, र येशूको बारेमा झुटा शिक्षाहरू बढीरहेका थिए । यूहन्ना १:८ को येशूको साक्षी भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

**नासाब (अत्याधुनिक बनाइएको) २१:२५**
"येशूले अरु पनि धेरै काम गर्नुभयो । तीमध्ये प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका कुराहरू संसारभरि पनि अटाउने थिएनन् ।"

२१:२५ पद २५ दुईवटा कारणहरूले गर्दा विवादमा परेको छः १) यूहन्ना ७:५३-८:११ का विविध हस्तलेखनहरूमा २४ र २५ पदको बीचमा राखिएको छ; २) हस्तलेखनको अवस्था (!) र इस्क्राइबहरूले आभूषणको थोकलाई मेट्टाए, र पद २५ लाई पछि राखे । यसलाई बेलायतको संग्रालयमा सूर्यको विकिरणद्वारा अवलोकन गरिएको थियो । यो पदले विशेषगरेर हामीलाई यो कुराको जानकारी गराउँदछ, कि सुसमाचारका लेखकहरूले तिनीहरूले लेखेको कुरालाई छनोट गर्दथे । हामीले सधैँ व्याख्यात्मक प्रश्न सोध्नुपर्ने हुन्छ, "किन तिनीहरूले यसलाई यस्तो प्रकारले लेखे, ताकि तिनीहरू चारवटा सुसमाचारलाई मिलाउनलाई हतारिएनन् ?" (गोर्डन फि र डगलास स्टुवार्टको यसको सबै मुल्यमा बाइबललाई कसरी पढ्ने भन्ने पुस्तकलाई हेर्नुहोस्) ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ यस्तो हुन्छ, कि तपाईंको आफ्नो बाइबलको व्याख्याको लागि तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना हामीमा भएको ज्योतिमा हिँड्नुपर्छ । तपाई, बाइबल र पवित्र आत्मा व्याख्याका प्राथमिकतामा छन् । तपाईंले यसलाई टिप्पणीकारसँग त्याग्नु हुँदैन ।

यी छलफलका प्रश्नहरूले यो पुस्तकको यस खण्डको मुख्य विषयहरूलाई विचार गर्नलाई तपाईंलाई सहायता प्रदान गर्दछ । तिनीहरू विचारलाई बढावा दिने हुन्छन्, र निश्चित हुँदैनन् ।

१. कसरी यूहन्ना २१ अध्याय लूका ५ अध्यायसँग समान् छ ?
२. किन चेलाहरूले तुरुन्तै येशूलाई पहिचान गर्न सकेनन् ?
३. येशूले बढी प्रेम गर्ने चेला को थिए ?
४. किन येशूले पत्रुसलाई उहाँले गर्ने प्रेमको बारेमा तीनपटक सोध्नुभयो ?
५. के येशूले यो कुरालाई बताउनुभयो, कि यूहन्ना उहाँ फेरी नआएसम्म जिवितै रहनेछन्
६. पद २४ मा कसलाई बताइएको छ ?
७. के पद २५ सुरुको हो ?

# पहिलो यूहन्ना

## पहिलो यूहन्नाको परिचय

## पुस्तकको अनौठोपना

क. पहिलो यूहन्नाको यो पुस्तक व्यक्तिगत पत्र पनि होइन, नत यो पत्र कुनै मण्डलीलाई लेखिएको हो, जसै यो "केन्द्रिय कार्यालयबाट आएको भावपूर्ण सूचीपत्र नै हो (सामूहिक पत्र) ।
 १. यसको कुनैपनि परम्परागत परिचय छैन (कहाँबाट, कसको लागि) ।
 २. यसमा व्यक्तिगत अभिवादन वा अन्त्य गरिएको सन्देश पनि छैन ।

ख. त्यहाँ कुनै पनि व्यक्तिगत नाउँहरू बताइएको छैन । यो धेरै मण्डलीमा लेखिएका पुस्तकहरू बाहेक अत्यन्त असामान्य छ, जस्तैः एफिसी र याकूबको पुस्तक । नयाँ करारको पत्रमा लेखकको नाउँ समावेश नगरिएको पुस्तक हिब्रू हो । तरैपनि, यसमा यो कुरा स्पष्ट छ, कि १ यूहन्नामा विश्वासीहरूले मण्डलीमा झुटा शिक्षा (ज्ञानवाद) को आन्तरिक समस्याको सामना गरिरहेको कुरा लेखिएको थियो ।

ग. यो पत्र शक्तिशाली ईश्वरशास्त्रीय संझौतामा हुन्छः
 १. येशू खीष्टको केन्द्रियपन
  क. पूर्ण रूपमा ईश्वर र पूर्ण रूपमा मानिस
  ख. मुक्ति येशू खीष्टद्वारा आउँछ, नकि रहस्यको अनुभव वा गोप्य ज्ञानबाट वा झुटा शिक्षकहरूबाट हुन्छ
 २. खीष्टियन जीवनशैलीको निम्ति माग (साँचो खीष्टियन विश्वासका तीनवटा जाँचहरू)
  क. भातृत्वको प्रेम
  ख. आज्ञाकारिता
  ग. पतन भएको संसारको व्यवस्थालाई ईन्कार
 ३. येशू खीष्ट नाजरीको विश्वासद्वारा अनन्त मुक्ति प्राप्त गर्ने निश्चयता ("जान्नु" लाई २७ चोटी प्रयोग गरिएको)
 ४. झुटा शिक्षकहरूलाई कसरी पहिचान गर्ने

घ. यूहन्नाका लेखहरू (विशेष गरेर १ यूहन्ना) ले नयाँ करारका लेखहरूको कोइने ग्रीक भाषाहरू कम जटिलतामा छन्, तरैपनि उनका पुस्तकहरू अरूहरूका जस्ता नभएर येशू खीष्टमा भएको परमेश्वरको अनन्त सत्यताको गहिराइलाई विचारपूर्ण तरिकाले नाप्नुपर्ने हुन्छ (जस्तैः परमेश्वर ज्योति हुनुहुन्छ, १ यूहन्ना १:५; परमेश्वर प्रेम हुनुहुन्छ, १ यूहन्ना ४:८,१६; परमेश्वर आत्मा हुनुहुन्छ, यूहन्ना ४:२४) ।

ङ. यो कुरापनि संभव छ, कि १ यूहन्नाको अर्थ यूहन्नाको सुसमाचारको निम्ति आवरणको पत्र भयो । पहिलो शताब्दीको ज्ञानवादको झुटा शिक्षाले दुवै पुस्तकको निम्ति पृष्टभूमि बनाउँदछन् । यो सुसमाचारको सुसमाचारीय प्यास छ, जबकि १ यूहन्ना विश्वासीहरूको लागि लेखिएको हो (जस्तैः चेलापन) ।
 प्रख्यात समालोचक बोष्टकटले यो कुरा बताउँदछन्, कि सुसमाचारले येशूको ईश्वरत्वलाई निश्चित गर्दछ, जबकि १ यूहन्नाले उहाँको मानवीयतालाई निश्चित गर्दछ । यी पुस्तकहरू सँगसँगै जान्छन् !

च. यूहन्नाले सेतो र कालो दोहोरो परिवेशमा लेख्दछन् । यो मृत सागरको मुट्ठाहरू र ज्ञानवादका झुटा शिक्षकहरूको विशेषता हो । १ यूहन्नाको साहित्यिक संरचनामा शाब्दिक (ज्योतिको विरुद्धमा अँध्यारो), र शैलिगत हुन्छ (सकारात्मक चाहिँले नकारात्मक भनाइलाई पछ्याउँछ) । यो यूहन्नाको सुसमाचारभन्दा फरक छ, जसले समानान्तर दोहोरोपनलाई लागु गर्दछ (येशू माथिको विरुद्धमा तलका सबै मानवजाति लाग्दछन्) ।

छ. १ यूहन्नाको रुपरेखा बनाउनलाई धेरै कठिन छ, किनकि यूहन्नाले यो विषयलाई पुन प्रयोग गरेका छन् । यो पुस्तक सत्यतालाई प्रकट गर्ने बुट्टा भर्ने लुगाजस्तै हो, जहाँ दोहोरिएको नमुनामा सँगसँगै बुनिएको हुन्छ (जस्तैः बिल हेन्ड्रीक, सत्यताको बुट्टा भर्ने लुगा, यूहन्नाको सुमाचार)

## लेखक

क. १ यूहन्ना लेख्ने व्यक्तिको लेखकपनमा यूहन्नाको निकायमा बादविवाद आएको छ - १ यूहन्ना, २ यूहन्ना, ३ यूहन्ना र प्रकाश

ख. सामान्यतया त्यहाँ दुईवटा आधारभूत स्थानहरू छन्:
 क. परम्परा घृणा योग्य थिएन, कि सुरुका मण्डलीका पिताहरूको बीचमा, प्रिय चेला यूहन्ना १ यूहन्नाका लेखक थिए ।
 ख. सुरुको मण्डलीको प्रमाणको सारांश
  १) सन् ९० मा रोमका क्लेमेन्टले १ यूहन्नालाई संकेत गर्दछन् ।
  २) सन् ११०-१४० मा स्मुर्नामा भएका पोलिकार्पले १ यूहन्नालाई बताउँदछन् ।

३) जष्टिन मार्टयरको कुराकानी १२३.९ (१५०-१६०) मा १ यूहन्नाबाट लिइएको
४) १ यूहन्नाको संकेतहरूले निम्न कुराहरूको लेख बनाएका छन्:
क) एन्टिओकका इग्नासियस (उनले लेखेको समय अनिश्चित छ, तर १०० ई.सं. को सुरुमा
ख) हिरापोलिसका पपियास ५०-६० ई.सं. को बीचमा जन्मेका र १५५ ई.सं. मा सहिद भएका
५) लियोन्सका आइरेनियस (१३०-२०२ ई.सं.) ले प्रेरित यूहन्नालाई १ यूहन्नामा बताएका, एकजना सुरुका सुरक्षाकर्ता जसले झुटा शिक्षाको विरुद्धमा ५० वटा पुस्तकहरू लेखेका र कतिचोटी १ यूहन्नामा भनिएको
६) सुरुका अन्य लेखकहरू जसले यूहन्ना प्रेरितको लेखनपनको बारेमा बताएका छन्, ती हुनः क्लेमेन्ट, ओरेगन, डियोनोसियस, अलेक्जेण्ड्रीयामा रहेका सबै तीनजना, मुराटोरीहरूको टुक्रा (१८०-२०० ई.सं.), र इसुवियस (तेस्रो शताब्दी)
७) जेरोमी (चौथो शताब्दीको दोस्रो आधि) ले यूहन्नाको लेखकपनलाई निश्चित गरे, तर यो कुरालाई स्वीकार गरे, कि यसलाई उहाँ को समयमा कसैले इन्कार गरेका थिए ।
८) मोप्सुस्टियाका थियोडोर ३९२-४२८ सम्म एन्टिओकका विशप बने, र यूहन्नाको लेखकपनलाई इन्कार गरे ।

ग. यदि यूहन्ना हो भने, यूहन्ना प्रेरितको बारेमा हामीलाई के कुरा थाहा छ ?
१) उनी जब्दी र सालोमीका पुत्र थिए
२) उनी उनको भाइ याकूबसँग गालिलको समुद्रमा माछा मार्ने मानिस थिए (सम्भवत् उनका थुप्रै डुंगाहरू पनि थिए)
३) कतिले यो विश्वास गरे, कि उनको आमा मरियमकी बहिनी थिइन, जो येशूकी आमा हुन् (जस्तैः यूहन्ना १९:२५; मर्कूस १५:२०)
४) अन्ततः उनी सम्पन्न थिए, किनकि उनीसँग निम्न चिजहरू थियोः
क) नोकरहरू राखेका (जस्तैः मर्कूस १:२०)
ख) थुप्रै डुङ्गाहरू भएका
ग) यरूसलेममा घर भएका
५) यूहन्नाको यरुसलेममा महान् पूजाहारको पहुँचमा घर भएको, जसले यो देखाउँदछ, कि उनी नाम चलेका व्यक्ति थिए (यूहन्ना १८:१५-१६)
६) यूहन्ना मरियमको हेरचाहमा थिए, जो येशूकी आमा मरियम थिइन, अनि उनी समर्पित थिए

घ. सुरुको मण्डलीको परम्पराले घृणा नगरिकनै यस कुरालाई प्रमाणित गर्दछ, कि यरूसलेममा मरियको मृत्यु भएपछि उनी टर्कीमा गए, र एफिससमा बसोबास गरे, जुनचाहिँ त्यस क्षेत्रको सबभन्दा ठूलो सहर थियो ।
त्यस सहरको बसोबासपछि उनलाई पत्मोसको टापूमा बन्दी बनाइयो (समुद्री किनारको नजिकै) र पछिबाट त्यहाँबाट छुटिएर एफिससमा फर्के (एफिससको बारेमा पोलिकार्प, पपियास, र आइरेनियसले बताएका)

२. आधुनिक विद्वानका कुराहरू

क. मुख्यतया धेरै आधुनिक विद्वानहरूले सबै यूहन्नापनका लेखहरूको बीचमा समानताको पहिचान गरेका छन्, विशेषगरेर वाक्यांशमा, शब्दावलीमा, र व्याकरणीय स्वरुपहरूमा । यसको एउटा असल नमुनामा पूर्ण विपरित हुने कुराका निम्न विशेषताहरू छन्: जीवन को विरुद्धमा मृत्यु, सत्यताको विरुद्धमा झुटोपन । यस्तो खालको पूर्ण विभाजनलाई त्यो समयको अन्य लेखहरू, जस्तैः मृत सागरको मुट्ठाहरू र सुरुका ज्ञानवादका लेखहरूमा पनि देख्न सकिन्छ ।

ख. त्यहाँ परम्परागत रूपमा यूहन्नालाई वर्णन गरिएका पाँचवटा पुस्तकहरूको बीचमा अन्तर सम्बन्धको बारेमा थुप्रै सिद्धान्तहरू दिइएका छन् । कति समूहले एकजना व्यक्तिले लेख्यो भन्छन् भने, अरूहरूले दुईजना, तीनजनाले लेखेको कुरा बताउँदछन् । यहाँ देखिएको धेरै विश्वासलाग्ने कुरा यो हो, कि यूहन्नाका सबै लेखहरू एकजना व्यक्तिको विचारबाट आएको हो, यद्यपि यसलाई धेरै उनका धेरै जना चेलाहरूले लेखेका थिए ।

ग. मेरो व्यक्तिगत विश्वास यो हो, कि उमेरमा धेरै पाको भएका यी चेलाले उनको एफिसीको सेवकाइको अन्तमा पाँचवटा पुस्तकहरू लाई लेखेका थिए ।

3. लेखकपनको विषयचाहिँ व्याख्याको विषय हो, र प्रेरणाको विषय होइन । अन्ततः बाइबलका लेखक नै परमेश्वर आफै हुनुहुन्छ !

## मिति - यो पनि स्पष्टरूपमा लेखकपनसँग जोडिएको छ

क. यदि प्रेरित यूहन्नाले यी पत्रहरू लेखेका हुन भने, विशेषगरेर १ यूहन्ना, हामीले पहिलो शताब्दीको नजिकको कुनै समयको बारेमा कुराकानी गर्छौं । यसले ज्ञानवादको झुटा ईश्वरशास्त्रको वा दार्शनिक व्यवस्थाको विकासको निम्ति केही समय दिन्थ्यो, र १ यूहन्नाको परिवेशसँग मिल्नु पर्दथ्यो ("साना केटाकेटीहरू"), जसमा एकजना बूढो मानिसले विश्वासीहरूको युवा समूहसँग कुराकानी गरिरहेको जस्तो देखिन्छ । जेरोमीले यसो भन्दछन्, कि येशूलाई क्रूसमा चढाइएपछि उनी ६८ वर्षसम्म बाँचे । यो यसको परम्परासँग मिलेको जस्तो देखिन्छ ।

ख. ए. टि. रवर्टसनले यस्तो विचार गर्दछन्, कि १ यूहन्ना सन् ८५-९५ को बीचमा लेखिएको थियो, जबकि सुसमाचार ९५ मा लेखिएको थियो ।

ग. नयाँ अन्तर्राष्ट्रिय टिप्पणीको क्रमलाई १ यूहन्नामा आई. होवार्ड मार्सलले यो कुरा बताउँदछन्, कि सन् ६०-१०० सम्मको मिति त्यति नै नजिकमा छ, जसरी आधुनिक विद्वानले यूहन्नाको लेखकको अनुमानित मितिलाई मन पराएको हुनुपर्दथ्यो ।

## प्राप्तकर्ताहरू

क. परम्पराले यो कुरा बताउँदछ, कि यो पुस्तक एसिया माइनर (पश्चिमी टर्की) को रोमी साम्राज्यमा लेखिएको थियो, जसमा एफिसी मुख्य सहर को क्षेत्र भएको थियो ।

ख. यो पत्र एसिया माइनरको विशेष समूहका मण्डलीलाई पठाएजस्तो देखिन्छ, जसले झुटा शिक्षाको समस्यालाई सामना गरिरहेका थिए ( कलस्सी र एफिसीमा जस्तै), विशेषगरेरः

१. डोसेटिक ज्ञानवादको शिक्षा, जसले येशू ख्रीष्टको मानवतालाई इन्कार गरे, तर उहाँको ईश्वरत्वलाई निश्चित गरे ।

२. एन्टिनोइम ज्ञानवादको शिक्षा, जसले ईश्वरशास्त्रलाई नैतिकताबाट अलग गरे ।

ग. चौथो शताब्दीमा अगष्टिनले यसो भन्दछन्, कि यो पार्थियन वा बेबिलोनहरूको लागि लेखिएको थियो । उनलाई कासियोड्रस भन्ने व्यक्तिले पछ्याएका थिए (सुरुको छैंटौं शताब्दीमा) । सम्भवत् यो "चुनिएकी महिला" भन्ने वाक्यांशको अन्योलताबाट आएको हुनुपर्छ, र "उनी जो बेबिलोनकी हुन्" भन्ने वाक्यांश १ पत्रुस ५:१३ मा पाइन्छ ।

घ. मौरिसीहरूको सन् १८०-२०० मा रोममा लेखिएको नयाँ करारका सुरुका पुस्तकहरूको क्रमिक सूचीको खण्डले यो कुरा बताउँदछ, कि यो पत्र "उहाँका सहकर्मी चेलाहरू र एसिया माइनरका विशपहरूलाई उचालेपछि" लेखिएको थियो ।

## झुटा शिक्षा

क. यो पत्र आफैले स्पष्टरूपमा झुटा शिक्षाको प्रकारको विरुद्धमा प्रतिक्रिया दिँदछ (जस्तैः यदि हामीले भन्छौं भने..." १:६-८ र "उनी जसले यसो भन्दछन्..." २:९; ४:२०, कटु-निन्दा) ।

हामीले झुटा शिक्षाका केही आधारभूत मतको परिवेशहरूलाई १ यूहन्नाबाट आन्तरिक प्रमाणको रूपमा सिक्न सक्छौं:

१. येशू ख्रीष्टको अवतारलाई इन्कार गर्नु
२. मुक्तिमा येशू ख्रीष्टको केन्द्रिय बिन्दुलाई इन्कार गर्नु
३. उपयुक्त ख्रीष्टियन जीवनशैलीको अभाव
४. ज्ञानमा वा कतिचोटी गोप्य ज्ञानमा बढी जोड दिने
५. एकलपनको भावना

पहिलो शताब्दीलाई मिलाउनु

पहिलो शताब्दीको रोमी संसार पूर्वीय र पश्चिमी धर्मको बीचको छनोटमा थियो। ग्रीक र रोमी बहुईश्वरवादका ईश्वरहरूको प्रतिष्ठा कमजोर अवस्थामा थियो । रहस्यका धर्महरू धेरै प्रख्यात थिए, किनकि तिनीहरूको व्यक्तिगत सम्बन्धलाई ईश्वरसँग र गोप्य ज्ञानमा जोड दिए । सांसारिक ग्रीक साहित्य प्रचलित थियो, र अन्य दृष्टिकोणहरूसँग मिसिएका थिए । यसलाई छान्ने धर्मको यो दुनियामा ख्रीष्टियन विश्वासको एकलपना आयो (येशू ख्रीष्ट मात्रै परमेश्वरकहाँ जाने बाटो हुनुहुन्छ, जस्तैः यूहन्ना १४:६)। झुटा शिक्षाको जस्तोसुकै पृष्टभूमि भए तापनि,ख्रीष्टियन विश्वासलाई नजिकपनमा विश्वासलाग्ने देखिन्छ, र बौद्धिकतामा ग्रीक-रोमी दर्शकहरूले बृहतरूपमा स्वीकार गर्दथे ।

यूहन्नाले ज्ञानबादका समूहलाई बताइरहेका सम्भाव्य विकल्पहरू:

१. सुरुको अवस्थाको ज्ञानवाद

क. पहिलो शताब्दीको सुरुको अवस्थाको ज्ञानवादको आधारभूत सिकाइले आत्मा र वस्तुको बीचमा अनन्त दोहोरोपन भएको कुरालाई जोड दिएजस्तो देखिन्छ । आत्मा वा महान् परमेश्वरलाई असल भनेर भनियो, जबकि प्राप्त गरिएको वस्तुचाहिँ दुष्ट थियो । यो दोहोरोपनले प्लेटोवादको आदर्शताको विरुद्धमा शारीरिक, स्वर्गको विरुद्धमा पृथ्वी र अदृश्यको विरुद्धमा दृश्यको बस्तुजस्तै भएको देखाउँदछ । त्यहाँ गोप्य ज्ञानको महत्वको बारेमा धेरै नै जोड दिइएको थियो (संकेत-शब्द वा गोप्य संख्याले आत्मालाई स्वर्गीय परिधिहरूबाट भएर जाँदा महान् परमेश्वरमा मुक्तिको लागि आवश्यकीय कुरा थियो ।

ख. त्यहाँ सुरुको अवस्थाको ज्ञानवादमा दुईवटा स्वरुपहरू छन्, जुनचाहिँ अन्तत १ यूहन्नाको पृष्टभूमि हुने गर्दथ्योः

१) डोसेटिक ज्ञानवाद, जसले येशूको साँचो मानवीयतालाई इन्कार गर्दछ, किनकि बस्तुचाहिँ दुष्ट हुन्छ ।

२) सेरिन्थियन ज्ञानवाद, जसले ख्रीष्टलाई धेरै स्वर्गदूतको तहमध्ये असल महान् ईश्वर र दुष्ट वस्तुको बीचको तहमा पहिचान गर्दछ । यो "ख्रीष्टको आत्मा" येशूको बप्तिस्माको बेलामा मानिसमा बास गर्नुभयो, र उहाँलाई क्रूसमा चढाउनुभन्दा अगाडि छोड्नुभयो ।

३) यी दुईवटा समूहहरूमध्ये कतिले साधुबादको अभ्यास गरे (यदि यसलाई शरीरले चाहना गर्छ भने, यो दुष्ट हुन्छ), र अर्को एन्टिनोमियनवाद हुन्छ (यदि शरीरले यसलाई चाहना गर्छ भने, यसलाई दिँदछ) । त्यहाँ पहिलो शताब्दीमा ज्ञानवादको व्यवस्थाको विकास भएको प्रमाण कतैपनि लेखिएको छैन। यस्तो कुरा दोस्रो शताब्दीको मध्यसम्म भएको थिएन, कि लेखिएको प्रमाण अस्तित्वमा थिएन। "ज्ञानवाद" को बारेमा अझ बढी जानकारीको लागि निम्न कुरालाई हेर्नुहोस्:

क) हान्स जोआन्सले लेखेको ज्ञानवादको धर्मलाई बेकन प्रेसले प्रकाशन गरेको

ख) अलेन पाजेलले लेखेको ज्ञानवादका सुसमाचारहरूलाई ऱ्याण्डम हाउसले प्रकाशन गरेको

ग) एन्ड्रू हेल्मबोल्डले लेखेको नाग हामादी ज्ञानवादको पाठ र बाइबल

२. इग्नासियसले सुझाब दिएको अर्को झुटा शिक्षाको सम्भाव्य स्रोतमा उनको लेखहरूको स्मर्नीयनहरूको ४ औ र ५ औं मा पाइन्छ । तिनी येशूको अवतारलाई इन्कार गरे, र एन्टिनोमियनको जीवनशैलीमा बसे ।

३. अझै अर्को कम सम्भावना भएको झुटा शिक्षाको स्रोत एन्टिओकका मिएन्डर हुन्, जोचाहिँ इग्नासियसको लेखबाट चिनिएका थिए, झुटा शिक्षाको विरुद्धमा २३ औं । उनी सामरियाका सिमोनलाई पछ्याउने व्यक्ति थिए, र गोप्त ज्ञानलाई वकालत गर्ने व्यक्ति पनि थिए ।

ङ. आजका भुटा शिक्षाहरू:
१. यो भुटा शिक्षाको आत्मा आज हामीसँग उपस्थित छ, जबकि मानिसहरूले ख्रीष्टियन सत्यतालाई विचारका अन्य व्यवस्थासँग मिलाउने प्रयास गरेका छन् ।
२. यो भुटा शिक्षाको आत्मा आज हामीसँग उपस्थित छ, जबकि मानिसहरूले व्यक्तिगत विश्वासमा र जीवनशैलीमा एकलपनको "ठीक" सिद्धान्तलाई जोड दिन्छन् ।
३. यो भुटा शिक्षाको आत्मा आज हामीसँग उपस्थित छ, जबकि ख्रीष्टियन विश्वासमा रहेका मानिसहरू बौद्धिकताको एकलपनको विशिष्ट वर्गसँग फर्कन्छन् ।
४. यो भुटा शिक्षाको आत्मा आज हामीसँग उपस्थित छ, जब धार्मिक मानिसहरू साधुवाद वा नामधारीको विपरिततातर्फ फर्कन्छन् ।

## उद्देश्य

क. यसको विश्वासीहरूको निम्ति व्यवहारिक जोड हुन्छ
१. तिनीहरूलाई आनन्द दिन (जस्तैः १:४)
२. तिनीहरूलाई ईश्वरीय जीवन जीउन उत्साह प्रदान गर्न (जस्तैः १:७, २:१)
३. तिनीहरूलाई एक अर्कालाई प्रेम गर्न आज्ञा गर्न वा संझाउन (जस्तैः ४:७-२१), र संसारको लागि होइन (जस्तैः २:१५-१७)
४. तिनीहरूको येशू ख्रीष्टमा भएको मुक्तिलाई निश्चयता दिन

ख. यसले विश्वासीहरूको निम्ति शैद्धान्तिक जोड दिँदछ
१. येशू ख्रीष्टको ईश्वर र मानवियताको गल्तीलाई अलग गरेर खण्डन गर्नु
२. ईश्वरीय जीवन जिउँदा आत्मिकता र बौद्धिकपनमा रहित गल्तीलाई खण्डन गर्नु
३. जो कोही मुक्तिको एकलपनबाट बचाइदा हुने गल्तीलाई खण्डन गर्नु

## अध्ययन चक्र एक (पाना पाँच हेर्नुहोस्)

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन ।

सम्पूर्ण पुस्तकलाई एकै बसाइमा बढ्नुहोस् । तपाईंको आफ्नै शब्दमा सम्पूर्ण पुस्तकको केन्द्रिय विषयलाई बताउनुहोस् ।

१. सम्पूर्ण पुस्तकको विषय

२. साहित्य वा शैलीको प्रकार

## अध्ययन चक्र दुई (पाना पाँच हेर्नहोस्)

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन ।

एकै बसाइमा सम्पूर्ण बाइबलको पुस्तकलाई दोस्रो चोटी पढ्नुहोस् । मुख्य विषयलाई रुपरेखामा ढाल्नुहोस्, र यो विषयलाई एउटै वाक्यमा प्रकट गर्नुहोस्

१. पहिलो साहित्यिक इकाईको विषय

२. दोस्रो साहित्यिक इकाईको विषय

३. तेस्रो साहित्यिक इकाईको विषय

४. चौथो साहित्यिक इकाईको विषय

५. इत्यादि

# १ यूहन्ना १:१-२:२

## आधुनिक अनुवादका अनुच्छेदका विभाजनहरू*

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| जीवनको वचन | जे कुरा सुनियो, देखियो, र छोइएको थियो | परिचय | जीवनको वचन | अवतरित वचन, र पिता र पुत्र लाई बताउनु |
| १:१-४ | १:१-४ | १:१-४ | १:१-४ | १:१-४ |
| परमेश्वर ज्योति हुनुहुन्छ | उहाँसँगको संगतिको आधार | पापतर्फ उचित आचरण | परमेश्वर ज्योति हुनुहुन्छ | ज्योतिमा हिँड्नु |
| | | | | (1:5-2:28) |
| १:५-१० | १:५-२:२ | १:५-१० | १:५-७ | १:५-७ |
| | | | | पहिलो शर्तः पापलाई तोड्नु |
| | | | १:८-१० | १:८-२:२ |

### अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यो अध्यायलाई एकै बसाइमा पढ्नुहोस्। यी विषयहरूको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक विभाजनहरूमा तुलना गर्नुहोस्। अनुच्छेद प्रेरित भएका होइनन्, तर यसमा सुरुका लेखकको भावनालाई पछ्याउने कुरा मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको हृदय हुन्छ। हरेक अनुच्छेदको एक र एकमात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

---

* Although they are not inspired, paragraph divisions are the key to understanding and following the original author's intent. Each modern translation has divided and summarized the paragraphs in chapter one. Every paragraph has one central topic, truth, or thought. Each version encapsulates that topic in its own distinct way. As you read the text, ask yourself which translation fits your understanding of the subject and verse divisions.

In every chapter we must read the Bible first and try to identify its subjects (paragraphs), then compare our understanding with the modern versions. Only when we understand the original author's intent by following his logic and presentation can we truly understand the Bible. Only the original author is inspired—readers have no right to change or modify the message. Bible readers do have the responsibility of applying the inspired truth to their day and their lives.

Note that all technical terms and abbreviations are explained fully in Appendices One, Two and Three.

## ईश्वरशास्त्रीय पृष्टभूमि

क. यो खण्ड यूहन्नाको सुसमाचारको उपसंहार हो (१:१-१८, शारीरिक सृष्टिभन्दा अगाडि), जुनचाहिँ उत्पत्तिको १:१ सम्बन्धित छ (शारीरिक सृष्टि तरैपनि, यहाँ यसले येशूको सार्वजनिक सेवकाइको सुरुवातलाई बताउँदछ।

ख. यसको जोड यहाँ छः
१. येशू ख्रीष्टको पूर्ण मानवीयता
क. मानवीय भावनासँग जोडिएका कृदन्तहरूः दृश्य, ध्वनी र छुवाइ (जस्तैः पदहरू १,३)। येशू साँचो मानव र शरीर हुनुहुन्थ्यो
ख. येशूको पूर्ण शिर्षक
१) जीवनको वचन (जस्तैः पद १)
२) उहाँको पुत्र येशू ख्रीष्ट (जस्तैः पद ३)
२. येशू ख्रीष्ट नाजरीको ईश्वरत्व
क. अगाडि नै अस्तित्वमा रहेको (पदहरू १-२)
ख. अवतार (पद २)
यी सत्यताहरू ज्ञानवादका झुटा शिक्षकहरूको विरुद्धमा लक्षित छन्।

## वाक्य-रचना

क. पदहरू १-४
१. ग्रीकमा पदहरू १-३क ले एउटा वाक्यको रचना गर्दछन्।
२. घोषणा गर्नु भन्ने मुख्य क्रिया पद ३ मा छ। प्रेरितिय प्रचारको विषयलाई जोड दिइएको छ।
३. पद १ मा चारवटा सापेक्षिक खण्डवाक्यहरू छन्, जसलाई खण्ड वाक्यहरूमा अगाडि बढाउँदा जोड दिइएको हुन्छ।
क. "सुरुवातदेखि नै के कुरा थियो"
ख. "हामीले के कुरा सन्यौं"
ग. "हामीले हाम्रा आँखाले के कुरा देख्यौं"
घ. "हामीले के कुरालाई हेर्‍यौं, र हाम्रा हातले छोयौं"
४. पद २ ले येशूको अवतारको सम्बन्धमा छोटकरी रूप बनाएको जस्तो देखिन्छ। यसको वास्तविकता यो हो, कि यसमा जगाउने कुराले व्याकरणीय रूपले यसको ध्यान तान्दछ !
५. पद ३ र ४ ले यूहन्नाको प्रेरितिय घोषणाको उद्देश्यलाई परिभाषित गर्दछः संगति र आनन्द। सुरुको मण्डलीको कालक्रमको निम्ति प्रेरित हरूले देखेको आँखाको गवाही गणनाको मापदण्ड थियो।
६. पद १ मा दिइएको कालको क्रियाको प्रवाहलाई याद गर्नुहोस्।
क. असिद्ध (अगाडि नै अस्तित्वमा रहेको)
ख. सिद्ध-सिद्ध (सत्यता रहने)
ग. एओरिष्ट, एओरिष्ट (विशेष उदाहरण)

ख. पदहरू १:५-२:२
१. पदहरू १:५-२:२ मा दिइएका सर्वनामहरू अर्थहरू धेरै नै अस्पष्ट छन्, तर मेरो विचारमा पद ५ बाहेक तिनीहरू सबै जसोले नै पितालाई बताउँदछन् (एफिसी १:३-१४ को समान् रूपमा)।
२. सबै "यदि" हरू तेस्रो तहका शर्तात्मक वाक्य हुन्, जसले सम्भाव्य कार्यको बारेमा बताउँदछन्।
३. त्यहाँ यिनीहरूको बीचमा ईश्वरशात्रिय विविधताहरू छन्:
क. वर्तमान् कालको विरुद्धमा एओरिष्ट "पाप" को सन्दर्भ हो
ख. "पाप" को एकवचन र बहुवचनको विरुद्धमा "पापहरू"

## झुटा शिक्षाहरू

क. झुटा शिक्षकहरूको झुटो दावीलाई पदहरू १:६,८,१०; २:४,६,९ मा देख्न सकिन्छ।

ख. पदहरू ५-१० परमेश्वरलाई जान्नु (ईश्वरशास्त्र) बाट परमेश्वरलाई पछ्याउनु (नैतिकता) लाई अलग गर्ने प्रयाससँग सम्बन्धित छन्। यसले ज्ञानको ज्ञानवादलाई अत्यधिक जोड दिँदा प्रतिनिधित्व गर्दछ। तिनीहरू जसले परमेश्वरलाई चाहनालाई जान्दछन् र उनीहरूले तिनीहरूको जीवनशैलीद्वारा उहाँको चरित्रलाई प्रकट गर्दछन्।

ग. पदहरू १:८-२:२ लाई ३:६-९ को सन्तुलनमा समातिनुपर्छ। तिनीहरू एउटै सिक्काका दुईवटा पाटाहरू हुन्। सम्भवत् तिनीहरूले दुईवटा फरक गल्तीहरूलाई खण्डन गर्दछन्:
१. ईश्वरशास्त्रीय गल्ती (पाप छैन)
२. नैतिक गल्ती (पापले कुनै मुल्य राख्दैन)

घ. १ यूहन्ना २:१-२मा पापलाई हल्का रूपमा लिने (एन्टिनोमियनवाद) र ख्रीष्टियन न्याय गर्ने कार्य, सांस्कृतिक नियमकानुन वा साधुवादको भइ रहने समस्या थियो ।

## शब्द र वाक्यांशको अध्ययन

### नासाब (अत्याधुनिक बनाइएको) १:१-४

"जीवनको त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेऱ्यौं, र हाम्रा हातले छोयौं, त्यो जीवन प्रकट भयो, र हामीले देख्यौं र हामी गवाही दिन्छौं र तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो, र हामीकहाँ प्रकट भयो । हामीले जे देखेका र सुनेका छौं, सो हामी तिमीहरूलाई सुनाउँछौं, ताकि हामीहरूसँग तिमीहरूको संगति होस् । हाम्रो संगति पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ । हामी यो कुरा यस हेतुले लेखिरहेका छौं, कि हाम्रो आनन्द पूर्ण होस् ।"

१:१ "जो" यो पुस्तक नपुसंक सर्वनामसँग सुरु हुन्छ । यसले परमेश्वरको सन्देशको दुवै पक्षलाई बताउँदछ, जुनचाहिँ निम्न कुरा हुन्:
१. येशू ख्रीष्टको बारेमा सन्देश
२. येशू ख्रीष्ट आफै व्यक्ति हुनुभएको
सुसमाचार एउटा सन्देश, एउटा व्यक्ति र एउटा जीवनशैली हो ।

"थियो" यो असिद्ध सूचक हो । यसले येशूको अगाडि नै हुने अस्तित्वको बारेमा बताउँदछ (जस्तैः यो यूहन्नाका लेखहरूमा आइरहने विषय हो, जस्तैःपद २; यूहन्ना १:१,१५; ३:१३; ८:५७-५८; १७:५) । यो उहाँको ईश्वरत्वलाई देखाउने एउटा उपाय थियो । येशूले पितालाई प्रकट गर्नुहुन्छ, किनकि उहाँ सुरुदेखि नै पितासँग हुनुहुन्छ ।

- "सुरुदेखि" यो उत्पत्ति १ र यूहन्ना १ को स्पष्ट संकेत हो, तर यसले यहाँ येशूको सार्वजनिक सेवकाइको सुरुवातलाई बताउँदछ (यूहन्ना १:१ मा आर्क भन्ने विशेष शिर्षकलाई हेर्नुहोस्) । येशूको आगमन "योजना ख" मा थिएन । सुसमाचारमा सधैँ परमेश्वरको मुक्तिको योजना थियो (जस्तैः उत्पत्ति ३:१५; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९) । यो परिवेशको यो वाक्यांशले १२ जना चेलाहरूको येशू ख्रीष्टसँग भएको व्यक्तिगत भेटघाट को सुरुवातलाई बताउँदछ ।

कतिचोट यूहन्नाले "सुरुवात" (आर्क) भन्ने विचारलाई प्रयोग गर्दछन् । सामान्यतया यी धेरैजसो दृश्यहरूलाई दुईवटा समूहमा विभाजन गर्न सकिन्छः
१. सृष्टिदेखि
  क. यूहन्ना१:१,२ (येशू सुरुमा)
  ख. यूहन्ना ८:४४; १ राजा ३:८ (शैतान सुरुदेखि नै हत्यारा र झुट भएको)
  ग. प्रकाश ३:१४; २१:६,१२ (येशू सुरुवात र अन्त्य हुनुहुन्छ)
२. येशू ख्रीष्टको अवतार र सेवकाइ भएको समयदेखि
  क. यूहन्ना ८:२५; १ यूहन्ना २:७ (दुईचोटी); ३:११; २ यूहन्ना पदहरू ५,६ (येशूको सिकाइहरू)
  ख. यूहन्ना १५:२७; १६:४ (येशूसँगै)
  ग. १ यूहन्ना १:१ (येशूको सार्वजनिक सेवकाइको सुरुवातबाटै
  घ. १ यूहन्ना २:१३,२४ (दुईचोटी, तिनीहरूको भरोसा येशू ख्रीष्टमा भएदेखि)
  ङ. यूहन्ना ६:६४ (येशू ख्रीष्टलाई इन्कार गरेदेखि
  च. परिवेशको पक्षमा #२

### विशेष शिर्षकः यूहन्ना १ अध्यायलाई १ यूहन्नाको १ सँग तुलना गरिएको

| | सुसमाचार | पत्र |
|---|---|---|
| १. | सुरुवातमा (१:१-२) | सुरुदेखि नै (१:१) |
| २. | वचन (लोगोस) (१:१) | वचन (लोगोस १:१) |
| ३. | जीवन (ज) (१:४) | जीवन (ज) (१:१,२) |
| ४. | येशूमा ज्योति (१:४) | परमेश्वरमा ज्योति (१:५) |
| ५. | ज्योति प्रकट भएको (१:४) | ज्योति प्रकट भएको (१:५) |
| ६. | अँध्यारोपन (१:५) | अँध्यारोपन (१:५) |
| ७. | ज्योतिको गवाही (१:६-८) | ज्योतिको गवाही १:३,५) |
| ८. | मानिसहरू परमेश्वरमा ल्याइएका (१:७; १२-१३) | मानिसहरू परमेश्वरमा ल्याइएका (१:३) |
| ९. | उहाँको महिमाको घोषणा गर्नु (१:१४) | उहाँको महिमाको घोषणा गर्नु (१:१-३) |

- "हामी" यसले अझैपनि सामूहिक रूपमा प्रेरितहरूको व्यक्तिगत गवाहीलाई लागु गर्दछ (जस्तैः नयाँ करारका लेखकहरू) । यो सामुहिक गवाही १ यूहन्नाको विशेषता हो । यसलाई ५० भन्दा बढी चोटी प्रयोग गरिएको छ ।

कतिले यो सामूहिक सर्वनामलाई "यूहन्नाको परम्परा" को रूपमा बताएका छन् । यसले यूहन्नाको अनौठो ईश्वरशास्त्रीय दृष्टिकोणलाई शिक्षक वा अभिभावकको रूपमा लागु गर्दथ्यो ।

"सुनेका छौं...आँखाले देखेका छौं" यी दुवै सिद्ध सकृय सूचकहरू हुन्, जसले रहने परिणामलाई जोड दिँदछ । यूहन्नाले येशूको मानवीयतालाई प्रकट गरिरहेका थिए, र उनको वर्तमान् प्रयोगले कृदन्तलाई सम्बन्धित बनाउँदा पदहरू १ र ३ को पाँचवटा भावनाहरू छन् । त्यसकारण, यहाँ उनले जीवनमा आँखाले देखेको कुरालाई येशू ख्रीष्ट नाजरीको सिकाइमा लागु गर्दछन् ।

- "जो हामीले हेऱ्यौं, र हाम्रा हातले छोयौं" यी दुवै एओरिष्ट सूचकहरू हुन्, जसले विशेष घटनाहरूलाई जोड दिन्छ । "हेऱ्यौ" को अर्थ "नजिकबाट अवलोकन गर्नु" भन्ने हुन्छ (जस्तैः यूहन्ना १:१४), "छोयौं" को अर्थ "नजिकबाट अनुभव गरेर जाँच गर्नु" भन्ने हुन्छ (यूहन्ना २०:२०,२७; लूका २४:३९) ।

ग्रीक परिवेश "छुनु" र "हात लगाउनु" (पासलाफा) को निम्ति नयाँ करारका दुईवटा पदहरूमा मात्रै पाइन्छन्: यहाँ र लूका २४:३९ । लूकामा यसलाई येशू ख्रीष्टको पुनरुत्थान भइसकेपछिको भेटमा प्रयोग गरिएको छ । १ यूहन्नाले पनि यसलाई उही भावनमा प्रयोग गरेका छन् ।

- "जीवनको वचन" लोगोस भन्ने ग्रीक परिवेशको प्रयोगले ग्रीक झुटा शिक्षकहरूको ध्यान खिँच्ने प्रयास गऱ्यो, जसै यसलाई यूहन्नाको सुसमाचारमा प्रयोग गरिएको छ (जस्तैः १:१) । यो शब्द ग्रीक साहित्यमा वृहत प्रकारले प्रयोग गरिएको थियो । यसको हिब्रूको जीवनमा पनि विशेष पृष्ठ-भूमि थियो (जस्तैः १ यूहन्नाको परिचय, ग) । यहाँ यो वाक्यांशले सुसमाचारको विषय र सुसमाचारको व्यक्तित्व भन्ने दुवै परिवेशलाई बताउँदछ।

१:२ यो पद "जीवन" लाई परिभाषित गर्ने वाक्यको बीचमा घुसाइएको शब्द हो ।

"जीवन" "जेड" (पद २ मा दुईचोटी) यूहन्नाको लेखहरूमा आत्मिक जीवन, पुनरुत्थान जीवन, नयाँ युगको जीवन वा परमेश्वरको जीवनको निम्ति निरन्तर रुपमा प्रयोग गरिएको छ (जस्तैः यूहन्ना १:४; ३:१५,३६, दुईचोटी; ४:१४,३६; ५:२४, दुईचोटी; २६, दुईचोटी, २९,३९,४०; ६:२७,३३,३५,४०,४७,४८,५१,५३,५४,६३,६८;८:१२; १०:१०,२८; ११:२५,५०; १४:६; १७:२,३; २०:३१; १ यूहन्ना १:१,२; २:२५; ३:१४,१५; ५:११,१२,१३,१६,२०) । येशूले आफैलाई "जीवन" भनेर भन्नुभयो (जस्तैः यूहन्ना १४:६) ।

- "प्रकट भयो" यो क्रिया यो पदमा दुईचोटी प्रयोग गरिएको छ र दुवै एओरिष्ट निश्क्रिय सूचकहरू हुन् । कतिचोटी कर्म वाच्यलाई पिता परमेश्वरको संकायको रूपमा प्रयोग गरिएको छ । यो परिवेश (फानेरो) ले "अगाडि नै प्रकट भएको ज्योतिलाई ल्याउनु" भन्ने कुरालाई लागु गर्दछ, । यो यूहन्नाको लागि मनपर्ने परिवेश थियो (जस्तैः यूहन्ना १:३१; ३:२१; ९:३; १७:६; १ यूहन्ना १:२, दुईचोटी; २:१९; ३:५,८,१०; ४:९) । एओरिष्ट कालले अवताारलाई जोड दिन्छ (जस्तैः यूहन्ना १:१४), जसलाई झुटा शिक्षकहरूले इन्कार गरे ।

- "हामी गवाही दिन्छौं" यसले यूहन्नाको व्यक्तिगत अनुभवलाई बताउँदछ (जस्तैः वर्तमान् सकृय सूचक) । यो परिवेशलाई कतिचोटी अदालतको मुद्दाहरूमा साक्षी दिनको लागि प्रयोग गरिएको थियो । यूहन्ना १:८ मा येशूलाई गवाही दिने भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "घोषणा" यसले यूहन्नाको आधिकारिक गवाहीलाई बताउँदछ (जस्तैः वर्तमान् सकृय सूचक), जसलाई उनको प्रचार र लेखहरूमा अभिलेख राखेर प्रकट गरिएको थियो । यो नै पदहरू १-३ को मुख्य क्रिया हो । यसलाई दुईचोटी दोहोऱ्याइएको छ (पद २ र ३) ।

- "जो पितासँग थियो" पद १ जस्तै यो पनि येशूको अगाडि नै अस्तित्वमा रहेको भनाइ हो । यो वाक्यांश यूहन्ना १:१ जस्तै छ । ईश्वर मानवकै स्वरुपमा अवतार हुनुभएको छ (जस्तैः यूहन्ना १:१४) । येशूलाई जान्नु भनेको परमेश्वरलाई जान्नु हो (यूहन्ना १४:८-११) । यो यूहन्नाको क्षितिजिय दोहोरोपनको नमुना हो ।

१:३ "हामीले जे देखेका र सुनेका छौं, सो हामी तिमीहरूलाई सुनाउँछौं" यो पाँचौ तहको सापेक्षिक संयोजक हो, जसले पद २ को शब्दलाई वाक्यमा घुसाएपछि पद १ को विचारलाई लागु गरिन्छ । यसले पद १ मा पाइएको विचारको क्रियालाई दोहोऱ्याउँदछ ।

- "सो हामी तिमीहरूलाई सुनाउँछौं" यो पदहरू १-३ को मुख्य क्रिया हो । यो वर्तमान् सकृय सूचक हो । परमेश्वरलाई जान्ने कार्यले उहाँका छोराछोरीसँगको संगतिको माग गर्दछ !

- "हामी यो कुरा यस हेतुले लेखिरहेका छौं, कि हाम्रो आनन्द पूर्ण होस्" यो वर्तमान् सकृय विषयगतसँगको उद्देश्यको संयोजक (हिना) हो । यहाँ सुसमाचारको बताइएको उद्देश्य यो थियो, कि तिनीहरू जसले प्रेरितिय गवाहीद्वारा येशूले वचाउन सक्ने कुरालाई कहिल्यै देखेनन् वा सुनेनन् (जस्तैः यूहन्ना १७:२०; २०:२९-३१) । यो यस संगतिको यस्तो प्रकाशित अनुग्रह थियो, जसले "आनन्द" "शान्ति" र "निश्चयता" ल्यायो ! मण्डली विश्वासीहरूको शरीर र विश्वासीहरूको समुदाय हो ! सुसमाचार सारा विश्वको निम्ति हो ।

## विशेष शिर्षकः क्याइनोनिया

"संगति" (क्वाइनोनिया) भन्ने परिवेशको अर्थः

१. एकजना व्यक्तिसँगको नजिकको सम्बन्ध
   - क. पुत्रसँग (जस्तैः १ यूहन्ना १:६; १ कोरिन्थी १:९)
   - ख. आत्मासँग (जस्तैः २ कोरिन्थी १३:१४; फिलिप्पी २:१)
   - ग. पिता र पुत्रसँग (जस्तैः १ यूहन्ना १:३)
   - घ. अन्य करारका दाजुभाइ र दिदीबहिनीसँग (जस्तैः १ यूहन्ना १:७; प्रेरित २:४२; गलाती २:९; फिलेमोन १:७)

२. चिजहरू वा समूहसँगको नजिकको सम्वन्ध
   - क. सुसमाचारसँग (जस्तैः फिलिप्पी १:५; फिलेमोन ६ अध्याय)

ख. येशू ख्रीष्टको रगतसँग (जस्तैः १ कोरिन्थी १०:१६)
ग. अँध्यारोसँग होइन (२ कोरिन्थी ६:१४)
घ. पीडासँग (जस्तैः फिलिप्पी ३:१०; ४:१४; १ पत्रुस ४:१३)
३. दिने तरिकाले दान वा योगदान गर्नु (जस्तैः रोमी १२:१३; १५:२६; २ कोरिन्थी ८:४; ९:१३; फिलिप्पी ४:१५; हिब्रू १३:१६)
४. परमेश्वरले येशू ख्रीष्टद्वारा दिने कृपाको वरदान, जसले मानवजातिको संगतिलाई उहाँका दाजुभाइ र दिदीबहिनीमा स्थापित गर्दछ ।
यसले समानान्तर सम्बन्धलाई बताउँदछ (मानिसदेखि मानिसमा) कि त्यसलाई क्षितिजिय सम्बन्धमा ल्याइन्छ (मानिसदेखि सृष्टिकर्तामा) यसले आवश्यकता र ख्रीष्टियन समुदायको आनन्दलाई जोड दिँदछ । क्रियाको कालले सुरुवातलाई जोड दिँदछ, र यस समुदायको अनुभवलाई तिरन्तरता दिँदछ (जस्तैः १:३, दुईचोटी, ६,७) । ख्रीष्टियन विश्वास भनेको सामूहिक हो !

## विशेष शिर्षकः ख्रीष्टियन विश्वास सामूहिक हो

क. पावल र पत्रुसको आत्मिक अलंकारहरू
१. शरीर
२. जमिन
३. भवन
ख. "सन्त" भन्ने परिवेश सँधै बहुवचनमा हुन्छ (फिलिप्पी ४:२१ बाहेक, तर अझैपनि त्यहाँ सामूहिक नै हुन्छ)
ग. मार्टिन लुथरको सुधारले "विश्वासीको पूजाहारीपन" लाई जोड दिएको छ, जुनचाहिँ साँचो रुपमा बाइबलिय होइन । यो विश्वासीहरूको पूजाहारीपन हो (प्रस्थान १९:६; १ पत्रुस २:५,९; प्रकाश १:६)
घ. हरेक विश्वासीले सामान्य भलाईको निम्ति वरदान पाएका हुन्छन् (जस्तैः १ कोरिन्थी १२:७)
ङ समूहमा मात्रै परमेश्वरका मानिसहरू प्रभावकारी बन्न सक्छन् । सेवकाइ भनेको सामूहिक हो (एफिसी ४:११-१२)

- "हाम्रो संगति पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ" यी वाक्यांशहरूले सर्वनामको समानान्तरमा र निश्चित उपपद हुन्छ । यो वाक्य रचनाले येशू ख्रीष्टको ईश्वरत्व र समानतालाई निश्चित गर्दछ (यूहन्ना ५:१८; १०:३३; १९:७) । यो पुत्रबिनाको पिता (महान् परमेश्वर) हुने कुरा असम्भव छ (अवतरित परमेश्वर), जसै झुटा शिक्षकहरूले लागु गर्दछन् (जस्तैः १ यूहन्ना २:२३; ५:१०-१२) ।

यो पिता र पुत्रसँगको संगति यूहन्नाको १४:२३ को खण्डमा एक आपसमा "बास गर्ने" कुराजस्तै हुन्छ ।

१:४ "हामी यो कुरा यस हेतुले लेखिरहेका छौं" यसले सम्पूर्ण पुस्तक वा पदहरू १-३ लाई बताएको हुन सक्थ्यो । यो उही शब्दको अर्थको अस्पष्टता२:१ मा पनि देखिएको छ । लेखकले यहाँ उनका उद्देश्यहरूमध्ये एउटालाई बताएका छन् (जस्तैः २:१) ।

"कि हाम्रो आनन्द पूर्ण होस्" यो परिधिको सिद्ध निष्क्रिय विषयगत छ (जस्तैः यूहन्ना १५:११; १६:२०,२२,२४; १७:१३; २ यूहन्ना १२ पद; ३ यूहन्ना ४ पद) । विश्वासीहरूको आनन्द पूर्ण भएको थियो, किनकि तिनीहरूको संगति पिता, पुत्र र पवित्र आत्मासँग थियो । यो झुटा शिक्षकहरूको भंग गर्ने कार्यको ज्योतिको महत्वपूर्ण तत्व थियो । यूहन्नाले यो पुस्तक लेख्नुको बताइएका उद्देश्यहरू निम्ननुसार छन्:
१. परमेश्वर र उहाँका छोराछोरीसँगको संगति
२. आनन्द
३. निश्चयता
४. नकारात्मक पक्षतर्फ, उनको उद्देश्य झुटा शिक्षकहरूको झुटो ईश्वरशास्त्रको विरुद्धमा विश्वासीहरूलाई सुसज्जित पार्नु थियो ।
त्यहाँ यो पदको बीचमा ग्रीकको विविधता हुन्छः
१. "हाम्रो आनन्द," एमएसएस !, बि,एल; नासाब,एनजेबि,आरइबि,एनआइभि
२. "तपाईंको आनन्द," एमएसएस ए,सि; एनकेजेभि
४ युवियसले #१ लाई प्रशय दिन्छ । के "हाम्रो" भन्नेले प्रेरितिय प्रत्यक्ष आँखाले देखेको वा विश्वासीहरूलाई प्रशय दिन्छ ? १ यूहन्नाको ईश्वरशास्त्रीय प्यासले गर्दा ख्रीष्टियन निश्चयतातर्फ, मैले यो कुरालाई मानिलिन्छु, कि यहाँ यो सबै विश्वासीहरूतर्फ लक्षित हुन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ १:५-२:२

"जुन सन्देश हामीले उहाँबाट सुन्यौं, र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन। यदि उहाँसँग हाम्रो संगति छ भनी हामी भन्छौं, र अन्धकारमा नै हिँड्छौं भनेता, हामी झुट बोल्छौं, र सत्यमा चल्दैनौं । तर उहाँ ज्योतिमा हुनुभए झैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एउटा अर्कासित हाम्रो संगति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ । यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता, हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन । यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई सुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ । यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने, हामी उहाँलाई झुटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन । मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यो कुरा तिमीहरूलाई लेखिरहेछु । तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एकजना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट । उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि ।"

१:५ "जुन सन्देश हामीले उहाँबाट सुन्यौ" यहाँ "हामी" भन्ने सर्वनामले यूहन्ना र अन्य प्रत्यक्ष आँखाले देखेका श्रोताहरूलाई यो कुरा बताउँदछ, र येशूको यस पृथ्वीको जीवनको समयमा पछ्याउने व्यक्तिहरू पनि पर्दछन् । यूहन्नाले उनका पाठकहरूलाई २:१ मा "तिमी" भनेर बताउँदछन्, सायद यसले एसिया माइनरको मण्डलीहरूलाई बताएको हुनुपर्छ ।

यो "सुन्नु" भन्ने क्रिया सिद्ध सकृय सूचक हो । यसले १:१-४ मा आएको शारीरिक भावनाहरूलाई विविध परिवेशमा सम्बन्धित गराएर देखाउने गर्दछ । एक भावनामा यसलाई प्रेरित यूहन्नाले येशूको सिकाइको अवधिमा उनको व्यक्तिगत उपस्थितिलाई निश्चित गर्नलाई बताउँदछन् । यूहन्नाले उनको आफ्नै नभएर येशूको प्रकाशलाई दिइरहेका छन् । यसमा यो कुरा पनि संभव छ, कि सुसमाचारमा आएको "म हुँ" भन्ने प्रचलित भनाइलाई येशूको व्यक्तिगत सिकाइमा यूहन्नाले संभ्के ।

- "उहाँबाट" १:५-२:२ को सम्पूर्ण खण्डमा मात्रै "उहाँबाट" भन्ने सर्वनाम आएको छ, जसले येशूलाई बताउँदछ । येशू पितालाई प्रकट गर्न आउनु भयो (जस्तैः यूहन्ना १:१८) । ईश्वरशास्त्रीय रूपमा भन्दाखेरि येशू तीनवटा उद्देश्यको निम्ति आउनुभयोः

१. पितालाई प्रकट गर्न (जस्तैः १:५)
२. उहाँका विश्वासीहरूलाई एउटा पछ्याउने नमुना दिन (जस्तैः १:७)
३. पापी मानिसजातिको सट्टामा मरिदिन (जस्तैः १:७,२:२)

- "परमेश्वर ज्योति हुनुहुन्छ" त्यहाँ उपपद भन्ने छैन । यसले परमेश्वरकोमा स्वभावको नैतिक वा प्रकाशित पक्षलाई जोड दिन्छ (भजनसंग्रह २७:१; यशैया ६०:२०; मीका ७:८; १ तिमोथी ६:१६; याकूब १:१७) । ज्ञानवादको भ्रुटा शिक्षकहरूले यो कुरालाई बताए, कि ज्योतिले ज्ञानलाई बताउँदछ, तर यूहन्नाले यसलाई पनि नैतिक शुद्धतासँग बताए । "ज्योति" र "अँध्यारो" सामान्य परिवेशहरू थिए (यी परिवेशहरू प्रयोग गर्ने नैतिक दोहोरो पन पनि मृत सागरको मुट्ठा र सुरुको ज्ञानवादमा पाइन्छ) । यो असल र खराबको बीचको दोहोरोपनमा सम्बन्धित छ (जस्तैः यूहन्ना १:५; ८:१२; १२:४६) र सम्भवत् ज्ञानवादको आत्माको विरुद्धमा वस्तुको दोहोरोपन हुन्छ । यो यूहन्नाको ईश्वरको बारेमा सामान्य तर महत्वपूर्ण भनाइ हो । ती अन्यहरू हुनः १) "परमेश्वर प्रेम हुनुहुन्छ" (जस्तै ४:८,१६) र २) "परमेश्वर आत्मा हुनुहुन्छ" (जस्तैः यूहन्ना ४:२४) । परमेश्वरको परिवारमा येशूले जस्तै (यूहन्ना ८:१२; ९:५), उहाँको चरित्रलाई प्रकट गर्नुपर्छ (मत्ती ५:१४) । यो प्रेमको परिवर्तन भएको र भइरहने जीवनमा क्षमापन र शुद्धता साँचो परिवर्तनको एउटा प्रमाण हो ।
- "उहाँमा कत्ति पनि अँध्यारो छैन" यो जोड दिने कार्यमा दोहोरो नकारात्मक हुन्छ । यो परिवर्तन नहुने पवित्र परमेश्वरको भनाइ हो (जस्तैः १ तिमोथी ६:१६; याकूब १:१७; भजनसंग्रह १०२:२७; मलाकी ३:६) ।

१:६ "यदि हामी भन्छौं" यो धेरैमध्ये पहिलो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसले भ्रुटा शिक्षकहरूको दावीलाई बताउँदछ (१:८,१०; २:४,६,९) । यी भनाइ हरू मात्र ती उपाय हुन जसले भ्रुटा शिक्षकहरूको कथनहरूलाई पहिचान गर्दछन् । तिनीहरू सुरुका ज्ञानवादका प्राप्त कर्ताको रूपमा देखा पर्दछन् ।

यी साहित्यिक शैलीमा मानिआएका वस्तुहरूलाई कटु आलोचना गर्ने भनिन्छ । यो सत्यतालाई प्रस्तुत गर्ने प्रश्न उत्तरको ढाँचामा हुन्छ । यसलाई स्पष्ट रूपमा मलाकी (जस्तैः १:२,६,७,१२; २:१४,१७; ३:७,१४), र रोमीमा (जस्तै २:३,१७,२१-२३; ३:१,३,७-८,९,३१; ४:१; ६:१; ७:७) देख्न सकिन्छ ।

"यदि उहाँसँग हाम्रो संगति छ" ज्ञानवादीहरूले यस कुरामा दावी गरे, कि संगति ज्ञानमा मात्रै आधारित थियो । यो प्लेटोबाट आएको ग्रीक दर्शनशास्त्रको एउटा पक्ष थियो । तरैपनि, यूहन्नाले यो कुरा बताउँदछन्, कि खीष्टियनहरू खीष्टको जस्तै जीवन जिउनुपर्छ (जस्तैः पद ७; लेवी १९:२; २०:७; मत्ती ५:४८)

"अन्धकारमा नै हिँड्छौं भनेता" "हिँड्नुचाहिँ" वर्तमान् सकृय विषयगत हो । यो बाइबलीय अलंकार हो, जसले नैतिक जीवनशैलीलाई प्रकट गर्दछ (एफिसी ४:१,१७; ५:२,१५) । परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा अँध्यारोपन छैन (जस्तैः एफिसी ४:१,१७; ५:२,१५) । उहाँका छोराछोरीहरू उहाँ जस्तै नै हुनुपर्छ ( मत्ती ५:४८) ।

"हामी भ्रुट बोल्छौं, र सत्यमा चल्दैनौं" यी दुवै वर्तमान् कालका क्रियाहरू हुन् । यूहन्नाले विविध खालका धार्मिक मानिसहरूलाई भ्रुट भनेर भन्दछन् ( जस्तैः १:१०; २:४,२२; ४:२०; यशैया १३) । साँचोरूपमा जीवनशैलीको कार्यले हृदयलाई प्रकट गर्दछ (जस्तैः मत्ती ७ अध्याय) । यूहन्ना ६:५५ मा यूहन्नाको सत्यताको लेखलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

१:७ "यदि हामी पनि ज्योतिमा हिँड्छौं भने" यो अर्को वर्तमान् काल हो, जसले निरन्तर भइरहने कार्यलाई जोड दिँदछ । "हिँड्नु" भनेको खीष्टियन जीवन को निम्ति नयाँ करारको अलंकार हो (जस्तैः एफिसी ४:१,१७; ५:२,१५) ।

कति धेरै चोटी हिँड्नु र वर्तमान् कालका क्रियाहरू खीष्टियन जीवनसँग सम्बन्धित छन् भन्ने कुरालाई याद गर्नुहोस् । सत्यता त्यस्तो चिज हो, जहाँ हामी जिउँछौं, र यो हामीले जानेको केही चिजमात्र होइन । सत्यता यूहन्नाको मुख्य विचार हो । यूहन्नाको ६:५५ र १७:३ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "तर उहाँ ज्योतिमा हुनुभए भ्रैं" विश्वासीहरूले राम्ररी विचार गरेर परमेश्वरजस्तै जिउनुपर्छ (मत्ती ५:४८) । हामीले यो हराएको संसारको निम्ति उहाँको चरित्रलाई देखाउनुपर्ने हुन्छ । मुक्ति भनेको परमेश्वरको स्वरुपलाई मानवजातिमा स्थापित गर्नु हो (जस्तैः उत्पत्ति १:२६-२७), र उत्पत्ति ३ अध्यायको पतनले हानी पुऱ्यायो ।
- "एउटा अर्कासित हाम्रो संगति हुन्छ" "संगति" भन्ने परिवेश, ग्रीक परिवेशको क्वाइनोनिया हो, जसको अर्थ दुईजना व्यक्तिहरूको बीचमा हुने संयुक्त सहभागीता हो (विशेष शिर्षकको निम्ति १:३ मा हेर्नुहोस् । खीष्टियन विश्वास विश्वासीहरूले येशूको जीवनलाई बताउने कार्यमा आधारित हुन्छ । यदि हामीले उहाँको जीवनलाई क्षमापनमा स्वीकार गर्ने हो भने, हामीले उहाँको प्रेमको सेवकाइलाई स्वीकार गर्नुपर्ने हुन्छ (जस्तैः १ यूहन्ना ३:१६) । परमेश्वरलाई जान्नु भनेको अमूर्त सत्यता होइन, तर संगति गर्नु हो, र परमेश्वरीय जीवन जिउनु हो । खीष्टियन जीवनको लक्ष्य भनेको हामी मरेपछि स्वर्गमात्र जानु होइन, तर अहिले पनि खीष्टजस्तै हुनु हो । ज्ञानवादको भ्रुटा शिक्षाको बाहिरी रूपमा हुने विचारको भावना थियो । तरैपनि, जब कोहीले परमेश्वरसँग ठीक सम्बन्ध राख्दछ भने, उनले उनका सहकर्मी खीष्टियनसँग उचित प्रकारले सम्बन्धित हुनेछन् । अरू खीष्टियनहरूतर्फ प्रेमको कमी हुँदा हाम्रो परमेश्वरसँगको सम्बन्धको संकेतको समस्यालाई स्पष्टरूपमा देख्न सकिन्छ (जस्तैः ४:२०-२१; मत्ती ५:७; ६:१४-१५; १८:२१-३५) ।

- "उहाँका पुत्र येशूको रगतले" यसले येशू ख्रीष्टको बलिदानपूर्ण मृत्युलाई बताउँदछ (जस्तैः यशैया ५२:१३-५३:१२; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) यो २:२ जस्तै नै छ, "उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ।" यो बप्तिस्मा दिने यूहन्नाको प्यासजस्तै हो, "हेर संसारको पाप उठाइ लाने परमेश्वरका थुमा" (जस्तैः यूहन्ना १:२९)। त्यो निर्दोष व्यक्ति दोषको सट्टामा मर्नुभएको थियो ! सुरुका ज्ञानवादीहरूले येशूको साँचो मानवी यतालाई इन्कार गरे। त्यहाँ यो नाउँसँग सम्बन्धित ग्रीक हस्तलेखनमा विविधता छः

१. येशू - नासाब, एनआरएसभि, एनजेबि, आरइबि, एनइटि
२. ख्रीष्ट - एमएसएस !, बि, सि
३. येशू ख्रीष्ट - एनकेजेभि

बार्ट डि. एहरमानले प्रयोग गरेको यो एउटा नमुना हो, बाइबलको रुढिवादी परम्परामा भ्रष्टाचार, पाना १५३, वर्तमान् झुटा शिक्षालाई ईन्कार गर्न, र पाठलाई धेरै निर्दिष्ट बनाउन र कसरी प्राचीन स्काइबहरूले कोसिस गरे भनेर देखाउन। बिकल्प #३ ले एमएसएसको विविधतालाई बीचमा राख्ने प्रयास गरेको थियो।

- "हामीलाई सबै पापबाट शुद्ध पार्छ" यो वर्तमान् सकृय सूचक हो। "पाप" भन्ने परिवेश उपपद बिनाको एकवचनमा हुन्छ। यसले हरेक प्रकारको पापलाई लागु गर्दछ। यो पदले एकचोटी शुद्ध बनाउने कार्यलाई मात्र जोड दिएको छैन (मुक्ति पद ७), तर यो एउटा निरन्तर भइरहने शुद्धता हो (ख्रीष्टियन जीवन, पद ९)। यी दुवै नै ख्रीष्टियन अनुभवका भागहरू हुन् (जस्तैः यूहन्ना १३:१०)।

१:८ "यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता" यो अर्को तेस्रो तहको शर्तात्मक वाक्य हो। पाप पतन भएको संसारको निम्ति, अझ विश्वासीहरूको निम्ति आत्मिक वास्तविकता हो (जस्तैः रोमी ७ अध्याय)। यूहन्नाको सुसमाचारले यो विषयलाई घरि-घरि बताउने गर्दछ (जस्तैः ९:४१; १५:२२,२४; १९:११) यो पदले सबै प्राचीन र आधुनिक दावीहरूलाई इन्कार गर्दछ, र व्यक्तिको नैतिक जिम्मेवारीलाई पनि इन्कार गर्दछ। .

- "हामीले आफैलाई धोका दिन्छौं" यो ग्रीक वाक्यांशले व्यक्तिगत, र अज्ञानता नभएको सत्यताको स्वइच्छापूर्ण ईन्कारीलाई बताउँदछ।

- "हामीमा सत्य हुँदैन" पवित्र परमेश्वरलाई स्वीकार गर्ने उपाय इन्कार गर्नुमात्र होइन, तर हाम्रा पापहरूलाई पहिचान गर्नु र उहाँको व्यवस्थामा येशू ख्रीष्टलाई स्वीकार गर्नु हो (जस्तैः रोमी ३:२१-३१)। "सत्यता" ले येशू ख्रीष्टको बारेमा सन्देश वा येशू ख्रीष्टको व्यक्तित्वलाई बताउन सक्छ (जस्तैः यूहन्ना १४:६)। यूहन्ना ६:५५ र १७:३ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

१:८,९ "यदि" यिनीहरू दुवै तेस्रो तहका शर्तात्मक वाक्यहरू हुन्, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ।

१:९ "पापहरू स्वीकार" यो ग्रीक परिवेशमा "बोल्नु" र "उही" भन्नेको निम्ति संयुक्त परिवेश हो। विश्वासीहरू परमेश्वरसँग सहमत हुनुपर्छ, कि तिनीहरूले उहाँको पवित्रतालाई इन्कार गरेका छन् (जस्तैः रोमी ३:२३)। यो वर्तमान् काल हो, जसले निरन्तर भइरहने कार्यलाई लागु गर्दछ। पश्चात्तापले निम्न कुराहरू लागु गर्दछः

१. पापका विशेष नाउँहरू (पद ९)
२. पापलाई सामूहिक रूपमा स्वीकार गर्नु (जस्तैः मत्ती १०:३२; याकूब ५:१६)
३. विशेष पापबाट फर्कनु (जस्तैः मत्ती ३:६; मर्कूस १:५; प्रेरित १९:१८; याकूब ५:१६)

१ यूहन्नामा यो परिवेशलाई घरिघरि प्रयोग गर्दछन् (जस्तैः १:९; ४:२,३,१५; २ यूहन्ना ७ पद)। येशूको मृत्यु क्षमापनको साधन हो, तर पापपूर्ण मानिस जातिले बचाइनका लागि निरन्तर रूपमा प्रतिक्रिया दिनुपर्छ (जस्तैः यूहन्ना १:१२; ३:१६) पश्चात्ताप भन्नेलाई यूहन्ना ९:२२-२३ मा विशेष शिर्षक अन्तर्गत हेर्नुहोस्।

- "हाम्रा पापहरू" बहुवचनलाई याद गर्नुहोस्। यसले पापको विशेष कार्यलाई बताउँदछ।

- "उहाँ विश्वासयोग्य हुनुहुन्छ" यसले पिता परमेश्वरलाई बताउँदछ (जस्तैः व्यवस्था ७:९; ३२:४; भजनसंग्रह ३६:५; ४०:१०; ८९:१,२,५,८; ९२:२; ११९:९०; यशैया ४९:७; रोमी ३:३; १ कोरिन्थी १:९; १०:१३; २ कोरिन्थी १:१८; २ थेसलोनिकी ५:२४; २ तिमोथी २:१३)। पिता परमेश्वरको परिवर्तन नहुने, कृपापूर्ण, र विश्वासयोग्य चरित्रमा हाम्रो निश्चित आशा हुन्छ ! यो वाक्यांशले उहाँको वचनमा परमेश्वरको विश्वासयोग्यपनलाई जोड दिँदछ (जस्तैः हिब्रू १०:२३; ११:११) यसले यर्मिया ३१:३४ मा गरिएको परमेश्वरको नयाँ करारलाई बताउँदछ, जसले पापको क्षमापनलाई प्रतिज्ञा गर्दछ। .

- "धर्मी हुनुहुन्छ" यो परिवेशमा पवित्र परमेश्वरसँग सम्बन्धित कुरालाई अपवित्र मानिसहरूसँग स्वतन्त्र रूपमा क्षमा माग्ने कार्य असामान्य हुन्छ। तरैपनि यो ईश्वरशास्त्रीय रूपमा उचित छ, किनकि परमेश्वरले हाम्रा पापहरूलाई गंभिर रूपमा लिनुहुन्छ, अझै उहाँले ख्रीष्टको मृत्युको सट्टामा हाम्रो क्षमापनको निम्ति साधनहरू प्रदान गर्नुभएको छ (रोमी ३:२१-३१)। २:२९ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

- "उहाँले क्षमा गर्नुहुन्छ...शुद्ध पार्नुहुन्छ" यी दुवै एओरिष्ट सकृय विषयहरू हुन्। यो परिवेशमा यी दुवै परिवेशहरू समान् छन् र तिनीहरूले हराएकाहरूको निम्ति दुवैको मुक्तिलाई बताउँदछन्, र परमेश्वरको संगतिको निम्ति निरन्तर भइरहने आवश्यकीय शुद्धताको निम्ति हेर्दछन् (जस्तैः यशैया १:१८; ३८:१७; ४३:२५; ४४:२२; भजनसंग्रह १०३:३,११-१३; मीका ७:१९)। यी झुटा शिक्षकहरू, जसले सुसमाचारलाई ईन्कार गरेका छन्, तिनीहरूलाई मुक्तिको खाँचो पर्दछ। विश्वासीहरू जसले निरन्तररूपमा पाप गरिरहन्छन्, तिनीहरूलाई संगतिको स्थापना गर्ने खाँचो पर्दछ। यूहन्नाले पहिलो समूहको अव्यक्त र दोस्रो समूहको स्पष्टतालाई बताएको जस्तो देखिन्छ।

१:१० "हामी भन्छौं भने" १:६ को टिपोटलाई हेर्नुहोस्। .

- "यदि हामीले पाप गरेका छैनौ" यो सिद्ध सकृय सूचक हो, जसले यो कुरालाई लागु गर्दछ, कि जो कोहीले विगतमा कहिल्यै पनि पाप गरेको हुँदैन, नत वर्तमान् मानै गरेको हुन्छ। "पाप गरको" भन्ने परिवेश एक वचनमा छ, र यसले सामान्यरूपमा पापलाई बताउँदछ। यसको ग्रीक परिवेशको अर्थ "संकेतलाई गुमाउनु" भन्ने हुन्छ। यसको अर्थ यो हुन्छ, कि पाप परमेश्वरको वचनमा प्रकट भएका चिजहरूको नियुक्ति र छोडिएको काम भन्ने हुन्छ। झुटा शिक्षकहरूले यो कुरालाई दावी गरे, कि मुक्ति जीवनसँग सम्बन्धित थिएन, तर ज्ञानसँग सम्बन्धित थियो।

- "हामी उहाँलाई झुटा तुल्याउँछौ" यो सुसमाचार सबै मानवजातिको पापपूर्णतामा आधारित छ (जस्तैः रोमी ३:९-१८,२३; ५:१; ११:३२)। कित परमेश्वर (रोमी ३:४) वा तिनीहरू जसले पाप छैन भनेर दावी गर्दछन्, उनीहरू झुटो बोलिरहेका हुन्छन्।

- "उहाँको वचन हामीमा हुँदैन" यसमा "लोगोस" भन्ने परिवेशको दोहोरो पक्षको संलग्नता हुन्छ, दुवै सन्देश र व्यक्तिको रूपमा (जस्तैः १:१८; यूहन्ना १४:६)। यूहन्नाले यसलाई कतिचोटी "सत्यता" को रूपमा बताएका छन्।

२:१ "मेरा साना बालकहरू" यूहन्नाले बालकहरूको निम्ति १ यूहन्नामा दुईवटा विविध अति छोटो परिवेशहरूमा प्रयोग गर्दछन्:
 १. टेकनिओन (जस्तैः २:१,१२,२८; ३:७,१८; ४:४; ५:२१; यूहन्ना १३:३३)
 २. पाइडिओन (जस्तैः २:१४,१८)
तिनीहरू चाहना गरिएको ईश्वरशास्त्रीय विविधतापना नै समान् छन्। सायद यी मायालु परिवेशहरू यूहन्नाले लेख्ने समयमा उनको विकसित युगबाट आएका हुन सक्छन्।
 येशूले "बालकहरू" भन्ने परिवेशलाई यूहन्ना १३:३३ मा चेलाहरूलाई बताउन प्रयोग गर्दछन्।

- "तिमीहरू पाप नगर भनी म यो कुरा तिमीहरूलाई लेखिरहेछु" यो एउटा एओरिष्ट विषयगत हो। यूहन्नाले वर्तमान् कालको बीचमा एउटा निश्चित फरककुरा बनाइरहेका छन्, जसमा निरन्तर पाप गरिरहने जीवनशैलीको विकास हुने (जस्तैः ३:६,९), र संघर्षरत र परिक्षित ख्रीष्टियन हरूले व्यक्तिगत रूपमा पापको कार्य गर्ने हुन्छन्। उनले दुईवटा अतिवादीको बीचमा सन्तुलन ल्याउने प्रयास गरिरहेका छन्:
 १. पापलाई हल्का रूपमा लिनु (जस्तैः रोमी ६: १ यूहन्ना १:८-१०; ३:६-९; ५:१६)
 २. व्यक्तिगत पापमाथि ख्रीष्टियनहरूले गर्ने नराम्रोपन र तीतोपन

यी दुईवटा अतिवादीहरूले ज्ञानवादका सिकाइहरूका सम्भवत् फरक दुईवटा तहहरूलाई देखाउने गर्दछन्। एउटा समूहले यस्तो कुराको महसूस गऱ्यो कि मुक्ति भनेको बौद्धिक क्षमताको कुरा हो, र यसले एकजना कसरी जिउँछ भनेर कुनै मूल्य राख्दैन, किनकि शरीर दुष्ट थियो। ज्ञानवादका अन्य समूहले यो कुरामा विश्वास गरे, कि शरीर दुष्ट थियो, र त्यसकारण यसलाई यसको चाहनामा सिमित गर्नुपर्ने थियो।

- "तर कुनै मानिसले पाप गऱ्यो भने" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसले सम्भाव्य कार्यको बारेमा बताउँदछ। अझै ख्रीष्टियनहरूले पनि पाप गर्दछन् (रोमी ७ अध्याय)।

- "पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एकजना हुनुहुन्छ" यो वर्तमान् सकृय सूचक हो, जसले हाम्रो पक्षमा बोलिदिने (प्याराक्लेटस) स्वर्गीय पिता सँग निरन्तररूपमा अन्तर्बिन्ति गरिरहेका हुन्छन्। यो सुरक्ष ागर्ने वकिलको निम्ति कानुनी परिवेश थियो वा "एकजनालाई हाम्रो मद्दतको निम्ति बोलाइएको थियो" (प्यारा भन्ने हाम्रो पक्षमा र कालेइको बोलाउनु भन्ने हुन्छ)। यसलाई यूहन्नाको सुसमाचारमा माथिल्लो कोठाको प्रवन्धमा, पवित्र आत्माको निम्ति, हाम्रो यस पृथ्वीमा बास गर्ने व्यक्तिको निम्ति पनि प्रयोग गरिएको छ (जस्तैः यूहन्ना १४:१६,२६; १५:२६; १६:७)। तरैपनि, यो परिवेश येशूको निम्ति मात्रै प्रयोग गरिएको छ (यद्यपि यसलाई यूहन्ना १४:१६; रोमी ८:३४; हिब्रू ४:१४-१६; ७:२५; ९:२४ मा लागु गरिन्छ)। पावलले यो उही विचारलाई येशू ख्रीष्टको कार्यको अन्तर्बिन्तिको निम्ति रोमी ८:३४ मा प्रयोग गर्दछन्। यो उही खण्डमा उनले रोमी ८:२६ मा पवित्र आत्माको अन्तर्बिन्तिको बारेमा बताएका छन्। हाम्रो पक्षमा बोलिदिने व्यक्ति स्वर्ग (येशू) मा हुनुहुन्छ, र एकजना बोल्ने व्यक्ति (आत्मा) ले दुवैजनालाई प्रेमिलो पिताले उहाँको पक्षबाट पठाउनुभएको छ।
- "अर्थात् धार्मिक येशू ख्रीष्ट" यो विशेषतालाई १:९ मा परमेश्वर पितासँग प्रयोग गरिएको छ। नयाँ करारका लेखकहरूले येशू ख्रीष्टको ईश्वरत्व लाई बताउन विविध साहित्यिक शैलीहरूलाई प्रयोग गरेका छन्:
 १. शिर्षकको प्रयोगमा येशू ख्रीष्टको निम्ति र परमेश्वरको निम्ति प्रयोग गरिएको
 २. येशूले परमेश्वरको निम्ति गर्नुभएको कार्यलाई बताउनु
 ३. दुवैलाई बताउने समानान्तर व्याकरणीय वाक्यांशहरूको प्रयोग (क्रियाका वस्तुहरू वा सर्वनामहरू)
यसले येशू ख्रीष्टको पापरहिनपन (पवित्रपना, परमेश्वरजस्तै हुने) लाई बताउँदछ (जस्तैः ३:५; २ कोरिन्थी ५:२१; हिब्रू २:१८; ४:१५; ७:२६; १ पत्रुस २:२२)। उहाँ मानिसहरूमा पिताको "धार्मिकपन" ल्याउने साधन हुनुहुन्थ्यो।

२:२
नासाब, एनकेजेभि "उहाँ आफै हाम्रा पापको निम्ति प्रायश्चित हुनुहुन्छ"
एनआरएसभि "उहाँले हाम्रा पापको निम्ति प्रायश्चितको बलिदान गर्नुहुन्छ"
टिइभि "ख्रीष्ट आफै साधन हुनुहुन्छ, जसद्वारा हाम्रा पापहरू क्षमा भएका छन्"
एनजेबि, आरएसभि "उहाँ हाम्रा पापहरूलाई प्रायश्चित गर्ने बलिदान हुनुहुन्छ"
 सेप्टुजुआन्टमा करारको सन्दुकको बिर्कोको निम्ति हिलास्मस भन्ने परिवेशलाई प्रयोग गर्दा कृपाको आसन वा प्रायश्चितको स्थान भनेर भनियो। येशू ले आफैलाई परमेश्वरकमो अगाडि हाम्रो दोषी स्थानमा राख्नुभयो (जस्तैः ४:१०; रोमी ३:२५)।
 ग्रीक-रोमी संसारमा यो शब्दले संगतिमा ईश्वरसँगको अलग्याइलाई स्थापित गर्ने विचारमा ल्याउँदा मुल्य तिरिएको भन्ने कुरा हुन्थ्यो, तर यो भावनामा सेप्टुजुआन्टमा यो शब्द आएको छैन (लूका बाहेकका नयाँ करारका लेखकहरूलाई याद गर्नुहोस्, जहाँ हिब्रू विचारकहरूले कोइने ग्रीकमा लेखेका हुन्छन्)। यसलाई सेप्टुजुआन्ट र हिब्रू ९:५ मा "कृपा आसन" भनेर अनुवाद गर्न प्रयोग गरिएको थियो, जुनचाहिँ करारको सन्दुकमा रहेको महान् पवित्रताको बिर्को थियो, त्यो स्थान जहाँ प्रायश्चितको दिनमा राष्ट्रहरूको पक्षमा त्यो प्रायश्चितको स्थानलाई प्राप्त गरियो (जस्तैः लेवी १६ अध्याय)।
 यो परिवेशले यस प्रकारले सामना गर्नुपर्ने हुन्छ, कि परमेश्वरले पापलाई घृणा गर्दा कुनै पाठ दिँदैन, तर उहाँले पापीहरूतर्फ गर्ने छुटकाराको सकारात्म क आचरणलाई निश्चित गर्दछ। एउटा असल छलफल याकूब स्टिवार्डको ख्रीष्टमा रहने एकजना मानिस भन्ने पुस्तकको पानाहरू २१४-२२४ मा पाइन्छ। यसलाई पूरा गर्ने एउटा उपाय यो हुन्छ, कि यसले येशू ख्रीष्टमा भएको परमेश्वरको कार्यलाई देखाउँदछः "एउटा प्रायश्चितको बलिदान वा प्रायश्चितको शक्ति"।

यी आधुनिक अंग्रजी अनुवादहरू यो बलिदानको परिवेशलाई बुभ्दाखेरि कसरी फरक भएका छन्। "बलिदान" भन्ने परिवेशले यो कुरालाई लागु गर्दछ, कि येशूले परमेश्वरको क्रोधलाई राख्नुभयो (जस्तैः रोमी १:१८; ५:९; एफिसी ५:६; कलस्सी ३:६)। परमेश्वरको पवित्रतालाई मानवजातिको पापले नोक्सानी पुऱ्याएको छ। यसलाई येशू ख्रीष्टको सेवकाइसँगै सामना गरिन्छ (रोमी ३:२५; २ कोरिन्थी ५:२१; हिब्रू २:१७)।

कति विद्धानहरू (जस्तैः सि. एच. डड) ले यो कुरालाई महसुस गर्दछन्, कि एउटा मूर्तिपूजक वा ग्रीकको विचार (ईश्वरको रीसलाई शान्त पार्नु) लाई यहोवामा लागु गर्नु पर्दैनथ्यो, त्यसकारण तिनीहरूले "प्रायश्चितलाई प्रशय दिए, जहाँ येशूको सेवकाइलाई परमेश्वरको अगाडि र पापको विरुद्धमा नहुने मानवजातिको दोषलाई (जस्तैः यूहन्ना १:२९; ३:१६) सामना गरिएको छ। तरैपनि यी दुवै बाइबलीय सत्यतामा छन्।

- "उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि" यसले सम्भाव्य असिमित प्रायश्चितलाई बताउँदछ (जस्तैः ४:१४; यूहन्ना १:२९; ३:१६-१७; १२:४७; रोमी ५:१८; १ तिमोथी ४:१०; तीतस २:११; हिब्रू २:९; ७:२५)। येशू पापको निम्ति र सारा संसारको पापहरूको निम्ति मर्नुभयो (जस्तैः उत्पत्ति ३:१५)। यो सारा संसारलाई बचाउनबाट राख्ने एकमात्र चिज पाप होइन, तर अविश्वास हो। तरैपनि, मानिसले प्रतिक्रिया जनाउनुपर्छ, र विश्वास, पश्चात्ताप, आज्ञाकारीता र धैर्यतामा निरन्तर प्रतिक्रिया जनाउनुपर्छ !

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यी तलका प्रश्नहरूले यो पुस्तकको यस खण्डको मुख्य विषयलाई विचार गरेर सहायता गर्ने कार्य गर्दछन्। तिनीहरूको अर्थ विचारलाई बढावा दिनु हुन्छन्, तर निश्चित हुँदैनन्।

१. किन यूहन्नाले पाँचवटा भावनाहरूको संलग्नतामा यति धेरै क्रियापदको प्रयोग गर्दछन् ?
२. पदहरू ७ र ९ मा पाइएका बलिदानको परिवेशको सूची बनाउनुहोस्।
३. यूहन्नाले सामना गरिरहेका झुटा शिक्षाका विश्वासलाई वर्णन गर्नुहोस्।
४. कसरी पद ९ झुटा शिक्षा र विश्वासीहरू दुवैसँग सम्बन्धित छ ?
५. "पश्चात्ताप" लाई वर्णन गरेर परिभाषित गर्नुहोस्।

# १ यूहन्ना २:३-२७

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युबियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| ख्रीष्ट हाम्रो अधिवक्ता | उहाँसँगको आधारभूत संगति (१:५-२:२) | आज्ञाकारीता | ख्रीष्ट | ज्योतिमा हिँड्नु (१:५-२:२८) |
| | | | | पहिलो शर्तः पापलाई तोड्नु (१:८-२:३) |
| २:१-६ | उहाँलाई जान्दाखेरि आउने परीक्षा | २:१-२ | २:१-२ | दोस्रो शर्तः आज्ञापालन गर्नु, विशेषगरेर प्रेमको सम्बन्धमा |
| | २:३-११ | २:३-६ | २:३-६ | २:३-११ |
| नयाँ आज्ञा | | एक अर्कालाई प्रेम गर्नु | नयाँ आज्ञा | |
| २:७-१४ | | २:७-११ | २:७-८ | |
| | आत्मिक अवस्था | ख्रीष्टमा परमेश्वरसँगको साँचो सम्बन्ध | २:९-१४ | तेस्रो शर्तः संसारबाट अलग्गिनु |
| | २:१२-१४ | २:१२-१४ | २:१२-१३ | २:१२-१७ |
| | संसारलाई प्रेम नगर | संसारको साँचो लेखाजोखा | २:१४ | |
| २:१५-१७ | २:१५-१७ | २:१५-१७ | २:१५-१७ | |
| ख्रीष्ट बिरोधी | अन्तिम समयमा हुने धोका | साँचो विश्वासमा इमानदारीता | ख्रीष्ट येशूको शत्रु | चौथो शर्तः ख्रीष्टको विरोधीको विरुद्धमा सुरक्षाकर्मी बन्नु |
| २:१८-२५ | २:१८-२३ | २:१८-२५ | २:१८-१९ | २:१८-२८ |
| | | | २:२०-२१ | |
| | तपाईंमा सत्यताले बास गरेको होस् | | २:२२-२३ | |
| | २:२४-२७ | | २:२४-२५ | |
| २:२६-२७ | | २:२६-२७ | २:२६-२७ | |

### अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोसु)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यो अध्यायलाई एकै बसाइमा पढ्नुहोस्। यी विषयहरूको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक विभाजनहरूमा तुलना गर्नुहोस्। अनुच्छेद प्रेरित भएका होइनन्, तर यसमा सुरुका लेखकको भावनालाई पछ्याउने कुरा मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको हृदय हुन्छ। हरेक अनुच्छेदको एक र एकमात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## २:३-२७ को पाठगत अर्न्तदृष्टि

क. १ यूहन्नाको रूपरेखा बनाउनु अति नै कठिन छ, किनकि यसमा घरि-घरि विषयहरू आइरहन्छन् । तरैपनि, धेरैजसो टिप्पणीकारहरू यस कुरामा सहमत हुन्छन्, कि अध्याय २ अध्याय १ को विषयसँग निरन्तर अगाडि बढ्दछ, जुनचाहिँ सकारात्मक र नकारात्मक दुवै परमेश्वरका संगतिका विशेषताहरू हुन् ।

ख. त्यहाँ अध्याय १ र २ को बीचमा संरचनागत समानान्तर हुन्छ । यूहन्नाले ज्ञानवादका झुटा शिक्षकहरूको भनाइलाई विपरित सन्देशको रूपमा प्रस्तुत गर्दछन् ।

| अध्याय १ | अध्याय २ |
|---|---|
| १. यदि हामीले भन्छौं भने... (पदहरू ६-७) | १. त्यो एउटा भनाइ (पदहरू ४-५) |
| २. यदि हामीले भन्छौं भने... (पदहरू ८-९) | २. त्यो एउटा भनाइ (पद ६) |
| ३. यदि हामीले भन्छौं भने... (पद १०) | ३. त्यो एउटा भनाइ (पदहरू ८-११) |

ग. यो परिवेशले विविध पाठहरू वा प्रमाणहरूलाई सूचीकृत गर्दछ, जसले साँचो विश्वासीहरूलाई प्रकट गर्दछ: (२:३-२५)

१. पापलाई पश्चात्ताप गर्ने इच्छा (सुरुको र निरन्तर १:८)
२. जीवनशैलीको आज्ञाकारीता (२:३-६)
३. जीवनशैलीको प्रेम (२:७-११)
४. दुष्टमाथिको विजय (२:१२-१४)
५. संसारलाई त्याग्नु (२:१५-१७)
६. धैर्यता (२:१९)
७. सिद्धान्तलाई सच्याउनु (२:२०-२४; ४:१-३)

घ. विशेष ईश्वरशास्त्रीय विचारहरू (२:१८-१९ मा)

१. "त्यो अन्तिम घडी" (पद १८)
   क. यो वाक्यांश र यस्तै खालका वाक्यांशहरूले, जस्तैः अन्तिम दिनहरू भन्नेले येशू खीष्टको बेतलेहेममा भएको जन्मदेखि दोस्रो आगमन सम्मको समय अवधिलाई बताउँदछ । यो राज्य आएको छ, तर यसलाई पूर्ण रूपमा उपभोग गरिएको छैन ।
   ख. इस्राएलका मानिसहरूले अन्तरबाइबलीय अवधिमा दुईवटा युगहरूलाई विश्वास गर्न सुरु गरे, वर्तमान् दुष्ट युग र आत्माले चलाइएको धार्मिकताको युग, जुनचाहिँ अझै पनि भविष्यको लागि थियो । पुरानो करारले स्पष्ट प्रकट नगरेको कुराचाहिँ मसिहको हुने दुईचोटी आगमनलाई थियो, पहिलो मुक्तिदाताको रूपमा र दोस्रो पूर्णतामा । यी दुईवटा युगहरू खप्टिन्छन् । २:१७ मा विशेष शिर्षकलाई हेर्नु-होस् ।
   ग. "घडी" (कायरोस) भन्ने परिवेशलाई यो अलंकारिक प्रयोगले निर्दिष्ट नगरिएको समयको अवधि भन्ने हुन्छ (जस्तैः यूहन्ना ४:२१,२३; ५:२५,२८; १६:२) ।

२. "खीष्ट बिरोधी" (पद १८)
   यूहन्नाले मात्र खीष्ट विरोधी भन्ने परिवेशलाई प्रयोग गर्छन् (जस्तैः २:१८,२२; ४:३; २ यूहन्ना ७ पद) । २:१८ मा एकवचन र बहुवचन दुवै मा प्रयोग गरिएको छ (जस्तैः २ यूहन्ना पद ७) ।
   क. अन्य बाइबलीय लेखकहरूले उही अन्तको समयको व्यक्तिको बारेमा यी सन्दर्भहरू दिएका छन्:
      १) दानिएल - "चौथो प्राणी" (जस्तैः ७:७-८,२३-२६; ९:२४-२७
      २) येशू - "उदासीपनको घृणापन" (जस्तैः मर्कूस १३ अध्याय, मत्ती २४ अध्याय)
      ३) यूहन्ना - "समुद्रबाट निस्केर आउने प्राणी (जस्तैः प्रकाश १३ अध्याय)
      ४) पावल - "पापी मानिस" (जस्तैः २ थेसलोनिकी २ अध्याय)
   ख. यूहन्नाले पनि भविष्यको व्यक्ति र आइरहने आत्मा वा संसारमा सधैं उपस्थित हुने आचरणको बीचमा फरकपन बनाउँदछन् (जस्तैः २:१८; ४:३; २ यूहन्ना ७ अध्याय; मर्कूस १३:६,२२; मत्ती २४:५,२४) ।
   ग. बिराधी भन्ने नामयोगीको ग्रीक अर्थ हुन सक्छः १) विरुद्धमा वा २) सट्टामा भन्ने । यो पद १८ मा एकवचन र बहुवचन दुवैमा प्रयोग गर्दा मुल्यवान हुन सक्छ । इतिहास यिनीहरूसँग भरिएको छ, जसले परमेश्वरलाई र उहाँको खीष्टलाई विरोध गरेका छन् ।
      १) इपिफनेसको एन्टिकोअस चौथो (दानिएल ८ अध्यायमा सानो सिङ; ११:३६-४५)
      २) नेरो र डोमिसियन (ईश्वर भनेर दावी गरेका तर मसिहियपनचाहिँ होइन)
      ३) नास्तिक साम्यवाद
      ४) सांसारिक मानवीयता
      
      तर यसलाई पनि तिनीहरूको अगाडि मिलाइएको छ, जोहरू खीष्टको विरुद्धमा छैनन्, तर खीष्ट नै हुने कुरालाई दावी गर्दछन् ( #२ को प्रयोग) ।
      १. मर्कूस १३:६,२२ र मत्ती २४:५,२४ मा दिइएका झुटा शिक्षकहरू
      २. आधुनिक मूर्ति पूजाका अगुवाहरू
   घ. ३. खीष्ट विरोधी (दानिएल ७:८, २३-२६; ९:२४-२७; २ थेसलोनिकी २:३; र प्रकाश १३ अध्याय) ।
      हरेक युगका खीष्टियनहरूले झुटा शिक्षकहरूको अनुभव गर्छन्, जसले खीष्टलाई झुटा मसिहको रूपमा इन्कार गर्छन्, र जसले उनीहरू नै खीष्ट भएको कुरा दावी गर्दछन् । तरैपनि, एक दिन त्यो अन्तको दिनमा एउटा विशेष दुष्ट अवतार (जस्तैः खीष्ट विरोधी) ले दुवै कार्य गर्नेछन् !

३. "तपाईंमा रहने" (पदहरू १९,२४,२७,२८)

क. धेरै आधुनिक सुसमाचारीय व्यक्तिहरूले येशू ख्रीष्टमा विश्वास वा भरोसा गर्न सुरुको व्यक्तिगत निर्णय लिनुपर्ने खाँचोलाई जोड दिएका छन्, र यो साँच्चिकै सत्यपनि हो । तरैपनि, बाइबलको जोड भन्नेको निर्णयमा हुने होइन, तर चेलापनमा हो (मत्ती २८:१९-२०) ।

ख. विश्वासीहरूको सुरक्षाको सिद्धान्तलाई धैर्यताको सिद्धान्तसँग नछुट्टिने प्रकारले जोडिएको हुन्छ । विशेष शिर्षकको निम्ति यूहन्ना ८:३१ मा धैर्यताको खाँचो भन्नेलाई हेर्नुहोस् । यो बिकल्पमाचाहिँ हुँदैन, तर दुवै बाइबलीय वास्तविकता हुन्छ । वास्तवमा "रहनु" भन्ने ले बाइबलीय चेतावनी दिन्छ (जस्तैः यूहन्ना १५ अध्याय) !

ग. रहनु भन्नेका अन्य खण्डहरू हुन्: मत्ती १०:२२; १३:१-९,१८-२३; मर्कूस १३:१३; यूहन्ना ८:३१; १५:१-२७; १ कोरिन्थी १५:२; गलाती ६:१; प्रकाश २:२,७,११,१७,२६; ३:५,१२,२१; २१:७ । "रहनु" भन्ने २:१० को विशेष शिर्षकलाई हेर्नुहोस् ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः २:३-६**

"यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने, यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं । जसले उहाँलाई चिन्छु भन्छ, तर उहाँका आज्ञाहरू उलङ्घन गर्छ, त्यो झुट हो, र त्यसमा सत्य छैन । तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्चै नै सिद्ध भएको हुन्छ । हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं । उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नु पर्छ ।" .

२:३ "यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं" शाब्दिक अर्थमा यो "हामी जान्दछौं, कि हामीले उहाँलाई चिनेका छौं" भन्ने हुन्छ । यो वर्तमान् सकृय सूचक हो, जसमा सिद्ध सकृय सूचकले पछ्याएर यो कुरालाई जोड दिन्छ, कि, ख्रीष्टियनहरूले यी मानसिक आघात परेका मण्डलीहरूमा यी ज्ञानवादका झुटा शिक्षकहरूको सन्दर्भमा तिनीहरूको मुक्तिको पूर्ण निश्चयता हुन सक्छ ।

"जान्नु" भन्ने शब्दलाई हिब्रू भावनाको व्यक्तिगत सम्बन्धमा प्रयोग गरिन्छ (जस्तैः उत्पत्ति ४:१; यर्मिया १:५) र यो ग्रीक भावनाको वास्तविकतामा केही चित वा कोही व्यक्ति भन्ने हुन्छ । सुसमाचार भनेको दुवै व्यक्ति र सत्यताको शरीर हो । यसले जोड दिने निम्न वाक्यांशहरू छन्:

१. हामीले परमेश्वरलाई जान्न सक्छौं

२. उहाँले हाम्रो जीवनको निम्ति चाहना गर्ने कुरालाई पनि जान्न सक्छौं

३. हामीले यो कुरालाई जान्न सक्छौं, कि त्यसलाई हामील जान्दछौं (जस्तै ५:१३

हाम्रो परमेश्वरसँगको सम्बन्धमा हुने एउटा निश्चयता यो हो, कि हाम्रा कार्य र आचरणहरूले प्रकट गर्दछन् (जस्तैः मत्ती ७ अध्याय; याकूब, १ पत्रुस) । यो १ यूहन्नामा आइरहने विषय हो (जस्तैः २:३,५; ३:२४; ४:१३; ५:२,१३) ।

यूहन्नाको लेखमा "जान्नु" (गिनास्क र ओइडा) भन्नेलाई दुईवटा ग्रीक परिवेशहरू प्रयोग गरिन्छन्, कतिचोटी (१ यूहन्नाको ५ अध्यायहरूमा २७ पटक), र उही प्रकारले प्रयोग गरिन्छन् । त्यहाँ कोइने ग्रीकमा आएका यी परिवेशहरूको बीचमा छुट्याउने अर्थ-विज्ञान फरकपनहरू नभएको जस्तो देखिन्छन् । यसको छनोटचाहिँ शैलीगत रूपमा हुन्छ । यो कुरा पनि चाखलाग्दो छ, कि यूहन्नाले इपिजिनेस्क भन्ने पहिचान गर्ने परिवेशलाई प्रयोग गरेका छैनन् ।

यूहन्नाले विश्वासीहरूलाई उत्साह दिन र झुटा शिक्षालाई इन्कार गर्नको लागि लेखेका थिए । "जान्नु" भन्ने परिवेशलाई यूहन्नाको सुसमाचार र १ यूहन्नाले अन्य कुनै पनि नयाँ करारका पुस्तकहरूले भन्दा बढी लेखेका छन् । १ यूहन्ना सुसमाचारको ज्ञानमा आधारित निश्यचयताको एउटा पुस्तक हो, र यसले प्रेम र आज्ञाकारीताको जीवनशैलीलाई पूर्णता दिन्छ (जस्तैः याकूबको पुस्तक) ।

- "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।

"तर जसले उहाँको वचन पालन गर्छ" यहाँ आएको शर्तात्मक तत्वलाई याद गर्नुहोस् (वर्तमान् सकृय विषयगत) । परमेश्वरले प्रदान गर्नुभएको नयाँ करार शर्तरहितको छ, तर मानवजातिको विश्वासको पश्चात्ताप र आज्ञाकारीताको प्रतिक्रियामा सर्तसहित हुन्छ (जस्तैः २:३-५; ३:२२,२४; ५:२,३; यूहन्ना ८:५१-५२; १४:१५,२१,२३; १५:१०; प्रकाश २:२६; ३:८,१०; १२:१७; १४:१२) । साँचो परिवर्तनको प्रमाणहरूमध्ये एउटा ज्योतिमा हुने आज्ञाकारीता हो (येशू र सु-समाचार दुवै, जस्तैः लूका ६:४६) । अझै पुरानो करारको आज्ञाकारीता बलिदानको परम्पराभन्दा असल थियो (जस्तैः १ शमूएल १५:२२; यर्मिया ७:२२-२३) । आज्ञाकारीताले मुक्ति ल्याउने वा यसलाई सुरक्षित गर्ने होइन, तर यसले मुक्तिलाई प्रमाण दिँदछ । यो आधार होइन (जस्तैः एफिसी २:८-९), तर यसको फल हुन्छ (एफिसी २:१०) ।

२:४ "उहाँमा रहन्छु भन्ने व्यक्ति" यो यूहन्नाको कटु-निन्दाको ढाँचामा पाठगत चिन्ह हुन्छ ।

- "मैले उहाँलाई चिनेको छु" यो झुटा शिक्षकहरूको धेरै भनाइमध्ये एउटा हो (जस्तैः १:६,८,१०; २:४,६,९) । यो कटु-निन्दा ("ती व्यक्ति जसले यसो भन्छन्" ) मलाकी, रोमी र याकूबमा जस्तै छ । झुटा शिक्षकहरूले परमेश्वरलाई जानेको (सिद्ध काल) कुराको दावी गरे, तर तिनीहरूले ईश्वरीय जीवनबाट मुक्ति लाई छुट्ट्याउने कोसिस गरे । तिनीहरूले धर्मीकरणबाट न्यायीकरणलाई छुट्ट्याइरहेका थिए । तिनीहरूले परमेश्वरको महान् वा गोप्य ज्ञानलाई दावी गरे, तर तिनीहरूको जीवन शैलीले तिनीहरूको सत्यताको आचरणलाई प्रकट गर्‍यो ।

"र उहाँका आज्ञाहरूलाई पालन गर्दैनन् भने" यो वर्तमान् सकृय कृदन्तले बानीको जीवनशैलीको कार्यलाई बताउँदछ । हाम्रो जीवनले हाम्रो आत्मिक स्थितिलाई प्रकट गर्दछ (मत्ती ७ अध्याय) । पद ४ ले सत्यतालाई नकारात्मक रूपमा प्रकट गर्दछ भने, पद ५ ले उही सत्यतालाई सकारात्मक रूपले प्रकट गर्दछ ।

- "त्यो झुट हो" त्यहाँ स्वइच्छाले गरेको चाहनाभन्दाको धोकामा केही पनि छैन ! साँचो परिवर्तनको प्रमाण आज्ञाकारीता हो । तिमीले तिनीहरू लाई त्यसको फलबाट चिन्नेछौं (मत्ती ७ अध्याय) ।

यूहन्नाले धेरै धार्मिक मानिसहरूलाई झुट भनेर भन्दछन् (शिक्षकहरू, प्रचारकहरू; जस्तैः १:६; २:४,२२; ४:२०) । तिनीहरू धार्मिक छन्, तर परमेश्वर को अगाडि ठीक छैनन् !

- "तर जसले उहाँको वचन पालन गर्छ" यो वर्तमान् सकृय विषयगत हो, जसले बानीगत जीवनशैलीको कार्यलाई बताउँदछ । युवियसका ती लेखकहरू, यूहन्नाका लेखकहरूको मुख्य पुस्तक (हास, जोङ्गे र स्वलङ्गरबेल) ले यो ग्रीक संरचनाको चाखलाग्दो टिप्पणी प्रदान गर्दछन्: ग्रीक भाग सहितको एउटा सापेक्षिक सर्वनाम, एन वा इएन र तलका क्रियाहरूमा ३:१७,२२; ४:१५; ५:१५; र ३ यूहन्ना पद ५ । यसले सामान्य रूपमा हुने परिवेशलाई प्रकट गरेजस्तो देखिन्छ" (पाना ४०) । करारको विश्वासमा आज्ञाकारीता अति नै जटिल पक्ष हुन्छ । यो १ यूहन्ना र याकूबको केन्द्रिय सन्देश हो । जो कोहीले पनि उसले परमेश्वरले जान्दछ भनेर भन्न सक्दैन, र अझैपनि जीवनशैलीमा हुने पापले गर्दा लिखित वचन र जिउने वचन दुवैलाई इन्कार गर्दछन् । (जस्तैः ३:६,९) ।

- "त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्चै नै सिद्ध भएको हुन्छ" यो सिद्ध निष्क्रिय सूचक हो, जसले सिद्ध कार्यलाई बताउँदछ (जस्तैः ४:१२,१७,१८) व्याकरणीय रूपमा बताउँदाखेरि यो अनिश्चित छ, चाहे यो सम्बन्धकारक प्रकारले बताइएको होस्:

१. परमेश्वरको प्रेम हाम्रो लागि दिइएको छ (जस्तैः ४:१२)
२. हाम्रो प्रेम परमेश्वरको निम्ति हुन्छ (जस्तैः ५:३)
३. सामान्य रूपमा परमेश्वरको प्रेम केवल हाम्रो हृदयको लागि हुन्छ

सिद्ध भन्ने परिवेशको अर्थ (टेलोस, जस्तैः ४:१२,१७,१८) परिपक्व, पूर्ण वा दिइएको कार्यको निम्ति पूर्ण सुसज्जित भन्ने हुन्छ (जस्तैः एफिसी ४:१२), पापबिनाचाहिँ हुने होइन (जस्तैः १:८,१०) ।

- "हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं" यहाँ फेरी दिइएको जोड विश्वासीहरूको खुवीमा तिनीहरूको परमेश्वरसँगको सम्बन्धमा विश्वासमा निश्चित हुनु हो । हामी उहाँमा हुनु (रहनु, जस्तैः पद ६) यूहन्नाको लेखमा घरि-घरि आइरहने विषय हो (जस्तैः यूहन्ना १४:२०,२३; १५:४-१०; १७:२१,२३,२६; १ यूहन्ना २:२४-२८; ३:६,२४; ४:१३,१६) ।

२:६ "रहनु" २:१० मा विशेष शिर्षकलाई हेर्नुहोस् । नयाँ करारले पनि यो कुरालाई बताउँदछ, कि पिता र पुत्र दुवै हामीमा रहनुहुन्छ (जस्तैः यूहन्ना १४:२३; १७:२१) । त्यहाँ खाँचो भएको कुराको निम्ति संयोजकले निश्चयतालाई अझै जोड दिँदछ, र "हुनुपर्ने" कुरालाई लागु गर्दा चेतावनी दिन्छ (जस्तैः २:६, वर्त मान अनन्त, "उहाँमा रहनु पर्ने") । सुसमाचार अधिकार र जिम्मेवारीहरूसँगको शर्तात्मक करार हो !

- "उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ" यो "साँचो विश्वास" को विश्वासीलो जीवनशैलीको रूपमा अर्को जोड दिइने कुरा हो (जस्तैः याकूक २:१४-२६) । विश्वास निर्णयमात्र होइन, तर येशू ख्रीष्टसँगको व्यक्तिगत सम्बन्धमा निरन्तर अगाडि गइरहन्छ, जसले दैनिक ख्रीष्टजस्तै जीउने विषयलाई स्वभाविकरूपमा प्रकट गर्दछ । अनन्त जीवनको अवलोकनयोग्य विशेषता हुन्छ ! यो १:७ सँग समाना न्तर छ । ख्रीष्टियन विश्वासको लक्ष्य जब हामी मरेपछि स्वर्गमात्र पुग्ने होइन, तर अहिले ख्रीष्टपनजस्तै हुने हो (रोमी ८:२९-३०; २ कोरिन्थी ३:१८; गलाती ४:१९; एफिसी १:४; १ थेसलोनिकी ३:१३; ४:३; १ पत्रुस १:१५) ! हामी सेव ागर्नका लागि बचाइएका छौं । हामीलाई मिसनको कार्यमा पठाइ-एको छ, जसै उहाँलाई पनि मिसनको कार्यमा पठाइएको थियो । जसै उहाँले उहाँको जीवन अरूहरूको लागि सुम्पनुभयो, हामीले पनि हामी आफैलाई सेवकको रूपमा हेर्नुपर्छ (जस्तैः १ यूहन्ना ३:१६) ।

"उहाँ" शाब्दिक अर्थमा "त्योचाहिँ" भन्ने हुन्छ, जुन "येशू" को निम्ति यूहन्नाको लेखहरूमा सामान्य भनाइ हुन्छ (जस्तैः यूहन्ना २:२१; १९:३५; १ यूहन्ना २:६; ३:३,५,७,१६; ४:१७) । कतिचोटी यसलाई अपमानजनक तरिकाले प्रयोग गरिएको हुन्छ (जस्तैः यूहन्ना ७:११; ९:१२,२८; १९:२१) । यदि "त्यो चाहिँ" ले येशू ख्रीष्टलाई बताउने हो भने, तब "उहामा" भन्नेले ६क ले कसलाई बताउँदछ ? कतिचोटी यूहन्नाले उद्देश्यपूर्ण रूपमा अर्थको अष्टष्टतालाई प्रयोग गर्दछन् । यसले पितालाई (जस्तैः यूहन्ना १५:१-२,९-१०) वा पुत्रलाई (जस्तैः यूहन्ना १५:४-६) बताउने गर्दथ्यो । यो उही अर्थको अस्पष्टतालाई "त्यो पवित्र चाहिँ" को पद २० मा उद्दृत गर्न सकिन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २:७-११

"प्रिय हो, म तिमीहरूलाई कुनै नयाँ आज्ञा होइन, तर त्यही पुरानो आज्ञा लेखिरहेछु, जो सुरुदेखि तिमीहरूसँग थियो । यो पुरानो आज्ञा तिमी हरूले सुनेकै वचन हो । तापनि एउटा नयाँ आज्ञा म तिमीहरूलाई लेख्दैछु, जो उहाँमा र तिमीहरूमा साँचो छ, किनभने अन्धकार बितिरहेछ, र साँचो ज्योति अघिदेखि नै चम्किरहेछ । जसले आफू ज्योतिमा छु भनी भन्छ, तर आफ्नो भाइलाई घृणा गर्छ, त्यो अझैपनि अन्धकारमा नै हुन्छ, र अँध्यारोमा हिँड्छ, र त्यो कहाँ गइरहेछ, सो थाहा पाउँदैन, किनभने अन्धकारले त्यसलाई अन्धो पारेको हुन्छ ।"

२:७ "प्रिय हो" घरि-घरि यूहन्नाले उनका पाठकहरूलाई मायालु परिवेशमा बोलाउँदछन् (जस्तैः २:१) । यो परिवेशलाई पिताले उहाँको बप्तिस्मा भएको समयमा (जस्तैः मत्ती ३:१७) र उहाँ उठाइलगिनुभएको समयमा (मत्ती १७:५) प्रयोग गर्नुभएको थियो । यो यूहन्नाको पत्रमा बचाइएकाहरूको निम्ति सामान्य पहिचान हो (जस्तैः ३:२,२१; ४:१,७,११; र ३ यूहन्नाको पदहरू १,२,५,११) ।

पाठगत प्राप्तिमा "भाइहरू" भन्ने हुन्छ (एमएसएस, के, एल, एनकेजेभि), तर १ यूहन्नाले यसलाई ३:१३ मा मात्रै प्रयोग गर्दछन् । "प्रिय हो" लाई ग्रीक हस्तलेखनहरूले सहायता पुर्‍याएका छन् (!,ए,बि,सि,पि र भल्गेठ, पेसिट्टा, कोप्टिक र अर्मिनीहरूको संस्करणहरू, ब्रूस मेट्जरको ग्रीक नयाँ करारमा पाठगत टिप्पणीको पाना ७०८ लाई हेर्नुहोस्) ।

- “म तिमीहरूलाई कुनै नयाँ आज्ञा होइन, तर त्यही पुरानो आज्ञा लेखिरहेछु” यो यूहन्नाले लेख्ने शैलीको विशेषता हो (जस्तैः यूहन्ना १३:३४; १५:१२,१७)। यो आज्ञा समयको परिवेशमा नयाँ थिएन, तर गुणको परिवेशमा चाहिँ नयाँ थियो। विश्वासीहरूलाई येशूले तिनीहरूलाई प्रेम गरेजस्तै प्रेम गर्नलाई आज्ञा गरिएको छ (जस्तैः यूहन्ना १३:३४)। “पुरानो आज्ञा” लाई दुईवटा भावनाहरूमा बुझ्न सकिन्छः

१. मोसाको व्यवस्थामा (जस्तैः लेवी १९:१८)
२. येशू खीष्टको शिक्षालाई यूहन्नाको सुसमाचारमा लेखिएको (जस्तैः यूहन्ना १३:३४; १५:१२,१७)

- “यो पुरानो आज्ञा” २:३ मा “आज्ञा” भन्ने शब्द बहुवचनमा छ, तर यहाँ एकवचनमा छ। यसले यो कुरालाई लागु गरेकोजस्तो देखिन्छ, कि प्रेमले अन्य सबै आज्ञाहरूलाई पूरा गर्दछ (गलाती ५:२२; १ कोरिन्थी १३:१३)। प्रेम सुसमाचारको अधिकार हो

- “जो सुरुदेखि तिमीहरूसँग थियो” यो असिद्ध सकृय सूचक हो, जसले श्रोताहरूलाई सुसमाचारको सन्देशको पहिलो भेटमा नै बताउँदछ (जस्तैः पद २४; १:१; ३:११; २ यूहन्ना पदहरू ५-६)।

- “सुनेका छौं” पाठगत प्राप्तिले “सुरुवातदेखि नै” भन्ने वाक्यांशलाई थप्दछ (पदको सुरुको भागमा प्रयोग गरिएको)।

२:८ “जो उहाँमा साँचो छ” यो सर्वनामको लिङ्गले पद ७ को स्त्रीलिङ्गमा परिवर्तन गर्दछ, जसले नपुंसक लिङ्गलाई मिलाउँदछ, र जसले सम्पूर्ण सुसमाचारलाई पनि बताउँदछ। सर्वनाममा हुने यस्तै खालको परिवर्तन एफिसी २:८-९ मा पनि पाइन्छ।

- “किनभने अन्धकार बितिरहेछ” यो वर्तमान् बीचको सूचक हो (ए. टि. रवर्टसनको नयाँ करारको संसारका तस्विरहरू भन्नेको पाना २१२)। तिनीहरू जसले परमेश्वरलाई येशू खीष्टमा चिन्दछन्, नयाँ युगको उदय भएको छ, र तिनीहरूको हृदय र विचारमा निरन्तररूपमा उदय भइरहेनेछ (जस्तैः महसुस गरिएको भविष्य सम्बन्धी कुरा)।

- “त्यो साँचो ज्योति अगाडि नै चम्किरहेको हुन्छ“ येशू खीष्ट यस संसारको ज्योति हुनुहुन्छ (जस्तैः यूहन्ना १:४-५,९; ८:१२), जुनचाहिँ सत्यता, प्रकाश, र नैतिक शुद्धताको बाइबलीय अलंकार हो। १:५ र १:७ मा टिपोटलाई हेर्नुहोस्। नयाँ युगको उदय भएको छ !

- “तर आफ्नो भाइलाई घृणा गर्छ” यो वर्तमान् सकृय कृदन्त हो, जसले मिलाइएको निरन्तर भइरहने आचरणको बारेमा बताउँदछ। घृणा अँध्यारोपनको प्रमाण हो (मत्ती ५:२१-२६)।

- “तिनी जसले उनको भाइलाई प्रेम गर्छन्, ज्योतिमा नै रहन्छन्” यो परिवेशलाई वर्तमान कालको क्रियाले अधिन गरेको हुन्छ। प्रेम विश्वासीहरूको मुक्तिको प्रमाण हो, र यसमा व्यक्तिगत सम्बन्ध सँगै सत्यताको ज्ञान र ज्योति हुन्छ। यो नयाँ आज्ञा हो, तरैपनि त्यहाँ पुरानो आज्ञा छ (जस्तैः ३:११,२३;; ४:७,११,२१)।

## विशेष शिर्षकः यूहन्नाको लेखहरूमा रहनु भन्ने कुरा

यूहन्नाको सुसमाचारले परमेश्वर पिता र येशू खीष्ट पुत्रको बीचमा विशेष सम्बन्ध रहेको कुरा बर्णन गर्दछन्। यसको विषय र समानतालाई आधारित बनाउँदा एक-आपसमा नजिकको सम्बन्ध हुन्छ। सुसमाचारभरि नै पिताबाट सुनेको कुरालाई येशूले बताउनुहुन्छ, र उहाँले पिताले गर्नु भएको कार्यलाई हेरेर सोही कार्य गर्नुहुन्छ। येशूले आफ्नै कार्य गर्नुहुन्न, तर पिताको चाहनालाई पूरा गर्नुहुन्छ।

यो नजिकको संगति र सेवकपनको नमुनाले गर्दा येशू र उहाँलाई पछ्याउनेहरूको बीचमा सम्बन्धको विकास भएको हुन्छ। यो नजिकको सम्बन्धले व्यक्तिको तल्लीनतामा सम्बन्धित हुन्छ (पूर्वीय रहस्यवादमा जस्तै), तर एउटा नैतिक जीवनशैलीको होड हुन्छ। संगति १) ज्ञानको (सु-समाचारलाई परमेश्वरको वचनको रूपमा दिइएको दृष्टिकोण); २) सम्बन्धगत (येशू भरोसा गर्न र सिक्नको लागि परमेश्वरको प्रतिज्ञा गरिएको मसिह हुनुहुन्थ्यो); र ३) नैतिक (उहाँको चरित्रले परमेश्वरीय विश्वासीहरू निकाल्दछ)।

येशू एक आदर्श मानिस, एउटा साँचो इस्राएली र मानवजातिको स्तरिय हुनुहुन्थ्यो। उहाँले आदममा भएको र हुन सक्ने कुरालाई प्रकट गर्नु हुन्थ्यो (मानवीय रूपमा बताउँदाखेरि)। येशू “परमेश्वरको स्वरुप”को अनन्त व्यक्ति हुनुहुन्थ्यो। उहाँले पतन भएको मानवजातिको निम्ति निम्न कुराहरूले स्थापित गर्नुभयो: १) परमेश्वरलाई प्रकट गर्नु; २) हाम्रो सट्टामा मरिदिनु (सट्टाको प्रायश्चित); र ३) मानिसहरूलाई पछ्याउनको लागि नमुना प्रदान गर्नु। “रहनु” भन्ने परिवेशले (मेनो) खीष्टपनजस्तै लाई देखाउँदछ (जस्तैः रोमी ८:२९), र पतनलाई स्थापित गर्दछ (जस्तैः उत्पत्ति ३)

यो परमेश्वरको एकता र उहाँको अनन्तको सृष्टिले संगति गर्ने उद्देश्यमा मानव जातिको निम्ति पावल प्रेरितको “खीष्टमा” र यूहन्ना प्रेरितको “ममा रहनु” भन्ने हुन्छ।

यूहन्नाको प्रयोगलाई विचार गर्नुहोस्:

१. पिता र पुत्रको बीचमा रहनु
   क. पिता पुत्रमा हुनुहुने (यूहन्ना १०:३८; १४:१०-११; १७:२१,२३)
   ख. पुत्र पितामा हुनुहुने (यूहन्ना १०:३८; १४:१०-११; १७:२१)
२. ईश्वर र विश्वासीहरूको बीचमा रहनुहुने
   क. पिता विश्वासीहरूमा हुनुहुने (१४:२०,२३; १ यूहन्ना ३:२४; ४:१२-१३,१५)

ख. विश्वासीहरू पितामा रहने (यूहन्ना १४:२०,२३; १७:२१; यूहन्ना २:२४,२७; ४:१३,१६)
ग. पुत्र विश्वासीहरूमा हुनुहुने (यूहन्ना ६:५६; १४:२०,२३; १५:४,५, १७:२३)
घ. विश्वासीहरू पुत्रमा रहने (यूहन्ना ६:५६; १४:२०,२३; १५:४,५,७; १ यूहन्ना २:६,२४,२७,२८)

३ अन्य रहने तत्वहरू (सकारात्मक)
क. परमेश्वरको वचन
१) नकारात्मक रूपले (यूहन्ना ५:३८; ८:३७; १ यूहन्ना १:१०; २ यूहन्ना पद ९)
२) सकारात्मक रूपले (यूहन्ना ८:३१; १५:२; १ यूहन्ना २:१४; २ यूहन्ना पद ९)
ख. परमेश्वरको प्रेम (यूहन्ना १५:९-१०; १७:२६; १ यूहन्ना ३:१७; ४:१६)
ग. परमेश्वरको आत्मा
१) पुत्रमा (यूहन्ना १:३२)
२) विश्वासीहरूमा (यूहन्ना १४:१७)
घ. रहनुमा हुने आज्ञाकारित (यूहन्ना १५:१०; १ यूहन्ना ३:२४)
ङ. ज्योतिमा रहँदाखेरि हुने प्रेम (१ यूहन्ना २:१०)
च) उहाँमा रहँदाखेरि परमेश्वरको चाहनालाई पूरा गर्ने (१ यूहन्ना २:१७)
छ. रहनुलाई अभिषेक गर्नु (१ यूहन्ना २:२७)
ज. सत्यता रहने (२ यूहन्ना पद २)
झ. पुत्र रहनुहुने (यूहन्ना ८:३५; १२:३४)

४. अन्य रहने तत्वहरू (नकारात्मक)
क. परमेश्वरको क्रोध रहने (यूहन्ना ३:३६)
ख. अँध्यारोपनमा रहने (यूहन्ना १२:४६)
ग. टाढा फ्याँकिएको...जलाइएको (नरहनु, यूहन्ना १५:६)
घ. पाप गरिरहनु (नरहनु, १ यूहन्ना ३:६)
ङ. प्रेम नगर्नु (नरहनु, १ यूहन्ना ३:१४)
च. हत्या नगर्नु (अनन्त जीवन नरहनु, १ यूहन्ना ३:१५)
छ. मृत्युमा (१ यूहन्ना २:१४)

•

नासाब, एनकेजेभि " र उनलाई बाधा ल्याउने त्यहाँ कुनैपनि कारण छैन"
एनआरएसभि "यस्ता व्यक्तिको निम्ति त्यहाँ बाधा दिने कुनै पनि कारण छैन"
टिइभि "त्यहाँ हामीमा केही चिजपनि छैन, जसले जो कोहीलाई पाप गर्न लगाउँछ"
एनजेबि "त्यहाँ उहाँलाई पतन गराउने केही चिजपनि छैन"

त्यहाँ यो पदमा दुईवटा सम्भाव्य अनुवादहरू छन्:

१. ती विश्वासीहरू जो प्रेममा हिँड्छन्, तिनीहरू व्यक्तिगतरूपमा बाधा दिने बन्दैनन (जस्तैः पद ११)
२. प्रेममा हिँड्ने विश्वासीहरू, जसले अरूहरूलाई बाधा दिने कारण बनाउँदैनन् (मत्ती १८:६; रोमी १४:१३; १ कोरिन्थी ८:१३)

पुरानो करारमा विश्वासको उल्टो "बाधा दिनु" हो (निश्चित खुट्टा भएको, र स्थायी मुद्रा)। परमेश्वरको चाहना वा आज्ञालाई स्पष्ट वाटो वा मार्गद्वारा उदृत गरिएको हुन्छ। त्यसैले यो कसरी "हिँड्ने" भन्ने कुरा जीवनशैलीको अलंकार हुन सक्छ।

पुरानो करारको यूहन्ना १:१४ को विश्वास भरोसा, र विश्वासयोग्यपनको विशेष शिर्षकलाई हेर्नुहोस्।

२:११ "तर आफ्नो भाइलाई घृणा गर्छ, त्यो अझैपनि अन्धकारमा नै हुन्छ, र अँध्यारोमा हिँड्छ" त्यहाँ वर्तमान् सकृय कृदन्त (घृणा गर्नु) लाई पछ्याउने वर्तमान् सकृय सूचक हुन्छ (हिँड्नु)। घृणा अविश्वासको संकेत हो (जस्तैः ३:१५; ४:२०)। अँध्यारो र उज्यालो प्रेम र घृणा उही व्यक्तिमा अस्तित्वमा रहन सक्दैन। यो यूहन्नाको कालो र सेतो भन्ने भनाइको प्रकार हुन्छ। उनले आदर्शतामा प्रकट गर्दछन्! तरैपनि कतिचोटी विश्वासीहरू पूर्वाग्रही, अप्रेमी, र वेवास्त ागर्ने संघर्षमा रहन्छन्। सुसमाचारले निरन्तर परिवर्तन र प्रगतिशिल परिवर्तन दुवैलाई ल्याउँदछ।

- "अन्धकारले त्यसलाई अन्धो पारेको हुन्छ" यसले विश्वासीहरूको बाँकी रहेको पापको स्वभावलाई बताउन सक्छ (जस्तैः २ पत्रुस १:५-९), वा शैतानका कार्यहरू पनि छन् (जस्तैः २ कोरिन्थी ४:४)। त्यहाँ मानवजातिको तीनवटा शत्रुहरू छन्: १) पतन भएको संसारको व्यवस्था; २) व्यक्तिगत परीक्षामा पार्नेवाला शैतान र ३) हाम्रो आफ्नै पतन भएको आदमको स्वभाव (जस्तैः एफिसी २:२-३,१६; याकूब ४ अध्याय)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २:१२-१४

"मेरा साना बालकहरू म तिमीहरूलाई लेखिरहेछु, किनभने उहाँका नाउँको खातिर तिमीहरूको पाप क्षमा भएको छ। पिताहरू र तिमीहरूलाई लेखिरहेछु, किनभने सुरुदेखि नै हुनुहुनेलाई तिमीहरू चिन्दछौं। युवकहरू र तिमीहरूलाई लेखिरहेछु, किनभने तिनीहरूले त्यस दुष्टलाई जितेका छौं। मेरा साना बालकहरू म तिमीहरूलाई लेखिरहेछु, किनभने तिमीहरूले पितालाई चिनेका छौं। पिताहरू र तिमीहरूलाई लेखिरहेछु, किनभने सुरुदेखि नै हुनुहुनेलाई चिन्दछौं। युवक हो, म तिमीहरूलाई लेखिरहेछु, किनभने तिमीहरू बलिया छौं, र परमेश्वरको वचन तिमीहरूमा रहन्छ, र तिमीहरूले त्यस दुष्टलाई जितेका छौं।"

२:१२-१४ यी पदमा आएका सबै क्रियाहरूले ("मैले लेखिरहेको छु" नासाब १९७०), "मैले लेखेको छु" नासाब १९९५) युबियस ४ को दोस्रो बिकल्पमा निश्चित रूपमा सिद्ध कालमा "ए" तह दिन्छ, जसले विगत परिणाममा निरन्तर भइरहने अवस्थाको कार्यलाई बताउँदछ। जसै अगाडिका परिवेशहरूमा झुटा शिक्षकहरूको बारेमा बताइएको थियो, र यो परिवेशमा विश्वासीहरूलाई बताएको छ। त्यहाँ विश्वासीहरूलाई दिइएका विविध शिर्षकहरू छन्: "साना बालकहरू," "पिताहरू" र "जवान मानिसहरू"। यो अनुच्छेद निश्चयताको प्रमाणको जीवनशैलीको परिवेशमा राम्रो प्रकारले मिल्न सक्दैन। यो कुरापनि संभव छ, कि हामीले तीनवटा समूहसँग सामना गर्स्हेका छैनौं, तर एउटा साहित्यिक औजार, जसले सबै विश्वासीहरूको मिलाइएको अवस्थालाई वर्णन गर्दछन्:

त्यहाँ विश्वासीहरूले जान्नुपर्ने चारवटा चिजहरूको सूची बनाइएको छ:

१. ताकि तिनीहरूका पापहरू क्षमा भएका छन् (पद १२)
२. ताकि खीष्टद्वारा तिनीहरूले दुष्टमाथि विजय पाएका छन् (पद १३)
३. ताकि तिनीहरूले यो कुरा "जान्ने"छन्, कि तिनीहरूको संगति पिता (पद १४) र पुत्र (पदहरू १३-१४) दुवैसँग हुन्छ।
४. ताकि तिनीहरू परमेश्वरको वचनमा बलिया भएका छन् (पद १४)

यो सूची निम्न स्थानमा व्याकरणीय रूपमा प्रकट गरिएको छ: १) "मैले तिमीलाई लेखिरहेको छु" भन्ने वाक्यांश र २) ६ वटा होटी (किनकि) उपवाक्यहरू।

२:१२ "किनभने उहाँका नाउँको खातिर तिमीहरूको पाप क्षमा भएको छ" येशूको सेवकाइको आशा मानवजातिको लागि मात्रै थियो (सिद्ध निष्क्रिय सूचक)। हिब्रू बुझाइमा त्यो नाउँको समान चरित्र र व्यक्तित्व हुन्छ (जस्तैः ३:२३; ३ यूहन्ना पद ७; रोमी १०:९-१३; फिलिप्पी २:६-११)।

त्यहाँ पदहरू १२-१४ मा ६ वटा होटी उपवाक्यहरूको क्रम छ। तिनीहरू उद्देश्यका उपवाक्य हुन सक्छन् (नासाब, एनआरएसभि, एनजेबि "किनकि)वा यसले सामान्य साहित्यिक तरिकाले भनाइहरूको वास्तविकतालाई परिचय गराउँदछ (नेट, "त्यो")।

२:१३ "किनभने सुरुदेखि नै हुनुहुनेलाई तिमीहरू चिन्दछौ" १ यूहन्नामा दिइएको सर्वनामको अर्थ त्यति स्पष्ट छैन, र जसले परमेश्वर पिता वा परमेश्वर पुत्रलाई बताउन सक्दछ। यो परिवेशमा योचाहिँले येशूलाई बताउँदछ। यो भनाइ अगाडि नै अस्तित्वमा रहेको छ, र त्यसकारण उहाँको ईश्वरत्व पनि हुन्छ (जस्तैः यूहन्ना १:१,१५; ३:१३; ८:४८-५९; १७:५,२४; २ कोरिन्थी ८:९; फिलिप्पी २:६-७; कलस्सी १:१७; हिब्रू १:३)।

- "तिमीहरूले त्यस दुष्टलाई जितेका छौं" यो १ यूहन्नामा आइरहने प्रतिज्ञा र चेतावनी हो (जस्तैः २:१४; ४:४; ५:४-५, १८-१९)। यसलाई सिद्ध सकृय सूचकमा प्रकट गरिन्छ, जसले प्रक्रियाको चरम बिन्दुलाई बताउँदछ (यो भविष्यसम्बन्धि विजय प्राप्त गरिएको कुराले यूहन्नाको सुसमाचार मा संझना गराउँदछ)। विश्वासीहरू विजयकर्ताहरू हुन्, तरैपनि परमेश्वरको राज्यको बारेमा "अगाडि नै तर अझै होइन" भन्ने चिन्ताले गर्दा, तिनीहरूले अझै पाप, परीक्षा, सतावट, र मृत्युको संघर्ष गरिरहेका छन्।

- "त्यो दुष्टचाहिँ" यो शैतानको सन्दर्भ हो, जसले पद १४ को विरुद्धमा बताएको छ। पदहरू १३ र १४ समान् रूपमा छन्। १२:३१ मा यूहन्नाको विशेष शिर्षकको निम्ति हेर्नुहोस्। .
- "किनभने तिमीहरूले पितालाई चिनेका छौं" "जान्नु" भन्ने बाइबलीय परिवेशमा हिब्रूको नजिकको व्यक्तिगत भावको धारणा संलग्नता हुन्छ ( जस्तैः उत्पत्ति ४:१; यर्मिया १:५), र ग्रीक धारणा "वास्तविकताको बारे"मा भन्ने हुन्छ। सुसमाचार व्यक्ति वा येशूलाई स्वागत गर्ने, सन्देश वा सिद्धान्तलाई स्वीकार गरेर कार्य गर्ने र एउटा जिउने जीवन हुन्छ।

## विशेष शिर्षक: जान्नु (धेरैजसो व्यवस्थालाई आनन्ददायी रूपमा प्रयोग गर्नु)

"जान्नु" भन्ने हिब्रू शब्द (बिडिबि ३९३) को कालमा विविध भावनाहरू (सिमान्टिक क्षेत्रमा) हुन्छन्:

१. असल र खराबलाई बुझ्नु - उत्पत्ति ३:२२; व्यवस्था १:३९; यशैया ७:१४-१५; योना ४:११
२. बुझेर त्यसलाई जान्नु - व्यवस्था ९:२,३,६; १८:२१
३. अनुभावद्वारा जान्नु - व्यवस्था ३:१९; ५:३५; ८:२,३,५; ११:२; २०:२०; ३१:१३; यहोशू २३:१४
४. सोच-विचार गर्नु - व्यवस्था ४:३९; ११:२; २९:१६
५. व्यक्तिगत रूपमा जान्नु:
    क. एकजना व्यक्ति - उत्पत्ति २९:५
    ख. एउटा ईश्वर - व्यवस्था ११:२८; १३:२,६,१३; २८:६४; २९:२६; ३२:१७
    ग. यहोवा - व्यवस्था ४:३५,३९; ७:९; २९:६; यशैया १:३; ५६:१०-११
    घ. यौन कार्य - उत्पत्ति ४:१,१७,२५; २४:१६; ३८:२६

६. एउटा सिकिएको दक्षता वा ज्ञान - यशैया २९:११-१२; आमोस ५:१६
७. ज्ञानी हुनु - व्यवस्था २९:४; हितोपदेश १:२; ४:१; यशैया २९:२४
८. परमेश्‍वरको ज्ञान
क. मोसाको - व्यवस्था ३४:१०
ख. इस्राएलको - व्यवस्था ३१:२१

२:१४ "तिमीहरू बलिया छौं" यो कुरालाई याद गर्नुहोस्, कि तिनीहरूको सामर्थ्य परमेश्‍वरको वचनमा रहनु भन्ने कुरामा आधारित छ । यो पावलको एफिसी ६:१०-१८ मा दिइएको चेतावनी जस्तै छ । सुसमाचारमा रहनु भन्ने वचन छ । यो दुवै विचारणीय र व्यक्तिगत छ, परमेश्‍वरले सकृयता देखाउनु भयो, र व्यक्तिले प्राप्त गरेः दुवै निर्णय र चेलापन, सत्यता र भरोसायोग्यपन ।

- "परमेश्‍वरको वचन तिमीहरूमा रहन्छ" यसले परमेश्‍वरको वचनको व्यक्तित्वलाई दिँदछ (सुसमाचार, जस्तैः पद २४) । यो यूहन्ना १५ अध्यायको संकेत हो । यसलाई यूहन्ना ५:३८ र ८:३७ मा नकारात्मक रूपमा प्रयोग गरिएको छ ।

- "तिनीहरूले त्यस दुष्टलाई जितेका छौं" यो सत्य सन्तहरूको धैर्यतामा जोड दिने कुरा हो । यो फेरी पनि पदहरू १७,१९,२४,२७,२८; ५:१८ र ३ यूहन्ना पद ९ मा पाइन्छ । विश्‍वासीहरूको सुरक्षाको सिद्धान्तलाई सत्यताको सिद्धान्तसँग संतुलन गर्नु खाँचो पर्दछ, तिनीहरू जो साँचो रूपमा बचाइएका छन्, तिनीहरूले अन्तसम्म पक्रिराख्नेछन् (जस्तैः प्रकाश २:७,११,१७,२६; ३:५,१२,२१) । यूहन्ना ८:३१ मा धैर्यताको खाँचो भन्नेलाई हेर्नुहोस् । यसले अहिले पापरहितपनलाई लागु गर्दैन, यद्यपि यो सम्भवत् येशूको सिद्धिएको कार्यमा सिद्धान्तगत रूपमा हुन्छ (रोमी ६ अध्याय) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ २:१५-१७

"संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर । यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने, पिताको प्रेम त्यसमा हुँदैन । किनकि संसारमा भएका सबै थोक अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आए का हुन् । संसार बितिजान्छ, र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्‍वरको इच्छा पूरा गर्नेचाहिँ सँधैको निम्ति रहन्छ ।"

२:१५ "प्रेम नगर" यो नकारात्मक वस्तुसहित वर्तमान् सकृय सूचक हो, जसको अर्थ अगाडि नै भइरहेको कार्यलाई रोक्नु भन्ने हुन्छ । संसारको प्रेमलाई झुटा शिक्षकहरूको एउटा समूह भन्ने चरित्रमा बुझिन्छ ।

"संसार" यो परिवेशलाई नयाँ करारमा दुईवटा फरक भावहरूमा प्रयोग गरिएको छः १) भौतिक ग्रह वा सृष्टि गरिएको ब्रम्हाण्ड (जस्तैः यूहन्ना ३:१६; १६:३३; १ यूहन्ना ४:१४) र २) व्यवस्थित मानवीय समाज र परमेश्‍वर बिना नै कार्य गरिरहेको (जस्तैः १ यूहन्ना २:१५-१७; ३:१,१३; ४:४-५; ५:४-५,१९) । पहिलोले सुरुको शारीरिक सृष्टिलाई बताउँदछ (उत्पत्ति १-२ अध्याय), र दोस्रोले पतन भएको सृष्टिलाई बताउँदछ (उत्पत्ति ३ अध्याय) । यूहन्ना १४:१७ मा संसार भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

## विशेष शिर्षकः मानवीय शासन

परिचयः

अ. क. परिभाषा - शासन भनेको मानवीयताको आफ्नै व्यवस्था हो, जसले सुरक्षित भागको खाँचोलाई प्रदान गर्दछ (जस्तैः उत्पत्ति ४ र ११ अध्याय) । मानिसहरू सामाजिक प्राणीहरू हुन् (अझै पतनभन्दा अगाडि पनि, उत्पत्ति २:१८) । परिवारहरू, राष्ट्रहरू, र जातिहरूले हामीलाई समुदाय प्रदान गर्दछन् ।

ख. उद्देश्य - परमेश्‍वरले त्यो क्रमलाई चाहना गर्नुहुन्छ, र अव्यवस्थालाई प्रशय दिनुहुन्छ ।

१. मोसाको व्यवस्था विशेषगरेर १० आज्ञा, मानवजातिको निम्ति समाजमा परमेश्‍वरको चाहना हो । यसले आराधना र जीवनमा संतुलन ल्याउँदछ ।

२. शासनको कुनै पनि स्वरुप वा संरचना बाइबलमा बताइएको छैन, यद्यपि प्राचीन इस्राएलको ईश्‍वर स्वर्गको नमुनको स्वरुप हुनुहुन्छ। नत स्वतन्त्रता नत पुंजिवाद नै बाइबलीय सत्यता हो । ख्रीष्टियनहरूले जुनसुकै सरकारी व्यवस्था आएपनि उचित प्रकारले कार्य गर्नु पर्ने हुन्छ। ख्रीष्टियनहरूको उद्देश्य भनेको सुसमाचार र सेवकाइ हो, र यसको संचालन चाहिँ होइन। सबै शासनहरू पारदर्शी हुनुपर्छ।

ग. मानवीय शासनको सुरुवात

१. रोमन क्याथोलिकहरूले यो कुरालाई बताएका छन्, कि मानवीय शासन अति नै खाँचो कुरा हो, र यो पतनभन्दा अगाडि देखि नै थियो। एरिष्टोटलले यो प्रतिज्ञालाई पहिला बताएकोजस्तो देखिन्छ । उनले भन्दछन्, "मानिस राजनैतिक प्राणी हो, र यसमा उनको अर्थ यो हो, कि शासन असल जीवनलाई बढाउनको लागि अस्तित्वमा रहन्छ ।"

२. प्रोटेष्टेन्टहरू विशेष गरेर मार्टिन लुथरले यो कुरा बताएका छन्, कि मानवीय शासन पतनको अवशेषमा आएको छ । उनले यसलाई "परमेश्‍वरको राज्यको बायाँ हात" भनेर भन्दछन् ।" उनले यसो भने कि, "दुष्ट मानिसलाई परमेश्‍वरले नियन्त्रण गर्ने तरिकामा दुष्ट मानिसलाई नियन्त्रणमा राख्नु हो ।"

कार्ल मार्क्सले यो कुरा बताएका छन्, कि शासन भनेको त्यो साधन हो, जसद्वारा उच्च वर्गका मानिसहरूले तलको समूहलाई नियन्त्रणमा राख्दछन्। उनको निम्ति शासन र धर्मले उस्तै खालको भूमिका खेल्दछ।

आ. बाइबलीय साधन

क. पुरानो करार

१. इस्राएल एउटा नमुना हो, जसलाई स्वर्गमा उपभोग गरिन्छ। प्राचीन इस्राएलमा यहोवा राजा हुनुहुन्थ्यो। धर्मतन्त्र त्यो परिवेश हो, जसमा परमेश्वरको सिधै शासनलाई वर्णन गर्न प्रयोग गरिन्थ्यो (१ शमूएल ८:४-९)।

२. मानवीय शासनमा परमेश्वरको सर्वोच्चता उहाँको नियुक्तिमा स्पष्टरूपमा देख्न सकिन्थ्यो:

क. सबै राजाहरू, दानिएल २:२१; ४:१७,२४-२५

ख. मसिहिय शासन, दानिएल २:४४-४५

ग. नबुकदनेसर (नयाँ बेबिलोन), यर्मिया २७:६; दानिएल ५:२८

घ. सारइस २ (पर्सिया), २ इतिहास २६:२२; एज्रा १:१; यशैया ४४:२८; ४५:१

३. परमेश्वरका मानिसहरू समर्पित र सम्मानपूर्वक छन्, अझै तिनीहरूले शासकहरूलाई आक्रमण र नियन्त्रण गर्दछन्:

क. दानिएल १:१-४, नबुकदनेशर, (नयाँ बेबिलोन)

ख. दानिएल ५, बेलसाजार (नयाँ बेबिलोन)

ग. दानिएल ६, दारियस (पर्सिया)

घ. एज्रा र नहेम्याह (पर्सिया)

४. स्थापित यहूदाले साइरस र उनका पुर्खाको शासनको निम्ति प्रार्थना गर्नुपर्दथ्यो

क. एज्रा ६:१०; ७:२३

ख. यहूदीहरूले सरकारी अधिकारीहरूको निम्ति प्रार्थना गर्नुपर्दथ्यो, मिस्नाह, अभोट ३:२

ख. नयाँ करार

१. येशूले मानवीय शासनहरूलाई सम्मान देखाउनुभयो।

क. मत्ती १७:२४-२७; उहाँले मन्दिरको कर तिर्नुभयो (धार्मिक र सरकारी अधिकारीहरू एक हुनुपदर्थ्यो, जस्तैः १ पत्रुस २:१७)

ख. मत्ती २२:१५-२२; मर्कूस १२:१३:१७; लूका २०:२०-२६, उहाँले रोमीहरूको कर तिर्ने स्थानलाई बताउनुभयो, र तब रोमी सरकारी अधिकारीहरूले त्यसो गर्नुपर्ने भयो।

ग. यूहन्ना १९:११ मा परमेश्वरले सरकारी अधिकारीहरूलाई अनुमति दिनुभयो।

२. मानवीय शासकसँग सम्बन्धित पावलका वचनहरू

क. रोमी १३:१-५, विश्वासीहरू सरकारी अधिकारीहरूसँग समर्पित हुनुपर्छ, किनकि तिनीहरूलाई पनि परमेश्वरले राख्नुभएको छ।

ख. रोमी १३:६-७, विश्वासीहरूले पनि कर तिर्नुपर्छ, र सरकारी अधिकारीहरूलाई सम्मान गर्नुपर्छ।

ग. १ तिमोथी २:१-३, विश्वासीहरूले सरकारी अधिकारीहरूलाई प्रार्थना गर्नुपर्छ।

घ. तीतस ३:१, विश्वासीहरू सरकारी अधिकारीप्रति उत्तरदायी हुनुपर्छ।

३. मानवीय शासनको सम्बन्धमा पत्रुसका वचनहरू

क. प्रेरित ४:१-३१; ५:२९, पत्रुस र यूहन्ना सभाघरको अगाडि(यसले सरकारी अनाज्ञाकारीतामा आउने बाइबलीय कुरालाई देखाउछ)

ख. १ पत्रुस २:१३-१७, विश्वासीहरू सरकारी अधिकारीप्रति समर्पित हुनुपर्छ, किनकि यो समाज र सुसमाचारको भलाईको लागि हुनुपर्छ।

४. मानवीय शासनको सम्बन्धमा यूहन्नाका वचनहरू

क. प्रकाश १७ अध्याय, सम्पूर्ण बेबिलोन परमेश्वरको कार्य र व्यवस्था बाहेक मानवीय शासनको निम्ति खडा हुनुपर्छ।

ख. प्रकाश १८ अध्याय, सम्पूर्ण बेबिलोन नाश भएको हुन्छ।

इ. निष्कर्ष:

क. मानवीय शासन (यस पतित संसारमा) परमेश्वरद्वारा अभिषेक गरिएको छ। यो "राजाहरूको अलौकिक शक्तिमा" हुँदैन, तर शासनको अलौकिक कार्यमा हुन्छ। एउटा स्वरुपलाई अर्कोभन्दा माथि बताइएको हुँदैन।

ख. यसमा विश्वासीहरूको धार्मिक कार्य सरकारी अधिकारीको निम्ति प्रार्थना गर्नु र आज्ञाकारी हुनु हो।

ग. मानवीय शासनलाई सहायता गर्नु विश्वासीहरूको उचित कार्य हुन्छ, र उचित सान्दर्भिक आचरणमा करहरू पनि तिर्नुपर्छ।

घ. मानवीय शासन सरकारी क्रमको उद्देश्यको लागि हुन्छ। यो कार्यको निम्ति तिनीहरू परमेश्वरका सेवकहरू हुन्।

ङ. मानवीय शासनचाहिँ अनन्त होइन। यो पनि यसको अधिकारमा सीमित छ। विश्वासीहरूले तिनीहरूको चेतनामा कार्य गर्नुपर्छ, र सरकारी अधिकारीहरूलाई इन्कार गर्नुपर्छ, जब यसले नियुक्त गरिएका अलौकिक सिमानाहरूलाई नाघ्दछन्। जसै अगष्टिनले परमेश्वरको सहर भन्नेमा यस्तो कुरा बताएका छन्, कि हामी दुईवटा परिधिका नागरिकहरू हौं: एउटा अस्थायी र अर्को अनन्त(जस्तैः फिलिप्पी ३:२०) हामीमा यी दुवैको जिम्मेवारी छ, तर परमेश्वरको राज्यचाहिँ अनन्ततामा हुन्छ! त्यहाँ परमेश्वरतर्फको हाम्रो जिम्मेवारीमा सामूहिक र व्यक्तिगत दुवै कुरा हुन्छन्।

च. हामीले विश्वासीहरूलाई स्वतन्त्रतामा शासन गर्ने प्रकृयामा सकृय सहभागीताको लागि उत्साह प्रदान गर्नुपर्छ, र यसलाई लागु गर्ने कुरामा सम्भवभएजति बाइबलका सिकाइहरूलाई ल्याउनुपर्छ ।

छ. व्यक्तिको परिवर्तनले सामाजिक परिवर्तन गर्ने कार्यलाई अगाडि बढाउँदछ । त्यहाँ शासन गर्ने कार्यमा भविष्यसम्म रहिरहने वास्तविक आशा हुँदैन । सबै मानवीय शासनहरू जसलाई परमेश्वरले चाहना गरेर प्रयोग गर्नुहुन्छ, ती मानवीय संगठनमा परमेश्वर भन्दा बाहेकका पापपूर्ण प्रकटीकरणहरू हुन् । यो विचारमा यूहन्नाले प्रयोग गर्ने "संसार" भन्ने परिवेशको प्रकटीकरण हो (जस्तैः १ यूहन्ना २:१५-१७) ।

- "किनकि संसारमा भएका सबै थोक" यसले भौतिक वस्तुहरूलाई प्रेम गर्ने कुरालाई बताएजस्तो देखिन्छ (जस्तैः पद १६) वा यस संसारले प्रदान गर्ने थोकहरूः जस्तै, शक्ति, प्रतिष्ठा, प्रभाव आदि (जस्तैः रोमी १२:२; याकूब १:२७) । यस संसारमा पतन भएको व्यवस्थाले परमेश्वरबिना नै मानवजातिका खाँचोहरूलाई पूरा गर्ने प्रयास गरिन्छ । यसले जीवनलाई यस्तो तरिकाले संरचना गर्दछ, कि मानिसहरू स्वतन्त्र रूपमा देखा पर्दछन् । हामीप्रति धन्यवादी हुने सबै संकायहरू मूर्तिपूजक बन्न सक्छन्, जब तिनीहरूले परमेश्वरबाट स्वतन्त्र हुने अनुमति दिन्छन् । उदाहरण को लागि १) मानवीय शासन व्यवस्था; २) मानवीय शैक्षिक व्यवस्था; ३) मानवीय आर्थिक व्यवस्था; ४) औषधी उपचारको व्यवस्था, आदि ।

जसै अगष्टिनले यति राम्ररी बताए कि, "मानिसमा परमेश्वरको आकारको प्वाल" उनको जीवनमा बनाइएको छ । हामीले त्यो प्वाललाई पृथ्वीको चिजविजहरूले भर्न कोसिस गर्छौं, तर हामीले उहाँमा मात्रै शान्ति र पूर्णता प्राप्त गर्न सक्छौं ! स्वतन्त्रता नै अदनको बगैंचाको श्राप हो ।

- "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । हामीले के कुरालाई प्रेम गर्छौं भन्ने प्रमाण हामी कसका हौं भन्नेमा हुन्छ...परमेश्वरको वा शैतानको ।

२:१६ "शरीरको अभिलाषा" यसले मानव जातिको पतनमा आफै खोज्ने आचरणलाई बताउँदछ (गलाती ५:१६-२१; एफिसी २:३; १ पत्रुस २:११) । यूहन्ना १:१४ मा शरीर (शारक्स) को भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "आँखाको अभिलाषा" यहूदीहरूले यस कुरालाई पहिचान गरे, कि आँखाहरू आत्माका झ्यालहरू हुन् । पाप मानिसको विचार र कार्यमा सुरु हुन्छ जसै यसका तरिकाहरू कार्यमा रहन्छन् । जो कोहीको क्रियाकलापको विकास भएर जीवनशैलीमा अधिन गर्ने हुन्छन् (जस्तैः हितोपदेश २३:७) ।

- "जीवनको शेखी" यसले परमेश्वरभन्दा बाहेकका मानिसका घमण्डहरूलाई बताउँदछ (जस्तैः मानिसहरू तिनीहरूका आफ्नै स्रोतहरूमा भर पर्ने)। जेरोम बाइबल टिप्पणीको इकाई २ मा रेमोण्ड ब्राउन, एकदमै विख्यात क्याथोलिक यूहन्नाका विद्धानले भनेको वाक्यांश यस्तो छः

तरैपनि, एलाजोनिया, याकूब ४:१६ मा पनि पाइन्छ, केवल घमण्डभन्दा पनि धेरै सकृय अर्थ हुन्छः यसले अहंकार, घमण्डीपन र आत्म-पर्याप्तताको निश्चयतालाई बताउँदछ (पाना ४०८) ।

जीवन भन्ने परिवेश विओसमा हुन्छ, जसले यस धर्तिमा भएको पृथ्वीको, शारीरिक र अस्थायी जीवनलाई बताउँदछ (ग्रहहरू र जनावरहरूसँग मानव जातिले बताउने कुरा, जस्तैः १ यूहन्ना ३:१७) । यी विशेषताहरूले ज्ञानवादका झुटा शिक्षकहरू र पतन भएको मानव जातिको दुवै समूहलाई वर्णन गर्दछ । परमेश्वरले हामीलाई मद्दत गर्नुहुन्छ, र तिनीहरूलाई अपरिपक्व ख्रीष्टियन भनेर वर्णन गरिन्छ !

- "पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्" ख्रीष्टियनहरूले संसारलाई प्रेम गर्नुहुँदैन भनेर त्यहाँ दुईवटा कारणहरू दिइएका छन्:

१. ताकि त्यो प्रेम पिताबाट आएको होइन (जस्तैः पद १६)

२. यो संसार बितिरहेको छ (पद १७)

२:१७ "संसार बितिजान्छ" यो वर्तमान् बीचको सूचक हो (जस्तैः २:८) । यो यहूदीहरूको दुईवटा युगहरूसँग सम्बन्धित हुन्छ । नयाँ र उपभोग गर्ने युग आइरहेको छ; पापको पुरानो र विद्रोही युग बितिरहेको छ (रोमी ८:१८-२५) ।

## विशेष शिर्षकः यो युग र आउनेवाला युग

पुरानो करारका अगमवक्ताहरूले भविष्यलाई वर्तमानको विस्तारित रूपमा हेरेका छन् । तिनीहरूको निम्ति भविष्य भौगोलिक इस्राएलको रूपमा स्थापित हुनेछ, तरैपनि तिनीहरूले यसलाई नयाँ दिनको रूपमा देखेका छन् (जस्तैः यशैया ६५:१७; ६६:२२) । यहोवालाई निरन्तररूपमा इन्कार गर्ने चाहनाले गर्दा अब्राहामका पुर्खाहरूमा (मिश्र देशको बन्धन पछि पनि) यहूदी अन्तरकरारको भविष्यको साहित्यमा एउटा नयाँ आनन्दमय स्थानको विकास भयो (जस्तैः १ इनोक, ४ एज्रा, २ बरुक) । यी लेखहरूले दुईवटा युगको बीचको फरकपनलाई देखाउन सुरु गर्छन्: यो वर्तमान् दुष्ट युग लाई शैतानले अधिन गरेको र आउनेवाला धार्मिकताको युगलाई आत्माले अधिन गरेर मसिहले उद्घाटन गर्नुहुने (कतिचोटी परिवर्तनशिल योद्धा) ।

यो ईश्वरशास्त्रको क्षेत्र (भविष्य) मा त्यहाँ स्पष्टरूपमा विकास भएको छ । ईश्वरशास्त्रीहरूले यसलाई प्रगतिशिल प्रकाश भनेर भन्दछन् । नयाँ करारले यी दुईवटा युगहरूको नयाँ संसारको वास्तविकतालाई निश्चित गर्दछ (जस्तैः एउटा अस्थायी दोहोरोपन)

| येशू | पावल | हिब्रू |
|---|---|---|
| लूका २०:३४-३५ | मत्ती १२:३२ | रोमी १२:२१-२२ |
| मत्ती १३:२२, ३९ | १ कोरिन्थी १:२०; २:६,८; ३:१८; ६:५ | |
| मर्कूस १०:३० | २ कोरिन्थी ४:४१; १:३ | |
| लूका १६:८ | गलाती १:४ | |
| लूका १८:३० | एफिसी १:२१; २:१,७; ६:१२ | |

१ तिमोथी ६:१७
२ तिमोथी ४:१०
तितस २:१२

नयाँ कररको ईश्वरशस्त्रमा यी दुईवटा यहूदी युगहरूलाई खप्ट्याइएको छ, किनकि यी दुईजना आउनेवाला दुईजना मसिहको बारेमा चाहिने भन्दा बढी अगमवाणी र आशा नगरिएको कुरा भएको छ । येशू खीष्टको पुरानो करारको अगमवाणीमा पूरा भएको अवतार नयाँ युगको उद्घाटन ले गर्दा भएको हो (दानिएल २:४४-४५) । तरैपनि, पुरानो करारले उहाँको आगमनलाई न्यायकर्ता र विजयकर्ताको रूपमा देखेको छ, तापनि उहाँ कष्ट भोग्ने दासको रूपमा (जस्तै यशैया ५३ अध्याय; जकरिया १२:१०) र नम्र र निर्दोश भएर आउनुभयो (जस्तैः जकरिया ९:९) । पुरानो करारमा अगमवाणी गरिएअनुसार, उहाँ शक्तिकासाथ फर्कनुहुनेछ -जस्तै प्रकाश १९ अध्याय) । यी दुई तह पूरा भएमा राज्यको उपस्थिति वा उद्घाटन हुनेछ, तर भविष्यमा पूर्णरूपमा उपभोग गरिनेछैन । यो नै नयाँ करारमा आएको अगाडि नै, तर अझैपनि होइन भन्ने चिन्ता हो ।

- "तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैँको निम्ति रहन्छ" अनन्त जीवन (जस्तैः शाब्दिक अर्थमा आउने युगमा रहने) कसरी जोडिएको छ भनेर याद गर्नुहोस्, जुनचाहिँ प्रमिलो जीवनशैलीमा हुने होइन, तर यो विगतमा आएको विश्वासको घोषणाले मात्र हुन्छ (मत्ती २५:३१-४६;; याकूब २:१४-२६) । यूहन्ना ४:३४ मा परमेश्वरको इच्छालाई विशेष शिर्षकमा हेर्नुहोस् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः २:१८-२५

"बालकहरू, आखिरी घडी यही हो । खीष्ट विरोधी आइरहेछ भन्ने तिमीहरूले सुनेका छौं । अब धेरै खीष्ट विरोधी आएका छन् । यसकारण हामी जान्दछौ, कि यो आखिरी घडी हो । तिनीहरू हामीबाट निस्केर गए, किनकि तिनीहरू हाम्रा थिएनन् । यदि ती हाम्रा हुँदा हुन् त तिनीहरू हामीसँगै रहिरहनेथिए, तर तिनीहरू सबै हाम्रा होइन रहेछन् भन्ने कुरा प्रकट गराउनलाई तिनीहरू निस्केर गएका हुन् । तर तिमीहरूको अभिषेक महापवित्रबाट भएको छ, र तिमीहरू सबैले सत्य जान्दछौं । तिमीहरू सत्यलाई जान्दैनौं भनेर मैले लेखेको होइन, तर कुनै पनि झुट सत्यबाट आउँदैन भनी तिमीहरूले जानेका हुनाले मैले तिमीहरूलाई लेखेके छु । झुटो को हो ? झुटो त्यो हो, जसले येशू नै खीष्ट हुनुहुन्छ भन्ने कुरा इन्कार गर्दछ । पिता र पुत्रलाई जसले इन्कार गर्छ, खीष्ट विरोधी त्यही हो । पुत्रलाई इन्कार गर्ने कुनै मानिसमा पित हुनुहुन्न । जसले पुत्रलाई स्वीकार गर्छ, त्यससग पिता हुनुहुन्छ । जुन कुरा तिमीहरूले सुरुदेखि नै सुनेका छौं, त्यो तिमीहरूमा रहिरहोस् । यदि सुरुदेखि नै सुनेको त्यो कुरा तिमीहरूमा रहचो भने, तिमीहरू पुत्र र पितामा रहनेछैं । उहाँले हामीलाई जे प्रतिज्ञा गर्नुभयो, त्यो हो अनन्त जीवन ।

२:१८ "बालकहरू" २:१ को टिपोटलाई हेर्नुहोस्।

- "आखिरी घडी यही हो" शाब्दिक अर्थमा यो कृदन्तबिनाको अन्तिम घडी हो -यहाँमात्र पाइएको) । "अन्तिम दिनहरू" मा जस्तै यो नयाँ करारमा प्रयोग गरिएको येशू खीष्टको दोस्रो आगमनको वर्णन हो (जस्तैः यूहन्ना ६:३९-४०, ४४) । यो यूहन्नामा भएको महत्वपूर्ण विचार हो, किनकि हाम्रा दिनमा यति धेरै व्याख्याकारहरूले सि. एच. डडको "महसूस गरिएको भविष्य" लाई प्रभाव पारेका छन् (एउटा मुख्य विचार) । यो निश्चित रूपमा साँचो छ, कि यूहन्नाले अनौठो तरिकाले र बलपूर्वक यो कुरा सिकाउँदछन्, कि परमेश्वरको राज्य येशू खीष्टमा आएको छ । तरैपनि यस पाठले प्रकट गरेको कुरामा त्यहाँ भविष्यको उपभोग पनि छ (घटना वा अवधि) । दुवै नै सत्य हुन् । यो नयाँ करारको चिन्ताको वा विडम्बनाको अर्को प्रकटीकरण हो, जुनचाहिँ "अगाडि नै र अहिले पनि होइन" भनेर दुईवटा यहूदी युगहरूमा (जस्तैः आउँदैहुनुहुन्छ), जुनचाहिँ अहिले खप्ट्याइएका छन् ।
- "खीष्ट विरोधी... खीष्ट विरोधी" यो वर्णनात्मक वाक्यांश एकवचन र बहुवचन दुवै हो; नत यो परिवेशमा कुनै कृदन्त नै छ -एमएसएस लाई पछ्याउने, !, बि, सि), यूहन्नाले मात्रै यो परिवेशलाई नयाँ करारमा प्रयोग गर्छन् (जस्तैः २:१८,२२; ४:३; २ यूहन्न ७ पद) । पूर्ण टिपोटको निम्ति २:३-२७घ को पाठगत टिपोटलाई हेर्नुहोस् ।
- "आउँदै छन्" यो वर्तमान् बीचको सूचक हो । कतिले कोइने ग्रीकमा बनाएका ग्रीक क्रियापदलाई प्रयोग गर्न असफल भएका छन्, र अरूहरूले तिनीहरूको कार्यको स्वरुपलाई लिएका छन् । डिपोनेन्ट क्रियापदहरू बीचमा छन् वा कर्मवाच्यको स्वरुपमा छन्, तर तिनीहरूलाई कतृ वाच्यको रूपमा अनुवाद गरिएको छ । यहाँ वर्तमान् काल भविष्यको घटनालाई निश्चित गरेर प्रकट गर्न प्रयोग गरिएको छ । खीष्टविरोधी आउँदैछन् भन्ने एकवचन र उस्तै खाले धेरै झुटा शिक्षकहरू वा झुटा मसिहहरू आउँदैछन् भन्ने अगाडि नै देखा परेको छ (खीष्ट विरोधीहरू) । यसमा ईश्वर शास्त्रीय रुपमा मात्रै यो कुरा सम्भव छ, कि शैतानलाई येशू खीष्टको आगमनको समय थाहा छैन, र उसले जो कोहीलाई कुनै पनि मौका पाएको क्षणमा यस संसारको नेतृत्वपनमा कदम चाल्न अगाडि नै तयार पारेको छ ।
- "तिनीहरू हामीबाट निस्केर गए" यो वर्तमान् सकृय सूचक हो । खीष्ट बिरोधी आत्मा अगाडि नै आएको छ, र यो पतित संसारमा सकृय भएको छ -जस्तै झुटा शिक्षकहरू), तरैपनि त्यहाँ अझै भविष्यको प्रदर्शनी छ । कति टिप्पणीकारहरूले यसलाई रोमी सामाज्यको यूहन्नाको कुरा भनेर बुझेका छन्, जबकि अरूहरूले यसलाई अन्तिम समयको भविष्यको समयको साम्राज्य भनेर हेरेका छन् । धेरै दृश्यहरूमा यो दुवै हो । अन्तिम समयको उद्घाटन अवतारमा भएको थियो, र यो उपभोग नगरेसम्म रहनेछ -येशू खीष्टको दोस्रो आगमन) ।

२:१९ "तिनीहरू हामीबाट निस्केर गए, किनकि तिनीहरू हाम्रा थिएनन्" यो देखिने मण्डलीमा झुटा शिक्षाको र झुटा व्यवसायको उत्तम नमुना हो -जस्तैः मत्ती ७:२१-२३; १३:१-९,१८-२३, २४-३०) । तिनीहरूमा अभाव भएको सत्यता, प्रेम, र धैर्यता प्रमाणहरू हुन्, जसमा तिनीहरूचाहिँ विश्वासीहरू होइनन् । यसरी त्यहाँभित्रबाट नै आउने गर्दछ !

यूहन्नाका लेखक क्रियाका कालको छनोटमा अति नै होसियार छन् । पद १९ ले यो कुरालाई देखाउँदछः

१. झुटा शिक्षकहरूले छोडेका कुराहरू (एओरिष्ट)

२. तिनीहरू कहिल्यै पनि साँचो भाग बनेनन् (असिद्ध)

३. यदि तिनीहरू एक भाग भएका भए, तिनीहरू छोडिएका हुने थिएनन् (एउटा दोस्रो तहको बहुवचन सिद्ध क्रियासँगको शर्तात्मक वाक्य)।

विशेष शिर्षकको निम्ति यूहन्ना ६:६४ मा भएको शिष्यसम्बन्धि कुरालाई हेर्नुहोस्।

- "यो दास्रो दर्जाको शर्तात्मक वाक्य हो, जसलाई वास्तविकताको विपरित भनेर भनिन्छ। यसलाई अनुवाद पनि गरिनुपर्छ, यदि तिनीहरू हामीमा सम्बन्धित थिए भने, जोसँग तिनीहरू थिएनन्, तब तिनीहरू हामीसँग बसेको भए हुनेथियो, जुनचाहिँ तिनीहरूमा थिएनन्।"

- "तिनीहरू हामीहरूसँगै रहनेथिए" यो सिद्ध सूचक हो, जसले विगतमा भएको कार्यको पूर्णताको बारेमा बताउँदछ।

यो धैर्यताको सिद्धान्तको धेरैवटा सन्दर्भमध्ये एउटा हो (जस्तैः पदहरू २६,२७,२८)। साँचो विश्वास रहन्छ, र यसले फल फलाउँछ -जस्तैः मत्ती १३:१-२३; विशेष शिर्षकको निम्ति यूहन्ना ८:३१ लाई हेर्नुहोस्।

.२:२० "तिमीहरूको अभिशेक महापवित्राट भएको छ" "तिमीहरू" बहुवचनमा छ, जसले ग्रीक पाठलाई जोड दिएको छ, त्यो त्यसको विरुद्धमा विरोधाभाष छ, जसले खीष्टियनको संगतिलाई छोडेका थिए। यो कुराको पनि संभावना छ, कि ज्ञानवादीहरू पूर्वीय "रहस्यवादी" धर्मबाट प्रभावित भएका थिए, र जसले विशेष अभिषेकको कुरालाई सिकाए, जसले ईश्वरत्वमा ज्ञान र पहिचान ल्याए। यूहन्नाले यो कुरालाई बताउँदछन्, कि यिनीहरू विश्वासीहरू थिए, र ज्ञानवादीहरू थिएनन्, जसलाई विशेष कार्यद्वारा ईश्वरबाट अभिषेक गरिएको थियो।

## विशेष शिर्षकः त्यो महापवित्र चाहिँ

"त्यो महापवित्रचाहिँ" ले निम्न कुरा बताउन सक्छ:

१. परमेश्वर पिता (जस्तैः पुरानो करारका असंख्य खण्डहरू "इस्राएलको पवित्रतामा रहनेचाहिँ")

२. परमेश्वर पुत्र -जस्तैः मर्कूस १:२४; लूका ४:३४; यूहन्ना ६:६९; प्ररित ३:१४)

३. परमेश्वर पवित्र आत्मा -उहाँको शिर्षकः "पवित्र आत्मा" जस्तैः यूहन्ना १:३३; १४:२६; २०:२२)

प्रेरित १०:३८ यस्तो पद हो, जहाँ परमेश्वरका यी तीनै व्यक्तित्वहरू अभिषेक गर्नको निम्ति संलग्न छन्। येशू खीष्ट पनि अभिषेक हुनु भएको थियो -जस्तै लूका ४:१८; प्रेरित ४:२७; १०:३८)। यहाँ सबै विश्वासीहरूलाई समावेश गर्न विचारलाई विस्तृत बनाइएको छ -जस्तैः १ यूहन्ना २:२७)। अभिषेक गरिएको चाहिँ अभिषिक्त हुनुभएको छ। यो खीष्टविरोधी र खीष्टविरोधीहरूको निम्ति समानान्तर भएको हुन सक्छ -जस्तै १ यूहन्ना २:१८) पुरानो करारमा तेलले अभिषेक गर्ने शारीरिक कार्यको निम्ति भएको चिन्हलाई सम्बन्धित गराउँदा (प्रस्थान २९:७; ३०:२५; ३७:२९ तिनीहरू बोलाइएकाहरूलाई विशेष कार्यको निम्ति परमेश्वरद्वारा स ुसज्जित पारिएको थियो (जस्तैः अगमवक्ताहरू, पूजाहारीहरू, र राजाहरू) खीष्ट भन्ने शब्दलाई हिब्रू परिवेशमा "अभिषेक गरिएको चाहिँ" वा मसिह भनेर अनुवाद गरिएको छ।

- "अभिषेक" विशेष शिर्षकको निम्ति यूहन्ना ११:२ मा अभिषेकलाई हेर्नुहोस्।

- 

नसाब "र तिमीहरू सबैले जान्नेछौं"

एनकेजेभि "र तिमीहरूले सबै चिजलाई जान्नेछौं"

एनआरएसभि "र तिमीहरू सबैसँग ज्ञान छ"

ाटइभि "र यसरी तिमीहरू सबैले सत्यतालाई जान्नेछौं"

एनजेबि "र सबैले ज्ञान प्राप्त गरेका छन्"

यो ज्ञानवादी झुटा शिक्षकहरूको सम्बन्धमा तिनीहरूको गोप्य ज्ञानको बारेमा अहंकारी भनाइ थियो। यूहन्नाले यो कुरा बताउँछन्, कि विश्वासीहरूमा आधारभूत खीष्टियन ज्ञान हुन्छ -पद २७, १६:७-१४; यर्मिया ३१:३४), नत कुनै पनि पूरा हुने ज्ञान, कित धर्ममा वा अन्य परिवेशमा वा ज्ञानमा हुन्छ। सत्यता यूहन्नाको निम्ति विचारणीय र व्यक्तिगत दुवै हुन्छ, जसै यो अभिषेक गरिएको जस्तै, जसले सुसमाचार वा आत्मालाई औल्याउन सक्छ।

त्यहाँ यो वाक्यांशमा ग्रीक हस्तलेखनका विविधताहरू छन्। एनकेजेभिले **प्यान्ट** भएको ऐ, सि, र के हस्तलेखनलाई पछ्याउँछ, जसमा सिधै वस्तुको रूपमा नपुंसक बहुवचनलाई पछ्याउँछ, जबकि नासाबले प्यान्टिज भएका **!**, बि, र पि हस्तलेखनहरूलाई पछ्याउँछन्, जसमा एउटा स्त्रीलिङ्गी बहुवचन हुन्छ, र जसले "तिमीहरू सबै" भन्ने विषयलाई जोड दिँदछ। एउटामात्र भन्ने भनाइको दावीको सन्दर्भमा झुटा शिक्षकहरूले यस कुरालाई दावी गर्दछन्, कि अन्तिम विकल्प नै उत्तम हुन्छ। त्यो युवियस४ ले यसलाई निश्चित रूपमा "ख" दर्जा दिँदछ। त्यो अभिषेक र ज्ञान सबै विश्वासीहरूलाई दिइएको छ, नकि कुनै छनोट गरिएका, विशेष, बौद्धिक, र कही आत्मिकलाई मात्र दिइएको छ!

२:२१ यो धेरैवटामध्ये एउटा पद हो, जसले यो कुरालाई बताउँदछ, कि यूहन्नाका पाठकहरूमा भएको विश्वासले छुटकाराको निश्चयता दिँदछ, र सत्य तालाई जान्दछन्। यो पदको निश्चयता आत्माबाट हुने अभिषेकमा आधारित छ, र जसले विश्वासीहरूलाई भोकाउने र सुसमाचारको ज्ञान प्रदान गर्दछन्।

२:२२ **"झुटो को हो ?"** यो वाक्यांशको निश्चित उपपद छ, त्यसकारण, यूहन्नाले तलकामध्ये कसैलाई बताएको हुनुपर्छ

१. एकजना विशेष झुटा शिक्षक (सम्भवत् सेरिन्थस)

२. त्यो "ठूलो झुट" र सुसमाचारलाई इन्कार गर्ने (जस्तै ५:१०)

"त्यो झुट, खीष्ट विरोधी" को समानतामा हुन्छ। खीष्ट विरोधीको आत्मा हरेक युगमा उपस्थित भएको छ; एउटा आधारभूत परिभाषा (विरोधी भन्ने सर्वनामका दुईवटा भनाइहरू) त्यस्तो हो,"जसले येशू खीष्ट हुनुहुन्छ भन्ने कुरालाई इन्कार गर्दछ" र "जो कोहीले खीष्टको स्थानलाई राख्ने कोसिस गर्दछ।

- **"येशू नै खीष्ट हुनुहुन्छ"** जेरोम बाइबल टिप्पणीको पाना ४०८ मा, एउटा असल बुंदा बनाइएको छ, यसमा लेखकले भन्न खोजेको चाहिँ केवल येशूले पुरानो करारको कुराहरूलाई पूरा गर्नुहुन्छ, र यहूदीहरूले आशा गरेको मसिहको बारेमा छ। यहाँ 'खीष्ट' ले नयाँ करारमा देखाइएको खीष्ट जस्तै यसको पूर्ण भावमा प्रशय दिइएको छ, जसको वचन र कार्यहरू मानवजातिको अलौकिक मुक्तिदाताको रूपमा उहाँमा घोषणा गरिएको छ -जस्तैः प्रेरित २:३१; रोमी १:४)।

यसमा यो कुराको पनि संभावना छ, कि यो सैदान्तिक निश्चयताले निम्न कार्यहरू गर्दछः

१. ज्ञानवादको विरुद्धमा भएको विवादास्पद कुरा
२. एउटा प्यालेष्टाइनको लिखित सुत्र, जसले स्पष्टरूपमा सभाघरलाई मण्डलीबाट अलग्याउछ; र यसले गुरुहरूको जामनिया भन्दा पछाडि (ई.सं. ७०) को सुत्रको अवधिलाई देखाउन सक्छ।
३. यो "येशू प्रभु" जस्तै बप्तिस्मामा निश्चित गर्ने कुरा हुन सक्छ।

**२:२२-२३ "पुत्रलाई ईन्कार गर्ने"** अन्ततः ज्ञानवादका झुटा शिक्षकहरूले परमेश्वरलाई चिनेको कुराको दावी गरे, तर तिनीहरूले ईन्कार गरे, र येशू खीष्टको स्थानलाई विकेन्द्रीकरण र तुच्छ सम्झने कार्य गरे (जस्तैः ४:१-६; ५:११-१२; यूहन्ना ५:२३)।

ज्ञानबादका लेखहरूलाई आधारित बनाएर दोस्रो शताब्दीबाट, नयाँ करारभित्र नै आएको आलोचना, र सुरुका मण्डलीका पिताहरूमा यी तलका विश्वास हरू आउने काम भयोः

१. ज्ञानवादका शिक्षाहरूले खीष्टियन विश्वासलाई ग्रीक दर्शन (प्लेटो) पूर्वीय रहस्यका धर्महरूसँग मिसाउने कोसिस गरे।
२. तिनीहरूले यो कुरा पनि सिकाए, कि येशू अलौकिक हुनुहुन्थ्यो, तर उहाँ मानिस हुनुहुन्थ्यो, किनकि आत्मा असल थियो, तर वस्तु वा शरीर दुष्ट थियो त्यसकारण, त्यहाँ ईश्वरको शारीरिक अवतार हुने कुराको कुनै पनि संभावना थिएन।
३. तिनीहरूले मुक्तिको बारेमा दुईवटा कुराहरूलाई सिकाएः
   क) एउटा समूहले यो कुरालाई बताए, कि स्वर्गदूतिय सतहको विशेष ज्ञानले एउटा मुक्ति ल्यायो, र यसमा शरीरले गर्ने शारीरिक योजनाको कार्यमा आत्मा सम्बन्धित थिएन।
   ख) अर्का समूहले शारीरिक सन्तवादलाई जोड दिए (कलस्सी २:२०-२३)। तिनीहरूले यो कुरालाई बताए, कि साँचो मुक्तिको लागि नभइनहुने आवश्यकताहरू र चाहनाहरू शरीरको पूर्ण इन्कारीले गर्दा हुन्छ।

२:२३ यो पदको पाठगत प्राप्तिले यी तलका के र एल भन्ने अष्पष्ट हस्तलेखनलाई सुरुको पाठलाई अचानक छोटो पारेका छन्, र पिताको दोस्रो समानान्तर को सन्दर्भलाई हटाएका छन्, जसले ग्रीक अष्पष्ट हस्तलेखनको **!**, ए, बि, र सि लाई जोडदार रूपमा सहायता गरेका छन्।

- "ती हुन्, जसले पश्चात्ताप गर्छन्" यो शब्द "जो कोहीले इन्कार गर्छन्" भन्नेको पद २२ मा दिइएको ठीक उल्टो हो (दुईचोटी) र पद २३ मा -एकचोटी) र पद २६ मा (एकचोटी)। यूहन्ना ९:२२-२३ मा पश्चात्ताप गर्ने भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस्।

- "पुत्र" परमेश्वरसँग हुने संगति पुत्रमा गरिएको विश्वासद्वारा मात्रै प्राप्त हुन्छ -जस्तैः ५:१०-१२,१३)। येशूमा गरिने विश्वास विकल्प होइन ! उहाँमात्र पिताकहाँ जाने एउटा बाटो हुनुहुन्छ -जस्तैः यूहन्ना ५:२३; १४:६; लूका १०:१६)।

**२:२४ "तिम्रो निम्ति"** यसले यूहन्नाका पाठकहरू र झुटा शिक्षकहरूको बीचमा धेरै ठूलो विरोधाभाषलाई जोड दिएर देखाउँदछ, र तिनीहरूलाई पछ्याउने हरूलाई त्यागेका छन् (पद २७)।

- "जुन कुरा तिमीहरूले सुरुदेखि नै सुनेका छौं, त्यो तिमीहरूमा रहिरहोस्" यो वर्तमान् सकृय सूचक हो, जसलाई झुटा शिक्षकको सन्देशको विरोधाभाषमा "तिमी" भन्नेलाई व्याकरणसँगै जो दिइएको छ (जुनचाहिँ ग्रीक वाक्यांशको सुरुवात हो)। सुसमाचारलाई व्यक्तिगत रूपमा बनाएर बास गर्ने पाहुनाको रूपमा वर्णन गरिएको छ। यी नै पहिला खीष्टियनहरूलाई दिइएका दुईवटा कारणहरू हुन, जसले झुटा शिक्षा वा झुट कुरामा हुने विजयलाई निश्चित गर्दछन्। दोस्रोचाहिँ पद २० र २७ मा पाइन्छ, जहाँ आत्माको अभिषेक गर्ने कुरालाई बताइएको छ। फेरी पनि सुसमाचारलाई व्यक्ति र सन्देश दुवैमा सुरुदेखि नै भन्ने वाक्यांशले जोडिदिएको छ (जस्तैः पदहरू १३,१४,२४, दुईचोटी)। परमेश्वरको वचन विषय र व्यक्तिगत दुवै हो, दुवै लेखिएका र जिवित पछि छन् (जस्तैः १:८,१०; २:२०,२४) ! विशेष शिर्षकको निम्ति रहनु भन्ने २:१० को शिर्षक लाई हेर्नुहोस्।
- "यदि" यो तेस्रो स्तरको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ। यसले निरन्तर रूपमा "रहनु" भन्ने सम्बन्धमा चेतावनी र हप्की दिँदछन्। रहनु भन्नेले अन्तमा यस्तो कुरालाई प्रकट गर्दछ, कि तिनीहरू कहिल्यैपनि "रहनु" को भाग बनेनन् (जस्तैः २:१८-१९)। "रहनु" भन्नेको जीवनशैलीको प्रमाणले विश्वासको निश्चयता ल्याउँदछ -जस्तैः यूहन्ना १५ अध्याय)। पिता र पुत्र दुवैसँग रहनु भन्नेको सन्देश सुनिएको, प्राप्त गरिएको, र संगति गरिएको हुन्छ -जस्तैः यूहन्ना १४:२३), जसले प्रेमको सकारात्मक र नकारात्मक दुवै जीवनशैलीको छनोटलाई प्रकट गर्दछ (संसारले घृणा गर्ने कुरा)।

**२:२५ "उहाँले हामीलाई जे प्रतिज्ञा गर्नुभयो, त्यो हो - अनन्त जीवन"** फेरी पद २५ मा दिइएको सर्वनाम धेरै महत्वाकांक्षी छ, र त्यसले परमेश्वर पिता र परमेश्वर पुत्रलाई बताउन सक्छ। सायद यो उद्देश्यपूर्ण नै भएको होला (२ पत्रुस १ मा जस्तै)। अन्ततः यो भनाइ यूहन्ना ३:१५-१६ र ६:४० जस्तै नै छ। विश्वासीहरूको आशा परमेश्वरको प्रतिज्ञा र चरित्रमा रहन्छ -यशैया ४५:२३; ५५:११)। हाम्रो त्रिएक परमेश्वरसँगको नजिकको संगतिले आशा प्रदान गर्दछ, तरैपनि त्यहाँ अनन्त जीवनको प्रतिज्ञा छ (जस्तैः ५:१३)। अनन्त जीवनमा अवलोकन गर्न योग्य विशेषता हुन्छ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठ २:२६-२७**
"तिमीहरूलाई छल गर्नेहरूका विषयमा यी कुराहरू म तिमीहरूलाई लेख्दछु। तिमीहरूले उहाँबाट पाएको अभिषेक तिमीहरूमा रहिरहन्छ, र कसैले तिमीहरूलाई सिकाउने आवश्यकता पर्दैन, तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ त्यो बनावटी होइन। यस अभिषेकले तिमीहरूलाई सिकाएबमोजिम ख्रीष्टमा रहिरहो।"

२:२६ **"तिमीहरूलाई छल गर्नेहरूका विषयमा यी कुराहरू म तिमीहरूलाई लेख्दछु"** यो वर्तमान् सकृय कृदन्त हो। त्यहाँ हरेक युगमा छल गर्नेहरू छन् ( जस्तैः मत्ती ७:१५; २४:११,२४; २ यूहन्ना ७ अध्याय)। कतिचोटी यिनीहरू गंभिर धार्मिकवादीहरू हुन, जसले भाग लिएर ख्रीष्टियन जमघटहरूमा सकृय भएका छन्।

२:२७ **"अभिषेक"** यसले अभिषेकबाट आउने परिणामलाई जोड दिएजस्तो देखिन्छ, तर बस्तुहरू (आत्मा) वा संलग्न भएका साधनहरू (सुसमाचारको सत्यता) मा चाहिँ होइन। विशेष बोलावटको निम्ति अभिषेक गर्ने पुरानो धारणा थियो, र परमेश्वरले दिनुभएको कार्यको निम्ति व्यक्तिलाई सुसज्जित पार्नु थियो। अगमवक्ताहरू, पूजाहारीहरू र र राजाहरूलाई अभिषेक गरिन्थ्यो। यो परिवेश ऐतिहासिक रूपमा "मसिह" भन्ने परिवेशसँग सम्बन्धित थियो। यहाँ यसले स्थायीत्वको परिणामलाई बताउँदछ, जसमा पवित्र आत्माले विश्वासीहरूले ल्याउने सुसमाचारलाई हृदय र विचारमा प्रज्वलित पार्दछ। यूहन्ना ११:२ को बाइबलमा अभिषेक गर्ने भन्ने विशेष शिर्षकलाई हेर्नुहोस्।

झुटा शिक्षकहरूले पनि परमेश्वरबाट विशेष प्रकाश पाएको कुरालाई दावी गरे -जस्तै विशेष अभिषेक)। यूहन्नाले यो कुरालाई बताउँछन्, कि सबै विश्वासीहरू साँचो अभिषेकलाई प्राप्त गर्न तयार भएका छन्, जबकि तिनीहरूले अभिषिक्त भएको चाहिँलाई भरोसा गरेका छन्, पवित्र आत्माले भरिएका छन्, र परमेश्वरको वचनमा रहेका छन्।

- "तिमीहरूले उहाँबाट पाएका" यो एओरिष्ट सकृय सूचक हो, जसले केही विगतको कार्यलाई पूरा गर्न इंकित गर्दछ। "अभिषेक" गरिएको चाहिँ लाई हामीले सुनेको पद २४ को बराबर हुन्छ। सुसमाचार प्राप्त गरिनुपर्छः १) विश्वासद्वारा व्यक्तिगत रूपमा (यूहन्ना १:१२; ३:१६), २) सत्यतालाई शरीरको रूपमा (जस्तैः २ यूहन्ना ९-१०; यहूदा पद ३)। यी दुवै कार्यहरू पवित्र आत्माले मध्यस्थता गरेका हुन्।
- "र कसैले तिमीहरूलाई सिकाउने आवश्यकता पर्दैन, पद २७ पद २० को समानान्तरमा हुन्छ -जस्तै नयाँ करारमा, यर्मिया ३१:३४) यूहन्ना ले यो आएको विषयलाई प्रयोग गर्छन् (पदहरू २०,२४,२७)। पवित्र आत्मा झुटा ज्ञानबादका शिक्षकहरूलाई नभएर, हाम्रो आधारभूत र अति आवश्यक शिक्षक हुनुहुन्छ (यूहन्ना १४:२६)। तरैपनि, यसको आशय सुरुको र आजको मण्डलीमा शिक्षकको बरदान र कार्यहरूत्यतिकै सक्रिय छन् भन्नेचाहिँ होइन (जस्तैः एफिसी ४:११; प्रेरित १३:१; कोरिन्थी १२:२८)। यसको सामान्य अर्थमा मुक्तिको बारेमा पवित्र आत्माबाट आएका यसका आधारभूत चिजहरू र बाइबल कुनै विशेष वरदान प्राप्त मानवीय शिक्षकबाट आएका होइनन् यद्यपि उहाँले कतिचोटी सानधहरूको प्रयोग गर्नुहुन्छ। .
- "तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, र त्यो बनावटी होइन" यसले आत्मिकी सत्य तालाई बताउँदछ। ख्रीष्टियनहरूको विवेकमा पवित्र आत्माले निर्देशित गरेको हुन्छ। हामी सत्यताको क्षेत्रमा आत्माको भलाद्मीपनको नेतृत्वमा र नैतिकतामा संवेदनशील बन्नुपर्छ।
- "यस अभिषेकले तिमीहरूलाई सिकाएबमोजिम ख्रीष्टमा रहिरहो" यो वर्तमान् सकृय सूचक हो। यूहन्नाले "रहनु" भन्ने परिवेशलाई यो पत्रमा विस्तृत रूपमा उनका पाठकहरूलाई विश्वासको निश्चयता गराउने तत्वको रुपमा प्रयोग गर्दछन् (जस्तैः यूहन्ना १५ अध्याय)। बाइबलीय विश्वास करार हो, जसमा परमेश्वरले सक्रियता लिनुहुन्छ र विषयलाई मिलाउनुहुन्छ, तर मानव जातिले सुरुमै प्रतिक्रिया जनाउनुपर्छ, र निरन्तर रूपमा रहनुपर्छ र त्यहाँ मानवीय पक्ष र अलौकिक पक्ष दुवै हुनुपर्छ। विशेष शिर्षकको निम्ति २:१० को रहनु भन्नेलाई हेर्नुहोस्।

## छलफलका निम्ति प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

तपाईंलाई यी छलफलका प्रश्नहरू यस पुस्तकको यो खण्डको मुख्य विषयहरूलाई सोच्नलाई मद्दत गर्न प्रदान गरिएको छ। तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन्।

१. झुट शिक्षकहरूको विश्वासलाई वर्णन गर्नुहोस्।
२. तपाईंले प्रमाणहरू दिनुहोस्, जसद्वारा हामी साँचो रूपमा छुटकारा पाएका छौं भन्ने कुरा जान्न सकौं।
३. हामीले गर्ने दैनिक पाप र अलग्याइएको पापको कार्यको बीचको सम्न्धलाई व्याख्या गर्नुहोस्।
४. सन्तहरूको धैर्यता र विश्वासीहरूको सुरक्षाको बीचको सम्बन्धलाई वर्णन गर्नुहोस्।
५. मानिसका तीनवटा शत्रुहरूको परिभाषा दिएर सूची बनाउनुहोस्।

# १ यूहन्ना २:२८-३:२४

## आधुनिक अनुवादहरूका अनुच्छेदको विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| परमेश्वरका बालकहरू (२:२८-३:१०) | परमेश्वरका सन्तान | साँचो विश्वासमा इमानदार (२:१८-२९ | खीष्टका शत्रुहरू (२:१८-२९) | परमेश्वरका बालकहरू जस्तै भएर जिउनु (२:२९-४:६) |
| २:२८-३:३ | २:२८-३:३ | २:२८ | २:२९ | |
| | | २:२९ | परमेश्वरका बालकहरू | २:२९-३:२ |
| | | उचित आचरणमा सुँहाउँदो सम्बन्ध प्रकट गर्ने | | |
| | | ३:१-१० | ३:१-३ | पहिलो शर्तः पापसँगको सम्बन्ध लाई तोड्नु |
| | पाप र परमेश्वरको बालक | | | ३:३-१० |
| ३:४-१० | ३:४-९ | | ३:४-६ | |
| | | | ३:७-८ | |
| | प्रेमको आज्ञार्थक | | ३:९-१० | |
| एक-अर्कालाई प्रेम गर्नु | ३:१०-१५ | एक-अर्कालाई प्रेम गर्नु | एक-अर्कालाई प्रेम गर्नु | दोस्रो शर्तः जीवनका आज्ञाहरू लाई पालन गर्नु |
| ३:११-१८ | | ३:११-१८ | ३:११-१२ | ३:११-२४ |
| | प्रेमभन्दा बाहेकको कार्य गर्नु | | ३:१३-१८ | |
| परमेश्वरको अगाडि निश्चित हुनु | ३:१६-२३ | खीष्टियन निश्चयता | परमेश्वरको अगाडि साहस गर्नु | |
| ३:१९-२४ | सत्यको आत्मा र गल्तीको आत्मा | ३:१९-२४ | ३:१९-२४ | |
| | ३:२४-६:४ | | | |

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन ।

एकै बसाइमा यो खण्डलाई पढ्नुहोस् । तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादहरूसँग तुलना गर्नुहोस् । अनुच्छेदचाहिँ उत्प्रेरित भएका छैनन्, तर यसमा सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो । हरेक अनुच्छेदको एक र एकमात्रै विषय हुन्छ ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

पाठगत अन्तर्दृष्टि

क. अध्याय २ ज्ञानवादी झुटा शिक्षकहरूमा सिधै आएको छ (विशेषगरेर डोसेटिक झुटा शिक्षा, जसले येशूको मानवीयतालाई ईन्कार गर्दछन्)

ख. अध्याय ३ ले झुटा शिक्षकहरूलाई संकेत गर्दछन्, जसले मुक्ति (धर्मीकरण) लाई नैतिकता (शुद्धिकरण) बाट अलग गर्दछ । तरैपनि अध्याय ३ ले विश्वासीहरूलाई सिधै रूपमा बताएको छ ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः २:२८-३:३**

"साना बालकहरू, उहाँमा रहिरहो, ताकि उहाँ प्रकट हुनुहुँदा हामीमा हिम्मत होस्, र उहाँको आगमनमा उहाँको सामुन्ने हामीलाई शर्माउन न्परोस् । उहाँ धार्मिक हुनुहुन्छ भन्ने कुरा यदि तिमीहरूले जान्यौं भने, यो कुरा तिमीहरूलाई निश्चित होस्, कि धार्मिक काम गर्ने हरेक परमेश्वर बाट जन्मेको हुन्छ । हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि । यसैकारण, त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन । प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔं ला, सो अहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं । किनकि उहाँ जस्तो हुनुहुन्छ, हामी हामी उहाँलाई त्यस्तै देख्नेछौं, अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आज्ञा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ ।"

२:२८ त्यहाँ टिप्पणीकारहरूको बीचमा चाहे पदहरू २८, २९, र ३१ मा नयाँ अनुच्छेद सुरु गर्ने कि नगर्ने भनेर धेरै छलफल भएको थियो । पदहरू २७ र २८ को बीचमा दोहोरिने कारणले गर्दा सायद अनुच्छेदको विभाजन त्यहाँ जानुपर्दथ्यो ।

- "साना बालकहरू" २:१ को टिपोटलाई हेर्नुहोस् ।
- "उहाँमा रहिरहो" यो वर्तमान् सकृय सूचक हो । यसले ख्रीष्टियन धैर्यतालाई बढाउनको निम्ति तेस्रो बर्तमान् सूचक हो (जस्तैः पदहरू १५,२४)। यूहन्ना ८:३१ मा भएको धैर्यताको खाँचो, र १ यूहन्ना २:१० मा भएको रहनु भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् । कतिचोटी पहिले भएका सर्वनामहरूलाई प्रयोग गर्न कठिनाइ पर्दछ, तर यो अनुच्छेदमा तिनीहरू स्पष्टरूपमा छन् ।

१. "उहाँमा," पद २८क - येशू
२. "उहाँबाट," पद २८ख - येशू
३. "उहाँको," पद २८ख - येशू
४. "उहाँ धर्मी हुनुहुन्छ," पद २९ - पिता
५. "उहाँद्वारा जन्मिएको," पद २९ - पिता (टिपोट हेर्नुहोस्
६. "उहाँलाई जान्नु," ३:१ - पिता -जस्तैः यूहन्ना १५:२१; १६:२-३)
७. "उहाँ देखापर्नुहुन्छ," ३:२ - येशू
८. "उहाँ जस्तै," ३:२ - येशू
९. "उहाँलाई हेर्नु" ३:२ - येशू
१०. "उहाँ हुनुहुन्छ," ३:२ - येशू
११. "उहाँमा" ३:३ - येशू
१२. "उहाँ जस्तै शुद्ध हुने" ३:३ - येशू

परिवेश, परिवेश, परिवेश

- "उहाँ प्रकट हुनुहुँदा" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, पद २९ जस्तै, र ३:२ को "जुन समयमा येशू फर्कनुहुन्छ" भन्नेको कुरा पनि हो । यसो भन्नुको आशय अनिश्चित घटनाहरूलाई बताउनु भन्ने होइन, तर एउटा अनिश्चित समय (नयाँ करारको ३:३ मा भएको "आशा" भन्ने परिवेशजस्तै) हो ।
- "हामीमा हिम्मत होस्" "हिम्मत" (पार्सिया) भन्ने ग्रीक शब्द, "स्वतन्त्र रूपमा बोल्नु" भन्ने मुख्य शब्दबाट आएको छ । हिम्मत भन्ने शब्द वर्तमान् विश्वासीहरूको ज्ञानको, भरोसाको र येशू ख्रीष्टको जीवनशैलीमा आधारित हुन्छ । साहसीपनलाई यूहन्ना ७:४ को विशेष शिर्षकमा हेर्नु होस् ।

नासाब "र उहाँबाटको लाजमा नखुम्चनु"
एनकेजेभि "र उहाँको अगाडि लाजमा नपर्नु"
एनआरएसभि "र उनको अगाडि लाजमा पार्ने बनाउनु"
ाटइभि "र उनीबाट लाजमा पारेर नलुकाउनु"
एनजेबि "र उहाँबाटको लाजमा नघुसाउनु"
यो एरिष्ट निष्क्रिय विषयगत हो, जसको अर्थ यसलाई निम्न प्रकारले बुझ्न सकिन्छः

१. ती विश्वासीहरू आफै लाजमा परेका (नासाब, भिइभि, एनजेबि)
२. ती विश्वासीहरूलाई लाज लाग्ने बनाइएको (एनआरएसभि)

विश्वासीहरूले हेरचाह गर्नुपर्ने र येशू ख्रीष्टको आगमनमा हेरचाह गर्नुपर्ने हुन्छ, तर तिनीहरू जसले स्वार्थी सांसारिक तरिकाले जिइरहेका छन्, भने निश्चित रूपमा अचम्ममा पर्नेछन्, र उहाँको दृश्यलाई ग्रहण गर्नेछन् । त्यहाँ विश्वासीहरूको न्याय हुनेछ -जस्तै २ कोरिन्थी ५:१०) ।

- "उहाँको आगमनमा" यो दोस्रो आगमनको सन्दर्भ हो । यो **परौसिया** भन्ने शब्द यूहन्नाको लेखमा यहाँमात्र प्रयोग गरिएको छ, र तुरुन्तै हुने राजकिय भेटघाटको भनाइ दिइएको छ ।

यो शाब्दिक अर्थमा **परौसिया** नभएसम्म भन्ने हुन्छ, जसको अर्थ "उपस्थित" र शाही भेटघाटमा प्रयोग गरिएको थियो । दोस्रो आगमनको सन्दर्भमा प्रयोग गरिएका नयाँ करारका अन्य परिवेशहरूमाः

१. इपिफानिया, "आमाने-सामने देखा पर्ने""

२. अपोकालूपिस, "पर्दा हटाउनु"

३. "परमप्रभुको दिन" र यो वाक्यांशको विविधता

## विशेष शिर्षक: ख्रीष्टको आगमनको निम्ति नयाँ करारको परिवेश

विशेष आगमनको भविष्यको दिनलाई जोड दिँदा, जब मानिसहरूले येशूलाई भेट्नेछन् (मुक्तिदाता र न्यायकर्ताको रूपमा), तब पावलको लेखमा विविध पहिचानहरू दिइएका छन्:

१. "हाम्रा प्रभु येशू ख्रीष्टको दिन" (जस्तैः १ कोन्थिी १:८)

२. "परमप्रभुको त्यो दिन" (जस्तैः १ कोरिन्थी ५:५; १ थेसलोनिकी ५:२; २ थेसलोनिकी २:२)

३. "परमप्रभु येशूको त्यो दिन" (जस्तैः २ कोरिन्थी १:१४ एमएस ! १ कोरिन्थी ५:५ मा "परमप्रभु येशू" हुनुहुन्छ)

४. "येशू ख्रीष्टको त्यो दिन" (जस्तैः फिलिप्पी १:६)

५. "ख्रीष्टको त्यो दिन" (जस्तैः फिलिप्पी १:१०; २:१६)

६. "उहाँको दिन (मानिसको पुत्र)" (जस्तैः लूका १७:२४)

७. "मानिसको पुत्र प्रकट हुने त्यो दिन" (जस्तैः लूका १७:३०)

८. "हाम्रा प्रभु येशू ख्रीष्टको प्रकाश" (१ कोरिन्थी १:७)

९. "कहिले परमप्रभु येशू स्वर्गबाट प्रकट हुनुहुनेछ" (२ थेसलोनिकी १:७

१०. "परमप्रभु येशूको उपस्थितिमा उहाँको आगमन" -जस्तैः १ थेसलानिकी २:१९)

त्यहाँ नयाँ करारका लेखकहरूले येशू ख्रीष्टको फर्काइको सम्बन्धमा कमसेकम ४ वटा उपायहरू बताएका छन्:

१. **इपिफानिया,** जसले तिरमिराउने प्रकाशलाई बताउँदछ, जुनचाहिँ ईश्वरशास्त्रीय रूपमा (शब्दको इतिहासद्वारा नभएर) "महिमा" मा सम्बन्धित हुन्छ । २ तिमोथी १:१०; तितस २:११, र ३:४ ले यो येशूको पहिलो आगमन (जस्तैः अवतार), र दोस्रो आगमनको बारेमा यो कुरा बताउँदछ । यसलाई २ थेसलोनिकी २:८ मा प्रयोग गरिन्छ, जसमा दोस्रो आगमनका तीनवटा मुख्य परिवेशहरूलाई प्रयोग गरिन्छन्: १ तिमोथी ६:१४; २ तिमोथी ४:१,८; तितस २:१३ ।

२. **परौसिया,** जसले उपस्थितिलाई लागु गर्दछ, र वास्तवमा यसले राजकिय भ्रमणलाई बताउँदछ । यो धेरै नै वृहतरूपमा प्रयोग गरिएको परिवेश हो (जस्तैः २४,३,२७,३९; १ कोरिन्थी १५:२३; १ थेसलोनिकी २:१९; ३:१३; ४:१५; ५:२३; २ थेसलोनिकी २:१,८; याकूब ५:७,८; २ पत्रुस १:१६; ३:४,१२; १ यूहन्ना २:२८) ।

३. **अपोकालोप्सिस वा अपोकाल्पसिस,** जसको अर्थ प्रकट गर्ने उद्देश्यको निम्ति पर्दालाई हटाउनु भन्ने हुन्छ । यो नयाँ करारको अन्तिम पुस्तक हो (जस्तैः लूका १७:३०; १ कोरिन्थी १:७; २ थेसलोनिकी १:७; १ पत्रुस १:७; ४:१३) ।

४. **पानेरो,** जसको अर्थ प्रकाशलाई ल्याउनु, स्पष्टरूपमा प्रकट गर्नु वा प्रदर्शन गर्नु भन्ने हुन्छ । यो परिवेशलाई नयाँ करारमा परमेश्वरको पक्षको धेरै प्रकाशहरूमा प्रयोग गरिएको छ । यसले इपिफानिया जस्तै, ख्रीष्टको पहिलो आगमनलाई (जस्तै १ पत्रुस १:२०; १ यूहन्ना १:२; ३:५,८; ४:९) र उहाँको दोस्रो आगमनलाई पनि बताउँन सक्छ -जस्तैः मत्ती २४:३०; कलस्सी ३:४; १ पत्रुस ५:४; १ यूहन्ना २:२८; ३:२) ।

५. "आउनु वा **इरोकोमाई**" भन्ने अति सामान्य परिवेशमा यसलाई ख्रीष्टको आगमनको निम्ति कहिलेकाहीँ प्रयोग गरिन्छ -जस्तैः मत्ती १६:२७-२८; २३:३९; २४:३०; २५:३१; प्रेरित १:१०-११; २ कोरिन्थी ११:२६; प्रकाश १:७-८) ।

६. यसलाई "परमप्रभुको दिन" भन्ने वाक्यांशसँग पनि प्रयोग गरिन्छ (१ थैसलोनिकी ५:२), जुनचाहिँ पुरानो करारको परमेश्वरको दिनको निम्ति आशिष् वा पुनरुत्थान वा न्याय भन्ने हुन्छ ।

नयाँ करार पुरानो करारको दृष्टिकोणमा लेखिएको छ, जसले यस्तो कुरा बताउँदछः

क. वर्तमान् दुष्ट र विद्रोही युग

ख. धार्मिकपनको आउनेवाला नयाँ युग

ग. मसिह (अभिषेक गरिएको) को कामको निम्ति आत्माको संकायको बारेमा ल्याइने एउटा युग

ईश्वरशास्त्रीय मान्यताको निम्ति प्रगतिशिल प्रकाशको खाँचो पर्दछ, किनकि नयाँ करारका लेखकले इस्राएलको आशालाई हल्का रूपमा संशोधन गरेका छन् । मसिहको शैनिक र राष्ट्रवादी (इस्राएल) रूपमा हुने आगमनमा, त्यहाँ दुईवटा आगमनहरू छन् । पहिलो आगमन येशू ख्रीष्ट नाजरिको जन्म र ईश्वरको अवतारमा हुन्छ । उहाँ गैह्र-सैनिक, अन्यायकर्ता र "कष्ट पाएको दास" को रूपमा यशैया ५३ अध्यायमा आउनुभयो, साथै निर्दोष गधाको बछेडामा चढेर पनि आउनुभयो (एउटा लडाइँको घोंडा वा राजकीय खच्चर नभएको), जकरिया ९:९ । पहिलो आगमनले नयाँ मसिहिय युगलाई उद्घाटन गरेको छ, जुनचाहिँ यस धर्तीमा हुने परमेश्वरको राज्य हो । एउटा भावनामा त्यो राज्य यहाँ छ, तर वास्तवमा अर्कोचाहिँ धेरै टाढा छ । दुईजना मसिह आउने बारेमा यो चिन्ता छ, जसमा, एक अर्थमा, नदेखिएको दुईवटा यहूदी युगहरूलाई खप्ट्याइएको छ, वा पुरानो करारबाट अलि अष्पष्ट छ । वास्तवमा यो दोहोरो आगमनले यहोवाको सबै मानब जातिलाई छुटकारा गर्ने समर्पणतालाई जोड दिन्छ (जस्तैः उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५ र अगमवक्ताहरूले गरेको प्रचार, जस्तै यशैया र योना) । मण्डलीले पुरानो करारको अगमवाणी पूरा हुने समयलाई पर्खिरहेको छ, किनकि धेरै अगमवाणीहरूले पहिलो आगमनलाई बताइरहेका छन् (जस्तैः **बाइबललाई यसको पूर्ण मूल्यमा कसरी पढ्ने हो**, पाना १६५-

१६६) । विश्वासहीहरूले आशा गरेको कुरा यो हो कि, पुनरुत्थान हुनुभएका प्रभुहरूका प्रभु र महिमित राजाको आगमनमा यो स्वर्गमा भएजस्तै यो धर्तिमा पनि नयाँ युगको धार्मिकतापनको ऐतिहासिक रूपमा पूरा हुने कुरालाई आशा गरिएको छ (मत्ती ६:१०) । पुरानो करारका प्रस्तुतीहरू दुरुस्तै थिएनन्, तर अपूर्ण नै थिए । उहाँ फेरी यहोएको अधिकार र शक्तिमा अगमवाणी गरिएअनुसार अगमवक्ताको रूपमा आउनुहुनेछ ।

दोस्रो आगमनको बाइबलीय परिवेश होइन, तर यसको विचारको दृष्टिकोण र रुपरेखा सम्पूर्ण नयाँ करारमा हुन्छ । परमेश्वरले यी सबैलाई सिधा रूपमा मिलाउनुहुन्छ । परमेश्वर र मानवजाति बीचको संगतिलाई उहाँको स्वरुपमा बनाएर स्थापित गरिन्छ । दुष्टतालाई न्याय गरिनेछ, र र हटाइनेछ । परमेश्वरका उद्देश्यहरू असफल हुने छैनन् ।

२:२९ ''यदि'' यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । यहाँ यसले विश्वासीहरूले प्राप्त गरेको ज्ञानलाई मानिलिन्छन् । तर झुटा शिक्षकहरूले यसलाई गुमाएका छन् ।

- ''तपाईंले जान्नुहुन्छ'' व्याकरणीय रूपमा यसको स्वरुप कित वर्तमान सकृय सूचक हो, जसले निरन्तर भइरहने ज्ञानलाई बताउँदछ वा वर्तमान् आज्ञार्थक हो, जसले विश्वासीहरूको आवश्यकीय ज्ञानको बारेमा बताउँदछ । यूहन्नाको ''जान्नु'' भन्ने प्रयोग सबैको सम्पत्ति हो, जोसँग आत्मा हुन्छ, त्यसले सूचकलाई बताउने कार्य गर्दछ ।
- उहाँ'' यसले येशूलाई बताउँदछ (जस्तैः २:१,२८; ३:७) । तरैपनि, अन्तिम सर्वनाम उहाँबाट जन्मिएको भन्नेले परमेश्वर पितालाई बताउन खोजे जस्तो देखिन्छ, किनकि ''परमेश्वरबाट जन्भिएको भन्ने वाक्यांशलाई धैरैचोटी प्रयोग गरिएको छ -जस्तैः ३:९; ४:७; ५:१,४,१८; यूहन्ना १:१३) ।

**''धार्मिकतापन...धार्मिकतापन''** यो परिवारको विशेषतामा आशा गरिएको कुरा हो !

## विशेष शिर्षकः धार्मिकतापन

''धार्मिकतापन'' यस्तो महत्वपूर्ण शिर्षक हो, जसमा बाइबलका विद्यार्थीहरूले व्यक्तिगतरूपमा यस विचारलाई वृहतरूपमा अध्ययन गरिनुपर्छ।

पुरानो करारमा परमेश्वरको विशेषतालाई ''न्यायी'' वा ''धर्मी'' भनेर वर्णन गरिएको छ -विडिवि ८४१) । मेसोपोटामियाको परिवेशमा नदीको नर्कट आफैबाट आउँछ, भन्ने हुन्छ, जसलाई निर्माण साधनको रूपमा भित्ता र बारहरूलाई सिधा बनाउने क्षितिजिय न्यायको रूपमा प्रयोग गरिन्थ्यो परमेश्वरले यो परिवेशलाई उहाँको आफ्नै प्रकृतिमा आल)कारिक रूपमा प्रयोग गर्नलाई छान्नुभयो । उहाँ सिधा शासक हुनुहुन्छ, जसद्वारा सर्ब चिज हरूमा मुल्याङ्कन गरिएका छन् । यो विचारले परमेश्वरको धार्मिकतापनको साथसाथै उहाँलाई न्याय गर्ने अधिकार भएको कुरा बताउँदछ ।

मानिसलाई परमेश्वरको स्वरुपमा सृष्टि गरिएको थियो -जस्तैः उत्पत्ति १:२६-२७; ५:१,३; ९:६) । मानिस जातिलाई परमेश्वसँग संगति गर्नलाई सृष्टि गरिएको थियो । सबै सृष्टि परमेश्वरको निम्ति तह वा स्तर हो, र यो मानवजातिको अन्तरक्रियामा चाहिन्छ । परमेश्वरले उहाँको महान् सृष्टिमा मानव जातिलाई जान्न, प्रेम गर्न, सेवा गर्न र उहाँजस्तै हुन यसो गर्नुभयो -जस्तैः उत्पत्ति ३ अध्याय), र सुरुका जोडी जाँचमा असफल भए । यसले परमेश्वर र मानवजातिको सम्बन्धपनलाई बाधा दिने अवस्था ल्यायो -उत्पत्ति ३ अध्याय; रोमी ५:१२-२१) ।

परमेश्वरले संगतिलाई बनाउने र स्थापित गर्ने प्रतिज्ञा गर्नुभयो (जस्तैः उत्पत्ति ३:१५) । उहाँले यसलाई उहाँको आफ्नै चाहना र उहाँको आफ्नै पुत्रद्वारा गर्नुभयो । मानव जाति भंग भएको शान्तिलाई स्थापित गर्न सक्षम भएका थिए (रोमी १:१८-३:२०) ।

पतन भएपछि, स्थापित गर्ने परमेश्वरको पहिलो पदममा उहाँको आमन्त्रणलाई आधार बनाएर करारको धारणा र मानवजातिको पश्चात्ताप, विश्वासयोग्यता र आज्ञाकारीताको प्रतिक्रिया थियो । मानिस जाति पतन भएको कारणले गर्दा उपयुक्त कार्य गर्न असक्षम भए -जस्तैः रोमी ३:२१-३१; गलाती ३ अध्याय) । तोडिएको मानवजातिको करारको सम्बन्धलाई स्थापित गर्ने सकृयता परमेश्वरको आफ्नै थियो । उहाँले यसलाई यसरी गर्नुभयोः

१. येशू खीष्टको कार्यद्वारा मानव जातिलाई धर्मी घोषणा गरिएको (जस्तैः अगाडि नै भएको धार्मिकतापन)
२. येशू खीष्टको कार्यद्वारा मानब जातिलाई स्वतन्त्र रूपमा दिइएको धार्मिकतापन (जस्तैः दोष लगाएको धार्मिकतापन)
३. बास गरेको आत्मालाई प्रदान गर्नु, जसले मानवजातिमा धार्मिकतापनलाई उत्पादन गर्दछन् (जस्तैः खीष्टकै स्वरुपमा, परमेश्वरको स्वरुपलाई स्थापित गर्नु) ।

तरैपनि, परमेश्वरलाई करारको प्रतिज्ञाको खाँचो पर्दछ । परमेश्वरले सित्तैमा दिनुहुन्छ, र प्रदान पनि गर्नुहुन्छ, तर मानवजातिले निरन्तररूपमा निम्न तरिकाले प्रतिक्रिया दिनुपर्छः

१. पश्चात्ताप
२. विश्वास
३. जीवनशैलीको आज्ञाकारिता
४. धैर्यता

त्यसकारण, धार्मिकतापन करारसँग सम्बन्धित हुन्छ, र परमेश्वर र उहाँको महान् सृष्टिको बीचमा पारस्परिक कार्य हुन्छ । येशू खीष्टको कार्य र परमेश्वरको चरित्रलाई आधार बनाएर आत्माले सक्षम बनाउनुहुन्छ, जसमा हरेक व्यक्तिले उपयुक्त तरिकाले व्यक्तिगत रूपमा र निरन्तर प्रकारले प्रतिक्रिया जनाउनुपर्छ । यो विचारलाई विश्वासद्वारा धर्मी ठहरिनु भनिन्छ । यो विचारलाई ''विश्वासद्वारा धर्मी ठहरिनु'' भनिन्छ । यो विचार सुसमाचारमा प्रकट भएको छ, तर यी परिवेशहरूमा चाहिँ होइन । यो सामान्यतया पावलद्वारा परिभाषित भएका छन्, जसले ''धार्मिकतापन'' भन्ने ग्रीक परिवेशलाई १०० चोटी भन्दा बढी विविध स्वरुपमा प्रयोग गरेका छन् ।

पावल, गुरुहरूद्वारा तालिम प्राप्त व्यक्तिले हिब्रू भावमा डिकाइडोसन भन्ने परिवेशलाई प्रयोग गर्छन्, जुन सेप्टुआजिआन्टमा एसडिक्यू भन्ने परिवेशमा प्रयोग गरियो, ग्रीक साहित्यमा चाहिँ होइन । ग्रीक लेखहरूमा यो परिवेशलाई कुनै व्यक्तिसँग जोडिएको हुन्छ, जसले आशा गरिएको ईश्वर र समाजलाई निश्चित गर्छन् ।

हिब्रू अर्थमा यसलाई सधैं करार गरिएको परिवेशमा बनाइएको हुन्छ। यहोवा न्यायी र नैतिक रूपमा असल परमेश्वर हुनुहुन्छ। उहाँले आफ्ना मनिसहरूलाई उहाँको चरित्रलाई देखाएको चाहना राख्नुहुन्छ। छुटकारा पाएको मानवजाति नयाँ सृष्टि बन्दछन्। यो नयाँपनले परमेश्वर जस्तै हुने नयाँ जीवनशैली प्रदान गर्दछन् (रोमन क्याथोलिकले न्यायीकरण हुने कुरामा जोड दिने)। इस्राएल ईश्वरमा विश्वास गर्ने राष्ट्र भएकोले त्यहाँ सांसारिक (समाजका मुल्यहरू) र पवित्रता (परमेश्वरको चाहना) मा कुनै स्पष्ट भिन्नताहरू थिएनन्। हिब्रू र ग्रीक परिवेशमा प्रकट गरिएको फरक पनालाई अंग्रेजीमा "न्याय" (समाजसँग सम्बन्धित) र "धार्मिकतापन" (धर्मसँग सम्बन्धित) भनेर अनुवाद गरिएको छ।

येशू ख्रीष्टको सुसमाचार वा असल खबर यो हो कि, पतन भएको मानवजाति परमेश्वरसँगको संगतिमा स्थापित भएको हुन्छ। यो पिताको प्रेम, कृपा, दया, पुत्रको जीवन, मृत्यु, पुनरुत्थान, र आत्माले फकाएर सुसमाचारतर्फ तान्ने गरिन्छ। न्यायीकरण भनेको परमेश्वरको स्वतन्त्र कार्य हो, तर यसलाई ईश्वरीयपनमा निकाल्नुपर्छ (अगष्टिनको स्थान, जसले सुधारिएको सुसमाचारलाई जोड दिन्छन्, र रोमन क्याथोलिकले प्रेम र विश्वासयोग्यपनमा परिवर्तन भएको परिवर्तित जीवनलाई जोड दिन्छन्)। सुधारवादीहरूको निम्ति "परमेश्वरको धार्मिकतापन" भन्ने परिवेश बस्तुगत सम्बन्धकारकमा हुन्छ -जस्तैः मानव जातिलाई पापपूर्णतामा बनाउने कार्यलाई परमेश्वरमा स्वीकारिन्छ (स्थानको शुद्धिकरण), जुनचाहिँ परमेश्वरजस्तै हुने प्रकृया हो (अनुभगको प्रगतिशिल शुद्धिकरण, वास्तवमा यो निश्चितरूपमा दुवै हुन्छ)।

मेरा विचारमा उत्पत्ति ४ अध्यायदेखि प्रकाश २० अध्यायसम्म आएका बाइबलका सबै कुराहरू परमेश्वरले अदनमा स्थापित गर्नुभएको अभिलेख हो। बाइबल परमेश्वर र मानबजातिको यस धर्तीमा भएको कुरासँग सुरु हुन्छ (उत्पत्ति १-२ अध्याय) र बाइबलको अन्त पनि उही परिवेशमा नै हुन्छ -जस्तैः प्रकाश २१-२२ अध्याय)। परमेश्वरको स्वरुप र उद्देश्यलाई स्थापित गरिनेछ।

यी माथिका छलफलहरूलाई मिलाउनको लागि ग्रीक शब्द समूहलाई उदृत गर्न तलका नयाँ करारका खण्डहरूलाई छान्नुपर्ने हुन्छः

१. परमेश्वर धर्मी हुनुहुन्छ -कतिचोटी परमेश्वरलाई न्यायकर्ताको रूपमा जोडिएको)
    क) रोमी ३:२६
    ख) २ थेसलोनिकी १:५-६
    ग) २ तिमोथी ४:८
    घ) प्रकाश १६:५
२. येशू ख्रीष्ट धर्मी हुनुहुन्छ,
    क) प्रेरित ३:१४; ७:५२; २२:१४ (मसिह भ्नन् शिर्षक)
    ख) मत्ती २७:१९
    ग) १ यूहन्ना २:१,२९; ३:७
३. परमेश्वरले उहाँको सृष्टिको निम्ति गर्नुभएको चाहना धार्मिकतापन हो
    क) लेवी १९:२
    ख) मत्ती ५:४८ (जस्तैः ५:१७-२०)
४. परमेश्वरको धार्मिकतापनलाई प्रदान गर्ने र उत्पादन गर्ने साधन
    क) रोमी ३:२१-३१
    ख) रोमी ४ अध्याय
    ग) रोमी ५:६-११)
    घ) गलाती ३:६-१४
    ङ) परमेश्वरद्वारा दिइएको
        १) रोमी ३:२४; ६:२३
        २) १ कोरिन्थी १:३०
        ३) एफिसी २:८-९
    च) विश्वासद्वारा प्राप्त गरिएको
        १) रोमी १:१७; ३:२२,२६; ४:३,५,१३; ९:३०; १०:४,६
        २) २ कोरिन्थी ५:७,२१
    छ) पुत्रको कार्यद्वारा
        १) रोमी ५:२१
        २) २ कोरिन्थी ५:२१
        ३) फिलिप्पी २:६-११
५. परमेश्वरको चाहना उहाँलाई पछ्याउनेहरू धर्मी बन्न' हो
    क) मत्ती ५:३-४८; ७:२४-२७
    ख) रोमी २:१३; ५:१-५; ६:१-२३
    ग) १ तिमोथी ६:११
    घ) २ तिमोथी २:२२; ३:१६
    ङ) १ यूहन्ना ३:७
    च) १ पत्रुस २:२४
६. परमेश्वरले यस संसारलाई धार्मिकतापनमा न्याय गन'हुनेछ
    क) प्रेरित १७:३१
    ख) २ तिमोथी ४:८

धर्मिकतापन परमेश्वरको विशेषता हो, र पापपूर्ण मानिसजातिलाई येशू खीष्टद्वारा सित्तैमा दिइएको छ। यो
१. परमेश्वरको एउटा आदेश हो
२. परमेश्वरको एउटा वरदान हो
३. खीष्टको एउटा कार्य हो

तर यो धार्मिकता हुने प्रकृया पनि हो, जसलाई जोडदार र दृढ रूपमा जारी राख्न सकिन्छ, जसलाई एक दिन उहाँको दोस्रो आगमनमा उपभोग गर्न सकिन्छ। परमेश्वरसँगको संगतिले मुक्तिलाई स्थापित गरिन्छ, तर मृत्यु र दोस्रो आगमनको आमने-सामनेको सम्बन्धभरि नै जीवनलाई प्रगतिमा ल्याइन्छ।

यहाँ यो छलफललाई अन्त्य गर्ने असल भनाइ पनि आएको छ। यसलाई पावल र उनका पत्रहरू भन्ने शब्दकोषबाट लिइएको छ।

"लूथरले भन्दा काल्भिनले परमेश्वरको धार्मिकतापनको सम्बन्धको पक्षलाई जोड दिएका छन्। परमेश्वरको धार्मिकतापनमा लुथरको विचार दोषबाट छुटकारा पाउने भन्ने पक्षको विचार आएजस्तो देखिन्छ। काल्भिनले संचारको वृहत स्वभावलाई जोड दिएजस्तो देखिन्छ, वा परमेश्वरको धार्मिकतालाई हामीमा दिइएको हुन्छ (पाना ८३४)।"

मेरो निम्ति विश्वासीहरूको सम्बन्धपनमा परमेश्वरका तीनवटा पक्षहरू छन्:
१. सुसमाचार भनेको व्यक्ति हो (पूर्वीय मण्डली र काल्भिनले जोड दिएका)
२. सुसमाचार सत्यता हो (अगष्टिन र लूथरले जोड दिएका)
३. सुसमाचार परिवर्तित जीवन हो (क्याथोलिकले जोड दिएका)

तिनीहरू सबै नै सत्य छन्, र स्वस्थ, राम्रो, बाइबलीय विश्वासलाई सँगसँगै राखिनुपर्छ। यदि कुनै एउटालाई बढी जोड वा तुच्छ संझियो भने समस्या खडा हुँदछ।

हामीले येशूलाई स्वागत गर्नुपर्छ!
हामीले स ुसमाचारमा विश्वास गर्नुपर्छ!
हामीले खीष्टपनजस्तै जारी राख्नुपर्छ!

- **"जन्मनु"** यो सिद्ध निष्क्रिय सूचक हो, जसको अर्थ मिलाइएको अवस्थामा बाहिरी बस्तुद्वारा ल्याइएको हुन्छ, र परमेश्वर पिताले यसलाई दिनुहुन्छ (जस्तैः यूहन्ना ३:३)। खीष्टियन विश्वास र यसको परिवारलाई वर्णन गर्न अर्को परिचित अलंकार (३:९) लाई प्रयोग गर्ने कुरालाई याद गर्नुहोस्। ३:१घ को टिपोटलाई हेर्नुहोस्।

३:१ "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ" यहाँ प्रयोग गरिएको प्रेम भन्ने परिवेश र १ यूहन्ना भरि नै अगापे -क्रिया) वा अगाप (संज्ञा जस्तै २:५,१५; ३:१,१६,१७; ४:७,८,९?१०,१२,१६,१७,१८; ५:३)। यो परिवेश शास्त्रीय ग्रीकमा प्रयोग गरिएको थियो, तर धेरैचोटी होइन। यहाँ यस्तो कुरा देखिन्छ, कि सुरुको मण्डलीले सुसमाचारको सन्दर्भमा यसलाई पुनः परिभाषित गरेका छन्। यसले गहिरो रहने प्रेमको रूपमा प्रतिनिधित्व गर्छ। "परमेश्वर ले आफैलाई दिने प्रेमको एक प्रकार" भन्नु अस्पष्ट हुन्छ, किनकि यो यूहन्नाको सुसमाचारमा फिलियोको समान रूपमा प्रयोग गरिएको छ -जस्तैः यूहन्ना ५:२०; ११:३,३६; १२:२५; १५:१९; १६:२७; २०:२; २१:१५-१७)। तरैपनि, यसका यो कुरा चाखलाग्दो छ, कि यसलाई सधैं विश्वासीहरूले विश्वासीहरूलाई प्रेम गर्ने (१ यूहन्ना) प्रयोग गरिन्छ। येशू खीष्टसँग भएको विश्वास र संगतिले हाम्रो ईश्वरसँग र मानवजातिसँगको सम्बन्धलाई परिवर्तन गर्दछ!

- "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ" यो सिद्ध सकृय सूचक हो। यस कालको प्रयोग खीष्टमा भएको मुक्तिको परमेश्वरको वरदानसँग जोडिएको छ, जुनचाहिँ विश्वासीहरूको सुरक्षाको निम्ति भएको सिद्धान्तको बाइबलीय आधार थियो -जस्तैः यूहन्ना ६:३५-४०; १०:१-५, एफिसी २:५-८; ५:१)। यूहन्ना ६:३७ मा खीष्टियन निश्चयतालाई विशेष शिर्षकमा हेर्नुहोस्।

## विशेष शिर्षकः कसैको मुक्तिको निम्ति नयाँ करारको प्रमाण

यो येशू खीष्टमा नयाँ करारमा सम्बन्धित छ -यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३८:
१. पिताको विशेषता (यूहन्ना ३:१६, पुत्रको कार्य (जस्तैः २ कोरिन्थी ५:२१), र आत्माको सेवकाइ (जस्तैः रोमी ८:१४-१६), नत मानवीय प्रर्दशनीमा, नत आज्ञाकारीताको निम्ति ज्याला दिने कुरामा, नत केवल लिखित कुरामा नै हुन्छ।
२. यो वरदान हो (जस्तैः रोमी ३:२४; ६:२३; एफिसी २:५, ८-९)।
३. यो एउटा नयाँ जीवन र नयाँ दृष्टिकोण हो (जस्तैः याकूब र १ यूहन्ना)
४. यो ज्ञान (सुसमाचार), संगति (येशू खीष्टमा र सँग भएको विश्वास), र एउटा नयाँ जीवनशैली (आत्माले अगुवाइ गरेको खीष्टपन जस्तै सबै तीनवटा, कुनै यो आफै एउटाजस्तो होइन।
५. १ यूहन्ना २:३-२७ ग मा भएको साँचो मुक्तिको पाठगत अन्तदृष्टिको जाँचलाई हेर्नुहोस्।

- "कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं" यो एओरिष्ट निष्क्रिय विषयगत हो, जसलाई प्रतिष्ठित शिर्षकको भावमा परमेश्वरद्वारा दिइएको (परमेश्वरका सन्तान) रुपमा प्रयोग गरिन्छ।

- **"परमेश्वरका सन्तान"** यसले २:२९-३:१० लाई जोड दिन्छ । यसले हाम्रो मुक्तिको निम्ति परमेश्वरको सकृयतालाई निश्चित गर्दछ -जस्तैः यूहन्ना ६:४४,६५) । यूहन्नाले विश्वासीहरूको ईश्वरसँगको नयाँ सम्बन्धलाई परिचित सन्दर्भमा वर्णन गर्नलाई प्रयोग गर्दछन् (जस्तै २:२९; ३:१,२,९,१०; यूहन्ना १:१२) ।

यो चाखलाग्दो कुरा छ, कि यूहन्ना र पत्रुसले "फेरी जन्मने" वा "माथिबाट जन्मने" जस्ता परिचित अलंकारको प्रयोग गरे, जबकि पावलले परिचित अलंकार "ग्रहण" को प्रयोग गरे (जस्तैः रोमी ८:१५,२३; ९:४; गलाती ४:१-५; एफिसी १:५), र याकूबले परिचित अलंकार "जन्मनु" वा "अगाडि ल्याउनु" भन्नेलाई प्रयोग गरे (याकूब १:१८), र येशू ख्रीष्टद्वारा परमेश्वरसँगको नयाँ सम्बन्धलाई विश्वासीहरूमा वर्णन गरिन्छ । ख्रीष्टियन विश्वास भनेको परिवार हो ।

**"र साँच्चै हौं पनि"** यो वर्तमान् सूचक हो । यो वाक्यांश बाइबलको राजा याकूबको संस्करणमा पाइदैन, किनकि यसलाई पछिबाट ग्रीक हस्तलेखनहरूमा समावेश गरिएको थिएन (जस्तैः के र एल), जसमा केजेभि आधारित छ । यो वाक्यांश धेरैजसो प्राचीन ग्रीक हस्तलेखनहरूमा देखा पर्दछ (पि४७, !, ए, वि, र सि) । यसलाई युवियस४ ले यसको समावेश गरिएको कुरालाई "क" तह निश्चित रुपमा दिँदछ । पाठगत आलोचनाको परिशिष्ट २ लाई हेर्नुहोस् ।

- "यसैकारण त संसारले हामीलाई चिन्दैन" "संसार" भन्ने परिवेश २:१५-१७ मा जस्तै ईश्वरशास्त्रीय रूपमा प्रयोग गरिएको छ । संसार भन्नेले मानवीय व्यवस्थित समाजलाई देखाउँछ, र यसले परमेश्वरबिना कार्य गर्दछ -जस्तैः यूहन्ना १५:१८-१९; १७:१४-१५) । हाम्रो येशू ख्रीष्टमा भएको स्थानलाई देखाउने अर्को विधि सतावट र संसारले गर्ने इन्कारी हो (मत्ती ५:१०-१६) ।

"किनभने त्यसले उहाँलाई चिनेन" अन्ततः यो परमेश्वर पिताको सन्दर्भ हो, किनकि यूहन्नाको सुसमाचारमा यूहन्नाले घरि-घरि भन्दछन्, कि संसारले उहाँलाई चिन्दैन (जस्तैः यूहन्ना ८:१९,५५; १५:१८,२१; १६:३) । १ यूहन्नामा आएका सर्वनामहरूका अर्थ स्पष्ट छैनन् (२:२८ को टिपोटलाई हेर्नुहोस्) । यो परिवेशमा व्याकरणीय कुराहरू पितामा अगाडि नै भएका हुन्छन्, तर पद २ मा दिइएको ईश्वरशास्त्रीय सन्दर्भ पुत्र भन्ने हुन्छ । तरैपनि, यूहन्नामा यो उद्देश्यपूर्ण अर्थको अष्पष्टता हुन्छ, किनकि येशूलाई हेर्नु भनेको पितालाई हेर्नु हो (जस्तैः यूहन्ना १२:४५; १४:९) ।

३:२ "यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं" यसले यूहन्नाको असक्षमतालाई वर्णन गरेर बताउँदछ, जसले अन्तिम समयका घटनाहरू पनि बताउँछन् (जस्तै प्रेरित १:७) वा पुनरुत्थान भएको शरीरको ठ्याक्कै स्वभाव हुन्छ (१ कोरिन्थी १५:३५-४९) । यसले यो कुरा पनि देखाउँदछ, कि २:२७ को अर्थ सबै क्षेत्रमा सम्पूर्ण ज्ञान दिनु भन्ने होइन । अझ यस घटनामा येशूको ज्ञान सिमित थियो, जबकि उहाँ अवतारित हुनुभयो ( जस्तै मत्ती २४:३६; मर्कूस १३:२२) ।

- "जब उहाँ देखापर्नुहुन्छ" जब भन्ने परिवेशले तेस्रो तहको सर्तात्मक वाक्यलाई परिचय गराउँदछ । यो यहाँ दोस्रो आगमनलाई प्रश्न गर्न प्रयोग गरिएको छैन, तर यसको अनिश्चित मिति प्रकट गरिन्छ । अहिले पूर्ण मुक्तिलाई जोड दिए तापनि, दोस्रो आगमनलाई पनि आशा राखिन्छ ।
- "तब हामी उहाँजस्तै हुनेछौं" यसमा हाम्रो ख्रीष्टजस्तैपनाको उपभोगको संलग्नता हुनेछ (२ कोरिन्थी ३:१८; एफिसी ४:१३; फिलिप्पी ३:२१; कलस्स्सी ३:४) । यसलाई कतिचोटी "महिमित" हुने भनेर भनियो (रोमी ८:२८-३०) । यो हाम्रो मुक्तिको चरम बिन्दु हो । यो भविष्यसम्बन्धि परिवर्तन मानवीय सृष्टिको उहाँकै स्वरुपपनमा परमेश्वरकै स्वरुपमा पूर्ण स्थापित हुँदा सम्बन्धित हुन्छ (उत्पत्ति १:२६; ५:१, ३; ९:६) । परमेश्वसँगको नजिकको सम्बन्ध फेरी सम्भव छ !
- "किनकि उहाँ जस्तो हुनुहुन्छ, हामी उहाँलाई त्यस्तै देख्नेछौं" अयूबले परमेश्वरलाई देख्ने चाहना गरे (अयूब १९:२५-२७) । येशूले हामीलाई यो कुरा भन्नुभयो, कि हृदयमा शुद्ध हुनेले परमेश्वरलाई देख्नेछन् (मत्ती ५:८) । उहाँलाई उहाँको पूर्णतामा देख्नु भनेको हामी उहाँको जस्तै पनमा परिवर्तित हुनेछौं (१ कोरिन्थी १३:१२) । यसले येशूको दोस्रो आगमनमा महिमित हुने कुरालाई देखाउँछ (रोमी ८:२९) । यदि "न्यायीकरण हुनु" भन्नेको अर्थ पापको दासत्वबाट स्वतन्त्र हुनु हो भने, "शुद्धीकरण" को अर्थ पनि पापको शक्तिबाट स्वतन्त्र हुनु हो, तब महिमित हुनुको अर्थ पापको उपस्थितिबाट स्वतन्त्र हुनु हो ।

३:३ "सबैजना" पास भन्ने ग्रीक परिवेश २:२९ देखि ३:१० मा सातचोटी आएको छ । त्यहाँ कुनैपनि प्रकट हुने कुरा छैनन् । यूहन्नाले सत्यतालाई नाङ्ग रूपमा, र कालो र सेतो समूहमा प्रस्तुत गर्दछन् । एकजना कित परमेश्वरको बालक हुन्छ, कित शैतानको बालक हुन्छ (जस्तैः २:२९; ३:३,४,६,९,१०) 9,10).

- "यो आशा" कतिचोटी पावलमा यो परिवेशले पुनरुत्थान भएको दिनलाई बताउने गर्दछ -जस्तैः प्रेरित २३:६; २४:१५; २६:६-७; रोमी ८:२०-२५; १ थेसलोनीकी २:१९; तीतस २:१३; १ पत्रुस १:३, २१) । यसले घटनाको निश्चयतालाई प्रकट गर्दछ, तर यसमा अर्थ स्पष्ट नभएको समयको तत्व हुन्छ ।

यूहन्नाले अन्य नयाँ करारका लेखकहरूले जस्तै दोस्रो आगमनको "त्यो आशा"को बारेमा त्यति धेरै बताएका छैनन् । यो मात्रै उनको लेखमा प्रयोग गरेको परिवेश हो । उनले अहिले ख्रीष्टमा "रहनु" को बाध्यता, र फाइदाहरूलाई जोड दिएका छन् । तरैपनि, यो उनले नगरेकोमा दुष्टताको न्यायको अन्तिम समयमा लागु गर्नलाई चाहिँ होइन (२:१८) र विश्वासीहरूको अन्तिम समयमा महिमित हुने पनि होइन -जस्तैः ३:१-३) ।

"जस्तो उहाँ पवित्र हुनुहुन्छ, आफूलाई पवित्र पार्छ" यो वर्तमान् सकृय सूचक हो । शुद्धता महत्वपूर्ण हुन्छ -जस्तैः मत्ती ५:८, ४८) । हामीले शुद्धिकरण गर्ने प्रकृयामा सहायता गर्नुपर्छ (जस्तै २ कोरिनथी ७:१; याकूब ४:८; १ पत्रुस १:२२; २ पत्रुस ३:१३,१४), त्यसरी नै यूहन्नाल १:१२ मा हामीले शुद्धिकरण गर्ने प्रकृयामा सहायता गर्नुपर्ने कुरा बताउँदछन् । हाम्रो मुक्तिमा परमेश्वरको भाग, र मानवीय स्वतन्त्र चाहनाको हाम्रो भागको बीचमा रहेको उही चिन्तालाई इजकिएल १८:३१ सँग ३६:२६-२७ लाई तुलना गरेर स्पष्टरूपमा देख्न सकिन्छ । परमेश्वरले सधैं नै सकृयता लिनुहुन्छ (यूहन्ना ६:४४,६५), तर उहाँले यो कुराको माग गर्नुभएको छ, कि करारका मानिसहरूले सुरुको पश्चात्ताप र विश्वासद्वारा प्रतिक्रिया जनाउनुपर्छ, साथसाथै निरन्तररूपमा हुने पश्चात्ताप विश्वास, आज्ञाकारीता, सेवा, आराधना र धैर्यता पनि हुनुपर्छ ।

यो येशूको यूहन्ना १७ अध्यायको विशेष पदहरू १७, र १९ मा दिइएको संकेत हुन सक्छ । उहाँले आफैलाई शुद्ध पार्नुहुन्छ, उहाँलाई पछ्याउनेहरूले तिनीहरू आफैलाई शुद्ध पार्छन् । त्यहाँ फरक स्वरुपका उही आधारभूत कुराहरूलाई प्रयोग गर्दा यो केही अर्थमा आश्चर्यलाग्दो हुन सक्छ ।

१. यूहन्ना १७:१७,१९ - हागिओस (हागिओस, जस्तैः यूहन्ना १०:३६)
२. १ यूहन्ना ३:३ - हागोनोस (हागोनोस, जस्तैः यूहन्ना ११:५५)

## ३:४-१० को पाठगत अन्तर्दृष्टि

क. यो खण्ड ख्रीष्टियन सिद्धताको बीचमा बादबिवाद्को केन्द्र भएको छ (रोमी ६ अध्याय), जहाँ कहिलेकाहीँ यसलाई सम्पूर्ण शुद्धिकरण र ख्रीष्टियनहरूले गर्ने निरन्तर पापको कुरा हुन्छ (रोमी ७ अध्याय)।

ख. हामीले हाम्रो ईश्वरशास्त्रीय प्रवृत्तिको प्रभावलाई हाम्रो व्याख्यामा यस पाठमा प्रभाव पार्नुपर्ने हुन्छ। हामीले अन्य पाठहरूले यस पाठलाई प्रभाव पार्नलाई अनुमति दिनु पर्दैन, जबसम्म हाम्रो यस पाठको स्वतन्त्र अध्ययन पूरा हुँदैन, र येशूले अध्याय ३ र १ यूहन्नाको सम्पूर्ण पुस्तकमा भनिरहेका थिए।

ग. पाठले यो लक्ष्यलाई स्पष्टरूपमा प्रस्तुत गर्दछ, कि सबै विश्वासीहरूले पापबाट पूर्ण छुटकाराको चाहना राख्दछन्। यो उही आदर्शतालाई रोमी ६ अध्यायमा प्रस्तुत गरिएको छ। हामीलाई येशू ख्रीष्टको शक्तिद्वारा पापरहित जीवन जिउने संभावित शक्तिलाई प्राप्त गर्छौं।

घ. तरैपनि, यस खण्ड १ यूहन्नाको सम्पूर्ण पुस्तकको वृहत परिवेशमा मिल्नुपर्दछ।
१. यो खण्डलाई १:८-२:२ को सम्बन्ध बिना नै व्याख्या गर्नु मूर्खताबिना नै हुने गर्दथ्यो (ख्रीष्टियनहरूले अझै पाप गर्छन्)।
२. यो खण्डलाई यस्तो प्रकारले व्याख्या गरिनुपर्छ, कि १ यूहन्नाको सम्पूर्ण उद्देश्यलाई हराउनुपर्छ, र झुटा शिक्षाको विरुद्धमा ल्याउने मुक्तिको निश्चयताको दावीलाई प्राप्त गर्नुपर्छ।
३. यो खण्ड पापपनाको वा पापको मुल्य नभएको कुरासँग झुटा शिक्षकहरूको दावीलाई पनि सम्बन्धित बनाइनुपर्छ। सम्भवत् १:८-२:२ ले झुटा शिक्षाको बारेमा वृहत रूपमा सामना गर्दछ, जबकि ३:१-१० ले अन्य कुराहरूको सामना गर्दछ। नयाँ करारका पत्रहरूलाई व्याख्या गर्दा यो कुरालाई याद गर्नुपर्छ, कि यो आधी टेलिफोनमा कुरा गरेजस्तो हुन्छ।

ङ. यी दुईवटा खण्डहरूको बीचमा बिडम्बनापूर्ण सम्बन्धको अस्तित्व रहन्छ। ख्रीष्टयनहरूको जीवनमा हुने पाप लगातार भइरहने समस्या हो (रोमी ७ अध्याय)। यसले भविष्यमा हुने उही जातिय चिन्ता, स्वतन्त्र चाहना, सुरक्षा, र धैर्यताको स्वरुपलाई बनाउँदछ। यो बिडम्बनाले ईश्वरशास्त्रीय संतुलन प्रदान गर्दछ, र बढी स्थानलाई आक्रमण गर्दछ। झुटा शिक्षकहरूले पापको क्षेत्रमा दुईवटा गल्तीहरूलाई प्रस्तुत गरेका थिए:

च. त्यो सम्पूर्ण ईश्वरशास्त्रीय छलफल गलत समझदारीको फरकपनको बीचमा छलफल गर्न सकिन्छ:
१. हाम्रो येशू ख्रीष्टमा भएको स्थान
२. हाम्रो दैनिक जीवनमा अनुभव गरेको कुरालाई स्थान दिएर पूरा गर्ने शक्ति
३. विजय एकदिन हाम्रो पक्षमा हुन्छ भन्ने कुराको प्रतिज्ञा
हामी येशू ख्रीष्टमा भएको पापको ज्याला (धर्मीकरण) बाट स्वतन्त्र छौं, तरैपनि अझै हामीले यसको शक्तिसँग संघर्ष गर्दछौं (शुद्धिकरण), र एकदिन हामी यो उपस्थितिबाट स्वतन्त्र (महिमित) हुनेछौं। यस पुस्तकले सम्पूर्णतामा हाम्रा पापहरूलाई स्वीकार गर्ने कुरालाई सिकाउँदछ, र पाप नहुनेतर्फ अगाडि बढाउँदछ।

छ. अर्का् विकल्प यूहन्नाको साहित्यिक दोहोरोपनबाट आउँदछ। यसलाई उनले सेतो र रातो समूहमा लेखे (मृत सागरको मुट्ठहरूमा पनि पाइएको)। उहाँको निम्ति एउटा ख्रीष्टमा थियो, र त्यसकारण यो धर्मी भयो, वा शैतानमा भएको कारणले पापी भयो। त्यहाँ कुनैपनि तेस्रो समूह भन्ने थिएन। यसले बाहिरी उठाउने बोलावट, सांस्कृतिक, आधी समय, दफनको कार्य, इष्टर र ख्रीष्टमसको कार्यलाई सेवा प्रदान गर्दछ।

ज. यस कठिन विषयका केही सन्दर्भहरू
१. यस खण्डको सातवटा परम्परागत व्याख्याको निम्ति "यूहन्नाका पत्रहरू" भन्नेमा जोन आर. डब्लू स्टटद्वारा लिखित टिन्डेल नयाँ करारको टिप्पणीमा, एण्डरसनको प्रकाशनको पानाहरू १३०-१३६ लाई हेर्नुहोस्।
२.सिद्धताको स्थानको निम्ति असल व्यवहार गर्न एच. ओर्लेन विलिद्वारा लिखित र बेकन हिल प्रेसद्वारा प्रकाशित ख्रीष्टियन ईश्वरशास्त्रको इकाई २ को पाना ४४० को अगाडि हेर्नुहोस्।
ख्रीष्टियनको जीवनमा हुने एउटा निरन्तर पापको सिद्धान्तको एउटा असल व्यवहारको निम्ति बि. बि. वारफिल्डद्वारा लिखित र प्रष्बेटेरियन र सुधारवादी प्रकाशनद्वारा प्रकाशित, "सिद्धता" भन्ने पुस्तकलाई हेर्नुहोस्।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब -अत्याधुनिक बनाइएको) पाठः ३:४-१०**

"पाप गर्ने हरेकले व्यवस्था भंग गर्दछ। पाप नै व्यवस्था भंग हो। पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ, र उहाँमा कुनै पाप छैन। उहाँमा रहने कसैले पाप गरिरहँदैन। पाप गरिरहने कसैले उहाँलाई नता देखेको छ, न चिनेको नै छ। साना बालकहरू, कुनै मानिसहरूले तिमीलाई छल्न नपरोस्। जसले ठीक काम गर्छ, त्यो धार्मिक हो, जस्तो उहाँ धार्मिक हुनुहुन्छ। जसले पाप गर्छ, त्यो दियाबलसको हो। किनभने दियाबलस त सुरुदेखि नै पाप गर्दै आएको छ। दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनु भएको हो। परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप गरिरहन सक्दैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हो। परमेश्वरको सन्तान को हो, र दियाबलसको सन्तान को हो, यसैबाट प्रष्ट हुन्छ, ठीक काम नगर्ने व्यक्ति परमेश्वरको सन्तान होइन, जसले आफ्नो दाज्यू भाइलाई प्रेम गर्दैन।

३:४

नासाब “सबैजना जसले पापको अभ्यास गर्छन्, व्यवस्थाबिनापनको पनि अभ्यास गर्छन्”

एनकेजेभि “जो कोहीले पाप गर्छन् भने, उनले व्यवस्थाबिनापको कार्य पनि गर्छन्”

एनआरएसभि “सबैजना पाप गर्ने व्यक्ति, पापपनबिनाको दोषी हुन्छन्”

टिइभि “पाप गर्ने हरेक जना परमेश्वरको व्यवस्थालाई तोड्ने दोषी हुन्छन्”

एनजेबि “जो कोहीले पाप गर्छन् भने तिनीहरूले दुष्ट कार्य गर्छन्”

यहाँ र पद ६ मा “सबैजना” भन्ने सर्वनामलाई दिइएको छ । यो परिवेशले सबै मानवजातिलाई सम्बन्धित बनाउँदछ !

यो वर्तमान् सकृय कृदन्त र वर्तमान् सकृय सूचक हो । यो वर्तमान् कालको क्रियामा महत्वपूर्ण छ, कि जसले बानीगत निरन्तर भइरहने कार्यलाई जोड दिन्छ, र २:१-२ मा भएको एओरिष्ट सकृय विषयगतको विरोधाभाषमा हुन्छ, तरैपनि यस खण्डको ईश्वरशास्त्रीय समस्या (३:६-९ सँग १:७-१० लाई तुलना गर्दा क्रियाको कालसँग पूर्णरूपमा समाधान गर्न सकिदैन । यसलाई ऐतिहासिक परिवेशमा दुई किसिमका झुटा शिक्षकहरूलाई र पुस्तकको सम्पूर्ण परिवेश मा समाधान गरिन्छ ।

यस खण्डको अर्को फरकपना यसको “व्यवस्थापनबिहिन” भन्ने परिवेशलाई प्रयोग गर्नु हो । यसले व्यवस्थालाई तोड्ने कुरामात्र गर्दैन (मोसाको व्यवस्था वा सामाजिक मुल्यहरू), तर विद्रोही आचरणलाई पनि सकेजति तोड्दछ । २ थेसलोनिकी २:३,७ मा खीष्ट विरोधी कार्यलाई वर्णन गर्न यो उहाँ शब्द नै प्रयोग गरिएको छ । यो पापको पूर्ण परिभाषा हुन सक्छ -जस्तैः यूहन्ना ९:४१; रोमी १४:२३; याकूब ५:१७), खीष्टपनजस्तैको विरोधी हुने (पद ५) मा मापदण्ड वा नियमलाई मिच्नेमात्र होइन ।

३:५ “उहाँ प्रकट हुनुभएको” यो एउटा एओरिष्ट निष्क्रिय सूचक हो, जसले येशू खीष्टको अवतारको बारेमा बताउँदछ (जस्तैः पद ८, २ तिमोथी १:१०) । यो उही फानेरो भन्ने क्रिया हो, जसलाई उहाँको दोस्रो आगमनमा पद २ मा दुइचोटी प्रयोग गरिएको छ । उहाँ पहिला मुक्तिदाताको रूपमा आउनुभयो -जस्तैः मर्कूस १०:४५; यूहन्ना ३:१६; २ कोरिन्थी ५:२१), तर उहाँ उपभोक्ताको रुपमा फर्कनुहुनेछ । बिल हेन्ड्रिकको टिप्पणी यूहन्नाका पत्रहरू भन्नेमा मेरो मनपर्ने गुरुहरूमध्ये एकजनाले यसो भन्दछन्:

येशूको आगमनको उद्देश्यको दुईवटा धैरै पस्ने भनाईहरू यस पदमा र पद ८ मा पाइन्छन् । उहाँलाई परमेश्वरले पापहरू लिएर जानको लागि पगाउनु भएको थियो (३:५) र उहाँ दुष्टको कार्यहरूलाई नास गर्न प्रकट हुनुभएको थियो (३:८) । सबैतिर लूकाले येशूको आगमनको उद्देश्यलाई राख्दाखेरि तिनीहरू हराएकाहरूको निम्ति वचाउनु र खोज्नुपर्ने थियो (लूका १९:२०) । यूहन्नाको सुसमाचारले यो कुरा बताउँदछ, कि येशू खीष्ट उहाँका भेडाहरूले अनन्त जीवन पाऊन् भनेर आउनुभयो (यूहन्ना १०:१०) । मत्तीले येशूको नाउँलाई व्याख्या गर्दा येशूको आगमनको उद्देश्यलाई लागु गरेका छन्, र उहाँले उहाँका मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुनेछ (मत्ती १:२१) । यी सबै भनाइहरूमा आएका आधारभूत तथ्यहरू यी हुन्, कि येशू खीष्टले मानिसको निम्ति केही जिच गर्नुर्भको छ, जसलाई मानिसल ऊ आफैले गर्न सक्दैनथ्यो (पानाहरू ७९-८८) ।

- “पाप हरण गर्नलाई नै” यो एओरिष्ट विषयत हो । यो कार्य मानवीय प्रतिक्रियामा अनिश्चित हुन्छ, (जस्तैः पश्चात्ताप र विश्वास) । यो भनाईको पृष्टभूमि दुईवटा सम्भाव्य स्रोतहरूसँग सम्बन्धित छन्:

१. प्रायश्चितको दिन (जस्तैः लेबी १६ अध्याय), जहाँ दुईवटा मध्ये एउटा व्यक्तिले अर्काको दोष भोगेर साङ्केतिक रूपमा इस्राएलको पापलाई उत्पन्न गराउँदछन् (जस्तैः बप्तिस्मा दिने यूहन्नाले १:१९ मा प्रयोग गरेका) ।

२. येशूले क्रुसमा के गर्नु भयो भन्ने कुराको एउटा सन्दर्भ (यशैया ५३:११-१२; यूहन्ना १:२९; हिब्रू ९:२८; १ पत्रुस २:२४) ।

- “र उहाँमा कुनै पाप छैन” यो वर्तमान् सकृय सूचक हो । येशू खीष्टको पाप नहुनेपन -जस्तैः यूहन्ना ८:४६; २ कोरिन्थी ५:२१; हिब्रू ४:१५ १ पत्रुस १:१९; २:२२) हाम्रो पक्षमा उहाँले भोगेको प्रायश्चितको सट्टामा यो आधार बन्यो (यशैया ५३ अध्याय) ।

“पाप” पद ५ को पहिलो भागमा बहुवचनमा र अन्तिम भागमा एकवचनमा छ । त्यो पहिलो भागले पापको कार्यलाई बताउँदछ, भने दोस्रो भागले उहाँको धार्मिकतापनको चरित्रलाई बताउँदछ । विश्वासीहरूको यसमा आउने लक्ष्य यो हो, कि तिनीहरूले खीष्टको स्थानको शुद्धिकरण, र प्रगतिशिल शुद्धिकरण दुवैलाई बताउने गर्दछन् । पाप खीष्टको निम्ति र उहाँलाई पछ्याउनेहरूको निम्ति प्रतिकूल चिज बनेको हुन्छ ।

## विशेष शिर्षक:शुद्धिकरण

नयाँ करारले यस कुरालाई बताउँदछ, कि जब पापीहरू येशूतर्फ विश्वास र पश्चात्ताप गरेर फर्कन्छन्, तब तिनीहरू तत्काले शुद्ध र धर्मी बन्दछन् । यो तिनीहरूको येशू खीष्टमा भएको नयाँ स्थान हो । उहाँको धार्मिकताले तिनीहरूमा दोष लगाएको छ (रोमी ४ अध्याय) । तिनीहरूलाई धर्मी र पवित्र भनेर घोषणा गरिएको छ (परमेश्वरको कार्य) ।

तर नयाँ करारले पनि विश्वासीहरूलाई पवित्रीकरण वा शुद्धिकरणमा अनुरोध गरेको छ । यो येशू खीष्टको सिद्धिएको कार्य र खीष्टजस्तै हुने आचरणलाई बोलाउँदा दुवैमा ईश्वरशास्त्रीय स्थान रहन्छ, र दैनिक जीवनको कार्यहरू पनि हुन्छन् । जसै मुक्ति सित्तैको दान र जीवनशैलीमा सबै चिजको मुल्य राख्दछ, त्यसरी नै शुद्धिकरणले पनि गर्द्रछ ।

| सुरुको प्रतिक्रिया | एउटा प्रगतिशिल खीष्टजस्तै हुने पन |
| --- | --- |
| प्रेरित २६:१८ | रोमी ६:१९ |
| १ कोरिन्थी १:२-३; ६:११ | एफिसी १:४, २:१० |
| २ थेसलोनिकी २:१३ | १ थेसलोनिकी ३:१३; ४:३-४,७; ५:२३ |
| हिब्रू २:११; १०:१०; १४; १३:१२ | १ तिमोथी २:१५ |
| १ पत्रुस १:१२ | २ तिमोथी २:२१ |

हिब्रू १२:१४
१ पत्रुस १:१५-१६

- “उहाँमा रहने कसैले पाप गरिरहँदैन” लूका ३:४, यो अर्को, वर्तमान् सकृय कृदन्छ, र वर्तमान् सकृय सूचक हो । यो खण्ड १:८-२:२ र ५:१६ को विपरितता मा छ ।

- “पाप गरिरहने कसैले उहाँलाई नता देखेको छ, न चिनेको नै छ” यो पदमा एउटा वर्तमान् सकृय कृदन्त छ, र त्यसको पछि दुईवटा सिद्ध सकृय सूभशरू छन् । निरन्तर गरिने पापको अपराधलाई यो कुरा प्रकट गर्दछ, कि कसैले पनि खीष्टलाई चिन्दैन, र कहिल्यै पनि खीष्टलाई चिनेका हुँदैनन् पाप गर्दा

१. खीष्टको मिसनमा तरलता बन्दछ
२. खीष्टजस्तैपनको लक्ष्यमा पनि तरलता बन्दछ
३. व्यक्तिको आत्मिक सुरुवातलाई प्रकट गर्दछ (जस्तैः यूहन्ना ८:४४)

३:७ “कुनै मानिसहरूले तिमीलाई छल्न नपरोस्” यो वर्तमान् सकृय सूचकसँग नकारात्मक कृदन्त हुन्छ, जसको सामान्य अर्थमा प्रकृयामा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ । झुटा शिक्षकहरूले उपस्थिति (जस्तैः २:२६) ले उचित खालको ईश्वरशास्त्रीय बुझाइको निम्ति ऐतिहासिक अवस्थालाई मिलाउँदछ, र यसमा १ यूहन्नाको सम्पूर्ण खण्ड र पदहरू १:७-१० र ३:४ निश्चित रूपमा पर्दछन् ।

- “जसले ठीक काम गर्छ, त्यो धार्मिक हो, जस्तो उहाँ धार्मिक हुनुहुन्छ” यो पदलाई सामान्य परिवेशबाट अलग गर्न सकिँदैन, र एउटा शैद्धान्तिक स्थानलाई दोष लगाउन वा बताउनलाई प्रयोग गरिन्छ (“धार्मिकपनका कार्यहरू”) । नयाँ करार यस कुरामा स्पष्ट छ, कि मानवीय जातिहरू तिनीहरूको व्यक्तिगत फाइदाको निम्ति पवित्र परमेश्वरको नजिकमा पुग्न सक्दैनन् । मानिसहरू आफ्नै प्रयासद्वारा बचाइएका छैनन् । तरैपनि, मानिसहरूले परमेश्वरको मुक्तिको दानलाई येशू खीष्टले सिद्धयाउनुभएको कार्यमा प्रतिक्रिया जनाउनुपर्छ । हाम्रो प्रयासले परमेश्वर कहाँ पनि ल्याउन सक्दैन । तिनीहरूले यस कुरालाई देखाउँदछन्, कि हामीले उहाँलाई भेटेका छौं । तिनीहरूले स्पष्टरुपमा हाम्रो आत्मिक अवस्थालाई प्रकट गर्दछन् (जस्तैः प्रकाश २२:११), र मुक्तिपछि परिपक्व हुन्छन् । हामीहरू असल कार्य “द्वारा” बचाइएका छैनौं, तर असल कार्यहरू “भित्र” छौं । खीष्टमा भएको परमेश्वरको सित्तैको दो नको लक्ष्य उहाँलाई पछ्याउनेहरू खीष्टजस्तै हुनु हो (जस्तैः एफिसी २:८-१०) । हरेक विश्वासीको निम्ति परमेपअन्तिम चाहना मानिसहरू मरेपछि स्वर्गमा पुग्ने मात्र होइन (न्याय दिने कुरा), तर खीष्टजस्तै हुने हो (अस्थायी शुद्धिकरण) (जस्तैः मत्ती ५:४८; रोमी ८:२८-२९; गलाती ४:१९) । धार्मिकतापनको शब्द अध्ययनको निम्ति २:२९ को विशेष शिर्षकलाई हेर्नुहोस् ।

३:८ “जसले पाप गर्छ, त्यो दियाबलसको हो” यो वर्तमान् सकृय कृदन्त हो । परमेश्वरका छोराछोरीहरू तिनीहरूले जिउने जीवनबाट चिनिन्छन्, र त्यसरी नै शैतानका छोराछोरीहरू पनि चिनिन्छन् (जस्तै ३:१०; मत्ती ७:१३; एफिसी २:१-३) ।

- “किनभने दियाबलस त सुरुदेखि नै पाप गर्दै आएको छ” यो वर्तमान् सकृय सूचक हो । दुष्टले सुरुदेखि निरन्तररूपमा पाप गरेको छ (यूहन्ना ८:४४) । के यसले सृष्टिलाई वा स्वर्गदूतीय विद्रोहलाई बताउँदछ ?

कहिले शैतानले परमेश्वरको विरुद्धमा विद्रोह गऱ्यो भनेर ईश्वरशास्त्रीय रूपमा निर्धारण गर्नु कठिन हुँदछ । अयूब १-२ अध्याय, जकरीया ३ अध्याय, र १ राजा २२:१९-२३ मा शैतानलाई परमेश्वरको नोकरको रूपमा देखाउन खोजेजस्तो छ, स्वर्गदूतहरूमध्ये एकजनाको सल्लाहकार भएको छ । यो कुराको पनि सम्भावना छ, कि घमण्ड, अहंकार र पुर्वीय राजाहरूको चाहनाले गर्दा (बेबिलोनीहरू, यशैया १४:१३-१४ वा टायरीहरू, इजकिएल २८:१२-१६) शैतानको विद्रोही भनेर घोषणा गर्न प्रयोग गरिएका छन् (अन्तत एउटा ढाकिने करुब, इजकिएल २८:१४,१६) । तरैपनि, लूका १०:१८ मा येशूले भन्नुभयो, कि शैतान स्वर्गबाट प्रकाशजस्तै रुपमा झरेको थियो, तर यो कहिले भएको थियो भनेर ठीक समय बताउँदैन । दुष्टताको सुरुवात र विकास अनिश्चित नै रहिरहयो, किनकि यसमा प्रकाशको अभाव थियो । अलग्याइएको, अर्थ स्पष्ट नभएको, र साङ्केतिक पाठहरूलाई व्यवस्थि तगर्न र सिद्धान्तलाई लागु गर्ने कार्यमा हासियार हुनुहोस् । पुरानो करारमा पाइने शैतानका विकासको बारेमा क र ख को दुष्टताको सेवकबाट लिइएको अति उत्तम छलफल हो । डेभिडसनको पुरानो करारको ईश्वरशास्त्र टि. र टि. क्लार्कको प्रकाशन, पानाहरू ३००-३०६ । यूहन्ना १२:३१ मा भएको व्यक्तिगत दुष्टतालाई विशेष शिर्षमा हेर्नुहोस् ।

- “परमेश्वरका पुत्र” तलको विशेष शिर्षकलाई हेर्नुहोस्।

## विशेष शिर्षकः परमेश्वरका पुत्र

यो येशूको निम्ति नयाँ करारमा आएको मुख्य शिर्षकमध्ये एउटा हो । यसको निश्चितरूपमा अलौकिक भनाइ छ । यसलाई येशूलाई “पुत्र” वा “मेरा पुत्र” भनेर समावेश गरिएको छ, र परमेश्वरले “पिता” भनेर बोलाउनुभएको छ । यो नयाँ करारमा १२४ चोटी भन्दा बढी आएको छ । अझै येशूको “मानिसका पुत्र” भन्ने आत्म-पहिचानको दानिएल ७:१३-१४ बाट लिइएको भनाइ छ ।

पुरानो करारमा “पुत्र” भनेर चारवटा विशेष समूहहरूलाई पहिचान गरिन्थ्योः
१. स्वर्गदूतहरू (सामान्यतया यसलाई बहुवचनमा लिइने, जस्तैः उत्पत्ति ६:२; अयूब १:६, २:१
२. इस्राएलका राजा (जस्तैः २ शमूएल ७:१४; भजनसंग्रह २:७; ८९:२६-२७)
३. इस्राएलको सम्पूर्ण राष्ट्र (जस्तैः प्रस्थान ४:२२-२३; दानिएल १४:१; होशे ११:१; मलाकी २:१०)
४. इस्राएलका न्यायकर्ताहरू (भजनसंग्रह ८२:६)

झे दोस्रो प्रयोग हो, जसले येशूलाई जोड्ने काम गर्दछ । यसैप्रकारले “दाऊदका पुत्र” र “परमेश्वरका पुत्र” दुवैलाई २ शमूएल ७ अध्याय र भ्जनसंग्रह २, ८९ लाई सम्बन्धित बनाइन्छ । विशेषगरेर पुरानो करारमा “परमेश्वरका पुत्र” लाई मसिहको रूपमा इस्राएलमा अभिषेक गरिएका, जनमध्ये एकजना राजाको रूपमा बाहेक कहिल्यै पनि प्रयोग गरिएन । तरैपनि, मृत सागरका मुट्ठाहरूमा मसिहिय उपयोगीताको शिर्षक सामान्य हुन्छ -विशेष सन्दर्भको निम्ति येशू र सुसमाचारको शब्दकोशको पाना ७७० हेर्नुहोस् । “परमेश्वरको पुत्र” पनि दुईवटा अन्तरबाइबलीय यहूदीका भविष्यका कार्यहरूले मसिहिय शिर्षकलाई दिएका छन् । (२ एसड्रास ७:२८; १३:३२,३७,५२; १४:९ र इनोक १०५:२) । यसको येशूलाई देखाउने नयाँ करारको पृष्टभूमिमा विविध समूहहरूमा उत्तम प्रकारले छोटकरीमा बनाइएको छः

१. उहाँको अगाडि नै रहेको अस्तित्व (जस्तैः यूहन्ना १:१-१८)
२. उहाँको अनौठो कन्याबाटको जन्म (जस्तैः मत्ती १:२३; लूका १:३१-३५)
३. उहाँको बप्तिस्मा -जस्तैः मत्ती ३:१७; मर्कूस १:११; लूका ३:२२, स्वर्गबाट आएको परमेश्वरको आवाजले यशैया ५३ अध्यायमा दिइएको दु:ख पाएको दाससँग शाही राजालाई जोडिएको छ)
४. उहाँलाई शैतानले गरेको परीक्षा (जस्तैः मत्ती ४:१-११; मर्कूस १:१२-१३; लूका ४:१-१३। उहाँ आफ्नो पुत्रत्वपनमा शंक ागर्नको लागि परीक्षित हुनुहुन्छ वा कमसेकम यसको उद्देश्यलाई पूरा गर्न क्रूस बाहेकका फरक साधनहरूलाई प्रयोग गरिने)
५. स्वीकार नगरिने पश्चात्तापीहरूबाट गरिएको उहाँको पुष्टिः
    क. शैतानहरू (जस्तैः मर्कूस १:२३-२५; लूका ४:३१-३७,४१; मर्कूस ३:११-१२; ५:७)
    ख. अविश्वासीहरू (जस्तैः मत्ती २७:४३; मर्कूस १४:६१; यूहन्ना १९:७
६. उहाँका चेलाहरूले उहाँलाई गरेको पुष्टिः
    क. मत्ती १४:३३; १६:१६
    ख. यूहन्ना १:३४,४९
७. उहाँको आत्म पुष्टि
    क. मत्ती ११:२५-२७
    ख. यूहन्ना १०:३६
८. उहाँको परिचित अलंकार पिता परमेश्वर भन्नेको प्रयोग
    क. उहाँले परमेश्वरको निम्ति अब्बा भनेर सम्बोधन गर्नुभएको
        १) मर्कूस १४:३६
        २) रोमी ८:१५
        ३) गलाती ४:६
    ख. उहाँले आफ्नो सम्बन्ध परमेश्वरसँग प्रयोग गर्न पिता (प्याटर) को प्रयोग गर्नुभएको

सारांशमा, "परमेश्वरका पुत्र" भन्ने शिर्षकको तिनीहरूको लागि ठूलो ईश्वरशास्त्रीय अर्थ हुन्छ, जसले पुरानो करारका प्रतिज्ञाहरू र समूह हरूलाई जान्दछन्, तर नयाँ करारका लेखकहरूले अन्यजातिहरूसँग गरिएको यसको प्रयोगको बारेमा उत्तेजित भएका थिए किनकि तिनीहरूका "ती ईश्वर"हरूलाई मूर्तिपुजकको पृष्टभूमिले महिलाहरूलाई लिँदा आउने परिणामहरूमा वच्चा जन्माउन कुराको "विशाल वा भयंकर भन्ने हुन्छ।

- "देखा पर्नु" यो ग्रीक परिवेश फानेरो भन्ने हो, जसको अर्थ "स्पष्ट बनाउनको लागि ज्योतिमा ल्याउनु" भन्ने हुन्छ। पद ५ र ८ समान् रूपमा छन्, र दुवै परिवेश नै निष्क्रिय कर्मवाच्यमा छन्, जसले खीष्टको अवतार भएर साँचो रूपमा प्रकट भएको व्यक्तित्वलाई जनाउँछ (जस्तैः १-२)। झुटा शिक्षकहरूसँग भएको समस्या तिनीहरूलाई सुसमाचार अष्पष्ट भयो भनेर होइन, तर तिनीहरूको आफ्नै ईश्वरशास्त्रीय/दार्शनिक विषय थियो।
- "दियाबलसका कामहरू नष्ट पार्नलाई" समय र शरीरमा भएको येशूको प्रदर्शनीको उद्देश्य "नाश गर्नु" थियो (लू भन्नेको एओरिष्ट सकृय विषयगत), जसको अर्थ "गुमाउनु" "खोल्नु" वा "नाश गर्नु" भन्ने हुन्छ। येशूले कलबरीमा गरेको जस्तै गर्नुभयो, तर मानिसहरूले उहाँको सिद्धिएको कार्य र सित्तैको वरदानको निम्ति विश्वासद्वारा उहाँलाई अंगालेर (जस्तैः यूहन्ना १:१२; ३:१६) प्रतिक्रिया जनाउनुपर्छ (जस्तैः रोमी ३:२४; ६:२३; एफिसी २:८)।

"अगाडि नै तर अझैपनि होइन" भन्ने नयाँ करारमा आएको चिन्ताले पनि दुष्टको नाशलाई सम्बन्धित गर्दछ। त्यो दुष्टचाहिँ हारेको छ, तर अझैपनि ऊ संसारमा सकृयरूपमा रहन्छ, जबसम्म परमेश्वरको राज्यमा पूर्ण उपभोग हुँदैन।

३:९ "परमेश्वरबाट जन्मेको कसैले पनि" यो सिद्ध निष्क्रिय कृदन्त हो (जस्तैः पद ९ग; २:२९; ५:१८ सँग समानान्तर हुने), जसले बाहिरी तत्व वा परमेश्वर बाट आएको मिलाइएको अवस्थाको बारेमा बताउँदछ।

- "पाप गरिरहँदैन" यो २:१ मा आएको विरोधाभाषमा वर्तमान् सकृय सूचक हो, जहाँ एओरिष्ट सकृय विषयगतलाई दुइचोटी प्रयोग गरिन्छ। यो भनाइको महत्वको बारेमा त्यहाँ दुईवटा सिद्धान्तहरू छन्:

१. यसले ज्ञानवादी झुटा शिक्षकहरूसँग सम्बन्ध राख्दछ, विशेषगरेर त्यसको विभाजनमा मुक्तिलाई बौद्धिक विचारमा विभाजन गर्दछ, त्यसपछि आवश्यकीय नैतिक जीवन शैलीलाई हटाउने गरिन्छ।
२. त्यो वर्तमान् कालको क्रियाले निरन्तर, बानी भएको, र पापपूर्ण क्रियाकलाप -जस्तैः रोमी ६:१) लाई जोड दिँदछ, तर पापको अलग्याइउको कार्य चाहिँ होइन -जस्तैः रोमी ६:१५)।

यो ईश्वरशास्त्रीय फरकपनलाई रोमी ६ अध्याय र रोमी ७ अध्याय (विश्वासीहरूको पाप कम गर्ने बारेमा निरन्तर भइरहेको संघर्ष) मा नमुनाकृत गरिएको छ (खीष्टमा सम्भाव्य पापरहिपन)।

त्यो ऐतिहासिक अति उत्तम विचार #१ मा भएजस्तो देखिन्छ, तर आज यो सत्यतालाई लागु गर्ने खाँचोमा कसैले अझै छोडेको हुन्छ, जसले #२ लाई बताउँदछ। त्यहाँ बाइबलमा दिइएको यस पदको कडा भनाइ बाल्टर कैसर, पिटर डेभिड, एफ. एफ. ब्रूस, र मानफ्रेड बरुकको पानाहरू ७३६-७३९ मा पाइन्छ। .

- "किनकि उहाँको स्वभाव त्यसमा रहन्छ" यो वर्तमान् सकृय सूचक हो। त्यहाँ "उहाँको स्वभाव" भन्ने ग्रीक वाक्यांशका विविध सिद्धान्तहरू छन्, जसको अर्थ हुन्छः

१. अगष्टिन र लुथरले यो कुरा बताए, कि यसले परमेश्वरको वचनलाई बताउँदछ -जस्तैः लूका ८:११; यूहन्ना ५:३८; याकूब १:१८; पत्रुस १:२३)
२. काल्भिनले यसो भने कि, यसले पवित्र आत्मालाई बताउँदछ (जस्तैः ३:५,६,८; १ यूहन्ना ३:२४,४:४,१३)

३. अरूहरूले यसो भने, कि यसले नयाँ आफ्नोपनलाई अलौकिक स्वभावमा बताउने गर्दछ (जस्तैः २ पत्रुस १:४; एफिसी ४:२४)

४. सम्भवत् यसले "अब्राहामको बिऊ" को रूपमा येशू ख्रीष्ट आफैलाई बताउँदछ (जस्तैः लूका १:५५; यूहन्ना ८:३३,३७; गलाती ३:१६)

५. कतिले यसो भन्दछन्, कि यो "परमेश्वरबाट जन्मेको" भन्ने वाक्यांशसँग समान् रूपमा आएको छ

६. अन्ततः यो परिवेशलाई ज्ञानवादीहरूले सबै मानिसहरूलाई अलौकिक ज्योति प्रदान गर्ने बारेमा बताउँदछन् ।

सायद यी सबै सिद्धान्तहरूमा नं. ४ उत्तम पाठगत बिकल्प हुन सक्छ, तर यूहन्नाले यो शब्दावलीलाई सुरुको अवस्थाको ज्ञानबादका झुटा शिक्षाहरूलाई खण्डन गर्न छानेका हुन सक्छ (जस्तैः #६) ।

३:१० यो पदहरू ४-९ को सारांश हो । यसमा दुईवटा वर्तमान् सकृय सूचक र दुईवटा वर्तमान् सकृय कृदन्तहरू रहन्छन्, जसले प्रकृयामा भएको कार्यलाई बताउँदछ । ईश्वरशास्त्रीय रूपमा यो डाँडाको उपदेशमा दिइएको भनाइसँग समानान्तर छ (मत्ती ७:१६-२०) । कसरी कसैले आफ्नो हृदयलाई प्रकट गरेर जिउँछन्, र कसैको आत्मिक स्थितिको निर्धारण हुन्छ ।

यो २:२९ को नकारात्मक प्रतिकूल बिन्दुमा हुन्छ !

- "परमेश्वरको सन्तान ... दियाबलसको सन्तान" यसले यूहन्नाको हिब्रू पृष्टभूमिको मुख्य भागलाई देखाउँछ, र यसमा विशेषणविना नै प्राचीन भाषालाई "... को पुत्र" को तरिकाले व्यक्तिलाई वर्णन गरिन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ३:११-१२

"तिमीहरूले सुरुदेखि नै सुनेको सन्देश यही हो, हामीले एउटा अर्कालाई प्रेम गर्नुपर्छ । कयिनजस्तो नहोओ, जो शैतानको थियो । उसले आफ्नो भाइको हत्या गऱ्यो । उसले आफ्नो भाइको हत्या किन गऱ्यो ? किनकि उसका आफ्ना कामहरू दुष्ट थिए, अनि उसको भाइका कामहरू चाहिँ धार्मिक थिए ।"

३:११ "सुनेको सन्देश" यो ग्रीक परिवेश (सामान्यतया एजेलियालाई एन्जेलिया भनेर अनुवाद गरिएका) १ यूहन्ना १:५ र ३:११ मा मात्र प्रयोग गरिएको छ, । पहिलो प्रयोग सैद्धान्तिक भएजस्तो देखिन्छ भने, दोस्रोचाहिँ नैतिक रूपमा हुन्छ । यूहन्नाले यी दुईवटा ख्रीष्टियन विश्वासका पक्षहरूलाई संतुलन राखेका छन् (जस्तैः १:८,१०; २:२०,२४; ३:१४) ।

- "तिमीहरूले सुरुदेखि नै सुनेको" यो वाक्यांश साहित्यिक वस्तु हो, जसले येशूलाई परमेश्वरको जिवित वचनको रूपमा सम्बन्धित गराउँदछ - जस्तैः यूहन्ना १:१) र परमेश्वरको वचनलाई प्रकट गर्दछ (जस्तैः १:१; २:७,१३,१४,२४; २ यूहन्ना ५,६) ।

- "हामीले एउटा अर्कालाई प्रेम गर्नुपर्छ" यो प्रमाण हो, जसद्वारा विश्वासीहरूले साँच्चिकै छुटकारा पाएका छन् भनेर जान्दछन् (जस्तैः पदहरू १०, १४) । यसले येशूका वचनहरूलाई प्रकट गर्दछ (जस्तै यूहन्ना १३:३४-३५; १५:१२,१७; १ यूहन्ना ३:२३; ४:७-८,११-१२,१९-२१) ।

३:१२ "कयिन" कयिनको जीवनको बारेमा उत्पत्ति १:४ अध्यायमा उल्लेख गरिएको छ । यसको ठ्याक्कै सन्दर्भ उत्पत्ति ४:४ मा पाइन्छ (जस्तैः हिब्रू ११:४), जहाँ कैन र हाबिलको भेटीको बारेमा विपरित कुरा छ । कयिनको क्रियाकलापले पतन भएको मानवजातिको लागि पारेको प्रभावलाई प्रकट गर्दछ - जस्तैः उत्पत्ति ४:७; ६:५,११-१२,१३ख) । यहूदी र ख्रीष्टियन परम्परा दुवै -जस्तैः हिब्रू ११:४; यहूदा ११) मा कयिन दुष्ट विद्रोही नमुनाको प्रस्तुत भएका छन्

- "उसका आफ्ना कामहरू दुष्ट थिए" यो व्याकरणीय संरचना ६:१३; १३:१९,३८; यूहन्ना १७:१५; २ थेसलोनिकी ३:३; १ यूहन्ना २:१३,१४; ३:१२ र ५:१८-१९ मा पाइन्छ । स्पष्टरूपमा धेरै ठाउँहरूमा शैतानलाई यो सन्दर्भमा प्रयोग गरिएको छ -मत्ती ५:३७; १३:३८; यूहन्ना १७:१५) ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ३:१३-२२

"भाइ हो, संसारले तिमीहरूलाई घृणा गर्दा अचम्म नमान । हामी जान्दछौं, कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेको छौं, किन भने, हामी आफ्ना दाजुभाइलाई प्रेम गर्छौं । जसले प्रम गर्दैन, त्यो मृत्युमा रहिरहन्छ । आफ्नो दाज्यू भाइलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग आफ्नो जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ । यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनु भयो । हामीले पनि आफ्ना दाज्यू-भाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ । कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाज्यू-भाइलाई खाँचो मा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा बास गर्छ । साना बालकहरू, बचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं । यसैबाट हामी जान्न सक्छौं, कि हामी सत्यका हौं, र यसरी उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाडस दिन सक्छौं । अब हाम्रो हृदयले हामीलाई दोष दिन्छ, हामी जान्दछौं परमेश्वर हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र उहाँले सब थोक जान्नु हुन्छ । प्रिय हो, हाम्रो हृदयले हामीलाई दोष दिएन भने, परमेश्वरको सामुन्ने हामीलाई साहस हुन्छ । हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, किन भने हामी उहाँका आज्ञापालन गर्छौं, र उहाँलाई मनपर्ने कामहरू गर्छौं ।"

३:१३ "अचम्म नमान" यो नकारात्मक कृदन्तसँगैको वर्तमान् सकृय सूचक हो, जसको सामान्य अर्थ अगाडि नै प्रगतिमा रहेको कार्यलाई रोक्नु भन्ने हुन्छ ( १ पत्रुस ४:१२-१६) । यो संसार त्यति स्पष्ट छैन; परमेश्वरले यस्तो होस् भनेर चाहना गरेको संसार यस्तो होइन !

- "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जसलाई लेखकको दृष्टिकोणबाट सत्य हो भनेर मानिलिएको छ, वा उनको साहित्यिक उद्देश्यहरूको निम्ति हुन्छ ।

"संसारले तिमीहरूलाई घृणा गर्दा अचम्म नमान" यसले येशूलाई घृणा गऱ्यो, यसले उहाँलाई पछ्याउनेहरूलाई पनि घृणा गर्नेछ । यो नयाँ करारको सामान्य विषय हो (जस्तै यूहन्ना १५:१८; १७:१४; मत्ती ५:१०-११; २ तिमोथी ३:१२) र अर्को प्रमाणचाहिँ विश्वासीहरू हुन् ।

३:१४ "हामी जान्दछौं" यो सिद्ध सकृय सूचक हो -ओइडाको सिद्ध स्वरुप छ, तर वर्तमान् अर्थ हुन्छ) । यो अर्को सामान्य विषय हो । परमेश्वरका छोरा छारीको निश्चयता निम्न कुरामा सम्बन्धित छ: १) विचारको परिवर्तन र २) कार्यको परिवर्तन, जुनचाहिँ "पश्चात्ताप गर्नु" भन्ने परिवेशको ग्रीक र हिब्रूमा मुख्य अर्थ हुन्छ ।

- "कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेको छौं" यो अर्को सिद्ध सकृय सूचक हो (यूहन्ना ५:२४) । जीवनबाट मृत्युमा सर्ने प्रमाणमध्ये एउटा यो हो, (जस्तैः खीष्टियन निश्चयता, यूहन्ना ६:३७ मा विशेष शिर्षकलाई हेर्नुहोस्) कि हामीले एक अर्कालाई प्रेम गर्छौं । यसमा हुने अर्को कुरा यो हो, कि संसारले हामीलाई घृणा गर्छ ।

- "किनभने, हामी आफ्ना दाजुभाइलाई प्रेम गर्छौं" यो वर्तमान् सकृय सूचक हो । प्रेम परमेश्वरको परिवारको मुख्य विशेषता हो (जस्तैः यूहन्ना १३:३४-३५; १५:१२,१७; दोस्रो यूहन्ना ५ पद; १ कोरिन्थी १३ अध्याय; गलाती ५:२२), किनकि यो परमेश्वरको आफ्नै विशेषता हो (जस्तै ४:७-२१) प्रेम परमेश्वरसँगको सम्बन्धको मानवीय आधार होइन, तर यसको अर्को प्रमाण हो ।

- "जसले प्रम गर्दैन, त्यो मृत्युमा रहिरहन्छ" यो वर्तमान् सकृय सूचकसँग विषयगत रूपमा प्रयोग गरिएको वर्तमान् कृदन्त हो । विश्वासी भएर हामी निरन्तररूपमा प्रेममा रहनुपर्छ, आविश्वासीहरूमा रहँदा घृणा गर्नुपर्छ, जसै प्रेम कसैको आत्मिक सिकाइ रभएको हुन्छ । एकजना प्रेममा रहने र अर्को मृत्युमा रहने दुईवटा समूहहरूलाई यूह्नन्नाको नाङ्गोपनमा संझनुहोस् । मध्यमार्गी भूमिचाहिँ होइन ।

३:१५ "हरेक" यूहन्नाले यो परिवेशलाई २:२९ को समयदेखि ८ पटक प्रयोग गरेका छन् । यसको महत्वपूर्ण कुरा यो हो, कि त्यहाँ यूहन्नाले भनेको कुरामा विकल्पहरू छैनन् । त्यहाँ २ किसिमका मानिसहरू मात्रै छन्, ती हुन्: प्रेम गर्नेहरू र घृणा गर्नेहरू भनेर यूहन्नाले भन्दैछन् । यूहन्नाले जीवनलाई कालो वा सेतो रूपमा देख्दछन् र हल्का रङ्गकोचाहिँ हुने होइन ।

- "आफ्नो दाज्यू भाइलाई घृणा गर्ने हरेक हत्यारा हो" यो वर्तमान् सकृय कृदन्छ हो -जस्तैः निरन्तर भइरहने मिलाइएको घृणा) । विचार गरिएको जीवनमा पहिला पाप आउँदछ । येशूले डाँडाको उपदेशमा सिकाएको कुरा यो हो, कि घृणाको समानतामा हत्या हुन्छ, त्यसैप्रकारले कामुकताको समानतामा व्यभिचार हुन्छ (जस्तैः मत्ती ५:२१-२२) । .
- "र कुनै हत्यारासँग आफ्नो जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ" यसले कसैले हत्या गर्छ, र ऊ खीष्टियन बन्न सक्दैन भनिरहेको छैन हामी ले गरेको पाप क्षमा दिन योग्य छ, तर जीवनशैलीको कार्यहरूले हृदयलाई प्रकट गर्दछ । यसले यो कुरा पनि भनिरहेको छ, कि एकजना जसले लगाताररूपमा घृणा गर्दछ भने, ऊ खीष्टियन बन्न सक्दैन भन्ने हो । प्रेम र घृणा एउटालाई मात्रै दिइएका कुरा हुन् ! घृणाले जीवन लिँदछ, तर प्रेमले जीवन दिँदछ ।

३:१६ "हामी जान्दछौं" यो सिद्ध सकृय सूचक हो । १५ पदमा प्रयोग गरिएको ग्रीक परिवेश वइडा हो, र यसलाई यहाँ जिनसेक भनिन्छ । यिनीहरू यूहन्ना को लेखहरूमा समान् रूपमा प्रयोग गरिएका छन् । .

- "यसैबाट प्रेम के हो" येशूले प्रेम कस्तो हुन्छ भनेर अन्तिम नमुना देखाउनुभएको छ । विश्वासीहरूले उहाँको नमुनामा होडवाजी गर्नुपर्छ (२ कोरिन्थी ५:१४-१५)

- "उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो" यो एओरिष्ट कालले येशूका आफ्नै शब्दहरूलाई प्रयोग गरेर कलवरीलाई बताइरहेको हुन्छ (यूहन्ना १०:११,१५,१७,१८; १५:१३) ।

- "हामीले पनि दिनुपर्छ" विश्वासीहरू येशूको नमुनाद्वारा बाँधिएका छन् (जस्तैः २:६; ४:११)
- "कि आफ्ना दाज्यू-भाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ" खीष्ट यसको नमुना हुनुहुन्छ । जसै उहाँले आफ्नो जीवन अर्काको लागि दिनुभयो, त्यसरी नै खीष्टियनहरूले पनि खाँचो परेका भाइहरूको निम्ति तिनीहरूको आफ्नै जीवन दिनुपर्छ । आत्म-केन्द्रित मृत्यु होः

१. पतनको उल्टोपना
२. परमेश्वरको स्वरुपलाई स्थापित गर्नु
३. सामूहिक भलाईको निम्ति जिउनु

१७ "सैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाज्यू-भाइलाई खाँचोमा परेको देख्दा" यिनीहरू वर्तमान् विषयगत क्रियाहरू हुन् । पद १६ मा दिइएको कसैको जीवनलाई राख्दाखेरि कसैको भाइको सहायताको निम्ति व्यवहारिक र सम्भाव्य परिधिमा अहिले राख्नुपर्ने हुन्छ । यी पदहरूले याकूबले गरे जस्तै धेरै आवाजहरू दिन्छन् (याकूब २:१५-१६) ।

- "उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने" यो एओरिष्ट सकृय विषयगत हो । शाब्दिक अर्थमा हृदय भन्ने परिवेशलाई "भित्री भाग" भनिन्छ, भावनाको निम्ति एउटा हिब्रू भनाइ । फेरी हाम्रा क्रियाकलापहरूले हाम्रा पितालाई प्रकट गर्दछन् ।

- "परमेश्वरको प्रेम" फेरी यो विषयगत वा वस्तुगत सम्बन्धकारक वा उद्देश्यपूर्ण अर्थको अष्पष्टता हुन्छ ?

१. परमेश्वरको निम्ति प्रेम गर्नु
२. परमेश्वरको प्रेम हाम्रो निम्ति
३. दुवै

नम्बर ३ यूहन्नाको लेखमा मिल्दछ !

१८:३ "साना बालकहरू, बचन र बोलीले मात्र हामी प्रेम नगरौं" बोल्नुभन्दा बरु कार्यहरू बढी बोल्दछन् (जस्तैः मत्ती ७:२४;याकूब १:२२-२५;२:१४-२६) ।

- "तर काम र सत्यताले प्रेम गरौं" "सत्यता" भन्ने परिवेश आश्चर्यलाग्दो हुन्छ । कसैले पनि "कार्य" को समानतामा "क्रियाकलाप" लाई आशा गनर्थे । यो परिवेशको अर्थ साँचो (एनजेबि) वा सत्य (टिइभि) भनेजस्तो देखिन्छ । १:५ र ३:११ मा "सन्देश" भन्नेलाई प्रयोग गरेजस्तै, जसले "सत्यता" को जीवनशैली दुवैलाई जोड दिँदछ । यसमा कार्य र आचरण दुवैमा आफैले दिने प्रेम (परमेश्वरको प्रेम) ले उत्प्रेरित हुनुपर्छ, र देखाउने कार्यमात्रै होइन, जसले प्रदान गर्ने वा दिनेवालाको अहमतालाई खुवाउनुपर्छ ।

३:१९ "यसैबाट हामी जान्न सक्छौं यसले अगाडि नै भनिएको प्रेमिलो कार्यलाई बताउँदछ । यो सूचक हो, जुनचाहिँFUTURE MIDDLE (deponent) कसैको साँचो परिवर्तनमा अर्को प्रमाण हुन्छ ।

"कि हामी सत्यका हौं" विश्वासीहरूको प्रेमिलो जीवनशैलीले दुईवटा कुराहरूलाई देखाउँदछः १) ताकि तिनीहरू सत्यताको पक्षमा छन्, र २) तिनीहरूका विवेकहरू स्पष्ट छन् । ६:५५ को सत्यताको निम्ति विशेष शिर्षकलाई हेर्नुहोस् ।

३:१९-२० यी दुईवटा पदहरूको ग्रीक पाठको अनुवादमा कसरी अनुवाद गर्ने भनेर त्यहाँ धेरै अन्योलताहरू छन् । एउटा सम्भाव्य व्याख्याले परमेश्वरको न्यायलाई जोड दिँदछ भने, अर्कोले परमेश्वरको प्रेमलाई जोड दिँदछ । परिवेशको कारणले गर्दा दोस्रो विकल्प बढी उपयुक्त भएजस्तो देखिन्छ ।

३:२०-२१ यी दुवै पदहरू तेस्रो तहका शर्तात्मक वाक्यहरू हुन् ।
३:२०
नासाब "जेसुकै भए तापनि हाम्रो हृदयले हामीलाई दोष लगाउँदछ"
एनकेजेभि "लाई यदि हाम्रो हृदयले हामीलाई दोष लगायो भने"
एनआरएसभि "हाम्रो हृदयले हामीलाई जे सुकै कुरामा दोष लगाए तापनि"
टिइभि "यदि हाम्रो विवेकले हामीलाई दोष लगायो भने"
एनजेबि "यद्यपि यदि हाम्रो आफ्नै विवेकले हामीलाई दोष लगायो भने"

सबै विश्वासीहरूले तिनीहरूको जीवनमा परमेश्वरको चाहनालाई जान्दाखेरि त्यो "मापदण्ड" अनुसारको जीवन जिउन नसकेकोमा उनीहरूको भित्री हृदयले पीडाको अनुभव गरेको हुन्छ -जस्तैः रोमी ७ अध्याय) । यी विवेकका पीडाहरू परमेश्वरका आत्माबाट (पश्चात्तापमा ल्याउन) वा शैतानबाट -आत्म -नाश गर्ने वा गवाहीलाई गुमाउने कार्यमा) आएका हुन सक्छन् । त्यहाँ उपयुक्त दोष र अनुपयुक्त दोष दुवै छन् । विश्वासीहरूले यो फरकपनलाई परमेश्वरको पुस्तक पढेर जान्दछन् (वा उहाँको सन्देशलाई पनि सुन्न सक्ने) । यूहन्नाले विश्वासीहरूलाई सान्त्वना दिन कोसिस गरिरहेका छन्, जो प्रेमको मापदण्डमा जिइरहेका छन्, तर अझै पापसँग संघर्ष गरिहेका छन् (अभिषेक गर्ने र हटाउने दुवै) यूहन्ना १२:४० मा हृदय भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

- "उहाँले सब थोक जान्नुहुन्छ" परमेश्वरले हाम्रो साँचो आचरणलाई जान्नुहुन्छ -जस्तैः १ शमूएल २:३; १६:७; १ राजा ८:३९; १ इतिहास २८:९; २ इतिहास ६:३०; भजनसंग्रह ७:९; ४४:२१; हितोपदेश १५:११; २०:२७; २१:२; यर्मिया ११:२०; १७:९-१०; २०:१२; लूका १६:१५; प्रेरित १:२४; १५:८; रोमी ८:२६-२७) ।

३:२१ "हाम्रो हृदयले हामीलाई दोष दिएन भने" यो तेस्रो तहको शर्तात्मक वाक्य हो । खीष्टयनहरूले अझैपनि पाप र आफ्नोपनमा संघर्ष गरिरहेका छन् । -जस्तैः २:१; ५:१६-१७) । तिनीहरूले अझै जाँचको सामना गरैका छन्, र विशेष अवस्थाहरूमा अनुपयुक्त प्रकारले कार्य गर्छन् । कतिचोटी तिनीहरूको विवेकले उनीहरूलाई दोष लगाउँदछ । गीतमा भनेजस्तै, "अझपनि घाम अस्ताउन लागेजस्तै" हेन्री टोएल्सले यसो भनेका छन्:

"हे परमप्रभु, कसैले पनि सिद्ध आरामलाई पाएका छैनन्
कोही पनि पापबाट पूर्ण स्वतन्त्र छैनन्;
र तिनीहरू जो बेहोस् हुने अवस्थामा हुनेहरूउत्तम प्रकारले सेवा गर्छन्
र तिनीहरू भित्र नै गलत विवेक छन्"

सुसमाचारको एउटा ज्ञान, येशू खीष्टसँगको मधुरो सम्बन्ध, आत्माले अगुवाइ गर्दा दिने कुरा र पिताको सर्वज्ञानीपनको मधुरतामा हाम्रो हृदयको धुलोहरू छन् (भजनसंग्रह १०३:८-१४) !

- "परमेश्वरको सामुन्ने हामीलाई साहस हुन्छ" यसले परमेश्वरको उपस्थितिमा हुने स्वतन्त्र पहुँच र खुल्लापनलाई बताउँदछ । यो कतिचोटी दोहोरिएको परिवेश हो, र यूहन्नाको विचार पनि हो -जस्तैः २:२८; ३:२१; ४:१७; ५:१४; हिब्रू ३:६; १०:३५, ७:४ मा विशेष शिर्षकलाई हेर्नुहोस्) । यो वाक्यांशले निश्चयताको दुईवटा फाइदाहरूलाई परिचय गराउँदछ ।

१. ताकि विश्वासीहरूमा परमेश्वरको अगाडि सिद्ध निश्चयता भएको होस्,
२. तिनीहरूले जे सुकै मागे तापनि तिनीहरूले उहाँबाट प्राप्त गर्छन्

३:२२ "हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं" यो वर्तमान् सकृय विषयगत र वर्तमान् सकृय सूचक हो । यसले मत्ती ७:७; १८:१९; यूहन्ना ९:३१; १४:१३-१४; १५:७,१६; १६:२३; मर्कूस ११:२४; लूका ११:९-१० मा दिइएका येशूका भनाइहरूलाई प्रकट गर्दछ । यी प्रतिज्ञाहरू विश्वासीले प्रार्थनामा गरेका अनुभव

भन्दा धेरै फरक छन्। यो पदले असिमित प्रार्थनाको उत्तरलाई प्रतिज्ञा गरेजस्तो देखिन्छ। यो त्यो स्थान हो, जहाँ अरू सान्दर्भिक पाठमा ईश्वरशास्त्रीय सन्तुलन ल्याउन सहायता गरेर तुलना गरिन्छन्।

## विशेष शिर्षकः प्रार्थना, असिमित, तर अझै सिमित

क. मत्ती, मर्कूस र लूकाका सुसमाचारहरू

१. विश्वासीहरूलाई प्रार्थनामा रहन उत्साह प्रदान गरिन्छ, र परमेश्वरले असल चिजहरू" (मत्ती) वा उहाँको आत्मा (लूका) प्रदान गर्नुहुनेछ (मत्ती ७:७-११; लूका ११:५-१३)।

२. मण्डलीको अनुशासनको परिवेशमा विश्वासीहरूलाई प्रार्थनामा एकतृत हुन भनिएको छ -मत्ती १८:१९)।

३. यहूदी विश्वासीहरूको न्यायको परिवेशमा विश्वासीहरूलाई शंका नगरिकनै विश्वासमा माग्नलाई भनिएको छ -मत्ती २१:२२; मर्कूस ११:२३-२४)।

४. दुईवटा दृष्टान्तहरूको परिवेश (लूका १८:१-८, अधर्मी न्यायधीस र लूका १८:९-१४ मा ती फरिसी र ती पापी मानिस) मा विश्वासीहरूलाई परमेश्वरको डर नमान्ने न्यायाधिस र आफै धर्मी भएको फरिसीबाट फरक प्रकारले कार्य गर्नलाई उत्साह दिइएको छ। परमेश्वरले नम्र र पश्चात्तापीलाई सुन्नुहुन्छ (लूका १८:१-१४)।

ख. यूहन्नाका लेखहरू:

येशूले अन्धो जन्मेको मानिसलाई चंगाइ गर्नुभएको परिवेशमा फरिसीको साँचो अन्धोपना प्रकट भएको हुन्छ। येशूका प्रार्थनाहरूलाई (कुनै व्यक्तिको जस्तै) उत्तर दिइएका छन्, किनकि उहाँले परमेश्वरलाई चिन्नुहुन्थ्यो, र त्यही अनुसार जिउनुहुन्थ्यो (यूहन्ना ९:३१)।

२. यूहन्नाको माथिल्लो कोठाको भनाइ (यूहन्ना १३:१७)

क. १४:१२-१४ – विश्वाससहिको प्रार्थनाले निम्न कुरालाई चित्रित गर्छः

१) विश्वासीहरूबाट आउने
२) येशूको नाउँमा माग्ने
३) पिता महिमित ह'न'भएको हो् भन्ने चाहना राख्ने
४) आज्ञाहरू पालन गर्ने (पद १५)

ख. १५:७-१० – विश्वासीहरूको प्रार्थना निम्नि कुराहरूमा चित्रिच हुन्छः

१) येशूमा रहनु
२) उहाँको वचन तिनीहरूमा रहनु
३) पिता महिमित ह'न'भएका चाहना गर्ने
४) धेरै फल फलाउने
५) आज्ञाहरू पालन गर्ने (पद १०)

ग. १५: १५-१७ विश्वासीहरूको प्रार्थना निम्नि कुराहरूले चित्रित गरिएको हुन्छः

१) तिनीहरूको चुनाउ
२) तिनीहरूले फल फलाउने
३) येशूको नाउँमा माग्ने
४) एक-अर्कालाई प्रेम गर्ने आज्ञापालन गर्ने

घ. १६:२३-२४ – विश्वासीहरूको प्रार्थना निम्न कुराहरूले चित्रित गरिएको हुन्छः

१) येशूको नाउँमा माग्नु
२) आनन्द पूर्ण भएको होस् भन्ने चाहना गर्नु

३. यूहन्नाको पहिलो पत्र (१ यूहन्ना)

क. ३:२२-२४ – विश्वासीहरूको प्रार्थना निम्न कुराहरूले चित्रित हुन्छः

१) उहाँका आज्ञाहरू पालन गर्नु (पदहरू २२,२४)
२) उपयुक्त तरिकाले जिउनु
३) येशूमा विश्वास गर्नु
४) एक अर्कालाई प्रेम गर्नु
५) उहाँमा रहनु र उहाँ हामीमा रहनु
६) आत्माका वरदानहरू हुनु

ख. ५:१४-१६ – विश्वासीहरूको प्रार्थना निम्नि कुराहरूले चित्रित हुन्छन्

१) परमेश्वरमा निश्चयता
२) उहाँको चाहना अनुसार
३) विश्वासीहरूले एक-अर्कालाई गर्ने प्रार्थना

याकूब

१. १:५-७ – विश्वासीहरूले सामना गरेका विविध परीक्षाहरूमा शंका नगरीकनै बुद्धिको माग गर्नुपर्ने

२. ४:२-३ – विश्वासीहरूले ठीक उद्दश्यले माग्नुपर्ने

३. ५:१३-१८ – स्वास्थ्य सम्बन्धी समस्या भएका विश्वासीहरूलाई निम्न कुरा गर्न उत्प्रेरित गरिन्छः

क. एल्डरहरूलाई प्रार्थना गरिदिनु भन्नु

ख. विश्वासकासाथ गरिएको प्रार्थनाले बचाउने

ग. तिनीहरूका पापहरू क्षमा गर्नको लागि परमेश्वरमा माग्ने

घ. एक-अर्काको पापलाई पश्चात्ताप गर्ने र एक-अर्काको निम्ति प्रार्थन गर्ने (१ यूहन्ना ५:१६ जस्तै)

प्रभावकारी प्रार्थनाको मुख्य साँचो खीष्टपनजस्तै हुनु हो । येशूको नाउँमा प्रार्थना गर्ने भन्नुको आशय यही हो । धेरै खीष्टियनहरूको निम्ति परमेश वरले गर्नसक्ने सबभन्दा खराब चिज तिनीहरूको स्वार्थी प्रार्थनाको उत्तर दिनु हो ! एक अर्थमा सबै प्रार्थनाहरूको उत्तर दिइन्छ । प्रार्थनाको सब भन्दा महत्वपूर्ण पक्ष यो हो, कि विश्वासीहरूले परमेश्वरमा भरोसा गरेर धेरै समय बिताएका छन् । .

- "किनभने हामी उहाँका आज्ञापालन गर्छौं, र उहाँलाई मनपर्ने कामहरू गर्छौं" प्रार्थनाको उत्तर पाउने दुईवटा खाँचोको निम्ति यो परिवेशलाई याद गर्नुहोस्:

१. आज्ञाकारीता

२. परमेश्वरलाई खुशी पार्ने चिजहरूको अभ्यास गर्नु (जस्तैः यूहन्ना ८:२९) ।

१ यूहन्नाको पुस्तक "कसरी" प्रभावकारी खीष्टियन जीवन जिउने र सेवकाइ गर्ने भन्ने बारेमा लेखिएको हो

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ३:२३-२४

"उहाँको आज्ञा यही हो, कि हामीले उहाँका पुत्र येशू खीष्टको नाउँमा विश्वास गर्नुपर्छ, र उहाँले हामीलाई आज्ञा दिनुभएबमोजिम एउटाले अर्कालाई प्रेम गर्नुपर्छ । उहाँको आज्ञा पालन गर्नेहरू सबै उहाँमा रहन्छन्, र उहाँ तिनीहरूमा रहनुहुन्छ । उहाँले हामीलाई दिनुभएको पवित्र आत्मा द्वारा हामी जान्दछौं, कि उहाँ हामीमा बास गर्नहुन्छ ।"

३:२३ "उहाँको आज्ञा यही हो, कि ... नाउँमा विश्वास गर्नुपर्छ, र ... प्रेम गर्नुपर्छ" "आज्ञा" भन्ने परिवेशलाई दुईवटा पक्ष सँगको एकवचनमा लिइएको कुरालाई याद गर्नुहोस् । पहिलो पक्षचाहिँ व्यक्तिगत विश्वास हो, र "विश्वास" भन्ने क्रिया छ, जुनचाहिँ एओरिष्ट सकृय विषयगत हो (जस्तैः यूहन्ना ६:२९ ४०) । दोस्रो पक्षचाहिँ नैतिक छ; प्रेम गर्नुभन्ने क्रिया वर्तमान् सकृय विषयगत हो (जस्तैः ३:११; ४:७) । सुसमाचारको सन्देश विश्वास गर्नु हो, र एकजना व्यक्तिले प्राप्त गरेर उचित खालको जीवन जिउनु हो !

- "येशू खीष्टको नाउँमा विश्वास गर्नुपर्छ" "विश्वास गर्नु" भन्ने भनाइ बाइबलको विश्वासलाई बुझ्दाखेरि अति नै मुल्यवान हुन्छ । आमेन भन्ने पुरानो करारको परिवेशले "बफादार" "भरोसायोग्यपन" भर पर्ने कुरा वा विश्वासयोग्यता छन् (विशेष शिर्षकका निम्ति १ यूहन्ना २:१० मा पुरानो करारको शब्दलाई हेर्नुहोस्) । नयाँ करारमा ग्रीक परिवेश (पिसटिऊ) लाई तीनवटा भिन्नाभिन्नै परिवेशमा अनुवाद गरिएको छ: विश्वास, विश्वास वा भरोसा (विशेष शिर्षकको निम्ति यूहन्ना २:२३ को ग्रीक शब्दलाई हेर्नुहोस्) । यो परिवेशले खीष्टियन भरोसायोग्यपनलाई परमेश्वरको रूपमा त्यति धेरै देखाउने गर्दैन । यो उहाँको चरित्र, प्रकाश र प्रतिज्ञा हो, तर बफादर वा पतन भएको मानवियताको विश्वासयोग्यपनचाहिँ होइन अझ पतन भएका मानिसले छुटकारा पाउनुपर्ने हुन्छ, कि त्यो नहल्लिने जगको स्वरुपमा हुन्छ ।

उहाँको "नाउँ" मा विश्वास गर्ने वा उहाँको "नाउँ"मा प्रार्थन गर्ने विचारको विश्वासले पूर्व नजिकको बुझाइलाई देखाउँदछ, कि त्यो नाउँले व्यक्ति को प्रतिनिधित्व गर्दछ ।

१. येशू, मत्तीमाः १:२१,२३,२५; ७:२२; १०:२२; १२:२१; १८:५,२०; १:२९; २४:५,९; यूहन्नामाः १:१२; २:२३; ३:१८; १४:२६; १५:२१; १७:६; २०:३१

२. पिता, मत्तीमाः ६:९; २१:९; २३:३; यूहन्ना ५:४३; १०:२५; १२:१३; १७:१२

३. त्रियकत्व, मत्तीमाः २८:१९

यो पदमा दिइएको छोटकरी प्राविधिक शब्दजस्तै । नयाँ करारको तस्बिरमा उहाँको वचन -पाना २२८), ए. टि. रबिन्सनले ग्रीक हस्तलेखनको समस्यामा "विश्वास गर्नु" भन्ने क्रियालाई सम्बन्धित गराएका छन् । ग्रीक हस्तलेखन बि, के, एलको एओरिष्ट सकृय विषयगत छ, जबकि !, ए, र सि को वर्तमान् सकृय विषयगत छ । यूहन्नामा भएको शैली र परिवेश दुवैमा मिल्दछन् ।

३:२४ "उहाँको आज्ञा पालन गर्नेहरू सबै उहाँमा रहन्छन्" यी दुवै नै वर्तमान् कालमा छन् । आज्ञाकारीता रहनु भन्नेमा जोडिएको छ । प्रेम यसको प्रमाण हो, कि हामी परमेश्वरमा छौं, र परमेश्वर हामीमा हुनुहुन्छ (जस्तैः ४:१२, १५-१६; यूहन्ना १४:२३; १५:१०) रहनु भन्ने २:१० मा विशेष शिर्षकलाई हेर्नुहोस्

- "उहाँले हामीलाई दिनुभएको पवित्र आत्माद्वारा" यूहन्नाले साँचो विश्वासीहरूलाई मुल्याङ्कन गर्न केही निश्चित प्रमाणहरू प्रयोग गर्दछन् (रोमी ४:१३; ८:१४-१६; पाठगत अन्तर्दृष्टिलाई २:३-२७, ग मा हेर्नुहोस्) दुईवटा चाहिँ पवित्र आत्मासँग सम्बन्धित छन् ।

१. येशूमा गर्ने पश्चात्ताप (जस्तैः रोमी १०:९-१३; १ कोरिन्थी १२:३)

२. खीष्टमा जिउने जिवन -जस्तैः यूहन्ना १५; गलाती ५:२२; याकूब २:१४-२६)

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन ।

तपाईंलाई यी छलफलका प्रश्नहरू यस पुस्तकको यो खण्डको मुख्य विषयहरूलाई सोच्नलाई मद्दत गर्न प्रदान गरिएको छ । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित चाहिँ हुँदैनन् ।.

१. पदहरू ११-२४ का एकतृत विषयहरू कस्ता छन् ? (जस्तै: १ यूहन्ना २:७-११)
२.. पदहरू १६ र १७ को सम्बन्धलाई व्याख्या गर्नुहोस् । कसरी हाम्रा भाइहरूलाई खाँचोमा पर्दा मद्दत गर्नु, र हाम्रा जीवनहरू अरुको निम्ति दिनुलाई तुलना गर्न सकिन्छ ?
३. के पदहरू १९-२० ले परमेश्वरको न्यायको कठोरपनलाई जोड दिन्छन्, वा परमेश्वरको महान् दयालाई जसले हाम्रो डरलाई शान्त पार्दछ ?
४. कसरी पद २२ मा दिइएको प्रार्थनाको बारेमा यूहन्नाको भनाइलाई हाम्रा दैनिक अनुभवहरूसँग सम्बन्धित बनाउन सक्छौं ?
५. कसरी यूहन्नाले ख्रीष्टियन आवश्यकतालाई स्वीकार गर्न र पापलाई पश्चात्ताप गर्न, र पापरहितपनको उनको सिद्धताको भनाइमा बिडम्बनापूर्ण जोडलाई मिलापमा ल्याएको जस्तो हुन्छ ?
६. किन यूहन्नाले यस्तो जीवनशैलीलाई धेरै जोड दिन्छन् ?
७. "पुन: जन्मिने" भन्ने ईश्वरशास्त्रीय कुराको संलग्नतालाई व्याख्या गर्नुहोस् ।
८. कसरी यो खण्डले दैनिक ख्रीष्टियन जीवनलाई सम्बन्धित गराउँदछ ?

# १ यूहन्ना ४ अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| परमेश्वरको आत्मा र ख्रीष्ट विरोधी आत्मा | सत्यताको आत्मा र झुटको आत्मा | सत्यता र झुटलाई पत्ता लगाउनु | सत्य आत्मा र झुट आत्मा | तेस्रो अवस्था: ख्रीष्ट विरोधी र संसारको विरुद्धमा सुरक्षित हुनु |
| | ३:२४-४:६ | | | |
| ४:१-६ | | ४:१-६ | ४:१-३ | ४:१-६ |
| | | | ४:४-६ | प्रेमको स्रोत र विश्वास |
| | | | | ४:७-५:१३ |
| परमेश्वर प्रेम हुनुहुन्छ | प्रेमद्वारा परमेश्वरलाई चिन्नु | प्रेमको आशिष् | परमेश्वर प्रेम हुनुहुन्छ | प्रेमको स्रोत |
| ४:७-१२ | ४:७-११ | ४:७-१२ | ४:७-१० | ४:७-५:४ |
| | प्रेमद्वारा परमेश्वरलाई देख्नु | | ४:११-१२ | |
| | ४:१२-१६ | | | |
| ४:१३-१६क | | ४:१३-१६क | ४:१३-१६क | |
| ४:१६ख-२१ | प्रेमको उपभोग | ४:१६ख-२१ | ४:१६ख-१८ | |
| | ४:१७-१९ | | | |
| | विश्वासको आज्ञाकारीता | | ४:१९-२१ | |
| | ४:२०-५:५ | | | |

## अध्ययन चक्र तीन (पाना पाँचलाई हेर्नुहोस्)

### अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

एकै बसाइमा यो खण्डलाई पढ्नुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक अनुवादहरूसँग तुलना गर्नुहोस्। अनुच्छेदचाहिँ उत्प्रेरित भएका छैनन्, तर यसमा सुरुका लेखकको चाहनालाई पछ्याउनु मुख्य कुरा हुन्छ, जुनचाहिँ व्याख्याको मुटु हो। हरेक अनुच्छेदको एक र एकमात्रै विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## ४:१-२१ को पाठगत अन्तर्दृष्टि

क. यूहन्ना ४ अध्याय एउटा अति नै विशिष्टतामा बनाइएको साहित्यिक इकाई हो, र कसरी ख्रीष्टियनहरूले तिनीहरूको पहुँचमा प्रमाणित गर्छन् जसले परमेश्वरको निम्ति बताउने भनेर दावी गर्दछन्। यो खण्ड निम्न कुराहरूमा सम्बन्धित छ:

१. यी झुटा शिक्षकहरूलाई ख्रीष्ट विरोधी भनिन्छ (जस्तै: २:१८-२५)

२. तिनीहरू जसले ठग्नलाई कोसिस गर्छन् (जस्तैः २:२६; ३:७)

३. सम्भवत् तिनीहरू जसले आत्मिक सत्यताको विशेष ज्ञानलाई दावी गर्दछन् (जस्तैः ३:२४)

सुरुका खीष्टियनहरूको भविष्यको भनाइलाई पूर्ण रूपमा बुझ्न कसैले यो कुरालाई पहिचान गर्नुपर्छ, कि धेरैले परमेश्वरको निम्ति बताएको कुरा दावी गरे (जस्तैः १ कोरिन्थी १२:१०; १४:२९; १ थेसलोनिकी ५:२०-२१; १ यूहन्ना ४:१-६) । त्यहाँ पूर्ण र प्राप्त हुने नयाँ करार छैन । आत्मिक विवेकमा शैद्धान्तिक र सामाजिक जाँच दुवैको संलग्नता हुन्छ (जस्तैः याकूक ३:१-१२) ।

ख. १ यूहन्नालाई रुपरेखामा बदल्न अति नै गाह्रो छ, किनकि यो विषयको नमुनामा पुनः आउने हुन्छ । यो निश्चितरूपमा अध्याय ४ मा सत्य छ । यसमा यो कुरा पनि देखिन्छ, कि यो खण्डले सत्यतालाई पुनः जोड दिन्छ, जसलाई अगाडिका खण्डहरूमा सिकाइएको थियो, विशेषगरेर विश्वासीहरूले एक-अर्कालाई प्रेम गर्नुपर्ने खाँचो हुन्छ (जस्तैः पदहरू ७-२१; २:७-१२, ३:११-२४) ।

ग. यूहन्नाले झुटा शिक्षकहरूको विरुद्धमा लाग्ने र साँचो विश्वासीहरूलाई उत्साह प्रदान गर्ने बारेमा लेखेका छन् । उनले यसमा विविध जाँचहरूको प्रयोग गर्ने गरेका छन्:

१. शैद्धान्तिक जाँच (येशूमा विश्वास गर्नु, जस्तैः १ यूहन्ना २:१८-२५; ४:१-६,१४-१६; ५:१,५,१०)

२. जीवनशैलीको जाँच (आज्ञाकारीता, जस्तैः १ यूहन्ना २:३-७; ३:१-१०,२२-२४)

३. सामाजिक जाँच (प्रेम, जस्तैः १ यूहन्ना २:७-११; ३:११-१८; ४:७-१२,१६-२१; ५:१-२)

बाइबलका विविध भागहरू फरक झुटा शिक्षकहरूसँग सम्बन्धित छन् । १ यूहन्नाले ज्ञानवादका झुटा शिक्षकहरूलाई बताएको छ । १ यूहन्नाको झुटा शिक्षाको परिचयमा हेर्नुहोस् । नयाँ करारको अन्य भागहरूमा अरू सत्य नभएको कुरालाई बताएका छन् (जस्तैः १ यूहन्ना १:१३; रोमी १०:९-१३; १ कोरिन्थी १२:३) । हरेक परिवेशमा कुन खालको गल्तीलाई बताइएको छ भनेर निश्चित गर्न अलग्गै रूपमा अध्ययन गरिएको हुन्छ । त्यहाँ विविध स्रोतहरूद्धारा गल्ती भएको थियो:

१. यहूदी विधि-विधानहरू

२. ग्रीक दर्शनशास्त्रहरू

३. ग्रीक विरोधीहरू

४. तिनीहरू जसले विशेष आत्मिक प्रकाश वा अनुभवहरूको दावी गर्दछन्

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः ४:१-६**

"प्रिय हो, जुनसुकै आत्माको विश्वास नगर, तर आत्माहरू परमेश्वरबाट आएका हुन्, कि होइनन् भनेर तिनको जाँच गर । किनभने धेरै झुटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन् । यसैबाट तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौं, हरेक आत्मा जसले येशू खीष्ट शरीरमा आउनु भएको हो भनी स्वीकार गर्छ, जो परमेश्वरबाट हो । येशूलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाट होइन, तर त्यो खीष्ट विरोधीको आत्मा हो, जसको विषयमा 'त्यो आउँछ' भन्ने तिमीहरूले सुनेका छौं । अब त्यो यस संसारमा आइसकेको छ । मेरा साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौं, र तिमीहरूमाथि विजयी भएका छौं । किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ । तिनीहरू संसारका हुन्, यसकारण, तिनीहरू संसारकै कुरा गर्छन्, र संसारले तिनीहरूका कुरा सुन्छ । हामी त संसारका हौं । जसले परमेश्वरलाई चिन्छ, उसले हाम्रो कुरा सुन्छ, र जो परमेश्वरको होइन, हाम्रो कुरा सुन्दैन । यसैबाट हामी सत्यको आत्मा र भ्रमण्को आत्मालाई चिन्छौं ।

४:१ "जुनसुकै आत्माको विश्वास नगर" यो वर्तमान आज्ञार्थक नकारात्मक कृदन्तसँगैको हो, जसको सामान्य अर्थ अगाडि नै प्रकृयामा भएको कार्यलाई रोक्नु भन्ने हुन्छ । खीष्टियनहरूको धारणा बलियो व्यक्तित्वलाई, तार्किक वादविवादलाई, परमेश्वरबाट आएको आश्चर्य कर्मको घटनालाई स्वीकार गर्नुपर्ने हुन्छ । अन्ततः झुटा शिक्षकहरूले निम्न कुरालाई दावी गरेः १) परमेश्वरको निम्ति बताउनु वा २) परमेश्वरबाट विशेष प्रकाश प्राप्त गर्ने हुनु । .

**विशेष शिर्षकः के खीष्टियनहरूले एक-अर्कालाई न्याय गर्नुपर्ने हुन्छ ?**

यो विषयलाई निम्न दुई प्रकारले व्यवहार गरिनुपर्छः

१. विश्वासीहरूलाई एक-अर्काले न्याय नगर्ने चेतावनी दिइएको छ (जस्तैः मत्ती ७:१-५; लूका ६:३७-४२; रोमी २:१-११; याकूब ४:११-१२) ।

२. विश्वासीहरूले अगुवाहरूलाई चेतावनी दिएका छन् (मत्ती ७:६,१५-१६; १ कोरिन्थी १४:२९; १ थेसलोनिकी ५:२१; १ तिमोथी ३:१-१३; १ यूहन्ना ४:१-६)

उचित मुल्याङ्कनको लागि केही मापदण्ड उपयोगी हुन सक्छः

१. मुल्याङ्कन सकारात्मक उद्देश्यको निम्ति हुनुपर्छ (जस्तैः १ यूहन्ना ४:१ - प्रमाणित गर्ने दृष्टितर्फको "जाँच")

२. मुल्याङ्कन नम्रता र भलाद्मीपनमा गरिनुपर्छ (गलाती ६:१)

३. मुल्याङ्कनले व्यक्तिगत प्रस्तुतिको विषयलाई जोड दिनु हुँदैन -जस्तैः रोमी १४:१-२३; १ कोरिन्थी ८:१-१३; १०:२३-३३)

४. मुल्याङ्कनमा ती अगुवाहरूले पहिचान हुनुपर्छ, जसले मण्डली वा समुदाय भित्रबाट "आलोचनालाई संहालेका" हुँदैनन् (जस्तै १ तिमोथी ३ अध्याय) ।

- "जुनसुकै आत्मा" यहाँ आत्मा भनेर मानवीय व्यक्तित्वको भावमा प्रयोग गरिएको छ । ४:६ को टिपोटलाई हेर्नुहोस् यसले परमेश्वरबाटको मानि लिएको सन्देशलाई बताउने गर्दछ । झुटा शिक्षा मण्डलीभित्रबाट नै आउँछ (जस्तैः २:१९) । झुटा शिक्षकहरूले परमेश्वरको निम्ति बताउने कुरालाई दावी गरे । यूहन्नाले यो कुरालाई बताउँदछन्, कि त्यहाँ दुईवटा आत्मिक स्रोतहरू छन्, परमेश्वर वा शैतान, मानवीय बोली र कार्य पछाडि छन् ।

- ''तर आत्माहरूको जाँच गर'' यो वर्तमान् सकृय सूचक हो । यो दुवै आत्मिक वरदान (जस्तैः १ कोरिन्थी १२:१०; १४:२९) र हरेक विश्वासीको निम्ति प्रार्थनामा, सुसमाचारमा र दिने कुरामा खाँचो पर्ने कुरा हो । ग्रीक शब्द डोकिमाजको ''प्रमाणित गर्ने धारणतर्फको जाँच'' भनिएको छ । विश्वासीहरूले अरूको लागि उत्तम कुरा नै सोच्नुपर्छ, जबसम्म सबभन्दा खत्तम भनेर प्रमाणित हुँदैन (१ कोरिन्थी १३:४-७; १ थेसलोनिकी ५:२०-२१)।

## विशेष शिर्षक: ग्रीक परिवेशको जाँच र तिनीहरूका भनाइहरू

त्यहाँ दुईवटा ग्रीक परिवेशहरू छन्, जसले कसैको निम्ति उद्देश्यलाई जाँच गर्ने विचार लिएका हुन्छन् ।

१. डोकिमाजा, डोकिमिओन, डोकीमासिया

यो परिवेश विविधतामा छ, जसले केहीचिजको सक्कलीपनालाई आगोद्वारा जाँच्ने काम गर्छ (आलंकारिताको कोही व्यक्ति) । आगोले सक्कली धातुलाई प्रकट गर्छ, र यसको मैलालाई जलाउने वा शुद्ध पार्ने काम गर्दछ । यो शारीरिक प्रकृया परमेश्वरको निम्ति वा शैतानको निम्ति वा मानिसहरूले अरूलाई जाँच गर्नको निम्ति शक्तिशाली भनाइ बन्दछ । यो परिवेशलाई जाँच गर्न केवल स्वीकार गर्ने दृष्टिकोणका साथ सकारा भावनामा प्रयोग गरिन्छ । यसलाई नयाँ करारको जाँचमा प्रयोग गरिएको छ ।

क. गोरु - लूका १४:१९
ख. हामी आफै - १ कोरिन्थी ११:२८
ग. हाम्रो विश्वास - याक''ब १:३
घ. परमेश्वर पनि - हिब्रू ३:९

यी जाँचहरूबाट आएका परिणामहरू सकारात्मक भएको कुरा मानियो (जस्तैः रोमी २:१८; १४:२२; १६:१०; २ कोरिन्थी १०:१८; १३:३; फिलिप्पी २:२७; १ पत्रुस १:७), त्यसकारणे विचारलाई जाँचगर्ने वा प्रमाणित गर्ने गर्दछ । , यो परिवेशले कैक

क. गर्न योग्य हुनु
ख. असल बन्नु
ग. सक्कली बन्नु
घ. मुल्यवान हुनु
ङ. सम्मानित हुनु

२. पेइराज, पेइरासमस

कतिचोटी यो परिवेशमा दोष पत्ता लगाउने उद्देश्यको निम्ति वा इन्कार गर्ने जाँचको भनाइ आएको हुन्छ । यसलाई कतिचोटी उजाड स्थानमा येशूको परीक्षाको सम्बन्धमा प्रयोग गरिएको हुन्छ ।

क. यसले येशूलाई धरापमा पार्ने कुरालाई बताउँदछ (जस्तैः मत्ती ४:१; १६:१; १९:३; २२:१८,३५; मर्कूस १:३३; लूका ४:२; हिब्रू २:१८) ।
ख. यो परिवेश (पेरिराज) मत्ती ४:३; १ थेसलोनिकी ३:५ मा शैतानको निम्ति शिर्षकको रूपमा प्रयोग गरिएको छ ।
ग. यसलाई येशूद्वारा हामीलाई परमेश्वरको जाँच नगर्नको निम्ति चेतावनीको रूपमा प्रयोग गरिएको छ (जस्तैः मत्ती १४:७; लूका ४:१२; वा खीष्ट १ कोरिन्थी १०:९) । यसले कुनै असफल भएको चिजलाई गर्ने प्रयासलाई पनि देखाउँदछ (जस्तैः हिब्रू ११:२९) । यसलाई विश्वासीहरू को जाँच र परीक्षाको सम्बन्धमा प्रयोग गरिएको छ -जस्तैः १ कोरिन्थी ७:५; १०:९,१३; गलाती ६:१; १ थेसलोनिकी ३:५; हिब्रू २:१८; याकूब १:२,१३:१४; १ पत्रुस ४:१२; २ पत्रुस २:९) । परमेश्वरले मानव जातिका तीनवटा शत्रुहरू ((जस्तैः संसार, शरीर, र शैतान) लाई विशेष समय र स्थानमा प्रकट गर्न अनुमति दिनुहुन्छ

- ''किनभने धेरै झुटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन्'' यो सिद्ध सकृय सूचक हो (जस्तैः यर्मिया १४:१४; २३:२१; २९:८; मत्ती ७:१५; २४:११,२४; प्रेरित २०:२८-३०; २ पत्रुस २:१; १ यूहन्ना २:१८-१९,२४; ३:७; २ यूहन्ना ७ पद) । यसको उपयोगीता यो हो, कि तिनीहरूले मण्डलीलाई वा घरेलु मण्डलीलाई छोडेका छन्, तरैपनि यस कुराको दावीलाई निरन्तरता दिएका छन्, कि तिनीहरूले परमेश्वरको निम्ति बताएका छन् । यूहन्ना ४:१९ को नयाँ करारको अगमवाणीलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

- ''यसैबाट तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौं'' यो व्याकरणीय स्वरुप कित वर्तमान् सकृय सूचक हो (एउटा भनाइ) वा वर्तमान् सकृय आज्ञार्थक हो (एउटा आज्ञा) । यो उही २:२७ मा ''रहनु'' र २:२९ मा ''जान्नु'' भन्ने स्वरुपको अर्थको अष्पस्टता हुन्छ । पवित्र आत्माले सँधै येशूलाई बढाइ-चढाइ गर्ने गर्दछ (यूहन्ना १४:२६; १५:२६; १६:१३-१५) । यो उही जाँच पावलको लेखको १ कोरिन्थी १२:३ मा देख्न सकिन्छ ।

''हरेक आत्माले पश्चात्ताप गर्ने'' यो वर्तमान् सकृय सूचक हो, जसले निरन्तर भइरहने प्रगतिलाई बताउँदछ, र विगतको विश्वासको निश्चयतालाई बताउने होइन । ''पश्चात्ताप गर्नु'' भन्ने ग्रीक परिवेशमा ''उही'' र ''बताउने कार्य''को अर्थ ''उही चिजलाई नै भन्नु'' भन्ने हुन्छ । यो १ यूहन्नामा आइ रहने विषय हो (जस्तैः १ यूहन्ना १:९; २:२३; ४:२-३; ४:१५; यूहन्ना ९:२२; २ यूहन्ना ७ अध्याय) । यो परिवेशले कसैको निश्चयताको निम्ति र येशू खीष्टको सुसमाचारमा समर्पणताको निम्ति विशेष, सामूहिक, र स्वरसम्बन्धि कृतज्ञताको निम्ति लागु गर्दछ । यूहन्ना ९:१२ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- ''तर त्यो खीष्ट विरोधीको आत्मा हो, जसको विषयमा 'त्यो आउँछ' भन्ने तिमीहरूले सुनेका छौं'' यो सिद्ध सकृय कृदन्त हो । यो झुटा शिक्षकहरू (जस्तैः ज्ञानवाद) को निम्ति आवश्यकीय सिद्धान्त हो, जसलाई यूहन्नाले यस पुस्तकमा लडाइँ गरेका छन् । यसको आधारभूत भनाइ यो हो, कि येशू पूर्ण मानिस (जस्तैः शरीर, जसलाई ज्ञानवादीहरूले इन्कार गरे) को साथसाथै पूर्ण परमेश्वर पनि हुनुहुन्छ (जस्तैः १:१-४; २ यूहन्ना ७ पद; यूहन्ना १:१४; १ तिमोथी ३:१६) । यो पूर्ण कालले यो कुरालाई निश्चित गर्दछ, कि येशूको मानवीयता अस्थायी थिएन, तर स्थायी थियो । यो चाहिँ सामान्य विषय थिएन । येशू मानवीयतासँग एक र परमेश्वरसँग एक हुनुहुन्छ ।

४:३ "येशूलाई स्वीकार नगर्ने हरेक आत्म" यो ईश्वरशास्त्रीय रूपमा चाखलाग्दो छ, कि नयाँ करारको पुरानो ल्याटिक संस्करण र प्राचीन लेखकहरू जस्तैः क्लेमेन्ट, अलेक्जाड्रियाका ओरेगन, आइरेनियस र टर्टुलियनले गुमाएका छन्, जसले "येशूलाई अलग गर्ने कुरालाई लागु गर्दछन्, र अन्ततः यो मानवीय आत्माभित्र र अलौकिक आत्मामा अलग गरिएको हुन्छ, जसले दोस्रो शताब्दीको ज्ञानवादका लेखहरूलाई चित्रित गरेको हुन्छ। तर यो पाठगत जोड हो, जसले सुरुको मण्डलीको जीवन र मृत्युमा झुटा शिक्षासँगको संघर्षलाई देखाउँदछ (बार्ट अरहार्टको प्राचीन समयको बाइबलको भ्रटाचार भन्नेको पानाहरू १२५-१३५) लाई हेर्नुहोस्।

- "ख्रीष्ट विरोधीको आत्मा हो" यहाँ यो परिवेश (२:१८-२५) लाई येशूलाई इन्कार गर्ने रूपमा प्रयोग गरिन्छ, र उहाँको स्थानलाई ओगट्ने प्रयास मा चाहिँ होइन।
- "जसको विषयमा 'त्यो आउँछ' भन्ने तिमीहरूले सुनेका छौं। अब त्यो यस संसारमा आइसकेको छ" यो सिद्ध सकृय सूचक हो, जसले यो कुरा लाई लागु गर्दछ, कि यूहन्नाले तिनीहरूसँग गरिएको यस विषयको छलफल अगाडि नै गरेका थिए, र त्यसले यसको सन्दर्भलाई त्यही नै राखे। गीक भाषामा सर्वनाम "यो" भन्नेले नपुंसक "आत्मा" सँग मेल खाँदछ। लूका २:१८ मा यो वाक्यांशले यस कुरालाई प्रकट गर्दछ, कि ख्रीष्ट विरोधी आत्मा अगाडि नै आएको छ, र फेरी पनि आउँनेछ। यी ज्ञानवादका झुटा शिक्षकहरूले झुटो जानकारीको जालोको निर्माण गर्दछन्, र यिनीहरूले बर्षौंदेखि झुटो जीवनशैली र झुटा व्यवसायहरू दुष्टचाहिँबाट उत्पत्ति ३ अध्यायमा दुष्टताचाहिँको अवतारको प्रकटीकरण र अन्तको समयमा आउेन ख्रीष्टविरोधी कुराहरूलाई अंगालेका छन् (जस्तैः २ थेसलोनिकी २ र प्रकाश १३ अध्याय)।

४:४:६ "तिमी...तिनीहरू...हामी" यी सबै सर्वनामहरूलाई जोड दिइएको छ। यहाँ तीनवटा समूहलाई बताइएको छः

१. साँचो विश्वासीहरू (यूहन्ना र उनका पाठकहरू)
२. झुटा विश्वासीहरू (झुटा शिक्षकहरू र तिनीहरूलाई पछ्याउनेहरू)
३. यूहन्नाको मिसनरी परिवेश र ईश्वरशास्त्रीय समूह

यस्तै उही किसिमको तीनवटाको समूह हिब्र ६ र १० अध्यायमा पनि देखिएको छ।

४:४ "तिमीहरूमाथि विजयी भएका छौ" यो सिद्ध सकृय सूचक हो। यो सिद्धान्तको बादविवाद र विजयी ख्रीष्टियन जीवन दुवैको विवादको सिद्धान्तको सन्दर्भ हो। तिनीहरू र हाम्रो निम्ति कस्तो अचम्म लाग्ने उत्साहपूर्ण वचन हो।

यूहन्नाले ख्रीष्टियनहरूको पाप र दुष्टतामाथिको विजयको जीवनलाई वास्ता गरेका छन्। उनले (निका) भन्ने परिवेशलाई १ यूहन्नामा ६ चोटी र ( जस्तैः २:१३,१४; ४:४; ५:४,५), प्रकाशमा ११ चोटी र सुसमाचारमा एकचोटी प्रयोग गरेका छन् (१६:३३)। यो "विजय" भन्ने परिवेश लूकामा एकचोटी मात्र (जस्तैः ११:२२) र पावलका लेखहरूमा दुईचोटीमात्र प्रयोग गरिएका छन् (जस्तैः रोमी ३:४; १२:२१)।

- "किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ" यसले ईश्वरको बासस्थानको बारेमा जोड दिएको छ। यहाँ यो पिता ले बास गर्ने सन्दर्भमा आएको देखिन्छ (यूहन्ना १४:२३; २ कोरिन्थी ६:१६)। नयाँ करारले यस कुरालाई पनि जोड दिन्छ, कि १) बास गर्ने पुत्र र (जस्तैः मत्ती २८:२०; र कलस्सी १:२७) र २) बास गर्ने पवित्र आत्मा (रोमी ८:९; १ यूहन्ना ४:१३)। आत्मा र पुत्र नजिकमा परिचित छन् (जस्तैः रोमी ८:९; २ कोरिन्थी ३:१७; गलाती ४:६; फिलिप्पी १:१९; १ पत्रुस १:११)। यूहन्ना १४:१६ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

"उहाँ जो संसारमा हुनुहुन्छ" भन्ने वाक्यांशले शैतानलाई बताउँदछ (जस्तैः यूहन्ना १२:३१; १४:३०; १६:११; २ कोरिन्थी ४:४; एफिसी २:२; १ यूहन्ना ५:१९ र उहाँलाई पछ्याउनेहरू)। १ यूहन्नामा आएको "संसार" भन्ने परिवेशमा सधैं नकारात्मक भनाइ हुन्छ (जस्तैः व्यवस्थित मानवीय समाज र परमेश्वरभन्दा फरक तरिकाले कार्य गर्ने, १४:१७ मा कसमस भन्ने विशेष शिर्षकलाई हेर्नुहोस्।

४:५ "अब त्यो यस संसारमा आइसकेको छ" यो एउटा अबलेटिभ स्रोत हो। यहाँ प्रयोग गरिएको "संसार" भन्ने परिवेशले परमेश्वर भन्दा बाहिरका यसका सबै खाँचोहरूलाई पूरा गर्ने कोसिस पतन भएको मानवीय समाजको भावनमा प्रयोग गरिएको हुन्छ -जस्तैः २:१५-१७)। यसले पतन भएको मानव जातिको सामूहिक स्वतन्त्रताको आत्मालाई बताउँदछ। यसको एउटा असल नमुना कयिन हुन् (जस्तैः ३:१२)। अन्य नमुनाहरूमा यस्तो हुन्थ्यो, १) एलिया र बालका अगमवक्ताहरू (१ राजा १८ अध्याय), र यर्मियाको विरुद्धमा हननीया (यर्मिया २८ अध्याय)।

"संसारले तिनीहरूका कुरा सुन्छ" ख्रीष्टियन शिक्षकहरूको विरुद्धमा झुटा शिक्षकहरूको अर्को प्रमाण हुँदछ, जसले तिनीहरूलाई सुन्दछन् (जस्तैः १ तिमोथी ४:१)।

४:६ "जसले परमेश्वरलाई चिन्छ, उसले हाम्रो कुरा सुन्छ" यो वर्तमान् सकृय कृदन्त हो। साँचा विश्वासीहरूले प्रेरितिय सत्यतालाई निरन्तर सुनेर प्रतिक्रिया जनाउनुपर्छ। विश्वासीहरूले साँचो प्रचारकहरू वा शिक्षकहरूको सन्देशको विषयवस्तु, सुन्छन् र तिनीहरूले प्रतिक्रिया जनाउँछन्, तिनीहरूलाई सत्य व्यक्तिको रूपमा पहिचान गरिन्छ।

- "यसैबाट हामी सत्यको आत्मा र भ्रमको आत्मालाई चिन्छौं" यसले पवित्र आत्मालाई बताएको हुन सक्छ (जस्तैः यूहन्ना १४:१७; १५:२६; १६:१३; १ यूहन्ना ४:६; ५:७), र दुष्ट आत्मा शैतान हुन्छ। विश्वासीहरू सन्देशको स्रोतलाई प्राप्त गर्न सक्षम हुनुपर्छ। कतिचोटी तिनीहरूलाई परमेश्वर को नाउँमा दिन र परमेश्वरमा बोल्नेहरूद्वारा सहायता गर्न दुवैलाई दिइएकोइएको हुन्छ। एकजनाले येशूलाई र ख्रीष्टपनजस्तैलाई उठाउँदछन् भने, अर्कोले मानवीय अनुमान र व्यक्तिगत स्वतन्त्रतालाई उठाउँदछन्।

नयाँ करारमा "आत्मा" भन्ने परिवेशको प्रयोगलाई रोवर्ट गिर्डस्टोनको पुरानो करारको समानता भन्ने पुस्तकमा चाखलाग्दो छलफल दिएका छन्:

१. दुष्ट आत्मा
२. मानवीय आत्मा
३. पवित्र आत्मा
४. आत्माले मानवीय आत्मामा र द्वारा निकालिएका चिजविजहरू
    क. 'दासत्वको आत्माको विरुद्धमा लिने आत्मा नभएको' - रोमी ८:१५
    ख. 'भलाद्मीपनको आत्मा' - १ कोरिन्थी ४:२१
    ग. 'विश्वासको आत्मा' - २ कोरिन्थी ४:१३
    घ. 'उहाँको ज्ञानमा भएको ज्ञानको र प्रकाशको आत्मा' - एफिसी १:१७

ङ. 'कातरताको आत्मा होइन, तर प्रेम र अनुशासनको हो - २ तिमोथी १:७

च 'भ्रमको आत्माको विरुद्धमा सत्यको आत्मा' - १ यूहन्ना ४:६ (पानाहरू ६१:६३)

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ४:७-१४

"प्रिय हो, हामीले एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ, त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। परमेश्वरको प्रेम हाम्रा माभमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र यस संसारमा पठाउनुभयो, ताकी हामी पुत्रद्धारा जिउन सकौं। प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका हौइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनको निम्ति आफ्ना पुत्र पठाउनुभयो। प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने, हामीले पनि एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ। परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। यदि हामीले एउटाले अर्कालाई प्रेम गर्‍यौं भने, परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ। उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको छ, र यसै कारणले हामी यो जान्दछौं कि हामी उहाँमा रहन्छौं, र उहाँ हामीमा रहनुहुन्छ। हामीले देखेका छौं, र गवाही दिन्छौं कि पिताले आफ्नो पुत्रलाई संसारका मुक्तिदाता हुन पठाउनुभएको छ ।"

४:७ "हामीले एउटाले अर्कोलाई प्रेम गरौं" यो वर्तमान् सकृय विषयगत हो। सबै विश्वासीहरूमा हुने एउटा साभा चरित्र दैनिक रूपमा प्रेम गर्नु र जीवन शैली असल बनाउनु हो (जस्तैः १ कोरिन्थी १३ अध्याय; गताली ५:२२)। यो यूहन्नाको लेखमा बारम्बार आउने विषय हो, र नैतिक जाँचको आवश्यकीय कुरा पनि हो (यूहन्ना १३:३४; १५:१२,१७; १ यूहन्ना २:७-११; ३:११,२३; २ यूहन्ना ५ पद, पाठगत अन्तर्दृष्टि ग लाई हेर्नुहोस्। विषयगत अवस्थाले विषय-वस्तुलाई बताउँदछ। .

- "किनभने प्रेम परमेश्वरबाट आउँछ" मानवीय भलाई, दया वा भावनाबाट नभएर परमेश्वर प्रेमको स्रोत हुनुहुन्छ (जस्तैः पद १६)। सामान्यतया यो भावना त्मक कुरा नभएर उद्देश्य पूर्ण कार्य हुन्छ (जस्तैः पिताले हाम्रो पक्षमा मर्नको लागि पुत्रलाई पठाउनुभएको, पद १०; यूहन्ना ३:१६)।

- "जसले प्रेम गर्छ, त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ" यी क्रियाहरू सिद्ध निष्क्रिय र वर्तमान् सकृय सूचकहरू हुन्। यूहन्नाको मनपर्ने परिवेशमा विश्वासीहरू हुनु भनेको शारीरिक जन्मसँग सम्बन्धित छन् (जस्तैः २:२९; ३:९; ४:७; ५:१,४,१८; यूहन्ना ३:३,७)।

इ) "जान्नु" भन्ने परिवेशले हिब्रू भावनाको निरन्तर हुने र नजिकको संगतिलाई देखाउँदछ (उत्पत्ति ४:१; यर्मिया १:५)। यो १ यूहन्नामा आइरहने विषय हो, र यसलाई ७७ चोटी भन्दा बढी प्रयोग गरिएको छ। यूहन्ना १:१० मा विशेष शिर्षकलाई हेर्नुहोस्।

४:८ "प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ" जीवनशैलीको प्रेम परमेश्वरलाई जान्ने साँचो जाँचको कसी हो। यो यूहन्नाको अति नै सामान्य भनाइ हो, "परमेश्वर प्रेम हुनुहुन्छ" भन्नुको अर्थ "परमेश्वर ज्योति" हुनुहुन्छ (जस्तैः १:५) र "परमेश्वर आत्मा" (यूहन्ना ४:२४) पनि भन्नु हो। परमेश्वरको प्रेम र परमेश्वरको क्रोधलाई विपरिततामा ल्याउने एउटा उत्तम उपाय व्यवस्था ५:९ सँग ५:१० र ७:९ लाई तुलना गर्नु हो।

४:९ "यसैद्वारा उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ।" यो एओरिष्ट निष्कृय सूचक हो (यूहन्ना ३:१६; २ कोरिन्थी ९:१५; रोमी ८:३२)। परमेश्वरले यो कुरालाई स्पष्टरूपमा देखाउनुभएको छ, कि उहाँले उहाँको एकलौटे पुत्रलाई हाम्रो सट्टामा मर्न लगाएर प्रेम गर्नुभयो। प्रेम भनेको कार्य हो, र यो अनुभव गर्ने कुरामात्र होइन। विश्वासीहरूले तिनीहरूको दैनिक जीवनमा बराबर हुने चेष्टा गर्नुपर्छ (यूहन्ना ३:१६)। परमेश्वरलाई जान्नु भनेको उहाँले हामीलाई प्रेम गरेजस्तै उहाँलाई पनि प्रेम गर्नु हो।

- "उहाँले आफ्ना एकमात्र पुत्र यस संसारमा पठाउनुभयो" यो सिद्ध सकृय सूचक हो, र यसको अवतार र बाँकी रहेको परिणाम हो। परमेश्वरका सबै लाभहरू येशू ख्रीष्ट द्वारा नै आउँछन् !

"एकमात्र" भन्ने परिवेश मानोजेन हो, जसले "अनौठो" वा "कुनै जातिको एक" भन्ने कुरालाई लागु गर्दछ, र व्यभिचारी पुस्ताको एकमात्र भन्ने हुँदैन। कन्याबाट भएको जन्म मरियम वा परमेश्वरको शारीरिक अनुभवको कुरा थिएन। यूहन्नाले यो परिवेशलाई येशूलाई बताउँदाखेरि धेरै चोटी प्रयोग गरेका छन् (जस्तैः यूहन्ना १:१४,१८; ३:१६, १८; १ यूहन्ना ४:९)। यूहन्ना ३:१६ को अभ बढी टिपोटलाई हेर्नुहोस्। येशू अनौठो तरिकाको परमेश्वरको पुत्र हुनुहुन्छ। विश्वासीहरू त्यहाँबाट आएको भावनामा मात्रै परमेश्वरका छोराछोरी कहलिएका छन्।

- "ताकी हामी पुत्रद्धारा जिउन सकौं" यो एओरिष्ट सकृय विषयगत हो, जसमा अनिश्चित घटना र विश्वासको प्रतिक्रिया आवश्यक हुन्छ। अवतारको उद्देश्य अनन्त जीवन र प्रशस्तताको जीवन थियो (यूहन्ना १०:१०)।

४:१० "प्रेम यसैमा छ, कि" परमेश्वर प्रेम हुनुहुन्छ भन्ने कुरा येशूको जीवन र मृत्युमा स्पष्टरूपमा देखाइएको छ (जस्तैः रोमी ५:६,८)। येशूलाई जान्नु भनेको परमेश्वरलाई जान्नु हो। परमेश्वरलाई जान्नु भनेको प्रेम गर्नु हो !

- "हामीले परमेश्वरलाई प्रेम गरेका हौइनौं" नयाँ करार विश्व धर्मको बीचमा अनौठो छ। विशेषतापूर्ण रूपमा धर्म भनेको मानवजातिले परमेश्वरलाई खोज्नु हो, तर ख्रीष्टियन विश्वासमा परमेश्वरले पतन भएको मानवजातिलाई खोजीरहनुभएको हुन्छ ! अचम्मको सत्यता भनेको हाम्रो प्रेम परमेश्वरको निम्ति हुने होइन, तर उहाँको प्रेम हाम्रो निम्ति हो।

उहाँले हामीलाई हाम्रो पाप, स्वार्थीपन, हाम्रो विद्रोह र घमण्डमा खोज्नुभएको छ। ख्रीष्टियन विश्वासको महिमित सत्यता यो हो, कि परमेश्वरले पतन भएको मानवजातिलाई प्रेम गर्नुहुन्छ, र जीवन परिवर्तन हुने सम्पर्कलाई कायम राखेर सुरुवात गर्नुभएको छ।

त्यहाँ क्रियाको स्वरुपमा विविध कुराहरू सम्बन्धित छन्:

१. प्रेम पाउनुहोस् र निरन्तर गर्नुहोस् - सिद्ध एमएस बि

२. प्रेम गरिएको - एओरिष्ट एम ! युबियस ४ ले सिद्ध कालको "बि" तहलाई दिँदछ (करिब पक्का)।

- "हाम्रा पापको प्रायश्चित हुनको निम्ति आफ्ना पुत्र पठाउनुभयो" २:२ को टिपोट लाई हेर्नुहोस्।

४:११ ''यदि'' यो पहिलो तहको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति साँचो भएको मानिलिइन्छ । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ (रोमी ८:३१) ।

- ''यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने'' ''यसरी'' भन्नेलाई हामीले यूहन्ना ३:१६को जस्तै तरिकाले बुझ्नुपर्ने हुनछ ।
- ''हामीले पनि एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ'' किनकि उहाँले हामीलाई प्रेम गर्नुभएको छ, त्यसरी नै हामीले पनि एक अर्कालाई प्रेम गर्नुपर्छ ( जस्तैः २:१०; ३:१६; ४:७) । यो भनाइ झुटा शिक्षकहरूको धारणा र बाधा ल्याउने कार्यमा आवश्यक हुन्छ ।

४:१२ ''परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन'' यो सिद्ध बीचको सूचक हो । यो शब्दले ''कसैको वा केही चिजको निम्ति भावनात्मक रूपले हेर्नु'' भन्ने लागु गर्दछ -पस्थान ३३:२०-२३; यूहन्ना १:१८; ५:३७; ६:४६; १ तिमोथी ६:१६) । यो कुरा पनि सम्भव छ, कि झुटा शिक्षकहरूले पूर्वीय रहस्यको धर्मलाई केही अर्थमा प्रभाव पारे, र परमेश्वरबाट वा परमेश्वरको केही किसिमको दर्शनलाई दावी गरे । येशू पितालाई पूर्णरूपमा प्रकट गर्न आउनुभयो । हामीले उहाँलाई हेरेर परमेश्वरलाई जान्न सक्छौं ।

- "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।
- ''परमेश्वर हामीमा रहनुहुन्छ'' २:१० मा रहनु भन्नेलाई विशेष शिर्षक मा हेर्नुहोस् ।

''उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ'' यो परिधिको सिद्ध निष्क्रिय कृदन्त हो । प्रेम गर्ने खीष्टियनहरूमा प्रमाणको रूपमा रहँदा परमेश्वरको प्रेमलाई सिद्ध बनाइएको हुन्छ -जस्तैः २:५; ४:१७)

४:१३ ''उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको छ'' यो सिद्ध सकृय सूचक हो । पवित्र आत्माको बास (जस्तैः ३:२४; रोमी ८:९), र उहाँको परिवर्तन गर्ने प्रभाव हाम्रो साँचो मुक्तिको प्रभाव हो -जस्तैः रोमी ८:१६) । पद १३ मा यो यस्तो पनि देखिन्छ, कि त्यहाँ आत्माको विषयगत साक्षी हुन्छ, जबकि पद १४ प्रेरितहरूले दिएको गवाहीको बस्तुगत साक्षी हुन्छ । त्रियकत्वको तीनवटा व्यक्तित्वहरू पदहरू १३-१४ मा स्पष्टरूपमा देखा परेका छन् । यूहन्ना १४:२६ मा त्रियकत्वको विशेष शिर्षकलाई हेर्नुहोस् ।

४:१४ ''हामीले देखेका छौ, र गवाही दिन्छौं'' यी क्रियापदहरू सिद्ध मध्येका सूचकहरू हुन, जसले वर्तमान् सकृय सूचकलाई जोडेका छन् । यसले येशू खीष्टको व्यक्तिको सम्बन्धमा १:१-३ मा जस्तै यूहन्नाले आफ्नो आँखाले देखेको गवाहीलाई बताउँदछन् ।

''देख्नु'' भन्ने परिवेश पद १२ को ग्रीक शब्दजस्तै हुन्छ, जसको अर्थ ''चाहना लिएर हेर्नु'' भन्ने हुन्छ । येशूको गवाहीको बारेमा यूहन्ना १:८ मा विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् ।

- ''कि पिताले आफ्नो पुत्रलाई'' यो सिद्ध सकृय सूचक हो । वास्तविकता यो हो, कि पिता परमेश्वरले पुत्र परमेश्वरलाई यस संसारमा पठाउनुभयो (यूहन्ना ३:१६), र ज्ञानवादका झुटा शिक्षकहरूले आत्मा (असल) र तत्व (खराब) को बीचमा दुईवटा कुराहरूलाई मानिलिएका छन् । येशू साँच्चिकै परमेश्वर हुनुहुन्थ्यो, र उहाँले यो दुष्ट संसारमा उत्पत्ति ३ अध्याय )गलाती ३:१३) मा हामीलाई दिइएको श्रापबाट यसलाई र हामीलाई छुटकारा गर्नको निम्ति पठाइएको थियो ।
- ''संसारका मुक्तिदाता हुन्'' वास्तविकता यो हो, कि पिताले येशूलाई मुक्तिको साधन बन्नको लागि छान्नुभयो, तर ज्ञानवादका झुटा शिक्षकहरूले स्वर्गदूतिय तहमा सम्बन्धित गोप्य वा विशेष ज्ञानद्वारा मुक्ति प्राप्त गरिने कुरामा विश्वास गर्छन्, जसलाई येशूले इन्कार गर्नुभयो । तिनीहरूले यी स्वर्गदूतिय तहलाई इओन्स भने वा उच्च परमेश्वर र नीच परमेश्वरको बीचको स्वर्गदूतिय अधिकारको परिवेशमा अगाडि नै अस्तित्वमा रहेको तत्वबाट विश्वलाई बनाइयो ।

''संसारका मुक्तिदाता'' भन्ने वाक्यांश १) देवताको शिर्षक (जस्तैः जिअस) र २) रोमी कैसरको सामान्य शिर्षक थियो । खीष्टियनहरूको निम्ति मात्रै येशूले यो शिर्षक दिन सक्नुहुन्थ्यो (यूहन्ना ४:४२; १ तिमोथी २:४; ४:१०) । यो एसिया माइनरमा भएका सिजरका स्थानीय मूर्तिहरूले ल्याएको सता वटको कारण जस्तै नै थियो ।

यस बाहेकका सबै कुराहरूलाई याद गर्नुहोस् । उहाँ कसैको नभएर सबैको मुक्तिदाता हुनुहुन्छ, यदि तिनीहरूले प्रतिउत्तर दिए भने (जस्तैः यूहन्ना १:१२; ३:१६; रोमी ५:१८; १०:९-१३) । .

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ४:१५-२१

''जसले येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी स्वीकार गर्छ, त्यसमा परमेश्वर बास गर्नुहुन्छ, र त्योचाहिँ परमेश्वरमा । यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं, र विश्वास गर्छौ । परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ । न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध हुन्छ । किनकि उहाँ जस्तो हुनुहुन्छ, हामी पनि यस संसारमा त्यस्तै छौं । प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ । किनकि डरको सम्बन्ध त डरसँग हुन्छ, अनि जो डराउँछ, प्रेममा सिद्ध भएको हुँदैन । हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो । यदि कसैले म परमेश्वरलाई प्रेम गर्छु भन्छ, तर आफ्नो भाइलाई घृणा गर्छ भने, त्यो झुटो हो, किनकि आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्दैन । हामीले उहाँबाट यो आज्ञा पाएका छौं, कि जसले परमेश्वरलाई प्रेम गर्छ, त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ ।''

४:१५ ''जसले येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी स्वीकार गर्छ'' यो एओरिष्ट सकृय विषयगत हो । ''स्वीकार गर्नु'' भन्नेलाई पद २ को टिपोटमा हेर्नु होस् । साँचो परमेश्वरको तीनवटा जाँचमध्ये एउटालाई येशूको व्यक्तित्व र कार्यको सम्बन्धमा ईश्वरशास्त्रीय सत्यता हुन्छ (२:२२-२३; ४:१-६; ५:१,५) । यो पनि १ यूहन्ना र याकूबको प्रेमको जीवनशैली र आज्ञाकारीतामा मिल्दछ । पाठगत अन्तर्दृष्टिको ग मा हेर्नुहोस् ।

"जोसुकै" पनि भन्ने परिवेश परमेश्वरले जो कोहीलाई पनि आमन्त्रण गर्ने ठूलो कार्य हो, र जो कोही पनि उहाँकोमा आउन सक्छ । सबै मानिसहरू परमेश्वरको स्वरुपमा सृष्टि गरिएका छन् (उत्पत्ति १:२६-२७; ५:३; ९:६) । परमेश्वरले मानव जातिको निम्ति उत्पत्ति ३:१५ मा छुटकारा दिने प्रतिज्ञा गर्नु भयो । उहाँले अब्राहामलाई बोलाउनुभएको बोलावट संसारसम्म पुग्नु थियो (उत्पत्ति १२:३; प्रस्थान १९:६) । येशूको मृत्युले पापको समस्यासँग सामना गर्दछ (यूहन्ना ३:१६) । हरेकजना बचाइन सक्छन्, यदि तिनीहरूले पश्चात्तापमा, विश्वासमा, आज्ञाकारीतामा, सेवामा, धैर्यतामा र करारको पश्चात्तापको बाध्यता मा प्रतिक्रिया जनाउनेछन्, र परमेश्वरको वचनमा आउने सबैजनाको निम्ति हुनेछ (जस्तैः यशैया ५५ अध्याय) ।

## विशेष शिर्षकः बबको सुसमाचारीय पूर्वाग्रह

मैले तपाई पाठकलाई यो कुरा लिने बनाउनुपर्छ, कि म यो बिन्दुमा आएर पूर्वाग्रही भएको छु । मेरो व्यवस्थित ईश्वरशास्त्र काभल्भिनवादी वा वितरापूर्ण छैन, तर यो सुसमाचार प्रचारको महान् आज्ञा हो (जस्तैः मत्ती २८:१८-२०; लूका २४:४७-४६; प्रेरित १:८) । म यो विश्वास गर्दछु, कि सबै मानवजातिको निम्ति परमेश्वरको छुटकाराको अनन्त योजना थियो -जस्तैः उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; यर्मिया ३१:३१-३४; इजकिएल १८ अध्याय; ३६:२२-३८; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९; रोमी ३:९-१८,१९-२०,२१-३१), यी सबै चिजहरू उहाँकै स्वरुप र प्रतिरुपमा सृष्टि गरिएका थिए (उत्पत्ति १:२६-२७) । ती करारहरू येशू ख्रीष्टसँगै एकतृत भएका छन् (जस्तैः गलाती ३:२८-२९; कलस्सी ३:११) । येशू लुकेको परमेश्वरको रहस्य हुनुहुन्छ, तर अहिले प्रकट हुनुभएको छ (जस्तैः एफिसी २:११-३:१३) । इस्राएल नभएर नयाँ करारको सुसमाचार बाइबलको मुख्य कुरा हो । यो बाइबलको सबै मेरा व्याख्याहरूलाई अगाडि नै बुझ्ने रङ्गहरू हुन् । मैले सबै पाठहरूलाई यसद्वारा नै पढ्ने गर्छु । यो निश्चित रूपमा पूर्वाग्रही छ (सबै व्याख्याहरूमा तिनीहरू छन्), तर यो बाइबलले बताएको अगाडि नै आएको कुरा हो ।

- "त्यसमा परमेश्वर बास गर्नुहुन्छ, र त्योचाहिँ परमेश्वरमा" यसले मानवजातिसँग भएको परमेश्वरको सम्बन्धपनमा बताउँदछ । परमेश्वरले सधैँ नै सकृयता लिनुहुन्छ, विषयलाई मिलाउनुहुन्छ, र करारको निम्ति आधारशिला प्रदान गर्नुहुन्छ, तर मानिसहरूको सुरुमा नै प्रतिक्रिया जनाउने जिम्मेवारी हुन्छ, वा तिनीहरूले निरन्तररूपमा प्रतिक्रिया जनाउँदछन् । रहनु भन्ने करारको आवश्यकता हो, तरपनि अचम्मको प्रतिज्ञा हुन्छ ( जस्तैः यूहन्ना १५ अध्याय) । संसारको सृष्टिकर्ता, इस्राएलको पवित्रचाहिँलाई पतन भएको मानवजातिमा रहनु (यूहन्ना १४:२३) भन्नेलाई कल्पना गर्नुहोस् । २:१० मा रहनु भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

४:१६ "यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं, र विश्वास गर्छौं" यी क्रियाहरू दुवैनै सिद्ध सकृय सूचकहरू हुन् । विश्वासीहरूको विश्वासको निश्चयतामा परमेश्वरको प्रेम ख्रीष्टमा हुन्छ, र अस्तित्वमा रहने परिवेशमा चाहिँ होइन, र यो तिनीहरूको सम्बन्धको आधार हो । ५:१३ मा निश्चयता भन्ने विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "जो प्रेममा रहन्छ," यो वर्तमान् सकृय सूचक हो, जसले परमेश्वरको निरन्तर हुने प्रेमलाई प्रकट गर्दछ ।

- "परमेश्वर प्रेम हुनुहुन्छ," यो महत्वपूर्ण सत्यता दोहोरिएको छ (जस्तैः पद ८

४:१७ "प्रेम यसैमा हामीमा सिद्ध हुन्छ" यो ग्रीक शब्द टेलोसबाट आएको छ (जस्तैः पद १) । यसले पूर्णपना, परिपक्वता र पूरा गर्ने कार्यलाई लागु गर्दछ, र पापरहितपनाचाहिँ होइन ।

- "हामीसँग" यो नामयोगी (मेटा) लाई "हामीमा" (टिइभि, एनजेबि), "हाम्रो बीचमा" (एनकेजेभि, एनआरएसभि, एनआईभि, आरइबि), वा "हामीसँग (नासाब) भनेर बुझिन्छ ।

- "ताकी हामीमा निश्चयता भएको होस्" सुरुमा यस परिवेशको अर्थ वाक स्वतन्त्रता भन्ने हुन्छ । यूहन्नाले यसलाई वृहतरूपमा प्रयोग गर्छन् ( जस्तैः २:२८; ३:२१; ५:१४) । यसले हाम्रो पवित्र परमेश्वरको पहुँचको साहसीपनलाई बताउँदछ -जस्तैः हिब्रू ३:६; १०:३५) । यूहन्ना ७:४ को विशेष शिर्षकलाई हेर्नुहोस् । .

- "न्यायको दिनको निम्ति, किनकि उहाँ जस्तो हुनुहुन्छ, हामी पनि यस संसारमा त्यस्तै छौं" येशूले प्रेम गरेजस्तै ख्रीष्टियनहरूले पनि प्रेम गर्नुपर्छ (जस्तैः ३:१६; ४:११) । जस्तो उहाँ हुनुहुन्थ्यो, त्यस्तै तिनीहरूले पनि इन्कार गरे, र सतावट दिए, तर उहाँ जस्तो हुनुहुन्थ्यो तिनीहरूले पनि पिता र आत्माद्वारा प्रेम गरे, र जारी राखे । एकदिन सबै मानवीय जातिले जीवनको बरदानको निम्ति परमेश्वरलाई विवरण दिनेछन् (जस्तैः मत्ती २५:३१-४६; २ कोरिन्थी ५:१०; प्रकाश २:११-१५) । ख्रीष्टमा हुनेहरूको निम्ति न्यायको दिनमा कुनै पनि डर हुनेछैन ।

४:१८ "प्रेममा डर हुँदैन" जब हामीले परमेश्वरलाई पिताको रूपमा चिन्दछौं, तब हामीलाई उहाँमा न्यायकर्ताको रूपमा कुनै डर हुँदैन । सबै त होइन, तर धेरैजसो ख्रीष्टयन विश्वासको कुराकानीमा डरको, न्यायको डरको, दोषको र नरकको संलग्नता हुन्छ । तरैपनि, छुटकारा पाएको मानवीय जीवनमा केही अनौठा चिजहरू हुन्छन् । जे डरसँग सुरु हुन्छ, त्यसको अन्तमा कुनै पनि डर हुँदैन !

- तर सिद्ध प्रेमले डरलाई हटाउँछ" यो शब्द यहाँ र मत्ती २५:४६ मा कम मात्रामा पाइन्छ (क्रियाको स्वरुप २ पत्रुस २:९ मा छ), जुनचाहिँ भविष्य सम्बन्धि मिलाउने कुरा पनि हुन्छ । वर्तमान् कालको क्रियाले यो कुरालाई लागु गर्दछ, कि परमेश्वरको क्रोध अस्थायी र भविष्य सम्बन्धि वा अन्तको समयमा हुन्छ । मानिसहरू परमेश्वरको स्वरुपमा सृष्टि गरएका छन् (जस्तैः उत्पत्ति १:२६-२७), जसमा व्यक्तित्वको, ज्ञानको, छनोटको र परिणामहरूको पक्षको संलग्नता हुन्छ । यो नैतिक ब्रम्हाण्ड हो । मानिसहरूले परमेश्वरको व्यवस्थालाई तोड्नुहुँदैन, तर तिनीहरू आफै परमेश्वर को व्यवस्थामा तोडिन्छन् ।

४:१९ "हामी प्रेम गर्दछौं" यो वर्तमान् सकृय सूचक हो । हामीले प्रेम गरेपछि एनकेजेभिले सिधै बस्तुलाई थप्दछ । सिधै वस्तुका हस्तलेखनका बिकल्पहरू हुन्:

१. एउटा ग्रीक हस्तलेखनमा "परमेश्वर) (टोन थियोन) लाई पूर्ति गरिन्छ

२. क्यूमा ‘‘उहाँ’’ लाई (अटोन) पूर्ति गरिन्छ (केजेभि)
३. भल्गेटमा एक-अर्कालाई भन्ने पूर्ति गरिन्छ

यी सिधा वस्तु पछिको जोड हुन सक्छ । युवियस४ को कृयाले मात्र निश्चित रूपमा ‘‘क’’ स्तर दिन्छ ।

- ‘‘किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो’’ यो पद १० को दोहोरिएको जोड हो र परमेश्वरले सधैं सकृयता लिनुहुन्छ (जस्तैः यूहन्ना ६:४४ ६५), तर पतन भएको मानवजातिले प्रतिक्रिया जनाउनुपर्छ (जस्तैः यूहन्ना १:१२; ३:१६) । विश्वासीहरूको तिनीहरूको भरोसायोग्यपनमा भरोसा हुनुपर्छ, र विश्वासयोग्यपनमा विश्वास हुनुपर्छ । प्रेमिलो कार्य त्रिएक परमेश्वरको विश्वासयोग्य चरित्र छुटकारा दिइएको मानवजातिको निम्ति आशा र निश्चयता हो ।

४:२० ‘‘यदि कसैले भन्छ’’ यो तेस्रो स्तरको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ । यो यूहन्नाको झुटा शिक्षकहरूलाई बनाउने बिन्दु को निम्ति दिइएको भनाइ हो (जस्तैः १:६,८,१०; २:४,६) । यो साहित्यिक प्रविधिलाई कटु आलोचना भनेर भनिन्छ (जस्तैः मलाकी, रोमी रा याकूब) ।

- ‘‘म परमेश्वरलाई प्रेम गर्छु, तर आफ्नो भाइलाई घृणा गर्छ भने’’ हाम्रो प्रेमिलो जीवनशैलीले चाहे हामी ख्रीष्टियन हौं, कि होइनौं भन्ने कुरालाई स्पष्टरूपमा प्रकट गर्दछ (मर्कूस १२:२८-३४) । द्वन्द्वको संभावना हुन्छ, तर मिलाइएको घृणाको सम्भावना हुँदैन (वर्तमान काल) । यूहन्ना ४:४ को जातिवादको विशेष शिर्षकलाई हेर्नुहोस् ।

- ‘‘त्यो झुटो हो’’ यूहन्नाले धेरै ‘‘मानिएका’’ विश्वासीहरूलाई झुटा भनेर भन्दछन् (जस्तैः २:४,२२; ४:२०) । यूहन्नाले यी कुराहरूलाई पनि बताउँदछन्, कि तिनीहरू जसले झुटो सत्यतालाई प्रचार गर्छन्, तिनीहरूले परमेश्वरलाई झुटो तुल्याउँछन् (जस्तैः १:६,१०; ५:१०) । यिनीहरू निश्चित रूपमा आफै ठगिन धार्मिकताका व्यक्तिहरू हुन् ।

४:२१ यो पदले खण्डलाई सारांशमा ल्याउँदछ ! प्रेम साँचो विश्वासीहरूको लागि कृतिम रूपमा हुने प्रमाण हो । घृणा दृष्टचाहिँ बालकको निम्ति हुने प्रमाण हो । झुटा शिक्षकहरूले भेंडाको बथानलाई विभाजित गर्दैथिए, र द्वन्द्वलाई निम्त्याउँदै थिए ।

- ‘‘भाइ’’ यसलाई यो कुरामा स्वीकार गरिनुपर्छ, कि ‘‘भाइ’’ भन्ने परिवेशको अर्थको स्पष्टता छैन । यसको अर्थ ‘‘सहकर्मी विश्वासी’’ वा ‘‘सहकर्मी मानिस’’ भन्ने हुन्छ । तरैपनि, यूहन्नाले विश्वासीहरूको निम्ति प्रयोग गरेको भाइ भन्ने परिवेशले पहिलो अर्थलाई लागु गर्दछ (जस्तैः १ तिमोथी ४:१०) ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन ।

यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डको मुख्य विषयलाई लगातार रूपमा सोच्नको लागि सहायता पुऱ्याएका छन् । तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित हुँदैनन्

१. साँचो ख्रीष्टियन विश्वासका तीनवटा मुख्य परीक्षाहरूको सूची बनाउनुहोस्
२. साँच्चै परमेश्वरले बोल्नुभएको हो भनेर जो कोहीले कसरी जान्न सक्छन् ?
३. विषयगत र वस्तुगत दुईवटा सत्यताका स्रोतहरूलाई सूचीकृत गर्नुहोस् ।
४. ‘‘संसारका मुक्तिदाता भन्ने शिर्षकको महत्व के छ ?
५.. झुटा कुरा प्रकट गर्ने कार्यको सूची बनाउनुहोस् (जस्तैः झुटा विश्वासीहरू)

# १ यूहन्ना ५ अध्याय

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| संसारमा पाइने विजय विश्वास हो | विश्वासद्वारा हुने आज्ञाकारीता | विजयी विश्वास | हाम्रो संसारमा हुने विजय | |
| | ४:२०-५:५ | | | |
| ५:१-५ | | ५:१-५ | ५:१-५ | विश्वासको स्रोत |
| पुत्रको सम्बन्धमा गवाही | परमेश्वरको गवाहीको निश्चयता | | येशू ख्रीष्टको बारेमा गवाही | ५:५-१३ |
| ५:६-१२ | ५:६-१३ | ५:६-१२ | ५:६-१२ | |
| अनन्त जीवनको ज्ञान | | निष्कर्ष | अनन्त जीवन | |
| ५:१३-१५ | प्रार्थनामा निश्चयता र भरोसा | ५:१३ | ५:१३-१५ | पापीहरूको निम्ति प्रार्थना |
| | ५:१४-१७ | ५:१४-१७ | | ५:१४-१७ |
| ५:१६-१७ | सत्यतालाई जान्नु र झुटलाई ईन्कार गर्नु | | ५:१६-१७ | पत्रको सारांश |
| ५:१८-२१ | ५:१८-२१ | ५:१८-२० | ५:१८ | ५:१८-२१ |
| | | | ५:१९ | |
| | | | ५:२० | |
| | | ५:२१ | ५:२१ | |

### अध्ययन चक्र तीन (पाठ पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यो अध्यायलाई एकै बसाइमा पढ्नुहोस्। यी विषयहरूको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक विभाजनहरूमा तुलना गर्नुहोस्। अनुच्छेद प्रेरित भएका होइनन्, तर यसमा सुरुका लेखकको भावनालाई पछ्याउने कुरा मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको हृदय हुन्छ। हरेक अनुच्छेदको एक र एकमात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठ ५:१-४**
"येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने हरेक परमेश्वरको बालक हो । जसले बाबुलाई प्रेम गर्छ, उसले तिनको छोरालाई पनि प्रेम गर्छ । तब हामी परमेश्वरलाई प्रेम गर्छौं, र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं । परमेश्वरको प्रेम यही हो, कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन् । किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो ।"

५:१ "जसले" (दुईचोटी), पास भन्ने परिवेश १ यूहन्नामा दोहोऱ्याएर प्रयोग गरिएको छ (जस्तैः १ यूहन्ना २:२९; ३:३,४,६,९,१०; ४: ५:१) । यूहन्नाको कालो र सेतो ईश्वरशास्त्रको समूहलाई कसैले पनि बाहेक गरेका छैनन् । यो परमेश्वरको विश्वव्यापी निमन्त्रणालाई येशू ख्रीष्टमा स्वीकार गरिन्छ (यूहन्ना १:१२; ३:१६; १ तिमोथी २:४; २ पत्रुस ३:९) । यो रोमी १०:९-१३ मा दिइएको पावलको ठूलो निमन्त्रणा जस्तै छ ।

- "विश्वास गर्नु" यो सिद्ध सकृय कृदन्त हो । यो ग्रीक शब्द (संज्ञामा पिस्तिस, र क्रियामा पिस्तेऊ) को अनुवाद "भरोसा गर्नु वा विश्वास गर्नु" भन्ने हुन्छ । तरैपनि, १ यूहन्ना र पाष्टरीय पत्रहरू (१, २ तिमोथी र तीतस) मा यसलाई सैद्धान्तिक परिवेशको भावनमा प्रयोग गरिन्छ (जस्तैः यहूदा पदहरू ३,२०) । सुसमाचारहरू र पावलका पत्रहरूमा यसलाई व्यक्तिगत भरोसा र समर्पणताको लागि प्रयोग गरिन्छ । सुसमाचारमा विश्वासको सत्यता र व्यक्तिले भरोसा गर्ने कुरा हुन्छ, र १ यूहन्ना र याकूबले यस कुरालाई स्पष्ट पार्दछन्, कि प्रेमको जीवन र सेवाको भावना मा जिउनुपर्छ । विशेष शिर्षकको निम्ति २:२३ लाई हेर्नुहोस् ।

- "येशू नै ख्रीष्ट हुनुहुन्छ" झुटा शिक्षकहरूले गरेको गल्तीको केन्द्र येशू ख्रीष्टको कार्य र व्यक्तित्वको वरिपरि थियो, जोचाँही पूर्ण ईश्वर हुनुहुन्थ्यो (जस्तैः पद ५) येशू नाजरी प्रतिज्ञा गरिएको मसिह हुनुहुन्छ ! मसिह पनि अचम्म लाग्ने रूपले (जस्तैः पुरानो करारबाट) अलौकिक हुनुहुन्छ । यो वाक्यांश सम्भवत् बप्तिस्मामा आएको एउटा सपथ थियो (जस्तैः २:२२), जसलाई "परमेश्वरका पुत्र" भन्ने वाक्यांशसँग जोडिएको छ (जस्तैः ४:१५; ५:५) । निश्चित रूपमा येशूको मसिहपनको जानकारीले पुरानो करारका मानिसहरूसँग सम्बन्धित बनाएर निश्चित गर्दछ (जस्तैः यहूदीहरू, परिवर्तन भएको यहूदीहरू, र परमेश्वरको डर राख्नेहरू) ।

- "परमेश्वरको बालक हो" यो सिद्ध निष्क्रिय सूचक हो, जसले व्यक्तित्वको स्थायी अवस्थामा बाहिरी तत्वहरूद्वारा निस्कासन गरेर कार्यको चरम बिन्दुमा जोड दिएको हुन्छ (परमेश्वर, जस्तैः पदहरू ४,१८; २:२९) ।

-

नासाब "उहाँबाट जन्मेको बालकलाई प्रेम गर्ने"
एनकेजेभि "उहाँलाई प्रेम गर्ने, जो उहाँबाट आएको हुन्छ"
एनआरएसभि "बाबुआमालाई प्रेम गर्नेले छोराछोरीलाई पनि प्रेम गर्छ"
एनजेबि "बाबुलाई प्रेम गर्नेले छोरालाई पनि प्रेम गर्छ"

सायद यो वाक्यांशले पिताले येशूलाई प्रेम गर्ने कुरा बताउँदछ, किनकि यो निम्न कुराहरूको प्रयोगले गर्दा हुन्छः १) एकवचन; २) एओरिष्ट काल, र ३) झुटा शिक्षकहरूले येशूलाई पिताबाट ईश्वरशास्त्रीय रूपमा अलग गर्न खोजे । तरैपनि, यो ख्रीष्टियनहरूले एक-अर्कालाई प्रेम गर्दा आउने विषयसँग सम्बन्धित हुन्छ (पद २), किनकि हामी सबैको एउटै पिता हुनुहुन्छ ।

५:२, पद ३ सँगै यस पदले १ यूहन्नाको मुख्य विषयहरूमध्ये एउटालाई दोहोऱ्याइएको छ । प्रेम, परमेश्वरको प्रेम, निरन्तर भइरहने प्रेम (२:७-११; ४:७-११) र आज्ञाकारीता (जस्तैः २:३-६) मा हुन्छ । साँचो विश्वासीको प्रेमलाई याद गर्नुहोस् ।

१. परमेश्वरको प्रेम
२. परमेश्वरका पुत्रको प्रेम (पद १)
३. परमेश्वरका छोराछोरीको प्रेम (पद २)
४. आज्ञाकारी हुने (पदहरू २,३)
५. विजय प्राप्त गरिने (पदहरू ४,५)

५:३ "परमेश्वरको प्रेम यही हो, कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं" सम्बन्धकारक विषयगत वा वस्तुगत हुन सक्छ, वा दुवैको जोड हुन्छ । प्रेम भावनात्मक हुने होइन, तर कार्य केन्द्रित हुनुपर्छ, यसमा परमेश्वर र हाम्रो दुवैको भाग हुन्छ । आज्ञाकारीता एकदमै चाहिने कुरा हो (जस्तैः २:३-४; ३:२२-२४; यूहन्ना १४:१५,२१,२३; १५:१०; २ यूहन्ना पद ६; प्रकाश १२:१७; १४:१२) ।

- "उहाँका आज्ञाहरू भारपूर्ण छैनन्" नयाँ करारमा जिम्मेवारीहरू हुन्छन् (मत्ती ११:२९-३०, जहाँ येशूले "जुवा" को शब्द प्रयोग गर्नुहुन्छ," गुरुहरूले यसलाई मोसाको व्यवस्थामा प्रयोग गरे, मत्ती २३:४) । तिनीहरूले हाम्रो परमेश्वरसँगको सम्बन्धलाई निकाले, तर झुटा शिक्षकका निर्दे शनहरूभन्दा धेरै फरक छन्, जसको कुनै पनि नियमहरू थिएनन्, वा धेरै नियमहरू थिए ! मैले यस कुरालाई पनि स्वीकार गर्नुपर्छ, कि मैले उहाँका मानिसहरूलाई सेवा गर्दा मैले परमेश्वरलाई सेवा गर्छु, र म धेरै भन्दा धेरै दुईवटा अति नै स्वतन्त्रताका र व्यवस्थाका कुराहरूसँग डराउँदछु ।
  "आज्ञा" भन्ने शब्दको प्रयोगलाई यूहन्ना १२:५० मा यूहन्नाका लेखहरूमा विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् ।

५:४
नासाब, एनकेजेभि, एनआरएसभि “परमेश्वरकाबाट जन्मेको जेसुकैको निम्ति पनि”
टिइभि, एनजेबि “हरेक व्यक्ति परमेश्वरका पुत्र बन्दछन्”

पद १ मा जस्तै ग्रीक पाठले “सबै” (पास) भन्ने शब्दलाई पहिला जोड दिएर राख्दछ। यहाँ नपुंसक एक वचन (पान) लाई प्रयोग गरिएको छ, जसलाई “जेसुकै भए तापनि” भनेर प्रयोग गरिन्छ। तरैपनि, यो परिवेशले व्यक्तिगत भनाइलाई माग गर्दछ (जस्तैः जातीय भावना), किनकि यसलाई “जन्माइएको” भन्ने सिद्ध निष्क्रिय कृदन्तसँगै जोडिएको हुन्छ। यो त्यो व्यक्ति हो, जसले येशूमा विश्वास गर्दछ, जो परमेश्वरबाट जन्मेको हुन्छ, र संसारमाथि विजय प्राप्त गर्दछ (४:४; २:१३-१४)।

- “संसारमाथि विजय प्राप्त गर्छ” “विजय” भन्ने शब्द, निका भन्ने शब्दको वर्तमान् सकृय सूचक हो (जस्तैः २:१३,१४; ४:४; ५:४-५)। यो उही स्रोतलाई पद ४ मा दुईचोटी भन्दा बढी प्रयोग गरिएको छ।

१. संज्ञा, “विजय,” नीक
२. एओरिष्ट सकृय कृदन्त, निका, “विजय प्राप्त गरेको”

येशूले पहिले नै संसारमाथि विजय प्राप्त गर्नुभएको छ (सिद्ध सकृय सूचक, जस्तैः यूहन्ना १६:३३)। किनकि विश्वासीहरू उहाँसँगको एकतामा रहन्छन्, र तिनीहरूमा पनि संसारमाथि विजय प्राप्त गर्ने शक्ति छ (जस्तैः २:१३-१४; ४:४)।

“संसार” भन्ने परिवेशको यहाँ दिइएको अर्थ, “संगठित मानवीय समाज, र परमेश्वर बिना नै कार्य गर्ने” भन्ने हुन्छ। एउटा स्वतन्त्र हुने आचरणमा पतन र मानवीय विद्रोहको आवश्यकीय कुरा हुन्छ (उत्पत्ति ३ अध्याय)। यूहन्ना १४:१७ लाई विशेष शिर्षकमा हेर्नुहोस्।

- “विजय” यो निकोस भन्ने संज्ञाको स्वरुपमा “विजय प्राप्त गरेका” क्रिया भन्ने हुन्छ। पद ४ को अन्तमा उही स्रोतको एओरिष्ट सकृय कृदन्त लाई प्रयोग गरिएको छ। तब फेरी पद ५ मा निकोसको अर्को कृदन्तको स्वरुप प्रयोग गरिएको छ। विश्वासीहरू विजय प्राप्त कर्ताहरू हुन्, र संसारमा ख्रीष्टको विजयद्वारा विजयकर्ताहरू भएका छन्। “नाइक” भन्ने शब्द आज यति धेरै प्रचलित भएको छ, कि यो एउटा टेनिसको जुत्ता बनाउने कम्पनी हो, र ग्रीकमा विजयीकी देवी भनेर नाउँ दिइएको छ।

- “हाम्रो विश्वास” यूहन्नाका सबै लेखहरूमा “विश्वास” (पिसटिस) भन्ने परिवेशको संज्ञाको स्वरुपमा मात्र प्रयोग गरिएको हुन्छ। सायद यूहन्नाले “उचित ईश्वरशास्त्र” (विश्वासको व्यवस्थाको रूपमा) को विरुद्धमा हरेक दिन ख्रीष्टजस्तै हुने पनालाई बढी जोड दिने बारेमा चिन्तित थिए। यूहन्नाले पिष्टिउ भन्ने क्रियालाई वृहत रूपमा प्रयोग गरेका छन्। हाम्रो विश्वासले विजय ल्याउँदछ, किनकिः

१. यो येशूको विजयसँग जोडिएको छ,
२. यो हाम्रो परमेश्वरसँगको नयाँ सम्बन्धमा जोडिएको छ,
३. यो पवित्र आत्माले बास गर्ने शक्तिमा जोडिएको छ,
४. यूहन्ना १:७, २:२३ र १ यूहन्ना २:१० मा दिइएको विशेष शिर्षकलाई हेर्नुहोस्।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ५:५-१२

“संसारमाथि विजय प्राप्त गर्ने को हो ? त्यही हो, जसले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्छ। उहाँ उही नै हुनुहुन्छ, जो पानी र रगतद्वारा आउनुभयो, अर्थात् येशू ख्रीष्ट जो पानीद्वारा मात्र होइन, तर पानी र रगतद्वारा आउनुभयो। गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य हुनुहुन्छ, किनभने गवाही दिनेहरू तीन छन्, अर्थात् पवित्र आत्मा, पानी र रगत, र सबै कुरामा यी सहमत हुन्छन्। यदि हामी मानिसको गवाही ग्रहण गर्छौं भने, परमेश्वरको गवाही झन उच्च छ। किनकि यही नै परमेश्वरको गवाही हो, जुन गवाही उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ। जसले परमेश्वरका पुत्रमा विश्वास गर्छ, त्यसको हृदयमा यस कुराको गवाही हुन्छ। परमेश्वरमा विश्वास नगर्नेले उहाँलाई झुटा तुल्याएको हुन्छ। किनकि परमेश्वरले आफ्ना पुत्रको विषयमा दिनुभएको गवाहीमा त्यसले विश्वास गरेको हुँदैन। गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।”

५:५ “येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ” यो पदले हाम्रो विश्वासको विषयलाई राम्ररी परिभाषित गर्दछ, जुनचाहिँ पद ४ मा उल्लेख गरिएको छ। हाम्रो विजय भनेको हामीले येशू ख्रीष्टमा गर्ने हाम्रो पश्चात्ताप वा विजय हो, जोचाहिँ पूर्ण ईश्वर र पूर्ण मानिस हुनुहुन्छ (जस्तैः ४:१-६)। विश्वासीहरूले यस कुरालाई निश्चित गर्दछन्, कि येशू ख्रीष्ट १) मसिह (पद १); २) परमेश्वरको सन्तान (पद १) ३) परमेश्वरका पुत्र (पदहरू ५,१०); र ४) जीवन (जस्तैः १:२; ५:२०) हुनुहुन्छ। यूहन्ना २:२३ मा विशेष शिर्षकलाई हेर्नुहोस्, जसले सबै होटी भन्ने संयोजकहरूलाई “विश्वास गर्नु” भन्ने क्रियासँग जोडेका छन्।

- “परमेश्वरका पुत्र” ३:८ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

५:६ “उहाँ उही नै हुनुहुन्छ, जो आउनुभयो” यो एओरिष्ट सक्रिय सूचक हो, जसले येशूको अवतार (येशू मानिस र ईश्वर दुवै) र उहाँको बलिदानपूर्ण भएको मृत्युलाई जोड दिँदछ, र यी दुवैलाई नै झुटा शिक्षकहरूले इन्कार गरे।

- “पानी र रगतद्वारा” यहाँ “पानी” ले येशूको शारीरिक जन्मलाई बताएजस्तो देखिन्छ (जस्तैः यूहन्ना ३:१-९), र “रगत” ले उहाँको शारीरिक मृत्यु लाई बताउँदछ। ज्ञानवादका झुटा शिक्षकहरूको परिवेशमा येशूको साँचो मानवीयतालाई ईन्कार गरिन्छ, र यी दुईवटा अनुभवहरूले उहाँको मानवीयतालाई प्रकट गरेर छोटकरी रुप बनाउँदछन्।

ज्ञानवादका झुटा शिक्षक (सेरिन्थस) हरूका अन्य विचारसँग सम्बन्धित कुरा यस्ता छन्, कि “पानी” ले येशू ख्रीष्टको बप्तिस्मालाई बताउँदछ। तिनी हरूले यस कुरालाई बताए, कि “ख्रीष्टको आत्मा” येशू मानिस भएर उहाँको पानीको बप्तिस्मामा आयो, र येशू मानिस भएर क्रूसमा मर्दाखेरि अगाडि नै छोड्यो (रगत, नासाब अध्ययन बाइबलको पाना १८३५ लाई एउटा असल सारांशको लागि हर्नुहोस्)।

येशूको मृत्युसँग सम्बन्धित वाक्यांश तेस्रो विचारमा पनि रहन्छ। भालाले "रगत र पानी" लाई बाहिर निकाल्यो (जस्तैः यूहन्ना १९:३४)। झुटा शिक्षक हरूले येशूको सट्टाको र अरूको निम्ति गरिएको मृत्युलाई होच्याएको हुन सक्छ।

- "गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ" पवित्र आत्माको भूमिकाले सुसमाचारलाई प्रकट गर्दछ। उहाँ त्रियकत्वको त्यो भाग हुनुहुन्छ, जसले पापलाई दोष लगाउँदछ, खीष्टलाई अगुवाइ गर्दछ, खीष्टमा बप्तिस्मा दिँदछ, र विश्वासीहरूको स्वरुपमा खीष्टको निर्माण हुँदछ (जस्तैः यूहन्ना १६:७-१५)। आत्माले सधैँ नै खीष्टको गवाही दिनुहुन्छ, उहाँ आफ्नै चाहिँ होइन (जस्तैः यूहन्ना १५:२६)।

- "पवित्र आत्मा सत्य हुनुहुन्छ" (जस्तैः यूहन्ना १४:१७; १५:२६; १६:१३; १ यूहन्ना ४:६)। यूहन्ना ६:५५ र १७:३ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

५:७ त्यहाँ अंग्रेजी अनुवादमा केही अन्योलताहरू छन्, जसै पदहरू ६,७, र ८ मा सुरु गरेर अन्त पनि हुन्छ। राजा याकूबको संस्करणको पद ७ मा पाइए को केही भागले यसो भन्दछ, "स्वर्गमा पिता वचन र पवित्र आत्मा, यी तीनवटै एउटै स्वरुपमा छन्," र नयाँ करारमा तीनवटा मुख्य प्राचीन ग्रीक हस्त लेखनमा पाइदैनन्: अलेक्जान्ड्रिनस (ए), भ्याटिकानस् (बि), वा सिनैटिकस (!) नत हस्तलेखनको बैजन्टाइन परिवारमा नै पाइन्छ। यो पछिको मिनुस्कुल भन्ने चारवटा हस्तलेखनमा मात्रै देखा पर्दछ।

१. एमएस ६१, १६ औं शताब्दीको मिति दिइएको
२. एमएस ८८, १२ औं शताब्दीको मिति दिइएको, जहाँ खण्डको स्थानलाई पछिका हातहरूमा राखिएको हुन्छ
३. एमएस ६२९, १४ औं वा १५ औं शताब्दीको मिति दिइएको
४. एमएस ६३५, ११ औं शताब्दीको मिति दिइएको, जहाँ खण्डको स्थानलाई पछिका हातहरूमा राखिएको हुन्छ

यो पदलाई कुनै पनि सुरुका मण्डलीका पिताहरूले लिएका छैनन्, नत त्रियकत्वमाथि तिनीहरूको शैद्धान्तिक वादविवादलाई नै लिएका छन्। यी सबै सुरुका प्राचीन संस्करणहरूमध्येका एउटा बाहेक पछिको ल्याटिन हस्तलेखनको परिवारमा पनि नरहेको हुन्छ (सिक्स्टो क्लेमेन्टाइन)। यो पुरानो ल्याटिन वा यरोमी को भल्गेटमा पनि पाइदैन। यो पहिला प्रिस्सिलियन भन्ने स्पेनीहरूको झुटा शिक्षाको संझौतामा पनि देखा पर्दछ, जो ३८५ ई.सं. मा मरेका थिए। यसलाई उत्तरी अफ्रिका र इटालीमा ५ औं शताब्दीमा ल्याटिन मण्डलीका पिताहरूले लिएका थिए। केवल यो पद १ यूहन्नाको सुरुमा उत्प्रेरित भएको केही भाग मात्र पनि होइन।

बाइबलीय ईश्वरशास्त्रको एउटा परमेश्वर वा एकलवादसँगै तीनवटा व्यक्तित्वको प्रकटीकरणमा (पिता, पुत्र र पवित्र आत्मा) यस पदलाई इन्कार गर्दा पनि कुनै असर पारेको हुँदैन। यद्यपि यो कुरा पनि सत्य हो, कि बाइबलले कहिल्यै पनि "त्रियकत्व" भन्ने शब्दलाई प्रयोग गर्दैन, र बाइबलका धेरै खण्डहरू ले परमेश्वरको तीनवटा व्यक्तित्वहरूलाई सँगसँगै प्रयोग गरेका छन्?

१. येशूको बप्तिस्मा (मत्ती ३:१६-१७)
२. महान् आज्ञा (मत्ती २८:१९)
३. आत्माले पठाएको (यूहन्ना १४:२६)
४. पत्रुसको पेन्तिकोसको वचन (प्रेरित २:३३-३४)
५. पावलको शरीर र आत्माको छलफल (रोमी ८:७-१०)
६. पावलले आत्मिक वरदानहरूका बारेमा गरेका छलफल (१ कोरिन्थी १२:४-६)
७. पावलका यात्राका योजनाहरू (२ कोरिन्थी १:२१-२२)
८. पावलको अन्तिम प्रार्थना (२ कोरिन्थी १३:१४)
९. समयको पूर्णतापनमा पावलको छलफल (गलाती ४:४-६)
१०. पावलले पितालाई गरेको प्रशंसाको प्रार्थना (एफिसी १:१३-१४)
११. पावलले अगाडिका अन्य जातिका कुराहरूलाई अलग गर्दा हुने छलफल (एफिसी २:१८)
१२. पावलको परमेश्वरको एकलपनमा हुने छलफल (एफिसी ४:४-६)
१३. पावलको परमेश्वरको दयापनमा हुने छलफल (तीतस ३:४-६)
१४. पत्रुसको परिचय (१ पत्रुस १:२)

त्रियकत्वको बारेमा यूहन्ना १४:२६ मा विशेष शिर्षकलाई हेर्नुहोस्।

५:८ "पवित्र आत्मा, पानी र रगत, र सबै कुरामा यी सहमत हुन्छन्" पुरानो करारमा कुनै चिजलाई निश्चित गर्न दुई वा तीनवटा गवाहीको खाँचो पर्दथ्यो (जस्तैः व्यवस्था १७:६; १९:१५)। यहाँ, येशूको जीवनको ऐतिहासिक घटनाहरूलाई उहाँको पूर्ण मानवीयता र ईश्वरीयपनलाई साक्षीको रूपमा दिइएका छन्। यो पदमा, "पानी र रगत" लाई पुनः "आत्मा" सँग नै बताइएको छ। "पानी र रगत" भन्ने परिवेश पद ६ मा बताइएका छन्। आत्माले येशूको बप्तिस्मा को बारेमा बताउन सक्छ, किनकि त्यो समयमा ढुकुर ओर्लेर आएको थियो। त्यहाँ वास्तविक ऐतिहासिक भनाइको बारेमा केही असहमतिहरू पनि छन्, जसले यी तीनवटाकै प्रतिनिधित्व गर्दछन्। तिनीहरूले येशूको साँचो मानवीयताको बारेमा झुटा शिक्षकहरूले इन्कार गरेको कुरालाई सम्बन्धित बनाएको हुनुपर्छ।

५:९ "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोणबाट वा उहाँको साहित्यिक उद्देश्यको निम्ति साँचो भएको मानिन्छ। यूहन्नाले लेखेका मण्डलीहरू अन्योलमा थिए, किनकि अन्ततः तिनीहरूले प्रचारलाई वा झुटा शिक्षकहरूको सिकाइलाई सुनेको हुनुपर्छ।

- "यदि हामी मानिसको गवाही ग्रहण गर्छौं भने, परमेश्वरको गवाही झन उच्च छ" यो परिवेशमा अलौकिक गवाहीले निम्नलाई बताउँछ:

१. पवित्र आत्माको गवाही
२. येशूको पृथ्वीको जीवन र मृत्युको बारेमा प्रेरितहरूका गवाही (जस्तैः १:१-३)

जुन गवाही उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ" यो सिद्ध सकृय सूचक हो, जसले विगतमा भएको कार्यलाई लागु गर्दछ, कि त्यो चरमबिन्दु र रहनु पर्ने अवस्थामा आएको हुन्छ। यसले येशूको बप्तिस्माको परमेश्वरको भनाइलाई बताउन सक्छ (मत्ती ३:१७) वा उहाँको महिमित शरीरमा हुन्छ (जस्तैः

मत्ती १७:५; यूहन्ना ५:३२,३७; ८:१८) वा बाइबलमा दुवै नै लेखिएका छन् (जस्तैः सुसमाचारहरू) । यूहन्ना १:८ मा येशूको गवाहीलाई विशेष शिर्षकमा हेर्नु होस् । .

५:८ "यस कुराको गवाही हुन्छ" यस वाक्यांशलाई दुई प्रकारले अनुवाद गर्न सकिन्छः
१. विश्वासीहरूमा विषयगत आन्तरिक गवाही (रोमी ८:१६)
२. सुसमाचारको सत्यता (प्रकाश ६:१०; १२:१७; १९:१०)
यूहन्ना १:८ मा येशूको गवाही भन्नेलाई विशेष शिर्षक अन्तर्गत हेर्नुहोस् ।

- "उहाँलाई झुटा तुल्याएको हुन्छ" यो अर्को सिद्ध सकृय सूचक हो । तिनीहरू जसले येशूको प्रेरितिय गवाहीको बारेमा इन्कार गर्दछन् (जस्तैःपद १२) उनीहरूले परमेश्वरलाई ईन्कार गर्दछन्, किनकि तिनीहरूले परमेश्वरलाई झुटो तुल्याए ।

- "किनकि त्यसले विश्वास गरेको हुँदैन" यो अर्को सिद्ध सकृय सूचक हो, जसले मिलाइएको उत्पादन नहुने अवस्थालाई जोड दिँदछ ।

५:११-१२ "परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो" यो एओरिष्ट सकृय सूचक हो, जसले बिगत कार्य वा पूरा भएको कार्यलाई बताउँदछ (यूहन्ना ३:१६) । अनन्त जीवनलाई यूहन्ना १७:३ मा परिभाषित गरिएको छ । अन्य केही नमुनाहरूमा यो वाक्यांशले येशू आफैलाई बताउने गर्दछ (जस्तैः १:२; ५:२०), अन्यहरूमा यो परमेश्वरबाट आएको वरदान हो (जस्तैः २:२५; ५:११; यूहन्ना १०:२८), जसलाई येशू खीष्टमा भएको विश्वासद्वारा प्राप्त गरिन्छ (जस्तैः ५:१३ यूहन्ना ३:१६) । जो कोही पनि पुत्रको व्यक्तिगत विश्वासमा नभइकनै पितासँगको संगतिमा हुन सक्दैनन् !

## नासाब (अत्याधुनिक बनाइएको) पाठः ५:१३-१५

"तिमीहरूले अनन्त जीवन पाएका छौं भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्न तिनीहरूलाई यो पत्र लेख्दैछु । परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ, कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । हामीले प्रार्थनामा जे सुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं, कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको होस् ।"

५:१३ "परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्न" यो वर्तमान् सकृय कृदन्त हो, जसले निरन्तर भइरहने विश्वासलाई जोड दिँदछ। यो जादुगरीको वा रहस्यको नाउँलाई प्रयोग गर्ने होइन (परमेश्वरको नाउँमा आधारित, कावालाको यहूदी रहस्यवादजस्तै), तर व्यक्तिको निम्ति सट्टामा नाउँलाई प्रयोग गरिन्छ । यूहन्ना २:२३ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

- "जान भन्ने हेतुले" यो सिद्ध सकृय विषयगत हो (ओइडा स्वरुपमा सिद्ध हुन्छ, तर वर्तमान्को रुपमा अनुवाद गरिएको छ) ।

यसमा आउने कसैको मुक्तिको निश्चयता मुख्य विचार हो, र यसलाई कतिचोटी १ यूहन्नाको उद्देश्यमा बताइएको छ । त्यहाँ दिइएका समान अर्थ दिने दुई वटा वाक्य (ओइडा र गिनस्की) लाई पत्र वा वचनभरि नै प्रयोग गरिएको छ, जसलाई "जान्नु" भनेर अनुवाद गरिएको हुन्छ । यो कुरा स्पष्ट छ, कि निश्चयता सबै विश्वासीहरूको निम्ति चाहिने सम्पदा हो ! यो कुरा पनि स्पष्ट छ, कि स्थानीय अवस्थाको कारणले, तब अब हुने सांस्कृतिक परिवेशमा त्यहाँ साँचा विश्वासीहरू छन्, जसको निश्चित कुरा भन्ने हुँदैन । यो पद ईश्वरशास्त्रीय रूपमा यूहन्नाको सुसमाचारलाई अन्त गर्ने जस्तै छ (जस्तैः २०:३१) ।

१ यूहन्नाको अन्तिम परिवेश (५:१३-२०) ले विश्वासीहरूले जान्ने सातवटा चिजहरूको सूची दिएको छ । तिनीहरूको सुसमाचारको सत्यताको ज्ञानले एउटा दृष्टिकोणलाई प्रदान गर्दछन्, जसलाई जब येशू खीष्टसँग भएको व्यक्तिगत विश्वाससँग जोडिन्छ, र त्यो निश्चयताको जगको कुनेढुंगा हुन्छ ।
१. विश्वासीहरूमा अनन्त जीवन हुन्छ (पद १३, ओइडा, सिद्ध सकृय विषयगत)
२. परमेश्वरले विश्वासीहरूको प्रार्थनालाई सुन्नुहुन्छ (पद १५, सिद्ध सकृय सूचक)
३. परमेश्वरले विश्वासीहरूको प्रार्थनालाई सुन्नुहुन्छ (पद १५, सिद्ध सकृय सूचक)
४. विश्वासीहरू परमेश्वरबाट जन्मेका हुन्छन् (पद १८, ओइडा, सिद्ध सकृय सूचक)
५. विश्वासीहरू परमेश्वरका वा परमेश्वर बिनाका हुन् (पद १९, ओइडा, सिद्ध सकृय सूचक)
६. विश्वासीहरू मसिहलाई जान्न आएका छन्, र तिनीहरूलाई समझदारी दिइएको छ (पद २०, ओइडा, सिद्ध सकृय सूचक)
७. विश्वासीहरूले सत्य चाहिँलाई जान्दछन्, कित पितालाई वा पुत्रलाई (पद २०, जिनस्की, वर्तमान् सकृय विषयगत)

## विशेष शिर्षकः निश्चयता

क. के खीष्टियनहरू बचाइएका छन्, भनेर तिनीहरूले जान्न सक्छन् (१ यूहन्ना ५:१३) ? १ यूहन्नामा तीनवटा जाँच वा प्रमाणहरू छन्:
१. शैद्धान्तिक विश्वास (पदहरू १,५,१०; २:१८-२५; ४:१-६, १४-१६; ५:११-१२)
२. जीवनशैलीको आज्ञाकारीता (पदहरू २-३; २:७-११; ३:११-१८; ४:७-१२, १६-२१)
निश्चयता साम्प्रदायिक विषय बनेको छ

ख. १. जोन काल्भिन परमेश्वरको चुनाउको निश्चयतामा आधारित भए, र उनले यसो भने, कि हामी यो जीवनमा कहिल्यै पनि निश्चित हुन सक्दैनौं ।
२. जोन वोस्ली धार्मिक अनुभवको निश्चयतामा आधारित थिए । उनले यो कुरामा विश्वास गरे, कि हामीमा जानिएको पापभन्दा पनि माथि जिउने क्षमता हुन्छ ।

3. रोमन क्याथोलिक र येशू ख्रीष्टका मण्डलीहरू अधिकार पाएको मण्डलीको निश्चयतामा आधारित हुन्छन् । त्यो समूह जो कोही त्यसमा भर पर्दछ, निश्चयताको मुख्य व्यक्ति हुँदछ ।

४. धेरै सुसमाचारीय व्यक्तिहरू बाइबलको प्रतिज्ञाको निश्चयतामा आधारित हुन्छन्, र विश्वासीहरूको जीवनको आत्माको फलसँग जोडिएका हुन्छन् (गलाती ५:२२-२३) ।

ग. मेरो विचारमा पतन भएको मानवजातिको प्रारम्भिक निश्चयता त्रिएक परमेश्वरको चरित्रमा जोडिएको हुन्छः

१. परमेश्वर पिताको प्रेम
- क. यूहन्ना ३:१६; १०:२८-२९
- ख. रोमी ८:३१-३९
- ग. एफिसी २:५, ८-९
- घ. फिलिप्पी १:६
- ङ. १ पत्रुस १:३-५
- च. यूहन्ना ४:७-२१

२. परमेश्वरका पुत्रको क्रियाकलापहरू
- क. हाम्रो सट्टामा भएको मृत्यु
  - १) प्रेरित २:२३
  - २) रोमी ५:६-११
  - ३) २ कोरिन्थी ५:२१
  - ४) १ यूहन्ना २:२; ४:९-१०
- ख. महान् पूजाहारीको प्रार्थना (यूहन्ना १७:२१)
- ग. निरन्तर गरिएको अन्तर्विन्ति
  - १) रोमी ८:३४
  - २) हिब्रू ७:२५
  - ३) १ यूहन्ना २:१

३. परमेश्वरको आत्माको सेवकाइ
- क. बोलावट (यूहन्ना ६:४४,६५)
- ख. छाप लगाउनु
  - १) २ कोरिन्थी १:२२; ५:५
  - २) एफिसी १:१३-१४; ४:३
- ग. निश्चित हुनु
  - १) रोमी ८:१६-१७
  - २) १ यूहन्ना ५:७-१३

D. तर मानिसहरूले परमेश्वरको करारको दानलाई प्रतिक्रिया जनाउनुपर्छ (सुरुवात र निरन्तर दुवै रुपमा)
विश्वासीहरूले पश्चात्ताप गरेर पापबाट फर्कनुपर्छ, र परमेश्वरद्वारा येशू ख्रीष्टको विश्वासमा आउनुपर्छः
- क. मर्कूस १:१५
- ख. प्रेरित ३:१६,१९; २०:२१

२. विश्वासीहरूले परमेश्वरले येशू ख्रीष्टमा दिने दानलाई प्राप्त गर्नुपर्छ
- क. यूहन्ना १:१२; ३:१६
- ख. रोमी ५:१ (र १०:९-१३ को समानता)
- ग. एफिसी २:५, ८-९

३. विश्वासीहरू तिनीहरूको विश्वासमा निरन्तर हुनुपर्छः
- क. मर्कूस १३:१३
- ख. १ कोरिन्थी १५:२
- ग. गलाती ६:९
- घ. हिब्रू ३:१४
- ङ. २ पत्रुस १:१०
- च. यहूदा पदहरू २०-२१
- छ. प्रकाश २:२-३,७,१०,१७,१९,२५-२६; ३:५,१०,११,२१ ।

विश्वासीहरूले तीनवटा जाँचको सामना गर्दछन्:

४. क. शैद्धान्तिक (पदहरू १,५,१०; २:१८-२५; ४:१-६, १४-१६)

ख. जीवनशैली (पदहरू २-३; २:३-६; ३:१-१०)

ग. सामाजिक (पदहरू २-३; २:७-११; ३:११-१८; ४:७-१२, १६-२१)

ङ. निश्चयता फरक छ, किनकि,

१. कतिचोटी विश्वासीहरूले बाइबलमा प्रतिज्ञा गरिएको निश्चित अनुभवलाई खोज्दछन्,

२. कतिचोटी विश्वासीहरूले पूर्ण रूपमा सुसमाचारलाई बुझ्दैनन्,

३. कतिचोटी विश्वासीहरूले चाहना गरेर निरन्तर पाप गर्दछन् (जस्तैः १ कोरिन्थी ३:१०-१५; ९:२७; १ तिमोथी १:१९-२०; २ तिमोथी ४:१०; २ पत्रुस १:८-११)

४. कुनै निश्चित व्यक्तित्वको प्रकार (जस्तैः सिद्धकर्ताहरू) ले परमेश्वरको शर्तरहितको स्वीकारी र प्रेमलाई कहिल्यै पनि स्वीकार गर्न सक्दैनन् ।

५. बाइबलमा त्यहाँ झुटा व्यवसायहरूका नमुनाहरू दिइएका छन् (जस्तैः मत्ती १३:३-२३, ७:२१-२३; मर्कूस ४:१४-२०; २ पत्रुस २:१९-२०; १ यूहन्ना २:१८-१९) ।

५:१४ "परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ" यो घरि-घरि आइरहने विषय हो (जस्तैः २:२८; ३:२१; ४:१७) । यसले हामी परमेश्वरको नजिकमा हुँदा, हामीले पाउने स्वतन्त्रता वा साहसीपनलाई प्रकट गर्दछ (जस्तैः हिब्रू ४:१६) । यूहन्ना ७:४ लाई विशेष शिर्षकमा हेर्नुहोस् ।

"यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।

- "उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ" यूहन्नाको भनाइमा विश्वासीहरूको क्षमतामा परमेश्वरलाई बिन्ति गर्ने असिमित कुराहरू भएको जस्तो देखिन्छ । साँचो विश्वासीहरूले अर्को प्रमाणको लागि कसरी र कसको निम्ति प्रार्थना गर्दछन् । तरैपनि, यसलाई अझ बढी जाँच गर्दा हामीले यस कुराको महसुस गर्दछौं, कि हामीले प्रार्थनामा हाम्रो चाहनालाई माग्ने होइन, तर हाम्रो जीवनमा परमेश्वरको चाहनालाई माग्नुपर्छ (जस्तैः ३:२२; मत्ती ६:१०; मर्कूस १४:३६) । ३:२२ मा पूर्ण टिपोटलाई हेर्नुहोस् । विशेष शिर्षकको निम्ति यूहन्ना ४:३४ मा विशेष चाहनालाई हेर्नुहोस् । अर्को विशेष शिर्षकको निम्ति ३:२२ मा प्रार्थना असिमित हुँदाहुँदै पनि सिमित हुन्छ ।

## विशेष शिर्षकः अन्तर्विन्तिको प्रार्थना

अ. परिचय

क. प्रार्थना मुल्यवान हुन्छ, किनकि यो येशूको नमुना हो,

१. व्यक्तिगत प्रार्थना, मर्कूस १:३५; लूका ३:२१; ६:१२; ९:२९; २३:३१-४६

२. मन्दिरको शुद्धिकरण, मत्ती २१:१३; मर्कूस ११:१७; लूका १९:४६

३. प्रार्थनाको नमुना, मत्ती ६:५-१३; लूका ११:२-४

ख. प्रार्थनामा हाम्रो व्यक्तिगत विश्वासलाई परमेश्वरले वास्ता गरेर परिवर्तनशील कार्यमा राख्नु हो, जो उपस्थित हुनुहुन्छ, चाहना राख्नुहुन्छ, र हाम्रो र अरुहरूको पक्षमा हाम्रा प्रार्थनाहरूद्वारा कार्य गर्नलाई सक्षम हुनुहुन्छ ।

ग. परमेश्वर आफै व्यक्तिगत रूपमा उहाँका छोराछोरीहरूले धेरै क्षेत्रमा गरेको प्रार्थनाको कार्यमा सिमित हुनुभएको छ (जस्तैः याकूब४:२)

घ. प्रार्थनाको मुख्य उद्देश्य हामीसँग संगति गर्नु हो, र त्रिएक परमेश्वरसँग समय बिताउनु पनि हो ।

ङ. प्रार्थनाको क्षेत्र कुनैचिज वा कुनै व्यक्तिमा हुन्छ, जसले विश्वासीहरूमा वास्ता गर्दछ । हामीले विश्वास गरेर एकचोटी प्रार्थना गर्न सक्छौं वा फेरी-फेरी पनि गर्न सक्छौं, जसै विचार र वास्ताहरू फर्कन्छन् ।

च. प्रार्थनामा धेरै तत्वहरूको संलग्नता हुन सक्छ:

१. त्रिएक परमेश्वरको प्रशंसा र भक्ति

२. परमेश्वरको उपस्थितिमा, संगतिमा र व्यवस्थामा उहाँलाई धन्यवाद दिनु

३. हाम्रा विगतका र वर्तमान पापपनामा पश्चात्ताप गर्नु

४. हामीले इच्छा गरेका चाहना र खाँचोहरूमा दोहोऱ्याउनु

५. हामीले पिताको अगाडि अरूहरूको खाँचोलाई देख्दा अन्तर्विन्ति गर्नु

छ. अन्तर्विन्तिको प्रार्थना रहस्यको कुरा हो । परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुहुन्छ, जसको लागि हामीले गर्नुभन्दा पनि बढी प्रार्थना गर्नुपर्छ, तरैपनि, कतिचोटी हाम्रा प्रार्थनाहरूले हामीलाई मात्र नभएर तिनीहरूलाई पनि खाँचोमा प्रतिक्रिया जनाएर परिवर्तनको असर ल्याउँदछन् ।

आ. बाइबलीय वस्तु

१. अन्तर्विन्ति प्रार्थनाका केही उदाहरणहरू

क. अब्राहामले सदोमको निम्ति निवेदन गरे, उत्पत्ति १८:२२-२५

ख. मोसाले इस्राएलको निम्ति प्रार्थना गरे

१) प्रस्थान ५:२२-२३

२) प्रस्थान ३२:३१-३५

३) व्यवस्था ५:५

४) व्यवस्था ९:१८, २५-२६

ग. शमूएलले इस्राएलको निम्ति प्रार्थना गरेकाः

१) १ शमूएल ७:५-६, ८-९

२) १ शमूएल १२:१६-२३

३) १ शमूएल १५:११

घ. दाऊद र उनको छोराको निम्ति, २ शमूएल १२:१६-१८

२. परमेश्वरले अन्तर्विन्ति गर्ने व्यक्तिको खोजी गर्दैहुनुहुन्छ, यशैया ५९:१६

३. जानिएको, पश्चात्ताप नगरिएको पाप वा अपश्चातापी हृदयले हाम्रो प्रार्थनालाई असर गर्दछ

क. भजनसंग्रह ६६:१८

ख. हितोपदेश २८:९

ग. यशैया ५९:१-२; ६४:७

नयाँ करार

ख १. पुत्र र पवित्र आत्माको अन्तर्विन्तिको सेवकाइ

क. येशू

१) रोमी ८:३४

२) हिब्रू ७:२५

३) १ यूहन्ना २:१

ख. पवित्र आत्मा, रोमी ८:२६-२७

२. पावलको अन्तर्विन्तिको सेवकाइ

क. यहूदीहरूको निम्ति गरिने प्रार्थना

१) रोमी ९:१-२

२) रोमी १०:१

ख. मण्डलीहरूको निम्ति गरिने प्रार्थना

१) रोमी १:९

२) एफिसी १:१६

३) फिलिप्पी १:३-४,९

४) कलस्सी १:३,९

५) १ थेसलोनिकी १:२-३

६) २ थेसलोनिकी १:११

७) २ तिमोथी १:३

८) फिलेमोन पद ४

ग. पावलले मण्डलीहरूलाई उनको निम्ति प्रार्थना गरिदिनको लागि अनुरोध गरेका

१) रोमी १५:३०

२) २ कोरिन्थी १:११

३) एफिसी ६:१९

४) कलस्सी ४:३

५) १ थेसलोनिकी ५:२५

६) २ थेसलोनिकी ३:१

३. मण्डलीको अन्तर्विन्तिको प्रार्थना

क. एक अर्काको निम्ति प्रार्थना गर्नु

१) एफिसी ६:१८

२) १ तिमोथी २:१

३) याकूब ५:१६

ख. विशेष समूहको निम्ति प्रार्थनाको अनुरोध

१) हाम्रा शत्रुहरू, मत्ती ५:४४

२) ख्रीष्टियन कारिन्दाहरू, हिब्रू १३:१८

३) शासकहरू, १ तिमोथी २:२

४) बिरामीहरूको निम्ति, याकूब ५:१३-१६
५) विश्वासबाट पछाडि हटेकाहरूको निम्ति, १ यूहन्ना ५:१६

इ. उत्तर दिइएको प्रार्थनाको निम्ति सर्तहरू
  क. हाम्रो ख्रीष्ट र आत्मासँगको सम्बन्ध
    १. उहाँमा रहनु, यूहन्ना १५:७
    २. उहाँको नाउँमा, यूहन्ना १४:१३,१४; १५:१६; १६:२३-२४
    ३. आत्मामा, एफिसी ६:१८; यहूदा पद २०
    ४. परमेश्वरको चाहना अनुसार, मत्ती ६:१०; १ यूहन्ना ३:२२; ५:१४-१५
  ख. आचरणहरू
    १. नहल्लाउनु, मत्ती २१:२२; याकूब १:६-७
    २. नम्रता, र पश्चात्ताप, लूका १८:९-१४
    ३. गल्ती कुरालाई माग्नु, याकूब ४:३
    ४. स्वार्थीपन, याकूब ४:२-३
  ग. अन्य पक्षहरू
    १. धैर्यता
      क. लूका १८:१-८
      ख. कलस्सी ४:२
    २. मागिरहनु
      क. मत्ती ७:७-८
      ख. लूका ११:५-१३
      ग. याकूब १:५
    ३. घरमा भएको झगडा
    ४. जानिएको पापबाट स्वतन्त्र हुनु
      क. भजनसंग्रक ६६:१८
      ख. हितोपदेश २८:९
      ग. यशैया ५९:१-२
      घ. यशैया ६४:७

ई. ईश्वरशास्त्रीय निष्कर्ष
  क. कस्तो खालको मौका । कस्तो खालको अवसर । कस्तो खालको काम र जिम्मेवारी
  ख. येशू हाम्रो नमुना हुनुहुन्छ । आत्मा हाम्रो निर्देशक हुनुहुन्छ ।
  ग. यसले तपाईंलाई, तपाईंको परिवारलाई, तपाईंको मित्रलाई र संसारलाई परिवर्तन गर्न सक्थ्यो ।

५:१५ "यदि" यो पहिलो तहको शर्तात्मक वाक्य हो (तर इएन र सूचकसँगै हुन्छ, ए. टि. रवर्टसनको नयाँ करारका शब्दका तस्बिरहरूको पाना २४३ लाई हेर्नुहोस्) जुनचाहिँ लेखकको दृष्टिकोणबाट वा उनको साहित्यिक उद्देश्यको निम्ति सत्य भएको मानिलिइन्छ। यो एउटा नमिल्ने खालको शर्तात्मक वाक्य हो।

1. यसमा एई को सट्टामा इएन आएको छ (जस्तैः प्रेरित ८:३१; १ थेसलोनिकी ३:८)
2. यो इएन भन्ने विषयगतसँग जोडिएको छ (जस्तैः सोध्नु), जुनचाहिँ तेस्रो तहको वाक्यको निम्ति सामान्य व्याकरणीय संरचना हुन्छ (पदहरू १४,१६) ।

शर्तात्मक

3. त्यहाँ ख्रीष्टियन प्रार्थनाको ईश्वरशास्त्रमा तेस्रो तहका
4. शर्तात्मक वाक्यहरू छन्, जुनचाहिँ परमेश्वरको चाहना(पद १४)र येशूको नाउँ (पद १३)सँग जोडिएका छन्।

- "हामी जान्दछौं" यो अर्को सिद्ध सकृय सूचक हो, र यसलाई वर्तमानको रूपमा अनुवाद गरिएको छ, जुनचाहिँ पद १४ को समानान्तरमा छ । यो विश्वासीहरूको निश्चयता हो, कि पिताले सुन्नुहुन्छ र उहाँका छोराछोरीलाई प्रतिक्रिया जनाउनुहुन्छ ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ५:१६-१७

"यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि त्यो पापचाहिँ मृत्युमा पुऱ्याउने होइन भने, उसले त्यस भाइको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ । तर यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउने हुन्छ, जसको निम्ति कसैले बिन्ति गरिदिनुपर्छ भनी म भन्दिनँ । सबै अधर्म पाप हो, तर यस्तो पाप पनि हुन्छ, जो मृत्युजनक हुँदैन ।

५:१६ "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ। पद १६ ले हाम्रा विश्वासी खीष्टियनहरूलाई प्रार्थना गर्नुपर्ने खाँचो लाई केही सुझाव दिइएका सिमितताभित्र (पापले ल्याउने मृत्युसम्म होइन) जोड दिन्छ (जस्तैः गलाती ६:१; याकूब ५:१३-१८)। जुनचाहिँ झुटा शिक्षकहरूसँग सम्बन्धित भएजस्तो देखिन्छ (२ पत्रुस २ अध्याय)।

"यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि त्यो पापचाहिँ मृत्युमा पुऱ्याउने होइन भने" यूहन्नाले पापलाई विविध समूहमा बाँडेका छन्: केही जो कोहीसँग सम्बन्धित छन्, १) ईश्वरसँग हुने संगति; २) अन्य विश्वासीहरूसँग हुने संगति; र ३) संसारसँग हुने संगति। अनन्तको पापचाहिँ येशू खीष्टमा गरिने विश्वास र भरोसाको इन्कारीले गर्दा हुन्छ। यो पापले गर्दा अनन्तको मृत्युमा पुऱ्याउँछ! डब्लू. टि. कर्नरको खीष्टियन सिद्धान्तले यसो भन्दछ:

"तरैपनि यसको अर्थ सिद्धान्तलाई स्वीकार गर्ने इन्कारीको भावनामा अविश्वास पैदा गर्नाले हुने होइन। यो अविश्वासमा कसैले नैतिक र आत्मिक प्रकाशमा इन्कार गर्नाले हुन्छ, र निश्चित गरेर त्यो प्रकाश येशू खीष्टमा सँगै आएको हुन्छ। यो येशू खीष्टमा सृजना गरिएको परमेश्वरको अन्तिम प्रकाशको इन्कारीले गर्दा हुन्छ। जब यो इन्कारी निश्चित र चाहनापूर्ण बन्दछ, तब यो मृत्युसम्म पुऱ्याउने पाप बन्दछ (१ यूहन्ना ५:१३-१७)। त्यसैले यो नैतिक आत्महत्या बन्दछ। यो जो कोहीको आत्मिक आँखालाई बाहिर निकाल्नुजस्तै हो। यसले प्रकाशको उच्च तहमा नपुगेसम्म कुनै पनि स्थान लिने आशा राख्दैन। यो विचारपूर्ण, चाहनापूर्ण, र यो परमेश्वरको प्रकाशमा येशू खीष्टलाई जस्तै इन्कार गर्दा उहाँ नै यस्तो प्रकाश हुनुहुन्थ्यो भन्ने जानेर दूर्भाग्यपूर्ण कुरा बन्दछ। यसलाई विवेकपूर्ण तरिकाले सेतो र कालो भन्नुपर्ने हुन्छ" (पानाहरू १३५-१३६)।

## विशेष शिर्षक: मृत्युसम्म पुऱ्याउने पाप के हो ?

क. व्याख्यात्मक सोचविचारहरू
- १. उचित खालको पहिचानले १ यूहन्नाको ऐतिहासिक परिवेशलाई सम्बन्धित बनाइनुपर्छ
  - क. मण्डलीहरूमा ज्ञानवादका झुटा शिक्षकहरूको उपस्थिति (जस्तैः २:१९,२६; ३:७; २ यूहन्ना पद ७
    - १) "सेरिन्थियन" भन्ने झुटा शिक्षाले यो कुरा सिकाए, कि येशू भन्ने व्यक्तिको खीष्टसँग पवित्र आत्माको बप्तिस्मा हुँदा प्राप्त गरेको कुरा र उहाँको क्रूसको मृत्यु हुनुभन्दा अगाडि आत्माले खीष्टलाई छोडेको कुरा हुँदछ (जस्तैः ५:६-८)
    - २) डोसेटिक झुटा शिक्षाहरूले यो कुरा सिकाए, कि येशू अलौकिक आत्मा हुनुहुन्थ्यो, तर साँचो मानवीय व्यक्तित्व हुनुहुन्थेन (जस्तैः १:१-३)
    - ३) ज्ञानवादले दोस्रो शताब्दीमा प्रदर्शन गरिएका मानवीय शरीरको बारेमा दुईवटा फरक विचारधाराहरूलाई प्रकट गर्दछ:
      - क) मुक्ति सत्य विचारमा प्रकट भएदेखि, मानवीय शरीर आत्मिक परिधिमा असान्धर्भिक थियो। त्यसकारण, यसमा जे सुकै चाहना गरिए तापनि यसलाई प्राप्त गरिन्थ्यो। कतिचोटी यिनीहरू नोमियन बिरोधी र झुटा शिक्षकहरूलाई बताएको पनि हुन सक्छ।
      - ख) अन्य समूहहरूले यस कुराको निष्कर्ष निकाले कि, शरीर स्वभाविकरूपले दुष्ट भएकोले (जस्तैः ग्रीक विचार), कुनै पनि शरीरको चाहनालाई टाढा नै राखिनुपर्छ। यिनीहरूलाई सन्तवादको झुटा शिक्षा भनिन्छ।
  - ख. यी झुटा शिक्षकहरू मण्डली छोडेर गए (जस्तैः २:१९), तर तिनीहरूको प्रभावचाहिँ गएको थिएन!
- २. उचित पहिचानले सम्पूर्ण पुस्तकको साहित्यिक परिवेशलाई सम्बन्धित बनाइनुपर्छ।
  - क. १ यूहन्ना झुटा शिक्षकहरूको विरुद्धमा लड्न र साँचो विश्वासीहरूलाई निश्चित गर्न लेखिएको थियो
  - ख. यी दुईवटा उद्देश्यहरू साँचो विश्वासीको जाँचमा देख्न सकिन्छ:
    - १) सैद्धान्तिक
      - क) येशू साँचो मानव हुनुहुन्थ्यो (जस्तैः १:१-३; ४:१४)
      - ख) येशू साँचो परमेश्वर हुनुहुन्थ्यो (जस्तैः १:२; ५:२०)
      - ग) मानिसहरू पापी छन्, र पवित्र परमेश्वरमा जिम्मेवार हुन्छन् (जस्तैः १:६,१०)
      - घ) मानिसहरूले क्षमा पाएका छन्, र निम्न कुराहरूद्वारा परमेश्वरसँग ठीक बनाइएका छन्:
        - अ) येशूको मृत्यु (जस्तैः १:७; २:१-२; ३:१६; ४:९-१०,१४; ५:६-८)
        - आ) येशूमा भएको विश्वास (जस्तैः १:९; ३:२३; ४:१५; ५:१,४-५,१०-१२,१३)
    - २) व्यवहारिक वा सकारात्मक
      - क) जीवनशैलीको आज्ञाकारीता (जस्तैः २:३-५; ३:२२,२४; ५:२-३
      - ख) जीवनशैलीको प्रेम (२:१०; ३:११,१४,१८,२३; ४:७,११-१२,१६-१८,२१)
      - ग) खीष्टपनको जस्तै जीवनशैली (पाप नगर्ने, जस्तैः १:७; २:६,२९; ३:६-९; ५:१८)
      - घ) जीवनशैलीमा दुष्टमाथि हुने विजय (जस्तैः २:१३,१४; ४:४; ५:४
      - ङ) उहाँको वचन तिनीहरूमा रहने (जस्तैः १:१०; २:१४)
      - च) तिनीहरूमा आत्मा भएको (जस्तैः ३:२४; ४:४-६,१३)
      - छ) प्रार्थनाको उत्तर (जस्तैः ५:१४-१५)
    - ३) व्यवहारिक वा नकारात्मक
      - क) जीवनशैलीको पाप (जस्तैः ३:८-१०)

ख) जीवनशैलीको घृणा (जस्तैः २:९,११; ३:१५; ४:२०)

ग) जीवनशैलीको अनाज्ञाकारीता (जस्तैः २:४; ३:४

घ) संसारलाई गर्ने प्रेम (जस्तैः २:१५-१६)

ङ) ख्रीष्टलाई इन्कार गर्नु (पिता र पुत्रलाई इन्कार गर्नु, जस्तैः २:२२-२३; ४:२-३; ५:१०-१२)

३. सान्दर्भिक पाठमा उचित पहिचान गरेर विशेष समूहसँग जोडिनुपर्छ (जस्तैः ५:१६-१७)

क. पद १६ को "भाइ" भन्ने परिवेशले तिनीहरू जसले पाप गर्छन्, र मृत्यृतर्फ डोऱ्याइदैनन्, र तिनीहरू जसले पाप गर्छन्, र मृत्यृतर्फ डोऱ्याइन्छन्, भन्ने दुवै परिवेशमा के कुरा सम्बन्धित छन् ?

ख. के यी हानी पुऱ्याउनेहरू एकचोटी मण्डलीका सदस्यहरू थिए (जस्तैः २:१९) ?

ग. निम्न कुराहरूको पाठगत महत्व के हुन्छः

१) "पाप" बिनाको कुनै पनि वस्तु नभएको ?

२) "हेर्नु" भन्ने क्रिया तेस्रो तहको शर्तात्मक एओरिष्ट सकृय विषयगतसँग आएको हुने ?

घ. कसरी एकजना ख्रीष्टियनको प्रार्थनाले (जस्तैः याकूब ५:१५-१६) ले अर्कोकोमा अनन्त जीवनको स्थापना हुन्छ, जसै त्यहाँ पापीको व्यक्तिगत पश्चात्ताप भएको हुँदैन ?

ङ. कसरी पद १७ पापको कस्तो प्रकार हो भनेर सम्बन्धित हुन्छ (मृत्युसम्म र मृत्युतर्फ होइन) ?

ख. ईश्वरशास्त्रीय समस्याहरू

१. के एकजना व्याख्याकारले यस पाठलाई जोड्ने प्रयास गर्दछन्:

क. सुसमाचारमा दिइएको "क्षमा नहुने" पाप

ख. हिब्रू ६ र १० को "एकचोटी बाहिर" भन्ने पाप

१ यूहन्नाको परिवेशले येशूको समयमा फरिसीहरूले क्षमा नदिएको पापको समानान्तर कुरालाई देखाएजस्तो देखिन्छ (जस्तैः मत्ती १२:२२-३७; मर्कूस ३:३-२९), त्यसको साथसाथै हिब्रू ६ र १० मा दिइएको अविश्वासी यहूदीहरू पनि छन् । यी तीनवटै समूहहरू(फरिसीहरू, अविश्वासी यहूदीहरू,र ज्ञानवादका झुटा शिक्षकहरू) ले सुसमाचारलाई राम्ररी सुने,तर येशू ख्रीष्टमा भरोसा गर्न इन्कार गरे ।

२. के आधुनिक साम्प्रदायिकताका प्रश्नहरूले यस पाठको दृष्टिमा ईश्वरशास्त्रीय ढाँचालाई प्रश्न गर्ने गर्दछन् ?

सुसमाचारले ख्रीष्टियन अनुभवको सुरुवातलाई ज्यादै जोड दिएका छन्, र साँचो विश्वासमा भइरहने जीवनशैलीको प्रमाणलाई इन्कार गर्दछन् । हाम्रो आधुनिक ईश्वरशास्त्रीय प्रश्नले पहिलो शताब्दीका ख्रीष्टियनहरूलाई झड्का लागेको हुनुपर्छ । हामीले बाइबलका छनोट गरिएका "प्रमाणित पाठ" को आधारमा "निश्चित कुरा" को चाहना राख्छौं, र हाम्रो आफ्नै तार्किक घट्नेपना वा साम्प्रदायिक पूर्वाग्रह हुन्छ ।

हाम्रो ईश्वरशास्त्रीय प्रश्नले हाम्रा आफ्ना असुरक्षाहरूको फरकपना र ढाँचालाई प्रकट गर्दछन् । हामीले बाइबलले प्रदान गर्नेभन्दा बढी जानकारी र स्पष्टीकरणको चाहना गर्छौं, र यसरी हाम्रो व्यवस्थित ईश्वरशास्त्रले बाइबलका केही साना खण्डहरूलाई लिन्छन्, र ठूला, तार्किक, पश्चिमी, र विशिष्ट सिद्धान्तहरूलाई बुन्ने गर्दछन् !

मत्ती ७ र मर्कूस ७ अध्यायमा दिइएका येशूका वचनहरू प्राचीन मण्डलीको निम्ति पर्याप्त हुन्थे ! येशूले चेलाहरूको हेरचाह गर्नु हुन्छ, नकि निर्णयहरू, लामो परिवेशका विश्वासका जीवनशैलीहरू, नत छोटो समयका भावनात्मक विश्वासहरू नै पर्दछन् (जस्तैः मत्ती १३:१०-२३; यूहन्ना ८:३१-३९)। ख्रीष्टियन विश्वास विगतमा भएको अलग्गै कार्य होइन, तर एउटा निरन्तर भइरहने पश्चात्ताप, विश्वास आज्ञाकारीता र धैर्यता हो । ख्रीष्टियन विश्वास स्वर्ग जाने टिकट होइन, र यो विगतमा खरिद गरिएको थिएन, नत यसलाई स्वार्थी जीवनशैलीको परमेश्वरविहिन जीवन जिउनलाई सुरक्षा गरिएको आगोको बिमा नीति नै थियो !

३. के यो पापले ल्याउने मृत्युले शारीरिक मृत्यु वा आत्मिक मृत्युलाई बताउँदछ ? यूहन्नाले यो परिवेशमा प्रयोग गरेको जीले यस कुरालाई लागु गर्दछ, कि त्यो विपरितले अनन्त मृत्युलाई प्रकट गर्दछ । के यो कुरा सम्भव छ, कि परमेश्वरले पाप गर्ने छोराछोरीलाई आफ्नो घर (शारीरिक मृत्यु) मा लानुहुन्छ ? यो परिवेशमा लागु हुने कुरा यो हो, किः १) सहकर्मी विश्वासीहरूको प्रार्थना र २) विश्वासीहरूको सामुहिक स्थापना गर्ने कार्यमा चोट पुऱ्याउनेले गर्ने व्यक्तिगत पश्चात्ताप हो, तर यदि तिनीहरूको जीवनशैलीले विश्वासी समुदायको निम्ति निन्दा गर्ने कुरा ल्याउँदछ भने, तब यसको परिणाम "समय नभइकनै" वा यो जीवनभन्दा अगाडि नै शारीरिक प्रस्थान गर्ने कार्य हुन सक्छ (जब आलोचकहरूले नरमयान ग्लेसर र थोमस आउलाई सोध्छन् भन्नेको पाना ५४१) ।

- "त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ" यहाँ आएको ईश्वरशास्त्रीय र शब्दकोशको समस्याको अर्थ "जीवन" (जो) भन्ने परिवेशमा हुन्छ । सामान्यतया यूहन्नाका लेखहरूमा यसले अनन्त जीवनलाई बताउने गर्दछ, तर यो परिवेशमा यसको अर्थ जीवनलाई स्थापित गर्नु वा क्षमा दिनु भन्ने हुन्छ ( जस्तैः याकूबले "बचाउनु" भन्ने प्रयोगलाई याकूब ५:१३-१५ मा प्रयोग गर्दछन्) । त्यस व्यक्तिको निम्ति प्रार्थना गर्दा "भाइ" भनेर सम्बोधन गरिन्छ, जसले बलियो रूपमा विश्वासीहरूलाई लागु गर्दछ (यूहन्नाले उनका पाठकहरूलाई यो परिवेशलाई आफ्नै तरिकाले प्रयोग गर्छन्) ।

५:१७ सबै पापहरू गंभिर छन्, तर सबै पापहरू पश्चात्तापद्वारा क्षमा हुन सक्छ (सुरुको, मर्कूस १:१५; प्रेरित २०:२१; निरन्तर १ यूहन्ना १:९), र येशू ख्रीष्टमा विश्वास गरेर, अविश्वास बाहेकको पाप हुनुपर्ने !

## नासाब (अत्याधुनिक बनाइएको) पाठ ५:१८-२०

"परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरिरहँदैन, तर परमेश्वरका पुत्रले त्यसलाई सुरक्षित राख्नुहुन्छ, र दुष्टले त्यसलाई छुँदैन । हामी जान्दछौं, हामी परमेश्वरका हौं, र सारा संसार त्यस दुष्टको अधिनमा परेको छ । हामी जान्दछौं, कि परमेश्वरका पुत्र आउनुभएको छ, जो सत्य

हुनुहुन्छ, उहाँलाई चिन्न सकौं भनेर उहाँले हामीलाई समक्ष दिनुभएको छ। जो सत्य हुनुहुन्छ, हामी उहाँमा छौं, अर्थात् उहाँका पुत्र येशू ख्रीष्टमा। उहाँ नै साँचो परमेश्वर र अनन्त जीवन हुनुहुन्छ।

५:१८ "हामी जान्दछौं" ५:१३ मा दोस्रो अनुच्छेदको टिपोटलाई हेर्नुहोस्।

- "परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरिरहँदैन" यो सिद्ध निष्क्रिय कृदन्त हो। यो ३:६ र ९ मा दिइएको कालो र सेतो भन्ने हो। अनन्त जीवनको अवलोकन गर्न योग्य विशेषता हुन्छ। नोमिएन विरोधी झुटा शिक्षकहरूको जीवनशैलीले तिनीहरूको पश्चात्ताप नगर्ने हृदयलाई प्रकट गर्दछन् (जस्तैः मत्ती ७ अध्याय)!

यूहन्नाले दुई किसिमका फरक झुटा शिक्षकहरूलाई बताइरहेका थिए। एउटाचाहिँ जसले पापमा संलग्न हुने कुनै पनि कुरालाई ईन्कार गरे (जस्तैः १: ८-२:१) र अर्को समूह जसले पापलाई असान्दर्भिक भएको कुरा ठाने (जस्तैः ३:४-१०)। पापलाई सुरुमा नै पश्चात्ताप गरिनुपर्छ, र अस्तित्वमा इन्कार गर्नुपर्छ। पाप एउटा समस्या हो, र यसले निरन्तर समस्या ल्याउने गर्दछ (५:२१)।

ब्रूस मेट्जगरको ग्रीक नयाँ करारको एउटा पाठगत टिप्पणी (पाना ७१८) ले यस कुरालाई बताउँदछ, कि नक्कलकर्ताले विचार गरेको कुरालाई आधार बनाएर हस्तलेखनको विविधतामा "परमेश्वरबाट जन्मिएको" भन्नेले निम्न कुरालाई बताउँदछः

१. येशू - तब अटोन भन्ने उत्तम तरिकाले मिल्दछ (ए॰, बि॰)
२. विश्वासीहरू - तब इओटोन भन्ने उत्तम तरिकाले मिल्दछ (!, एसि)

- "तर परमेश्वरका पुत्रले त्यसलाई सुरक्षित राख्नुहुन्छ" पहिलो क्रिया एओरिष्ट निष्क्रिय कृदन्त हो, जसले बाहिरी संकायले पूरा गरेको कार्यलाई लागु गर्दछ (जस्तैः रोमी ८:११ मा दिइएको आत्मा भन्ने)। यसले अवतारलाई बताउने गर्दछ।

दोस्रो क्रिया "उहाँसँगै" (आउटोन) को वर्तमान सकृय सूचक हो। यसको साहित्यिक अर्थमा, "त्यो व्यक्ति हो, जो परमेश्वरबाट जन्मेको व्यक्तिले उहाँलाई निरन्तररूपमा राखिराख्छ। यसले विश्वासीहरूमा ख्रीष्ट निरन्तर हुँदा बहन गर्ने कुरालाई बताउँदछ। यो अनुवादले प्राचीन ग्रीक हस्तलेखनको ए॰ र बि॰ लाई पछ्याउँदछ। यो व्याख्या अंग्रेजी अनुवादको नासाब, आरएसभि, र एनआइभिमा प्राप्त गरिन्छ।

हस्तलेखनहरू !, एसि मा "आफैले राख्नु" (इउटोन) भन्ने अर्को सर्वनाम छ, जसले यो कुरालाई लागु गर्दछ, कि त्यो व्यक्ति जो परमेश्वरमा जन्मेका हुन्छन्, र उनलाई आफैलाई राख्ने केही जिम्मेवारी हुन्छ। यहाँ प्रयोग गरिएको "जन्मिएको" भन्ने क्रियालाई येशूको निम्ति अन्य कुनै पनि ठाउँमा प्रयोग गरिएको छैन। यसमा देखाइने विचारलाई ३:३ र ५:२१ मा विश्वासीहरूको निम्ति प्रयोग गरिन्छ। यसलाई अंग्रेजी अनुवादहरू केजेभि र एएसभि ले पछ्याउँदछन्।

-

नासाब "र दुष्टचाहिँले उहाँलाई छोएको थिएन"
एनकेजेभि "त्यो दुष्टचाहिँले उहाँलाई छुँदैन"
टिइभि "दुष्टचाहिँले तिनीहरूलाई हानी पुऱ्याउन सक्दैन"
एनजेबि "दुष्टचाहिँको उहाँमाथि कुनै पनि पकड हुँदैन"

यो वर्तमान् बीचको सूचकको अर्थ त्यो दुष्ट चाहिँले "उहाँलाई समातेर पल्टनु" भन्ने कुरालाई निरन्तरता दिन सक्दैन। यूहन्नाको लेखहरूमा यो परिवेशमा केवल अन्यमा प्रयोग गर्दाखेरि उनको सुसमाचार २०:१७ मा मात्र पाइन्छ। यसमा बाइबल र उनको अनुभवबाट यो कुरा स्पष्ट छ, कि ख्रीष्टियनहरू परीक्षामा पर्छन्।

त्यहाँ यस वाक्यांशको अर्थको बारेमा तीनवटा मुख्य सिद्धान्तहरू दिइएका छन्:

१. विश्वासीहरू दुष्टचाहिँले दोष लगाउने कार्यबाट स्वतन्त्र छन्, र व्यवस्था वा न्यायीकरणको अलङ्घनमा आधारित हुन्छन्।
२. येशूले हाम्रो निम्ति प्रार्थना गर्नुहुन्छ (जस्तैः १ यूहन्ना २:१; लूका २२:३२-३३)
३. शैतानले हाम्रो मुक्तिलाई हामीबाट खोस्न सक्दैन (जस्तैः रोमी ८:३१-३९, यद्यपि उसले हाम्रो जीवनमा रहेको परमेश्वरको गवाहीलाई बाधा दिन सक्छ, र सम्भवत् यो पदहरू १६-१७ मा आधारित हुन्छ, र यसले विश्वासीहरूलाई संसारबाट बाहिर निकालेर ल्याउँदछ।

- "हामी जान्दछौं, हामी परमेश्वरका हौं" यो निश्चित विश्वासको निश्चयता हो, र विश्वासीहरू दृष्टिकोण येशू ख्रीष्टमा हुन्छ (जस्तैः ४:६)। यी सबै चिजहरू नै यो अचम्मको सत्यतामा आधारित हुन्छन् (जस्तैः पद १३)। ५:१३ मा टिपोटलाई हेर्नुहोस्।

- "सारा संसार त्यस दुष्टको अधिनमा परेको छ" यो वर्तमान् बीचको वा भरपर्ने सूचक हो (जस्तैः यूहन्ना १२:३१; १४:३०; १६:११; २ कोरिन्थी ४:४; एफिसी २:२; ६:१२)। यसलाई निम्न कुराहरूद्वारा सम्भव बनाइएको थियोः १) आदमको पाप; २) शैतानको बिद्रोह; र ३) हरेक व्यक्तिले गर्ने पापको व्यक्तिगत छनोट।

५:२० "हामी जान्दछौं" ५:१३ को दोस्रो अनुच्छेदको पूर्ण टिपोटलाई हेर्नुहोस्।

- "परमेश्वरका पुत्र आउनुभएको छ" यो वर्तमान् सकृय सूचकले अलौकिक पुत्रलको अवतारलाई निश्चिच्छ गर्दछ। ज्ञानवादका झुटा शिक्षकहरूको निम्ति शरीर मुख्य समस्या थियो, जसले वस्तुको दुष्टतापनलाई बनाउने गऱ्यो।

- "उहाँले हामीलाई समक्ष दिनुभएको छ" यो अर्को सिद्ध सकृय सूचक हो। ज्ञानवादका झुटा शिक्षकहरूले होइन, तर येशूले ईश्वरत्वको आवश्यकीय दृष्टिलाई प्रदान गरेका छन्। येशू उहाँको जीवनको अर्थ, उहाँको शिक्षाहरू, उहाँको क्रियाहरू, उहाँको मृत्यु र उहाँको पुनरुत्थानद्वारा पूर्णरूपमा प्रकट हुनुभएको छ! उहाँ जीवित परमेश्वरको वचन हुनुहुन्छ; उहाँद्वारा बाहेक कोहीपनि पिताकहाँ जान सक्दैन (जस्तैः यूहन्ना १४:६; १ यूहन्ना ५:१०-१२)।

- "हामी उहाँमा छौं, अर्थात् उहाँका पुत्र येशू ख्रीष्टमा, उहाँ नै साँचो परमेश्वर र अनन्त जीवन हुनुहुन्छ" पहिलो वाक्यांश "उहाँ नै साँचो परमेश्वर हुनुहुन्छ" भन्नेले परमेश्वर पितालाई जनाउँदछ (६:५५ र १७:३ मा विशेष शिर्षकलाई हेर्नुहोस्), तर त्यो व्यक्ति भन्नेले दोस्रो वाक्यांशमा बताउँदछ, र यहाँ "उहाँ नै साँचो परमेश्वर हुनुहुन्छ" भन्ने कुरा पत्ता लगाउन कठिन पर्दछ। यो परिवेशमा यसले पितालाई बताएको जस्तो देखिन्छ, तर ईश्वरशास्त्रीय रूपमा यसले पुत्रलाई बताएजस्तो देखिन्थ्यो। व्याकरणीय अर्थको अस्पष्टता उद्देश्यपूर्ण हुन सक्थ्यो, जसै यो यूहन्नाको लेखहरूमा यस्तै हुने गर्दछ, र किनकि एकजना पितामा र अर्को व्यक्ति पुत्रमा हुनुपर्छ (जस्तैः पद १२)। पिता र पुत्र दुवैको ईश्वर र साँचोपना वा सत्यपना ईश्वरशास्त्रीय रूपमा गरिएको प्यासको चाहना हुन सक्छ (जस्तैः यूहन्ना ३:३३; ७:२८; ८:२६)। नयाँ करारले येशू ख्रीष्ट नाजरीको पूर्ण ईश्वरत्वलाई बताउँदछ (यूहन्ना १:१,१८; २०:२८; फिलिप्पी २:६; तीतस २:१३; हिब्रू १:८)। तरैपनि, ज्ञानवादका झुटा शिक्षकहरूले येशूको ईश्वरत्वलाई निश्चित गरेको हुनुपर्दथ्यो (कमसेकम अलौकिक आतमाको बास हुने कुरा)।

**नासाब (अत्याधुनिक बनाइएको) पाठ ५:२१**
"साना बालकहरू, आफू-आफूलाई मूर्तिहरूबाट जोगाएर राख।"

५:२१
नासाब "तिमीले आफैलाई मूर्तिपूजाहरूबाट सुरक्षित राख"
एनकेजेभि, एनआरएसभि "मूर्तिहरूबाट आफैलाई टाढा राख"
टिइभि "झुटा ईश्वरहरूबाट आफैलाई सुरक्षित राख्नु"
एनजेबि "झुटा ईश्वरहरूको विरुद्धमा सुरक्षित हुनु"

यो एउटा एओरिष्ट सकृय सूचक हो, र एउटा जोड दिने सामान्य सत्यतामा रहन्छ। यसले ख्रीष्टियनहरूको सकृय सहभागीताको शुद्धिकरणलाई बताउने गर्दछ (जस्तैः ३:३), जुनचाहिँलाई तिनीहरूले अगाडि नै येशू ख्रीष्टमा आनन्द मनाइरहेका हुन्छन् (एफिसी १:४; १ पत्रुस १:५)।

मूर्तिपूजा भन्ने परिवेश (जसलाई यूहन्नाको लेखहरूमा दुईचोटी प्रयोग गरिएको छ, र यहाँ पुरानो करारको भनाइलाई प्रकाश ९:२० मा दिइएको छ), कित यो झुटा शिक्षकहरूको जीवनशैली र सिकाइहरूमा सम्बन्धित हुन्छ, वा किनकि यसलाई यो परिवेशमा मृत सागरका मुट्ठाहरूमा "मूर्ति" को परिवेशमा पाप भन्ने भावनामा प्रयोग गरिन्छ र "पाप" भन्ने कुरा समान हुन सक्छ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले यस पुस्तकको यो खण्डमा हामीलाई मुख्य विषयहरूद्वारा सोच्नलाई सहायता प्रदान गर्दछन्। तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, तर निश्चित हुँदैनन्।

१. विश्वासीहरू ख्रीष्टमा छन् भन्ने कुरालाई निश्चित गर्न तीनवटा मुख्य जाँचहरूको सूची बनाउनुहोस्।
२. पदहरू ६ र ८ मा दिइएका "पानी" र "रगत" भन्ने परिवेशले के कुरालाई बताउने गर्दछ ?
३. के हामीले हामीहरू ख्रीष्टियनहरू हौं भनेर जान्न सक्छौं ? के त्यहाँ केही ख्रीष्टियनहरू छन्, जसलाई जान्न सकिदैन ?
४. मृत्युसम्म अगुवाइ गर्ने पाप कस्तो हुन्छ ? के यसलाई विश्वासीहरूले गर्न सक्छन् ?
५. के यो परमेश्वरको चाहनाको शक्ति हो, वा हाम्रो आफ्नै प्रयास हो, जसले हामीलाई परीक्षाबाट छुटकारा दिँदछ ?

# दोस्रो यूहन्ना

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युविएस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| अभिवादन | चुनिएकी महिलालाई अभिवादन | | परिचय | अभिवादन |
| पदहरू १-३ | पदहरू १-३ | पदहरू १-३ | पदहरू १-३ | पदहरू १-३ |
| | | पद ३ | | |
| सत्य र प्रेम | येशूको आज्ञामा हिँड्नु | | सत्य र प्रेम | प्रेमको व्यवस्था |
| पदहरू ४-११ | पदहरू ४-६ | पदहरू ४-६ | पदहरू ४-६ | पदहरू ४-५ |
| | | | | पद ६ |
| | ख्रीष्टविरोधी र ठगहरूदेखि होसियार हुनु | | | येशूका शत्रुहरू |
| | पदहरू ७-११ | पदहरू ७-११ | पदहरू ७-८ | पदहरू ७-११ |
| | | | पदहरू ९-११ | |
| अन्तिम अभिवादन | अन्तिम अभिवादन | | अन्तिम भनाइहरू | |
| पदहरू १२-१३ | पदहरू १२-१३ | पद १२ | पद १२ | पद १२ |
| | | पद १३ | पद १३ | पद १३ |

## छोटो परिचय

२ यूहन्ना स्पष्टरूपमा १ यूहन्नाको सन्देश र साहित्यिक शैलीमा सम्बन्धित छ। तिनीहरू सायद उही लेखकका र त्यति नै समयमा लेखिएका कुराहरू हुन्। यो पहिलो शताब्दीको व्यक्तिगत पत्रको किसिम हो, जसलाई मिलाइएको स्वरुपमा लेखिएको थियो र एउटा कागजको पानमा लेख्नलाई सक्षम हुन्थ्यो।

जसै १ यूहन्ना धेरै मण्डलीहरूलाई लेखिएको थियो (यसको भावनामा सबै मण्डलीहरू भन्ने)। २ यूहन्नाले एउटा स्थानीय मण्डली र उनको अगुवालाई सम्बोधन गरेको छ (यद्यपि नयाँ करारका धेरैजसो व्यक्तिगत पत्रहरूमा यसलाई सम्पूर्ण मण्डलीलाई भनेर पढ्ने गरिन्थ्यो)। यो एउटा जीवनमा रहने झ्याल अचम्मको थियो, जुनचाहिँ पहिलो शताब्दीको एसिया माइनर वा टर्कीमा प्राप्त गरिन्थ्यो।

## अध्ययन चक्र एक (पाना पाँच हेर्नुहोस्)

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

बाइबलको सम्पूर्ण पुस्तकलाई एकै बसाइमा पढ्नुहोस्। तपाईंको आफ्नै शब्दमा सम्पूर्ण पुस्तकको केन्द्रिय विषयलाई बताउनुहोस्।

१. सम्पूर्ण पुस्तकको विषय.

२. साहित्य वा शैलीको किसिम

---

* Although they are not inspired, paragraph divisions are the key to understanding and following the original author's intent. Each modern translation has divided and summarized the paragraphs. Every paragraph has one central topic, truth, or thought. Each version encapsulates that topic in its own distinct way. As you read the text, ask yourself which translation fits your understanding of the subject and verse divisions.

In every chapter we must read the Bible first and try to identify its subjects (paragraphs), then compare our understanding with the modern versions. Only when we understand the original author's intent by following his logic and presentation can we truly understand the Bible. Only the original author is inspired—readers have no right to change or modify the message. Bible readers do have the responsibility of applying the inspired truth to their day and their lives.

Note that all technical terms and abbreviations are explained fully in Appendices One, Two and Three.

## अध्ययन चक्र दुई (पाना पाँच हेर्नुहोस्)

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

सम्पूर्ण बाइबलको पुस्तकलाई एकै बसाइमा पढ्नुहोस्। मुख्य विषयहरूको रुपरेखा कोर्नुहोस्, र मुख्य विषयहरूलाई एउटै वाक्यको विषयमा प्रस्तुत गर्नुहोस्।

१. पहिलो साहित्यिक इकाईको विषय

२. दोस्रो साहित्यिक इकाईको विषय

३. तेस्रो साहित्यिक इकाईको विषय

४. चौथो साहित्यिक इकाईको विषय

५. इत्यादि

## अध्ययन चक्र दुई (पाना पाँच हेर्नुहोस्)

सुरुका लेखकको चाहनालाई अनुच्छेदको तहमा पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यो अध्यायलाई एकै बसाइमा पढ्नुहोस्। यी विषयहरूको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक विभाजनहरूमा तुलना गर्नुहोस्। अनुच्छेद प्रेरित भएका होइनन्, तर यसमा सुरुका लेखकको भावनालाई पछ्याउने कुरा मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको हृदय हुन्छ। हरेक अनुच्छेदको एक र एकमात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

2. दोस्रा अनुच्छेद

3. तेस्रो अनुच्छेद

4. इत्यादि

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू १-३**
"एल्डरहरूबाट चुनिएकी महिला, र तिनका छोराछोरीहरूलाई जसलाई म साँचो प्रेम गर्दछु, र मैले मात्र होइन, तर सत्यलाई चिन्ने सबैले पनि प्रेम गर्छन्। जुन सत्य हामीभित्र छ र सदा हामीसँग रहनेछ, त्यसैको खातिर तिमीहरूलाई प्रेम गर्दछौं। परमेश्वर पिता र पिताका पुत्र येशू ख्रीष्टबाट अनुग्रह कृपा र शान्ति हामीसँग सत्यता र प्रेममा रहनेछ।"

पद १ "एल्डरहरू" यो शिर्षक (प्रेष्बेटेरस) दोस्रो र तेस्रो यूहन्ना दुवैका लेखकलाई पहिचान गर्न प्रयोग गरिन्छ। यसको बाइबलमा विविध खालका वृहत अर्थहरू छन्:

यूहन्नाका लेखहरूले अधिकारका पहिचानमा विविध खालका उपायहरूलाई प्रकट गर्दछन्:

१. सुसमाचारले एकदमै दर्दनाक वाक्यांश "मेरो प्रिय चेला" को रूपमा प्रयोग गर्दछन्

२. पहिलो पत्र उस्तै नै छ

३. दोस्रो र तेस्रो पत्रमा पनि "एल्डरहरू" भन्ने शिर्षक छ

४. प्रकाश, एउटा विशेषतामा नआएको भविष्यको साहित्य हो, जसलाई लेखकले "उहाँको सेवक यूहन्ना" को रूपमा प्रस्तुत गर्दछन्।

त्यहाँ यी लेखहरू लेख्ने व्यक्तिको बारेमा समालोचकहरू र विद्वानहरूको बीचमा धेरै छलफलहरू भएका छन्। तिनीहरू सबैमा विविध भाषागत र जीवनशैलीको बीचमा समानता र फरकपनाहरू छन्। यो बिन्दुमा आइपुग्दा त्यहाँ सबै बाइबल शिक्षकहरूले स्वीकार गरेका वर्णनहरू हुँदैनन्। मैले तिनीहरू सबैमा यूहन्ना प्रेरितको लेखकपनालाई निश्चित गरेको छु, तर यो व्याख्याको विषय हो, र प्रेरित नभएको विषयचाहिँ होइन। बास्तवमा बाइबलका लेखकको अन्तिम अधिकार परमेश्वरको आत्मामा देखाइन्छ। यो भरोसागर्न योग्यको प्रकाश हो, तर आधुनिकतामा रहनेहरूले यसको लेखहरूमा वा मिलाउने क्रममा बुझ्नु वा जान्नुपर्ने खाँचो पर्दैन।

## विशेष शिर्षक: एल्डर

परमेश्वरका दूतहरूको निम्ति प्रयोग गरिएको जसले स्वर्गदूतीय परिषदको निर्माण गर्दछन्(यशैया २४:२३)यो उही परिवेशलाई प्रकाश
१. को स्वर्गदूतीय प्राणीको रूपमा प्रयोग गरिएको हुन्छ (जस्तैः ४:४,१०; ५:५,६,८,११,१४; ७:११,१३; ११:१६; १४:३; १९:४) ।
यसलाई पुरानो करारमा जातिय अगुवाहरू (जाक्वीन) सँग प्रयोग गरियो (जस्तैः प्रस्थान ३:१६; गन्ती ११:१६) । यो परिवेशलाई पछिबाट
२. गएर नयाँ करारमा यरुसलेमबाट आएका अगुवाहरूको समूहलाई लागु गरिन्छ, जसले यहूदीहरूको उच्च न्यायालयलाई बनाए, जुन
चाहिँ सभाघर हो (जस्तैः मत्ती २१:२३; २६:५७) । येशूको समयमा यो ७० जनाको समूहलाई भ्रष्ट पूजाहारीहरूले नियन्त्रण गरेका थिए ।
यसलाई नयाँ करारको मण्डलीमा स्थानीय अगुवाहरूले प्रयोग गरे । यो तीनजना व्यक्ति मध्येको उही अर्थ लाग्ने परिवेश थियो (पाष्टर,
३. ओभरसियर, एल्डर, जस्तैः तीतस १:५,७; प्रेरित २०:१७,२८) । यसलाई पत्रुस र यूहन्नाले अगुवापनको समूहमा तिनीहरू आफैलाई
समावेश गर्न प्रयोग गर्छन् (जस्तैः १ पत्रुस ५:१; २ यूहन्ना १; ३ यूहन्ना १) ।
यसलाई मण्डलीमा पाका मानिसहरूसँग प्रयोग गरिएको, तर आवश्यकीय रूपमा नेतृतवपनमा मात्र हुने होइन (जस्तैः १ तिमोथी ५:१;
४. तीतस २:२) ।

- "चुनिएकी महिला, र तिनका छोराछोरी" यो शिर्षकको बारेमा त्यहाँ धेरै छलफल भएका छन् । धेरैले यसलाई इलेक्टा भन्ने महिलाको नाउँमा लेखिएको कुरा बताउँदछन्, र यो छानिएको कुराको निम्ति ग्रीक शब्दबाट आएको (अलेक्जाण्डीयाका क्लेमेन्ट) वा केरिया भन्ने ग्रीक परिवेशमा महिला भन्ने हुन्छ (अथानासियस) । तरैपनि, म यरोमीसँग यस कुरामा सहमत हुन्छु, कि यसले मण्डलीलाई निम्न कारणहरूको निम्ति बताउने गर्दछ ।

१. मण्डलीको निम्ति प्रयोग गरिएको ग्रीक परिवेश स्त्रीलिङ्गि हुन्छ (पद १)
२. सेप्टुजुआन्टको चुनाउले मानिसहरूको शरीरलाई बताउने गर्दछ (जस्तैः १ पत्रुस २:९)
३. यसले मण्डलीलाई खीष्टको दुलहीको रूपमा बताउन सक्छ (जस्तैः एफिसी ५:२५-३२; प्रकाश १९:७-८; २१:२)
४. यस मण्डलीका सदस्यहरूले सन्तानलाई देखाउने गरेका छन् (जस्तैः पद १३)
५. यस मण्डलीको एकजना बहिनी रहिछन्, जसले अर्को स्थानीय मण्डलीलाई देखाएको जस्तो देखिन्छ (जस्तैः पद १३)
६. त्यहाँ यस खण्डभरि नै एकवचन र बहुवचन बीचमा एउटा नाटक छ (एकजचनका पदहरू ४,५,१३; र बहुवचनका पदहरू ६:८, १०, १२)
७. यो परिवेशलाई १ पत्रुसको १३ मा उही तरिकाले मण्डलीको निम्ति प्रयोग गरिन्छ ।

- "जसलाई" यो कुरा पनि आश्चर्यलाग्दो छ, कि यो पुरुषवाचक बहुवचन सर्वनाम हो, किनकि यसको अर्थ कित "महिला" लाई जोड्नु भन्ने हुन्छ, जुनचाहिँ स्त्रीलिङ्गि वा "सन्तान" भन्ने हुन्छ,जुनचाहिँ नपुंसक लिङ्ग हो । मेरो विचारमा यो साङ्केतिक भन्ने वाक्यांशलाई चिन्ह लगाउने यूहन्नाको तरिका थियो ।

- "साँचो प्रेम" यूहन्नाले फिलियो र अगापेलाई सुसमाचार र प्रकाशमा समान रुपले प्रयोग गर्दछन्, तर पहिलो, दोस्रो र तेस्रो यूहन्नामा उनले अगापे मात्र प्रयोग गर्दछन् (पदहरू ३,५,६; १ यूहन्ना ३:१८) ।

- "सत्य" सत्यता यहाँ घरिघरि दोहोरिने विषय हो (जस्तैः पदहरू १,२,३,४) । "यो सिकाइ" भन्ने वाक्यांशलाई पदहरू ९ र १० मा उस्तै प्रकारको "सत्यता" लाई पदहरू ९ र १० मा प्रयोग गरिएको छ । सायद यो परिवेशले स्थानीय झुटा शिक्षाको कारणले गर्दा यो सानो पत्रमा १ यूहन्नामा जस्तै स्पष्ट पारिएको छ (पदहरू ४,७-१०) । यो "सत्यता" ले यी तीनवटा चिजहरूमध्ये एउटालाई बताउन सक्छः १) यूहन्नामा हुने पवित्र आत्मा (जस्तैः १४:१७); २) येशू खीष्ट आफै (जस्तैः यूहन्ना ८:३२; १४:६); र ३) सुसमाचारको विषय (जस्तैः १ यूहन्ना ३:२३) । ६:५५ र १७:३ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

पद २ "जुन सत्य हामीभित्र छ" यो वर्तमान् सकृय कृदन्त हो, जुन विश्वासीहरूलाई वर्णन गर्ने "रहनु" भन्ने परिवेशको यूहन्नालाई मनपर्ने कुरामध्ये एउटा हो । २:१० मा विशेष शिर्षकलाई हेर्नुहोस् । यसले पवित्र आत्मा बास गर्ने कुरालाई बताएको जस्तो देखिन्छ (जस्तैः रोमी ८:९; वा पुत्र, रोमी ८:९-१०) । त्रियकत्वको सबै व्यक्तिहरू पनि विश्वासीहरूमा रहन्छन् (जस्तैः यूहन्ना १४:२३) ।

- "सदा हामीसँग रहनेछ" सत्यता सबै विश्वासीहरूमा सधैँको निम्ति रहनेछ । निश्चयताको कस्तो शक्तिशाली भनाइ ! १ यूहन्नाको ५:१३ मा विशेष शिर्षकलाई हेर्नुहोस् । सत्यता सुसमाचारको व्यक्तित्व र सन्देश दुवै हो । यो "सत्यता" ले सधैँ प्रेमको विषय, परमेश्वरको निम्ति गरिने प्रेम, दाज्यूभाइ र दिदीबहिनीहरूको निम्ति गरिने प्रेम, र हराएको संसारको निम्ति गरिने प्रेमलाई बताउँदछ (जस्तैः १ यूहन्ना ४:७-२१)। "सधैभरि भन्नेको शाब्दिक अर्थ "युग भित्रमा" भन्ने हुन्छ (जस्तैः यूहन्ना ४:१४; ६:५१,५८; ८:३५,५१; १०:२८; ११:२६; १२:३४; १३:८; १४:१६; १ यूहन्ना २:१७) । सधैभरि भन्ने विशेष शिर्षकको निम्ति यूहन्ना ६:५८ लाई हेर्नुहोस् ।

पद ३ "अनुग्रह कृपा र शान्ति" पहिलो शताब्दीमा हुने ग्रीक शब्दको यस किसिमको परिचयमा दुईवटा अपवादहरू छन् । पहिलो, यसमा अनौठो प्रकारले खीष्टियन बनाउन यसमा केही फरक तरिकाले विकल्पहरू आएका छन् । "अभिवादन" को निम्ति ग्रीक परिवेशमा चेरियन भनिएको छ । यसलाई चेरिस भन्ने विकल्पमा ल्याइएको छ, जसको अर्थ "कृपा" भन्ने हुन्छ । यो परिचय पाष्टरिय पत्रहरू १ तिमोथी १:२ र २ तिमोथी १:२ सँग अति नै उस्तै खालका छन्, र यी दुईवटा परिवेशहरू पावलको गलाती र १ थेसलोनिकीको परिचयमा दोहोरिएका छन् ।

दोस्रो, सामान्य व्याकरणीय संरचनामा प्रार्थना हो, वा स्वास्थ्यको निम्ति गर्ने कामना हो । तरैपनि, दोस्रो यूहन्ना सत्यताको भनाइमा हुन्छ, र परमेश्वरमा इच्छा गरिएको अलौकिकि परिणामसँग प्रतिज्ञा गरिएको कुरा हुन्छ ।

यदि त्यहाँ यी दुईवटा परिवेशको बीचमा चाहना गरिएको क्रम वा सम्बन्ध हुन्छ भने, जो कोही पनि ईश्वरशास्त्रीय रूपमा अचम्ममा पर्दछन् । कृपा र अनुग्रहले परमेश्वरको चरित्रलाई देखाउने गर्दछ, जसले येशू खीष्टद्वारा पतन भएको मानवजातिमा सित्तैमा पाइने मुक्तिलाई ल्याउँदछ । शान्तिले परमेश्वर को बरदानलाई प्राप्त गर्ने कुरा प्रकट गर्दछ । ती विश्वासीहरूले पूर्ण परिवर्तनको महसूस गरे । जसै पतनले मानवीय जीवनका सबै पक्षहरूलाई असर गऱ्यो, त्यसरी नै मुक्तिले पनि पहिला

विश्वासको धर्मीकरण बनाइने स्थानद्वारा स्थापित गर्दछ, तब दृष्टिकोणमा पूर्ण परिवर्तन गरेर बास गर्ने आत्माले सक्षम बनाउँदछ, जसले प्रगतिशिल खीष्ट पनजस्तै वा प्रगतिशिल शुद्धिकरणको परिणाम ल्याउँदछ। मानवजातिमा परमेश्वरको स्वरुपलाई स्थापित गरिन्छ (उत्पत्ति १:२६-२७) !

यी तीनवटा परिवेशसँग सम्बन्धित अन्य सम्बाभित खाँचोलाई झुटा शिक्षकहरूको प्रकाशमा पूरा गरिन्छ। तिनीहरूले “कृपा र अनुग्रह” को बारेमा प्रश्न उठाउँछन् र सबै चिजलाई शान्तिमा ल्याउँदछन्। यहाँ चाहना गरिएको बुँदालाई पनि याद गर्नुपर्ने हुन्छ, कि यूहन्नाका सबै लेखहरूमा प्रयोग गरिएको कृपा (एलेक) यहाँ आएको छ। “अनुग्रह” (चारिस) लाई यहाँमात्र प्रयोग गरिएको छ, सुसमाचारमा १:१४,१६,१७, र प्रकाशमा (जस्तैः १:४,२२:२१)।

जेरोमी बाइबलको समालोचनाले यस कुरालाई बताएर यो वास्तविकता आउँदछ, कि यी तीनवटा परिवशहरूको पुरानो करारको संझौताको भनाइहरू छन् (पाना ४१२)। लूका बाहेक नयाँ करारका लेखकहरू हिब्रू विचारधाराका मानिसहरू थिए, जसले कोइने ग्रीकमा लेख्ने काम गरे। नयाँ करारका धेरैवसो शब्दावली सेप्टुजिआन्टबाट आएका छन्।

- “परमेश्वर पिता र पिताका पुत्र येशू खीष्टबाट” दुवै संज्ञाको सर्वनाम छन् (पारा), जसलाई व्याकरणीय रुपमा तिनीहरूको समान् स्तरमा राखिन्छ। यसमा येशू खीष्टको पूर्ण ईश्वरत्वलाई बताउने व्याकरणीय उपाय थियो।

- “पिताका पुत्र” १ यूहन्नामा निरन्तर दिइएको जोड यो हो, कि जो कसैको पनि पुत्र नभइकनै पिता हुँदैनन् (जस्तैः १ यूहन्ना २:२३; ४:१५; ५:१०)। झुटा शिक्षकहरूले परमेश्वरसँग अनौठो र विशेष सम्बन्ध हुने कुरालाई दावी गरे, तर ईश्वरशास्त्रीय रूपमा पुत्रको व्यक्तित्व र कार्यलाई घटाए। यूहन्नाल घरि-घरि यस कुरालाई दोहोऱ्याउँछन्, कि येशू १) पिताको पूर्ण प्रकाश हुनुहुन्छ, र २) पिताकहाँ जाने एउटामात्र उपाय हुनुहुन्छ (यूहन्ना १४:६)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू ४-६

“तिम्रा छोराछोरीहरूमध्ये कुनै कुनैलाई पिताबाट हामीले पाएको आज्ञा बमोजिम सत्यमा चलेका भेट्टाएर म ज्यादै आनन्दित छु। अब हे महिला मैले तिमीलाई एउटा नयाँ आज्ञा लेखेको होइनँ, त्यही लेखिरहेछु, जो सुरुदेखि नै हामीसँग छ, हामी एउटाले अर्कासँग प्रेम गरौं भनी म तिमीहरूलाई बिन्ति गर्दछु। उहाँको आज्ञाबमोजिम चल्नु नै प्रेम हो। हामीले सुरुदेखि नै सुनेको आज्ञा यही हो, कि तिमीहरूले प्रेमको अनुसरण गर्नुपर्छ”

पद ४ “म ज्यादै आनन्दित छु” यो एओरिष्ट निष्क्रिय सूचक हो। सायद त्यहाँका एल्डरले यो मण्डलीको बारेमा यसका केही घुम्ने सदस्यहरूबाट सुनेको हुनुपर्छ।

- “तिम्रा छोराछोरीहरूमध्ये कुनै कुनै सत्यमा चलेका भेट्टाएर” यसले निम्न कुरालाई बताउने गर्दछः

१. जो कोहीको पनि मण्डलीमा ईश्वरीय र प्रेमिलो जीवन (जस्तैः २ यूहन्ना ३-४ पद)
२. मण्डली भित्र नै झुटा शिक्षाहरूलाई आभार प्रकट गर्ने एउटा उपाय, जसले केही गलत बाटोमा लगाएर अगुवाइ गरेका हुन्थे।

- “कुनै कुनैलाई पिताबाट हामीले पाएको आज्ञा बमोजिम” यो एउटा एओरिष्ट सकृय सूचक हो, जसले एक अर्कालाई प्रेम गर्ने आज्ञाको विषयमा बताउँदछ, जसै येशूले पनि तिनीहरूलाई प्रेम गर्नुभयो (जस्तैः यूहन्ना १३:३४-३५; १५:१२; १ यूहन्ना ३:११; ४:७,११,१२,२१)।

पद ५ “जो सुरुदेखि नै हामीसँग छ” यो असिद्ध सकृय सूचक हो, जसले येशू खीष्टको सिकाउने कार्यको सुरुवातलाई नै बताउने गर्दछ (जस्तैः १ यूहन्ना २:७,२४; ३:११)। यो आज्ञाको विषयवस्तुले “एक अर्काको निम्ति प्रेम गर्नुपर्ने” कुरालाई निश्चित गर्दछ (जस्तैः पद ५) र “येशू खीष्ट शरीरमा आउँदैहुनुहुन्छ” भन्ने करामा आभार प्रकट गरिन्छ (पद ७)। यो व्यक्तिगत र जीवनशैलीको विषयलाई याद गर्नुहोस्।

- “हामी एउटाले अर्कासँग प्रेम गरौं” यो वर्तमान् सकृय विषयगत हो (यहाँ हिँड्नु भन्ने क्रियाको यो अन्तिम पद हो)। यो झुटा शिक्षाले बाह्य गर्ने कुरा र प्रेम नगर्ने कार्यको विशेषता हो। यसले यूहन्नाका तीनवटा जाँचमध्ये पहिलोलाई निर्माण गर्दछ, कि कसरी कसैले ऊ खीष्टियन हो भन्ने कुरा जान्दछ। १ यूहन्नाको पुस्तकमा यी तीनवटा जाँचहरू हुन्: प्रेम, जीवनशैली र सिद्धान्त। यी तीनवटा जाँचहरू २ यूहन्नामा पनि दोहोरिएका छन्।

१. प्रेम (जस्तैः पद ५; १ यूहन्ना २:७-११; ३:११-१८; ४:७-१२,१६-२१; ५:१-२)
२. आज्ञाकारिता (जस्तैः पद ६; १ यूहन्ना २:३-६; ३:१-१०; ५:२-३)
३. सैद्धान्तिक विषयवस्तु (जस्तैः पद ७; १ यूहन्ना १:१-२; २:१८-२५; ४:१-६,१४-१६; ५:१,५,१०)

पद ६ “प्रेम हो” प्रेम (अगापे) निरन्तर भइरहने (वर्तमान् काल) कार्य हो, नकि केवल अनुभवमात्रै हो। प्रेम सबै सत्य विश्वासीहरूको संकेत हो (जस्तैः १ कोरिन्थी १३ अध्याय; गलाती ५:२२; १ यूहन्ना ४:७-२१)।

- “सुरुदेखि नै” १ यूहन्ना १:१ को टिपोटलाई हेर्नुहोस्। मेरो विचारमा यो वाक्यांश पहिलो र दोस्रो यूहन्नामा येशूको सार्वजनिक सेवकाइको सुरुवातको सन्दर्भको रुपमा प्रयोग गरिएको छ।

- “उहाँको आज्ञाबमोजिम चल्नु” खीष्टियन विश्वास सुरुको समर्पणता र जीवनशैलिको परिवर्तन हो (जस्तैः १ यूहन्ना २:६)। हाम्रो जीवनशैलीले हामीलाई सेवा पुऱ्याउँदैन, तर यसले हामी बचाइएका छौं भन्ने कुरालाई प्रमाणित गर्दछ (जस्तैः एफिसी २:८-१०)।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू ७-११

“किनकि भ्रममा पार्नेहरू धेरैजना संसारमा आएका छन्, जसले येशू खीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्दैनन्। यस्तो व्यक्ति नै छली र खीष्ट विरोधी हो। होसियार रहो, जुन कुराको निम्ति तिमीहरू काम गरिरहेका छौं, त्यो गुमाउने होइन, तर पूरा इनाम पाउने होओ।

खीष्टको सिद्धान्तमा स्थिर नबसेर त्यसको सीमादेखि बाहिर जाने मानिससँग परमेश्वर हुनुहुन्न, तर यस सिद्धान्तमा स्थिर रहनेसँग पिता र पुत्र दुवै हुनुहुन्छ। यदि कोही तिमीकहाँ आएर यो सिद्धान्त ल्याउन भने त्यसलाई घरमा स्वागत नगर्नू। किनकि त्यसलाई अभिवादन गर्ने त त्यसका दुष्ट कामहरूमा सहभागी हुन्छ।"

पद ७ "किनकि भ्रममा पार्नेहरू धेरैजना" "भ्रममा पार्ने" भन्ने शब्द ग्रीक शब्द योजना भन्नेबाट आएको छ, जसबाट हामीले "उपग्रह" भन्ने अंग्रेजी शब्द प्राप्त गर्दछौं। प्राचीन विश्वमा आकाशका नक्षत्रहरूका चाललाई नक्साकृत गरेर अध्ययन गरिन्थ्यो (जोडियाक)। ताराहरू स्थिर नमुनामा मिल्दथे, तर केही ताराहरू अनियमित रूपमा चल्दथे। प्राचीन मानिसहरूले यसलाई "घुमन्ते" भनेर भन्दथे। यसको आलंकारिक रूपमा तिनीहरूमा विकास भयो, जो सत्यता बाट अलग्गै घुम्ने गर्दथे।

यी झुटा शिक्षकहरू गंभिर रुपमा गल्ती मात्र हुने होइन, वा गलत तरिकाले चलाइएका व्यक्तिहरू पनि होइनन्, जोहरू सुसमाचारमा अज्ञानी छन्। यूहन्नाको लेखहरूमा फरिसी र झुटा शिक्षकहरू दुवैले तिनीहरूले प्राप्त गरेको स्पष्ट ज्योतिलाई विरुद्धमा विद्रोह गर्दछन्। त्यसै कारणले गर्दा तिनीहरूको विद्रोहलाई "क्षमा दिन नसकिने पाप" वा "मृत्युसम्म पुऱ्याउने पाप भनेर चित्रित गरिएको छ (१ यूहन्ना ५:१६ को टिपोटलाई हेर्नुहोस्। यहाँ आएको दुखः दायी कुरा यो हो, कि तिनीहरूले पनि अरुहरूलाई पछ्याउने कारण बनाएर नासमा पुऱ्याएका छन्। नयाँ करारले यस कुरालाई स्पष्ट पार्दछ, कि झुटा शिक्षकहरू देखा पर्नेछन्, र ठूलो समस्यामा पार्नेछन् (मत्ती ७:१५; २४,११२४; मर्कूस १३:२२; १ यूहन्ना २:२६; ३:७, ४:१)।

- "संसारमा आएका छन्" यहाँ संसार भनेर सामान्य रूपमा बुझ्दा यस धर्ती भन्ने हुन्छ। यी झुटा शिक्षकहरूले कित खीष्टियन मण्डलीलाई छोडेका हुन्छन् (जस्तैः १ यूहन्ना २:१९) वा तिनीहरू मिसनरीको गृहकार्यमा हुन्छन् (जस्तैः तेस्रो यूहन्ना)।

- "भनी स्वीकार गर्दैनन्" यो होमोलोग भन्ने परिवेशले येशू खीष्टमा हुने विश्वासको सार्वजनिक उद्घोषण वा पश्चात्ताप गर्ने कुरालाई लागु गर्दछन्। यूहन्ना ९:२२-२३ मा पश्चात्ताप भन्ने विशेष शिर्षकलाई हेर्नुहोस्।

"येशू खीष्ट शरीरमा आउनुभएको हो" यी ठगाहाहरूले येशू खीष्टको व्यक्तित्वको बारेमा तिनीहरूका झुटा सिकाइहरूलाई निरन्तरता दिए। यी पदहरूले १ यूहन्ना ४:१-६ को "आत्माको जाँचहरू" को चेतावनीलाई दोहोऱ्याउँदछन्, विशेषगरेर जसै तिनीहरू येशूको पूर्ण मानवतामा सम्बन्धित हुन्छन् (जस्तैः यूहन्ना १:१४; १ तिमोथी ३:१६)। ज्ञानवादीहरूले "आत्मा" (परमेश्वर) र "वस्तु" (शरीर) बीचको अनन्त दोहोरोपनलाई निश्चित गरेका छन्। तिनीहरूको निम्ति येशू पूर्ण ईश्वर र पूर्ण मानिस हुन सक्नु हुन्थ्यो।

त्यहाँ सुरुको ज्ञानवादको विचारमा कमसेकम दुईवटा ईश्वरशास्त्रीय समूहहरू भएको जस्तो देखिन्छ:

१. येशूको मानवताको ईन्कारी (डोसेटिकवादीहरू): उहाँ मानवीयरूपमा देखा पर्नुभयो, तर आत्मा हुनुहुन्थ्यो।

२. येशू खीष्ट कूसमा मर्नुभयो भन्ने कुराको इन्कारीः यो समूह (सेरेन्थीवादीहरू) ले यस कुरालाई बतायो कि, खीष्टको आत्मा येशू मानिस भएको समय मा उहाँको बप्तिस्मामा आउनुभयो, र येशू कूसमा मर्नुभन्दा अगाडि त्यसले उहाँलाई छोड्यो।

यो कुरापनि संभव छ, कि वर्तमान् कालको "शरीरमा आउनु" भन्ने कुरा सेरिन्थीयन ज्ञानवादीहरूको ईन्कारीलाई यूहन्नाको उपाय हो, र १ यूहन्ना ४:१ -६ मा डोसेटिक ज्ञानवादलाई इन्कार गर्ने उहाँको तरिका हो।

- "यस्तो व्यक्ति नै छली र खीष्ट विरोधी हो" १ यूहन्ना २:१८ मा बहुवचन "खीष्टविरोधी" र एकवचन "खीष्टविरोधी" को बीचमा फरकपना हुन्छ। ती बहुवचन यूहन्नाको समयमा आएका थिए, र तिनीहरूलाई पनि त्यागेका थिए (जस्तैः १ यूहन्ना २:१९), तर एकवचनले भविष्यको निम्ति देखाएको हुन्छ २ थेसलोनिकी २ अध्यायमा "व्यवस्थाबिनाको मानिस" भन्नेलाई हेर्नुहोस्)। तरैपनि, यो पदमा १ यूहन्ना २:१८-२५ जस्तै रुपले एकवचनलाई प्रयोग गरिएको छ।

पद ८ "होसियार रहो" यो वर्तमान् सकृय सूचक हो। यो "हेर्नु" (बेलेप) भन्ने परिवशमा दुष्टताको विरुद्धमा चेतावनी दिनको लागि अलंकारिक रूपमा प्रयोग गरिएको छ (जस्तैः मत्ती २४:४; मर्कूस १३:५; लूका २१:८; प्रेरित १३:४०; १ कोरिन्थी ८:९; १०:१२; गलाती ५:१२; हिब्रू १२:२५)। विश्वासीहरू गल्ती पत्ता लगाउनको लागि जिम्मेवार हुन्छन्, किनकिः

१. तिनीहरूले सुसमाचारलाई जान्दछन्

२. तिनीहरूमा आत्मा पनि हुन्छ

३. तिनीहरूको खीष्टसँग निरन्तर भइरहने संगति हुन्छ

-

नासाब "हामीले जे कुरालाई प्राप्त गरका छौं, त्यो कुरालाई तिमीले गुमाउने छैनौं

एनकेजेभि "कि हामीले त्यसलाई गुमाउने छैनौं, जसको चिजहरूको निम्ति हामीले कार्य गर्छौं"

एनआरएसभि "ताकि तिमीले त्यसलाई गुमाउने छैनौं, जसको निम्ति हामीले कार्य गरेका छौं"

टिइभि "ताकि तिमीले गुमाउनेछैनौं जसको निम्ति हामीले काम गरेका छौं"

एनजेबि "वा हाम्रो सबै कार्यहरू गुमाइनेछन्"

यस पदसँग सम्बन्धित पहिलो सर्वनाममा ग्रीक हस्तलेखनमा विविधता छन्: के यसलाई "तिमी" (नासाब, एनआरएसभि, टिइभि) वा "हामी" (एनकेजेभि भनिनु पर्छ ? युवियस४ पाठले तपाईंलाई सहायता पुऱ्याउँदछ, र त्यसको अर्थ विश्वासीहरूलाई भनिदा प्रेरितिय गवाहीले तिनीहरूलाई दिइएको सुसमाचार को लक्ष्यलाई पूरा गर्न नसक्ने हुन्छन्।

- "तर पूरा इनाम पाउने होओ" यो एओरिष्ट विषयगत हो, जसले तिनीहरूको सुसमाचार प्राप्त कर्ताहरूलाई इंकित गर्दछन्। त्यो विषयगत सम्भावना तिनीहरूको मुक्तिसँग सम्बन्धित छैन, तर तिनीहरूद्वारा सुसमाचारको परिवक्वता र वृद्धि हुन्छ (जस्तैः १ कोरिन्थी ९:२७; १५:१०,१४, ५८; २ कोरिन्थी ६:१; गलाती २:२; फिलिप्पी २:१६; १ थेसलोनिकी २:१; ३:५)।

पद ९

नासाब "जो सुकै पनि त्यति टाढा जान्छन्, र येशू ख्रीष्टको शिक्षामा रहँदैनन्"

एनकेजेभि "जो सुकैले पनि नियम भंग गर्छन्, र येशू ख्रीष्टको सिद्धान्तमा रहँदैन"

एनआरएसभि "जो सुकै पनि येशू ख्रीष्टको शिक्षामा रहँदैनन्"

टिइभि "जो कोही पनि येशू ख्रीष्टको शिक्षामा रहँदैनन्, तर यो भन्दा पनि टाढा जान्छन्"

एनजेबि "यदि कुनै व्यक्ति येशू ख्रीष्टको शिक्षामा नरहने हुन्छन्, तर यो भन्दा पनि टाढा जान्छन्"

पहिला, पासको नकारात्मक प्रयोगलाई याद गर्नुहोस् । सुसमाचारको निमन्त्रणा "सबै" को लागि हो, तर यो पनि दूर्भाग्यवस झुटा शिक्षाको निम्ति संभावना हुन्छ । यो संभाव्य झुटा शिक्षाले वर्तमान् सकृय कृदन्तलाई चित्रित गर्दछः "धेरै टाढा जान्छ, र त्यसमा रहँदैन" । त्यो पहिला "टाढासम्म जाने" भन्ने कुरा झुटा शिक्षकहरूको निम्ति मुख्य शब्द भएको हुन सक्छ, र यसलाई लागु गर्दा, प्रेरितहरूले प्रत्यक्ष आँखाले देखेको सत्यताभन्दा बाहिर गएको हुने थियो ।

विश्वासीहरू तिनीहरूमा रहेको सत्यताको वचनमा चित्रित हुन्छन् (जस्तैः यूहन्ना ८:३१; १५:७; १ यूहन्ना २:१४; यूहन्नामा आएको नकारात्मक ५:३८; १ यूहन्ना १:१०) । यूहन्ना ८:३१ मा धैर्यता र यूहन्ना ६:६४ मा प्रेरितिय भन्नेलाई विशेष शिर्षकमा हेर्नुहोस् ।

"ख्रीष्टको" भन्ने सम्बन्धकारक वाक्यांशले निम्न कुरालाई बताउँदछः

१. येशू ख्रीष्टको शिक्षा

२. येशू ख्रीष्टको बारेमा शिक्षा

३. यूहन्नाको सामान्य दोहोरो अर्थ

सम्बन्धकारकहरू असंख्य र अनिश्चित हुन्छन् ! परिवेशले मात्रै चाहना गरेको अर्थलाई निर्धारण गर्न सक्छन्, तर कतिचोटी तिनीहरू यहाँ खप्टिन्छन् ।

- " मानिससँग परमेश्वर हुनुहुन्न" "येशू ख्रीष्टको शिक्षा र पद २ को "सत्यता" समान छन् । झुटा शिक्षकहरू र तिनीहरूलाई पछ्याउनेहरूमा कुनै पनि इनाम हुँदैन (पद ८) । तिनीहरू आत्मिक रूपमा हराएका छन्, र परमेश्वरसँग छैनन्, किनकि जो कोहीको पिता हुने हो भने, तिनको पुत्र पनि हुनै पर्छ (जस्तैः १ यूहन्ना ५:१०-१२) । "हुन्छ" भन्ने क्रियाको प्रयोग (दुईचोटी, वर्तमान् सकृय सूचक) सँगै परमेश्वरलाई यहाँ मात्रै र १ यूहन्ना २:२३ मा प्राप्त गरिन्छ ।

पद १० "यदि" यो पहिलो स्तरको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोणबाट सत्य भएको मानी लिइन्छ वा उहाँको साहित्यिक उद्देश्यको निम्ति हुन्छ । झुटा शिक्षकहरू पनि आउनेछन् !

- "त्यसलाई घरमा स्वागत नगर्नू" यो वर्तमान् सकृय सूचकसँग नकारातमक कृदन्त पनि हुन्छ, जुनचाहिँ कतिचोटी प्रकृयामा रहेको हुन्छ (त्यो परिवेशले निर्धारण गर्नुपर्ने) ।

  "त्यो घर" भनेर ख्रीष्टियनहरूले गर्ने अतिथि सत्कारलाई बताउँथ्यो (मत्ती २५:३५; रोमी १२:१३; १ तिमोथी ३:२; तीतस १:८; हिब्रू १३:२; १ पत्रुस ४:९ वा ३ यूहन्ना पदहरू ५-६), तर सायद यसले यो परिवेशमा टाढाबाट यात्रा गर्ने सेवकलाई निमन्त्रणा गरेर स्थानीय मण्डलीमा बोल्न लगाइन्छ (जस्तैः रोमी १६:५; १ कोरिन्थी ५:१९; कलस्सी ४:१५; फिलेमोन २ पद) ।

- "किनकि त्यसलाई अभिवादन गर्ने" यो अर्को वर्तमान् सूचकसँगै नकारात्मक कृदन्त आउँछ । तपाईंले आफैलाई यी "ख्रीष्टियन भनाउँदाहरू" सँग परिचय नगराउनुहोस् । संगतिमा आउने कुनै पनि बाधालाई प्रमाणित गर्ने कार्यमा गलत प्रकारले बुझिन सक्छ (जस्तैः पद ११) । आज यस भनाइलाई लागु गर्न अति नै कठिन छ । त्यसैले धेरैले आफूलाई ख्रीष्टियन भएको कुरालाई दावी गर्छन् । तरैपनि, तिनीहरूसँग गरिएको बताउने प्रयासमा हामी सहकार्यमा र कुराकानीमा सहभागी हुनुपर्छ । अझैपनि ख्रीष्टियन अगुवाहरू कुनै झुटा शिक्षाको पहिचानमा होसियार हुनुपर्छ । वास्तवमा यसलाई ख्रीष्टियन सम्प्रदायहरूमा पनि लागु गरिदैन !

## नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू १२-१३

"मैले तिमीहरूलाई कुरा लेख्नु त धेरै छ, तर कागत र मसिले ती म लेख्न चाहन्न । तर तिमीहरूको आनन्द पूर्ण होस् भनी म तिमीहरूकहाँ आउने र आमनेसामने भएर कुरा गर्ने आशा गर्छु । चुनिएकी तिम्री बहिनीका छोराछोरीहरूले तिमीलाई अभिवादन पठाएका छन् ।"

४:१२ "मैले तिमीहरूलाई कुरा लेख्नु त धेरै छ" यो तेस्रो यूहन्नाको अन्तका पदहरू १३-१४ जस्तै नै छन् ।

- "तर तिमीहरूको आनन्द पूर्ण होस्" यो वर्तमान् निष्क्रिय विषयगतको परिधिको उद्देश्य हो (एउटा उद्देश्यको संयोजनले अनिश्चित कुरालाई देखाउँदछ । यो यूहन्नामा आएको सामान्य विषय हो (जस्तैः यूहन्ना ३:२९; १५:११; १६:२४; १७:१३; १ यूहन्ना १:४) । यो आनन्द निम्न कुराहरूमा आधारित थियोः

१. शिक्षकको उपस्थिति

२. उनले ल्याउने सत्यताको ज्ञान

३. यूहन्नाले यो आनन्दलाई पद ४ मा बताएका छन्, जसलाई प्रेम र आज्ञाकारीतामा निरन्तर हिँडाउन सकिन्छ ।

पद १३ यो पदले पनि पद १ ले जस्तै छोरी मण्डली र यसका सदस्यहरूलाई आलंकारिक भाषामा बताउन प्रयोग गरिन्छ ।

## छलफलका प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यी छलफलका प्रश्नहरूले तपाईंलाई यो खण्डको यो पुस्तकमा सरसरती विचार गर्नलाई सहायता पुऱ्याउँदछन्। तिनीहरूको अर्थ विचारलाई बढावा दिने हुन्छन्, र निश्चितचाहिँ हुँदैनन्।

१. १ यूहन्नामा पाइएका तीनवटा जाँचहरूको सूची बनाउनुहोस्, र तिनीहरूलाई २ यूहन्नामा दोहोऱ्याइएका छन्:
   क.
   ख.
   ग.
२. के यो पत्र महिलालाई वा मण्डलीलाई लेखिएको हो ?
३. यो छोटो पत्रबाट तपाईंले कसरी जान्नुहुन्छ, कि झुटा शिक्षाहरू मण्डलीमा पनि आएका थिए ?
४. पद ७ मा दिइएको के र कोचाहिँ ख्रीष्टविरोधी र धोकाबाजी गर्ने हुन्छ ?
५. के पदहरू १० र ११ नयाँ करारको अधिकारमा विरोधाभाष छन्, जसले हाम्रा शत्रुहरूलाई प्रेम र सत्कार देखाउँछन् ?

# तेस्रो यूहन्ना

## आधुनिक अनुवादहरूका अनुच्छेदका विभाजनहरू

| युवियस४ | एनकेजेभि | एनआरएसभि | टिइभि | एनजेबि |
|---|---|---|---|---|
| अभिवादन | गायसलाई अभिवादन | | परिचय | भनिएको र अभिवादन गरिएको |
| पद १ | पदहरू १-४ | पदहरू १ | पदहरू १क | पदहरू १-४ |
| | | | पद १ख | |
| पदहरू २-४ | | पदहरू २-४ | पदहरू २-४ | |
| सहायता र विरोध | दिने विषयमा प्रशंसा गरिएको | | गायसको प्रशंसा गरिएको | |
| पदहरू ५-८ | पदहरू ५-८ | पदहरू ५-८ | पदहरू ५-८ | पदहरू ५-८ |
| | डियोत्रिफस र डेमेत्रियस | | डियोत्रिफस र डेमेत्रियस | डियोत्रिफसको नमुनामा होसियार हुनु |
| पदहरू ९-१० | पदहरू ९-१२ | पदहरू ९-१० | पदहरू ९-१० | पदहरू ९-११ |
| पदहरू ११-१२ | | पदहरू ११-१२ | पद ११ | डेमेत्रियसको प्रशंसा गर्नु |
| | | | पद १२ | पद १२ |
| अन्तिम अभिवादन | बिदाइको अभिवादन | | अन्तिम अभिवादन | उपसंहार |
| पदहरू १३-१५ | पदहरू १३-१५ | पदहरू १३-१५ | पदहरू १३-१४ | पदहरू १३-१५ |
| | | पदहरू १५ | पदहरू १५क | |
| | | | पदहरू १५ख | |

## अध्ययन चक्र एक (पाना पाँच हेर्नुहोस्)

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

बाइबलको सम्पूर्ण पुस्तकलाई एकै बसाइमा बढ्नुहोस्, र सम्पूर्ण पुस्तकको मुख्य विषयलाई तपाईंको आफ्नै शब्दमा बताउनुहोस्।

१. सम्पूर्ण पुस्तकको विषय

२. साहित्यको प्रकार वा शैली

## अध्ययन चक्र दुई (पाना पाँच हेर्नुहोस्)

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

बाइबलको सम्पूर्ण पुस्तकलाई एकै बसाइमा बढ्नुहोस् मुख्य विषयको रुपरेखा बनाउनुहोस् र त्यस विषयलाई एकै वाक्यमा प्रकट गर्नुहोस्।

१. पहिलो साहित्यिक इकाईको विषय

२. दोस्रो साहित्यिक इकाईको विषय

३. तेस्रो साहित्यिक इकाईको विषय

४. चौथो साहित्यिक इकाईको विषय

५. इत्यादि

## अध्ययन चक्र तीन (पाना पाँच हेर्नुहोस्)

अनुच्छेदको तहमा सुरुका लेखकको चाहनालाई पछ्याउनु

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ। हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ। तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन्। तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन।

यो अध्यायलाई एकै बसाइमा पढ्नुहोस्। यी विषयहरूको पहिचान गर्नुहोस्। तपाईंको विषयको विभाजनलाई पाँचवटा आधुनिक विभाजनहरूमा तुलना गर्नुहोस्। अनुच्छेद प्रेरित भएका होइनन्, तर यसमा सुरुका लेखकको भावनालाई पछ्याउने कुरा मुख्य हुन्छ, जुनचाहिँ व्याख्याको हृदय हुन्छ। हरेक अनुच्छेदको एक र एकमात्र विषय हुन्छ।

१. पहिलो अनुच्छेद

२. दोस्रो अनुच्छेद

३. तेस्रो अनुच्छेद

४. इत्यादि

# तेस्रो यूहन्नाको पाठगत अन्तर्दृष्टि

## परिचय

क. यो सानो पत्रको शिर्षक तेस्रो यूहन्ना भनेर राखिएको छ, किनकि यो दोस्रो यूहन्नाभन्दा अलि सानो छ। वास्तवमा मैले दोस्रो र तेस्रो यूहन्नालाई स्थानीय मण्डलीको सन्देशको स्वरुपमा विचार गर्छु, सायद रोमी सामाज्यको कुनै स्थान एसिया माइनरमा पहिलो शताब्दीको अन्तमा हुन सक्छ।

ख. दोस्रो यूहन्नाले झुटा शिक्षा र प्रचारकहरूको घुम्ने समस्यालाई बताएका छन्, जबकि तेस्रो यूहन्नाले ख्रीष्टियन प्रचारकहरूको घुम्ने बानीमा चेतावनी दिएर सहायता गर्न मद्दत गर्दछन्।

ग. त्यहाँ तेस्रो यूहन्नामा विशेषगरेर तीन फरक खालका मानिसहरू छन्:
   १. गायस (मण्डलीले प्राप्त गरेको एकजना ईश्वरीय मानिस)
      क. त्यहाँ बाइबलका अन्य खण्डहरूमा तीन किसिमका गायसहरू बताइएको छ: मेकेडोनियाको गायस, प्रेरित १९:२९; डर्बेका गायस,प्रेरित २०:४; कोरिन्थीका गायस, रोमी १६:२३; १ कोरिन्थी १:१४।
      ख. यस लेखलाई "प्रेरितिय विधान"को रूपमा चिनिएको छ र गायसलाई पर्गाममको विषपको सूचीमा राखिएको छ, जसलाई प्रेरित यूहन्नाले नियुक्त गरे।
   २. डियोत्रिफस (प्राप्त कर्ताको मण्डलीमा समस्या बनाउने एकजना ईश्वरहीन व्यक्ति)
      क. यस व्यक्तिको बारेमा नयाँ करारमा यहाँ मात्र बताइएको छ। उसको नाउँ धेरै कम बताइएको नाउँ हो, जसको अर्थ "जियसलाई सेवा पुऱ्याउने" भन्ने हुन्छ। त्यस मानिसको नाउँ जियस राखेकोमा यति धेरै बिडम्बना हुन्छ, कि उनी यात्राकर्ताहरूको विरुद्धमा थिए, जब "जियस" "फिरन्तेका संरक्षक" थिए।
      ख. उनको आचरणलाई पदहरू ९-१० मा देखाइएको छ।
   ३. डेमेत्रियस (यस स्थानीय मण्डलीमा यूहन्नाका पत्र बाहेक)
      क. अन्ततः उनी यात्रा गर्ने मिसनरी थिए, र एफिससमा यूहन्नाको पत्र लिएर जाने व्यक्ति थिए।
      ख. त्यो परम्परालाई "प्रेरितिय विधान" भनियो, डेमेत्रियसलाई फिलाडेल्फियाको बिषममा राखिएको छ, जसलाई प्रेरित यूहन्नाले नियुक्त का थिए।

घ. सुरुको मण्डलीले कसरी घुमन्ते प्रचारकहरू, शिक्षकहरू, सुसमाचार सुनाउने व्यक्तिहरूलाई मुल्याङ्कन गर्ने र सहायता गर्ने भन्ने बारेमा संघर्ष गरेको थियो। एउटा सुरुको दोस्रो शताब्दीमा आएको कालक्रममा नभएको एउटा ख्रीष्टियन लेखलाई डिडाके वा १२ जना प्रेरितहरूको शिक्षा भनियो, जसले यी तलका मार्गनिर्देशनहरूलाई दिएका छन्:

अध्याय ११ - शिक्षकहरू, प्रेरितहरू, र अगमवक्ताको सम्बन्धमा

> "त्यसकारण, जोसुकै आएर सिएका तापनि तपाईंले र उहाँले यी सबै चिजहरू प्राप्त गर्नुभन्दा अगाडि
> भनिएको थियो, तर यदि शिक्षक आफै फर्किए र अर्कै सिद्धान्त सिकाए भने, यसको विनाश हुनेछ,

मानिसहरूले यसलाई सुन्नेछैनन्, तर उनले धार्मिकतापन र परमप्रभुको ज्ञानलाई बढाउने कुरा सिकाए भने, उहाँलाई परमप्रभुको रूपमा स्वीकार गर्नेछन् । तर प्रेरितहरू र अगमवक्ताहरूको सम्बन्धमा, सुसमाचारको तहअनुसार यसरी गरिन्छः तपाईंको आउने हरेक प्रेरितलाई परमप्रभुको रूपमा स्वीकार गरिन्छ । तर उनी एक दिनभन्दा बढी रहनु हुँदैन; तर यदि त्यहाँ खाँचो हुन्छ भने, अझ अर्को पनि तर यदि उनी त्यहाँ तीन दिनसम्म बसे भने, उनी झुटा अगमवक्ता हुन्छन् । र जब चेला त्यहाँबाट जान्छन् भने, उनलाई अरु चिज नभएर रोटीमात्र लानलाई दिनुहोस्, जबसम्म उनले लुगाहरू मिला-एका हुँदैनन्; तर यदि उनले पैसा मागे भने, उनी झुटो अगमवक्ता हुन्छन् (पाना ३८०) ।

अध्याय १२ - ख्रीष्टियनहरूलाई स्वीकार गर्नु

"तर जोसुकैले आत्मामा भने तापनि, मलाई पैसा देऊ वा केही चिज देऊ, तरैपनि तिमीले उन लाई सुन्नुपर्छ; तर यदि उनले खाँचोमा परेको अरूको लागि केही चिज दिनलाई भनेका छन् भने, उनलाई कसैले पनि न्याय गर्नु हुँदैन । तर हरेक जना जो परमप्रभुको नाउँमा आउँछन्, तिनीहरू लाई स्वीकार गर्नुपर्छ, र त्यसपछि तिमीले उनलाई प्रमाणित गरेर जान्नुपर्छ; किनकि तिमीमा समझ-दारीको अधिकार हुन्छ । यदि ऊ बटुवाको रूपमा आउँछ भने, तिमीले सकेजतिको टाढामा उसलाई पुऱ्याइदेऊ; तर ऊ तिमीसँग दुई वा तीन दिनभन्दा बढी बसिरहनु हुँदैन, यदि खाँचो परेमा मात्र । तर यदि उसले तिमीसँगै रहने चाहना गर्दछ भने, तिमी कलाकार भएर, उनलाई काम गर्न र खान लाई देऊ; तर यदि उसको कुनै व्यवसाय छैन भने, तिम्रो समझदारीअनुसार त्यसलाई यसमा हेरिदेऊ, ऊ ख्रीष्टियन भएर तिमीसँग केही पनि काम नगरी बस्न मिल्दैन । तर यदि उसले केही पनि काम नगर्ने चाहना राख्छ भने, ऊ ख्रीष्टको भिखारी हो । होसियार भएर यस्ताहरूदेखि टाढै बस् (पाना ३८१) ।

## शब्द र वाक्यांशको अध्ययन

**नासाब (अत्याधुनिक बनाइएको) पाठः पद १**

[1]"एल्डरबाट मेरा प्रिय मित्र गायसलाई, जसलाई म साँचो प्रेम गर्दछु" ।

पद १ "एल्डर" एल्डर भन्ने परिवेश "पाष्टर" वा "विषप" सँगैको समानतामा हुन्छ (जस्तैः तीतस १:५,७; प्रेरित २०:१७,२८) । २ यूहन्नाको पद १ को पूर्ण टिपोटलाई हेर्नुहोस् ।

- "मेरा प्रिय मित्र" यो यूहन्नाको पत्रको विशेषता हो (जस्तैः १ यूहन्ना २:७; ३:२,२१; ४:१,७,११; ३ यूहन्ना १,२,५,११), तर यो सुसमाचार वा प्रकाश मा विश्वासीहरूको शिर्षकको निम्ति पाइदैन ।

- "गायस" त्यस स्थानीय मण्डलीको पाष्टर गायस वा डियोत्रिफस थिए भन्ने बारेमा त्यहाँ धेरै छलफलहरू भएका छन् । यसमा यो सानो जानकारीको परिणाबाट कुनै शैद्धान्तिक भनाइ प्रस्तुत गर्नु अति नै कठिन पर्दछ, जुनचाहिँ हामीले प्राप्त गर्छौं । पद ९ मा जहाँको कारणले गर्दा "मण्डली" र "तिनीहरू" भनेर बताइएका छन् । यो कुरा पनि संभव छ, कि डियोत्रिफ एउटा घरेलु मण्डलीका अगुवा थिए, र गायसचाहिँ अर्को घरेलु मण्डलीका अगुवा थिए, जुनचाहिँ धेरै नजिकमा थियो, तर यो एकदमै शुद्ध अनुमान हो ।

- "जसलाई म साँचो प्रेम गर्दछु" कतिचोटी यूहन्नाका पत्रहरूमा "प्रेम र सत्यता" सँगसँगै आएका छन् (२ यूहन्ना पदहरू १-४; ३ यूहन्ना पदहरू १,३,४,८,१२) । यो सत्यताले निम्न कुरालाई बताउन सक्छः

१. पवित्र आत्मा (जस्तैः यूहन्ना १४:१७)
२. पुत्र येशू प्रभु (जस्तैः यूहन्ना ८:३२; १४:६)
३. सुसमाचारको विषयवस्तु (जस्तैः १ यूहन्ना २:२; ३:२३)

**नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू २-४**

प्रिय मित्र म प्रार्थना गर्दछु, कि सबै कुरामा तिम्रो भलो होस्, र तिम्रो स्वास्थ्य ठीक रहोस्, तिम्रो आत्मिक जीवन ठीक छ भन्ने म जान्दछु । कति जना भाइहरू आएर तिम्रो जीवनका सत्यताको गवाही दिँदा म साह्रै आनन्दित भए, तिम्रो साँच्चै नै सत्यताको अनुसरण गर्दछौं । मेरा छोरा छोरीहरू सत्यको अनुसरण गर्छन् भन्ने कुरा सुन्न पाउनुभन्दा बरु बढी आनन्दको कुरा मेरो लागि के हुन सक्छ र ?

पद २ "म प्रार्थना गर्दछु" यसले सुरुवातको ग्रीक अक्षरको किसिमलाई पछ्याउँछ । यो प्राप्त कर्ताको उन्नती र स्वास्थ्यको निम्ति प्रार्थना वा कामना हो । यो एउटा प्रियहरूलाई अभिवादन गर्ने तरिका थियो । यसलाई "स्वास्थ्यको वा सुसमाचारको सम्पत्ति" को प्रमाणित पाठको रुपमा प्रयोग गर्न सकिदैनथ्यो, यसैले यो आधुनिक अमेरिकामा प्रचलित भयो । गोर्डन फि (एकजना पवित्र आत्मालाई जोड दिने विद्वान) को स्वास्थ्यको रोग र सुसमाचारको सम्पत्ति भन्ने पुस्तकलाई हेर्नुहोस् । ~~चंगाइको निम्ति मेरा विचारहरू भन्नेमा~~, याकूब ५ का मेरा टिपोटहरू www.freebiblecommentary.org. मा हेर्नुहोस् ।

- "कि सबै कुरामा तिम्रो भलो होस्, र तिम्रो स्वास्थ्य ठीक रहोस्" यो पहिलो शताब्दीको ग्रीक-रोमन संसारमा हुने एक किसिमको सुरुको प्रार्थना हो । यो प्रचारकहरूको लागि कहिल्यै पनि "स्वाथ्य, सम्पत्ति र उन्नती"को निम्ति प्रमाणित पाठ भन्ने हुँदैनथ्यो । बाइबलको पाठलाई परिवेशबाट हटाउँदा कुनै पनि चिजलाई देखाउन प्रयोग गर्न सकिन्छ । यस पाठको अर्थ आज भन्ने हुँदैन, र यसले कहिल्यै पनि यसको आफ्नै समयमा भन्ने अर्थ पनि दिएन । केवल उत्प्रेरणा पाएका व्यक्ति सुरुका लेखक हुन् । हामीले उनको विचारलाई पछ्याउनुपर्छ, र हाम्रोलाई मात्र निकाल्ने होइन ।

- "आत्मा" यो "पुश्चे" वा आत्मा भन्ने परिवेश करिव-करिब "न्यूमा" कै समानान्तरमा हुन्छ । तिनीहरू व्यक्तिपना वा आफ्नोपनाको आवश्यकीय कुरालाई बताउन प्रयोग गरिन्छन् । यसले मानिसको अलग्गिएको भाग (शरीर, आत्मा, प्राण) लाई बताउँदैन । मानिसहरू एकतामा छन् (उत्पत्ति २:७) । हामी प्राणमा छौं, तर हामीमा प्राणचाहिँ छैन ।

पद ३ "म साह्रै आनन्दित भए" (२ यूहन्ना पद ४; फिलिप्पी ४:१०)

- "आएर तिम्रो जीवनका सत्यताको गवाही दिँदा" यी दुवै नै वर्तमान् कृदन्तहरू हुन्, जसले निम्ति कुरालाई लागु गर्दछन्:
  १. त्यस मण्डलीका सदस्यहरू नियमित रूपमा एफिसीमा यात्रा गरे र यूहन्नालाई प्रतिवेदन दिए
  २. ती फर्केका मिसनरीहरूले गायसलाई दिने बारेमा प्रतिवेदन दिए

सम्भवत् यूहन्ना बूढो मानिस भएर सजिलै यात्रा गर्न सक्दैनथे, तर उनले मण्डलीको अवस्थालाई सुन्न र मण्डली वृद्धिलाई हेर्न रुँचाउथे ।

- "तिम्रो साँच्चै नै सत्यताको अनुसरण गर्दछौं" यो वाक्यांश ईश्वरशास्त्रीय रुपमा "ज्योतिमा हिँड्नु" भन्नेसँग समान् रुपमा हुन्छ (जस्तैः १ यूहन्ना १:७) । सामान्यतया ख्रीष्टियन विश्वास एउटा लिखित कुरा, एउटा संस्कार, भर्ना हुने संकाय पनि होइन, तर येशू ख्रीष्टसँगको सम्बन्धमा जीउने जीवन हो । सुरुको मण्डलीलाई पहिला "त्यो बाटो" भनेर भनियो (जस्तैः प्रेरित ९:२, १९:९,२३; २४:२२) । सत्यता बौद्धिकताको विषयमात्र हुने होइन, तर यो सम्बन्ध पनि हो (पहिला येशू ख्रीष्टसँग त्यसको परिणाममा एकले अर्कालाई गर्ने प्रेम हो) । यूहन्ना ६:५५ र १७:३ मा विशेष शिर्षकलाई हेर्नुहोस् ।

पद ४ "मेरा छोराछोरीहरू" यो यूहन्नाको पत्रमा हुने सामान्य नाउँ हो (१ यूहन्ना २:१२-१३,१८,२८; ३:७,१८; ४:४; ५:२१) । यहाँ दिइएको जोड यो हो, कि १) यूहन्नाको प्रेरितिय अधिकार वा २) यूहन्नाको दयाको परिवेशमा पश्चिमी टर्कीका रोमी साम्राज्यका ख्रीष्टियनहरू र मण्डलीहरू छन्, जहाँ उनले उनको सेवकाइको अन्तिम दिनहरू बिताए ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू ५-८**

"प्रिय हो, तिमीले विश्वासयोग्य काम गर्दछौं, अब तिमीले दाज्यू भाइको विशेष गरी परदेशीहरूको सेवा गर्दछौं । तिनीहरूले मण्डलीको सामुन्ने तिम्रो प्रेमको गवाही दिएका छन् । परमेश्वरको दृष्टिमा मनपर्दो गरी तिनीहरूका यात्रामा जाने प्रवन्ध मिलाइदियौं भने, तिमीले असल गर्दछौं । किनभने अविश्वासीहरूबाट केही नलिई तिनीहरू उहाँका नाउँको खातिर यात्रामा निस्केका हुन् । यसकारण, यस्ता मानिसहरूलाई सेवा सत्कार गर्नुपर्छ, ताकि हामीहरू सत्यतामा सहकर्मी बन्न सकौं ।" .

पद ५ "तिमीले विश्वासयोग्य काम गर्दछौ" यी गायसका कार्यहरू पदहरू ९-१० मा दिइएका डियोत्रिफसका कार्यहरू भन्दा ठ्याक्कै उल्टा छन् । विश्वास गर्नु, भरोसा गर्नु, विश्वास र विश्वासयोग्यपनका शब्दहरूलाई यूहन्ना १:७ र १४ मा हेर्नुहोस् ।

- "तिमीले जेसुकै कार्यलाई पूरा गरे तापनि" यो सापेक्षिक सर्वनाम इएन र एओरिष्ट बीचको विषयगतसँग हुन्छ, जसले पूरा हुने प्रत्याशाको अवस्थालाई पूरा गर्दछ । गायसले यात्रा गर्ने मिसनरीहरूलाई हरेक अवसर र हरेक प्रकारले सहायता गरेका थिए ।

- "विशेष गरी परदेशीहरूको सेवा गर्दछौं" मण्डलीले यी घुमन्ते मिसनरीहरूलाई स्वागत गरेर सहायता गरेको हुनुपर्दथ्यो, तर स्थानीय अवस्थाको कारणले गर्दा गायसले यी दाज्यू-भाइहरूलाई सहायता गरेको थिए, जसको निम्ति उनले जान्ने, सेवा गर्ने र येशू ख्रीष्टलाई प्रेम गर्ने बाहेकको अन्य कुनै कुरा पनि थाहा थिएन ।

पद ६ "तिनीहरूले मण्डलीको सामुन्ने तिम्रो प्रेमको गवाही दिएका छन्" एफिसीमा भएको सुरुको मण्डलीमा स्पष्टरुपमा तिनीहरूको सामूहिक आराधनाको समयमा प्रतिवेदन दिने गरिन्थ्यो ।

## विशेष शिर्षकः मण्डली (एक्लेसिया)

यो एक्लेसिया भन्ने ग्रीक परिवेशमा "बाहिरपट्टी" र "बोलाइएको" भन्ने दुईवटा ग्रीक शब्दहरू मिलेर बनेका छन्, त्यसकारण यो परिवेशले अलौकिक रुपमा बोलाइएका मानिसहरूचाहिँ भनेर लागु गर्दछ । सुरुको मण्डलीले यो शब्दलाई सांसारिक प्रयोगबाट लियो (जस्तैः प्रेरित १९:३२,३९, ४१), र यो परिवेशको सेप्टाजुआन्टको प्रयोगले गर्दा इस्राएलको "मण्डली समुदाय" लाई देखायो (काहाल, बिडिबि ८७४, जस्तैः गन्ती १६:३; २०:४) तिनीहरूले यसलाई पुरानो करारका परमेश्वरका मानिसहरूको तिरन्तरताको रुपमा तिनीहरू आफैलाई प्रयोग गरे । तिनीहरू नयाँ इस्राएल थिए (जस्तैः रोमी २:२८-२९; गलाती ६:१६; १ पत्रुस २:५,९; प्रकाश १:६), र परमेश्वरको संसारभरिको मिसनलाई पूरा गरे (जस्तैः उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५-६; मत्ती २८:१८-२०; लूका २४:४७; प्रेरित १:८) ।

यो परिवेशलाई सुसमाचार र प्रेरितमा विविध भावहरूमा प्रयोग गरिएको छः

१. सांसारिक सहरमा हुने भेटघाट, प्रेरित १९:३२,३९,४१
२. येशू ख्रीष्टमा भएका परमेश्वरका विश्वव्यापी मानिसहरू, मत्ती १६:१८ र एफिसी
३. येशू ख्रीष्टमा भएका स्थानीय विश्वासीहरूको समुदाय, मत्ती १८:१७; प्रेरित ५:११ (यी पदहरूमा यरुशलेमको मण्डली भन्ने)
४. इस्राएलका मानिसहरूको समुदाय, प्रेरित ७:३८, स्टिफनको वचनमा
५. सारा क्षेत्रमा रहेका परमेश्वरका मानिसहरू, प्रेरित ८:३ (यहूदा वा प्यालेस्टाइन)

- “तिमीले असल गर्दछौ” यो ग्रीक भनाइ मिश्रीबासिहरूको कागजको मुठ्ठामा पाइएको छ (मोल्टन र मिलिगानको ग्रीक बाइबलको शब्दकोषमा हेर्नु होस्) र “कृपया”को निम्ति प्रेरित १०:३३ हेर्नुहोस् ।

- “उहाँका नाउँको खातिर यात्रामा निस्केका हुन्” यो यात्रा गर्ने मिसनरीको निम्ति सुसज्जित पार्नु, प्रार्थना गर्नु, खाँचोहरूहरूलाई पूरा गर्नु भन्ने प्राविधिक भनाइ हो (जस्तैः प्रेरित १५:३; रोमी १५:२४; १ कोरिन्थी १६:६; २ कोरिन्थी १:१६; तीतस ३:१३) ।

- “परमेश्वरको दृष्टिमा मनपर्दो गरी” यसको अर्थ मुल्यवान, प्रेमिलो, र प्रशस्त तरिकाले भन्ने हुन्छ (जस्तैः कलस्सी १:१०; १ थेसलोनिकी २:१२) । विश्वासीहरूले सुसमाचारका कारिन्दाहरूलाई यस्तो प्रकारले व्यवहार गर्नुपर्छ, कि तिनीहरूले कसलाई सेवा गर्छन् भन्ने कुरामा निश्चित बन्न सकून (जस्तैः एफिसी ४:१) ।

पद ७

नासाब आइबि “तिनीहरू बाहिर गए”
एनकेजेभि “तिनीहरू अगाडि गए”
एनआरएसभि “तिनीहरूले तिनीहरूको यात्रालाई सुरु गरे”
भिइभि, एनजेबि “तिनीहरू बाहिरतिर निस्किए”

यो त्यही सामान्य क्रियापद उही तरिकाले प्रयाग गरियोः

१. यूहन्ना १:१९ मा दिइएको झुटा शिक्षकहरूले मण्डलीलाई परित्याग गरेका
२. १ यूहन्ना ४:१ मा दिइएको झुटा अगमवक्ताहरू बाहिर संसारमा गएका
३. २ यूहन्नाको पद ७ मा दिइएको धेरै ठग्ने व्यक्तिहरू बाहिरी संसारमा गएका
४. ३ यूहन्ना पद ७ मा दिइएको सत्य प्रेरितिय गवाहीहरू बाहिरी संसारमा गएका

- 

नासाब “नाउँको खातिर
एनकेजेभि “उनको नाउँको खातिर”
एनआरएसभि “ख्रीष्टको खातिर”
टिइभि “ख्रीष्टको सेवाको खातिर”
एनजेबि “सम्पूर्ण रुपले नाउँको खातिर”

यो येशू ख्रीष्टको कार्य र व्यक्तित्वको निम्ति “यो नाउँ” भन्ने नमुना आएको छ । जसै विश्वासीहरूले उहाँको नाउँमा विश्वास गर्छन् (जस्तैः यूहन्ना १:१२; ३:१८; रोमी १०:९; १ कोरिन्थी १२:३; फिलिप्पी २:९-११), तिनीहरूलाई उहाँको नाउँमा क्षमा दिइएको छ (१ यूहन्ना २:१३), तिनीहरूले पनि उहाँको नाउँमा कार्य गर्दछन् (जस्तैः मत्ती १०:२३; २४:९; मर्कूस १३:१३; लूका २१:१२,१७; यूहन्ना १५:२१;२०:३१; प्रेरित ४:१७; ५:४१; ९:१४; रोमी १:५; १ पत्रुस ४:१४,१६; प्रकाश २:३) ।

- 

नासाब “अन्यजातिहरूबाट केही चिजको पनि स्वीकार नगर्नु”
एनकेजेभि “अन्यजातिहरूबाट केही चिज पनि नलिनु”
एनआरएसभि “अविश्वासीहरूबाट कुनै पनि सहायता स्वीकार नगर्नु”
टिइभि “अविश्वासीहरूबाट कुनै पनि सहायता स्वीकार नगरिकनै”
एनजेबि “कुनै पनि चिजको लागि अविश्वासीहरूसँग भर नपरिकनै”

यो वाक्यांशले उहाँको व्यवस्थाको निम्ति परमेश्वरमा भर परेर यी गवाहीहरूलाई बताउँदछन्, मत्ती १०:५-१५ मा दिइएका येशूका वचनहरूजस्तै र लूका १०:४-७ मा दिइएको ७० जना ।

यो “अन्यजाति”हरूको निम्ति र मूर्तिपूजकहरू वा अविश्वासीहरूको निम्ति प्रयोग गरिएको (जस्तैः मत्ती ५:४७; १ पत्रुस २:१२; ४:३) विश्वासीहरूले सुसमाचारको कार्यको लागि सहायता पुऱ्याउनुपर्छ ! उनको हृदयलाई प्रकट गर्न कसले सहायता गर्छ ।

यूहन्नाको समयमा धेरै यात्रा गर्ने शिक्षकहरूले पैसा र प्रतिष्ठाको लागि सिकाए । परमेश्वरका शिक्षकहरू, प्रचारकहरू, सुसमाचार प्रचार गर्नेहरूलाई तिनीहरूका आफ्नै भनाइहरूलाई सहायता पुऱ्याइएका थिएनन्, तर तिनीहरूको प्रभुको निम्ति जसको मिसनमा तिनीहरू बलिदानपूर्वक संलग्न भएका थिए।

पद ८ “हामीले गर्नुपर्छ” यो नैतिक चेतावनीको लागि प्राय दोहोरिएको छ (जस्तैः यूहन्ना १३:१४; १९:७; १ यूहन्ना २:६; ३:१६; ४:११) । ओफेले भन्ने परिवेशको शाब्दिक अर्थ आर्थिक ऋणमा पर्नु भन्ने हुन्छ, तर यो साङ्केतिक रूपमा वाध्यात्मक प्रयोगमा आएको छ वा कसैको ऋणमा पर्नु भन्ने हुन्छ ।

- “यस्ता मानिसहरूलाई सेवा सत्कार गर्नुपर्छ” सुरुको मण्डलीले गर्ने अतिथि सत्कारको कार्य एकदमै महत्वको थियो, किनकि धेरैजसो स्थानीय होटलहरूको नैतिक अवस्थामा धेरै नै ह्रास आएको थियो (जस्तैः मत्ती २५:३५; रोमी १२:१३; १ तिमोथी ३:२; ५:१०; तीतस १:८; हिब्रू १३:२; १ पत्रुस ४:९) । .

- “ताकि हामीहरू सत्यतामा सहकर्मी बन्न सकौं” विश्वासी भएर मिसननीहरूलाई सहायता गर्नु र तिनीहरू विश्वास र सत्यताको कार्यमा संलग्न हुन्छन् । यो नै सुसमाचारको सिद्धान्त हो ! नयाँ करारमा ख्रीष्टियनहरूले दिने बारेका मार्गनिर्देशन २ कोरिन्थी ८-९ अध्यायहरूमा पाइन्छन् ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू ९-१०

“मैले मण्डलीलाई केही कुरा लेखेको थिए, तर तिमीहरूमा ठूलो हुन खोज्ने डियोत्रिफसले मेरो अधिकार स्वीकार गर्दैन । यसकारण जब म आउँछु, त्यसले गरिरहेका कामहरूको कुरा उठाउनेछु । हाम्रा विरुद्धमा त्यसले खराब वचनहरू बकिहिँड्छ । त्यतिमा संतुष्ट नभएर त्यसले भाइहरूलाई स्वागत गर्न इन्कार गर्दछ, र तिनीहरूलाई स्वागत गर्न पाउनेहरूलाई पनि रोक्छ, र तिनीहरूलाई मण्डलीबाट बाहिर निकालिदिन्छ ।”

पद ९ "मैले मण्डलीलाई केही कुरा लेखेको थिए" यसले १ र २ यूहन्नालाई बताउन सक्छ वा हराएको पत्रलाई पनि हुन सक्छ, र यसको सबै सम्भावनामा यसले २ यूहन्नालाई बताउँदछ । पद ६ मा मण्डली (एक्लेसिया) को विशेष शिर्षकको निम्ति हेर्नुहोस् ।

- "तर तिमीहरूमा ठूलो हुन खोज्ने डियोत्रिफस" यो वर्तमान् सकृय कृदन्त हो । यो प्रेम (फिलियो), र "पहिलो स्थान ओगट्नु" (प्रत्येऊ) भन्नेको संयुक्त परिवेश हो । यो नयाँ करारमा यहाँमात्र प्रयोग गरिएको छ, तर दोस्रो परिवेश खीष्टको सुरुको तहमा कलस्सी १:१८ मा प्रयोग गरिएको छ । यो मानिस पहिला नै लेखिएको "शक्ति तोड्ने" वा "मण्डलीको मालिक" हो । यदि उनी पाष्टर वा मुल्यवान सहयोगी मात्र थिए भनेर पनि हामीलाई थाहा छैन । तरैपनि, यसले उनको आचरणको बारेमा देखाउँदछ । यस खालको व्यक्तिको अहमता हरेक युगको मण्डलीमा आएको छ ! चाहे उनी ज्ञानबादमा थिए कि भनेर पनि अनिश्चित र नबताइएको हुन्छ, तर सम्भावना पनि छ ।

याकूब डनको नयाँ करारमा विविधतामा एकता भन्ने पुस्तकको पाना ३९२ मा "सुरुको क्याथोलिकवाद" मा डियोत्रिफसको एउटा नमुनालाई हेर्नुहोस्।

"निश्चितरूपमा यूहन्नाको व्यक्तिवादियता बुझ्नको लागि अति नै विश्वासलाग्ने हुन्छ, जसै साम्प्रदायिक विचारमा पास्टरको प्रमाणको विरुद्धको किसिममा विरोध गरिन्छ (माथिका पानाहरू २२९-२३०, जस्तैः पुन हिब्रू र प्रकाशमा - §§३१:२,३) । यसैप्रकारले यूहन्नाका लेखहरूमा पनि देखिन्छ, यदि कुनैचिज प्रभुभोज र बप्तिस्माको संस्कारलाई विरोध गर्दाखेरि जुनचाहिँ अगाडि नै सुरुको क्याथोलिक मण्डलीमा इग्नासियसले स्थापना गरेका थिए ("अनैतिकताको त्यो ओखती" - एफिसी २०:२) (माथिको §४१ लाई हेर्नहोस्) । डियोत्रिपसले सबैजसो मण्डलीका "एल्डर" हरूलाई आक्रमण गरेर धेरै जिज्ञासा गरेका कुरा ३ यूहन्नाको पदहरू ९-१० मा पाइन्छ । डियोत्रिफसले यस मण्डलीलाई पूर्ण नियन्त्रणमा राखेका थिए, कमसेकम उनले खीष्टियन यात्रीहरूलाई स्वागन गर्नलाई इन्कार गरेका मात्र थिएनन्, तर उनले उनी भन्दा माथि आउनेलाई 'मण्डलीबाट नै निकालिदिएका' थिए । अर्को शब्दमा भन्दाखेरि डियोत्रिफसले राजाबादी विषपको अधिकारलाई चलाएका थिए (जस्तैः इग्नासियस, एफिसी ६:१; ट्राल ७:२; स्मर्ना, ८:१-१), र यो मण्डलीको स्थायित्व र शक्तिको निम्ति गरिने लोभको विरुद्धमा थियो (फिलोप्रटेऊन), जुन कुरा 'ती एल्डर' ले लेखेका थिए । अर्को शब्दमा भन्दा खेरि ३ यूहन्ना उही परिधिबाट आएको छ, जसै म र २ यूहन्नालाई परम्पराको प्रकारको प्रतिक्रियाको रूपमा वा करारको खीष्टियन विश्वासमा, एउटा सम्प्रदाय विरोधी र व्यक्तिवादीको ईश्वरलाई सुरुको क्याथोलिकवादको बढ्दो प्रभावको विरुद्धमा विद्रोह गरिन्छ" ।

- "मेरो अधिकार स्वीकार गर्दैन" डियोत्रिफसले यूहन्नाको प्रेरितिय अधिकारलाई मात्रै इन्कार गरेका होइनन्, तर उनी आवेगमा आएर प्रेरितिय नीतिलाई पनि इन्कार गरे, र जसले तिनीहरूलाई पछ्याउने गर्थे, तिनीहरूको विरुद्धमा बदला पनि लिए ।

पद १० "यदि" यो तेस्रो तहको शर्तात्मक वाक्य हो, जसको अर्थ सम्भाव्य कार्य भन्ने हुन्छ ।

- "त्यसले गरिरहेका कामहरूको कुरा उठाउनेछ" यूहन्नाले यस मानिसको आचरण (पद ९) र कार्यहरू (पद १०) लाई स्पष्टरुपमा वर्णन गरेर देखाउने चाहना गर्छन्:

१. नासाब - "ती दुष्ट वचनहरूले हामीलाई अन्यायपूर्ण तरिकाले दोष लगाएका"
एनकेजेभि - "ती दुर्भावनाका शब्दहरूले हाम्रो विरुद्धमा ज्यादै कुरा गरेका"
एनआरएसभि - "हाम्रो विरुद्धमा झुटा अभियोगहरू फैलाउनु"
टिइभि - "उनले हाम्रो बारेमा भयानक कुराहरू बताउँछन्, र उनले भनेका कुराहरू झुटा हुन्छन्"
एनजेबि - "उनले हाम्रो विरुद्धमा झुटो आरोप फिँजाइरहेका हुन्छन्"
२. "उनी आफैले उनका भाइहरूलाई स्वीकार गर्दैनन्"
३. "यसो गर्न चाहना गर्नेहरूलाई उनले इन्कार गर्छन्"
४. उनले तिनीहरूलाई मण्डलीबाट बाहिर निकाल्छन्"

यी मानिसले ध्यान दिने चाहना गर्छन्, र कुनै व्यक्तिसँग पनि ध्यान तान्ने गर्छन् । उनले उनीसँग असहमत हुने जो सुकैलाई पनि मण्डलीबाट हटाउँछन् वा उनीसँग असहमत हुन सक्छन् ।

- "तिनीहरूलाई मण्डलीबाट बाहिर निकालिदिन्छ" यो उही बलियो क्रिया (एक्बाले) लाई यूहन्ना ९:३४-३५ मा अन्धो मानिसको निम्ति प्रयोग गरिन्छ, जसलाई येशूले निको पारेर सभाघरबाट निकालिदिनुभयो । यसलाई शैतानसँग पनि प्रयोग गरिन्छ, जसलाई यूहन्ना १२:२७ मा बाहिर निकालिएको थियो ।

## नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू ११-१२

"प्रिय हो, खराबीको अनुकरण नगर, तर भलाईको अनुकरण गर । जसले भलो गर्दछ, त्यो परमेश्वरको हो, जसले खराबी गर्दछ, त्यसले परमेश्वरलाई देखेको छैन । डेमेत्रियसको निम्ति त सबै मानिसले गवाही दिएका छन्, र सत्यले पनि सो गवाही दिन्छ । हामी पनि गवाही दिन्छौं, र तिमी जान्दछौं, कि हाम्रो गवाही सत्य छ ।"

पद ११ "खराबीको अनुकरण नगर" यो वर्तमान् बीचको सूचक हो, जसले धेरैचोटी प्रक्रियामा भएको कार्यलाई रोक्ने कुरालाई लागु गर्दछ । हामीले अंग्रेजी परिवेश "मीमिक" भन्नेलाई पाएको छौं, जुनचाहिँ ग्रीक शब्द "मिमोमाइ" भन्नेबाट आएको छ । हामीले होसियारीपूर्वक हाम्रो भूमिकाको नमुनालाई छान्नु पर्छ । तिनीहरू मण्डलीमा परिपक्व खीष्टियन व्यक्तिहरू हुनुपर्छ (जस्तै २ थेसलोनिकी ३:७,९; हिब्रू ६:१२; १३:७) । डेमेत्रियस एउटा असल नमुना हुन्, भने डियोत्रिफस एउटा खराब नमुना हुन् ।

- "जसले भलो गर्दछ, त्यो परमेश्वरको हो" यूहन्नाको पत्रहरूमा तीनवटा जाँचहरू छन्, जसद्वारा जो कोहीले पनि तिनीहरू खीष्टियनहरू हुन् भन्ने कुरा जान्छन् । यसले आज्ञाकारीताको जाँचलाई बताउँदछ (जस्तैः १ यूहन्ना २:३-६,२८-२९; ३:४-१०; ५:१८; २ यूहन्ना पद ६) । त्यहाँ अन्य दुईवटा जाँचहरूमा पनि संकेतहरू छन्: १) सिद्धान्त (पदहरू ३-४), र २) प्रेम (पदहरू १-२,६) ।

- "जसले खराबी गर्दछ, त्यसले परमेश्वरलाई देखेको छैन" झुटा शिक्षकहरूले परमेश्वरलाई नजिकबाट चिनेको दावी गरे, तर ईश्वरविहिन र प्रेम विहिनको जीवन जिएँ । यसले नोमियनबिरोधी लिबरटाइन भनिने ज्ञानवादका झुटा शिक्षालाई प्रकट गर्दछ, जसले यस्तो कुरामा विश्वास गरे, कि मुक्ति भनेको बौद्धिकताको सत्यतामा निश्चित गरिएको थियो, र दैनिक जीवनको कुनै सम्बन्ध पनि थिएन ।

पद १२ "डेमेत्रियसको निम्ति त सबै मानिसले गवाही दिएका छन्" यो सिद्ध निष्क्रिय सूचक हो । साँच्चिकै यो यूहन्नाले गायसलाई मिसनरी डेमेत्रियसको बारेमा सिफारिस गरेको पत्र हो, जसले ३ यूहन्ना डेमेत्रियसलाई प्रदान गरेको हुनुपर्छ । नयाँ करारमा अन्य सिफारिस गरेका पत्रहरूको लागि प्रेरित १८:२७; रोमी १६:१; १ कोरिन्थी १६:३; २ कोरिन्थी ३:१; ८:१६-२४; कलस्सी ४:१० लाई हेर्नुहोस् ।

- "सत्यले पनि सो गवाही दिन्छ" सत्यता (विशेष शिर्षकको निम्ति यूहन्ना ६:५५ र १७:३ लाई हेर्नुहोस्) लाई डेमेत्रियसको अर्को असल गवाहीको रुपमा व्यक्तिकृत गरिएको छ ।
- "तिमी जान्दछौं, कि हाम्रो गवाही सत्य छ" यूहन्नाले उनको आफ्नै भरोसायोग्य गवाहीलाई खीष्टमा बनाएका छन् (जस्तैः यूहन्ना १९:३५;२१-२४)

**नासाब (अत्याधुनिक बनाइएको) पाठः पदहरू १३-१४**

"मैले धेरै कुराहरू लेख्नुपर्ने थियो, तर मसी र कलमले ती तिमीलाई लेख्न म चाहन्नँ । तर तिमीलाई चाडै भेट्ने आशा गर्दछु, र हामी आमने सामने भेटेर कुरा गरौंला ।"

पद १३ यो २ यूहन्नाको १२ पद जस्तै नै छ ।

**नासाब (अत्याधुनिक बनाइएको) पाठः पद १५**

"तिमीलाई शान्ति मिलोस् । सबै मित्रहरूबाट तिमीलाई अभिवादन । मित्रहरूलाई नाउँ दिएर अभिवादन देऊ ।"

"तिमीलाई शान्ति मिलोस्" पद १५ यो स्पष्टरुपमा हिब्रू भनाइ शालोमको सन्दर्भ हो (जस्तैः लूका १०:५) । यसको अर्थ "के छ" वा "फेरी भेटौंला" भन्ने हुन्छ । यसले समस्या नभएको कुरालाई मात्र प्रकट गर्दैन, तर परमेश्वरको आशिष्को उपस्थितिलाई पनि प्रकट गर्दछ । यी पहिला शब्दहरू नै पुनरुत्थान हुनुभएको येशूले चेलाहरूको निम्ति माथिल्लो कोठामा दिनुभएको थियो (जस्तैः यूहन्ना २०:१९,२१,२६) । पावल (जस्तैः एफिसी ६:२३) र पत्रुस (जस्तैः १ पत्रुस ५:१४) दुवैले यो परमेश्वरका मानिसहरूको निम्ति गरिएको अन्तिम प्रार्थना थियो ।

- "नाउँ दिएर" यो व्यक्तिगत रूपमा र न्यानोपनमा आएको एउटा भनाइ हो । यसलाई धेरैचोटी मिश्रीहरूको कागजको मुद्दामा प्रयोग गरिएको थियो ।

## छलफलक प्रश्नहरू

यो अध्ययनको निर्देशिकाको टिप्पणी हो, जसको अर्थ तपाईंको आफ्नै बाइबलको व्याख्याको निम्ति तपाईं आफै जिम्मेवार हुनुहुन्छ । हामी सबै जना नै हामीमा भएको प्रकाशमा हिँड्नुपर्छ । तपाईं, बाइबल, र पवित्र आत्मा व्याख्या गर्ने कार्यका प्राथमिकतामा पर्दछन् । तपाईंले यसलाई टिप्पणीकर्तामा भर पर्नु हुँदैन ।

यी छलफलका प्रश्नहरू यस खण्डको यस पुस्तकको मुख्य विषयमा सोचविचार गर्नका लागि प्रदान गरिएका छन् । यिनीहरूको अर्थ विचारलाई बढावा दिने हुँन्छन्, र निश्चित चाहिँ हुँदैनन् ।

१. किन गायस र डियोत्रिफस एक-अर्कामा मिलेका थिएनन् भनेर धेरै सिद्धान्तहरू लेखिएका छन् । केही भएका सुझावहरू यहाँ दिइएका छन्:
   क. ईश्वरशास्त्रीय कारणहरू
   ख. सामाजिक कारणहरू
   ग. मण्डली सम्बन्धी कारणहरू
   घ. नैतिक कारणहरू
   यी हरेक सम्भावनाहरूलाई वर्णन गर्नुहोस्, र कसरी तिनीहरू ३ यूहन्नासँग सम्बन्धित हुन सक्छन् ।
२. कसरी दोस्रो र तेस्रो यूहन्ना सम्बन्धित छन् ?
३. १ यूहन्नामा पाइएको खीष्टियन निश्चयताका तीनवटा जाँचहरूको सूची बनाउनुहोस्, जुनचाहिँ दोस्रो र तेस्रो यूहन्नामा दोहोरिएका छन् ।

# परिशिष्ट १

## ग्रीक व्याकरणीय परिवेशहरूमा दिइएका छोटकरी परिभाषाहरू

धेरैचोटी कोइने ग्रीकलाई हेलेनिष्टिक ग्रीक पनि भनियो, र यो अलेक्जेण्डर महान् (३३६-३२३ ई.पू.) ले विजय प्राप्त गरेदेखि नै भूमध्यसागरिय संसारको सामान्य भाषा थियो, र त्यसले करिब ८०० वर्षसम्म निरन्तरता पायो (३०० ई.पू.-ई.सं. ५००) । यो सामान्य र शास्त्रीय ग्रीकमात्र थिएन, तर धेरै प्रकारले ग्रीकको नयाँ स्वरुपमा थियो, जुनचाहिँ प्राचीन पूर्व नजिक र भूमध्यसागरिय संसारको दोस्रो भाषा बन्यो ।

नयाँ करारको ग्रीक केही अर्थमा अनौठो थियो, किनकि लूका बाहेकका यसका प्रयोगकर्ताहरू र हिब्रूका लेखकहरूले सायद तिनीहरूको प्रारम्भिक भाषाको रूपमा आरमाइकलाई प्रयोग गरे । त्यसकारण तिनीहरूका लेखहरूलाई भनाइहरू र आइमाइकको संरचनात्मक स्वरुपहरूले प्रभावित पारे । तिनीहरूले सेप्टुआजुआन्ट (पुरानो करारको ग्रीक अनुवाद) का कुराहरू पढे र त्यहाँबाट लिए, जसलाई कोइने ग्रीकमा पनि लेखिएको थियो । तर सेप्टुआजुआन्टलाई यहूदी विद्वानहरूले पनि लेखेका थिए, जसको मातृ भाषा ग्रीक थिएन ।

यसले यो कुराको पनि संभना दिँलाउदछ, कि हामीले नयाँ करारको कसिलो व्याकरणीय संरचनामा धकेल्न सक्दैनौं । यो अनौठो छ, तरैपनि निम्न कुरा हरूसँग सामान्य हुन्छः १) सेप्टुआजुआन्ट; २) यहूदी लेखहरू, योसेफसको जस्तै ३) मिश्रमा भेट्टाइएको कागजको मुट्ठो । तब कसरी हामीले नयाँ करारको व्याकरणीय संरचनाको नजिकमा पुग्न सक्छौं ?

कोइने ग्रीक र नयाँ करारको कोइने ग्रीकको व्याकरणीय विशेषतामा तरलता छन् । धेरै प्रकारले यसको व्याकरणलाई सामान्यकरण गर्ने समय भएको थियो । परिवेश हाम्रो मुख्य मार्गनिर्देशक हुनेछ । शब्दहरूको अर्थ वृहत परिवेशमा मात्रै हुन्छ, त्यसकारण, व्याकरणीय संरचनालाई निम्न कुराको प्रकाशमा मात्र बुभ्न सकिन्छः १) एकजना निश्चित लेखकको शैली र २) एउटा निश्चित परिवेश ग्रीक स्वरुप र संरचनाको कुनै निश्चित परिभाषाको संभावना छैन ।

सामान्यतया कोइने ग्रीक मौखिक भाषा थियो । धेरैचोटी व्याख्याको मुख्य कुरा मौखिक स्वरुप र प्रकार हो । धेरैजसो मुख्य उपवाक्यहरूमा क्रिया पहिला आउँदछ, र यसको श्रैष्टतालाई देखाइन्छ । ग्रीक क्रियालाई विश्लेषण गर्दाखेरि तीनवटा जानकारीका खण्डहरूलाई याद गर्नुपर्छः १) काल, वाच्य र अवस्था लाई देखाउने आधारभूत जोड (अचानक वा रुपविधान); २) कुनै निश्चित क्रियाको आधारभूत अर्थ ((शब्दकोष बनाउने काम); र ३) परिवेशको वहाव(वाक्य रचना) ।

अ. काल

क. काल वा पक्षमा क्रियाको सम्बन्धपनको संलग्नता हुन्छ र यसमा पूर्ण कार्य वा अपूर्ण कार्य हुन्छ । यसलाई धेरैचोटी “सिद्धता” वा “असिद्धता” भनेर भनिन्छ ।
१. सिद्धताको कालहरूले कुनै भइरहेको कार्यहरूलाई जोड दिँदछ । केही चिज भएको भन्दा बाहेक कुनै पनि अतिरिक्त जानकारी दिँइदैन् । यसको सुरुवात, निरन्तरता वा चरविन्दुलाई पनि बताइदैन ।
२. असिद्धताको कालहरूले निरन्तर भइरहने कार्यलाई जोड दिन्छन् । यसलाई रेखिय कार्य, अवधिको कार्य, र प्रगतिशिल कार्यको परिवेशमा पनि वर्णन गर्न सकिन्छ ।

ख. कसरी लेखकले कार्यको प्रगति भइरहेको छ भने काललाई पनि समूहमा विभाजित गर्न सकिन्छः
१. यसमा आएको = एओरिष्ट
२. यसमा आएको र रहनु भन्ने परिणाम ल्याएको = प्लुसिद्ध
३. यो विगतमा भएको र रहनु भन्ने परिणाम ल्याएको, तर अहिले होइन = असिद्ध
४. यो भइरहेको छ = वर्तमान
५. यो भइरहेको थियो = असिद्ध
६. यो हुनेछ = भविष्य
कसरी यी कालहरूले व्याख्या गर्नलाई सहायता गर्छन् भन्नुको एउटा ठोस नमुना “बचाइनु” भन्ने परिवेशमा हुन्थ्यो । यसलाई यसको प्रकृया र पराकाष्टा दुवैलाई देखाउन विविध फरक कालहरूको प्रयोग गरिएको थियोः
१. एओरिष्ट - “बचाइएको” (जस्तैः रोमी ८:२४)
२. सिद्ध - “बचाइएको छ, र परिणाम निरन्तर हुन्छ” (जस्तैः एफिसी २:५,८)
३. वर्तमान - “बचाइएको” (जस्तैः १ कोरिन्थी १:१८; १५:२)
४. भविष्य - “बचाइनेछ” (जस्तैः रोमी ५:९,१०; १०:९)

ग. क्रियाको काललाई जोड दिनु, व्याख्याकारले सुरुको लेखकको कारणलाई हेर्नु र उनी आफैले प्रकट गर्न निश्चित काललाई छान्नु । “नचाहिदो श्रृङ्गार” भन्ने मापदण्ड एओरिष्ट कालमा थियो । यो “विशिष्ट नभएको” “चिन्ह नलगाइएको” वा “नथाकिएको” क्रियाको नियमित स्वरूपमा थियो । यसलाई अति विविध तरिकाले प्रयोग गर्न सकिन्थ्यो, जसमा परिवेशले देखाउनु पर्दथ्यो । यसको सामान्य कुरा बताउँदाखेरि केही चिज हुने गर्दथ्यो । बितेको समयको पक्षले चाहना गरेको कुरामा निर्देशित अवस्थामा हुन्छ, र अभ बढी केही चिजलाई जोड दिइएको थियो। तर के?

१. सिद्ध कालः यसले पूरा भएको कार्यलाई रहनु भन्ने परिणामसँगै बताउने गर्दछ । कति प्रकारले यो एओरिष्ट र वर्तमान कालको संयोजन थियो । सामान्यतया यसले रहने परिणामलाई जोड दिन्छ, वा कार्यको पूर्णता हुन्छ (उदाहरणः एफिसी २:५,८, "तिमी बचाइएका छौं, र निरन्तररुपमा बचाइनेछौं) ।

२. प्लुसिद्ध कालः यो सिद्ध काल जस्तैमा रहनु भन्ने परिणामबाहेकको कुरालाई बन्द गरिएको थियो । उदाहरणः यूहन्ना १८:१६, "पत्रुस ढोका बाहिर उभिरहेका थिए"

३. वर्तमान् कालः यसले अपूर्ण र असिद्ध कार्यलाई बताउँदछ । सामान्यतया यसमा जोड दिने कुरा घटनाको निरन्तरतामा हुन्छ । उदाहरणः १ यूहन्ना ३:६,९, "उहाँमा रहने हरेक जनाले निरन्तर रूपमा पाप गर्दैनन् ।" परमेश्वरबाट आएका हरेक जनाले निरन्तर रूपमा पाप गर्ने गर्दैनन् ।"

४. असिद्ध कालः यस कालमा वर्तमान कालको सम्बन्ध मिल्दोजुल्दो हुन्छ, र सिद्ध र प्लुसिद्धको बीचमा पनि सम्बन्ध रहन्छ । असिद्धले पूर्ण नभएको कार्यमा भइरहेको कुरालाई बताउँदछ, तर अब यसलाई बन्द गरिएको छ, वा बिगतको समयमा कार्यलाई सुरु गरियो । उहाहरण मत्ती ३:५, "तब यरूशलेममा भएका सबैजना उहाँसँग निरन्तररूपमा बाहिर गए" वा "तब यरूसलेममा भएका सबैजना उहाँसँगै बाहिर जानलाई सुरु गरे ।"

५. भविष्यत् कालः सामान्यतया यसले भविष्यको समयको अवधिमा हुने देखाइएको कार्यलाई बताउने गर्दछ । यसले वास्तविक हुने कार्य भन्दा सम्भाव्य हुने कार्यलाई जोड दिन्छ । धेरैचोटी यसले घटनाको निश्चयतालाई बताउने गर्दछ । उदाहरणः मत्ती ५:४-९, "आशिषित ती व्यक्तिहरू हुन्...तिनीहरूले गर्नेछन्..."

आ. वाच्य

क. वाच्यले क्रियाको कार्य र यसको विषयको बीचको सम्बन्धलाई वर्णन गर्दछ ।

ख. कतृ वाच्य सामान्य, आशा गरिएको, र जोड नदिइएको तरिकाले यो कुरा बताउँदछ, कि विषयले क्रियाको कार्यमा काम गरिरहेको थियो ।

ग. कर्म वाच्यको अर्थ त्यो हुन्छ, कि बाहिरी साधनले निकालेको क्रियाको कार्यलाई विषयले प्राप्त गरिरहेको थियो । बाहिरी साधनले निकालेको कार्यमा यी तलका नामयोगी र कारकहरूले ग्रीक नयाँ करारमा देखाएका थिए:
१. एउटा व्यक्तिगत सिधा साधन र हुपोद्वारा अबलाटिभ कारक हुन्छ (जस्तैः मत्ती १:२२; प्रेरित २२:३०) ।
२. एउटा व्यक्तिगत मध्यस्तताको साधन र डियासँगै अबलाटिभ कारक (जस्तैः मत्ती १:२२) ।
३. एउटा अव्यक्तिगत साधन र सामान्यतया इनद्वारा साधनात्मक कारक
४. कहिलेकाहीँ कित व्यक्तिगत वा अव्यक्तिगत साधनद्वारा आउने साधनात्मक कारकमात्रै ।

घ. बीचको वाच्यको अर्थ विषयले क्रियाको कार्यको उत्पादन गर्दछ, र यो सिधै क्रियाको कार्यमा संलग्न रहन्छ । यसलाई धेरैचोटी व्यक्तिगत उच्च चाहनाको वाच्य भनिन्छ । यो संरचनाले उपवाक्यको विषय वा वाक्यलाई कुनै प्रकारले जोड दिएको हुन्छ । यो संरचना अंग्रजीमा पाइदैन । यस को ग्रीकमा अर्थ र अनुवादको वृहत सम्भावना हुन्छ । यस स्वरुपका केही नमुनाहरू निम्न छन्:
१. निजवाचक - यस विषयको आफ्नो सिधै कार्य हुने । उदाहरणः मत्ती २७:५ "आफै भुण्डिएको"
२. सघन - विषय आफैले कार्यको उत्पादन गर्ने । उदाहरणः २ कोरिन्थी ११:१४ "शैतान आफैले ज्योतिको दूतको रुपमा प्रकट गर्ने ।"
३. पारस्परिक - दुईवटा विषयहरूको प्रभाव । उदाहरणः मत्ती २६:४ "तिनीहरूले एक-अर्कासँग सरसल्लाह गरे"

इ. ढंग वा तरिका

क. त्यहाँ कोइने ग्रीकमा चारवटा तरिकाहरू छन् । तिनीहरूले क्रियाको वास्तविक सम्बन्धलाई सूचीत गर्दछन् । तरिकाहरू दुईवटा वृहत समूहहरू मा विभाजित छन्: जसले निजवाचकको वास्तविकतालाई देखाउने गर्दछ, र अर्कोले चाहिँ संभाव्यतालाई देखाउने गर्दछ (विषयगत, आज्ञार्थक र निश्चयवाचक) ।

ख. निजवाचक तरिका सामान्य तरिका थियो, जसले भएको वा भइरहेको कार्यको निम्ति कमसेकम एकजना लेखकको विचारलाई प्रकट गर्दथ्यो । यो मात्रै एउटा ग्रीक तरिका ~~थियो,~~ जसले निश्चित समयलाई प्रकट गऱ्यो र यो अझ यहाँ पनि दोस्रो पक्षमा थियो ।

ग. विषयगत तरिकाले भविष्यमा हुने कार्यको सम्भावनालाई प्रकट गर्दछ । केहीचिज अहिलेसम्म भएको छैन, तर यस्ता खालका अवसरहरू पनि छन्, र त्यहाँ त्यो कुरा हुन्थ्यो । यो भविष्यको सूचकसँग धेरै नै सामान्य हुन्थ्यो । त्यसको फरकपना यो थियो, कि विषयगतले केही तहको शंकालाई प्रकट गर्दथ्यो । अंग्रेजीमा यसलाई धेरैचोटी "सक्थ्यो, हुन्थ्यो, हुन सक्छ वा हुन्थ्यो" भन्ने परिवेशहरूमा प्रकट गरिन्छ ।

घ. निश्चयवाचक तरिकाले एउटा कामलाई प्रकट गर्दछ, जुनचाहिँ सिद्धान्तगत रूपमा सम्भव थियो । यसलाई विषयगत भन्दा पनि वास्तविकतामा एक कदम अगाडि विचार गरिन्थ्यो । निश्चयवाचकले निश्चित अवस्थाको सम्भावनालाई प्रकट गऱ्यो । यो निश्चयवाचक नयाँ करारमा एकदमै कम मात्रामा थियो । यसको घरिघरि हुने प्रयोगमा पावलको प्रचलित वाक्यांश, "यो कहिल्यै पनि नभएको होस्" (केजेभि, "परमेश्वरले त्याग्नु भएको") लाई १५ चोटी प्रयोग गरिएको छ (जस्तैः रोमी ३:४,६,३१; ६:२,१५; ७:७,१३; ९:१४; ११:१,११; १ कोरिन्थी ६:१५; गलाती २:१७; ३:२१; ६:१४) । अन्य उदाहरणहरू लूका १:३८; २०:१६; प्रेरित ८:२०, र १ थेसलोनिकी ३:११ मा पाइन्छ ।

ङ. आज्ञार्थक तरिकाले आज्ञालाई जोड दिन्छ, जुनचाहिँ सम्भव थियो, तर यसमा बोल्ने व्यक्तिको चाहनामा जोड हुन्थ्यो । केवल यसले इच्छाशक्तिको संभावनालाई बतायो, र अर्काको छनोटमा भर पऱ्यो । त्यहाँ आज्ञार्थकको प्रार्थनामा विशेष प्रयोग थियो र तेस्रो व्यक्तिले अनुरोध गर्दथ्यो । नयाँ करारमा आएका यी आज्ञाहरू वर्तमान र एओरिष्ट कालमा मात्रै पाइन्थे ।

च. कति व्याकरणहरूले कृदन्तलाई अर्को किसिमको तरिकामा विभाजित गर्दछन् । तिनीहरू ग्रीक नयाँ करारमा अति नै सामान्य छन्, र सामान्यतया यसलाई क्रियागत विशेषणमा परिभाषित गरिन्छ । तिनीहरूलाई संयोजकसँगै मुख्य क्रियामा अनुवाद गरिन्छ, जुनचाहिँ तिनीहरूसँग सम्बन्धित छन् । कृदन्तलाई अनुवाद गर्दाखेरि धेरै विविधताहरूको खाँचो थियो । यसमा विविध अंग्रजी अनुवादहरूलाई परामर्श लिनु उत्तम हुन्छ । यहाँ बेकर प्रकाशनको बाइबलको २६ वटा अनुवादहरूको सहायता लिनु उपयुक्त हुन्छ ।

छ. एओरिष्ट सकृय सूचक सामान्य हुन्थ्यो वा कुनै पनि हुने कुराको अभिलेख राख्ने तरिकामा "संकेत गरिदैनथ्यो" । अन्य कुनै काल, वाच्य र तरिकामा केही निर्दिष्ट व्याख्यात्मक महत्वहरू हुन्थे, जसलाई सुरुका लेखकले संचार गर्न चाहन्थे ।

ई. ग्रीकसँग परिचित नभएको व्यक्तिको निम्ति यी तलका अध्ययन समाग्रीले आवश्यक जानकारीको खाँचोलाई प्रदान गर्नेछन्:

क. Friberg, Barbara and Timothy. Analytical Greek New Testament. Grand Rapids: Baker, 1988.

ख. Marshall, Alfred. Interlinear Greek-English New Testament. Grand Rapids: Zondervan, 1976.

ग. Mounce, William D. The Analytical Lexicon to the Greek New Testament. Grand Rapids: Zondervan, 1993.

घ. Summers, Ray. Essentials of New Testament Greek. Nashville: Broadman, 1950.

ङ. Academically accredited Koine Greek correspondence courses are available through Moody Bible Institute in Chicago, IL.

उ. संज्ञाहरू

क. वाक्य-रचनागत रूपमा संज्ञाहरू कारकद्वारा विभाजित छन् । कारक त्यो संज्ञाको प्रभावित स्वरुपमा थियो, र त्यो क्रियाले यसको सम्बन्धपन र वाक्यका अन्य भागहरूलाई पनि देखायो । कोइने ग्रीकमा धेरैजसो कारकका कार्यहरू नामयोगीबाट देखाइएका थिए । कारकको स्वरुपले विविध फरक खालका सम्बन्धलाई पहिचान गर्न सक्षम भएदेखि, ती सम्भाव्य कार्यहरूमा नामयोगीहरूको विकासले स्पष्ट अलग्याउने कुरा दिन्छन् ।

ख. ग्रीकमा कारकलाई तलका निम्न आठवटा उपायहरूमा विभाजित गरिएका छन्:
१. कर्ता कारकलाई नाउँ दिनको निम्ति प्रयोग गरिएको थियो, र यो वाक्य वा वाक्यांशको विषय थियो । यसलाई संज्ञा र विशेषलाई देखाउनको लागि "हुनु" वा "भयो" भन्ने क्रियासँग जोडिन्छ ।
२. सम्बन्ध कारक पनि वर्णन र सामान्यतया शब्दमा रहेको गुणलाई देखाउनको लागि प्रयोग गरिएको थियो जुनसँग यो सम्बन्धित हुन्थ्यो । यसले "कस्तो किसिम" को भन्ने प्रश्नको उत्तर दियो । धेरैचोटी यसलाई "को" भन्ने अंग्रेजी नामयोगीद्वारा प्रयोग गरेर प्रकट गरिएको थियो ।
३. अबलाटिभ कारक सम्बन्ध कारकमा जस्तै प्रभाव पार्ने कुरामा प्रयोग गरिएको थियो, तर यसलाई अलगपनलाई वर्णन गर्न प्रयोग गरिएको थियो । सामान्यतया यसले समयको, स्थानको, स्रोतको, सुरुवात वा तहलाई निर्दिष्ट गर्न प्रयोग गरिएको थियो । धेरैचोटी यसमा अंग्रेजी नामयोगी "बाट" भन्नेलाई प्रयोग गरिएको थियो ।
४. डेटिभ कारकलाई व्यक्तिगत चाहनालाई वर्णन गर्न प्रयोग गरिएको थियो । यसले सकारात्मक वा नकारात्क पक्षलाई देखाउन सक्थ्यो । धेरैचोटी यसले अप्रत्यक्ष वस्तुलाई देखाउथ्यो । यसलाई धेरैचोटी अंग्रेजी नामयोगी "तर्फ" भन्नेले प्रकट गर्दथ्यो ।
५. निर्धारित कारक डेटिभ कारकको दोखाइएको स्वरुपजस्तै रूपमा प्रयोग गरियो । धेरैचोटी यसलाई अंग्रेजी नामयोगीहरू "मा, भूइँमा, ठाउँमा, अविधमा, द्वारा, माथि, र छेऊमा" द्वारा प्रकट गरिएको थियो ।
६. साधनात्मक कारकलाई डेटिभ र निर्धारित कारकको स्वरुपमा जस्तै उही कुरा प्रकट गर्दछ । यसले साधन वा सम्बन्धलाई प्रकट गर्दछ । यसलाई धेरैचोटी अंग्रेजी नामयोगी "द्वारा" वा "सँग" ले प्रकट गरिएको थियो ।
७. अभियोग लगाउने कारक कार्यको निष्कर्षलाई वर्णन गर्न प्रयोग गरिएको थियो । यसले सिमिततालाई प्रकट गर्दथ्यो । यसको मुख्य प्रयोग भनेको प्रत्यक्ष वस्तु थियो । यसले "कति टाढा ?" वा "कति हदसम्म ?" भन्ने प्रश्नको उत्तर दियो ।
८. पेशागत कारकलाई सिधै बताउनको निम्ति प्रयोग गरिएको थियो ।

ऊ. संयोजक र जोड्ने कर्ताहरू

क. ग्रीक भाषा अति नै उचित भाषा हो, किनकि यसको धेरै नै जोड कर्ताहरू छन् । तिनीहरूले विचारलाई जोड्ने गर्दछन् (संयोजकहरू, वाक्यहरू र अनुच्छेदहरू) । तिनीहरू यति सामान्य छन्, कि तिनीहरूको अनुपस्थितिमा धेरैचोटी व्याख्यात्मकतरिकाले महत्वपूर्ण छन् । कुनै कुराको वास्तविकतामा यी संयोजकहरू र जोड्ने कर्ताहरूले लेखकको विचारमा दिशा देखाउने गर्दछन्। तिनीहरू उनले साँच्चिकै संचार गर्न कोसिस गरेको कुरामा धेरै नै जटिल छन् ।

ख. यहाँ केही संयोजकहरू र जोडकर्ताहरूको सूची र तिनीहरूको अर्थहरू दिइएको छ (धेरैजसो यो जानकारीलाई एच. ई. दान र जुलियस के मान्टिको ग्रीक नयाँ करारको व्याकरणीय पुस्तिकामा एकत्रित गरिएको छ) ।

१. समयलाई जोड्नेहरू
- क. इपेइ, इपेइट, होपोटेय, हास, होटे, होटान (विषय) - "कहिले"
- ख. हेस - "जबकि"
- ग. होटान, इपान (विषय) - "जहिलेपनि"
- घ. हेस, आचरी, मेचारी (विषय) - "कहिलेसम्म"
- ङ. प्रिभ (अनिश्चित) - "अगाडि"
- च. हेस - "देखि" "कहिले" "जसै"

२. तार्किक संयोजकहरू
- क. उद्देश्य
  - १) हिना (विषय), होप्स (विषय), हास - "त्यसको निम्ति" "त्यो"
  - २) हेष्टे (स्पष्ट बोल्ने तरिका, दोष लगाउने अनिश्चित) - "त्यो"
  - ३) प्रोस (स्पष्ट बोल्ने तरिका, दोष लगाउने अनिश्चित) - यस (स्पष्ट बोल्ने तरिका, दोष लगाउने अनिश्चित) - "त्यो"
- ख. परिणाम (त्यहाँ व्याकरणीय स्वरुपको उद्देश्य र परिणामको बीचमा नजिकको सम्बन्ध छ)
  - १) हास्ते (अनिश्चित, यो अति नै सामान्य हुन्छ) - "त्यसको निम्ति" "यसरी"
  - २) हिभा (विषय) - "ताकि"
  - ३) आरा - "यसैले"
- ग. उद्देश वा कारण
  - १) गार (कारण/असर वा कारण/निष्कर्ष) - "निम्ति" "किनकि"
  - २) डिओटि, होटी - "किनकि"
  - ३) इपेई, इपेईड, हास - "देखि"
- घ. अनुमानित
  - १) आरा, पोइनम, हास्तेय - "त्यसकारण"
  - २) डियो (सबभन्दा बलियो अनुमानित संयोजक) - "कुनचाहिँ गणनामा" "जहाँको निम्ति पनि" "त्यसकारण"
  - ३) अऊन - "त्यसकारण" "यसैले" "तब" " "परिणामस्परुप"
  - ४) टोइनोन - "त्यसैअनुसार"
- ङ. प्रतिकूल वा विपरित
  - १) आला (बलियो प्रतिकूल) - "तर" "बाहेक"
  - २) डे - "तर" "तरैपनि" "अझैपनि" "अर्को पक्षमा"
  - ३) काई - "तर"
  - ४) मेतोई, अऊन - "तरैपनि"
  - ५) प्लीन - "कहिल्यै पनि होइन" (विशेष गरेर लूकामा)
  - ६) अऊन - "तरैपनि"
- च. तुलना
  - १) हास, काथास (तुलनात्मक संयोजकहरूको परिचय)
  - २) काता (संयुक्तमा काथो, काथोइ, काथास्पर, काथापर)
  - ३) होसोस (हिब्रूमा)
  - ४) ' - तब
- छ. निरन्तरता वा क्रमबद्ध
  - १) डे - "र" "अब"
  - २) काइ - "र"
  - ३) तेइ - "र"
  - ४) हिना, अऊन - "त्यो"
  - ५) अऊन - "तब" (यूहन्नामा)

३. जोडदार प्रयोगहरू
- क. आल्ला - "निश्चित" "हो" "वास्तवमा"
- ख. आरा - "वास्तवमा" "निश्चयनै" "साँच्चिकै"
- ग. डे - "वास्तविमा"

घ. इएन - “अझै”
ङ. काई - “किनकि” “किनकि” “किनकि”
च. मेनटोइ - “वास्तवमा”
छ. अऊन - “साँच्चिकै” “सबै साधनहरूद्वारा”

ए. शर्तात्मक वाक्यहरू

क. एउटा शर्तात्मक वाक्य त्यो हो, जसमा एक वा त्यो भन्दा बढी शर्तात्मक संयोजकहरू हुन्छन् । यो व्याकरणीय संरचनाले व्याख्यालाई जोड्ने गर्दछ, किनकि यसले अवस्थाहरू, कारणहरू, वा संयोजकहरूलाई किन मुख्य क्रियाको कार्य हुन्छ, कि हुँदैन भनेर बताउँदछ । त्यहाँ ४ किसिमका शर्तात्मक वाक्यहरू थिए । तिनीहरू त्यहाँबाट हिँडे, जुनचाहिँ लेखकको दृष्टिकोणबाट साँचो भएको कुरा मानिलिएको थियो वा यो उनको उद्देश्यको निम्ति केवल कामनामात्र गरिएको थियो ।

ख. पहिलो तहको शर्तात्मक वाक्यले कार्य वा व्यक्तित्वलाई प्रकट गर्दछ, जुनचाहिँ लेखकको दृष्टिकोणबाट सत्य कुरा भएको मानिलिइयो वा यद्यपि उनको उद्देश्यको निम्ति यसलाई “यदि” भन्ने कुराले प्रकट गरिएको थियो । धेरैवटा परिवेशमा यसलाई “देखि” भनेर अनुवाद गर्न सकिन्थ्यो ( जस्तैः मत्ती ४:३; रोमी ८:३१) । तरैपनि, यसको अर्थ सूचित गर्नु भन्ने हुँदैन, कि सबै पहिलो स्तरकाहरू वास्तवमा सत्य छन् । कतिचोटी तिनीहरू तर्क गर्ने विन्दुमा प्रयोग गर्नका लागि बोलाइएका थिए वा भ्रमलाई जोड दिइएको हुन्थ्यो (जस्तैः मत्ती १२:२७) ।

ग. दोस्रो तहको शर्तात्मक वाक्यलाई धेरैचोटी “वास्तविकताको विपरित” भनेर भनिन्छ । यसले यस्तो केही चिजलाई बताउने गर्दथ्यो, जुनचाहिँ वास्तविक विन्दुमा बनाउने असत्य हुन्थ्यो । उहाहरणहरू:
१. “यदि उनी साँच्चिकै अगमवक्ता हुन्थे भने, जुनचाहिँ उनी होइनन्, स्त्री को हुन् र उनको चरित्र के हो भनेर उनी उहाँमा झुण्डिरहेका हुन्थे, तर उनी त्यसमा हुँदैनन्” (लूका ७:३९) ।
२. “यदि तिमीले साँच्चिकै मोसामा विश्वास गर्‍यौं भने, जुनचाहिँ तिमी होइनौं, तिमीले ममा विश्वास गर्नेछौं, जुनचाहिँ तिमी होइनौ” (यूहन्ना ५:४६)
३. यदि मैले अझैपनि मानिसहरूलाई खुशी पार्ने कार्य गरिरहेको छु भने, जुनचाहिँ म होइन, म कुनै पनि हालतमा ख्रीष्टको दास हुनेथिइन, जुनचाहिँ म हुँ” (गलाती १:१०) ।

घ. तेस्रो तहले भविष्यको संभाव्य कार्यलाई बताउँदछ । यसले धेरैचोटी कार्यको सम्भावनालाई मानिलिन्छ । सामान्यतया यसले एउटा अनिश्चित घटनालाई लागु गर्दछ । मुख्य क्रियाको कार्य “यदि” भन्ने संयोजकमा अनिश्चित घटनाको कार्य हुँदछ । उहाहरणहरू १ यूहन्ना १:६,१०; २:४,६,९,१५,२०,२१,२४,२९; ३:२१; ४:२०; ५:१४,१६ ।

ङ. चौथो तहलाई संभावनाभन्दा पनि धेरै टाढा हटाइएको हुन्छ । यो नयाँ करारमा एकदमै कम पाइने कुरा हो । वास्तविकताको मुख्य कुरामा पनि त्यहाँ चौथो तहको पूर्ण शर्तात्मक वाक्य छैन, जसमा अवस्थाको दुवै भागहरूले परिभाषालाई मिलाउँदछन् । चौथो तहको आधि भागको एउटा नमुना १ पत्रुस ३:१४ मा पाइएको सुरुको संयोजक हो । चौथो तहको आधि भागको एउटा नमुना प्रेरित ८:३१ मा पाइएको अन्त्यको संयोजक हो ।

ऐ. निषेधाज्ञाहरू

क. त्यो वर्तमान् आज्ञार्थक एम सँगको कृदन्तले अगाडि नै प्रकृयामा रहेको कार्यलाई जोड दिने गरेको हुन्छ (तर बाह्य रुपमा होइन) । केही उदाहरणहरू: “आफ्नो निम्ति पृथ्वीमा धनसम्पत्ति नथुपार...” (मत्ती ६:१९); “आफ्नो शरीरको निम्ति फिक्रि नगर...” (मत्ति ६:२५); आफ्ना शरीरका अंगहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर...” (रोमी ६:१३); “अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ...” (एफिसी ४:३०); “दाखमद्यले नमात्तिओ...” (एफिसी ५:१८) ।

ख. एओरिष्ट विषयगतको एम कणसँगै “कार्य गर्नलाई सुरु नगर” केही उदाहरणहरू:
“व्यवस्था वा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ...” (मत्ती ५:१७); “कहिल्यै पनि फिक्रि नगर...” (मत्ती ६:३१); “यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नमान्...” (२ तिमोथी १:८) ।

ग. दोहोरो नकारात्मकसँग विषयगत तरिकामा धेरै जोड दिने नकारात्मक कुरा हुन्छ । “कहिल्यै पनि, कहिल्यै पनि होइन” वा “कुनै पनि परिस्थितिमा हुने होइन” केही उहाहरणहरू: “यदि कसैले मेरो वचन पालन गर्‍यो भने, त्यसले कहिल्यै मृत्यु देख्ने छैन” (यूहन्ना ८:५१); “म कहिल्यै पनि गर्दिन, होइन, कहिल्यैपनि...” (१ कोरिन्थी ८:१३) ।

ओ. उपपद

क. कोइने ग्रीकको निश्चित उपपद द “the" मा अंग्रेजीको प्रयोगजस्तै थियो । यसको आधारभूत कार्य यस्तो थियो, कि “एउटा इंङ्गित कर्ता” परमेश्वरको वचनमा ध्यान तान्ने एउटा उपाय वा नाम वा वाक्यांश । नयाँ करारमा फरक लेखकहरूबाट फरक कुराहरू आउँदछन् । त्यो निश्चित उपपदले निम्न कार्यहरू गर्न सक्थ्यो:
१. सर्वनामलाई देखाउने जस्तै विपरित साधनको रूपमा;
२. अगाडि नै परिचय गराइएको विषय वा व्यक्तिलाई बताउने संकेतको रूपमा;
३. वाक्यमा जोड्ने क्रियासँगै विषयलाई पहिचान गर्ने उपायको रूपमा, उदाहरणहरू: “परमेश्वर आत्मा हुनुहुन्छ” (यूहन्ना ४:२४); “परमेश्वर ज्योति हुनुहुन्छ” (१ यूहन्ना १:५); “परमेश्वर प्रेम हुनुहुन्छ” (यूहन्ना ४:८,१६) ।

ख. कोइने ग्रीकमा अंग्रेजीको “a” or “an" भन्ने निश्चित उपपद थिएन । निश्चित उपपद नहुँदाखेरिको अर्थ यस्तो हुन्थ्योः
  १. कुनै चिजको गुण वा विशेषतामा दिइने जोड
  २. कुनै चिजको समूहमा दिइने जोड

ग. नयाँ करारका लेखकहरूले उपपदलाई विविध तरिकाले प्रयोग गरेका थिए ।

औं. ग्रीक नयाँ करारमा जोड दिइएका कुराहरूलाई देखाउने उपायहरू

क. नयाँ करारमा कौशलताहरूलाई देखाउने जोडचाहिँ लेखकैपिच्छे फरक छन् । धेरै स्थिर औपचारिक लेखकहरूमा लूका र हिब्रूका लेखक थिए ।

ख. हामीले अगाडि नै यस कुरालाई बताएका छौं, कि एओरिष्ट सकृय सूचकलाई जोड दिनको निम्ति स्तरिय संकेत नदिने बनाइएको थियो । यो यसमा लागु गर्न नहुने हो, तर अन्य कुनै काल, वाच्य वा ढंगमा यसको कुैन व्याख्यात्मक महत्व थिएन । यसमा यो कुरालाई लागु गरिँदैन कि महत्वपूर्ण व्याकरणीय भावनामा धेरैचोटी एओरिष्ट सकृय सूचकलाई प्रयोग गरिएको थिएन (उदाहरणः रोमी ६:१०, दुईचोटी) ।

ग. कोइने ग्रीकमा शब्दको क्रम
  १. कोइने ग्रीक रूपान्तरण गरिएको भाषा थियो, जुनचाहिँ अंग्रेजी भाषामा जस्तै भरपर्नेवाला थिएन। त्यसकारण, लेखक सामान्य आशा गरिएको कुरा देखाउँदा फरक हुन सक्थेः
    क. लेखकले पाठकलाई जोड दिन चाहना गरेको कुरा को हो
    ख. लेखकले पाठकलाई के कस्तो आश्चर्यजनक कुरा दिन सक्थे
    ग. लेखकले के कुराको बारेमा गहिरो प्रकारले महसुस गरे
  २. ग्रीकमा अझैपनि सामान्य शब्दको क्रमलाई मिलाइएको छैन । तरैपनि, सामान्य मानिलिएको शब्दको क्रम निम्नानुसार हुन्छः
    क. क्रियाहरूलाई जोड्नको निम्ति
      १) क्रिया
      २) विषय
      ३) पूरक
    ख. सकर्मक क्रियाहरूको निम्ति
      १) क्रिया
      २) विषय
      ३) वस्तु
      ४) सिधा नजाने वस्तु
      ५) नामयोगी वाक्यांश
    ग. संज्ञाको वाक्यांशहरूको निम्ति
      १) संज्ञा
      २) परिस्कृत कर्ता
      ३) नामयोगी वाक्यांश
  ३. व्याख्यात्मक विन्दुमा आएर शब्दको क्रम अति नै महत्वपूर्ण हुन्छः
    क. “तिनीहरूले मलाई दाहिने हात दिए र वर्णाबाससँगको सँगतिमा आए” “संगतिको दाहिने हात” भन्ने वाक्यांश बिभाजित हुन्छ,र यसको महत्वलाई देखाउने कुराको सामना गर्दछ (गलाती २:९) ।
    ख. यसलाई पहिला “ख्रीष्टसँग” राखिएको थियो, र उहाँको मृत्यु केन्द्रमा थियो (गलाती २:२०) ।
    ग. “यो हरेक बिन्दुमा थियो, र यसलाई धेरै विविध तरिकाले पहिलो स्थानमा राखिएको थियो (हिब्रू १:१) । यसलाई परमेश्वर आफैले प्रकट गर्नुभएको थियो, जुनचाहिँ विपरिततामा थियो, र प्रकाशको वास्तविकतामा थिएन ।

घ. सामान्यतया जोड दिने केही तहहरूलाई निम्न प्रकारले देखाउन सकिन्थ्योः
  १. दोहोरिएको सर्वनाम, जुनचाहिँ अगाडि नै क्रियामा रूपान्तरणको स्वरूपमा उपस्थिति हुन्थ्यो । उदाहरणः “म तिमीहरूको साथमा छँदैछु... ” मत्ती २८:१८-२०) ।
  २. आशा गरिएको संयोजक नहुँदाखेरि वा शब्दहरू, वाक्यांशहरू, संयोजकहरू वा वाक्यहरूको बीचमा जोड्ने साधना नहुँदाखेरि यसलाई एसेन डेटन (“नबाधिएको”) भनेर भनिन्छ । त्यो जोड्ने साधनको आशा गरिएको थियो, ताकि यसको अनुपस्थितिले ध्यान तान्न सक्दथ्यो । उदाहरणहरूः
    क. धन्य हुने कुराहरू, मत्ती ५:३-१० (सूचीलाई जोड दिइएको)
    ख. यूहन्ना १४:१ (नयाँ शिर्षक)
    ग. रोमी ९:१ (नयाँ भाग)
    घ. २ कोरिन्थी १२:२० (सूचीलाई जोड दिने)
  ३. दोहोरिएका शब्द र वाक्यांशहरू दिइएको परिवेशमा उपस्थिति हुन्छन् । उदाहरणः “उहाँको महिमाको निम्ति प्रशंसा गर्नु” (एफिसी १:६,१२, १४) । यो वाक्यांशलाई त्रियकत्वको हरेक वाक्यांशलाई देखाउन प्रयोग गरिएको थियो ।

४. भनाइ र शब्द (स्वर) हरूको प्रयोगले परिवेशको बीचमा भूमिका खेल्दछन्:
   क. युफेमिसमस - निषेध गरिएको विषयको निम्ति अतिरिक्त शब्दहरू, जस्तैः मृत्यु शैयामा "सुत्नु" (यूहन्ना ११:११-१४) वा पुरुषको योनाङ्गको निम्ति "गोडा" (रुथ ३:७-८; १ शमूएल २४:३) ।
   ख. कुरा घुमाएर भन्ने तरिका - परमेश्वरको नाउँको निम्ति अतिरिक्त शब्दहरू, "स्वर्गको राज्य" जस्तै (मत्ती ३:२१) वा "स्वर्गबाट आएको एउटा आवाज" (मत्ती ३:१७) ।
   ग. बोलीका संकेतहरू
      १) असम्भव कुरालाई बढाइचयाइ गर्नु (मत्ती ३:९; ५:२९-३०; १९:२४)
      २) मध्यमस्तरको अत्यधिक भनाइहरू (मत्ती ३:५; प्रेरित २:३६)
      ३) व्यक्तित्वपनहरू (१ कोरिन्थी १५:५५)
      ४) व्यंग्य (गलाती ५:१२)
      ५) कवितात्मक खण्डहरू (फिलिप्पी २:६-११)
      ६) शब्दहरूका बीचमा आउने स्वरका अभिनयहरू
         क) "मण्डली"
            अ) "मण्डली" (एफिसी ३:२१)
            आ) "बोलावट" (एफिसी ४:१,४)
            इ) क) "बोलाइएको" (एफिसी ४:१,४)
         ख) "स्वतन्त्र"
            अ) "स्वतन्त्र स्त्री" (गलाती ४:३१)
            आ) "स्वतन्त्रता" (गलाती ५:१)
            इ) "स्वतन्त्र" (गलाती ५:१)
   घ. भनाइका भाषाहरू - भाषा जुनचाहिँ सामान्यतया सांस्कृतिक र भाषा विशेषको हुन्छ:
      १) "खाना" को सांकेतिक प्रयोग (यूहन्ना ४:३१-३४)
      २) "मन्दिर" को सांकेतिक प्रयोग (यूहन्ना २:१९; मत्ती २६:६१)
      ३) "घृणा" को निम्ति हिब्रू भनाइमा तुलना गरिने (उत्पत्ति २९:३१; व्यवस्था २१:१५; लूका १४:३६; यूहन्ना १२:२५; रोमी ९:१३)
५. ४) "सबै" को विरुद्धमा "धेरै" को तुलना यशैया ५३:६ ("सबै") सँग ५३:११-१२ ("धेरै") । रोमी ५:१८ र १९ मा देखाइएका कुराहरू
६. यी परिवेशसँग समान् छन् ।
   एउटा शब्दभन्दा पनि पूर्ण भाषागत वाक्यांशको प्रयोग । उदाहरणः "प्रभु येशू ख्रीष्ट"
   अटोसको विशेष खालको प्रयोग
   क. जब उपपदसँग (गुणात्मक अवस्था) यसलाई "उही" भनेर अनुवाद गरिएको थियो,
   ख. जब यो उपपदबिना नै (बिधेयको अवस्था) यसलाई सघन प्रकटीकरण भनेर अनुवाद गरिएको थियो, सर्वनामहरू "ऊ आफै" "उनी आफै" "यो आफै"

ङ. ग्रीकलाई नपढेका बाइबलका विद्यार्थीहरूले जोड दिनेलाई विविध तरिकाले पत्ता लगाएको हुन सक्छ:
   १. त्यो विश्लेषणात्मक शब्दकोशको प्रयोग र अन्तरसम्बन्धमा रहेको ग्रीक वा अंग्रेजी पाठ ।
   २. अंग्रजी अनुवादको तुलना, निश्चितरुपमा अनुवादका विविध सिद्धान्तहरू प्रयोग हुने । उदाहरणः शब्द-शब्दको अनुवादलाई तुलना गर्दाखेरि ( केजेभि, एनकेजेभि, एएसभि, नासाब, आरएसभि, एनआरएसभि) "गतिशिल समानान्तर" आउँदछ । यसले पाउने असल मद्दत बेकरले प्रकाशन गरेको बाइबलको २६ वटा अनुवाद हुन्थ्यो ।
   ३. योसेफ ब्रयान्ट रोथरमद्वारा बाइबललाई जोड दिँदाखेरिको प्रयोग (कार्गेल, १९९४) ।
   ४. धेरै शाब्दिक अनुवादको प्रयोग
      क. सन् १९०१ को अमेरिकी स्तरीय संस्करण
      ख. रवर्ट योङ्गद्वारा योङ्गको शाब्दिक बाइबलको अनुवाद (गार्जियन प्रेस, १९७६) ।

व्याकरणको अध्ययन पट्टाइलाग्दो हुन्छ, तर यसको उचित व्याख्याको लागि यो अत्यावश्क छ । यसको छोटकरी परिभाषा, टिप्पणी र नमुनाहरूले यो इकाईमा प्रदान गरिएका व्याकरणीय टिपोटहरूको प्रयोगलाई ग्रीक नपढ्ने व्यक्तिहरूलाई पनि सुसज्जित गराएर उत्साह दिने अर्थ लाग्दछ । निश्चितरूपमा यी परिभाषाहरूलाई अति नै सरलीकृत बनाइएको छ । यिनीहरूलाई शैद्धान्तिक र अलचकताको तरिकाले प्रयोग गर्नु पर्दैन, तर नयाँ करारको शैलीलाई उच्च तरिकाले बुझ्नको लागि यो सुरुवातको पाइला हुन सक्छ । यी परिभाषाहरूले अन्य अध्ययन समाग्रीलाई नयाँ करारको प्राविधिक टिप्पणीको रूपमा पाठकहरूलाई बुझ्नलाई सक्षम बनाउनेछ ।

हामीले हाम्रो व्याख्यालाई बाइबलको पाठमा पाइएको जानकारीलाई यसको समूहमा आधारित बनाएर प्रमाणित गर्नुपर्छ । यी समूहहरूमध्येमा व्याकरण अति नै उपयोगी हुन्छ, र अन्य समूहहरूमा ऐतिहासिक मिलाप, साहित्यिक परिवेश, समकालिन शब्दको प्रयोग, र त्यस्तै समानान्तर खण्डहरू पर्दछन् ।

# परिशिष्ट २

# पाठगत आलोचना

यस विषयले यो टिप्पणीमा पाइएको पाठगत टिपोटलाई वर्णन गर्ने तरिकामा सामना गर्नेछ । यी तलका रुपरेखाहरूलाई प्रयोग गरिनेछः

१. अंग्रेजी बाइबलको पाठगत स्रोत
   क. पुरानो करार
   ख. नयाँ करार
२. समस्याहरूको छोटकरी वर्णन र "तल्लो आलोचना"का सिद्धान्तहरू, जसलाई "पाठगत आलोचना" पनि भनिन्छ ।
३. अझ बढी अध्ययनको लागि सुझाब दिइएका स्रोतहरू

अ. हाम्रो अंग्रेजी बाइबलको पाठगत स्रोतहरू

क. पुरानो करार

१. मासोरीहरूको पाठ - हिब्रूहरूको व्यञ्जन वर्णीय पाठलाई गुरु अक्विवाले सन् १०० मा मिलाएका थिए । स्वरवर्णले देखाउने कुरामा जोड दिने छाडिएको भागको टिपोट, कमा, र उपकरणले निर्दिष्ट गर्ने साधनहरूलाई छैटौं शताब्दीमा थपिएर सुरु गरिएको थियो, र यसलाई नवौं शताब्दीमा आएर अन्त गरिएको थियो । यस्तो खालको कार्य यहूदी विद्वानहरूको परिवारले गरेका थिए, जसलाई मासोरीहरू भनेर चिनियो। तिनीहरूले प्रयोग गरेको पाठगत स्वरुप मिसनाह, तालमुड, तार्गम्स, पेस्हिता, र भल्गेटमा उही स्वरुपमा प्रयोग गरिएको थियो ।

२. सेप्टुआजिन्ट (सत्तरी) - परम्पराले यसो भन्दछ, कि सेप्टुआजिन्टलाई तयार गर्ने काम ७० जना यहूदी विद्वानहरूले ७० दिनमा राजा प्टोलोमी दोस्रो (२८५-२४६ ई.पू.) को सहायतामा अलेक्जेन्ड्रियाको पुस्तकालयको निम्ति गरिएको थियो । अनुवादको कार्यमा अलेक्जेन्ड्रियामा रहने यहूदी अगुवाहरूले मानिलिएर अनुरोध गरेका थिए । यो परम्परा "एरिष्टेसको पत्र" बाट आएको छ । यो सेप्टुआजिन्ट विविध हिब्रू पाठगत परम्परामा अक्विबा (MT, एमटि) गुरुको पाठमा निरन्तर आधारित थियो ।

३. मृत सागरको मुट्ठाहरू (DSS, डियसस) - मृत सागरका मुट्ठाहरूलाई ई.पू. (२०० ई.पू देखि ई.सं. ७०) मा यहूदीबाट अलग्गिएको समूह "इसेन्स" भन्ने द्वारा रोममा लेखिएका थिए । यी मृत सागरको वरिपरि धेरै क्षेत्रहरूमा पाइएका छन्, र यिनीहरूले हिब्रू पाठको समुदायलाई केही फरक अर्थमा एमटि र सेप्टुआजिन्ट दुवैको पछाडि पर्दछन् ।

४. केही विशेष उदाहरणहरूले यी पाठहरूको तुलना कस्तो हुन्छ भनेर व्याख्याकारहरूलाई पुरानो करार बुझ्नलाई सहायता पुऱ्याएका छन्:

क. अनुवादहरू र विद्वानहरूले एमटिलाई बुझ्नलाई सहायता गरेका छन्,
   १) यशैया ५२:१४ को सेप्टुआजिन्ट "जसरी उसदेखि धेरै जना व्याकुल थिए"—
   २) यशैया ५२:१४ को एमटि, "जसै धेरै जना उनलाई देखेर झस्किएका थिए" —
   ३) यशैया ५२:१५ मा त्यो सर्वनामको फरकपनलाई सेप्टाजुआन्टमा निश्चित गरियो
      क) सेप्टुआजिन्ट, "यसरी उहाँमा धेरै राष्ट्रहरू आश्चर्यचकित पर्नेछन्"
      ख) एमटि, "यसरी उनले धेरै राष्ट्रहरूमाथि छर्कदछन्"

ख. मृत सागरका मुट्ठाहरूले अनुवादकहरू र विद्वानहरूलाई एमटि बुझ्नलाई सहायता गरेका छन्
   १) यशैया २१:८ मा मृत सागरका मुट्ठाहरू, "त्यो पहरेदार यसो भनेर करायो, हे प्रभु, म दिनहुँ पहरा बस्ने धरहरामा उभिरहन्छु..."
   २) यशैया २१:८ को एमटि, "र म सिंहजस्तै कराएँ ! हे प्रभु, म दिनहुँ पहरा बस्ने धरहरामा उभिरहन्छु..."

ग. यी दुवै सेप्टुआजिन्ट र मृत सागरका मुट्ठाहरूले यशैाया ५३:११ लाई स्पष्ट पार्न मद्दत पुऱ्याएका छन् ।
   १) सेप्टुआजिन्ट र मृत सागरका मुट्ठाहरू, "उसको आत्माको प्रसव-पीडापछि, उसले ज्योति देख्नेछ, ऊ सन्तुष्ट हुनेछ"
   २) एमटि, "उसले आत्माको प्रसब-वेदनापछि देख्नेछ, ऊ सन्तुष्ट हुनेछ"

ख नयाँ करार

१. ग्रीक नयाँ करारका सबै वा केही भागहरूमा ५,३०० भन्दा बढी हस्तलेखनहरू अझै बाँकी रहेका छन् । करिब ५० वटा कागजहरूमा लेखिएका छन् र २६८ वटा हस्तलेखनहरू पूरै नै ठूला अक्षरहरू (अन्सिएल्स) मा लेखिएका छन् । पछिबाट, करिब नवौं शताब्दीमा दौडने हस्तलेखन (साह्रै सानो) को विकास भएको थियो । ग्रीक हस्तलेखनमा करिब २,७०० संख्याका स्वरुपहरू लेखिएका थिए । हामीसँग पनि आराधनामा प्रयोग गरिएका २,१०० बाइबलका पाठका सूचीहरू छन्, र त्यसलाई शब्दकोश भनेर भनिन्छन् ।

२. नयाँ करारका केही भाग रहेका करिव ८५ ग्रीक हस्तलेखनहरू कागजको पानामा लेखिएकाहरू संग्राहलयमा सुरक्षित राखिएका छन् । तिनीहरूमध्ये केहीको मिति दोस्रो शताब्दीका भनेर दिइएका छन्, तर धेरैजसो तेस्रो र चौथो शताब्दीबाट आएका छन् । यिनीहरूमध्ये कुनै पनि मृत सागरका मुट्ठाहरूमा सम्पूर्ण नयाँ करारलाई राखिएको छैन । किनकि यी नयाँ करारका सबभन्दा पुराना लेखहरू भएकोले त्यसै भइहाल्ने थोरै विविधता छन् भन्ने पनि हुँदैन । यिनीहरूमध्ये धेरै स्थानीय प्रयोगको लागि हतारमा सारिएका थिए । यो प्रक्रियामा धेरै सावधानीको कार्य भएन । त्यसैकारणले गर्दा तिनीहरूमा धेरै विविधता आए ।

३. हिब्रू अक्षर ! (अलेफ) वा (०१) ले चिनिने कोडेक्स सिनैटिकस, सिनै पर्वतको सन्त क्याथरिन आश्रमबादमा टिस्चेन्डर्फद्वारा पत्ता लगाइएको थियो । यसको मिति चौथो शताब्दीबाट आएको छ, र पुरानो करारको सेप्टुआजिन्ट र ग्रीक नयाँ करार दुवै रहन्छ । यो "अलेक्जेन्ड्रियाको पाठ" को किसिममा छ । "ए" वा (०२) भनेर चिनिने कोडेक्स अलेक्जेड्रियसको पाँचौं शताब्दीको ग्रीक हस्तलेखन हो, जुनचाहिँ मिश्र देशको अलेक्जेन्ड्रियामा पाइएको थियो ।

५. “बि” वा (०३) भनेर चिनिने कोडेक्स भ्याटिकानस रोमको भ्याटिकन पुस्तकालयमा पाइएको छ र यसमा चोथो शताब्दीको मध्यतिरको मिति दिइएको छ । यसमा पुरानो करारको सेप्टुआजिन्ट र नयाँ करारको ग्रीक दुवै पाइएको छ । यो “अलेक्जेन्ड्रियन पाठ”को किसिमको छ ।

६. “सि” वा (०४) भनेर चिनिने कोडेक्स इफ्राएमी, पाँचौं शताब्दीको ग्रीक हस्तलेखन हो, जसको कतिवटा भागहरू नास भएका थिए ।

७. “डि” वा (०५) भनेर चिनिने कोडेक्स बेजेइ, पाँचौं वा छैटौं शताब्दीको ग्रीक हस्तलेखन हो । यसको मुख्य प्रतिनिधिलाई “पश्चिमी पाठ” भनेर भनिन्छ । यसमा धेरै थपिएका कुराहरू छन्, र राजा याकूबको अनुवादको निम्ति मुख्य ग्रीक गवाही थियो ।

8. नयाँ करारको एमएसएसलाई तीनवटा वा सम्भाव्य चारवटा समुदायमा विभाजित गर्न सकिन्छ, जसले निश्चित विशेषतालाई बताउँदछः

क. मिश्रबाट आएको अलेक्जेड्रियाको पाठ

१) वि७५, वि६६ (करिब २०० ई.सं.), जसले सुसमाचारको अभिलेख राख्दछ,

२) पि४६ (करिब २२५ ई.सं.), जसले पावलका पत्रहरूलाई देखाउँदछ,

३) पि७२ (करिब २२५-२५० ई.सं.), जसले पत्रुस र यहूदाको बारेमा अभिलेख राख्दछ,

४) कोडेक्स बि लाई भ्याटिकनस भनिन्छ (करिब ३२५ ई.सं.), जसमा सम्पूर्ण नयाँ करार र पुरानो करार हुन्छ,

५) ओरेगनले यो पाठको प्रकारबाट उल्लेख गरेका छन्,

६) अन्य एमएसएसहरू जसले यस्तै किसिमको कुरालाई देखाउँदछ !, सि, एल, डब्लू, ३३

ख. उत्तरी अफ्रिकाबाट आएको पश्चिमी पाठ

१) उत्तरी अफ्रिकाका मण्डलीका पिताहरू, टर्टुलियन, साइप्रियनले बताएका र पुरानो ल्याटिनको अनुवाद

२) आइरेनियसबाट आएका भनाइहरू

३) टाटियन र पुरानो सिरियाबाट आएका भनाइहरू

४) कोडेक्स डि “बेजेइ” ले यस पाठको प्रकारलाई पछ्याएका

ग. कन्टान्टिनोपलबाट आएका पूर्वीय बैजन्टाइन पाठहरू

१) यस पाठको किसिमले ५,३०० एमएसएसको ८० प्रतिशतभन्दा बढी कुरालाई प्रकट गर्दछ

२) एन्टिओकमा रहेका सिरियाका मण्डलीका पिताले बताएका, क्यापाडोसियन, क्रिसोस्टोम, र थिरोडोरेट

३) कोडेक्स ए, सुसमाचारमा मात्रै पाइएको

४) कोडेक्स ई (आठौं शताब्दी) नयाँ करारको पूर्णताको निम्ति

घ. चौथो सम्भाव्य किसिम प्यालेष्टाइनबाट आएको “कैसरियन” प्रकारको हुन्छ

१) यो सामान्यतया मर्कूसमा मात्रै देखिएको छ

२) यसका केही गवाहीहरू पि४३ र डब्लू हुन् ।

आ. “पाठगत आलोचना” र “तलको आलोचनामा”आएका समस्या र सिद्धान्तहरू

क. कसरी विविधताहरू आएका छन्:

१. अजानमा गरिएको वा अचानक गरिएको (धेरैजसो बहुमतमा देखा परेका कुराहरू)

क. नजरबाट गिर्नु र हातमा नक्कल गर्नु, जसले दोस्रो नमुनाको दुईवटा उस्तै शब्दहरूलाई पढ्दछन्, र त्यसपछि त्यसको बीचमा आएको दुईवटा शब्दहरूलाई हटाउँछन् (होमोइयोटेलेउटन)

१) दोहोरिएका पत्र वा वाक्यांशहरू नजरबाट गिर्नु (हाप्लोग्राफी)

२) वाक्यांशलाई दोहोऱ्याउँदा विचार चिप्लनु वा ग्रीक पाठको रेखा कोर्नु (डिट्टोग्राफी)

ख. मौखिक लेखनलाई नक्कल गर्दा कानबाट चिप्लनु, जहाँ गलत हिज्जे आउँदछ (इटासिज्म) । कतिचोटी गलत प्रकारको हिज्जेले उस्तै आवाज आउने ग्रीक शब्दलाई उच्चारण गर्दछ वा लागु गर्दछ ।

ग. सुरुको ग्रीक पाठमा खण्ड वा पदको विभाजन थिएन, थोरै वा विराम चिन्ह पनि थिएन, र शब्दहरूको बीचमा पनि विभाजन थिएन । यस मा विविध स्थानहरूमा विविध शब्दहरूको संरचना गरेर अक्षरहरूलाई विभाजित गर्ने सम्भावना थियो ।

२. भावनात्मक

क. पाठमा सारिएको व्याकरणीय स्वरुपलाई सुधार गर्नको लागि परिवर्तनहरू गरिएका थिए

ख. अन्य बाइबलका पाठहरूसँग त्यस पाठलाई निश्चयतामा ल्याउन परिवर्तनहरू गरिएका थिए (समानान्तरको संयोजन)

ग. दुई वा त्यसभन्दा बढी विविध खालका पाठकहरूलाई एउटा लामो संयुक्त पाठमा ल्याउन परिवर्तनहरू गरिएका थिए

घ. पाठमा पाइएको समस्यालाई सुधार गर्न परिवर्तनहरू गरिएका थिए (१ कोरिन्थी ११:२७ र १ यूहन्ना ५:७-८)

ङ ऐतिहासिक रुपमा मिलाउने कार्यमा केही अतिरिक्त जानकारीहरू दिइएका थिए, वा त्यस स्थानमा यहूदी कानुनविद्ले पाठको व्याख्यालाई उचित स्थानमा राखेका थिए, तर दोस्रा कानुनविद्हरूले पनि यसलाई पाठभित्र नै राखेका थिए (जस्तैः यूहन्ना ५:४) ।

ख. पाठगत आलोचनाको आधाभूत सिद्धान्त (जब विविधता अस्तित्वमा रहन्छ, तब सुरुको पाठको पढाइलाई निर्धारण गर्ने तार्किक मार्गनिर्देशनहरू हुँदछन्)

१. सायद धेरै दिने र व्याकरणीय अमिल्दो पाठ सुरुको नै हो ।

२. सायद सबभन्दा छोटो पाठ सत्य हुन सक्छ ।

३. पुरानो पाठलाई धेरै तौल दिइएको हुन्छ किनकि यसको सुरुको ऐतिहासिक निकटताको कारणले गर्दा हो र सबै चिज नै समान् रुपमा रहन्छ

४. एमएसएसहरू भौगोलिक रूपमा फरक छन्, र सामान्यतया सुरुको पढाइमा रहन्छन् ।

५. शैद्धान्तिकरूपमा विशेषगरेर कमजोर पाठहरू हुन्, जसले हस्तलेखनको परिवर्तनको अवधिमा मुख्य ईश्वरशस्त्रीय छलफलहरूलाई सम्बन्धित बनाउँछन्, र १ यूहन्ना ५:७-८ लाई त्रियकत्वमा प्रशय दिन्छन् ।

६. अन्य विविधताहरूको सुरुको कुराले पाठलाई उत्तम तरिकाले वर्णन गर्न सक्छ ।

७.  ती दुईवटा भनाइहरू जसले यी समस्याका विविधताहरूलाई सन्तुलनमा राख्ने कार्यलाई देखाएर मद्दत गर्दछन्:
क. नयाँ करारको पाठगत आलोचना भन्ने हारोल्ड ग्रीनलेको पुस्तक को पाना ६८:
"कुनैपनि ख्रीष्टियन सिद्धान्त बादविवादयोग्य पाठमा झुण्डिएको हुँदैन, र नयाँ करारका विद्यार्थीले उसको पाठलाई बढी परम्परावादी हुँदाखेरि होसियारी अपनाउने चाहना गरेको हुनुपर्छ, वा सुरुको उत्प्रेरणा भन्दापनि सिद्धान्तगत बलियो हुनुपर्छ।
ख. डब्लू ए. क्रिसवेलले ग्रेग ग्यारिसनलाई यसो भने कि उनले बाइबलको हरेक शब्द प्रेरणाबाट आएको हो, भनेर विश्वास गर्दैनन्, "कमसेकम कुनै पनि हरेक शब्द शताब्दीऔदेखिका अनुवादकर्ताहरूलाई आधुनिक सार्वजनिकरूपमा दिइएका हुँदैनन्।" क्रिसवेलले भनेः "म अति नै पाठगत टिप्पणीमा विश्वास गर्दछु। यस्तैमा म यस्तो विचार गर्दछु, कि मर्कूसमा अन्तिम १६औं खण्ड झुटा शिक्षा होः यो उत्प्रेरित भएको होइन, यो केवल मन गढन्ते कुरा हुन्छ... जब तपाईंले ती हस्तलेखनहरूलाई त्यसको पछाडि देख्नुहुन्छ, तब त्यहाँ मर्कूसको पुस्तकको निष्कर्षमा यस्तो कुराहरू थिएन। कसैले यसमा थपिदिएको हो..."
ती एसबिसिका प्राचीन जातिहरूले नथपिदिएको यस्तो कुरामा दावी गर्दछन्, कि यूहन्ना ५ अध्यायमा "थपिएको कुरा" पनि प्रमाण हो, र येशूको बारेमा वेथसेदाको तलाऊमा पनि बताइएको छ। र उनले यहूदाको आत्महत्याको बारेमा दुईवटा फरक कुराहरू बताएका छन् (जस्तैः मत्ती २७ अध्याय, र प्रेरित १ अध्याय): "यो आत्महत्याको फरक विचारमात्रै हो," क्रिसवेलले भने, "यदि यो बाइबल हो भने, त्यहाँ यसको निम्ति वर्णन गरिएको छ, र यहूदाको आत्महत्याको बारेमा दुईवटा कुराहरू दिइएका छन्।" क्रिसवेलले थपे, "पाठगत आलोचनामा यो आफै अचम्मलाग्ने विज्ञान होः यो क्षणिक कुरा होइन, र यो अप्रसंगिक पनि होइन। यो गतिशिल र केन्द्रिय हुन्छ..." ।

इ. हस्तलेखनका समस्याहरू (पाठगत आलोचना)

क.  अझ बढी अध्ययनको लागि निम्न कुराहरूलाइ सुझाब दिइएको छः

१.  बाइबलीय आलोचनाः आर. एच. ले लेखेको ऐतिहासिक, साहित्यिक र पाठगत भन्ने पुस्तक

२.  नयाँ करारको पाठः ब्रूस एम. मेटजगरले लेखेको परिवर्तन, भ्रष्टाचार र स्थापना भन्ने पुस्तक

३.  जि. एच. ग्रीनलीले लेखेको नयाँ करारको पाठगत आलोचनाको परिचय भन्ने पुस्तक

# परिशिष्ट ३

## शब्दावली

***अंगाल्नेपन:*** यो येशूको ईश्वरसँगको सम्बन्धमा हुने सुरुको विचार हो । यसले सामान्यतया यो कुरालाई बताउँदछ, कि हरेक प्रकारले येशू साधारण मानिस हुनुहुन्थ्यो, र उहाँको बप्तिस्मामा परमेश्वरले विशेष अर्थमा लिनुभएको थियो (मत्ती ३:१७; मर्कूस १:११) वा उहाँको पुनरुत्थान भयो (जस्तैः रोमी १:४) । येशूले यस्तो खालको उदाहरणीय जीवन जीउनुभयो कि कुनै बिन्दुमा आएर पिताले उहाँलाई (बप्तिस्मा र पुनरुत्थान) उहाँको "पुत्र" को रुपमा अंगाल्नुभयो ( रोमी १:४, फिलिप्पी २:९) । यो सुरुको मण्डलीमा भएको थियो, र आठौं शताब्दीको अल्पमतको विचारमा आयो । परमेश्वर मानिस हुनुको सट्टामा (अवतार) यसले यो कार्यलाई उल्टो बनाउँदछ र अब मानिस परमेश्वर भएको छ !

यसलाई औपचारिक दिन कठिन हुँदछ, कि कसरी येशू परमेश्वरका पुत्र । भएर अगाडि नै अस्तित्वमा रहेको ईश्वर हुनुभयो, र उहाँलाई त्यस्तो खालको नमुनाको जीवनको निम्ति इनाम दिइयो वा प्रशंसा गरियो । यदि उहाँ अगाडि नै ईश्वर हुनुहुन्थ्यो भने, कसरी उहाँले इनाम प्राप्त गर्नुभयो ? यदि उहाँ अगाडि नै अस्तित्वमा रहेको अलौकिक महिमा हुनुहुन्थ्यो भने, कसरी उहाँ अझ बढी सम्मानित हुन सक्नुहुन्थ्यो ? यद्यपि यसलाई हामीले बुझ्नलाई कठिन भए तापनि, जसरी पनि पिताले येशूलाई विशेष अर्थमा पिताको चाहनालाई सिद्धतामा पूरा गर्नलाई सम्मानित गर्नुभयो ।

***अलेक्जेड्रियाको स्कुल:*** यस तरिकाको बाइबलीय व्याख्या मिश्रमा र अलेक्जेड्रियामा दोस्रो शताब्दीमा विकास भएको थियो । यसले फाइलोले दिएको आधारभूत सिद्धान्तको व्याख्यालाई प्रयोग गर्‍यो । यसलाई कतिचोटी रुपक कथाको तरिका भनेर भनियो । यसले सुधार नभएसम्मको मण्डली सम्म पनि शासन गरेको थियो । यसका धेरै नै प्रस्ताव गर्ने व्यक्तिहरूमा ओरेगन र अगष्टिन थिए । मोइसेस सिल्भाको मण्डलीलाई गलत प्रकारले व्याख्या गर्नु भन्ने पुस्तकलाई हेर्नुहोस् (एकेडमिक, १९८७) ।

***अलेक्सजेन्ड्रिनस:*** यो पाँचौं शताब्दीको ग्रीक हस्तलेखन अलेक्जेड्रियाबाट आएको थियो, मिश्रले पुरानो करारको साथै धेरैजसो नयाँ करारको अप्रमाणिक कुरालाई पनि समावेश गरेको थियो । यो हाम्रो सम्पूर्ण ग्रीक नयाँ करारको मुख्य गवाहीमध्ये एउटा हो (मत्ती, यूहन्ना र २ कोरिन्थीका केही भाग बाहेक) । जब यो हस्तलेखनलाई "ए" नाउँ दिइयो, र त्यो हस्तलेखनलाई "बि" नाउँ दिएर (भेटिकनहरू) यसलाई पढ्नको लागि सहमत भए, र यसलाई धेरै अवसरहरूमा धेरै विद्वानहरूले साँचो भएको कुराको विचार गरे ।

***रूपक-कथा:*** यस प्रकारको बाइबलीय व्याख्या सुरुमा अलेक्जेन्ड्रियाको यहूदीवादमा विकास भएको थियो । यसलाई अलेक्जेड्रियाका फाइलोले प्रख्यात बनाएका थिए । यसको आधारभूत तृष्णामा कसैको संस्कार वा दार्शनिक व्यवस्थामा बाइबल सुहाउँदो बनाउने चाहना गरेर बाइबलको ऐतिहासिक वा साहित्यिक परिवेशमा मिलाउने कार्यलाई इन्कार गरियो । यसले बाइबलको हरेक पाठको पछाडि लुकेको वा आत्मिक अर्थलाई खोज्दछ। यसलाई यस्तो प्रकारले स्वीकार गर्नुपर्छ कि, येशूले मत्ती १३ अध्यायमा र पावलले गलाती ४ अध्यायमा सत्यतालाई संचार गर्न रूपक-कथाको प्रयोग गरे । तरैपनि यो प्रकारको स्वरुपमा थियो, र एकदमै रूपक कथामा थिएन ।

***विश्लेषणात्मक शब्दकोश:*** यस किसिमको अनुसन्धानको साधनले नयाँ करारको हरेक ग्रीक स्वरुपलाई पहिचान गर्ने अनुमति दिँदछ । यसलाई ग्रीकको अक्षरको क्रमबद्ध तरिकाले आधारभूत स्वरुप र परिभाषामा मिलाइएको हुन्छ । यसको अन्तररेखिय मिलापको अनुवादमा, ग्रीक भाषा नपढ्ने विश्वासीहरूलाई नयाँ करारको व्याकरणीय र शैलीको स्वरुपलाई विश्लेषण गर्ने अनुमति दिँदछ ।

***बाइबलको रूपक-कथा:*** यो वाक्यांशलाई सबै बाइबलका कुराहरू परमेश्वरबाट उत्प्रेरित भएका हुन भन्नेलाई वर्णन गर्न प्रयोग गरिन्छ, र त्यसकारण, विरोधाभाष हुने हुँदैन, तर सहयोगी बन्ने हुन्छ । यो अगाडि नै मानिलिएको कुराको निश्चयताले बाइबलीय पाठलाई व्याख्या गर्न समानान्तर खण्डमा प्रयोग गरिन्छ ।

अर्थको अष्पष्टताः यसले अनिश्चयतालाई बताउने गर्दछ, जसमा लेखिएका कागजपत्रहरू हुन्छन्, जब त्यहाँ दुई वा सोभन्दा बढी सम्भाव्य अर्थहरू हुन्छन्, वा जबकि उही समयमा दुई वा सोभन्दा बढी चिजहरूलाई बताउने गरिन्छ । यो कुराको पनि सम्भावना छ, कि यूहन्नाले उद्देश्यपूर्ण अस्पष्टतालाई प्रयोग गर्दछन् (दोहोरो संझौता) ।

***मानवशास्त्र:*** यसको अर्थ "मानवीय जातिहरूसँग सम्बन्धित भएर विशेषतामा रहेको कुरा" बताउँदछ । यो परिवेशलाई परमेश्वरको बारेमा हाम्रो धार्मिक भाषालाई वर्णन गर्न पनि प्रयोग गरिएको छ । यो ग्रीक परिवेशको मानवजाति भन्नेबाट आएको छ । यसको अर्थ यो हुन्छ कि, हामीले परमेश्वरको बारेमा बताउँछौं, जसै हामी मानिसहरू थियौं ।

परमेश्वरलाई शारीरिक, सामाजिक, र मनोबैज्ञानिक परिवेशमा वर्णन गरिएको छ, जसले मानवीय जातिलाई सम्बन्धित बनाउँदछ (जस्तैः उत्पत्ति ३:८; १ राजा २२:१९-२३) । वास्तवमा यो केवल रूपक काथामात्रै हो । तरैपनि, त्यहाँ समूहहरू र परिवेशहरू भन्ने छैनन्, र कतिचोटी ती परिवेशहरू मानिसको प्रयोगको लागि गरिन्छन् । त्यसकारण, परमेश्वरको हाम्रो ज्ञानमा सत्य भए तापनि सिमित हुन्छ ।

***एन्टिओकीको स्कुल:*** बाइबलीय व्याख्याको यो तरिका एन्टिओक र सिरियामा तेस्रो शताब्दीमा विकास भएको थियो, र यो मिश्रको अलेक्जेन्ड्रियामा भएको रूपक-कथाको प्रतिक्रिया स्वरुप पनि थियो । यसको आधारभूत तृष्णामा बाइबलको ऐतिहासिक अर्थलाई जोड दिनु थियो । यसले बाइबललाई सामान्य मानिसहरूको साहित्यको रूपमा व्याख्या गर्‍यो । यो स्कुल बादविवादमा संलग्न भयो, चाहे ख्रीष्टको दुईवटा स्वभावहरू थियो (नेष्टोरियनवाद) वा एउटामात्रै स्वभाव थियो (पूर्ण ईश्वर र पूर्ण मानिस) । यसलाई रोमन क्याथोलिक मण्डलीले झुटा शिक्षाको रूपमा बिल्ला लगाइदियो र पर्सियामा पुनस्थापित गर्‍यो, तर यस स्कुलको थोरैमात्र महत्व रह्यो । तर पछिबाट गएर यसको आधारभूत व्याख्यात्मक सिद्धान्तहरू व्याख्यात्मक बने, र ती सिद्धान्तहरू शास्त्रिय पोटेष्टेनटको सुधारमा पनि आए (मार्टिन लुथर र जोन काल्भिन) ।

ठीक उल्टोः यो चाहिँ हिब्रू कविताको रेखाको बीचको सम्बन्धलाई बताउन तीनवटा परिवेशमा वर्णन गरिएको छ । यसले कविताको रेखाहरूलाई सम्बन्धित गर्दछ, र जसको अर्थहरू उल्टा छन् (जस्तैः हितोपदेश १०:१, १५:१) ।

***भविष्यको साहित्य:*** यो सम्भवत् अनौठो प्रकारले अधिन गर्ने यहूदी साहित्य थियो । यसलाई यहूदीहरूको व्यवसाय र आक्रमणमा वैदेशिक संसारको शक्तिको रूपमा बुझ्न कठिन हुने किसिमको लेख थियो । यसमा यो कुरालाई पनि मानिलिइयो, कि परमेश्वरले सृष्टि गरेको छुटकारामा संसारका घटनाहरूलाई नियन्त्रण गरेर मानिलिनुहुन्छ, र इस्राएल उहाँको निम्ति विशेष चाहना र वास्ताको विषय बन्दछ । अन्तत यो साहित्यले परमेश्वरको विशेष प्रयासलाई विजय प्राप्त गर्ने प्रतिज्ञा गर्दछ ।

यो अति उच्च तहमा सांकेतिक छ, र धेरै कठिन परिस्थितिहरूमा एकदमै फेसनदार छ । यसले धेरैचोटी सत्यतालाई रङ्गहरूमा, संख्याहरूमा दर्शनहरूमा सपनाहरूमा, स्वर्गदूतीय ध्यानमा, गोप्यताका सांकेतिक शब्दहरूमा, र असल र खराब बीचको तीखो द्विविधामा प्रकट गर्दछ ।

यस शैलीका केही उदाहरणहरू हुन्: १) पुरानो करारमा इजकिएल (अध्यायहरू ३६-४८), दानिएल (अध्यायहरू ७-१२), जकरिया, र २) नयाँ करारमा, मत्ती २४ अध्याय, मर्कूस १३ अध्याय, २ थेसलोनिकी २ अध्याय र प्रकाश ।

सुरक्ष ागर्ने व्यक्ति (रक्षाकर्ता) यो ग्रीक शब्दबाट “कानुनी सुरक्षा” भन्ने परिवेशमा आएको छ । यो ईश्वरशास्त्रमा आएको विशिष्ट अनुशासन हो, जसले प्रमाण दिने कुरालाई खोज्दछ, र खीष्टियन विश्वासको निम्ति तार्किक वहस गर्दछ ।

***पूर्ववर्ती:*** यो अगाडि नै मानिलिइने भन्ने परिवेशको आधारभूत समानतामा हुन्छ । यसमा अगाडि नै स्वीकार गरिएको परिभाषा, सिद्धान्त र स्थानको कारण को संलग्नता हुन्छ, जसलाई सत्य भनेर मानिलिएका छन् । यो यस्तो कुरा हो, जसलाई परिक्षण वा विश्लेषण बिना नै स्वीकार गरिएको हुन्छ ।

***एरियनवाद:*** एरियस तेस्रो र चौथो शताब्दीको सुरुमा मिश्रको अलेक्जेन्ड्रियाको मण्डलीको सेवक थिए । उनले यस कुरालाई निश्चित गरे कि, येशू अगाडि नै अस्तित्वमा हुनुहुन्थ्यो, तर अलौकिक हुनुहुन्थेन (पिताको जस्तै उही आवश्यकीय रूपमा नभएको), सायद हितोपदेश ८:२२-३१ लाई पछ्याएको हुनुपर्छ । उनले अलेक्जेन्ड्रियाका विषपद्वारा चुनौती पाएका थिए, जसले ३१८ ई.सं. मा विवादास्पद कुराको सुरुवात गरे, जुनचाहिँ धेरै वर्षसम्म रहरहयो । एरियनवाद पूर्वीय मण्डलीको औपचारिक लिखित स्वरुप बन्यो । ३२५ ई.सं. को नाइसियाको परिषद्ले एरियसलाई दोष लगाए र पुत्रको पूर्ण समानता र ईश्वरत्वलाई घोषणा गरे ।

***एरिष्टोटल:*** उनी प्राचीन ग्रीकका दार्शनिकहरूमध्ये एकजना थिए, प्लेटोको एकजना छात्र र अलेक्जेण्डर महान्का गुरु थिए । आजसम्म पनि उनको प्रभाव, आधुनिक अध्ययनका धेरै क्षेत्रहरूमा पुगेका छन् । यो उनको ज्ञानको अवलोकनद्वारा जोड दिएको कारण र विभाजनले गर्दा हुन्छ । यो बैज्ञानिक तरिकाको सिद्धान्तहरूमध्ये एउटा कारणले गर्दा हुन्छ ।

***हस्ताक्षर वा नाउँ लेख्ने कार्य:*** यो सुरुको बाइबलको लेखहरूलाई नाउँ दिइएको थियो । यी सुरुका सबै हस्तलेखनहरू हराएका छन् । केवल नक्कलकर्ताहरू ले गरेका नक्कल मात्रै बाँकी छन् । यसमा ग्रीक, हिब्रू र प्राचीन संस्करणका हस्तलेखनमा धेरै पाठगत विविधताका स्रोतहरू छन् ।

***बेजेइ:*** यो छैटौं शताब्दीको ग्रीक र ल्याटिन हस्तलेखन हो । यसलाई “डि” अक्षरले पहिचान गरिन्छ । यसमा सुसमाचार र प्रेरितका कुराहरू छन्, र केही चाहिँ सामान्य पत्रहरूका पनि छन् । यसलाई असंख्य यहूदीहरूले थपेर चित्रित गरेका छन् । यसले “टेक्सस् रिसेप्टस” को आधारभूत स्वरुपलाई निर्माण गर्दछ र राजा याकूबको संस्करणको पछाडि मुख्य ग्रीक हस्तलेखनको परम्परा पनि पाइन्छ ।

***पूर्वाग्रह:*** यो परिवेशलाई कुनै वस्तुतर्फ बलियो प्रवित्तिलाई वा दृष्टिकोणलाई वर्णन गर्न प्रयोग गरिन्छ । यो दिमागको विचार हो, जसमा कुनै निश्चित वस्तु वा दृष्टिकोणको सम्बन्धमा विभेदता नगर्ने कुरा असम्भब हुन्छ । यो अगाडि नै आएको अवस्था हुन्छ ।

***बाइबलीय अधिकार:*** यो परिवेश धेरै विशिष्टिकरणको भावनामा प्रयोग गरिएको छ । यसले सुरुका लेखकले उनको समयमा भनेको कुरालाई बुझेर परिभाषा दिएको छ, र यसलाई हामीले हाम्रो समयमा लागु गर्नुपर्ने हुन्छ। सामान्यतया बाइबलीय अधिकारलाई यो हाम्रो बाइबलले दिएको आधिकारिक मार्गनिर्देशिका हो भन्ने दृष्टिकोणमा परिभाषित गर्नुपर्छ । तरैपनि, वर्तमान् प्रकाशको अनुचित व्याख्यामा मैले बाइबलको विचारलाई सिमित गरेको छु, र जसै यसलाई ऐतिहासिक व्याकरणीय तरिकाको सिद्धान्तमा व्याख्या गरिनुपर्छ ।

***कालक्रम:*** यो परिवेश लेखहरूलाई वर्णन गर्न प्रयोग गरिन्छ, जसलाई अनौठो रूपमा प्रेरित भएको हो भनेर विश्वास गरिन्छ । यसलाई पुरानो र नयाँ करार को बाइबलको सम्बन्धमा प्रयोग गरिएको छ ।

***खीष्टमा केन्द्रित:*** यो परिवेश येशूको केन्द्रियपनलाई वर्णन गर्न प्रयोग गरिन्छ । मैले यसलाई येशू नै प्रभु हुनुहुन्छ भन्ने विचारको सम्बन्धमा प्रयोग गरेको छु। पुरानो करारले पनि उहाँतर्फ निर्दिष्ट गर्दछ, र उहाँ यसलाई पूरा गर्ने र लक्षित व्यक्तित्व हुनुहुन्छ (जस्तैः मत्ती ५:१७-४८) ।

***टिप्पणी:*** यो विशेष खालको अनुसन्धानको पुस्तक हो । तय यसले पुस्तकको हरेक खण्डको अर्थलाई व्याख्या गर्ने कोसिस गर्दछ । यसले बाइबलीय पुस्तक को सामान्य पृष्टभूमिलाई दिँदछ । कतिले लागु गर्ने कुरालाई जोड दिन्छन् भने, जबकि अरूहरूले पाठको धेरै प्राविधिक तरिकाले सामना गर्नुपर्ने कुरा बताउँछन् । यी पुस्तकहरू उपयोगी छन्, तर यसलाई उनी आफैले सुरुको अध्ययन गरेपछि प्रयोग गरिनुपर्छ । टिप्पणीकर्ताको व्याख्यालाई कहिल्यै पनि आलोचना नगरिकनै स्वीकार गर्नु हुँदैन । विविध ईश्वरशास्त्रीय दृष्टिकोणबाट धेरै टिप्पणीहरूलाई तुलना गर्नु धेरै नै उपयोगी हुन्छ ।

***शब्दहरूको सूची:*** यो बाइबल अध्ययनको अनुसन्धानको एक किसिमको साधन हो । यसले पुरानो र नयाँ करारमा आएका हरेक शब्दलाई सूचीकृत गर्दछ । यसले विविध प्रकारले सहायता गर्दछ: १) हिब्रू र ग्रीक शब्दलाई निर्धारण गर्नु, जुनचाहिँ कुनै निश्चित अंग्रेजी शब्दको पछाडिपट्टी रहन्छ; २) खण्डहरूलाई तुलना गर्नु, जहाँ उही हिब्रू वा ग्रीक शब्दलाई प्रयोग गरिन्छ; ३) जहाँ दुईवटा फरक हिब्रू र ग्रीक परिवेशलाई उहाँ अंग्रेजी शब्दद्वारा अनुवाद गरिन्छ भनेर देखाउनु; ४) केही निश्चित शब्दहरू केही निश्चित पुस्तकहरू वा लेखकमा प्रयोग गर्ने स्तरलाई देखाउनु; ५) बाइबलको खण्ड पत्ता लगाउन कसैलाई सहायता गर्नु (जस्तैः वाटर क्लार्कको अध्ययनका समाग्रीहरूमा ग्रीक नयाँ करारमा कसरी प्रयोग गर्ने भन्नेको पानाहरू ५४-५५) ।

***मृत सागरका मुट्ठाहरू:*** यी लेखिएका प्राचीन पाठले हिब्रू र आरमाइकलाई बताउँदछ, जुनचाहिँ सन् १९४७ मा मृत सागरको नजिकै पत्ता लगाइएको थियो । तिनीहरू पहिलो शताब्दीका यहूदीहरूका समूहका धार्मिक पुस्तकालयहरू थिए । रोमीहरूको व्यवसायले दिएको दवाव र ई.सं. ६० मा भएको जेलटहरूको युद्धले माटाका भाँडामा छाप लगाएर गुफा र प्यालहरूमा राखिएका ती मुट्ठाहरूलाई हराउने अवस्थाको सृजना गऱ्यो । तिनीहरूले हामीलाई पहिलो शताब्दी को प्यालेष्टाइनको ऐतिहासिक परिवेशलाई बुझ्नलाई सहायता पुऱ्यायो र मासोरीहरूको पाठलाई धेरै हदसम्म ठीक छ भन्ने कुरालाई निश्चित गऱ्यो, जसै यो कमसेकम सुरुको ई. पू. भन्दा अगाडिको समय थियो । तिनीहरूको छोटकरी रुपको पहिचान "डिएसएस" थियो ।

घटाउने कामः यो तर्क वा कारणको तरिकामा कारणको माध्यमद्वारा सामान्य सिद्धान्तबाट विशेष उपयोगितामा सर्दछ । यो साधारण कारणमा पुग्ने तर्कको ठीक उल्टो हुन्छ । जसले बैज्ञानिक तरिका वा सिद्धान्तहरूलाई विशिष्टबाट सामान्य निष्कर्षमा पुऱ्याउँदछ ।

***क्षेत्रिय भाषा सम्बन्धी:*** यो कारण दिने तरिका हुन्छ, जुनचाहिँ विरोधाभाषपूर्ण वा विडम्बनापूर्ण भएको देखिन्छ, जुनले चिन्तालाई सँगसँगै समाउँदछ, र यसमा एकत्रित उत्तरलाई खोजिन्छ, र जसमा विडम्बनाको दुवै पक्ष समावेश हुन्छ । धेरै बाइबलीय सिद्धान्तहरूमा भाषागत एकता, अगाडिनै देखिने कुरा, स्वतन्त्र चाहना, सुरक्षा, धैर्यता, विश्वास, कार्यहरू, निर्णयहरू, चेलापन, ख्रीष्टियन स्वतन्त्रता, र ख्रीष्टियन जिम्मेवारीहरू पर्दछन् ।

***डायसपोरा:*** यो प्राविधिक परिवेश प्यालेष्टाइका यहूदीहरूले अन्य यहूदीहरूलाई वर्णन गर्न प्रयोग गरेका छन्, जो प्रतिज्ञा गरिएको देशभन्दा बाहिरको भौगोलिक स्थानहरूमा बसोबास गर्छन् ।

***गतिशिल समानान्तर:*** यो बाइबल अनुवादको सिद्धान्त हो । बाइबल अनुवादको कार्यलाई शब्द-शब्दको पत्राचारबाट निरन्तरता दिने कार्य हुन सक्छ, जहाँ शब्दलाई छुट्ट्याउनको निम्ति हरेक हिब्रू वा ग्रीक शब्दमा अंग्रेजी शब्दलाई ल्याउनुपर्छ, र जहाँ विचारलाई सुरुको शब्द वा वाक्यांशभन्दा कम महत्वको ठानेर अनुवाद गरिन्छ । यी दुईवटा सिद्धान्तहरूको बीचमा "गतिशिल समानान्तर" हुन्छ, र जसले सुरुको पाठलाई गंभिर प्रकारले लिने प्रयास गर्दछ । तर यसलाई आधुनिक व्याकरणीय स्वरुप र भाषामा अनुवाद गरिन्छ । यी विविध सिद्धान्तमा राम्रो छलफल गरेर अनुवादहरू फि र स्टीवार्डको यसको सबै मुल्य मा बाइबललाई कसरी पढ्ने भन्ने पुस्तकको पाना ३५ र रवर्ट ब्रयाचरको आधुनिक अंग्रेजी संस्करणको परिचयमा पनि पाइन्छ ।

***एक्लेक्टिक:*** यो परिवेश पाठगत आलोचनासँग जोडिएको छ । यसले विविध ग्रीक हस्तलेखनबाट आएको पाठमा फर्कनको लागि पढने पाठलाई छानेर अभ्यास गर्ने कुरालाई बताउँदछ, जुनचाहिँ सुरुको लेखनको समिप्यमा भएको कुरा मानिलिइन्छ । यसले यस्तो विचारलाई इन्कार गर्दछ, कि ग्रीक हस्तलेखन को कुनै एउटा परिवारले सुरुको कुरालाई अधिन गरेको हुन्छ ।

***एइसेजेसिस:*** यो व्याख्या गर्ने कुराभन्दा उल्टो हुन्छ । यदि व्याख्यामा सुरुका लेखकको चाहनाको विचारलाई "बाहिर अगुवाइ" गर्ने हो भने, यो परिवेशले बाहिरी विचार वा भावनालाई "भित्र अगुवाइ" गर्दछ ।

***शब्दको इतिहास:*** यो यस्तो शब्दको अध्ययन हो, जसले शब्दको सुरुको अर्थलाई प्राप्त गर्ने कोसिस गर्दछ । यो सुरुको अर्थको विशिष्टिकरणको प्रयोगलाई सजिलै प्रकारले पहिचान गरिन्छ । व्याख्यमा शब्दको इतिहासलाई त्यति धेरै जोड दिँइदैन, बरु शब्दको प्रयोगको समकालिन अर्थ दिइन्छ ।

***व्याख्या:*** यो कुनै विशेष खण्डलाई व्याख्या गर्दा अभ्यास गर्ने प्राविधिक परिवेश हो । यसको अर्थ पाठलाई "अगुवाइ गर्नु" भन्नेले यो कुरालाई लागु गर्दछ, कि हाम्रो प्रतिज्ञामा सुरुका लेखकको चाहनालाई बुझेर ऐतिहासिक परिवेश, साहित्यिक परिवेश, शैली र समकालिन शब्दको अर्थको परिवेशमा हाम्रो उद्देश्य लाई लागु गर्नु हो ।

***वाक्य रचना:*** यो फ्रेन्च परिवेश हो, जसले विविध खालका साहित्यलाई प्रकट गर्दछ । यस परिवेशको तृष्णा भनेको साहित्यिक स्वरुपलाई समूहका विभाजित गर्नु हो, जसले सामान्य विशेषताहरूलाई बताउँदछ, जस्तैः ऐतिहासिक वर्णन, कविता, उपदेश, भविष्य र व्यवस्थाका कुराहरू ।

***ज्ञानवाद:*** यस झुटा शिक्षाको धेरैजसो ज्ञान दोस्रो शताब्दीको ज्ञानका लेखहरूबाट आउँछन् । तरैपनि, पहिलो शताब्दी र त्यो भन्दा अगाडि प्राप्त गरिने विचारहरू उपस्थित थिए ।

दोस्रो शताब्दीका भ्यालेन्टिनियन र सेरिन्थिएन भन्ने ज्ञानवादका सिद्धान्तले यस्ता कुराहरू बताएका छन्: १) वस्तु र आत्मा समान् रूपमा अनन्त थिए (एउटा समानताको दोहोरोपन) । वस्तु दुष्ट छ, र आत्मा असल छ । परमेश्वर जो आत्मा हुनुहुन्छ, दुष्ट बस्तुको नमुनामा सिधै संलग्न गराउन सक्दैनन्; २) त्यहाँ परमेश्वर र वस्तुको बीचमा प्रकट हुने (इवन्स वा स्वर्गदूतिय तहमा हुने) गर्दछन् । त्यो अन्तिम वा सबभन्दा तल्लोचाहिँ पुरानो करारको यहोवा हुनु हुन्थ्यो, जसले ब्रम्हाण्डको रचना गर्नुभयो (कसमोस); ३) येशू ख्रीष्ट पनि यहोवा जस्तै प्रकट हुनुभयो, तर उहाँ मापदण्डमा उच्च हुनुहुन्थ्यो, र साचो परमेश्वको नजिकमा हुनुहुन्थ्यो । कतिले उहाँलाई एकदमै उच्च स्थानमा राखे, तरैपनि उहाँ अझै परमेश्वरभन्दा कम नै हुनुहुन्छ, र निश्चितरूपमा उहाँ अवतारीत ईश्वर हुनुहुन्न (यूहन्ना १:१४) । वस्तु दुष्ट भएकोले येशूमा मानव शरीर हुँदैनथ्यो, र उहाँ अझैपनि अलौकिक नै हुनुहुन्छ । उहाँ आत्मिक वहुईश्वरवादमा हुनुहुन्थ्यो (१ यूहन्ना १:१-३; ४:१-६); र ४) मुक्ति येशू ख्रीष्टमा गरिएको विश्वासद्वारा र विशेष ज्ञानद्वारा प्राप्त गरिएको थियो, जसलाई केवल विशेष व्यक्तिले मात्र जान्न सक्छन् । स्वर्गीय स्थानमा जानको लागि ज्ञानको खाँचो थियो । परमेश्वरकहाँ पुग्नको लागि यहूदी व्यवस्थाको पनि खाँचो पर्दथ्यो ।

ज्ञानवादका झुटा शिक्षकहरूले दुईवटा विपरित नैतिक व्यवस्थालाई बताए: १) कतिको निम्ति जीवनशैली पूर्णरुपमा मुक्तिसँग सम्बन्धित थिएन । तिनी हरूको निम्ति मुक्ति र आत्मिक कुरा गोप्य ज्ञानभित्र गोप्य तरिकाले स्वर्गदूतिय परिधि (इओन्स) द्वारा राखिएको थियो; वा २) अरूहरूको निम्ति मुक्तिको लागि जीवनशैली नभइनहुने थियो । तिनीहरूले साँचो आत्मिकताको प्रमाणको रूपमा साधुवादको जीवनशैलीलाई जोड दिए ।

***हर्मेन्यूटिक्स:*** यो सिद्धान्तहरूको निम्ति भएको प्राविधित परिवेश हो, जसले व्याख्यालाई निर्देशित गर्दछ । यो दुवै तहको विशेष मार्गनिर्देशिका हो र यो एउटा कला वा बरदान हो । सामान्यतया बाइबलीय वा पवित्र हर्मेन्यूटिक्सलाई दुईवटा समूहमा विभाजित गरिएका छन्: सामान्य सिद्धान्तहरू र विशेष सिद्धान्त हरू । यिनीहरू बाइबलमा पाइएका फरक खालका साहित्यका किसिमहरूसँग सम्बन्धित छन् । हरेक फरक किसिम वा शैलीको यसको आफ्नै अनौठा मार्गनिर्देशनहरू छन्, तर यसले केही सामान्य मान्यताहरू र व्याख्याका प्रक्रियाहरूलाई बताउँदछन् ।

उच्च तहको आलोचनाः यो बाइबलीय व्याख्याको प्रकृया हो, जसले ऐतिहासिक परिवेशलाई र साहित्यिक संरचनालाई जोड दिँदछ ।

भनाइः यो शब्द विभिन्न संस्कारमा पाइएको वाक्यांशको निम्ति प्रयोग गरिएको छ, जसको विशिष्टिकरण गरिएको अर्थलाई व्यक्तिगत परिवेशको असामान्य अर्थमा जोडिएको हुँदैन । केही आधुनिक उदाहरणहरू हुन्: "त्यो अचम्मै प्रकारले राम्रो थियो," वा "तिमीले मलाई मारेका छौं ।" बाइबलमा पनि यस किसिमका वाक्यांशहरू रहेका छन् । .

उज्यालो पार्नुः यो उही नाउँ त्यस विचारलाई दिइएको छ, जसलाई परमेश्वरले मानवजातिको लागि बताउनुभएको छ । सामान्यतया यसको पूर्ण विचार तीनवटा परिवे-शहरूद्वारा प्रकट गरिन्छन्: १) प्रकाशः परमेश्वरले मानवीय इतिहासमा कार्य गर्नुभएको छ; २) प्रेरणाः उहाँले उहाँको कार्यको निम्ति उचित व्याख्या दिनुभएको छ, र तिनीहरूको अर्थलाई निश्चित गर्न र मानवजातिको अभिलेख राख्न मानिसहरू छानिएका छन्; र ३) उज्यालो पार्नुः उहाँले उहाँको आत्मा मानवजातिलाई सहायता पुऱ्याउन र आफैलाई प्रकट गर्न दिनुभएको छ ।

प्रतिष्ठित गर्नुः यो तर्क वा तरिकाको कारणमा हुन्छ, जुनचाहिँ निश्चित कुराबाट सम्पूर्णतामा जाँदछ । यो आधुनिक विज्ञानको अनुभवसम्बन्धी तरिका हो । यो सामान्यतया एरिष्टोटलको विचार हो ।

***अन्तररेखियः*** यो अनुसन्धानको साधनको प्रकार हो, जसले तिनीहरूलाई यस्तो अनुमति दिन्छ, जसले बाइबलको भाषालाई यसको अर्थ र संरचनालाई विश्लेषण गरी सक्षम हुन अध्ययन गर्दैनन् । यसले शब्द-शब्दको अंग्रजी अनुवादको तहलाई तुरुन्तै सुरुको बाइबलीय भाषामुनी राख्दछ । यो साधनले "विश्लेषणात्मक शब्दकोष"सँग मिलाएको छ, र हिब्रू र ग्रीकको परिभाषामा स्वरुप र आधारभूत कुरालाई दिनेछ ।

***उत्प्रेरणाः*** यस विचारलाई परमेश्वरले मानवजातिसँग बोल्नुभएको छ, र बाइबलका लेखकहरूलाई ठीक प्रकारले निर्देशित गर्नुभएको छ, र उहाँको प्रकाशलाई स्पष्टरूपमा लेखिएको छ । सामान्यतया यसको पूर्ण विचार तीनवटा परिवेशहरूमा प्रकट गरिएको छ: १) प्रकाशः परमेश्वरले मानवीय इतिहासमा कार्य गर्नुभएको छ; २) प्रेरणाः उहाँले उहाँको कार्यको निम्ति उचित व्याख्या दिनुभएको छ र तिनीहरूको अर्थलाई मानवजातिको निम्ति अभिलेख राख्न केही निश्चित कुराहरू छानिएको छ, र ३) उज्यालो पार्नुः उहाँले उहाँको आत्मा मानवजातिलाई सहायता पुऱ्याउन र आफैलाई प्रकट गर्न दिनुभएको छ ।

***वर्णन गरिएको भाषाः*** यसलाई भनाइहरूको सम्बन्धमा प्रयोग गरिएको छ, जुन चाहिँमा पुरानो करार लेखिएको छ । यसले हाम्रो संसारलाई पाँचवटा भावनाहरूमा देखा पर्ने चिजको तरिकाले बताउँदछ । यो वैज्ञानिक वर्णन होइन, नत यसको कुनै अर्थ लाग्ने नै हुन्छ ।

***व्यवस्था वा नियमः*** यो आचरणले नियमहरू र संस्कारलाई बढी मात्रामा जोड दिन्छ । यसले मानिसले देखाउने सम्बन्धलाई परमेश्वरले स्वीकार गर्ने साधनको रूपमा भर पर्ने चाहना गर्दछ। यसले सम्बन्धलाई घटाउने चाहना राख्दछ, र दुवै देखाउने कुरालाई उचाल्दछ, जसमा पवित्र पस्मेश्वर र पापपूर्ण मानवीयताको करारको सम्बन्धलाई महत्वपूर्ण पक्षको रूपमा लिइन्छ ।

***शाब्दिकः*** यो अर्को नाउँले पाठगत रूपमा जोड दिइएको र एन्टिओकबाट आएको व्याख्याको ऐतिहासिक तरिकालाई पनि देखाउँदछ । यसको अर्थ यो हुन्छ, कि मानवीय भाषाको स्पष्ट अर्थमा सामान्य व्याख्याको संलग्नता हुन्छ, यद्यपि यसले अझै साङ्केतिक भाषाको उपस्थितिलाई पहिचान गर्दछ ।

***साहित्यिक शैलीः*** यसले फरक स्वरुपलाई बताउँदछ, जहाँ मानवीय संचार हुन सक्छ, जस्तैः कविता वा ऐतिहासिक वर्णन । हरेक खालको साहित्यमा यसको आफ्नै विशेष व्याख्यात्मक प्रकृया हुन्छ, र यसको सट्टामा सामान्य सिद्धान्तहरूको निम्ति सबै लिखित साहित्यहरू आउँदछन् ।

***साहित्यिक इकाईः*** यसले बाइबलीय पुस्तकको मुख्य विचारलाई बताउँदछ । यो यो केही पदहरू, अनुच्छेदहरू वा खण्डहरूबाट बनिएको हुन्छ । यो केन्द्रिय विषयको आत्म केन्द्रित इकाई हो ।

***तल्लो आलोचनाः*** "पाठगत आलोचना" लाई हेर्नुहोस् ।

***हस्तलेखनः*** यो परिवेश विविध नयाँ करारको नक्कलमा सम्बन्धित छ । सामान्यतया तिनीहरू निम्न विविध किसिममा विभाजित छन्: १) तिनीहरू लेखिएका साधनहरू (कागजहरू, छालाहरू, वा २) यो आफ्नै लेखनको स्वरुप (सबै ठूला अक्षरहरू वा चलिरहने लिपि) । यसलाई "एमएस" (एकवचन) वा "एमएसएस" बहुवचनमा संक्षिप्त बनाइएको छ ।

***मासोरिको पाठः*** यसले नवौं शताब्दीलाई बताउने गर्दछ । नयाँ करारको हिब्रू हस्तलेखनले यहूदी विद्धानहरूलाई निकालेर उत्पादन गर्दछन्, जसमा स्वरवर्ण र अन्य पाठगत टिपोटका बुंदाहरू रहन्छन् । यसले पुरानो करारको हाम्रो अंग्रेजीको निम्ति आधारभूत पाठको संरचना गर्दछ । यस पाठलाई विशेषगरेर यशैयाको हिब्रू एमएसमा ऐतिहासिक तरिकाले निश्चित गरिएको छ, जसलाई मृत सागरको मुट्ठहरू भनेर चिनिन्छ । यसलाई "एमटि" को छोटकरी रूपमा बनाइएको छ ।

यो स्वरको चिन्ह हो, यो सँग सम्बन्धित भएको केही चिजको प्रतिनिधित्वमा एक चिजलाई प्रयोग गरिन्छ । उदाहरणको लागि, कित्ली उम्लिरहेको छ" वास्तविक अर्थमा "कित्लीमा भएको पानी उम्लिरहेको छ" भन्ने हुन्छ ।

***मुराटोरीका टुक्राहरूः*** यो नयाँ करारको कालक्रमिक पुस्तकहरूको सूची हो । यसलाई रोममा २०० ई.सं. भन्दा अगाडि लेखिएको थियो । यसले पनि प्रोटेष्टेन्ट नयाँ करारको उही २७ वटा पुस्तकहरूको नाउँ दिँदछ । यसले स्पष्टरूपमा रोमी साम्राज्यको विभिन्न भागका स्थानीय मण्डलीहरूलाई देखाउँदछ, र "व्यवहारिक रूपमा" चौथो शताब्दीका मुख्य मण्डलीका परिषद्हरूको अगाडि कालक्रमलाई मिलाउँदछन् ।

***प्राकृतिक प्रकाशः*** यो परमेश्वरले मानिसलाई आफैले प्रकट गर्ने समूहहरूमध्ये एउटा हो । यसमा प्राकृतिक क्रमको संलग्नता हुन्छ (रोमी १:१९-२०), र नैतिक चेतनापन रहन्छ (रोमी २:१४-१५) । यो भजनसंग्रह १९:१-६ र रोमी १-२ अध्यायमा बताइएको छ । यो विशेष प्रकाशभन्दा पनि फरक छ, जुनचाहिँ बाइबलमा भएको परमेश्वरको आफ्नै विशेष प्रकटीकरण हो, र यसको सर्बोच्चता येशू ख्रीष्ट नागरीमा रहन्छ ।

यो ईश्वरशास्त्रीय समूहले ख्रीष्टियन बैज्ञानिकहरूको बीचमा "पुरानो धर्ति"को अभियानलाई पुनः जोड दिने गर्दछ (जस्तैः हुग रसका लेखहरू)। तिनीहरूले यो समूहलाई यो कुरा बताउनेलाई प्रयोग गरे, कि सबै सत्यता परमेश्वरकै सत्यता हो। प्रकृति परमेश्वरको ज्ञानको बारेमा हुने खुल्ला द्वार हो, र यो बाइबलको विशेष प्रकाशभन्दा फरक हुन्छ। यसले आधुनिक विज्ञानलाई प्राकृतिक क्रमको अनुसन्धान गर्ने स्वतन्त्रता प्रदान गर्दछ। मेरो विचारमा यो आश्चर्यचकित रुपमा आधुनिक विज्ञानको पश्चिमी संसारलाई गवाही दिने नयाँ अवसरहरू प्रदान गर्दछ।

***नेष्टोरियनवादः*** नेष्टोरियस पाँचौ शताब्दीका कन्टान्टिनोपलका विषप थिए। उनले सिरियाको एन्टिओकमा तालिम प्राप्त गरे, र येशूको दुईवटा स्वभावहरू भएको कुरामा निश्चित भए, एउटा पूर्ण मानिस र एउटा पूर्ण ईश्वर। यो विचार अलेक्जेन्ड्रियाको एउटा स्वभावको परम्परावादी दृष्टिबाट हटेको छ। नेष्टोरियसको मुख्य वास्ता मरियमलाई दिएको शिर्षक "परमेश्वरकी माता" भन्ने थियो। नेष्टोरियसलाई अलेक्जेन्ड्रियाका सिरिल भन्नेले विरोध गरे, र उनको आफ्नै एन्टिओकीहरूको तालिममा लागु गरे। एन्टिओक बाइबलीय व्याख्यामा ऐतिहासिक व्याकरणीय पाठगत विचारधाराको केन्द्रिय कार्यालय थियो, जबकि अलेक्जेन्ड्रिया चार पक्षीय सिद्धान्तको व्याख्याको रुपक कथाको केन्द्रिय कार्यालय थियो। अन्ततः नेष्टोरियसलाई अफिसबाट हटाइयो र बिदेशमा पठाइयो।

***सुरुका लेखकः*** यसले बाइबलका वास्तविक लेखकलाई बताउने गर्दछ।

कागजः यस किसिमको लेखनको साधन मिश्रबाट आएको हो। यो नदीको छेऊमा उम्रने नर्कटबाट बनाइएको हो। यो तयस्तो खालको साधन हो, जसबाट ग्रीक नयाँ करारका सबभन्दा पुराना नक्कलहरू बनाइएका थिए।

***समानान्तर खण्डहरूः*** तिनीहरू यस्ता खालका विचारका भागहरू हुन् जसमा बाइबलका सबै कुराहरू परमेश्वरले दिनुभएको छ, र त्यसकारण, यो आफ्नै उत्तम व्याख्याकार हो, र विडम्बनापूर्ण सत्यताको सन्तुलनकर्ता पनि हो। यो कुरा पनि उपयोगी हुन्छ, कि जब कसैले अष्पष्ट र अर्थ स्पष्ट नभएको खण्ड लाई व्याख्या गर्ने प्रयास गर्दछ। तिनीहरू कसैले दिइएको विषयमा स्पष्ट खण्डलाई पत्ता लगाउन सहायता पुग्नुको साथसाथै दिइएको विषयमा अन्य बाइबलका पक्षहरूलाई पनि जानकारी गराइन्छ।

***वाक्यांशको विभाजनः*** बाइबल अनुवादको सिद्धान्तको यो एउटा नाउँ हो। बाइबल अनुवादमा शब्द-शब्दको पत्राचारलाई निरन्तरता दिएर हेर्न सकिन्छ, जहाँ हरेक हिब्रू र ग्रीक शब्दको विभाजनलाई अंग्रेजी शब्दको प्रयोग गरिनुपर्छ, र जहाँ विचारलाई मात्र कम महत्व दिएर सुरुको शब्द वा वाक्यांशलाई अनुवाद गरिन्छ। यी दुईवटा सिद्धान्तहरूको बीचमा "गतिशिल समानान्तर" हुन्छ, जसले सुरुको पाठलाई गंभिर प्रकारले लिने प्रयास गर्दछन्, तर यसलाई आधुनिक व्याकरणीय स्वरुप र भनाइहरूमा अनुवाद गर्दछन्। यी विविध अनुवादका सिद्धान्तहरूमा एउटा साँच्चिकै असल छलफल गर्दा फी र स्टुआर्टको यसको सबै मुल्यको निम्ति बाइबललाई कसरी पढ्ने भन्ने पुस्तकको पाना ३५ मा पाइन्छ।

***अनुच्छेदः*** यसको साहित्यिक इकाईको गद्यमा आधारभूत व्याख्याहरू छन्। यसमा एउटा केन्द्रिय विचार र यसको विकास रहन्छ। यदि हामी यसको मुख्य प्यासमा निर्भर रहने हो भने, हामीले महत्व र कम महत्वको नभएर सुरुका लेखकको चाहनालाई गुमाउँछौं।

***प्यारोकियनवादः*** यसले पूर्वाग्रहलाई सम्बन्धित गर्दछ, जुनचाहिँ स्थानीय ईश्वरशास्त्रीय परिवेशमा अधिन गरिएको हुन्छ। यसले बाइबलीय सत्यताको अन्तर सांस्कृतिक स्वभावलाई वा यसको उपयोगितालाई पहिचान गर्दैन।

***बिडम्बनाः*** यसले यी सत्यताहरूलाई बताउने गर्दछ, जुनचाहिँ बिरोधाभाष भएकजस्तो देखिन्छ, तरैपनि, दुवै नै सत्य छन्, यद्यपि यिनीहरू एक-अर्काको चिन्तामा रहन्छन्। तिनीहरूले सत्यतालाई अर्को बिरोधी पक्षबाट बनाएर प्रस्तुत गर्दछन्। धेरै बाइबलीय सत्यताहरूलाई बिडम्बनाको जोडीमा वा भाषिय परिवशमा प्रस्तुत गरिन्छन्। बाइबलीय सत्यताहरू अलग्याइएको ताराह वस्तुहरू होइनन्, तर यसलाई ताराहरूको नमुनाको सर-सल्लाहमा बनाइएका छन्।

प्लेटोः उनी प्राचीन ग्रीसको दार्शनिकमध्ये एकजना थिए। उनको दार्शनिकता सुरुका मण्डलीका अलेक्जेन्ड्रिया, मिश्र र पछिबाट अगष्टिनजस्ता विद्वानहरू द्वारा पनि प्रभावित थियो। उनले यस पृथ्वीमा भएका सबै चिजहरूलाई भ्रमण्को रुपमा राखे, र आत्मिक कुराहरूको नक्कल केवल आदिरुप मात्र हुन्।

***अगाडि नै मानिएकोः*** यसले हामीलाई अगाडि नै अगाडि नै आएको समझदारीको विषयलाई बताउँदछ। कतिचोटी हामी बाइबलको नजिकमा पुग्नुभन्दा अगाडि न्याय वा विचारको विषयलाई बनाउँदछौं। यो अगाडि नै भनिएको कुरा पनि विरोधाभाषमा छ भनेर चिनिन्छ, र यो एउटा ठाउँ दिइएको स्थान, एउटा अनुमान वा एउटा अगाडि नै बुझिएको कुरा हो।

***प्रमाणित पाठः*** यो बाइबललाई व्याख्या गर्ने अभ्यासमा हुन्छ, र यसले तत्कालको परिवेशलाई विचार नगरिकनै वा यसको साहित्यिक इकाईको वृहत परिवेश लाई नजानिकनै बाइबलका पदहरूलाई बताउने गर्दछ। यसले सुरुका लेखकको चाहनाले लिएको पदलाई हटाउँदछ र सामान्यतया व्यक्तिगत विचारलाई प्रमाणित गर्ने कार्यमा संलग्न हुने प्रयास गर्दछ, जबकि यहाँ बाइबलीय अधिकारलाई बताइन्छ।

***गुरुहरूको यहूदीवादः*** यो तहमा यहूदीहरूको यो अवस्थाको जीवन बेबिलोनको बन्धनमा हुँदाखेरि सुरु गरे (५८६-५३८ ई.पू.)। पूजाहारीहरू र मन्दिरको प्रभावमा जसै यसलाई हटाइयो, स्थानीय सभाघर यहूदी जीवनको केन्द्रबिन्दु बन्यो। यी यहूदी संस्कारका स्थानीय केन्द्रहरू राष्ट्रिय धार्मिक जीवनको बाइबल अध्ययन, आराधना र संगति गर्ने मुख्य स्थान बन्यो। येशूको समयमा यी "यहूदीहरूको धर्म" पूजाहारीहरू जत्तिकै समान रुपमा थियो। ७० ई.सं. मा यरूसलेमको पतन भएपछि, यी यहूदीहरूको स्वरुपलाई फरिसीहरूले अधिन गरे, र यहूदीहरूको धार्मिक जीवनको दिशालाई नियन्त्रण गरे। यसलाई व्यवहारिक र कानुनी व्यवस्थाको व्याख्यामा चित्रित गरियो, जसै यसलाई मौखिक परम्परामा पनि वर्णन गरियो (तालमुड)।

***प्रकाशः*** यो नाउँ परमेश्वरको विचारधारालाई दिइएको छ, कि जसमा परमेश्वर मानवजातिमा बोल्नुभएको छ। सामान्यतया यसको पूर्ण भावना तीनवटा परिवेशहरूमा प्रकट गरिएको छः १) प्रकाशः परमेश्वरले मानव इतिहासमा कार्य गर्नुभएको छ; २) उत्प्रेरणाः उहाँले उहाँको कार्यको र तिनीहरूको अर्थलाई केही निश्चित छानिएका मानिसहरूलाई मानवजातिको अभिलेख राख्न उचित व्याख्या गर्नु भएको छ; र ३) उज्यालो पार्नुः उहाँले मानव जातिको कुरा बुझेर सहायता गर्न उहाँको आफ्नै कुरालाई प्रकट गर्नुभएको छ।

***सिम्यान्टिक क्षेत्रः*** यसले शब्दसँग सम्बन्धित अर्थको पूर्ण तहलाई बताउँदछ । सामान्यतया यस शब्दको फरक भनाइमा फरक परिवेश आएको छ ।

***सेप्टुआजिन्टः*** यो नाउँ पुरानो करारको हिब्रूको ग्रीक अनुवादमा दिइएको छ । परम्पराले यस्तो बताउँदछ, कि यसलाई सत्तरी जना यहूदी विद्वानहरूले मिश्र को अलेक्जेन्ड्रियामा रहेको पुस्तकालयको निम्ति सात दिनमा लेखेका थिए । यसको परम्परागत मिति करिब ई.पू. २५० हो (वास्तवमा यसलाई पूरा गर्नको निम्ति १०० वर्ष भन्दा बढी समय लिएको वास्तविकता छ) । यो अनुवाद मुल्यवान छ, किनकिः १) यसले हामीलाई मासोरिको हिब्रू पाठलाई तुलना गर्ने प्राचीन पाठलाई दिँदछ; २) यसले हामीलाई ई.पू. तेस्रो र दोस्रो शताब्दीको यहूदी व्याख्यालाई बताउने गर्दछ; ३) यसले हामीलाई येशूलाई ईन्कार गर्नुभन्दा अगाडि यहूदीको मसिहिय समभ्रुदारीलाई दिँदछ । यसको हिब्रूमा छोट्याइएको परिवेश "सेप्टुआजिन्ट" वा ७० भन्ने हुन्छ ।

सिनैटिकसः यो चौथो शताब्दीको ग्रीक हस्तलेखन हो । यसलाई जर्मन विद्वान सिचेन्डर्फले जेबेल मुसा भन्ने सन्त क्याथरिनको आश्रमबादमा पत्ता लगाएका थिए, जुनचाहिँ सिनै पर्वतको परम्परागत क्षेत्रमा पर्दछ । यो हस्तलेखनलाई हिब्रू भाषाको पहिलो अक्षर "अलेफ" (!) बाट पहिचान गरिएको छ । यसमा नयाँ र पुरानो करार दुवै रहेको छ । यी हाम्राहरूमध्ये एउटा धेरै प्राचीन परिचयको एमएसएस मा छ ।

***आत्मिकीकरणः*** यो परिवेशमा रुपक कथासँग त्यस्तो भावनामा कुनै खण्डको साहित्यिक र ऐतिहासिक परिवेशको भावनामा हटाउने गर्दछ र यसलाई अर्को मापदण्डको आधारमा व्याख्या गरिन्छ ।

***समानान्तरः*** यसले ठ्याक्कै वा उस्तै अर्थ दिने कुरालाई बताउँदछ (यद्यपि यो वास्तवमा कुनै पनि दुईवटा शब्दहरूको पूर्ण अर्थ खप्टिने हुँदैन) । तिनीहरू अति नै नजिकमा सम्बन्धित छन्, जसलाई वाक्यको अर्थलाई नगुमाइकनै एक-अर्कामा राख्न सकिन्छ । यसलाई हिब्रू कविताको तीनवटा समानान्तर स्वरुप मा पहिचान गरेर प्रयोग गरिएको छ । यो भावनामा यसले कविताका दुईवटा हरफहरूलाई देखाउँदछ, जसले उही सत्यतालाई प्रकट गर्दछ (जस्तैः भजन संग्रह १०३:३) ।

***वाक्य रचनाः*** यो ग्रीक परिवेश हो, जसले वाक्यको संरचनालाई बताउँदछ । यसले वाक्यका विभागका तरिकाहरूलाई सँगसँगै राखेर एउटा पूर्ण विचार बनाउँदछ ।

***अलग-अलग भागहरूलाई मिलाउनुः*** यो तीनवटा परिवेशमध्ये एउटा हो, जसले हिब्रू कविताको किसिमलाई सम्बन्धित गर्दछ । यो परिवेशले कविताको हरफहरूलाई बताउँदछ, जसले एक-अर्कालाई थुपार्ने भावनामा बनाउँदछ, र कहिलेकाहीँ यसलाई "मौसमी" भनेर भनिन्छ (जस्तैः भजनसंग्रह १९:७-९) ।

***व्यवस्थित ईश्वरशास्त्रः*** यो व्याख्या गर्ने तहमा हुन्छ, जसले बाइबलको सत्यतालाई विचार गर्न सक्ने र एकत्रित तरिकाले सम्बन्धित गराउँदछ । यो केवल ऐतिहासिक भन्दा पनि तार्किक छ, र खीष्टियन ईश्वरशास्त्रलाई समूहगत रूपमा प्रस्तुत गर्दछ (परमेश्वर, मानिस, पाप, मुक्ति आदि) ।

***तालमुडः*** यसले यहूदी मौखिक परम्पराको शिर्षकलाई संकेत गर्दछ । यहूदीहरूले यस्तो कुरामा विश्वास गर्दछन्, कि यसलाई परमेश्वरले सिनाई पर्वतमा मौखिक रूपमा परमेश्वरले दिनुभएको थियो । वास्तवमा यो धेरै वर्षदेखि यहूदी शिक्षकहरूद्वारा ज्ञानलाई सामूहिक रूपमा ल्याएर देखाएका छन् । त्यहाँ ताल मुडमा दुईवटा लेखिएका फरक संस्करणहरू छन्: बेबिलोनीको अलि छोटो र प्यालेष्टाइनको पूरा नभएको ।

पाठगत आलोचनाः यो बाइबलको हस्तलेखनको अध्ययन हो । पाठगत आलोचना आवश्यकीय छ, किनकि कुनै पनि सुरुको कुरा अस्तित्वमा छैन, र ती नक्कलहरू एक-अर्कामा भिन्नै छन् । यसले विविधताहरूलाई व्याख्या गर्ने प्रयास गर्दछ, र सुरुको शब्दको सम्भव भएजति धेरै नजिकमा पुरानो र नयाँ करारको लेखनलाई ल्याइएको छ । यसलाई कतिचोटी "तलको आलोचना" भनेर भनिन्छ ।

***टेक्सटस रिसेप्टसः*** यो पहिचान १६३३ ई.सं. मा ग्रीक नयाँ करारको एलेजभिरको प्रकाशनमा विकास भएको थियो । सामान्यतया यो ग्रीक नयाँ करारको स्वरुप हो, जसलाई केही थोरै ग्रीक हस्तलेखनको र इरास्मस (१५१०-१५३५), स्टेफनस (१५४६-१५५९), र (एलजाभिर) १६२४-१६७८) को ल्याटिन संस्करण मा निकालिएको थियो । यो नयाँ करारको पाठगत आलोचना भन्ने पुस्तकको पाना २७ मा पाइन्छ । ए. टि. रवर्टसनले यसो भन्दछन्, "बैजान्टाइनहरूको पाठलाई व्यवहारिक रूपमा भन्दाखेरि टेक्सस रिसेप्टस थियो ।" बैजन्टाइनको पाठ सुरुको तीनवटा परिवार (पश्चिमी, अलेक्जेण्ड्रिया, र बैजन्टाइन) को ग्रीक हस्तलेखनमध्ये एकदमै कम मुल्यको थियो । यसमा शताब्दिऔं देखिका हस्त लेखनका पाठका गल्तीहरूलाई जम्मा गरेर राखिएको थियो । तरैपनि ए. टि. रवर्टसनले यसो भन्दछन्, "टेक्सटस रिसेप्टसले हाम्रो निम्ति ठीक पाठलाई प्रचुर मात्रामा सुरक्षित राखेका छन् (पाना २१) । यो ग्रीक हस्तलेखनको परम्परा (विशेषगरेर इरास्मसको १५२२ को तेस्रो प्रकाशन) मा १६११ ई.सं. मा भएको राजा याकूबको संस्करणले आधारशिलाको निर्माण गर्दछ ।

***तोराहः*** यो हिब्रू परिवेशमा "सिकाउनु" भन्ने हुन्छ । यो मोसाको लेखहरूको निम्ति औपचारिक शिर्षकको रूपमा आएको छ (उत्पत्ति देखि व्यवस्थासम्म) । यो यहूदीहरूको निम्ति हिब्रू बाइबलको सूचीको एकदमै अधिकारसम्पन्न विभाजन हो ।

***प्रकार वा किसिमः*** यो विशिष्ट खालको व्याख्या हो । सामान्यतया यसमा पुरानो करारको खण्डमा पाइएको नयाँ करारको सत्यताको समानताको साधनको रुपमा संलग्नता रहन्छ । यस्तो खालको व्याख्यात्मक समूह अलेक्जेन्ड्रियाको तरिकामा मुख्य तत्व थियो । यस्तो खालको व्याख्याको दुरुपयोगले गर्दा जो कोहिले पनि नयाँ करारमा अभिलेख राखिएको विशेष नमुनाको प्रयोगलाई सिमित गरेको हुनुपर्दथ्यो ।

***भ्याटिकनबासीः*** यो चौथो शताब्दीमा आएको ग्रीक हस्तलेखन हो । यसलाई भ्याटिकनको पुस्तकालयमा पत्ता लगाइएको थियो । यसमा सुरुमा पुरानो करार सबै, प्रमाणित नगरिएका पुस्तकहरू, र नयाँ करार पर्दछन्। तरैपनि, यी पुस्तकहरूका कतिवटा भागहरू हराएका थिए (उत्पत्ति, भजनसंग्रह, हिब्रू, पाष्टरीय पत्रहरू, फिलेमोन, र प्रकाश) । यसमा अति नै उपयोगी हस्तलेखनहरू थिए, र यसले सुरुमा लेखिएका शब्दहरूलाई निर्धारण गर्दथ्यो । यसलाई ठूलो अक्षर "बि" ले पहिचान गरिन्थ्यो ।

***भल्गेट:*** यो नाउँ जेरोमी बाइबलको ल्याटिन अनुवाद हो । यो रोमन क्याथोलिक मण्डलीको "सामान्य" अनुवादको आधार बन्यो । यसलाई ३८० ई.सं. मा गरिएको थियो ।

***ज्ञानको साहित्य:*** यो साहित्यको शैली प्राचीन पूर्व नजिकैको र धेरै सामान्य कुरा बनेको छ । यसले सामान्यतया नयाँ पुस्तालाई कविता, हितोपदेश वा निवन्धको माध्यमद्वारा सफलतापूर्वक जीउने मार्गनिर्देशिका प्रदान गर्ने प्रयास गरेको छ । यसले सामूहिक समाजभन्दा पनि बढी व्यक्तिगत कुराहरूलाई बताएको थियो । यसले इतिहासमा संकेतलाई प्रयोग गरेन, तर अनुभव र अवलोकनको जीवनलाई आधार बनायो । बाइबलमा, अय्यूबदेखि श्रेष्ठगीतसम्म याहोवेको उपस्थिति र आराधना गरेको मानिन्छ, तर यो धार्मिक दृष्टिकोणलाई हरेक समयमा रहेका हरेक मानिसले अनुभव गर्नेभन्दा पनि बाहिरको कुरा थियो ।

जसै शैलीलाई सामान्य सत्यता भनेर बताइयो । तरैपनि, यो शैलीलाई हरेक विशिष्ट अवस्थामा प्रयोग गर्नलाई सकिँदैन । यी सामान्य भनाइहरू हुन्, जसले सधैँ हरेक व्यक्तिगत अवस्थालाई लागु गर्दैन ।

यी साधुहरूले जीवनका कठिन प्रश्नलाई सोध्ने साहस गरे । कतिचोटी तिनीहरूले परम्परागत धार्मिक विचारलाई चुनौती दिए (अय्यूब र उपदेशक) । तिनीहरूले जीवनको दु:खित अवस्थाको बारेमा सजिलो उत्तरहरूको सन्तुलनको स्वरुप तयार पारे ।

संसारको तस्बिर वा दृष्टिकोण: यिनीहरू सामूहिक परिवेशहरू हुन् । तिनीहरू दुवै सृष्टिसँग दार्शनिक परिवेशमा सम्बन्धित छन् । "संसारको तस्बिर" भन्ने परिवेशले सृष्टिको "कसरी" भन्नेलाई बताउँदछ, जबकि "दृष्टिकोण" ले को भन्ने व्यक्तिलाई सम्बन्धित गर्दछ । सामान्यतया यी परिवशहरूले उत्पत्ति १-२ अध्यायको व्याख्याको परिवेशको सृष्टिको सन्दर्भमा कसरी नभएर को भन्नेसँग हुन्छ ।

***याहोवे:*** यो पुरानो करारको परमेश्वरको करारीय नाउँ हो । यसलाई प्रस्थान ३:१४ मा परिभाषित गरिएको छ । यो "हुनु" भन्ने हिब्रू परिवेशको कारकिय स्वरुपमा हुन्छ । यहूदीहरू यस नाउँलाई उच्चारण गर्न डराएका थिए, नत्रभने तिनीहरूले यसलाई व्यर्थमा लिन्थे; त्यसकारण, तिनीहरूले हिब्रू अदोनाइ वा "प्रभु" भन्ने परिवेशको सट्टामा लिए । यसै प्रकारले करारीय नाउँलाई अंग्रेजीमा अनुवाद गरिएको छ ।

# परिशिष्ट ४

# सैद्धान्तिक भनाइ

मैले विश्वासको सार वा ती लिखित कुराहरूलाई निश्चित रूपमा वास्ता गर्दिन । मैले बाइबलका आफ्नै कुराहरूलाई निश्चित गर्न प्रशय दिन्छु । तरैपनि, म यस कुराको महसुस गर्दछु, कि विश्वासका सारहरूले तिनीहरूलाई यस्ता कुरा प्रदान गर्नेछन्, जो मसँग पनि अपरिचित छन्, मेरो सिद्धान्तको दृष्टिकोणलाई मुल्याङ्कन गर्ने एउटा उपाय पत्ता लगाउनेछन् ।

हाम्रो समयमा यति धेरै ईश्वरशास्त्रीय गल्ती र वर्णनले गर्दा मेरो ईश्वरशस्त्रको छोटकरी सारांशलाई तल  दिइएको छः

१. दुवै पुरानो करार र नयाँ करार बाइबल उत्प्रेरित भएको, गल्ती नगर्ने, अधिकारवाला, र परमेश्वरको अनन्त वचन हो । यो परमेश्वरले मानिसलाई अलौकिक नेतृत्वपनमा दिएर परमेश्वरको आत्म-प्रकाशमा मानिसले लेखेको हो ।

यो मात्र उहाँको मण्डली र विश्वासको अभ्यासको लागि दिइएको स्रोत हो ।

२. त्यहाँ एकमात्र अनन्त, सृष्टिकर्ता र छुटकारा दिनेवाला परमेश्वर हुनुहुन्छ ।

उहाँ आफै प्रेमिलो र वास्ता गर्ने रूपमा प्रकट हुनुभएको छ, यद्यपि उहाँ शुद्ध र न्यायी हुनुहुन्छ । उहाँ आफै तीनवटा फरक व्यक्तित्वमा प्रकट हुनुभएको छः पिता, पुत्र र पवित्र आत्मा साँचो रुपमा अलग भएका छन्, तरैपनि तत्वमा उही आत्मा हुन् ।

३. परमेश्वर उहाँको वचनको सकृयताको नियन्त्रणमा हुनुहुन्छ । I त्यहाँ उहाँको सृष्टिको निम्ति अनन्त योजना छ, जुनचाहिँ बैकल्पिक नभएको र व्यक्तित्वले जोड दिँदाखेरि तिनले जसमा व्यक्तिको स्वतन्त्र चाहनालाई जोड दिन्छन् । परमेश्वरको ज्ञान र अनुमतिबिना केही चिजपनि हुँदैन, तरैपनि उहाँले व्यक्तिगत रूपमा स्वर्गदूत र मानिसहरूको बीचबाट आएका छनोटलाई अनुमति दिनुहुन्छ । येशू पिताले छान्नुभएको व्यक्ति हुनुहुन्छ, र सबैजना नै उहाँको सम्भाव्यतामा छन् । परमेश्वरका अगाडिका ज्ञानका घटनाहरूले अगाडि नै लेखिएका लिपीलाई निर्धारण गर्ने कार्यमा मानिसलाई घटाउने काम पनि हुँदैन ।

४. मानव जातिलाई परमेश्वरकै स्वरुपमा सृष्टि गरिएको भए तापनि पापबाट स्वतन्त्र छ, र परमेश्वरको विरुद्धमा विद्रोही बन्ने चाहना राख्दछ । यद्यपि, ऊ अलौकिक वस्तुवाट परीक्षित भयो, आदम र हव्वा तिनीहरूकै आत्म केन्द्रित चाहनाको निम्ति जिम्मेवार बने । तिनीहरूको बिद्रोही भावनाले मानवजाति र सृष्टिलाई नै असर पारेको छ । हामी सबै जना नै परमेश्वरको कृपा र अनुग्रहको खाँचोमा छौं, आदममा भएको हामी दुवैको सामूहिक अवस्थाको निम्ति र हाम्रो व्यक्तिगत इच्छाशक्तिको विद्रोहको निम्ति ।

५. परमेश्वरले पतन भएको मानवजातिको क्षमापन र स्थापनको निम्ति साधनहरू उपलब्ध गराउनुभएको छ । किनकि एकजना मानिसले पापरहित जीवन जिउँछ, र उसको सट्टामा गरिएको मृत्युको कारणले मानवजातिको पापको सजायँ तिरिएको हुन्छ । उहाँमात्र स्थापित गर्ने र परमेश्वरसँग संगति गर्ने बाटो हुनुहुन्छ । त्यहाँ उहाँले पूरा गर्नुभएको कार्यको विश्वासद्वारा बाहेक अन्य कुनै साधनहरू छैनन् ।

६. हामी सबै जनाले व्यक्तिगत रूपमा परमेश्वरले प्रदान गर्नुभएको क्षमादानलाई प्राप्त गर्ने, र येशू ख्रीष्टमा स्थापना गर्ने हुनुपर्छ । यो येशू ख्रीष्टद्वारा र जानिएको पापद्वारा स्वइच्छाले फर्कदा परमेश्वरको प्रतिज्ञामा इच्छाशक्तिको भरोसामा परमेश्वरको प्रतिज्ञालाई पूरा गरिन्छ ।

७. हामी सबै जनाले नै हाम्रो भरोसा येशू ख्रीष्टमा राखेर र पापबाट पश्चात्ताप गरेर पूर्ण रूपमा क्षमा दिएर स्थापित भएका छौं । तरैपनि, यो नयाँ सम्बन्धको प्रमाणको निम्ति जीवनमा परिवर्तन भएको र परिवर्तन भइरहने कुरा देखिएको छ । परमेश्वरको मानवीयताको निम्ति हुने लक्ष्य कुनै दिन स्वर्ग पुग्नेमात्र होइन, तर अहिले ख्रीष्टजस्तै हुनु हो । तिनीहरू जसले कहिलेकाहीँ पाप गरे तापनि साँचो रूपमा छुटकारा पाएका छन्, विश्वासमा निरन्तर रहने छन्, र तिनीहरूको जीवनभरि नै पश्चात्ताप गरिरहने छन् ।

८. पवित्र आत्मा “अर्को येशू” हुनुहुन्छ । उहाँ ख्रीष्ट बिना हराइरहेकाहरूको संसारमा उपस्थित हुनुहुन्छ, र ती बचाइएकाहरूकोमा ख्रीष्टपनजस्तै विकास गर्नुहुन्छ । आत्माका फलहरू मुक्तिमा दिइएका छन् । तिनीहरू येशूको जीवनमा र उहाँको मण्डलीमा विभाजित भएका र सेवकाइ हुन् । सामान्यतया ती वरदानहरूलाई येशूको आचरण र आनीबानीमा आत्माका फलहरूले उत्प्रेरित गर्ने खाँचो पर्दछ । त्यो आत्मा बाइबलीय समयमा जत्तिकै आजको समयमा पनि त्यत्तिकै सकृय हुनुहुन्छ ।

९. पिताले पुनरुत्थान हुनुभएको येशूलाई सबे चिजहरूको न्यायकर्ता बनाउनुभएको छ । उहाँ सबै मानवजातिलाई न्याय गर्नको लागि फर्कनुहुनेछ । तिनीहरू जसले येशू ख्रीष्टलाई भरोसा गरेका छन्, र जसको नाउँ थुमाको जीवनको पुस्तकमा लेखेका छन्, तिनीहरूले अनन्त महिमित शरीरलाई उहाँको आगमनमा प्राप्त गर्नेछन् । तिनीहरू उहाँसँग सधै नै रहिरहनेछन् । तरैपनि, तिनीहरू जसले परमेश्वरको सत्यतालाई प्रतिक्रिया जनाउन इन्कार गरेका छन् उनीहरू अनन्तसम्मको लागि परमेश्वरसँगको संगति र आनन्दबाट अलग्गिएका छन् । तिनीहरू दुष्ट र तिनका दूतहरूसँगै दोषी ठहरिनेछन् ।

यो निश्चितरुपमा पूर्ण र निरन्तरतामा हुँदैन, तर यसले तपाईंलाई मेरो हृदयको ईश्वरशास्त्रीय स्वाद दिनेछ भन्ने म आशा गर्दछु । मैले तलको भनाइ लाई मन पराउँछु ।

“आवश्कीय रूपमा- एकता, वरिपरि- स्वतन्त्रता र यी सबै चिजहरूमा- प्रेम”“